नेपाल मानवअधिकार वर्ष पुस्तक २००२

यस वर्षको उल्लेख्य

संकटकाल : कारण, औचित्य र मानवअधिकारमा परेको असर

मानवअधिकार वर्ष पुस्तक २००२

(०५७ पुस १७ गतेदेखि ०५८ पुस १६ गतेसम्म अर्थात् सन् २००१ भरिका घटनाहरूको संकलन)

संयोजक
कृष्ण गौतम

सम्पादन
योगीश खरेल
प्रकाश ज्ञवाली

इन्सेक insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. २७८७७०, फ्याक्स नं. २७०५५१
e-mail: insec@wlink.com.np
Web-site: www.insec-nepal.com www.hri.ca/partners/insec

मानवअधिकार वर्ष पुस्तक २००२

प्रकाशन मिति

०५८ चैत २७ गते

संख्या

तीन हजार प्रति

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार

इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको अनुमति
लिएर श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-२६-०६-२

आवरण : (बम-गोलाको थुप्रोमा रुमल्लिएको शान्ति)

महेन्द्र श्रेष्ठ
एम्ज् माउस, पुतलीसडक
फोन नं. २६५९४४

टाइप सेटिङ

गोविन्द त्रिपाठी
गीता माली

तथ्यांक प्रशोधन

सुरेश रञ्जित

मूल्य

रू. २००/-

मुद्रक

इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४३७४४८

विषय सूची

पृष्ठ संख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	संकटकाल : कारण, औचित्य र मानवअधिकारमा परेको असर	१
परिच्छेद २	राज्य र मानवअधिकार	
	२.१ न्यायपालिका	१५
	२.२ कार्यपालिका	३१
	२.३ व्यवस्थापिका	५१
परिच्छेद ३	संकटकाल र प्रेसमा परेको असर	७७
परिच्छेद ४	सन् २००१ को मानवअधिकार स्थितिको समग्र मूल्यांकन	८५

अनुसूचीहरू

अनुसूची १	सन् २००१ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१०५
	२. मध्यमाञ्चल	१७१
	३. पश्चिमाञ्चल	२६३
	४. मध्यपश्चिमाञ्चल	३२१
	५. सुदूरपश्चिमाञ्चल	३९५

अनुसूची २	मानवअधिकार उल्लंघन तथ्यांक २००१	४१७
अनुसूची ३	नारायणहिटी हत्याकाण्ड : एक दुःखद अध्याय	४२५
अनुसूची ४	सन् २००१ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू	४३३
अनुसूची ५	सन् २००१ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू	४५३
अनुसूची ६	क्रिया / प्रतिक्रिया	४६१
अनुसूची ७	वर्ष पुस्तक २००२ तयारीका क्रममा संलग्न व्यक्तिहरू	४७३
अनुसूची ८	मानवअधिकार वर्ष पुस्तकको दश वर्ष	४७७

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १०७
१.२ इलाम १११
१.३ पाँचथर ११४
१.४ ताप्लेजुङ ११८
१.५ मोरङ १२०
१.६ सुनसरी १२९
१.७ धनकुटा १३३
१.८ तेह्रथुम १३६
१.९ भोजपुर १४१
१.१० संखुवासभा १४२
१.११ सप्तरी १४६
१.१२ सिराहा १५०
१.१३ उदयपुर १५७
१.१४ खोटाङ १६१
१.१५ ओखलढुङ्गा १६४
१.१६ सोलुखुम्बु १६८

२. मध्यमाञ्चल

२.१ धनुषा १७३
२.२ महोत्तरी १७६
२.३ सर्लाही १७८
२.४ सिन्धुली १८१
२.५ रामेछाप १८९
२.६ दोलखा १९७
२.७ रौतहट २०१
२.८ बारा २०५
२.९ पर्सा २०९
२.१० चितवन २१३
२.११ मकवानपुर २२०
२.१२ ललितपुर २२३
२.१३ काभ्रे २२८
२.१४ भक्तपुर २३४
२.१५ काठमाडौं २३८
२.१६ धादिङ २४७
२.१७ सिन्धुपाल्चोक २५३
२.१८ नुवाकोट २५८
२.१९ रसुवा २६१

३. पश्चिमाञ्चल

३.१ तनहुँ २६५
३.२ गोरखा २७०
३.३ लमजुङ २७३
३.४ स्याङ्जा २७६
३.५ कास्की २७९
३.६ मनाङ २८६
३.७ नवलपरासी २८७
३.८ रूपन्देही २९२
३.९ पाल्पा २९६
३.१० कपिलवस्तु २९९
३.११ अर्घाखाँची ३०२
३.१२ गुल्मी ३०५
३.१३ बाग्लुङ ३०९
३.१४ पर्वत ३१२
३.१५ म्याग्दी ३१७
३.१६ मुस्ताङ ३१९

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३२३
४.२ प्युठान ३३०
४.३ रोल्पा ३३२
४.४ सल्यान ३३७
४.५ रूकुम ३४१
४.६ बाँके ३४६
४.७ बर्दिया ३५६
४.८ सुर्खेत ३६५
४.९ जाजरकोट ३७०
४.१० दैलेख ३७५
४.११ डोल्पा ३७९
४.१२ जुम्ला ३८१
४.१३ कालिकोट ३८४
४.१४ मुगु ३८९
४.१५ हुम्ला ३९०

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ३९७
५.२ अछाम ४००
५.३ डोटी ४०३
५.४ बाजुरा ४०५
५.५ बझाङ ४०६
५.६ कञ्चनपुर ४०८
५.७ डडेलधुरा ४११
५.८ बैतडी ४१२
५.९ दार्चुला ४१४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० वटा आवद्ध संस्थाहरू मार्फत यसका कार्यक्रमहरू देशभर संचालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरूलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा स्थायी प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचैवटा विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०५६ चैत २८ गते भएको साधारण सभाले ३ वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको छ।

वर्तमान कार्यसमितिका सदस्य तथा सल्लाहकारहरू :

सल्लाहकार - बद्रीप्रसाद खतिवडा
- सुशील प्याकुरेल

अध्यक्ष - डा. शिव शर्मा

महासचिव - सुबोधराज प्याकुरेल

कोषाध्यक्ष - दिपकराज काफ्ले

सदस्यहरू

- पवनकुमार ओझा
- सन्तोष प्याकुरेल
- हमिद अन्सारी
- विनयकुमार कसजू
- यमुना भट्टराई
- कुन्दन अर्याल
- सुजिता शाक्य
- ज्ञानु गैरी

निर्देशकहरू तथा निम्न केन्द्रहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ।

मानवअधिकार शिक्षा केन्द्र
साक्षरता संचेतना मार्फत ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार शिक्षा रेडियो कार्यक्रम, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब

बाल अधिकार केन्द्र
बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि औपचारिक तथा अनौपचारिक शिक्षा, बालअधिकार संचेतना समूह

महिला अधिकार केन्द्र
महिलाहरूको सशक्तिकरणका लागि कार्यक्रम, निर्वाचित महिला जनप्रतिनिधि समूह

कृषि मजदुर केन्द्र
कृषकहरूका अधिकारलागि अभियान/आन्दोलनको कार्यक्रम

जातीय विभेद केन्द्र
जातीय विभेद अन्त्यका लागि विभिन्न कार्यक्रम

मानवअधिकार वर्ष पुस्तक तथा प्रलेख केन्द्र
मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरूको अध्ययन/अनुसन्धान तथा वर्ष पुस्तक प्रकाशन

व्यवस्थापन सहयोग केन्द्र
माथिका सबै कार्यक्रमहरूको व्यवस्थापनमा सहयोग

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-२४०२५, २८५२१, २७१६४
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलंकी, काठमाण्डौ। फोन नं. ०१- २८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नागढुंगा, पोखरा। फोन नं. ०६१- २६५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** कौशिल्या मार्ग, मुक्तिपुर, नेपालगञ्ज। फोन नं. ०८१- २१९६५, २२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** हसनपुर, धनगढी। फोन नं. ०९१- २३२४४, २१०८९

भूमिका

मानवअधिकार वर्ष पुस्तकले एक दशकको यात्रा तय गरिसकेको छ। ०४९ साउन १६ गतेको कहाली लाग्दो हवाई दुर्घटनाले इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेलाई हामीबाट चुँडेर लग्यो। प्रजातान्त्रिक राजनीतिको सम्पूर्ण पक्षलाई समेटेर नेपालको मानवअधिकार सम्बन्धी साङ्गोपाङ्गो प्रलेख नियमित रूपमा प्रकाशन गर्ने उहाँको उत्कट अभिलाषालाई निरन्तरता दिने प्रणका साथ हामीले उहाँलाई श्रद्धाञ्जली दिएका थियौं। आज, तिनै अथक मानवअधिकार योद्धालाई इन्सेक-अभियानका तर्फबाट दशौं पटकको अभिवादन गर्दछौं।

सन् २००१ का घटनाहरू संगाल्ने क्रममा यो वर्ष पुस्तक मोटो भयो। मानवअधिकारको स्थिति दुब्लाएकै कारण यस्तो भएको हो। वर्ष पुस्तक र मानवअधिकार स्थितिका बीचमा यस्तै विपरित सम्बन्ध रहिआएको छ। तर, हाम्रो जिम्मेवारी झनै बढेको छ। किनकि, वाणी विहीन, निरिह जनताका तर्फबाट न्यायको आवाज हामीले बुलन्द गर्नै पर्छ। त्यसैले सिङ्गो मानवअधिकार समुदाय यतिबेला परीक्षाको घडीमा छ।

नेपालको मानवअधिकार आन्दोलनको प्रजातन्त्रसँग नङ-मासु जत्तिकै नाता छ। इन्सेक यो सम्बन्धलाई अझ प्रगाढ बनाउने आफ्नो जिम्मेवारीप्रति सचेत र क्रियाशील छ। अब पनि मानवअधिकारका उल्लंघनकर्ताहरू र मानवीय कानूनको हाकाहाकी बेवास्ता गर्नेहरूलाई सजाय दिलाउन सकिएन भने हामीलाई दण्डहीनताको त्यो भयाभह स्वरूपले स्वाभिमानका साथ बाँच्ने अधिकारबाट वञ्चित गरिदिने छ।

वर्ष दिन भित्रै वहाल भएका दुई वटा सरकार, शान्ति वार्ता, आमूल परिवर्तनकारी घोषणा र शान्तिको प्रतिकूल व्यवहार, शान्ति वार्ताको विजोग, हत्या हिंसाको बेग अनि संकटकाल एवं मानवअधिकार तथा मानवीय कानूनको नाङ्गो उल्लंघन। एकै अनुच्छेदमा समेट्नु पर्दा सन् २००१ को निष्कर्ष यस्तै निस्कन्छ।

२००१ भरिका घटनालाई सरसर्ति अवलोकन गर्दा भन्न सकिन्छ- यो वर्ष न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका कुनै पनि निकाय विवादको घेराभन्दा माथि उठ्न सकेनन्। व्यक्तिगत व्यवहारका हिसावले सर्वाधिक पारदर्शी सांसदहरूको सर्वाधिक मानमर्दन गरियो। नसुहाउँदो नै किन नहोस्। तर कानून-नियम बनाएर मात्र सांसदले सुविधा उपभोग गरेका छन्। सारा हरहिसाव सार्वजनिक परीक्षणको पहुँचमा राखेका छन्। कमसेकम एकपटक भए पनि हवाईजहाजको टिकट, एयरपोर्ट ट्याक्स र ट्याक्सीको विल पेश गरेर मात्र प्रत्येक पटक विना टिकट वा विल भर्पाइ दुई जनाको यात्रा खर्च लिने गरेका छन्। अन्य क्षेत्रमा त ब्रम्हलुट नै भएको छ। सबै मन्त्रालयमा "आर्थिक सहायता चन्दा पुरस्कार" बाँड्ने होडबाजी चलेको छ। माओवादीले घर-पर्खाल क्षतिग्रस्त तुल्याएको घटनामा चिठ्ठा परे जस्तो गरी सरकारी कोषबाट मनोमानी हर्जाना बाँडिएको छ। शायद, कार्यकारीको यस्तै मनमौजी देखेर होला सांसदहरूमा सांसद विकास कोषको दश लाख रूपैयाँको कार्यकारी कारिन्दा बन्ने रहर जागेको छ।

तर, राजनीतिक नेतृत्व र व्यक्तित्वको आमरूपमा भइरहेको स्खलनका कारण प्रजातन्त्र निरन्तर दुब्लाउँदै छ। शैली र प्रवृत्ति विस्तारै सिद्धान्तमाथि हावी हुने गर्छ। छालाको मायाले राजनीति गर्नेहरूको हातमा बागडोर पुगेपछि दलहरू साँच्चै काँतर बन्न पुग्छन्। यस्तो काँतर दलका कार्यकर्ता या त विद्रोही वन्छन् अथवा निराश हुन्छन्। हामी कहाँ अहिले त्यस्तै भइरहेको छ।

यस वर्ष सरकार माओवादीलाई शान्ति प्रक्रियामा सामेल गराउन सफल भएको थियो। यसै वर्ष सरकारले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेखमा सहमति जनायो। आमूल परिवर्तनकारी घोषणाहरू पनि सरकारबाट नभएका होइनन्। प्रमुख प्रतिपक्षलगायतका प्रतिपक्षीहरूसँग सहमति कायम गर्न सक्नुलाई पनि कार्यपालिकाको उपलब्धी ठान्नु पर्छ। तर, गत वर्ष नै मुक्त घोषित कमैयाहरूको पुनर्स्थापनाको दिशामा यस वर्ष पनि उल्लेखनीय केही हुन सकेन। यस वर्ष सरकारद्वारा छुवाछूतका विरूद्ध ठोस कदम चालिने, आमूल परिवर्तनका निम्ति भूमिसुधार गरिने, महिलालाई बराबरी हक दिलाउन कानूनी व्यवस्था गरिने आदि घोषणा गरिए। तर, कार्यान्वियनका मामिलामा साह्रै फितलो र रूढीग्रस्त चिन्तन देखा पर्‍यो। एक वर्षमा दुई वटा सरकार फेरियो। प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो दोस्रो कार्यकालमा पनि आफ्नो पहिलेकै परम्परालाई अघि बढाउँदै एकचालीस सदस्यीय भीमकाय मन्त्रीमण्डलको गठन गर्नुभयो।

आदर्श र ठूला कुरा तर निम्छरो र प्रतिक्रियावादी काम कारवाहीका कारण सरकार, राजनीतिक दलहरू र प्रशासनयन्त्र सबै यस वर्ष पनि अविश्वसनीय निकायकै रूपमा रहे। माओवादीहरूले निर्दयीता, अमानवीय क्रियाकलाप र जनताको अपहेलनाका तमाम रेकर्ड तोडिदिए। वकसको जिन्दगी नरोज्ने एक्काइसौं शताब्दीका शहीद गंगालालहरूले निर्दयतापूर्वक मारिनु पर्‍यो। अर्कोतिर

माओवादी आतंकको अन्त्यका लागि खटिएको सुरक्षाकर्मीको व्यवहारका सम्बन्धमा पनि संसद र राजनीतिक पार्टीका अनुगमन संयन्त्रहरूद्वारा व्यापक आलोचना हुने अवस्थाको सृजना भयो। अन्तर्राष्ट्रिय मञ्चहरूमा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका बारेमा वारम्बार प्रतिबद्धता व्यक्त गर्ने हाम्रो सरकारले आफ्नो मातहतका सुरक्षा निकायहरूलाई सजग गराउन सकेन।

संकटकालको दुरूपयोगका सम्बन्धमा सत्तारुढ पार्टीले समेत प्रतिपक्षीहरूसँगसँगै कुरा उठाएको देखियो। सरकारद्वारा भएको संकटकालको दुरूपयोगका कारण निर्दोष सर्वसाधारणको बाँच्न पाउने अधिकारको उल्लंघन, विना पुर्जीको स्वेच्छाचारी गिरफ्तारी, यातना जस्ता घटनाका अनेक उदाहरण प्रकाशमा आए। तर्साउ र राज्य गर भन्ने मध्ययुगीन सूत्रलाई माओवादी र सरकार दुवैले मूल मन्त्र बनाएको अवस्था अझै विद्यमान छ।

काठमाण्डौ बाहेक अन्यत्र विशेष अदालत गठन गरिएको छैन। हजारौंलाई पक्राउ गरिएको छ। तर, अस्थायी जेल बनाइएको छैन। हजारौं व्यक्ति मारिएको तथ्यांक जारी गरिएको छ। तर, घाइतेका बारेमा प्रायः जानकारी दिइने गरेको छैन। घाइतेहरूको उपचारको के कस्तो प्रबन्ध गरिएको छ भन्ने कुरा पारदर्शी छैन। डट्स उपचार सेवा पाइरहेका टी. बी. का रोगीहरू, भरे भोली सुत्केरी हुने महिलाहरू र अशक्त वृद्धावस्थाका रोगी मानिसहरू साह्रै अप्ठेरोमा परेका छन्। पत्रकार र वकिल त राज्यका लागि दुश्मन नै भएका छन्। मानवअधिकारकर्मीहरूसँग पनि राज्य खुशी छैन। राज्यमा शक्तिको भाषामात्र बुझ्ने, मानव मर्म नबुझ्ने, मानवअधिकारलाई नटेर्ने संवेदनाहीन प्रवृत्तिको विकास हुँदै गइरहेको छ। हो, यही हो वास्तविक खतरा।

जनताको विश्वास आर्जन गरेर मात्र अविश्वासको खोजी गर्नुपर्नेमा जनतालाई माओवादी ठहऱ्याएर पहिले अविश्वास गरी विश्वासको खोजी गर्ने उल्टो प्रक्रिया नेपालमा शुरू भएको छ। माओवादीहरू पनि जनतालाई पहिले सुराकी ठान्छन् अनि मात्र तथाकथित छानबिन गर्छन्। यस्तो दोहोरो मारमा गाउँघरका मानिसहरू परेका छन्। अविश्वास, आतंक र राज्यले दिने सुरक्षाको समाप्ति माओवादीको राजनीतिक अभिष्ट बनेको छ। उनीहरूका लागि आमनागरिकको समर्थन वा विरोध व्यर्थको विषय बनिसकेको छ।

यो राजनीतिक वहसको आँधीबेहेरी सृजना गर्नु पर्ने बेला हो। तर, सरकार र प्रतिपक्षी वहसका तमाम ढोका थुनेर वहसको वैठक गर्दैछन्। देशमा भय स्थापित गरेर आतंकवाद विरोधी दस्तावेज लेख्दै छन्। उनीहरू मुलुकको समस्या समाधान गर्न अनेकन् बुँदे प्रस्ताव बनाउँछन्, अनि त्यही समस्याको उपचारको नाममा संकटकाल पनि लम्ब्याउँछन्। एउटै रोगको दोब्बर उपचारले या त रोगी मर्छ या दीर्घरोगी हुन पुग्छ। अराजकता यसरी राजनीतिक क्षेत्रबाट शुरू गरिएको छ र राज्यको सबै अंगमा यो फैलँदो छ।

यस वर्ष उल्लेख्य विषयका रूपमा हामीले संकटकाललाई छानेका छौं। संकटकालका कारण, औचित्य र मानवअधिकारमा परेको असरको यथार्थपरक विश्लेषण गरेका छौं। यो परिच्छेदमा हामीले प्रस्तुत गरेको विश्लेषण यसअघि उठदै आएका सवालहरूमै आधारित छ। हामी मानवअधिकारकर्मीहरू त सैद्धान्तिक सहमतिहरूलाई व्यवहारमा रूपान्तरित भएको देख्न लालायित छौं। दुःखको कुरा त के छ भने हामी माओवादी हिंसा र अशान्तिलाई लगातार तेश्रो पटक वर्षको उल्लेख्य विषयका रूपमा समावेश गर्न विवश भएका छौं। परिस्थितिले हामीमाथि थोपरेको यस्तो वाध्यताबाट नेपाली राजनीतिको गतिहिनताको रामो चित्रण भइरहेको छ।

परिच्छेद दुईमा अघिल्ला वर्षहरूमा झैं राज्य अन्तरगत न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको क्रियाकलापलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। न्यायपालिकामाथि समेत यस वर्ष माओवादीहरूले हिंसात्मक आक्रमण गरे। न्यायाधीशहरूउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारवाही गर्न पाउने कि नपाउने भन्ने विषयमा माननीय सांसदहरूको टिप्पणी पनि चुनावी भाषणमा भन्दा कम उग्र थिएन। न्यायालयले व्यवस्थापिका नीति नियम बनाउने र त्यसको अनुगमन मूल्यांकन गर्ने सर्वोच्च निकाय हो भनी सांसद विकास कोषको मामिलामा फैसला गऱ्यो। तर कार्यकारीलाई सर्वोच्च ठान्ने मानसिकता संसदमा जड भएर रहेको कुरा सबै पक्षका सांसदको एकै स्वरले सावित गऱ्यो। सार्वजनिक मामिलाका सुनुवाइहरूमा न्यायालयको फैसला प्रशंसनीय रहे। कानून नबनाई जायज लागे जति काम कार्यकारी निर्देशन वा व्यवस्थापकीय बहुमतका आधारमा गर्न पाइन्छ भन्ने मानसिकतासँग न्यायालयको अन्तरविरोध रहनु स्वभाविक छ। तर, न्यायालयका कतिपय निर्णयहरू विवादका विषय पनि बने। अदालत आमजनताको मूल्यांकनको पहुँचबाट टाढा रहन सक्दैन भन्ने कुरालाई विभिन्न चर्चाले पनि पुष्टि गऱ्यो।

संकटकालको घोषणा, आतंककारी कार्य विरूद्धको अध्यादेशको घोषणा र सेना परिचालनलाई शुरूमा वाध्यात्मक परिस्थितिको उपज भनी समर्थन गर्ने सत्तापक्ष र सबै प्रतिपक्षले पछिल्लो समयमा सुरक्षा निकायको व्यवहार र सरकारको निरीहताप्रति प्रशस्त असन्तोष जनाए। अन्तर्राष्ट्रिय समुदायले पनि मानवअधिकारहरूको व्यापक र संगठित दुरूपयोग भएको स्थितिप्रति चिन्ता प्रकट गरे। सरकारले आमनागरिकलाई सुरक्षाको अनुभूति दिलाउन हिंसा मच्चाउने तत्व र सर्वसाधारणका बीचमा फरक छुट्याउन सक्नु पर्छ। राज्यले कानून बमोजिमको व्यवहार मात्र गर्नु पर्छ भन्ने सवालमा सजगता अपनाउनै पर्छ। तर, त्यही मामिलामा सरकारको प्रशस्तै कमजोरी देखियो। त्यही कारण सरकारको निकै आलोचना भयो। त्यसरी आलोचना गर्नेहरूमा सत्तापक्ष र सम्पूर्ण प्रतिपक्ष लगायत राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार समुदाय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू देखिए।

यस वर्षको सर्वाधिक चर्चित र दुःखद् घटनाका रूपमा नारायणहिटी राजदरबार काण्ड रह्यो। आमनेपालीको मन रूवाउने यो घटनाका बारेमा अनुसूची ३ मा उल्लेख गरिएको छ। परिच्छेद ४ मा सन् २००१ को मानवअधिकार स्थितिको समग्र मूल्यांकन

गर्ने प्रयास गरिएको छ।

यो सानो, शान्तिप्रिय मुलुक विनाशको अन्तिम विन्दुमा पुगिसकेको छ। माओवादीहरू स्कूल, अस्पताल, विद्युत गृह र खानेपानीका भौतिक संरचनामा समेत जंगली आक्रमण गरिरहेका छन्। भात खवाउन नमानेबापत बोका रेटे जस्तो मानिस रेटेर कुनै क्रान्ति सफल भएको छैन। यस्तो आततायी व्यवहारका लागि माओवादीहरूले बेलाबेला क्षमा मात्र मागेर हुँदैन। उनीहरूले आफूलाई सच्याउनु पर्छ। देश र जनताको माया छ भने उनीहरूले पनि एउटा विन्दूमा आइपुग्नै पर्छ। मुलुक सिद्धिएपछि कसले के का लागि लड्ने ? अहिले आर्थिक मात्र होइन, मानसिक रूपमा पनि हामी विनाशको डिलमा छौं।

तर पनि हामी अझै आशावादी छौं। गएको बाह्र वर्षमै हामीले निरंकुशतन्त्र, प्रजातन्त्र, संकटकाल सबै भोग्यौं। यो भोगाइले सबैलाई अनुभव र मार्गनिर्देश गर्ने छ भन्ने हामीलाई लाग्छ। यही मुलुकको घेराभित्र उत्पन्न भएको र यहीं फैलिएको हिंसात्मक माओवादी आन्दोलन जनतालाई नकारेर सँधै टिकिरहन सक्दैन। राज्यले आफ्ना कमी कमजोरी पटक-पटक स्वीकार गरिसकेको छ। स्वीकार गरेको भूल नसच्याइकन लामो समयसम्म राज्य पनि निष्कृय बसिरहन सक्दैन। यस्तो बेलामा दुवै पक्षलाई घच्घच्याउने जिम्मेवारी सिंगो नागरिक समाजको काँधमा आइपरेको छ।

संकटकालका कारण सूचना संकलनमा उत्पन्न बाधालाई पन्छाउन हामीले निकै प्रयत्न गर्नु पर्‍यो। माओवादीले सञ्चारका साधनहरू क्षतिग्रस्त तुल्याएको र राज्यका तर्फबाट लिखित सूचनाहरू आदान-प्रदान गर्न नदिइएका कारण हाम्रा जिल्ला प्रतिनिधिहरूका निम्ति कतिपय घटनाहरूको स्थलगत अध्ययन गर्न संभव भएन। राज्यका तर्फबाट प्रवाहित कतिपय सूचनाहरूका सम्बन्धमा हामी यथोचित ढंगमा प्रष्ट हुन सकेनौं। कतिपय घटनालाई पुष्टि हुन नसकेका कारण वर्ष पुस्तकमा समावेश गरिएको छैन।

यस वर्षको परिच्छेद लेखनमा इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल, इन्सेक कार्यसमिति सदस्य कुन्दन अर्याल, अधिवक्ता टीकाराम भट्टराई, पत्रकार श्रीरामसिंह बस्नेत, लेखक शार्दूल भट्टराई तथा पद्मप्रसाद खतिवडाले योगदान गर्नुभएको छ। कतिपय परिच्छेदको सम्पादन र पुनर्लेखनका निम्ति लेखक अग्निशिखाले सहयोग गर्नु भएको छ। मानवअधिकार वर्ष पुस्तक अतिथि लेखकहरूकासाथ सिंगै इन्सेक परिवारको सामूहिक मेहनतको प्रतिफल हो। तथापि वर्ष पुस्तक शाखाको टोली, जिल्लाहरूमा कार्यरत वर्ष पुस्तकका प्रतिनिधि, क्षेत्रीय कार्यालय तथा केन्दीय कार्यालयका साथीहरूको योगदान उल्लेखनीय छ। वर्ष पुस्तक तयारीका क्रममा राजेश थापाबाट भएको सहयोगको पनि उल्लेख गर्नै पर्छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि प्रतिबद्ध नेपाली जनता, वर्ष पुस्तकको लागि आफ्नो निकायको धारणा/प्रतिक्रिया पठाइ सहयोग गर्ने सरकारका विभिन्न निकायहरू, राजनीतिक पार्टीहरू तथा अन्य निकाय एवं व्यक्तित्वहरूप्रति हामी आभारी छौं। वर्ष पुस्तकका लागि हामीलाई आर्थिक सहयोग गर्ने अन्तर्राष्ट्रिय मित्र संस्थाहरू इको-इइडी, डानिडा र नोराडप्रति पनि हामी धन्यवाद ज्ञापन गर्दछौं।

जनआन्दोलन दिवस, ०५८ चैत २७

सुबोधराज प्याकुरेल
महासचिव

परिच्छेद १

संकटकाल

कारण, औचित्य र मानवअधिकारमा परेको असर

०५८ साल मंसिर ८ गते माओवादीहरूद्वारा दाङस्थित सैनिक व्यारेकमा आक्रमण गरिएपछि वर्ष २००१ को अन्तिम समयसम्ममा माओवादी समस्याको शान्तिपूर्ण समाधानको प्रसंग पूरै सेलाउन पुग्यो। दाङ घटनाको दुई-तीन दिनपछि ११ गते नै सरकारले माओवादीहरूलाई आतंककारी घोषित गरेपछि नेपालको इतिहासमा पहिलो पटक आन्तरिक संकटका क्रममा ठूलो परिमाणमा शुरू गरिएको सैनिक कारवाही वर्षको अन्त्यसम्ममा पनि जारी रहेको छ। ०५८ साल मंसिर ६ गते माओवादी अध्यक्ष प्रचण्डद्वारा विज्ञप्ति मार्फत् युद्धविराम समाप्त भएको घोषणा गरी वार्ताका माध्यमबाट सकारात्मक राजनीतिक निकास निकाल्ने सबै ढोका बन्द गरिएको आरोप सरकार माथि लगाइएको थियो। त्यसपछि हिंसात्मक गतिविधि चुलीमा पुग्यो। गएको वर्षको अन्तिम बेलासम्म देशमा संकटकाल लागू भएको एक महिनाभन्दा बढी भइसकेको थियो। माओवादी र शाही नेपाली सेनाबीच भीषण युद्ध भइरहेको त्यो अवधिमा वार्ता र संवादको चर्चा असान्दर्भिक हुन पुगेको आशय सरकार र माओवादीका घोषणा र व्यवहारहरूबाट प्रष्ट भइसकेको थियो। तर, त्यसभन्दा अगाडि सरकार र नेकपा (माओवादी) बीच तीन-तीन पटक वार्ता भइसकेको थियो।

०५८ मंसीर ११ गते अगाडि वार्ताको माध्यमद्वारा माओवादी समस्या समाधान गर्ने चाहना व्यक्त गर्दै तद्अनुसार प्रकृया अगाडि बढाउने शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले त्यस दिन माओवादीहरूमाथि शक्ति प्रयोग गरी समस्याको समाधान गर्न तीनवटा कडा कदम चाल्यो। "नेपाल अधिराज्यमा शान्ति र व्यवस्था कायम राख्न तथा सर्वसाधारण जनताको सुरक्षा गर्नको निमित्त आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएको" जनाउँदै त्यही दिनदेखि सरकारले आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय गर्ने व्यवस्था गर्न बनेको अध्यादेश जारी गऱ्यो। साथै, सरकारले संविधानको धारा ११५ को उपधारा (१) बमोजिम संकटकालको घोषणा गऱ्यो। त्यही क्षणदेखि माओवादीहरू विरूद्ध संविधानको धारा ११५ बमोजिम सेना परिचालन गरिएको छ। संकटकालको घोषणासँगै नेपाली जनताका मौलिक अधिकार सम्बन्धी संविधानको धारा १२, १३, १५, १६, १७, २२ र २३ निलम्बन भएका छन्।

संकटकाल र मानवअधिकार

प्रधानमन्त्रीको पदमा पुग्नासाथ माओवादीहरूलाई हिंसा रोक्न आव्हान गर्ने र वार्ताको थालनी गर्ने शेरबहादुर देउवाकै पालामा उनीहरू माथि व्यापक शक्तिको प्रयोग हुने परिस्थितिको श्रृजना कसरी भयो? यस्तो प्रश्नको उत्तर खोज्न माओवादी समस्याको जरो र राज्यद्वारा पछ्याइएका समाधानको तौर तरिकाका विषयमा समग्र मूल्यांकन आवश्यक छ। मंसिर ११ गतेपछि शुरूवातमा प्रतिपक्षीहरूद्वारा सेना परिचालन र संकटकाल फरक- फरक कुरा भएको बताउँदै सरकारद्वारा संकटकालको औचित्य सावित गर्न नसकिएको धारणा सार्वजनिक गरिएको थियो। त्यही क्रममा संकटकालको तत्कालीन कारक तत्व नेकपा (माओवादी) नै भएको अभिमत पनि प्रकाशित भएका थिए।

मंसिर ११ गतेदेखि नेपाल अधिराज्यमा संकटकालको घोषणा र माओवादीहरूलाई आतंककारी घोषित गर्दै सरकार उनीहरूको व्यापक दमनमा लागेको छ। दमनका लागि नै संकटकाल लगाइएको सन्दर्भमा हजारौं नेपालीको ज्यान जानु प्रति सरकार र माओवादी संवेदनशील नहुनु स्वतः बुझ्न सकिन्छ। तर, यस अवधिमा दुई बन्दुकधारीका बीचमा जनताको मानवअधिकार, मुख्य रूपले बाँच्न पाउने अधिकारको व्यापक हनन भएको छ। आमजनता छयालीस सालको ऐतिहासिक जनआन्दोलनद्वारा बहाल गरिएका हक अधिकारहरू निलम्वित भएका कारण सबभन्दा बढी पीडित भएका छन्।

एउटा प्रजातान्त्रिक मुलुकमा संकटकाल पनि सीमा बाहिर जान पाउँदैन। संकटकाललाई पनि संविधान र कानूनको दायरा भित्रै राख्नु पर्छ। संविधान र कानूनको दायरा भित्र नरहेका माओवादीहरू पनि मानवअधिकारको सर्वमान्य सिद्धान्तबाट बाहिर जान मिल्दैन। कतिपय अन्तर्राष्ट्रिय सन्धि, कानून तथा नियमावलीलाई दुवै पक्षले अनिवार्य रूपमा मान्नु पर्ने हुन्छ। अहिले बाहिरी राष्ट्रसित युद्ध भइरहेको अवस्था होइन। देश भित्रै एउटा सशस्त्र विद्रोही समूहसिन लडाईं भइरहेको हुनाले सरकार बढी जिम्मेवार हुनुपर्छ। जनताको मानवअधिकारको जगेर्ना गर्नु आफ्नो दायित्व हो भन्ने कुरा सरकारले बुझ्नु पर्छ। तर, स्थिति त्यस्तो छैन।

प्रत्येक राष्ट्रको संविधानको प्रस्तावनाले त्यस

संविधानको मूल आशय, मार्ग र लक्ष्यलाई अभिव्यक्त गरेको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा उल्लेख गरिएको छ- "प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताबीच भातृत्व र एकता कायम गरी .... स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न .....।" यसरी नेपालको संविधानले प्रत्येक नेपाली जनताको आधारभूत मानवअधिकारको सुरक्षालाई आफ्नो लक्ष्य बनाएको छ भने त्यसको आधारमा स्वतन्त्रता र समानतालाई इङ्गित मात्र गरेको छैन, सक्षम न्याय प्रणाली र कानूनी राज्यको अवधारणाबाट नेपाली जनताको मानवअधिकारको रक्षा हुने कुरा समेत स्पष्ट पारेको छ। संविधानको प्रस्तावनामा उल्लेख गरिएका प्रावधानहरूको राज्यले कुनै पनि अवस्थामा उल्लंघन गर्न पाउँदैन।

नेपाल अधिराज्यको संविधानको आशय र अक्षरको पालना गर्नु सरकार र राज्यका अन्य तमाम अङ्गहरूको दायित्व हो। मानवअधिकार सम्बन्धी १९ वटा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र प्रतिज्ञापत्रहरूको पक्ष राष्ट्र भएकोले तिनको परिपालना पनि नेपालको दायित्व हो।

नेपाल अधिराज्यको संविधान तथा संयुक्त राष्ट्र संघीय नागरिक तथा राजनीतिक अधिकारको प्रतिज्ञा पत्रले पनि कतिपय अवस्थामा जनताका केही मौलिक अधिकारहरूमा कटौती हुन सक्ने बताएको छ। तर ती अधिकारको कटौती राज्यको अधिकार हैन राज्यले राष्ट्रको अस्तित्व खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानताको आधिकारिक घोषणा गरिएको समयमा[१] मात्र पक्षराष्ट्र आफ्नो दायित्वलाई न्यून गर्न सक्छन् अर्थात् जनताका केही अधिकारमा केही हदसम्म कटौती गर्न सकिन्छ। तर, यस्तो अधिकारहरूमा कटौती गर्दा सरकारले संयुक्त राष्ट्रसंघमा नागरिक तथा राजनीतिक अधिकारहरूको पक्ष राष्ट्रहरूलाई महासचिव मार्फत् सूचना गर्नु पर्ने लगायत यसै प्रतिज्ञापत्रमा उल्लेख भएको धारा ६, ७, ८ (१,२), ११, १५, १६ र १८ मा उल्लेख भएका अधिकारहरू कटौती भने गर्न मिल्दैन अर्थात् यी धारामा उल्लेख भएका अधिकारहरूलाई अहरणीय अधिकारको रूपमा लिइएको छ। त्यस अन्तर्गत जीवनको अधिकार, यातना तथा अमानवीय व्यवहार, दासत्व, दास व्यापार तथा बाधा निषेध, कानूनको अगाडि व्यक्तिका रूपमा उपस्थित हुने, सम्झौतामा उल्लेख भए बमोजिमको दायित्व पूरा नगरे बापत थुन्ने, विचार सद्विवेक तथा धर्मको स्वतन्त्रता पर्दछन्।

राष्ट्रको अस्तित्वमा खलल पर्ने सार्वजनिक संकटको बेलामा समेत कटौती गर्न नसकिने अधिकारहरूका धाराहरू उल्लेख गरिनुको अर्थ कुनै पनि हालतमा अरू धाराहरूमा उल्लेख भएका अधिकारहरू कटौती गर्न सकिन्छ भन्ने रूपमा कुनै पनि सरकारले लिनु हुँदैन।[२] प्रत्येक पक्ष राष्ट्रले संकटकालको अवस्थामा अन्तर्राष्ट्रिय कानून र मानवअधिकारका सीमाहरूको पालन भएको बारेमा सचेत हुनुपर्छ।[३] अर्थात् अन्तर्राष्ट्रिय कानून र मानवअधिकारको सर्वमान्य स्तरको पालना गर्नु राज्यको दायित्व हो। नेपालको कानून सन्धि ऐनको धारा ९ ले नेपाल पक्ष भएका कुनै पनि अन्तर्राष्ट्रिय कानूनहरूमा त्यस कानूनसँग मिल्ने गरी राष्ट्रको कानून निर्माण गर्नुपर्ने र त्यस्तो नभएको अवस्थामा अन्तर्राष्ट्रिय कानून नै राष्ट्रको कानूनको रूपमा लागू हुन्छ भन्ने मान्यता राखेको छ।

संकटकालमा नेपाली जनताका आधारभूत अधिकारहरू कुनै पनि हालतमा जबरजस्ती हरण गर्न पाइँदैन त्यसैले आतंकवादी क्रियाकलाप नियन्त्रण अध्यादेशमा समेत आतंकवादी क्रियाकलापमा संलग्न भएको आरोप लागेका व्यक्तिहरूलाई विशेष अदालतमा उपस्थित गराउनु पर्ने उल्लेख गरिएको छ। तर, नेपाल अधिराज्यभर संकटकाल लागू भएको महिनौं बित्दा पनि काठमाण्डौ बाहेक अन्य ठाउँमा विशेष अदालतको व्यवस्था हुन सकेको छैन। त्यसैले कानूनको अगाडि व्यक्तिको रूपमा उपस्थित हुन पाउने अधिकार, अनि, न्यायालयको निर्णय बेगर सबैले आफूलाई निर्दोष मान्न पाउने अधिकार हनन भएको देखाउँछ। नेपाल अधिराज्यको संविधानले गरेको जोसुकैलाई पनि पक्राउ गरेको २४ घण्टा भित्र न्यायिक अधिकारी समक्ष उपस्थित गराउन पर्ने व्यवस्थाको समेत बेवास्ता गरिएको छ।

संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिले नागरिक तथा राजनीतिक अधिकार प्रतिज्ञापत्रको धारा ४ को व्याख्या गर्ने क्रममा निम्नलिखित कुराहरूलाई उदाहरणको रूपमा लिंदै त्यसतर्फ पक्षराष्ट्रको ध्यानाकर्षण गरेको छ :

- जोसुकै व्यक्ति जसको स्वतन्त्रता अपहरण गरिएको छ अर्थात् जो पक्राउ परेको छ। उसको स्वाभिमानको आदर गर्दै ऊ प्रति मानवीय व्यवहार गर्नु पर्छ।
- कुनै पनि हालतमा बन्धक बनाउने, अपहरण गर्ने तथा थाहा नभएको ठाउँमा थुन्ने, बेपत्ता पार्ने जस्ता काम गरिनु हुँदैन।[४]

यसका बावजुद संकटकालको घोषणा भएपछि कैयौं मानिसलाई सुरक्षाकर्मीले पक्राउ गरी कसैलाई पनि जानकारी नदिई कैयौं दिनसम्म थुन्ने गरेको प्रशस्त उदाहरणहरू फेला परेका छन्। पक्राउ परेकाहरूलाई आँखामा पट्टी बाँधी, अपरिचित ठाउँमा लगी बिना पुर्जी थुनिएको तथा अचानक गोली हानी हत्या समेत गरेको धेरै उदाहरणहरू पाइएको छ।

दाङको त्रिभुवन नपा-३ वर्गदीका किसानहरूको एक समूहले धान त्रिखण्डी बाँडिनु पर्ने कुरा उठाउँदै गर्दा उक्त ठाउँमा सुरक्षाकर्मीको गस्ती पुगी ११ जनालाई गोली हानी हत्या गरे।[५]

मकवानपुरमा उपचारको लागी लगिँदै गरेकी महिला समेत मारिएकी छिन् र सरकारले केही रकम क्षतिपूर्ति समेत दिएको छ। स्मरणीय छ, ती महिला गर्भवती थिइन्। एकातिर सरकारले क्षतिपूर्ति दिएको छ, अर्कोतिर सुरक्षाकर्मीसँग कुनै

अस्थिर बनाई विकास निर्माणका काम कारवाही ठप्प गराउन खोज्ने प्रतिक्रियावादीहरू प्रति श्री ५ को सरकार सजग मात्र नभई निर्ममतापूर्वक दवाउन पट्टि लाग्नुपर्छ।"[१३] प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालले जनयुद्ध "मार्क्सवादको सृजनात्मक प्रयोग भन्दा जडसूत्रवादी पुरानो तरिका, पेरूको नक्कल अनुसारको उत्ताउलोपना र क्रान्तिकारी रोमान्सवादमा रुमल्लिएको"[१४] बताउनु भयो। यस्तै सबैजसो राजनीतिक दलले "जनयुद्ध" बारेका आ-आफ्नो धारणा राखे पनि जनयुद्धको प्रभाव र यसले ल्याउन सक्ने परिणाम बारे भने कुनै सोच अगाडि ल्याइएको पाइँदैन। यद्यपि, नागरिक समाज र विभिन्न संस्था तथा शोधकर्ताहरूले भने यसले पार्न सक्ने प्रभावका बारे नबताएका हैनन्। माओवादीहरूले संसदीय व्यवस्थामा विकासको अभाव र भ्रष्टाचारले गर्दा असन्तुष्टहरूबाट व्यापक समर्थन प्राप्त गरे।[१५] माओवादी जनयुद्धलाई आर्थिक रूपमा विश्लेषण गर्दा मानव विकास प्रतिवेदनले मानव विकास सूचकांकमा जुन जिल्ला जति माथि छ त्यति नै त्यस जिल्लामा हिंसा कम भएको देखिएको बताउँछ।[१६] त्यति मात्र हैन माओवादी क्रियाकलापका लागि मारिनेहरू १२ थरि पेशाका २० जातीय समूहका मानिस पर्दछन्। यसरी उनीहरूको जनाधार तथा उनीहरूको क्रियाकलापको फैलाव हेर्दा अधिकांश जिल्लामा अधिकांश जातिहरूमा भएको पाइन्छ।

यसरी माओवादीहरूले देशको विद्यमान आर्थिक सामाजिक समस्यालाई इङ्गित गर्दै गरेको हिंसात्मक क्रियाकलापलाई सरकारले ०५५ सालमा "किलो शेरा टू" र हिंसात्मक आन्दोलन हुनु अघि नै गरेको "अप्रेशन रोमियो" भन्ने नामबाट सशस्त्र शक्तिबाट दवाउन खोजे पनि सो नदवेको मात्र हैन अझ बढ्दै गएको स्पष्ट देखा पऱ्यो। प्रहरीले आफ्नो गस्तिको बेलामा "निर्दोष मानिसलाई मारेको, सामान्य मानिसलाई उनीहरूको सामाजिक स्थिति अनुरूप विभेद गरेको तथा स्थानीय बासिन्दा प्रति दुर्व्यवहार गरेको" कुरा दि काठमाण्डौ पोष्ट दैनिकले ०५८ वैशाख २९ मा प्रहरी महानिरीक्षक प्रदिप शमशेर जबराको प्रतिक्रिया भनी प्रकाशित गरेको थियो।[१७]

शान्ति स्थापनाको असफल प्रयत्न

विभिन्न मानवअधिकार संस्थाहरूले माओवादी समस्याको शान्तिपूर्ण समाधानका लागि वार्ता मात्र विकल्प भएकाले त्यसको लागि टेबुलमा आउन सरकार र माओवादीहरूलाई "जनयुद्ध" को सुरुवात भएको केही समयपछि नै आह्वान गर्दै आएका थिए। जनयुद्धको दुई वर्ष पछि विस्तारै राजनीतिक दल र अन्य नागरिक समाजले पनि वार्ताको लागि दवाव दिन थाले। डेढ हजार भन्दा बढी मानिस मारिएपछि तथा सयौंको संख्यामा मानिस बेपत्ता पारिएपछि ०५६ जेठमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री हुनु भएपश्चात् शेरबहादुर देउवाको संयोजकत्वमा माओवादी समस्याको अध्ययन र समाधानका लागि उच्च स्तरीय समिति गठन गरियो। उक्त समितिले एक वर्ष लगाएर तयार पारेको आफ्नो प्रतिवेदनमा जनयुद्धलाई "राजनीतिक समस्या" को रूपमा चिन्हित गर्दै त्यसको आधार भने वर्तमान आर्थिक, सामाजिक संरचना नै रहेको किटान गऱ्यो। यसका साथै त्यस समितिले सरकार समक्ष नेकपा (माओवादी) सित तत्काल वार्ता गर्न तथा संविधानमा संशोधन गर्न पनि सुझाव दिएको थियो।

०५५ साल पछि नै बिस्तारै वार्ताको वातावरण बनाउन सरकारलाई दबाब पर्न थालेको थियो। त्यसपछि सरकारले पनि वार्ताको बारेमा सकारात्मक प्रतिक्रियाहरू दिन थालेको थियो। नेकपा (माओवादी) ले समस्याको शान्तिपूर्ण समाधानको लागि वार्ताको निम्ति आफू तयार भएको कुरा विभिन्न लेख र अन्तरवार्ताको माध्यमबाट अगाडि सार्दै आएको थियो।

०५८ असार २८ गते रोल्पा जिल्लाको होलेरीमा सशस्त्र माओवादीले आक्रमण गरी एक जना प्रहरीको हत्या गरी अन्य सबै प्रहरीलाई अपहरण गरी लगेपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारले शाही नेपाली सेना परिचालनको लागि आदेश दिएको बताइएको थियो। तर, शाही नेपाली सेना राम्ररी परिचालित नभएको भनी तत्कालीन प्रधानमन्त्री कोइरालाको व्यापक आलोचना भएको थियो। यस प्रसंगमा तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले राजीनामाका साथ सार्वजनिक गर्नु भएको वक्तव्य पनि निकै चर्चामा आएको थियो। माओवादीहरू लगायत प्रतिपक्षीहरू समेतको व्यापक विरोधपछि ०५८ साउनमा गिरिजाप्रसाद कोइरालाले राजीनामा दिनु भयो। त्यसपछि शेरबहादुर देउवालाई नेपाली काँग्रेस संसदीय दलले नेता चुन्यो र देउवा प्रधानमन्त्री हुनु भयो। शेरबहादुर देउवाले शपथ ग्रहण समेत नगरिसकेको अवस्थामा ०५८ साउनमा नेकपा (माओवादी) तथा शेरबहादुर देउवाले युद्धविरामको लागि सहमति जनाएपछि तीन महिनाको बीचमा तीन चरणमा वार्ता भयो। तर अन्तत्वगत्वा ०५८ मंसिर ६ मा "युद्ध विराम" को औचित्य समाप्त भएको नेकपा (माओवादी) का अध्यक्षको वक्तव्य प्रशारित भएपछि वार्ता टुटेको थियो।

०५८ भदौ १४ मा ललितपुरको गोदावरीमा पहिलो वार्ता हुनु अघि शान्ति स्थापनाका लागि व्यापक बहस भएको थियो। राजनीतिक दलहरू मात्र हैन नागरिक समाज समेतको दबावमा नै वार्ताका लागि सरकार र माओवादी तयार भएका थिए। यसै कारण वार्ताको क्रममा नागरिक समाजबाट सहजकर्ताको नाम दिइएका दुई जना व्यक्ति पद्मरत्न तुलाधर र दमननाथ ढुंगानालाई पर्यवेक्षकका रूपमा वार्तामा उपस्थित गराइएको थियो।

नागरिक समाज र आम जनताले शान्ति स्थापनाको चाहनाबाट मात्र वार्ताको माग गरेका थिएनन् अपितु सामाजिक परिवर्तन उनीहरूको लक्ष्य थियो। जनयुद्धको हिंसात्मक

सरकार - माओवादी वार्ता : गोदावरीदेखि गोदावरीसम्म

सरकार र माओवादीबीच पहिलो चरणको वार्ता २०५८ भदौ १४ गते ललितपुरको गोदावरीमा, दोस्रो चरणको वार्ता २०५८ भदौ २८ र २९ गते बर्दियाको ठाकुरद्वारामा र तेस्रो चरणको वार्ता २०५८ कार्तिक २७ गते ललितपुरको गोदावरीमा सम्पन्न भयो।

वार्तामा सरकारी पक्षबाट मन्त्री चिरञ्जीवि वाग्ले संयोजक र महेश आचार्य, विजयकुमार गच्छदार र नरहरि आचार्य सदस्य तथा माओवादी पक्षबाट कृष्णबहादुर महरा संयोजक, टोपबहादुर रायमाझी र अग्निप्रसाद सापकोटा सदस्य रहनुभएको थियो। सहजकर्ताको रूपमा पद्मरत्न तुलाधर र दमननाथ ढुंगाना हुनुहुन्थ्यो।

पहिलो चरण

- दुवै पक्षद्वारा शान्तिपूर्ण वार्ताको माध्यमद्वारा समस्याको निकास खोज्ने प्रतिबद्धता
- माओवादी पक्षले गणतन्त्र, नयाँ संविधान र नयाँ सरकारको प्रस्ताव पेश गरेको
- सरकारले दोस्रो चरणको वार्तामा आफ्नो पक्षबाट एजेण्डा प्रस्तुत गर्ने र त्यसपछि मात्र दुवै पक्षको एजेण्डामा छलफल गरिने
- तेस्रो चरणको वार्ता एक महिनाभित्र गर्न दुवै पक्ष सहमत

दोस्रो चरण

- माओवादीद्वारा सरकारी वार्ता टोलीसमक्ष तीन किसिमका माग प्रस्तावहरू पेश

मुख्य राजनीतिक प्रस्ताव

1. देश र जनताका समस्याको निकास खोज्न बाधक भएको वर्तमान संविधान खारेज गरी नयाँ संविधान निर्माणका लागि जनतालाई जनतालाई अधिकार प्रदान गरिनुपर्छ।
2. वर्तमान संसद र सरकार विघटन गरी नयाँ प्रक्रिया आरम्भ गर्ने अन्तरिम सरकार गठन गरिनुपर्छ।
3. परम्परागत राजतन्त्र अन्त्य भइसकेको तथा जनताका हृदयमा गणतन्त्रको उदय भइसकेको परिप्रेक्ष्यमा गणतन्त्रको संस्थागत विकास प्रक्रिया प्रारम्भ गरिनुपर्छ।

राष्ट्रियताका तत्कालीन विषयवस्तु

1. सन् १९५० को नेपाल-भारत सन्धि लगायत सम्पूर्ण असमान सन्धि-सम्झौता खारेज गरिनुपर्ने, कालापानीबाट भारतीय सेना हटाइनु पर्छ र सीमा अतिक्रमण बन्द गरिनुपर्छ।
२. नेपाल-भारत खुला सिमाना नियमित र व्यवस्थित गरिनुपर्छ।
३. वर्क परमिट प्रणाली लागू गरिनुपर्छ।

वार्ताको वातावरण सहज बनाउन अघि सारिएका प्रस्ताव

1. जनयुद्धविरुद्ध र पछि विभिन्न समयमा जारी निषेधनबाट जनता, पार्टीका उम्मेदवार, न्यायालयलगायतको न्यायको स्थिति सार्वजनिक गरिनुपर्छ।
2. नेकपा (माओवादी) का केन्द्रीय सदस्य मात्रिका यादवलगायतका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ।
3. जनयुद्धविरुद्ध जारी गरिएका जनविरोधी कालो नियमावली खारेज गरी आतंकवादलगायतका सम्पूर्ण आरोप खारेज गरिनुपर्छ।
4. जनताविरुद्ध षडयन्त्रपूर्वक दरबारबाट लाग गरिएको सशस्त्र प्रहरीको एकीकृत विकास र सुरक्षा कार्यक्रम फिर्ता लिनुपर्छ।
५. विभिन्न बहानामा जनतालाई आतंकित पार्दै परिचालन गरिएका शाही सेना व्यारेकमा फिर्ता गरिनुपर्छ।

- सरकारी पक्षद्वारा माओवादी र उनका मातृ संगठनहरूलाई असोज १ र ४ गते काठमाडौंमा गरिने भेलाको आमसभा स्थगित गर्नुपर्ने आह्वान
- सरकारी पक्षबाट बाँकी माग-पत्रका विषयमा सार्वजनिक गर्ने बन्दीहरूको रिहाइ प्रक्रिया शुरू गर्ने र तत्काल पछि बल माओवादीविरुद्ध प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त
- माओवादी पक्षद्वारा अघि सारिएका प्रस्तावहरू-संविधानको खारेजी, संसद र सरकार विघटन तथा गणतन्त्रको संस्थागत विकास- का कारण सरकार असहमति हुँदै समयमा वार्ता निष्कर्ष विना टुंगियो।

तेस्रो चरण

- माओवादीद्वारा अघिल्लो वार्ताहरूमा उठाउँदै आएको गणतन्त्रको मागलाई वार्ताको एजेण्डाबाट हटाई संविधान सभाको मागलाई प्रमुखताका साथ उठाएको
- सरकार संविधान सभाको मागप्रति असहमत
- दुवै पक्षबाट बल प्रयोगका घटना नगर्ने सहमति भए पनि त्यसको कार्यान्वयन नभएको भन्दै सरकार र माओवादीबीच एक अर्कामा आरोप प्रत्यारोप
- वार्ता समाप्त भएपछि माओवादीका आधिकारिक प्रवक्ताद्वारा निराशाजनक वक्तव्यका साथ सरकारी पक्षद्वारा समेत
- माओवादी इलाकाबाट सेना र प्रहरी हटाउने फिर्ता गर्न सरकारसमक्ष माओवादीको माग
- आगामी वार्ता मंसिरको दोस्रो हप्तामा हुने सम्भावना

वार्ताकै क्रममा माओवादीहरूको मागअनुसार सरकारले सार्वजनिक सुरक्षा नियमावली खारेज गर्‍यो भने धुनामा परेका व्यक्तिहरूको नाम सार्वजनिक गर्ने गर्‍यो। त्यस्तै पार्टीका सदस्य लगायतका केही माओवादी नेता कार्यकर्ताहरूलाई धुनामुक्त गरिया भैसँग ६८ जना माओवादी बन्दीहरूको मुद्दा फिर्ता लिई रिहा गर्ने निर्णय सरकारले गर्‍यो। सरकारद्वारा बेपत्ता पारिएको भनी माओवादीले दाबी गरेका लगायत पनि व्यक्तिहरू आफ्नो हिरासतमा रहेको कुरा सरकारद्वारा सार्वजनिक गरियो।

सुरूवात गर्नु भन्दा अघि संयुक्त जनमोर्चाले प्रस्तुत गरेको ४० बुँदे माग मध्ये धेरैलाई आम नागरिकले जनताको आर्थिक, सामाजिक स्थितिमा परिवर्तनका लागि उपयोगी ठानेका थिए र ती मध्ये अधिकांश मागहरू शान्तिपूर्ण माध्यमबाटै प्राप्त गर्न सकिन्छ भन्ने विश्वास थियो। त्यसैले वार्ता प्रारम्भ हुनु अघि देशभरि आयोजित विभिन्न गोष्ठी र कार्यशालाहरूले माओवादी विद्रोहका कारण बेरोजगारी, भ्रष्टाचार, आर्थिक र जातीय उत्पीडन र दमन इत्यादिलाई इङ्गित गर्दै त्यसको लागि द्रुत गतिमा आर्थिक, सामाजिक संरचनामा नै परिवर्तनको आवश्यकता बताएका थिए। त्यसका लागि संविधान संशोधन वा परिवर्तनको समेत आवश्यकता भएकोतर्फ इङ्गित गरेका थिए। जनस्तरबाट आएकै दबाबले गर्दा पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा १४ बुँदे, नेकपा (एमाले) द्वारा २२ बुँदे तथा प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा ८ बुँदे कार्यक्रम प्रस्तुत गरिएका थिए। यी सबै कार्यक्रमहरू एक अर्काका अनुरूप हुनुका साथै ती मध्ये धेरैजसो बुँदाहरू माओवादीद्वारा प्रस्तुत ४० सूत्रीय मागहरू अन्तरगत पर्दछन्।[१८] छलफल तथा गोष्ठीहरूमा अभिव्यक्त विचारहरूको सार संक्षेपलाई यसरी बुँदागत रूपमा वर्गीकरण गर्न सकिन्छ :

कारणहरू :

(क) राजनीतिक

- असमान राजनीतिक प्रतिनिधित्व
- भ्रष्टाचार तथा विश्वसनीयतामा ह्रास
- प्रजातन्त्रप्रति वितृष्णा (प्रजातान्त्रिक शैलीको तीव्र चाहना पूरा नभएपछि उत्पन्न वितृष्णा)
- मानवीय सुरक्षाप्रति सरकारको असक्षमता

(ख) सामाजिक तथा जातीय

- सामाजिक विभेदको ऐतिहासिक र परम्परागत जरो
- स्वशासनको जातीय आकांक्षा
- महिला तथा युवाका समस्या

(ग) आर्थिक

- ग्रामीण गरीबी, सानो स्तरको खेतीमा आधारित अर्धसामन्ती आर्थिक प्रणाली
- वित्तीय संस्थाप्रति विश्वसनीयतामा कमी

पहिले देखि शुरू भएको आर्थिक, सामाजिक सुधारका मागहरू वार्ता अवधिभर कायम थियो। तर, वार्तामा संलग्न प्रमुख पक्षहरू– सरकार र माओवादी दुवै वार्तामा गम्भीर देखा परेनन्। माओवादीहरूले जनजीविका, जनवाद र राष्ट्रियताका सवाल उठाउँदै आएको भए पनि वार्ताको क्रममा उसले उपरी ढाँचाका राजनीतिक परिवर्तनलाई मात्र आफ्नो मागको क्रममा राख्यो। पहिलो चरणको वार्ता चिनापर्चिमा केही घण्टा मात्रै बसी टुंगिएको थियो भने असोज २८–२९ गते ठाकुरद्वारामा भएको वार्तामा माओवादीहरूले औपचारिक रूपमा गणतन्त्रको

संविधान सभाको माग : इतिहासको पुनरावृत्ति

पचास वर्ष अघि नै नेपालमा संविधान सभाको प्रसङ्ग उठेको थियो। २००७ साल फागुन ७ गते राणा-काँग्रेस संयुक्त मन्त्रिमण्डलको घोषणा गर्दा श्री ५ त्रिभुवनले भनेका थिए- "हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस्।"

झण्डै एक वर्षपछि २००८ माघ ६ गते विधान परिषदको निर्वाचनसम्बन्धमा जारी गरिएको इश्तिहारमा भनिएको थियो "परिषदमा सभाका सदस्य मौसूफको हुकुम मुताबिक दुनियाँले छानेका दुनियाँका विश्वास पात्र हुने छन्।"

२००७ सालदेखि २०१५ सालको आम निर्वाचन नभएसम्म संविधान सभा र गणतन्त्र प्रमुख मुद्दाको रूपमा देखा परेको थियो। २०१३ साल जेठ २६ गते प्रधानमन्त्री टंकप्रसाद आचार्यले आम चुनाव संसदको लागि हुने हो वा संविधान सभाको त्यो निर्णय भइनसकेको घोषणा गरेपछि, राजनीतिक क्षेत्रमा तीव्र बहस चलेको थियो। यस विषयमा विपी कोइरालाबाट सर्वोच्च अदालतमा मुद्दा दायर गरिएकोमा २०१४ साउन १८ गते सर्वोच्चले मुद्दा खारेज गरेको थियो। यसअघि २०१४ जेठ २६ गते कम्युनिष्ट कन्फरेन्सले "गणतान्त्रिक व्यवस्था कायम राख्ने विधान परिषदको चुनाव" को निर्णय गरिसकेको थियो।

२०१५ सालको आम निर्वाचन र २०१७ सालको राजनीतिक व्यवस्था परिवर्तनपछि थाम्को लागेको संविधान सभाको विषयले २०५२ सालमा पुनः गति लिन पुग्यो।



संस्थागत विकास, अन्तरिम सरकार र संविधान सभाको माग प्रस्तुत गरे। यसपछि नेपालको राजनीतिक क्षेत्र ज्यादै तातेको थियो। वार्ताको अवधिभरि वा युद्ध विरामको करिब १ सय दिन अपेक्षाकृत शान्तिपूर्ण मानिएता पनि माओवादीहरूद्वारा बलजफ्ती चन्दा असुली र कतिपय स्थानमा हिंसात्मक आक्रमण भइ नै रारवेको थियो। त्यतिमात्र हैन, कतिपय राजनीतिक दलका समर्थकहरूको हत्या समेत भएको थियो। सबै पक्षवाट आलोचना भएपछि नेकपा (माओवादी) ले एमाले मात्र होइन कसैमाथि पनि भौतिक हमला गर्ने नीति र योजना बनाएको छैन[१९] भनी वक्तव्य प्रकाशित गरेको थियो। एकातिर वार्ता चालु रारव्ने कुरा हुँदै थियो भने अर्कोतिर हिंसात्मक क्रियाकलाप र वार्तालाई सार्थक बनाउन सहमतिको बुँदा खोज्ने भन्दा पनि असहमतिका कुराहरू अगाडि तेर्साउने काम सबै पक्षबाट हुन थाल्यो। सँधै आफ्नो माग प्रति सकारात्मक दृष्टिकोण भएको भनी माओवादीहरूले नागरिक समाजलाई भनेता पनि वार्ता अवधिभर कहिल्यै नागरिक समाजको सल्लाहलाई माओवादीहरूले वास्ता नगरेको मात्र होइन वार्तामा जनताका आर्थिक, सामाजिक आवश्यकताहरूलाई पूरा गर्दै राजनीतिक परिवर्तनको दिशातर्फ उन्मुख हुने कुरा तिर उसको सोच देखिएन। यहाँसम्म कि, नागरिक समाजको प्रतिनिधिको रूपमा वार्तामा उपस्थित दमन र पद्‌मरत्नलाई साक्षीका रूपमा मात्र सीमित पारी उनीहरूको सार्थक संलग्नतापट्टि ध्यान दिइएन। सरकारको तर्फबाट पनि माओवादीको राजनीतिक मागको राजनीतिक प्रतिरोध मात्र भयो, जनताका आवश्यताको परिपूर्तिको कुनै पनि कुरा अगाडि आएन। बरू, घोषणा गरिएको भूमि सुधारलाई नेपाली काँग्रेस भित्रैबाट समाप्त पार्ने षड्‌यन्त्र भयो।

शान्ति स्थापनाको चाहना अनुसार वार्ता गरेको भनिए तापनि वार्ता अवधिलाई आ-आफ्नो हतियारमा साँध लगाउने अवसरको रूपमा लिइएको थियो। कसको बन्दुक बलियो भन्ने विवाद समेत शुरू गरियो। "माओवादीको बन्दुक मात्र बलियो हुन्छ भन्ने होइन बन्दुक-बन्दुक जुधाउँदा कसको बन्दुक बलियो हुन्छ त्यति बेला नै थाहा हुन्छ"[२०] प्रधानमन्त्री शेरबहादुरकै अभिव्यक्ति यस्तो हुन थाल्यो। माओवादीभित्र पनि वार्ता नगर्ने तथा हिंसात्मक क्रियाकलापमा फर्कन दबाव परेको बाहिर देखिन थाल्यो। "माओवादीको बलियो पकड रहेको मध्यपश्चिमको पहाडी भेगमा "जनयुद्ध" रणनीतिकार रामवहादुर थापा (बादल) को पक्षमा नारा लेखिन थाले। वर्तमान आन्दोलनमा प्रचण्डको आदेश मान्ने यताका कार्यकर्ताले जिल्लाका विभिन्न भागमा उनको सट्टा सरकार-माओवादी वार्ताका प्रखर विरोधी थापाको पक्षमा भित्ता भित्तामा नारा लेखे।"[२१]

वार्ता विरूद्ध माओवादी भित्रबाट मात्र गतिविधि भएका होइनन्, सत्तापक्षबाट पनि सरकारलाई वार्ता टुङ्‌ग्याउने दबाव र माओवादीलाई आतंककारी घोषित गर्दै सेना परिचालन गर्ने माग बढ्‌न थाल्यो। माओवादी खोल ओढ्‌दैमा काँग्रेसले माओवादीलाई राजनीतिक शक्ति मान्न सक्दैन ऊ पूर्ण रूपले आतंककारी नै हो[२२] भन्ने सभापति गिरिजाप्रसाद कोइराला भन्दा अघि नै महामन्त्री सुशील कोइरालाले "लेवनानमा शान्ति स्थापना गर्न हतियार उठाउने सेनालाई आफ्नै देशमा निर्दोष जनता र प्रहरीलाई मार्ने आतंककारी माओवादी विरूद्ध परिचालन गर्न वर्तमान संविधानले नरोकेको"[२३] बताउनु भएको थियो।

वार्ता अवधिभर सरकार पूरै असामञ्जस र दोधारमा परेको पाइन्छ। माओवादी समस्याको जरो आर्थिक, सामाजिक समस्यालाई सम्बोधन गर्नु पर्ने आवश्यकता बुझेर नेकपा (एमाले) सित जातीय विभेद समाप्त पार्ने र भूमिसुधार गर्ने सहमतिमा पुग्न, ६० जना भन्दा बढी माओवादीलाई मुक्त गर्ने देखि लिएर सरकारले जेठ २२ मा लागू गरेको सार्वजनिक सुरक्षा नियमावलीलाई कार्तिक २४ मा खारेज गरिएको थियो। तर वार्ताको विपक्षमा वाह्‌य राष्ट्रको चासो पनि देखा पऱ्यो। अमेरिकाले आतंकवाद नियन्त्रण गर्न नेपाललाई १० वटा हेलिकप्टर दिने कुरा गृहराज्यमन्त्रीले नै सार्वजनिक गरेका थिए। तनाव र राजनीतिक सत्ताकै वरिपरि घुमेको वार्ताले सार्थकता पाउने कुरै भएन। कार्तिक २८ मा सम्पन्न तेस्रो वार्तामा माओवादीले गणतन्त्रको मागलाई वार्ताको टेबुलबाट हटाए तापनि संविधान सभा र अन्तरिम सरकारको मागलाई दोहोऱ्याएर वार्ताको टेबुलबाट हटे तर वार्ता भङ्ग भएको घोषणा भने कतैबाट भएन। बरू, चौथो चरणमा तयारी साथ बस्ने निधो भने भएको थियो। उता, मंसिर ६ मा नै प्रचण्डले युद्धविरामको औचित्य समाप्त भएको वक्तव्य जारी गरिसकेका थिए। मंसिर ८ मा नै माओवादीहरूले डा. बाबुराम भट्टराईको संयोजकत्वमा ३७ सदस्यीय केन्द्रीय जनसरकारको घोषणा समेत गरेका थिए।[२४] त्यसै राति देशमा २४ वटा भन्दा बढी जिल्ला सदरमुकामहरूमा माओवादी सशस्त्र आक्रमण भयो भने दाङको घोराहीमा भएको माओवादी आक्रमणबाट ९ प्रहरी र १४ सैनिकको हत्या भयो र ठूलो परिमाणमा हतियारहरू लुटियो।[२५]

सरकार र माओवादी दुवै पक्षको शान्ति प्रतिको व्यवहारिक प्रतिबद्धताको अभावले देश हिंसाको ठूलो भूमरी र अन्त्यहीन युद्धमा होमिन पुग्यो।

संकटकालको हालसम्मको अवलोकनबाट स्पष्ट भएको छ कि जनता प्रतिको उत्तरदायित्वमा सरकार दिन प्रति दिन उदासीन बन्दै गएको छ। जुम्ला र आसपासका जिल्लामा खाद्यान्नको व्यापक अभाव भएको समाचार आउँदा एकातिर खाद्यान्न आपूर्ति तर्फ सरकारले प्रभावकारी काम गर्न सकेको छैन। अर्कोतिर माओवादीले समेत सेना र प्रहरीको रासन रोक्ने नाममा जनताको लागि समेत खाद्यान्न आपूर्तिमा बाधा उत्पन्न गराएका छन्।

हजारौंको संख्यामा मानिस मारिँदा कति घाइते भएका होलान् स्वतः बुझ्‌न सकिन्छ। तर, उपचार भने प्रहरी र सेनाको मात्र भएको देखिन्छ। माओवादीहरूद्वारा घाइते बनाइएका

व्यक्तिहरूको उपचार नगण्य मात्रामा भएको पाइन्छ। सुरक्षाकर्मीबाट घाइते बनाइएका व्यक्तिहरूको उपचार बारे चासो देखाइएको छैन। यस्तो अवस्था लामो समयसम्म रहिरहे देशमा अझै ठूलो संकटआउन सक्छ र यसको चक्रव्यूहमा फस्दा नेपाली समाजमा निम्न प्रभाव पर्न सक्छ :

- विगतमा सत्ता प्राप्ति वा राजनीतिक उद्देश्यको लागि जनताको स्तरबाट हिंसात्मक संघर्ष यो स्तरमा नभएकोमा यसरी हिंसा जनस्तरमा पुग्नाले भविष्यमा जुनसुकै समस्याको समाधानको लागि समाज हिंसात्मक रूपमा आक्रामक हुन सक्ने सम्भावना देखिएको छ।
- दैनिक १४ जनाको दरले नेपाली जनताको हत्या हुँदै गरेको सिलसिलामा समाजमा हत्या प्रति संवेदनशीलता गुम्दै जाने सम्भावना बढ्दै गएको छ।
- सरकारले सुरक्षा खर्चमा व्यापक रूपमा बजेट विनियोजन गर्नु पर्ने सजिलो तर्क दिँदै सामाजिक क्षेत्रको खर्च कटौतीले गर्दा जनताको स्तर झनै कष्टकर बन्दै जाने छ।
- राज्यमा बढ्दै गएको सैन्यीकरणले गर्दा कानूनी राज्यको परिपाटीमा ह्रास आउने, नागरिक प्रशासनमा सैन्य हस्तक्षेप हुने वा उसको प्रभाव बढ्दै जाने सम्भावना छ, जुन प्रजातन्त्रको लागि घातक हुने छ।
- नेपाल जस्तो बहुधार्मिक, बहुजातीय र बहुसाँस्कृतिक परम्परा भएको मुलुकमा लामो समयसम्म हिंसा र प्रति-हिंसा रही रह्यो भने अन्तत्वोगत्वा यसले समाजमा विग्रह-विखण्डन ल्याउने सम्भावना रहन्छ।
- देशको आर्थिक गतिविधिमा प्रतिकूल प्रभाव पर्दै देश कंगाल हुन सक्ने सम्भावना रहन्छ।

उल्लेखित सम्भावनाहरूकै आधारमा हाल संचालन हुँदै गएको हिंसात्मक गतिविधिको यदि व्यवहारिक र न्यायोचित समाधान तर्फ ध्यान दिइएन भने जनताको मानवअधिकारको हननले व्यापकता लिन सक्छ, त्यसैले मानवअधिकार आन्दोलनले आजको स्थितिबाट देशलाई जोगाउने प्रयत्न गर्नुपर्छ। त्यसको लागि जनताका अधिकारहरूको संरक्षणको लागि तत्कालीन कार्यक्रम तथा आर्थिक, सामाजिक परिवर्तन गर्दै राजनीतिक सुधारतर्फ उन्मुख दीर्घकालीन कार्यक्रमका लागि अगाडि बढ्नु पर्छ। तर, यसको लागि पनि सबैभन्दा महत्वपूर्ण शर्त भनेको शान्ति स्थापना नै हो।

विगतमा मानवअधिकार संस्था तथा नागरिक समाजको प्रयासले गर्दा केही समय भए पनि शान्तिको स्थिति देखा परेको थियो। त्यो पनि सफलताको एउटा उदाहरण हो। अब मानवअधिकार आन्दोलनले विगतको असफलता र शान्तिको लागि बाधक कारक तत्वहरूलाई चिन्हित गर्दै समाधान तर्फ लाग्नु आवश्यक छ। जुन निम्न लिखित हुन सक्छन् :

सफलताहरू :

१. नागरिक समाजमा शान्ति स्थापनाको लागि ऐक्यबद्धता देखा पर्नु
२. केही महिनाको युद्ध विराम
३. सम्बन्धित पक्षलाई वार्ताको लागि सहमतिमा पुऱ्याउनु
४. तीन चरणको वार्ता
५. माओवादीको तर्फबाट ठोस माग (राजनीतिक मात्र भए पनि) प्रस्तुत हुनु
६. माओवादीले गणतन्त्रको माग स्थगित गर्नु
७. आर्थिक, सामाजिक परिवर्तनका लागि संविधान संशोधनमा सबै दल (माओवादी बाहेक) मा समझदारी बन्नु।

बाधाहरू :

१. वार्ता भङ्ग हुनु
२. हिंसाको पुनरावृत्ति
३. संकटकालीन अवस्थाको घोषणा
४. माओवादीलाई आतंककारी घोषित गर्नु
५. सरकार र माओवादी दुवैमा लचकताको कमी
६. माओवादीको नेतृत्व तहसँगको सम्पर्क- संचार विच्छेद
७. द्वन्द्वको राजनीतिक स्वरूपको ह्रास हुँदै आतंककारी स्वरूपको प्रभुत्व कायम हुनु।
८. वार्ताको लागि नागरिक समाजको प्रभाव घट्नु र दवावमा कमी हुनु

उपरोक्त केही सकारात्मक कार्य तथा तिनलाई सफलतामा पुऱ्याउने क्रममा देखा परेका बाधाहरू तर्फ ध्यान दिनु आवश्यक छ। मानवअधिकार संस्थाहरूले विगतमा भएका सबै क्रियाकलापको राम्ररी लेखाजोखा गरी एक साथ दुई काममा जुट्नु आवश्यक छ।

१. हिंसाको तत्काल अन्त्य
२. मानवअधिकार तथा न्यायको प्रत्याभूतिबाट शान्ति स्थापनाको प्रयत्न

१. हिंसाको तत्काल अन्त्य गर्नु आजको प्रमुख दायित्व भएको छ। यसको लागि भङ्ग भएको वार्तालाई पुनः शुरू गराउने प्रयत्नमा नागरिक समाज खासगरी मानवअधिकार कार्यकर्ताहरूले प्रभावकारी भूमिका निम्नअनुसार निर्वाह गर्नु पर्ने हुन्छ :

- विगतमा वार्ता असफल हुनुका कारणहरूको यथार्थपरक विश्लेषण
- राजनीतिक दलहरू तथा नागरिक समाजलाई वार्ताको औचित्य र आवश्यकताबारे सहमतिमा पुऱ्याउनु।
- माओवादीलाई आतंककारी घोषणा गरिएको सरकारी निर्णय फिर्ता गर्न लगाउने
- नागरिक समाजद्वारा सरकार र माओवादी दुवै पक्षसित अनौपचारिक वार्ता आरम्भ गर्ने

- माओवादीमाथि आफ्नो मागलाई यथार्थपरक बनाउन दबाब सृजना गर्ने
- समाजका प्रत्येक अङ्गलाई वार्ताको लागि परिचालन गर्ने
- आधिकारिक वार्तामा तेस्रो पक्षको उपस्थिति हुन नदिई अनौपचारिक वार्तामा सबै पक्षको सहभागिता गराउन जोड दिने
- हिंसाले समस्या समाधान गर्न नसक्ने सन्देश सरकार र माओवादी तथा आम जनसमुदायमा पुऱ्याउने
- वर्तमान आर्थिक, सामाजिक समस्याको निराकरणको उद्देश्य सहित संविधान संशोधनको लागि उपयुक्त वातावरण बनाउने
- शान्तिको लागि जनताको स्वस्फूर्त प्रयासहरूलाई व्यापक बनाउने
- समाज, खासगरी महिला तथा केटाकेटीमा हिंसाले पारेको असर बारे व्यापक प्रचार प्रसार गर्ने
- तत्काल युद्ध विरामको लागि दुवै पक्षबाट घोषणा हुन दबाब सृजना गर्ने ।

उपरोक्त बुँदाहरू बाहेक अन्य कतिपय बुँदाहरूमा समेत आम सहमति बनाउँदै वार्ताको लागि जनमत तयार पार्नु र त्यसअनुसार सरकार-माओवादी र अन्य राजनीतिक दलहरूमाथि उद्देश्यमूलक दबाबको सृजना गर्नु आवश्यक छ। यसका साथै कुनै पनि शान्ति प्रयासको स्थायित्वको लागि जनतामा न्यायको प्रत्याभूति र मानवअधिकार संरक्षण प्रमुख कुरो हो। जबसम्म जनतालाई न्याय दिन सकिन्न उनीहरू विश्वस्त बन्न सक्दैनन् र जनताको विश्वास विना शान्ति स्थापना हुन सक्दैन।

मानवअधिकार समुदायबाट अपेक्षित भूमिका

संकटकालमा जनतामा भएका ज्यादतीहरूको वैज्ञानिक र तथ्यपरक प्रलेख व्यवस्था मानवअधिकार कार्यकर्ताको लागि चुनौतिको विषय भएको छ। शान्ति स्थापना मात्र भनेर हुँदैन न्यायको प्रत्याभूतिको लागि ज्यादतीहरूको श्रृङ्खलाबद्ध र यथार्थ प्रलेखको आवश्यकता पर्छ। कानूनको वहालीमा हाल देखा परेका दुरावस्थाको सन्दर्भमा विस्तृत प्रलेखको आवश्यकता पर्छ। त्यति मात्र हैन, संकटकालकै अवस्थामा पनि न्यायिक उपचारको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूमा पहुँचको सम्भावनाको उपयोग हुनु पर्छ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञा पत्रको नेपाल पक्ष राष्ट्र भएको नातामा मानवअधिकार हननका कतिपय मामलामा मानवअधिकार समिति समक्ष व्यक्तिगत उजुरी हाल्न सकिन्छ। त्यसको पनि प्रभावकारी उपयोग गर्ने तर्फ मानवअधिकार संस्थाहरू अगाडि बढ्नु पर्छ। यो बाहेक नेपालका कतिपय अन्तर्राष्ट्रिय दायित्वहरू छन्, तिनको परिपूर्ति नभएको अवस्थामा पनि क्षेत्रीय वा अन्तर्राष्ट्रिय मञ्चहरूमा यहाँको नागरिक समाज र मानवअधिकार संस्थाले आवाज उठाउन सक्छन्। उदाहरणको लागि संकटकाल यता मुठभेडमा प्रशस्तै मानिसको ज्यान गएको समाचार प्राप्त हुन्छन् तर ती मृतकहरूको पोष्टमार्टम भएको विरलै सुन्न पाइन्छ। जबकि, नेपालको प्रहरी ऐन, ०१२ को दफा २२ (क) ले कुनै दुर्घटना वा आत्महत्या वा अरू कुनै पनि शंकास्पद अवस्थामा मानिसको मृत्यु भएमा समेत शरीरको राम्ररी जाँच र पोष्टमार्टम पश्चात् मात्र दाहसंस्कार गर्नु पर्ने उल्लेख छ। मुठभेडमा मारिएकाहरूको पोष्टमार्टम नगर्नु भनेको संयुक्त राष्ट्रसंघद्वारा व्यवस्था गरिएको गैरन्यायिक हत्याको छानवीन सम्बन्धी प्रावधान प्रतिकूलको काम हो। उक्त प्रावधानको बाह्रौं बुँदामा सुस्पष्ट शब्दमा भनिएको छ- "मृत व्यक्तिको शरीरको चिकित्सकद्वारा पोष्टमार्टम नगरिकन दाहसंस्कार गरिनु हुँदैन।"[२६]

यसका अतिरिक्त जेनेभा महासन्धिको साझा धारा

> प्रधानमन्त्रीको कार्यभार सम्हालेपछि प्रधानमन्त्री शेरबहादुर देउवाको पहिलो सार्वजनिक कार्यक्रम इन्सेकद्वारा साउन १६ गते आयोजित प्रकाश स्मृति दिवस नै थियो। उक्त अवसरमा उहाँले प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालको उपस्थितिमा माओवादीहरूलाई शान्ति प्रकृयामा सहभागी हुन आव्हान गर्नु भएको थियो।
>
> उक्त समारोहमा माओवादी समस्या समाधानको उपाय र राजनीतिक पार्टीहरूको दायित्व विषयक प्रवचन कार्यक्रमका प्रमुख अतिथि देउवाले आफ्नो विचार व्यक्त गर्दै भन्नुभयो- संवैधानिक राजतन्त्रमाथि धावा बोल्ने, अनावश्यक टीका-टिप्पणी गर्ने काम उग्रदलवादीहरूबाट भइरहेको उल्लेख गर्दै बहुदलीय व्यवस्थालाई यति तलसम्म गिराउन हामी नै हौं। उहाँले अगाडि भन्नुभयो- हामीले छुवाछूत हटाउन सकेनौं, महिलाहरूको अवस्थामा सुधार गर्न सकेनौं, बालबालिकालाई पोषणयुक्त खाद्य प्रदान गर्न सकेनौं रोजगारीको खोजीमा गएका युवालाई काम दिन सकेनौं। यी समस्याहरूको बाई प्रडक्ट हो माओवादी समस्या। हामीले प्रधानमन्त्री र मन्त्री हुनेमा बढी समय बितायौं। वास्तविक समस्याको पहिचान त गऱ्यौं तर, समस्याहरूप्रति इमान्दारीपूर्वक सम्बोधन गर्न सकेनौं। कार्यक्रममा देउवाले भन्नुभयो- आफूले दुगई-तगई माओवादीहरूसँग वार्ताको आह्वान गरेको तर प्रचण्डद्वारा हिम्मतका साथ वार्ताको प्रस्ताव स्वीकार गरेको बताउँदै, प्रचण्ड हिम्मतदार नेता हो उहाँले भन्नुभयो। रोजगारीको अधिकार, खान पाउने, स्वास्थ्य र पढ्न पाउने अधिकार, महिला, दलित अधिकार आदि प्रति सरकारको गम्भीरसँग ध्यान जान नसकेको उल्लेख गर्दै बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रको बारेमा माओवादीहरूसँग कुनै किसिमको वार्ता हुन नसक्ने बनाउनु भयो।
>
> (इन्सेक अभियान, वर्ष ७, अंक ४ बाट)

३ को उल्लंघन लगायत् नेपाल पक्ष रहेको अन्य मानवअधिकार सम्बन्धी प्रतिज्ञापत्र, सन्धि, महासन्धिहरूको उल्लंघनको बुँदागत प्रतिवेदन तयार पार्नु आवश्यक हुन्छ। मानवअधिकारको व्यापक हनन भएको वर्तमान अवस्थामा दुवै पक्षका हननकर्ता र हननको यथार्थ चित्रण तयार पारिनु पर्छ। मानवअधिकार संस्थाहरूले प्रलेख व्यवस्थालाई दुरुस्त नपारी सक्रियताबाट मात्र जनतालाई न्याय दिलाउन सक्दैनन्, जनतालाई न्याय दिलाउन दण्डहीनताको अन्त्य गरिनु पर्छ।

नेपाल गृहयुद्धको संघारमा पुगिसकेको छ। गृह युद्धमा राष्ट्र होमिनु अघि नै युद्धका कारक तत्वहरूको पहिचान गर्दै तिनको उचित व्यवस्थापन सहित शान्ति स्थापनामा लाग्नु मानवअधिकारकर्मी तथा संस्थाहरूको पहिलो दायित्व हुन पुगेको छ। राजनीतिक साझेदारी वा राजनीतिक अस्तित्वका निम्ति रक्तपात मच्चाइरहने दुवै पक्षलाई जनताको दैनिक जीवनमा सुधार ल्याउन सक्ने ठोस कार्यक्रममा सहभागी गराउन मानवअधिकार कार्यकर्ताहरू अझ अग्रसर हुन आवश्यक छ। छयालीस सालको ऐतिहासिक जनआन्दोलनद्वारा स्थापित नागरिक तथा राजनीतिक अधिकारहरूद्वारा आमजनताको आर्थिक, सामाजिक, साँस्कृतिक दायराहरूलाई अझ फराकिलो वनाउँदै लैजान हामीले आ-आफ्ना ठाउँहरूबाट के गर्न सक्छौं ? देशका सबै सचेत नागरिकहरूले यस विषयमा चिन्तन गर्नु आवश्यक छ।

नोट :

१ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र धारा ४ (१) मानवअधिकार, नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको संग्रह, पेज ९२

२ United Nations – CC PR/C/21/Rev.1/ Add 11 (General Comment on Article- 4

३ General Comment No. 29, State of Emergency (Article 4) U N Document

४ General Comment 29 (.... 4 ICCPR)

५ प्राची संयुक्तांक ३८/३९, पेज १६

६ मूल्यांकन, पूर्णाङ्क ९५

७ मानवअधिकार वर्ष पुस्तक १९९६, पेज ८४

८ मानवअधिकार वर्ष पुस्तक २०००, पेज २८५-८६

९ Aditya Anand, Protents of War and Prognosticating Peace

१० Ibid

११ मदन भण्डारी, केन्द्रीय प्रवक्ता, नेकपा (माले) : ११ असोज २०४७- मस्यौदा संविधान प्रति आलोचना र सुझाव

१२ इन्सेक, मानवअधिकार वर्ष पुस्तक १९९६ पेज १०४/१०५

१३ समाचारपत्र, ०५२ फागुन १२

१४ इन्सेक, मानवअधिकार वर्ष पुस्तक १९९६, पेज १०५

१५ Final Report of the Web Conference, Harvard School of Public Health, 2001

१६ Aditya, Anand, The Maoist Movement in a Mobilization Perspective

१७ Amnesty International, Nepal, A Human Rights Crisis

१८ साप नेपाल, दीर्घकालीन शान्ति स्थापनाका उपायहरू- आश्विन २०५८, पेज ११

१९ कान्तिपुर दैनिक, २६ कार्तिक २०५८

२० नेपाल समाचारपत्र दैनिक, १४ कार्तिक, २०५८

२१ कान्तिपुर दैनिक, हरिहर सिंह राठौर, समाचार विश्लेषण, २४ कार्तिक, २०५८

२२ ऐऐ, २५ कार्तिक २०५८

२३ ऐऐ, २१ कार्तिक २०५८

२४ ऐऐ, २७ कार्तिक २०५८

२५ INFORMAL, INSEC Vol 11, No. 1

२६ Principal on Effetive Prevention and Investigation of Extra-legal, Arbitrary and Summary Execution.

परिच्छेद २

राज्य र मानवअधिकार

२.१ न्यायपालिका

संविधान तथा कानूनद्वारा प्रदत्त अधिकारको स्वतन्त्र एवम् सक्षम न्यायपालिकाबाट प्रभावकारी उपचार पाउने अधिकार राज्यद्वारा सुनिश्चित गरिनु पर्ने कुरा आधुनिक प्रजातान्त्रिक राज्यव्यवस्थाले आत्मसात गरेको मान्यता हो। नेपाल अधिराज्यको संविधान २०४७ ले पनि यस मान्यतालाई पूर्णरूपमा प्रत्याभूत गरेको छ। संविधानले मानवअधिकारको प्रत्याभूति, कानूनी राजको सुनिश्चता, संविधानको सर्वोच्चता र स्वतन्त्र न्यायपालिकालाई संविधानको आधारभूत संरचनामा समावेश गरेर राज्यलाई पूर्णरूपमा प्रजातान्त्रिक र कानूनी शासनको आधारभूत स्तम्भका रूपमा स्थापित गरेको छ। राज्यमा न्यायपालिकाको स्थापनाले जनताको आधारभूत मानवअधिकारको संरक्षण, मौलिक हकको निर्विवाद उपयोग, कानूनी राजको पूर्ण प्रत्याभूति, कार्यकारिणीको निरंकुश कार्यपद्धतिमा नियन्त्रण र राज्यका सबै निकायहरूमा कानूनी राजको प्रत्याभूतिको अपेक्षा गरिएको हुन्छ।

राज्यका प्रमुख तीन अङ्गहरूमध्ये न्यायपालिका त्यस्तो एउटा अङ्ग हो जोसँग आफ्नो छुट्टै सशस्त्र बल र सुरक्षा निकाय हुँदैन। न्यायपालिकाको अस्तित्व केवल जनविश्वासमा अडेको हुन्छ। जनविश्वास नै त्यस्तो एक मात्र जग हो, जसको अभावमा यसको धरोहर समाप्त हुन्छ। न्यायपालिकाको मूल्यांकन भनेको नै यसप्रतिको जनविश्वासको उतार चढाव हो। न्यायपालिका प्रतिको जनविश्वास समाप्त भएको दिन यो संस्थाको औचित्य पनि समाप्त हुन्छ। यसको अर्थ यो होइन कि, न्यायालय सधैंभरि सस्तो लोकप्रियताका लागि क्रियाशील भएको हुन्छ। न्यायालयको ढोकाभित्र प्रवेश गरेपछि न्याय प्राप्त हुन्छ भन्ने विश्वास गुमेको दिन न्यायालयको कुनै उपयोगिता रहँदैन। तसर्थ, न्यायपालिका प्रतिको जनविश्वास निरन्तर अभिवृद्धि गरेर मात्रै यसको औचित्य पुष्टि गर्न सकिन्छ। न्यायपालिका आफैंले चाहँदैमा मात्र यस प्रतिको जनविश्वासमा वृद्धि हुन नसक्ने कुरामा दुई मत हुन सक्दैन। यसका लागि प्रमुख रूपमा कार्यपालिका र व्यवस्थापिकाको पनि भूमिका रहन्छ। न्यायपालिकाले दिएका निर्णय र आदेशहरूको कार्यान्वयन र परिपालनामा राज्यका अन्य अङ्गहरूले सहयोग नगरेको अवस्थामा न्यायपालिका एक्लो संस्थाले न्यायको पुर्नस्थापना गर्न सक्दैन। कानूनबमोजिम स्थापित राज्यका सबै निकायहरूले न्यायपालिकाले दिएको आदेश र निर्णयहरू कार्यान्वयन तथा पालना गर्ने प्रतिबद्धतालाई व्यवहारबाटै पुष्टि नगरेसम्म छिटो, छरितो र सरल न्याय केवल परिकल्पनामै सीमित रहन पुग्छ। यसै तथ्यलाई दृष्टिगत गरेर नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९५ मा न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु श्री ५ को सरकार र मातहतका सबै कार्यालय तथा पदाधिकारीको बाध्यात्मक कर्तव्य भएको व्यहोरा उल्लेख गरिएको छ। त्यसैगरी धारा ९६ मा अदालतको आदेश र निर्णयलाई राज्यका सबै निकाय तथा पदाधिकारीहरूले पालना गर्नैपर्ने व्यवस्था गरिएको छ।

अदालतले दिएको आदेश र निर्देशन इमान्दारीपूर्वक पालन नगर्नाले न्याय सम्पादनमा त ढिलासुस्ती हुन्छ नै, यसले न्यायालयप्रतिको जनविश्वासमा पनि गंभीर असर गर्दछ। तत्कालीन पर्यटनमन्त्री तारिणीदत्त चटौत लाउडा जहाज प्रकरणमा करोडौं रूपैयाँ भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत भदौ महिनामा पुनरावेदन पाटनमा दर्ता गरेको मुद्दाको म्याद नबुझी सार्वजनिक रूपमा उपस्थित भएको र अख्तियारका पदाधिकारीसँगै सार्वजनिक कार्यक्रममा सहभागी भएको तस्वीर सञ्चार माध्यमहरूमा प्रकाशित हुँदा त्यसबेला अदालतको निकै आलोचना भएको थियो। यसले अदालतको गरिमामाथि नै प्रश्नचिन्ह खडा गरेको थियो। अदालतको आदेश प्राप्त हुनासाथ पालना गर्ने र अदालतलाई सहयोग गर्ने प्रजातान्त्रिक मानसिकताको विकास हरेक नागरिकमा, अझ सार्वजनिक जवाफदेही वहन गर्ने नागरिकमा, नभएसम्म कानूनी राजको संवैधानिक प्रत्याभूति केवल देखाउने वस्तुका रूपमा मात्र सीमित हुन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा कानूनी शासनको माध्यमबाट न्यायपूर्ण समाजको स्थापना गर्ने लक्ष्य राखी धारा ८४ ले न्याय सम्बन्धी अन्तिम अधिकार न्यायालयलाई सुम्पेको छ। न्यायालय नै त्यस्तो संस्था हो, जसले न्याय-अन्यायको अन्तिमरूपमा निराकरण गर्दछ र त्यो सबैका लागि बाध्यात्मक र अनिवार्य विषय हुन्छ। यस्तो संवैधानिक संरचनाभित्रको हाम्रो न्यायालय अझै पनि आस्था र जनविश्वासको धरोहर हुन भने सकेको छैन।

समग्र राष्ट्रिय परिवेशबाट न्यायपालिका पनि अलग रहन सक्दैन। न्यायपालिकाको मौलिक काम नै राज्यका अन्य अङ्गहरूले गर्न सक्ने वा गरेका कार्यहरूमा भएका त्रुटिलाई सच्याएर पीडित पक्षलाई न्याय दिनु हो। राज्यका अन्य

निकायहरूद्वारा भएका कमी-कमजोरी वा गल्तीलाई न्यायपालिकाको मद्दतले सच्याउन वा सुधार्न सकिन्छ तर स्वयम् न्यायपालिकाले नै अन्याय वा गल्ती वा कमीकमजोरी गऱ्यो भने त्यो सच्याउन सकिने प्रकृतिको हुँदैन। तसर्थ, राज्यका अन्य निकायको प्रभाव न्यायपालिकामा पनि परेको हुन्छ भन्ने अवधारणाभित्र न्यायपालिकालाई रहेर मूल्यांकन गरिने परिपाटी गलत हुन्छ। राज्यका अन्य निकायको प्रभाव र पहुँचबाट टाढा राखेर मात्रै न्यायपालिकाले कार्य गर्न सक्दछ भन्ने मान्यताका आधारमा नै स्वतन्त्र न्यायपालिकाको अवधारणा विकसित भएको हो। नेपाल अधिराज्यको संविधान २०४७ ले पनि स्वतन्त्र न्यायपालिकाको अवधारणालाई पूर्णरूपमा आत्मसात गरि न्यायालयलाई पूर्णरूपमा स्वतन्त्र र सक्षम बनाएको छ। तसर्थ, राज्यका अन्य निकाय सरह यसलाई पनि स्वभाविक गल्ती गर्ने संस्थाको रूपमा मूल्याकंन गर्ने परिपाटी गलत हुन्छ।

पंचायतकालीन न्यायपालिकाले जनअपेक्षा अनुरूप काम गर्न नसकेको प्रत्यूत्तरमा दिइने जवाफ थियो- कार्यकारिणीको निगाहमा रहनुपर्ने भएकाले यसले अपेक्षित कार्य गर्न सकेन। बहुत सजिलो मात्र होइन, यर्थाथपरक यो जवाफले प्रायः सबैको चित्त बुझाएको थियो। त्यसबेलाको न्यायालय स्वतन्त्र नभएको कारणले नै अपेक्षित कार्य हुन नसकेकै हो तर अहिले न्यायालय यति स्वतन्त्र छ कि विश्वकै स्वतन्त्र न्यायालयहरूको उपमा लिनुपर्दा नेपालको न्यायालयलाई पनि लिने गरिन्छ। न्याय सम्पादन गर्ने न्यायाधीशहरूलाई कहीं कतैबाट अनुचित दबाब आउने सम्भावना बिल्कुल छैन। आइहाले पनि त्यो दबाबलाई ठाडै अस्वीकार गरेवापत् उसको सेवा र सुविधामा कसैले अन्यथा गर्न सक्दैन। विधायिका वा कार्यपालिकाले कानूनको संशोधन गरेर पनि उनीहरूले खाइपाइ आएको सेवा सुविधा घटाउन सक्दैनन्। संविधानको धारा ८७ (११) मा उक्त व्यवस्था छ भने संविधानको धारा ८७ (७) मा न्यायाधीशहरूलाई प्रतिनिधिसभाको दुई तिहाइ बहुमतले महाभियोग लगाएर मात्र पदमुक्त गर्न सक्ने प्रावधान छ। यस्तो प्रावधानलाई विश्वमा नै असम्भव उपाय भनिन्छ, जस्तो कि अमेरिकी राष्ट्रपति वा भारतीय राष्ट्रपतिलाई पदबाट हटाउन करिब यस्तै प्रक्रिया अवलम्बन गर्नु पर्दछ। यी र यस्तै स्वतन्त्र न्यायपालिकाको विकास र अवधारणामा आएका नवीनतम सिद्धान्तहरू समेतलाई आत्मसात गरी हाम्रो न्यायालयको संरचना र परिधिको विकास गरिएको छ। संवैधानिक परिषद, न्यायपरिषद र न्यायसेवा आयोग जस्ता संस्थाहरूले न्यायपालिकालाई राज्यका अन्य निकायहरूबाट पृथक र स्वतन्त्र राखेका त छन् नै, त्यसमा पनि स्वतन्त्र न्यायपालिकालाई संविधानको आधारभूत संरचनाभित्र राखेर यसको स्वतन्त्र अस्तित्व र स्वायत्ततालाई संविधानको संशोधनबाट पनि असर गर्न नसकिने संवैधानिक प्रत्याभूति गरिएको छ। यति धेरै सुरक्षा प्रदान गरिएको न्यायपालिकाले अझै अपेक्षित कार्य गर्न किन सकेको छैन? अदालतमा जाँदा साँच्चै न्याय पाउन सकिन्छ भन्ने अनुभूति आमरूपमा नभएको गुनासो किन सार्वजनिक रूपमा प्रकट भइरहेको छ? स्वच्छ, सरल, पारदर्शी र प्रभावकारी न्यायको ग्यारेन्टी गर्न किन सकिएको छैन? यिनै प्रश्नहरूको सेरोफेरोमा रहेर नै न्यायपालिकाको मूल्यांकन र गरिमाको जाँच गरिनु पर्दछ।

यस वर्षको न्यायपालिकाको मूल्यांकन गर्नुपर्दा यो संस्था विगतमा झैं यसपटक पनि चर्चा, वादविवाद, आक्रोश तथा प्रशंसा र वहसको केन्द्रविन्दुमा नै रह्यो।

माओवादी आन्दोलनले न्यायपालिकामा पारेको असर

वर्षको शुरूवातमै ०५७ माघ २१ गते माओवादी समूहले प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको भ्रमण दलमाथि सुर्खेत जिल्लाको छैसठ्ठी भन्ने ठाउँमा गरेको आक्रमणले माओवादीप्रतिको न्यायालयको निष्पक्ष सद्व्यवहारलाई चुनौति दिन पुग्यो। सो घटनामा पुनरावेदन अदालत, सुर्खेतका रजिष्ट्रार वलदेव धिताल र पाँच जना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भएको थियो। त्यस आक्रमणको उद्देश्य के थियो भनेर माओवादीले अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन। माओवादीहरूको आक्रमणमा यो वर्ष संखुवासभा र स्याङ्जा जिल्लाका अदालतहरू पनि प्रभावित भए। यसैको फलस्वरूप अधिराज्यभरका न्यायालयहरूमा सुरक्षा व्यवस्था कडा गरिएको छ भने सर्वोच्च अदालतमा सर्वसाधारणको प्रवेश ज्यादै कठिन भएको छ। न्याय सम्पादन र न्यायपालिकाको क्षमता अभिबृद्धिमा लगाउनु पर्ने रकम सुरक्षा व्यवस्थामा लगाउनु परेको कारणले गर्दा त्यसको मार पनि स्वाभाविकरूपले जनताकै टाउकोमा थपिएको छ। माओवादी आन्दोलनको कारणले अधिराज्यका प्रायः सबै अदालतमा अस्वभाविकरूपमा मुद्दाको संख्या घटेको हुनाले भविष्यमा यसको असर गम्भीर, पीडादायी र झन्झटिलो मात्र होइन खर्चिलो समेत हुने निश्चित छ। किनकि, राज्यद्वारा निर्धारित कानूनी रित नपुऱ्याई माओवादीहरूले गाउँघरमै मिलाएका घरायसी व्यवहारलाई राज्यले मान्यता दिन नसक्ने र त्यो कुराको ज्ञान भइसक्दा हदम्याद समाप्त भई आफ्नो हक नै गुम्ने कारणले गर्दा माओवादीहरूले घर गाउँमै मिलाएका भनेका कैयौं मुद्दाहरूले अन्ततः जनताकै हक अधिकार गुम्ने प्रत्यक्ष संभावना देखिएको छ। माओवादी आन्दोलनबाट अति प्रभावित जिल्ला रूकुम, रोल्पा, दाङ, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, अछाम, बाजुरा आदिमा मुद्दाको संख्या ज्यादै न्यून भएका कारण राज्यले अनावश्यक व्यय भार खेप्नुपरेको छ। यसैको प्रभावस्वरूप अछाम जिल्ला अदालत साउन महिनादेखि मुद्दा विहिन भएको समाचार सार्वजनिक भयो।

राज्यमा अपराधको मात्रा घटेर वा जनतामा उन्नत चेतनाको विकास भएर मुद्दाको संख्या घट्नु निश्चय नै राम्रो सूचक हो। तर अपराध र सामाजिक अशान्ति दिनानुदिन बढ्दै जाने अनि न्यायपालिकाको अधिकार क्षेत्र र कार्यबोझ भने घट्दै जाने विद्यमान प्रवृत्तिले अन्ततः आधारभूत तहकै

जनतामाथि कानूनी झन्झट थपिने र हक अधिकारसमेत गुम्ने भएकाले यो प्रवृत्तिको अन्त्य हुनु नितान्त जरूरी छ।

माओवादीबाट हुन सक्ने शारीरिक आक्रमण, उनीहरूका विरूद्धमा फैसला गर्दा उत्पन्न हुनसक्ने परिणाम, धान्नै नसक्ने आर्थिक सहयोग जस्ता शारीरिक तथा मानसिक त्रासका कारण आज अधिकांश माओवादी प्रभावित जिल्लाका अदालतहरू न्यायाधीश र कर्मचारी विहिन छन्, जसका कारण स्थानीय जनता दोहोरो अन्याय सहन वाध्य छन्। अन्ततः यसले ग्रामीण क्षेत्रको परम्परागत सामन्ति शासन शैलीलाई नै मलजल गरेको छ र जनचेतनालाई उन्नत बनाउनुको सट्टा कैद गर्न मद्दत गरेको छ। माओवादी कार्यकर्ताद्वारा नै महिलाहरू बलात्कृत भएका घटना गत वर्ष छापामा प्रकाशित भए। झापा, नुवाकोट, बाजुरा र रोल्पामा त्यस्ता घटना भएको जानकारी सार्वजनिक भएर पनि माओवादी आक्रमणबाट हुनसक्ने संभावित जोखिमका कारण पीडित वा तिनका आफन्तले यो घटनाको सम्बन्धमा राज्यलाई जानकारी गराउने काम गर्न सकेनन् भने राज्यको तर्फबाट पनि यो संवेदनशील घटनाका दोषीहरूलाई कारवाही गर्ने काम हुन सकेन। माओवादी आन्दोलनको कारणले बढ्दै गएको दण्डहीनताको यो चरम रूप हो। यसले संविधानद्वारा प्रत्याभूत कानूनी राजलाई ठाडो चुनौति समेत दिएको छ।

ग्रामीण क्षेत्रका जनताले भोग्नु परेको दोहोरो राज्य सत्ताको प्रयोगले उनीहरूलाई अन्यायको विरूद्धमा लड्ने र सीमित न्यायिक हक-अधिकारको उपयोग गर्ने अधिकारबाट समेत वञ्चित गरेको छ। ग्रामीण क्षेत्रमा देखिएको सरकारी राज्यसत्ता र "माओवादी राज्यसत्ता" को कारणले दोहोरो मारमा परेका जनताको सबैभन्दा ठूलो चुनौति उनीहरू दुवैतर्फको कानून र न्यायपालिकाको आदेश मान्न विवश हुनु हो। माओवादी आन्दोलनले न्याय क्षेत्रमा पारेको यो गम्भीर असर भविष्यमा अझ चुनौतिपूर्ण बनेर जाने निश्चित छ।

अर्कोतर्फ माओवादी वा सरकार दुवैतर्फबाट भएका अनगिन्ती गैरन्यायिक हत्याले मृत्युदण्ड निषेध गरिएको संवैधानिक प्रावधानलाई निष्क्रिय बनाइदिएको छ। माओवादीका नाममा भएका विभत्स र ज्यादतिपूर्ण हत्याका सम्बन्धमा राज्यले साधारण खोजबिन र अनुसन्धान पनि नगर्ने गरेका कारण भविष्यमा अपराधीको पहिचान भएको खण्डमा पनि कानून बमोजिम त्यस्ता अपराधीहरूलाई कारवाही गर्न नसकिने हुनाले नागरिकको जीउ ज्यान दिनानुदिन असुरक्षित भइरहेको छ। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको फौजदारी न्यायको हक माओवादी आन्दोलनको निहुँमा निस्प्रभावी भएको छ।

थुनामा परेको व्यक्तिलाई कारणसहितको सूचना दिने, २४ घण्टा भित्र मुद्दा हेर्ने अदालतसमक्ष हाजिर गराउनुपर्ने, थुना वा कैदमा परेको व्यक्तिलाई मानवोचित व्यवहार गर्नु पर्ने, कैदी या वन्दीलाई उसले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन दिनुपर्ने, अमानवीय र क्रूर यातना दिन नपाइने जस्ता संविधानद्वारा प्रत्याभूत आधारभूत मानवअधिकारहरू, निस्प्रयोजित भएका छन्।

संकटकाल र न्यायपालिका

संकटकाललाई संविधानवादले आवश्यक खराबीका रूपमा लिएको हुन्छ। अर्थात्, यो आवश्यक र खराब पनि हो। संकटकालमा न्यायपालिकाको अधिकारमा व्यापक कटौती गरिएको हुन्छ। यसै अनुरूप संविधानद्वारा प्रत्याभूत धेरै मौलिक अधिकारहरू यो अवधिमा निलम्बन गरिएका छन्। तथापि, यो अवधिमा हाम्रो न्यायालयले एउटा उदारहणीय नजीर प्रतिपादन गरेको छ। संकटकालको घोषणाले निलम्बन भएको संविधानको धारा २३ द्वारा प्राप्त संवैधानिक उपचारको हकलाई सर्वोच्च अदालतले एउटा व्याख्याद्वारा खुकुलो बनाइ दिएर न्यायपालिकालाई नागरिक अधिकारको अभिभावकका रूपमा प्रस्तुत गरेको छ। ०५८ मंसिर ११ गतेदेखि लागू भएको संकटकालका कारण अधिकांश मौलिक हकहरू निलम्बन भएकाले यो अवधिमा मौलिक हक हनन भएको दाबी गर्दै दायर भएका रिट निवेदनहरू हेर्न मिल्ने कि नमिल्ने भन्ने सम्बन्धमा उत्पन्न अन्यौललाई ०५८ मंसिर १८ गते प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय सम्मिलित ५ जना न्यायाधीशहरूको विशेष अदालतले समाप्त गर्दै अदालतमा विचाराधीन त्यस्ता विवादहरू हेर्न मिल्ने भनि गरेको आदेशले हाम्रो न्यायालयलाई मानवअधिकारको रक्षकको रूपमा स्थापित गरेको छ। उक्त आदेशमा श्री ५ बाट संकटकालको घोषणा हुँदा संविधानको धारा ११५ को उपधारा ७ बमोजिम विचाराधीन मुद्दा हेर्न नमिल्ने भन्ने सम्बन्धमा कुनै आदेश जारी नभएकाले त्यस्ता मुद्दाहरू हेर्न मिल्ने भनी गरिएको आदेशले संकटकालको अवधिमा पनि न्यायपालिकालाई केही हदसम्म सक्रिय गराएको छ। यसले मौलिक हकको संरक्षण र सम्वर्धनमा हाम्रो न्यायपालिकाको स्थान उच्च रहेको छ भन्ने तथ्यलाई पुनः स्थापित गरिदिएको छ।

यो अवधिमा पनि सर्वोच्च अदालतले धेरै नयाँ तथा पुराना मुद्दाहरूमा महत्वपूर्ण आदेश तथा फैसलाहरू गरेको छ। तथापि, यो अवधिमा निलम्बन भएको सूचनाको हकको कारणले संकटकालको अवधिमा स्वतन्त्र समाचार सम्प्रेषण गर्ने पत्रिकाहरू जनआस्था, साँघु र देशान्तरका पत्रकारहरू गिरफ्तारीमा परेका थिए। तर, उनीहरूलाई किन र के अभियोगमा गिरफ्तार गरियो भन्ने सूचना राज्यले सार्वजनिक गर्न सकेन र पत्रकारहरूले पनि आम जनतामा त्यसको सही सूचना सम्प्रेषण गर्न सकेनन्। यस्तो प्रतिकूल अवस्थामा पनि सूचनाको हकको निलम्बनका कारण अदालतको ढोका घच्घच्याउन असम्भव भयो। तसर्थ, संविधानको धारा २३ द्वारा प्रत्याभूत संवैधानिक उपचारको हक निलम्बित भएका कारण प्रभावकारी उपचारको अभावमा वैकल्पिक मार्ग अवलम्वन नगरी सिधै सर्वोच्च अदालत जान पाउने धारा ८८ (२) को प्रावधान भने कार्यान्वयन हुन नसक्ने देखिएकाले धारा २३ को

निलम्बन धारा ११५ (७) बमोजिमको आदेशद्वारा फुकुवा गरेर संवैधानिक उपचारको हकलाई बन्देजरहित बनाउनुपर्ने आवश्यकता अद्यापि कायमै छ। यसको अलावा संकटकालको कारणले गर्दा आम नागरिकमा साधारण प्रकृतिका मुद्दाहरू पनि गर्न नपाइने भ्रम कायमै रहेकाले कतिपय नागरिकहरू आफ्नो विरूद्धमा आइपरेको अन्यायको उपचार खोज्न अदालतमा आउन सकेका छैनन्। त्यसको प्रत्यक्ष उदाहरणका रूपमा संकटकालको दुरूपयोग गर्दै सरकारले देशव्यापीरूपमा संचालन गरेको सडक फराकिलो पार्ने अभियानमा आफ्नो सम्पत्तिमा विना मुआब्जा अतिक्रमण हुँदा पनि कैयौं नागरिकहरू अहिले मुद्दा गर्न पाइँदैन भन्ने भ्रममा चुपचाप बसेका छन्। अर्कोतर्फ विभिन्न प्रतिष्ठानहरू जस्तैः हिमाल सिमेन्ट, साझा यातायात, घरेलु विकास समिति, निजि क्षेत्रका विभिन्न विमान सेवाहरूले यही अवधिमा कर्मचारी तथा मजदुरहरू निष्काशन गरेका छन्। यो अवधिमा न्यायपालिकाले पुर्नवहाली गर्न सक्दैन भन्ने व्यवस्थापनको सोंच र त्यसलाई अन्तिम सत्य ठानेर अन्याय सहेर बस्ने सम्बन्धित पीडित व्यक्तिहरूको भ्रम नै यसको पछाडि रहेको एकमात्र कारण हो। संकटकालमा के गर्न सकिन्छ र के गर्न सकिदैन भनेर राज्यको तर्फबाट संविधान बमोजिम स्पष्ट आदेश जारी नभएका कारण आज न्यायपालिकाको अधिकार र कार्यक्षेत्रमा संकुचन आएको छ। संकटकालको घोषणाले न्यायपालिकालाई वास्तविक भन्दा मनोवैज्ञानिक कारणले बढी असर गरेको छ र जनतामा अहिले अदालत जान पाइँदैन भन्ने भ्रम परेको छ। यसलाई चिर्नका लागि न्यायपालिका र सरकार दुवैको संयुक्त प्रयासको खाँचो छ।

न्यायपालिका र संसदको विवाद

१) यस पटकको न्यायपालिकाको उल्लेख्य घटनाको विवेचना गर्दा न्यायपालिका र व्यवस्थापिकाबीच देखिएको विवाद पनि एक उल्लेख्य घटना हो। प्रस्तावित अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ लाई संशोधन गर्न प्रतिनिधिसभामा पेश भएको विधेयकमा न्यायाधीशहरूलाई पनि अख्तियारले कारवाही गर्नसक्ने प्रावधानको विषयलाई लिएर संसदमा मात्र नभएर सडकमै पनि न्यायपालिकाका वरिष्ठ व्यक्तित्व र कार्यपालिका तथा संसदका सदस्य र राजनीतिक क्षेत्रबीच आरोप-प्रत्यारोपको श्रृंखला जारी रह्यो। संसदको २१ औं अधिवेशनमा गत साउन महिनामा श्री ५ को सरकारले पेश गरेको यो विधेयकमा न्यायाधीशहरूले गरेको भ्रष्टाचारलाई पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यक्षेत्र भित्र पार्ने सम्बन्धमा प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा सत्तापक्ष र प्रतिपक्षको सहमति भएको थियो। यो खवर सार्वजनिक हुने बित्तिकै संसद र न्यायपालिकाका व्यक्तित्वहरू बीच आरोप-प्रत्यारोपको श्रृंखला चलेको थियो।

यो श्रृखंला यसरी सार्वजनिक भएको थियो :

संसदले स्वतन्त्र न्यायपालिकाको मर्ममाथि प्रहार गर्न खोजेको छ। स्वतन्त्र न्यायपालिकाको मुटु खोसिँदैछ, अख्तियारको भय भित्र स्वतन्त्र न्यायपालिकालाई राख्ने हो भने न्यायपालिका रहनु र नरहनुको कुनै अर्थ छैन।

– मा. न्यायाधीश लक्ष्मणप्रसाद अर्याल
(कान्तिपुर दैनिक, ०५८ असोज ८)

हेरौं कुन चाहीं न्यायाधीशले भ्रष्टाचारमा कारवाही हुनु हुँदैन भनेर भन्दारहेछन, त्यस्ता न्यायाधीशलाई पनि जनताले चिन्नेछन्।

– मा. पूर्णबहादुर खड्का

अदालतमा माफिया पसेको छ, त्यसलाई ठीक गर्ने काम संसदको हो।

– मा. गंगादत्त जोशी

नेताहरू जस्तो सार्वजनिक टिप्पणी गर्ने रहर छ भने न्यायाधीशहरूले राजनीतिमा आउनु पर्दछ।

– मा. लालबाबु पण्डित

अर्दलीको पैसा आफै खाने, सरकारी सुविधा लिएर सरकारी गाडी चढ्ने व्यवहारप्रति संवेदनशील बन्नै पर्दछ।

– मा. नेत्रलाल श्रेष्ठ

कालो कोट लगाउने जति सबै भ्रस्ट हुन्।

– मा. रामचन्द्र पौडेल

(श्रोतः ०५८ असोज ९ गते प्रतिनिधिसभाको बैठकमा व्यक्त विचारहरू भनि "कानून" पूर्णाक-३९ मा डिल्लीराज आचार्यको लेखमा प्रकाशित विवरणका आधारमा)

उक्त विधेयकको सम्बन्धमा यसरी सार्वजनिक रूपमा टिका-टिप्पणी भएता पनि संसदको २२ औं अधिवेशनमा श्री ५ को सरकारले उक्त विधेयक फिर्ता लिएको छ र न्यायपालिका र सरकारको सहमतिमा अब आउने विधेयकमा न्यायाधीशहरूलाई अख्तियारले पदमुक्तिपछी मात्र कारवाही गर्न सक्ने व्यवस्था राखिने र महाभियोग सम्बन्धी कानून पनि यसै अधिवेशनमा पेश गर्न सरकारले सार्वजनिक प्रतिबद्धता जाहेर गरेको छ।

२) सांसदहरूले लिँदै आएको पेन्सन सुविधा असंवैधानिक- ०५२ सालमा नेकपा (एमाले) को ९ महिने शासनकाल पछि वा तीन दलीय संयुक्त सरकारको पालामा बनेको संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०५२ को दफा २५ अनुसार भूतपूर्व सांसदहरूले राज्यकोषबाट प्राप्त गर्दै आएको पेन्सन सुविधालाई सर्वोच्च अदालतले गत वर्ष नै असंवैधानिक ठहर गरेको थियो। यसपटक सर्वोच्च अदालतले पुनः त्यस्तै प्रकृतिको अर्को आदेश गरेर सांसदहरूले उपभोग गर्दै आएको सुविधालाई नियन्त्रित गरेको छ। सांसद विकास कोषको नाममा प्रत्येक सांसदले आफ्नो निर्वाचन क्षेत्रमा वर्षेनी १० लाख रूपयाँ प्राप्त गरी आफूले चाहेको विकास-निर्माणको काममा खर्च गर्दै

आएका थिए। उक्त रकम दलीय स्वार्थ अनुरूप खर्च हुने गरेको र लक्षित वर्गमा पुग्न नसकेको तथा कतिपय अवस्थामा लेखा परीक्षण पनि हुन नसकेको भनि जनस्तरबाट व्यापक आलोचना भएको थियो। ०५८ असोज ११ मा सांसद विकास कोषको रकम आइन्दा कानून बनाएर मात्र खर्च गर्न सकिने भनि सर्वोच्च अदालतको पूर्ण इजलासले श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी गर्‍यो। यो फैसला पछि पनि गत संसदीय अधिवेशनमा सांसदहरूले, न्यायपालिकाले राजनीतिमा हात हालेको र नीतिगत कुरामा हस्तक्षेप गरेको आरोप लगाएका थिए। आरोप जे जस्तो भए पनि संविधानको मर्म र न्यायिक सिद्धान्तभन्दा यो फैसला बाहिर गएको देखिएको छैन। यसले नीतिगत कुरामा हस्तक्षेप गरेको भन्दा पनि संविधानको प्रस्तावनामा उल्लेखित कानूनी राजको सिद्धान्तलाई आत्मसात गरेको देखिन्छ। फैसलाको मुख्य अंश निम्न बमोजिम छ :

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८३ मा आर्थिक कार्यविधि सम्बन्धी ऐन शीर्षकमा ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शिर्षकमा रकम सार्ने कुरा र अरू आर्थिक कार्यविधि सम्बन्धी कुराहरू ऐनद्वारा व्यवस्थित हुनेछ भन्ने उल्लेख गरेको पाइन्छ। सरकारले प्रस्तुत गरेको बजेट र संसदले पारित गरेको विनियोजन ऐनअनुसारको रकम खर्च गरिने कुरा अर्थिक कार्यविधि सम्बन्धमा निश्चित कार्यविधि ऐनद्वारा व्यवस्थित हुनुपर्ने कुरा संविधानले प्रष्ट गरेको छ। निर्वाचन क्षेत्र विकास कोषको रकम उपरोक्त संवैधानिक व्यवस्थाअनुरूप ऐनद्वारा व्यवस्थित नभएको स्पष्ट छ। निर्वाचन क्षेत्र विकास कोषको रकम आर्थिक कार्यविधि ऐनद्वारा व्यवस्थित भएमा खर्च गर्ने कार्य सुव्यवस्थित र सुनिश्चित तरिकाबाट सम्पन्न गर्न सजिलो भई राज्यको कोषबाट व्यहोरिने रकम खर्च गर्ने लगायत्का कार्यहरू कानूनअनुसार भई यस्तो रकमको के कस्तो कार्यमा कसरी खर्च हुने हो निश्चितता समेत हुन्छ। तसर्थ नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८३ अनुसार निर्वाचन क्षेत्र विकास कोषको रकम खर्च गर्ने सम्बन्धमा कानूनद्वारा खर्च व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्नू भन्ने निर्देशात्मक आदेश जारी गर्न उपयुक्त देखिँदा विपक्षी श्री ५ को सरकार, मन्त्रीपरिषद सचिवालय, अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयको नाममा सो बमोजिम निर्देशात्मक आदेश जारी हुने ठहर्छ।

यो फैसलाले सांसदहरूले उपयोग गर्दै आएको सुविधाको कटौती गरेको वा अदालतले नीतिगत विषयमा हस्तक्षेप गरेको अर्थ लगाउन मिल्दैन। यसले केवल उक्त रकम कानून बनाएर निश्चित कार्यमा सुव्यवस्थितरूपले खर्च गर्नका लागि मात्र निर्देशन जारी गरेको छ। यो निर्देशन कानूनी राजमा न्यायपालिकाको सीमाभित्रै पर्दछ।

३) निर्वाचन अदालत, पाटनको फैसलाले निम्त्याएको विवादको अन्त्य - नुवाकोट जिल्ला क्षेत्र नं. १ मा नेकपा (एमाले) को तर्फवाट विजयी प्रतिनिधिसभा सदस्य राजेन्द्रप्रकाश लोहनीलाई सोही क्षेत्रका राप्रपाका उम्मेदवार डा. प्रकाशचन्द्र लोहनीले दिएको उजुरीका आधारमा निर्वाचन अदालत पाटनले गत वर्ष (०५७ असार १३ गते) १ मतले राजेन्द्रप्रकाश लोहनी पराजित भई डा. प्रकाशचन्द्र लोहनी विजयी भएको फैसला सुनाएपछि उक्त फैसला राजनीतिक क्षेत्रमा मात्र नभएर कानूनी क्षेत्र र जनस्तरमा पनि व्यापक आलोचित भएको थियो। पीडित पक्षले उक्त फैसलामा राजनीतिक पूर्वाग्रह अभिव्यक्त भएको तथा स्वच्छ र पारदर्शी नभएको आरोप लगाएको थियो भने उक्त फैसला न्यायका मान्य सिद्धान्त विपरित र प्रक्रियागत रूपले त्रुटीपूर्ण तथा पूर्वाग्रही भएको जिकिरसहित राजेन्द्रप्रकाश लोहनीले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए। लामो सुनुवाई पछि निर्वाचन अदालतको उक्त फैसलालाई सर्वोच्च अदालतले ०५८ साउन २४ गते उल्टाइ दिएको छ। फैसलाको मुख्य अंश निम्न प्रकारको छ :

उजुरीकर्ता डा. प्रकाशचन्द्र लोहनीले शुरू निर्वाचन अदालत समक्ष दिएको उजुरी जिल्ला न्यायाधिवक्ता (सरकारी वकिल) मार्फत् दिनुपर्नेमा सो बमोजिम नगरी सिधै अदालतसमक्ष आफै उजुरी दिएकाले उक्त उजुरी कानून बमोजिम परेको भन्न मिलेन।

उजुरीकर्तालै मतगणना हुँदाकै अवस्थामा मतदान अधिकृत समक्ष चित्त नबुझेको विषयमा उजुरी गर्नुपर्ने कुरा निर्वाचन निर्देशिका २०५५ को दफा ११५ मा उल्लेख भएकोमा सो बमोजिम मौकामा उजुरी दिएको देखिएन र उजुरीकर्तालै मतगणना समाप्त भएको मुचुल्का समेतमा असहमति नजनाएकाले अहिले आएर धाँधली भएको भन्ने व्यहोरा पुष्टि हुन सक्ने अवस्था भएन।

निर्वाचन अदालतले दोहोर्‍याई मतगणना गर्दा कानूनले तोकेका सम्पूर्ण प्रक्रिया पुर्‍याएर मतगणना गर्नुपर्नेमा सो बमोजिम नगरी पटक-पटक स्थगित गरी मुचुल्कासमेत खडा नगरी गरेको मतगणनालाई कानूनअनुरूपको भन्न मिलेन।

निर्वाचन अदालतले दोहोर्‍याई मतगणना गर्दा केही मतलाई नोटिसमा लिइएको र त्यस्ता मतहरू मध्ये केहीलाई सदर र केहीलाई वदर गरेको देखियो। प्रचलित कानूनमा मत गणना गर्दा त्यसरी नोटिसमा लिने र सदर या वदर गर्ने अधिकार निर्वाचन अदालतलाई नभएकाले निर्वाचन अदालतको फैसला कानूनबमोजिम भएको भन्न मिलेन। तसर्थ निर्वाचन अदालत पाटनको उक्त फैसलामाथि उल्लेखित कारण र आधारमा उल्टी भई शुरू निर्वाचन परिणाम नै कायम हुने देखिन्छ।

यसरी निर्वाचन अदालत पाटनको यो फैसलालाई सर्वोच्च अदालतले उल्ट्याइदिएपछि यो फैसला आगामी दिनमा संविधानको धारा ९६ बमोजिम कानून सरह लागू हुने एक महत्वपूर्ण नजीर भएको छ र भविष्यमा यस्तै प्रकृतिका विवादमा मार्गदर्शक समेत हुने भएको छ। मतगणना गर्दा असहमति नजनाउने तर पराजित भएपछि कार्यकर्ताको मनोबल बढाउन मुद्दा हाल्ने र गैरकानूनी प्रभावसमेतको आधारमा मुद्दा जित्न प्रयत्न गर्ने परिपाटीको अन्त्यका लागि यो फैसलाले महत्वपूर्ण

भूमिका खेलेको छ। निर्वाचन अदालत समेतलाई यो एउटा गहकिलो पाठ भएको छ। छिमेकी मुलुक भारत या अन्य मुलुकमा पनि जनताले दिएको गोप्य मतमा भरसक न्यायालयले पोको खोलेर हेर्नु हुँदैन भन्ने सिद्धान्त कायम गरिएको छ र हेरिएका उदारहणहरू पनि विरलै छन्। तर, निर्वाचन अदालत, पाटनको उक्त फैसलाले उजुरी पर्ने बित्तिकै पोको खोलिहाल्नु पर्दछ भन्ने गलत मान्यतालाई वैधानिकता प्रदान गरेकाले भविष्यमा यसले ठूलो अन्यौलता र जनअभिमतलाई पटक-पटक उल्टाउने खतरा रहने थियो। यो खतराको समाप्ति भएको छ र मतगणना गर्दाकै अवस्थामा चित्त नबुझ्नेले आफ्नो कुरा सोही ठाउँमा राख्नुपर्ने र त्यहाँ नराखेको अवस्थामा अदालतले मद्दत गर्न नसक्ने सिद्धान्त कायम भएको छ। यसले आगामी निर्वाचनदेखि सम्बन्धित उम्मेद्वार र राजनीतिक दलहरूलाई अरू बढी सजग र सचेतसमेत गराएको छ।

सार्वजनिक विवाद र न्यायपालिका

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ (२) ले सार्वजनिक सरोकारको विषयमा कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने व्यवस्था गरे अनुसार वर्तमान संविधान जारी भएपछि हालसम्म न्यायपालिकामा तीन सय भन्दा बढी निवेदनहरू परे भने कतिपय निवेदनमा अदालतले आफ्नो निर्णय समेत दिइसकेको छ। कुनै खास व्यक्तिलाई मात्र नभएर आम नागरिकलाई सार्वजनिकरूपमा असर पर्ने कुनै निर्णय वा कार्यलाई बदर गर्न वा रोक्नको लागि यस्ता निवेदनहरू दिने गरिन्छ। कार्यकारिणीका गैरसंवैधानिक, गैरकानूनी र गलत निर्णयहरू बदर गरेर वा रोकेर कार्यकारिणीलाई जिम्मेवार, उत्तरदायीपूर्ण र जवाफदेही बनाउनको लागि यो निवेदन निकै प्रभावकारी हुने गरेको छ। राज्यले राजनीतिक प्रक्रियाद्वारा संविधान एवम् कानून बमोजिम कार्य गर्न नसकेको अवस्था अर्थात् राजनीतिक संविधानवादले ठीकढंगले काम गर्न नसकेको अवस्थामा राज्यका निकायहरूलाई आ-आफ्नो कर्तव्य पथमा क्रियाशील र जिम्मेवार बनाउनका लागि सार्वजनिक सरोकारको विवादको माध्यमबाट अदालतलाई सक्रिय गराउने कार्यले राज्यलाई कानूनी राजको माध्यमबाट सामाजिक न्याय प्राप्तिका लागि महत्वपूर्ण अवसरसमेत प्राप्त हुन्छ। विगत वर्षमा झैं यस वर्ष पनि सर्वोच्च अदालतले महत्वपूर्ण सार्वजनिक विषयका विवादहरूमा आफ्नो निर्णय दिएर न्यायालयद्वारा राज्यको कार्यकारिणी र व्यवस्थापिकालाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाएको छ। त्यस्ता महत्वपूर्ण केही निर्णयहरू निम्नबमोजिम छन् :

१. बालअधिकार र न्यायालय

यो वर्ष न्यायपालिकाले वालअधिकारको पक्षमा महत्वपूर्ण फैसलाहरू गरेको छ। नेपालमा बालबालिकासम्बन्धी ऐन २०४८ ले बाल हकहित र संरक्षणको क्षेत्रमा निकै प्रभावकारी व्यवस्थाहरू गरेको भए पनि कार्यान्वयन हुन सकेका छैनन्। राज्यका हरेक निकायहरूमा बालबालिका सम्बन्धी ऐन र नेपाल पक्ष भइसकेको बालअधिकार सम्बन्धी संयुक्त राष्ट्संघीय महासन्धि १९८९ ले बाल हकहितका लागि गरेका व्यवस्थाहरू लागू गर्नुपर्ने दायित्व हुन्छ तर ती व्यवस्थाहरू अझैसम्म पनि न्यूनरूपमा मात्र कार्यान्वयन भएका छन्। कतिपय राज्यका निकायहरू त महासन्धि र कानूनी प्रावधानबारे अनभिज्ञ नै रहेका छन्। यस्तो परिस्थितिमा यो वर्ष हाम्रो न्यायालयले बालबालिकाहरूको पक्षमा गरेका केही महत्वपूर्ण फैसलाहरू निम्न बमोजिम छन् -

क) तारक धिताल, विरुद्ध जिप्रका काठमाण्डौ समेत-
(रिट नं. ३१२३, ०५४)

तथ्य- १२ वर्षीय धिरज के.सी. नाम गरेका बालकलाई घरेलु कामदारको रूपमा राख्ने काठमाण्डौ, भृकुटीमण्डपका मधुसुधन नकर्मी भन्ने व्यक्तिले साङ्लोले बाँधछाँद गरी राखेको सचित्र समाचार सार्वजनिक सञ्चार माध्यममा प्रकाशित भएपछि त्यस विरूद्ध काठमाण्डौका प्रमुख जिल्ला अधिकारीले सार्वजनिक अपराधको मुद्दा दायर गरी कारवाही प्रारम्भ गरे। निवेदक तारक धितालले यस्तो संवेदनशील विषयमा सार्वजनिक अपराध जस्तो सामान्य मुद्दा चलाउन नमिल्ने जिकिर गर्दै बालबालिकासम्बन्धी ऐन २०४८ बमोजिम काठमाण्डौ जिल्ला अदालतमा फिराद दर्ता गराउनु भएकोमा सो अदालतले जिप्रकामा सार्वजनिक अपराधसम्बन्धी मुद्दा कारवाही भइरहेको कारण देखाएर उक्त फिराद तामेलीमा राख्ने आदेश गरेकोमा सो आदेश बदर गरी बालबालिकासम्बन्धी ऐनबमोजिम कारवाही हुनुपर्ने माग गर्दै निवेदक तारक धितालले पुनः सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराउनु भएको थियो। उक्त रिट निवेदनको ०५८ जेठ ८ मा फैसला हुँदा सर्वोच्च अदालतले निम्न बमोजिमको आदेश गरेको छ :

बालअधिकारसम्बन्धी महासन्धिमा नेपालले समेत अनुमोदन गरिसकेकाले तदनुकूलको दायित्व निर्वाह हुनका लागि कानूनको व्यवस्था समेत भइसकेको र प्रस्तुत रिट सम्बन्धी पीडित व्यक्ति एउटा बालक भएको र उनलाई १५-२० दिन देखि बाँधछाँद गरी काममा लगाउने गरेको प्रत्यर्थी मधुसुधन नकर्मीको कार्यबाट बालबालिकासम्बन्धी ऐन २०४८ बमोजिम संरक्षित पीडित बालकको हक हनन भएकाले काठमाण्डौ जिल्ला अदालतमा मुल्तवी रहेको निवेदकले दिएको उजुरीमा कारवाही हुन कुनै वाधा नदेखिएकोले उक्त निवेदन मुल्तवीबाट जगाइ शिघ्रातिशिघ्र जो जे बुझ्नु पर्ने बुझी कारवाही किनारा लगाउनु भनी काठमाण्डौ जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने।

ख) केशव खड्का, विरुद्ध धनकुटा जिल्ला अदालत समेत– (रिट नं. ३६८५, ०५७)

धनकुटा जिल्ला अदालतले १४ वर्षीय केशव खड्कालाई चोरी मुद्दामा कैदको सजाय गरी अन्य वयस्क कैदी सरह कारागारमा राख्ने गरी फैसला गरेकोमा सो फैसला बालबालिकासम्बन्धी ऐन २०४८ र नेपालले अनुमोदन गरेका बालअधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको विरूद्धमा भएको जिकिर गर्दै निवेदक केशव खड्काले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएकोमा ०५८ वैशाख २८ मा सर्वोच्च अदालतले धनकुटा जिल्ला अदालतको उक्त फैसला बदर गर्दै निम्न बमोजिमको आदेश जारी गरेको थियो :

बालबालिकासम्बन्धी ऐन २०४८ ले बालबालिकाले कुनै अपराध गरेबापत् तिनिहरूलाई वयस्कसरह कारागारमा राख्न नपाउने व्यवस्था गरी त्यस्ता बालबालिकालाई बाल सुधार गृहमा राख्नुपर्ने व्यवस्था गरेको छ। निवेदक केशव खड्कालाई सोबमोजिम नगरी वयस्कसरह कारागारमा राख्नेगरी गरेको धनकुटा जिल्ला अदालतको फैसला बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२ (२) ख विपरित देखिएकाले निवेदकलाई कारागारबाट मुक्त गरी भइरहेको कानूनी व्यवस्थाअनुसार गर्नु/गराउनु पर्ने देखिएकाले श्री ५ को सरकार गृह मन्त्रालय, कारागार शाखा धनकुटा र जिप्रका धनकुटाका नाममा सो बमोजिम गर्नु/गराउनु भनी परमादेशको आदेश जारी हुने ठहर्छ।

यसैगरी यो वर्ष सर्वोच्च अदालतले १६ वर्ष उमेर नपुगेका बालबालिकाहरूले पनि छुट्टै बाल क्लब खोल्न पाउने फैसला पनि गरेको छ। जिल्ला प्रशासन कार्यलय, नवलपरासीमा १६ वर्ष उमेर नपुगेका बालबालिकाले खोल्न लागेको जागृति बाल क्लब उमेर नपुगेका बालबालिका सम्मिलित भएकाले खोल्न दिन नमिल्ने गरी जिल्ला प्रशासन कार्यालय, नवलपरासीले गरेको आदेश बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको विपरित भएको भनी तिलोत्तम पौडेलले सर्वोच्च अदालतमा दिएको रिट निवेदनमा सर्वोच्च अदालतले ०५८ साउन २५ मा फैसला गर्दै बालबालिकालाई संघ-संस्था खोल्न नागरिकताको प्रमाणपत्र र १६ वर्ष उमेर पूरा भएको हुनुपर्छ भन्न नमिल्ने भनी जागृति बाल क्लबलाई दर्ता गर्नु/गराउनु भनी विपक्षी गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय नवलपरासीको नाममा परमादेश जारी गरेको छ।

२. स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार र न्यायपालिका

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ ले वैयक्तिक स्वतन्त्रताको हकलाई मौलिक हककारूपमा व्यवस्था गरेको छ भने राज्यको निर्देशक सिद्धान्तमा समेत वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनलाई राज्यको मार्ग निर्देशक सिद्धान्त मानिएको छ। हाम्रो संविधानमा प्रत्यक्षरूपमा बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरेको नभए तापनि धारा १२ को वैयक्तिक स्वतन्त्रता नै बाँच्न पाउने हक (Right to life) हो भनी सर्वोच्च अदालतले सूर्य ढुङ्गेल विरूद्ध गोदावरी मार्वल भएको मुद्दामा ०५१ सालमै व्याख्या गरिसकेको छ। यसै परिप्रेक्ष्यमा बाँच्न पाउने हकभित्र स्वच्छ वातावरणमा बाँच्न पाउने हक निहित रहेको हुन्छ भनी हाम्रो सर्वोच्च अदालतले विभिन्न फैसलाहरू गरेको छ। वातावरण संरक्षणको हकलाई मानवअधिकारको दृष्टिबाट चौथो पुस्ताको हक (Right to fourth generation) भनिन्छ। वातावरण संरक्षणको क्षेत्रमा यो वर्ष न्यायालयले गरेका केही महत्वपूर्ण फैसलाहरूको सारसंक्षेप निम्न बमोजिम छन् :

क) केदारभक्त श्रेष्ठ, विरुद्ध श्री ५ को सरकार, यातायात मन्त्रालय– (रिट नं. ३१०९)

निवेदक केदारभक्त श्रेष्ठले श्री ५ को सरकारले गत वर्ष डिजेलबाट चल्ने ३ पाङ्ग्रे सवारी साधनहरूको काठमाण्डौ उपत्यकामा दर्ता रोकी क्रमशः अधिराज्यभर यो व्यवस्था लागू गर्नेगरी गरेको निर्णयले आफ्नो पेशा व्यवसाय गर्ने हकमा असर गरेको तथा काठमाण्डौ उपत्यका बाहिर हाल सवारी प्रदुषण मापदण्ड नतोकिएकाले उपत्यका बाहिर त्यस्ता सवारी साधन संचालनमा रोक लगाउन नहुने माग गर्दै दर्ता गरेको यो रिट निवेदनमा ०५८ साउन २३ मा सर्वोच्च अदालतले फैसला गर्दा सर्वोच्च अदालतले निवेदकको मागलाई अस्वीकार गर्दै निम्न बमोजिमको आदेश दिएको छ –

सवारी प्रदुषण मापदण्ड तोकिएका ठाउँका जनताले मात्रै स्वच्छ वातावरणमा जीउन पाउने र नतोकिएका ठाउँका जनताले त्यस्तो जीवन यापन गर्न नपाउने भन्नु युक्तिसंगत हुँदैन। मापदण्ड तोक्नु/नतोक्नु गौण कुरा हो, वातावरण प्रदुषण हुन नहुने कुरा प्रमुख हो। तसर्थ प्रदुषण फैलाउने डिजल टेम्पोलाई क्रमैसँग प्रतिस्थापित गर्दै लैजाने राज्यको नीति बेमनासिब भन्न मिलेन। वातावरण प्रदुषण रोक्ने उद्देश्यले काठमाण्डौ उपत्यकाबाहिर पनि डिजलबाट चल्ने टेम्पोको नयाँ दर्ता गर्न नदिने नीति स्वच्छ वातावरणमा जीउन पाउने हक संरक्षण गर्ने सार्वजनिक हितअनुकूल नै हुँदा सरकारी नीति त्रुटिपूर्ण भन्न मिलेन। तसर्थ निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था देखिएन। रिट खारेज हुन्छ।

ख) प्रकाशमणि शर्मा, विरुद्ध श्री ५ को सरकार– ०४७ (रिट नं. २२३७)

निवेदकले खानेपानी संस्थानद्वारा काठमाण्डौ उपत्यकामा वितरण भइरहेको खानेपानी पिउन योग्य नभएको भनी विभिन्न अनुसन्धानको प्रतिवेदन र तथ्यसहित विपक्षी खानेपानी संस्थानलाई हाल वितरण भइरहेको पानीलाई जैविक परीक्षण गरी पिउनयोग्य ठहर भएपछि स्वच्छ र पिउनयोग्य पानी मात्र वितरण गर्नु भनी परमादेशको आदेश जारी गरीपाउँ भनी रिट निवेदन दर्ता गराउनु भएकोमा ०५८ असार २६ मा सर्वोच्च अदालतले फैसला गर्दा निम्न बमोजिमको आदेश जारी गरेको छ –

जनताप्रतिको अहम् दायित्वबाट नेपाल खानेपानी

संस्थानले उन्मुक्ति नपाउने हुँदा नेपाल खानेपानी संस्थान आफ्नो दायित्वप्रति सदा सचेत र सजग रही स्वच्छ, पर्याप्त र नियमितरूपमा खानेपानी वितरण गर्ने प्रयोजनका लागि आवश्यक खोज अनुसन्धान गरी यथासम्भव प्रयत्नरत रहन नेपाल खानेपानी संस्थानलाई र आफ्नो मातहतको संस्थानलाई ऐनको प्रस्तावनाअनुरूप स्वच्छ सफा पानी वितरण गर्ने संस्थानको दायित्वतर्फ सजग गराउन यथोचित निर्देशन दिनेलगायत् जे जे कार्य गर्नुपर्छ गर्नू भनी सम्पर्क मन्त्रालयको रूपमा रहेको आवास तथा भौतिक योजना मन्त्रालयको विशेष ध्यानाकर्षित गर्ने गरी लेखि पठाउने ठहर्छ।

३. कर्मचारी प्रशासनमा भएको राजनीतिकरणको विरुद्धमा न्यायालय

विश्वनाथ प्याकुरेल, विरुद्ध मन्त्रीपरिषद सचिवालय- (रिट नं. १२३)

राष्ट्रिय निर्देशन ऐनअनुसार अन्तरिम सरकारको पालामा ०४७ सालमा सबै दलहरूको सहमतिमा दर्ता भएको निजामति कर्मचारीहरूको साझा संगठन नेपाल निजामति कर्मचारी संगठन क्रियाशील रहिरहेकै बेलामा ०४८ सालको आम निर्वाचनपछि गठित सरकारले राजनीतिक पूर्वाग्रहको आधारमा सत्तारूढ दल नजिकका कर्मचारीहरूको छुट्टै संगठन नेपाल निजामति कर्मचारी संघ दर्ता गराएको थियो। तत्कालिन सरकारको यो निर्णयले कर्मचारी प्रशासनमा वैधानिकरूपमा राजनीतिकरणको शुरूवात भएको थियो। यो कदमप्रति नेपाल निजामति कर्मचारी संगठनले तत्काल विरोध जनाई कर्मचारी संघको दर्ता गैरकानूनी भएको जिकिर गर्दै उक्त संघको खारेजीको माग राखी सर्वोच्च अदालतमा दर्ता गराएको मुद्दामा ०५८ साउन २३ मा फैसला हुँदा अदालतले निवेदकको माग बमोजिम नै कर्मचारी संघ गैरकानूनी भएको ठहर गरेको छ। फैसलामा भनिएको छ-

०४७ सालमा तत्कालिन सरकारले प्रचलित कानूनबमोजिम नेपाल निजामति कर्मचारी संगठन दर्ता गरिसकेपछि निजामति कर्मचारीहरूको एउटा संगठन छँदाछँदै पुनः नेपाल निजामति कर्मचारी संघ खडा गर्न श्री ५ को सरकारले स्वीकृति दिने गरेको सरकारको निर्णय राष्ट्रिय निर्देशन ऐन २०१८ को दफा ३ को उपदफा ६ को भावना र व्यवस्था विपरित देखिएको हुँदा त्यस्तो स्वीकृतिका आधारमा नेपाल निजामति कर्मचारी संघलाई दर्ता गर्न तत्कालिन सरकारले गरेको निर्णय गैरकानूनी भएकाले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

कर्मचारी प्रशासनमा व्यापक राजनीतिकरण भई सुशासन र पारदर्शिता तथा कार्यदक्षतामा गम्भीर असर परिरहेको अवस्थामा सर्वोच्च अदालतको यो निर्णय सबैका लागि एउटा मार्गदर्शन र अवसर पनि भएको छ। अब श्री ५ को सरकारले यो फैसलाको पूर्णपालना गर्दै निजामति क्षेत्रका कर्मचारीहरूको एकमात्र संगठनलाई क्रियाशील वनाउन आवश्यक तयारी गरी त्यस्तो संगठनमा सबै आस्था र विचारका कर्मचारीहरू विशुद्ध पेशागत हक-हितका लागि संगठित हुनसक्ने अवस्था सृजना गरिदिनु पर्दछ। तसर्थ, निजामति कर्मचारी र सरकार दुवैका लागि सर्वोच्च अदालतको यो फैसला प्रशासन सुधारको लागि एक महत्वपूर्ण अवसर पनि बनेको छ।

४. महान्यायाधिवक्ताको निर्णयमा पनि अख्तियारले छानबिन गर्न सक्ने

महान्यायाधिवक्ता बद्रीबहादुर कार्की, विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग

यो वर्ष सर्वोच्च अदालतमा परेका महत्वपूर्ण र चर्चित मुद्दाहरूमध्ये यो प्रमुख मुद्दा हो। एक संवैधानिक निकायको प्रमुखले अर्को संवैधानिक निकायमाथि मुद्दा हालेको भएर मात्र यो चर्चित भएको होइन। महान्यायाधिवक्तासँग अख्तियारले भ्रष्टाचारको अभियोगमा स्पष्टीकरण माग गरेपछि त्यसलाई चुनौती दिँदै मुद्दा परेका कारण पनि यो चर्चित रह्यो। सुनिल मास्के भन्ने विदेशी नागरिकले अवैधरूपले रू. पाँच सय दरका एक करोड भन्दा बढी मूल्य बराबरका भारतीय रूपैयाँका नोटहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारततर्फ लैजान लागेको अवस्थामा प्रहरीले गिरफ्तार गरी कानूनी कारवाही गरिरहेको अवस्थामा महान्यायाधिवक्ताले ती नोटहरू अभियुक्तलाई नै फिर्ता गर्ने भनी निर्णय गर्नुभएको थियो। त्यस निर्णयका सम्बन्धमा अख्तियारमा उजुरी परेपछि अख्तियारले छानबिनका क्रममा महान्यायाधिवक्तालाई ०५७ फागुन ४ मा ती नोटहरू फिर्ता गरी मुद्दासमेत नचलाउने गरी निर्णय गर्ने कानूनी आधार के हो? भन्ने लगायत्का प्रश्नहरू राखी स्पष्टीकरण सोधेकोमा महान्यायाधिवक्ताले आफूले गरेको मुद्दा नचलाउने निर्णयको सम्बन्धमा अख्तियारले छानबिन गर्न नसक्ने र आफूलाई संविधानको धारा १०२ ले यस्तो उन्मुक्ति दिएकोमा उक्त संवैधानिक व्यवस्था विपरित स्पष्टीकरण आएकाले उक्त स्पष्टीकरणको जवाफ दिन आफू वाध्य नभएकाले अख्तियारको उक्त कार्य बदर घोषित गरिनु पर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नु भएको थियो। उक्त रिट निवेदनमा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायसहित ५ जना न्यायाधीशहरूको पूर्ण इजलासले ०५८ जेठ १८ मा फैसला गर्दै महान्यायाधिवक्ताको जिकिरलाई गैरकानूनी भन्दै महान्यायाधिवक्ताले गरेको निर्णयमा पनि भ्रष्टाचार देखिए अख्तियारले छानबिन र कारवाही गर्न सक्ने साहसिक निर्णय गऱ्यो। फैसलाको मुख्य निष्कर्षमा भनिएको छ -

महान्यायाधिवक्ता राज्यको एक संवैधानिक निकाय भएको कुरामा विवाद छैन। यसले संविधानबमोजिम कुनै पनि फौजदारी मुद्दा चलाउने/नचलाउने सम्बन्धमा निर्णय गर्न सक्ने कुरामा पनि विवाद देखिँदैन। त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि एक स्वतन्त्र संवैधानिक निकाय भएको र यसलाई संविधानको धारा ९८ बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले गरेका भ्रष्टाचार र अनुचित कार्यको

सम्बन्धमा अनुसन्धान र कारवाही गर्ने अधिकार भएको विषयमा पनि विवाद छैन। संविधानको धारा ९८ ले महान्यायाधिवक्ताले गरेको निर्णय वा काम कारवाहीको सम्बन्धमा अख्तियारले अनुसन्धान वा तहकिकात गर्न नसक्ने भनी उन्मुक्ति दिएको पनि देखिँदैन। तसर्थ अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको भन्ने सम्बन्धमा आयोगले अनुसन्धान/तहकिकात गर्न नपाउने र महान्यायाधिवक्ताले गरेको निर्णयका सम्बन्धमा सोधपुछ गर्न नपाउने भन्ने समेतका जिकिरहरू स्वीकारयोग्य नभई आयोगको पत्रको जवाफ निवेदकले दिनुपर्ने भई माग बमोजिम रिट जारी गर्ने अवस्था प्रस्तुत रिट निवेदनमा विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुन्छ।

स्मरणीय छ, संविधानको धारा ९८ ले केवल सैनिक ऐन बमोजिम कारवाही हुने पदाधिकारी र महाभियोग लागेर पदच्यूत हुने पदाधिकारीहरूको सम्बन्धमा मात्र अख्तियारले कारवाही गर्न नसक्ने भनी उन्मुक्ति दिएको छ। तर महान्यायाधिवक्ताले आफूलाई पनि उन्मुक्ति भएको दाबी गर्दै संवैधानिक व्यवस्थालाई संकुचन गर्ने प्रयास गर्नु भएकोमा अब उहाँको माग बमोजिम नभएपछि महान्यायाधिवक्तालाई पनि भ्रष्टाचारमा कारवाही गर्न अख्तियारले पूर्ण स्वतन्त्रता प्राप्त गरेको छ र संविधानलाई व्याख्याको माध्यमबाट संशोधन गर्ने प्रयास हाललाई विफल भएको छ।

५. दलित समस्या र न्यायपालिका

दलित गैर सरकारी संस्था महासंघ विरुद्ध मन्त्री परिषद सचिवालय- (रिट नं. ३६४३)

नेपाल अधिराज्यको संविधान २०४७ ले वर्ण, लिङ्ग, जातजाति र राजनीतिक आस्थाका आधारमा कसैलाई पनि भेदभाव नगरिने व्यवस्थालाई मौलिक हकको रूपमा स्थापित गरेको छ। तर, व्यवहारमा यो समस्या अद्यापि कायमै रहेको मात्र होइन राज्यले यो व्यवस्थालाई अप्रत्यक्ष रूपमा संरक्षण गरिरहेको विषयमा कसैको पनि दुई मत हुन सक्दैन किनकि, समाजले अपहेलित र दुर्व्यवहार गरेका जातजातिहरूलाई राज्यले संरक्षण गर्नको लागि कुनै खास नीति र कार्यक्रम लागू गर्न सकेको छैन र छुवाछुत प्रथालाई कडा र दण्डनीय पनि बनाउन सकेको छैन। त्यति मात्र होइन, दलित र उपेक्षित जातिहरू अद्यापी समाजमा नागरिकको दर्जामा रहन सकेका छैनन्। उनीहरू परम्परागतरूपमा अपहेलित पेशामा रहन बाध्य भएका छन्। यस वर्ष न्यायालयले यो समस्याको निराकरणको लागि श्री ५ को सरकारलाई आवश्यक निर्देशन जारी गरेको छ। उक्त मुद्दाको संक्षिप्त तथ्य निम्न बमोजिमको छ -

गत वर्ष फागुन-चैत महिनामा सप्तरी, सिराहा, सर्लाही र जनकपुरका विभिन्न गाविसका माथिल्लो जाति भनिने यादव, तेलि, थारू जातका व्यक्तिहरूले सो क्षेत्रका दलित व्यक्तिहरू खासगरी चमार जातिहरूलाई खाद्य सामाग्री र औषधि बिक्री नगर्ने, सार्वजनिक कल, धारा, ढिकी, जाँतो, मिल, पसलहरूमा प्रवेश गर्न नदिने, वैद्यको सेवा उपलब्ध नगराउने, सार्वजनिक बाटोमा आफूहरू हिंड्दाको अवस्थामा हिंड्न नदिने, उनीहरूको घर अगाडिको बाटोमा काँढा विच्छ्याउने, कुलो-पानीको प्रयोगमा बन्देज लगाउने कार्य गरेका थिए। त्यसका विरूद्धमा स्थानीय प्रशासनमा उजुरी दिएकोमा कुनै सुनुवाई नभएकाले त्यस्तो कार्य अविलम्ब रोक्न श्री ५ को सरकारले आवश्यक प्रवन्ध गरी दोषीहरूउपर कारवाही गराइ पाउँ भनी दलित गैर सरकारी संस्था महासंघको तर्फबाट संघका अध्यक्ष दुर्गा सोव समेतले सर्वोच्च अदालतमा दिएको निवेदनमा सर्वोच्च अदालतबाट ०५८ असोज २ गते फैसला हुँदा उक्त कार्य रोक्ने सम्बन्धमा निम्न बमोजिमको आदेश भएको छ :

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ (४) ले कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव नगरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका वस्तुहरूको प्रयोग गर्नबाट वञ्चित नगरिने, यदि गरेमा कानूनबमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ ले जिल्ला प्रशासनलाई शान्ति सुरक्षा भङ्ग हुने वा कसैलाई बाधा विरोध गर्ने वा जनस्वास्थ्यमा खराब असर पर्ने संभावना भएमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो काम गर्न नदिने वा निषेध गर्ने समेतका कर्तव्य निर्धारण गरेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ ले समेत गाविसका पीछडिएका जनजाति, असहाय तथा बेवारिसे व्यक्तिहरूको संरक्षण र जिविकोपार्जनसम्बन्धी कार्यमा सहयोग दिनुपर्ने दायित्व तोकेको छ। मुलुकी ऐन अदलको १० (क) ले कसैले कसैलाई जातिपातिका आधारमा भेदभाव गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा उपयोगमा बाधा दिएमा सजायको व्यवस्था गरेको छ। यी सबै कानूनी व्यवस्थाहरूको आधारमा सम्बन्धित कानूनी कर्तव्य भएका सबै निकायहरू सजग र क्रियाशील रहनुपर्दछ। यस्ता कानूनी कर्तव्य भएका निकायहरूमा कुनै नालिस वा उजुरी पर्न आएमा त्यस्तो निकायले पनि आवश्यक कारवाही गर्नुपर्दछ। तसर्थ उल्लेखित कानूनी दायित्व निर्वाह गर्ने कर्तव्य भएका स्थानीय प्रशासन, स्थानीय प्रशासनलाई रेखदेख, नियन्त्रण तथा संचालन गर्ने श्री ५ को सरकार, स्थानीय निकायहरू सबैले आइन्दा दलितहरू उपर कुनै भेदभाव नगर्नू र अन्य निकायहरू आफ्नो दायित्व निर्वाहमा सदैव क्रियाशील रहनू भनी विपक्षीहरूको नाममा यो निर्देशात्मक आदेश जारी गरिएको छ।

सर्वोच्च अदालतबाट जारी भएको यो निर्देशात्मक आदेशलाई आधार मानेर श्री ५ को सरकारले सबै स्थानीय प्रशासनहरू र स्थानीय निकायहरूलाई सोअनुरूपको निर्देशन जारी गर्ने र सो को पालना नगर्ने/नगराउने निकायहरूलाई कारवाही गर्ने प्रतिबद्धता देखाउन सक्यो भने केही न केही सुधार अवश्य हुनसक्छ तर यसलाई फैसलामा मात्र सीमित गरियो भने सामाजिक विद्रोहले अझ जटिल परिस्थितिको सृजना हुने कुरालाई कसैले रोक्न सक्दैन। तसर्थ, देशका तमाम जातजाति र भाषाभाषीका नागरिकहरूसँगै आम दलित र पीडित

व्यक्तिहरूमा- "राज्य मेरो लागि हो र मलाई अन्याय परेको अवस्थामा राज्य मेरो साथमा छ" भन्ने अनुभूति जगाउनु जरूरी छ। त्यसले मात्र राष्ट्रिय एकता र स्वाभिमानलाई वचाउन सक्दछ। यस सन्दर्भमा धादिङ जिल्ला अदालतद्वारा गरिएको फैसला पनि न्यायपालिकाको क्षेत्रवाट गरिएको एउटा प्रयास हो-

धादिङ जिल्ला ज्यामरूङ गाविसका रामवहादुर वसेल, गगनबहादुर बसेल र दाल्चे विश्वकर्मा समेतले ढोला गाविस स्थित ढोला मण्डली माईको मन्दिरमा पुजा गर्न जाँदा प्रवेश गर्न नदिई कुटपिट लुटपिट गरेको भनी ढोला गाविस अध्यक्ष नरेन्द्र विक्रम शाह समेतको विरूद्ध उजुरी दिएकोमा ०५८ जेठ ३ गते धादिङ जिल्ला अदालतका न्यायाधीश शान्तिराज सुवेदीको एकल इजलाशले दलितलाई मन्दिर प्रवेश गर्नमा रोक लगाउन नमिल्ने फैसला गरी रोक लगाउन खोज्नेलाई जनही दुई हजार रूपैयाँ जरिवाना गऱ्यो।

६. विशेष अदालतले सृजना गरेका न्यायिक जटिलताहरु

गत वर्ष (०५७ पौष १० गते) श्री ५ को सरकारले गठन गरेको विशेष अदालत जन्मनै वित्तीकै विवादको घेरा भित्र परेको थियो। यस्ले भविष्यमा अरू जटिल कानुनी फंफटहरू थपिने र न्याय सस्तो, सुलभ र प्रभावकारी हुनुको सट्टा झंझटिलो र वोझिलो मात्र होइन स्वर्चिलो हुने आशंका समेत त्यस वस्वत नै गरिएको थियो। अहिले एक वर्षको कार्य सम्पादनको मूल्यांकन गर्दा प्रारम्भमा आशंका गरिएका सवै अनुमानहरू सहि सावित भएका छन्। हाल विशेष अदालतलाइ निम्न वमोजिमका मुद्धाहरू हेर्ने अधिकार दिइएको छ :

क) विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ अन्तरगतका मुद्दाहरू
ख) लागू औषध ऐन २०३३ अन्तरगतका मुद्दाहरू
ग) जिउ मास्ने वेच्ने कार्य नियन्त्रण ऐन २०४३ अन्तरगतका मुद्दाहरू
ग) राज्य विरूद्धको अपराध र सजाय ऐन २०४६ अन्तरगतका मुद्दाहरू

उपरोक्त सवै मुद्दाहरू हेर्नको लागि हाल काठमाण्डौको अनामनगरमा ३ जना सदस्य रहेको एक मात्र अदालतको व्यवस्था गरिएको छ। अधिराज्यका सवै उपरोक्त मुद्दाका अभियुक्तहरूलाई मुद्दाको पुर्पक्षको लागि मात्र होइन, अनुसन्धानको क्रममा म्याद थप गर्न पनि काठमाण्डौमै ल्याउनु पर्ने बाध्यताले गर्दा राज्यको खर्च अस्वाभाविक रूपमा वढेको मात्र छैन हरेक अभियुक्तलाई काठमाण्डौसम्म ल्याउनका लागि कम्तिमा ४ जना सुरक्षाकर्मी साथैआउनु पर्ने र एक दिनको काम पछि पुनःसम्बन्धित स्थानमै लैजानु पर्ने कारणले गर्दा अनि सानो कार्यमा सुरक्षा निकायको संलग्नता भैराखेको छ। शान्ति सुरक्षाको यस्तो अवस्थामा सुरक्षाकर्मीको अभाव हुनु स्वभाविक हो यस्तो अवस्थामा औचित्यविहीन रूपमा राज्यले गरेको यो लगानी अन्यत्र लगाएको अवस्थामा औचित्यपूर्ण हुने कुरामा विवाद छैन । यो वर्ष सर्वोच्च अदालतले प्रकाशन गर्ने वुलेटिनमा उपरोक्त ४ प्रकारका मुद्दाहरू घटेको देखिएको छ यसको प्रमुख कारण गत वर्षको तुलनामा समाजमा त्यस प्रकृतिका अपराध घटेर होइन वरू झन्झटिलो र खर्चिलो भएका कारण प्रहरीले भरसक त्यस प्रकृतिका मुद्दाहरू चलाउदै नचलाउने नीति लिएर हो। प्रहरीको यो नीतिको कारणले गर्दा अहिले त्यस प्रकृतिका मुद्दाहरूमा भरसक अनुसन्धान नै नहुने र भइ हाले पनि प्रहरी आफैले अभियुक्तसँग मिलेमतो गरी गैरकानुनी रूपमा मिलाउने गरेको देखिएको छ । राज्य भन्दा बाहिरका शक्तिहरू माओवादीहरूले पनि गैर न्यायिक क्षेत्रमा मुद्दाको मिलापत्र गर्ने र राज्यको तर्फबाट पनि अर्थात् प्रहरीले पनि गैरकानूनी ढंगले मुद्दा नचलाउने वा मिलाउने कार्यले गर्दा राज्यले परिकल्पना गरेको न्यायपूर्ण समाज र कानूनीराज्यको उल्लघंन मात्र भइरहेको छैन यसले आम जनतामा रहेको न्यायपालिका प्रतिको विश्वास र आस्था समेतमा चोट पुगेको छ।

विशेष अदालतको गठन संविधान र कानूनसम्मत रूपमा हुने र त्यसको लक्ष्य सर्वसुलभ न्याय हुने हो भने निश्चय नै त्यो स्वागतयोग्य हुन सक्छ तर विद्यमान अवस्थामा विशेष अदालत औचित्यहीन, खर्चिलो, अव्यावहारिक, प्रभावविहीन र न्यायको सर्वमान्य सिद्धान्त विपरित छ । विशेष अदालत स्वयमको कार्य सम्पादन र कार्य क्षमताको आधारमा भन्नु पर्दा अन्य अदालत भन्दा यो अदालतले गरेका कामहरू निष्पक्ष र विवादरहीत नै छन् तर यसको संरचना र असीमित भौगोलिक क्षेत्राधिकारको कारणले विशेष अदालतको व्यवस्था भने आलोचित र विवादित बनेको छ ।

केही आलोचित फैसलाहरु

१) गोविन्दराज जोशी, विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग

तत्कालिन शिक्षामन्त्री गोविन्दराज जोशीले शिक्षक पदपूर्तिका लागि विज्ञापन आव्हान भई लिखित परीक्षा समाप्त भएपश्चात् शिक्षा नियमावलीमा आवश्यक संशोधन गराई आफ्नो दल नजिकका शिक्षकहरूलाई पास गराउने उद्देश्य राखेर वदनियतपूर्ण कार्य गर्नुभएको भनी अख्तियारमा परेको उजुरीमा अख्तियारवाट छानबिन हुँदा तत्कालिन मन्त्री जोशीको वदनियत र गैरकानूनी कार्यबाट भएको उक्त परीक्षा र त्यसपछिका नियम संशोधन गर्नेलगायत्का कार्यहरू गैरकानूनी भएकाले मन्त्री जोशीलाई विभागीय कारवाही गर्न अख्तियारले ०५७ फागुन २२ गते प्रधानमन्त्रीलाई लेखिपठाएको थियो। तत्कालिन मन्त्री जोशीले उक्त अख्तियारको निर्णय बदर गर्न माग गर्दै सर्वोच्चमा रिट निवेदन दिनुभएकोमा मन्त्री जोशीको मागबमोजिम रिट जारी भई अख्तियारको उक्त निर्णयलाई गैरकानूनी ठहर गरी ०५८ मंसिर २० गते भएको फैसला यस वर्षको आलोचित फैसलामध्ये एक रह्यो। मन्त्री जोशीलाई कारवाही गर्ने अख्तियारको फैसलालाई आम सचेत नागरिकले स्वागत गरेकोमा पछि सर्वोच्च अदालतले त्यसलाई वदर

गरिदिँदा फैसलाप्रति अधिकांश बौद्धिक व्यक्तित्वहरूले असन्तोष जाहेर गरे। सर्वोच्च अदालतले अख्तियारले हदम्याद नाघेको उजुरी ग्रहण गरी निर्णय गरेको मुख्य आधारमा मन्त्री जोशीलाई सफाइ दिने फैसला गर्‍यो। तर यो मुद्दामा मन्त्री जोशीले वदनियतपूर्ण तरिकाले शिक्षा ऐनको संशोधन गरी परीक्षा फललाई प्रभावित गरेको स्पष्ट देखिएको अवस्थामा त्यसलाई अदालतले मन्त्रीपरिषदमा लगी नियम संशोधन गरेकाले वदनियत नदेखिएको भनी लिएको निर्णयमा तार्किक र कानूनी आधार छैन। मन्त्रीपरिषदमा लगेर कुनै निर्णय गरिएकै भरमा त्यो निर्णय कानूनसंगत हुने वा त्यसमा वदनियत नहुने भन्ने अदालतको निर्णयमा कुनै सिद्धान्त वा नजीर वा कानून प्रस्तुत गरिएको छैन। यसअघि मन्त्रीपरिषदले गरेको निर्णयमा पनि वदनियत वा गैरकानूनी तत्व समावेश भएको आधारमा थुप्रै नजीरहरू प्रतिपादन भइसकेको अवस्थामा आमरूपमा आलोचित र परीक्षा संचालन भइसकेपछि कानून संशोधनको आडमा वदनियतपूर्ण तरिकाले परीक्षालाई प्रभाव पारेको अवस्था देख्दाँदा देख्दै अदालतले त्यसमा वदनियत नदेख्नुले उक्त निर्णय जनस्तरमा आलोचित भएको छ। यसले वदनियतपूर्ण कार्य गर्ने पदाधिकारीहरूलाई नैतिक साहस मात्र प्राप्त भएको छैन, यो नजीरले भविष्यमा अरू जटिलता ल्याउने कुरामा कसैको दुई मत नहोला पनि भन्न सकिन्न।

उक्त फैसलाको सार संक्षेप निम्न बमोजिमको छ :

विवादित शिक्षा नियमावली २०५३ संशोधनका लागि मस्यौदा सहितको प्रस्ताव मन्त्रीपरिषदमा पेश भएको र सोहि प्रस्ताव स्वीकृत भई प्रत्योजित विधायिकी अधिकार अन्तरगत मन्त्रीपरिषद्बाट निर्णय भै साधिकार निकायबाट बनेको देखिन्छ। उक्त नियमावली उपर उजुरी परी वदर वा अमान्य भएको अवस्था पनि देखिँदैन। यस्तो विषयलाई लिएर निवेदक शिक्षा मन्त्री हुँदा अनुचित कार्य गरेको भनी आवश्यक कारवाहीको लागि प्रधानमन्त्रीलाई लेखी पठाउने भनी आयोगले ०५७ फागुन २२ मा गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा वदर हुने।

२) **सूचनाको हकमा संकुचन**

क) लाउडा प्रकरण र सूचनाको हक

शाही नेपाल वायुसेवा निगमले लाउडा विमान कम्पनीसँग भाडामा लिन लागेको विमानसम्बन्धी सम्झौतामा व्यापक आर्थिक घोटाला भएको र राष्ट्रिय हित विपरीत सम्झौता गरिएको, प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले दिएको निर्देशनको उल्लंघन गरिएको, अघिल्लो मन्त्रीपरिषदको निर्णय विपरित विमान भाडामा ल्याउने सम्झौता भएको र ती सम्झौताहरू अध्ययनका लागि माग गर्दा प्रतिलिपि दिन इन्कार गरिएकोले राष्ट्रिय हितविपरीतको उक्त सम्झौता वदर गरी पाऊँ र संविधानको धारा १६ बमोजिम सो सम्झौताको प्रतिलिपि उपलब्ध गराइ पाऊँ भनी अधिवक्ता गोपाल सिवाकोटीले दिनुभएको रिट निवेदन सर्वोच्च अदालतले फैसला गर्दा सूचनाको हक माग्ने विपक्षीलाई हकदैया नै नभएको भनी रिट निवेदन खारेज गर्ने फैसला भयो। यो फैसलाले सूचनाको हक माग्ने र पाउने धारा १६ को संवैधानिक हकलाई संकुचित गरेकाले भविष्यमा यसले गम्भीर परिणाम ल्याउन सक्ने देखिएको छ। राधेश्याम अधिकारी विरूद्ध श्री ५ को सरकार भएको ०४८ सालको मुद्दाको नजीरले संकुचन गरेको सार्वजनिक हकदैयालाई बालकृष्ण न्यौपाने विरूद्ध श्री ५ को सरकार भएको ०५० सालको टनकपुरसम्बन्धी विवादमा प्रतिपादित नजीरले खुकुलो बनाएपछि सर्वोच्च अदालतले सार्वजनिक हकदैयाको क्षेत्राधिकार वृहद बनाएको थियो। त्यसपछि गोपालकृष्ण सिवाकोटी विरूद्ध भएको अरूण तेश्रो सम्झौता सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले सूचनाको हकको वृहद व्याख्या गर्दै यस सम्बन्धी कानून नबनेसम्मका लागि कानून नै बनाइदिएको थियो। त्यसपछि पनि सूचनाको हकको विषयलाई लिएर न्यायालयले विभिन्न मुद्दाहरूमा प्रतिपादित नजीर सिद्धान्तहरू उदार र संवैधानिक भावनाअनुरूप नै थिए तर यस मुद्दामा सर्वोच्च अदालतले गरेको व्याख्याका कारण अव संविधानको धारा १६ द्वारा प्रत्याभूत सार्वजनिक महत्वको सूचना माग्ने अधिकारमा संकुचन भएको छ। श्री ५ को सरकारको पूर्ण स्वामित्वमा रहेको शाही नेपाल वायुसेवा निगमले गरेको संझौतामा भएको अनियमितता र गैरकानूनी कार्यको सम्बन्धमा अध्ययन गर्न त्यससम्बन्धी कागजातहरू एउटा कानून व्यवसायीले माग गर्दा त्यसमा हकदैया नभएको भन्ने व्याख्या भई सूचना नपाउने ठहर गरिनुले संविधानको भावना विपरीत फैसला भएको अनुभूति भएको छ। राज्यलाई जिम्मेवार वनाउन त्यसका काम कारवाहीहरू सर्वसाधारणका लागि उपलब्ध गराइनु पर्दछ भन्ने मान्यताका आधारमा सूचनाको हकलाई संविधानले मौलिक हकका रूपमा राखेकोमा राज्यका यस्ता काम कारवाहीहरूको सूचना माग्ने र पाउने हक नभएको भनी गरिएको व्याख्याले भ्रष्टाचार र कुशासनले डुबेको राज्यलाई सुशासनतर्फ लैजाने नागरिकको कर्तव्यलाई निरूत्साहित मात्र गरेको छैन, यो नजीर अव अन्य निकायहरूको लागि पनि कानून सरह लागू हुन जान्छ। यसलाई न्यायपालिकाको यो वर्षको नकारात्मक सूचकका रूपमा लिनु पर्दछ।

ख) आइतबार विदासम्बन्धी विवादमा हकदैयाको अभाव

काठमाण्डौ उपत्यकामा मात्र आइतबार सार्वजनिक विदा दिने र अन्यत्र विदा नदिने श्री ५ को सरकारको निर्णयले संविधानको धारा ११ विपरित असमानता सृजना गरेको, समान कानूनद्वारा गठित निजामती सेवालाई काठमाण्डौ उपत्यका वाहिर र भित्र भनी अनुचित वर्गीकरण गरेको र कानूनको समान संरक्षणवाट उपत्यका वाहिरका कर्मचारीहरूलाई वञ्चित गरिएकाले श्री ५ को सरकारको उक्त निर्णय वदर घोषित गरिपाऊँ भनी स्वतन्त्र विचार मञ्च नामक संस्थाका अध्यक्ष भरत जंगमले हालेको रिट निवेदनमा ०५८ असोज ११ गते फैसला भयो। फैसलामा सर्वोच्च अदालतले निवेदक मर्का पर्ने

कर्मचारी नभएकाले निजलाई रिट निवेदन दर्ता गर्ने हकदैया नभएको भनी रिट निवेदन खारेज गऱ्यो। अदालतले गरेको व्याख्याले संविधानको धारा ८८ (२) द्वारा प्रत्याभूत सार्वजनिक हकदैयाको हकलाई संकुचन गरेको छ। श्री ५ को सरकारले गरेको कुनै निर्णयका सम्बन्धमा संवैधानिक वा कानूनी प्रश्नसम्बन्धी विवाद समावेश भएको छ भने त्यो संविधानको धारा ८८ (२) बमोजिम न्याययोग्य हुने कुरामा विवाद छैन। यसै प्रकृतिका मुद्दाहरूमा यसभन्दा अघि न्यायालयले हकदैया स्थापित गरेका कैयौं नजीर सिद्धान्त कायमै रहेको अवस्थामा हकदैयाको अभावमा यो मुद्दा खारेज हुनुलाई नकारात्मक सूचकका रूपमा लिनु पर्दछ।

न्यायप्रशासन र न्यायपालिका

न्यायपालिकाका प्रमुख कामहरू न्याय सम्पादन र न्याय प्रशासनमध्ये न्यायप्रशासन त्यस्तो निकाय हो, जोसँग आम नागरिकको प्रत्यक्ष र अधिक सम्पर्क रहेको हुन्छ। हाम्रो न्याय प्रणालीअनुसार मुद्दा दर्ता भएपछि फैसला हुने सुनुवाइको समयमा मात्र त्यो मुद्दा न्यायाधीश समक्ष पुगेको हुन्छ। त्यसभन्दा अघिको प्रमाण संकलनका क्रममा हुने विभिन्न आदेशहरू र त्यस प्रयोजनका लागि हुने मुद्दा दर्ता देखि तारेख लिने र विभिन्न आदेशहरूको कार्यान्वियन हुने समयसम्ममा हालको मुद्दाको चाप अनुसार, काठमाण्डौ उपत्यकाका अदालतहरूको हकमा करिब १ वर्ष एउटा मुद्दाको पक्षले न्याय प्रशासनको काममै अल्झिनुपर्ने हुन्छ। यस क्रममा पीडित सबभन्दा थकित हुनु परेको व्यहोरा विभिन्न अनुसन्धानहरूले देखाएका छन्। न्याय प्रशासनसँग सम्बन्धित यो स्तरका कार्यहरूमा नागरिकहरूले विभिन्न प्रकारका दुःख र झन्झटहरू व्यहोर्नु पर्ने हुन्छ। तारेख लिने क्रममा हुने ढिलासुस्ती, अदालतका कर्मचारीहरूको दुर्व्यवहार, प्रत्यक्ष घूसको लेनदेन, अनावश्यक प्रमाण कागजहरूको संकलन, मुद्दाको अंग पुगिसकेपछि पनि पेशीमा नचढ्ने र चढाउनका लागी गैरकानूनी रूपमा आर्थिक व्ययको वहन गर्नुपर्ने जस्ता कार्यहरू आमरूपमा अदालतमा हुने गरेका छन्। त्यस्ता कार्यहरूमा यसपटक पनि सुधार हुन सकेन। दुई वर्ष अघि यस्ता समस्याहरूको निराकरणका लागी अदालत सुदृढीकरण समितिले विभिन्न सुझावहरू प्रस्तुत गरेको भए तापनि सुझाव कार्यान्वयनमा खासै ध्यान नदिइएको कारणबाट यसले समस्याको समाधानमा तात्विक भिन्नता ल्याउन सकेको छैन। मुद्दा मामिलामा हुने गरेको ढिलासुस्ती अझै पनि हाम्रो न्यायपालिकाको प्रमुख चुनौतीको रूपमा रहेको छ।

न्याय परिषदको अपारदर्शीता कायमै

न्यायाधीशहरूको सरुवा, नियुक्ति र अनुशासनसम्बन्धी कारवाही गर्ने प्रमुख जिम्मेवारी पाएको न्याय परिषद सदाझैं यो वर्ष पनि अधिक आलोचना र आक्रोशको शिकार भयो। अन्य संवैधानिक निकायहरू जस्तै यो संवैधानिक निकायमा पनि अपारदर्शीता र अनपेक्षित कार्यको निरन्तरता कायमै रहेको भए तापनि विगत वर्षहरूभन्दा केही सुधारका लक्षणहरू भने देखिन थालेका छन्। तिनमा न्यायाधीशहरूको नियुक्तिका आधार खोलिनु, सार्वजनिक जानकारीमा आएका अदालतका अनियमितता सम्बन्धी कार्यहरूको सम्बन्धमा तुरुन्त प्रतिक्रिया जनाउनु, न्याय समूहका कर्मचारीहरूको सरुवा, बढुवा र नियुक्तिमा विगतको तुलनामा पारदर्शीता देखिनु जस्ता केही सुधारका लक्षणहरू देखिए तापनि आमरूपमा अझै पनि अपारदर्शीता र कार्य दक्षताको अभाव कायमै छ। खासगरी न्याय सम्पादनका क्रममा न्यायाधीशहरूबाट हुने भ्रष्टाचार र अनियमितताका सम्बन्धमा यो संस्थाले आफ्नो कार्य दक्षता देखाउन नसकेको विगतको प्रवृत्ति यो वर्ष पनि कायमै रह्यो। तथापि, ललितपुर जिल्ला अदालतका तत्कालिन न्यायाधीश गोपाल गुरागाइँले एउटा ज्यान मुद्दाका अभियुक्तहरूबाट लिन खोजेको तर थाँरै भएका कारण फर्काइएको भनिएको दुई लाख रूपैयाँ घूस प्रकरणमा न्याय परिषदले निजलाई पदमुक्त गरिसकेको छ। तर, गुरागाइँले गरेको उक्त कार्यका सम्बन्धमा छानबिन गर्न सर्वोच्च अदालतका न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित छानबिन समितिको प्रतिवेदन भने न्याय परिषदले प्रकाशित नगरी गोप्य राखेको र न्याय परिषदको निर्णयलाई चुनौती दिँदै गुरागाइँले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकाले न्याय परिषदको यो कामलाई आमरूपमा आलोचना गरिएको छ। न्यायपालिका जस्तो संस्थामा पनि सार्वजनिक सूचना जारी गरेर गरिएको छानबिन समितिको निर्णय गोप्य राखिनुलाई औचित्यपूर्ण मान्न सकिँदैन। त्यतिमात्र होइन, न्याय परिषद नियमावलीले गरेको व्यवस्थाअनुसार अधिराज्यका सम्पूर्ण न्यायाधीशहरूले आफ्नो सम्पत्ति विवरण न्याय परिषदलाई बुझाउनु पर्ने र त्यसलाई प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्ने कानूनी दायित्व अन्तर्गत न्यायाधीशहरूले बुझाएको भनिएको सम्पत्ति विवरण हालसम्म न्याय परिषदले सार्वजनिक गर्न नसक्नु पनि अपारदर्शीताको अर्को नमूना हो।

न्यायाधीशहरुको पदमुक्ति प्रकरणमा जन असन्तोष

यो वर्ष न्याय सम्पादनको क्रममा भ्रष्टाचार गरेको भनी सार्वजनिक सञ्चार माध्यमले मुद्दाको तथ्यसहित सार्वजनिक गरेपछि सर्वोच्च अदालतका न्यायाधीश राजेन्द्रराज नाख्वा (लेविको चिनी झिकाउँदा नेशनल ट्रेडिङले पाएसरहको सुविधा व्यापारीले पनि पाउनु पर्दछ भनी गरेको फैसलामा घूस लिएको भनी), पाल्पा जिल्ला अदालतका न्यायाधीश रघुनाथ अर्याल (ज्यान मुद्दाको अभियोग लागेको एउटा भारतीय नागरिकलाई घूस लिएर थुनछेकको क्रममा छाडेको भनी) र ललितपुर जिल्ला अदालतका न्यायाधीश गोपाल गुरागाइँ (ज्यान मुद्दाका अभियुक्तहरूले ल्याएको घूस रकम थोरै भएर फर्काएको भनी) ले सेवाबाट विदा पाउनु भएको छ। तर, उहाँहरू सबैको पदमुक्तिलाई न्याय परिषदले राजीनामा वा अवधि समाप्त वा

कार्यक्षमताको अभाव भनेको छ। मुद्दाको तथ्यसहित सार्वजनिक भएपछि भ्रष्टाचारको अभियोग लागेका न्यायाधीशहरूलाई कारवाहीको सट्टा निवृत्तिभरण पाउने गरी अवकाश दिइनु वा राजीनामा स्वीकृती गरिनुले न्याय परिषदको कार्य दक्षता र औचित्यमा प्रश्न उठेको मात्र होइन न्यायपालिकाको गरिमा र जन आस्थामा नै गम्भीर असर परेको छ। सर्वोच्च अदालतसम्मका न्यायाधीशहरूमाथि घूस लिएको आरोप लाग्नु र त्यसको छानबिन नगरी आरोपित न्यायाधीशलाई पदमुक्ति गरिनुले अन्य निकायजस्तै यो निकायमा विकृति बढेको पुष्टी हुन्छ। न्यायाधीशहरूलाई पनि भ्रष्टाचारको अभियोगमा अख्तियारले छानबिन गर्न पाउनु पर्ने भनी संसदमा उठेको चर्को आवाजलाई न्यायपालिका भित्रका यस्तै अपारदर्शी र अनपेक्षित कार्यले सहयोग पुगेको छ। न्यायपालिकाको स्वतन्त्रता र गरिमालाई अक्षुण्ण राख्नका लागि संविधानमा छुट्टै निकायको रूपमा राखिएको न्यायपालिकाले अपेक्षित कार्य गर्न सकेन भने यो संस्थाको औचित्यको बारेमा उठेको प्रश्नले अझ गम्भीर मोड लिन सक्छ र त्यसले यसको स्वतन्त्रतामा पुनर्विचार गरिनु पर्दछ भन्ने राजनीतिक क्षेत्रबाट उठेको आवाजलाई अरू मलजल गर्नेछ भन्ने तथ्यमा दुई मत हुन सक्दैन।

निष्कर्ष

न्याय सम्पादनको क्रममा यो वर्ष न्यायालयले जन अपेक्षाअनुरूप नै काम गरेको छ। सार्वजनिक सरोकारका विषयहरूमा परेका रिट निवेदनमा महत्वपूर्ण र जनपक्षीय फैसलाहरू गरेको छ। राज्यलाई पारदर्शी र उत्तरदायी बनाउन आवश्यक आदेशहरू जारी गरेको छ। नेपाल पक्ष भएका र सन्धि ऐन २०४७ बमोजिम नेपालमा कानून सरह लागू हुने अन्तर्राष्ट्रिय कानूनहरू तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८४ अनुरूपका कानूनी सिद्धान्तहरूलाई हाम्रो न्यायालयले कानूनको श्रोतका रूपमा उल्लेख गरी ती दस्तावेजहरूका आधारमा फैसला गर्ने प्रचलनमा यो वर्ष उल्लेख्य बृद्धि भएकाले हाम्रो न्यायालयमा गुणात्मक सुधारको लक्षण देखिन थालेको छ। न्याय सम्पादनको क्रममा हुने गरेका भ्रष्टाचारका घटनाहरू यस पटक विगत वर्षको तुलनामा केही बढी सार्वजनिक भएका छन्। गत वर्ष कार्यपालिका र न्यायपालिका बीचको विवाद बढी सार्वजनिक भएकोमा यस पटक व्यवस्थापिका र न्यायपालिकाको बीचमा भएका विवादहरू बढी सार्वजनिक भएका छन्। सूचनाको हक र सार्वजनिक हकदैयाको प्रश्नमा यसपटक न्यायालय बढी संकुचित रहेको देखिएको छ। न्यायप्रशासनको क्रममा हुने ढिलासुस्ती, भ्रष्टाचार, अनावश्यक आदेश गर्ने परिपाटी यसपटक पनि कायमै रहेको छ। न्यायपरिषदको आन्तरिक काम कारवाही केही व्यवस्थित भए तापनि अपेक्षित सुधार हुन सकेको छैन। सार्वजनिकरूपमा आलोचित न्यायाधीशहरूको कार्य सम्पादन र कार्य क्षमताको मूल्यांकन गर्नु पर्ने प्रमुख दायित्वबाट न्याय परिषद विमुख भएको छ। न्यायाधीशहरू गैरआचरण र गैरकानूनी काम कारवाहीमा संलग्न भएका भनी सार्वजनिक सञ्चार माध्यमहरूमा आएका टिका टिप्पणीहरू उपर न्याय परिषदले आवश्यक कारवाही गर्ने कार्य यस पटक पनि हुन सकेको पाइएन। अदालतले सार्वजनिक सरोकारका विषयमा जारी गरेका आदेशहरू कार्यान्वयन नहुने विगतको परिपाटी अद्यापि कायमै छ। माओवादी आन्दोलनका कारण न्यायालयको काम कारवाहीमा गम्भीर असर परेको छ। यसैको कारणले गर्दा गैरन्यायिक निकायमा मुद्दाको मिलापत्र र छिनोफानो हुने गरेकाले त्यस्ता प्रकृतिका मुद्दाहरूको सम्बन्धमा भविष्यमा फेरि विवाद उठ्न सक्ने वा कतिपयको हकदैया वा हदम्याद नै जानसक्ने संभावना अधिक रहेको छ। माओवादी आन्दोलनका कारण मुद्दा गर्ने प्रवृत्तिमा आएको ह्रासले न्यायपालिकाको खर्च फजुलमा बढिरहेको छ। बार-बेञ्चको अनावश्यक झगडा यसपटक अपेक्षितरूपमा घटेको पाइयो। बारसँग राय-सल्लाह र सुझाव लिने प्रवृत्ति सन्तोषजनकरूपमा अघि बढ्यो। बर्षौंपछि अनपेक्षित खर्च गरेर जितेको मुद्दाको फैसला कार्यान्वयनमा त्यत्तिकै समय र खर्च लाग्ने विद्यमान कानूनी व्यवस्थाका कारण न्यायपालिकाप्रतिको विश्वास घट्दै जाने प्रवृत्तिमा यस पटक पनि सुधार आएको पाइएन।

सुझावहरु

माथि गरिएको विश्लेषण र उद्धृत तथ्यहरूका आधारमा न्यायपालिकामा अझै अपेक्षित सुधार हुन नसकेकाले यसलाई बढी विश्वसनीय, पारदर्शी, सरल र सुलभ बनाउनका लागि न्यायपालिकामा व्यवस्थापकीय सुधार, नीतिगत सुधार, कार्यशैलिगत सुधार, अनुशासित र मर्यादित बनाउनका लागि निम्न बमोजिम सुझावहरू प्रस्ताव गरिएको छ -

१. न्यायाधीशहरूको कार्य सम्पादन र कार्य क्षमता अनि व्यक्तिगत जीवनसँग सम्बन्धित बेला-बेलामा सार्वजनिक हुने तथ्यहरूका सम्बन्धमा न्याय परिषदले उचित समयमा छानबिन र अनुसन्धान गरी जनसमक्ष सार्वजनिक गर्नु पर्दछ।
२. न्याय परिषदले कानून बमोजिम सम्पन्न गरेका काम कारवाहीहरु सार्वजनिक गर्नुपर्दछ।
३. न्याय परिषद नियमावली बमोजिम अधिराज्यभरका सबै न्यायाधीशहरूको सम्पत्ति विवरण संकलन गरी त्यसलाई सार्वजनिक गर्नु पर्दछ। यसले सर्वसाधारणको आँखामा न्यायाधीशहरूको जीवन सार्वजनिक भई राज्यका अन्य निकायहरूलाई समेत पारदर्शी ढंगले कार्य संचालन गर्न प्रेरित गर्दछ।
४. सार्वजनिक सरोकारका विषयमा न्यायपालिकाबाट राज्यलाई दिइएका निर्देशन तथा अन्य आदेशहरू कार्यान्वयन हुन नसकि अदालतको फैसला पनि राजनीतिक नेतृत्वको आश्वासन जस्तो भइरहेको विद्यमान

अवस्थालाई अन्त्य गर्न अदालतले दिएका निर्देशनहरू के कति पालना भए वा भएनन् र कार्यान्वयन नगर्ने निकायहरूलाई के कस्तो कारवाही गर्ने भन्ने सम्बन्धमा सर्वोच्च अदालतको मातहतमा अधिकार सम्पन्न एक समिति गठन गरी त्यसलाई आवश्यक कारवाहीको अधिकार समेत दिइनुपर्दछ।

५. न्यायाधीशले गर्ने भ्रष्टाचारका सम्बन्धमा आवश्यक अनुसन्धान र छानबिन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग सक्षम रहेकाले संविधान बमोजिम अख्तियारले सो बमोजिम गर्नसक्ने भए तापनि त्यस्तो व्यवस्थाले संविधानको प्रस्तावनाले व्यवस्था गरेको स्वतन्त्र न्यायपालिकाको मर्ममाथि चोट पुग्न सक्ने संभावना रहेकाले न्यायाधीशहरूलाई भ्रष्टाचारबाट उन्मुक्ति पनि नदिन र स्वतन्त्र न्यायपालिकाको पहिचान समेत अक्षुण्ण राख्न आवश्यक अनुसन्धान र छानबिन गरिसकेपछि मुद्दा चलाउनुपूर्व आधार र कारणसहित अख्तियारले न्याय परिषदसँग अनुमति लिने व्यवस्थासहित कानूनमा संशोधन गरिनुपर्दछ। यसो भएको खण्डमा न्याय परिषदले कारवाही गर्ने अनुमति नदिने सम्भावना करिब-करिब नरहन सक्दछ। यदि नदिएको खण्डमा अख्तियारले सो विवरण प्रतिनिधि सभाको सम्बन्धित समितिमा पठाउने व्यवस्था पनि कानूनमा नै गरिनु पर्दछ। त्यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गरेको मुद्दा अहिलेझैं पुनरावेदनमा दर्ता गर्नाले न्यायाधीशहरू स्वभावैले न्यायाधीशहरूप्रति उदार रहने भएकाले त्यस्ता मुद्दा हेर्नका लागि अस्थायी प्रकृतिको छुट्टै न्यायाधीकरणको व्यवस्था गरिनु पर्दछ।

६. मुद्दा दर्ता भएपछि सुनुवाइको दिन मात्र एउटा इजलासमा १० वटासम्म मुद्दाको पेशी राख्ने र एउटा मुद्दालाई आवश्यक समय दिन नसक्दा जनतामा न्याय नपर्ने र यो व्यवस्थाले न्यायपालिका र जनताबीच अविश्वासको स्थिति समेत उत्पन्न गराइदिएकाले अन्तर्राष्ट्रिय प्रचलन समेतलाई दृष्टिगत गरी मुद्दा दर्ता हुने बित्तिकै सम्बन्धित न्यायाधीशसमक्ष पेश हुने व्यवस्थाका लागि विद्यमान न्याय प्रशासन ऐन २०४८ र सबै तहका अदालतका नियमावलीहरू संशोधन गरिनु पर्दछ। यसो गर्दा निस्कन सक्ने नकारात्मक परिणामको नियन्त्रणका लागि न्याय परिषद, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र प्रतिनिधि सभालाई अझ बढी अधिकार सम्पन्न र विश्वसनीय बनाउनु पर्दछ।

७. न्याय प्रशासनमा भइरहेको अनियमितता, ढिलासुस्ती र गैरआचरणयुक्त कामकारवाही रोक्नका लागि सर्वोच्च अदालतका रजिष्ट्रारलाई आवश्यक अधिकार दिनु पर्दछ र उनले गरेको सिफारिसका आधारमा त्यस्तो क्रियाकलापमा संलग्न कर्मचारीलाई आवश्यक विभागीय कारवाही गर्ने व्यवस्था मिलाउनु पर्दछ।

८. दुई तह पराजित भइसकेपछि दोहोर्‍याउने अनुमतिका लागि दर्ता भएका निवेदनहरूमा दोहोर्‍याउने वा नदोहोर्‍याउने निर्णय गर्दा आधार र कारण स्पष्ट खोलिनु पर्दछ।

९. पुनरावलोकनका लागि परेका निवेदनहरूको सुनुवाई सम्बन्धित न्यायाधीशले नै गर्ने विद्यमान सर्वोच्च अदालत नियमावलीमा संशोधन गरी छुट्टै न्यायाधीशसमक्ष पेश हुने व्यवस्था गरिनु पर्दछ।

१०. न्यायाधीश आचारसंहिता र कानून व्यवसायी आचारसंहिताले व्यवस्था गरेका आचारहरूलाई दुवै पक्षले पालना गर्ने र नगरेको अवस्थामा त्यसलाई कारवाहीको विषय बनाउनका लागि न्याय परिषद र कानून व्यवसायी परिषद सक्रिय र क्रियाशील रहनु पर्दछ।

११. राजनीतिक दल तथा अन्य नागरिक समाजले समेत न्यायपालिकाको गरिमा र मर्यादा अभिबृद्धिका लागि आवश्यक सहयोग गर्नु पर्दछ।

१२. माथि विश्लेषण गरिए झैं अधिराज्यभरका तोकिएका मुद्दाहरू हेर्न हाल एक मात्र विशेष अदालत काठमाण्डौंमा राखिएकोले यसबाट सरकारी खर्च बढ्नुको अतिरिक्त अनुसन्धान गर्ने अधिकारी, पीडित व्यक्ति र कानून व्यवसायीहरूलाई मात्र असजिलो भएको होइन, प्रशासनिक झन्झट तथा भौगोलिक असजिलोको कारणले गर्दा विशेष अदालतमा चल्नु पर्ने मुद्दाहरूको अनुसन्धान र तहकिकात गर्ने अनुसन्धान अधिकारीहरू अनिच्छुक देखिन थाली अपराधिसंग अनुचित सम्बन्ध कायम राखी त्यस्ता मुद्दाहरू गैर न्यायिक क्षेत्रमा मिलापत्र गर्ने परिपाटि समेत देखिन थालेकोले हाल क्रियाशील विशेष अदालतको सट्टा विषय र प्रकृतिका आधारमा छुट्टा-छुट्टै विशेष अदालतहरू विभिन्न स्थानमा खडा गरेर न्यायलाई सर्वसुलभ र प्रभावकारी बनाउनु पर्दछ ।

परिच्छेद २

राज्य र मानवअधिकार

२.२ कार्यपालिका

विश्वमा अहिले मानवअधिकार आन्दोलन मान्छेको राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक आन्दोलनहरूको पनि अभिन्न आन्दोलन बन्न पुगेको छ।

नेपालमा जहानियाँ निरंकुश राणा शासन कायम रहेको बेला संयुक्त राष्ट्रसंघले "मानवअधिकारको विश्वव्यापी घोषणा" जारी गरेको थियो। राणा कालमा मानवअधिकारको नाममा कुनै गतिविधि नभए पनि निरंकुशता विरूद्ध नागरिक स्वतन्त्रताका लागि विभिन्न गतिविधिहरू भने संचालित भए। त्यस्ता गतिविधिमाथि राणा शासकहरूले निर्मम दमन चलाएका थिए। राणाकाल समाप्त भएपछिको दश वर्षको बहुदलीय प्रणालीमा जनताले केही हक अधिकार प्राप्त गरे पनि मानवअधिकारको सम्मान भने सरकारबाट हुन सकेन। ०१७ पुस १ गतेदेखि नागरिकहरूको हकअधिकार खोसी निर्दलीय निरंकुश पंचायती शासन लागू गरियो। तीस वर्षे पंचायती शासनमा सरकारले मानवअधिकारको उल्लंघन व्यापक रूपमै गर्‍यो। पंचायती शासकहरू राजनीतिक आन्दोलन र मानवअधिकार आन्दोलनलाई एउटै आँखाले हेर्ने गर्थे। मानवअधिकार आन्दोलन चलाउनेहरू भूमिगत मात्र हुनु परेन, उनीहरूलाई गिरफ्तार गर्ने र थुन्ने काम समेत भयो।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना र मानवअधिकार

नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाको नेतृत्वमा ०४६ सालमा संचालित संयुक्त जनआन्दोलनको सफलताले मुलुकमा बहुदलीय संसदीय प्रजातन्त्रको स्थापना भयो। बहुदलीय प्रजातन्त्रको स्थापनासँगै मानवअधिकारको सम्मान एवं रक्षा गर्ने प्रक्रियाको शुरूवात पनि भयो। नयाँ संविधान नवन्दै नेपाली कांग्रेस र वाम मोर्चा सम्मिलित अन्तरिम सरकारको कार्यकालमै अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन् १९६६ का दुईवटा सहायक अनुबन्ध र ऐच्छिक प्रोटोकललाई अनुमोदन गरियो। त्यसरी नै यातना, क्रूर सजाय तथा अमानवीय सजाय एवं व्यवहार सम्बन्धी सन् १९५६ को अभिसन्धि र बालअधिकार सम्बन्धी सन् १९९० को अभिसन्धिलाई पनि नेपालले अनुमोदन गर्‍यो। यसरी बहुदलीय प्रजातन्त्रको स्थापनासँगै नेपालमा मानवअधिकारको सम्मान गर्ने प्रक्रिया पनि आरम्भ भएको थियो।

नेपालमा श्री ५ को सरकारद्वारा सम्मिलन गरिएको पहिलो अनुबन्धमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध हो। यो अनुबन्धले प्रत्येक व्यक्ति आफू आफैंमा अधिकार सम्पन्न हुन पाउने अवस्था सिर्जना गर्नु पर्ने विषयमा जोड दिएको छ। मान्छेका लागि आवश्यक अधिकारहरू विना भेदभाव सुनिश्चित गर्नुपर्ने कुरालाई पनि यो अनुबन्धले महत्व दिएको छ। अनुबन्धको प्रस्तावनामै प्रत्येक व्यक्तिले उसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्रै विश्व मानवअधिकारको घोषणा अनुसार डर र अभावबाट मुक्त स्वतन्त्रता उपभोग गर्ने स्वाधीन मानव आदर्श प्राप्त गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ।

सरकारद्वारा सम्मिलन गरिएको दोस्रो अनुबन्ध नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध हो। यो अनुबन्धसँगै यससंग सम्बन्धित ऐच्छिक प्रोटोकलहरूलाई पनि सम्मिलन गरिएको थियो। ती ऐच्छिक प्रोटोकलहरूमा सबै किसिमका वर्णभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, रङ्गभेद अपराधको दमन तथा दण्ड विषयक अभिसन्धि, आमहत्या सम्बन्धी अपराधको निराकरण तथा दण्ड विषयक अभिसन्धि, बालअधिकार अभिसन्धि, महिला विरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि, महिलाको राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि, यातना तथा अन्य क्रूर अमानवीय व्यवहार वा सजाय सम्बन्धी अभिसन्धि, दासत्व अभिसन्धि, दासत्व अभिसन्धिलाई संशोधन गर्ने प्रोटोकल र दासत्व, दास व्यापार र दास सरहका संस्था वा प्रचलनलाई उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि समेत रहेका छन्।

यसरी सरकारद्वारा सम्मिलन गरिएका मानवअधिकार सम्बन्धी अभिसन्धि र प्रोटोकलहरूको सम्मान एवं रक्षा गर्ने व्यवस्था नेपाल अधिराज्यको संविधान ०४७ ले गरेको छ। वर्तमान संविधानको प्रस्तावनामा नै नागरिकका आधारभूत मानवअधिकार सुरक्षित गर्ने प्रतिबद्धता सहित संविधानको धारा ११६ ले प्रस्तावनाको भावनाको प्रतिकूल संशोधन गर्न नहुने भनी संवैधानिक ग्यारेण्टी प्रदान गरेको छ। संविधानको धारा ११ देखि २३ सम्म सम्पूर्ण नेपाली नागरिकलाई समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रिका सम्बन्धी हक, फौज्दारी

न्याय सम्बन्धी हक, निवारक नजरबन्दीको हक, सूचनाको हक, सम्पत्तिको हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरूद्धको हक, देश निकाला विरूद्धको हक, गोपनीयताको हक एवं संवैधानिक उपचारको हक प्रदान गरेको छ।

बहुदलीय व्यवस्थाको स्थापनापछिका सरकारहरु र मानवअधिकार

बहुदलीय प्रजातन्त्र र मानवअधिकार अन्योन्याश्रित विषय हुन्। मानवअधिकार बहुदलीय प्रजातन्त्रको मेरूदण्ड हो। यद्यपि नेपालमा बहुदलीय व्यवस्थाको स्थापनापछिका सरकारहरूले मानवअधिकारलाई बहुदलीय प्रजातन्त्रको मेरूदण्डका रूपमा लिएको भने पाइँदैन।

नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भएर नेपाल अधिराज्यको संविधान ०४७ लागू भएको पनि एघार वर्ष पूरा भैसकेको छ। बितेको एघार वर्षमा नेपालमा एघारवटा सरकारले शासन संचालन गरे। तिनमा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ०४७ वैशाख ६ गते गठित कांग्रेस-वाममोर्चा सरकार, कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०४८ जेठ १३ गते गठित नेपाली कांग्रेसको सरकार, मनमोहन अधिकारीको नेतृत्वमा ०५१ मंसिर १४ गते गठित नेकपा (एमाले) को अल्पमतको सरकार, शेरबहादुर देउवाको नेतृत्वमा ०५२ भदौ २६ गते गठित नेपाली कांग्रेस-राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको गठबन्धन सरकार, ०५३ फागुन २८ गते राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित एमाले-राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकार, राप्रपाका नेता सूर्यबहादुर थापाको नेतृत्वमा ०५४ असोज २१ गते गठित कांग्रेस, राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकार, कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०५४ चैत ३० गते गठित नेपाली कांग्रेसको अल्पमतको सरकार, कोइरालाको नेतृत्वमा रहेको अल्पमत सरकारमा ०५५ भदौ १० गते तत्कालीन नेकपा (माले) लाई समावेश गरी पुनर्गठन गरिएको कांग्रेस-मालेको सरकार, गिरिजाप्रसाद कोइराला कै नेतृत्वमा ०५५ पुस १० गते गठित कांग्रेस-एमाले संयुक्त चुनावी सरकार, कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ०५६ जेठ १७ गते गठित नेपाली कांग्रेसको सरकार, गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०५६ चैत ९ गते गठित नेपाली कांग्रेसको सरकार र शेरबहादुर देउवाको नेतृत्वमा ०५८ साउन १० गते गठित नेपाली कांग्रेसको सरकार रहेका छन्।

यसरी बहुदलीय व्यवस्थाको स्थापना पश्चात् १२ वर्षको अवधिमा सरदर एक वर्षमा एउटा सरकारले मुलुकमा शासन सत्ता संचालन गरेको देखिन्छ। यी विभिन्न सरकारको कार्यकालमा विभिन्न पटक गरी हालसम्म अन्तर्राष्ट्रिय मानवअधिकारको घोषणालाई स्वीकार गरी १९ वटा अभिसन्धिमा नेपालले हस्ताक्षर गरिसकेको छ। मानवअधिकारकै पूर्ण परिपालनाका लागि बेलाबखत विभिन्न प्रयत्नहरू पनि भएका छन्। यद्यपि, मुलुकमा मानवअधिकारको रक्षा र सम्मानको सबैभन्दा ठूलो जिम्मेवारी बोकेर बसेको श्री ५ को सरकारबाट अपेक्षाकृत काम भने हुन सकेको छैन। मानवअधिकार उल्लंघनका कतिपय घटनामा सरकार वास्ताहीन बन्न पुगेको देखिएको छ भने सरकार स्वयंबाट मानवअधिकारको गम्भीर उल्लंघन भएका घटनाहरू पनि देखिएका छन्। बहुदलीय प्रजातन्त्रको १२ वर्षमा मानवअधिकारको सम्मानका दृष्टिले सरकारको भूमिका प्रशंसा गर्न लायक छैन। बहुदलीय व्यवस्थाको स्थापना पश्चात् मानवअधिकारका क्षेत्रमा केही सकारात्मक काम र उपलब्धिहरू हासिल भए पनि कतिपय परिस्थितिमा मानवअधिकारप्रति सरकारको नकारात्मक भूमिका समेत देखा परेको छ। यो कुरालाई श्री ५ को सरकारले महसुस नगरून्जेल आगामी दिनमा पनि मानवअधिकारका क्षेत्रमा सरकारको भूमिका कतिपय सन्दर्भ र परिस्थितिमा नकारात्मक बन्न सक्ने छ।

सन् २००१ मा कार्यपालिकाको भूमिका

मानवअधिकारको पालना र रक्षामा सबैभन्दा महत्वपूर्ण दायित्व बोकेको श्री ५ को सरकार अर्थात् कार्यपालिकाको भूमिका बिगत वर्षहरूमा झैं सन् २००१ मा पनि त्यति धेरै सकारात्मक रहेन। मान्छेको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको ग्यारेण्टी गर्ने काममा सरकारको भूमिका प्रभावकारी रहेन भने सरकार स्वयं मानवअधिकारको उल्लंघनमा संलग्न रहेका घटनाहरू पनि देखापरे। हिंसा र प्रतिहिंसाका घटनाहरू यो वर्ष पनि जारी रहे र त्यस्ता घटनामा अझै वृद्धि हुन पुग्यो।

माओवादी समस्यालाई वार्ताद्वारा शान्तिपूर्ण रूपमा समाधान गर्ने कुरामा यो वर्ष सरकारको भूमिका सकारात्मक रहे पनि राज्यतर्फको हिंसात्मक कारवाहीलाई रोक्ने वा सकेसम्म कम गर्ने सम्बन्धमा भने सरकारको भूमिका त्यति सकारात्मक देखिएन। जनताको हकहितका लागि सरकार आफैद्वारा गरिएका प्रतिबद्धताहरू पूरा गर्न यो वर्ष पनि सरकार असफल रह्यो।

जनताका दुःख, पीडा र शोषण-उत्पीडनलाई हटाउने ठोस प्रयास यो वर्ष पनि भएन। बहुदलीय प्रजातन्त्रको बाह्र वर्षमा पहिलो पटक नेपाली जनताले आफ्ना मौलिक अधिकारहरू निलम्बित भएको पीडालाई पनि यही वर्ष सहनु पर्‍यो।

राजनीतिक स्थिरताको अपेक्षा गरेर एउटै पार्टीलाई बहुमतको सरकार बनाउन जनताले आफ्नो मत दिएर विजयी गराए पनि नेपाली कांग्रेस पार्टीले मुलुकमा राजनीतिक स्थिरता कायम गर्न यो वर्ष पनि सकेन। नेपाली कांग्रेस पार्टी भित्रै एउटा सरकार गिराउने र अर्को सरकार बनाउने निरन्तरको खेललाई जनताले यो वर्ष पनि भोग्नै पर्‍यो।

यस वर्ष पनि भ्रष्टाचार र अनियमितताका कामहरू जारी रहे। राष्ट्र र जनताको हितमा कुनै उल्लेखीय काम हुन

सकेन। सन् २००१ को वर्ष नेपाल र नेपालीको उन्नति एवं प्रगतिका साथै मानवअधिकारका दृष्टिले समेत उत्साहप्रद रहन सकेन। सरकारको भूमिका जनताको हकहितका सवालमा सकारात्मक बन्न नसकेकोले यो वर्ष पनि नेपाली जनता निराशामै बाँच्न बाध्य भए।

सरकार गठन र पुनर्गठन

बहुदलीय व्यवस्था स्थापनाको झण्डै दश वर्षपछि ०५६ वैशाख २० गते र जेठ ४ गते गरी दुई चरणमा सम्पन्न तेस्रो आम निर्वाचनमा नेपाली कांग्रेस पार्टीले बहुमत प्राप्त गरेको थियो। यस अघि ०५१ कार्तिक २७ गते सम्पन्न दोस्रो आम निर्वाचनमा कुनै पनि पार्टीले बहुमत प्राप्त गर्न सकेको थिएन। त्रिशंकु संसद र त्यसैको परिणामस्वरूप मुलुकमा एकपछि अर्को सरकार बनाउने र गिराउने निरन्तरको अस्वस्थ खेल, सांसदहरूको खरिद-बिक्री, थुनछेक, राजनीतिक पार्टीहरूको अराजनीतिक चलखेल लगायतका कारणबाट मुलुकमा अस्थिरता मात्र बढेको थिएन, मुलुकका जिम्मेवार ठानिएका पार्टीहरूबाटै विकृति-विसंगति र अनैतिक कर्महरूलाई प्रोत्साहित गर्ने काम भएको थियो। तेस्रो आम निर्वाचनबाट एउटै पार्टी अर्थात् नेपाली कांग्रेसले बहुमत प्राप्त गरेपछि मुलुकमा एकपछि अर्को सरकार बनाउने र गिराउने अस्वस्थ खेल समाप्त भएर राजनीतिक स्थिरता कायम होला, विकृति-विसंगति र भ्रष्टाचारको अन्त्य होला र सुशासनद्वारा राष्ट्र एवं जनताका हितमा महत्वपूर्ण कार्यहरू होलान् भन्ने अपेक्षा नागरिकहरूको थियो। तर जनताको त्यो अपेक्षा पूरा भएन। बहुमतको शासन संचालन गर्ने अवसर फेरि प्राप्त गरे पनि नेपाली कांग्रेसको सरकार यस अवधिको त्रिशंकु संसदबाट बनेको सरकार भन्दा भिन्न चरित्रको रहेन।

०५६ को आम निर्वाचनपछि नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन भएको थियो। त्यो सरकारलाई ०५६ चैत ३ गते हटाएर कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अर्को सरकार गठन भयो। कोइरालाको नेतृत्वमा रहेको सरकारलाई ०५७ साउन ४ गते हटाएर कांग्रेसकै अर्का नेता शेरबहादुर देउवाको नेतृत्वमा अर्को सरकार गठन हुन पुगेको थियो।

तेस्रो आम निर्वाचनको परिणामपछि ०५६ जेठ १३ गते नेपाली कांग्रेसको संसदीय दलले पार्टी नेता कृष्णप्रसाद भट्टराईलाई दलको नेता चयन गरेपछि उहाँ प्रधानमन्त्रीमा नियुक्त हुनु भएको थियो। पार्टीका सभापति गिरिजाप्रसाद कोइरालाको प्रस्तावमा प्रधानमन्त्री बन्नु हुने भट्टराईले जेठ १७ गते आफ्नो मन्त्रिमण्डल गठन गर्नु भएको थियो। पार्टी सभापति कोइराला मन्त्रिमण्डल गठनदेखि नै सरकारप्रति असन्तुष्ट बन्न पुग्नु भएको थियो। सरकार गठनकै विवादमा भट्टराई र कोइराला बीच सम्वादहीन अवस्थाको सिर्जना हुन पुगेको थियो। सरकारले एक सय दिन पूरा गरेकै दिन सभापति कोइरालाले सरकारले कुनै पनि काम गर्न नसकेको र मन्त्रीहरू भ्रष्टाचारमा डुबेको आरोप लगाउनु भएको थियो।

पार्टी भित्रकै चर्को विरोधका बाबजुद सरकारले ६ महिना पुरा गरेपछि त्यसको नेतृत्व परिवर्तन गर्न कोइराला पक्षबाट अभियान शुरू गरियो। ०५६ मंसिरको अन्तिम साता प्रधानमन्त्री भट्टराईका विरूद्ध बहुमत सांसदको हस्ताक्षर संकलन गरेर संसदीय दलमा दर्ता गराउने तयारी गरेपछि दुवै पक्षबीच एउटा गोप्य सहमति भएको थियो। त्यो गोप्य सहमति अनुसार ०५७ जेठमा भट्टराईले प्रधानमन्त्रीबाट राजिनामा गर्ने निर्णय भएको थियो। त्यसरी सहमति भए पनि ०५६ फागुन ४ गते कोइराला पक्षधर ५८ जना सांसदले प्रधानमन्त्री भट्टराईप्रति अविश्वास प्रकट गर्दै संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता गराए। ११ जना मन्त्रीले सो प्रस्तावप्रति समर्थन जनाउँदै राजिनामा दिए। एकअर्को पक्षका बीच सहमति तोडेको आरोप-प्रत्यारोप चल्यो। भट्टराई र कोइरालाको मात्र उपस्थितिमा अर्को गोप्य सहमति भयो। कांग्रेसका अन्य नेता तथा सांसदहरूले के सहमति भयो भन्ने जानकारी नै नपाई अविश्वास प्रस्ताव फिर्ता लिए। सभापति कोइरालाले ०५६ चैत १ गते जानकारी गराउनु भए अनुसार गोप्य सहमति अनुरूप ०५६ फागुन मसान्तभित्रै भट्टराईले प्रधानमन्त्री पदबाट राजिनामा गरिसक्नु पर्ने थियो। सहमति अनुसार उहाँले राजिनामा नगरेको बताउँदै ०५६ चैत १ गते फेरि ६९ जना सांसदले संसदीय दलका नेता भट्टराई विरूद्ध कांग्रेस संसदीय दलमा अविश्वास प्रस्ताव दर्ता गराए। चैत ३ गते भट्टराईले आफ्नो पदबाट राजिनामा गर्नुभयो। चैत ५ गते संसदीय दलको नेताको निर्वाचनमा गिरिजाप्रसाद कोइराला विरूद्ध शेरबहादुर देउवा प्रतिस्पर्धी बन्नु भएको थियो। कांग्रेसका १ सय १३ जना सांसद मध्ये कोइरालाको पक्षमा ६९ र देउवाको पक्षमा ४३ जना रहे भने एक मत बदर हुन पुगेको थियो।

कांग्रेस पार्टीको संसदीय दलमा बहुमत सदस्यको मत पाएर गिरिजाप्रसाद कोइराला दलको नेतामा निर्वाचित भई प्रधानमन्त्री बन्नु भयो। उहाँले आफ्नो नेतृत्वमा एकजना उपप्रधानमन्त्री सहित १३ जना मन्त्री र ११ जना राज्यमन्त्री सम्मिलित २५ सदस्यीय मन्त्रिपरिषद् गठन गर्नु भयो। सरकार गठन भएको लगत्तैदेखि कांग्रेसभित्रकै भट्टराई पक्षबाट त्यो सरकारको विरोध शुरू भयो। पार्टीका असन्तुष्ट सांसदलाई समेटी प्रधानमन्त्री कोइराला विरूद्ध भट्टराई-देउवा पक्षबाट कांग्रेस संसदीय दलमा ०५७ पुस १३ गते अविश्वास प्रस्ताव दर्ता गराइयो। लाउडा विमान भाडा काण्डमा सरकार मुछिएको र सरकारले मुलुकमा शान्ति कायम गर्नुको सट्टा हत्या-हिंसा बढाएको आरोप भट्टराई-देउवा पक्षले लगाएको थियो।

प्रधानमन्त्री कोइराला विरूद्ध कांग्रेस संसदीय दलमा दर्ता भएको अविश्वास प्रस्तावमा मतदान हुँदा प्रस्तावको विपक्षमा ६९ मत देखियो। अविश्वास प्रस्तावका प्रस्तावक शेरबहादुर देउवाले डर, त्रास र आतंकको वातावरण सिर्जना गरी सांसदहरूको गोप्य मतदानको अधिकारलाई कुण्ठित गराएको आरोप लगाई आफ्ना समर्थक ४० जना सांसदकासाथ

विधिवत रूपमा प्रस्ताव नै पेश नगरी बैठक बहिस्कार गर्नुभयो। प्रस्तावक पक्षले आफ्नो प्रस्ताव दलको बैठकमा प्रस्तुत नै नगरिकन त्यसमाथि मतदान गराइएकोमा आश्चर्य व्यक्त गरेको थियो। अविश्वास प्रस्ताव दर्ता गर्ने ५६ जना मध्ये १३ जनाले मतदानमा उपस्थित भई आफैले ल्याएको प्रस्तावका विरूद्ध मतदान गरेका थिए जसमा पद र अन्य स्वार्थको भूमिका रहेको टिप्पणी कांग्रेस भित्रैबाट भएको थियो।

पार्टीभित्र आफूलाई सरकारबाट हटाउने खेल निकै नै चुनौतिपूर्ण बन्न पुगेपछि प्रधानमन्त्री कोइरालाले ०५७ माघ २५ गते झण्डै दश महिना पुरानो आफ्नो मन्त्रिमण्डल पुनर्गठन गर्नु भयो। मन्त्रिमण्डलको आकार बढाएर २५ सदस्यीयबाट ३७ सदस्यीय बनाइयो। जसमा १८ मन्त्री, १४ राज्यमन्त्री र ५ सहायक मन्त्री रहेका थिए। कांग्रेसका असन्तुष्ट पक्षलाई समेत समेटिएको भनिए पनि यो पुनर्गठन पछि असन्तुष्ट पक्ष सरकारप्रति झनै असन्तुष्ट बन्न पुगेको थियो।

सरकार आफैं भ्रष्टाचारमा मुछिएको र मुलुकमा सुशासन कायम गर्न असफल रहेको आरोप लगाउँदै सम्पूर्ण विपक्षीले राजिनामा माग गरिरहेको र आफ्नै पार्टी भित्रको असन्तुष्ट पक्ष पनि सरकार गिराउने खेलमा लागिरहेको अवस्थामा ०५७ साउन ४ गते प्रधानमन्त्री कोइरालाले राजिनामा गर्नुभयो। उहाँले प्रधानमन्त्री पदको निरन्तरताभन्दा मुलुकका सामु विद्यमान चुनौतिलाई समाधान गर्न नयाँ पहल र भूमिकालाई प्राथमिकता दिन आफूले पदबाट राजिनामा गरेको कुरा व्यक्त गर्नु भएको थियो।

०५७ साउन ७ गते कांग्रेस संसदीय दलको नेताका लागि भएको निर्वाचनमा सुशील कोइराला र शेरबहादुर देउवाका बीच भएको प्रतिस्पर्धामा देउवा भारी बहुमतका साथ विजयी बन्नु भयो। सोही दिन प्रधानमन्त्रीमा नियुक्त हुनु भएका देउवाले साउन १० गते १३ सदस्यीय मन्त्रिपरिषद्को गठन गर्नु भएको थियो।

यो सरकारको सन्दर्भमा पनि गठनको लगत्तैदेखि कांग्रेसभित्रैबाट विरोध शुरू भएको थियो। त्यो विरोधलाई कम गर्ने र सरकारलाई टिकाइ राख्ने उद्देश्यले प्रधानमन्त्री देउवाले ०५८ मंसिर ३ गते मन्त्रिपरिषद्को पुनर्गठन गरी ४१ जनाको मन्त्रिपरिषद्को गठन गर्नुभयो। यो मन्त्रिपरिषद् मुलुकका लागि ठूलो बोझ बन्न पुगेको टिप्पणी सर्वत्रबाट भयो। मन्त्रिपरिषद्को आकार सानो हुनु पर्ने र त्यसको संख्या संविधानमै किटान गरिनु पर्ने धारणा सत्तारूढ कांग्रेस सभापति कोइरालाले समेत उठाउनु भएको थियो।

यसरी सन् २००१ मा नेपाली कांग्रेसकै दुईवटा सरकार मुलुकको शासन-सत्तामा रहे। शुरूको करीब ६ महिनामा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा र पछिको करीब ६ महिना शेरबहादुर देउवाको नेतृत्वमा सरकार संचालन भएको थियो।

सरकारका घोषणा र प्रतिबद्धता

यो वर्षको पहिलो ६ महिना सरकारको नेतृत्व गर्नु हुने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको कुर्सीमा बस्नुभन्दा अघिदेखि नै मुलुकलाई संकटबाट मुक्त गर्नका लागि आफू प्रधानमन्त्री बन्न लागेको बताउनु भएको थियो। प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि पनि उहाँले त्यही नै कुरा दोहोर्‍याउनु भएको थियो। उहाँले मुलुकका जल्दाबल्दा समस्याहरूको समाधानकै लागि कृष्णप्रसाद भट्टराईलाई हटाएर आफू प्रधानमन्त्री बन्न पुगेको कुरा सार्वजनिक गर्नु भएको थियो।

प्रधानमन्त्री बनेपछि कोइरालाले ०५६ चैत ११ गते देशवासीका नाममा व्यक्त गर्नु भएको मन्तव्यमा मुलुकमा शान्ति सुरक्षा कायम गर्ने, भ्रष्टाचार निर्मूल गर्ने, विपन्न नागरिकको जीवनस्तर उकास्ने, महिलालाई पैतृक सम्पत्तिमा छोरा सरह हक प्रदान गर्न कानुनको निर्माण गर्ने लगायतका घोषणाहरू गर्नु भएको थियो। अनेकौं संकटहरूमा मुलुक जेलिएको र त्यस्ता संकटबाट मुलुकलाई मुक्त गर्ने एकमात्र उद्देश्य आफ्नो रहेको घोषणा पनि प्रधानमन्त्री कोइरालाले गर्नु भएको थियो।

त्यस्तो घोषणासहित प्रधानमन्त्री बन्नु भएका कोइरालाले प्रधानमन्त्री बनेको एक वर्षपछि ०५८ वैशाख १ गते नव वर्षको सन्दर्भमा देशवासीका नाममा सन्देश दिने क्रममा मुलुकलाई संकटबाट मुक्त गराउने अर्को संकल्प गर्नु भएको थियो। देश हिंसा र आतंकको गहिरो चपेटामा नराम्रोसंग फसेको, माओवादी भन्नेहरूले मच्चाएको आतंकपूर्ण व्यवहार र जघन्य हिंसाको श्रृङ्खलाले निर्दोष जनता र प्रहरीहरूको निर्मम हत्या भइरहेको, जनताको सम्पत्ति लुट्ने र डढाउने जस्ता दुष्कर्महरू जारी रहेको, भ्रष्टाचार र अनैतिकतालाई समाप्त गर्नु अत्यावश्यक भएको कुरा प्रधानमन्त्रीले बताउनु भएको थियो। उहाँले भन्नुभएको थियो- "देश अहिले संकटमा छ। यो चुनौतिको बेलामा पनि नचेत्ने, नबुँझने र आत्मकेन्द्रित हुने हामी कसैको व्यवहार पनि क्षम्य हुने छैन। अनुशासन, कठोर परिश्रम र बलिदानका निम्ति आफूलाई तत्पर नराख्नेहरू प्रजातन्त्र, आर्थिक प्रगति र सामाजिक परिवर्तनको हाम्रो सपना र हाम्रो आन्दोलनका बाहक हुन सक्दैनन्। संकल्प र चेतावनीको यो स्वर र निर्णय प्रधानमन्त्रीका रूपमा मेरा आफ्नै लागि पनि हो, मेरा साथीहरूका लागि पनि हो, तथा प्रजातन्त्रका विरूद्ध मनपरितन्त्र मच्चाउने जोसुकै व्यक्ति र प्रवृत्तिका लागि पनि हो। देशलाई यो संकटबाट पार लगाउने दायित्व र चुनौतिलाई मैले बोकेको छु। नेपाललाई हिंसा र आतंकबाट मुक्त पारेर शान्ति र समृद्धिको बाटोमा लैजानेतर्फ नै यतिखेर हाम्रा सबै प्रयास केन्द्रित हुनुपर्छ। हाम्रो राष्ट्रियता र स्वाभिमानलाई अझ माथि उठाउन तथा संकटतर्फ धकेलिएको मुलुकलाई शान्ति, प्रगति, न्याय र समृद्धिको राजमार्गतर्फ उन्मुख गराउन सकें भने मात्र पनि मलाई मेरो दायित्व निर्वाह गरेको सन्तोष हुनेछ।"

यसरी राष्ट्रलाई संकटबाट मुक्त गर्ने "संकल्पयुक्त" सन्देश जारी गरेको दुई महिनापछि ०५८ असार ११ गते प्रधानमन्त्री कोइरालाले संसदमै अर्को घोषणा गर्नुभयो। "राष्ट्रिय

सहमति" का नाममा प्रधानमन्त्रीले गर्नु भएको घोषणामा चौध वटा बुँदाहरू समावेश थिए। संविधानप्रदत्त प्रधानमन्त्रीका अधिकारहरूलाई अझै स्पष्ट बनाई प्रधानमन्त्रीको सिफारिस कार्यान्वयनका सम्बन्धमा विगतमा भएका अदालतका निर्णय र सरकारका व्यवहारहरूले जन्मेको द्विविधा अन्त्य गर्न कानुनी एवं संवैधानिक उपचारको खोजी गर्ने, सरकार तथा प्रतिपक्षका बीचको सम्बन्ध र व्यवहारलाई व्यवस्थित र पारदर्शी बनाउन, न्यूनतम नीतिगत समझदारी कायम गर्ने, निष्पक्ष निर्वाचनका लागि सर्वदलीय समितिले दिएको सुझाव कार्यान्वयन गराउन र हिंसा-आतंककलाई नियन्त्रण गर्न उपयुक्त कानुनी एवं सरकारद्वारा ल्याइएको एकीकृत आन्तरिक सुरक्षा र विकास योजनामा सबै पार्टीहरूको सामूहिक प्रतिबद्धताका साथै आवश्यक पर्ने अन्य साझा कार्यक्रमका लागि सर्वदलीय सहमति कायम गर्न भनेर प्रधानमन्त्री कोइरालाले राष्ट्रिय सहमतिका लागि आह्वान गर्नु भएको थियो।

प्रधानमन्त्री कोइरालाले आफ्नै चौध बुँदे राष्ट्रिय सहमतिका प्रस्तावहरूमा उद्योग, व्यापार, पर्यटन लगायत आर्थिक गतिविधि एवं सर्वसाधारण नागरिकका जीवनमा प्रतिकूल प्रभाव पार्ने हड्ताल एवं बन्द जस्ता गतिविधिलाई कमसेकम दश वर्षका लागि बन्द गर्न सबै पार्टीहरूले सामूहिक प्रतिबद्धता व्यक्त गरी आगामी दशकलाई राष्ट्रिय आर्थिक पुनर्निर्माणको दशक घोषणा गर्ने, भ्रष्टाचार नियन्त्रण निम्ति संसदमा प्रस्तुत विधेयकलाई व्यावहारिक रूपले नै परिणाम देखिने किसिमले वर्तमान चुनौतिसंग सामना गर्न सक्ने गरी यसै अधिवेशनमा पारित गर्ने, राजनीतिक पार्टी संचालन सम्बन्धी विषयलाई थप उत्तरदायी र पारदर्शी बनाउने गरी संसदमा रहेको विधेयकलाई टुंगो लगाउने, शैक्षिक समस्याको समाधानका लागि एकीकृत दृष्टिकोण निर्माण गर्न दलीय राजनीतिदेखि शिक्षा क्षेत्रलाई मुक्त राख्न सर्वदलीय समझदारी कायम गर्ने, नागरिकताको प्रमाणपत्र दिने सम्बन्धी विवादलाई कानुनी रूपमा समेत समाधान गर्न आवश्यक सबै प्रयत्न गर्ने बारे सहमति कायम गर्ने र तदनुरूप कानुनी प्रबन्ध गर्ने कुरा पनि प्रस्तुत गर्नु भएको थियो। यसैगरी, आधारभूत रूपमा नै भूमि सम्बन्धी व्यवस्थामा सुधार गर्न आजसम्म प्राप्त सुझाव र प्रतिवेदनहरूलाई समेत ध्यानमा राखी समयबद्ध कार्यक्रम बनाउन, पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकार स्थापित गर्न, छुवाछूत, सामाजिक भेदभाव र शोषण समाप्त गर्न, कर्मचारीहरूलाई राजनीतिक दलको प्रतिस्पर्धा र विवादमा संलग्न नगर्नका लागि राजनीतिक पार्टीहरूले विभिन्न कर्मचारी, संघ, संगठनलाई भातृसंस्थाको रूपमा आबद्ध नगर्ने निर्णय गर्न र सरकारी स्वामित्व वा अर्धस्वामित्वमा रहेका संस्थान, संघ संस्था तथा प्रतिष्ठानहरूको दक्षता अभिवृद्धि गर्न सबै पार्टीहरू प्रतिबद्ध भई राजनीतिक आस्थाको आधारमा यस्ता संस्थाहरूमा आफ्नो दृष्टिकोण बनाउने काम नगर्न समेत सहमति कायम गरौं भन्दै प्रधानमन्त्री कोइरालाले राष्ट्रिय सहमतिका बुँदाहरू प्रस्तुत गर्नु भएको थियो।

श्री ५ को सरकारद्वारा संसदको संयुक्त बैठकमा ०५८ असार १५ गते प्रस्तुत नीति तथा कार्यक्रम र असार २५ गते प्रस्तुत वार्षिक बजेटमा पनि हत्या-हिंसालाई रोकी जनताको जीउधनको सुरक्षा गर्ने, भ्रष्टाचार र अनियमितता रोक्ने, जनतामा प्रत्यक्ष राहत पुऱ्याउने खालका कार्यक्रमहरू संचालन गर्ने र विकास निर्माणलाई तीव्रता दिने कुरा उल्लेख गरिएका थिए। दुर्गम र पिछडिएका जनताको सुविधाका लागि विशेष कार्यक्रम संचालन गर्ने, गरीब जनताको जीवनस्तर उठाउने खालका उत्पादनमूलक योजनाहरूलाई प्राथमिकताकासाथ तत्काल लागू गर्ने, दलितहरूको उत्थान र सामाजिक परिवर्तनका लागि प्रभावकारी कदमहरू चालिने लगायतका विषय पनि सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत् घोषणा गरिएका थिए।

विभिन्न आरोपका साथ संसदभित्र तथा बाहिरबाट समेत राजिनामाका लागि कडा दबाब परेपछि र संसद एवं सरकार संचालनमा समेत कठिनाइ उत्पन्न हुन पुगेपछि ०५८ साउन ४ गते प्रधानमन्त्री कोइरालाले राजिनामा दिनु भयो। साउन ५ गते शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त हुनु भयो। प्रधानमन्त्री नियुक्त भएको लगत्तै उहाँले पनि मुलुकमा विद्यमान हत्या-हिंसालाई समाप्त पार्ने, माओवादी समस्यालाई वार्ताबाटै टुंगो लगाउने, भ्रष्टाचार निर्मूल गर्ने, सम्पूर्ण भेदभावको अन्त्य गर्ने, गरीब, विपन्न र पिछडिएका जनताको पक्षमा महत्वपूर्ण कार्यहरू आरम्भ गर्ने घोषणा गर्नु भएको थियो। त्यस्तै, प्रधानमन्त्री नियुक्त भएको भोलिपल्टै देउवाले सरकारको तर्फबाट माओवादी विरूद्धको कार्वाही रोकेको घोषणा गर्दै माओवादीलाई पनि आफ्ना कार्वाही रोकी वार्तामा आउन सार्वजनिक आह्वान गर्नु भएको थियो।

प्रधानमन्त्री देउवाको विशेष घोषणा

प्रधानमन्त्री नियुक्त भएको चार हप्ता पछि बीसौं अधिवेशनकै समयमा ०५८ साउन ३२ गते देउवाले आर्थिक, सामाजिक सुधारका दृष्टिले निकै नै महत्वपूर्ण घोषणा गर्नुभयो। हाम्रो राष्ट्रिय जीवनको सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी संसदीय प्रजातन्त्रलाई सर्वोत्तम र लोककल्याणकारी शासन व्यवस्थाका रूपमा स्थापित गर्नु र यसैको माध्यमबाट राष्ट्रका आधारभूत राजनीतिक, सामाजिक तथा आर्थिक समस्याहरूको समाधान हुन सक्दछ भन्ने जनविश्वासलाई अझ दरिलो तुल्याउँदै लैजानु सबैको दायित्व भएको बताउँदै प्रधानमन्त्री देउवाले सामाजिक, आर्थिक सुधारका आठ बुँदे घोषणा संसदमार्फत् सार्वजनिक गर्नु भएको थियो। यस अघिका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसदको बीसौं अधिवेशनको आरम्भमा ०५८ असार ११ गते सदनमा प्रस्तुत गर्नु भएको चौध बुँदे राष्ट्रिय सहमतिको कार्यक्रम र त्यसमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) सँग भएको सहमति, छलफल तथा प्राप्त परामर्शबाट थपिएका तीन बुँदा र संसदमा रहेका अन्य विपक्षी दलहरूको समेत सल्लाह-सुझाव अनुसार श्री ५ को सरकार

मुलुकको आर्थिक, सामाजिक सुधारको अभियानलाई तीव्रताकासाथ अघि बढाउने निर्णयमा पुगेको कुरा पनि प्रधानमन्त्री देउवाले बताउनु भएको थियो।

उक्त घोषणामा प्रधानमन्त्री देउवाले क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्ने कुरालाई सबैभन्दा महत्वकासाथ प्रस्तुत गर्नु भएको थियो। कांग्रेस पार्टीले जन्मकालदेखि नै अख्तियार गरेको क्रान्तिकारी भूमिसुधारको अवधारणा र ०१५ सालको प्रथम संसदीय आम निर्वाचनपश्चात् गठित वी. पी. कोइरालाले नेतृत्व गर्नु भएको सरकारको पालामा थालिएका कार्यहरू र लिइएका कतिपय निर्णयहरूको थप कार्यान्वयनको क्रमलाई अघि बढाउँदै हाल विद्यमान जमिनको हदबन्दी घटाउने लगायतका नयाँ आवश्यकता र औचित्य सहितको परिवर्तनकारी भूमिसुधार कार्यक्रम तत्काल लागू गर्ने घोषणा प्रधानमन्त्री देउवाले गर्नु भएको थियो। अधिराज्यभर जग्गा जमिनको बेचबिखन गर्न र नामसारी गर्न समेत सोही मितिदेखि रोक लगाइएको थियो। यसबाट भूमिहीन, गरीब र आर्थिक दृष्टिकोणले एकदमै पछाडि परेका जनतालाई जग्गा उपलब्ध गराउने व्यवस्थाका साथै भूमिपतिको श्रम, सीप र पूँजीलाई समेत उत्पादनशील कार्यमा प्रयोग गरी समतामूलक समाजको निर्माण र राष्ट्रको समृद्धि बढाउने अभियानमा बल पुग्ने विश्वास गरिएको थियो।

नेपालको सामाजिक व्यवस्थामा लामो समयदेखि रहेको मानवीय भेदभावको गलत परिपाटी एवं कलंकका रूपमा रहेको छुवाछूतलाई व्यवहारिक रूपमा नै तत्काल समाप्त पार्नु ऐतिहासिक दायित्व हो। यसै क्रममा शताब्दीयौंदेखि बलपूर्वक पछाडि पारिएका मुलुकभरका सम्पूर्ण दलितलाई न्यायपूर्ण राजनीतिक, सामाजिक व्यवस्थाको अभिन्न अंगको रूपमा स्थापित गर्न एवं समान र आत्मसम्मानकासाथ सामाजिक सहकार्य गर्न विभिन्न मठ, मन्दिर, धार्मिक पूजास्थलहरू लगायतका सबै प्रकारका सार्वजनिक ठाउँहरूको प्रवेशमा कसैले पनि कुनै प्रकारको अवरोध गर्न नपाउने घोषणा सरकारले गरेको थियो। सामाजिक विभेद र छुवाछूत प्रथालाई निरन्तरता दिने कार्यलाई सोही घोषणाको दिनदेखि नै कडा दण्डनीय अपराध सरह मानी कार्वाही गर्ने व्यवस्था समेत गरिएको घोषणा प्रधानमन्त्रीले गर्नु भएको थियो। छुवाछूत प्रथालाई पूर्ण रूपमा समाप्त पार्न आवश्यक कानुन तर्जुमा गर्ने र दलित वर्गको वृहत्तर कल्याणका लागि निरन्तर काम गर्न दलित सम्बन्धी राष्ट्रिय आयोग गठन गर्ने घोषणा पनि त्यस अवसरमा गरिएको थियो।

संसदको बीसौं अधिवेशनबाटै महिलाहरूलाई छोरा सरह सम्पत्तिमा समान अधिकार स्थापित गराउने विधेयक पारित गर्ने र विभिन्न सन्दर्भहरूमा विद्यमान महिला र पुरुष बीच विभेद उत्पन्न गर्ने व्यवस्थालाई शीघ्र हटाउन आवश्यक कानुनको तर्जुमा गर्ने निर्णय भएको घोषणा पनि प्रधानमन्त्रीले गर्नु भएको थियो। महिलालाई अपमानित गर्ने, दमन गर्ने, पारिवारिक हिंसाको शिकार बनाउने, दाइजो-दहेज प्रथाबाट शोषण गर्ने तथा कुनै पनि बहानामा महिलालाई शोषण गर्ने प्रयोजनका लागि प्रयोग गर्ने लगायतका सबै कार्यलाई बन्द गरी त्यसलाई दण्डनीय समेत बनाउने र महिला हकहितको लागि स्थायी रूपमा कार्य गर्न छुट्टै ऐन मार्फत् राष्ट्रिय महिला आयोग गठन गरिने, त्यसका लागि बीसौं अधिवेशनमै विधेयक प्रस्तुत गरिने घोषणा पनि गरिएको थियो।

अहिलेको आर्थिक, सामाजिक कारणबाट पछाडि परेका विभिन्न आदिवासी तथा जनजातिको धर्म,संस्कृति एवं भाषाको उत्थान तथा विकासका लागि बीसौं अधिवेशनबाट विधेयक पारित गरी अधिकार सम्पन्न प्रतिष्ठान स्थापना गर्ने घोषणा समेत गरिएको थियो। यसैगरी, शताब्दीयौंदेखि सामाजिक, आर्थिक र राजनीतिक अधिकार तथा अवसरहरूबाट वंचित भएका महिला, दलित, जनजाति एवं आदिवासीलाई शिक्षा एवं रोजगारीका लागि विशेष संरक्षण र अवसर दिन अनि देश विकासमा निर्णय लिने प्रक्रियामा समेत विशेष अवसर उपलब्ध गराउन आगामी २५ वर्षसम्म संचालन हुने सामाजिक, आर्थिक रूपान्तरणको एउटा विशेष कार्ययोजना पनि बीसौं अधिवेशनमै घोषणा गर्ने निर्णय सरकारले गरेको प्रधानमन्त्रीले बताउनु भएको थियो। भ्रष्टाचारलाई कडा दण्डनीय अपराध बनाउन विद्यमान सबै कानुनहरूको पुनरावलोकन गर्ने र अवैध एवं गैर कानुनी रूपमा भ्रष्टाचार गरी आर्जन गरेको सम्पत्ति जफत गरी कडा कार्वाही गर्ने तर्फ संसदमा प्रस्तावित विधेयकलाई पारित गराउनुका साथै यस सम्बन्धमा थप आवश्यक कानुनी व्यवस्थाको तर्जुमाका लागि समेत सरकारले निर्णय गरिसकेको जानकारी दिइएको थियो।

कमैया मुक्तिको घोषणा अनुरूप जग्गा विहीन मुक्त कमैयाहरूलाई जग्गा उपलब्ध गराउन र घर निर्माणका लागि राज्यबाट प्रदान गरिने सहयोगलाई अझ तीव्रता प्रदान गर्दै ०५८ माघ मसान्तभित्र सो कार्य सम्पन्न गरिसक्ने घोषणा गरिएको थियो। साथै, वास्तविक सुकुम्बासीहरूको पहिचान गरी भूमिहीनहरूका लागि जग्गा धनी प्रमाणपत्र उपलब्ध गराउने कार्यलाई पनि चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने घोषणा भएको थियो। स्वच्छ र निष्पक्ष निर्वाचनका लागि संसदबाटै गठित निर्वाचन सुधार सम्बन्धी उच्चस्तरीय समितिबाट प्राप्त हुने प्रतिवेदन उपयुक्त कानुनी व्यवस्थाको आधारमा कार्यान्वियन गरिने घोषणा पनि प्रधानमन्त्री देउवाले गर्नु भएको थियो।

सार्थक कार्यान्वियन विनाका घोषणाहरु

प्रजातान्त्रिक संविधान अनुरूप गठित सरकार हरेक कुरामा पारदर्शी र जनताका दृष्टिमा विश्वासिलो हुनु पर्दछ। सरकार जे बोल्छ र जे गर्छ त्यो सबै जनतालाई जानकारी हुनुपर्छ। सरकारले जे घोषणा गर्छ वा योजना बनाउँछ तोकिएको समयावधिभित्र त्यसको कार्यान्वियन पनि भैसक्नु पर्दछ। अन्यथा सरकारप्रति जनताको विश्वास रहँदैन। जनताको विश्वास नरहेको सरकार टिक्न पनि सक्दैन। नेपालका अहिलेसम्मका सबैजसो सरकार जनविश्वास आर्जन गर्ने

काममा धेरै पटक चुक्न पुगेका छन्।

सत्ता उन्मुख पार्टीले सत्तामा पुग्नको लागि अनि सत्तामा पुगेको पार्टीले वा सरकारले सत्तामा टिक्नको लागि र सस्तो लोकप्रियताको लागि थुप्रै मीठा घोषणा गर्ने गरेका छन्, जुन घोषणा कहिल्यै कार्यान्वयन हुँदैनन्। नेपालमा यस्तै नै भैरहेको छ, सरकार र सत्तारूढ पार्टीप्रति जनताको विश्वास शुरूमा राम्रै रहे पनि पछि क्रमशः घट्दै जाने गरेको छ। आफ्ना घोषणाको कार्यान्वयनप्रति सरकार स्वयं प्रतिबद्ध नरहेका असंख्य उदाहरण छन्। त्यस्ता उदाहरणका कारण सरकारले जतिसुकै महत्वपूर्ण घोषणा गरे पनि त्यसप्रति जनताको ध्यान गम्भीरतापूर्वक आकृष्ट हुने गरेको देखिँदैन। श्री ५ को सरकारले गरेका घोषणाप्रति जनताले खासै चासो दिने गरेका छैनन्। विगतमा आफ्ना योजना र घोषणालाई सरकारले पूरा नगरेको स्थितिलाई देखेर नै यो वर्ष पनि सरकारका कतिपय महत्वपूर्ण निर्णय, घोषणा र योजनाप्रति जनताले चासो दिएको देखिएन। आफ्ना निर्णय र घोषणालाई कार्यान्वयन गरेर जनतामा आफूप्रति विश्वास एवं भरोसा जगाउने प्रयास यो वर्ष पनि सरकारले गरेन।

देउवा-घोषणाको पनि कार्यान्वयन भएन

प्रधानमन्त्री शेरबहादुर देउवाले आठ बुँदे घोषणा प्रस्तुत गर्नु भयो। उहाँको घोषणाको लगत्तै मुलुकमा तदारूकताकासाथ अनेकौं परिवर्तन हुन लागेको हो कि भन्ने सनसनी देशभरि फैलियो। ०५८ साउन ३२ गते प्रतिनिधि सभाको रोष्ट्रममा उभिएर "विशेष घोषणा" को रूपमा उहाँले प्रस्तुत गर्नु भएको आठ वटा बुँदालाई सुनेर नेपाली कांग्रेसका सांसदहरू मात्र आश्चर्यमा परेनन्, कांग्रेसका वरिष्ठ नेताहरूसमेत आश्चर्यमा परे। लगभग भदौ महिनाभरि नै प्रधानमन्त्री देउवाको वाहवाही चल्यो। देशभरका जनताले उहाँको घोषणाको दृढतापूर्वक समर्थन गरे। वामपन्थी पार्टीहरू एवं तिनका जनवर्गीय संगठनहरू त्यो घोषणाको समर्थन गर्दै र तत्काल कार्यान्वयनको माग गर्दै सडकमा समेत उत्रिए।

प्रधानमन्त्री देउवाले केही महत्वपूर्ण कामहरू सम्पन्न गर्ने घोषणा गरे पनि त्यो घोषणाको कार्यान्वयन गर्ने सवालमा भने उहाँ अत्यन्तै फितलो देखिनु भयो। उहाँले लोकप्रिय घोषणा त गर्नुभयो तर केही समयपछि आफ्नो घोषणा अनुरूप काम गर्न उहाँ आफैं अनिच्छुक बनेको महसुस भयो। परिवर्तनकारी भूमिसुधारका नाममा बडाल आयोगका अनुसार हैन नेपाली कांग्रेस पार्टीको निर्णय अनुसार जमिन्दारहरूकै हितमा विधेयक पारित गराउने काम देउवाले गर्नुभयो। छुवाछूतको अन्त्य गरेर दलित आयोगको गठन गर्ने काम सन् २००१ को अन्त्यसम्ममा हुन सकेन। छोरीलाई पैतृक सम्पत्तिमा छोरा सरह हक प्रदान गर्ने भन्ने आफ्नो घोषणालाई उहाँ आफैले बिर्सिएर महिलालाई समान हक दिनबाट फेरि पनि वंचित गर्ने विधेयक पारित गर्न प्रधानमन्त्री देउवा अग्रसर हुनुभयो भने विधिवत महिला आयोग गठन गर्ने काम पनि यो वर्ष (सन् २००१) हुन सकेन। यसैगरी महिला आयोगको गठन सन् २००१ मा हुन सकेन। यो वर्ष भ्रष्टाचार नियन्त्रण गर्न कानुनी व्यवस्था गर्ने र कमैयालाई जग्गा उपलब्ध गराउने भन्ने घोषणा समेत यो वर्ष पूर्ण कार्यान्वयनमा आएन।

यस, अघि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकार र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का बीच ०५८ असारको पहिलो सातामा "सत्र बुँदे सहमति" भएको थियो। मुलुकलाई ठोस परिवर्तनतर्फ अग्रसर गराउने र जनताको प्रत्यक्ष हितका लागि आर्थिक, सामाजिक सुधारका विभिन्न कार्यक्रमहरू शुरू गर्ने उद्देश्यले खासगरी एमालेको दबाबपूर्ण सक्रियतामा उक्त सहमति भएको थियो। त्यो सहमतिलाई लागू गर्ने प्रतिबद्धता कोइराला सरकारले संसदबाटै गरे पनि कार्यान्वयन शुरू भएको थिएन। कोइरालाको राजिनामापछि प्रधानमन्त्री भएको चौथो हप्तामा शेरबहादुर देउवाले सोही सहमतिका सत्र वटा बुँदा मध्ये केहीलाई समेटेर आफ्नो "विशेष घोषणा" जारी गर्नु भएको थियो, जसमा एमाले सरकारद्वारा ०५१ सालमा केशवप्रसाद बडालको नेतृत्वमा गठित आयोगले प्रस्तावित गरेको हदबन्दीमा आधारित क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागू गर्ने भन्ने बुँदा सबभन्दा महत्वपूर्ण थियो।

प्रधानमन्त्री देउवाको यो घोषणा कार्यान्वयन गर्नकै लागि साँच्चिकै इमान्दारितापूर्ण अठोटकासाथ गरिएको थियो भने यो घोषणा मुलुकलाई परिवर्तनतर्फ तत्कालै अगाडि बढाउने न्यायपूर्ण सामाजिक, आर्थिक सुधारको एउटा ऐतिहासक कदम सावित हुने निश्चित नै थियो। तर त्यसो हुन सकेन।

सरकार-माओवादी वार्ता

"जनयुद्ध" का नाममा माओवादी हिंसात्मक क्रियाकलाप शुरू हुने बित्तिकै समाधानको उचित उपाय अवलम्बन गरिएको भए यो आज यति जटिल बन्ने अवश्य नै थिएन। यो समस्याका बारेमा सरकारसंग स्पष्ट दृष्टिकोण नहुनु र शुरूमा घटनालाई हल्काफुल्का रूपमा लिएर राज्यशक्तिकै भरमा समाधान गर्ने अराजनीतिक शैली अपनाउनुले नै समस्या जटिल बन्न पुगेको देखिन्छ।

सरकारले दमनबाटै माओवादी जनयुद्धलाई तह लगाउने उद्देश्यले प्रहरी अप्रेशन शुरू गरेपछि माओवादी र प्रहरीबीच भिडन्त शुरू भयो। धेरैको ज्यान गयो। समस्या झनै जटिल बन्न पुग्यो। समस्याको समाधानका लागि राजनीतिक ढंगबाट शान्तिपूर्ण बाटो पनि अवलम्बन गर्नु पर्ने माग सबैतिरबाट बढेपछि नेपाली कांग्रेसका शीर्ष नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको सरकारले ०५६ मंसिर १४ गते शेरबहादुर देउवाको संयोजकत्वमा माओवादी समस्या समाधानका बारेमा एक उच्चस्तरीय समिति गठन गरेको थियो। उक्त समितिले विभिन्न राजनीतिक पार्टीहरूसंग छलफल गरी राय समेत लिएर प्रतिवेदन तयार गरेको थियो। देउवा समितिले पनि समस्या समाधानका लागि शान्तिपूर्ण राजनीतिक पहलको आवश्यकता दर्शाउँदै प्रतिवेदन तयार गरेको थियो। हिंसात्मक

गतिविधि शुरू गरेको चार वर्षपछि माओवादीहरू पनि वार्तागर्ने कुरामा सरकारसंग सकारात्मक सोचाई राख्न पुगेका थिए।

भट्टराईको नेतृत्वमा रहेको सरकार र माओवादी बीच वार्ताको वातावरण बन्दै गएको वेला सरकार परिवर्तन हुन पुग्यो। गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अर्को सरकार गठन भएपछि सरकार-माओवादी वार्ताको चर्चा पनि केही समयसम्म त्यसै सेलाएको थियो। केही समयपछि फेरि वार्ताको प्रयास शुरू भएपछि उपप्रधानमन्त्री रामचन्द्र पौडेल र माओवादीका नेता रविन्द्र श्रेष्ठबीच एकपटक अनौपचारिक वार्ता भएको चर्चा पत्रपत्रिकाले गरे। सरकारले ०५७ फागुन २३ गते भूमिगत माओवादीका करीब ३ सय गिरफ्तार नेता तथा कार्यकर्ताको स्थिति सार्वजनिक गऱ्यो। माओवादीले वार्ताको शर्तको रूपमा आफ्ना गिरफ्तार नेता तथा कार्यकर्ताको स्थिति सार्वजनिक गर्ने माग गरे अनुसार तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले गृह मन्त्रालयमै पत्रकार सम्मेलनको आयोजना गरी सो विवरण सार्वजनिक गर्नु भएको थियो। उपप्रधानमन्त्री पौडेल र माओवादी नेता रविन्द्र श्रेष्ठबीच अनौपचारिक वार्ता हुनु अघि वार्ताको वातावरण तयार गर्नका लागि माओवादीले यो विवरण सार्वजनिक गर्न माग गर्दै आएको थियो। माओवादी बन्दीको स्थिति सार्वजनिक गरिए पनि वार्ता भने शुरू भएन। फेरि सरकार परिवर्तन हुन पुग्यो। शेरबहादुर देउवाको नेतृत्वमा अर्को सरकार गठन भयो।

प्रधानमन्त्री नियुक्त हुने वित्तिकै देउवाले आफ्नो प्रमुख काम वार्ताद्वारा माओवादी समस्या समाधान गर्नु रहेको बताउनु भयो। प्रधानमन्त्रीमा नियुक्त भएर शपथ ग्रहण नगर्दै ०५८ साउन ६ गते सार्वजनिक वक्तव्यद्वारा देउवाले माओवादीलाई हिंसा त्यागी शान्तिपूर्ण वार्तामा सामेल हुन आग्रह गर्नुभयो। माओवादीका अध्यक्ष प्रचण्डले पनि आफ्नो पार्टी सशस्त्र कार्वाही स्थगित गरेर वार्तामा सामेल हुन तयार रहेको वक्तव्य जारी गर्नु भएको थियो।

माओवादीले सरकारसंग वार्ताका लागि विश्वसनीय वातावरण तयार गर्न चारवटा शर्त प्रस्तुत गरेको थियो। तिनमा सम्पूर्ण बन्दीलाई रिहाइ गर्नु पर्ने, बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्नु पर्ने, सार्वजनिक सुरक्षा नियमावली २०५८ खारेज गर्नु पर्ने र विभिन्न ठाउँमा खटाइएका सैनिक टोली फिर्ता गर्नु पर्ने शर्तहरू थिए। दुवै पक्ष वार्तामा सामेल हुने वातावरण बन्दै गएपछि सरकारले मन्त्री चिरञ्जीवी वाग्लेको संयोजकत्वमा महेश आचार्य, चक्रप्रसाद बास्तोला, विजय गच्छेदार र नरहरि आचार्य रहेको पाँच सदस्यीय वार्ता टोली गठन गरेको थियो भने माओवादी पक्षबाट पनि कृष्णबहादुर महराको संयोजकत्वमा अग्नि सापकोटा र टोपबहादुर रायमाझी सदस्य रहेको तीन सदस्यीय वार्ता टोली गठन गरिएको थियो। वार्ताका लागि मानवअधिकारवादी दमननाथ ढुंगाना र पद्मरत्न तुलाधर मानवअधिकार संस्थाहरूका तर्फबाट सहजकर्ता तोकिएका थिए।

सरकारले माओवादीको शर्त अनुसार पहिलो चरणमा शान्ति सुरक्षा ऐन अन्तरगतका ३३ जना माओवादी बन्दीलाई रिहा गरेको थियो भने २ जनाको कैद मिनाहा र १८ जनाको मुद्दा फिर्ता गरेको थियो। त्यसरी सरकार पक्षबाट वार्ताको वातावरण तयार गर्ने काम अगाडि बढेपछि ०५८ भदौ १४ गते सरकार र माओवादी बीच पहिलो चरणको वार्ता सम्भव भएको थियो। स्मरणीय छ- गृह मन्त्रालयका अनुसार सरकार-माओवादी बीच पहिलो चरणको वार्ता हुनु अघिल्लो दिन ०५८ भदौ १३ गतेसम्ममा माओवादी गतिविधिको पाँच वर्षमा प्रहरीद्वारा मुठभेडमा १ हजार ६० जना माओवादीको हत्या भएको थियो भने माओवादीद्वारा ४ सय ४० जना प्रहरीको हत्या गरिएको थियो। माओवादीद्वारा मारिएका गैर प्रहरी नागरिकको संख्या ३ सय १७ थियो। यसरी १ हजार ८ सय १ जनाको ज्यान गइसकेको यथार्थलाई महसुस गर्ने हो भने सरकार-माओवादी वार्ता निकै ठूलो मूल्य चुकाइसकेको अवस्थामा हुन पुगेको थियो।

सरकार-माओवादी बीच पहिलो चरणको वार्ता ०५८ भदौ १४ गते गोदावरी भिलेज रिसोर्टमा सम्पन्न हुन पुगेको थियो। पहिलो चरणको वार्तापछि दुवै पक्षका वार्ता प्रमुखले संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गरी दुईवटा कुरामा सहमति भएको जनाएका थिए। पहिलो, वार्ताको शान्तिपूर्ण माध्यमबाट मुलुकका सबै मत-मतान्तर र समस्याको निकास खोज्ने सवालमा दुवैथरि प्रतिबद्ध रहेको र दोस्रो, अर्को चरणको वार्ता दुई हप्ताभित्र गर्ने सहमति बनेको कुरा संयुक्त विज्ञप्तिमा उल्लेख थियो।

दोस्रो चरणको वार्ता ०५८ भदौ २७ र २८ गते बर्दिया जिल्लाको ठाकुरद्वारामा भएको थियो। उक्त वार्तामा नेपाल अधिराज्यको संविधान ०४७ को खारेजी, संसद र सरकारको विघटन, गणतन्त्रको संस्थागत विकास र संविधान सभाको चुनाव जस्ता प्रस्तावलाई माओवादीका तर्फबाट राखिएको दावी माओवादी वार्ताकारहरूले गरेका थिए। तर, सरकार पक्षका वार्ताकारहरूले कुनै ठोस माग माओवादीहरूले वार्तामा प्रस्तुत नगरेको दावी गरेका थिए। दोस्रो चरणको वार्ताबाट पनि कुनै निष्कर्ष निस्किएन। यद्यपि, तेस्रो चरणको वार्ता गर्ने कुरामा भने दुवै पक्ष सहमत भएपछि दोस्रो चरणको वार्ता टुंगिएको थियो।

०५८ कार्तिक २५ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले सार्वजनिक वक्तव्यमार्फत् गणतन्त्रको माग स्थगित गरिएको घोषणा गर्नुभयो। त्यसको तीन दिनपछि ०५८ कार्तिक २८ गते ललितपुरको गोदावरी रिसोर्टमा तेस्रो चरणको वार्ता सम्पन्न भयो। त्यो वार्तामा माओवादी वार्ताकार र सरकार पक्षका वार्ताकारहरूले आ-आफ्ना भनाइहरू राखेपछि वार्ता निष्कर्षहीन रूपमा टुंगिएको थियो। तथापि, चौथो चरणको वार्तामा बस्ने दुवै पक्षको सहमतिमा त्यो वार्ता टुंगिएको थियो।

माओवादीद्वारा वार्ता भङ्ग

सरकार पक्षको दावी अनुसार श्री ५ को सरकार माओवादीले भने बमोजिम नै केही बन्दीहरू छोडेर चौथो

चरणको वार्ताका लागि वातावरण बनाउने प्रयासमा लागिरहेको थियो। तर, तेस्रो चरणको वार्ता सकिएको ७ दिनछि ०५८ मंसिर ६ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले वक्तव्य जारी गरी वार्ताको औचित्य समाप्त भएको एकतर्फी घोषणा गर्नुभयो। सरकार-माओवादी वार्ताका कारण ०५८ साउन ८ गते देखिको युद्धविराम प्रचण्डको वक्तव्यसँगै एकतर्फी रूपमा भङ्ग हुन पुगेको थियो। सरकार र माओवादी दुवैले वार्ताको अवधिभर आ-आफ्नो पक्षबाट कुनै कार्वाही नचलाउने घोषणा गर्दागर्दै वार्ताको अवधिभर पनि हत्या, कुटपिट, अपहरण, जबरजस्ती चन्दा असुली जस्ता क्रियाकलाप गर्दै आएको माओवादीले एकतर्फी रूपमा वार्ता भङ्ग गरेको लगत्तै ठूलै हिंसात्मक कार्वाही शुरू गरेको थियो। वार्ता भङ्ग गरिएको भन्ने माओवादी अध्यक्ष प्रचण्डको घोषणाको पर्सिपल्टै देखि देशका विभिन्न भागमा माओवादीबाट भएको हिंसात्मक कार्वाहीमा मंसिर ८ गतेदेखि ११ गतेसम्म चार दिनमै झण्डै तीनसय व्यक्तिको ज्यान गएको थियो। अर्बौं सम्पत्ति नष्ट हुन पुगेको थियो।

वार्ता भङ्ग गरेपछि माओवादीले पहिलो पटक आफ्नै तर्फबाट शाही नेपाली सेनामाथि आक्रमण गरे र शाही सेनालाई पनि माओवादी विरूद्ध मैदानमा उत्रिन चुनौति दिए। चार महिनाको युद्धविरामपछि पहिलो पटक दाङ, स्याङ्जा, सुर्खेत, दैलेख, बर्दिया, कैलाली, कंचनपुर, कालिकोट, संखुवासभा, ताप्लेजुङ्ग, मकवानपुर, चितवन लगायतका जिल्लामा माओवादीले आक्रमण गरेका थिए। मंसिर ८ गते राति दाङको घोराही स्थित शाही नेपाली सैनिक गुल्ममा आक्रमण गरी १४ जना सैनिक र प्रहरी कार्यालयमा आक्रमण गरी ९ जना प्रहरीको हत्या गरे। दाङको सैनिक गुल्मबाट माओवादीले ठूलो परिमाणमा हतियारहरू समेत लुटेर लगेका थिए। त्यहाँको भिडन्तमा माओवादीतर्फ २०/२५ जनाको मृत्यु भएको आशंका गरिएको थियो। सोही दिन स्याङ्जामा भएको माओवादीको आक्रमणबाट १४ जना प्रहरीको ज्यान गएको थियो। मंसिर १० गते राती माओवादीहरूले सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीमा गरेको सशस्त्र आक्रमणबाट प्रमुख जिल्ला अधिकारी बुद्धिसागर त्रिपाठी सहित २७ जना प्रहरी, मालपोत अधिकृत र ५ जना सैनिकको मृत्यु भएको थियो भने माओवादीहरू तर्फ पनि झण्डै २ सय जना भन्दा बढीको ज्यान गएको आशंका गरिएको थियो।

संकटकालको घोषणा /माओवादीहरु आतंककारी घोषित /नागरिकको मौलिक हक निलम्बित

वार्ता भङ्ग गरेर माओवादीहरूले सेनामाथि समेत सशस्त्र आक्रमण गर्दै ठूलो परिमाणमा जनधनमा क्षति पुऱ्याउन थालेपछि ०५८ मंसिर ११ गतेदेखि मुलुकमा संकटकाल लागू भएको घोषणा गर्दै माओवादीलाई राजनीतिक शक्ति हैन आतंककारी शक्ति घोषित गरियो। मन्त्रिपरिषद्को मंसिर ११ गतेको बैठकले श्री ५ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता एवं सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकोले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११५ को उपधारा १ बमोजिम नेपाल अधिराज्यभर संकटकालीन अवस्थाको आदेश जारी गरिबक्सन जाहेर गरेपछि श्री ५ बाट सोही दिनदेखि उक्त आदेश जारी भएको थियो। यस्तै, श्री ५ बाट सोही दिन संविधान बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा "आतंककारी तथा विध्वसंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश २०५८" जारी भएको थियो।

नेपाल अधिराज्यको संविधान २०४७ को संकटकाल लागू भएको तीन महिनाभित्र प्रतिनिधि सभा सदस्यको उपस्थित संख्याको दुई तिहाईले अनुमोदन गर्नुपर्ने प्रावधान अनुसार २०५८ मंसिर ११ गते देखि लागू भएको संकटकाल तीन महिना पूरा हुनु अघिल्लो दिन २०५८ फागुन ९ गते संसदबाट अनुमोदत भयो।

श्री ५ को सरकारको सिफारिसमा श्री ५ बाट संविधानको धारा ११५ को उपधारा ८ बमोजिम संविधानको धारा १२ को उपधारा २ को खण्ड क, ख र घ, धारा १३ को उपधारा १ र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरिबक्सेको थियो। सरकारले संविधानको धारा ११५ को उपधारा ८ बमोजिम संविधानका ती धाराहरू निलम्बन गर्ने निर्णयका साथै नेकपा (माओवादी) समूह र सो समूहद्वारा संचालित गतिविधिमा प्रत्यक्ष वा अपत्यक्षरूपमा संलग्न वा सहयोग पुऱ्याउने व्यक्ति, संस्था वा समूहलाई आतंककारी घोषणा गर्ने निर्णय गरेको थियो।

संविधानको धारा १२ मा संविधानले व्यवस्था गरे अनुसारको मौलिक हक अन्तरगत स्वतन्त्रताको हक रहेको र त्यसको उपधारा २ मा नागरिकहरूको स्वतन्त्रताको हक रहेको छ। त्यस अनुसार खण्ड (क) मा विचार अभिव्यक्तिको स्वतन्त्रता, खण्ड् (ख) मा विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा खण्ड (घ) मा अधिराज्यभर आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता रहेका छन्। यी कुराहरू निलम्बित भएका छन्।

धारा १३ को उपधारा १ मा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्नु पूर्व प्रतिबन्ध लगाइने छैन भन्ने प्रावधान रहेको छ। तर, संकटकालीन अवस्थाको घोषणा भएपछि सरकारले चाहेमा पत्रपत्रिकामा कुनै सामग्री प्रकाशन गर्नु पूर्व प्रतिबन्ध लगाउन सक्नेछ तर कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरे बापत छापाखाना बन्द वा जफत गरिने छैन र पत्रिकाको दर्ता खारेज गरिने छैन भन्ने घोषणा सरकारले गरेको छ। धारा १५ मा निवारक नजरबन्द विरूद्धको हक रहेको छ। सो धाराको उपधारा १ मा नेपाल अधिराज्यको सार्वभौमिकता, अखण्डता वा सार्वजनिक शान्ति एवं व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने कुरा उल्लेख छ भने उपधारा २ मा निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुन विपरित वा वदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था

रहेको छ। यी पनि निलम्बित भएका छन्।

सूचनाको हक सम्बन्धी संविधानको धारा १६ पनि निलम्बित रहेको छ। यो धारा अन्तरगत कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर यस धारामा लेखिएको कुनै कुराले कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाइएको मानिने छैन भन्ने कुरा उल्लेख छ। धारा १७ मा सम्पत्तिको हक रहेको छ। यो धाराको उपधारा १ मा सबै नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक निलम्वित गरिएको छ भने उपधारा २ को सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन भन्ने प्रावधान निलम्बित गरिएको छ। यसैगरी धारा १७ कै उपधारा ३ मा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै अधिकारको सिर्जना गर्दा दिनु पर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिए बमोजिम हुनेछ भन्ने कुरा पनि निलम्बित भएको छ।

धारा २२ मा गोपनियताको हक रहेको छ- जसमा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ भनिएको छ। यससँगै संवैधानिक उपचारको हक सम्बन्धी व्यवस्था रहेको धारा २३ पनि निलम्बित गरिएको छ।

सरकारको सिफारिसमा श्री ५ बाट मंसिर ११ गते नै जारी भएको आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश-०५८ अनुसार माओवादीहरू आतंककारी घोषित गरिएका छन्। सो अध्यादेशले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा नेपाल अधिराज्यको कुनै भागको शान्ति-सुरक्षा, विदेश स्थित नेपाली कुटनीतिक नियोग वा देशको सम्पत्तिको सुरक्षामा हातहतियार, विस्फोटक पदार्थ वा अन्य उपकरणको प्रयोगबाट खलल पार्ने वा आघात पार्ने काम गर्ने योजना बनाउने वा त्यस्तो काममा सहयोग पुऱ्याउने कार्यलाई आतंककारी तथा विध्वंशात्मक अपराध ठानेको छ। आतंककारी र आतंक प्रभावित क्षेत्रको घोषणा सरकारले गर्न सक्ने र कसैले विदेशमा बसी नेपाल अधिराज्यमा अपराध गरे पनि सजायको भागी हुने व्यवस्था अध्यादेशमा छ।

सो अध्यादेशमा उल्लेख भए अनुसार आतंककारी तथा विध्वंशात्मक कार्य हुन सक्ने कुनै काम कुरा गर्नबाट रोक्न जोसुकैलाई नजरबन्दमा राख्न सकिन्छ भने मुद्दाको सुनुवाई श्री ५ को सरकारले गठन गरेको वा तोकेको अदालतमा मात्र हुनेछ। आतंककारी तथा विध्वंशात्मक गतिविधि नियन्त्रण तथा अनुसन्धान कार्यमा खटिएका सुरक्षाकर्मी वा प्रहरीको अङ्गभङ्ग वा मृत्यु भएमा मनासिव माफिकको उपचार खर्च तथा क्षतिपूर्तिको व्यवस्था हुने कुरा पनि अध्यादेशमा उल्लेख छ। यो अध्यादेश अन्तरगत मुद्दा तयार गर्ने हदम्याद नहुने र आतंककारीलाई पक्राउ गर्ने वा पक्राउ गर्न सहयोग पुऱ्याउने व्यक्तिलाई उचित पुरस्कार दिइने व्यवस्था गरिएको छ।

सरकारद्वारा सेना परिचालन

सरकारले प्रहरीको घट्दो मनोवल र माओवादी आक्रमणमा भएको तीव्रतालाई ध्यानमा राखी माओवादी प्रभावित क्षेत्रमा सेना परिचालन गर्ने उद्देश्यले ०५७ चैत २९ गते राजा समक्ष एक प्रस्ताव प्रस्तुत गरेको थियो। एकीकृत आन्तरिक विकास तथा सुरक्षा योजना नाम दिइएको सो कार्यक्रमको कार्यान्वियन ०५८ वैशाखको दोस्रो साताबाट शुरू भएको थियो। सोही कार्यक्रम अनुसार माओवादी प्रभावित रोल्पा, रूकुम, गोरखा, सिन्धुली लगायतका केही जिल्लाका सदरमुकाम र आसपासका क्षेत्रमा सेना परिचालन शुरू गरिएको थियो। त्यसरी परिचालित सेनाद्वारा पहिलोपटक ०५८ भदौ २३ गते गोरखामा हवाई फायर गरी मान्छे गिरफ्तार गरिएको थियो। तीन वर्ष अघि प्रहरीद्वारा मारिएका माओवादी नेता सुरेश वाग्लेको स्मृति दिवस मनाउन आँपपीपल चौतारा स्थित जनता माध्यमिक विद्यालयतर्फ आइरहेका माओवादीका तीन जनालाई सकेट बम बोकेको आरोपमा सेनाले आफ्नो नियन्त्रणमा लिएको थियो। त्यसको विरोधमा नारा-जुलुस गरेर सेनातर्फ अगाडि बढेका माओवादीलाई रोक्न हवाइ फायर गर्दा माओवादी कार्यकर्ता इन्दुमाया भुजेल र हरि गैरे घाइते भएका थिए। माओवादीमाथि शाही नेपाली सेनाबाट भएको यो नै पहिलो कार्वाही थियो।

माओवादीले दाङ र सल्लेरीमा सेनामाथि आक्रमण गरेपछि सरकारद्वारा संकटकाल लागू गरेर माओवादीलाई आतंककारी घोषित गरेको लगत्तै मंसिर १२ गतेपछि अधिराज्यका विभिन्न जिल्लामा सेना परिचालन गरिएको थियो। सुरक्षा परिषद्को सिफारिसमा सेना परिचालनको घोषणा श्री ५ बाट भएको थियो।

सेना परिचालन भएकै दिन मंसिर १२ गते रोल्पा जिल्लाको नुवागाउँ, खुङ्ग्री, होलेरी, कोटगाउँ लगायतका ठाउँमा सेनाले सर्च तथा आक्रमण गर्दा ५० जनाभन्दा बढी माओवादी छापामारहरूको मृत्यु भएको सैनिक सूत्रले जानकारी गराएको थियो। सोही दिन सुरक्षा फौज उपर आक्रमण गर्न खोजेको आरोपमा प्युठान र रोल्पाको सीमा क्षेत्रमा २२ जना र अर्को घटनामा ७ जना माओवादीको सैनिक कार्वाहीमा मृत्यु भएको सैनिक समाचार विभागले जनाएको थियो। ०५८ मंसिर १३ गते दाङको त्रिभुवन नगरपालिका-३ वर्गदीमा स्थानीय किसानहरूको एक समूहले धानको त्रिखण्डी वितरण हुनु पर्ने माग गरिरहेको अवस्थामा सेनाको गस्ती पुगेर गोली चलाउँदा ११ जनाको मृत्यु भयो। मंसिर १३ गते नै सल्यानमा सेनालाई एम्बुसमा पार्ने प्रयासमा लागेका ७० जना माओवादीको सैनिक कार्वाहीमा मृत्यु भएको रक्षा मन्त्रालयले सार्वजनिक गरेको थियो। सल्यानकै शारदा र माल्टा खोलाको नजिक पौष्टिक

आहार कार्यक्रमको ट्रकमा रहेका ८ जना माओवादीको पनि सैनिक कार्वाहीमा मृत्यु भएको थियो। सेनाको सो कार्वाहीमा पौष्टिक आहार कार्यक्रमका ४ जना कर्मचारी र घट्ट रूँघेर बसेका एकजना स्थानीय व्यक्ति समेतको मृत्यु भएको थियो।

यसरी माओवादी विरूद्ध शुरू भएको सैनिक कार्वाही अहिलेसम्म पनि जारी नै छ। कर्डन एण्ड सर्च, सर्च एण्ड डिस्ट्राय, काउण्टर एट्याक्ट लगायतका अपरेशन सेनाले देशका विभिन्न भागमा चलाउँदै आएको छ।

संकटकालको अवधिमा सेनाले माओवादी विरूद्ध चलाएको कार्वाहीका क्रममा कतिपय ठाउँमा निर्दोष व्यक्तिहरू कार्वाहीमा परेको कुरा विपक्षी पार्टीहरूले उठाउँदै आएका छन्। तर सरकारले निर्दोष मान्छेमाथि कार्वाही नभएको र सरकारको उद्देश्य माओवादी आतंककारी बाहेक अन्यलाई दुःख दिने नरहेको बताउँदै आएको छ।

प्रकाशन/प्रशारणमा सेन्सरसिप

श्री ५ को सरकारका प्रवक्ता एवं सूचना तथा संचारमन्त्री जयप्रकाश प्रसाद गुप्ताले ०५८ मंसिर १३ गते आफ्नै मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गरी सरकारले प्रकाशन/प्रशारण सम्बन्धी निर्देशन जारी गरेको बताउनु भयो। कुनै पनि खालका संचार माध्यमले सरकारले जारी गरेको निर्देशिका विपरीत प्रकाशन/प्रशारण गर्न नपाउने र त्यसो गरेमा आतंककारीलाई सहयोग पुऱ्याएको मानी कार्वाही गरिने कुरा पनि उहाँले बताउनु भयो।

सरकारले प्रकाशन/प्रशारण गर्न हुने भनी तीन वटा विषयलाई तोकेको थियो। माओवादी आतंककारीको अपराधिक गतिविधिलाई उदाङ्गो पार्ने समाचारहरू, शाही नेपाली सेना, प्रहरी एवं राष्ट्रसेवकहरूको वीरतापूर्ण काम तथा प्राप्त उपलब्धि सम्बन्धी समाचारहरू र श्री ५ को सरकार, सरकारी माध्यमहरूबाट प्राप्त आधिकारिक समाचारहरूलाई सरकारले प्रकाशन/प्रशारण गर्न हुने भनी निर्देशन जारी गरेको थियो।

सरकारको यो निर्देशन असंवैधानिक रहेको बताउँदै पत्रकार एवं मानवअधिकारवादीहरूले विरोध जनाएका थिए। नागरिकको आधारभूत स्वतन्त्रता समेत खोस्ने सरकारको यो निर्देशिका नेपाल अधिराज्यको संविधान ०४७ कै प्रत्यक्ष उल्लंघनको एउटा उदाहरण बन्न पुगेको छ।

मन्त्रीद्वारा अख्तियार विरुद्ध मुद्दा

तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीलाई स्थायी शिक्षक पदपूर्ति सम्बन्धी प्रक्रियामा अनियमितताको अभियोग लगाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कार्वाहीका लागि सिफारिस गरेकोमा सो सिफारिस गैर कानुनी भएको दावी गर्दै स्थानीय विकास मन्त्री गोविन्दराज जोशीले ०५७ फागुन २९ गते सर्वोच्च अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग विरूद्ध मुद्दा दायर गर्नुभयो।

मन्त्री जोशीमाथि पाँच वर्ष अघि स्थायी शिक्षक पदपूर्तिका लागि लिइएको परीक्षामा शिक्षक पदपूर्ति सम्बन्धी विद्यमान नियमावली आफ्नो अनुकूल संशोधन गरी लोक सेवा आयोगको सिद्धान्त एवं अवधारणा विपरीत परीक्षार्थी उत्तीर्ण गराई अनुचित कार्य गरेको आरोप अख्तियार दुरूपयोग अनुसन्धान आयोगले लगाएको थियो। मन्त्री जोशीमाथि तत्काल कार्वाही गर्न ०५७ फागुन २२ गते आयोगले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सिफारिस पत्र लेखेको थियो।

रिक्त स्थायी शिक्षक पदको दरबन्दी संख्या १४ हजारका लागि लिइएको लिखित परीक्षामा विद्यमान मान्य सिद्धान्त अनुरूप २० हजारलाई मात्र उत्तीर्ण गराउनु पर्नेमा आवश्यकता भन्दा ज्यादै नै बढी ६७ हजार पास गराइएका थिए।

प्रेसले प्रजातन्त्रमाथि हमला गरेको मन्त्रीको आरोप

सूचना तथा संचार मन्त्री शिवराज जोशीले ०५८ वैशाख २६ गते एउटा सार्वजनिक समारोहमा प्रेस जगतले माओवादी हिंसाको समाचार सम्प्रेषण गरी प्रजातन्त्रमाथि हमला गरेको आरोप लगाउनु भयो। संचारमन्त्री जोशीले प्रेस चौतारी, नेपालको कार्यक्रममा हिंसात्मक गतिविधि र निराशाका समाचारहरू प्रेस जगतले बढी प्रचार प्रसार गरेको टिप्पणी गर्दै भन्नुभयो- "प्रेसबाट नकारात्मक विषयको मात्रै प्रचार भएकाले प्रजातन्त्रमाथि हमला भएको छ।"

घाइतेको विवरण दिन निर्देशन

श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयले ०५८ मंसिर १५ गते आफ्नो मातहतका निकायहरूलाई एक निर्देशन जारी गऱ्यो। सो निर्देशन पत्रमा विध्वंशात्मक क्रियाकलापमा संलग्न हुँदा घाइते भई उपचारका लागि अस्पताल, निजी क्लिनिक, नर्सिङ्ग होम वा निजी अस्पतालमा समेत आउने व्यक्तिहरूको उपचारमा संलग्न व्यक्ति, संघ-संस्थाले सो सम्बन्धी विषयको जानकारी अनिवार्य रूपले तत्कालै स्थानीय प्रशासन वा नजिकको सुरक्षा निकाय समक्ष गराउनु पर्ने उल्लेख छ।

उक्त निर्देशन पत्र जारी भएकै दिन स्वास्थ्य मन्त्री शरतसिंह भण्डारीले राजधानीको एउटा समारोहमा बोल्दै स्वास्थ्य संस्थाहरूलाई सुरक्षा निकायको अनुमति विना घाइते आतंककारीहरूको उपचार नगर्न चेतावनी दिनु भयो। सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूले सुरक्षा निकाय वा स्थानीय प्रशासनको स्वीकृति विना आतंककारीहरूको उपचार गरेमा सजायको भागी बन्नु पर्ने चेतावनी समेत मन्त्री भण्डारीले दिनु भएको थियो। शाही नेपाली सेना परिचालन गरिएपछिको स्थितिमा कार्वाहीको क्रममा घाइतेहरूको उपचार गर्न स्वास्थ्यमन्त्रीकै अध्यक्षतामा १४ सदस्यीय स्वास्थ्य व्यवस्थापन समिति गठन गरिएको थियो।

रक्षा मन्त्रालय र गृह मन्त्रालयको अपिल

श्री ५ को सरकार गृह मन्त्रालयले ०५८ मंसिर १५ गते एउटा सार्वजनिक अपिल जारी गर्‍यो। उक्त अपिलमा माओवादी आतंककारीहरू आफूमाथि भएको वा हुनसक्ने कार्वाहीबाट बच्न होटल, लजका साथै निजी घरमा डेरा लिई लुकिछिपी बस्न सक्ने भएकाले त्यसका बारेमा तत्काल जानकारी गराउन भनिएको थियो। कुनै पनि शंकास्पद व्यक्ति देखिएमा गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र प्रहरी कन्ट्रोलको फोनमा सूचना गर्न आम नागरिकलाई अपिल गरिएको थियो।

०५८ मंसिर १८ गते रक्षा मन्त्रालय र शाही नेपाली जंगी अड्डाले पनि एक अपिल जारी गर्दै मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न माओवादी आतंककारी क्रियाकलापमा संलग्न व्यक्ति वा समूहका बारेमा कुनै पनि जानकारी प्राप्त भएमा शाही नेपाली सेनाको ब्यारेक अथवा टुकडीलाई सूचित गराउन सर्वसाधारण जनतालाई आग्रह गरेका थिए। सो अपिलमा निर्दोष वा अन्जान व्यक्तिहरूलाई क्षति नपुगोस् भन्ने हेतुले माओवादी आतंककारीहरू बस्ने या भेला हुने स्थानहरूबाट टाढा बस्न समेत सम्पूर्ण नागरिकलाई अनुरोध गरिएको थियो।

रिहा गर्ने निर्णय फिर्ता

श्री ५ को सरकारले सरकार-माओवादी बीचको तेस्रो चरणको वार्ताको क्रममा न्यायिक हिरासतमा रहेका माओवादी बन्दीहरूलाई रिहा गर्ने सरकारी निर्णय माओवादीले एकतर्फी रूपमा वार्ता भङ्ग गरेपछि फिर्ता लियो। सो को जानकारी सरकारका प्रवक्ता एवं सूचना तथा संचार मन्त्री जयप्रकाशप्रसाद गुप्ताले ०५८ मंसिर २१ गते पत्रकार सम्मेलनमा गराउनु भएको थियो।

संकटकालीन अवस्था व्यवस्थापन र समन्वय समिति गठन

मन्त्रिपरिषद्को ०५८ मंसिर २१ को निर्णयबाट भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेको संयोजकत्वमा २४ सदस्यीय संकटकालीन अवस्था व्यवस्थापन एवं समन्वय मूल समिति गठन भयो। उक्त समितिको सोही दिनको बैठकले जनतालाई स्वच्छ एवं जिम्मेवार सरकारको अनुभूति प्रदान गर्न सर्वसाधारणले पाउने सेवा, सुविधा लगायत व्यहोर्नु परिरहेका अन्य समस्याहरूको निराकरण गरी जनताको दैनन्दिनको जीवनमा सहुलियत पुर्‍याउन तत्काल लागू हुने गरी विभिन्न निर्णय गरेको थियो। ती निर्णय अन्तरगत खानेपानी, विद्युत र टेलिफोनको महसुल बुझ्ने, मर्मत तथा जडान कार्य, जग्गा दर्ता, अंशवण्डा, नामसारी, मालपोत बुझाउने कार्य, नागरिकता र राहदानी प्रदान गर्ने जस्ता कार्यहरू सर्वसुलभ ढंगले गरिदिन सम्बन्धित कार्यालयहरूलाई निर्देशन दिइएको थियो। तर, उक्त समितिको त्यो निर्देशन अनुरूप व्यवहारमा काम भएको महसुस भने जनताले गर्न पाएनन्।

डिजास्टर म्यानेजमेन्ट टिम गठन

सरकारको निर्देशन बमोजिम ०५८ मंसिर २२ गते स्वास्थ्य व्यवस्थापन समितिद्वारा सबै स्वास्थ्य संस्थाहरूले घाइते भई उपचारका लागि आउने बिरामीहरूको जानकारी सम्वद्ध सुरक्षा निकायलाई दिनु पर्ने व्यवस्था गर्नुका साथै वीर अस्पतालमा केन्द्रीय स्तरको डिजास्टर म्यानेजमेन्ट टिम गठन गर्ने निर्णय गरियो। सो टिम चौवीसै घण्टा आकस्मिक सेवाका लागि तयारी अवस्थामा रहने र आवश्यक परेको खण्डमा टिमलाई देशका विभिन्न भागमा तत्काल पठाउने व्यवस्था मिलाउने निर्णय समेत गरिएको थियो। साथै संकटकालीन अवस्थामा घाइतेहरूको विवरण सुरक्षा निकायलाई दिनु पर्ने कुरा फौज्दारी कानुन मै व्यवस्था भएकाले समितिले पनि त्यसो गर्नु पर्ने निर्देशन दिइएको जानकारी समितिका सदस्य सचिव महेन्द्रनाथ अर्यालद्वारा गराइएको थियो।

पत्रकार र मानवअधिकारवादी गिरफ्तार

०५८ जेठ १९ को राजदरबार हत्याकाण्डका सम्बन्धमा माओवादी नेता डा. बाबुराम भट्टराईको लेख छापेर राज्य विरूद्धको अपराध गरेको भनी ०५८ जेठ २४ गते कान्तिपुर दैनिकका सम्पादक युवराज घिमिरे, प्रबन्ध निर्देशक कैलाश सिरोहिया र निर्देशक विनोदराज ज्ञवालीलाई कार्यालयबाटै गिरफ्तार गरियो। यस्तै, दरबार हत्याकाण्डका सम्बन्धमा आपत्तिजनक कुराहरू प्रकाशित गरेको भनी दिशाबोध भन्ने पत्रिका मुद्रण गर्ने डिल्लीबजारको पारू अफसेट प्रेसमा ०५८ असार १२ गते प्रहरीले छापा मारेको थियो।

संकटकाल लागू भएपछि मानवअधिकारवादीहरू पनि गिरफ्तारीमा परे। एम्नेष्टी इन्टरनेशन लयर्स ग्रुप-६९ सुर्खेतका संयोजक विष्णुप्रसाद खनाललाई ०५८ मंसिर १२ गते, इन्सेक आबद्ध संस्थाहरू मानवअधिकार शिक्षा एवं विकास केन्द्रकी स्याङ्जा स्थित सदस्य टिमकुमारी कुमाललाई ०५८ मंसिर १४ गते, डडेल्धुराको मानवअधिकार तथा जनजागरण केन्द्रका संयोजक प्रेमबहादुर साउदलाई ०५८ मंसिर १८ गते र तेह्रथुमको जनचेतना अभियानका अध्यक्ष ज्योति अधिकारीलाई ०५८ पुस ५ गते गिरफ्तार गरिएको थियो। यसरी नै चितवनको जनअधिकार सरोकार अभियानका केन्द्रीय सदस्य धर्मराज आचार्य, जिल्ला सदस्य रविमोहन सापकोटा र नेपाल मानवअधिकार संगठनका केन्द्रीय सदस्य भीमराज अधिकारीलाई ०५८ मंसिर २९ गते गिरफ्तार गरिएको थियो।

संकटकाल लागू भएपछि गिरफ्तार गरिएका पत्रकारहरूको संख्या पनि ठूलै रहेको छ। संकटकाल लागू हुनु अघिल्लो दिन ०५८ मंसिर १० गते काठमाडौंबाट "जनादेश" साप्ताहिकका पत्रकारहरू ओम शर्मा, गोविन्द आचार्य, खिलबहादुर भण्डारी लगायत १० जनालाई गिरफ्तार गरिएको थियो। संकटकाल लागू भएपछि मंसिर १३ गते सिराहाका सीताराम साह, पवन श्रेष्ठ र देवकुमार यादव, रूपन्देहीका

बेनुराम प्रधान, अजयमान श्रेष्ठ, ईश्वर गौतम, हरि पौडेल, बालकृष्ण चापागाई लगायत ३८ जना गिरफ्तार गरिएका थिए। मंसिर १७ गते संखुवासभाका गंगा विष्ट, शंकर खनाल, इन्द्र गिरी, मंसिर २० गते मोरङ्गका सत्यनारायण शर्मा, रूपन्देहीका दिल साहनीलाई मंसिर २८ गते, नारायण ज्ञवालीलाई २३ गते, डोलाराम घिमिरेलाई पुस १ गते, सिद्धिचरण भट्टराईलाई पुस २ गते र भरत पोखरेललाई पुस ३ गते गिरफ्तार गरिएको थियो।

यसरी नै सुनसरीका छिरिङ्ग शेर्पालाई मंसिर २० गते, लमजुङका माधव अधिकारी र बुद्धिसागर स्वर्णकारलाई मंसिर २७ गते, पुस २ गते काठमाडौंबाट प्रकाशित हुने देशान्तर साप्ताहिकका प्रकाशक बन्धु थापा र साँघुका सम्पादक/प्रकाशक गोपाल बुढाथोकी, पुस ६ गते धरानको ब्लास्ट दैनिकका सहसम्पादक पी वी दियाली, पुस १२ गते कान्तिपुर दैनिकका सिराहा सम्वाददाता विजयप्रकाश मिश्र, पुस १२ गते जनदिशा दैनिकका प्रवन्ध निर्देशक चन्द्रमान श्रेष्ठलाई काठामडौंबाट र सोही दिन बाग्लुङबाट बाग्लुङ साप्ताहिकका सम्पादक बद्री प्रसाद शर्मालाई गिरफ्तार गरिएको थियो।

लाउडा काण्ड- मन्त्रिपरिषद्को आडमा भ्रष्टाचार

शाही नेपाल वायु सेवा निगमले विना टेण्डर वार्ताद्वारा अष्ट्रियाको लाउडा एयरसंग विमान भाडामा लिएको घटना यो वर्ष लाउडा काण्डको रूपमा चर्चित रह्यो र यो घटनामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत मन्त्रिपरिषद्को आडमा भ्रष्टाचार भएको जनाउँदै अदालतमा मुद्दा दायर गरेको थियो। स्मरणीय छ, भाडामा लिइएको लाउडा विमान ०५७ मंसिर १६ गते काठमाडौंमा अवतरण गराइएको थियो।

प्रारम्भिक छानवीन मै विवादास्पद लाउडा एयर भाडा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको आशंका गर्दै शाही नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठलाई ०५७ पुस २८ गते निलम्वन गर्ने आदेश जारी गरेको थियो। आयोगले कार्यकारी अध्यक्ष श्रेष्ठलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन ०४८ को दफा १९ (३) बमोजिम निलम्बन गर्ने निर्णय गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र पठाएको थियो। निलम्वनको आदेश जारी गर्नु पूर्व आयोगले कार्यकारी अध्यक्ष श्रेष्ठसंग कम्तिमा ६ पटक बयान लिएको थियो। आयोगले सो निर्देशन जारी गर्दा लाउडा विमान भाडा प्रकरणमा पर्यटन मन्त्री र निगमले सार्वजनिक लेखा समितिको निर्देशनको अवज्ञा गरेको कुरा समेत उल्लेख गरेको थियो। निगमले विमान भाडामा लिंदा हरेक पटक विवाद उत्पन्न हुने गरेपछि ०५६ असोज १० गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई एउटा निर्देशन दिएको थियो। सो निर्देशनको एउटा बुँदामा "कस्तो र कुन विमान के कति अवधिका लागि निगमलाई आवश्यक पर्ने हो भन्ने तथ्य बारे निगमको लक्षित कार्य योजनाको आधारमा पूर्व जानकारी हुने नै हुँदा ग्लोवल टेण्डरको आधारमा प्रि-क्वालिफाइड गरी छानिएका कम्पनीहरूबाट ३५ दिनको म्याद दिई प्रस्ताव माग गर्नु पर्ने" कुरा उल्लेख थियो। आयोगको निर्देशन अनुसार मन्त्रालयले पनि सोही अनुसारको निर्देशन निगमलाई ०५६ असोज १८ गते दिएको थियो। सार्वजनिक लेखा समितिले पनि सोही निर्देशनको पालना गर्न निर्देशन दिएकोमा निगमबाट सो निर्देशनको पालना नभएको कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उल्लेख गरेको थियो।

०५७ माघ ११ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तारिणीदत्त चटौतले पदबाट राजिनामा दिनु भयो। ०५७ साउन ३० गते मन्त्री चटौत स्वयंले निगमलाई वार्ताबाट कुनै पनि हालतमा विमान भाडामा नल्याउन निर्देशन दिए पनि दुई महिनापछि उहाँ आफैले मन्त्रिपरिषद्मा वार्ताद्वारा विमान भाडामा लिने प्रस्ताव प्रस्तुत गर्नु भएको थियो। त्यो प्रस्तावलाई मन्त्रिपरिषद्ले स्वीकृत गरेको थियो।

संसदको १९ औं अधिवेशनमा पनि लाउडा काण्ड नै एकमात्र चर्चाको विषय बन्न पुग्यो। ०५७ माघ २७ गतेदेखि शुरू भएको अधिवेशनमा पहिलो दिनदेखि नै प्रतिपक्षी पार्टीहरूले लाउडा विमान भाडा प्रकरणमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयं र उहाँको मन्त्रिपरिषद् सिङ्गै मुछिएको आरोप लगाउँदै उहाँको राजिनामा माग गरे। प्रधानमन्त्रीले राजिनामा नदिएसम्म संसद चल्नै नदिने घोषणा गरी शुरूकै दिन रोष्ट्रम घेराउ गरे। हरेक दिन सभामुखले संसदको कार्वाही शुरू भएको घोषणा गर्नासाथ एमाले, राजमो, संजमो र नेमकिपाका सांसदहरूले प्रधानमन्त्रीको राजिनामा माग गर्दै नारा लगाएर रोष्ट्रम घेर्ने गरेका थिए। लाउडा काण्डका कारण अवरूद्ध भइरहेको प्रतिनिधि सभाको वैठकमा ०५७ फागुन ९ गते सत्तारूढ कांग्रेस र एमालेका सांसदबीच हात हालाहाल नै भयो। पर्यटनमन्त्री ओमकार श्रेष्ठ लाउडा विमान भाडाका सम्बन्धमा स्पष्टिकरण दिन रोष्ट्रममा जान खोज्दा एमाले सांसदहरूले रोके पछि दुई पक्षबीच हात हालाहाल भएको थियो। एमाले सांसद राजेन्द्र पाण्डेको टाउकामा चोट लागेका कारण तत्कालै उहाँलाई वीर अस्पताल पुऱ्याएर उपचार गराइएको थियो भने घटनामा मन्त्री श्रेष्ठ र राज्यमन्त्री शिवकुमार बस्नेतलाई पनि हातमा चोट लागेको बताइएको थियो। सत्तारूढ पार्टी र प्रमुख प्रतिपक्षी पार्टीका सांसद बीचको हात हालाहालका क्रममा प्रतिनिधि सभाका कुर्सीहरू समेत भाँचिएका थिए।

०५७ फागुन २९ गते प्रधानमन्त्री कोइरालाले लाउडा विमान भाडा प्रकरणका सम्बन्धमा प्रतिनिधि सभाको वैठकमा लिखित प्रतिवाद गर्ने प्रयास गर्नु भएको थियो। तर विपक्षीहरूको विरोध र रोष्ट्रम घेराउका कारण उहाँले प्रतिवाद गर्न पाउनु भएन। राजिनामा दिंदै नदिने प्रधानमन्त्रीको अडान र प्रधानमन्त्रीले राजिनामा नदिएसम्म संसद चल्नै नदिने प्रतिपक्षीहरूको अडानका कारण संसदको १९ औं अधिवेशन नियमित कार्वाहीमा प्रवेश नै नगरी ०५७ चैत २३ गते ५७ औं दिनमा समापन भएको थियो।

सरकारले संसदको अधिवेशन समापन गराएपछि एमाले लगायतका वामपन्थी पार्टीहरू लाउडा काण्डमा प्रधानमन्त्रीको राजिनामा माग गर्दै सडक संघर्षमा उत्रिए। उनीहरूले ०५८ वैशाख ३ गते प्रधानमन्त्री कोइरालालाई सिंहदरबार छिर्न नदिने घोषणा गर्दै घेराउ कार्यक्रम राखेका थिए। तर, सरकारले विपक्षीहरूको कार्यक्रम असफल वनाउन व्यापक धरपकड गऱ्यो। प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल, उपनेता के. पी. ओली, भरतमोहन अधिकारी, झलनाथ खनाल, अमृतकुमार वोहरा, चित्रबहादुर के.सी., लीलामणि पोखरेल लगायत वामपन्थी नेता तथा सयौं कार्यकर्तालाई गिरफ्तार गरियो। वैशाख ४ गते पनि विपक्षीहरूले सिंहदरबार घेराउकै कार्यक्रम राखेका थिए र सरकारले पनि अघिल्लो दिनकै जस्तो धरपकड चलाएको थियो। तेस्रो र चौथो दिनको कार्यक्रममा पनि प्रहरी हस्तक्षेप गरी व्यापक गिरफ्तारीद्वारा असफल वनाउने प्रयास सरकारले गर्दागर्दै आन्दोलनकारीहरूले विभिन्न ठाउँमा जुलुस एवं मसाल जुलुस समेत निकाले। सरकारले विरोध प्रदर्शनमा समेत अघोषित रोक लगाएको थियो। एमाले लगायत ६ वामपन्थी पार्टीद्वारा ०५८ जेठ १४, १५ र १६ गते आम हड्तालको आयोजना गरियो। उक्त आम हड्तालका क्रममा सयौं गिरफ्तारीमा परे भने लमजुङ्गका एमाले कार्यकर्ता सुकमान गुरूङ्गको प्रहरीको गोलीबाट मृत्यु भयो। वामपन्थी पार्टीहरूले तीन दिने नेपाल वन्द कार्यक्रम राखेर जनजीवनलाई कष्टकर बनाएको टिप्पणी सत्तारूढ नेपाली कांग्रेस र बन्दका विपक्षमा रहेका अन्य पार्टीका पक्षबाट भएको थियो।

लाउडा विमान भाडामा लिएका कारण शाही नेपाल वायु सेवा निगमलाई मासिक साढे सात करोड नोक्सान भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रारम्भिक प्रतिवेदनमा जनाइयो। आयोगले ०५८ वैशाख १३ गते निगमका निलम्बित कार्यकारी अध्यक्ष हरिभक्त श्रेष्ठ र संचालक समितिका सदस्य तीर्थलाल श्रेष्ठसंग अभियोग मुताविक पाँच/पाँच करोड धरौटी माग गऱ्यो। निजहरूले तत्काल धरौटी नबुझाएपछि थुनामा राख्ने आदेश अनुसार दुवैजनालाई गिरफ्तार गरियो। यस अघि नै मन्त्रि परिषद्माथि आरोप लगाउँदै आयोगमा निवेदन दिएका श्रेष्ठ द्वयले प्रहरी हिरासतबाटै पत्रकारहरूसंग भनेका थिए- "हामीमाथि एक हिसाबले ठूलो अन्याय भएको छ। सत्य बोल्दा हामीहरू टार्गेट भयौं।"

यो निर्णयसंगै आयोगले तत्कालीन पर्यटनमन्त्री चटौतको राहदानी जफत गरी राजधानी नछाड्न आदेश दिएको थियो। मन्त्री चटौत, संचालक समितिका अन्य सदस्य एवं निगमका सम्बद्ध पदाधिकारी समेत दोषी देखिएको बताउँदै आयोगले ०५८ जेठ १२ गते लाउडा विमान भाडामा लिंदा मन्त्रिपरिषद्को आडमा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै अदालतमा मुद्दा दर्ता गराएको थियो। तत्कालीन मन्त्री चटौत आयोगको निर्णय अनुसार आयोगमा उपस्थित भएर अभियोग बमोजिम कार्वाही व्यहोर्नुको सट्टा लुकिछिपि लामै समयसम्म सत्ताको संरक्षणमा रहनु भयो। उहाँले एकैपटक अदालतमा उपस्थित भएर धरौटी बुझाउनु भएको थियो। लाउडा विमान भाडा प्रकरण सम्वन्धी मुद्दा हाल अदालतमा विचाराधीन रहेको छ।

चाइना साउथ वेष्ट जहाज भाडा सम्झौता

सार्वजनिक लेखा समितिले ०५८ जेठ १० गते चाइना साउथ वेष्ट जहाज भाडा सम्झौता अनियमित, बदनियतपूर्ण र निगमको हित विपरित भएको ठहर गर्दै त्यसमा संलग्न तत्कालीन पर्यटन मन्त्रीहरू भीम रावल, तारिणीदत्त चटौत र विजयकुमार गच्छेदारमाथि सजायका लागि सरकारलाई सिफारिस गऱ्यो। तत्कालीन मन्त्रीहरूसँगै निगमका तत्कालीन कार्यकारी अध्यक्ष वी के मान सिंह, भरतबहादुर कार्की र हरिभक्त श्रेष्ठ समेत कार्वाहीका भागीदार रहेको समितिले जनाएको थियो।

लेखा समितिले तत्कालीन मन्त्री रावललाई जहाज भाडामा लिनका लागि टेण्डर गरेर सिलबन्दी पत्र समेत दाखिला नगरिकन भएको सम्झौतालाई अनुमोदन गरी सटही सुविधा दिएकोमा दोषी देखाएको थियो भने मन्त्रिपरिषद्, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र पर्यटन मन्त्रालयको टेण्डर गरेर मात्र जहाज ल्याउने निर्देशनलाई कुल्ची मन्त्री रावलको निर्णयलाई निरन्तरता दिएकोमा चटौतलाई दोषी देखाइएको थियो। रावल र चटौतले चाइना साउथ वेष्ट कम्पनीसंग एक/एक वर्षका लागि सम्झौता गरेका थिए। उक्त कम्पनीसंग निगमका तर्फवाट नौ पटक जहाज भाडामा लिइएको र त्यसमा सात पटक छोटो अवधिका लागि ल्याइएको थियो। लेखा समितिले नौ पटककै सम्झौतामा अनियमितता भएको ठहर गरेको थियो।

तत्कालीन मन्त्री रावलको पालामा विमान भाडामा लिंदा अनियमितता भएको भन्ने समितिको निर्णयलाई नेकपा (एमाले) ले अस्वीकार गर्दै समितिको उक्त निस्कर्ष आफैंमा त्रुटिपूर्ण र आधारहीन भएको बताएको थियो। तत्कालीन विभागीय मन्त्री भीम रावलले पनि उक्त विमान भाडा सम्झौताका सम्वन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस अघि नै सफाइ दिइसकेकोले लेखा समितिको निर्णय त्रुटिपूर्ण एवं आधारहीन भएको दावी गरेका थिए।

सशस्त्र प्रहरी अध्यादेश जारी/ सशस्त्र प्रहरी बल गठन

नेपाल अधिराज्यमा तत्काल सशस्त्र प्रहरी वलको गठन र संचालन सम्वन्धी व्यवस्था गर्न आवश्यक भएको जनाउदै श्री ५ बाट नेपाल अधिराज्यको संविधान ०४७ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा ०५७ माघ ९ गते सशस्त्र प्रहरी अध्यादेश- ०५७ जारी भएको मन्त्रिपरिषद्ले जनायो। उक्त अध्यादेश वमोजिम माघ १९ गते सशस्त्र प्रहरी वल गठन गरिएको थियो।

श्री ५ वाट जारी भई संसदबाट अनुमोदन हुन नसक्दा

निस्क्रिय बनेको सशस्त्र प्रहरी अध्यादेश ०५७ चैत ३० गते पुनः जारी गरिएको थियो। क्षेत्रपाल सम्बन्धी स्थानीय प्रशासन अध्यादेश पनि सोही दिन जारी भएको थियो। मन्त्रिपरिषद् सचिवालयले मुलुकमा तत्काल सशस्त्र प्रहरी बल गठन र संचालन सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको तर संसद अधिवेशन नभएकाले संविधान बमोजिम राजाबाट अध्यादेश जारी भएको जनाएको थियो। साथै स्थानीय प्रशासन ऐन- ०२८ तत्काल संशोधन गर्न आवश्यक भएकाले मन्त्रिपरिषद्‌को सल्लाह र सम्मतिमा राजाबाट स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश ०५७ जारी भएको पनि मन्त्रिपरिषद् सचिवालयले जनाएको थियो।

सशस्त्र प्रहरी बल र क्षेत्रपाल सम्बन्धी स्थानीय प्रशासन संशोधन अध्यादेशका बारेमा ठूलै विवाद चल्यो। यी दुवै अध्यादेश अनावश्यक रहेको अडान विपक्षी पार्टीहरूको थियो। मानवअधिकारवादीहरूले समेत सशस्त्र प्रहरी बल सम्बन्धी अध्यादेश जारी गर्न नहुने र त्यसलाई संसदले पनि पारित गर्न नहुने विचार प्रस्तुत गरेका थिए। तर, संसदको बीसौं अधिवेशनमा ०५८ साउन २३ गते सत्तारूढ पार्टीको बहुमतको बलमा सशस्त्र प्रहरी र स्थानीय प्रशासन सम्बन्धी अध्यादेश अनुमोदन गर्ने काम भएको थियो। सशस्त्र प्रहरी बल सम्बन्धी अध्यादेशलाई अनुमोदन गर्न नहुने धारणा राख्दै केही वामपन्थी पार्टीले त्यसलाई कालो अध्यादेशको संज्ञा दिएका थिए।

सार्वजनिक सुरक्षा नियमावलीका नाममा निरंकुशतावादी नियम

मुलुकमा शान्ति सुरक्षा कायम गर्ने बहानामा सार्वजनिक सुरक्षा नियमावलीका नाममा सरकारले ०५८ जेठ २२ गतेको मिति राखी ०५८ असारको पहिलो हप्तामा गृहमन्त्रालयको सूचनाको रूपमा राजपत्रमा सार्वजनिक सुरक्षा नियमावली प्रकाशन गरी जारी गरेको जानकारी दिएको थियो। बहुदलीय संसदीय प्रणाली कायम रहेको नेपाल जस्तो मुलुकमा यो नियम लागू गरेर विरोधको नागरिक अधिकार मात्र हैन निर्विघ्नतापूर्वक बाँच्ने अधिकारलाई समेत कुण्ठित गर्न खोजेको महसुस गरियो। यो नियमावलीले प्रमुख जिल्ला अधिकारीलाई सम्पूर्ण अधिकार दिएर निरंकुश बनाउने ध्येय राखेको छ। नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पार्न सक्ने गरी कुनै व्यक्ति वा समूहले कुनै काम कुरा गर्न लागेको वा तयारी गरेको छ भन्ने कुनै विश्वस्त स्रोतबाट जानकारी हुनासाथ रोक लगाउन, थुनछेक गर्न र नजरबन्दमा राख्न सक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई यो नियमावलीले दिएको छ। यस्तो निरंकुश नियम लागू गरेर सरकारले पंचायती प्रेत जगाउन खोजेको आरोप प्रतिपक्षी पार्टीहरूले लगाएका छन्।

महिलालाई पुरुष सरह अधिकार नदिने सरकारको नियत

नेपाली महिलालाई पुरुष सरह अधिकार दिनु पर्ने माग धेरै अगाडि देखि हुँदै आएको र उक्त माग पूरा गर्ने आश्वासन पनि विगतका विभिन्न समयका सरकारले प्रकट गर्दै आएका थिए। यो वर्ष पनि सरकारले महिलालाई कानुनी रूपमै पुरुष सरह अधिकार प्रदान गर्ने र त्यस क्रममा पैतृक सम्पत्तिमा छोरा सरह छोरीलाई पनि समान हक दिलाउने घोषणा गरेको थियो। सरकारले घोषणा त गऱ्यो तर व्यवहारमा भने यो वर्ष पनि छोरीलाई छोरा सरह पैतृक सम्पत्तिमा अधिकार दिन चाहेको देखिएन।

संसदको कानुन, न्याय तथा संसदीय समितिद्वारा गठित उपसमितिले छोरा सरह छोरीलाई पनि अंशको समान हकदार बनाउने उद्देश्यले मुलुकी ऐन संशोधन गरी कानुनी व्यवस्था गर्ने निर्णय गत वर्ष नै गरेको थियो। त्यसबारेमा उपसमितिमा कुनै विवाद भएको थिएन। उपसमितिको निर्णय समितिमा प्रस्तुत भएपछि सत्ता पक्षबाट नकारात्मक सोचाइका साथ विवाद उत्पन्न गराइयो। फलतः अंश लिइसकेकी छोरीको विवाह भएमा निजले उपयोग/उपभोग गरी बाँकी रहेको सम्पत्ति माइती पट्टिकै हकवालाको हुने प्रस्ताव सत्ता पक्षबाट गरियो। अन्ततः समितिको बहुमतले सत्ता पक्षकै प्रस्तावलाई स्वीकृत गऱ्यो। विवाह पछि पनि उक्त सम्पत्ति छोरीकै हुनुपर्छ भन्ने एमाले लगायतका प्रतिपक्षी पार्टीको धारणा र उपसमितिको निर्णयलाई समितिले अस्वीकृत गऱ्यो।

कानुन, न्याय तथा संसदीय समितिको सत्तापक्षीय बहुमतको निर्णयलाई मुलुकी ऐन एघारौं संशोधन विधेयकको रूपमा प्रतिनिधि सभामा प्रस्तुत गरियो। ०५८ असोज २३ गते एमालेको बहिष्कार र अन्य वामपन्थी दलको विरोधका बावजुद सत्ता पक्षको बहुमतको बलमा महिला अंश सम्बन्धी विधेयक पारित गरियो। तर महिलालाई विवाह नगरुन्जेलसम्म मात्र पैतृक सम्पत्तिमा छोरा सरह समान हक दिलाउने गरी प्रतिनिधि सभाबाट पारित मुलुकी ऐन (एघारौं संशोधन) विधेयक ०५८ लाई ०५८ असोज २७ गते राष्ट्रिय सभाले अस्वीकृत गऱ्यो। महिला विरूद्ध समाजमा विद्यमान सामन्ती व्यवस्थालाई यथावत राख्ने विधेयक पारित गर्नुको कुनै औचित्य नरहेको धारणा राष्ट्रिय सभाका वामपन्थी सांसदहरूले व्यक्त गरेका थिए।

यसरी महिला अंश सम्बन्धमा प्रतिनिधि सभाबाट पारित विधेयकलाई राष्ट्रिय सभाले अस्वीकार गरेर फिर्ता गरेपछि पनि सरकारले पुनः प्रतिनिधिसभाको आफ्नो बहुमतको बलमा दोस्रो पटक पारित गराएर लालमोहरका लागि राजदरबार पठाउने नियत राख्नुले छोरा सरह छोरीलाई हक अधिकार दिन सरकारले नै नचाहेको स्पष्ट हुन गएको छ। संविधानले प्रत्याभूत गरेको समानताको हकलाई बिर्सेर सरकारले महिला अंश विधेयकमा एक हातले दिएर अर्को हातले खोस्ने षडयन्त्रको निर्माण गरेको आरोप महिलाहरूले नै लगाउँदै आएका छन्। तथापि महिलाहरूको सुरक्षा र सम्मानसंग सम्बन्धित कतिपय सवालमा यो संशोधन सकारात्मक रहेको छ। गर्भपतन, बलात्कार जस्ता विषयमा संशोधित प्रावधानहरू प्रशंसनीय छ।

संविधान प्रतिकूल नागरिकता विधेयक

सरकार संविधान उल्लंघन मात्र गर्दैन, संविधान उल्लंघन गरेर विधेयकको निर्माण गर्न समेत पछि पर्दैन भन्ने कुरा सरकारद्वारा तयार गरिएको नागरिकता विधेयकबाट स्पष्ट भएको छ।

सरकारले नागरिकता समस्या समाधानका लागि भनेर तयार गरेको नेपाल नागरिकता (छैटौं संशोधन) विधेयक ०५७ (अर्थ विधेयक) लाई ०५७ जेठ २९ गते प्रतिनिधि सभाले पारित गरेको थियो। त्यसको २ दिनपछि जेठ १३ गते सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई राष्ट्रिय सभाले अस्वीकार गरेको थियो। त्यसरी प्रतिनिधि सभाले पारित गरेको विधेयक राष्ट्रिय सभाले अस्वीकृत गरेपछि संवैधानिक प्रक्रिया पुरा गर्न ०५७ साउन ११ गते प्रतिनिधिसभाबाट पुनः पारित गरी ०५७ मंसिर १६ गते उक्त विधेयकमा लालमोहरका लागि राजदरबारमा पठाइएको थियो। तर राजाबाट संशोधन प्रस्तावको दफा २ नेपाल अधिराज्यको संविधान ०४७ को धारा ८ र ९ अनुरूप भए-नभएको सम्बन्धमा ०५७ फागुन ९ गते सर्वोच्च अदालतको राय माग भएको थियो।

कुनै व्यक्ति वंशजको नाताले नेपाली नागरिक ठहर्न निजको जन्म हुँदा उसको बाबु नेपालको नागरिक हुनु अनिवार्य भएको संवैधानिक प्रावधान छ। तर विवादास्पद संशोधन विधेयकको दफा २ मा बाबुआमासंग नागरिकता नभए पनि उनका सन्तानले वंशजका आधारमा नागरिकता पाउन सम्भव हुने प्रावधान राखिएको थियो। यस्तो प्रावधानले गर्दा तराई क्षेत्रमा गलत व्यक्तिले नागरिकता हासिल गरी वास्तविक स्थानीय व्यक्तिको नागरिक हकमाथि ठूलो चुनौति आउने कुरा विभिन्न पक्षबाट उठाइएको थियो। यसरी संवैधानिक प्रावधान अनुकूल संशोधन विधेयक नदेखिएपछि नै राष्ट्रिय सभाबाट अस्वीकृत भएको थियो। राजाबाट माग भएको रायमा पनि सर्वोच्च अदालतले नेपाल नागरिकता (छैटौं संशोधन) विधेयक ०५७ को दफा २ नेपाल अधिराज्यको संविधान ०४७ अनुकूल नभएको राय ०५८ वैशाख २ गते दिएको थियो।

सर्वोच्च अदालतको रायमा भनिएको छ- "वंशजको नाताले नेपाली नागरिक ठहर्ने व्यक्तिको बाबुले नागरिकताको प्रमाणपत्र लिएको रहेनछ भने पनि नागरिकता पाउने विधेयकमा रहेको प्रावधान संविधानले गरेको भन्दा थप आधारको रूपमा तोकेको स्पष्ट देखिन्छ।" यस सम्बन्धमा थप स्पष्ट गर्दै सर्वोच्च अदालतको रायमा भनिएको छ- "संविधान र ऐन संशोधनका लागि संविधानमा समान शर्त नरहेकाले प्रस्तुत विधेयकले गरेको थप व्यवस्थाबाट संविधान संशोधनकै परिणाम निस्कने हुनाले संविधान अनुकूल रहेको भन्न मिलेन। किनकि संविधान अनुकूल कानुन बन्नु पर्दछ न कि कानुन अनुकूल संविधान बन्ने हो।"

मुक्त कमैयाको समस्या यथावत

सरकारले गत वर्ष कमैयालाई मुक्त घोषणा गर्दा ६ महिनाभित्र उनीहरूका लागि उपयुक्त जग्गा उपलब्ध गराई बसोवास गराउने प्रतिबद्धता जनाएको थियो। तर सरकारले सम्पूर्ण कमैयालाई व्यवस्थित ढंगले बसोबास गराउने काम यो वर्ष पनि पूरा गर्न सकेन। विचल्लीमा परेका आक्रोशित केही कमैया जग्गा कब्जा अभियान अन्तरगत सरकारी भूमि हडपेर बस्न बाध्य भए। ०५७ माघ ५ गते बर्दिया र कैलालीका कमैयाले १ हजार ५ सय विघा भन्दा बढी जमिन भाग लगाएर टहराहरू बनाएका थिए। पछि उनीहरूलाई सरकारले अन्यत्रै जग्गा उपलब्ध गराइदिने आश्वासन दिएर त्यहाँबाट हटाएको थियो।

भ्रष्टाचार सम्बन्धी कानुन बनेन

गत वर्ष जस्तै यो वर्ष पनि भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कार्वाही गर्न कडा कानुनको निर्माण गर्ने घोषणा सरकारले गरेको थियो। तर त्यस्तो कानुनको निर्माण यो वर्ष पनि हुन सकेन।

मुलुकमा बढ्दो भ्रष्टाचार नियन्त्रण गर्न कडा कानुनी व्यवस्था गर्ने उद्देश्यले सरकारले गृहमन्त्री खुमबहादुर खड्का मार्फत ०५८ साउन १५ गते प्रतिनिधि सभामा दुई वटा विधेयक प्रस्तुत गरिए, जसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र विशेष प्रहरी विभागलाई अधिकार सम्पन्न र प्रभावकारी बनाउने उद्देश्य राखिएको थियो। ती दुई विधेयकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) विधेयक- ०५७ र भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न बनेको विधेयक- ०५७ रहेका थिए। भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न प्रधान मन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी विभाग स्तरको "राष्ट्रिय सतर्कता केन्द्र" गठन गर्ने प्रावधानका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई श्रोत नखुलेको सम्पत्ति जफत गर्ने अधिकार प्रस्तावित विधेयकमा दिइएको थियो। अस्तित्वमा नरहेको अवस्थाको विशेष प्रहरी विभागलाई पनि भ्रष्टाचार नियन्त्रणमा अधिकार सम्पन्न बनाई सक्रिय गराउने प्रावधान विधेयकमा थियो। यी दुवै विधेयक भ्रष्टाचार नियन्त्रण गर्न पूर्ण नरहेकोले यसभन्दा कडा विधेयक प्रस्तुत गर्नु पर्ने माग भइरहेको बेला त्यही विधेयक पारित गर्नबाट समेत सरकार पछाडि हट्न पुग्यो। यो वर्ष पनि भ्रष्टाचार नियन्त्रण सम्बन्धी विधेयक पारित गराउने तत्परता देखाउनुको सट्टा प्रस्तावित विधेयकलाई पारित नगरी थन्क्याएरै राख्ने काम सरकारले गर्‍यो।

शरणार्थी समस्या समाधान भएन

विगतका सरकारहरूले झैं यो वर्षका पनि दुवै वटा सरकारले आफू सत्तारूढ हुँदा भूटानी शरणार्थी समस्या समाधान गरेरै छाड्ने प्रतिबद्धता जनाएका थिए। ११ वर्षदेखि नेपालले झेल्दै आएको भूटानी शरणार्थी समस्या समाधानका लागि शरणार्थी प्रमाणीकरणको प्रक्रियालाई अगाडि बढाउने प्रयास श्री

५ को सरकारका पक्षबाट भयो। यो वर्ष दुवै देशका संयुक्त प्रमाणिकरण टोलीले खुदुनाबारी शरणार्थी शिविरका १ हजार ९ सय ३५ परिवारका १२ हजार ९१ जना शरणार्थीको प्रमाणिकरण गर्ने बाहेक अन्य प्रक्रियाहरू पूरा गर्न सकेन। तर त्यो प्रयास सार्थक सावित हुन सकेन। प्रमाणीकरणको प्रयासलाई अगाडि बढाएर यथाशक्य चाँडो समस्याको समाधान गर्ने सक्रियता भूटान सरकारले नदेखाए पछि श्री ५ को सरकार पनि आफ्नो तर्फको सक्रियतालाई अगाडि बढाउने प्रयासमा लागेको देखिएन।

सरकारले क्षतिपूर्ति दियो

नेपालगञ्ज कारागारमा ०५७ माघ १ गते भएको घटनामा तत्कालीन प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकले मानवअधिकारको उल्लंघन गरेको ठहर राष्ट्रिय मानवअधिकार आयोगले गऱ्यो। आयोगले पीडित पक्षलाई क्षतिपूर्ति दिन र दोषीलाई जरिवाना गराउन सरकारलाई निर्देशन दिएको थियो। आयोगद्वारा ०५८ जेठ १२ गते आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइए अनुसार प्रहरीको गोलीबाट मारिएका दुई कैदीका हकवालालाई एक/एक लाख रूपैया क्षतिपूर्ति दिन गृह मन्त्रालयलाई निर्देशन दिइएकोमा तत्काल क्षतिपूर्ति दिइएन। मानवअधिकार आयोगको निर्देशनलाई लामो समयसम्म बेवास्ता गरियो। धेरै समयपछि मात्र पीडित पक्षले सरकारको तर्फबाट क्षतिपूर्ति पाए। पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धमा मानवअधिकार आयोगको यो पहिलो निर्देशन थियो।

अभिसन्धिमा सहमति

यो वर्ष सरकारले मानवअधिकार सम्बन्धी तीन वटा निर्णयमा सहमति जनायो। एउटा अभिसन्धिमा श्री ५ को सरकारका तर्फबाट हस्ताक्षर नै गरियो भने अन्य दुई वटामा यो वर्ष सहमति मात्र जनाएर सन् २००२ को आरम्भमै हस्ताक्षर गरिएको थियो। यो वर्ष हस्ताक्षर गरिएको अभिसन्धिमा महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको स्वेच्छिक प्रलेख रहेको छ। त्यसमा सरकारका तर्फबाट ०५८ पुस ३ मा हस्ताक्षर भएको थियो।

सरकारले यो वर्षको अन्तिममा अन्य २ वटा मानवअधिकार सम्बन्धी सार्कस्तरीय निर्णयको अभिसन्धिमा सहमति जनायो। एघारौं सार्क शिखर सम्मेलनका मुख्य निर्णयहरू मध्येमा एउटा निर्णय दुई वटा अभिसन्धिमा सार्क राष्ट्रहरूले हस्ताक्षर गर्नु पर्ने थियो। ती दुई अभिसन्धिमा वेश्यावृत्तिका लागि महिला र बालबालिकाको ओसारपसारमा रोक लगाउने र बालबालिकाको कल्याणका कार्यक्रममा बढोत्तरी गर्ने रहेका छन्। यी अभिसन्धिमा हस्ताक्षर गर्न श्री ५ को सरकारले देखाएको सक्रियतालाई सकारात्मक मान्नु पर्दछ।

निष्कर्ष

विगत वर्षहरूको तुलनामा यो वर्ष पनि श्री ५ को सरकारको भूमिका मानवअधिकारको क्षेत्रमा खासै उपलब्धिमूलक रहन सकेन। सरकारको भूमिका केही कुरामा सकारात्मक रह्यो भने कतिपय घटनामा नकारात्मक रहन पुग्यो।

विगतका सरकारहरू पनि आफ्नै घोषणाप्रति इमान्दार रहन सकेनन्। राष्ट्र र जनताको हितमा जे काम गर्छु भनेर सरकार गठन गर्दा घोषणा गरेको हो त्यो काम इमान्दारितापूर्वक पूरा नगर्नुले सरकार प्रतिको जनविश्वास क्रमशः घट्दै गएको देखिन्छ। त्यो स्थितिबाट यो वर्षका दुवै वटा सरकार मुक्त रहन सकेनन्।

देशमा ६ वर्षदेखि संचालित माओवादी हत्या-हिंसालाई वार्ताद्वारा शान्तिपूर्ण रूपमा समाधान गर्ने प्रयास श्री ५ को सरकारबाट हुनु यो वर्षको सबैभन्दा महत्वपूर्ण पक्ष हो। वार्ता सार्थक र उपलब्धिमूलक नभए पनि सरकार पक्षबाट माओवादी समस्याको शान्तिपूर्ण समाधानका लागि वार्ताको वातावरण तयार गरेर वार्ताको टेबुलमा दुवै पक्ष बस्ने र छलफल गर्ने प्रयासमा पहल गर्नु नै सकारात्मक कुरा हो। सरकार-माओवादी दुवै पक्ष बसेर छलफल गर्ने परिस्थितिको निर्माण गर्ने सन्दर्भमा सरकारले खेलेको भूमिकालाई महत्वपूर्ण मान्नु पर्दछ। माओवादीले एक पक्षीय रूपमा वार्ता भङ्ग गर्नुमा सरकार पक्षलाई दोष दिने आधार देखिंदैन। तथापि, फेरि पनि बन्दुकबाट मात्र हैन वार्ताबाट मात्रै यो समस्याको समाधान निस्किन्छ भन्ने कुरालाई भने सरकारले हरदम हृदयङ्गम गरिरहनु जरूरी छ। माओवादीले एकतर्फी रूपमा वार्ता भङ्ग गरेर गर्नै नहुने महागल्ती गरे भन्दैमा सरकारले वार्ता गर्दै नगर्ने भनेर अडान लिनु समस्याको उपयुक्त तरिका हैन। यस सन्दर्भमा सरकार हरहमेशा गम्भीर रहनु पर्दछ। "प्रचण्डले वार्ताप्रति बेइमानी गरेकाले हामी वार्ताप्रति इमान्दार भइरहन सक्दैनौं" भनेर प्रधानमन्त्री शेरबहादुर देउवाले वार्ताप्रति कडा असहमति राखिरहनु उचित हुँदैन। साथै, माओवादीले पनि हतियार फालेर शान्तिपूर्ण वार्ताको टेवुलबाट समस्या समाधान गर्न ढिलो गर्नु हुँदैन। अब पनि माओवादीले हतियार नफाल्ने हो भने भावी दिनहरू उसका लागि झनै कष्टकर हुने सम्भावना टड्कारो छ। सरकार-माओवादी दुवैले हतियार मात्रै बोकिरहने हो भने नेपालमा हिंसाको अन्त्य कहिल्यै सम्भव नहुन पनि सक्छ।

मानवअधिकार आयोगको निर्देशन अनुसार सरकारले मानवअधिकार उल्लंघन भएको एउटा घटनामा पीडितको हकवालालाई क्षतिपूर्ति दिएर राम्रो कामको सुरुवात गरेको छ भने पीडकलाई सजाय वा जरिवाना नगर्नुले आयोगको निर्देशनलाई सरकारले पूर्ण रूपमा पालना नगरेको देखिन्छ। प्रजातान्त्रिक संविधान अन्तरगत गठित प्रजातान्त्रिक सरकारले मानवअधिकार आयोगको निर्देशनलाई पूर्ण रूपमा कार्यान्वयन नगर्नु सुहाउने कुरा होइन। मानवअधिकार आयोगका अन्य थुप्रै निर्देशनहरूको पालना र कार्यान्वयन सरकारबाट हुन बाँकी नै देखिएको छ, ती निर्देशनहरू अक्षरशः पालन हुनु वा कार्यान्वयन गरिनु आवश्यक छ।

यो वर्ष मुलुकमा कायम रहेका दुवै वटा सरकारले जनताको हित र अधिकारको पक्षमा निकै ठुल्ठुला र महत्वपूर्ण घोषणाहरू गरे। तर ती घोषणा मध्ये छिटफुट र नगण्य कुराको कार्यान्वयन भयो तर हुनै पर्ने महत्वपूर्ण बुँदाहरूको कार्यान्वयन भने भएन। सरकार आफ्ना घोषणाबाट आफैं पछाडि हट्यो। कार्यान्वयन नगर्ने कुराको घोषणा गरेर जनतालाई ढाँट्ने काम सरकारबाट यो वर्ष पनि जारी रह्यो। जनताबाट निर्वाचित सरकारले जनतालाई ढाँट्नु पनि एउटा अपराध हो भन्ने कुरा हरेक सरकारले महसुस गर्नुपर्छ।

यो वर्ष सरकारबाट संविधानको रक्षा गर्ने केही प्रयास भयो भने सरकार स्वयंले संविधानको गम्भीर ढंगले उल्लंघन गरेका घटना पनि भए। नागरिकता विधेयक र संकटकाल लागू भएपछि प्रकाशन/प्रशारणका क्षेत्रमा गर्न हुने/नहुने भनेर सरकारले जारी गरेको निर्देशनलाई उदाहरणको रूपमा लिन सकिन्छ। सरकारले मुलुकमा संकटकालको घोषणा गरेपछि आम नागरिक आफ्ना मौलिक अधिकारबाट वञ्चित भएर रहन बाध्य बने।

यो वर्ष मानवअधिकारको रक्षा र सम्मानमा सरकारले केही राम्रो काम गर्ने प्रयास गरे पनि कतिपय कामकार्वाहीका कारण सरकारको भूमिका मानवअधिकारको रक्षामा आशातित सकारात्मक रहेन। यो वर्ष पनि श्री ५ को सरकारको छवि मानवअधिकारप्रति पूर्ण प्रतिबद्ध सरकारको रूपमा प्रस्तुत हुन सकेन।

परिच्छेद २

राज्य र मानवअधिकार

२.३ व्यवस्थापिका

प्रजातन्त्रको सबैभन्दा चम्किलो आकर्षण, गरिमा र महत्व नै आदर्श राज्यको स्थापना प्रति यसको प्रतिबद्धता हो। यसले नै प्रजातन्त्रलाई सबैभन्दा उत्तम राजनीतिक व्यवस्था बनाएको छ। आदर्श राज्यको स्थापना गर्ने प्रजातन्त्रको प्रतिबद्धता मानवअधिकारको प्रत्याभूति विना सम्भव हुँदैन। मानवअधिकारको प्रत्याभूति दिलाउन राज्यका तीनै अंग व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका उत्तिकै जिम्मेवार हुन्छन् र हुनुपर्दछ। कुनै एक अंग वा त्यसका अंश मात्र पनि मानवअधिकार प्रति सचेत र संवेदनशील बन्न सकेनन् भने आदर्श राज्यको परिकल्पनाको जगमा उभिएको प्रजातन्त्र धरमराउँछ।

राज्यमा मानवअधिकार प्रत्याभूत गराउन आवश्यक कानून बनाएर, विद्यमान कानूनहरूमा आवश्यक सुधार गरेर र मानवअधिकारलाई बाधा पुऱ्याउने कानूनहरू खारेज गरेर न्यायपालिकालाई बलियो बनाउने तथा विभिन्न बिषयका साथै मानवअधिकारका सवालमा समेत कार्यपालिकालाई सही बाटो देखाउने महत्वपूर्ण गहन कार्य पनि व्यवस्थापिकाकै दायित्व भित्र पर्दछ। यस सन्दर्भमा सन् २००१ मा भएका हाम्रो व्यवस्थापिकाका गतिविधिलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ।

सन् २००१ (वि.सं. २०५७/०५८) मा नेपालको राजनीतिक परिदृश्य निकै धमिलो रहन गयो। एकातिर माओवादका नाममा देशभरी चलाइएको हत्या र हिंसाको बढ्दो आतंक अर्कोतिर राजनीतिक अस्थिरता, असमझदारी र अपरिपक्वताले गर्दा देश पूरै प्रभावित रह्यो। अझ त्यसमा पनि, जेठ १९ गते राजदरबारमा भएको, विश्व इतिहासकै एक अकल्पनीय वियोगपूर्ण घटनाले नेपाली जनमानस पूरै मर्माहत भयो।

मानवअधिकारको दृष्टिकोणले हेर्दा यो वर्ष नेपालमा मानवअधिकारवादीहरूले लज्जा र आत्मग्लानीले शिर झुकाउनुपर्ने घटनाहरू नै बढी भए। सरकारी पक्ष र सरकार विरोधी पक्ष दुवैतर्फबाट व्यापकमात्रामा भएका हिंसात्मक कार्यवाहीबाट समस्त नेपाली जनताको सुख र शान्तिसँग बाँच्न पाउने अधिकार निर्ममतापूर्वक कुण्ठित भयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का कारण सिर्जित समस्या राजनीतिक ढंगले समाधान गर्ने सदाशयतापूर्वक श्री ५ को सरकारले चालेको कदम र त्यसप्रति माओवादीले प्रारम्भमा देखाएको सकारात्मक दृष्टिकोणको परिणामस्वरूप सरकार-माओवादीबीच तीन पटक वार्ता हुन सक्नुलाई एक उपलब्धी र आशाको शुभ संकेतको रूपमा लिइएको थियो। तर, त्यसैबीच अनायास माओवादीहरू वार्ता छोडी युद्धविरामको सहमति पनि एकतर्फीरूपमा तोडेर सेनामाथि जाइलागेपछि स्थिति अत्यन्त नाजुक बन्न पुग्यो। यसको परिणामस्वरूप श्री ५ को सरकारले माओवादीहरूलाई आतंककारी घोषित गरी उनीहरूका विरूद्ध सैनिक परिचालन गऱ्यो। प्रायःजसो राजनीतिक पार्टीहरूको सहमति र समझदारीमा श्री ५ को सरकारले २०५८ मंसीर ११ गते नेपाल अधिराज्यभर संकटकालीन स्थिति घोषणा गरी माओवादीविरूद्ध सैनिक शक्ति परिचालन गऱ्यो। नेपालको राजनीतिक इतिहासमा पहिलो पटक लागू भएको यस प्रकारको संकटकालले राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक लगायत प्रायः सबै क्षेत्रमा असहज वातावरण सिर्जना गऱ्यो।

यस्तो विषम परिस्थितिमा कुनै पनि देशको व्यवस्थापिका ओझेलमा पर्नु स्वभाविकै हो। त्यसैले सन् २००१ मा नेपालको व्यवस्थापिका ओझेलमा परेको अनुभूति गरियो। यद्यपि, यस वर्ष संसदको १९ औं र २० औं अधिवेशन सञ्चालन भए। संसदको १९ औं अधिवेशन प्रतिपक्षीहरूले सामुहिक विरोध गरी निरन्तर प्रधानमन्त्रीको राजीनामा माग गरेका कारण कुनै कारवाहीमा प्रवेश नै नगरी अन्त्य भयो भने २० औं अधिवेशनमा केही काम भएको पाइन्छ। यी दुवै अधिवेशनका महत्वपूर्ण प्रसङ्गबारे यहाँ चर्चा गरिएको छ।

१९ औं अधिवेशन

संसदीय परम्परा अनुसार श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट आव्हान गरिबक्सेबमोजिम संसदको १९ औं अधिवेशन २०५७ माघ २६ गतेदेखि प्रारम्भ भई चैत्र २३ गतेसम्म जारी रह्यो। यसअवधिमा प्रतिनिधि सभाको बैठक २४ दिनमा २५ पटक बस्यो भने राष्ट्रिय सभाको बैठक १७ दिनमा १७ पटक बस्यो।

प्रतिनिधि सभा

हिउँदे अधिवेशनको नामले कहलिएको यस अधिवेशनको पहिलो दिन सभामुख तारानाथ रानाभाटले सांसदहरूको स्वागत गर्दै मुलुकमा राजनीतिक अस्थिरता, अन्यौल र अनिर्णयको स्थिति विद्यमान रहेमा यसले कसैको

हित गर्दैन, पार्टी भित्रका झगडा एवं पार्टी-पार्टी बीचका अनमेलले जनमानसमा देखिएको घोर निराशा, बढ्दै गएको आतंक र अराजकताबाट भइरहेको जनधनको चरम क्षति र राज्यको प्रमुख अङ्ग न्यायपालिकाका प्रमुख प्रधानन्यायाधीश माथिको सांघातिक हमलाले परिस्थितिको गाम्भिर्यतालाई अनुमान गर्न सकिन्छ, भन्नुभयो। उहाँले यस्तो स्थिति र भ्रष्टाचार जस्ता विकृति र विसंगतिलाई प्रभावकारी ढंगबाट नियन्त्रण गर्नु हामी सबैको साझा दायित्व हो भन्नुभयो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एउटा समूहले हतियार उठाएर हत्या र हिंसाको बाटो अख्तियार गरेका छन् भन्नु हुँदै यसबाट उत्पन्न समस्या समाधान गर्ने उद्देश्यले जारी गरिएको अध्यादेश पारित गर्न सांसदहरूलाई आग्रह गर्नुभयो।

यसैगरी प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता माधवकुमार नेपालले विगत ११ वर्षदेखि नेपाली जनता असन्तुष्ट भईरहेको, संविधानका उद्देश्य पूरा हुन नसकिरहेको र प्रधानमन्त्रीद्वारा व्यक्त शान्ति सुरक्षा, सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्य गर्ने प्रतिबद्धता पूरा हुन नसकेको बताउँदै सरकारको तीब्र आलोचना गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता सूर्यबहादुर थापाले सरकारले देश र जनतालाई वेवास्ता गरेको, देशमा सरकार नै नभएको प्रतीत भइरहेको, शान्ति सुरक्षा लुप्त भएको, आर्थिक अवस्थाले घुँडा टेकेको र भ्रष्टाचारले शिर छोएको भनी असन्तोष व्यक्त गर्नुभयो।

नेपाल सद्भावना पार्टी संसदीय दलका नेता बद्रीप्रसाद मण्डलले नागरिकता समस्या समाधान गर्न संविधान संशोधन गर्नुपर्ने माग गर्नु भयो भने राष्ट्रिय जनमोर्चा नेपाल संसदीय दलका नेता चित्रबहादुर के.सी.ले यस एक दशकमा संसदीय व्यवस्थाले जनतालाई केही दिन नसकेको टिप्पणी गर्नुभयो।

संयुक्त जनमोर्चा नेपालका लीलामणि पोखरेलले माओवादी समस्याप्रति सरकार गम्भीर नभएको र पूर्णागिरीमा भारतले बाँध बनाइरहेकोमा जनस्तरबाट त्यसको विरोध भइरहेको तर सरकार मौन रहेको आरोप लगाउनुभयो।

नेपाल मजदूर किसान पार्टीका नारायणमान विजुक्छेले आफूले गरेको प्रतिबद्धता पूरा गर्न नसकेपछि प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा गर्नु पर्ने माग गर्नुभयो।

पहिलो दिनको बैठकमा गृहमन्त्री रामचन्द्र पौडेलले सशस्त्र प्रहरी अध्यादेश २०५७ र स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश-२०५७ तथा स्वास्थ्यमन्त्री रामकृष्ण ताम्राकारले स्वास्थ्यसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश-२०५७ पेश गर्नुभयो।

यस बैठकमा प्रतिनिधिसभाका पूर्व सदस्यद्वय आशाकाजी वासुकला र राजदेव गोइतको क्रमशः २०५७ असोज १९ गते र मंसीर ३० गते निधन भएकोमा शोक प्रकट गर्दै एक मिनेट मौनधारण गरियो।

यस अधिवेशनको पहिलो दिनको बैठक सामान्यरूपमा चलेपनि दोस्रो दिन फागुन १ गतेदेखिको बैठक पूरै अधिवेशन अवधिभर तनावपूर्ण रह्यो। लाउडा हवाइजहाज प्रकरणमा अनियमितता भएको, बदनियत देखिएको तथा शाही नेपाल वायुसेवा निगमको हित विपरित कामकारवाही भएको भनी सार्वजनिक लेखा समितिले निष्कर्ष निकालेको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको निर्देशन उल्लंघन गरिएकाले नैतिकताको आधारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्ने जोडदार माग सबै प्रतिपक्षबाट उठाइयो।

प्रधानमन्त्री कोइरालाको राजीनामा नआएसम्म सदनको कारवाही अघि बढ्न नदिने सबै प्रतिपक्षीहरूको अडान अनुरूप नाराबाजी, रोष्ट्रम घेराउ, वेल घेराउ, सदन बहिष्कार जस्ता विरोधात्मक कार्यले गर्दा १९ औं अधिवेशन पूरै प्रभावित रह्यो र निर्धारित कार्यक्रम अनुसार सदनको कारवाही चल्न सकेन।

यही विवादका कारण फागुन ८ गतेको बैठकमा हात हालाहालको अप्रिय दृश्य समेत देखियो। सो दिन बैठकको कारवाही शुरू भएको लगत्तै सभामुख रानाभाटले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री ओमकारप्रसाद श्रेष्ठलाई लाउडा विमान प्रकरणसम्बन्धी सार्वजनिक महत्वको वक्तव्य दिन समय दिनुभयो। तर, मन्त्री श्रेष्ठ वक्तव्य दिन रोष्ट्रमतर्फ अघि बढ्न लाग्दा प्रतिपक्षी सांसदहरूले सदनको नियमित कारवाही अगाडि बढ्न नदिन मन्त्री श्रेष्ठलाई पछाडिबाट समाती बलपूर्वक रोकेपछि सत्तापक्ष र प्रतिपक्षका सांसदहरूबीच हात हालाहालको स्थिति उत्पन्न भयो। अनियन्त्रित स्थिति देखेपछि सभामुखले भोलिपल्टसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्नुभयो। त्यसपछि पनि सदनमा करिब सात मिनेटसम्म सत्तापक्ष र प्रतिपक्षका सांसदहरूबीच घम्साघम्सी भएको थियो।

यस्तो बिग्रँदो स्थितिलाई समाधान गर्ने उद्देश्यले फागुन ९ गते सभामुखको अग्रसरतामा सर्वदलीय बैठक बस्यो। तर त्यो बैठकबाट पनि ठोस निकास निस्कन नसकेकाले सहमति र समझदारीमा पुग्न थप समय आवश्यक भएको र सो समझदारी कायम नगरी बैठक अघि बढ्न सम्भव नभएकाले तीन दिनका लागि बैठक स्थगित भयो। तर, त्यस तीन दिनको प्रयास पनि समझदारी कायम गर्न सफल भएन। परिणामस्वरूप फागुन १२ गतेको बैठक सबै प्रतिपक्षीहरूले बहिष्कार गरे भने नेपाल सद्भावना पार्टीका सांसदहरू कोही पनि बैठकमा उपस्थित भएनन्। यसरी सदन प्रतिपक्षीविहीन भएपछि सभामुखले पाँच दिनका लागि बैठक स्थगित गर्नुभयो।

पाँच दिनपछि अर्थात् फागुन १६ गतेदेखि चैत २३ गतेसम्म पटक-पटक बसेका बैठकहरू प्रधानमन्त्री कोइराला विरूद्ध नाराबाजी, लाउडा विमान प्रकरणको कारण राजीनामा माग, सबै प्रतिपक्षीहरूद्वारा बैठक बहिष्कार र नेपाल सद्भावना पार्टीको निरन्तर अनुपस्थितिको कारण नियमित कारवाहीमा प्रवेश नै नगरी स्थगित भए।

हरेक दिनको बैठकमा सभामुखले बैठक सुचारूरूपले सञ्चालन गर्न दिन आग्रह गर्नु भए पनि प्रतिपक्षी सांसदहरूद्वारा त्यस आग्रहलाई महत्व दिइएन। साथै, यसबीच सभामुख

सरकार तथा राजनीतिक पार्टीका व्यवहारले जन्मेको द्विविधा अन्त्य गर्न कानूनी र संवैधानिक उपचार खोज्ने, सरकार तथा प्रतिपक्षीहरूको सम्बन्ध र व्यवहारलाई व्यवस्थित र पारदर्शी बनाउन न्यूनतम नीतिगत समझदारी कायम गर्ने र निष्पक्ष निर्वाचनका लागि सर्वदलीय समितिले दिएको सुझाव कार्यान्वयन गर्ने उल्लेख गरिएको छ।

हिंसा र आतंक नियन्त्रण गर्न उपयुक्त कानूनी एवं श्री ५ को सरकारद्वारा ल्याइएको एकीकृत आन्तरिक सुरक्षा र विकास योजनामा सबै राजनीतिक दलको सामुहिक प्रतिबद्धता र आवश्यक पर्ने अन्य साझा कार्यक्रमका लागि सहमति कायम गर्ने, उद्योग, व्यापार, पर्यटनलगायत आर्थिक गतिविधि एवं सर्वसाधारण नागरिकका जीवनमा प्रतिकूल प्रभाव पार्ने हड्ताल एवं बन्द जस्ता गतिविधिलाई कमसेकम १० वर्षका लागि बन्द गर्न सबै राजनीतिक दलहरूले सामूहिक प्रतिवद्धता गर्नु पर्ने, आगामी दशकलाई राष्ट्रिय आर्थिक पुनः निर्माणको दशक घोषणा गर्नु पर्ने, भ्रष्टाचार नियन्त्रणका लागि संसदमा प्रस्तुत विधेयकलाई व्यवहारिक रूपले नै प्रतिफल देखिने गरी वर्तमान चुनौतिसँग सामना गर्न सक्नेगरी अधिवेशनमै पारित गर्नु पर्ने पनि उल्लेख गरिएको छ।

राजनीतिक दल सञ्चालन सम्बन्धी विषयलाई थप उत्तरदायी र पारदर्शी बनाई संसदमा रहेका विधेयकको टुङ्गो लगाउने, शैक्षिक समस्या समाधानका लागि एकीकृत दृष्टिकोण निर्माण गर्न शिक्षा क्षेत्रलाई दलीय राजनीतिबाट मुक्त राख्न सर्वदलीय समझदारी कायम गर्ने, नागरिकता प्रमाण पत्र सम्बन्धी विवाद समाधान गर्न कानूनी तथा सबै व्यवस्थामा आवश्यक सुधार गर्ने, महिला सशक्तिकरण अभियानलाई तीव्र पार्ने, पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकार स्थापित गर्ने विधेयकलाई यसै अधिवेशनमा पारित गर्ने आदि विषयलाई प्रस्तावित राष्ट्रिय सहमतिका आधारभूत कार्यक्रममा जोड दिइएको छ।

समाजमा विद्यमान छुवाछूत, सामाजिक भेदभाव र शोषण समाप्त गर्न सामाजिक व्यवहारको सरलीकरण सम्बन्धी व्यवस्थाबारे ठोस नीति बनाउने र त्यसको कार्यान्वयन गर्ने, कर्मचारीहरूलाई राजनीतिक दलको विभिन्न कर्मचारी संघ/संगठन तथा भातृ संस्थाको रूपमा आबद्ध नगर्ने, सरकारी स्वामित्व वा अर्धसरकारी स्वामित्वमा रहेका संस्थान, संघ-संस्था एवं प्रतिष्ठानहरूको दक्षता अभिबृद्धि गर्न सबै राजनीतिक दलहरू प्रतिवद्ध बन्नु पर्ने, स्वतन्त्र एवं व्यवसायिक कार्य कुशलताका लागि सरकारी हस्तक्षेप बन्द गर्ने र जनतालाई आत्मनिर्भर बनाउन प्रतिबद्ध हुनुपर्ने आवश्यकता तर्फ प्रधानमन्त्री कोइरालाले आफ्नो प्रस्तावित कार्यक्रममा जोड दिनु भयो।

दशैं खर्च फिर्ता

सांसदहरूले कर्मचारी सरह प्रत्येक वर्ष लिने गरेको दशैं खर्चलाई महालेखा परीक्षकले कानुन नबनाइ यसरी दशैं खर्च लिनु सैद्धान्तिक बेरूजु भनी वर्षेनी आफ्नो प्रतिवेदनमा उल्लेख गर्दै आएको थियो। यसैको आधारमा सार्वजनिक लेखा समितिको २०५८ असोज २९ गतेको बैठकले सो समितिका सदस्यहरूले दशैं खर्च नलिने निर्णय गऱ्यो।

यो निर्णयको प्रभाव स्वरूप त्यसको भोलि पल्टै संसदीय समन्वय ब्यूरोले पनि २०५६ सालको आम निर्वाचनबाट गठित प्रतिनिधि सभा र राष्ट्रिय सभाका सबै सदस्यहरू र पदाधिकारीहरूले २०५६, २०५७ र २०५८को दशैं खर्च नलिने निर्णय गऱ्यो। २०५६ र २०५७ सालको लिइसकेको दशैं खर्च बापतको रकम पनि ६ महिना भित्र फिर्ता गराउने निर्णय समेत सो ब्यूरोले गऱ्यो। यो निर्णयको सबै तिरबाट सराहना गरियो। यस निर्णयबाट सांसद र पदाधिकारीहरूको दशैं खर्च बापत खर्च हुने गरेको वार्षिक करीब रू.४० लाख बचत हुन गएको छ।

पहिलो सम्बोधन

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट संसदको २० औं अधिवेशनको दुबै सदनको संयुक्त बैठकलाई असार १५ गते सम्बोधन गरिबक्स्यो। संसदमा मौसूफको यो पहिलो सम्बोधन हो। शाही सम्बोधनमा निहित श्री ५ को सरकारको नीति तथा कार्यक्रममा भनिएको छ - "शान्ति सुव्यवस्था कायम गर्ने निकायको संस्थागत क्षमता अभिबृद्धि एवं प्रभावकारी परिचालनद्वारा हिंसा, आतंक तथा अपराधिक क्रियाकलापलाई नियन्त्रण गरी जनताका मौलिक हक उपभोग र जनधनको सुरक्षा प्रबन्धलाई सुदृढ बनाइने छ, हिंसात्मक गतिविधिमा संलग्न व्यक्तिलाई हिंसाको बाटो त्यागी शान्तिपूर्ण राजनीतिको राष्ट्रिय मूलधारमा समावेश हुन प्रोत्साहित गरिने छ, हिंसा र आतंकबाट प्रभावित क्षेत्रका जनताको सुरक्षा, आर्थिक-सामाजिक विकास र सहज ढंगले न्याय पाउने जनअधिकारको प्रत्याभूति गर्न एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजनाको प्रभावकारी कार्यान्वयन गरिने छ।"

असार १८ गते देखि २४ गतेसम्म श्री ५ को सरकारको नीति तथा कार्यक्रम माथि छलफल भयो। छलफलको क्रममा उक्त कार्यक्रमको तीव्र आलोचना गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) द्वारा ६३ बुँदाको, राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा तीन बुँदाको, नेपाल सद्भावना पार्टीद्वारा २५ बुँदाको, राष्ट्रिय जनमोर्चाद्वारा ४३ बुँदाको, संयुक्त जनमोर्चाद्वारा ५६ बुँदाको र नेपाल मजदूर-किसान पार्टीद्वारा १५ बुँदाको संशोधन प्रस्ताव प्रस्तुत गरियो। सत्तापक्ष नेपाली कांग्रेसका तर्फबाट शाही सम्बोधनमा निहित नीति तथा कार्यक्रमको समर्थन गर्दै प्रधानमन्त्री कोइरालाद्वारा प्रस्तुत १४ बुँदे कार्यक्रमको कार्यान्वयनतर्फ विशेष जोड दिइयो।

एक खर्बको बजेट

असार २५ गते अर्थ मन्त्री डा. रामशरण महतले दुबै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०५८/५९ का लागि

करिब एक खर्ब अर्थात रू. ९९ अर्ब ७९ करोड २२ लाख १९ हजारको बजेट पेश गर्नुभयो। त्यसमध्ये साधारण खर्चतर्फ रू. ४९ अर्ब ३१ करोड १९ लाख ४१ हजार तथा विकास खर्चतर्फ रू. ५० अर्ब ४७ करोड २ लाख ७८ हजार छुट्याइयो।

उक्त बजेटमाथिको सामान्य छलफलको क्रममा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले बजेट निराशाजनक रहेको, गरिबी निवारणका लागि ठोस कार्यक्रम नभएको भनी आलोचना गऱ्यो भने राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट निस्कृय, निरीह, असक्षम र भ्रष्टाचारमा चुर्लुम्म डुबेर ल्याइएको परम्परागत दस्तावेज मात्र भएको टिप्पणी गऱ्यो। नेपाल सद्भावना पार्टीद्वारा बजेटमा गरिबी निवारण शब्द विदेशीलाई देखाउन मात्र सीमित रहेको र अत्यावश्यक वस्तुहरूको मूल्य बढाएर हतियार खरिदमा बजेट विनियोजित गरेको भनी असन्तुष्टि व्यक्त गरियो।

राष्ट्रिय जनमोर्चाले बजेट जालझेलपूर्ण, नक्कली, कृत्रिम र झुक्याउने खालको भएको भनी आलोचना गऱ्यो भने संयुक्त जनमोर्चा नेपालले बजेट साना किसान र निमुखा जनतामुखी नभई सैनिक र प्रहरीमुखी भएको टिप्पणी गऱ्यो। नेपाल मजदूर किसान पार्टीले बजेट शोषकलाई पोस्ने, अनुत्पादक र आश्वासन बाँड्ने खालको भएको भनी आलोचना गऱ्यो।

माओवादी आक्रमणबारे जानकारी

गृहमन्त्री रामचन्द्र पौडेलले असार २४ गतेको बैठकमा असार २३ गते राति नुवाकोट जिल्लाको तारूका प्रहरी चौकीमा माओवादी सशस्त्र आक्रमणकारीहरूको आक्रमणमा परी १० जना प्रहरीको मृत्यु भएको, सोही दिन लमजुङको बिचौर प्रहरी चौकीमा दोहोरो भीडन्त हुँदा २१ जना प्रहरी र एक स्थानीय महिलाको मृत्यु भएको र सोही रात गुल्मीको वामी प्रहरी चौकीमा आक्रमण हुँदा ९ जना प्रहरीको मृत्यु भएको जानकारी दिनुभयो।

यसैगरी गृहमन्त्री पौडेलले असार २५ गते राति रामेछापको धोबीडाँडा इलाका प्रहरी कार्यालयमा आक्रमण गरी माओवादीहरूले एक प्रहरी जवानको हत्या गर्नुका साथै १० जना प्रहरीलाई अपहरण गरी लगेको, सोही दिन महेन्द्र बहुमुखी क्याम्पस, दाङका सहायक क्याम्पस प्रमुख नारायण शर्मालाई निवासबाटै अपहरण गरी विभत्स हत्या गरेको, सोही दिन बाजुराका पूर्व सांसद एवं नेपाली काँग्रेसका जिल्ला सभापति देवराज जोशीलाई अपहरण गरेको र असार २६ गते राती क्षेत्रीय प्रहरी इकाई कार्यालय दाङका प्रहरी वरिष्ठ उपरीक्षक परमेश्वरसिं सिजापतिको तुलसीपुरको कालाखेलामा माओवादीहरूको आक्रमणबाट मृत्यु भएको बारे असार २७ गतेको बैठकमा जानकारी दिनुभयो।

उपप्रधानमन्त्रीको राजीनामा

असार २८ गते राती रोल्पाको होलेरी इलाका प्रहरी चौकीमा माओवादीहरूले आक्रमण गरी एक प्रहरीको हत्या गर्नुका साथै ७१ जना प्रहरीलाई अपहरण गरी लगे। यस घटनापछि उत्पन्न असहज स्थितिको कारण उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले राजीनामा दिनु भयो। असार २९ गते प्रतिनिधि सभाको बैठकमा आफ्नो राजीनामाको घोषणा गर्दै उहाँले हत्या र हिंसाको श्रृंखलाले प्रजातन्त्र मात्र नभई देश नै मासिने हो कि भन्ने आशंका पैदा भएको स्थितिमा पनि सत्तारूढ पार्टी भित्र र अन्य पार्टीहरूमा एकता नभएकोमा चिन्ता व्यक्त गर्दै आफूले प्रस्तुत गरेको सुझाव पनि नलिइएको र आफूलाई अर्को कुनै बाटो पनि नदेखाइएकोले यस्तो परिस्थितिमा पदमा बसिरहनु पद लिप्सा मात्र हुने भएकोले आफूले उपप्रधानमन्त्री तथा गृहमन्त्री पदबाट राजीनामा गरेको स्पष्ट गर्नु भयो।

नेपाली जनताले अहिले भोगेको जस्तो ठूलो पराधिनता र अत्याचार कहिल्यै भोग्नु परेको छैन, सांसदहरूले सत्ताको तावेदारी मात्र होइन जनताले दिएको जिम्मेवारी अनुसार कर्तव्य पनि पूरा गर्नुपर्छ, तिकडमको भरमा सत्ता टिकाउन सकिएला, राष्ट्रको समस्या समाधान गर्न सकिंदैन, देशमा फैलिएको हिंसा र आतंक नियन्त्रण गर्न सेना र प्रहरी मात्र पर्याप्त नभएकोले यसका लागि राजनीतिक योजनाको आवश्यकता भएको बताउँदै उहाँले हिजो हामी प्रजातन्त्रका लागि लडेका थियौं आज प्रहरीहरू प्रजातन्त्र जोगाउन लडिरहेका छन्, म उनीहरूलाई सलाम गर्दछु भन्नुभयो।

प्रधानमन्त्री परिवर्तन

०५८ साउन ३ गतेको बैठक प्रधानमन्त्रीले तत्काल राजीनामा गरी देशको राजनीतिक समस्यालाई निकास दिनुपर्ने माग गर्दै सबै प्रतिपक्षीहरूले बहिष्कार गरेका कारण सदनको कारवाही अघि बढ्न सकेन। सभामुखले बैठकको नियमित कारवाही अघि बढाउन खोज्दा प्रतिपक्षका सांसदहरू सभामुख सामुको वेलमा गई प्रधानमन्त्री कोइरालाको राजीनामा माग गर्दै १७ मिनेटसम्म नारा लगाउनुभयो। तीव्र विरोधका कारण प्रधानमन्त्री कोइराला राजीनामा दिन बाध्य हुनु भयो।

सत्तारूढ नेपाली काँग्रेसको संसदीय दलका नेताको लागि साउन ७ गते शेरबहादुर देउवा र सुशिल कोइरालाबीच भएको निर्वाचनमा देउवाले ४० मतका विरूद्ध ७२ मत ल्याई विजयी भएपछि देउवा प्रधानमन्त्री पदमा नियुक्त हुनुभयो। साउन ११ गतेको बैठकमा नवनियुक्त प्रधानमन्त्री देउवाले अहिले नेपालको प्रमुख समस्याको रूपमा रहेको माओवादी समस्या समाधान हुन जरूरी भएकोले संसद भित्र र बाहिरका सबै राजनीतिक पार्टीका बीच राष्ट्रिय सहमति कायम हुनु आवश्यक भएको र गरिबी, बेरोजगारी, उत्पीडित जनजाति, महिला र बालबालिकाको दयनीय अवस्था आदिको "बाई प्रडक्ट" का रूपमा माओवादी समस्या आएको धारणा व्यक्त गर्दै यो समस्या समाधान गरी मुलुकमा शान्ति कायम गर्न वार्ता नै एक मात्र अपरिहार्यता भएको बताउनु भयो।

आफू प्रधानमन्त्री पदमा नियुक्त भएको लगत्तै वार्ताका लागि गरेको अपिललाई माओवादी नेताहरूले सकारात्मकरूपमा

लिई तुरुन्तै प्रत्युत्तर दिएको उल्लेख गर्दै उहाँले यस बीचका दिनहरूमा संसदको बैठक नबसेकाले आफूले उक्त अपिल संसद बाहिरबाटै गर्नु परेको पनि स्पष्ट गर्नु भयो।

प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापा, नेपाल सद्भावना पार्टीका बद्रीप्रसाद मण्डल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, संयुक्त जनमोर्चाका लिलामणि पोखरेल र नेपाल मजदूर किसान पार्टीका नारायणमान विजुक्छेले प्रधानमन्त्री देउवाले माओवादीसँग वार्ताको लागि गर्नु भएको अपिलको हार्दिक स्वागत गर्नुभयो।

रसियावाल खुर्द लोटन बाँध

प्रतिनिधि सभाको साउन १२ गतेको शून्य समयमा बोल्ने अधिकांश सदस्यहरूद्वारा भारतले नेपालको दक्षिण सीमा क्षेत्रमा निर्माण गरेको रसियावाल खुर्द लोटन बाँधबाट नेपालको रूपन्देही जिल्लाको मर्चवार क्षेत्र र लुम्बिनी क्षेत्रसमेत डुवानमा पर्ने स्थिति आएको भनी सो बाँधको विरोधमा आवाज उठाइयो।

शून्य समयमा विद्युत महसुल बृद्धिबारे कडा विरोध जनाइएको थियो। यसरी सांसदहरूले विशेष महत्व दिई उठाएका दुई विषयबारे आगामी हप्ता सदनमा जानकारी दिन सभामुखले सम्बन्धित मन्त्रीलाई निर्देशन दिनु भयो।

त्यसै दिनको विशेष समयमा राप्रपाका डा. प्रकाशचन्द लोहनी, नेपाली काँग्रेसका भरतकुमार शाह र नारायणप्रकाश साउदले पनि उक्त बाँध र बिजुलीको महसुलबारे आवाज उठाउनुभएको थियो।

सभामुखको निर्देशन अनुरूप साउन १५ गतेको बैठकमा जलस्रोत मन्त्री विजयकुमार गच्छेदारले मर्चवार क्षेत्रमा भारत सरकारले निर्माण गरेको बाँध प्रति श्री ५ को सरकार गम्भीर भएको र सो सम्बन्धमा परराष्ट्र मन्त्रालय मार्फत भारत सरकारसँग पत्राचार भएको साथै सो क्षेत्रको स्थलगत अध्ययनका लागि जलस्रोत मन्त्रालयको प्राविधिक टोली बाँध निर्माण स्थल तर्फ प्रस्थान गरिसकेको जानकारी दिनु भयो।

उहाँले विद्युत् महसुल बृद्धिबारे विद्युत् महसुल निर्धारण आयोग विद्युत् ऐन २०४९ बमोजिम गठन भएको र सो आयोगको स्वीकृति एवं सिफारिशमा २०५८ असोज महिना देखि लागू हुने गरी महसुल बृद्धि गरिएको बताउँदै बहुसंख्यक उपभोक्ताले उपभोग गर्ने २० युनिट सम्मको खपतमा साविकको ७८ रूपैयाँमा २ रूपैयाँ थप गरी ८० रूपैयाँ पुऱ्याइएको जानकारी दिनु भयो।

साउन २४ गतेको बैठकमा जलस्रोत मन्त्री गच्छेदारले सार्वजनिक महत्वको जानकारी दिँदै परराष्ट्र मन्त्रालय मार्फत भारत सरकारलाई बाँध निर्माण नगर्न अनुरोध गरिएकोमा भारतीय राजदूतावासबाट सो बाँध निर्माणको कार्य जुलाई १० तारिख देखि बन्द गरिएको जानकारी प्राप्त भएको, दुबै तर्फका सम्पर्क अधिकृतहरू बीच डुवान समस्याबारे आगामी सेप्टेम्बरमा बैठक बस्न सहमति भएको र जलस्रोत मन्त्रालयबाट गएको टोली स्थलगत अध्ययन प्रतिवेदन तयार गर्न जुटेको बारे सदनलाई अवगत गराउनुभयो।

सरकारी सवारी साधन दुरुपयोग

साउन १२ गतेको बैठकमा राज्य व्यवस्था समितिका सभापति होमनाथ दाहालले सो समितिले तयार गरेको सरकारी स्वामित्वमा रहेका सवारी साधन प्रयोगसम्बन्धी प्रतिवेदन-२०५७ सदन समक्ष प्रस्तुत गर्नुभयो।

प्रतिवेदनमा अधिकांश मन्त्रीहरूले आफू अन्तर्गतका मन्त्रालय, विभाग, योजना, संस्थान आदिका सवारीसाधन स्वकीय सचिवालयमा खिच्ने गरेको, पूर्व प्रधानमन्त्री, पूर्व प्रधानन्यायाधीश, पूर्वमन्त्री एवं निजी सचिव र अंगरक्षकहरूले लगेका सवारी साधन लामो समयसम्म फिर्ता नगरेको, भन्सार सुविधामा गाडी झिकाएका संवैधानिक एवं उच्च सरकारी पदाधिकारीहरूले समेत सरकारी सवारी साधन प्रयोग गरिरहेको उल्लेख छ।

एक क्षेत्र दुई सांसद

२०५६ सालमा भएको आम निर्वाचनमा नुवाकोट क्षेत्र नं. १ बाट निर्वाचित नेकपा (एमाले) का उम्मेदवार राजेन्द्रप्रकाश लोहनीका विरूद्व राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार डा. प्रकाशचन्द लोहनीले निर्वाचन विशेष अदालतमा दिएको उजुरीमा २०५६ असार १३ गते फैसला हुँदा डा. लोहनीलाई एक मतले विजयी घोषित गरिएको थियो।

त्यस फैसलाबाट सांसद पद खोसिएका लोहनीले निर्वाचन विशेष अदालतको उक्त फैसलामा चित्त नबुझी सर्वोच्च अदालतमा उजुरी दिएकोमा सर्वोच्च अदालतले निर्वाचन विशेष अदालतको निर्णय बदर गरी नेकपा (एमाले) का लोहनीलाई नै विजयी भएको ठहर गऱ्यो। यस अनुरूप लोहनीले पुनः सांसद पद प्राप्त गरे भने राप्रपाका डा. लोहनी एक वर्ष एक महिना ११ दिन मात्र सांसद बनी फेरि बाहिरिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिशचन्द्र उपाध्याय र केदारनाथ आचार्यको संयुक्त इजलासबाट भएको उक्त फैसलामा डा. लोहनीले निर्वाचन अपराध र सजाय ऐन २०४७ बमोजिम निर्वाचन अधिकृत मार्फत उजुरी दिनु पर्नेमा सिधै विशेष अदालतमा दिएको र मत नोटिसमा रास्नेर गणना गर्ने कानुनी व्यवस्था नभएको भनी उल्लेख गरिएको थियो।

आम निर्वाचनमा नेकपा (एमाले) का लोहनीले राप्रपाका डा. लोहनी भन्दा १५ मत बढी प्राप्त गरी विजयी भएका थिए।

यस घटनाले नेपालको निर्वाचन पद्धति, निर्वाचन विशेष अदालत एवं न्यायपालिकामा गम्भीर सुधारको टड्कारो आवश्यकता औंल्याएको छ।

सवारी साधनहरूको लगत समेत व्यवस्थित रूपमा नराखिएको, वर्षौं अघि लिलाम बिक्री गरिसक्नुपर्ने सवारी साधनहरू लिलाम नगरिएको, एकै कार्यालयमा विभिन्न किसिमका नम्बर प्लेटका सवारी रहेको, भन्सार सुविधाको गाडी भाडामा लगाई आफू सरकारी गाडी नै प्रयोग गर्ने प्रवृत्ति व्यापक रहेको, सवारी साधन प्रयोग र परिचालनमा राजनीतिक हस्तक्षेप, सरकारी सम्पत्तिको अपव्यय गर्ने प्रवृत्ति, हैसियत भन्दा माथिको सुविधा खोज्ने प्रवृत्ति, भ्रष्टाचारलाई प्रोत्साहन, नैतिक मूल्य र मान्यतामा ह्रास जस्ता गम्भीर समस्या राजनीतिक र प्रशासनिक क्षेत्रमा व्याप्त रहेको प्रतिवेदनमा स्पष्ट गरिएको छ।

नेसपाद्वारा बैठक बहिष्कार

नेपाल सद्भावना पार्टीका संसदीय दलका नेता बद्रीप्रसाद मण्डलले सर्वोच्च अदालतको हालैको आदेशबाट ३० हजार नेपालीहरूको नागरिकताको प्रमाणपत्र बदर गरिएको सन्दर्भमा सरकारले अझसम्म यस्तो गम्भीर विषयमा पनि आफ्नो दृष्टिकोण स्पष्ट नगर्नु वडो दुःखको कुरा हो भन्दै यस सम्बन्धमा अविलम्ब सरकारको धारणा स्पष्ट गर्न माग गर्दै सो दिनको बैठक आफ्नो दलले बहिष्कार गर्ने जानकारी दिई आफ्ना दलका सांसदहरू सहित बैठक कक्षबाट बाहिर जानुभयो।

अध्यादेशको विरोध

सरकारद्वारा प्रस्तुत सशस्त्र प्रहरी अध्यादेश-२०५७ र स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश-२०५७ को प्रतिपक्षीहरूद्वारा व्यापक विरोध भयो। साउन २३ गतेको बैठकमा नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङले सरकारद्वारा १९ औं अधिवेशन आव्हान गर्नु भन्दा दुई दिन अघि स्वेच्छाचारी ढंगले संसदलाई बेवास्ता गरी ल्याइएका ती अध्यादेशले संविधान, संसद र जनताको अधिकार माथि प्रहार गरेको छ भन्दै सो अध्यादेशबारे संसदमा हुने सम्पूर्ण प्रक्रिया आफ्नो संसदीय दलको तर्फबाट बहिष्कार गर्ने घोषणा गरी दलका सम्पूर्ण सदस्यसहित बैठकबाट बाहिरिनु भयो।

राष्ट्रिय जनमोर्चाका चित्रबहादुर के.सी., संयुक्त जनमोर्चाका लिलामणि पोखरेल र नेपाल मजदूर किसान पार्टीका नारायणमान विजुक्छेले पनि ती अध्यादेशको कडा विरोध गर्नु भयो।

त्यसपछि सभामुख रानाभाटले त्यस दिनको कार्यसूची अनुसार राप्रपाका डा. प्रकाशचन्द्र लोहनीलाई सशस्त्र प्रहरी अध्यादेश २०५७ लाई अस्वीकृत गरियोस् भने प्रस्ताव पेश गर्ने अनुमति दिनासाथ राजमो, संजमो र नेमकिपाका सांसदहरू वेल अगाडि आई सो अध्यादेश खारेज गर्न माग गर्दै लगातार नारा लगाइरहनु भयो।

नाराबाजीकै बीचमा आफ्नो प्रस्ताव राख्दै डा. लोहनीले देशको वर्तमान स्थितिका लागि सरकार र माओवादी पूर्णरूपमा जिम्मेवार रहेको र मुलुकमा विद्यमान कानूनहरू नै पर्याप्त भएकाले उक्त अध्यादेश आवश्यक नभएकाले अस्वीकृत गरियोस् भन्दै नाराबाजीमा सामेल हुनु भयो।

सो प्रस्तावको छलफलमा भाग लिंदै नेसपाका हृदयेश त्रिपाठीले पनि संसदलाई बेवास्ता गरेर नयाँ अधिनायकवाद शुरू गर्ने उद्देश्यले ल्याइएको सो अध्यादेश फिर्ता लिन माग गर्नुभयो।

छलफलमा उठेको प्रश्नको जवाफ दिंदै गृहमन्त्री खुमबहादुर खड्काले देशमा शान्ति सुरक्षा कायम गर्न ल्याइएको सो अध्यादेशको प्रक्रियामा मात्र प्रतिपक्षीहरूको असहमति रहेकोले सो अध्यादेश प्रतिस्थापना गर्न पछि ल्याइने विधेयक माथि पर्याप्त छलफल गर्न आग्रह गर्नु भयो।

त्यसपछि सभामुखले डा. लोहनीलाई आफ्नो प्रस्ताव फिर्ता लिन समय दिनु भए पनि उहाँले फिर्ता नलिए पछि निर्णयार्थ बैठकमा प्रस्तुत हुँदा सो अध्यादेश अस्वीकृत गरियोस् भन्ने प्रस्ताव बहुमतबाट अस्वीकृत भयो।

सो दिनको बैठकको प्रारम्भमै प्रधानमन्त्री देउवाले ६० दिन भित्र लालमोहर नलागे सो अध्यादेशबाट बनेका संगठनहरू बेवारिस हुने स्थितिलाई बुझिदिन आग्रह गर्दै आगामी दिनमा त्यसरी विशेष परिस्थितिमा अध्यादेश ल्याउन परेमा छलफल गरेर मात्र ल्याइने र यस अध्यादेशको विधेयकमा पनि विपक्षीहरूबाट प्रस्तुत संशोधनलाई समेटिने विश्वास दिलाउनु भयो।

प्रतिपक्षीहरूको विरोध भए तापनि साउन २८ गतेको बैठकमा गृहमन्त्री खड्काद्वारा प्रस्तुत सशस्त्र प्रहरी विधेयक २०५८ र स्थानीय प्रशासन (चौथो संशोधन) विधेयक २०५८ संशोधनसहित बहुमतबाट पारित भयो।

सशस्त्र प्रहरी विधेयकमा नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङले प्रस्तुत गर्नु भएको संशोधनलाई बैठकले स्वीकृत गरेको थियो भने राप्रपाका नेत्रलाल श्रेष्ठद्वारा प्रस्तुत संशोधनलाई बैठकले अस्वीकृत गऱ्यो।

सभामुखले सशस्त्र प्रहरी विधेयक २०५८ पारित गरियोस् भने प्रस्ताव प्रस्तुत गर्न गृहमन्त्रीलाई समय दिनासाथ राप्रपा, संजमो, राजमो र नेमकिपाका सांसदहरूले सो विधेयक फिर्ता लिइयोस् भनी चर्को आवाजमा माग गर्दै बैठक बहिष्कार गर्नु भयो।

स्थानीय प्रशासन (चौथो संशोधन) विधेयक २०५८ माथि नेकपा (एमाले)का सुवासचन्द्र नेम्वाङसहितका सांसदहरूद्वारा प्रस्तुत संशोधनलाई बैठकले स्वीकार गऱ्यो भने नेसपाका राजेन्द्र महतो र मृगेन्द्रकुमार सिंह यादवद्वारा प्रस्तुत संशोधनलाई बैठकले अस्वीकार गऱ्यो।

बोक्सीको आरोपको कडा विरोध

साउन ३१ गतेको शून्य समयमा महोत्तरी जिल्लाको सिमरदही गाविसमा साउन ३० गते बोक्सीको आरोपमा स्थानीय महिला मरनीदेवी शाहलाई कुटपिट गर्ने र बेइज्जत गर्ने जघन्य अपराध भएकोमा सो घटनाको निन्दा गर्दै अपराधीहरू माथि कडा कारवाहीको माग गरियो। सांसदहरू अष्टलक्ष्मी शाक्य,

उर्मिला अर्याल, कमलादेवी पन्त, सावित्री वोगटी पाठक, सुरेशकुमार कार्की, सुशिला नेपाल र होमनाथ दाहालले सिमरदही गाविसका अध्यक्षकै अग्रसरतामा भएको सो घटना अत्यन्त घृणित र लज्जाजनक भनी रोष प्रकट गर्नु भएको थियो।

त्यसप्रति आफ्नो प्रतिक्रिया दिँदै सभामुख रानाभाटले सो घटनाको यथार्थ विवरण सात दिनभित्र सदनमा प्रस्तुत गरी यथासक्य चाँडो दोषी माथि कारवाही गर्न सरकारलाई निर्देशन दिनुका साथै सो घटनाबारे सदनमा आवाज उठाउने सांसदहरूलाई धन्यवाद दिनु भयो।

गृहमन्त्री खड्काले भदौ २१ गतेको बैठकमा सो घटनाको जानकारी दिँदै सिमरदही गाविसका अध्यक्ष नवलकिशोर सहनी, १ र ६ का वडाध्यक्ष र स्थानीय शंकर सहनी समेतको मिलोमतोबाट सो अमानवीय घटना भएको, गाविस अध्यक्ष सहनी र शंकर सहनीलाई पक्राउ गरी सार्वजनिक अपराधको मुद्दामा थुनामा राखी कारवाही शुरू गरिएको, घटनामा संलग्न अरूको तदारूकतासाथ खोजी भईरहेको, पीडित मरनीदेवीको उपचार भइरहेको र स्थिति सामान्य रहेको बताउनु भयो।

यसैगरी असोज १२ गते गतेको बैठकमा पनि बोक्सीको आरोप लगाई महिलामाथि उत्पीडन गर्दा उनको मृत्यु समेत भएको अर्को घटनाको तीव्र विरोध गरियो। महोत्तरी जिल्लाकै बेलाएकडारा गाउँमा बोक्सीको आरोपमा ५७ वर्षीय मलेछिया देवीलाई कुटपिट गर्नुका साथै दिसा-पिसाब खुवाई कुटपिट गरिएको र त्यसकै कारणले उनको मृत्युसमेत हुन गएको घटनालाई सांसदहरूले गम्भीर रूपमा उठाउँदै यस घटनाका दोषी नवलकिशोर यादव, बिजो यादव, जितन यादव, दुलारचन यादव लगायतका व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कानूनी कारवाही गर्न माग गर्नु भयो।

सो दिनको विशेष समयमा यस घटनाको कडा विरोध गर्दै कारवाहीको माग गर्ने सांसदहरूमा सुशिला नेपाल, प्रदीपकुमार ज्ञवाली, तीर्था गौतम, तारासम याङ्या, कमलादेवी पन्त, सावित्री बोगटी पाठक र टंकप्रसाद राई हुनुहुन्थ्यो। सोही दिनको शून्य समयमा पनि यादवबहादुर रायमाझी, रत्नप्रसाद शर्मा न्यौपाने, रामचन्द्र तिवारी, रोमी गौचन थकाली र शंकरनाथ अधिकारीले सो घटनाको निन्दा गर्दै दोषी माथि कडा कारवाहीको माग गर्नु भएको थियो।

बैठकको अध्यक्षता गरिरहनु भएका उपसभामुख चित्रलेखा यादवले सो दिन बोल्ने अधिकांश सांसदहरूले यस विषयमा कुरा उठाउनु भएकोले उक्त अमानवीय र दुःखद घटनाका बारेमा संसदको अर्को बैठकमा यथार्थ जानकारी दिन गृहमन्त्रीलाई निर्देशन दिनु भयो।

असोज १५ गतेको बैठकमा गृहमन्त्री खड्काले घटनाबारे जानकारी दिँदै एक बालकको मृत्युका सम्बन्धमा मलेछिया देवीलाई बोक्सीको आरोप लगाइएको, उनलाई बोक्सी होइन भनी धामीले भनिसक्दा पनि मृतक बालकका बाबु बिजो यादवलाई चित्त नबुझेकोले दिउँसो आफ्नो घरमा सुतिरहेकी मलेछिया देवीलाई कुटपिट गरी दिसा-पिसाब खुवाई यातना दिएको, स्थानीय बासिन्दाहरूले प्रहरीलाई खबर नदिएको, भोलिपल्ट प्रहरीले खबर पाएपछि गोरू गाडामा राखी उपचारका लागि जलेश्वर अस्पताल लाँदै गरेको अवस्थामा उनको मृत्यु भएको उल्लेख गर्नु भयो।

उहाँले यस घटनाबारे अनुसन्धान प्रारम्भ गरिएको, घटनामा फरार व्यक्तिहरूको तदारूकताका साथ खोजी भइरहेको र घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कडा कारवाही गरिनेबारे सदनलाई जानकारी गराउनु भयो।

सदनमा न्यून उपस्थिति

संसद बैठकमा मन्त्रीमण्डलका सदस्यहरू र सांसदहरूको उपस्थिति अपेक्षा गरे अनुरूप नहुने पुरानो कमजोरी यस वर्षका दुवै अधिवेशनमा पनि यथावत् नै रह्यो।

प्रतिनिधि सभामा सभामुखले र राष्ट्रिय सभामा अध्यक्षले सांसदहरूको न्यून उपस्थिति प्रति बेला बेलामा ध्यानाकर्षण गराउने गर्नु हुन्थ्यो भने सांसदहरू पनि मन्त्रीहरूको न्यून उपस्थिति प्रति सभामुख र अध्यक्ष मार्फत सरकारको ध्यानाकर्षण गराउनु हुन्थ्यो। साथै, संसद बैठकमा प्रधानमन्त्री, वरिष्ठ मन्त्रीहरू, पूर्व प्रधान मन्त्रीहरू, प्रमुख प्रतिपक्षी दलका नेता, विभिन्न संसदीय दलका नेताहरूको उपस्थिति बढाएर सदनको गरिमा अभिबृद्धि गर्नु पर्ने आवश्यकता १९ औं र २० औं अधिवेशनमा पनि महसुस गरियो।

आठ बुँदे कार्यक्रम

श्री ५ को सरकारले साउन ३२ गते सदनसमक्ष मुलुकको आर्थिक तथा सामाजिक सुधार अभियानलाई तीब्रताका साथ अघि बढाउने निर्णयका साथ प्रथम चरणको आठ बुँदे कार्यक्रमको घोषणा गऱ्यो।

प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक महत्वको वक्तव्य दिँदै उक्त जानकारी दिनु भएको हो।

उहाँले हाल विद्यमान जमीनको हदबन्दी घटाउने लगायतका नयाँ आवश्यकता र औचित्यसहितको परिवर्तनकारी भूमिसुधार कार्यक्रम तत्काल लागू गर्ने र त्यसका लागि आवश्यक सबै प्रयोजन व्यवस्थित पार्न र सबै पूर्वाधार पूरा गर्न नेपाल अधिराज्यभर जग्गा जमीनको बेचबिखन गर्न र नामसारी गर्न सोही दिनदेखि कानून नबनुन्जेलसम्मका लागि पूरै रोक लगाउने निर्णय गरिएको बताउनु भयो।

यसैगरी विभिन्न मठ-मन्दिर, धार्मिक पूजास्थलहरू लगायतका सबै प्रकारका सार्वजनिक ठाउँहरूको प्रवेशमा कसैले पनि कुनै प्रकारको अवरोध गर्न नपाउने श्री ५ को

सरकारले निर्णय गरेको जानकारी प्रधानमन्त्रीले सदन समक्ष दिनु भयो।

दलित वर्गको बृहत्तर हित तथा कल्याणका लागि निरन्तर कार्य गर्न सबैको राय सुझाव एवं परामर्शको आधारमा दलित सम्बन्धी एक राष्ट्रिय आयोग गठन गर्ने र महिला हक-हितको दीर्घकालीन संरक्षण र सम्वर्द्धनका लागि स्थायीरूपमा कार्य गर्न छुट्टै ऐन मार्फत राष्ट्रिय महिला आयोग गठन गरिने निर्णय भएको पनि उहाँले बताउनु भयो।

विभिन्न आदिवासी तथा जनजातिहरूको धर्म-संस्कृति एवं भाषाको उत्थान तथा विकासका लागि प्रभावकारी तथा अधिकार सम्पन्न प्रतिष्ठानको स्थापना, सामाजिक, आर्थिक र राजनीतिक अधिकार तथा अवसरबाट वञ्चित महिला, दलित, जनजाति एवं आदिवासीहरूलाई शिक्षा एवं रोजगारीको लागि विशेष संरक्षण र अवसर उपलब्ध गराउन आगामी २५ वर्षसम्म सञ्चालन हुने सामाजिक आर्थिक रूपान्तरणको एउटा विशेष कार्य योजना, भ्रष्टाचारलाई कडा दण्डनीय अपराध बनाउन विद्यमान सबै कानूनको पुनरावलोकन, थप आवश्यक कानूनी व्यवस्थाको तर्जुमा, मुक्त कमैयाहरूलाई जग्गा उपलब्ध गराउने र घर निर्माण गर्ने काममा राज्यबाट प्रदान गरिने सहयोगलाई अझ तिव्रता प्रदान गर्दै आगामी माघ महिनाभित्र सो कार्य सम्पन्न गरिसक्ने, वास्तविक सुकुम्बासीहरूको पहिचान गरी भूमिहीनलाई जग्गा धनी प्रमाण पत्र उपलब्ध गराउने कार्यलाई यसै आर्थिक वर्ष भित्र सम्पन्न गर्ने र स्वच्छ निष्पक्ष निर्वाचनका लागि गठित निर्वाचन सुधार सम्बन्धी उच्चस्तरीय समितिबाट प्राप्त हुने प्रतिवेदनलाई उपयुक्त कानूनी व्यवस्थाको आधारमा कार्यान्वयन गर्ने श्री ५ को सरकारले निर्णय गरिसकेको उहाँले अवगत गराउनु भयो।

श्री ५ को सरकारको यस घोषणाले संसद, राजनीतिक पार्टीहरू र देशव्यापी रूपमै ठूलो हलचल ल्यायो। मुख्यतः जमीन माथिको हदबन्दी सबै भन्दा विवादको विषय बन्न गयो। प्रतिनिधि सभाको भदौ १ गतेको बैठकमा यस प्रति तीव्र प्रतिक्रिया देखियो। नेपाल सदभावना पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी यस नीतिको विरूद्ध उभिए भने सत्तापक्ष, प्रमुख प्रतिपक्ष नेकपा (एमाले) समेतका वामपन्थी पार्टीहरू राजमो, संजमो र नेपकिपा यस नीतिको पक्षमा थिए। नेसपा र राप्रपाले भूमिमाथि हदबन्दी लगाउने नीति व्यवहारिक नभएको र अन्य सम्पत्ति माथि समेत हदबन्दी लागू गरिनुपर्ने अडान लिए। सत्तारूढ नेपाली काँग्रेसकै सांसदहरूबीच पनि यस नीति प्रति समान दृष्टिकोण देखिएन।

भदौ १ गतेको बैठकमा नेसपा संसदीय दलका नेता बद्रीप्रसाद मण्डलले यो नीतिबाट किसानको हित नहुने बताउँदै सम्पत्ति माथि हदबन्दी लगाउने नीतिको माग गरी आफ्ना पार्टीका सांसदहरूसहित बैठक कक्षको वेल र रोष्ट्रम घेराउ गर्नुभयो। बैठक अगाडि बढ्न नसकेपछि सभामुखले आधा घण्टाका लागि बैठक स्थगित गर्नुभयो। तर आधा घण्टा भनिए तापनि करिब सवा तीन घण्टा पछि शुरू भएको दोश्रो बैठकमा पनि रोष्ट्रम र वेल घेराउको सोही क्रम दोहरिएकोले सभामुखले त्यस दिनको कार्यसूचिमा रहेका सम्पूर्ण कार्यक्रम हटाइएको जानकारी दिँदै दुई दिनका लागि बैठक स्थगित गर्नु भयो।

भदौ ३ गतेको बैठक पनि राप्रपा र नेसपाका सांसदहरूले भूमिमाथिको हदबन्दी खारेज गर्न र सम्पत्तिमाथि हदबन्दी लागू गर्न नाराबाजी सहित रोष्ट्रम घेराउ गरेका कारण चल्न सकेन। यस दुई दिनको बीचमा भूमि माथि हदबन्दी नीतिको विरूद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भइसकेको थियो। त्यसैले सभामुखले अदालतमा विचाराधीन विषयमा सदनमा कुरा उठाउन नमिल्ने भएकोले संविधान र सभामुखलाई अप्ठेरो पर्ने कुरा संसदमा नउठाइ दिन आग्रह गर्नुभयो। तर पनि विरोध जारी नै रहेकोले सदनको कारवाही अघि बढ्न सकेन। तोकिएको समयभन्दा ढिलो बैठक शुरू हुने, नेसपा र राप्रपाद्वारा केही बेर नारा लगाउने र नियमित कारवाहीमा प्रवेश नै नगरी अर्को दिनसम्मका लागि बैठक स्थगित हुने क्रम भदौ १५ गतेसम्म जारी रह्यो।

भदौ १७ गतेको बैठकमा प्रधानमन्त्री देउवाले नाराबाजीकै बीचमा प्रतिनिधि सभाको बैठकलाई सम्बोधन गर्नु भयो। उहाँले नेकपा (माओवादी) सँग सरकारको प्रारम्भिक चरणको वार्ता सौहार्द्रपूर्ण रूपमा शुरू हुनुका साथै यससँग सम्बन्धित सबै समस्याहरू शान्तिपूर्ण तरिकाले समाधान गर्ने प्रक्रिया थालनी भईसकेको, सो वार्ताले सकारात्मक परिणामतर्फ आशावादी तुल्याएको बताउँदै आगामी वार्ताको वातावरणलाई सुनिश्चित गर्ने विषयमा सरकार सजग र प्रतिबद्ध रहेको छ भन्नुभयो।

प्रधानमन्त्री देउवाले नेपाली जनताको सर्वोपरी हितका लागि सरकारद्वारा प्रस्तावित भूमि सुधार कार्यक्रम संविधानको निर्देशक सिद्धान्त अनुरूप ल्याइएको र अनुत्पादनशील रूपमा रहेका हदबन्दीभन्दा बढी जग्गामा नयाँ अधिकतम हदबन्दी कायम गर्न भूमिसम्बन्धी ऐन २०२१ मा संशोधन गर्ने विधेयक सदन समक्ष दर्ता गरिसकेको उल्लेख गर्नुभयो।

उहाँले सम्पत्ति माथि हदबन्दी लगाउनु पर्ने माग गर्दै नारा लगाइ रहेका नेसपा र राप्रपाका सांसदहरू तर्फ लक्ष्य गर्दै सम्पत्ति माथि कुनै पनि हालतमा हदबन्दी नलगाइने स्पष्ट गर्नु भयो।

भदौ २० गतेको बैठकमा पनि नाराबाजीकै बिचमा प्रधानमन्त्रीले भूमि सम्बन्धी (पाँचौ संशोधन) विधेयक-२०५८ प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नु भयो।

संजमोका लिलामणि पोखरेलले सो प्रस्तावको विरोध गर्दै प्रस्तावित विधेयकमा रहेको हदबन्दीको प्रावधानबाट प्राप्त हुने जग्गा सुकुम्बासीलाई वितरण गर्न नपुग्ने, कृषि मजदूरको पक्षमा नभएको, भूमिको उत्पादकत्व बृद्धि गर्न नसक्ने र विधेयकले उच्च वर्गलाई मात्र फाइदा पुर्‍याउने तर्क दिनुका साथै सम्पत्ति माथि हदबन्दीको माग जायज रहेकोले सो मागमा आफ्नो पार्टीको समर्थन रहेको बताउनु भयो।

विधेयकको पक्षमा बोल्दै प्रधानमन्त्रीले द्वैध स्वामित्व

राजपरिवारप्रति हार्दिक श्रद्धाञ्जलि चढाउनु भयो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभामा प्रस्तुत राष्ट्रिय सहमतिका १४ बुँदे कार्यक्रम राष्ट्रिय सभामा पनि प्रस्तुत गर्नु भयो।

राष्ट्रिय सभामा श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथि असार १८ गतेदेखि २४ गतेसम्म छलफल जारी रह्यो।

राष्ट्रियसभामा प्रमुख प्रतिपक्षी दलका नेता युवराज ज्ञवालीले सो नीति तथा कार्यक्रम माथि ६१ बुँदाको संशोधन प्रस्तुत गर्दै माओवादी समस्याले अहिले मुलुकमा भयावह स्थिति सृजना भएको, यस अवधिमा करिब २ हजार ५ सय नागरिकको ज्यान गइ सकेको, हजारौं अपाङ्ग भएको र यस्तै अवस्था रहे देशमा कल्पनै गर्न नसक्ने स्थिति आउन सक्ने बताउँदै सरकारको नीति तथा कार्यक्रम र प्रधानमन्त्रीको १४ बुँदे प्रस्तावबीच कुनै तादात्म्यता नरहेको भनी तीव्र आलोचना गर्नु भयो।

घटनाबारे जानकारी

असार २० गतेको बैठकमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रामचन्द्र पौडेलले असार १५ गते तनहुँ जिल्लाको किहूँ गाविसस्थित प्रहरी चौकीमा आतंककारीहरूको आक्रमणमा भिड्दा एक प्रहरी नायव निरीक्षक र चार प्रहरी जवानको मृत्यु भएको, १८ गते कालिकोट जिल्लाको स्यूना गाविसमा प्रहरी गस्ती र आतंककारीबीच भीडन्त हुँदा तीनजना आतंकारीको मृत्यु भएको, १९ गते बालाजु औद्योगिक क्षेत्र भित्र कपडा कारखानामा आतंकारीहरूले बम बिष्फोट गराउँदा कारखानालाई केही क्षति पुगेको, सोही राति बाँके जिल्लाको कुसुम प्रहरी चौकीमा आक्रमण गर्दा एक प्रहरी जवानको मत्यु भएको र ११ जना प्रहरीलाई आक्रमणकारीहरूले अपहरण गरी लगेको, सोही दिन बिहान प्रधान न्यायाधीशको बालुवाटार स्थित निवासको हाता बाहिर रूखको फेदमा बिस्फोट हुँदा एक घरको शिशा फुटेको तथा केही नकावधारीहरूले भक्तपुर- चाँगुनारायण जाने मोडमा जनक शिक्षा सामग्री केन्द्रको बा. १ घ ३५५ नम्बरको बसमा आगो लगाइ दिएको घटनाबारे सार्वजनिक महत्वको वक्तव्य दिँदै श्री ५ को सरकारले यी घटनाहरूलाई गम्भीरतापूर्वक लिएको बताउनु भयो।

बजेट छलफल

असार २५ गते दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री डा. रामशरण महतले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष ०५८/०५९ को बजेट माथि असार २७ गते सामान्य छलफल भयो। छलफलमा सत्तापक्षबाट वजेट सकारात्मक रहेको धारणा व्यक्त गरियो भने प्रतिपक्षबाट वजेट देशको वास्तविकतामा आधारित नभएको, विकासमुखी नभई सैनिकमुखी भएको भनी आलोचना गरियो।

असार २९ गतेको बैठकमा अर्थमन्त्रीद्वारा प्रस्तुत पेश्की खर्च विधेयक २०५८ लाई प्रतिनिधि सभामा सुझाव विना पठाइयोस् भन्ने प्रस्ताव स्वीकृत भयो। सो प्रस्ताव प्रस्तुत हुँदा नेकपा (एमाले)का सांसदहरू एकसाथ बैठक कक्षबाट बाहिर जानु भएको थियो।

जानकारी माग

असार २७ गतेको बैठकमा राप्रपाका बालाराम घर्तीमगर र नेकपा (एमाले) का सुरेन्द्रप्रसाद पाण्डेले रोल्पा जिल्लाको हालेरी प्रहरी कार्यालयमा माओवादीहरूको आक्रमणबाट प्रहरीको मृत्यु र अपहरण भएकोबारे पत्रपत्रिकामा व्यापक चर्चा भईसक्दा पनि सरकारले सदनलाई किन जानकारी गराउँदैन भन्दै त्यस घटनाबारे तुरून्त जानकारी दिइयोस् भनी माग गर्नु भयो।

नेकपा (एमाले) का उर्वादत्त पन्तले कन्चनपुरको सीमानाबाट भारतीयहरूले ६०/७० जना नेपाली महिलाहरूलाई अपहरण गरी कुटपिट गरेको घटनाबारे सरकारले यथार्थ बुझी सदनलाई जानकारी गराउन माग गर्नु भयो।

बैठक बहिष्कार

रोल्पाको होलेरीमा माओवादीद्वारा प्रहरी माथि गरिएको आक्रमण पछि देशको शान्ति-सुरक्षा अत्यन्त नाजुक भएको र सरकार शान्ति-सुरक्षा कायम गर्न विल्कुलै असफल र असक्षम प्रमाणित भइसकेकोले प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनु पर्ने र सो राजीनामा नआएसम्म संसदको बैठक चल्न नसक्ने अडान लिँदै नेकपा (एमाले) र राप्रपाका सांसदहरूले साउन ३ गतेको बैठक बहिष्कार गर्नु भयो।

बैठकको अध्यक्षता गरिरहनु भएका डा. मोहम्मद मोहसिनले विपक्षी सांसदहरूको उपस्थिति विना संसद चलाउँदा संसदको गरिमा नरहने बताउँदै बैठक स्थगित गर्नु भयो।

भूपू गोरखा सैनिकप्रति चासो

नेकपा (एमाले) का वाचस्पति देवकोटाले साउन १६ गतेको बैठकमा गोरखा घर भई आँबुखैरेनी बस्ने भारतीय सेनाबाट निवृत्तिभरण प्राप्त प्रेमबहादुर खत्रीलाई गत चैत १ गते आफ्नो पेन्सन लिन जाँदा भारतीय कर्मचारीहरूले आईएसआईको गतिविधिमा लागेको आरोप लगाई सोधपुछका लागि भनी लखनउ पुऱ्याएको र अहिले त्यहाँ सोधपुछ गर्दा खत्रीलाई पक्राउ नगरिएको भनी भारतीयहरूले बताएकोले यसबारे सरकारसँग जानकारी माग गरिएकोमा अहिलेसम्म कुनै जानकारी नआएकोले अविलम्ब जानकारी दिइयोस् भनी सरकारसँग माग गर्नु भयो।

सोही दिनको बैठकमा अध्यक्ष डा. मोहसिनले भू.पू. गोरखा सैनिक खत्रीको स्थितिबारे सरकारले जानकारी दिनु पर्ने निर्देशन दिनु भयो।

भोलिपल्ट साउन १७ गतेको बैठकमा गृहमन्त्री खुमबहादुर खड्काले खत्री गत चैतमा काठमाडौंको सोह्रखुट्टेस्थित भारतीय पेन्सन क्याम्पमा आएको र गत बैशाखमा उनकी पत्नीले पतिसँग टेलिफोनमा कुरा समेत गरेको

जानकारी प्राप्त भएको र लखनउको कारागारमा रहेको भन्ने पारिवारिक सदस्यको भनाइ भए पनि त्यसको औपचारिक पुष्टि हुन नसकेको बताउँदै सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिई थप अनुसन्धान गर्न प्रहरी निकायलाई निर्देशन दिएको जानकारी गराउनु भयो।

नागरिकताको प्रश्न

सर्वोच्च अदालतको साउन ८ गतेको निर्णयले नागरिकता टोलीद्वारा वितरित नागरिकता प्रमाण पत्र रद्द गरेकोले ठूलो समस्या उत्पन्न भएको भनी सांसदहरूद्वारा प्रतिक्रिया व्यक्त गरियो। यस सन्दर्भमा साउन २२ गतेको बैठकमा गृहमन्त्री खड्काले सार्वजनिक महत्वको वक्तव्य दिँदै प्रक्रियागत त्रुटीको कारणबाट रद्द हुने फैसला भएका नागरिकताको सन्दर्भमा थप समस्या सिर्जना हुन नदिनुका साथै सर्वोच्च अदालतको यस बारेको फैसला प्राप्त भएको एक महिना भित्र प्रक्रिया पुऱ्याई नेपाली नागरिकता प्रमाण पत्र उपलब्ध गराइने बताउनुभयो।

श्री ५ को सरकारद्वारा २०५१ सालमा तत्कालीन सांसद धनपति उपाध्यायको अध्यक्षतामा गठित उच्चस्तरीय नागरिकता आयोगको सिफारिश अनुसार मन्त्री परिषद्बाट निर्णय भई सबै जिल्ला प्रशासन कार्यालयहरूमा यस सम्बन्धमा तत्कालै निर्देशन भई कार्यान्वयन हुँदै आएको बताउनु भयो। गृहमन्त्रीले सो आयोगको प्रतिवेदनमा उल्लेख भएका सुझावहरूलाई कार्यान्वयन गर्न र यसबाहेक अन्य कुनै कुराहरू भए त्यसम्बन्धमा सुझाव दिन श्री ५ को सरकारले सांसद महन्थ

बीसौं अधिवेशन

(२०५८ असार ११-कार्तिक २)

पारित विधेयकहरुको स्थिति

क.सं.	विधेयकको नाम	स्थिति
१.	पेश्की खर्च विधेयक, २०५८	लालमोहर सदर - २० असार २०५८
२.	सशस्त्र प्रहरी विधेयक, २०५८	लालमोहर सदर - ६ भदौ २०५८
३.	स्थानीय प्रशासन (चौथो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - ६ भदौ २०५८
४.	विनियोजन विधेयक, २०५८	लालमोहर सदर - २२ कार्तिक २०५८
५.	राष्ट्र ऋण उठाउने विधेयक, २०५८	लालमोहर सदर - १४ मंसीर २०५८
६.	ऋण तथा जमानत (तेस्रो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - १४ मंसीर २०५८
७.	संसद सचिवालय सम्बन्धी विधेयक, २०५८	लालमोहर सदर - २८ मंसीर २०५८
८.	आर्थिक विधेयक, २०५८	लालमोहर सदर - १८ पुस २०५८
९.	मूल्य अभिवृद्धि कर (पहिलो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - ४ माघ २०५८
१०.	नेपाल नर्सिङ्ग परिषद् (पहिलो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - ४ माघ २०५८
११.	बीमा (दोस्रो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - १० माघ २०५८
१२.	नेपाल राष्ट्र बैंक विधेयक, २०५८	लालमोहर सदर - १८ माघ २०५८
१३.	अन्तःशुल्क विधेयक, २०५८	लालमोहर सदर - १८ माघ २०५८
१४.	बैंक तथा वित्तीय संस्थाको ऋण असुली विधेयक, २०५८	लालमोहर सदर - १८ माघ २०५८
१५.	भूमि सम्बन्धी (पाँचौं संशोधन) विधेयक, २०५८	लालमोहर सदर - २५ माघ २०५८
१६.	शिक्षा (सातौं संशोधन) विधेयक, २०५८	लालमोहर सदर - २५ माघ २०५८
१७.	कमैया श्रम (निषेध गर्ने) सम्बन्धी विधेयक, २०५८	लालमोहर सदर - २५ माघ २०५८
१८.	आयकर विधेयक, २०५८	
१९.	* स्वास्थ्यसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०५८	लालमोहर सदर - ६ भदौ २०५८
२०.	* नेपाल स्वास्थ्य सेवा (दोस्रो संशोधन) विधेयक, २०५८	लालमोहर सदर - २२ कार्तिक २०५८
२१.	* विद्युत चोरी नियन्त्रण विधेयक, २०५८	लालमोहर सदर - १० माघ २०५८
२२.	* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान विधेयक, २०५८	

* राष्ट्रिय सभामा उत्पन्न

स्रोत- संसद सचिवालय विधेयक शाखा ८ फागुन २०५८

ठाकुरको अध्यक्षतामा नागरिकता आयोग सुझाव कार्यान्वयन समिति गठन गरेको थियो। सो समितिको प्रतिवेदनमा उल्लिखित कतिपय सुझावहरू पनि कार्यान्वयनमा आएको जानकारी उहाँले दिनु भयो।

उपाध्यक्षको निर्वाचन

राष्ट्रिय सभाका उपाध्यक्ष चिरञ्जीवी रिजालको कार्यकाल पूरा भएपछि रिक्त रहेको उपाध्यक्ष पदमा साउन २६ गतेको बैठकले नेकपा (एमाले) का रामप्रीत पासवानलाई बहुमतबाट निर्वाचित गर्‍यो।

सो पदका लागि नेकपा (एमाले) का पासवान र नेपाली कांग्रेसका अशोक कोइरालाबीच भएको मतदानमा पासवान बहुमत ल्याई विजयी हुनु भयो।

नवनिर्वाचित उपाध्यक्ष पासवानले आर्थिक, सामाजिक, राजनीतिक हरेक क्षेत्रमा पिछडिएका दलित समुदायको कदर गरी नेकपा (एमाले) ले आफूलाई उम्मेदवार बनाएको र राष्ट्रिय सभाका सदस्यहरूले विजयी गराएकोमा आभार प्रकट गर्दै अब देखि आफूले दलगत स्वार्थभन्दा माथि उठेर काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

अध्यक्ष डा. मोहसिनले उपाध्यक्ष पासवानलाई बधाई दिँदै समाजको तल्लो वर्गलाई माथि उठाउने कार्यमा पासवानको योगदान रहने विश्वास व्यक्त गर्नुभयो। अन्य सांसदहरूले पनि नवनिर्वाचित उपाध्यक्ष पासवान प्रति बधाई ज्ञापन गर्नु भयो।

चालकको नियतमाथि प्रश्न

नेपाली काँग्रेसका बिजुलकुमार विश्वकर्माले असोज १९ गतेको बैठकमा बोल्दै दाङको तुलसीपुरमा बसले ठक्कर दिई लडेका दुई विद्यार्थीलाई चालकले बस फेरि चलाएर जानाजान किचेर मारेकोले त्यस्ता चालकलाई कडा सजाय दिनु पर्ने माग गर्दै राजमार्गहरूमा गाडी ब्याक गरी किचेर मार्ने प्रवृत्ति व्यापक मात्रामा बढ्दै गएकोले कडा कानून बनाउनु पर्नेतर्फ जोड दिनुभयो।

साथै उहाँले दाङ तुलसीपुरमा भएको चक्काजाम तथा बसहरूको तोडफोडका साथै त्यहाँ प्रहरीको गोलीबाट भएको मृत्यु र घाइतेहरूको अवस्थाबारे सरकारले सदनलाई यथार्थ जानकारी दिनु पर्ने माग गर्नु भयो।

सोही दिनको बैठकमा नेकपा (एमाले) का बीरबहादुर सिंहले पनि बस दुर्घटनाको कारण दाङमा भइरहेको तनाव र तोडफोडबारे सरकारको ध्यानाकर्षण गराउनु भएको थियो।

विधेयक अस्वीकृत

राष्ट्रिय सभाको असोज २७ गतेको बैठकले प्रतिनिधि सभाबाट पारित भई आएको मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५८ लाई अस्वीकृत गर्‍यो। सो दिनको बैठकमा प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय व्यवस्थामन्त्री शेरबहादुर देउवाका तर्फबाट भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेले मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५८ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नु भयो।

सो विधेयक माथिको छलफलमा भाग लिँदै प्रतिपक्षी सांसदहरूले विधेयकले छोरा-छोरी बीचको भेदभाव हटाउन र छोरीलाई समान अधिकार दिन नसकेकोले सामाजिक विकासलाई पछाडि धकेलेको र विधेयक लङ्गडो रूपमा आएको भनी आलोचना गर्नु भयो।

उहाँहरूले छोरीलाई अंश भन्दा उचित शिक्षा, लालनपालन गर्नुपर्ने र छोराछोरीलाई बाबुआमाको इच्छानुसार अंश दिनु पर्ने धारणा व्यक्त गर्नु भयो।

सत्तापक्षका सांसदहरूले यो विधेयकले छोरीलाई छोरा सरह अधिकार दिने सिद्धान्त अपनाएको भनी विधेयकको समर्थन गर्नु भएको थियो।

उक्त विधेयक माथिको छलफलमा भाग लिने सांसदहरू सुरेन्द्र पाण्डे, रामचन्द्र भट्टराई, चन्दा शाह, याङकिला शेर्पा, अम्बिका पन्त, विश्वेश्वरा दाहाल, गोमा देवकोटा, श्रीमाया थकाली, अशोकनाथ तिवारी, डा. रूपज्योति, शुक्रराज शर्मा, मोहनराज शर्मा, दिप्तप्रकाश शाह, राधेश्याम अधिकारी, गौरा कोइराला र जगन्नाथ पौडेल हुनुहुन्थ्यो।

छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री चिरञ्जीवी वाग्लेले छोरा-छोरीबीच रहेको परम्परागत भेदभाव हटाउँदै समानताको सिद्धान्तको आधारमा सो विधेयक ल्याइएको र जन्मने वित्तिकै अंशको भागिदार हुन पाउने छोरीको अधिकार स्थापित गर्ने यो विधेयक नेपालको कानूनी इतिहासमा पहिलो कानूनी प्रावधान हुने धारणा व्यक्त गर्नु भयो।

त्यसपछि अध्यक्ष डा. मोहसिनले सो विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा प्रस्तावको विपक्षमा बहुमत देखिएकोले सो प्रस्ताव अस्वीकृत भएको घोषणा गर्नु भयो।

प्रधानमन्त्री देउवाले अधिवेशन समापनको सन्दर्भमा कार्तिक २ गते राष्ट्रिय सभाको बैठकमा समापन मन्तव्य दिंदा उक्त विधेयक राष्ट्रिय सभाबाट अस्वीकृत भई फिर्ता गएकोले राष्ट्रिय सभाको भावनालाई कदर गर्दै सो विधेयक आगामी अधिवेशनमा पारित गरिने बताउनु भयो।

स्वविवेकको महत्व

अध्यक्ष डा. मोहसिनले बीसौं अधिवेशनको अन्तिम बैठकमा समापन मन्तव्य दिँदै राष्ट्रिय सभाका सांसदहरूले आफ्नो पार्टीको ह्वीपको परिधि भित्र नबसी आफ्नो विवेक र अन्तस्करणले जनताको पक्षमा कार्य गर्ने परिपाटी बढेकाले सदनको गुणस्तर बढेको बताउनुभयो।

राष्ट्रिय सभाको मुख्य भूमिका देशको वस्तुस्थिति र अवस्था हेरी त्यसलाई परिमार्जन गर्नु हो भन्दै अध्यक्षले १९ औं अधिवेशन भन्दा २० औं अधिवेशन धेरै हदमा प्रभावकारी र फलदायी रहेको र यसपटक प्रतिनिधि सभाबाट धेरै विधेयक आएकाले राष्ट्रिय सभाको औचित्य पुष्टि भएको धारणा व्यक्त गर्नु भयो।

परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको गतिविधि

प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिले सन् २००१ को अवधिमा आफ्नो क्षेत्राधिकार भित्र पर्ने विभिन्न विषय सम्बन्धी नियमानुसार काम गऱ्यो। समितिले ०५८ असार २४ गते आफ्नो बार्षिक प्रतिवेदन-०५८ प्रतिनिधिसभासमक्ष पेश गऱ्यो भने असोज १८ गते समितिको प्रतिवेदन कार्यान्वयनको अनुगमन तथा मूल्यांकन प्रतिवेदन ०५८ र कार्तिक १ गते समितिद्वारा गठिन टोली एवं उपसमितिहरू मार्फत् भएका स्थलगत निरीक्षण तथा अध्ययनबाट तयार भई पेश भएका प्रतिवेदनहरूको संकलन प्रतिनिधि सभा समक्ष पेश गऱ्यो।

यस समितिसँग प्रत्यक्ष सरोकार रहेको एक दुःखद् घटना यो रहन गयो कि समितिका सभापति सोमप्रसाद पाण्डे ०५८ जेठ १३ गते पाल्पा जिल्लाको तानसेनमा छ वाम पार्टीको संयुक्त आव्हानमा आयोजित विरोध कार्यक्रममा भाग लिँदा प्रहरी दमनमा परी सख्त घाइते हुनु भयो र करिब चार महिना बिरामी पर्नु भयो। देशको सर्वोच्च जनप्रतिनिधि संस्था विधायिकाकै मानवअधिकार समितिका सभापतिको मानवअधिकारमाथि राज्य सत्ताबाट भएको निर्मम कुठाराघातलाई संसद लगायत् सबैतिरबाट आलोचना गरियो। तर, पीडित सभापतिले राज्यका तर्फबाट कुनै उल्लेखनीय राहत पाउनु भएको र दोषी माथि कडा कारवाही गरिएको पाइएन। यस घटनालाई राज्यद्वारा भएको मानवअधिकार उल्लंघनको गम्भीर उदाहरणका रूपमा लिन सकिन्छ। प्रहरी दमनबाट बिरामी परेका कारण उहाँ लामो समयसम्म संसद गतिविधिमा सहभागी हुन सक्नु भएन। समितिको बार्षिक प्रतिवेदन पेश गर्न उहाँ अशक्तताको कारण प्रतिनिधि सभामा उपस्थित हुन नसक्नु भएकाले उहाँको तर्फबाट समितिका सदस्य सांसद नारायणमान विजुक्छेले सो प्रतिवेदन प्रतिनिधि सभा समक्ष पेश गर्नुभएको थियो।

सन् २००१ को अवधिमा यस समितिद्वारा प्रतिनिधि सभामा पेश गरिएका तीनवटा प्रतिवेदनहरूमा समितिको कार्य क्षेत्राधिकार अनुरूप विभिन्न विषयहरू समेटिएका छन्। ती मध्ये मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूको मात्र संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ।

समितिको बार्षिक प्रतिवेदन २०५८

समितिले मानवअधिकारको क्षेत्रमा यस वर्ष गरेका कार्यहरू निम्नानुसार छन्-

(क) बाँके जेलको गोली काण्ड :

समितिले केन्द्रीय कारागार शाखा, बाँके, नेपालगञ्जमा ०५७ माघ १ गते भएको गोली काण्डको सम्बन्धमा छानबिन गर्न टोली गठन गरी स्थलगत निरीक्षण पश्चात् समितिमा प्रतिवेदन पेश भई समितिको ०५७ माघ ११ गतेको बैठकले निम्नानुसार निर्णय गरेको थियो-

"समितिको आजको बैठकमा यस समितिको मिति ०५७ माघ २ गतेको बैठकद्वारा केन्द्रीय कारागार शाखा बाँकेमा ०५७ माघ १ गते भएको गोलीकाण्डका सम्बन्धमा अध्ययन गर्न गठित टोलीले पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा सो प्रतिवेदनलाई पेश भएकै रूपमा स्वीकृत गर्ने र अध्ययन टोलीको प्रतिवेदनको ठहरको खण्ड (क) मा उल्लेखित प्रमुख जिल्ला अधिकारी श्यामप्रसाद मैनालीलाई निलम्बन गरी विभागीय कारवाही गर्न, ठहरको खण्ड (ग) मा उल्लेखित प्रहरी उपरीक्षक अरूणकुमार सिंह लगायत् अन्य संलग्न अधिकृत तथा कर्मचारी उपर छानबिन गरी कारवाही गर्न, खण्ड (ख) मा उल्लेखित मारिएका बन्दीहरू विजय चौधरी र घनश्याम ओलीका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेहरूलाई उपचार समेत गर्ने व्यवस्था गर्न एवं कारागारमा बन्दीहरूले पाउनु पर्ने सुविधाको व्यवस्था गर्न श्री ५ को सरकारलाई निर्देश गर्ने भन्ने ठहर समेतलाई तुरून्तै कार्यान्वयन गरी समितिलाई एक महिना भित्र जानकारी दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने।"

समितिबाट भएको उपरोक्त निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालयमा लेखी पठाएकोमा गृहमन्त्रालयबाट निम्नानुसारको जवाफ प्राप्त भएको छ :-

(१) प्रजिअ श्यामप्रसाद मैनालीलाई विभागीय कारवाही गर्ने सम्बन्धमा- निज मैनालीलाई विभागीय कारवाही गरी अब आइन्दा यथेष्ठ समय पहिले समस्या समाधानतर्फ अग्रसर रहन सचेत गराउने भन्ने मिति ०५७ फागुन २९ गते निर्णय भई सचेत गराइएको।

(२) मृतक बन्दीहरू विजय चौधरी र घनश्याम ओलीका परिवारलाई क्षतिपूर्ति दिने सम्बन्धमा- क्षतिपूर्ति वापत दिने रकम यकिन गर्न प्रक्रिया अघि बढाइएको।

(३) घाइते बन्दीहरूको उपचार सम्बन्धमा- उक्त घटनामा घाइते भएका कैदी बन्दीहरूको उपचारको समुचित व्यवस्था गर्न प्रजिअ, बाँकेलाई ०५७ फागुन २९ गतेको निर्णयानुसार निर्देशन दिइएकोमा सबै घाइतेहरूको भेरी अञ्चल अस्पतालमा उपचार गराइ सकेको र कुनै पनि घाइते बिरामी अवस्थामा नरहेको जानकारी जिल्ला प्रशासन कार्यालय बाँकेबाट प्राप्त भएको।

(४) प्रहरी उपरीक्षक अरूणकुमार सिंह लगायत् अन्य प्रहरी कर्मचारी उपर छानबिन गरी कारवाही गर्ने सम्बन्धमा- दोषी उपर छानबिन गरी उपयुक्त विभागीय कारवाही गरी जानकारी दिन प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिइएको र सो निर्देशन अनुसार प्रहरी प्रधान कार्यालयबाट प्रहरी नियमावली, २०४९ बमोजिम कारवाही प्रारम्भ गरिएको र सो कारवाही टुंगिएपछि नतिजा जाहेर गर्ने व्यहोरा लेखी आएको।

(५) कारागारका प्रमुखलाई कारवाही गर्ने सम्बन्धमा- निज उपर उपयुक्त कारवाही गर्न कारागार व्यवस्थापन विभागलाई ०५७ फागुन २९ को निर्णयानुसार निर्देशन दिइएको।

(६) कारागारका बन्दीहरूले पाउनु पर्ने सुविधाको व्यवस्था सम्बन्धमा- कैदी बन्दीहरूले नियमानुसार पाउनुपर्ने सुविधाहरू निश्चित् रूपमा पाउने व्यवस्था मिलाउन कारागार व्यवस्थापन विभागलाई निर्देशन भएको, सो अनुसार कैदी बन्दीले पाउने सुविधा कारागारको सूचना पाटीमा वा भित्तामा लेख्ने व्यवस्था मिलाई पारदर्शिता अपनाउन सबै कारागारलाई उक्त विभागबाट परिपत्र भएको छ।

(७) कारागारको भौतिक अवस्था सुधार गर्ने सम्बन्धमा- यसबारे मन्त्रालयको आदेशानुसार कारागार मर्मत सुधारको लागत अनुमान केन्द्रीय कारागार शाखा बाँकेबाट गराई मर्मतका लागि रकम निकासा भइसकेको।

तत्सम्बन्धमा समितिमा छलफल हुँदा समितिको सुझावको अक्षर र भावना अनुरूप कार्यान्वयनको प्रक्रिया पूरा भइसकेको नदेखिएकाले तत्सम्बन्धमा श्री ५ को सरकारको पुनः ध्यानाकर्षण गराइयो।

(ख) मुक्त कमैया क्षेत्रको अध्ययन प्रतिवेदन :

समितिको एक टोलीले मुक्त कमैया क्षेत्रको स्थलगत अध्ययन भ्रमण गरी संकलन गरेका विवरणहरूको विश्लेषण गरी स्थलगत निरीक्षण प्रतिवेदनको तयार मस्यौदा गर्न माननीय सुरेशकुमार कार्की संयोजक, माननीय विजय सुब्बा र माननीय जगन्नाथ खतिवडा सदस्य रहनु भएको एक उप-समिति गठन भई सो उप-समितिद्वारा तयार गरिएको मस्यौदा प्रतिवेदन समिति समक्ष ०५८ फागुन २२ गते पेश भएकाले तत्सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयको प्रतिक्रिया समेत लिई अन्तिम रूप दिइएको छ।

(ग) माओवादी समस्या :

समितिले विगत वर्षहरूमा जस्तै यस वर्ष पनि माओवादी समस्याको कारणबाट हुन गएको मानवअधिकार उल्लंघनका घटनाबारे गहिरो चिन्ता लिई आफ्नो सुझाव प्रस्तुत गर्‍यो। यसै क्रममा समितिले निम्न प्रस्तावहरू पारित गरी सो को कार्यान्वयनका लागि श्री ५ को सरकारलाई अनुरोध गर्‍यो।

समितिको ०५७ माघ २ गतेको निर्णय

"समितिको आजको बैठकमा विगत केही समयदेखि देशका विभिन्न भागहरू- विराटनगर, भरतपुर, बुटवल, राजविराज र काठमाण्डौलगायत् धेरै ठाउँहरूमा प्रहरीको गोलीबाट धेरै नेपाली नागरिकहरूको हत्या भएको र धेरै जना मानिसहरू गम्भीररूपमा घाइते भएकोमा यस परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको गम्भीर ध्यानाकर्षण भएको छ। देशमा मानवअधिकार हननका श्रृंखला एकपछि अर्को बढ्दै गएकोमा यो समिति गम्भीर चिन्ता व्यक्त गर्दछ। यी घटनाहरूको विस्तृत छानबिन गर्नु पर्ने एवं मृतकका परिवारलाई उचित क्षतिपूर्ति र घाइतेहरूको उपचारका साथै दोषी माथि कारवाहीका लागि समिति श्री ५ को सरकारसँग माग गर्ने निर्णय गर्दछ।

समितिको ०५७ माघ २८ गतेको निर्णय

"मुलुकमा मानवअधिकार उल्लंघनका घटनाहरू बारम्बार हुने गरे तापनि माओवादी आन्दोलन शुरू भए यता यस्ता घटनाहरू विकराल र भयावह रूपमा बृद्धि भएकोले यस समितिको ध्यानाकर्षण भएको छ।

कानूनको शासनद्वारा मात्र मानवअधिकारहरूको बहाली हुनसक्ने कुरामा समिति दृढ रहेकाले हिंसा र बल प्रयोगद्वारा समस्याको समाधान खोज्ने हालको कार्य प्रक्रियालाई छाडेर दुवै पक्षले संयमित रही समस्याको शान्तिपूर्ण समाधानको बाटो अबलम्बन गर्नका साथै मुलुकका नागरिकहरूलाई सुरक्षित र भयमुक्त वातावरणमा आफ्ना मौलिक नागरिक अधिकारहरूको उपयोग गर्न पाउने व्यवस्था गर्नका लागि अक्षर र भावना दुवैमा कानूनको शासन कायम गर्नु पर्ने कुरामा प्रतिबद्ध हुन यो समिति श्री ५ को सरकार एवं माओवादी पक्ष दुवैको ध्यानाकर्षण गर्दछ।"

समितिको ०५८ असार १५ गते बसेको बैठकमा श्री ५ को सरकारले २०५८ जेठ २२ गते जारी गरेको सार्वजनिक सुरक्षा नियमावली, ०५८ को सम्बन्धमा देहाय बमोजिमको प्रस्ताव पारित गरी कार्यान्वयनका निम्ति श्री ५ को सरकारलाई अनुरोध गर्‍यो-

"समितिको ०५८ असार १२ गतेको बैठकमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम नेपाली नागरिकहरूलाई प्राप्त मौलिक हक तथा मानवअधिकार समेतको उपभोगमा श्री ५ को सरकारले हालै जारी गरेको सार्वजनिक सुरक्षा नियमावली २०५८ समेतबाट अवरोध भएको समितिले महसुस गरेको हुँदा तत्सम्बन्धमा समितिलाई स्पष्ट जानकारी दिनका लागि माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीलाई आमन्त्रण गर्ने निर्णय अनुसार पत्र पठाई माननीय मन्त्रीलाई आमन्त्रण गरिएको थियो। उपप्रधानमन्त्री तथा गृहमन्त्री निर्धारित कार्यक्रम अनुसार समितिमा उपस्थित हुनुभई सार्वजनिक सुरक्षा नियमावली सर्वोच्च अदालतमा विचाराधीन रहेको जानकारी दिनुभयो र यसरी अदालतमा विचाराधीन रहेको विषयमा संविधानतः संसदमा छलफल गर्न नमिल्ने हुँदा यस समितिमा पनि छलफल नगरियोस् भनी अनुरोध गर्नु भयो। उपप्रधानमन्त्री तथा गृह मन्त्रीबाट प्राप्त जानकारी अनुसार अदालतमा प्रश्न उठी विचाराधीन रहेको र यस अघि उक्त नियमावलीको प्रयोगबाट नेपाली नागरिकहरूका संविधान प्रदत्त मौलिक हक तथा मानवअधिकार समेतको उपभोगमा अवरोध हुने कुराको महसुस समितिले गरेको समेत परिप्रेक्ष्यमा यस नियमावलीको कारणबाट नागरिकहरूको मौलिक हक तथा मानवअधिकार समेतको हनन हुन नदिने प्रत्याभूति गर्नका लागि अदालतको अन्तिम निर्णय भई नआएसम्म उक्त सार्वजनिक सुरक्षा नियमावली २०५८ लागू नगर्न श्री ५ को सरकारलाई सुझाव दिने निर्णय गरियो।"

(घ) शान्तिपूर्ण विरोध र मानवअधिकार :

समितिले आफ्नो गतवर्षको प्रतिवेदनमा मानवअधिकारबारे दिएका सुझावको कार्यान्वयन स्थितबारे उपसमिति मार्फत मूल्यांकन गरिरहेको छ र शान्तिपूर्ण विरोध कार्यक्रमको सिलसिलामा भएका पक्राउ, लाठीचार्ज एवं अश्रुग्याँसको प्रयोग समेतका सम्वन्धमा अध्ययन गर्न देहाय बमोजिमका माननीय सदस्यहरू रहनुभएको एक उप-समिति कार्यरत छ।

उर्मिला अर्याल	- संयोजक
गोविन्द विक्रम शाह	- सदस्य
नवराज सुवेदी	- सदस्य
पशुपति चौलागाई	- सदस्य
प्रेमलाल सिंह	- सदस्य

(ङ) मानवअधिकार सूचना केन्द्र :

समितिले मुलुकको मानवअधिकार स्थिति सम्बन्धी जानकारी दिने एक सूचना केन्द्र स्थापना गर्ने व्यवस्था गर्न श्री ५ को सरकारलाई सुझाव दिएको छ।

अनुगमन तथा मूल्यांकन प्रतिवेदन ०५८

महिला र मानवअधिकार

समितिको प्रतिवेदन ०५७ को दफा ३.६ सुझाव नं. घ १ र २ को महिलालाई सम्पत्तिको अधिकार दिने सम्बन्धमा मुलुकी ऐन २०२० को एघारौं संशोधन विधेयक संसदमा विचाराधीन रहेकोले, अब यो विषय कार्यपालिकाको क्षेत्राधिकारबाट संसदको क्षेत्राधिकारमा स्थानान्तरण भएको देखिन्छ। तापनि यसलाई कानूनको रूप दिने प्रकृयामा अझै पनि श्री ५ को सरकारको प्रमुख दायित्व रहने हुँदा श्री ५ को सरकार जागरूक रहनु पर्ने स्थिति अद्यापि विद्यमान रहेको देखिन्छ।

सुझाव नं. ३.६ (घ ३३) का विषयमा महासन्धिको मस्यौदा सार्क शीर्षस्थ सम्मेलनद्वारा पारित हुन प्रतिक्षारत रहेको, विदेशमा बेचिएका महिलाहरूको पुर्नस्थापना कार्यमा मूलरूपमा गैरसरकारी संघ-संस्थाहरूलाई परिचालन गर्ने नीति अवलम्बन गरिएको र नेपाल-भारत सीमाको जिल्लाहरू बीच अन्तर्सीमा नेटवर्किङ गोष्ठी गरिएको जानकारी प्राप्त भएको छ। यस्तो काम हुनु आफैमा राम्रो तर लक्षित समूहले के प्रतिफल पायो र समस्या समाधानको दिशामा मापनीय ढङ्गले के प्रगति हुन सक्यो भन्ने स्पष्ट हुन नसकेकोले सो स्पष्ट हुने गरी जे जस्तो प्रगति भएको छ उल्लेख गरी पठाउन श्री ५ को सरकारलाई अनुरोध गरिन्छ।

दफा ३.६ (च) को सुझाव सम्वन्धमा श्री ५ को सरकारले सहमति जनाउँदै बालबालिकालाई अधिकार सम्पन्न तुल्याउन, बाल न्यायलाई सर्वसुलभ पार्न, बालसुधार तथा बाल कल्याणलाई अभिबृद्धि गर्न प्रयासहरू भइरहेको जानकारी प्राप्त भएको छ भने बाल श्रम (निषेध) र नियमित गर्ने ऐन बमोजिम बाल श्रम निवारण एवं व्यवस्था सम्वन्धी गुरूयोजना तयार पार्ने कार्य भइरहेको जानकारी प्राप्त भएको छ।

कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट प्राप्त जवाफमा पनि मुलुकी (एघारौं संशोधन) ऐन २०५६ को विधेयक संसदमा प्रस्तुत भएको, जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) सम्बन्धी विधेयक २०५८ संसदमा पेश गर्नका लागि प्रक्रिया प्रारम्भ गर्न सहमति दिएको, घरेलु हिंसा (नियन्त्रण) विधेयक २०५८ सैद्धान्तिक सहमतिको लागि मन्त्रीपरिषद्मा प्रस्ताव पेश गर्न सहमति दिएको र पारिवारिक अदालत स्थापना गर्ने सम्वन्धमा तयार गरिएको विधेयक राय प्रतिक्रियाको लागि सर्वोच्च अदालतमा पठाएको व्यहोरा जानकारी गराइएको छ। उल्लिखित प्रक्रियामा रहेका कार्यहरू सम्पन्न हुनासाथ समितिलाई जानकारी दिन श्री ५ को सरकारलाई सुझाव दिइन्छ।

सुझाव नं. ३.६ (छ) को मुक्त कमैया सम्बन्धी विषयको प्रगति समेतका सम्बन्धमा समितिले आफ्नो बार्षिक प्रतिवेदन ०५८ मा छुट्टै सुझावहरूको उल्लेख गरिसकेकोले सो प्रतिवेदन अनुसारै गर्ने व्यवस्था मिलाउन श्री ५ को सरकारलाई निर्देशन दिइन्छ।

सुझाव नं. ३.६ (ङ) को उत्पीडित जातिहरूको सम्बन्धमा यस वर्ष थप उल्लेखनीय कार्य भएको प्रगति विवरण प्राप्त हुन सकेन।

सुझाव नं. ३.६ (ज) को माओवादी गतिविधिबाट उत्पन्न समस्या सम्बन्धमा गृह मन्त्रालयबाट प्राप्त जवाफमा प्रहरी सुरक्षा कर्मीहरूबाट कसैलाई अनाहकमा दुःख दिने, कारवाहीको सिलसिलामा हिरासतमा राखिएका व्यक्तिहरूलाई यातना दिने र बेपत्ता पार्ने जस्ता कार्यहरू हुन नदिन विशेष सतर्कता अपनाइएको, एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना गर्नुका साथै आतंककारी गतिविधि परित्याग गरी संविधानको दायराभित्र आउन चाहने व्यक्तिहरूलाई माफी दिने नीति लिएको र संवादको माध्यमद्वारा समस्याको समाधान खोज्न सरकार सदा तत्पर रही वार्ताका लागि सम्भव सबै विकल्पहरूको खोजी गरेको भन्ने समेत व्यहोरा लेखी आएको छ। उल्लिखित प्रयासका बाबजुद माओवादी गतिविधिबाट उत्पन्न समस्या चुनौतिका रूपमा रहेकै स्थिति देखिएकाले प्रयासको सकारात्मक परिणाम लिन थप गृहकार्य गरी समितिले पटक-पटक दिएका सुझाव कार्यान्वयन गर्न गराउन श्री ५ को सरकारलाई अनुरोध गरिन्छ।

अध्ययन प्रतिवेदन ०५८

घटनाक्रम र सम्बद्ध मुद्दाहरुको विश्लेषण

विपक्षी राजनीतिक दलहरूको विरोध कार्यक्रमका सिलसिलामा घटेका घटनाहरूको अध्ययन गर्दा यसका मुख्य दुई पक्ष देखिन्छन् :

(क) राजनीतिक पक्ष

(ख) मानवअधिकार पक्ष

(क) राजनीतिक पक्ष :

शान्ति-सुरक्षा र भ्रष्टाचारसम्बन्धी समसामयिक मुद्दा अर्थात् माओवादी र प्रहरीका मुठभेड तथा त्यसबाट जनजीवनमा परेको असर एवं लाउडा विमान भाडा प्रकरणमा भएको अनियमितता, भ्रष्टाचार र कमिशनको लेनदेन समेतको विरोध गर्ने राजनीतिक अभियानको रूपमा संसदभित्र चलेको संघर्षको दोस्रो चरणको रूपमा सडक संघर्ष भएको देखिन्छ। यस क्रममा सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई "देशलाई बर्बादीको खाडलमा जाक्न अर्को नालायक निर्णय गर्न नदिन" अनि "लाउडा जस्तै अन्य काण्ड घट्न नदिन" भनी उहाँको कार्यालय सिंहदरबार छिर्न नदिने लक्ष्य विरोधी राजनीतिक दलहरूको रहेको देखिन्छ।

शान्तिपूर्ण विरोध कार्यक्रममा संलग्न राजनीतिक दलहरू अर्थात् छ वाम समूह संसदमा प्रतिनिधित्व गर्ने शक्तिका रूपमा देखिन्छन्। विरोध प्रदर्शन गर्न उभिएका वैधानिक जनप्रतिनिधिलाई प्रशासनले कस्तो व्यवहार गर्ने भन्ने प्रश्न महत्वपूर्ण हुन आउँछ। यस प्रश्नको स्वभाविक उत्तर हुन्छ। प्रजातान्त्रिक मुलुकमा कानूनको शासन हुने हुनाले कानूनको कानूनी आधार देखिंएन। तसर्थ, त्यस्तो काम हुनुलाई मानवअधिकारको समेत उल्लंघन भएको मान्नुपर्दछ।

(ख) मानवअधिकार पक्ष :

नेपाल अधिराज्यको संविधानले आधारभूत मानवअधिकारको सुरक्षाको ग्यारेन्टी गरेको र मौलिक हक अन्तर्गत स्वतन्त्रताको हक अर्थात् कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने, विना हातहतियार शान्तिपूर्वक भेला हुने र अधिराज्यभरि आवत् जावत् गर्ने स्वतन्त्रताको रूपमा रहेका माननीय सदस्य समेतलाई भीडमा नचिनेर यातना दिए होला भन्न सकिन्न। त्यसै पनि कुनै व्यक्तिलाई यातना दिन मिल्दैन फेरी जनप्रतिनिधिको मर्यादा नगर्ने हो भने कानूनको आधारमा माननीय सदस्यको सुरक्षा हुने कुराको ग्यारेण्टी केबाट लिने?

माथि उल्लेखित व्यवस्थाको परिप्रेक्ष्यमा प्रदर्शनकारी माथि प्रहरी कारवाही गर्न आदेश दिने माननीय मन्त्री, प्रहरी महानिरीक्षक तथा प्रमुख जिल्ला अधिकारीसँग लिइएका बयानहरू हेर्दा सबैले हामीले कुटपिट र यातना दिन आदेश दिएका होइनौं भन्नुभएको छ तर पक्राउ गरेको र पिटिएको तथा यातना दिएको कुरामा कसैको पनि इन्कारी छैन। यस स्थितिमा निम्नानुसारका कुराहरू विचारणीय हुन आउँछन्।

- कसैलाई कानूनी आधार बेगर पक्राउ गर्न हुन्छ कि हुँदैन?
- शान्ति सुरक्षाको जिम्मेवारी लिएको कर्मचारीले अधिकार प्राप्त अधिकारीको आदेश विपरित कार्य गर्न नहुने कुरा स्पष्ट छ। प्रजातन्त्र र प्रजातान्त्रिक संविधान अन्तर्गत प्रत्येक व्यक्तिलाई यी स्वतन्त्रता प्रदान गर्ने प्रतिवद्धता राज्यले लिएकोमा "कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइनु हुन्न, निर्दयी, अमानवीय वा अपमान र बेइज्जतीपूर्ण व्यवहार गर्न पाइँदैन" भन्ने मानवअधिकारको विश्वव्यापी घोषणाको धारा ५ को कसीमा यी घटनाहरूलाई हेर्न पर्ने हुन्छ। विरोध प्रदर्शन गर्ने राजनीतिक दलहरूको ०५८ वैशाख ३ गते विहान ८ बजेदेखि धर्ना दिने कार्यक्रम रहेकोमा ६:५० बजे नै गिरफ्तार गर्न थालियो जबकि त्यो ठाउँ अर्थात् पुतलीसडकको रणोद्दिप चोक भनिने स्थानलाई निषेधित क्षेत्र घोषणा गरी माइकिङ पनि गरिएको थिएन। त्यसरी स्वेच्छाचारी ढंगले गिरफ्तार वा नजबन्द गर्न नपाइने, गरेमा मानवअधिकारको उल्लंघन हुने व्यवस्था हुँदाहुँदै सरकारले यी व्यवस्थाको उल्लंघन गर्न मिल्छ ?
- जनप्रतिनिधिको हैसियतको संकेतको रूपमा संसदमा माननीय सदस्यहरूलाई लोगो प्रदान गरिएको हुन्छ। राष्ट्रिय राजनीतिका प्रमुख व्यक्ति मध्येमा पर्ने माननीय सदस्यहरूलाई सार्वजनिक Visual Media बाट पनि चिन्न सकिन्छ। त्यसबाहेक सरकारी जनशक्तिले सोधेर पनि को हो भन्ने चिनिन्छ, चिन्नुपर्छ। सुरक्षा गार्डसहित पैदल हिंडेका विपक्षी दलका नेता तथा पूर्वमन्त्री तथा सांसद समेतका मानवअधिकारको र मौलिक हकको हनन गर्न मिल्छ ?
- मानवअधिकार र मौलिक हकको हनन् गर्नेमाथि कारवाही नगरी त्यसै छोड्न मिल्छ ?
- विरोध प्रदर्शन गर्ने काममा सामेल भएको व्यक्तिलाई कार्यक्रमबाट घर फर्कने क्रममा प्रहरीबाट कुटपिट गरी यातना दिन मिल्छ कि मिल्दैन ?
- विरोध प्रदर्शन गर्न आएका महिला सांसद तथा अन्य महिलाहरूलाई लछारपछार गर्न मिल्छ ?
- पक्राउ गरेपछि भ्यानमा राखिएका माननीयलाई त्यहाँभित्र यातना दिन कानूनले मिल्छ ?

उपरोक्त घटनाक्रमका सिलसिलामा उठ्ने प्रश्नको जवाफ खोज्दा कानूनतः गर्नै नमिल्ने कामहरू सरकारी पक्षबाट भएको स्पष्ट देखिन्छ।

प्रतिवेदनको निष्कर्ष

विपक्षी राजनीतिक दलहरूको विरोध गर्ने अधिकारको प्रत्याभूति र सीमाको निर्धारण संवैधानिक आधार तथा कानूनी व्यवस्थाबाट मात्र हुन सक्तछ। माननीय मन्त्री, प्रहरी महानिरीक्षक तथा प्रमुख जिल्ला अधिकारीले प्रहरीहरूलाई दिने आदेशले पनि संविधान वा तदनुसार बनेको कानून टेकेकै हुनु पर्दछ। संविधान र कानूनको आधार नलिई पक्राउ गर्ने, लाठीचार्ज गर्ने, अश्रुग्याँस छोड्ने आदि कारवाही गरेकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यवाही गर्नु पूर्व सार्वजनिक सूचना, माइकिङ आदि कानूनले निर्धारित गरेका वाध्यात्मकरूपमा अपनाउनुपर्ने सावधानीपूर्ण प्रकृयाका कार्यहरू गरेको देखिएन। सो नगरी एक्कासी प्रहरी ज्यादतिसमेत गरेको विषयमा छानबिन गरी त्यसरी स्वेच्छाचारितापूर्वक काम गर्ने

सरकारी कर्मचारी, प्रहरी वा जो सुकैलाई भए पनि सजाय दिनु पर्दछ। यस पृष्ठभूमिमा हेर्दा समितिको र उपसमितिको बैठकमा आएर उक्त पदाधिकारीहरूले पक्राउ गर्ने, लाठीचार्ज गर्ने र अश्रुग्याँस छोड्ने आदेश दिइएको थिएन भनी स्पष्ट शब्दमा आफ्ना कुराहरू राख्नुभएको तर संसदका माननीय सदस्यहरूका अतिरिक्त अनुसूचिमा उल्लेखित अन्य व्यक्तिहरू समेतमाथि प्रहरी ज्यादति भएको देखियो। यसबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ ले दिएको स्वतन्त्रताको हक तथा मानवअधिकारको विश्वव्यापी घोषणाको धारा ५, ८, ९ र २० समेतको विपरित सरकारी पक्षले काम गरेको पुष्टि हुन आउँछ। अतः प्रस्तुत अध्ययनमा उल्लिखित घटनाका सन्दर्भमा विपक्षी राजनीतिक दलहरूको आव्हानमा शान्तिपूर्ण विरोध कार्यक्रममा संलग्न रहेका सहभागीहरूको मानवअधिकार हनन भएको स्पष्ट देखिन्छ।

ठहर

विपक्षी राजनीतिक दलहरूको शान्तिपूर्ण विरोध कार्यक्रममा माथि उल्लेख भएबमोजिम ज्यादति गर्ने प्रहरी अधिकृत तथा प्रहरी कर्मचारी लगायत सम्बद्ध सबै माथि छानबिन गरी कानून बमोजिम कारवाही समेत गरी समितिलाई जानकारी दिन श्री ५ को सरकार गृह मन्त्रालयलाई निर्देश गर्ने उप समितिको ठहर छ।

प्रतिनिधिसभा, राज्य व्यवस्था समिति

यस समितिका तत्कालीन सभापति होमनाथ दाहालले २०५८ असार २४ गते प्रतिनिधिसभामा समितिको बार्षिक प्रतिवेदन-२०५८ प्रस्तुत गर्नुभयो। प्रतिवेदनमा समितिको कार्यक्षेत्र अनुसार विभिन्न विषयहरू समेटिएका छन्। ती मध्ये मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कारागार विषयमा प्रतिवेदनमा उल्लिखित अंश यहाँ प्रस्तुत छ :

नेपाल अधिराज्यमा रहेका ७१ जिल्ला कारागार र दुई केन्द्रीय कारागार समेत गरी जम्मा ७३ कारागारमा २०५८ जेठ २ गतेसम्मको अभिलेखबाट महिला कैदी ३०४ र थुनुवा १८३, पुरूष कैदी २ हजार ७५६ र थुनुवा २ हजार ६१४ गरी जम्मा कैदीहरूको संख्या ५ हजार ८५७ र आश्रित बालबालिका ९८ रहेको देखिन्छ।

विभिन्न कारणबाट बन्दी वा थुनुवाको जीवन यापन गरी आएका व्यक्तिलाई मानवोचित जीवन यापन गर्ने कार्यमा सहयोग पुऱ्याई कारागारलाई सुधारगृहका रूपमा विकसित गर्न विगतमा समितिले एक छुट्टै प्रनिवेदन मार्फत श्री ५ को सरकारलाई दिएको सुझावहरूको कार्यान्वयन हुन सके कारागारको सुधारमा महत्वपूर्ण योगदान मिल्न जाने विश्वास गर्न सकिन्छ।

प्रतिनिधिसभा, सार्वजनिक लेखा समिति

संसदीय समितिहरूमध्ये सबैभन्दा चर्चित सार्वजनिक लेखा समिति यस वर्ष पनि निकै सक्रिय रह्यो। समितिका सभापति सुवास नेम्वाङले २०५८ असार २४ गते प्रतिनिधिसभा समक्ष बुझाउनु भएको प्रतिवेदन अनुसार वर्ष भरीमा समितिको बैठक १३२ पटक बसेको थियो। समितिले आफ्नो कार्य व्यवस्थित ढंगले सम्पन्न गर्न २३ वटा उपसमितिहरू गठन गरिएका थिए र ती उपसमितिहरूका बैठक ११२ पटक बसेको थियो।

समितिले यस वर्ष सार्वजनिक लेखा एवं सम्पत्तिको अध्ययन गर्ने क्रममा शाही नेपाल वायु सेवा निगम र लाउडा एयर तथा चाइना साउथ वेष्ट एयरसम्बन्धी सम्झौता एवं कारोबारहरू, महाकाली सिंचाई आयोजनाको थप भुक्तानी सम्बन्धी निर्णय एवं कारोवारहरू, प्रहरी कल्याण कोषको सञ्चालन सम्वन्धी निर्णय एवं कारोवारहरू, राष्ट्रिय वाणिज्य बैंक मैतिदेवी शाखाबाट भएको ऋणको प्रवाह एवं धितो लिलामी प्रक्रिया, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लि.को व्यवस्थापन करारमा दिने प्रक्रिया र आर्थिक सहायता र चन्दा पुरस्कार लगायतका धेरै विषयहरू अध्ययन गरी त्यसमा भएका अनियमितताहरू उजागर गऱ्यो। अध्ययनका क्रममा देखिएका प्रवृत्ति, भेटिएका तथ्यहरू र समितिका निर्णयहरू समितिको बाह्रौ प्रतिवेदन २०५८ मा संग्रहित छन्।

राष्ट्रिय सभा सामाजिक न्याय समिति

यस समितिका सभापति अम्बिका पन्त चापागाईले २०५८ कात्तिक २४ गते राष्ट्रिय सभाको बैठकमा समितिको दोस्रो बार्षिक प्रतिवेदन पेश गर्नु भयो। प्रतिवेदनमा उल्लिखित प्रमुख बिषयहरू यहाँ संक्षेपमा दिइएको छ।

मानव अधिकारका सम्बन्धमा

समस्याहरु :

(१) विद्यमान ऐन कानूनहरूको कार्यान्वयन हुन नसक्नु : संसदद्वारा पारित भएका बालबालिकासम्बन्धी ऐन २०४८, श्रम ऐन २०४८, मानव अधिकार आयोग ऐन २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३, बालश्रम निषेधित गर्ने ऐन २०५६, जस्ता कानूनहरू श्री ५ को सरकारबाट पूर्णरूपमा कार्यान्वयन हुन सकेको देखिएन।

(२) संविधानको भावना अनुरूप ऐनहरू निर्माण हुन नसक्नु : नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा (३) को भावना अनुरूप महिला, बालक, बृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासका लागि विशेष कानूनी व्यवस्था अझै हुन सकेको छैन।

(३) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन पश्चात पनि सो अनुसार कार्य हुन नसक्नु।

(४) अधिकांश जेलहरू ज्यादै जीर्ण, सांगुरा र अस्वस्थकर देखिनु।

अन्त्य गर्ने, भू उपयोग गर्ने, भू-खण्डीकरण नियन्त्रण गर्ने, चक्लाबन्दी गर्ने, सहकारी प्रावधान लागू गर्ने, भूमिहीन र अत्यन्तै पिछडिएका वर्गलाई जग्गा उपलब्ध गराउने साथै भूमिपतिको श्रम, सीप र पूँजीलाई उत्पादनशील कार्यमा प्रयोग गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्यले सो विधेयक ल्याइएको बताउनु भयो।

भूमि सुधार कार्यक्रमको विरोध र सम्पत्ति माथि हदबन्दीको मागका कारण भदौ १ गतेदेखि अवरूद्ध भएको विनियोजन विधेयक ०५८ अन्तर्गत विभिन्न शीर्षकमाथिको छलफल भदौ २१ गतेदेखि मात्र प्रारम्भ भयो। भदौ २१ गतेको बैठकमा राप्रपाका पशुपति शमशेर जबरा, नेसपाका राजेन्द्र महतो, र नेपाली काँग्रेसका सुरेन्द्रप्रसाद चौधरीले भूमिसुधार कार्यक्रमको तीव्र विरोध गर्नु भयो। सो दिनको बैठकले भूमि सम्बन्धी (पाँचौ संशोधन) विधेयक २०५८ माथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गर्‍यो।

विधेयक छलफलमा भाग लिँदै नेकपा (एमाले) का सांसदहरूले नेपालमा ३ लाख परिवार पूर्णतया भूमिहीन रहेको, ६ लाख जनतासँग पाँच कठ्ठा जमीन पनि नभएको, १७ प्रतिशत जनताले ८३ प्रतिशत जग्गा ओगटी रहेको तर्क प्रस्तुत गर्दै विधेयकले वास्तविक भूमिहीनलाई राहत दिन नसक्ने बताउनु भएको थियो। त्यस दिनको बैठकमा नेसपाका सांसदहरू "सम्पत्ति माथि हदबन्दी लागू होस्" भन्ने नारा लगाउँदै बैठक कक्षबाट बाहिरिनु भयो। सो पार्टीद्वारा यसरी नारा लगाउँदै सदनको बैठक बहिष्कार गर्ने क्रम २० औं अधिवेशन अवधिभर नै जारी रह्यो।

आतंकवादको भर्त्सना

प्रतिनिधि सभाको भदौ २७ गतेको बैठकले भदौ २६ गते संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र वासिङटनमा भएको आतंककारी आक्रमणको घोर भर्त्सना गर्दै सो आक्रमणमा परी जीवन गुमाउन पुगेका निर्दोष व्यक्तिहरूको दिवंगत आत्माको चिर शान्ति र तिनका शोकाकुल परिवारप्रति हार्दिक सहानुभूति व्यक्त गर्नुका साथै आतंकवाद विरूद्ध नेपालको ऐक्यबद्धता व्यक्त गर्‍यो।

प्रधानमन्त्री देउवाले अन्तर्राष्ट्रिय जगत नै स्तब्ध र शोकमय भएको यो दुःखद घडीमा श्री ५ को सरकार सबै प्रकारका आतंकवाद र जुनसुकै नाम र बहानामा नरसंहार र त्रास सिर्जना गर्ने आतंकवादी घटनालाई निन्दा गर्दछ भन्नु भयो।

नेकपा (एमाले) का के.पी. ओलीले अमेरिकी जनतामाथि परेको यो विपत्तिमा आफ्नो पार्टीको तर्फबाट गहिरो सहानुभूति प्रकट गर्दै यस घटनाले संसार कति असुरक्षित रहेको छ भन्ने देखाएको छ भन्नुभयो।

नेकाका रामचन्द्र पौडेलले विश्वबाट आतंकवाद हटाउने चुनौति र अभियानमा आफ्नो पार्टीको ऐक्यबद्धता प्रकट गर्नुभयो।

राप्रपाका कृष्णचरण श्रेष्ठले उक्त आक्रमणलाई मानवता विरूद्धको जघन्य अपराधको संज्ञा दिनु भयो।

नेसपाका बद्रीप्रसाद मण्डलले संसारमा आतंकवादबाट कुनै देश पनि अलग नभएको वर्तमान परिस्थितिमा नेपालले पनि सतर्कता अपनाउनु पर्ने विचार व्यक्त गर्नु भयो।

संजमोका लिलामणि पोखरेलले अमेरिकामा निर्दोष मानिसहरूको हत्या हुनु अत्यन्त दुःखद घटना भएकाले यस्ता घटनाको कारण पहिल्याएर समाधान गर्नु पर्ने बताउनु भयो।

नेमकिपाका नारायणमान बिजुक्छेले निर्दोष नागरिकहरू मारिएको सो घटनाले आफू स्तब्ध भएको बताउनु भयो।

बालिका बलात्कारको विरोध

भदौ २८ गतेको बैठक शुरू हुँनासाथ नेकपा (एमाले) का महेन्द्रबहादुर पाण्डेले नुवाकोट जिल्लाको हल्लेकालिकास्थित एक गरीब परिवारकी १२ वर्षिया बालिकालाई सोही ठाउँका माओवादी कार्यकर्ता कैले गिरीले भदौ २४ गते बलात्कार गरेको समाचार व्यापकरूपले आइसक्दा पनि बलात्कारीलाई कारवाही गर्ने सम्बन्धमा सरकारले तत्परता नदेखाएकोमा आपत्ति जनाउँदै बलात्कारीलाई तुरून्त कारवाही गर्न र पीडित बालिकाको उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्नु भयो।

गृहमन्त्री खुमबहादुर खड्काले असोज १ गतेको बैठकमा यस घटनाबारे सार्वजनिक महत्वको जानकारी दिनु भयो।

सांसदको आर्तनाद

भदौ २८ गतेको विशेष समयमा प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिका सभापति नेकपा (एमाले) का सोमप्रसाद पाण्डेले गत जेठ १३ गते तानसेनमा छ वाम पार्टीको संयुक्त आव्हानमा भएको विरोध कार्यक्रममा भाग लिंदा प्रहरीले आफूमाथि अमानवीय व्यवहार र सांघातिक हमला गरेका कारण १ सय १२ दिन बिरामी परेको र आफ्नो स्वास्थ्य अझै पूर्ण रूपमा ठीक भई नसकेको, देब्रे आँखा अझै अस्वस्थ रहेको जानकारी गराउनु भयो।

सोही घटनाको कारण बीसौं अधिवेशनमा पहिलो पटक सोही दिन मात्र संसद बैठकमा उपस्थित हुनुभएका सांसद पाण्डेले सरकारले आफ्नो उपचारमा कुनै चासो नदेखाएको र सो घटनाको छानबिन गरी दोषी माथि कारवाही गर्न कुनै अग्रसरता नलिएको भनी दुःख व्यक्त गर्दै आफूलाई परेको जस्तो घटना भविष्यमा कसैलाई पनि नपरोस् भन्नु भयो।

भूटानी नेताको हत्याको निन्दा

भूटानी प्रजातान्त्रिक आन्दोलनका एक वरिष्ठ नेता आर. के. बुढाथोकीको झापा जिल्लाको दमकमा अज्ञात व्यक्तिहरूले भदौ २४ गते खुकुरी प्रहार गरी हत्या गरेको घटनालाई संसदले गम्भीर रूपमा लियो।

भदौ २९ गतेको बैठकमा विशेष समय अन्तर्गत बोल्दै नेकपा (एमाले) का के.पी. शर्मा ओलीले भूटान पिपुल्स पार्टीका अध्यक्ष बुढाथोकीको षड्यन्त्रपूर्वक भएको निर्मम हत्याको भर्त्सना गर्दै नेपालमा शरण लिइरहेका भूटानका प्रजातन्त्रवादी नेताहरूलाई हाम्रो सरकारले पर्याप्त सुरक्षा दिनु पर्ने बताउनु भयो। उहाँले दिउँसै भएको सो हत्याका अपराधीहरूलाई अहिलेसम्म पक्राउ गर्न नसक्नु झन चिन्ताको विषय हो भन्नुभयो।

नेकाका बलदेव शर्मा मजगैयाँले मानवअधिकारका लागि लडिरहेका नेता बुढाथोकी भूटानको प्रजातान्त्रिक आन्दोलनमा नेपालका जननायक वी.पी. कोइराला जत्तिकै सम्मानित रहेको बताउँदै बुढाथोकी माथिको प्रहार मानवअधिकार माथिको प्रहार हो भन्नु भयो।

संजमोका लिलामणि पोखरेलले बुढाथोकीको हत्यारा पक्राउ गर्ने काम नभएकोमा चिन्ता व्यक्त गर्दै शिविरमा रहेका भूटानी शरणार्थीहरू र शिविर बाहिर रहेका भूटानी नेता तथा निजका परिवारको सुरक्षा तर्फ सरकारले विशेष ध्यान दिनु पर्ने आवश्यकता औंल्याउनु भयो।

नेकाका रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला, नेकपा (एमाले) का माधवकुमार नेपाल, राष्ट्रिय जनमोर्चाका परी थापालगायत्का सांसदहरूले पनि विभिन्न प्रसंगमा संसदमा बोल्दा बुढाथोकीको हत्याको निन्दा गर्नु भएको थियो।

निषेधाज्ञाको विरोध

श्री ५ को सरकारले एक महिनाका लागि उपत्यकामा भेला, सम्मेलन, जुलुस आदि कार्यक्रम आयोजना गर्न नपाइने भनी जारी गरेको निषेधाज्ञाको सदनमा आलोचना गरियो। असोज ५ गते नेकपा (माओवादी) ले राजधानीमा आयोजना गर्ने भनिएको बृहद् भेलाको कारण कुनै हिंसात्मक कार्य हुन सक्ने सम्भावना देखि सरकारले घोषणा गरेको सो निषेधाज्ञाको सबै प्रतिपक्षले विरोध गरी त्यसलाई फिर्ता लिन जोडदार माग गरे।

उक्त निषेधाज्ञाले संविधान प्रदत्त अधिकारलाई कुण्ठित तुल्याइएको भनी विरोध गर्नेहरूमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का नेता माधवकुमार नेपाल, भरतमोहन अधिकारी, राजमोका परी थापा, डिलाराम आचार्य, संजमोका लिलामणि पोखरेल हुनुहुन्थ्यो।

असोज २ गतेको बैठकमा गृहमन्त्री खुमबहादुर खड्काले उपत्यकामा शान्ति सुरक्षाको स्थिति सामान्य हुँदै गएकाले निषेधाज्ञा जारी राख्न आवश्यक नभएकोले सोही दिन दिउँसो ३ बजेदेखि निषेधाज्ञा हटाइएको जानकारी दिनुभयो।

प्राकृतिक प्रकोपबाट क्षति

भदौ २१ गतेको बैठकमा गृहमन्त्री खड्काले यस वर्ष वैशाखदेखि हालसम्म विभिन्न प्राकृतिक प्रकोपका घटनामा परी अधिराज्यमा ३ सय ६७ जनाको मृत्यु, १० हजार ४ सय २१ जना प्रभावित, २ हजार ६ सय ४५ घर क्षति ग्रस्त र रू. २६ करोड ४५ लाख ७० हजार मूल्य बराबरको क्षति भएको जानकारी दिनु भयो।

प्रकोपका घटनामा विभिन्न जिल्लामा गरी बाढी पहिरोबाट १ सय ६९, आगलागीबाट १२, महामारीबाट १ सय ५४, चट्याङबाट ३०, आँधीबेहरी र असिनाबाट एक-एक जनाको मृत्यु भएको र बाढी पहिरोमा परी ४३ जना हराएका र ७५ जना घाइते भएको पनि उहाँले जानकारी दिनु भयो।

खर्च कटौती प्रस्ताव अस्वीकृत

विनियोजन विधेयक २०५८ अन्तर्गत विभिन्न शीर्षकहरू माथिको छलफल र जवाफ साउन १६ गतेदेखि असोज ९ गतेसम्म जारी रह्यो। सो विधेयकका विभिन्न शीर्षकहरूमा प्रतिपक्षीहरूद्वारा जम्मा ३९ वटा खर्च कटौती प्रस्ताव प्रस्तुत भएका थिए। असोज ९ गतेको बैठकमा ती प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गरिंदा सबै प्रस्ताव बहुमतबाट अस्वीकृत भए।

खर्च कटौती प्रस्ताव विभिन्न १९ शीर्षकमा नेकपा (एमाले) बाट १४, संयुक्त जनमोर्चाबाट ११, राष्ट्रिय जनमोर्चाबाट ८, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ५ र नेपाल सद्भावना पार्टीबाट १ वटा प्रस्तुत भएका थिए।

ती मध्ये जनसंख्या तथा वातावरण मन्त्रालय शीर्षकमा १, शिक्षा तथा खेलकुद मन्त्रालयमा २, कृषि तथा सहकारी मन्त्रालयमा २ , सूचना तथा सञ्चार मन्त्रालयमा ३, स्वास्थ्य मन्त्रालयमा ३, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा २, जलस्रोत मन्त्रालयमा ३, अर्थ मन्त्रालयमा १, वन तथा भू-संरक्षण मन्त्रालयमा १, गृह मन्त्रालयमा ३, स्थानीय विकास मन्त्रालयमा ५, भौतिक योजना तथा निर्माणमा १, मन्त्रीपरिषद्मा २, रक्षा मन्त्रालयमा २, परराष्ट्र मन्त्रालयमा २, उद्योग वाणिज्य तथा आपूर्तिमा ३, सामान्य प्रशासनमा १, भूमि सुधार तथा व्यवस्थामा १ र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा १ खर्च कटौती प्रस्ताव दर्ता भएका थिए।

राष्ट्रिय सभा

२० औं अधिवेशनको रूपमा ०५८ असार ११ गते नै शुरू भएको राष्ट्रिय सभाको बैठक कार्तिक २ गतेसम्म जारी रह्यो। कूल १ सय १६ दिनको यस अवधिमा ६४ पटक बैठक बस्यो। यस अधिवेशनमा प्रतिनिधि सभाबाट आएको १६ वटा विधेयकलाई राष्ट्रिय सभाले सुझाव विना फिर्ता पठायो भने दुई वटा विधेयकलाई सुझाव सहित पठायो। एउटा विधेयकलाई अस्वीकृत गर्‍यो। राष्ट्रिय सभाबाटै उत्पत्ति भएका तीन विधेयकलाई पारित गर्‍यो।

बैठकको पहिलो दिन राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन तथा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने विभिन्न पार्टीका नेताहरू एवं मनोनित सांसदहरूले श्री ५ महाराजाधिराजप्रति राजगद्दी आरोहणको बधाई तथा शुभ-कामना चढाउनु भयो भने स्वर्गवासी श्री ५ वीरेन्द्र तथा

(५) मानव अधिकारका सम्बन्धमा जन अभिरूचि पैदा गर्न नसक्नु साथै यस सम्बन्धी कार्य योजना तयार नहुनु।

(६) मानव अधिकार उल्लंघन गर्ने व्यक्ति एवं संस्थालाई सजायको व्यवस्था नहुनु,

(७) मानव अधिकार विरोधी कतिपय कानुनहरू हालसम्म वहाल रहनु,

(८) जातीय भेदभाव तथा छुवाछूत प्रथा कायम नै रही रहनु,

(९) विधिको शासन कायम हुन नसक्नु,

(१०) माओवादी समस्याका कारण सर्वसाधारण जनताको शान्तिपूर्वक बाँच्न पाउने अधिकार कुण्ठित हुँदै जानु,

(११) घरेलु हिंसा समाप्त गर्ने क्रममा पारिवारिक अदालत र बाल इजलासको व्यवस्था हुन नसक्नु,

(१२) प्रहरीहरूमा मानव अधिकारको विषयमा यथोचित ज्ञान नहुनु।

सुझाव

(१) मानव अधिकार प्रवर्द्धन एवं संरक्षणका निमित्त बनेका कानुनहरू कडाइका साथ लागू गरिनु पर्दछ। आवश्यक थप कानुनहरू निर्माण गरी लागू गरिनु पर्ने।

(२) संविधानको भावना विपरीत रहेका कानुनहरूमा अविलम्ब आवश्यक संशोधन गरिनु पर्ने।

(३) मुक्त भएका कमैयाहरूको बसोबास एवं रोजगारीमूलक तालिमको व्यवस्था गरिनु पर्ने।

(४) मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रबर्द्धनमा ठोस प्रतिबद्धताकासाथ राष्ट्रिय कार्ययोजना तयार गरी लागू गरिनु पर्ने।

(५) सरकार र माओवादीका बीच शुरू भएको वार्तालाई राष्ट्रिय सहमतिको आधारमा सकारात्मक निष्कर्षमा पुऱ्याई समस्याको समाधान गरिनु पर्ने।

(६) जेललाई सुधार गृहको रूपमा विकास गर्न आवश्यक पर्ने भौतिक एवं मानवीय स्रोत र साधन उपलव्ध गराउने र जेल सुधारका लागि विभिन्न समयमा तयार गरिएका प्रतिवेदनहरू कार्यान्वयन गरिनु पर्ने।

(७) राष्ट्रिय मानव अधिकार आयोगलाई सक्षम र साधन सम्पन्न तुल्याइनु पर्ने।

(८) प्रहरीमा मानव अधिकार शिक्षाको व्यवस्थालाई उच्च प्राथमिकता दिइनु पर्ने।

(९) सार्वजनिक पदमा बस्ने व्यक्तिहरूको आचारण र व्यवहार मानव अधिकारको सम्मान र संरक्षण गर्ने दिशामा सकारात्मक र उत्प्रेरक हुनु पर्ने।

महिला सम्बन्धी

समस्याहरु

(१) संविधानसँग बाझिएका महिला हकहित विरूद्धका असमान कानुनहरू अझै खारेज हुन नसक्नु।

(२) संविधानको धारा ११ अनुरूप पिछडिएका महिलाहरूको उत्थान सम्बन्धमा विशेष कानुन बन्न नसक्नु।

(३) नीति निर्माण तहमा महिला सहभागिता ज्यादै न्यून हुनु र भूमिका नगन्य रहनु।

(४) महिला विकासका लागि गठित महिला मन्त्रालयको संरचनात्मक ढाँचा साँघुरो हुनुका साथै बजेटको पर्याप्त व्यवस्था हुन नसक्नु।

(५) ठोस नीति र नीतिगत प्रतिबद्धता नहुनु।

(६) बाल विवाह, बहु विवाह जस्ता सामाजिक कुप्रथाहरू कायमै रहनु।

(७) महिला उत्थानका लागि जनचेतना अभिबृद्धि हुन नसक्नु।

(८) महिला साक्षरता प्रतिशत उत्साहप्रद रूपमा बढ्न नसक्नु।

(९) महिलाहरू गरिबी र पछौटेपनबाट मुक्त हुन नसक्नु।

(१०) महिला हकहित सम्बन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप काम नहुनु।

(११) छोरा सरह छोरीलाई समान व्यवहार र अधिकार हुन नसक्नु।

(१२) नीति निर्माण तहमा महिला प्रतिनिधित्व नगण्य रहनु।

सुझावहरु

(१) उच्चस्तरीय राष्ट्रिय महिला आयोग शीघ्र गठन हुनु पर्ने।

(२) नीति निर्माण तह र संवैधानिक निकायमा महिलाको सहभागिता बढाउनु पर्ने।

(३) सामाजिक र आर्थिक दृष्टिले पिछडिएका महिलाहरूको संरक्षणको लागि विशेष कानुन शीघ्र निर्माण गर्नु पर्ने।

(४) समाजमा व्याप्त कुरीति तथा कुप्रथा हटाउन अभियानको रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्ने।

(५) समाजको चौतर्फी विकासका लागि महिला सहभागितालाई प्राथमिकता दिने नीतिहरू तर्जुमा गरी त्यसलाई समन्वयात्मक रूपमा लागू गरिनु पर्ने।

(६) समाजको चौतर्फी विकासको लागि महिला सहभागितालाई प्राथमिकता दिने नीतिहरू तर्जुमा गरी त्यसलाई समन्वयात्मक रूपमा लागू गरिनु पर्ने।

(७) महिला हकहितका निमित्त कार्यरत गैह्र सरकारी संस्थाहरूलाई सरकारले प्रभावकारी रूपमा समन्वय गराई कार्य गराउने वातावरण तयार पार्नु पर्ने।

(९) महिला उपर हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिमा नेपालले गरेको प्रतिबद्धता अनुसारका कार्यहरू चरणबद्ध रूपमा कार्यन्वयन गर्दै लागू गर्नु पर्ने।

दलित वर्ग सम्बन्धी

समस्याहरु

(१) संविधानको भावना अनुरूप दलित उत्थानको निमित्त विशेष कानून बन्न नसक्नु।

(२) श्री ५ को सरकारले दलित उत्थान र विकास सम्बन्धमा ठोस कार्यनीति तयार गरी प्रभावकारी ढंगले कार्य गर्न नसक्नु।
(३) दलितहरूको शीप, ज्ञान र दक्षताको पहिचान हुन नसक्नु।
(४) जातीय भेदभाव र छुवाछूत प्रथा अन्त्य हुन नसक्नु।
(५) दलितहरूले समान अवसर नपाउनु।
(६) राजनीतिक एवं प्रशासनिक क्षेत्रहरूको नीति निर्माण गर्ने तहमा दलितहरूको ज्यादै न्यून प्रतिनिधित्व रहनु।
(७) समाजमा रूढीवादी संस्कार व्याप्त रहनु।
(८) दलितहरूको शैक्षिक र सामाजिक स्तर बृद्धि गर्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन हुन नसक्नु।
(९) दलित समस्यालाई मानव अधिकारसँग नजोडिनु।
(१०) समाजमा कुरितीको रूपमा रहेको वर्ण व्यवस्थाबाट दलितहरू समेत पनि मुक्त नरहनु।

सुझावहरु

(१) संविधानको भावना अनुरूप दलितहरूको उत्थानको लागि विशेष कानून निर्माण गर्नु पर्ने।
(२) दलितहरूको उत्थान र विकासको लागि उच्चस्तरीय दलित आयोग शीघ्र गठन हुनु पर्ने।
(३) राजनीतिक, आर्थिक, प्रशासनिक तथा नीति निर्माण तहमा दलितहरूको उचित प्रतिनिधित्व हुनु पर्ने।
(४) सामाजिक कुप्रथाको रूपमा रहेको छुवाछूत प्रथा हटाउन जनचेतना अभिबृद्धि गर्नु पर्ने।
(५) सरकारी निकायबाट सञ्चालित तालिम कार्यक्रममा दलितहरूलाई प्राथमिकता दिइनु पर्ने।
(६) अन्तर्जातीय विवाहलाई राज्यले प्राथमिकता दिनु पर्ने।
(७) निजी विद्यालय एवं उच्च शिक्षामा दलित छात्रछात्राहरूलाई अध्ययन गर्नको लागि निश्चित कोटाको व्यवस्था गरिनुपर्ने।
(८) दलित समस्यालाई मानवअधिकार हननसँग सम्बद्ध गराई हेरिनु पर्ने।
(९) समाजका जुनसुकै वर्ण तथा समुदाय भित्रका वर्णाक्रम व्यवस्थामा आधारित मूल्य र व्यवहारलाई निर्मूल पारिनु पर्ने।

बालबालिका सम्बन्धी

समस्याहरु

(१) संसदबाट पारित भईसकेको बालबालिका सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन नहुनु।
(२) वाल यौन दुर्व्यवहार नियन्त्रण सम्बन्धी स्पष्ट कानूनी व्यवस्था नहुनु।
(३) अनिवार्य र निःशुल्क शिक्षाको सुविधाबाट बालबालिकाहरू लाभान्वित हुनु नसक्नु।
(४) वालवालिकाको हकहित संरक्षण एवं प्रबर्द्धन गर्न स्थापित सरकारी संयन्त्रहरू ज्यादै फितलो र कमजोर अवस्थामा रहनु।
(५) वालवालिकाको हत्या, अंगभंग, दुर्व्यवहार र हिंसात्मक गतिविधिमा प्रयोग गर्ने प्रवृत्तिहरू बढ्दै जानु।
(६) "सबैका लागि शिक्षा" व्यवहारमा कार्यान्वयन हुन नसक्नु।
(७) अनाथालयले पालना गर्नु पर्ने पूर्वाधारको स्पष्ट सिमाङ्कन नहुनु।
(८) आफ्ना अभिभावकसँग जेलमा रहेका वालवालिकाको हेरचाह र शिक्षा-दिक्षाको उचित प्रबन्ध नहुनु।

सुझावहरु

(१) वालवालिका सम्बन्धी ऐनमा व्यवस्था भएका प्रावधानहरू कडाइका साथ लागू गर्नु पर्ने।
(२) बढ्दै गएको वाल यौन दुर्व्यबहार नियन्त्रण गर्न आवश्यक कानुनको निर्माण हुनु पर्ने।
(३) वालवालिकाको हित प्रबर्द्धन गर्न स्थापित निकायहरूलाई सुदृढ गर्नु पर्ने।
(४) वालवालिकाहरूको हित प्रबर्द्धन गर्न गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप कार्यक्रमहरू सञ्चालन हुनु पर्ने।
(५) वाल अदालतको अविलम्ब व्यवस्था हुनु पर्ने।
(६) वालवालिकालाई हिंसात्मक गतिविधिमा लगाउने कार्यलाई नियन्त्रण गर्न ठोस कदमहरू चालिनु पर्ने।

आदिवासी जनजाति सम्बन्धी

समस्याहरु

(१) आदिवासी/जनजातिको उत्थान र विकासमा श्री ५ को सरकारले यथोचित ध्यान दिन नसकेको। फलतः कतिपय जनजातिहरू लोपोन्मुख अवस्थामा पुगिसकेका।
(२) आदिवासी/जनजातिको जागरणको निमित्त शैक्षिक, सामाजिक र आर्थिक विकासका पूर्वाधारहरू तयार हुन नसकेको।
(३) राष्ट्रिय जनजाति विकास समितिलाई साधन सम्पन्न तुल्याई प्रभावकारी ढंगले सञ्चालन गर्न नसकिएको।
(४) नेपालमा बोलिने भाषा-भाषिका र संस्कृतिको संरक्षणको लागि राष्ट्रिय नीतिको अभाव देखिएको।
(५) आदिवासी/जनजाति विकासमा संलग्न संघ-संस्थाहरू समन्वयात्मक ढंगले सञ्चालन हुन नसकेको।

सुझावहरु

(१) आदिवासी/जनजातिको उत्थान र विकासको निम्ति राष्ट्रिय सहमतिका आधारमा ठोस नीति निर्माण हुनु पर्ने।
(२) आदिवासी/जनजाति सम्बन्धी ऐन यसै वर्ष ल्याउनु पर्ने।
(३) आदिवासी/जनजाति उत्थान र विकासको निम्ति

विभिन्न कार्यक्रमहरू सरकारी सञ्चार माध्यमहरूद्वारा प्रचार-प्रसार गरिनु पर्ने।

(४) राष्ट्रिय जनजाति विकास समितिलाई आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा परिणत गरी साधन सम्पन्न तुल्याएर आदिवासी/जनजातिको सामाजिक, आर्थिक, साँस्कृतिक र शैक्षिक विकासका लागि यसलाई जिम्मेवार निकायको रूपमा विकसित गरिनु पर्ने।

(५) सरकारी सेवाहरूमा आदिवासी/जनजातिको उचित प्रतिनिधित्व गराइनु पर्ने।

(६) आदिबासी/जनजातिका वालवालिकाहरूको पठन-पाठनको निमित्त उचित शिक्षाको व्यवस्था हुनु पर्ने।

(७) आदिवासी/जनजातिलाई शीपमूलक तालिम र रोजगारीको व्यवस्था मिलाउनु पर्ने।

(८) सबै आदिवासी/जनजातिको साँस्कृतिक सम्पदाको संरक्षण र लोप हुन लागेका आदिवासी/जनजातिहरूको संरक्षणको विशेष व्यवस्था हुनु पर्ने।

(९) सबै आदिवासी/जनजातिका वालवालिकाहरूलाई कमसेकम प्राथमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था हुनु पर्ने।

(१०) आदिवासी/जनजातिको विकासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय, सरकारी र गैर सरकारी निकायहरूलाई समन्वयात्मक ढंगले कार्य गर्ने वातावरण सृजना गर्नु पर्ने।

अपाङ्ग, असहाय र अशक्तहरु सम्बन्धी

समस्याहरु

(१) यी समुदायको उत्थानको निमित्त उनीहरूले विशेष अवसर पाउने किसिमले राष्ट्रिय नीति तर्जुमा हुन नसक्नु।

(२) विकास निर्माणका कार्यहरू प्रारम्भ गर्दा यी समुदायका हितलाई ध्यान दिन नसक्नु।

(३) यो समुदायको विकासका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष ध्यान पुर्‍याई प्राथमिकता दिन नसक्नु।

(४) यो समुदायको उत्थान एवं विकासका निम्ति भएका कानुन तथा व्यक्त भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन स्तरमा उतार्न नसक्नु।

(५) समाजमा अशक्त, अपहेलित र कमजोर नागरिकहरू प्रति सकारात्मक सोचको विकास भइ नसक्नु र

(६) यो वर्गको उत्थानमा लागेको गैह्र सरकारी संस्थाहरू पनि समन्वयात्मक एवं प्रभावकारी ढंगले अगाडि बढ्न नसक्नु।

सुझावहरु

(१) यो वर्गको उत्थानका लागि राष्ट्रिय नीति निर्माण गरिनुपर्ने र यस्तो नीति निर्माण गर्दा यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता र यस्ता समुदायको उत्थान एवं विकासमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरूको राय सुझाव समेतलाई ध्यान दिइनु पर्ने।

(२) यो समुदायहरूका व्यक्तिहरूलाई उच्च शिक्षा हासिल गर्नको निमित्त छात्रवृत्तिको व्यवस्था गरिनु पर्दछ। शीपमूलक तालिममा प्राथमिकता दिई उनीहरूको क्षमता र दक्षताले भ्याउने ठाउँमा रोजगारीको उचित व्यवस्था गरिनु पर्ने।

(३) यो समुदायका व्यक्तिहरूको व्यक्तित्व विकासलाई प्रश्रय दिनु पर्ने।

(४) यो समुदायका निमित्त बनेका ऐनहरूलाई कडाइका साथ कार्यान्वयनमा ल्याउनु पर्ने।

(५) अन्धाका लागि ब्रेल लिपिका विद्यालयहरू क्रमशः सञ्चालन गरिनुपर्ने।

(६) देशमा रहेका मुख्य मुख्य सडक र स्थानमा अपाङ्गहरूलाई रोड क्रसिङ्ग संयन्त्र राखी ह्विल चियरको व्यवस्था हुनु पर्ने।

(७) वृद्धाश्रमहरूको स्थापना, तिनीहरूको व्यवस्थापनमा सुधार, सेवा र सुविधाहरू विस्तार गर्ने कार्यलाई सरकारले प्राथमिकता दिनु पर्ने। यसतर्फ गैह्र सरकारी निकायहरूलाई प्रोत्साहित गर्नु पर्ने।

(८) वृद्धाश्रममा रहने वृद्ध वृद्धाहरूलाई पनि वृद्ध भत्ता दिनु पर्ने।

(९) समाजमा अशक्त, अपहेलित र कमजोर नागरिकहरू प्रति सकारात्मक सोच विकास गर्न चेतनामूलक कार्यक्रमहरू प्रचार-प्रसार गर्न प्रोत्साहन गर्नु पर्ने।

(१०) विधवा तथा असहाय महिलाहरूलाई दिइने गरेको भत्ता कोटाको रूपमा मात्र होइन सबैले पाउनु पर्ने व्यवस्था गरिनु पर्ने।

(११) यस्ता समुदायका व्यक्तिहरूको लागि निजी विद्यालयमा समेत निःशुल्क शिक्षाको कोटा निर्धारण हुनु पर्ने।

प्रतिनिधि सभा, जनसंख्या तथा सामाजिक समिति

यस समितिका सभापति नरेन्द्र बहादुर बमले २०५८ असार २४ गते समितिको वार्षिक प्रतिबेदन २०५८ प्रतिनिधि सभा समक्ष पेश गर्नु भयो। जन स्वास्थ्य मानव अधिकारको एक अभिन्न पक्ष भएकोले सो प्रतिबेदनमा उल्लेखित स्वास्थ्य सम्बन्धी विषय संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ :

यस समिति अन्तर्गत देशमा विद्यमान सरकारी तथा गैर सरकारी क्षेत्रद्वारा दिइने स्वास्थ्य सेवाको अवस्था, स्वास्थ्य संस्थाहरूको संचालन, व्यवस्थापन तथा प्रभावकारिता, ऐन नीति र नियमको पालनाको स्थिति एवं त्यस सम्बन्धी भइरहेका समस्या लगायतका विषयहरूमा अध्ययन गरी प्रतिबेदन दिन

नेकपा (एमाले) का डा.वंशिधर मिश्रको संयोजकत्वमा पाँच सदस्यीय स्वास्थ्य उप समिति गठन गरियो।

सो समितिले बिभिन्न मितिमा राजधानी भित्र र बाहिरका सरकारी एवं निजी क्षेत्रका गरी १६ वटा अस्पताल एवं स्वास्थ्य संस्थाहरूको निरीक्षण एवं अध्ययन गरी प्रतिवेदन पेश गऱ्यो।

प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिशहरूमा स्वास्थ्य सेवाको अवधारणा नीति र संरचनामा परिवर्तनको आवश्यकता, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको दरवन्दी एवं पद पूर्तिको समुचित व्यवस्थाको खाँचो,स्वास्थ्य सम्बन्धी ऐन नियममा रहेका त्रुटी एवं विसंगतिको समाधान गर्ने, वजेट, आर्थिक स्रोत, स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था, साधन, उपकरणको व्यवस्था, औषधि आपूर्ति, अस्पताल विकास समिति संचालन तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन, लक्षित समूहसम्म स्वास्थ्य सेवाको पहुँच र प्रभावकारिता, तथ्याङ्क सुपरिवेक्षण, अनुगमन, दण्ड र पुरस्कार, स्वास्थ्यकर्मीहरूको सरूवा, उच्च शिक्षा, तालीम तथा वृत्ति विकास, नर्सिङ सेवा, आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा प्रणालीको विकास लगायतका विषयमा विशेष जोड दिइएको छ।

निष्कर्ष र सुझाव

मानवअधिकारका दृष्टिले सन् २००१ नेपालका लागि अत्यन्त भयावह एवं निराशाजनक रहन गयो। राष्ट्र प्रमुख राजादेखि सर्वसाधारण नागरिकसम्मका बाँच्न पाउने न्यूनतम मानवअधिकार निर्ममतापूर्वक कुण्ठित भएका विभत्स घटनाहरू नेपालले यस वर्ष बेहोर्नु पऱ्यो। प्रहरी प्रशासनका असहिष्णुता र मानवअधिकारको सम्मान गर्ने विवेकको अभावले गर्दा जनताका प्रतिनिधि सांसद लगायत् कैयौं व्यक्ति प्रताडित भए। राजनीतिक अभिष्टलाई हत्या र हिंसाको माध्यमबाट हासिल गर्न खोज्ने अमानवीय सोचका कारण सुरक्षा कर्मी, राष्ट्रसेवक र समाजका निम्न वर्गले हत्या, अपहरण, यातना, जबर्जस्ती, दमन, अङ्गभङ्ग जस्ता बर्बरताको अनुभव गर्नु पऱ्यो। मुलुकमा शान्ति सुरक्षा कायम गर्ने र हिंसा नियन्त्रण गर्न राज्यले पनि राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक उपायलाई भन्दा हतियार प्रयोगलाई नै प्राथमिकता दिएको हुँदा जानेर वा नजानेर गलत बाटोमा हिडिरहेका सयौं नागरिकहरूले ज्यान गुमाए। यी सबै परिदृश्यलाई नियाल्दा सन् २००१ नेपाल र नेपाली जनताका लागि अत्यन्त भयावह हुन गएको स्पष्ट देखिन्छ।

जहाँसम्म व्यवस्थापिकाको भूमिकाको प्रश्न छ, मानवअधिकारको संरक्षण र सम्मान गराउनमा सन् २००१ मा हाम्रो व्यवस्थापिका सक्रिय रहन सकेको देखिँदैन। प्रधानमन्त्री जस्तो जिम्मेवार पदमा आसिन व्यक्तित्वले नैतिक मूल्य र मान्यतालाई भन्दा पद र हठलाई बढी महत्व दिने र प्रतिपक्षीहरूले पनि राजनीतिक निष्ठा र सुझबुझलाई भन्दा जबर्जस्ती दवावलाई वढी स्थान दिने जस्ता दोहोरो हठवादीताको शिकार हाम्रो व्यवस्थापिका बन्न गयो। उन्नाइसौं अधिवेशनलाई यसको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ। सांसदहरूमाथि प्रहरी दमन भई मानवअधिकारको निर्लज्ज हनन् हुँदा पनि व्यवस्थापिका निरिह भई मुकदर्शक मात्र बन्नुपर्ने स्थितिले मानवअधिकारका सन्दर्भमा व्यवस्थापिका र कार्यपालिका दुबैका सामू ठूलो प्रश्नचिन्ह खडा गरिदिएको छ।

आफ्नो राजनीतिक अभिष्टका लागि हत्या र हिंसाको माध्यम अपनाइरहेको नेकपा (माओवादी) लाई वार्ताको टेबलमा ल्याउनु र सरकार एवं माओवादी दुबै पक्षवाट आक्रामक कारवाही स्थगित गराउन आव्हान गर्नु अत्यन्त सकारात्मक कदम थियो, जसको सर्वत्र स्वागत गरिएको थियो। यसवाट आम नेपाली जनताको मनमा शान्ति र अमनचैनको आशाको किरण छरिएको थियो। तर तीन चरणको वार्ता भई सक्दा पनि कुनै निश्चित् दिशा समाउन नसक्नु, माओवादी एकतर्फी रूपमा वार्ता भङ्ग गरी हिंसामा होमिनु र आक्रामक कारवाही रोक्ने समझदारीलाई माओवादी पक्षबाट इमान्दारितापूर्वक पालना नगरिनुले देश झन् ठूलो समस्यामा जकडिन पुग्यो। परिणामस्वरूप ०५८ मंसिर ११ गतेदेखि नेपाल अधिराज्यभर संकटकालीन स्थिति लागू गरी नेकपा माओवादीलाई आतंककारी घोषणा गरेर तिनका विरूद्ध सेना परिचालन गरियो। जसले गर्दा सरकार-माओवादी वार्ताप्रति आशावादी रहेका नेपाली जनता पुनः निराशाको घोर अन्धकारमा डुब्न बाध्य भए। यसरी सन् २००१ अकल्पनीय र अनेकौं दुःखद् घटनाले भरिएको र प्रत्येक घटनाले मानवअधिकारको मर्ममाथि नै निर्मम प्रहार गरेको कारण कहाली लाग्दो कालो वर्षको रूपमा रहन गयो।

मानवअधिकार लगायत् हरेक सवालमा हाम्रो व्यवस्थापिका सफल र प्रभावकारी हुन धेरै पक्षमा गम्भीर ध्यान पुऱ्याउनु आवश्यक छ। व्यवस्थापिका र सर्वोच्च जनप्रतिनिधिहरूमा हुनुपर्ने राजनीतिक सुझबुझ, परिपक्वता, अन्तरपार्टी समझदारी र सहिष्णुता, सदनको कारवाही प्रतिको गम्भीरता, विधेयक माथिको चिन्तन-मनन लगायत् धेरै पक्षमा व्यापक सुधारको आवश्यकता टड्कारो महसुस गरिएको छ। यसैगरी कार्यपालिकाबाट पनि व्यवस्थापिकाको गरिमा अनुसार यसको प्रभावकारिता वृद्धि गर्न पुऱ्याउनु पर्ने सहयोग र समझदारीमा उल्लेखनीय अभिवृद्धि हुनु वाञ्छनीय देखिएको छ।

परिच्छेद ३

संकटकाल र प्रेसमा परेको असर

O५८ साल मंसीर ११ गते सरकारद्वारा गरिएको तीन वटा निर्णयहरू मध्ये आतंककारी गतिविधि नियन्त्रण तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०५८ को ठाडो प्रभाव नेपाली प्रेसमा पऱ्यो। नेकपा (माओवादी) लाई आतंककारी घोषित गरी संकटकाल लागू गरी उक्त अध्यादेश जारी गरिदा संविधानका कतिपय धाराहरू निलम्वित भए पछि नेपाली प्रेसमा आलोचनात्मक स्वर साँच्चै हराएको छ। गएको वर्ष देशभरिमा कूल वयासी जना पत्रकारहरू पक्राउ परे।

"आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश- ०५८" मा आतंककारीका मतियार भन्ने शीर्षक अन्तर्गत पत्रकारहरूलाई समेत मुछ्न सकिने किसिमको प्रावधान राखिएको छ। जसअन्तर्गत आतंककारीका मतियार भन्नाले " आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहलाई कुनै सूचना दिने वा सूचना दिन सहयोग पुऱ्याउने वा आतंककारी तथा विध्वंसात्मक कार्यमा संलग्न व्यक्ति वा समूहको सूचना प्रवाह गर्ने वा प्रकाशन गर्ने वा वितरण गर्ने व्यक्ति" भन्ने बुझ्नु पर्ने कुरा उल्लेख गरिएकोछ।

यसबीच, संविधान अनुसार अध्यादेश जारी गरेर घोषित रूपमा प्रेसको अधिकारहरूको कटौति मात्र गरिएको छैन कतिपय सवालमा अघोषित रूपमा थप प्रतिवन्धात्मक अवस्था थोपरिंदा नेपालको प्रेसको "अभिव्यक्ति स्वतन्त्रता" कुण्ठित भएको देखिन्छ। संकटकालको घोषणाका साथ प्रेसले आपराधिक कार्यमा प्रोत्साहन गर्ने कार्य वाहेक अन्य सबै स्वतन्त्रताको प्रयोग गर्न सक्ने कुरा पटक-पटक दोहोऱ्याइएको छ। तर स्थानीय अधिकारीहरूद्वारा पत्रकारहरूलाई व्यावसायिक धर्म निर्वाह गर्न वाधा पुऱ्याएको समेत देखियो। संकटकालमा पनि प्रेसलाई संवैधानिक परिपाटीभित्रका अन्य संघ-संस्था सरह नै अभिव्यक्ति स्वतन्त्रता रहेको विषयमा धेरै चर्चा- परिचर्चा भएका छन। तथापि खासगरी काठमाण्डौ बाहिर स्थानीय प्रशासन र सुरक्षाकर्मीले पत्रकारहरूको कलममाथि भयका आधारमा नियन्त्रण कायम गरेका छन्।

मंसीर १७ गते प्रधानमन्त्री निवास वालुवाटारमा आयोजित प्रेससँगको भेटघाट कार्यक्रममा प्रधानमन्त्री देउवाले संकटकाल माओवादीहरूका लागि मात्र भएको जनाउँदै भन्नु भयो "सूचना सम्प्रेषणलाई सरल र सुलभ बनाउन सरकार प्रयासरत छ।" उहाँले प्रेसलाई कठिनाइ नहुने विश्वास दिलाउन चाहनु भयो। तर पत्रकारहरूलाई पेशागत कामबाटै हतोत्साहित तुल्याउने किसिमका काम कार्वाही भए। भारतबाट प्रकाशित हुने सहारा दैनिकले छापेको समाचारलाई उल्लेख गर्दै समाचार प्रकाशित गर्दा पुस १ र २ गते बुटवलको मेचीकाली दैनिकका सम्पादक डोलाराम घिमिरे र कार्यकारी सम्पादक सिद्धिचरण भट्टराईलाई पेशागत काममै संलग्न रहेका बेला पक्राउ गरियो। घिमिरेलाई दिउँसो समाचार संकलन गर्न गएका बेला र भट्टराईलाई साँझ कार्यालयबाटै गिरफ्तार गरिएको थियो। पत्रकार घिमिरे र भट्टराईलाई इलाका प्रहरी कार्यालय बुटवलमा राखिएको थियो। दुवैलाई ५ गते बेलुका ८ बजे रिहा गरियो। पुस २ गते राती १० बजे पत्रकार घिमिरे र भट्टराईको घर र कार्यकक्षको समेत खानतलासी गरिएको थियो। त्यसक्रममा प्रहरीले कुनै आपत्तिजनक सामग्री भने फेला पार्न सकेन। हिरासतमा उहाँहरूलाई समाचार छाप्दा प्रशासनसँग समन्वय गरेर मात्र छाप्नु भनिएको थियो। तर, उहाँहरूलाई पक्राउ गरिनुको कारण स्पष्ट रूपमा बताइएको थिएन। स्मरण रहोस, मेचीकालीले उक्त समाचारमा सहायक प्रमुख जिल्ला अधिकारी र शाही नेपाली सेनाका मेजरलाई समेत उध्दृत गरिएको थियो। पुस ३ गते बिहान देखि मध्यान्हसम्म सोही अखबारका प्रधान सम्पादक भरतराज पोखरेललाई पनि सोधपुछका निम्ति नियन्त्रणमा लिइएको थियो।

वर्ष २००१ को छैठौं महिनाको पहिलो दिन राजदरवारमा भएको अकल्पनीय हत्याकाण्डपछिको समय देखि नेपाली प्रेस माथि नियन्त्रणको डोरी कस्सिएको हो। दरवार हत्याकाण्डका सम्बन्धमा ०५८ साल जेठ २४ गतेको कान्तिपुर दैनिकमा प्रकाशित माओवादी नेता डा. बाबुराम भट्टराईको लेखका कारण सम्पादक युवराज घिमिरे, प्रवन्ध निर्देशक कैलाश सिरोहिया र निर्देशक विनोदराज ज्ञवालीलाई राजद्रोहको अभियोगसहित गिरफ्तार गरियो। तीनै जनालाई अखवारको कार्यालयबाट गिरफ्तार गरी हनुमान ढोका पुऱ्याइयो। जेठ ३१ गते तीनै जनालाई विशेष अदालतमा पेश गरियो र राजद्रोहको सट्टा राज्य विरूद्धको अपराधको अभियोग लगाइयो। विशेष अदालतले असार १ गतेसम्म प्रतिवादीहरूको वयान लिई पेश गर्न आदेश जारी गऱ्यो। सो दिन तीनै जनालाई धरौटीमा रिहा गऱ्यो। पछि सरकारले उहाँहरूको मुद्दा फिर्ता लियो।

संकटकालको तत्कालीन असर

संकटकालको घोषणा भएको भोलिपल्टै नेपाली प्रेसले

करिव-करिव आत्मसर्पण नै गऱ्यो। नेपाल पत्रकार महासंघले एउटा वक्तव्य प्रकाशित गरी पत्रकारहरूलाई संयमित हुन आग्रह गऱ्यो। हिमालय टाइम्स र हिमालयन टाइम्स बाहेक सबै ठूला लगानीका अखबारहरूको संस्था मिडिया सोसाइटीले संकटकालमा प्रेसले पनि तद्अनुकूलको व्यवहार गर्नु पर्ने जनाउँदै सरकारलाई सघाउने आशयको वचनवद्धता जाहेर गऱ्यो। कान्तिपुरले संकटकालको समर्थनमा विशेष सम्पादकीय लेख्दै आफ्नो धारणा प्रष्ट पाऱ्यो-

"झण्डै ४१ वर्षपछि मुलुकमा फेरि एकपल्ट संकटकालीन स्थिति घोषणा गरिएको छ। २०१७ सालको संकटकालमा राजा र जनताद्वारा निर्वाचित सरकार विवादका दुई विरोधी ध्रुवमा उभिएका थिए। तर, अहिलेको संकटकालीन स्थितिमा राजा, संवैधानिक राजतन्त्रलाई देशको एकताको प्रतीक मान्ने सबै राजनीतिक दलहरू तथा नागरिक समाज, राष्ट्, राष्ट्रियता, राष्ट्रिय अखण्डता र संसदीय प्रजातन्त्रको संयुक्त छातामुनी हातेमालो गरेर उभिएका छन्.......।

शान्ति वार्ताबाट एकतर्फीरूपमा हटी हिंसा, हत्या, आतंक र लुट मच्चाउने माओवादीहरूले अन्तर्राष्ट्रिय आतंकवादी गिरोहको समेत प्रतिनिधित्व गरेको देखिन्छ। विशाल मात्रामा भारतबाट ल्याइएको विस्फोटक पदार्थ कपिलवस्तुमा पक्राउ परेको घटनाले माओवादीहरू कुनै राजनीतिक उद्देश्यले भन्दा देश बाहिरका आपराधिक संगठनहरूबाट संचालित र पोषितसमेत देखिन्छन् .....।

सुरक्षा परिषद् र मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ ज्ञानेन्द्रद्वारा देशमा संकटकालीन स्थितिको घोषणा गरिबक्सेको छ। यसका साथै माओवादी तथा सम्बद्ध संगठनहरूलाई आतंकवादीलाई सूचीमा राखी उनीहरूसँग भिड्न सेना परिचालनसम्बन्धी आदेश जारी गरिएको छ। सेनाप्रति अगाध सम्मान र समर्थन छ। दिइएको जिम्मेवारीलाई पूरा गर्ने छ .....। यो संकटकाल प्रजातन्त्र र संवैधानिक व्यवस्थाको संरक्षणका लागि हो। त्यसैले त्यस दिशामा हुने राजनीतिक गतिविधिहरूलाई संकटकालीन अवस्था नै भए तापनि निरूत्साहित गरिनु अनुपयुक्त हुनेछ।

संविधानको रक्षाका लागि उठाइएको यो कठोर कदम अस्थायी हो र प्रजातन्त्रको दीर्घकालीन उपभोगका लागि नागरिक समाजले यदाकदा आफ्ना स्वतन्त्रता र मौलिक हकको स्वेच्छिक स्थगन गर्नु पर्ने घडी देशको इतिहासमा आउने गर्छन्। अहिलेको सन्दर्भमा यो हाम्रो राष्ट्रिय कर्तव्य हो। र, यसमा निहित लक्ष्य प्राप्त गर्नु हाम्रो राष्ट्रिय संकल्प हो।" (कान्तिपुर दैनिक, मंसिर १२, ०५८)

मंसिर १२ गते बसेको नेपाल पत्रकार महासंघको बैठकले मुलुकमा उत्पन्न संकटपूर्ण विशेष परिस्थितिप्रति चिन्ता प्रकट गर्दै मुलुकमा छिटोभन्दा छिटो नागरिक अधिकारको बहाली गर्न तथा शान्तिको पक्षमा संवेदनशील हुन सबै पक्षसँग हार्दिक अपिल गऱ्यो।

संवैधानिक अधिकारहरू निलम्बन भएको परिस्थितिमा सम्पूर्ण पत्रकारहरूलाई सजग एवं संयमित रहन अपिल गर्दै सो बैठकले संचारकर्मीहरूलाई आफ्नो जिम्मेवारीपूर्ण पेशागत गतिविधि निर्वाध संचालन गर्नबाट निरूत्साहित नगर्न पनि सरकारसँग आग्रह गर्ने निर्णय गऱ्यो।

मंसिर १२ गते नेपाल मिडिया सोसाइटीको बैठकले मुलुकको वर्तमान शान्ति सुरक्षाको स्थितिलाई ख्याल गर्दै संसदीय व्यवस्था र प्रजातान्त्रिक संविधानको पक्षमा गम्भीर भएर कलम चलाउनु पर्ने कुरामा सहमती जनायो।

बैठकले देशमा लागू गरिएको संकटकालीन अवस्थाबाट प्रेसलाई पर्ने असर र संकटकालीन अवस्थामा प्रेसले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा गम्भीर छलफल पछि उक्त सहमति भएको जनाएको थियो। बैठकले आतंककारी शक्ति देशभित्र वा बाहिर जहाँ भए पनि त्यसको विपक्षमा कलम चलाउनु आजको आवश्यकता रहेको पनि ठहर गऱ्यो।

विद्यमान संविधान र संवैधानिक व्यवस्थामाथि संकट उत्पन्न भएकाले यो संकटकाल लागू गरिएको दावी सरकारका तर्फबाट गरिएको छ। वर्तमान संविधानको रक्षा गर्नु प्रेस स्वतन्त्रताको रक्षा गर्नु हो भन्ने सोचका साथ नेपाली प्रेसले अधिकारको कटौतिलाई अल्पकालीन ग्रहणका रूपमा लियो। संकटकालको घोषणा पछि मंसिर १२ गते शाही नेपाली जङ्गी अड्डाले शाही नेपाली सेनासँग सम्बन्धित समाचार, लेख, टिप्पणी वा अन्य प्रचार सामाग्रीहरू अड्डाकै सैनिक समाचार विभागबाट पुष्टि गराएर मात्र प्रकाशन, प्रसारण र सम्प्रेषण गरी सहयोग गर्न संचार माध्यमहरूलाई अनुरोध गऱ्यो।

सैनिक समाचार निर्देशकद्वारा जारी एक पत्रमा सुरक्षा सम्बन्धी अति संवेदनशीलता माथि ध्यान दिएर उक्त अनुरोध गरिएको बताइएको थियो।

संकटकालको घोषणापछि सन् २००१ मा गिरफ्तार गरिएका सञ्चारकर्मीहरु



काठमाडौं पोष्टको मंसिर १३ गतेको अंकमा छापिएको माओवादीहरूको तस्वीरलाई सेनाले असहज रूपमा ग्रहण गरेपछि उक्त पत्रिकाको मध्य साप्ताहिक परिशिष्टांक प्रकाशक आफैद्वारा फिर्ता लिइएको थियो। संकटकाल लागू भएपछि कतिपय प्रकाशनहरूले त्यस अघि तयार गरिएका सामाग्री प्रकाशनमा नल्याई रद्द गरेको समेत थाहा भएको छ। थाहा भए अनुसार एक्काइसौं शताब्दी मासिक छापिएर बजारमा जान आँटेको थियो। संकटकालका कारण पत्रिकाका सम्पूर्ण प्रतिहरू रद्द गरिए।

व्यवसायमा असर

कान्तिपुर प्रतिनिधि तथा नेपाल पत्रकार महासंघ, सिराहाका तत्कालीन सभापति विजय मिश्रलाई कुनै अभियोग विना पुस १२ गते गिरफ्तार गरी चौबीस घण्टा थुनामा राखिएको थियो। स्थानीय प्रशासनको उक्त कदमलाई व्यावसायिक पत्रकारहरूलाई भयग्रस्त तुल्याउने प्रयत्नका रूपमा लिन सकिन्छ। कान्तिपुरमा प्रतिनिधि मिश्रले सम्प्रेषण गर्नु भएको औषधि सम्बन्धी समाचारका विषयमा प्रजिअ भोला प्रसाद शिवाकोटीद्वारा जवाफको माग सहित लिखित पत्र पठाइएको थियो। पत्रमा माग भए वमोजिमको लिखित वयान पत्रकार मिश्रले दिनु भयो। उहाँले समाचारको सत्यताका सम्बन्धमा आवश्यक प्रमाण समेत प्रजिअको कार्यालयमा प्रस्तुत गर्नु भयो। त्यसपछि उहाँलाई बोलाएको बेलामा उपस्थिति हुने शर्तमा घर जान भनियो। तर, त्यसरी छोडिएको पन्ध्र बीस मिनेटपछि सिराहा बजारस्थित जिल्ला अदालत अगाडिबाट दिउँसो साढे तीन बजे गिरफ्तार गरी भ्यानमा राखी उहाँलाई इलाका प्रहरी लाहान पुऱ्याइयो। त्यही दिन कान्तिपुरमा "चमार समर्थक अर्जुन थपलिया पक्राउ" भन्ने व्यहोराको समाचार छापिएको थियो।

मिश्रले केही दिन अघि हिरासतमै राखिएका थपलियालाई भेट्नु भएको थियो। कान्तिपुरमा थपलियासँग सम्बन्धित समाचार छापिएका कारण आफूलाई समातिएको कुरा मिश्रले लाहान पुगेर थाहा पाउनु भयो। तर, त्यो समाचार विराटनगरको डेटलाइनमा छापिएकोले त्यस विषयमा सिराहा सम्वाददातासँग सोधपुछ गर्न खोज्नु आवश्यक थिएन। जनदिशाका प्रतिनिधि देवकुमार यादव एवं माओवादी समर्थित मधेशी मुक्ति मोर्चाको सदस्य समेत रहनु भएका पत्रकार महासंघका सदस्य अनि एक स्थानीय साप्ताहिकका सम्पादक नागेन्द्रकुमार पासवानलाई भगाएको आरोप पनि मिश्रमाथि लगाइयो। यद्यपि देवकुमारद्वारा त्यसअघि नै आत्मसर्मपण गरिसकिएको थियो। तर प्रजिअको कार्यालयमा विजय मिश्रसँग उहाँका बारेमा पनि सोधियो। " देवकुमार महासंघको उपसभापति हुनु हुन्छ, तैपनि उहाँका बारेमा सारा कुराको जानकारी मलाई छैन "भन्ने प्रष्ट जवाफ मिश्रले दिनु भयो। एकछिन पछि पिताको जिम्मा लगाएर उहाँलाई रिहा गरियो।

रेडियो नेपाल एवं वी. वी. सी. का नेपालगञ्ज प्रतिनिधि शरद के. सी. लाई गिरफ्तार गरी मानसिक यातना दिइयो। उहाँलाई सुरक्षा वलले कार्यालयमै पुगी नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिने बित्तिकै आँखामा कालो पट्टी बाँधी

०५८ साल मंसीर ११ गते, खण्ड ५१, अतिरिक्ताङ्क ४३
नेपाल राजपत्रमा छापिएको सेन्सरसीप सम्बन्धी आदेश
नेपाल राजपत्र भाग ३

श्री ५का सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
सूचना– १

श्री ५ को सरकारले छापाखाना र प्रकाशन ऐन, २०४८ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय हितलाई ध्यानमा राखी "जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं" भन्ने नारालाई दुरुत्साहन गर्ने वा यससँग सम्बन्धित कुटपीट, लुटपीट, अपहरण, आगजनी, हत्या, हिंसा जस्ता विध्वंसात्मक एवं आतङ्ककारी गतिविधिलाई बढावा दिने उद्देश्यले अभिप्रेरित वा उक्त अभिप्रायलाई पुष्टि गर्ने मनसायले प्रेरित अन्तर्वार्ता, लेख, समाचार सूचना वा पाठ्य-सामग्री वा अभिमतको प्रकाशनमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लघंन गरी निषेधित कुराहरू प्रकाशन गरेमा छापाखाना र प्रकाशन ऐन,२०४८ बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

सूचना– २

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन,२०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय हितलाई ध्यानमा राखी " जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अगाडि बढौं" भन्ने नारालाई दुरुत्साहन गर्ने वा यससँग सम्बन्धित कुटपीट, लुटपीट, अपहरण, आगजनी, हत्या, हिंसा जस्ता विध्वंसात्मक एवं आतङ्ककारी गतिविधिलाई बढावा दिने उद्देश्यले अभिप्रेरित वा उक्त अभिप्रायलाई पुष्टि गर्ने मनसायले प्रेरित अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्य-सामग्री, श्रव्यदृष्य सामग्री वा अभिमतको प्रसारणमा यो सूचना प्रकाशन भएका मितिले ६ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रकाशन गरेमा राष्ट्रिय प्रसारण ऐन,२०४९ बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइएको छ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

उहाँलाई सुरक्षा वलको कार्यालयमा पुऱ्याइएको थियो। त्यहाँ पुऱ्याइएको पन्ध्र मिनेटपछि मात्र उहाँको पट्टी खोलिएको थियो। झण्डै एक घण्टा नियन्त्रणमा राखिंदा उहाँसँग सोधपुछको पहिलो चरणमा माओवादीका बारेमा वताउन भनिएको थियो।

संकटकाल लागू हुनुभन्दा पहिले वा माओवादीहरूलाई आतंकवादी घोषित गरिनु अघि माओवादीहरू नेपाली प्रेस एवं संचार माध्यमका महत्वपूर्ण समाचार बन्ने गरेका थिए। सरकारले माओवादीहरूसँग तीन-तीन चरणसम्म वार्ता गरी उनीहरूलाई खुल्ला गतिविधि सञ्चालन गर्न दिएको अवस्थामा महत्वकासाथ उनीहरूका समाचारहरू छापिनु स्वभाविकै पनि थियो।

त्यस क्रममा नेपालका ठूला लगानीमा सञ्चालित ठूला दैनिकहरू लगायत सबै पत्रपत्रिकामा माओवादीका सम्बन्धमा अनेक रिपोर्ट र उनीहरूका वैचारिक लेखहरूले उल्लेखनीय ठाउँ पाए। डा.बाबुराम भट्टराईको लेख-प्रकरण संकटकाल अघि माओवादीसम्बन्धी सामग्री छापेवापत सरकारी स्तरमा कारवाही गरिएको त्यो स्तरको पहिलो घटना थियो। कान्तिपुरका सम्पादक र दुई-दुई जना सञ्चालकहरूले त्यसबखत केही दिन थुनामा समेत रहनु परेको थियो। संकटकाल अघि माओवादीहरूका साना-साना कार्यक्रमहरू सम्बन्धी समाचारहरू पनि महत्वसाथ छापिने गरेका थिए। केन्द्रका सम्पादकहरूले जिल्ला-जिल्लाका सम्वाददाता र प्रतिनिधिहरूलाई त्यस्ता समाचारहरू प्रेषण गर्न प्रोत्साहित गरेका थिए। किनकी त्यस्ता समाचारहरू "बिक्रीयोग्य" थिए। त्यसैले "माओवादीहरू" प्रेसमा छाउनु अनौठो थिएन।

संकटकाल लागू हुनुभन्दा पहिले नै छापिएका सामग्रीहरूका आधारमा माओवादीका बारेमा जानकारी हासिल गर्ने नाममा पत्रकारहरू प्रताडित भए। नेपालगञ्जमा शरद् के. सी.लाई झैं तेह्रथुममा ज्योति अधिकारीलाई माओवादीका बारेमा जानकारी प्रदान गर्न मानसिक दवाव दिइयो। समाचार संकलनका निम्ति व्यावसायिक धर्म निर्वाह गर्ने क्रममा संकटकाल अघि पत्रकारहरूले माओवादीहरूसँग सम्पर्क वा भेटघाट गरेका आधारमा संकटकालमा उनीहरूलाई मानसिक रूपमा प्रताडित गरियो। खासगरी, राजधानी बाहिर देखिएको यस्तो प्रवृत्तिका बारेमा विस्तृत जानकारी प्रकाशमा आएको छैन। तर, सरकारको यस्तो कारवाहीको शिकार सरकारी सञ्चार माध्यमका प्रतिनिधिहरू पनि हुन पुगेका छन। यसक्रममा संखुवासभाका नेपाल टेलिभिजन प्रतिनिधि एवं स्थानीय चौतारी टाइम्सका पत्रकार गंगा विष्ट र रेडियो नेपालका जुम्ला प्रतिनिधि नवराज शाही समेत पक्राउ पर्नु भयो। पक्राउ परेपछि शाहीले रेडियो नेपालको जागीरबाट पनि विमूख हुनु पऱ्यो।

नियन्त्रणको ठाडो आदेश

देशको सबभन्दा ज्वलन्त समाचारका मामिलामा सरकारद्वारा तोकिएको स्रोतको मात्र प्रयोग गर्नु पर्ने वाध्यता र नियन्त्रणका निम्ति गरिएको कानूनी व्यवस्थाका कारण यस वर्षको पछिल्लो समयमा नेपाली प्रेस टुलुटुलु हेरेर मात्र बस्ने वाचडग हुन पुगेको छ। वाह्य आक्रमण, आन्तरिक अशान्ति वा जुनसुकै कारणबाट संकटकालको घोषणा भए पनि प्रेसलाई सरकारका गलत कृयाकलाप विरूद्ध आवाज उठाउने कुरामा रोक लगाउन पाईंदैन भन्ने विश्वव्यापि मान्यता रही आएको छ। संकटका समयमा प्रेस स्वतन्त्रताको सीमालाई कानून वमोजिम साँघुरो बनाइएको अवस्थामा पनि सरकारले आफ्ना गलत कृयाकलापको ढाकछोप त्यही आधारमा गर्न पाउनु हुँदैन भन्ने कुरा हामी कहाँ पनि निकै उठेको छ।

संकटकाल लागू गरिएको पर्सिपल्ट मंसीर १३ गते सूचना तथा सञ्चार मन्त्री एवं श्री ५ को सरकारका प्रवक्ता जयप्रकाशप्रसाद गुप्ताद्वारा पत्रकार सम्मेलनको आयोजना गरी प्रकाशन - प्रसारण सम्बन्धी निर्देशिका जारी गरियो। यद्यपि उक्त आदेश संविधानसम्मत नभएको राय संविधानका ज्ञाताहरूद्वारा व्यक्त गरिएको छ। सर्वोच्च अदालतका न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले दिनु भएको यस्तै धारणाले पनि निकै महत्व पायो। संकटकालमा प्रकाशन-प्रशारण गर्न हुने र नहुने सामग्रीका विषयमा सूचना तथा सञ्चार मन्त्रीद्वारा जारी गरिएको सूचीका सम्बन्धमा मंसीर २० गते काठमाण्डौस्थित संयुक्त राज्य अमेरिकाको विदेश विभागद्वारा पनि स्पष्टिकरण माग गरिएको थियो।

सरकारका निकायहरूले वर्षको अन्त्यसम्मै सञ्चार मन्त्रीको त्यही निर्देशनको मर्म वमोजिम काम कारवाही गरिरहेको देखिन्छ। संकटकालमा पनि प्रेसलाई आपराधिक कार्यमा प्रोत्साहन हुने बाहेकका अन्य विषयहरूमा लेख्न रोक्न नसकिने कुरा व्यवहारमा लागू हुन सकेको छैन।

सूचनाको हक निलम्बन भएपछिको असर

संविधानको धारा १६ बमोजिमको सूचनाको हकलाई निलम्वन गरी सरकारले सञ्चार प्रकृयालाई नियन्त्रित गोरेटोमा डोऱ्याउन खोज्यो। आमसञ्चारका माध्यमहरूले माओवादी सम्बन्धी समाचार-सूचनाहरूलाई ठाउँ दिएनन्। तर, सरकारले माओवादीहरूको सूचना प्रवाहलाई परास्त गर्न सकेको पाइएन। माओवादीले यसबीच गरेको हरेक आव्हानबाट जनजीवन कुनै न कुनै रूपमा प्रभावित भएको पाइयो।

सरकारले जनताको जीउधनको रक्षाका निम्ति अत्यावश्यक सूचना समेत प्रवाह गराउन सकेको छैन। ०५८ साल मंसीर १५ गते रोल्पा जिल्लाको खुमेल गाविस वडा नं. ४ मा वराह पूजा गरिरहेको अवस्थामा माओवादी नियन्त्रणका नाममा चलाइएको अन्धाधुन्ध गोलावारीमा परी १२ वर्षे बालक र ६५ वर्षे वृद्धको मृत्यु भयो। त्यही ठाउँमा सुरक्षाकर्मीको कारवाही हुँदै गरेको जानकारी यथासमयमा प्रवाह नगरिएकोले त्यस्तो दुर्घटना भएको थियो। ०५८ साल मंसीर १६ गते बुढीचौर गाविस वडा नं. १ को ४३ वर्षीय ठूलीमाया तितुङ्गले भीमफेदी, मकवानपुरमा अस्पताल जान खोज्दा कर्फ्यूको आदेशका बारेमा थाहा नपाएकै कारण मृत्युको मुखमा पर्नु परेको थियो।

सूचनाको हकको निलम्वनसँगै सरकारले प्रेसबाट आफ्ना गल्तीहरू सच्याउन सहयोग पुग्ने सामग्री प्राप्त हुन सक्छन् भन्ने कुरा पूर्णतः बिर्सियो। संकटकालका क्रममा अख्तियार दुरूपयोग हुनसक्ने वा भइरहेको अनुभव गरी सत्तारूढ नेपाली कांग्रेस, प्रमुख प्रतिपक्ष एमाले लगायतका प्रतिपक्षीहरूले अनुगमन संयन्त्रहरू निर्माण गरेका छन्। सबै पार्टीका अनुगमन संयन्त्रहरूको सर्वदलीय बैठकहरू पनि हुने गरेका छन्। तर, संकटकालमा भएका कमी - कमजोरी, वा संकटकालको दुरूपयोग सम्बन्धी सामग्री नेपाली प्रेसमा कमै मात्रामा आएका छन्।

सुरक्षाकर्मीको नियन्त्रण

राष्ट्रिय सुरक्षाको संरक्षणका क्रममा अभिव्यक्ति स्वतन्त्रतामा केही कटौति हुन सक्छ भन्ने मान्ने गरिएको छ। तर जायज वा खास रूपमा राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयमा मात्र त्यस्तो हुन सक्छ। राष्ट्रिय सुरक्षाको संरक्षणका निम्ति प्रतिरक्षासम्बन्धी संवेदनशील सूचना गोप्य राख्न वा राज्यका विरूद्ध हिंसा भड्काउने भाषणलाई ठाउँ नदिन अभिव्यक्ति स्वतन्त्रतामा कटौती आवश्यक पर्न सक्छ। तर, राष्ट्रिय सुरक्षासँग असम्बन्धित विषयमा त्यस्तो बन्देज जायज हुँदैन। सरकारका गलत क्रियाकलापलाई उजागर गर्नु वा सरकारलाई त्यसो गर्नबाट रोक्न खोज्नु राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषय हुन सक्दैन। संकटकालको अनुशासन भंग हुन गएको ठानिएको अवस्थामा पनि पत्रकारलाई प्रहरीद्वारा पूर्जी दिएर कानूनी प्रकृया पुर्‍याएर मात्र प्रकाउ गरियोस् भन्ने धारणा पत्रकारहरूले राख्दै आएका छन्। साँघु साप्ताहिकका सम्पादक-प्रकाशक गोपाल बुढाथोकी र देशान्तर साप्ताहिकका प्रकाशक बन्धु थापालाई पुस २ गते राती प्रहरीले नै गिरफ्तार गर्‍यो। तर एक रात प्रहरी हिरासतमा राखी दुवैलाई भोलिपल्ट सुरक्षा वल समक्ष पुर्‍याइयो। दुवैसँग त्यहीं बयान लिइएको थियो। पत्रकारमाथि कारवाही चलाउनु भन्दा पहिले सरकारले राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयमा खलल पुग्न गएको जायज प्रमाण देखाउन सकेको छैन।

अत्यधिक आत्मनियन्त्रण

संकटकालको शुरूवात पछि लेखन र प्रस्तुतिका दृष्टिले नेपाली प्रेस छयालीस सालभन्दा पहिलेको अवस्थामा पुग्यो। आमरूपमा नेपाली प्रेस हिंसाको विरोधीका रूपमा रहेको छ। त्यसैले पनि संकटकाल अघि माओवादी हिंसाहरूलाई ठाउँ दिइएकोमा नेपाली प्रेस आफैं पछुताउन खोजेको पाइएकोछ। संकटकालको घोषणा भएको भोलिपल्टै देखि अधिकांश अखबारहरूले रक्षा मन्त्रालयको विज्ञप्तिमा लेखिए जस्तै गरी माओवादीहरूलाई आतंककारी लेख्न थालेका छन्।

जिल्ला-जिल्लामा सुरक्षाकर्मीबाट केही घटना क्रममा गलत कृयाकलाप भएको अवस्थामा समेत प्रेसले त्यस्तो कुरालाई उजागर गर्न असमर्थ देखिएको छ। त्यस अर्थमा संकटकालले नेपाली प्रेसलाई सशंकित र भयग्रस्त तुल्याएको देखिन्छ। प्रत्यक्ष अवलोकनलाई रिर्पोटिङ्गको जग मानिन्छ। तर संकटकालले अवलोकन नै नगरी समाचार सम्प्रेषण गर्नु पर्ने वाध्यता वा शैली नै स्थापित गर्न खोजेको छ।

०५८ मंसिर १३ गते सूचना तथा संचार मन्त्रीद्वारा जारी गरिएको प्रकाशन – प्रसारण सम्बन्धी निर्देशिका

प्रकाशन – प्रसारण गर्न नहुने:

क. श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने।

ख. नेपाल अधिराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने।

ग. नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने।

घ. विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने।

ङ. सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने।

च. नेपाल अधिराज्यको संविधान २०४७ को प्रतिकूल हुने समाचारहरू।

छ. बहुदलीय प्रजातन्त्रको मूलभूत मान्यतामा आँच आउने समाचारहरू।

ज. राष्ट्रिय अस्मितामा आँच आउने, सामाजिक विखण्डन ल्याउने, आतङ्क र त्रासदी फैलाउने।

झ. शाही नेपाली सेना, नेपाल प्रहरी र निजामति राष्ट्रसेवकप्रति दुर्भावना फैलाउने, मनोबल गिराउने र उनीहरूको छविमा आँच आउने समाचारहरू।

ञ. माओवादी "आतङ्ककारी" व्यक्ति, समूहलाई प्रश्रय पुग्ने किसिमको एवं उनीहरूको मनोबल बढ्ने प्रकृतिका समाचारहरू।

ट. निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू।

ठ. जनमानसमा अस्वभाविक भय तथा आतङ्क पैदा गर्ने प्रकृतिका सामग्रीहरू।

ड. कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यन गर्ने सामग्रीहरू

प्रकाशन-प्रसारण गर्न हुने:

क. माओवादी "आतङ्ककारीको" आपराधिक गतिविधिलाई उदाँगो पार्ने समाचार दिने। तर मनोबल नबढ्नेतर्फ सावधान रहने।

ख. शाही नेपाली सेना, प्रहरी र राष्ट्रसेवकहरूको वीरतापूर्ण काम र प्राप्त उपलब्धिसम्बन्धी समाचारहरू।

ग. श्री ५ को सरकार, सरकारी माध्यमहरूबाट प्राप्त आधिकारिक समाचारहरू।

समाचारको साँघुरो श्रोतः

संकटकाल लागु भएपछि सरकारी स्तरमा तयार गरिएको भाकाभन्दा पृथक समाचार नेपालका आम सञ्चारहरूबाट शुरूका तीन महिनामा पढ्न वा सुन्न पाइएन। यसक्रममा पत्रकार आचार संहिता वा पत्रकारिताका मूल्य र मान्यता पनि पछाडि परे।

संकटकाल लागू भए यता प्रेसलाई समाचारको खोजी मात्र होइन पुष्टि गर्न पनि गाह्रो भयो। प्रहरी सूत्रबाट समाचारको पुष्टि गर्दै आएका सम्वाददाताहरूको अर्भैसम्म पनि अधिकांश ठाउँमा बदलिएको परिस्थितिमा सुरक्षाकर्मीसँग संयोजन कायम हुन सकेको छैन।

आमसञ्चारको परिवर्तित स्वरुपः

क. विस्तृत बहसका निम्ति ठाउँ र माध्यम प्रस्तुत गरेर प्रेसले आफूलाई प्रजातान्त्रिक प्रकृयाको अभिन्न तत्व बनाइसकेको छ। शासनका उम्मेद्‌वारहरूलाई सुपरिचित गर्ने र विभिन्न प्रकारका सूचना र विचार प्रवाहित गर्ने क्षेत्रमा पनि प्रेसले आफ्नो आधिपत्य कायम गरी सकेको छ।

ख. राजनीतिकर्मी र शासनका प्रतिनिधिहरू प्रेसमा आफ्नो कुरा राख्न पाउनुलाई जायज अधिकारका रूपमा दावी गर्दछन् र प्रेसमा उनीहरूले पाउने विशेष पहुँचका कारण प्रेस नै अधिकारको प्रयोग गर्ने माध्यमका रूपमा स्थापित हुन पुगेको छ।

आम सञ्चार विशेषज्ञ डेनिस म्याक क्वायलद्वारा आफ्नो प्रसिद्ध पुस्तक "मास कम्युनिकेशन थ्योरी" मा औंल्याइएको र संसारभरिका प्रजातन्त्रमा देखिएको यस्तो प्रवृत्ति छयालीस साल पछिको नेपाली प्रेसमा पनि क्रमशः विकासोन्मुख थियो। संकटकालको घोषणापछिका समयमा नेपाली प्रेसको शक्तिमा रातारात कटौति हुन पुगेको छ। पत्रकारहरूको व्यावसायिक काममा संकटकालका कारण व्यवधान उत्पन्न भएको हुनाले नै त्यसो भएको हो।

प्रेसको बजारमा संकटकालको असर :

बुटवल, रूपन्देहीबाट नियमित प्रकाशित हुने जनसंघर्ष दैनिकको प्रकाशन प्रा. लि.का नयाँ अध्यक्षको स्वागतमा मंसीर १४ गते साँझ कार्यालयमै जमघटको आयोजना गरिएको थियो। प्रशासनले त्यसलाई खतरनाक बैठक ठान्यो र कार्यालय घेराउ गरी प्रकाशक, सम्पादक, अन्य कर्मचारी र वितरक समेत गरी कूल ३७ जनालाई गरिफ्तार गऱ्यो। प्रेस काउन्सिलले "क" श्रेणीको राष्ट्रिय दैनिकका रूपमा मान्यता दिएको उक्त अखबारका कम्प्युटरहरू प्रहरी कार्यालयमा पुऱ्याइयो। त्यसपछि जनसंघर्षको कार्यालयमा केही दिनसम्म ताला लाग्यो।

संकटकाल लागू भएपछि माओवादीको पक्षमा लागेर लेख्ने पाँच वटा जति अखबारहरू बजारबाट विलुप्त हुन पुगे। त्यसक्रममा माओवादी निकटस्थ देखिने जनादेश, जनदिशा आदि अखबारका कैयन पत्रकारहरू पक्राउ परे। जनादेश भूमिगत शैलीका साथ कानुनको वेवास्ता गर्ने पत्रिकाका रूपमा त्यसपछि पनि यदाकदा निकालिएको देखिन्छ। तर, संकटकालका कारण माओवादी नियन्त्रणमा नरहेका पत्रपत्रिकाको प्रकाशन, वितरण र व्यवस्थापनमा समेत प्रतिकूल प्रभाव पर्न गयो। जनसंघर्ष त्यसैको उदाहरण हो।

लाहान, सिराहाबाट नियमित प्रकाशित हुँदै आएको "जनक आवाज" साप्ताहिकका प्रकाशक - प्रवन्ध सम्पादक सिताराम साह र सहसम्पादक पवन श्रेष्ठलाई संकटकालको शुरूवाततिरै मंसीर १३ गते पक्राउ गरी १९ गते मात्र तारिखमा रिहा गरियो। उहाँहरू दुवैलाई जिल्ला प्रहरी कार्यालय सिराहाको हिरासतमा राखिएको थियो। दुवैलाई रिहा गरिसकेको केही दिनपछि जिल्ला प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारीको कार्यालयमा तस्वीर समेत टाँसिएको कागजमा दस्तखत गराइएको थियो।

दुवै पत्रकारको औंठाको छाप समेत लगाइएको कागजमा आत्मसर्मपणको व्यहोरा उल्लेख गरिएको थियो। संकटकालको भोलिपल्ट र पर्सिपल्ट पनि संकटकालको अघिल्लो दिन छापिएको सम्पादकीय पुनः मुद्रण गरिएकोले उनीहरू पक्राउ परेका थिए। त्यसरी मंसीर ११ ,१२ र १३ गते पनि लगातार तीन वटै अंकमा छापिएको उक्त सम्पादकीयमा संकटकालको औचित्यमाथि प्रश्न उठाइएको थियो। सम्पादकीयको शीर्षकमा सरकार र माओवादीमा संयमको खाँचो रहेको कुरा उल्लेख गरिएको थियो। आफ्ना दुई सहकर्मी पक्राउ परेको केही दिनपछि मंसिर २२ गते कार्यकारी सम्पादक दिनेश्कर गुप्ता आफैं प्रशासन समक्ष उपस्थित हुनु भयो। तर, उहाँलाई पनि थुनामा राखियो। अगाडि "एम" लेखिएको आत्मसर्मपणको कागजमा हस्ताक्षर गराइ तत्काल खिचिएको तस्वीर नत्थी गरी पाँच दिनपछि उहाँलाई रिहा गरियो। तत्कालीन नेकपा (माले)सँग सम्बन्धित पत्रकार गुप्ताले प्रशासन समक्ष असावधानीवशः उक्त सम्पादकीय छापिएको कुरा बताउनु भएको थियो। अखबारका जनशक्तिको गिरफ्तारीको प्रत्यक्ष असर त्यसको कारोवारमा पऱ्यो। सवारी चालक प्रमाण पत्र ,सीमा क्षेत्रको तस्करी लगायतका कतिपय विषयमा पहिले छापिएका सामग्रीहरूका आधारमा प्रतिशोधका कारण जनक आवाजका पत्रकारहरूलाई कार्वाही गरिएको चर्चा स्थानीय पत्रकारहरूबीच व्याप्त छ।

संकटकालले प्रेसको स्रोत सांघुऱ्याएका कारण विज्ञापन बजार र वितरण संख्या समेत प्रभावित भएको अनुभव नेपाली पत्रकारहरूको रहेकोछ। संकटकाल लागू भए पछि नेपाली पत्रकारहरू आफ्ना हरेक सहकर्मीको गिरफ्तारीको समाचार तयार गर्दै साँच्चै यस्तै प्रश्नमा घोत्लिन थालेका छन्- "अब कसको पालो होला ?"

परिच्छेद ४

सन् २००१ को मानवअधिकार स्थिति

भूमिका

विगत एक दशकदेखि "मानवअधिकार" शब्दलाई सामाजिक विज्ञानका विभिन्न पक्षहरूसँग व्यापकरूपमा समाहित गरी प्रयोग गरिन थालिएको छ। विशेष गरी ९० को दशक भन्दा पछि मानवअधिकार विभिन्न राजनीतिकर्मी, नीति-निर्माता, विद्वत वर्ग, वकिल तथा अन्यका लागि जनजिब्रोको शब्द बनेको छ। जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आइसिपिडी) १९९४ ले विकासका हरेक पक्ष सम्बन्धी नीति निर्माण गर्दा मानवलाई केन्द्र विन्दूमा राख्नु पर्ने कुराको व्याख्या गरेको छ।[1] विकासका क्षेत्रमा मानवलाई केन्द्रित गर्नुको अर्थ विभिन्न समूह तथा वर्गका मानिसको मानवअधिकारको संरक्षण गर्नु हो। यसको अर्थ मानवीय हितमा रहेर विकासलाई अघि बढाउनु हो।

मानवअधिकारको अनुभूति एवं यसको वास्तविक लक्ष्यलाई व्यवहारमा उतार्नका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा मानवअधिकार सम्बन्धी विभिन्न दस्तावेजहरू बनेका छन्। यिनीहरूमा हस्ताक्षर, अनुमोदन पश्चात् सोही बमोजिम कार्य गर्न कानूनहरू बनेका छन्। नेपाल अधिराज्यको संविधान, २०४७ ले धारा ११ देखि धारा २३ सम्म नेपाली जनताका मौलिक अधिकारका बारेमा गरेको छ। यस्ता अधिकारहरूमा व्यवस्था अन्य अधिकारका साथै समानताको अधिकार, स्वतन्त्रताको अधिकार, छापाखाना तथा प्रकाशन सम्बन्धी अधिकार, सूचनाको अधिकार आदि पर्दछन्। अन्तर्राष्ट्रिय क्षेत्रमा मानवअधिकार सम्बन्धी ३५ भन्दा बढी दस्तावेजहरू (दासदासी सम्बन्धी महासन्धि १९२६ देखि विकासको अधिकार सम्वन्धी घोषणा १९८६ सम्म) को व्यवस्था गरिएको छ। तिनीहरू मध्ये नेपालले, महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख (सिड) सहित जम्मा १९ वटा दस्तावेजहरूलाई अनुमोदन / हस्ताक्षर गरिसकेको छ। नेपालले सिडको ऐच्छिक प्रलेखलाई १८ डिसेम्वर २००१ मा अनुमोदन गरेको थियो।

मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नेपालको हस्ताक्षर एवं अनुमोदन गराइको हिसाबले हेर्ने हो भने कम्तिमा औपचारिक रूपमा स्वीकारेर भए पनि मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न खोजेको देखिन्छ। विगतको प्रवृत्तिलाई हेर्दा मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन गर्न श्री ५ को सरकार धेरै हतारिएको महसुस हुन्छ। यो क्रम प्रजातन्त्रको पुनर्स्थापना भए पश्चात् बढ्दो क्रममा रहेको छ। २०४६ मा वहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात् नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी ११ वटा दस्तावेजहरूमा हस्ताक्षर गरेको छ। तर, यस्ता महत्वपूर्ण दस्तावेजहरूको अनुमोदन पश्चात् व्यवहारिक रूपमा तिनको प्रयोग कसरी भइरहेको छ भन्ने पक्ष अझ महत्वपूर्ण हो। यो छोटो लेखमा नेपालले अनुमोदन गरेका केही दस्तावेजहरूसँग दाँजेर नेपालको सन् २००१ को मानवअधिकारको स्थिति बारे मूल्यांकन गरिएको छ।

नयाँ प्रवृत्ति

मानवअधिकारको दृष्टिकोणले सन २००१ अत्यन्तै भयावह र नैराश्यपूर्ण वर्षको रूपमा रह्यो। यो एक वर्षमा मानवअधिकार हननका दर्जनौं घटनाहरू भए, जसमा राष्ट्र प्रमुखदेखि लिएर धेरै सर्वसाधारण समेतको अवसान भयो। यस वर्ष राजा तथा राजपरिवारका अन्य सदस्य समेतले आफ्नो जीवनको अधिकारलाई गुमाउनु पर्‍यो।

मानवअधिकारको मर्म बुझ्न नसकेका कारण कैयौं मानिस, जनताका प्रतिनिधि, राजनीतिक नेता, मानवअधिकारकर्मी, पत्रकार, शिक्षक, कर्मचारी जस्ता व्यक्तित्वहरू राज्य तथा गैर राज्य क्षेत्रबाट पीडित भएका छन्।

माओवादीको तीव्रतर गतिविधिले गर्दा सन् २००१ मा आएर सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा व्यापक असर परेको छ। मानवअधिकार संरक्षणकर्ताहरूको पहलमा भएको सरकार र माओवादी बीचको आचार-संहिता, युद्ध विराम गरी तीन चरणसम्मको वार्ता आदि सन् २००१ का महत्वपूर्ण उपलब्धीहरू रहे। पछि माओवादीले एक्कासी वार्ता भंग गरी युद्ध भूमिमा उत्रनाले ती उपलब्धी पनि निरर्थक भए। यसरी, एक्कासी युद्धमा होमिंदा राज्य तथा गैर राज्य (माओवादी) दुवै पक्षले मानवीय तथा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा अन्तर्निहित नियम, कानून र भावना व्यापक रूपमा उल्लंघन गरे। यसको परिणाम स्वरूप, सरकारले माओवादी आन्दोलनको अन्त्यका नाममा चार वटा मुख्य निर्णयहरू गर्‍यो। पहिलो, माओवादीहरूलाई "आतंककारी" घोषित गरियो। दोस्रो, शान्ति र सुव्यवस्था कायम गर्ने नाममा नेपालमा संकटकालको घोषणा गरियो। तेस्रो, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८

घोषणा गरियो। अन्त्यमा सुरक्षाका सम्पूर्ण प्रहरी, सशस्त्र प्रहरी र सेनालाई सुरक्षाकर्मीको नाममा माओवादी आन्दोलनलाई नियन्त्रण गर्न देश भरि परिचालन गरियो।

त्यसपछि हत्या, हिंसाद्वारा राजनीतिक उद्देश्य पूरा गर्ने अमानवीय सोचाइ बढेर गयो जसले गर्दा सुरक्षाकर्मी, कर्मचारी र समाजका तल्लो वर्गका मानिसहरू जघन्य हत्या, हिंसा, यातना तथा क्रुर व्यवहारहरूको शिकार बन्न पुगे। यस्तो अकल्पनीय तथा दुःखद घटनाको कारण मानवअधिकारको मर्ममा अत्यन्तै नराम्रो चोट पुग्यो। सारा वर्ष नै एक अफाप वर्षको रूपमा चिनिन पुग्यो।

यस अध्यायको प्रमुख उद्देश्य सन् २००१ मा नेपालको मानवअधिकार स्थितिको सार संक्षेपमा समीक्षा गर्नु हो। यसको लागि उक्त वर्षको मानवअधिकारको स्थितिलाई नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र (ICCPR) र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र (ICESCR) लाई आधार बनाइएको छ। यस आलेखले नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त जनताका आधारभूत मानवअधिकारको बारेमा पनि चर्चा गर्ने छ। यसका लागि सर्वप्रथम चरणबद्ध रूपमा मानवअधिकारको क्षेत्रमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिकाको बारेमा उल्लेख गरिने छ। त्यसपछि "जनयुद्ध" का नाममा माओवादीबाट र त्यसको नियन्त्रणाका नाममा सरकारबाट भएको हत्या र हिंसाको तालिका प्रस्तुत गरिनेछ। "सन् २००१ मा मानवअधिकार" एक झलकसँगै प्रस्तुत गरिनेछ। प्रस्तुत तालिका मानवअधिकारका क्षेत्रमा उठ्ने "चुरो" सवालहरूलाई समेटेर बनाइएको छ। यी यस्ता सवालहरू हुन् जुन वारम्वार चर्चामा आउँछन्, वारम्वार उल्लंघन पनि गरिन्छन्। यिनै सवालहरू ICCPR र ICESCR मा पनि उल्लेखित छन्। र, यिनै सवालहरूको प्रत्याभूति नेपाल अधिराज्यको संविधान २०४७ मा पनि गरिएको छ। अन्त्यमा, विश्लेषण र व्याख्याका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्ने कोशिश गरिने छ।

राज्य र मानवअधिकार

मानवअधिकारको क्षेत्रमा कार्यपालिकाको भूमिका विगत वर्षमा झैं यस वर्ष पनि सन्तोषप्रद रहेन। सरकारले यस वर्ष पनि मानवअधिकारको सुरक्षाको ग्यारेन्टी गर्नसकेन। उल्टै, राज्य आफैं व्यापक रूपमा मानवअधिकारको उल्लंघनकर्ता भएर देखा पऱ्यो। आक्रमण र प्रत्याक्रमणका घटनाहरूले राजनीतिक क्षेत्र तहस-नहस रह्यो। माओवादी समस्यालाई वार्ताको माध्यमबाट हल गर्ने सरकारको पहल भने एक सकारात्मक भूमिका बन्यो। तर, यो भूमिकाले सफलता पाउन सकेन किनभने सरकारले माओवादी वार्तालाई राजनीतिक कुटनीतिको अर्थमा मात्र लियो। माओवादीहरूले पनि वार्तालाई रणनीतिक लक्ष्यको सन्दर्भमा मात्र लिएको कारण उनीहरूले वार्ता भंग गरी पुनः युद्ध छेडे।

नेपाली जनता माझ व्याप्त दुःख, कठिनाइ र गरीबीको निराकरणमा ध्यान पुऱ्याउने सवालमा पनि सरकार यस वर्ष पनि विगतको झैं मौन रह्यो। यो मूलभूत सवाल पछि पऱ्यो। सरकार अर्कै कामका निम्ति अघि बढ्यो। त्यो हो- संकटकालको घोषणा र जनताका आधारभूत अधिकारको निलम्बन।

यो वर्ष सरकारमा दुई पटक परिवर्तन भयो।

तालिका १

माओवादी जनयुद्धका क्रममा राज्य र माओवादीद्वारा भएको हत्या



तालिका २

मानवअधिकार उल्लंघन : एक झलक

अधिकारहरू	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
१. जीवन र व्यक्तिगत सुरक्षाको अधिकार								
जीवनको अधिकार								
गैरकानूनी गिरफ्तारी/ व्यक्तिगत सुरक्षा	५९१	७२८	१६३	८९१	११३	२४५	३८	२८३
२. निष्पक्ष अदालती कारवाही तथा सुनुवाईको अधिकार	२३१९	२५१८	८४९	३३६७	३०७	४१०	५८	४६८
कानुनको दृष्टिमा मानिस हुनुको अधिकार								
कानुनको दृष्टिमा समानताको अधिकार								
३. बन्दीहरुको अधिकार								
मृत्यु दण्डविरुद्धको अधिकार								
सम्झौताअनुरुपको दायित्व पालन गर्न नसक्दाको अधिकार								
यातना मुक्तिको अधिकार	९८८	२००३	१७८	२१८१				
४. राजनीतिक जीवनमा सहभागिताको अधिकार								
५. विचारको स्वतन्त्रता								
गोपनियताको अधिकार								
धार्मिक स्वतन्त्रताको अधिकार	५	११	२४	३५				
अभिव्यक्ति स्वतन्त्रता								
६. संगठन स्वतन्त्रताको अधिकार								
७. शान्तिपूर्वक भेला हुन पाउने अधिकार	२४	४६	३	४९	४४	३८३	३५	४१८
८. हिंड्डुल गर्न पाउने अधिकार								
हिंड्डुल गर्न पाउने र बसोबासको अधिकार								
देश निकाला गर्दाको विदेशीहरुको अधिकार								
९. कामको अधिकार								
जीवनयापनको निम्ति काम गर्ने अधिकार					४	१०		१०
स्वतन्त्ररुपले काम छान्ने र स्वीकार गर्ने अधिकार								
१०. काममा उपयुक्त वातावरणको अधिकार								
काममा न्यायपूर्ण तथा उपयुक्त वातावरणको अधिकार								
उचित पारिश्रमिकको अधिकार								
दासत्वबाट स्वतन्त्र हुने अधिकार								
ट्रेड युनियन खोल्ने र सहभागी हुने अधिकार								
हडताल गर्ने अधिकार								
११. पर्याप्त जीवनस्तरको अधिकार								
पर्याप्त जीवनस्तरको अधिकार								
पर्याप्त भोजनको अधिकार								
भोकबाट मुक्तिको अधिकार								
पर्याप्त आवासको अधिकार								
सामाजिक सुरक्षाको अधिकार								
१२. स्वास्थ्यको अधिकार								
१३. परिवार, मातृत्व र बालबालिको अधिकार								
परिवारको अधिकार								
मातृत्वको अधिकार								
बालबालिकाको अधिकार	८८	११२	४०	१५२				
१४. सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार								
१५. शिक्षाको अधिकार								
शिक्षाको अधिकार								
प्राथमिक शिक्षाको अधिकार								
१६. आदिवासीहरुको अधिकार								

(तथ्यांक नभएका शीर्षकहरूलाई विवरणमा मात्र उल्लेख्व गरिएको छ।)

कोइरालाद्वारा नेतृत्व गरिएको पहिलो सरकारले "राष्ट्रिय सहमति" को नाममा १४ बुँदे कार्यक्रमको घोषणा असार ११ गते गरेको थियो, जुन तत्कालीन सरकारको सकारात्मक कदम थियो। त्यतिबेलाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रस्तावित गर्नु भएका कतिपय कार्यक्रम वास्तवमा नै सकारात्मक थिए, तर मुख्य दुई कारणले यी कार्यक्रमहरूको कार्यान्वियन हुन सकेन। पहिलो, नेपाली कांग्रेस भित्रको आन्तरिक झगडा र दोस्रो, प्रतिपक्षीद्वारा लाउडा विमान भाडा प्रकरणको सन्दर्भमा नैतिक मूल्यका आधारमा प्रधानमन्त्रीको राजिनामाको लागि दवाव। पहिलो कारणको परिणाम स्वरूप तत्कालीन गृहमन्त्री रामचन्द्र पौडेलले शान्ति सुरक्षा कायम गर्न सक्ने स्थिति नरहेको भन्दै राजिनामा दिनु भयो। दोस्रो कारण पनि यति सशक्त बन्यो कि प्रधानमन्त्रीले राजिनामा नै दिनु पर्‍यो। त्यसपछि शेर बहादुर देउवा प्रधानमन्त्री बन्नु भयो। देउवा सरकारले लगभग १ महिनाको अभ्यासपछि ८ बुँदे कार्यक्रमको घोषणा गर्‍यो, जसको प्रमुख उद्देश्य देशको तहस-नहस हुने स्थितिमा पुगेको आर्थिक र सामाजिक व्यवस्थामा सुधार गर्नु थियो। यो घोषणा साउन ३२ गते गरिएको थियो। यस कार्यक्रमका धेरै सकारात्मक पक्षहरू मध्ये नयाँ आवश्यकता तथा प्रमाणीकरणका आधारमा परिवर्तनकारी भूमिसुधार कार्यक्रम, जग्गा हदबन्दीको सीमा पुनः निर्धारण, जुनसुकै क्षेत्र र वर्गका मानिसलाई सार्वजनिक क्षेत्र जस्तै मठ-मन्दिरमा विना रोकटोक प्रवेश पाउने अधिकार, दलित तथा महिला वर्गको उत्थानका लागि दुई बेग्लाबेग्लै आयोग स्थापना गर्ने प्रतिवद्धता र माघ महिना भित्र मुक्त कमैयाहरूलाई जग्गा प्रदान गरिने जस्ता कार्यक्रमहरू थिए। यी कार्यक्रमहरू यस्ता थिए जसको कार्यान्वयनले देश भरि नै ठूलो प्रभाव पर्ने थियो।

कोइराला सरकारका पालामा झैं देउवा सरकारले ल्याएका यस्ता महत्वपूर्ण कार्यक्रमहरू पनि केवल गर्भमा नै रहे। प्रधानमन्त्री स्वयंले यी कार्यक्रमलाई कार्यान्वयन तर्फ लान आँट गर्न सक्नु भएन। यी कार्यक्रमहरूको घोषणाको सन्दर्भमा नेपाली कांग्रेस पार्टी भित्रै चर्को विवाद खडा हुनु यसको मुख्य कारण थियो।

देउवा सरकारले देखाएको दोस्रो महत्वपूर्ण चासो माओवादी समस्यालाई शान्तिपूर्ण वार्ताको माध्यमबाट टुंग्याउनु थियो। प्रधानमन्त्री पदमा नियुक्त हुनासाथ देउवाले माओवादी नेताहरूलाई युद्ध विराम गरी वार्तामा आउन आह्वान गर्नु भयो। तदनुरूप सरकार र माओवादी बीच वार्ताका लागि आवश्यक शर्तहरू राखिए। दुवै पक्षले युद्ध विरामको घोषणा गरे र उत्पन्न समस्यालाई वार्ताको टेबुलबाट समाधान गर्ने प्रतिबद्धता देखाए।

यो निर्णयले वास्तवमा नै मानवअधिकारका क्षेत्रमा ठूलो हौसला प्रदान गरेको थियो, तर यो अवस्था धेरै लामो समयसम्म रहन सकेन। तेस्रो चरणको वार्ता सकिएको एक हप्ता पछि नै माओवादीका अध्यक्ष प्रचण्डद्वारा वर्तमान राजनीतिक स्थितिको निकास वार्ताद्वारा हुने कुरामा शंका व्यक्त गर्दै वार्ता भंग गरेको घोषणा गरियो। त्यसपछि माओवादीले आफ्नो तत्कालीन रणनीति परिवर्तन गर्दै युद्ध जारी राख्ने दिशामा अघि बढे। यो ठूलो दूर्भाग्य थियो जसले गर्दा संकटकालको घोषणाद्वारा जनताका मौलिक अधिकारहरूको हनन हुन पुग्यो।

न्यायपालिकाको भूमिका सधैं झैं यस वर्ष पनि गैर कानूनी रूपमा अन्धाधुन्ध समातिएका व्यक्तिहरूलाई न्याय दिलाउने तर्फ रह्यो, तर पनि यो संस्था यस वर्ष पनि आलोचनाको घेरावाट मुक्त हुन सकेन। खासगरी यसले गरेका कतिपय फैसला टिप्पणीका विषय बने। सन् २००१ को शुरूमै माघ २२ गते सर्वोच्च अदालतका प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय लगायत अन्य न्याय क्षेत्रका व्यक्तित्वहरू माथि माओवादीद्वारा गरिएको सांघातिक आक्रमणबाट न्यायपालिकाको सम्मानमा आघात पुग्यो। माओवादी प्रभावित धेरै जसो क्षेत्रका जिल्ला अदालतहरू न्यायाधीश विहीन बन्न पुगे। सर्वसाधारण जनता दोहोरो मारमा परे। एकातिर उनीहरू स्वतन्त्र र निष्पक्ष न्यायबाट वञ्चित भए भने अर्को तर्फ सरकार र माओवादी दुवै तर्फवाट आरोपित समेत भइरहे। झापा, नुवाकोट, वाजुरा तथा रोल्पा जिल्लाका महिला तथा केटाकेटीहरू माओवादीबाटै बलात्कृत भएका घटना सार्वजनिक भए। धेरै घटनाहरूमा यसका विरूद्ध न त उजुर-वाजुर भयो न त्यसो हुने स्थिति नै रह्यो।

संकटकालको घोषणाले अदालतका धेरैजसो अधिकारको कटौती भएको छ। यसको वावजुद मंसिर १८ गते सर्वोच्च अदालतले थाँती रहेका मुद्दाहरूको सुनुवाई, संकटकालमा गर्न मिल्ने भनी गरेको

तालिका ३

सन् २००१ मा राज्य र गैरराज्य पक्षबाट भएको हत्या



निर्णयले सम्मानित अदालतको गरिमा सुदृढ भएको छ।

न्यायापालिका र व्यवस्थापिका वीच न्यायाधिशहरूलाई अख्तियारले कारवाही गर्न पाउने वा नपाउने भन्ने विवाद यस वर्ष उल्लेखनीय घटनाको रूपमा रह्यो। अर्को जल्दोवल्दो विवाद पुनरावेदन अदालत पाटनले डा. प्रकाश चन्द्र लोहनीका पक्षमा गरेको फैसलालाई लिएर भएको थियो। पुनरावेदन अदालत पाटनले मत गणनालाई "नोटिस" मा राखेर डा. प्रकाश चन्द्र लोहनीलाई नुवाकोट क्षेत्र नं. १ बाट प्रतिनिधि सभाको सदस्य पदमा एक मतले जिताएको थियो जसलाई सर्वोच्च अदालतले "नोटिस" मा राखेर मत गणना गर्न नपाउने भनी राजेन्द्र प्रकाश लोहनीलाई उक्त क्षेत्रको प्रतिनिधि सभाको सदस्य पदमा पुनर्स्थापना गऱ्यो।

यी देखि बाहेक सर्वोच्च अदालतले यस वर्ष वालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ का आधारमा १६ वर्ष मुनिका वालवालिकाले संस्था खोल्न पाउने, वालवालिकाको मुद्दाको सुनुवाई गर्नु पर्ने, उनीहरूलाई जेलमा वन्दी सरह जीवन बिताउन वाध्य पारिन नहुने, महान्यायाधिवक्ता माथि अख्तियारले छानवीन गर्न पाउने जस्ता महत्वपूर्ण फैसला गऱ्यो। छुवाछूत सम्बन्धी भेदभाव विरूद्ध अदालतहरूले गरेका फैसलाहरूलाई मानवअधिकारका पक्षमा राम्रो शुरूवात मान्नु पर्छ।

सर्वोच्च अदालतले गरेका कतिपय निर्णयहरू विवाद रहित हुन भने सकेनन्। खासगरी, तत्कालीन शिक्षा मन्त्री गोविन्दराज जोशी विरूद्ध अख्तियारले चलाएको मुद्दाका सम्वन्धमा सर्वोच्च अदालतले गरेको निर्णय बढी विवादित बन्यो।

व्यवस्थापिका यस वर्ष मूलतः प्रधानमन्त्रीको राजिनामाको विवादमा नै अल्झिएको पाइयो। संसदको उन्नाइसौं हिउँदे अधिवेशन एकै दिन पनि नियमित कारवाहीमा नवसिकनै समाप्त भयो। त्यतिवेला प्रतिपक्षले तत्कालीन प्रधानमन्त्रीको राजिनामाको माग सशक्त रूपमा उठाएको थियो। यसका लागि प्रतिपक्षले दिनहुँ सदन अवरूद्ध गरी संसदको नियमित काम कार्वाही अघि बढ्न दिएन। सत्रौं दिन पछि कुनै विषयमा प्रवेश नै नगरी यो अधिवेशनको अन्त्य भयो।

संसदको बीसौं अधिवेशन नेपालमा भएको अकल्पनीय घटना पश्चात् शुरू भएको थियो। जेठ १९ गते राति नेपाल अधिराज्यको सम्मानित राजसंस्थाले राजा वीरेन्द्र र राजपरिवारका अन्य सदस्यको जीवनको अधिकारलाई बचाउ गर्न सकेन। नेपाली जनतामा परेको यो गहिरो दुःखको घाऊ ओभाउन नपाउँदै संसदको वीसौं अधिवेशन शुरू भएको थियो। राष्ट्रिय सहमतिका नाममा तत्कालीन प्रधानमन्त्रीद्वारा ल्याइएका चौध बुँदे कार्यक्रम र त्यसपछि वर्तमान प्रधानमन्त्रीद्वारा ल्याइएका आठ बुँदे कार्यक्रम संसदको वीसौं अधिवेशनको महत्वपूर्ण उपलब्धी हो। यी कार्यक्रमहरू ल्याइएता पनि यिनीहरूको कार्यान्वयन पक्ष भने शून्य प्रायः भएको कारण यस्ता कार्यक्रमहरूको औचित्य पनि संसदको वीसौं अधिवेशनमा नै समाप्त भयो। यस अधिवेशनमा जम्मा २२ वटा विधेयकहरू उपर छलफल गरी पारित गरिए। यिनीहरू मध्ये २० वटा विधेयकमा लालमोहर समेत लागिसकेको छ। यी विधेयकमा अन्य विधेयकका अतिरिक्त बाँधा श्रम (प्रतिबन्ध) २०५८ र भूमिसुधार सम्बन्धी बनेको विधेयक, २०५८ रहेका छन्। यी दुवै विधेयकमा ०५८ माघ २५ मा लालमोहर लागिसकेको छ।

यस बाहेक संसदको वीसौं अधिवेशनमा रसियावाल खुर्दलोटन बाँध, सरकारी गाडीको दुरूपयोग, सशस्त्र प्रहरी अध्यादेश, बोक्सीको आरोपमा भएको कुटपिट, सेप्टेम्वर ११ मा अमेरिकामा भएको आतंकवादी घटना मुलुकी ऐन (एघारौं संशोधन) जस्ता कुराहरूमा प्रमुख रूपले केन्द्रित भई महत्वपूर्ण निर्णयहरू भए।

मानवअधिकार उल्लंघन : एक झलक

सन् २००१ मानव अधिकारको दृष्टिकोणले कालो वर्षका रूपमा परिणत भयो। माओवादी आन्दोलनका नाममा निहत्था जनताको हत्या भयो जो मानवअधिकारका हिसावले घोर उल्लंघन थियो। (तालिका १ मा सरकार र माओवादीद्वारा गरिएका हत्याको तथ्यांक प्रस्तुत गरिएको छ।) सन् १९९६ देखिको तथ्यांक विश्लेषण गर्दा हत्या गरिएकाको संख्या बढ्दो क्रममा छ। मानवअधिकार उल्लंघनका घटनाहरू प्रत्येक वर्ष बढिरहेको छ।

संकटकालको घोषणा पश्चात् मानवअधिकार उल्लंघनको घटना तीव्रतर रूपमा बढिरहेको छ। संविधानद्वारा स्थापित जनताका मौलिक हकहरू निलम्वित भएका छन्। आतंकवादको अन्त्यका नाममा अध्यादेशको घोषणा भएको छ, जसले सुरक्षाकर्मीलाई जोसुकैको घर विना पूर्व सूचना खानतलास गर्ने पूर्ण अधिकार दिएको छ। जो कोहीलाई विना पूर्जी गिरफ्तार गर्ने अधिकार मात्र होइन यसरी गिरफ्तारीमा परेका व्यक्तिलाई ९० दिनसम्म थुनामा राख्न सक्ने अधिकार समेत प्राप्त छ। त्यति मात्र होइन, अध्यादेशले आवश्यक परेको खण्डमा अरू ९० दिनसम्म थुनामा राखी कारवाही गर्न सक्ने अधिकार समेत सुरक्षाकर्मीलाई प्रदान गरेको छ। जव देशमा संकटकालको घोषणा हुन्छ, अन्तर्राष्ट्रिय मानवीय कानूनहरू चलायमान हुन्छन् र हुनु पर्छ। यही कुराको प्रतिवद्धता स्वरूप नेपालले यस्ता कानूनहरूको अनुमोदन गरिसकेको छ। तर, वर्तमान अवस्थामा यी मानवीय कानुनहरूको अनुशरण न राज्य पक्षवाट भएको देखिन्छ न त गैर पक्ष माओवादीहरू बाटै। यस्ता विभिन्न कानूनहरू मध्ये ICCPR र ICESCR र यिनीहरूका अतिरिक्त प्रलेखहरू पर्छन्। राज्य तथा गैर राज्य दुवै पक्षवाट यी कानूनहरूको उल्लंघन भएको पाइएको छ। यहाँ युद्धका नाममा जनताका मौलिक अधिकारको उल्लंघन गरिएका घटनाको संक्षिप्त विश्लेषण गरिएको छ। यो विश्लेषण नेपाल अधिराज्यको संविधान, २०४७, ICCPR र ICESCR का

आधारमा गरिएको छ। वर्तमान सन्दर्भमा संविधानका मौलिक हकहरू निलम्बित छन् तर पनि ICCPR र ICESCR ले प्रदान गरेका हकलाई उल्लंघन गरिनु हुन्न भन्ने आधारमा यो विश्लेषण केन्द्रित छ। यसका अतिरिक्त केही मौलिक हकहरू अध्यादेशमा पनि उल्लेखित भएको हुँदा यो जमर्को सान्दर्भिक ठानिएको छ।

१. जीवन र व्यक्तिगत सुरक्षाको अधिकार

जीवनको अधिकार (ICCPR 6)

गत वर्ष झैं यस वर्ष पनि नेपालमा जीवनको अधिकार क्रुरतापूर्वक उल्लंघन भएको पाइयो। "जनयुद्ध" का नाममा हत्याको श्रृङ्खला बढ्दो क्रममा देखिन्छ। जसले देशका राजनीतिक मूल्य-मान्यता एवं अन्य सामाजिक, सांस्कृतिक संरचनाहरूलाई नै चुनौति दिएको छ। यस वर्ष मात्रै कूल १ हजार १ सय ६४ जनाको हत्या भयो। यी मध्ये ८ सय ९१ जना गैर राज्यपक्षद्वारा हत्या गरिए भने राज्यद्वारा हत्या गरिएकाको संख्या २ सय ७३ थियो। तिनीहरूमा २८ जना महिला थिए। गैर राज्यपक्षबाट हत्या गरिएका महिलाको संख्या राज्य पक्षबाट भन्दा ८५ ले बढी भएको देखिन्छ।

सन् २००० को तुलनामा यस वर्ष हत्याको संख्या अत्याधिक बढेको छ। इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रका अनुसार सन् २००० मा जम्मा ८ सय २ जना व्यक्तिको हत्या भएकोमा यो वर्ष कूल १ हजार १ सय ६४ जनाको हत्या गरेको पाइयो। यी मध्ये सन् २००० मा माओवादीको आरोपमा १ सय ७९ जनाको हत्या गरिएको थियो।

गैर कानूनी गिरफ्तारी / व्यक्तिगत सुरक्षा (ICCPR 9)

इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा वेपत्ता पारिएका, गोलीद्वारा घाइते बनाइएका, वम आक्रमण र एम्बुस, लाठीचार्ज, कुटपिट, धम्की, महिला बेचबिखन तथा ओसारपसार, बलात्कार, पारिवारिक हिंसा, गर्भपतन, जबरजस्ती गर्भपतन आदि जस्ता व्यक्तिगत सुरक्षामा आँच आउने कैयन घटनाहरूको अभिलेख राखिएको छ।

गैरकानूनी गिरफ्तारीका कैयन घटनाहरू यस वर्ष सार्वजनिक भए। यो प्रवृत्ति विशेष गरी संकटकालको घोषणा पछि अझ बढिरहेको छ। सबैजसो मौलिक अधिकारहरू उल्लंघन भएको अवस्थामा गैर कानुनी तवरबाट गिरफ्तारीमा पर्ने संख्या व्यापक रूपमा बढेर गएको छ। धेरैजसो यस्ता घटनाहरूमा माओवादी तथा उनीहरूको समूहद्वारा आयोजित भएका सार्वजनिक कार्यक्रमबाट गिरफ्तार भएका घटनाहरू बढी छन्। त्यसै गरी सन् २००१ मा ६ वाम समूहद्वारा आयोजित मसाल जुलुस तथा विरोध प्रदर्शनबाट गिरफ्तार गरिएकाको संख्या उल्लेख्य रहयो। शान्तिपूर्वक भेला भएका जनता माथि धरपकड गर्ने कार्य तीव्र भएको पाइयो। यस्ता घटनामा जनताका प्रतिनिधि सांसद देखि लिएर सर्वसाधारण कार्यकर्ता गिरफ्तारीका शिकार बने। गिरफ्तार गरिएका व्यक्तिलाई अनावश्यक रूपमा जेल चलान गर्ने, जेल परिवर्तन गर्ने घटना समेत भएको पाइयो।

२. निष्पक्ष अदालती कार्वाही तथा सुनुवाईको अधिकार (ICCPR 14)

गत वर्ष झैं यस वर्ष पनि प्रहरीद्वारा अदालतले छोड्न आदेश दिएका व्यक्तिलाई पुनः गिरफ्तार गरी जेल सरूवा गर्ने तथा वेपत्ता पार्ने काम भए। मोरङ जिल्ला स्थित शनिश्चरे गाविस-७ का सरस्वती मगर र शिवा हमाललाई ०५७ माघ २४ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दिएकोमा अदालत परिसरबाटै प्रहरीले पुनः गिरफ्तार गरी केही समय वेपत्ता पारे।

३. वन्दीहरुको अधिकार

इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्र लगायत विभिन्न अध्ययनहरूले नेपालका जेलहरूको अवस्था अन्तर्राष्ट्रिय मापदण्डका आधारमा जीर्ण अवस्थामा रहेको देखाएका छन्। धेरैजसो जेलहरूमा जेलको क्षमता भन्दा बढी वन्दीहरू राखिएका छन्। धेरैजसो जेलहरूमा आधारभूत सुविधा जस्तै चर्पी, भान्छा कोठा, पिउने पानी, सुत्ने कोठा, ढल जस्ता कुराहरूको अभाव छ भने कतिपय जेलमा आमाबाबु र छोराछोरीको लागि छुट्टै कोठाको व्यवस्था छैन। प्रजातन्त्रको पुनर्स्थापना पश्चात बद्रीराम भण्डारीको अध्यक्षतामा गठित जेल सुधार सम्बन्धी समितिले दुई-दुई वटा प्रतिवेदनहरू सरकार समक्ष बुझाई सक्दा समेत सुधारको कार्य भने थालेको पाइएको छैन। "जेललाई यातना गृह होइन सुधार गृह बनाऔं" भन्ने जस्ता नाराहरू केवल भाषणमा मात्र सीमित भए। कतिपय जिल्लाहरूमा जेल नै छैनन्। सुनसरी, धनुषा, भक्तपुर, अर्घाखाँची र वारा जिल्लाहरूमा जेल नभएको कुरा इन्सेकको वर्ष पुस्तक केन्द्रको अभिलेखमा उल्लेख छ। कतिपय जेलहरू माओवादी आक्रमणका कारण ध्वस्त भएका छन्। यस वर्ष दाङको एक जेल सहित सोलुखुम्बु र स्याङ्जाका जेलहरू माओवादी आक्रमणबाट ध्वस्त भए। गत वर्ष माओवादीको आक्रमणबाट ध्वस्त भएको डोल्पाको दुनै जेलको पुनःनिर्माण भएको छैन। फर्किएर आएका वन्दीहरूलाई तारिखमा बोलाइने गरेको पाइएको छ।

यस वर्ष नेपालगञ्ज कारागारभित्र घनश्याम ओली लगायत २ जना वन्दीहरुको प्रहरीद्वारा हत्या भयो। त्यही घटनामा अन्य २१ वन्दीहरू घाइते भए। सिराहा जिल्लाको कारागारमा कैदी जीवन बिताइरहेकी एक महिला कारागार भित्रै गर्भवती भइन्। प्रहरीद्वारा नै उक्त महिलाको गर्भ रहेको हुन सक्ने आशंका गरिएको छ।

मृत्युदण्ड विरुद्धको अधिकार

नेपाल अधिराज्यको संविधानले मृत्युदण्ड सम्बन्धी कुनै पनि प्रकारको कानून बनाउन रोक लगाएको छ। तर पनि केही पुराना कानूनहरूमा मृत्यु दण्ड सम्बन्धी व्यवस्था विद्यमान रहेको

कुरा इन्सेकको सन् २००० को वर्ष पुस्तकमा उल्लेख गरिएको थियो। सैनिक ऐन तथा राज्य विरूद्धको अपराध जस्ता ऐनहरूमा यस्तो व्यवस्था भएको पाइएको छ। यस विरूद्ध मुद्दा समेत दायर भयो। यी ऐनको आधारमा कसैलाई पनि मृत्युदण्ड दिइएको रेकर्ड भने छैन।

यातना मुक्तिको अधिकार (ICCPR 7)

यस वर्ष कूल २ हजार १ सय ८१ जना यातनाको कारण पीडित भएको तथ्यांक इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा उल्लेखित छ। पहिला भैं यस वर्ष पनि धेरैजसो यातनाका घटनाहरू माओवादी गतिविधिमा संलग्न रहेको आरोपको सन्दर्भमा छन्। सिद्धिथुम्का गाविस-३, इलामका टीका खरेललाई माओवादीको आरोपमा मंसिर २४ मा सुरक्षाकर्मीले गिरफ्तार गरे। क्याम्पमा अति यातना दिइएको कारण भोलिपल्ट नै निजको मृत्यु भयो।

४. राजनीतिक जीवनमा सहभागिताको अधिकार (ICCPR 25)

"सबैलाई समान राजनीतिक अवसर" भन्ने नारालाई नेपालमा विरलै आत्मसात गरेको पाइन्छ। विशेष गरी संकटकालको घोषणा पछि राज्य पक्षबाट राजनीतिक सहभागिताको अधिकार माथि व्यापक उल्लंघन भएको पाइन्छ। विभिन्न घटनाहरूमा हस्तक्षेप गरी केही राजनीतिक नेता तथा कार्यकर्ताको व्यापक धरपकड भएको छ। यस्तो धरपकड ती राजनीतिक पार्टीले आयोजना गरेका विभिन्न जुलुस तथा आमसभामा भएको थियो। कतिपय घटनामा माओवादी पक्षबाट पनि राजनीतिक सहभागिताको अधिकारलाई उल्लंघन गरी मानिसलाई सभा सम्मेलनमा जान रोक लगाउने, धम्की दिने, बाटामा कुटपिट गर्ने देखि लिएर हत्या गर्ने सम्मका घटनाहरू भएको पाइएको छ। नेकपा एमालेले कार्तिक २० गते आयोजना गरेको सभामा जान लाग्दा सल्यान जिल्लाका जिमानी गाविसका वडा अध्यक्ष दलबहादुर पुन माओवादी आक्रमणको शिकार भए।

धेरैजसो अवस्थामा महिलालाई समान राजनीतिक सहभागिताको अधिकारबाट वञ्चित गराइएको छ। विभिन्न चुनावहरूमा महिलालाई राजनीतिक पार्टीहरूले प्रतिशतका आधारमा सिट छुट्याउने गरेको पाइन्छ जो आफैमा भेदभाव पूर्ण छ। जम्मा जनसंख्याको आधा हिस्सा महिला भएको अवस्थामा प्रतिशतका आधारमा महिला सिटको व्यवस्था गरिनु समान राजनीतिक अवसरको ठाडै उल्लंघन हुनु हो। संसदीय निर्वाचनमा तीन मुख्य राजनीतिक पार्टीले उठाएका र विद्यमान महिला सिटको अवस्था हेर्ने हो भने अत्यन्तै भेदभावपूर्ण रहेको प्रष्ट हुन्छ। यहाँ प्रस्तुत गरिएको तालिकाले उक्त कुराको पुष्टि गर्दछ।

तालिका ४
मुख्य राजनीतिक पार्टीका महिला उम्मेदवार र महिला सांसद, १९९९

राजनीतिक पार्टी	महिला उम्मेदवार	जितेको संख्या
नेपाली कांग्रेस	१५	५
नेकपा एमाले	११	६
राप्रपा	१५	१

स्रोत : प्रो-पुवर गर्भनन्स एसेसमन्ट नेपाल, २००१; मानवअधिकार वर्ष पुस्तक २०००

माथिको तालिकामा महिला सिटको वितरणमा दुई प्रकारको भेदभाव भएको प्रष्ट देखिन्छ। एकातिर महिला उम्मेदवारको संख्या नै ज्यादै न्यून छ भने अर्कातर्फ छुट्याइएका सिट मध्येबाट पनि थोरै मात्र महिला विजयी बनेका छन्। त्यसैले राजनीतिक पार्टीले जहाँ आफ्नो पार्टीको पकड कम छ त्यस्ता ठाउँमा मात्र महिला उम्मेदवार बनाउँदा रहेछन् भन्ने कुरा यो विश्लेषणबाट प्रष्ट हुन्छ।

माओवादीले निर्वाचित प्रतिनिधिहरूलाई कुटपिट गर्ने, ज्यान मार्ने धम्की दिने, जबरजस्ती राजिनामा गराउने जस्ता काम गरी राजनीतिक जीवनमा सहभागी हुनबाट वञ्चित गरेका थुप्रै उदाहरणहरू इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा उल्लेखित छन्। माओवादीद्वारा गठित "जनसरकार" हरूका क्रियाकलापले स्थानीय तहका जनतासँग सम्बन्धित दैनिक काम कारवाहीहरू अत्यधिक प्रभावित भए।

५. विचारको स्वतन्त्रता गोपनियताको अधिकार (ICCPR 17)

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २२ ले गोपनियताको अधिकारका सम्बन्धमा यस्तो व्याख्या गरेको छ- "कानुनले तोकेको कुनै पनि व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखित पत्राचार वा सूचनाको गोपनियता कानूनद्वारा तोएिको अवस्थामा बाहेक अन अतिक्रम्य हुनेछ।[२]

अहिलेको अवस्थामा उक्त कानून भनेको अध्यादेश नै हो। तर, अध्यादेशमा गोपनियताको अधिकार भनेर स्पष्टतः उल्लेख गरिएको पाइन्न। यस सन्दर्भमा अध्यादेशमा भनिएको छ- "आतंककारी वा विध्वंसात्मक कार्य नियन्त्रण तथा रोकथामको सिलसिलामा आवश्यक पर्ने निजी वा सरकारी सवारी साधान, खाद्य सामग्री वा अन्य चीज वस्तु वा सम्पत्ति श्री ५ को सरकार वा सुरक्षा अधिकारीले उचित क्षतिपूर्ति दिने गरी वा पछि फिर्ता गर्ने गरी प्राप्त गर्न सक्नेछ।"[३]

यही ऐनको प्रयोगका कारण हाल नेपालमा धेरै मानिस तथा संघ-संस्थाहरू पीडित बनेका छन्। उदाहरणका लागि सप्तरीको सरस्वती सामुदायिक विकास मंचका नाममा रहेको बैंक खाता रोक्का गरिएको छ।

धार्मिक स्वतन्त्रताको अधिकार (ICCPR 18)

नेपाल अधिराज्यको संविधानले जबरजस्ती धर्म परिवर्तन गराउन नपाउने व्यवस्था गरेको छ। तर, इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तकमा यस्ता जबरजस्ती धर्म परिवर्तनका थुप्रै घटनाहरू अभिलेखमा रहेका छन्। यस्तै एक घटनामा झापा जिल्ला अनारमनी गाविसकी अम्बिका रेग्मीलाई उनका पति अनवर हुसेनले धर्म परिवर्तन गर्न नमानेको आरोपमा घाँटी थिची हत्या गरेर कोठा भित्रै आगो लगाएर डढाए।

धनुषामा मस्जिदसँगै जोडिएर शौचालय बनाएपछि हिन्दू-मुश्लिम बीच विवाद भयो।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार (ICCPR 19-20)

नेपाल अधिराज्यको संविधान २०४७ ले अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई प्रत्याभूत गरेको छ। वर्तमान अवस्थामा यो अधिकार निलम्बित छ। तर पनि नेपालले अनुमोदनको ICCPR को धारा १९ र २० मा उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको अधिकार वहाल छ। अध्यादेशको धारा १२ मा भनिएको छ- "........ विना हातहतियार शान्तिपूर्वक सभा-सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवतजावत गर्न बाधा पर्ने छैन।"[४]

केही पत्रकारहरू यो अध्यादेश घोषणा हुनु पूर्व नै गिरफ्तारीमा परिसकेका थिए। अध्यादेश र संकटकालको घोषणा पश्चात् पनि यो संख्या बढ्दो छ।

अर्कातर्फ केही पत्रपत्रिकाहरूलाई भने कानून विपरित समाचार सम्प्रेषण कार्यमा समेत जुटेको आरोप लगाइयो। यही कुरालाई मुख्य मुद्दा बनाइयो। गत जेठमा कान्तिपुरका सम्पादक युवराज घिमिरे सहित ३ जना पत्रकारलाई गिरफ्तार गरी काठमाडौं हनुमान ढोकामा राखियो। पीडितहरूलाई माओवादीका नेता डा. बाबुराम भट्टराईको लेख प्रकाशित गरेको आरोप लगाइएको थियो। उक्त लेखमा डा. भट्टराईले राजदरबार हत्या काण्ड सम्बन्धी आफ्नै किसिमको विश्लेषण गरेका थिए। जनादेश साप्ताहिकका केही पत्रकारहरूलाई संकटकाल लागू हुनु पूर्व नै मंसिर १० गते गिरफ्तार गरिएको थियो। संकटकालको घोषणा पश्चात् ८० भन्दा बढी पत्रकारहरू गिरफ्तारीमा परेका थिए जसमध्ये कम्तिमा २३ जना पत्रकार अहिले पनि थुनामा छन्।

६. संगठन स्वतन्त्रताको अधिकार (ICCPR 22)

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त संगठन स्वन्त्रताको अधिकारलाई संकटकालले समेत निलम्बन गरेको छैन। तर व्यवहारमा भने यो अधिकारको उल्लंघन भएको पाइन्छ। सरकार र माओवादी दुवैबाट यो अधिकारको व्यापक उल्लंघन भएको छ। कतिपय राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूलाई आफ्नो पार्टीमा लाग्न तथा आफूले भने बमोजिम गर्नका निमित्त दवाव दिने गरेको पाइन्छ। ०५४ को स्थानीय निर्वाचनबाट चुनिएका जनप्रतिनिधिहरूलाई विभिन्न जिल्लाहरूमा जबरजस्ती राजिनामा दिन लगाइएको र राजिनामा दिन इन्कार गर्नेहरूमध्ये केहीको हत्या नै गरिएका घटनाहरू यसै पुस्तकमा पाइन्छ।

यस्तो दवाव सहन नसकी सिन्धुपाल्चोक जिल्ला कुभिन्डे गाविस-१ का ४८ वर्षीय धनबहादुर श्रेष्ठले आत्मसमर्पण पश्चात् मंसिर १३ गते आत्महत्या गरे। उनी माओवादीको "जनसरकार" का सदस्य थिए।

७. शान्तिपूर्वक भेला हुने अधिकारको स्वतन्त्रता

एकातर्फ नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रदत्त शान्तिपूर्वक विना हातहतियार भेला हुन सक्ने अधिकारलाई संकटकालले निलम्बन गरेको छ भने अर्कातर्फ त्यही अधिकारलाई अध्यादेशको धारा १२ ले दफा ७ बमोजिम घोषित आंतक प्रभावित क्षेत्रमा वा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको अवस्थामा यस अध्यादेशको प्रतिकूल नहुने गरी अन्य प्रयोजनको लागि विना

तालिका ५

माओवादी जनयुद्धका क्रममा राज्य र माओवादीद्वारा भएको हत्या

१९९६-२००१



हतियार शान्तिपूर्वक सभा सम्मेलन गर्न, विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न वा नेपाल अधिराज्यको कुनै भागमा आवतजावत गर्न वाधा पर्ने छैन' भनेर शान्तिपूर्वक भेला हुने, आवतजावत गर्ने अधिकारलाई कायम नै राखिएको देखिएको छ। तर, सर्वसाधारण जनताको यो अधिकारको सन् २००१ मा व्यापक उल्लंघन भएको छ। इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा यस्ता कैयन घटनाहरूको विवरण प्राप्त भएको छ। अध्यादेश जारी हुनु पूर्व नै खोटाङ्ग जिल्लाको दिक्तेल बजारमा असार १३ गते ६ वाम पार्टीद्वारा आयोजना गरिएको मसाल जुलुस माथि प्रहरीले हस्तक्षेप गर्दा एक १२ वर्षीय बालक सहित ३ जना सख्त घाइते भए। दाङको तुल्सिपुरमा ६ वाम पार्टीको आयोजनामा भएको जुलुसमा प्रहरीले गोली चलाउँदा एकजना गम्भीर घाइते भए।

यस वर्ष कूल ४९ व्यक्तिहरू गैर राज्यपक्षबाट भएको ज्यादतिका कारण शान्तिपूर्ण भेला हुने अधिकारबाट गम्भीर रूपमा वञ्चित भएका देखिन्छन्। उता राज्य पक्षबाट गरिएको तथ्यांक हेर्ने हो भने यो संख्या धेरै ठूलो छ। कूल ४ सय २६ व्यक्तिहरू राज्य पक्षबाट गरिएको हस्तक्षेप र धरपकडका कारण शान्तिपूर्ण भेला हुने अधिकारबाट वञ्चित भए।

८. हिंडडुल गर्न पाउने स्वन्त्रताको अधिकार

स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने तथा बसोबासको अधिकार (ICCPR 12)

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त स्वतन्त्रतापूर्वक हिंडडुल गर्न पाउने अधिकारलाई वर्तमान अवस्थामा निलम्वन गरिएको छ। यो अधिकारको मुख्य उल्लंघनकर्ताले माओवादी स्वयं देखिएका छन्। संकटकाल पूर्व नै उनीहरूले यो अधिकारको उल्लंघन गरिरहेका थिए भने संकटकाल पश्चात् पनि यही प्रक्रिया कायमै छ। यसले के देखाउँछ भने माओवादीहरू अहिलेको स्थितिलाई लम्ब्याउन मद्दत गरिरहेका देखिन्छन्। कतिपय स्थानीय व्यक्तिहरूले एक स्थानबाट अर्को स्थानमा हिंडडुल गर्न पाइरहेका छैनन्। कतिपय ठाउँमा घाइतेहरू उपचार गर्न पाउने अधिकारबाट वञ्चित छन्। खोटाङ, रामेछाप जस्ता ठाउँमा यो कार्य भएको पाइएको छ। संकटकालको घोषणा पश्चात् सरकारले खास खास मान्छेलाई घुमफिर गर्नबाट रोक लगाएको उदाहरण पेश गर्न सकिन्छ। सरकार-माओवादी वार्ताका सहजकर्ता पद्मरत्न तुलाधर यसको उदाहरण बन्नु भयो। उहाँलाई मंसिर १३ गते उपचारार्थ नयाँ दिल्लीतर्फ प्रस्थान गर्न लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गिरफ्तार गरियो।

९. कामको अधिकार

जिविकोपार्जनका लागि काम गर्ने अधिकार (ICESCR 6)

नेपालमा बेरोजगारी एक प्रमुख समस्याको रूपमा रहेको छ। विभिन्न अध्ययनहरूले देखाएका छन् कि माओवादी छापामार मध्ये ३० प्रतिशतको उमेर १०-१९ वर्ष बीचको छ। यति ठूलो हिस्सा उक्त पार्टीमा जानुको प्रमुख कारण रोजगारी नै हो। यो समस्या शहरमा भन्दा ग्रामीण क्षेत्रमा अझ विकराल छ। सरकारी खर्च कटौती गर्ने नाममा बेरोजगारी भएकाहरू पनि जागिरबाट पाखा लगाइने क्रम बढ्दो छ। निजी क्षेत्रमा संकटकालको कारण जागिरबाट अवकास पाउने मानिसको संख्या अत्याधिक छ।

स्वतन्त्ररुपले काम छान्ने वा स्वीकार गर्ने अधिकार (ICESCR 6)

नेपालमा जातीय प्रथा अझै कायम छ। यस वर्ष साउन ३२ गते श्री ५ को सरकारले दलित जातिको उत्थान तथा प्रोत्साहनका लागि महत्वपूर्ण घोषणा गर्‍यो। त्यो थियो- कुनै पनि व्यक्तिलाई कुनै पनि सार्वजनिक पुजाआजाका क्षेत्र जस्तै मठ-मन्दिरमा प्रवेश गर्नबाट कसैले वञ्चित गर्न पाउने छैन। यो घोषणा जारी गर्नु पूर्व सप्तरी जिल्लामा दलित भएकै कारण २ वटा भेदभावपूर्ण घटनाहरू भएको पाइएको थियो। यी घटनाहरू क्रमशः असार २९ र साउन ७ गते भएका थिए। दोस्रो घटनामा बनौला गाविसका चमार जातका दलितहरूले सिनो फाल्न इन्कार गरी एक सभामा आवाज उठाए जसका कारण पीडितहरूलाई त्यही गाविसका ठूला जाति भनाउँदाले कुटपिट गरे। त्यसैगरी भदौ २५ गते भएको अर्को घटनामा रायपुर गाविसका केही स्थानीय व्यक्तिहरूले दलित हिड्ने बाटोमा सिनो फालेर बाटो हिंड्नबाट वञ्चित गरे। यो घटना श्री ५ को सरकारले दलित जातिका पक्षमा गरेको महत्वपूर्ण घोषणा पश्चात् भएको थियो।

सन् २००१ को मानवअधिकार वर्ष पुस्तकमा छुवाछूतको अवधारणाका कारण नेपालका सरकारी कार्यालयमा एक जना पनि पियन कर्मचारी नभएको कुरा उल्लेख थियो। यो अवस्था अहिले पनि विद्यमान छ। यसबाट के स्पष्ट हुन्छ भने दलितका अधिकार बारे चर्चा बढी गरिन्छ तर व्यवहारमा लागू गर्न हिचकिचाइन्छ।

१०. काममा उपयुक्त वातावरणको अधिकार

काममा न्यायपूर्ण तथा उपयुक्त वातावरणको अधिकार (ICESCR 7a)

उचित पारिश्रमिक

श्री ५ को सरकारले कृषि मजदूरहरूका लागि २०५६ सालमा न्यूनतम ज्याला रू. ६० तोकेको थियो। यसको कार्यान्वयन पक्षमा भने प्रचलित दरलाई नै मान्यता दिंदै आएको पाइन्छ। यसो हुनुको मुख्य कारण श्री ५ को सरकारका निकायको कार्यान्वयन पक्षमा देखिएको उदासिनता हो। व्यवहारमा कृषि मजदुरको ज्याला यति कम छ कि उनीहरूको दैनिक रोजीरोटी चल्न नै मुस्किल पर्छ।

नेपालका सरकारी कार्यालयका हाकिमदेखि पियन स्तरका कर्मचारीसम्मको तलबमानमा ठूलो भिन्नता पाइएको छ। निजी क्षेत्रका कार्यालयहरूले पनि प्रायः यही प्रणालीको

अनुशरण गरेको पाइन्छ। २०५६ सालमा श्री ५ को सरकारले आफ्ना मातहतका कर्मचारीहरूको तलवमानमा वृद्धि गऱ्यो। त्यसमा पियन र हाकिमको तलव वृद्धि प्रतिशतमा ठूलो भिन्नता छ। पियन तहका कर्मचारीको तलव केवल १६ प्रतिशतले वृद्धि भयो भने हाकिम स्तरका कर्मचारीको तलवमानमा ९१ प्रतिशतले वृद्धि गरियो। यसले धनी र गरीवी बीचको खाडललाई अझ चौडा बनाउन मद्दत गरेको छ, जुन विकासको लागि अति ठूलो बाधक हो।

दासत्वबाट स्वतन्त्र हुने अधिकार (ICESCR 6)

२०५७ सालमा श्री ५ को सरकारले कमैया मुक्तिको घोषणा गरेको थियो। यसले पश्चिम नेपालका करीब एक लाख मानिसलाई कमैया बस्नु पर्ने बाध्यताबाट छुटकारा दिलाएको थियो। यस निर्णयले कमैयालाई मुक्ति त दिलायो तर उनीहरूको गाँस, वासको व्यवस्था भने गर्न सकेन। हजारौं पूर्व कमैयाहरू पाल टाँगी बस्न बाध्य भए भने कतिपय पूर्व मालिकको शरण लिन पुगे। इन्सेक र सीडब्ल्यूएद्वारा हालै गरिएको एक सर्भेक्षणमा कैलाली जिल्लाको टीकापुर नगरपालिकाको एक इट्टा भट्टामा काम गर्ने पूर्व कमैयाहरूको ज्याला ज्यादै न्यून रहेको पाइएको छ। त्यहाँका मजदुरको ज्याला विगत ४ वर्ष देखि यथावत रहेको छ। यसो हुनुको मुख्य कारण मजदूरहरू आफ्नो जीवन धान्नका लागि पहिला नै ऋण लिन बाध्य हुन्छन्। अनि, वर्षेनी उनीहरूले एउटै दरमा काम गर्नु पर्ने हुन्छ। साथै, उनीहरूका लागि बसोबास र वैकल्पिक रोजगारीको व्यवस्था पनि छैन।

ट्रेड युनियन खोल्न पाउने र सहभागी हुने अधिकार
(ICESCR & ICCPR 22.1)

अघिल्लो वर्ष सरकारले अन्तरसंस्थान कर्मचारी संघ र अन्तर बैंकिङ्ग कर्मचारी संघले आयोजना गरेको हड्ताल दबाउन सार्वजनिक सेवा ऐन अन्तरगत श्रमिकहरूको संगठन गर्न र संगठित दवाव सिर्जना गर्ने अधिकार माथि प्रतिबन्ध लगायो।

११. पर्याप्त जीवनस्तरको अधिकार (ICESCR 11.1)

नेपालमा गरीवी एकदम व्याप्त छ। मुख्य समस्या भनेको आधारभूत आवश्यकताको परिपूर्तिको अभाव नै हो। डा. देवेन्द्र क्षेत्री लगायतका व्यक्तित्वहरूको विभिन्न अध्ययनहरूले "नेपालमा गरीवी गाउँमुखी छ। ठूलो परिवार संख्या, उच्च वाल आश्रित अनुपात र उच्च प्रजनन दर नेपालका जनसांख्यिक विशेषता हुन्"[६] भन्ने कुरा देखाएका छन्।

श्री ५ को सरकारले आधारभूत आवश्यकताको परिपूर्ति गर्न अझै सकेको छैन। केही "आफ्नो गाउँ आफै बनाऔं, गाउँको विकास गाउँलाई नै" जस्ता नाराहरू सरकारले बनाएको पाइन्छ। गरीवी निवारणका लागि विभिन्न गुरूयोजनाहरू बने। तर, नेपाली जनताको दुख भने जस्ताको त्यस्तै छ।

पर्याप्त भोजनको अधिकार (ICESCR 11.1)

"सन् १९९६ मा सरकारले खाद्य संरक्षणको सुधारका लागि विस्तृत गुरूयोजना तर्जुमा गऱ्यो, तर यसको कार्यान्वयन भने भएन। त्यस्तै १९९० ताका श्री ५ को सरकारले साना किसान तथा भूमिहीनहरूको आयमा वृद्धि गर्ने उद्देश्यले कृषि क्षेत्रको गतिविधि र ग्रामीण क्षेत्रमा कृषि इतर पेशालाई बढावा दिन वीस वर्षे कृषि योजना तर्जुमा गरी स्तरपूर्ण जीवनयापनको अधिकार लागू गरेको थियो। उच्च मूल्य, न्यून आयतनको वालीको विकास गर्न दुर्गम क्षेत्रमा खाद्य संरक्षण गर्नु एक उपाय हो (इन्सेक, २००१ - ८७)[७] यो गुरूयोजनाको बाबजुद कृषि क्षेत्रको अवस्था भने जस्ताको त्यस्तै छ।

भोकबाट मुक्तिको अधिकार (ICESCR 11.2)

एकातिर कृषि क्षेत्रको वृहत्तर विकासका गुरूयोजनाहरू बनिरहेका छन् भने अर्कोतर्फ नेपाली कृषकको जीवनस्तर उठ्न सकेको छैन। खाद्यान्नको अभाव झन् बढ्दो छ। मानवअधिकार वर्ष पुस्तक २००१ मा नेपालमा खाद्यान्नको कूल उत्पादन र खाद्यान्न आवश्यकताको बीचको फरकको प्रवृत्ति देखाइएको थियो जो आज पनि उल्लेख गर्नु सान्दर्भिक ठानिन्छ।

तालिका ६

नेपालमा खाद्यान्न उत्पादन र खाद्यान्न आवश्यकता

वर्ष	१९९५/९६	१९९६/९७	१९९७/९८	१९९८/९९
कुल उत्पादन				
(१ हजार मे. टनमा)	३९१३	३९७२	४०२७	४०९९
कुल माग				
(१ हजार मे. टनमा)	३९४८	४०७९	४१८८	४२८५
अपुग	- ३५	- १०४	- १५१	- १८६

स्रोत : इन्सेक, २००१

यसै सन्दर्भमा सरकारले सन् १९९९ मा ६७ वटा खाद्यान्न डिपोहरू हटाउने निर्णय गऱ्यो। जसमध्ये अधिकांश कर्णाली अञ्चलका बिकट जिल्लाहरू पर्दछन्। यी जिल्लाहरू मध्ये गत साल हुम्लामा मात्र ९० जना मानिसले खान नपाएर ज्यान गुमाउनु पऱ्यो। यस सन्दर्भमा तलको वाक्यांश राखिनु आवश्यक ठानिएको छ :

"पश्चिम नेपालको हुम्ला जिल्लामा सन् १९९८ मा ठूलो भोकमरी देखा पऱ्यो जसले धेरै संख्यामा ज्यान लियो। सरकारी माध्यमबाट यो समस्याको निराकरण हुन सकेन। त्यसपछि एउटा सम्झौता अनुरूप चीनको स्वशासित क्षेत्र तिब्बतबाट खाद्यान्न आयात गर्ने व्यवस्था सन् २००१ मा मिलाइयो।"[८]

यो वर्ष पनि कर्णाली अञ्चलका हुम्ला, मुगु, डोल्पाका

बासिन्दा खाद्यान्न तथा नुनको संकटबाट मुक्त हुन सकेनन्।



पर्याप्त आवासको अधिकार (ICESCR 11.1)

नेपालका पश्चिमी भेगका पूर्व कमैयाहरू गाँस, वासको अभावमा नारकीय जीवन बिताउन बाध्य छन्। यी हजारौं सिमाङ्कित जनसंख्या गाँस-वासको चपेटाले सताइएका छन्। यस बाहेक, हालैका केही वर्ष यता कैयन मानिसहरू माओवादी समस्याले गर्दा विस्थापित हुन पुगेका छन्। धेरै संख्यामा ग्रामीण क्षेत्रका माओवादी पीडितहरू शहर पसी अलपत्र परेका छन्। गाउँ छोड्दा न त उनीहरू आफ्नो सम्पत्ति नै लिन पाउँछन् न त बेचबिखन नै गर्न पाउँछन्। जसले गर्दा हाल आएर यी पीडितहरू गाँस-वासको कृत्रिम अभावमा फसेका छन्। सहरमा उनीहरूले तत्कालै रोजगारी पाउने त्यस्तो कुनै अवसर छैन। यस प्रति सरकार विलकुलै मौन छ।

सामाजिक सुरक्षाको अधिकार (ICESCR 9)

नेपालमा सामाजिक सुरक्षाको स्थिति दिन प्रति दिन खस्कँदो छ। जनसंख्याको एकदमै कम प्रतिशत मात्र सरकारी सेवामा कार्यरत छ। माओवादी समस्याले गर्दा निजी क्षेत्र झन झन् गिर्दो अवस्थामा छ। श्री ५ को सरकारले सन् १९९५ देखि वुढावुढी र विधुवाको सम्मान स्वरूप वृद्ध तथा विधुवा भत्ता वितरण गर्ने कार्यको थालनी गऱ्यो। रकम जति भए पनि सम्मान एक सकारात्मक पक्ष थियो। हाल आएर कतिपय भेगमा यो भत्ता वितरण गर्न छोडिएको छ। भनिन्छ- वजेटको अभाव भयो। तर कतिपय भेगमा वजेटको अभाव भएको यही मौका छोपी निकासा गरिएको वृद्ध तथा विधुवा भत्ता वितरण नगरिएको इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रको अभिलेखमा पाइन्छ।

माओवादी क्रियाकलापका कारणले पनि सामाजिक सुरक्षा दिन प्रति दिन खस्कदो छ। कतिपय ठाउँमा घर भित्र पसी परिवारको सदस्यलाई कुटपिट गरी धम्क्याएर खाना खाएका घटना पाइएका छन्। सिन्धुली जिल्ला झाँगाझोली गाविस-५, कालिमाटीकी २३ वर्षीय यशोदा चौलागाईलाई खाना खान माग्दा "काम गरेर खानु पर्छ, डुलेर खान पाइदैन" भनेको आरोपमा ०५८ असोज १७ गते माओवादीहरूले कुटपिट गरे।

स्वास्थ्यको अधिकार (ICESCR 12)

नेपाली समुदाय स्वास्थ्यलाई अधिकारको रूपमा प्रयोग गर्ने क्षमतामा अझै पुग्न सकेको छैन। बरू स्वास्थ्यलाई सुविधाका रूपमा हेर्ने गरिन्छ। सुविधा पाउने स्वस्थ निरोगी बन्छ, नपाउने रोगी हुन्छ र अकालमा नै मृत्युको शिकार बन्छ। नेपालका सहरी क्षेत्रका आधा जति जनसंख्या अझै पनि शुद्ध पिउने पानीको अभावमा जीवन बाँचिरहेछन्। ग्रामीण क्षेत्रमा त झन कुरै नगरौं। कतिपय ठाउँमा मानिसहरू आहालको पानी पिउन बाध्य छन्। करीब २९ प्रतिशत ग्रामीण जनताले मात्र पिउने पानीको सुविधा उपयोग गर्न पाएका छन्। सत्र प्रतिशत भन्दा बढी मानिसका घरमा चर्पीको व्यवस्था समेत छैन। भएका चर्पी पनि नाम मात्रका छन्। पचास प्रतिशत भन्दा बढी वालवालिकालाई पोषणको अभाव छ। धेरैजसो जिल्ला अस्पताल र ग्रामीण स्वास्थ्य केन्द्रमा डाक्टर र नर्स छैनन्। वर्षौंदेखि यी स्वास्थ्य केन्द्रहरू पियनका भरमा चलिरहेछन्। सरकारले बारम्बार सम्बन्धित डाक्टर र नर्सलाई आफ्नो क्षेत्रमा गई काम गर्न निर्देशन दिने गरेको पनि पाइन्छ, तर यो प्रभावकारी हुन सकेको छैन। कतिपय यस्ता क्षेत्रमा दरबन्दीको अभाव त छँदैछ।

अर्कोतर्फ संकटकाल यता सुरक्षाकर्मीहरूबाट "कर्डन एण्ड सर्च र सर्च एण्ड डिस्ट्रोइ" का क्रममा घाइते भएका सर्वसाधारणहरूको उपचारको समुचित व्यवस्था हुन सकेको छैन। रोल्पा जिल्लाको खुमेल गाविसमा मंसिर १६ गते भएको सुरक्षाकर्मीको कारवाहीका क्रममा घाइते भएकाहरूको समयमा उपचार हुन सकेको थिएन।

१२. परिवार, मातृत्व र वालवालिकाहरुको अधिकार,

परिवारको अधिकार (ICESCR 10.1)

नेपालमा परिवारको अधिकारको दुरूपयोग विशष गरी

जातीय भेदभावको कारणले हुने गरेको पाइएको छ। यसले गर्दा विशेष गरी महिला बढी पीडित हुन्छन्। अन्तरजातीय विवाह नेपालको जनसमुदायमा अप्रचलित छ, भलै संविधानले यो प्रथाको अन्त्य गरिसकेको छ। धेरै यस्ता घटना छन् जसमा माथिल्लो जात र तल्लो जात वीचको विवाहवारीलाई जबरजस्ती टुटाइएको छ। वहुविवाह अझै व्याप्त छ। इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा पारिवारिक हिंसाका सयौं घटनाहरू उल्लेखित छन्। सिन्धुली जिल्ला भद्रकाली गाविसकी मिठुमाया सार्कीलाई उनकै पतिले भदौ ७ गते घरबाट निकाली दोस्रो विवाह गरे। त्यही जिल्लामा एक १३ वर्षीय वालिकालाई उनकै बाबु र सौतेनी आमाले उनीहरूले भनेको केटासँग विवाह गर्न नमानेका कारण घरबाट निकाली दिए। पीडित अहिले हजुर बुवासँग बसेकी छन्।

मातृत्वको अधिकार (ICESCR 10.2)

नेपालमा वाल विवाह अझैसम्म रोकिएको छैन। धेरैजसो स्वास्नी मान्छेको विवाह २० वर्ष भन्दा कम उमेरमा हुन्छ। जसले गर्दा कलिलो उमेरमा नै उनीहरू आमा बन्न बाध्य हुन्छन्। कम उमेरमा गर्भवती हुनु आमाको स्वास्थ्यको लागि हितकर हुँदैन र कतिपय यस्ता कम उमेरका गर्भवती महिला अकालमा नै ज्यान गुमाउन पुग्छन्। नेपालमा प्रति एक लाखमा करीब ८ सय ७५ गर्भवती महिलाले अकालमा नै ज्यान गुमाउँछन्। यसको प्रमुख कारण कलिलो उमेरमा विवाह हुनु नै हो।

वालवालिकाको अधिकार (ICESCR 10.3)

नेपाल पनि वालअधिकारको अभिसन्धिमा हस्ताक्षर गर्ने एक पक्ष राष्ट्र हो। सोही अनुरूप प्रतिवद्धता जनाउने कानून समेत निर्माण भइसकेको छ। यस बाहेक नेपालले वालवालिका सम्बन्धी ऐन २०४८ लागू गरिसकेको छ र आईएलओ कन्भेन्सन १८२ लाई समेत अनुशरण गर्ने प्रतिवद्धता जनाइसकेको छ। यति हुँदा हुँदै पनि नेपाली वालवालिकाको अवस्था भने कहाली लाग्दो छ। कैयन वालवालिका हिंसामै जन्मन्छन्, हुर्किन्छन् र यातनाका शिकार बन्छन्। सार्वजनिक तथा निजी क्षेत्रमा उनीहरूलाई अमानवीय कार्यका निम्ति समेत उक्साइन्छ। हुन त प्रत्येक जिल्ला अदालतमा वाल अदालत र प्रत्येक जिल्ला प्रशासन कार्यालयमा वाल कल्याण समितिको व्यवस्था छ तर यी निकायले काम शुरू गरेको खासै पाइएको छैन।

वालवालिकाको दुरूपयोग बढ्दो छ, यो दुरूपयोग मुश्किलैले मात्र यदाकदा सार्वजनिक हुन्छ। यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगमा एक वर्षमा १० भन्दा बढी उजुरी पर्ने गरेको छैन। परेका उजुरी माथि छानवीन समेत छैन। नेपालको न्यायिक क्षेत्रमा वालवालिकाले विरलै मात्र स्थान

तालिका ८

मानवअधिकार उल्लंघन (सन् १९९२–२००१)



पाउँछन्। इन्सेकको प्रलेख तथा मानवअधिकार वर्ष पुस्तक केन्द्रमा वालअधिकारको उल्लंघन भएका कैयन घटनाहरू पाइएका छन्। बाँके जिल्लाको एक ग्रामीण इलाकामा एक ८० वर्षीय वृद्धले १३ वर्षीय वालिकासँग विवाह गरे।

१४. सांस्कृतिक जीवनमा भाग लिन पाउने अधिकार
आ-आफ्नो संस्कृतिमा सहभागी हुन पाउने अधिकार (ICESCR 15a)

गत साउन ३२ गते सरकारले दलित समुदायका पक्षमा महत्वपूर्ण घोषणा गऱ्यो। जसअनुसार सार्वजनिक स्थानका मठ-मन्दिरमा प्रवेश गर्नबाट कसैलाई रोक लगाउन नपाउने कुरा उल्लेख गरिएको थियो। त्यस्तै अघिल्लो वर्ष सर्वोच्च अदालतले पशुपतिनाथको मन्दिरमा दलितहरूलाई पस्न दिनु पर्ने फैसला सुनाएको थियो। धादिङ जिल्ला अदालतले यस वर्ष दलितहरूलाई सार्वजनिक स्थलका मठ-मन्दिरमा प्रवेश गर्न रोक लगाएको कारण एक गाविसका अध्यक्ष समेतलाई सजाय गऱ्यो। काभ्रे जिल्लाको कानपुर गाउँमा ३ जना दलित महिलाले सार्वजनिक धाराबाट पानी ओसारेको निउँमा कुटाइ खानु पऱ्यो।

१५. शिक्षाको अधिकार (ICESCR 13a)

शिक्षाको अधिकार भित्र निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षा र व्यवसायिक तालिममा प्रवेशको समानताको साथै आवश्यक हुनेका निमित्त विशेष शिक्षाको अधिकार समेत पर्दछ। नेपालमा यस्ता अधिकार प्राप्तिका लागि खासै कदमहरू चालेको पाईंदैन। प्राथमिक शिक्षालाई अनिवार्य गर्ने भनिएको छ तर त्यसका लागि सर्वसुलभ शिक्षाको व्यवस्थामा अनावश्यक झण्झट थोपरिने गरिएको छ। उदाहरणका लागि वालवालिकाका किताब पहिलो अभिभावकले नै किन्नु पर्छ अनि पछि पैसा भुक्तानी गरिन्छ। कतिपय ग्रामीण इलाकाका वालवालिकाहरू पायक पर्ने विद्यालयको अभावमा शिक्षा हासिल गर्नबाट वञ्चित छन् भने कतिपय विद्यालयमा भौतिक सुविधाको अभावका कारण वर्षै भरि पठन पाठन गर्न, गराउन कठिनाइ देखिन्छ। धेरै शिक्षकहरू तालिम प्राप्त छैनन्। शिक्षक दरबन्दी पूर्तिमा राजनीतिकरण गरिन्छ। योग्यताको साटो नातावाद र कृपावादका आधारमा शिक्षक नियुक्ति गरिनाले शिक्षाको गुणस्तर खस्किदो छ। शिक्षा आयोगको न नतिजा प्रकाशित हुन्छ न नयाँ आयोग खुल्छ। जसले गर्दा योग्य शिक्षकहरू अन्य सेवामा पलायन हुन बाध्य छन्। यस्तै कतिपय शिक्षकहरू नक्कली प्रमाणपत्रधारी छन्। सरकारले छानवीन गर्ने कुरा अघि सारे पनि कार्यान्वयन फितलो छ।

नाम मात्रको निःशुल्क शिक्षामा पनि यस वर्षदेखि कक्षा ६ देखि विद्यालयले पुनः शुल्क उठाउन पाउने व्यवस्था गरिएबाट गरीवका छोराछोरी विद्यालय जान नसक्ने स्थितिमा छन्। अर्कातर्फ माओवादी आक्रमणका कारण विद्यालयमा उचित पठनपाठनको लागि उपयुक्त वातावरण समेत छैन।

गोरखा सैनिक प्रति भेदभाव

विगत कन्वि १ सय ८० वर्षदेखि गोरखा सैनिकहरू ब्रिटिश आर्मीको रूपमा एउटा छुट्टै पहिचान बनाएर अनवरत रूपमा संवारत छन्। सेवा कालको यो नामो इतिहासमा विभिन्न मितिमा प्राप्त भिक्टोरिया क्रसको संख्या मात्र १३ पुगिसकेको छ। ब्रिटेन, इण्डिया र नेपाल बीच नेपाली नागरिकहरूलाई गोरखा सैनिकको रूपमा भर्ना गर्दा स्पष्ट रूपमा सम्झौता गरिएको छ कि सम्पूर्ण प्रकारका प्रमोशन, तलब र कल्याणकारी कार्यमा ब्रिटिश सेना सो सरह नै गोरखा सैनिकलाई पनि उपलब्ध गराउने कुरा उल्लेख गरिएको छ। भारतलाई अझै पनि पूर्व सम्झौता अनुरूप नै व्यवहार गरिएको भएता पनि नेपाली मूलका नागरिकलाई भने अत्यन्तै तल्लो स्तरमा व्यवहार गरी तलबमान, पेन्सन र अन्य सुविधाहरूमा भेदभाव गरिएको छ।

गोरखा सैनिकको पेन्सनमा बेलायतले दुई भेदभावपूर्ण अप्रासंगिक नीति लिएको छ। पहिलो, गोरखा सैनिकहरूको सुविधा बेलायत र भारतका बीच १७ नोभेम्बर १९४७ मा भएको सम्झौता अनुरूप भारतीय सैनिकको दरमा दिने भनिएको छ। यो सम्झौतामा नेपाल सरकारको तर्फबाट कुनै पनि प्रकारको संलग्नता नरहेको हुनाले बेलायतले नेपालका गोरखा सैनिकलाई तलबमान लगायतका सुविधामा भारतीय दरमा उपलब्ध गराउने कुरा अत्यन्तै विवादास्पद छ। दोस्रो, नीति हो नेपालको निम्नस्तरीय जिवनस्तर। उनीहरूको भनाइ छ कि नेपालको जीवनस्तर निम्न रहेकाले तलबमान र सुविधा पनि निम्नस्तरकै भए पुग्छ। मुख्य कुरा भनेको समान कामका लागि समान तलब हो। बेलायत सरकारले सन् १९९८ मा गोरखा सैनिकहरूको सुविधामा १ सय ८० प्रतिशतसम्म वृद्धि गऱ्यो। तर नेपाली मुलका सैनिक र ब्रिटिश सैनिकको तलबमानमा निम्नानुसारको भिन्नता देखिन्छ।

	गोरखा पेन्सन (१५ वर्ष)	ब्रिटिश पेन्सन (२२ वर्ष)
करपोरल भन्दा मुनि	७७.३५	५५८.६८
करपोरल	८९.००	५७९.४५
सरजेन्ट	११५.९५	६४२.०२
स्टाफ सरजेन्ट	१२५.१०	७३०.७०
वारेन्ट अफिसर द्वितीय	१३६.३४	७५५.२२

स्रोत : दिपक मास्के

१६. आदिवासीको अधिकार

नेपालमा कैयन आदिवासीको समस्या दिन प्रतिदिन स्वस्कदो छ। कतिपय जनजातिहरू पछि पर्दै किनारा लाग्दै लोप हुने स्थितिमा नै पुगिसकेका छन्। चेपाङ जातिहरू यो स्थितिमा छन्। जनजातिको समस्या विकराल छ। जनताका प्रतिनिधिहरूमा उच्च जातको बाहुल्यता छ। उत्थान गरिनु पर्ने र उद्दार गरिने वर्गका मानिसहरू पाखा लागिरहेछन्। यस्तो स्थितिबाट माथि उठ्न नेपालले जनजातिको समस्या समाधानमा प्रमुख रूपले ध्यान दिनु अत्यावश्यक भइसकेको छ।

निष्कर्ष

यस अध्ययनको प्रमुख उद्देश्य नेपालमा सन् २००१ मा मानवअधिकारको स्थिति विश्लेषण गर्नु रहेको थियो। यसका लागि मुख्य ४ दस्तावेजका आधारमा नेपालमा मानवअधिकारको स्थिति विश्लेषण गरियो। यी चार दस्तावेजहरूमा नेपाल अधिराज्यको संविधान २०४७, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश २०५८, ICCPR र ICESCR थिए। यी दस्तावेजका आधारमा हेर्दा नेपालको मानवअधिकार स्थिति अत्यन्तै भयावह रहेको पाइयो। संकटकालको घोषणा भए पनि अन्तर्राष्ट्रिय मानवीय कानून ICCPR र ICESCR को परिपालना गर्ने तर्फ सरकारले अग्रसरता नदेखाएको प्रष्ट देखियो।

अध्यादेशसंगै तुलना गरेर हेर्दा कतिपय अध्यादेशका दफा वर्तमान सरकारले उल्लंघन गरेको देखियो। हत्या हिंसाले शान्ति निम्त्याउँदैन। यसले अशान्ति मात्र बढाउँछ। यस कुराको महसुस सरकार स्वयंले गरी माओवादीहरूलाई राजनीतिक कुटनीतिका आधारमा वार्ताको टेवलमा ल्याउने कुरामा कमजोरी देखियो। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका सन्तोषजनक रहयो भन्ने अवस्था देखिन्न किनभने यी तिनै अंगहरू सक्रिय रहेकै बखतमा पनि नेपालमा सन् २००१ मा मानवअधिकारका दृष्टिकोणले अत्यन्तै अकल्पनीय र दुःखद घटनाहरू भए। यस वर्ष देशका राजा लगायत राज परिवारका अन्य सदस्यहरूको समेत जीवन रक्षा हुन सकेन। माओवादी वार्ता भड्कियो, संकटकाल लागू भयो। आतंककारी अध्यादेश ल्याइयो। प्रथम पटक शाही सेनालाई देशको आन्तरिक मामिलामा नै परिचालित गरियो। यस्ता घटनाको आधारबाट हेर्दा सन् २००१ नेपालका लागि कालो वर्षको रूपमा देखा पर्‍यो।

नोट

१. संयुक्त राष्ट्रसंघ, १९९४, जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिवेदन (न्यू योर्क, संयुक्त राष्ट्रसंघ)
२. नेपाल अधिराज्यको संविधान २०४७, धारा २२, पाना १४
३. आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश २०५८, दफा १२
४. ऐजन
५. ऐजन
६. क्षेत्री, देवेन्द्र, २०५८, नेपालमा जनसंख्या, विकास र गरिवी : एक एकीकृत विश्लेषण, कार्य पत्र, जनसंख्या अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २४-२८ डिसेम्बर, २००१
७. इन्सेक २००१, मानवअधिकार वर्ष पुस्तक २००१, पाना ८०
८. इएसपी, २००१, प्रो-पुवर गभर्नन्स एसेसमन्ट नेपाल, पाना ८८

REFERENCES

INSEC, 2002, *INFORMAL*, Vol. 11. No. 1, INSEC : Kathmandu.

INSEC, 2001, *Human Rights Yearbook*. 2000. INSEC : Kathmandu

United Nations, 2002, *Human Development Report. 2001*. UN

UNDP, 2002, *Nepal Human Development Report. 2001*. UNDP : Kathmandu

CBS , 2001, *Preliminary Report on Population Census, 2001*. CBS : Kathmandu

United Nations, 1998, *Collection of Human Rights Instruments*. UN : Geneva.

Shibakoti, Gopal, 2001, *International Human Rights and Humanitarian Law*. HR & HLC : Kathmandu.

ICRC 1983. Summary of the Geneva Conventions of August 12, 1949 and their Additional Protocols.

KC, Bal Kumar & Prakash Dev Pant. 2001. Population and Sustainable Development in Nepal : Socio-demographic and Policy Perspectives. A Seminar Paper Presented at Central Department of Population Studies. TU. Kirtipur. 24-28 December 2001.

अनुसूची १

सन् २००१ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्नैपर्ने केही कुराहरु

- यो वर्ष पुस्तकमा सन् २००१ भरिका अर्थात् ०५७ पुस १७ देखि ०५८ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- यस वर्ष देशमा विषम परिस्थिति सृजना भई संकटकाल लागू भएकाले त्यस अवधिमा भएका धेरै घटना समेट्न नसकिएको हुन सक्छ। हामीले पुष्टि गर्न नसकेको घटनालाई सरकारी स्रोत उल्लेख गरेका छौं तर तथ्यांकमा समावेश गरेका छैनौं।
- घटनाहरूको संकलनपश्चात् यथाशक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने, मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनसाय वर्ष पुस्तकको हो। यस क्रममा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी दुःखका साथ क्षमा चाहन्छौं।
- वर्ष पुस्तक प्रकाशनको सिलसिलामा घटनाहरू संकलन गर्न ७५ वटै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्न सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि विभिन्न सम्भाव्य माध्यमद्वारा हामीले भए जति घटनाहरूलाई सकेसम्म संकलन गर्ने र पुष्टि गराई उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।
- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना स्रोतका आधारहरू मानिएका छन्। यसमा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।
- बेपत्ता पारिएको भन्ने शीर्षकमा गत वर्ष झैं यस वर्ष पनि अपहरण गरिएको भन्ने पनि कायम गरेका छौं। त्यसभित्र राज्य तथा राजनीतिक समूहबाट बेपत्ता पारिएका वा अपहरण गरिएका घटनाहरू समवेश गरेका छौं।
- महिला बेचबिखन, पारिवारिक हिंसा, बलात्कार, गर्भपतन जस्ता महिलासँग सम्बन्धित सबै विषयलाई यस पटक महिला अधिकार शीर्षक अन्तरगत राखी बहुविवाह र गर्भपतन तथा पारिवारिक हिंसाका घटनाहरू तथ्यांकमा मात्र उल्लेख गरिएको छ। केही विशेष खालका घटना भने उल्लेख गरिएको छ।
- यस वर्ष पनि बलात्कार र किनबेचका प्रायः घटनाहरूमा पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले नाम उल्लेख नगरिएको हो।
- यस पटक संगठित समूह र राज्यद्वारा हत्या गरिएका र गोलीद्वारा घाइते बनाइएका घटनाहरूलाई मात्र हत्या/गोली शीर्षक अन्तरगत राखिएको छ। गोली चलेका वा बम विस्फोटन भएका तर त्यसबाट कसैलाई केही नभएका घटनाहरू धम्की शीर्षकमा राखिएको छ। व्यक्तिगत कारणले भएका हत्याका केही विशेष खाले घटनाबाहेक अन्यलाई संख्यामा मात्र उल्लेख गरिएको छ। यस्ता घटना उल्लेख गर्दा तिनीहरूलाई अरूबाट पृथक देखाउन छुट्टै अक्षर (इटालिक) प्रयोग गरिएको छ।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। यसमा प्रस्तुत तथ्यांकका आधारहरू भनेको सम्बन्धित जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट संकलित तथ्यांक नै हो।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाम पनि केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य आधारहरु

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक २०००
ख. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरू
ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू
घ. मानवअधिकार वर्ष पुस्तक १९९२ देखि २००१
ङ. District Development Profile of Nepal, 2001
च. विविध



पूर्वाञ्चल

१.१	झापा	१.९	भोजपुर
१.२	इलाम	१.१०	संखुवासभा
१.३	पाँचथर	१.११	सप्तरी
१.४	ताप्लेजुङ	१.१२	सिराहा
१.५	मोरङ	१.१३	उदयपुर
१.६	सुनसरी	१.१४	खोटाङ
१.७	धनकुटा	१.१५	ओखलढुंगा
१.८	तेह्रथुम	१.१६	सोलुखुम्बु

१.१ झापा



जनसंख्या	:	७०१४०२
साक्षरता प्रतिशत	:	७८.०६
महिला साक्षरता प्रतिशत	:	४५.४
क्षेत्रफल (वर्ग कि.मी.)	:	१६०६
गाविस/नपा संख्या	:	४७/३
निर्वाचन क्षेत्र	:	६
विद्यालय	:	६४०
क्याम्पस/उच्च मावि	:	७/३९
अस्पताल/स्वास्थ्य चौकी	:	५/५६
टेलिफोन लाइन	:	४८१६
मोटर सडक (कि.मी.)	:	५८१
प्रहरी कार्यालय संख्या	:	४३
हुलाक संख्या	:	५५

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

दमक नपा-९ मा डेरा गरी बस्ने राष्ट्रिय जनमुक्ति पार्टीका मेची अञ्चल इन्चार्ज ३५ वर्षीय मानबहादुर साँवालाई ०५८ जेठ ६ गते साइकलमा चढी आफ्नो डेरातर्फ गइरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

महेशपुर गाविस-८ का ३२ वर्षीय दिपक पोख्रेलको ०५८ असार १० गते प्रहरी र माओवादीबीच भीडन्त हुँदा प्रहरीको गोली लागी मृत्यु भयो। पीडित नेपाल सद्भावना पार्टीका कार्यकर्ता थिए।

खजुरगाछी गाविसका अध्यक्ष ५५ वर्षीय श्यामसुन्दर यादवलाई ०५८ असार १५ गते माओवादीहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे। यादवलाई ०५८ असार १२ गते बेलुका माओवादीहरूले अपहरण गरेका थिए। पीडितको लास असार १६ गते कोहवरी गाविस-२ स्थित भद्रकाली मावि नजिक काठे पुलमाथि फेला परेको थियो।

शान्तिनगर गाविस-६ का ४८ वर्षीय यामबहादुर आचार्यलाई ०५८ साउन ७ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे। पीडित नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि थिए।

भुटान पिपुल्स पार्टीका अध्यक्ष एवं भुटानी प्रजातान्त्रिक आन्दोलनका नेता आर.के. बुढाथोकीको ०५८ भदौ २८ गते खुकुरी प्रहारबाट हत्या भयो। भुटानी शरणार्थी विद्यार्थीहरूको संगठन स्थापना गर्ने उद्देश्यले युथ अर्गनाइजेशनद्वारा आयोजित कार्यक्रममा उनको हत्या गरिएको थियो। हत्यामा संलग्न भएको आरोपमा एस. के. प्रधानलाई असोज ३ गते गिरफ्तार गरी थुनामा राखिएको छ।

गिरफ्तारीको क्रममा मारिएका दिपक पोख्रेल

धरमपुर गाविस-६ का जनता र माओवादीबीच ०५८ पुस ५ गते दोहोरो भीडन्त हुँदा धरमपुरका करिब ३० वर्षीय पुष्प बजगाई जनताको कुटपिटका कारण सख्त घाइते भएकोमा मेची अस्पतालमा उपचार हुँदाहुँदै भोलिपल्ट मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा एक नवजात शिशु र २ जना महिलाको हत्या भयो। जसमध्ये-

अनारमनी गाविस-३ विर्तामोडकी अम्बिका रेग्मीलाई ०५७ चैत ५ गते आफ्नै पति अनवर हुसेनले घाँटी थिचेर हत्या गरे। पीडितको लासमा पीडकले मट्टितेल खन्याई आगो लगाएर जलाए। पीडकलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा लिएको थियो। अम्बिकाले धर्म परिवर्तन गर्न नमानेपछि उनको हत्या गरेको कुरा पीडकले बताए।

जेल र बन्दीहरु

कूल २ सय जना बन्दी क्षमता भएको झापा जेलमा यस वर्षको अन्त्यसम्ममा १४ महिलासहित २ सय ५४ बन्दी छन्। यसबाहेक २ जना आश्रित नाबालक छन्।

गिरफ्तारी र यातना

अखिल नेपाल जनवादी युवा लिगका महासचिव राजु खड्का, जिल्ला सदस्य देवेन्द्र खरेल, खम्बसिंह कार्की, अम्बिका थपलिया र पवित्रा कार्कीलाई माओवादीको आशंकामा ०५७ माघ २८ गते राति मेची नपा-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माघ २९ गते रिहा गरियो।

हल्दिबारी गाविसका विशाल डाँगीलाई डकैती गरेको आरोपमा ०५७ चैत २२ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितका दाजु रूमनाथ डाँगीले ०५७ चैत ३१ गते नेपाल बार एशोसिएसन जिल्ला ईकाईमा यातना विरूद्ध क्षतिपूर्तिका लागि सहयोग गरिदिन निवेदन दिए।

धाइजन गाविस-१ का दशरथ माविका प्रधानाध्यापक हरिचरण बानियाँ र चारपाने गाविस-४ का गाविस अध्यक्ष प्रेमप्रकाश सिटौलालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १६ गते प्रहरीले गिरफ्तार गरेकोमा पुस ९ गते रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

गरामनी गाविस-६ का नेकाका कार्यकर्ता नारायणसिंह राजवंशीलाई ०५८ वैशाख २४ गते विर्तामोड बजारबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरे। पीडित हाल मुक्त भइसकेका छन्।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा	राज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा
हत्या	६	३	३	६				
गोलीद्वारा हत्या	२	२		२	१	१		१
गोलीद्वारा घाइते/हवाई फायर	१	१		१				
गिरफ्तारी र यातना					४	८	२	१०
बेपत्ता पारिएको	५	१२		१२				
कुटपिट	८	१०		१०	१	२		२
धम्की	१	१		१				
भूमिहीन तथा सुकुम्वासी समस्या	१	४		४				
महिला किनबेच प्रयास	२		११	११				
बलात्कार	३		३	३				
बलात्कार प्रयास	३		३	३				
पारिवारीक हिंसा	४	३	४	७				
जातीय छुवाछूत	१	१	१	२				
पारिवारीक हिंसा	३	३	१	४				
अपहरण	५	११		११				
जम्मा	४५	५१	२६	७७	६	११	२	१३

गौरादह गाविसका ७२ वर्षीय पुरणभक्त अग्रवाल र उनका छोरा अशोक अग्रवाललाई ०५८ जेठ १८ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई जेठ २१ गते मुक्त गरियो।

खजुरगाछी गाविसका श्यामदेव यादव र प्रमोद यादवलाई ०५८ असार १२ गते बेलुका बजारबाट घरतर्फ गइरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई असार १५ गते कोहवरी गाविसस्थित रतुवा खोलाको पुलमा पुऱ्याई मुक्त गरियो।

पृथ्वीनगर गाविसका मानबहादुर लिम्बु, चन्द्रबहादुर कार्की, कुलबहादुर दर्जी र दलबहादुर दर्जीलाई ०५८ भदौ १४ गते माओवादीहरूले अपहरण गरी पाता फर्काएर कुटपिट गरे। पीडितहरूलाई सिंहदेवी प्रा. वि. को आँगनमा बाँधेर राखेको अवस्थामा भदौ १५ गते प्रहरीहरू आई उद्धार गरे।

मेची नपा काकरभिट्टाका दिपक खरेल र पुण्यप्रसाद भेटवाललाई ०५८ भदौ २९ गते नक्कली माओवादी बनी चन्दा असुलेको आरोपमा माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी दुई दिनपछि मुक्त गरियो।

मेची नपा भ्फागुरवाडीका अक्कलबहादुर तामाङ, हर्कबहादुर राई र कुमार राईलाई ०५८ भदौ ३० गते माओवादी पार्टी छाडी हातहतियार सहित मंगोल नेशनल अर्गनाइजेशनमा सामेल भएको आरोपमा माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ३१ गते मुक्त गरियो।

अनारमनी गाविस- ३ का अभय चौधरीलाई सुराकी गरेको आरोपमा ०५८ भदौ ३० गते माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

अनारमनी गाविसमा डेरा गरी बस्ने संगिता न्यौपाने (मोक्तान) लाई माओवादीविरूद्ध सुराकी गरेको आरोपमा ०५८ असोज १ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई असोज १२ गते स्थानीय पत्रकारहरूको जिम्मामा मुक्त गरियो।

गौरादह गाविस-३ का शंकर सतार, सेल्टु ताजपुरिया, हरि सार्की र कल्वा ताजपुरियालाई विभिन्न ठाउँमा लुटपाट गरी जनतालाई दुःख दिएको आरोपमा ०५८ असोज १६ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये हरि सार्की तत्काल भाग्न सफल भए भने अन्य ३ जनालाई असोज २६ गते मुक्त गरे।

राजगढ गाविस-६ का गोपाल राउत र भोला ढुङ्गेललाई माओवादी विरूद्ध प्रतिकार गरेको आरोपमा ०५८ असोज २४ गते माओवादीहरूले अपहरण गरे। आफूहरूलाई प्रतिकार गरेको हो भनी स्वीकार गर्न वाध्य गराई ०५८ असोज २८ गते विर्तामोडमा ल्याएर माओवादीहरूले मुक्त गरेको कुरा पीडित भोलाले बताए।

यस वाहेक यस वर्ष अन्य ७ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पृथ्वीनगर गाविस स्थित साना किसान सहकारी संस्था लिमिटेडका सम्पूर्ण ऋणीहरूलाई ०५७ फागुन १७ गते ऋण नबुझाउन र माओवादीले कर्मचारीहरूलाई ऋण बुझेमा कारवाही गर्ने धम्की माओवादीले दिए। यसअघि माघ ३० गते माओवादीहरूले संस्थाको नगद लुटी कागजात जलाएका थिए।

दमक नपा-१० का नारायण पाण्डे, दिनानाथ अधिकारी, धनबहादुर श्रेष्ठ र ईन्द्रबहादुर श्रेष्ठलाई ०५७ फागुन २१ गते प्रहरी-प्रशासनका कर्मचारीसहित आफ्नो जग्गामा बसोबास गरेका सुकुम्वासीहरूलाई उठाउन गएको अवस्थामा सुकुम्बासीहरूले कुटपिट गरे। नारायण पाण्डेलाई सुकुम्वासीहरूले खुकुरी प्रहार गरी सख्त घाइते बनाएका थिए।

शरणामती गाविस-९ का पदमबहादुर राई र विजुवा राईलाई ०५७ चैत १३ गते माओवादीहरूले कुटपिट गर्नुका साथै सुरून्गा, शरणामनी र नांगनडुब्बा क्षेत्रका व्यापारी र अन्य व्यक्तिहरूलाई मादक पदार्थ विक्री तथा सेवन गरेमा कारवाही गर्ने धम्की दिए।

जलथल गाविस-३ का पूर्णबहादुर कार्कीलाई आफ्नो मोहीको १ विगाहा जमीनमध्ये ६ कठ्ठा जमीन जालसाँजी गरेर लिएको आरोपमा ०५८ वैशाख १३ गते माओवादीहरूले मोही मल्ला सतारलाई फिर्ता गर्न १५ दिनको म्यादसहित धम्की दिए।

गरामनी गाविस-९ का खेमराज शिवाकोटी र शंकर उप्रेतीलाई मादक पदार्थ सेवन गरी पत्नीलाई कुटपिट गरेको

आरोपमा ०५८ वैशाख १६ गते कान समाई ५० पटक उठबस गर्न लगाउनुका साथै पत्नीको खुट्टा ढोग्न लगाए। पीडितहरूले माओवादीविरूद्ध नारा लगाएपछि माओवादीहरूले सख्त कुटपिट गरे।

तोपगाछी र कोरावारी गाविस स्थित प्रहरी चौकीमा ०५८ असार २ गते माओवादीहरूले आगो लगाउनुका साथै बम प्रहार गरी ध्वस्त बनाए।

हल्दिबारी गाविस स्थित प्रहरी चौकीमा ०५८ असार ९ गते माओवादीहरूले तोडफोड गरी आगो लगाई ध्वस्त बनाए।

तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री कृष्णप्रसाद सिटौलाको चन्द्रगढीस्थित घरमा ०५८ असार २४ गते माओवादीहरूले बम प्रहार गर्दा सामान्य क्षति भयो।

बुधवारे गाविस-९ का ६८ वर्षीय हस्तबहादुर न्यौपानेलाई ०५८ असार २५ गते जनकारवाहीका नाममा माओवादीहरूले कुटपिट गरे। कुटपिटबाट पीडितको दुवै तिघ्रा र टाउकोमा गम्भीर चोट लागेको र दाँत झरेको थियो।

दुहागढी गाविस स्थित मित्तल वायर इण्डष्ट्रिजमा ०५८ असार २५ गते राति माओवादीहरूले पेट्रोल बम प्रहार गर्नुका साथै टेलिफोन सेट लुटेर लगे।

खुदुनाबारी गाविस साँघुटारस्थित रेन्ज पोष्ट, ज्यामिरेगढी र सतिघट्टा प्रहरी चौकीमा ०५८ असार २८ गते माओवादीहरूले तोडफोड गरी आगो लगाए।

अनारमनी गाविसका उपाध्यक्ष लोकबन्धु कन्दङ्वालाई ०५८ भदौ ६ गते राति सोही गाविस-१ स्थित आफ्नै घरमा माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।पीडितको उपचार भारतको सिलगुडीमा भयो। पीडकहरूले पीडितको हातखुट्टा बाँधेर आँगनमा लडाई नगद तथा जिन्सी लुटेर लगेको कुरा पीडितले बताए।

बाहुनडाँगी गाविस-३ का ३१ वर्षीय महेन्द्र राईलाई ०५८ भदौ २३ गते जंगलबाट ट्याक्टरमा दाउरा लिएर फर्किरहेको अवस्थामा माओवादीहरूले काठ चोरेको आरोप लगाई बहुवन जंगलमा लगेर कुटपिट गरी भोलिपल्ट मुक्त गरिदिए। पीडितको उपचार मेची अञ्चल अस्पतालमा भयो।

मेचीनगर नपा-१० स्थित अतिथि होटलका मालिक ४८ वर्षीय श्याम कार्की र २३ वर्षीय राजु कार्कीलाई ०५८ कार्तिक १३ गते बेलुका ७ बजेतिर शाही नेपाली सेनाका जवानहरूले कुटपिट गर्नुका साथै पसलसमेत तोडफोड गरे। राजस्व अनुसन्धानका लागि खटिएका सेनाका जवानहरूसँग रक्सी किनबेचको विषयमा विवाद हुँदा सो घटना भएको थियो। पीडितहरूलाई मेची अञ्चल अस्पतालमा उपचार गरियो। यस घटनाले काँकडभिट्टा तनावग्रस्त भएको थियो। यातायात पूर्ण बन्द भए। स्थितिलाई शान्त पार्न शाही नेपाली सेनाको सिंहनाथ गणका गणपति, प्रहरी उपरीक्षक, मेचीनगर नगरप्रमुख तथा व्यवसायीहरूको वैठक बसी पीडकहरूको तलबबाट पीडितहरूको उपचार खर्च र क्षतिपूर्ति गर्ने तथा पीडकहरूलाई विभागीय कारवाही गर्ने सहमति भएपछि यातायात खुलेको थियो।

माओवादीद्वारा हत्या गरिएका खजुरगाछी गाविसका अध्यक्ष सुन्दर यादव

धरमपुर गाविस-९ जोरगाउँमा ०५८ कार्तिक १७ गते देउसी कार्यक्रमका लागि नाचगानको अभ्यास गरिरहेका महिलालाई माओवादीहरूले अपहरण गर्न खोज्दा सोही ठाउँका जनता र माओवादीबीच दोहोरो भीडन्त भयो। कार्तिक १७ देखि १९ गतेसम्म गासिवमा आतंक, कुटपिट र फायरिङ भयो। भीडन्तमा परी माओवादी प्रतिकार समूहका २ जना र माओवादीका ३ जना घाइते भए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छ वाम पार्टीहरूको आव्हानमा ०५८ वैशाख २२ गते निस्किएको मशाल जुलुसलाई विर्तामोड र धुलाबारीमा प्रहरीले अवरोध गर्न खोज्दा झडप भयो। धुलाबारीमा प्रहरीले हवाई फायर गरी लाठीचार्ज समेत गरेको थियो। सोही क्रममा धुलाबारी प्रहरी कार्यालयका इन्चार्ज देवी गौतम सामान्य घाइते भए।

अनेरास्ववियुका करिब ४ सय जना कार्यकर्ताहरूले ०५८ जेठ १ गते चन्द्रगढीस्थित जिल्ला शिक्षा कार्यालयमा सरकारी विद्यालयमा निःशुल्क अध्ययन, संस्कृत शिक्षाको खारेजी जस्ता विभिन्न नारा लगाउँदै जिल्ला शिक्षा अधिकारीको कुर्सी जलाउने क्रममा बद्री भट्टराई र जीवन पाठकलाई प्रहरीले गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १४ गते अनारमनी गाविस-४ का राजु पाठकलाई प्रहरीले गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा १ सय १२ मध्ये ५४ वटा फर्स्योट भई ५८ वटा बाँकी रहे भने सरकारवादी फौजदारी मुद्दा ५९ वटामध्ये ३३ फर्स्योट भई २६ वटा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियावादी देवानी ६९ मध्ये २३ फर्स्योट भई ४६ वटा बाँकी रहे भने सरकारवादी देवानी ६२

वटामध्ये ३४ वटा फस्र्योट भई २८ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी फौजदारी मुद्दा १ सय ८१ मध्ये ७७ वटा फस्र्योट भई १ सय ४ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा १ सय ११ मध्ये ५७ फस्र्योट भई ५४ बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यस जिल्लामा ३ हजार १ सय ७३ जना भूमिहीन, सुकुम्बासीहरूलाई जग्गाधनी पुर्जा वितरण गरेको र २ हजार ९ सय ९४ जनालाई वितरण गर्ने निर्णय भइसकेको तर हाल वितरण नगरिएको कुरा भूमीसुधार कार्यालयले जनायो। ६ हजार १२ जना असहाय, विधवा महिलाहरूलाई ४ किस्ताको भत्ता वितरण गर्ने निर्णय भएकोमा प्रथम किस्ता वितरण गरिसकेको जिविसले जनायो।

दमक नपा-१० मा बसोबास गर्दै आएका सुकुम्बासीहरूलाई ०५७ फागुन २१ गते जग्गाधनी तथा प्रहरी-प्रशासनले हटाउन खोज्दा दुई पक्षबीच भीडन्त भयो। सो क्रममा ६० वर्षीय नारायण पाण्डे गम्भीर घाइते भए। सुकुम्बासीहरूले आक्रमण गर्दा धनबहादुर श्रेष्ठ र इन्द्रबहादुर श्रेष्ठ घाइते भए।

धुलाबारी नपा-२ र ३ मा पर्ने ऐलानी जग्गामा बसोबास गर्दै आएका सुकुम्बासीहरूका ५० भन्दा बढी घर ०५७ फागुन २० गते प्रहरीले भत्काउँदा लाठीचार्ज गर्नुका साथै ३ जनालाई गिरफ्तार गरे।

महिला अधिकार

गौरादह गाविस-१ की ४ वर्षीय एक बालिकालाई ०५७ फागुन ११ गते सोही ठाउँका १७ वर्षीय नरेन्द्र चेम्जोङले चकलेट दिन्छु भनी फकाई बलात्कार गरे। घटनापछि पीडितको उपचार दमकस्थित आम्दा अस्पतालमा गरियो भने पीडक फरार छन्।

शान्तिनगर गाविस-१ की ४ वर्षीय एक बालिकालाई ०५८ वैशाख १३ गते सोही ठाउँका १७ वर्षीय कृष्ण सुवेदीले खेलाउने बहानामा आफ्नो घरमा लगी बलात्कार गर्ने प्रयास गरे। हाल पीडक फरार छन्।

दुवागढी गाविस-४ की १४ वर्षीय एक बालिकालाई ०५८ वैशाख १६ गते दुध बेचेर फर्किरहेको अवस्थामा चारआली बजारमा डेरा गरी बस्ने २५ वर्षीय राजु आचार्यले आफ्नो डेरामा लगी बलात्कार गरे। पीडकलाई प्रहरीद्वारा पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखियो।

हत्या गरिएका भुटान पिपुल्स पार्टीका नेता आर.के.बुढाथोकी

शनिश्चरे गाविस-६ की १२ वर्षीय एक बालिकालाई ०५८ जेठ १५ गते सोही ठाउँका २२ वर्षीय हिरा राजवंशीले घरमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँलेहरूले यस्तो कार्य पुनः नगर्ने धम्की दिई कागज गराए।

शनिश्चरे गाविस-७ की १४ वर्षीय एक बालिकालाई ०५८ मंसिर ८ गते सोही ठाउँका २० वर्षीय देवराज विश्वकर्माले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गिरफ्तार गरियो।

धरमपुर गाविस-७ की २१ वर्षीय एक महिलालाई ०५८ मंसिर १७ गते सोही ठाउँका चुडामणि अधिकारी र इद्रबहादुर राईले बलात्कार गरे। पीडकहरूलाई प्रहरी हिरासतमा राखिएको छ।

बेलडाँगी गाविस-२ का ७ जना युवतीलाई ०५८ असार १८ गते खुदुनाबारी गाविसका ३ जना व्यक्तिले कपडा किनिदिने र घुमफिर गर्ने प्रलोभन देखाई भारततर्फ बिक्री गर्ने उद्देश्यले लगिरहेको अवस्थामा काकरभिट्टाबाट प्रहरीले गिरफ्तार गरी पीडितहरूलाई माइती नेपालको जिम्मा लगाए भने पीडकहरूलाई हिरासतमा राखियो।

मेचीनगर नपास्थित देउराली होटलबाट ०५८ साउन १ गते भारतमा बिक्री गर्न लैजाँदै गरिएका ५ जना युवतीहरूलाई प्रहरीले उद्धार गरे। पीडितहरूलाई माइती नेपाल नामक संस्थाको जिम्मा लगाइयो। पीडकहरू फरार छन्।

शरणामती गाविसकी सविता उप्रेतीलाई ०५७ चैत ४ गते आफ्नै पति चन्द्र उप्रेतीले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडकले सिसौको हाँगाले निकैबेर हिर्काएका थिए। पीडितको मेची अञ्चल अस्पतालमा उपचार गरियो।

बालुवाडी गाविसकी सीता दासलाई ०५८ असार १ गते आफ्नै पति सूर्य राजवंशी र परिवारले ८-१० जना अज्ञात नकाबधारी व्यक्तिहरू लगाएर घरबाट लखेटे। जात नमिलेको भनी परिवारका अन्य सदस्यहरूले पटक-पटक पीडितलाई यातना दिँदै आएका थिए। सो घटनापछि सीता घर छोड्न बाध्य भई हाल भद्रपुरमा बसेकी छिन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

गोलधाप शरणार्थी क्याम्पकी विष्णुमाया ढकाललाई ०५७ चैत १ गते सोही ठाउँका चन्द्र दासले विवाह गरेकोमा चन्द्रलाई विष्णुमायाका बाबुले एक रात बाँधी गाईको पुच्छर समाउन लगाई ब्राम्हण पठाएर छानाको धुरी उघारी शुद्ध पारेर अमानवीय व्यवहार गरे।

पृथ्वीनगर गाविस-५ की जुनु मगरलाई सोही ठाउँका धनेन्द्र गिरीले प्रेम विवाह गरी घरमा ल्याएकोमा परिवारका अन्य सदस्यहरू समेतले ०५८ वैशाख १२ गते घरबाट निकाले।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

छ वाम समूहले आयोजना गरेको मशाल जुलुसमा प्रहरीले लाठीचार्ज गरी हस्तक्षेप गरेको घटनाको विरोध गर्दै ०५८ वैशाख २३ गते मानवअधिकार वातावरण र सामुदायिक विकास केन्द्रले एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

भूटान पिपुल्स पार्टीका नेता आर. के. बुढाथोकीको हत्याको घटनाको निन्दा गर्दै दोषीको पहिचान गरी तुरून्त कारवाही गर्न ०५८ भदौ २८ र २९ गते विभिन्न राजनीतिक पार्टी, मानवअधिकार संघ संस्थाहरूले विज्ञप्ति जारी गरे।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका महेन्द्र राई

अतिरिक्त जानकारीहरू

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ४ पुरूष र १ महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो। ९ पुरूष र ५ महिलाले आत्महत्या गरे। चोरी-डकैती र लुटपाटका १७ वटा घटना भए। विष सेवनबाट २ महिलाको मृत्यु भयो। ट्राफिक दुर्घटनामा परी ५ पुरूष र १ नाबालकको मृत्यु भयो। आगलागीको एउटा घटना भयो भने १ जना महिलाको लास फेला पर्‍यो।

१.१२ इलाम

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

निर्मले गाविस-९ का ३१ वर्षीय हेमकुमार राईलाई ०५७ माघ ५ गते राति गाइवस्तुलाई घाँस हाली राँको बालेर घरतर्फ आइरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाए। पीडितको बायाँ पेटबाट भित्र छिरेको गोली दायाँबाट निस्कँदा आन्द्राभुँडीसमेत निस्किएको थियो। घटनापछि पीडितको उद्दार नगरी प्रहरीहरूले गाउँलेहरूका घर खानतलासी गरेका थिए। घाइते राईलाई गाउँलेहरूले नै भद्रपुर अस्पतालसम्म पुर्‍याएकोमा त्यहाँ उपचार हुन नसकी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराइएको थियो।

लक्ष्मीपुर गाविस-२ का २९ वर्षीय केदार विश्वकर्मालाई ०५७ चैत २२ गते राति टर्चटाइट बालेर छिमेकीको घरबाट आफ्नो घरतर्फ जाँदै गर्दा माओवादीको आशंकामा प्रहरीले गोली हानी हत्या गरे।

सुलुबुङ्ग गाविस-२ स्थित प्रहरी चौकीमा ०५८ मंसिर ९ गते राति माओवादीहरूले आक्रमण गरी असई वलभद्र आचार्य, प्रहरी जवानहरू दुर्गा लिम्बु र अर्जुन योगीलाई गोलीद्वारा घाइते बनाए। पीडितहरू उपचारपश्चात् काममा फर्केका छन्।



जनसंख्या	: २८२८२२
साक्षरता प्रतिशत	: ६५.९
महिला साक्षरता प्रतिशत	: ३९.०
क्षेत्रफल (वर्ग कि.मी.)	: १७०३
गाविस/नपा संख्या	: ५८/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४३४
क्याम्पस/उच्च मावि	: १/९
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: ११०७
मोटर सडक (कि.मी.)	: १६१
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ५२

जीतपुर गाविस-४ का ४२ वर्षीय शिव कट्टेल र ४४ वर्षीय रवेन्द्र गिरीलाई सुराकी गरेको आरोपमा ०५८ मंसिर २४ गते सोयाक गाविस-७ भोर्लेडाँडामा माओवादीहरूले गोली हानी हत्या गरे। पीडितहरूलाई ०५८ मंसिर १३ गते सिद्धिथुम्का गाविसको नाम्थलाबाट अपहरण गरिएको थियो।

सिद्धिथुम्का गाविस-३ का टिका खरेललाई माओवादीको आरोपमा आफ्नै घरबाट ०५८ मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सुरक्षाकर्मी क्याम्पमा मंसिर २५ गते मृत्यु भयो। पीडितको सवको पोष्टमार्टम गरिएपछि परिवारका सदस्यलाई जिम्मा लगाइएको थियो। खरेलको मृत्यु यातनाका कारण भएको आशंका गरिएको छ। तर प्रशासनले भने हृदयघातका कारण मृत्यु भएको जनायो।

लक्ष्मीपुर गाविस-६ का २३ वर्षीय शेखर आचार्यलाई माओवादीको आरोपमा ०५८ पुस १३ गते लक्ष्मीपुर गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हिरासतमै १५ गते मृत्यु भयो। पीडितको सव पोष्टमार्टम गरी माइखोलामा दाह संस्कार गरियो। ०५८ मंसिर १८ गतेको सर्वदलीय वैठकमा अनुसन्धानका लागि वैज्ञानिक उपकरणको व्यवस्था नभएको र राम्रो व्यवारबाट साँचो कुरा बयान हुन नसक्ने भएकाले कुटपिट गर्नु पर्ने हुन्छ भनी प्रशासनबाट जानकारी गराइएको थियो। त्यसबाट पनि आचार्यको मृत्यु

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	२		२	१	१		१
गोलीद्वारा घाइते/हवाई फायर	१	३		३	१	१		१
हिरासत/जेलमा मृत्यु					२	२		२
गिरफ्तारी र यातना					२	२	२	४
कुटपिट	६	१0	१	११				
धम्की	१	१		१				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	१		१	१				
अमानवीय व्यवहार	२		६	६				
अपहरण	८	९	१	१0				
जम्मा	२७	२६	१५	४१	६	६	२	८

यातनाका कारण भएको आशंका गरिएको छ।

यसबाहेक यस वर्ष एक घटनामा स्वास्थ्यकर्मीहरूको लापरवाहीका कारण गर्भपतन गराउँदै गर्दा एक जना महिलाको मृत्यु भयो भने गोर्खे गाविस-२ का एक जना १७ दिनको शिशुलाई ०५७ फागुन १६ गते आफ्नै वाबु सरोज गुरूङले भित्तामा बजारेर हत्या गरी फरार भए।

जेल र बन्दीहरु

५५ जना बन्दी क्षमताको "ग" श्रेणीको जेल यस जिल्लामा छ। यस जेलमा कैद तोकिएका ३६ पुरूष र ५ महिला तथा कैद नतोकिएका ५८ पुरूष र ४ महिला गरी कूल १ सय ३ जना बन्दी छन्। बन्दीहरूमध्ये ९४ पुरुष र ९ महिला छन्। एक जना नावालक बन्दीलाई पनि अन्य बन्दीहरूसँगै राखिएको छ। जेलको अवस्था जीर्ण छ। पुरूषतर्फ ३ र महिलातर्फ एउटा मात्र चर्पीको व्यवस्था भएकाले ज्यादै कठिनाई रहेको बन्दीहरूको गुनासो छ। जेलमा औषधी उपचार र खानेपानीको पर्याप्त व्यवस्था नभएका कारण अनि कठीन अवस्थामा जेल चलेको गुनासो जेलर खिलराज पोख्रेलले वताए।



प्रहरीद्वारा मारिएका केदार विश्वकर्मा

गिरफ्तारी र यातना

नेकपा (मार्क्सवादी) का जिल्ला सचिव भूमी ढुङ्गाना र महेन्द्र बहुमुखी क्याम्पस, इलामका उपप्राध्यापक बुद्धिप्रकाश घिमिरेलाई ०५७ पुस १७ गते नौ वाम पार्टीहरूले आव्हान गरेको नेपाल बन्द कार्यक्रम प्रचार गर्दै हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५७ पुस १८ गते बेलुका रिहा गरियो।

मोरङ जिल्ला राजघाट गाविस-५ का २५ वर्षीय सरस्वती मगर र झापा जिल्ला शनिश्चरे गाविस-४ की २५ वर्षीय शिवा हमाललाई प्रहरीले विराटनगर जेलबाट इलाम ल्याएकोमा प्रहरीमाथि आक्रमण गरेको आरोप लगाउँदै ०५७ फागुन १ गते जेल चलान गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

महमाई गाविसका तिलवहादुर लिम्बुलाई ०५८ वैशाख ५ गते विभिन्न आरोप लगाई माओवादीहरूले अपहरण गरे। पीडितलाई वैशाख ९ गते मुक्त गरियो।

साफफाटा गाविसमा रहेको प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार दुर्गाप्रसाद कार्कीलाई ०५८ असार ९ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाउँदै असार १५ गते मुक्त गरियो।

शान्तिपुर गाविस-३ का ३९ वर्षीय भानु ढुंगानालाई ०५८ असार १५ गते घरबाटै माओवादीहरूले अपहरण गरे। पीडित ढुंगानालाई १९ गते मुक्त गरियो।

महमाई गाविस-८ फुलवारी सामुदायिक उपभोक्ता समितिका अध्यक्ष शिव कुमाल र सचिव चन्द्र निरौलालाई ०५८ असार १९ गते गाउँमा हिंडिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे।

इरौटार गाविस-३ का २८ वर्षीय राजेन्द्र वराललाई ०५८ कार्तिक १८ गते बेलुका आफ्नै घरवाट माओवादीहरूले अपहरण गरे। पीडिनलाई विभिन्न आरोप लगाइएको कुरा स्वीकार व्यक्त पत्रमा सही गराई कार्तिक २१ गते मुक्त गरियो।

महमाई गाविस-४ का सन्तराम योङ्गहाङलाई ०५८ पुस ८ गते घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी केही दिन गाउँ छाडेर अन्यत्र नजाने शर्तमा सोही दिन मुक्त गरे।

यस वर्ष यो जिल्लामा अपहरणका ८ वटा घटना भए। त्यसमध्ये ७ वटा अपहरणका घटना माओवादीद्वारा गरिएको हो भने अन्य एक घटना व्यक्तिगत कारणले भएको हो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

निर्मल प्रहरी चौकीमा कार्यरत प्रहरी असई टेकबहादुर गिरी, हवल्दार खेम सञ्जेल र जवान रूद्र पोखरेललाई ०५७ पुस १९ गते राति १० बजेतिर माओवादीहरूले कुटपिट गरे। पीडकहरू २५-३० जनाको समूहमा चौकीमा आई प्रहरीहरूलाई कुटपिट गर्दै जागीर छोड्न धम्की दिएका थिए। त्यसपछि पीडितहरूले लगाएको कपडाबाहेक सम्पूर्ण कपडा माओवादीहरूले लगी चौकीको प्रतिक्षालय र साइनबोर्डमा आगो लगाइदिएका थिए।

नामसालिङ गाविस-५ का ३९ वर्षीय मिन भट्टराईलाई ०५७ पुस २८ गते सोही गाविस-९ का २५ वर्षीय सन्तोष तामाङले कुटपिट गरे। पीडक उपर सार्वजनिक अपराध ऐन अन्तरगत कारवाही चलाइयो।

शान्तिपुरस्थित प्रहरी चौकीमा ०५७ माघ १७ गते राति माओवादीहरूले बम विस्फोट गराए। चौकीमा सुतिरहेका प्रहरी हवल्दार कुलबहादुर कार्की तथा जवानहरू कृष्ण चौधरी र भैरव कार्कीलाई बाहिर निकाली कुटपिट गरेका थिए। पीडितहरूलाई "तुरून्त जागीर छोड, अन्य कुनै ठाउँमा सरूवा भएर गएपछि अन्तिम कारवाही गर्छौं" भनी माओवादीहरूले धम्की दिएका थिए।

कोलवुङ गाविस-९ स्थित झापा जिल्लाको सीमाना राजमार्गमा ०५७ फागुन १ गते माओवादीहरूले बम विस्फोट गराए।

इरौटार गाविस-२ का ५१ वर्षीय खीलबहादुर गुरूङलाई ०५८ वैशाख १ गते आफ्नै घरबाट माओवादीहरूले डोरीले बाँधी कुटपिट गरे।

कन्याम गाविस स्थित चिया कारखानामा ०५८ असार २५ गते माओवादीहरूले बम विस्फोटन गराए।

जितपुर गाविस स्थित स्थायी प्रहरी चौकीमा ०५८ असार २७ गते माओवादीहरूले आगो लगाई ध्वस्त पारे।

दानावारी गाविस-३ स्थित लोदिया प्रहरी चौकीमा ०५८ मंसिर १० गते माओवादीहरूले हवाई फायर गर्दै आगो लगाए।

इलाम नपा-२ स्थित कृषि विकास बैंक नजिकै ०५८ पुस १० गते माओवादीहरूले प्रेसर कुकर बम विस्फोट गराए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

६ वाम पार्टीद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १३ गते बेलुका मशाल जुलुस प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा दुईवटा अदालत छन्। जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २ सय ३८ र यस वर्ष दर्ता भएका २ सय ११ गरी ४ सय ४९ वटा मुद्दा रहे। जसमध्ये दुनियावादी देवानी २ सय ८०, दुनियावादी फौजदारी १ सय ४२ र सरकारवादी फौजदारी २७ वटा थिए। यस वर्ष अघिल्लो वर्षको जिम्मेवारी सरेर आएकामध्ये १ सय ८ फर्स्यौट भई १ सय ३० बाँकी रहे भने यस वर्ष दर्ता भएकामध्ये ४८ फर्स्यौट भई १ सय ६३ वटा बाँकी रहे। यस अदालतमा ३ वटा मुद्दा २ वर्षभन्दा अघिका छन्।

पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा ७ सय ३६ रहे। यस वर्ष दुनियावादी देवानी २ सय ४१, सरकारवादी फौजदारी १ सय ४६ र दुनियावादी फौजदारी १ सय ५९ र रिट ७५ गरी ६ सय २१ वटा मुद्दा दर्ता भए। यसरी यस वर्ष कूल १ हजार ३ सय ५७ वटा मुद्दा रहेकोमा दुनियावादी देवानी ४ सय १२, सरकारवादी फौजदारी २ सय ४०, दुनियावादी फौजदारी २ सय ५९ र रिट १ सय २६ गरी १ हजार ३७ वटा फर्स्यौट भए। यस अदालतमा २ वर्ष नाघेका दुनियावादी देवानी ७, दुनियावादी फौजदारी १, सरकारवादी फौजदारी १ गरी ९ वटा मुद्दा छन्। झापा जिल्ला निर्वाचन क्षेत्र नं. २ र ४ का प्रतिनिधिसभा सदस्यको निर्वाचन वदर र मत गणना दोहोऱ्याई पाउँ भनी दिइएका दुई वटा मुद्दा निर्वाचन विशेष अदालतको नै म्याद थप नभएका कारण मुद्दा किनारा लाग्न सकेनन्।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध र हातहतियार खरखजाना मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २० र यस वर्ष दर्ता भएका ९ गरी २९ वटा रहेकोमा गत वर्षका ८ र यस वर्षको एउटा गरी ९ वटा फर्स्यौट भई २० वटा बाँकी रहे।

महिला अधिकार

चुलाचुली गाविस-५ की ९ वर्षीय एक बालिकालाई ०५७ चैत १७ गते गाई चराउन जंगलमा गएको अवस्थामा सोही गाविस-४ का १७ वर्षीय सैलेन्द्र चापागाईंले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई १८ हजार रूपैयाँ धरौटीमा तारेखमा रिहा गरियो।

प्याङ्ग गाविस-३ की १८ वर्षीय एक युवतीलाई ०५७ माघ २९ गते सोही गाविस-५ का २६ वर्षीय अमित थेंवे (सुब्बा) ले बलात्कार गरेकोमा ०५८ मंसिर २ गते छोरी जन्माइन्। पीडितले नाताकायम गरीगाउँ भनी जिल्ला अदालतमा दिएको मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

बाँझो गाविस-२ झिल्केगाउँकी १४ वर्षीय एक बालिकालाई ०५७ फागुन ५ गते राति महमाई गाविस-४ का रणबहादुर लिम्बुले महमाई गाविस-३ को जंगलमा लगेर बलात्कार गरे। पीडकविरूद्ध कुनै निकायमा उजुरी गरिएन र कारवाही पनि भएन।

इलाम नपा-४ की १३ वर्षीय एक बालिकालाई ०५८ वैशाख १८ गते इलाम नपा-४ का २४ वर्षीय अर्जुनकुमार अधिकारीले सोही ठाउँस्थित खारखोलामा बलात्कार गर्ने प्रयास गरे। पीडकलई पुर्पक्षका लागि थुनामा राखिएको छ।

आमचोक गाविस-४ की २८ वर्षीय एक महिलालाई ०५७ वैशाख २४ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका २९ वर्षीय टठबहादुर राईले वलात्कार गरी गर्भवती बनाएकोमा ०५७ माघ २१ गते छोरो जन्माइन्। हाल पीडक फरार छ।

बरबोटे गाविस-५ छ्यारछ्यारेकी ५६ वर्षीय गंगादेवी घिमिरेलाई ०५७ चैत १५ गते आफ्नै पति राधाकृष्ण घिमिरे र छोरा टंकप्रसाद घिमिरेले कुटपिट गरी गम्भीर घाइते बनाए।

आमचोक गाविस-४ की २८ वर्षीय सानीमाया राईले ०५७ माघ १ गते छोरी जन्माइन्। सोही ठाउँका २९ वर्षीय रूढबहादुर राईले ०५७ वैशाख २४ गते यौन सम्पर्क गरी आफूलाई गर्भवती बनाएको सानीमाया बताउँछिन्। आफूलाई पत्नीको रूपमा स्वीकार गर्न अस्वीकार गरेपछि नाता कायम गराइपाउँ भनी सानीमायाले अदालतमा उजुरी दिएकीछिन्।

साङरूम्बा गाविस-७ की २४ वर्षीय यादवकुमारी खड्काको ०५८ वैशाख २१ गते साङरूम्बा उपस्वास्थ्य चौकीका अहेब रामचन्द्र मिश्र र खगेन्द्र दंगालले गर्भपतन गराउँदा मृत्यु भयो। दुई वच्चाकी आमा भइसकेकी यादवकुमारी पुनः गर्भवती भएपछि गर्भपतन गराउन चाहेकी थिइन्। तर, स्वास्थ्यकर्मीहरूले पर्याप्त ज्ञान, साधन-श्रोत नहुँदा नहुँदै गर्भपतन गराइदिन खोज्दा अत्यधिक रक्तश्राव भई यादवकुमारीको मृत्यु भएको थियो। प्रहरीले पीडितका पति जीतबहादुर खड्कालाई पक्राउ गरी ५ हजार रूपैयाँ धरौटीमा रिहा गरे भने अहेवद्वय फरार छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नौ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा भूमी ढुङ्गाना र बुद्धिप्रसाद घिमिरेलाई प्रहरीले गिरफ्तार गरेको घटनाको विरोधमा ०५७ पुस १८ गते मानवअधिकार मञ्चले एक विज्ञप्ति जारी गर्‍यो।

जीर्मले गाविस-८ कुवापानीका ३१ वर्षीय हेमकुमार राईलाई ०५७ माघ ५ गते प्रहरीले गोली हानी घाइते बनाएको घटनाको विरोध गर्दै मानवअधिकार मञ्च र नेकपा (एमाले) ले माघ १२ र १५ गते अलग-अलग विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष १८ महिला २३ पुरूष र २ नाबालक गरी ४३ जनाले झुण्डिएर आत्महत्या गरे। विष सेवनबाट ४ पुरूष, ४ महिला र १ नाबालकको मृत्यु भयो। ट्राफिक दुर्घटनामा परी १२ जनाको मृत्यु भयो। भवितव्य ज्यानका १० वटा घटना भए। डुबेर १, आगोमा परी २, लडेर १ जनाको मृत्यु भयो।

१.३ पाँचथर

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा २ पुरूष र २ महिलाको हत्या भयो। ती मध्ये पनि भवितव्य तथा आकस्मिक प्रकृतिका घटना पनि थिए। जसमध्ये-

फाक्तेप गाविस-२ का ४९ वर्षीय अमरबहादुर नेम्वाङलाई मादक पदार्थ सेवन गरेको रकम माग्दा नतिरेको भए पनि तिरिसकेको बताएको आरोपमा ०५७ फागुन २१ गते नवमीबजारबाट फर्कदै गर्दा नवमीडाँडा गाविस-२ का ५५ वर्षीय जीतबहादुर नेम्वाङले कुटपिट गरी सख्त घाइते बनाएकोमा चैत ४ गते घरमा मृत्यु भयो। पीडक फरार छन्।

जेल र बन्दीहरु

"च" श्रेणीको पाँचथर जेलको वन्दी क्षमता २५ जना हो। हाल यस जेलमा नजरबन्दमा रहेका १७ जनासमेत गरी ४७ जना पुरूष बन्दी छन्, महिला बन्दी छैनन्। बन्दीहरूमध्ये कैद तोकिएका २३ जना र कैद नतोकिएका २४ जना छन्। जेल निकै साँघुरो भएकाले समस्या उत्पन्न भएको बन्दीहरूको गुनासो छ। ठूलो पानी ट्यांकी र नयाँ चर्पी निर्माण गर्नुपर्ने आवश्यकता खट्किएको जेलर हर्कबहादुर राई बताउँछन्। भवनको भित्ता र वुर्जा जीर्ण छन्। निवासको अभावमा जेलर र पाले बाहिरै डेरा लिएर बस्नुपर्ने वाध्यता छ। पानी चुहिने समस्याले पनि सताएको गुनासो बन्दी तथा कर्मचारी गर्दछन्। जेल खाल्डो भागमा रहेकाले अग्लो भागमा सारिनुपर्ने आवश्यकता रहेको जेलरले वताए।

गिरफ्तारी र यातना

भारपा गाविस-२ का २८ वर्षीय बेनुप्रसाद सिटौलालाई गोपेटारस्थित प्रहरी चौकीबाट पैसा चोरी गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा ०५७ माघ २४ देखि २७ गतेसम्म सख्त यातना दिए।

यसबाहेक अर्को एक घटनामा माओवादीहरूलाई बम जडान गर्न बिजुलीको प्लग दिएर सहयोग गरेको आशंकामा गिरफ्तार गरिएका २ जना पुरूषलाई ०५८ मंसिर २८ गते प्रहरीले यातना दिए। पीडितहरूले घटना सार्वजनिक गर्न चाहेनन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सुभाङ गाविस-२ खाम्खुका ७३ वर्षीय भोलानाथ मिश्र, ५५ वर्षीय रामप्रसाद तिम्सिना, २१ वर्षीय मेदनी तिम्सिना, १७ वर्षीय नरबहादुर खनिवडालाई सुराकी गरेको आरोपमा ०५७ माघ २ गते राति माओवादीहरूले कुटपिट गरे।

नागीन गाविस-६ का ३३ वर्षीय जीवननाथ फुयाँललाई किर्ते गरी जग्गा हडपेको र उक्त कुरा स्वीकार नगरेको आरोपमा

०५७ फागुन १ गते राति माओवादीहरूले कुटपिट गरी आफूले किर्ते गरेको हुँ भन्न लगाए।

नागीन गाविस-४ तृतीयाभञ्ज्याङका ४६ वर्षीय डिल्लीविक्रम मेयाङ्बोलाई ०५७ चैत १६ गते राति आफ्नै घरमा माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिनुका साथै घरमा रहेको २ वटा बन्दुक, खुकुरी र भाला लुटेर लगे।

नागीन गाविस-७ वुधुकका ३५ वर्षीय हर्कबहादुर लिम्बूलाई बन्दुक दिन नमानेको आरोपमा ०५७ चैत २२ गते बेलुका माओवादीहरूले खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

नागीन गाविस-९ खत्रीगाउँका २४ वर्षीय अर्जुन नेउपानेलाई चोरी-डकैती गरेको आरोपमा ०५८ वैशाख १६ गते राति माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडित उपचारार्थ भारत गए।

प्राङबुङ गाविस-७ तालखर्कका सिंह कालिका प्राथमिक विद्यालयका प्रधानाध्यापक ३७ वर्षीय महानन्द ओझालाई ०५८ जेठ १ गते राति माओवादीहरूले विद्यालयको प्राङ्गणमा बोलाएर सख्त घाइते हुनेगरी कुटपिट गरे।

सुभाङ गाविस-२ एकचेपाका ४६ वर्षीय धर्म तिम्सिनालाई आफ्नै भतिजीलाई बलात्कार गरेको आरोपमा ०५८ जेठ ९ गते दिउँसो नीलगिरी उच्च माविमा सोही ठाउँका मानिसहरूको उपस्थितिमा माओवादीहरूले भाटा प्रहार तथा कुटपिट गरे।

फिदिम गाविस-७ का देशान्तर साप्ताहिकका सम्वाददाता २३ वर्षीय लवदेव ढुङ्गानालाई समाचार सम्प्रेषणसम्बन्धी विषयलाई लिएर ०५८ जेठ ३२ गते पाथीचरा गेष्ट हाउस अगाडि बेलुका इन्द्रायणी अटो मोवायल्सका प्रकाश तिम्सिनाले कुटपिट गर्ने धम्की दिए।

सिदिन गाविस-४ इम्सूवाका २७ वर्षीय तारा राईलाई माओवादीको नाममा लुटपाट गरेको र धम्की दिएको आरोपमा ०५८ असार ११ गते राति माओवादीहरूले कुटपिट गर्नुका साथै सोही ठाउँका जनता भेला गराई १५ भाटा हिर्काई १ सय ५० पटक उठबस गर्न लगाए।

फिदिम गाविस-३ कार्तिकेका रामकुमार नेम्वाङ र वीरेन्द्र नेम्वाङलाई क्रमशः बहुविवाह गरेको र विद्यालयमा शिक्षक भएर काम नगरेको आरोपमा ०५८ असार १४ गते राति माओवादीहरूले भाटा प्रहार गरी कुटपिट गरे।

सिदिन गाविस-७ का ३४ वर्षीय हर्कलाल केरूङलाई विद्यालयको रकम भ्रष्टाचार गरेको आरोपमा ०५८ असार १४ गते राति माओवादीहरूले भाटा प्रहार गरी कुटपिट गरे।

रानीटार गाविस-२ स्थित रानीटार माविका शिक्षक ३८ वर्षीय भक्तबहादुर राईलाई आफूहरूलाई अनुशासनको पालना गर्नू भनेको विषयलाई लिएर कुटपिट गरेको आरोपमा ०५८ असार १४ गते दिउँसो सोही विद्यालयमा अध्ययनरत पदम तामाङ र कुमार तामाङले विद्यालयमा कुटपिट गरे। पीडकहरूलाई विद्यालय व्यवस्थापन समितिको बैठकद्वारा २ महिनाको लागि निष्काशन गरियो।

प्राङबुङ गाविसस्थित प्रहरी चौकीबाट ०५८ असार १७ गते बेलुका प्रहरी बाहिर गएको अवस्थामा माओवादीहरूले एउटा स्लिपिङ ब्याग र एउटा पेटी लुटेर लगे।

नागीन गाविस-६ का ४५ वर्षीय लालबहादुर रिमाल र उनकै काकी (मुखिनी साहिँली) लाई आपसमा यौन सम्पर्क राखेको आरोपमा ०५८ असार १८ गते राति माओवादीहरूले क्रमशः ७० भाटा प्रहार र कुटपिट गरे।

लिम्बा गाविस-४ का ३४ वर्षीय डिल्लीश्वर भेगिमलाई माओवादीका नाममा चन्दा असुल गरेको आरोपमा ०५८ असार २० गते बेलुका लिम्बा बजारमा माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

मौवा गाविस-५ का राप्रपाका क्षेत्रीय सदस्य तथा पूर्व



जनसंख्या	:	२०२६०८
साक्षरता प्रतिशत	:	५७.४८
महिला साक्षरता प्रतिशत	:	४४.०३
क्षेत्रफल (वर्ग कि.मी.)	:	१२४१
गाविस/नपा संख्या	:	४१/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३७६
क्याम्पस/उच्च मावि	:	१/८
अस्पताल/स्वास्थ्य चौकी	:	१/४१
टेलिफोन लाइन	:	४२५
मोटर सडक (कि.मी.)	:	९१
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	४६

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
गिरफ्तारी र यातना					२	२		२
लाठी चार्ज	१	१		१	१	६		६
कुटपिट	३६	४६	८	५४	१	२		२
धम्की	४	४		४				
बलात्कार	१		१	१				
गर्भपतन	१		१	१				
बाल अधिकार	२	१	१	२				
अमानवीय व्यवहार					१	१		१
जम्मा	४९	५४	१३	६६	५	१२		१२

गाविस उपाध्यक्ष ४९ वर्षीय हेमन्त खड्कालाई ०५८ असार २२ गते राति माओवादीहरूले ९५ भाटा प्रहार गरी कुटपिट गरे।

सुकुम्बासी समस्या समाधान आयोगको कार्यालयमा कार्यरत कर्मचारीलाई धम्की दिई त्यहाँ रहेका जग्गाधनी पुर्जा र अन्य कागजपत्रहरू ०५८ असार ३० गते बिहान आफूलाई माओवादी बताउने ६ जना व्यक्तिहरूले जलाए।

मौवा गाविसस्थित प्रहरी चौकीमा ०५८ साउन ३ गते माओवादीहरूले सोही ठाउँका जनतालाई दाउरा ल्याउन लगाई मट्टितेल खन्याएर आगो लगाए। यसका साथै माओवादीहरूले मौवा बजारमा १५ वटा क्यारेमबोर्डमा समेत आगो लगाए।

माओवादीद्वारा कुटपिट गरिएका ७३ वर्षीय भोलानाथ मिश्र

थर्पु गाविस-९ ऐसेलुका ४८ वर्षीय नारद खतिवडालाई नक्कली माओवादी बनेको आरोपमा ०५८ भदौ १६ गते राति माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। आफू झारफुक गर्ने व्यक्ति भएकाले सोही सम्बन्धी उजुरीका आधारमा आफूलाई कुटपिट गरिएको कुरा पीडितले बताए।

भारपा गाविस-८ टाहारीका ४५ वर्षीय पदम तिम्सिनालाई सुराकी गरेको र चर्को ब्याज लिएको आरोपमा ०५८ भदौ २० गते राति आफ्नै घरमा माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे। आफूले कुनै त्यस्तो कार्य नगरेको र आफू शिक्षक संगठनको कार्यकर्ता भएको हुनाले त्यसैको आधारमा कुटपिट गरिएको हुनसक्ने कुरा पीडित पक्षले बताए।

भारपा गाविस-६ का ४० वर्षीय आइतबहादुर यवा, ३० वर्षीय शेरबहादुर यवा र २९ वर्षीय जसबहादुर यवालाई जारी उठाएको आरोपमा ०५८ भदौ २१ गते राति माओवादीहरूले कुटपिट गरे।

याङनाम गाविस-४ का ५१ वर्षीय चक्रबहादुर याम्सुहाङलाई ०५८ कार्तिक १ गते माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडित हाल अपाङ्ग भएका छन् र उपचार गरिरहेका छन्।

अमरपुर गाविस-४ भालुचोकका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा गाविस उपाध्यक्ष ४५ वर्षीय बेनुप्रकाश कार्कीलाई माओवादीहरूको प्रतिकार गरेको आरोपमा ०५८ मंसिर १३ गते बेलुका माओवादीहरूले घरबाट निकाली भालुचोक बजारमा लगेर कुटपिट गरी सख्त घाइते बनाए।

सिदिन गाविस-८ थाकपनका ३२ वर्षीय रामबहादुर तामाङलाई सुराकी गरेको आरोपमा ०५८ पुस ६ गते राति माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिनुका साथै "जसले उपचार गर्छ त्यसको यस्तै हालत हुनेछ" भन्ने धम्की दिए। रेडक्रसका पदाधिकारीको सहयोगमा हाल पीडितको उपचार भइरहेको छ।

नागीन गाविस-३ सेजेपाका नेकाँका कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ५० वर्षीय अम्बिका नेउपानेलाई सुराकी गरेको आरोपमा ०५८ पुस ११ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले बाहिर निकाली धारिलो हतियार प्रहार तथा कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ हेलिकप्टरद्वारा काठमाण्डौस्थित शिक्षण अस्पताल पुऱ्याइयो।

यसबाहेक एक घटनामा एक जना व्यक्तिलाई माओवादीहरूले ८० भाटा हिर्काउनुका साथै उठबस गरी घुँडा टेक्न लगाए। त्यसैगरी अर्को एक घटनामा एक जना बृद्धलाई माओवादीहरूले कुटपिट गरे। पीडितहरूले घटना सार्वजनिक गर्न चाहेनन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) द्वारा आयोजित मशाल जुलुसका क्रममा ०५८ वैशाख २२ गते बेलुका प्रहरीले हस्तक्षेप गरे।

माओवादीद्वारा कुटपिट गरिएका चक्रबहादुर याम्सुहाङ, रामबहादुर तामाङ र आइतबहादुर यवा

पाँचथर सन्देश साप्ताहिकका सहसम्पादक २२ वर्षीय लेखनाथ खनिवडालाई ०५८ वैशाख २७ गते पत्रकार कुमार ओझाले कार्यालयमै गई कुटपिट गरे। कुमार ओझाले पत्रकार परिचय पत्रको दुरुपयोग गरी एसएलसी परीक्षाका केही विद्यार्थीलाई चिट चोराएको भनी समाचार लेखेको कारण सो घटना भएको थियो। पत्रकार महासंघ जिल्ला कार्य समितिले मिलापत्र गरायो।

छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १६ गते दिउँसो जिल्ला अदालत अगाडि प्रदर्शनकारीहरूमाथि प्रहरीले लाठीचार्ज गरी ४७ वर्षीय प्रेम रिजाल, ३८ वर्षीय भरत खड्का, ४२ वर्षीय चेतप्रसाद पोखरेल, ६१ वर्षीय गंगाराम खड्का, २२ वर्षीय रवीन नेम्वाङ, २० वर्षीय कुमार योङहाङ र ७९ वर्षीय नरबहादुर ढुङ्गानालाई सख्त घाइते बनाए भने नेकपा (एमाले) का जिल्ला कमिटी सचिव गणेशकुमार काम्वाङलाई गिरफ्तार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय ७३ र यस वर्ष दर्ता भएका ५३ गरी २ सय २६ वटामध्ये १ सय ११ फर्स्योट भई १ सय १५ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय २७ र यस वर्ष दर्ता भएका ३३ गरी १ सय ६२ वटामध्ये ८६ फर्स्यौट भई ७६ वटा बाँकी रहे भने सरकारवादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १४ र यस वर्ष दर्ता भएका ११ गरी २५ वटामध्ये ८ फर्स्यौट भई १७ वटा बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष सार्वजनिक अपराधसम्बन्धी ११ वटा मुद्दा दर्ता भएकोमा ३ वटा मात्र फर्स्यौट भए। त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा यस वर्ष विभिन्न शिर्षकमा ६४ वटा मुद्दा दर्ता भए।

जिल्ला वन कार्यालयमा यस वर्ष एउटा मात्र मुद्दा दर्ता भयो। जिल्ला मालपोत कार्यालयमा यस वर्ष विभिन्न शीर्षकमा ८ सय ३० वटा मुद्दा परेकोमा ३ सय २ वटा मुद्दा फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष ०५८ असार ३० गते दिउँसो २ सय २९ जनालाई जग्गाधनी पुर्जा वितरण गर्ने कार्यक्रम रहेकोमा सोही दिन विहान सुकुम्बासी समस्या समाधान आयोगको कार्यालयमा अज्ञात व्यक्तिहरूले आगो लगाई सम्पूर्ण कागजपत्र नष्ट गरिदिए।

महिला अधिकार

ओयाम गाविस-६ की ९ वर्षीय एक बालिकालाई ०५७ माघ १७ गते दिउँसो आफ्नै घरमा सोही ठाउँका आफ्नै काका २५ वर्षीय मेघनाथ नुगो लिम्बूले बलात्कार गरे। पीडकविरूद्ध जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइएको छ। पीडक फरार छन्।

यस वर्ष गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

बालअधिकार

चोकमागु गाविसस्थित सरस्वती माविमा अध्ययनरत १४ वर्षीय एक बालिकालाई ०५७ चैत २८ गते सोही विद्यालयका शिक्षक २५ वर्षीय रवीन्द्र साहले यौन दुर्व्यवहार गरे।

कुटपिट गरिएका नारद खतिवडा र जयबहादुर थापा

पीडकलाई सोही ठाउँका मानिसले कुटपिट गर्नुका साथै चप्पलको माला लगाई घुमाए। यसै कारणले ३ दिनसम्म विद्यालय बन्द भयो। विद्यालय व्यवस्थापन समितिको वैठक बसी दुवै पक्षबीच मिलापत्र भयो। आफू निर्दोष भएको पीडकले बताए।

ओलने गाविस-६ का १० वर्षीय इन्द्रकुमार विष्टलाई छोपी राखेको परेवा भुत्ल्याइदिएको आरोपमा ०५८ जेठ ४ गते दिउँसो सोही ठाउँका ५५ वर्षीय नन्दलाल खत्री, ३७ वर्षीय तिलकबहादुर अत्री र ३७ वर्षीय लिलामाया खत्रीले खत्रीगाउँको खोल्सोमा लाठी प्रहार गरी हात भाँचिदिए। उपचार गरिदिने शर्तमा पीडित र पीडक पक्षबीच मिलापत्र भयो।

अहेबको लापरवाहीपूर्ण उपचारका कारण एक जना बालिकाको मृत्यु भयो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

रानीटार गाविस-८ का ४९ वर्षीय शेरबहादुर मुखिया र उनकै भाइ ३१ वर्षीय हरिप्रसाद मुखियालाई मोटर बाटो नखनेको आरोपमा सोही ठाउँका सुवास राई, पदमबहादुर राई र अशोक गुरूङले कुटपिट गर्नुका साथै मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाए। साथै पीडित शेरबहादुरकी पत्नी ४१ वर्षीय पवित्रादेवी मुखियालाई सख्त घाइते हुनेगरी कुटपिट गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सरकार तथा माओवादी पक्षद्वारा जिल्लामा गरिएका गिरफ्तारी तथा अपहरणका घटनाहरूको निन्दा गर्दै उनीहरूको स्थिति सार्वजनिक गर्न मानवअधिकारकर्मीहरूद्वारा ०५८ कार्तिक २४ गते प्रेस विज्ञप्ति सार्वजनिक गरे।

माओवादी समस्यालाई वार्ताकै माध्यमबाट समाधान गर्न सरकार र माओवादी दुवै पक्षलाई आग्रह गर्दै ०५८ मंसिर ११ गते जिल्लाका १० जना मानवअधिकारकर्मीहरूद्वारा संयुक्त प्रेस विज्ञप्ति जारी गरियो।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका १३ वटा घटनामा १३ जना पुरूष र १ महिला पीडित भए। ६ जना महिला र ५ जना पुरूषले आत्महत्या गरे। करेन्ट लागेर ३ र आगोले पोलेर १ जना महिला पीडित भए। जंगली जनावरको आक्रमणमा परी १ जना महिला पीडित भइन्।

१.४ ताप्लेजुङ



जनसंख्या	: १३९०३८
साक्षरता प्रतिशत	: ४६.९
महिला साक्षरता प्रतिशत	: ३२.५
क्षेत्रफल (वर्ग कि.मी.)	: ३६४६
गाविस/नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २४४
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/५१
टेलिफोन लाइन	: २०३
मोटर सडक (कि.मी.)	: २४
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५१

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

ताप्लेजुङ जिल्ला थुम्किवा गाविस-१ का १६ वर्षीय तारा लंवालाई सुराकी गरेको आरोपमा ०५८ मंसिर २० गते माओवादीहरूले बाटोमा हिंडिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडित कक्षा ८ का विद्यार्थी थिए।

यस बाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो। जसमध्ये एक घटनामा एक जना १५ वर्षीय बालिकालाई आफ्नै दाजु पर्ने व्यक्तिले यौन सम्पर्क राखी गर्भ रहेपछि कुरा खुल्ने डरले खुकुरी प्रहार गरी हत्या गरेका थिए।

जेल र बन्दीहरु

"ग" श्रेणीको ताप्लेजुङ जेलको बन्दी क्षमता २५ जनाको हो। हाल यस जेलमा ३१ जना बन्दी छन्। बन्दीहरूमध्ये सबै पुरूष छन्। बन्दीहरूमध्ये कैद तोकिएका २८ र नतोकिएका ३ जना छन्। क्षमता भन्दा बढी बन्दी राख्नाले समस्या उत्पन्न भएको बन्दीहरूको गुनासो छ। जेलमा बन्दीहरूको सामान्य उपचार स्वास्थ्य सहायकबाट गरिन्छ। हप्ताको २ पटक बन्दीहरूसँग भेटघाट गर्न पाइने व्यवस्था छ। बन्दीहरूलाई सिलाई बुनाई सम्बन्धी तालिम संचालन गरी सो काममा सहभागी गराइएको छ। बन्दीहरुका लागि रेडियो र टिभी उपलब्ध छ भने पत्रपत्रिका पढ्ने सुविधा नपाएको गुनासो छ।

गिरफ्तारी र यातना

जिविस सदस्य धनेन्द्र मादेनलाई अम्बोटे निमाविमा शिक्षक नियुक्तिमा अनियमितता भएकाले तत्सम्बन्धमा कुरा गर्न ०५८ मंसिर १३ गते जिल्ला शिक्षा कार्यालयमा डेलिगेशन गएको अवस्थामा डेलिगेशन टोली र जिल्ला शिक्षा अधिकारीबीच भएको सामान्य विवादको विषयलाई लिएर प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक मुद्दा लगाई १३ दिनपछि २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

यस वर्ष यो जिल्लामा माओवादीको आशंकामा २७ पुरूष र ३ जना महिलालाई प्रहरीले गिरफ्तार गरेकोमा १२ जनालाई अनुसन्धानपछि रिहा गरियो भने अन्यलाई थुनामा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

साँवा गाविसका नेकाँका कार्यकर्ता टेकवहादुर साँवालाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक ५ गते माओवादीहरूले अपहरण गरेकोमा १५ दिनपछि पीडित भाग्न सफल भए।

फुलबारी गाविस-१ का राम विमलीलाई माओवादी परित्याग गरी जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न ०५८ मंसिर १५ गते घर फर्किरहेको अवस्थामा फूलवारी गाविस-१ बाट माओवादीहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

थुकिम्ब गाविसका अध्यक्ष मंगल सिं केदेम तिम्बुलाई माओवादी प्रतिकारमा लागेको आरोपमा ०५८ मंसिर १९ गते माओवादीहरूले अपहरण गरी हात बाँधेर एक दिन राखी आइन्दा प्रतिकारमा नलाग्ने धम्की दिएर मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य २ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

फूलवारी गाविस चोकपुरस्थित प्राविका शिक्षक काजीमान सेन्दाङ्गलाई ०५८ जेठ ५ गते माओवादीहरूले विद्यालयमै कुटपिट गरे।

खोक्लिङ्ग गाविसका पदाधिकारीहरूलाई भ्रष्टाचार गरेको आरोप लगाई ०५८ असार १० गते माओवादीहरूले सचिवको कोठामा आई आइन्दा गाविसको कारोबार सञ्चालन नगर्नू भन्ने धम्की दिई गाविसको चेकलगायत्का कागजात लुटेर लगे।

खोक्लिङ गाविसका अध्यक्षलगायत् अन्य पदाधिकारीहरूलाई भ्रष्टाचार गरेको आरोपमा ०५८ असार १० गते माओवादीहरूले गाविसका कुनै काम नगर्न धम्की दिई गाविसका चेकलगायत् सम्पूर्ण कागजात लुटेर लगे।

फूलबारी, निगुरादिन, हाङपाङ्ग र चाँगे गाविसमा ०५८ भदौ ५ गते माओवादीहरूले आफ्नो "जनसरकार" घोषणा गरी का अध्यक्ष, उपाध्यक्ष तथा पदाधिकारीहरूलाई तत्काल राजीनामा दिन र विकास निर्माणका कुनै काम नगर्न तथा गरेमा कडा कारवाही गर्ने धम्की दिए।

थेचम्बु गाविसका अध्यक्ष केशर मेयाङ्बोको घरमा माओवादी बसेको आशंकामा ०५८ मंसिर २ गते सुरक्षाकर्मीले घर घेरा हाली फायरिङ गरी परिवारलाई आतंकित पारे।

यस वर्ष नेकाँका स्थानीय नेता प्रतापप्रकाश हांगाम, लिङनेप गाविसका उपाध्यक्ष मानबहादु लवां, ईस्वाबु गाविसका अध्यक्ष मणि लावुङ्गलगायत्का १० जनाको घर माओवादीहरूले तोडफोड गरी धनमाल लुटेर लगे।

यस वर्ष माओवादीहरूले विभिन्न विद्यालय, राजनीतिक कार्यकर्ता, जनप्रनिनिधि, संघ-संस्था तथा अन्य व्यक्तिहरूसँग

चन्दा माग गरी नदिएमा कारवाही गर्ने धम्की दिए। जसका कारण कतिपय व्यक्ति जिल्लाबाट विस्थापित भए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियुद्वारा हाङपाङ्ग माविमा ०५७ फागुन ११ गते साँस्कृतिक कार्यक्रमको आयोजना गरिएकोमा माओवादीहरूले आतंक फैलाई कार्यक्रम बिथोल्नुका साथै अनेरास्ववियुका कार्यकर्ताहरूलाई कुटपिट गरे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	१		१				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाई फायर	१	२		२				
गिरफ्तारी र यातना					६	६		६
बेपत्ता पारिएको	२		२	२				
कुटपिट	३७	३८	९	४७				
धम्की	५	५		५	१	१		१
भेला र संगठित हुने अधिकार	१	४		४				
बहुविवाह	१		१	१				
गर्भपतन	२		२	२				
आर्थिक अधिकार	३	३		३				
जातीय छुवाछूत	१	१		१				
अपहरण	३	२	१	३				
जम्मा	५९	५७	१६	७१	७	७		७

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा फौजदारीसम्बन्धी १ सय ३७ वटा दर्ता भएकोमा ३३ वटा फर्स्योट भई १ सय ४ वटा बाँकी रहे। त्यसैगरी देवानी मुद्दा १ सय ९ वटा रहेकोमा १७ फर्स्योट भई ९२ बाँकी रहे। सरकारवादी मुद्दा १९ वटा दर्ता भएकोमा ४ वटा फर्स्योट भए। ३ वर्षअघिदेखि फर्स्योट हुन बाँकी एउटा मुद्दा रहेको छ भने २ वर्ष अघिदेखिका ७ वटा, १ वर्ष अघिदेखिका २३ र ६ महिना अघिदेखिका १९ वटा मुद्दा फर्स्योट हुन बाँकी छन्। लामो समयसम्म मुद्दा फर्स्योट नहुनाले पटक-पटक सदरमुकाम धाउनु परेको गुनासो सर्वसाधारणको छ।

धन्दाका आयोजक र प्रहरी बीच भएको झडप

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोगले ४ सय ४१ परिवारको नामावली भूमिहीन, सुकुम्बासीका रूपमा संकलन गरेको भए तापनि व्यवहारमा लागू भएको छैन।

महिला अधिकार

यस वर्ष यो जिल्लामा गर्भपतनका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ४८ जना पुरूष र १२ जना महिला पीडित भए। ७ पुरूष र ५ महिला गरी १२ जनाले आत्महत्या गरे। भैसीले हानेर १ महिलाको मृत्यु भयो भने मुढाले किचेर १ महिला तथा भीरबाट लडेर १ पुरूषको मृत्यु भयो। खोलामा परेर एक महिलाको मृत्यु भयो।

१.५ मोरङ

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

सुनसरी जिल्ला इटहरी नपा-४ का मदन श्रेष्ठ (आकाश) लाई ०५८ वैशाख २१ गते याङशिला गाविसस्थित टाकुरेको जनहित प्राविमा प्रहरीले गोली प्रहार गर्दा नजिकैको भीरबाट लडेर मृत्यु भयो। प्रहरीले दश राउण्ड गोली फायर गरेका थिए भने पीडितका १२ वटा कटुवा बन्दुक, छापामार पोशाक र प्रचार सामग्रीहरू फेला पारे।

सिसवनी बडहरा गाविस-३ का मजदुर २२ वर्षीय लहरचन्द विश्वासलाई सुराकी गरेको आरोपमा ०५८ असार २ गते राति माओवादीले बञ्चरो र भाला प्रहार गरी हत्या गरे।

मृगौलिया गाविस-२ का माओवादी कार्यकर्ता २४ वर्षीय प्रकाश ओझालाई डकैती गरेको आरोपमा ०५८ असार १२ गते राति तेतरिया गाविस-२ स्थित धान खेतमा प्रहरीले गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले सनाखत नै नगरी विराटनगरस्थित सिंगीया खोलामा जलाए।



जनसंख्या	:	८४६८७०
साक्षरता प्रतिशत	:	५७
महिला साक्षरता प्रतिशत	:	४०
क्षेत्रफल (वर्ग कि.मी.)	:	१८५५
गाविस/नपा संख्या	:	६५/१
निर्वाचन क्षेत्र	:	७
विद्यालय	:	६२३
क्याम्पस/उच्च मावि	:	१४/१४
अस्पताल/स्वास्थ्य चौकी	:	५/७०
टेलिफोन लाइन	:	१०५३८
मोटर सडक (कि.मी.)	:	६०९
प्रहरी कार्यालय संख्या	:	७३
हुलाक संख्या	:	७०

इन्द्रपुर गाविस-४ का प्रहरी जवान कृष्ण भण्डारी ०५८ असार १५ गते विराटचोकमा माओवादीद्वारा राखिएको तुलबम झिक्दा विस्फोट भई गम्भीर घाइते भए। पीडितको उपचार धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरियो।

सुन्दरपुर गाविस-६ का ३५ वर्षीय पल्टन सिंह भन्ने अशोक राई, सोही गाविस-३ का ३८ वर्षीय टंकबहादुर थापा र ३५ वर्षीय भरत श्रेष्ठलाई ०५८ मंसिर २३ गते राति घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २४ गते दोहोरो भीडन्तको निहुँमा अज्ञात ठाउँमा गोली हानी मारिए। करिब एक महिनापछि प्रमुख जिल्ला अधिकारी दोलखबहादुर गुरुङको निर्देशनमा जिल्ला प्रहरी कार्यालयले लासको फोटो पीडितका आफन्तलाई देखायो। सोही दिनदेखि मात्र उनीहरू मारिएको पुष्टि भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरुष र ४ महिलाको हत्या भयो। जसमध्ये-

बेलबारी गाविस-४ की २२ वर्षीय कल्पना राईलाई गाली गरेको निहुँमा ०५८ असार २० गते आफ्नै पति जीवन राईले कुटपिट गरेका कारण भोलिपल्ट मृत्यु भयो। पीडकलाई ०५८ साउन १५ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

शनिश्चरे गाविस-९ स्थित भूटानी शरणार्थी शिविरकी ३२ वर्षीया धनमाया तामाङलाई ०५८ भदौ २० गते नजिकको जंगलमा दाउरा खोज्नेक्रममा एक अज्ञात व्यक्तिले बलात्कार पछि छातिमा धारिलो हतियार प्रहार गरी हत्या गरे। सोको प्रतिकार गर्ने शरणार्थी मंगलीमाया तामाङलाई घाइते तुल्याए।

जेल र बन्दीहरु

कूल २ सय ५० जना बन्दी क्षमता भएको मोरङ जेलमा हाल ३ सय ८१ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका १ सय ८८ जना र कैद नतोकिएका १ सय ९३ जना छन् । महिला बन्दी कैद नतोकिएका ५ र कैद तोकिएका १७ जना छन्। १ जना आश्रित नाबालिका महिला बन्दी गृहमा छन् भने अन्य आश्रित बालबालिकालाई अभिभावकको स्वीकृतिमा काठमाण्डौस्थित बाल सुधार गृहमा पठाइने गरेको छ। २४ जना भारतीय नागरिक रहेका छन्। ज्यान मुद्दामा जेलमा रहेका २ जना बन्दी, इलामका शेरबहादुर राईको क्षयरोगका कारण र मोरङका हस्तीराम नेपालीको उच्च रक्तचापका कारण यस वर्ष जेलमै मृत्यु भएको जेल प्रशासनले जनायो।

यस वर्षको अन्त्यमा यस जेलमा चारजना राजनीतिक बन्दीहरू रहे। जसमध्ये संकटकाल लागू हुनुपूर्व तीन जना र पछि एक जना बन्दी बनाइएका हुन्। सुनसरी जिल्ला भरौल गाविस-३ का २८ वर्षीय गोपाल राई ०५७ पुस २६ देखि, महेन्द्रनगर गाविस-८ का २४ वर्षीय दीपक सिटौला ०५७ माघ १ देखि र बराहक्षेत्र गाविस-४ का ५० वर्षीय पुरुषोत्तम ढुङ्गेल ०५७ चैत २३ देखि बन्दी बनाइएका छन्। तीमध्ये ढुंगेल र राईलाई डाँका र सिटौलालाई राज्यविरूद्धको अपराध मुद्दा लगाइएको



माओवादीद्वारा हत्या गरिएका लहरचन्द विश्वास (चौधरी)

छ। मोरङ जिल्ला सुन्दरपुर गाविस-५ का शिक्षक भागिरथ नेउपानेलाई ०५८ मंसिर १४ गतेदेखि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०५८ को दफा ९ अनुसार बन्दीका रूपमा राखिएको छ।

पुरुष बन्दी गृह अति जीर्ण अवस्थामा छ भने महिला बन्दी गृहको अवस्था त्योभन्दा पनि नाजुक छ । छुट्टै महिला बन्दी गृह रहेको ठाउँ मन्त्रिपरिषद्को निर्णयबमोजिम पुनरावेदन अदालत, विराटनगरलाई कानूनीरूपमा हस्तान्तरण गरिए पनि महिला बन्दी राख्ने भवन नभएकाले कार्यान्वयन हुन सकेको छैन।

जेलमा कुटपिट तथा यातना र अमानवीय घटनाहरू हुने गरेको बन्दीहरू बताउँछन् । यसैक्रममा ०५७ माघ १६ गते राजनीतिक बन्दी राजेश थापा, कृष्ण घतानी र रामबहादुर कार्कीलाई जेलका गोप्य कुरा बाहिर लगेको आरोपमा जेल प्रशासनको निर्देशनमा बाँसका भाटाले हिर्काई कुटपिट गरियो। यस जेलमा मोरङ र सुनसरी जिल्लाका बन्दी राखिएको छ।

सिराहा जिल्ला कमलपुर गाविस घर भई ज्यानमारेको अभियोगमा बन्दी रहेका देवनारायण चौधरीलाई ०५७ चैत २३ गते जेल प्रशासनले सामान्य विवादमा दण्ड सजाय भन्दै कुटपिट गर्‍यो। सो कुटपिटबाट आँखामा चोट लागेको र छातीमा असर परेको थियो। पीडितको जेल प्रशासनमा नै सामान्य उपचार भयो तर पीडकलाई कारवाही भएन।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	१०	४	१४				
गोलीद्वारा हत्या	१	१		१	३	५		५
बलात्कारपछि हत्या	१		१	१				
आफ्नै बमबाट मृत्यु	१	१		१				
गोलीद्वारा घाइते/हवाई फायर	२	१	१	२	१	३		३
आफ्नै बमबाट घाइते	१	१		१				
बाम प्रहारबाट घाइते/हवाइ फा	१	१		१				
जेलमा भएको घटना					३	३		३
हिरासत/जेलमा मृत्यु					३	३		३
गिरफ्तारी र यातना					१२	३१	१	३२
बेपत्ता पारिएको	१		१	१	४	५	३	८
कुटपिट	८३	१५३	६	१५९	३	३		३
धम्की	२६	५२	१	५३				
भेला र संगठित हुने अधिकार					४	२३	५	२८
आर्थिक अधिकार	८	३१	१	३२				
भूमिहीन/सुकुम्बासी समस्या					१	३		३
महिला किनबेच प्रयास	१		२	२				
बलात्कार	४		४	४				
बलात्कार प्रयास	४		६	६				
पारिवारिक हिंसा	२		२	२				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	२	२		२				
जातीय छुवाछूत	२	२		२				
अमानवीय व्यवहार	३	५	२	७				
अपहरण	६	६	३	९				
जम्मा	१६४	२६६	३५	३०१	३४	७९	९	८८

गिरफ्तारी र यातना

टाँडी गाविस-८ का गोपाल घिमिरे, नेत्र घिमिरे, सुरेन्द्र गड्तौला, दधिराम पौडेल, सुरेशराज लुइँटेल, माधव अर्याल, मदन घिमिरे, सरोजचन्द्र लुइँटेल र डेगराज भट्टराईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ जेठ ८ गते प्रहरीले गिरफ्तार गरी ०५८ जेठ ११ गते रिहा गरे।

विराटनगर-११ का अनेरास्वविवु (छैठौं) का सन्तोष पोखे्रललाई ०५८ जेठ १३ गते मशाल जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी ०५८ जेठ १७ गते रिहा गरे।

विराटनगर उमनपा-१६ स्थित महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्वविवु (क्रान्तिकारी) जिल्ला सदस्य ज्ञानेन्द्र कटुवाल, नगर कमिटी अध्यक्ष तिलक के.सी., क्याम्पस इकाई सचिव कमल गौतम, सदस्य सन्तोष श्रेष्ठ र जयराम सुन्दासलाई विष्फोटक पदार्थ पड्काएको आरोपमा ०५८ असार ६ गते राति प्रहरीले डेराबाट गिरफ्तार गरी राज्यविरूद्धको अपराधसम्बन्धी मुद्दा लगाई असार ८ गते विशेष अदालत काठमाडौंमा लगियो।

दोलखा जिल्ला सुनखानी गाविस-९ का २२ वर्षीय कृष्ण घतानीलाई ०५८ असार ११ गते २ वर्षको जेल सजाय अवधि पूरा गरी निस्कनासाथ प्रहरीले पुनः गिरफ्तार गरी भोलिपल्ट इलाम लगे।

उर्लाबारी गाविस-२ का उर्लाबारी बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्वविवुका इन्द्र गौतमलाई माओवादीको आरोपमा ०५८ असार १८ गते प्रहरीले गिरफ्तार गरी पाँच दिनपछि विनाशर्त रिहा गरे।

मधुमल्ला गाविस-७ का अनेरास्वविवु (क्रान्तिकारी) का मानबहादुर सुब्बा र इन्द्र श्रेष्ठ, अनेरास्वविवुका यदु पोखे्रल तथा उर्लाबारी गाविस-२ र ३ का क्रमशः नेकपा (एमाले) का लेखनाथ भट्टराई र अनन्त रिजाल, सोही गाविस-२ का

अनेरास्ववियु (क्रान्तिकारी) का चिरञ्जीवी पाण्डेलाई ०५८ असार १९ गते माओवादीको पर्चा, पम्पलेट टाँसेको तथा भित्तेलेखन गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये मानबहादुर र इन्द्रलाई विनाशर्त रिहा गरियो भने यदु, लेखनाथ, चिरञ्जीवी र अनन्तलाई ०५८ असार २९ गते सार्वजनिक (अपराध एवं सजाय) ऐनअन्तर्गत प्रतिव्यक्ति २-२ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

बाहुनी गाविस-३ का श्याम राई र शिवना खवासलाई नक्कली बन्दुक बोकेको आरोपमा ०५८ कार्तिक ३० गते प्रहरीले गिरफ्तार गरी मंसिर १ गते विनाशर्त रिहा गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

शनिश्चरे गाविस-७ का सरस्वती मगर र शिवा हमाललाई ०५७ माघ २४ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दिएकोमा अदालत परिसरबाटै प्रहरीले अपहरण गरी बेपत्ता पारे। पीडितहरूलाई ०५८ भदौ १५ गते इलाम जेलबाट रिहा गरियो।

गोविन्द्रपुर गाविस-१ का गोपाल दंगाल, गणेश उप्रेती, झापा जिल्ला गरामनी गाविस-१ का धीरेन्द्र शर्मा र इलाम जिल्ला महमाई गाविस-८ की लक्ष्मीदेवी न्यौपानेलाई ०५७ माघ २७ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दिएकोमा अदालत परिसरबाटै प्रहरीले पुनः गिरफ्तार गरी केही दिन बेपत्ता पारे। पीडितलाई हातहतियार सहित गिरफ्तार गरेको भनी ०५७ फागुन ३ गते सप्तरी राजविराजमा पुऱ्याई २९ गते जेल चलान गरियो।

मृगौलिया गाविस-२ का गजेन्द्र लुइँटेललाई ०५७ फागुन ११ गते जिल्ला अदालतले रिहा गर्ने आदेश दिएकोमा प्रहरीले जेलमा हाजिर गर्न लैजाने निहुँमा पुनः गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ०५७ फागुन २३ गते धनुकटामा हातहतियार खरखजाना मुद्दा लगाइयो र ०५७ चैत १७ गते २४ हजार २ सय ५० रूपैयाँ धरौटी तोकेर थुनामा राखियो।

सुनसरी जिल्ला इटहरी नगरपालिका-२ का ओमप्रकाश ढकाललाई ०५७ फागुन २५ गते सर्वोच्च अदालतले रिहा गर्ने पत्र पठाएकोमा ०५७ फागुन २६ गते रिहा हुनासाथ प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई १५ दिनपछि मात्र फागुन २९ गते नै कट्टुवा बन्दुक सहित हातहनियार खरखजानासम्बन्धी मुद्दा लगाई इलाका प्रहरी कार्यालय रानीमा राखेको सार्वजनिक गऱ्यो।

बयरवन गाविस-७ का राजेश थापालाई ०५८ जेठ ५ गते पुनरावेदन अदालत राजविराज, सप्तरीले रिहा गर्ने फैसला गरेकाले ०५८ जेठ ८ गते मोरङ जेलबाट रिहा गर्नासाथ प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ०५८ साउन २५ गते मोरङ जेलबाट रिहा गरियो।

...पोखरीमा प्रहरीद्वारा मारिएका टंकबहादुर थापा, भरत श्रेष्ठ र अशोक राई

दुलारी गाविस-९ का ईश्वरीप्रसाद बास्तोलालाई गरीबलाई शोषण गरेको आरोपमा ०५८ साउन १६ गते गोठगाउँस्थित चिया पसलबाट माओवादीहरूले अपहरण गरी सात बुँदे शर्तनामामा गराई सोही दिन मुक्त गरे।

जाँते गाविसका अध्यक्ष उपेन्द्र घिमिरेलाई ०५८ साउन ३० गते दिउँसो गाविस नजिकको चिया पसलबाट माओवादीहरूले केही बुझ्नु छ भनी अपहरण गरी सोही बेलुका टाँडी गाविसस्थित जंगलमा लगेर कुराकानी गरी मुक्त गरे।

सुन्दरपुर गाविस-९ का अजय सुब्बालाई ०५८ असोज ५ गते पार्टीको गोपनियता भंग गरेको आरोपमा माओवादीहरूले अपहरण गरी ०५८ कार्तिक ७ गते मुक्त गरे।

हरैंचा गाविसका गोविन्द ढकाललाई ०५८ कार्तिक २० गते जग्गा लेनदेन मिलाउने निहुँमा माओवादी कार्यकर्ता जीवन गुरागाईं र हाँसपोसा गाविसका दीपक बजगाईंले अपहरण गरेकोमा प्रहरीले भोलिपल्ट छुटाए। पीडकहरूमाथि प्रहरीले कारवाही चलाए।

हरैंचा गाविस-६ दिलीप कोइराला र गोपाल कोइरालालाई नक्कली माओवादी बनी चन्दा असुलेको र महिलामाथि दुर्व्यवहार गरेको आरोपमा ०५८ मंसिर ५ गते राति माओवादीहरूले घरबाट अपहरण गरी कुटपिट गरेर भोलिपल्ट इन्द्रपुर गाविस-६ बाट मुक्त गरे।

टाँडी गाविस-८ का ४० वर्षीय भूपाल भन्ने भक्तबहादुर लिम्बु, नरबहादुर लिम्बु र गाविस कार्यालयका मुखिया ३० वर्षीय तेजनाथ घिमिरेलाई सुराकी गरेको आरोपमा ०५८ मंसिर २० गते दिउँसो घरैबाट माओवादीहरूले अपहरण गरी कुटपिट गरे। पीडितहरूलाई ३ घण्टापछि नजिकैको जंगलमा पुऱ्याई मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

डंग्राहा गाविस-६ का ६५ वर्षीय अम्बिप्रसाद पौडेललाई ०५७ पुस १९ गते माओवादीहरूले कुटपिट गर्नुका साथै खाली कागजमा हस्ताक्षर गर्न लगाए।

विराटनगर उमनपा-१५ का प्रेम गुरूङलाई ०५७ पुस २८ गते राति घरतर्फ फर्किरहेको अवस्थामा प्रहरी तालिमका लागि आएका सई कृष्ण प्रसाईं र असई जंग अधिकारीले चोर र माओवादीको आरोप लगाई कुटपिट गरे। पीडकहरूलाई विभागीय कारवाही गरिने जानकारी दिइयो।

निर्वाचन आयोगका कर्मचारी हरिकृष्ण श्रेष्ठलाई मतदाता परिचयपत्रका लागि फोटो खिच्न गएको अवस्थामा ०५७ पुस २९ गते मधुमल्ला गाविसमा माओवादीहरूले कुटपिट गरे।

सुन्दरपुर गाविस-६ का गम्भबहादुर तामाङ र शेषमणी फुयाँललाई नक्कली माओवादी बनेको आरोपमा ०५७ माघ ७

गते माओवादीहरूले डोरीले बाँधेर बाँसको भाटा प्रहार गरी शरीरको एकपत्र छालासमेत उप्काइदिए।

विराटनगर उमनपाका प्रमुख रमेशचन्द्र पौडेललाई ढल निकाससम्बन्धी विवादका कारण ०५७ माघ ९ गते आफ्नै कार्यकक्षमा सोही उमनपा-२० का वडासदस्य विनोदविक्रम साहले कुटपिट गरे।

गोविन्दपुर गाविस-२ का भक्तिप्रसाद विमलीलाई ०५८ माघ १२ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गर्नुका साथै मोसो दलेर कान समाई उठबस गर्न लगाए। पीडितलाई खाली कागजमा सही गराउनुका साथै प्रहरीसमक्ष खबर गरेमा ज्यानमार्ने धम्की समेत दिए।

लेटाङ गाविस-३ का मेख्वर तामाङ, रत्नबहादुर तामाङ र ईश्वरी तामाङलाई ०५७ माघ १४ गते, गोविन्दपुर गाविस-४ का रामेश्वर मण्डल, बयरवन गाविस-९ का लक्ष्मण सापकोटा, नारायण कार्की र राजकुमार कार्की, झापा जिल्ला सतासीधाम गाविसका सागर राई र देवेन्द्र कुरूङ्वाङ्लाई माघ २१ गते माओवादीहरूले कुटपिट गरे। पीडितहरूमध्ये कतिपयलाई माओवादीहरूले कान समाई उठबस गर्न लगाउनुका साथै भाटा प्रहार समेत गरेका थिए।

जाँते गाविस-४ का गणेश श्रेष्ठ, भक्तबहादुर श्रेष्ठ र विष्णु श्रेष्ठलाई ०५७ फागुन २ गते, दुलारी गाविस-८ का निलमणी ओझा र तोर्णबहादुर कार्कीलाई फागुन ७ गते, इटहरा गाविस-९ का चन्द्रबहादुर ढकाल र इलाका प्रहरी कार्यालय सिजुवाका भीमबहादुर कार्कीलाई फागुन ८ गते, पथरी गाविस-९ का नेत्र भण्डारी र निलिस पालिखेलाई ०५७ फागुन ११ गते, टाँडी गाविस-५ का लवविक्रम थापा मगर, कलम सुब्बा, कर्णबहादुर श्रेष्ठ, मिलान गोले तामाङ र डल्ली सुब्बालाई फागुन १३ गते, बयरवन गाविस-६ का ४७ वर्षीय विदुर निरौलालाई फागुन १४ गते माओवादीहरूले कुटपिट गरे।

उर्लाबारी गाविस-६ मंगलबारे चोकस्थित प्रहरी बिटमा ०५७ फागुन ६ गते राति माओवादीहरूले पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाए।

गोविन्दपुर गाविसस्थित प्रहरी चौकीमा ०५७ फागुन १० गते राति माओवादीहरूले बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

डंग्राह गाविस-५ का काजिमान रेग्मीलाई ०५७ चैत १ गते, दुलारी गाविस-५ का गोपाल परियार, केदार ढुङ्गाना, सोही गाविस-८ का गुलाई चौधरी, कृष्ण रेग्मी र कृष्ण घिमिरेलाई ०५७ चैत २ गते, सुन्दरपुर गाविस-९ का प्रेम तामाङलाई चैत ५

माओवादीद्वारा कुटपिट गरिएका मनोज शाक्य

माओवादीद्वारा कुटपिट गरिएका फेसाट विटौला

गते, मृगौलिया गाविस-१ का नमोनारायण चौधरी र डोरीलाल चौधरीलाई ०५७ चैत १९ गते, पथरी गाविस-१ का नरहाङ राईलाई चैत २० गते, राजघाट गाविस-२ का छत्रबहादुर महतारा, सुन्दरपुर गाविस-३ का दुर्गाबहादुर थापा, देउमान तामाङ, चन्द्र रिजाल, देविन चापागाईं, मुकुन्दलाल श्रेष्ठ र अजम्बर गुरूङलाई ०५७ चैत २३ गते, टाँडी गाविस-८ का इन्द्रबहादुर राईलाई चैत २४ गते माओवादीहरूले कुटपिट गरे भने डाँगीहाट गाविस-६ का शम्भुलाल खवास, सोही गाविस-५ का पदमबहादुर बस्नेत, विष्णु बस्नेत र नरबहादुर खत्रीलाई ०५७ चैत १० गते, दुलारी गाविस-९ का खडानन्द पोख्रेल र गोपाल पौडेललाई ०५७ चैत १६ गते, लेटाङ गाविस-६ स्थित गुराँस अंग्रेजी माविका प्रिन्सिपल सन्तवीर तामाङलाई ०५७ चैत १७ गते भौतिक कारवाही गर्ने धम्की दिए।

मृगौलिया गाविस मजुवाटोलका नेकाँ गाविसका उपाध्यक्ष दिपक भगतलाई ०५७ चैत २१ गते माओवादीहरूले भाटा प्रहार गर्नुका साथै कान समाई ५० पटक उठबस गर्न लगाए। पीडकहरूले एक राउण्ड हवाई फायर गरी एउटा बन्दुकसमेत लुटेर लगेका थिए।

सिसवनी वडहरा गाविस-४ की रमादेवी विश्वकर्मा र छोटे विश्वकर्मालाई ०५८ वैशाख ८ गते राति माओवादीहरूले पेस्तोल देखाई १५ हजार रूपैयाँ लुटी बाँधेर कुटपिट गरे।

शनिश्चरे गाविसस्थित बुद्ध माविका प्रधानाध्यापक इन्द्र थापा, सिंहवाहिनी माविका युवराज भट्टराई, भागिरथ माविका मोहन तुम्बाफो र हिरक निमाविका राम कार्कीलाई ०५८ वैशाख १९ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले ज्यानमार्ने धम्की दिई विद्यालयमा तालाबन्दी गरे।

लेटाङ गाविसस्थित शान्ति माविका प्रधानाध्यापक मदनमोहन प्रधानलाई कक्षा आठको परीक्षा शुल्क नघटाएको आरोपमा ०५८ वैशाख २३ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गर्ने धम्की दिए।

सुन्दरपुर गाविस-१ का सचिन गिरी र झापा जिल्ला चन्द्रगढीकी उमा थापालाई ०५८ वैशाख ४ गते, लेटाङ गाविस-२ का पुष्पलाल भण्डारीलाई ०५८ वैशाख ११ गते, सिसवनी बडहरा गाविस-५ का अकलु माझी, झंगरू माझी, जागलाल माझी, छविलाल माझी र रिटुलाल माझीलाई वैशाख १४ गते, जाँत गाविस-२ स्थित सरस्वती माविका प्रधानाध्यापक सोमनाथ दाहाललाई वैशाख १५ गते, बेलबारी गाविस-८ का डेमकमल राई र सुरज राईलाई वैशाख २० गते, केराबारी

गाविस-९ भलुवाका ४५ वर्षीय ललितबहादुर तामाङ, शनिश्चरे गाविस-१ का दिपक खतिवडा, सोही गाविस-३ का मिनबहादुर ठकुरी, सोही गाविस-८ का कुलप्रसाद न्यौपाने, सोही गाविस-५ का रोहित रिजाललाई वैशाख २१ गते, केरौन गाविस-३ का तुलसीबहादुर कार्कीलाई ०५८ वैशाख ३० गते माओवादीहरूले कुटपिट गरे। पीडितहरूमध्ये कतिपयलाई माओवादीहरूले विभिन्न खाले कागज गर्न लगाई भाटा प्रहारसमेत गरेका थिए। त्यसैगरी मृगौलिया गाविस-६ का झडन्द्र प्रसाईं, महेन्द्र प्रसाईं, निरज उप्रेती, देवीबहादुर बस्नेत, भुपेन्द्र वस्नेत र नरेन्द्र संग्रौलालाई ०५८ वैशाख २१ गते पर्चा छरेर भौतिक कारवाही गर्ने धम्की दिए।

प्रमुख जिल्ला अधिकारी विनोद ज्ञवालीलाई छ वाम समूहको जुलुसमाथि बल प्रयोग नगरेको आरोपमा ०५८ जेठ १६ गते विराटनगर उमनपा-४ र ५ नेकाँका कार्यकर्ताका क्रमशः भीम रिजाल र राजु थापाले सोही उमनपा महेन्द्रचोकमा कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

बाहुनी गाविस-४ का वडाध्यक्ष नारायण बस्नेतलाई मादक पदार्थ सेवन गरी पत्नीलाई कुटपिट गरेको आरोपमा ०५८ जेठ १८ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले भाटा प्रहार गर्नुका साथै कान समाई ५० पटक उठबस गर्न लगाए।

झुर्किया गाविस-८ का स्वरू ताजपुरिया र चुमलाल ताजपुरियालाई ०५८ जेठ २६ गते माओवादीहरूले कुटपिट गरी १-१ वटा बन्दुक लुटेर लगे।

इन्द्रपुर, बेलबारी, पथरीलगायत्का गाविसका कैयौं निमावि र माविका संस्कृत विषयका प्रश्नपत्र ०५८ जेठ ३० गते अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियु (छैठौं) का कार्यकर्ताहरूले परीक्षा हलबाट खोसी आगो लगाई नष्ट गरे।

दादरबैरिया गाविस-१ का गोपी पन्तलाई ०५८ जेठ ६ गते, लेटाङ गाविस-७ स्थित राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत परमानन्द ठाकुरलाई ०५८ जेठ ७ गते, याङशिला गाविस-८ का नन्द लिम्बूलाई ०५८ जेठ १६ गते, बाहुनी गाविस-४ का वडाध्यक्ष नारायण बस्नेतलाई ०५८ जेठ १८ गते, मधुमल्ला गाविस-७ का इन्द्रबहादुर राई, देवी पाण्डे, सोही गाविस-९ का शंकर तामाङ, सोही गाविस-६ का आशासे भण्डारी, सोही गाविस-५ का मानबहादुर तामाङ, पुण्यप्रसाद गौतम र सोही गाविस-८ का जीवन तामाङलाई ०५८ जेठ २६ गते, दुलारी गाविस-९ का बाबुराम घिमिरे, बयरवन गाविस-४ का परमानन्द मण्डल, भरत कार्की, सोही गाविस-५ का हरिबहादुर बस्नेत, डालेश्वर कार्की, हरिबहादुर खड्का, नवराज पौडेल र कुमार कार्कीलाई ०५८ जेठ २९ गते माओवादीहरूले कुटपिट गरे।

झापा जिल्ला दमक नपास्थित गंगा कोल्ड स्टोरको मे. १ ख ७२३ नम्बरको मिनी ट्रकमा ०५८ असार ६ गते इटहरा गाविसस्थित सोमबारेमा र गोल्छा हाउसको को. १ क ६५० नम्बरको मिनीबसमा ०५८ असार ७ गते विराटनगर उमनपा-५ कञ्चनबारीचोकमा माओवादीहरूले पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाए।

सुन्दरपुर गाविस-९ का ६५ वर्षीय मारवाडी उरावलाई ०५८ असार १ गते, बयरवन गाविस-७ का शोभितनारायण धिमाल र जनकलाल धिमाललाई ०५८ असार २ गते, सुन्दरपुर गाविस-६ का शेषराज फुयाँललाई ०५८ असार ५ गते, कसेनी गाविस-५ का चुताराम चौधरीलाई ०५८ असार ६ गते, गोविन्दपुर गाविस-७ का देवनारायण राजवंशीबाट असार १३ गते माओवादीहरूले बन्दुक लुटेर लग्नुका साथै कतै उजुरी गरेमा ज्यानमार्ने धम्की दिएका थिए।

विराटनगर उमनपा-१२ स्थित बंशल कपडा पसलमा ०५८ असार २ गते, विराटनगर उमनपा-५ स्थित महावीर अटोमोबाइल्स ट्याक्टर प्रदर्शनी कक्षमा ०५८ असार ४ गते, बेलबारी गाविस-३ स्थित अग्रवाल हार्डवेयर र इन्द्र कपडा पसलमा ०५८ असार ५ गते, पथरी गाविस-१ स्थित आइरन स्टोरमा ०५८ असार ७ गते, उर्लाबारी गाविस-४ स्थित बालाजी लघु उद्योग मंगलबारे र सोही गाविस-६ स्थित मित्तल किराना पसलमा ०५८ असार ८ गते माओवादीहरूले पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाए। माओवादीहरूले आइरन स्टोरका मालिक मेघराज अग्रवाललाई देश छोड्न धम्की दिए।

बयरवन गाविस-९ स्थित कानेपोखरी, महेन्द्र राजमार्ग खण्डमा पर्ने प्रहरी चौकीमा ०५८ असार १० गते माओवादीहरूले बम प्रहार गरी सामान्य क्षति पुऱ्याए।

मधुमल्ला गाविस-१ स्थित प्रहरी चौकीमा ०५८ असार ११ गते माओवादीहरूले पेट्रोल बम प्रहार गरी सामान्य क्षति पुऱ्याए।

सुन्दरपुर गाविस-६ का गणेश गुरुङलाई ०५८ असार ११ गते, तेतरिया गाविस-४ बच्चु गच्छेदार, पदमबहादुर रिजाल र सगमलाललाई ०५८ असार १५ गते, झुर्किया गाविस-२ का ठकुन ताजपुरिया र चन्दन ताजपुरियालाई ०५८ असार १६ गते माओवादीहरूले धम्की दिई सबैको घरबाट १-१ वटा बन्दुक लुटेर लगे। माओवादीहरूले ठकन र चन्दनको घरबाट १९ वटा गोलीसमेत लुटेर लगेका थिए।

दादरबैरिया गाविस-६ स्थित सरस्वती माविमा अध्ययनरत विनोद बराल र विवेक भट्टराईलाई विद्यालयका प्रधानाध्यापकको सरूवासम्बन्धी विषयलाई लिएर ०५८ असार २१ गते सोही ठाउँका फागुलाल राय, सोही गाविसका अध्यक्ष मनकुमार राजवंशी, बसन्त राजवंशी, गजेश्वर राजवंशी र सन्तोष राजवंशीले कुटपिट गरे। प्रहरीले घटनालाई साम्य पार्न २ राउण्ड हवाई फायर गर्नुका साथै पीडितद्वयमध्ये विनोदलाई गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरे।

विराटनगर उमनपा-९ स्थित नेकाँका सभापति गिरिजाप्रसाद कोइरालाको घरमा ०५८ असार २३ गते माओवादीहरूले पेट्रोल वम प्रहार गरे। घरलाई क्षति भएन।

राजघाट गाविसस्थित प्रहरी चौकीमा ०५८ असार २९ गते राति माओवादीहरूले पेट्रोल वम प्रहार गरी क्षतिग्रस्त बनाए। माओवादीहरूले बम प्रहार गर्नुअघि चौकीमा रहेका प्रहरीका

पोशाकसमेत लुटेर लगेका थिए।

बेलवारी गाविस-४ का प्रताप सुब्बालाई ०५८ साउन ३ गते, टाँडी गाविस-४ का गणेश नेपालीलाई ०५८ साउन १८ गते, सोही गाविस-७ का टंक श्रेष्ठ र दिलबहादुर थापालाई ०५८ साउन २४ गते माओवादीहरूले विभिन्न आरोपमा कुटपिट गरे। पीडितहरूमध्ये कतिपयलाई माओवादीहरूले कान समाई उठबस गर्न लगाउने, मोसो दल्ने तथा भाटा प्रहार गर्नेलगायत्का कार्य गरेका थिए भने कतिपयलाई कुटपिट नगरी विभिन्न आरोपमा ज्यानमार्ने धम्की मात्र दिएका थिए।

केराबारी गाविस-२ का नेकाँ जिल्ला उपसभापति दिलीप सापकोटाको घरमा ०५८ साउन ८ गते राति माओवादीहरूले पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाए।

इन्द्रपुर गाविस-८ का कुमार बस्नेत र दर्वेशा गाविस-९ का ईश्वरी गौतमलाई ०५८ भदौ ४ गते, बरडंगा गाविस-५ का केदारप्रसाद यादव, हरिप्रसाद यादव, गिरिजाप्रसाद यादव, पंचालाल यादव र दिनाप्रसाद यादवलाई ०५८ भदौ ५ गते, तेतरिया गाविस-९ का उपलेश्वर यादवलाई ०५८ भदौ ६ गते, सुनसरी जिल्ला धरान नपाका भुवन राईलाई ०५८ भदौ ७ गते, केरौन गाविस-१ का कुमार गुरूङलाई भदौ ९ गते, झापा जिल्ला दमक नपास्थित नेपाल दूरसञ्चार संस्थानमा कार्यरत जीवन मगरलाई भदौ ११ गते, उर्लाबारी गाविस-२ का पूर्णमल महेश्वरीलाई भदौ १५ गते, सुनसरी जिल्ला धरान नपा-५ का सञ्जु राईलाई भदौ २३ गते, पथरी गाविस-१ का डम्बरबल्लभ गुरागाईँलाई भदौ २५ गते विभिन्न आरोपमा माओवादीहरूले कुटपिट गरे। पीडितहरूमध्ये कतिपयलाई माओवादीहरूले कान समाई उठबस गर्न लगाउने, मोसो दल्ने, भाटा प्रहार गर्ने तथा देशबाट बाहिर नगएमा ज्यानमार्ने धम्की दिने लगायत्का कार्य गरेका थिए भने कतिपयलाई कुटपिट नगरी विभिन्न आरोपमा ज्यानमार्ने धम्की मात्र दिएका थिए।

इन्द्रपुर गाविसका अध्यक्ष चन्द्रबहादुर गुरूङलाई ०५८ भदौ १८ गते सप्तरी जिल्ला फत्तेपुर गाविस-४ का मजिमलहक मियाँ र इन्द्रपुर गाविस-४ का अवास मियाँले आफूहरूले ठगी गरेको रकम असुल गर्न कागज गराएको निहुँमा माओवादी हौं भनी फोनबाट ज्यानमार्ने धम्की दिए। पीडकहरूलाई ३ महिनापछि प्रहरीले गिरफ्तार गरे।

सिजुवा गाविस-९ का नेकपा (एमाले) गाउँ कमिटी सचिव लालबहादुर चौहानलाई ०५८ भदौ १८ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

टादरबैरिया गाविस-६ स्थित सरस्वती माविका प्रधानाध्यापक तथा नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सहसचिव युगेश्वर मेहतालाई विद्यालयको काठ बेचेको आरोपमा ०५८ भदौ २३ गते सोही ठाउँका फागुलाल राय, बसन्तकुमार राजवंशी, राजेश्वरकुमार राजवंशी, सन्तोषकुमार राजवंशी र सोही गाविसका अध्यक्ष मनकुमार राजवंशीले कुटपिट गरी दिनभर गाविस भवनमा थुनेर बेलुका मुक्त गरे। पीडकहरूलाई कारवाही भएन।

भोगटेनी गाविस-४ का प्रतापसिंह लिम्बुलाई ०५८ असोज ३ गते, मृगौलिया गाविस-९ का नरेन्द्र भट्टराई, नरेश पौडेल, खगेन्द्र कार्की, टेकबहादुर लिम्बु र एल.बी. माझीलाई ०५८ असोज १७ गते र दुलारी गाविस-५ का मुरारी मानन्धरलाई ०५८ कार्तिक १५ गते विभिन्न आरोपमा माओवादीहरूले कुटपिट गरे। पीडितहरूमध्ये कतिपयलाई माओवादीहरूले कान समाई उठबस गर्न लगाउने, मोसो दल्ने, भाटा प्रहार गर्ने तथा देशबाट बाहिर नगएमा ज्यानमार्ने धम्की दिने लगायत्का कार्य गरेका थिए भने कतिपयलाई कुटपिट नगरी विभिन्न आरोपमा ज्यानमार्ने धम्की मात्र दिएका थिए।

कसेनी गाविस-२ का अलखवचना चौधरीलाई बाटो नदेखाएको आरोपमा ०५८ कार्तिक २१ गते प्रहरीले कुटपिट गरे।

लेटाङ गाविस-२ का नेकाँका कार्यकर्ता एउटा खुट्टा नभएका मनोज शाक्यलाई ०५८ मंसिर ९ गते माओवादीहरूले कुटपिट गरी अर्को खुट्टा भाँचिदिए। पीडितको उपचार सुनसरी जिल्लाको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरियो।

विराटनगर उमनपा-१३ बक्राहा खोला नियन्त्रण कार्यालयमा ०५८ मंसिर ९ गते माओवादीहरूले पेट्रोल बम प्रहार गरी वा. १ झ ३३७६ नम्बरको गाडी क्षतिग्रस्त बना।

विराटनगर उमनपा-१६ स्थित क्षेत्रीय कृषि निर्देशनालयको भवनमा ०५८ मंसिर १० गते राति माओवादीहरूले पेट्रोल बम प्रहार गरी को. १ झ ११४ नम्बरको गाडी क्षतिग्रस्त बनाए।

केराबारी गाविस-२ का नेकाँका कार्यकर्ता २७ वर्षीय यज्ञबहादुर थापा, २२ वर्षीय विश्वबहादुर थापा र सोही गाविस-१ का नेकपा (एमाले) का कार्यकर्ता ४८ वर्षीय अगमबहादुर थापालाई प्रतिकार समितिमा बसेको आरोपमा ०५८ मंसिर १२ गते माओवादीहरूले कुटपिट गरे। पीडितहरूको उपचार धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संयुक्त जनमोर्चाद्वारा राजदरबार हत्याकाण्डबारे आफ्नो पार्टीको दृष्टिकोण प्रष्ट पार्न ०५८ जेठ ३२ गते पथरी बजारमा आयोजित सभा गर्न प्रहरीले रोक लगाए।

शनिश्चरे गाविस-८ स्थित भागीरथ माविको प्राङ्गणमा ०५८ चैत २७ गते अनेकिसंघ (क्रान्तिकारी) को घोषणा सभामा प्रहरीले लाठीचार्ज, अश्रुग्याँस प्रहार र हवाई फायर गरी ५८ जनालाई गिरफ्तार गरे। ३८ जनालाई सोधपुछपछि सोही दिन र ४ जनालाई चैत ३१ गते रिहा गरियो। बाँकीलाई केही सार्वजनिक (अपराध र सजाय) ऐनअन्तर्गत मुद्दा लगाई थुनामा राखियो। ०५८ वैशाख २५ गते १०-१० हजार रूपैयाँ धरौटी राखी मधुमल्ला गाविस-५ की चन्द्रकला लामा, कमला तामाङ, गमु राई र सोही गाविस-२ का कुमार महतारा र जितेन्द्र

महतारा, टाँडी गाविस-५ की सन्तकुमारी राई, मनकुमारी तामाङ र विमला तामाङ, डग्राहा गाविस-५ की शान्ता काफ्ले, सिजुवा गाविस-९ का शान्ता निरौला, जाँते गाविस-२ का जुनुकला राई र लता राई, उर्लाबारी गाविस-१ का होमनाथ दाहाल, केरावारी गाविस-६ का धर्मराज सुवेदी, हसन्दह गाविस-८ का शुक्रराज लिम्बु र डाँगीहाट गाविस-९ का लोचन धमलालाई रिहा गरियो।

सांसद लालवाबु पण्डित नेकपा एमाले जिल्ला कमिटी सदस्य राधेश्याम दली, नेकपा (एमाले) विराटनगर उमनपा-१६ का सचिव भोला वराल, सोही उमनपा-१५ का वडाअध्यक्ष गणेश के.सी., सोही उमनपा-१२ का वडाध्यक्ष रामलाल साह, सोही उमनपा-१३ का खेमराज तिमिल्सिना, सोही उमनपा-१५ का भोला बराल र इन्दु निरौलालाई ०५८ वैशाख ५ गते बेलुका छ वाम समूहद्वारा आयोजित मशाल जुलुस प्रदर्शनका क्रममा विराटनगर उमनपा-१४ र १५ को सीमास्थित महेन्द्रचोकबाट प्रहरीले गिरफ्तार गरे।

विराटनगर उमनपा महेन्द्रचोकमा ०५८ जेठ १६ गते दिउँसो छ वाम समूहद्वारा आम हडतालका क्रममा आयोजित जुलुस र त्यसको प्रतिरोधमा नेकाँ जुलुसवीच ढुंगा हानाहानको स्थिति उत्पन्न भयो। त्यसलाई साम्य पार्न प्रहरीले दश राउण्ड अश्रुग्याँस प्रहार गरे। सो क्रममा नेकपा (एमाले) का केन्द्रीय सदस्य गुरूप्रसाद बराल, सांसद लालबाबु पण्डित, जिल्ला सचिव नरेश पोखे्रल, सदस्य विनोद ढकाल, नेकाँका जिल्ला सचिव गोपाल राजभण्डारी, दामोदर कोइरालालगायत्का राजनीतिक कार्यकर्ता घाइते भए। सोही दिन बेलुका ७ बजेसम्म महेन्द्रचोकदेखि ट्राफिक चोकसम्म कर्फ्यु लगाइयो।

विराटनगर उमनपा- १४ र १५ बाट ०५८ असार १ गते दरबार हत्याकाण्डको छानविन प्रतिवेदनको विरोधमा आयोजित जुलुसमा प्रहरीले हस्तक्षेप गरी ७ जनालाई गिरफ्तार गरे। पीडितहरूलाई असार १० गते ५/५ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

विराटनगर उमनपा-१९ की ४६ वर्षीय फूलमाया तामाङलाई ०५८ असार २६ गते जेलबाट रिहा गर्नुपर्नेमा मोरङ जेलले सर्वोच्च अदालतबाट फ्याक्समार्फत् प्राप्त फैसला पत्रलाई अमान्य जनायो। सोको विरूद्ध पीडितका तर्फबाट वकिल जगन फुयाँलले सोही दिन पुरावेदन अदालत विराटनगरमा बन्दी प्रत्यक्षीकरण निवेदन दिए। ०५८ साउन २ गते फैसला भई पीडितलाई सोही दिन रिहा गरियो।

पुनरावेदन अदालतमा यस वर्ष १ हजार ९ सय ३० वटा मुद्दा रहेकोमा ५ सय ५५ वटा फर्स्यौट भई १ हजार ३ सय ७५ वटा बाँकी रहे। तीमध्ये बन्दी प्रत्यक्षीकरणका २७ वटा मुद्दामा २३ फर्स्यौट भई ४ बाँकी रहे । निषेधाज्ञाका १ सय ५८ वटा मुद्दामा ५५ वटा फर्स्यौट भई १ सय ३ वटा बाँकी रहे भने परमादेशका ३१ वटा मुद्दामा १५ वटा फर्स्यौट भई १६ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा २ सय ३८ वटामध्ये ६७ फर्स्यौट भई १ सय ७१ वटा बाँकी रहे। सरकारवादी देवानी मुद्दा ५ वटामध्ये ५ वटै फर्स्यौट भए। दुनियावादी फौजदारीका २ सय ५८ वटामा ६५ वटा फर्स्यौट भई १ सय ९३ वटा बाँकी रहे। दुनियावादी देवानी १ हजार २ सय १३ वटा मुद्दामा ३ सय ३० वटा फर्स्यौट भई ८ सय ८३ वटा बाँकी रहे।

यस वर्ष जिल्ला अदालतमा २ हजार ७ सय ६ वटा मुद्दा रहेकोमा ५ सय ३५ वटा फर्स्यौट भई २ हजार १ सय ७१ वटा बाँकी रहे। तीमध्ये सरकारवादी फौजदारी मुद्दा १ सय ३४ वटामध्ये २० वटा फर्स्यौट भई १ सय १४ वटा बाँकी रहे। दुनियाँवादी फौजदारी ४ सय ७३ वटामध्ये १ सय ५३ वटा फर्स्यौट भई ३ सय २३ वटा बाँकी रहे। दुनियावादी देवानी २ हजार २९ वटामध्ये ३ सय ५१ फर्स्यौट भई १ हजार ६ सय ७८ वटा बाँकी रहे। हत्याका ४२ वटा मुद्दामा ९ वटा फर्स्यौट भई ३३ वटा बाँकी रहे भने चोरीका २५ वटा मुद्दामा २ वटा फर्स्यौट भई २३ वटा बाँकी रहे। जिल्ला अदालतमा पाँच वर्षअघिदेखि फर्स्यौट नभएका २ वटा, चार वर्षअघिदेखि फर्स्यौट नभएका एउटा, तीन वर्षअघिदेखि फर्स्यौट नभएका ६ वटा, दुई वर्षअघिदेखि फर्स्यौट नभएका १६ वटा, एक वर्षअघिदेखि फर्स्यौट नभएका ४६ वटा र छ महिना अघिदेखि फर्स्यौट नभएका ४३ वटा मुद्दा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा २ सय ४ वटा मुद्दा रहेकोमा १ सय ८ वटा फर्स्यौट भई ९६ वटा बाँकी रहे। तीमध्ये १ सय ६९ वटा केही सार्वजनिक (अपराध र सजाय) ऐन सम्बन्धी मुद्दामा ९६ वटा फर्स्यौट भई ७३ वटा बाँकी रहे। हातहतियार तथा खरखजानाका २९ वटा मुद्दामा १० वटा फर्स्यौट भई १९ वटा बाँकी रहे भने खाद्यान्न गुणस्तरसम्बन्धी ६ वटा मुद्दामा २ वटा फर्स्यौट भई ४ वटा बाँकी रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा ७ सय ९२ वटा मुद्दा दर्ता भएकोमा २ सय ७५ वटा फर्स्यौट भई ५ सय १७ वटा बाँकी रहे। तीमध्ये केही सार्वजनिक अपराधका १ सय ४२ वटा, भवितव्यका ६६ वटा दर्ता भए। त्यस्तै कर्तव्य ज्यानका ३६ वटा, दुर्घटनाबाट मृत्युका ७० वटा, ज्यानमार्ने उद्योगका २२ वटा, लागु औषधका २२ वटा मुद्दा दर्ता भए। त्यसैगरी चोरीका १९, डाँकाका १०, गैरकानूनी हातहतियारका १४, बलात्कारका १०, कुटपिटका ७, जीउमास्ने बेच्नेका २, बहुविवाहको १ र गर्भपतनको १ वटा मुद्दा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सरकारी तथ्यांकअनुसार ९८ हजार ८ सय १० परिवार संख्या कृषिमा संलग्न रहेको जिल्लाको अवस्था रहे तापनि भूमिहीन किसानहरूको संख्या निकै ठूलो छ। जिल्लाभरिमा २० हजार १ सय ६४ भन्दा बढी परिवारसँग ७.५ कठ्ठाभन्दा कम जमीन छ। करिब १७ हजार ८ सय ६७ परिवारसँग १५ कठ्ठाभन्दा कम जमीन छ भने १ देखि १.५ बिगाह जमीनमा

आश्रित हुने परिवार संख्या ३५ हजार ७ सय १० रहेको छ। अत्यन्तै सानो संख्यासँग मात्र १० विगाहभन्दा बढी जमीन छ।

यस जिल्लामा सुकुम्वासीको आधिकारिक तथ्यांक सार्वजनिक गरिएको छैन। खुल्ला सीमानाका कारण वर्षेनी भारतीय नागरिकहरूको संख्या बढ्दो छ। सडक, नहर र सार्वजनिक स्थानहरूमा अव्यवस्थित बसोबास पनि ठूलो समस्या बनेको छ। गत एक वर्षदेखि लेटाङ गाविस–२, ४ र ६ मा सयौं सुकुम्वासीहरू बस्दै आएकोमा ०५८ पुस १६ गते वनप्रशासनले वन अतिक्रमण गरेको आरोपमा घर–टहरामा आगो लगाइदियो। सोही क्रममा सो गाविस–२, ४ र ६ का क्रमशः ३५ वर्षीय पूर्णबहादुर राई, ५० वर्षीय लिमा शेर्पा र ६२ वर्षीय रत्नबहादुर लिम्बुलाई प्रतिवाद गरेको आरोपमा गरियो।

यस जिल्लामा वृद्ध नागरिक ५ हजार ५ सय ७२, असहाय विधवा ५ हजार १ सय १३ र अपाङ्गहरूको संख्या १ सय ५३ जना रहेको जिविसले जनायो। सरकारले वृद्ध नागरिकलाई दिँदै आएको मासिक १ सय ५० रूपैयाँ कायमै गरेको छ भने असहाय विधवा र अपाङ्गलाई दिइँदै आएको मासिक १ सय रूपैयाँमा २५ रूपैयाँ कटौटी गरी मासिक ७५ रूपैयाँ बनाइएको जिविसले जनायो।

महिला अधिकार

लखन्तरी गाविस–९ की १७ वर्षीया एक युवतीलाई सोही ठाउँका दीपनारायण माझीले ०५८ वैशाख ३० गते बलात्कार गरे। पीडक फरार छन्।

डंग्राहा गाविस–७ की २२ वर्षीय एक युवतीलाई ०५८ वैशाख ८ गते राति सुतिरहेको अवस्थामा अज्ञात समूहले बलात्कार गर्ने प्रयास गरे। पीडितले प्रतिकार गर्दा धारिलो हतियार प्रहार गरी घाइते तुल्याए। पीडित उपचारपछि ठीक भएकी छिन् भने पीडकहरू पत्ता लाग्न सकेनन्।

गोविन्दपुर गाविस–९ का १५ र १८ वर्षीय दुई महिलालाई ०५८ असार ७ गते राति सुतिरहेको अवस्थामा एक अज्ञात समूहले माओवादी हौं भन्दै बलात्कार गर्नुका साथै धनमाल लुटेर लग्यो। पीडकहरू पत्ता लाग्न सकेनन्।

सुनसरी जिल्ला रामगञ्ज गाविस–९ की २२ वर्षीया तरकारी व्यापारी एक महिलालाई ०५८ साउन १४ गते राति विराटनगर उमनपा–७ स्थित विजया होटलमा सुतिरहेको अवस्थामा सोही उमनपा–१५ का ३१ वर्षीय संजयकुमार महतो, ३० वर्षीय राजकुमार महतो र २८ वर्षीय मोहनकुमार सहनीले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई ०५८ भदौ १ गते प्रतिव्यक्ति १०–१० हजार रूपैयाँ धरौटीमा तारेखमा रिहा गरे।

मृगौली गाविस–५ स्थित एक घरमा काम गर्ने १४ वर्षीया एक बालिकालाई ०५८ भदौ २९ गते राति सोही ठाउँस्थित चिउरा मिलका कामदार ३० वर्षीय गणेश चौधरी र २० वर्षीय अशोक रायले नजिकको पोखरीको डिलमा लगी बलात्कार गरे। पीडकहरूलाई ०५८ असोज १८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

पथरी गाविस–१ की ३० वर्षीय एक महिलालाई ०५८ असोज २३ गते सोही ठाउँका फलकबहादुर राईले यौन सम्पर्क गर्न नदिएको निहुँमा धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितले उजुरी नदिएका कारण पीडकलाई कारवाही भएन।

नवलपरासी जिल्ला परासी गाविस–५ की २० वर्षीया हिरा गुरूङ र खोटाङ जिल्ला नेर्पा गाविस–४ की २२ वर्षीय कमला राईलाई ०५८ भदौ १६ गते मृगौलिया गाविस–९ का २९ वर्षीय मोती थापाले बिक्री गर्ने उद्देश्यले भारततर्फ लग्दै गर्दा रानीभन्सार नाका विराटनगरमा प्रहरीले जाली पासपोर्टसहित पक्राउ गरे। पीडकलाई जाली पासपोर्ट र सार्वजनिक (अपराध र सजाय) ऐनअन्तर्गत मुद्दामा कारवाही चलाए। पीडितहरूलाई माइती नेपालको सहयोगमा अभिभावकको जिम्मा लगाइयो।

पथरी गाविस–१ की २२ वर्षीया शान्ता सुवेदी (बस्नेत) लाई दाइजो नल्याएको आरोपमा ०५७ फागुन २२ गते आफ्नै पति लेकबहादुर सुवेदी, सासु धनकुमारी सुवेदी र ससुरा विर्खबहादुर सुवेदीले कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई कारवाही भएन।

विराटनगर उमनपा–१ पोखरियाकी विष्णुमाया भट्टराईलाई ०५८ वैशाख २४ गते ससुरा हरिप्रसाद भट्टराई, सासु लक्ष्मी भट्टराई र जेठाजु गोपालप्रसाद भट्टराईले तल्लो जातको भनी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा सोधपुछपछि रिहा गरियो।

दुलारी गाविस–९ की २३ वर्षीय राधा लुइँटेललाई ०५८ असार १९ गते आफ्नै पति कृष्णबहादुर लुइँटेल र ससुरा खड्गबहादुर लुइँटेलले कुटपिट गरे।

विराटनगर उमनपा–१९ की ३५ वर्षीय गीता श्रीवास्तव (थापा) लाई ०५७ फागुन २२ गते बेलुका भान्छा कोठामा खाना पकाइरहेको अवस्थामा अज्ञात व्यक्तिले अनुहारमा तेजाव खन्याई घाइते बनाए। पीडितको उपचार भारतको जोगवनीमा भयो।

बालअधिकार

केरावारी गाविस–९ की १४ वर्षीया प्रतिभा मगर र १३ वर्षीया प्रेया शेर्पालाई जागिर लगाई दिने र विवाह गर्ने प्रलोभनमा ०५८ असोज ९ गते दोलखा जिल्ला चरिकोट गाविस–६ का बस कण्डक्टर रमेश कार्की र नवलपरासी जिल्ला अगौले गाविस–८ का बस खलासी टेकनारायण कँडेलले केरावारीबाट अपहरण गरे। पीडितहरूलाई कार्तिक १५ गते मुक्त गरियो। पीडकहरूलाई कारवाही भएन।

खोटाङ जिल्ला खोटाङ गाविस–४ घर भई विराटनगर उमनपा–१४ स्थित टपटेन होटल एण्ड रेष्टुरेन्टमा कार्यरत १५ वर्षीय राजकुमार मगरलाई सुपारी चोरेको आरोपमा ०५८ भदौ ६ गते आफ्नै मालिक राम चौहानले टाउकोमा सरौता प्रहारी गरी गम्भीर घाइते बनाए। पीडितको टाउकोमा चार टाँका मारियो। पीडकले उपचार खर्च दिए।

डाँगीहरू गाविस–५ का १२ वर्षीय धर्मराज गौतमलाई

०५८ कार्तिक १९ गते उर्लाबारीस्थित आफ्नी फुपूको घरबाट फर्किरहेको अवस्थामा बाहुनी गाविस-९ बाट एक अज्ञात व्यक्तिले बाबु दुर्घटनामा परे, भेट्न जाउँ भनी अपहरण गरी ०५८ कार्तिक २२ गते मुक्त गरे। पीडक पत्ता लाग्न सकेनन्।

आर्थिक अधिकार

टंकीसिनवारी गाविसस्थित एभरेष्ट फाइवरमा कार्यरत मोहम्मद इमाउद्दीन, मोहम्मद सदाम र भोजकुमार खांउलाई ०५८ असार २४ गते व्यवस्थापन पक्षले निष्काशन गरी ०५८ असोज २४ गते पुनः नियुक्ति दिए।

विराटनगर उमनपा-१९ स्थित विराटनगर जुटमिलमा कार्यरत ज्योति शाही, रामकृष्ण गौतम र विष्णुबहादुर के.सी.लाई असक्षमताको आरोपमा ०५८ असार २५ गते, रामबहादुर रञ्जितकार र विनोद वि.क.लाई असक्षमता र कर्मचारीको संख्या बढी भएको आरोपमा ०५८ असार २६ गते, जीतवीर पाण्डे, माधवसिंह ठकुरी, इन्दिरा घिमिरे, श्यामकृष्ण पाठक र कृष्णबहादुर श्रेष्ठलाई असक्षमताको आरोपमा ०५८ साउन १ गते र देवरथ राई, कृष्णराज ताम्राकार, राजिव सुब्वा, गोपाल गौतम, रामकृष्ण गौतम र भरत श्रेष्ठलाई सुविधा बृद्धिको माग गरेको आरोपमा ०५८ असोज १० गते व्यवस्थापक निर्मलकुमार व्यास र संचालक मनोजकुमार उपाध्यायले निष्काशन गरे।

टंकिसिनवारी गाविसस्थित स्वष्तिक जुत्ता चप्पल उद्योगमा कार्यरत २८ वर्षीय उपेन्द्र राजवंशी, २० वर्षीय विमलकुमार माझी, २८ वर्षीय रविन्द्र पाण्डे, ४७ वर्षीय योगिलाल यादव, ४५ वर्षीय झलक राई, ४६ वर्षीय धर्मानन्द सञ्जेल, ४१ वर्षीय लक्ष्मण तिमिल्सिना, ३५ वर्षीय वीरेन्द्रकुमार सरकारसमेतका मजदुरहरू ०५८ मंसिर ३ गतेदेखि मंसिर १२ गतेसम्म उद्योग व्यवस्थापक पिन्टु अग्रवालको विराटनगर उमनपा-१५ स्थित घरको प्रवेशद्वारमा आठ सूत्रीय माग राखी रिले अनसन बसे। संकटकाल लागू भएकोले पीडितहरूले अनसन तोडे।

टंकीसिनवारी गाविसस्थित स्वष्तिक जुत्ता चप्पल उद्योगमा कार्यरत २९ वर्षीय कैलाश मण्डल, २० वर्षीय दीपेन्द्र सरदार, २२ वर्षीय इन्द्रदेव राजवंशी, २४ वर्षीय दयानन्द राजवंशी, २८ वर्षीय नारायण विश्वास, २३ वर्षीय देवीलाल पासवान, ३१ वर्षीय ध्रुव विश्वास र २५ वर्षीय रामहरि घिमिरेलाई मजदुर युनियनको राजनीति गरेको आरोपमा ०५८ असोज १८ गते, ३२ वर्षीय नेदीलाल साह र २९ वर्षीय उपेन्द्र राजवंशीलाई युनियनमा लागेको आरोपमा ०५८ कार्तिक ३ गते, ३३ वर्षीय मनोज माझी र २८ वर्षीय धनराज ऋषिदेवलाई हड्ताल गरी उत्पादन घटाउने आरोपमा ०५८ कार्तिक ६ गते उद्योग व्यवस्थापक पिन्टु अग्रवालले निष्काशन गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

इन्द्रपुर गाविस-९ का २१ वर्षीय कुमार परियारलाई बाहुनकी छोरी शोभा थापासँग प्रेम विवाह गरेको आरोपमा ०५८ असार २३ गते प्रहरीले गिरफ्तार गरी २ दिन हिरासतमा राखी रिहा गरे।

इन्द्रपुर गाविस-४ का दुर्गाप्रसाद गौरी पिप्लेलाई तल्लो जातिको भनिने व्यक्तिको घरमा खाना खाएको आरोपमा ०५८ साउन २७ गते सोही ठाउँका माधव ढकाल, टेकनाथ पराजुली, भीमप्रसाद ढकाल, गोपाल ढकाल र दुर्जे खुलालले अछूत घोषित गरे। पीडकहरूले ०५८ भदौ १६ गते गल्ती स्वीकार्दै माफी मागे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल उत्पीडित जातीय मुक्ति समाजका जिल्ला अध्यक्ष खेम नेपालीले ०५८ साउन १७ गते तल्लो जाति भनिने व्यक्तिको घरमा खाना खाएको आरोपमा इन्द्रपुर गाविस-४ का दुर्गाप्रसाद गौरी पिप्लेलाई सोही ठाउँका गोपाल ढकाललगायत्का व्यक्तिहरूले अछूत घोषित गरेकोमा प्रेस वक्तव्य निकाली विरोध जनाए।

विराटनगर उमनपा-१६ स्थित महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसका अस्थायी शिक्षकहरूको स्थायीका निम्ति हुने परीक्षा नेपाल प्राध्यापक संघ क्याम्पस ईकाइले स्थगित गराएको विरोधमा ०५८ भदौ २५ गते प्रगतिशिल प्राध्यापक समूह क्याम्पस इकाईले प्रेस वक्तव्य जारी गर्‍यो।

अतिरिक्त जानकारीहरू

सुन्दरपुर गाविस-३ का माओवादी कार्यकर्ता तिलक तामाङको ०५८ जेठ १३ गते आफैले बोकेको बम विस्फोट भई नजिकको जंगलमा मृत्यु भयो भने प्रल्हाद सुब्बा गम्भीर घाइते भए। पीडितको उपचार माओवादीहरूले भारतको सिलगुडीमा गराए।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका ११ वटा घटनामा ७ पुरूष र ५ महिला गरी १२ जना पीडित भए।१ सय १ जना पुरूष र ६० जना महिलाले आत्महत्या गरे। दुर्घटनाका ६३ घटनामा ५३ जना पुरूष र २३ जना महिला गरी ७६ जना व्यक्ति पीडित भए। भवितव्यका १० वटा घटनामा ११ जनाको मृत्यु भयो। आगलागीका ३ वटा घटना भए। ४ जना पुरूष र ३ महिलाका लास फेला परे। ७ वटा चोरीका र ३ वटा डकैतीका घटना भए।

१.६ सुनसरी

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

धनुषा जिल्ला मानटोल गाविस-४ घर भई इटहरी नपा-१ स्थित ममता मिष्ठान्न भण्डारमा कार्यरत २८ वर्षीय शंकर काफ्ले ०५७ फागुन ११ गते माओवादीहरूले विस्फोटन गराएको बमका कारण घाइते भए।

इटहरी नपा-२ को चारकोसे झाडीस्थित नेपाल खानेपानी संस्थानको पानी ट्यांकी सुरक्षार्थ खटिएका कर्मचारी ३९ वर्षीय भीमबहादुर निरौलालाई ०५८ भदौ ५ गते राति अज्ञात व्यक्तिहरूले धारिलो हतियारले गर्धन छिनालेर हत्या गरे।

डुम्राहा गाविस-६ का ४२ वर्षीय सिठरू खवासलाई चोरी गरेको आरोपमा ०५८ भदौ १४ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

डुम्राहा गाविस-७ का ५२ वर्षीय अल्लाउद्धिन हुसैनलाई ०५८ असोज ३० गते माओवादीहरूले गोली प्रहार गरी घाइते बनाए।

इटहरी नपा-४ का १५ वर्षीय रोशन घिमिरे, मधेशा गाविस-५ का रमेश शिवा र बम्लौटी गाविस-६ का २३ वर्षीय मोहित बस्नेतको ०५८ मंसिर १० गते रोशन घिमिरेको घरमा माओवादीले राखेको बम विस्फोटन भई मृत्यु भयो। सो घटनामा घर क्षतिग्रस्त भयो। मृतकका शरीरका टुक्राहरू टाढा-टाढासम्म उछिट्टिएका थिए। मृतकहरू मध्ये शिवा र मोहित माओवादी कार्यकर्ता भएको स्थानीय बासिन्दा बताउँछन्।

मधेली गाविस-१ का ४२ वर्षीय गुलजन चौधरीको ०५८ मंसिर १९ गते राति प्रहरीले घर घेरा हाली गोली प्रहार गर्दा मृत्यु भयो। पीडित घरबाट हामफाली नजिकैको परालको थुप्रोमा लुक्न जाँदा प्रहरीले गोली हानेका थिए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ५ जना पुरुष र १ जना महिलाको हत्या भयो। अन्य एक जनाको जंगलमा हत्या भयो। पीडकको पहिचान हुन सकेन। व्यक्तिगत कारणले गोली प्रहार गरिएका घटनामा ३ जना पुरुष घाइते भए। जसमध्ये-

इटहरी नपा-५ की २३ वर्षीय बबिता पासवानलाई दुर्व्यसनका कारण मानसिक स्थिति ठीक नभएको आरोपमा ०५७ माघ ९ गते आफ्नै पति ३२ वर्षीय शंकर पासवानले घाँटी थिची हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।



जनसंख्या	:	६३०३३५
साक्षरता प्रतिशत	:	४५
महिला साक्षरता प्रतिशत	:	३०.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	१२५७
गाविस/नपा संख्या	:	५२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३५८
क्याम्पस/उच्च मावि	:	७/८
अस्पताल/स्वास्थ्य चौकी	:	३/५७
टेलिफोन लाइन	:	७५००
मोटर सडक (कि.मी.)	:	३१३
प्रहरी कार्यालय संख्या	:	४०
हुलाक संख्या	:	५५

गिरफ्तारी र यातना

महेन्द्रनगर गाविस-२ का ३२ वर्षीय दिपेन्द्र सापकोटा र सोही गाविस-४ का २७ वर्षीय गणेश पाण्डेलाई माओवादीको आरोपमा ०५७ फागुन १५ गते प्रहरीले गिरफ्तार गरेकोमा फागुन २१ गते रिहा गरे।

बराहक्षेत्र गाविस-४ का अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष ५४ वर्षीय पुरूषोत्तम ढुङ्गेललाई ०५७ फागुन २१ गते प्रहरीले गिरफ्तार गरेकोमा डाँका र आगजनी मुद्दा अन्तर्गत थुनामा राखिएको छ।

पाँचकन्या गाविस-५ का ३८ वर्षीय श्यामकृष्ण खवासलाई माओवादीको आरोपमा ०५७ चैत १३ गते प्रहरीले गिरफ्तार गरी चोरी मुद्दा चलाएकोमा जिल्ला अदालतको आदेशमा ०५८ वैशाख २० गते रिहा गरियो।

बराहक्षेत्र गाविस-४ का ४७ वर्षीय इन्द्र पोखरेललाई माओवादीको आरोपमा ०५७ चैत २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई अदालतको आदेशमा ०५८ वैशाख ९ गते रिहा गरियो।

डुम्राहा गाविस-३ का ३३ वर्षीय भरत भुजेल र सोही गाविस-२ का २४ वर्षीय लक्ष्मी मण्डललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ असोज १४ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

ईनरूवा गाविस-३ का प्ररायुसंघ, नगर कमिटीका सचिव ३० वर्षीय राजु गौतमलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ असोज ३० गते प्रहरीले गिरफ्तार गरी। पीडितलाई ज्यानमार्ने उद्योगअन्तर्गत मुद्दा चलाइएकोमा अदालतले २२ हजार रूपैयाँ धरौटी माग गरेकोले तिर्न नसकेका कारण थुनामा राखिएको छ।

भरौल गाविस-९ का २८ वर्षीय बद्री सापकोटालाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते इटहरीबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २९ गते रिहा गरियो।

ईनरूवा नपा-२ घर भई हाल निर्वाचन आयोगको जिल्ला कार्यालयमा कार्यरत ३९ वर्षीय जीवन पोखरेललाई माओवादीको आरोपमा ०५८ मंसिर १५ गते कार्यालयबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

इटहरी नपा-२ का ३४ वर्षीय हरि गेलाललाई माओवादीको आरोपमा ०५८ मंसिर १५ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई १ महिनापछि रिहा गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२	६				
गोलीद्वारा हत्या	४	४		४	१	१		१
आफ्नै बमबाट मृत्यु	१	२		२				
गोलीद्वारा घाइते/हवाई फायर	३	३		३	१	१		१
बम प्रहारबाट घाइते/बम प्रकार	१	१		१				
गिरफ्तारी र यातना	५	८		८	५०	५८	४	६२
बेपत्ता पारिएको					१	१		१
कुटपिट	४०	३५	७	४२	३	६		६
धम्की	९	९		९	१		१	१
भेला र संगठित हुने अधिकार	१							
आर्थिक अधिकार	१	७		७		१		१
महिला किनबेचको प्रयास	१		२	२				
बलात्कार	५		५	५	१		१	१
बलात्कार	२		२	२				
पारिवारिक हिंसा	१		१	१	१		१	१
महिला भएकै कारण दिइने यातना	१		१	१	२		२	२
अमानवीय व्यवहार	४	५	३	८	१	१		१
अपहरण	२	३		३				
जम्मा	८७	८१	२३	१०४	६१	६९	९	७८

इटहरी नपा-२ का ३३ वर्षीय गोपाल विक र ललितबहादुर थापालाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते प्रहरीले विना पुर्जी गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

इटहरी नपा-२ का वीरेन्द्र पोखे्रल र दिलबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा राखिएको छ।

भरौल गाविस-३ का ४२ वर्षीय मानबहादुर राईलाई माओवादीको आरोपमा ०५८ मंसिर २१ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी आँखामा पट्टी बाँधेर कुटपिट गरी बेहोस अवस्थामा छोडिदिए। पीडितलाई चार दिनपछि जंगलमा बेहोस अवस्थामा फेला पारिएको थियो। कुटपिटका कारण पीडितको छाती, मुख र पूरै शरीर सुन्निनुका साथै दिसाबाट रगतसमेत जान थालेको पीडित पक्षले बताए।

भरौल गाविस-३ का २९ वर्षीय कमल भट्टराई, ३३ वर्षीय अमृत खड्का र २५ वर्षीय घनश्याम थापालाई माओवादीको आरोपमा ०५८ मंसिर २१ गते राति घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई हप्तापछि रिहा गरियो।

भरौल गाविस-३ नडाहाका ३५ वर्षीय तेजबहादुर कटुवाललाई माओवादीको आरोपमा ०५८ मंसिर २१ गते राति आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

मधुवन गाविस-७ का सामाजिक सचेतनाका लागि सूचना केन्द्र (सिक्सा) सँग आबद्ध २६ वर्षीय डि.बी. साह शंकरलाई माओवादीको आरोपमा ०५८ मंसिर २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अर्कोदिन रिहा गरियो।

धरान नपाका राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य ४४ वर्षीय के.बी. फुदुङ्गलाई माओवादीको आरोपमा ०५८ मंसिर २३ गते बाटोमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

महेन्द्रनगर गाविस-२ ढिकभोराका नेकपा (माले) का कार्यकर्ता ३३ वर्षीय पदम अधिकारीलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते राति आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

झुम्का गाविस-५ लगुनाका ५२ वर्षीय विमल भाई लुइँटेललाई माओवादीको आरोपमा ०५८ मंसिर २८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत २७ वर्षीय ध्रुव नेपाल र २२ वर्षीय सुमित्रा नेपाललाई माओवादीको आरोपमा ०५८ पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

इटहरी नपा-१ बाट प्रकाशित हुने ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिकका सहसम्पादक ३१ वर्षीय पी.बी. दियालीलाई माओवादीको आरोपमा ०५८ पुस ६ गते दैनिकको कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

इनरुवा नपा-३ का औरावनी माविका शिक्षक ५४ वर्षीय फणिन्द्र श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

चाँदबेला गाविस-६ का ३८ वर्षीय विजयकुमार सिंहलाई ०५७ फागुन १६ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरेर अर्को दिन मुक्त गरे।

इटहरी नपाका २७ वर्षीय दिवाकर खतिवडा र २४ वर्षीय विशाल दाहाललाई ०५८ कार्तिक २५ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरेर अर्को दिन मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य ३ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

इटहरी नपा-४ का २४ वर्षीय नितिन देवानलाई आफ्नो पार्टीको विरूद्धमा बोलेको आरोपमा ०५८ माघ २० गते माओवादीहरूले कुटपिट गरी आइन्दा आफ्नो पार्टीको विरूद्धमा बोलेमा ठिक नहुने धम्कीसमेत दिए।

इनरूवा नपा-१ का २७ वर्षीय राजीव अर्यालालाई ०५७ माघ २९ गते प्रहरीहरू कृष्ण दाहाल र खेम आचार्यले मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

खनारस्थित प्रहरी चौकीमा कार्यरत असई सहदेव मण्डललाई ०५७ फागुन १० गते माओवादीहरूले कुटपिट गरी शरीरमा नीलडाम पार्नुका साथै कान समाई उठबस गर्न लगाए।

भरौल गाविस पिंडारीकी ५० वर्षीय फूलमाया भुजेललाई सुराकी गरेको आरोपमा ०५७ फागुन १७ गते राति माओवादीहरूले भाटा प्रहार गरी घाइते बनाए।

एकम्बा गाविस-२ का ३४ वर्षीय बेचु चौधरीलाई सुराकी गरेको आरोपमा ०५७ फागुन १७ गते माओवादीहरूले दाउरा र भाटा प्रहार गरी घाइते बनाए।

बराहक्षेत्र गाविस-४ चतराका ६० वर्षीय मेहरमान श्रेष्ठ र उनकै छोरा ३७ वर्षीय दिपक श्रेष्ठलाई सुराकी गरेको आरोपमा ०५७ फागुन २१ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गरी मोटरसाइकलमा आगो लगाई ध्वस्त पार्नुका साथै प्रहरी-प्रशासनमा खबर गरेमा ज्यानमार्ने धम्की दिए।

बक्लौरी गाविस-२ का ३० वर्षीय जागृत चौधरीलाई ०५७ चैत ६ गते राति माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

खनारस्थित प्रगति टेक्सटाइलका मालिक ४४ वर्षीय ललित लोहियालाई नेपाल बन्दको दिन कारखाना चलाएको आरोपमा ०५७ चैत २१ गते माओवादीहरूले कारखानाभित्र प्रवेश गरी कुटपिट गरी घाइते बनाए।

बराहक्षेत्र गाविस-४ का ३९ वर्षीय तेजप्रसाद सुवेदीलाई नेकाँ भएको आरोपमा ०५७ चैत २३ गते राति आफ्नै घरमा माओवादीहरूले भाटा र चिर्पट प्रहार गरी घाइते बनाए।

चाँदबेला गाविस-४ का गाविस अध्यक्ष ४६ वर्षीय गोपाल राजभण्डारीलाई ०५७ चैत २९ गते राति आफ्नै घरमा माओवादीहरूले बन्दुकको कुन्जा, बाँस र चिर्पटले हिर्काई नाक, कान र टाउकोमा गम्भीर चोट पुऱ्याए।

बराहक्षेत्र गाविस-५ चतराका १४ वर्षीय इन्द्रकुमार राईलाई ०५८ वैशाख १८ गते माओवादीहरूले कुटपिट गर्नुका साथै कपाल खौरिदिए।

कुटपिटबाट पीडित इन्द्र कुमार राई

इनरूवास्थित अस्पतालमा कार्यरत अनमी ३४ वर्षीय पद्मालक्ष्मी राईलाई औषधोपचार नगरेको आरोपमा ०५८ जेठ ४ गते ड्युटीमा रहेकै अवस्थामा सोही नपा-८ का देवनारायण महतोसमेतका व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूमाथि कारवाही भएन।

इटहरी नपा-२ का ३८ वर्षीय नारायण गुरागाईंलाई फट्याइँ गरेको आरोपमा ०५८ जेठ २४ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

डुम्राहा गाविस-१ का ३४ वर्षीय चन्द्रनारायण सिंह, ३८ वर्षीय ढोरन चौधरी, सोही गाविस-७ का ३७ वर्षीय उमाकान्त चौधरी र सोही गाविस-३ का रामनारायण चौधरीलाई ०५८ मंसिर १४ गते राति माओवादीहरूलाई गिरफ्तार गर्न असफल भएको रिसमा सुरक्षाकर्मीले कुटपिट गरे।

भुटाहा गाविस-८ का २९ वर्षीय समिम अन्सारीलाई प्रहरीसँग निहुँ खोजेको आरोपमा ०५८ पुस १५ गते भुटाहा प्रहरी चौकी मा कार्यरत प्रहरी सई बाबुराम झाले कुटपिट गरी हात बाँधेर बजार घुमाए। पीडकलाई कारवाही भएन।

यस वर्ष यो जिल्लामा ७० जनालाई माओवादीहरूले कुटपिट गर्नुका साथै २५ वटा बन्दुक लुटेर लगे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (माले) धरान नगर कमिटीको कार्यालयमा ०५७ चैत २२ गते प्रहरी प्रवेश गरी तोडफोड गर्नुका साथै कार्यालयका सामान र महत्वपूर्ण कागजात नष्ट गरिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ३ हजार ५ सय ३३ वटा मुद्दा दर्ता भएकोमा १ हजार ९ सय ६९ वटा फर्स्यौट भई १ हजार ५ सय ६४ वटा बाँकी रहे। फर्स्यौट हुन बाँकी मुद्दामध्ये १ हजार १ सय ४१ देवानी, ३ सय १८ दुनियावादी फौजदारी र १ सय ५ वटा सरकारवादी फौजदारी छन्। विगत वर्षदेखि जिम्मेवारी सरेर आएका १ हजार ५ सय ६४ वटा मुद्दामध्ये यस वर्ष ६ सय २४ वटा फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगले काम थालनी गरी ७ गाविसका भूमीहिन, सुकुम्बासीलाई जग्गाधनी प्रमाण

पुर्जा वितरण गर्ने तयारी गरेको अवस्थामा आयोग विघटन गरियो। यस जिल्लाका ४९ वटै गाविस र ३ वटै नपामा सुकुम्बासी समस्या रहेको छ।

यस वर्ष असहाय, विधवा ४ हजार ९ सय २४ जना छन्। अपाङ्ग ५० जना र जेष्ठ नागरिक ४ हजार ४ सय ६६ जना गरी कूल ९ हजार ४ सय ४० जनालाई पहिलो चौमासिकका लागि जम्मा ४६ लाख ६९ हजार २ सय रूपैयाँ वितरण गरिएको कुरा जिविसले बतायो।

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

चितवन जिल्ला नारायणगढकी २२ वर्षीय एक महिलालाई ०५७ माघ १८ गते हाँसपोसा गाविस तरहराका चार जना युवाहरूले चारकोसे झाडीमा लगी बलात्कार गरे। पीडकहरू फरार छन्।

धरान नपा-१५ बाँझगराकी ११ वर्षीय एक बालिकालाई ०५७ फागुन २१ गते ट्युशन पढ्न आएको अवस्थामा सोही ठाउँका शिक्षक २२ वर्षीय टेकबहादुर श्रेष्ठले मुख थुनी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

इलाम जिल्ला माइपोखरी घर भई शाही नेपाली सेनामा कार्यरत आफ्ना देवर भेट्न आएकी ३१ वर्षीय एक महिलालाई ०५७ चैत २७ गते धरान नपा-१३ स्थित २ नम्बर बाहिनी अड्डा फिल्ड इन्जीनियरिङ्ग गुल्ममा कार्यरत सैनिक हवल्दार ३७ वर्षीय कृष्ण रावलले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कुनै कारवाही भएन।

हरीनगरा गाविस-२ की १८ वर्षीय एक महिलालाई ०५८ जेठ १२ गते घरमा कोही नभएको अवस्थामा सोही गाविस-४ का ३८ वर्षीय नुनुलाल पाल गडेरीले बलात्कार गर्ने प्रयास गरे। पीडित कराएपछि छिमेकीहरू आएको थाहा पाई पीडक भागेका थिए। पीडक हालसम्म फरार छन्।

धरान नपा-१९ की ११ वर्षीय एक बालिकालाई ०५८ असार १३ गते दिउँसो बाख्रा चराउन गएको अवस्थामा तीन-चार जना अज्ञात व्यक्तिहरूले बलात्कार गरी मरणासन्न अवस्थामा पुऱ्याई फरार भए।

इटहरी नपा-२ की १९ वर्षीय एक युवतीलाई ०५८ असार १८ गते सोही ठाउँका २४ वर्षीय भविन्द्र आचार्य, १६ वर्षीय अशोक राईसमेत ७-८ जनाले बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

संखुवासभा जिल्ला आँखिभुईं गाविस-१ की १८ वर्षीय एक युवतीलाई ०५८ असोज २० गते पर्सा जिल्ला विरगञ्ज उमनपा-१९ का बस ड्राइभर २८ वर्षीय नगेन्द्र पाण्डेले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिमरिया गाविस-७ की १५ वर्षीय एक बालिकालाई ०५८ कार्तिक १ गते छिराहा गाविस-२ का २६ वर्षीय सदानन्द मेहतासमेत ४-५ जना व्यक्तिहरूले बलात्कार गरे। पीडकहरूमध्ये सदानन्दलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

भादगाउँ सिनवारी गाविस-२ की दुई युवतीलाई ०५८ असार १ गते सप्तरी जिल्ला बदगामा गाविस-४ घर भई हाल इनरूवा नपा-३ सखुवागाडीमा डेरा गरी बस्ने २३ वर्षीय दिपक थापा मगरले बिक्री गर्ने उद्देश्यले भारतको रक्सौल पुऱ्याए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मधुवन गाविस-९ की १७ वर्षीय रूवेदा खातुनलाई दाइजो नल्याएको आरोपमा ०५८ असोजमा आफ्नै पति १९ वर्षीय इस्लाम मियाँले घरबाट निकालीदिए। पीडित सोही ठाउँस्थित आफ्नो माइतीमा बसेकोमा ०५८ मंसिर १२ गते छोरा जन्माइन्। पीडक र पीडितबीच ०५७ चैत १ गते प्रेम विवाह भएको थियो। पीडितले छोराको नाता कायम गर्न र अंशका लागि जिल्ला अदालतमा मुद्दा दिएकीछिन्।

भोक्राहा गाविस-२ की ५२ वर्षीय जमीना खातुनलाई बोक्सी भएको आरोपमा ०५७ फागुन १२ गते सोही ठाउँका मजरूद्दिन मियाँ, इलियास अन्सारी, रूस्तम अन्सारीसमेतको अगुवाईमा गाउँका अन्य व्यक्तिहरूले कुटपिट गरी गाउँबाट बाहिर जान धम्की दिनुका साथै दिसापिसाब खुवाउने प्रयास गरे। पीडकहरूलाई १ हजार ५ सय रूपैयाँ धरौटीमा तारेखमा रिहा गरियो।

इनरूवा गाविस-५ की ६५ वर्षीय रामवती साहुलाई आफ्ना छोरा-छोरीलाई "टुना" गरी बिरामी बनाएको आरोपमा ०५८ वैशाख १ गते सोही ठाउँका मुसहर वस्तीका महिलाहरूले लछारपछार गरे। पीडकहरूले माफी मागेपछि गाउँमै मिलापत्र भयो।

दुहवी गाविस-३ तुताहाटोलकी ५४ वर्षीय फूलमाया उरावलाई बोक्सी भएको आरोपमा ०५८ असोज १४ गते सोही ठाउँका ४२ वर्षीय अग्नु उराव, ३८ वर्षीय कदमा उराव, ३८ वर्षीय बहुरा उरावसमेतका व्यक्तिहरूले कुटपिट तथा गालीबेइज्जती गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

आर्थिक अधिकार

मोरङ सुगर मिल्स लिमिटेडको बायोटेक सीड सेन्टरको अमडुवा गाविसस्थित ५ सय ३८ विगाह जमीनमा वर्षौंदेखि कार्यरत कृषि मजदुरहरू गोपाल राय, जंगि राम, कमलदेव राय, कालिचरण कर्मकार, नुटी सलाम, पंचनन्द राम, गुरू रिमाल, अशोक ठाकुरसमेत १५ जनालाई ०५८ वैशाख १० गतेदेखि व्यवस्थापन पक्षले कामबाट विस्थापन गऱ्यो। पीडितहरू करार र अस्थायी भए पनि ०५७ मंसिर २० गतेको व्यवस्थापन र मजदुरबीच भएको सम्झौतामा करारलाई अस्थायी र अस्थायीलाई स्थायी गर्ने निर्णय भएको थियो। आफूहरू कृषि मजदुर संघमा संगठित भएको आक्रोसमा आफूहरूलाई कामबाट निष्काशन गरिएको कुरा पीडितहरूले बताए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

इटहरी नपाका प्रमुख सर्वध्वज साँवाको कार्यकक्षमा ०५८ जेठ १८ गते राप्रपा र नेकाँका कार्यकर्ताहरूले नेकपा (एमाले) का कार्यकर्ताहरूलाई ढुङ्गामुढा गरी घाइते बनाएको घटनाको विरोध गर्दै इटहरी नपाले जेठ २१ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेपाल तरूण दल जिल्ला कार्य समितिले ०५८ मंसिर २२ गते एक विज्ञप्ति जारी गरी दलका उपसभापति सनिम अन्सारीलाई प्रहरीले हातपात गरेको घटनाप्रति विरोध जनायो।

अतिरिक्त जानकारीहरू

इटहरी नपा-४ का १५ वर्षीय रोशन घिमिरे, मधेशा गाविस-५ का रमेश शिवा र बम्लौटी गाविस-६ का २३ वर्षीय मोहित बस्नेतको ०५८ मंसिर १० गते रोशन घिमिरेको घरमा माओवादीले राखेको बम विस्फोटन भई मृत्यु भयो। सो घटनामा घर क्षतिग्रस्त भयो। मृतकका शरिरका टुक्राहरू टाढा-टाढासम्म उछिट्टिएका थिए। मृतकहरू सबै माओवादी कार्यकर्ता भएको स्थानीय बासिन्दाहरू बताउँछन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १ जना पुरूष र २ महिला पीडित भए। ४० जनाले आत्महत्या गरे। सडक दुर्घटनामा परी ६ जनाको मृत्यु भयो। भवितव्यमा मृत्यु हुनेको संख्या ५४ रह्यो। आगलागीका २ वटा घटना भए। माओवादीहरूले ४ वटा गाडीमा आगो लगाए भने ४ ठाउँमा बम विस्फोट गराए।

१.७ धनकुटा



जनसंख्या	:	१६८७८१
साक्षरता प्रतिशत	:	५६.५६
महिला साक्षरता प्रतिशत	:	४४.१३
क्षेत्रफल (वर्ग कि.मी.)	:	८९१
गाविस/नपा संख्या	:	३५/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३१५
क्याम्पस/उच्च मावि	:	१/४
अस्पताल/स्वास्थ्य चौकी	:	१/३७
टेलिफोन लाइन	:	८४८
मोटर सडक (कि.मी.)	:	२१९.२२
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	३७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

छ वाम समूहले ०५८ जेठ १३ गते आयोजना गरेको मशाल जुलुस धनकुटा नपा-५ माथिल्लो कोप्चे आइपुग्दा प्रहरीले अन्धाधुन्ध गोली चलाई मोरङ जिल्ला इटहरा गाविस-३ घर भई हाल धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत २४ वर्षीय विकास बुढाथोकीलाई घाइते बनाए। गोली चलाउनुअघि लाठीचार्ज गर्दा धनकुटा नपा-४ का ३३ वर्षीय गोपाल वि.क. र २४ वर्षीय शोभित चेम्जोङ समेत ३७ जना घाइते भएका थिए।

झापा जिल्ला बुधबारे घर भई हिलेबजारस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २७ वर्षीय डेगेन्द्रप्रसाद आचार्यलाई ०५८ मंसिर २ गते राति सोही ठाउँका टाउके भन्ने दिपक तामाङ्ग, सन्तोष राई, कुमार तामाङ्ग, टेकबहादुर राई, अमित शेर्पा, विजय राईलगायत्का व्यक्तिहरूले गोली प्रहार गरी गम्भीर घाइते बनाए। पीडकहरू मध्ये दिपक तामाङ्ग र सन्तोष राई फरार छन् भने अन्यलाई प्रहरीले गिरफ्तार गरे।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको छ। यसको कुल बन्दी क्षमता ३५ जनाको भनिए तापनि २० जनालाई पनि पर्याप्त छैन। एउटा भान्सा कोठा र अर्को सुत्ने बस्ने कोठा रहेको यो जेलमा यस वर्षको अन्त्सम्म कैद तोकिएका १० र कैद नतोकिएका २४ गरी ३४ जना बन्दीहरू छन्। जसमध्ये ५ जना माओवादीको आरोपमा थुनिएका छन्। पुरुष बन्दीमात्र थुनिने यस जेलको अन्य भौतिक सुधार ठीकै भए पनि बन्दीहरूले घाम ताप्न नपाएकाले जाडो याममा उनीहरूको जीउ सुन्निने र चिसोका कारण अन्य रोगहरू लाग्ने गरेको पाइन्छ। छारे रोग लागेका एक जना बन्दीलाई पनि अन्य बन्दीसँगै राखिएको छ। ३ जना बाल बन्दीमध्ये केशव खड्कालाई केही महिनाअघि काठमाण्डौस्थित बालसुधार गृहमा स्थानान्तरण गरिएको छ भने २ जना यही जेलमा छन्। बन्दीहरूलाई दिइने चामल अन्त्यत अमिलो र खान नसकिने भएको जनाउँदै ६ महिनाअघि बन्दीहरूले विरोध गरेका थिए।

गिरफ्तारी र यातना

भीरगाउँ गाविस-३ सिरान बस्नेत टोलका ६० वर्षीय उदयबहादुर बस्नेतलाई माओवादीलाई सहयोग गरेको आरोपमा

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१	१	७	१	८
गिरफ्तारी र यातना					८	१३	१	१४
कुटपिट	१६	१४	७	२१	१	१	१	२
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	२		२	२				
गर्भपतन			१	१				
बाल अधिकार	१		१	१				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार								
अपहरण	३	४		४				
जम्मा	२८	२२	१३	३५	१०	२१	३	२४

०५७ माघ १७ गते आफ्नै चिया बगानमा काम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई २१ दिनसम्म नजरबन्दमा राखी हाल रिहा गरिएको छ।

महाभारत गाविस-१ का १९ वर्षीय अमृतमान राई, ६० वर्षीय रेखमान राई र ३६ वर्षीय ठाम्रे राईलाई ०५८ वैशाख ८ भरूवा बन्दुक राखेको आरोपमा प्रहरीले गिरफ्तार गरे। अमृतमान र रेखमानलाई १०-१० हजार र ठाम्रेलाई ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

झापा जिल्ला हडिया बुधबारे गाविस-१ का ३९ वर्षीय छत्र तिम्सिनालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ जेठ १० गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितलाई सर्वोच्च अदालतले रिहा गर्ने फैसला गरे पनि विराटनगरबाट अड्डा सार गरी धनकुटा ल्याई एक महिनासम्म झ्याल ढोका बन्द गरी अँध्यारो कोठामा राखियो। पीडितलाई ०५८ असार ७ गते रिहा गरियो।

लेगुवा गाविस-३ की गीता भण्डारीलाई माओवादीको आशंकामा ०५८ साउन ३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ७ दिनसम्म हिरासतमा राखी विभिन्न राजनीतिक पार्टी तथा मानवअधिकारवादीहरूको पहलमा रिहा गरियो।

कुरूलेतेवुपा गाविस-२ का २६ वर्षीय हेमराज भण्डारी तथा सोही गाविस-९ का २८ वर्षीय डिल्ली भट्टराईलाई माओवादीको आरोपमा ०५८ भदौ २९ गते हिलेबजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

लेगुवा गाविस-३ का ४५ वर्षीय डम्वर पुरी र ४२ वर्षीय गणेश भन्ने टेकबहादुर गिरीलाई ०५८ साउन ७ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

लेगुवा गाविस-३ का २३ वर्षीय युवराज गिरीलाई ०५८ साउन ८ गते माओवादीहरूले अपहरण गरी २ दिनपछि मुक्त गरे।

चुङ्माङ्ग गाविस-५ का ३० वर्षीय माधव तिम्सिनालाई ०५८ असोज १ गते गाविस भवनबाट माओवादीहरूले अपहरण गरे। माओवादीहरूले गाविस कार्यालयका सम्पूर्ण कागजपत्रहरू पनि लगेका थिए। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मारेक कटहरे गाविस-४ दमारका खड्गबहादुर थापालाई ०५७ माघ १४ गते आफ्नै पसलमा बसिरहेको अवस्थामा माओवादीहरूले लछार पछार गर्दै नजिकैको खाली प्रहरी चौकी भवनमा थुनेर आगो लगाई ज्यानमार्ने प्रयास गरे। पीडित त्यहाँबाट भागेका थिए।

वेलहारा गाविस-३ मार्गामा पसल गरी बस्ने ४६ वर्षीय कान्छिमाया घिमिरेलाई ०५७ फागुन १० गते बेलुका अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

धनकुटा नपा-६ स्थित धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत केवलराम बुढाथोकीलाई ०५७ फागुन ११ गते नेपाल विद्यार्थी संघको घोषणापत्र च्यातिदिएको विषयलाई लिएर



लाठी चार्जमा घाइते भएका गोपाल वि.क. र शोभित चेम्जोङ

तरूण दलका जिल्ला सदस्य सुन्दरबाबु श्रेष्ठले कुटपिट गरे।

सप्तरी जिल्ला आम्हा गाविस-३ घर भई धनकुटा जिल्ला अस्पतालमा कार्यरत २५ वर्षीय इशिया मल्लिक, सिराहा जिल्ला लहान नपा-१० का ४३ वर्षीय हलियश्वर मरिक र ३५ वर्षीय विर्खि मरिकलाई ०५७ फागुन २४ गते सोही अस्पतालमा कार्यरत कपलेश्वर मरिक र प्रमिला मरिकले कुटपिट गरे।

खोटाङ्ग जल्ला बतासे गाविस-२ घर भई हाल धनकुटा नपा-४ मा बस्ने ४४ वर्षीय प्रेमकुमार राई तथा धनकुटा नपा-४ की वडा सदस्य सावित्रा वाग्लेलाई ०५८ जेठ २३ गते प्रमुख जिल्ला अधिकारीको निवासमा सुरक्षार्थ खटिएका प्रहरी जवान सुनिल भण्डारी र सुमित्रा बस्नेतले कुटपिट गरे।

धनकुटा नपा-७ हुलाक टोलका गोपाल कार्की र ताराबहादुर श्रेष्ठलाई पत्रिकामा गलत समाचार प्रकाशित गराएको आरोपमा ०५८ भदौ ५ गते सोही वडाका अध्यक्ष गंगाबहादुर राईले कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी आइन्दा यस्तो कार्य नगर्ने कागज गराए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अखिल नेपाल जनवादी लिगका कार्यकर्ता महोत्तरी जिल्लाका राजन ढुंगाना, धनकुटाका अच्युत घिमिरे र चन्द्र खतिवडालाई ०५ वैशाख १२ गते आफ्नो संगठन बिस्तार गर्ने क्रममा सहयोगस्वरूप चन्दा संकलन गर्दै हिंडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ३२ घण्टा हिरासतमा राखी वैशाख १३ गते रिहा गरियो।

छ वाम समूहद्वारा ०५८ वैशाख २२ गते आयोजित मशाल जुलुस कार्यक्रमका सहभागीहरूलाई प्रहरीले लछार पछार गरे। साथै, क्षेत्र नं. १ का सांसद दुर्गा लिंखा र नेकपा (एमाले) का जिल्ला सचिव गोपाल गुरागाईंलाई प्रहरीले गिरफ्तार गरी राति १० बजे रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा फौजदारी मुद्दा ९८ वटा, देवानी मुद्दा १ सय ६८ वा दर्ता भए। ती मध्ये फौजदारी मुद्दा ५८ वटा र देवानी मुद्दा ४२ वटा फैसला भए। २ वटा साधारण देवानी मुद्दा २ वर्षदेखि छिनिएका छैनन्।

पुनरावेदन अदालतमा यस वर्ष ४ सय २८ मुद्दा दर्ता भए। २ सय ७२ वटा फैसला भए र १ सय ५६ वटा बाँकी रहेका छन्।

धनकुटा जेल : साहित्यिक कार्यक्रममा बन्दीहरू

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगले यस जिल्लाको क्षेत्र नं. १ मा ७८ जना र क्षेत्र नं. २ मा १ सय १६ समेत १ सय ९४ जनालाई जग्गा वितरण गऱ्यो। जेष्ठ नागरिकहरूको लागि जिल्ला विकास समिति मार्फत् ५८ लाख ४४ हजार रूपैया वितरण गरियो।

महिला अधिकार

बेलहारा गाविस-४ मार्गाकी ११ वर्षीय एक बालिकालाई ०५८ साउन १८ गते सोही ठाउँका २७ वर्षीय राजकुमार विष्टले ललाई-फकाई बिक्री गर्ने उद्देश्यले लगिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे।

धनकुटा नपा-३ कचिंदेकी ३८ वर्षीय लक्ष्मी खड्कालाई ०५७ फागुन १ गते आफ्नै पति जयबहादुर खड्का र सौता गीता खड्काले कुटपिट गरी घाइते बनाए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि पीडकलाई केरकार गरियो।

धनकुटा नपा-४ छारागाउँकी २५ वर्षीय गीता श्रेष्ठलाई ०५७ चैत ७ गते आफ्नै पति जीतबहादुर श्रेष्ठ, सोही ठाउँकी रीना आचार्य र मीना आचार्यले कुटपिट गरी घाइते बनाए। जनप्रतिनिधि र मानवअधिकारकर्मीहरू भेला भई छलफल गर्दा पीडकहरूले अब यस्तो कार्य नगर्ने बताए। जीतबहादुरले रीनासँग विवाह गरेका छन्।

पीडित भद्रश्वरी राई

महाभारत गाविस-६ की भद्रश्वरी राईलाई ०५८ साउन १७ गते आफ्नै देवर सोही ठाउँका वडाध्यक्ष दामदिने राईले गाली बेइज्जती गरी खुकुरी प्रहार गरी घाइते बनाए। पीडितले जिल्ला अदालतमा मुद्दा दर्ता गरेकी छिन्।

मौना बुधुक गाविस-२ की २६ वर्षीय भीमकुमारी लिम्बुलाई ०५७ माघ ५ गते सोही

ठाउँकी ३० वर्षीय हेमकुमारी लिम्बुले कुटपिट गर्दा तीन महिनाको गर्भपतन भयो। पीडितले प्रहरी कार्यालयमा उजुरी दिए पनि दर्ता गरिएन।

बालअधिकार

बुधबारे गाविस-१ का १३ वर्षीय पुष्पा श्रेष्ठलाई आफ्नो घरमा काम गर्ने एक लाटी केटीलाई जिस्काएर काममा अल्मल्याएको आरोपमा ०५८ वैशाख १ गते सोही ठाउँकी ३७ वर्षीय पुष्पा थापाले कुटपिट गरिन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

बुढिमोरङ गाविस-३ का १४ वर्षीय राजु परियारलाई ०५८ साउन ४ गते सोही गाविस-३ का वडाध्यक्ष मेषबहादुर मेबोहाङ्गले उत्पीडित जाति भएर आफ्नो घरमा टिभी हेर्न आएको आरोपमा गाली बेइज्जती गर्दै खुकुरी प्रहार गरी घाइते बनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सुकुम्बासी आयोगबाट गलत ढंगले जग्गा वितरण गरेको आरोपमा नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीले ०५८ वैशाख २९ गते संयुक्त प्रेस विज्ञप्ति जारी गरे।

संयुक्त वाम आन्दोलन जिल्ला परिचालन कमिटीले ०५८ जेठ १३ गते प्रहरीबाट भएको गोली काण्डको विरोध गर्दै एक प्रेस विज्ञप्ति जारी गऱ्यो। सोही घटनाको विरोध गर्दै मानवअधिकार सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक), नेपाल र अनेरास्ववियुले छुट्टाछुट्टै विज्ञप्ति जारी गरे।

धनकुटा नपा-७ का वडाध्यक्ष गंगाबहादुर राईले सोही ठाउँका ताराबहादुर श्रेष्ठ र पत्रकार गोपाल कार्कीलाई कुटपिट गरेको घटनाको विरोधमा ०५८ भदौ ५ गते नेकपा (एमाले) प्रचार विभागले प्रेस वक्तव्य जारी गरे।

माओवादीको विकृत गतिविधिको विरोधमा गाविस महासंघ जिल्ला कार्य समितिका अध्यक्ष दिलिप सुब्बाले ०५८ असोज ५ गते एक प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ७ जना पुरूष पीडित भए।

१.८ तेह्रथुम

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

धनकुटा जिल्ला हात्तिखर्क गाविस घर भई तेह्रथुममा पार्टीको काम गर्ने माओवादी कार्यकर्ता २४ वर्षीय गणेश सुवेदीलाई ०५८ असार २९ गते पञ्चकन्या गाविस-४ का २८ वर्षीय चन्द्रबहादुर लिम्बुले आफ्नै घर नजिक खुकुरी प्रहार गरी हत्या गरे। माओवादी कार्यकर्ताहरूले केही दिन अघि आफ्ना बाबुलाई सुराकी गरेको आरोपमा भाटाले कुटपिट गरेको र सो दिन पुनः माओवादीहरू आफ्नो घरमा आएकाले पीडकले एक्कासी खुकुरी प्रहार गरेका थिए। सो घटनामा अन्य व्यक्तिहरू घाइते भएका थिए। पीडितको लास माओवादीहरूले नै लगेर दाहसंस्कार गरेका थिए।



जनसंख्या	:	१०२८७०
साक्षरता प्रतिशत	:	५५.४
महिला साक्षरता प्रतिशत	:	३४.७५
क्षेत्रफल (वर्ग कि.मी.)	:	६७९
गाविस/नपा संख्या	:	३२/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	२३१
क्याम्पस/उच्च मावि	:	२/८
अस्पताल/स्वास्थ्य चौकी	:	१/४१
टेलिफोन लाइन	:	२३०
मोटर सडक (कि.मी.)	:	२६
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	३३

सिम्ले गाविस पोक्लावाङ्गस्थित इलाका प्रहरी कार्यालयमा ०५८ साउन ६ गते राति माओवादीहरूले आक्रमण गरी प्रहरी असई खोटाङ जिल्लाका शिवविक्रम ढकाल र प्रहरी जवान तेह्रथुम जिल्ला थोक्लुङ गाविसका मनकुमार मोक्तानलाई गोली हानी हत्या गरे भने प्रहरी जवानहरू टेकबहादुर गिरी, वैजनाथ यादव, भीम खत्री, तिलक तामाङ र सई देवेन्द्र वोगटीलाई गोलीद्वारा घाइते बनाए।

जलजले गाविस-२ कोलटारमा ०५८ साउन ७ गते माओवादीहरूले राखेको एम्बुसमा परी भोजपुर जिल्ला बोखिमका प्रहरी जवान फुर्वाछिरिङ शेर्पा र मोरङ जिल्ला सुन्दरपुरका प्रहरी जवान बलुराम राईको मृत्यु भयो भने तेह्रथुम जिल्ला मोराहाङका भोला चौहान घाइते भए। सिम्ले गाविस पोम्लावाङमा अघिल्लो दिन माओवादीहरूले आक्रमण गरेपछि सदरमुकामबाट थप १५ जना प्रहरीहरू घटनास्थलतर्फ जाँदै गर्दा एम्बुसमा परेका थिए।

धनकुटा जिल्ला मारेकटहरे गाविस-९ का २२ वर्षीय केदार लिम्बू (केशर राई) लाई बसन्तपुर इलाका प्रहरी कार्यालयमा माओवादीले आक्रमण गरेको घटनामा संलग्न

भएको आरोपमा ०५८ मंसिर १३ गते घरायसी कामले बसन्तपुरमा आएको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाएकोमा उपचारार्थ लैजाँदा लैजाँदै मृत्यु भयो। तर, सो दिन बसन्तपुर चौकीमा माओवादीहरूले आक्रमण नगरेको कुरा सोही ठाउँका बासिन्दाले बताए।

ओयाक्जुङ्ग गाविस-५ का एक व्यक्तिको घरमा माओवादीका धनकुटा-भोजपुर-संखुवासभा-तेह्रथुमका कमाण्डर भनिएका करिब २८ वर्षीय बिमल विराम भन्ने व्यक्तिको ०५८ मंसिर २९ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	२		२	२	२		२
एम्बुसमा परी मृत्यु	१	२		२				
गोलीद्वारा घाइते/हवाई फायर	२	६		६				
एम्बुसमा परी घाइते	१	१		१				
गिरफ्तारी र यातना					४	८		८
बेपत्ता पारिएको	१	१२		१२				
कुटपिट	२२	३०	४	३४				
धम्की	६	९		९				
भेला र संगठित हुने अधिकार	१				१			
बलात्कार	१		१	१				
पारिवारिक हिंसा	१		२	२				
आर्थिक अधिकार	१	६३		६३				
अमानवीय व्यवहार	२	३		३				
जम्मा	४२	१२९	७	१३६	८	१०		१०

जेल र बन्दीहरू

"ख" श्रेणीको तेह्रथुम जेलको बन्दी क्षमता ३० जना हो। हाल यस जेलमा १७ पुरूष र १० महिला गरी २७ जना बन्दी छन्। महिला र पुरूष बन्दीहरूका लागि १-१ वटा घर, चर्पी र धाराको व्यवस्था छ। जेलमा बिजुली बत्ती उपलब्ध छ। महिला तथा पुरूष बन्दीहरूका लागि छुट्टाछुट्टै टिभीको पनि व्यवस्था छ। बन्दीहरू भलिबल, चेस, क्यारेमबोर्ड र लुँडो खेल्ने गर्दछन्। बन्दीहरूसँग हरेक हप्ता आइतबार र बिहीबार भेट गर्न दिइन्छ। बन्दीहरू बिरामी पर्दा सामान्य उपचारको व्यवस्था छ। बन्दीहरू ढाका टोपी बुन्ने कार्यमा लागेका छन्। चामल राम्रो गुणस्तरको नदिइएको र बाहिर सामानहरू किन्न पठाउँदा महंगो गरी किनिदिएको गुनासो बन्दीहरूको छ।

गिरफ्तारी र यातना

धोक्लुङ गाविस-६ का १९ वर्षीय चन्द्रबहादुर कन्दङ्वा र मोरङ जिल्ला दुर्गापुर गाविस-९ का ५३ वर्षीय तिलविक्रम श्रेष्ठलाई ०५७ फागुन १७ गते जग्गाको कारोबारसम्बन्धी काममा सदरमुकाम आएको अवस्थामा माओवादीको आशंकामा प्रहरीले डिएसपी निवास नजिकबाट गिरफ्तार गरे। पीडितहरू माओवादी भएको कुनै प्रमाण नभेट्टाएपछि फागुन १८ गते रिहा गरियो।

पाँचथर जिल्ला मौवा गाविस-७ का १७ वर्षीय विमल लावती र १८ वर्षीय प्रेम लावतीलाई ०५८ जेठ ५ गते रासायनिक मल किन्न सदरमुकाम म्याङलुङ आएको अवस्थामा माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। कुनै प्रमाण नभेट्टाएपछि पीडितहरूलाई जेठ ९ गते रिहा गरियो।

झापा जिल्ला दमकस्थित भुटानी शरणार्थी शिविर, घर नं. ३५ मा बस्ने २७ वर्षीय दिपेश राई र घर नं. ३२ मा बस्ने २५ वर्षीय राजेश राईलाई माओवादीको आशंकामा ०५८ जेठ ११ गते प्रहरीले गिरफ्तार गरी जेठ १४ गते रिहा गरे। पीडितहरू फोटो ग्राफर भएकाले स्टुडियो संचालन गर्न भनी म्याङलुङ पुगेको अवस्थामा गिरफ्तार गरिएका थिए।

छातेढुंगा गाविस-४ का २९ वर्षीय रेणुका भट्टराई, ताप्लेजुङ्ग जिल्ला फुलवारी गाविस-२ का ३२ वर्षीय गणेश निरौलालाई ०५८ मंसिर १४ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माओवादी विरूद्ध प्रतिकारमा उत्रिने कागज गराई पुस २ गते दैनिक हाजिरी रिहा गरियो।

फुलेक गाविस-५ का २२ वर्षीय खिनमाया गौतमलाई ०५८ मंसिर १८ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादी विरूद्ध प्रतिकारमा उत्रिने कागज गराई पुस ९ गते दैनिक हाजिरीमा रिहा गरियो।

साब्ला गाविस-१ का २९ वर्षीय मानबहादुर लिम्बुलाई ०५८ मंसिर १९ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

छातेढुंगा गाविस-६ की २५ वर्षीय यशोदा मिश्रलाई ०५८ मंसिर २८ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

सक्रान्ति गाविस-२ का कृषि उपशाखा कार्यालय संक्रान्तिका जे. टि. ए. ३५ वर्षीय उद्धव गौतमलाई ०५८ मंसिर २९ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल हिरासतमा राखिएको छ।

जलजले गाविस-६ का २७ वर्षीय रमेश लम्सालललाई ०५८ पुस २ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

ओयाल्जुङ्ग गाविस-१ का शिक्षक ३५ वर्षीय मोहन सुवेदीलाई ०५८ पुस ४ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

फाक्नारा गाविस-६ का २७ वर्षीय जिल्ला जनसरकार सदस्य इन्द्रबहादुर लिम्बुलाई ०५८ पुस ४ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

छातेढुंगा गाविस-८ का ४५ वर्षीय जिल्ला जनसरकार सदस्य देवी रसायलीलाई ०५८ पुस ४ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

जलजले गाविसका २५ वर्षीय जिल्ला जनसरकार सदस्य दयाराम भट्टराईलाई ०५८ पुस ४ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

नेकपा एमाले जिल्ला कमिटीका सदस्य ज्योति अधिकारीलाई ०५८ पुस ४ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा जिल्ला प्रशासन कार्यालयले बोलाई सोधपुछ गरी रिहा गर्‍यो।

जिरिखिम्ती गाविस-४ का २६ वर्षीय शिन्दरिता मेनुका बुढाथोकीलाई ०५८ पुस ५ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक दिन हिरासतमा राखी पुस ६ गते रिहा गरियो।

संक्रान्ति गाविस-१ का शिक्षक ४० वर्षीय तेजबहादुर फोम्बो (अरूण फोम्बो) लाई ०५८ पुस ५ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी पुस ९ गते दैनिक हाजिरीमा रिहा गरियो।

चुहानडाँडा गाविस-२ का शिक्षक ४५ वर्षीय रामचन्द्र थपलियालाई ०५८ पुस ६ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेलमा राखिएकोमा पुस ९ गते माओवादी विरूद्ध प्रतिकारमा उत्रिने कागज गराई दैनिक हाजिरमा जेलबाट रिहा गरियो।

ओयाक्जुङ्ग गाविस-१ का १८ वर्षीय मनकुमार दुलाललाई ०५८ पुस ६ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

ओक्याजुङ्ग गाविस-१ का अनेरास्ववियु जिल्ला कमिटी सदस्य २० वर्षीय दयाराम दुलाललाई ०५८ पुस ६ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ७ गते रिहा गरियो।

मोराहाङ्ग गाविस-३ का २६ वर्षीय उमेश गौतमलाई ०५८ पुस ७ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ८ गते रिहा गरियो।

ईवा गाविस-९ का शिक्षक ५५ वर्षीय रामचन्द्र मैनालीलाई ०५८ पुस ८ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

इशिवु गाविस-९ का शिक्षक ३८ वर्षीय कृष्ण सापकोटालाई ०५८ पुस ८ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

हवाकु गाविस-४ का २२ वर्षीय सागर थिंलाबूलाई छिमेकीहरूको बन्दुक सुरक्षित राखिदिएको आरोपमा ०५८ असोज २४ गते माओवादीहरूले अपहरण गरी असोज २६ गते मुक्त गरे।

खाम्लालुङ गाविस-२ का नेकाँ जिल्ला सदस्य ४० वर्षीय मोहनबहादुर पाहिमस, भवानी इस्वो, ३२ वर्षीय मरिचमान पाहिम, ५० वर्षीय दिलकुमार पाहिम, २२ वर्षीय जीवन पाहिम, ६५ वर्षीय ललित पाहिम, ४० वर्षीय ललितबहादुर पाहिम, २६ वर्षीय सरोज लिम्बु, २६ वर्षीय चन्द्र हाङ्गओङ्ग, सोही गाविस-७ का ४२ वर्षीय केराबारे लिम्बू, सोही गाविस-९ का २३ वर्षीय भिष्म लुङ्गेली, २४ वर्षीय ज्ञानबहादुर पाहिम, ४१ वर्षीय नरबहादुर इस्वोलाई माओवादी प्रतिकार समितिमा बसेको आरोपमा ०५८ कार्तिक ११ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये १२ जनालाई भोलिपल्ट मुक्त गरे भने मोहनलाई मंसिर ५ गते मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य २ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सोल्मा गाविस- लसुनेबजारस्थित प्रहरी चौकी ०५७ पुस १७ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। त्यसपछि चौकीका हवल्दार कृष्णप्रसाद अधिकारीलाई चौकी अगाडिको मौलोमा बाँधेर कुटपिट गरी गम्भीर घाइते बनाए।

सम्दु गाविसस्थित इलाका प्रहरी कार्यालय ०५७ माघ २७ गते राति माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

धोक्लुङ गाविस-४ का ४१ वर्षीय महेन्द्रप्रसाद बाराकोटीको घरबाट ०५७ फागुन १७ गते, छातेढुङ्गा गाविस-२ का ५५ वर्षीय शंकर कन्दङ्वाको घरबाट ०५७ चैत २ गते माओवादीहरूले धान लुटेर लगे।

संक्रान्ती गाविस-३ स्थित रामसंस्कृत माविको नाममा रहेको ८० मुरी र सोही गाविस-२ स्थित राममन्दिरको ७० मुरी गरी कूल १ सय ५० मुरी धान ०५७ चैत १८ गते माओवादीहरूले लुटेर लगे।

इवा गाविसस्थित प्रणामी माविका प्रधानाध्यापक गोविन्दप्रसाद उपाध्याय, शिक्षकहरू गोपाल भण्डारी र राजमणी थर्पालियालाई ०५७ चैत १७ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले सबै विद्यार्थीहरूका अगाडि मोसो दलेर कान समाई उठबस गर्न लगाए।

जलजले गाविस-८ का ४० वर्षीय दानबहादुर निंलेकु, ५५ वर्षीय दलबहादुर निंलेकु र २० वर्षीय सन्तोष साम्सोहाङलाई ०५८ वैशाख २९ गते माओवादीहरूले कुटपिट गरे। पीडितहरू आ-आफ्नो घरमा बसिरहेको अवस्थामा "तपाईंसँग काम छ" भनी दानबहादुरको घरमा ल्याई भाटाले हिर्काएका थिए। पीडित सन्तोषको खुट्टामा गम्भीर चोट लागेको थियो।

जलजले गाविस-८ का २५ वर्षीय चन्द्राहाङ निंलेकुलाई ०५८ वैशाख २९ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

म्याङ्लुङस्थित जिल्ला प्रहरी कार्यालयको १५ मिटर पछाडि ०५८ जेठ ४ गते राति माओवादीहरूले सकेट बम विस्फोट गराए। तर कुनै क्षति भने भएन।

चुहानडाँडा गाविसस्थित प्रहरी चौकी भवनमा ०५८ जेठ १० गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

संक्रान्ती गाविस आठराईस्थित कृषि विकास बैंक उपशाखा कार्यालयमा ०५८ जेठ १३ गते राति माओवादीहरूले लुटपाट गरी कागजपत्र जलाइदिए। माओवादीहरूले बैंकमा रहेको नगद ३ लाख ८५ हजार रूपैयाँ र अन्य जिन्सी लुटेर लगेको बताइन्छ।

जलजले गाविस-४ का ६० वर्षीय वीरबहादुर सम्बाहाम्फे र उनकै छोरा २५ वर्षीय कृष्णबहादुर सम्बाहाम्फेलाई ०५८ जेठ १५ गते बन्दुक दिन नमानेको निहुँमा माओवादीहरूले कुटपिट गरे।

ओयाक्जुङ गाविस-५ का ५२ वर्षीय टेकबहादुर लिम्बुलाई ०५८ असार १४ गते माओवादीहरूले कुटपिट गरे।

ओयाक्जुङ गाविसका उपाध्यक्ष निर्मल लिम्बू, नेकपा (एमाले) का गाउँ पार्टी सचिव बलबहादुर लिम्बू र सोही गाविस-९ का ३५ वर्षीय खिरबहादुर लिम्बूलाई ०५८ असार २१ गते सोही गाविस-९ का खड्गबहादुर लिम्बु, सोही गाविस-६ का टेकबहादुर लिम्बू, पदमबहादुर लिम्बू, बुद्धिमान लिम्बूसमेतका व्यक्तिहरूले ज्यानमार्ने धम्की दिए। पीडितहरूमध्ये बलबहादुर लिम्बू र उनकै दाजु तुल्सीप्रसाद लिम्बूलाई ०५८ असार २९ गते गाविस कार्यालयबाट घर फर्किरहेको अवस्थामा पीडकहरूले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा धरौटीमा रिहा गरियो।

ओयाक्जुङ गाविस-५ का ४२ वर्षीय हरिराज गौतमलाई ०५८ साउन १६ गते माओवादीहरूले भाटाले कुटपिट गरे। पीडकहरूले पीडितलाई कान समाई उठबस गर्न लगाएका थिए।

संक्रान्ती गाविस-४ का २१ वर्षीय अशोकप्रसाद घिमिरे, २४ वर्षीय गोविन्द दुलाल र सोही गाविस-१ का २३ वर्षीय कुमार लिम्बुलाई ०५८ साउन १८ गते माओवादीहरूले भौतिक कारवाही गर्ने नाममा हातका एक-एकवटा औंला काटिदिए।

सिम्ले गाविसका अध्यक्ष तारामान मादेनलाई ०५८ साउन २७ गते माओवादीहरूले गाविस कार्यालयमा आई अध्यक्ष पदबाट तुरून्त राजीनामा दिन धम्की दिए। राजीनामा नदिए आक्रमणको शिकार हुनुपर्ने धम्कीसमेत माओवादीहरूले दिएको पीडितले बताए।

जलजले गाविसका अध्यक्ष ४५ वर्षीय कपिलदेव सिंधकलाई ०५८ भदौ ४ गते माओवादीहरूले अध्यक्ष पदबाट तुरून्त राजीनामामा दिन धम्की दिए।

सोल्मा गाविस-८ का ३५ वर्षीय टेकबहादुर गुरूङलाई ०५८ भदौ ८ गते आफ्ना बाबुको उपचार गराउन जिरीखिम्ती पुगेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

आम्बुङ गाविस-६ का २४ वर्षीय भैया खातीलाई ०५८ भदौ १६ गते माओवादीहरूले भाटा र सिस्नुले लगातार एक घण्टासम्म कुटपिट गरे।

जलजले गाविस-५ का २२ वर्षीय गणेश कार्कीलाई ०५८ भदौ १८ गते माओवादीहरूले भाटाले हिर्काई कुटपिट गरे।

दाँगपा गाविस-१ का ५५ वर्षीय मानबहादुर लिम्बुलाई मागेको चन्दा नदिएको आरोपमा ०५८ भदौ १९ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए। माओवादीहरूले पीडितसँग ६० हजार रूपैयाँ चन्दा मागेकोमा १ हजार रूपैयाँ मात्र दिन सक्ने बताएपछि गोलीले उडाइदिन्छौं भनी धम्की दिएका थिए।

ओयाक्जुङ्ग गाविसका अध्यक्ष ४५ वर्षीय भैरव चम्लागाईं, उपाध्यक्ष निर्मला लिम्बु, सचिव ४५ वर्षीय श्रीमान पिठा मगर र सोही गाविस-६ का नेकपा (एमाले) गाउँ कमिटीका सचिव बलबहादुर लिम्बुलाई ०५८ भदौ २७ गते माओवादीहरूले भाटाले हिर्काई सख्त घाइते बनाए।

खाम्लालुङ गाविस-१ का ५१ वर्षीय मोहनसिं लिम्बुलाई बन्दुक नदिएको निहुँमा ०५८ असोज २९ गते माओवादीहरूले कुटपिट गरे।

जलजले गाविस भवनमा ०५८ असोज २५ गते माओवादीहरूले तालाबन्दी गरिदिए।

यस वर्ष माओवादीहरूले पोक्लावाङ र लसुनेस्थित प्रहरी चौकी बाहेक शुक्रबारे, जिरिखिम्ती, मोराहाङ्ग, सम्दु, ओयाक्जुङ र चुहान्डाँडास्थित प्रहरी चौकीमा प्रहरी नभएको अवस्थामा आक्रमण गरी क्षतिग्रस्त बनाए।

माओवादीहरूले एउटा बैंक लुटे। माओवादीहरूले नै अन्न लुटेको घटना ३ वटा भए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चुहान्डाँडास्थित तेह्रथुम क्याम्पसमा ०५७ फागुन १४ गते हुने स्ववियु निर्वाचनमा अनेरास्ववियुको विजय हुने डरले अनेरास्ववियु (छैठौं) र अनेरास्ववियु (२०२२) ले

प्रहरी-प्रशासनको प्रवेश भई निष्पक्ष निर्वाचनको वातावरण नभएको आरोपमा ०५७ फागुन ३ गतेदेखि नै क्याम्पसको निर्वाचन आयोगको कार्यालयमा तालाबन्दी गरी निर्वाचन हुन दिएनन्। हालसम्म पनि सो निर्वाचन भएको छैन।

प्रधानमन्त्रीको राजीनामा माग गर्दै नेकपा (एमाले) ले ०५८ जेठ १३ गते आयोजना गरेको मशाल जुलुस टुँडिखेलतर्फ अगाडि बढिरहेको अवस्थामा प्रहरीले हस्तक्षेप गरी रोक लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ६८, सरकारवादी फौजदारी ८ र दुनियावादी फौजदारी ३५ गरी १ सय ११ र यस वर्ष दर्ता भएका दुनियावादी देवानी २९, सरकारवादी फौजदारी ९ र दुनियावादी फौजदारी १७ गरी ५५ वटासमेत कूल १ सय ६६ वटा मुद्दा रहे। त्यसमध्ये ७१ वटा फर्स्यौट भई दुनियावादी देवानी ५९, सरकारवादी फौजदारी ८ र दुनियावादी फौजदारी २८ गरी ९५ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा करिब ८ सय परिवार भूमिहीन, सुकुम्बासी रहेको अनुमान गरिएको छ। केही सुकुम्बासीहरूले जग्गा प्राप्त गरेको भए तापनि वास्तविक सुकुम्बासीहरूले नपाएको गुनासो सुन्न पाइन्छ।

यस जिल्लामा १ हजार ८ सय १९ बृद्ध, १ हजार ६ सय ८५ विधवा र ४६ अपाङ्ग रहेको कुरा जिविसले जनायो। आफूहरूले नियमित रूपमा भत्ता प्राप्त नगरेको गुनासो बृद्ध, विधवा र अपाङ्गहरू गर्दछन्।

महिला अधिकार

म्याङ्लुङ गाविस-९ स्थित एक सार्वजनिक पाटीमा बस्ने करिब ४० वर्षीय लाटी महिलालाई ०५८ असार २२ गते तम्फुला गाविस-५ का २१ वर्षीय ईश्वर मगरले बलात्कार गरे। विगतमा पनि पटक-पटक बलात्कृत भएकी पीडितसँग एक डेढ वर्षीय छोरीसमेत रहेकी छ।

आर्थिक अधिकार

राष्ट्रिय जनगणना कार्यका गणक र सुपरभाइजर पदमा नियुक्ति पाएका शिक्षकहरूबाट क्रमशः ५ सय र १ हजार रूपैयाँ पारिश्रमिक कटाई नेपाली काँग्रेस पार्टीलाई सहयोग लिने प्रयास गरेको भनी ०५८ असार १५ गते ६३ जना शिक्षकहरूले एक प्रेस विज्ञप्ति जारी गरे। नेपाली काँग्रेसका कार्यवाहक जिल्ला सभापति भीमप्रसाद इस्वो र सचिव रामनारायण ढुङ्गानाले नेपाली काँग्रेसको सिफारिसमा गणक तथा सुपरभाइजर नियुक्ति भएको भनी सो पदमा काम गरेका शिक्षकहरूलाई पत्र पठाई सहयोग रकम माग गरेका थिए।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

साब्ला गाविस-८ का नेकपा (मसाल) का केन्द्रीय नेता कालिबहादुर फुदोङलाई आफ्नो बाबुको काजकिरिया परम्पराअनुसार नगरेको आरोपमा आफ्नै दाजुभाइहरूले पानी वहिष्कार गरे। पीडितले आफ्ना बाबुका नाममा गाउँमा एक प्रावि स्थापना गरी संचालन गरिदिएका छन्।

ईवा गाविसस्थित प्रणामी माविका प्रधानाध्यापक गोविन्दप्रसाद उपाध्याय र शिक्षक राजमणी थपलियालाई राम्रोसँग अध्यापन कार्य नगरेको र विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०५७ चैत १ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले विद्यालयमा मोसो दली कान समाई उठबस गर्न लगाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

ओयाक्जुङ गाविसका नेकपा (एमाले) का सचिव बलबहादुर र लिम्बू र उनकै दाजु तुल्सीप्रसाद लिम्बूलाई सोही ठाउँका व्यक्तिहरूले कुटपिट गरेको घटनाको विरोधमा नेकपा (एमाले) ले एक विज्ञप्ति जारी गर्‍यो।

ओयाक्जुङ्ग गाविसका अध्यक्ष भैरव चम्लागाईं, सचिव ४५ वर्षीय श्रीमान पिठा मगर र नेकपा (एमाले) गाउँ कमिटीका सचिव बलबहादुर लिम्बुलाई माओवादीहरूले कुटपिट गरेको घटनाको विरोध गर्दै ०५८ भदौ २८ गते नेकपा (एमाले) जिल्ला कमिटी र जनचेतना अभियान (प्याक) ले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी यस प्रकारका कारवाही बन्द गर्न र समस्याको निकास वार्ताबाट खोज्न अनुरोध गरे।

संकटकालीन अवस्थाको घोषणा भएपश्चात् आम जनतालाई शान्तिपूर्ण जीवन यापन गर्ने वातावरण सिर्जना गर्नका लागी सरकार र सम्बद्ध सबै पक्षसँग अपिल गर्दै ०५८ मंसिर २१ गते जनचेतना अभियान (प्याक) ले एक विज्ञप्ति जारी गर्‍यो।



कुटपिटबाट घाइते बलबहादुर लिम्बु र तुलसिप्रसाद लिम्बु

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ महिलासहित १४ जना पीडित भएको सार्वजनिक जानकारीमा आयो। ९ पुरूष र १ महिला गरी १० जनाले आत्महत्या गरे। आगलागीका ८ वटा घटना भए, जसमध्ये एक घटनामा ६ वर्षीय एक बालकको मृत्युसमेत भयो। पहिरोमा परी एक जना बेपत्ता भए। चट्याङ्बाट ४ जनाको मृत्यु भयो भने पानीमा डुबेर १ जना बालकको मृत्यु भयो। रूखले किचेर १ जनाको मृत्यु भयो। ३ जनाको लास फेला पर्‍यो। चोरीको एउटा घटना भयो।

१.९ भोजपुर

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ५ जना पुरूष र २ महिलाको हत्या भयो। जसमध्ये-

वासिङ थर्पु गाविस-९ की पासाङदेवी शेर्पालाई ०५७ फागुन २६ गते खोटाङ जिल्ला काउले गाविस-१ का ३८ वर्षीय प्रदीप राईले धामी बसिरहेको अवस्थामा अन्य व्यक्तिहरूलाई भगाई लगातार लाठी प्रहार गर्दा मृत्यु भयो। पीडक प्रदीपलाई पनि गाउँलेहरूले कुटपिट गरी हत्या गरे। प्रदिपको हत्यामा संलग्न भएको आरोपमा सोही ठाउँका १९ वर्षीय फूर्वा शेर्पा, १६ वर्षीय पेम्बा शेर्पा, १७ वर्षीय फूर्वा शेर्पा, ३८ वर्षीय निम तेन्जी शेर्पा, २१ वर्षीय पासाङ शेर्पा र १६ वर्षीय दाछिरी शेर्पालाई थुनामा राखिएको छ।

जनसंख्या	:	२०५२२६
साक्षरता प्रतिशत	:	४६.४
महिला साक्षरता प्रतिशत	:	३५.४९
क्षेत्रफल (वर्ग कि.मी.)	:	१५०७
गाविस/नपा संख्या	:	६३/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३१४
क्याम्पस/उच्च मावि	:	१/३
अस्पताल/स्वास्थ्य चौकी	:	१/६३
टेलिफोन लाइन	:	२१७
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	६३

जेल र बन्दीहरु

"घ" श्रेणीको भोजपुर जेलको बन्दी क्षमता २५ जनाको हो। हाल यस जेलमा ४० पुरूष र २ महिला गरी ४२ जना बन्दी रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका ३६ र कैद नतोकिएका ६ जना छन्। ०५८ साउन १८ गते एक बन्दीले बालिका जन्माइन्। यस जेलमा भित्र-बाहिर गरी ६ वटा चर्पी छन् भने एउटा मात्र धारो छ। आफूहरूलाई सर्वसाधारणलाई भन्दा चर्को मूल्यमा खाद्यान्न उपलब्ध गराइएको बन्दीहरूको गुनासो छ। आफूहरूलाई समय पुग्दा पनि कपडाहरू नदिइएको बन्दीहरूले गुनासो गरे भने प्रचलित नियमअनुसार नै दिने गरेको कुरा जेलरले बताए।

केन्द्रीय कारागारका बन्दीहरूले राखेका ३५ सूत्रीय मागहरूप्रति ऐक्यबद्धता जनाउँदै यस जेलका बन्दीहरूले ०५८ असार १७ गते कारागार व्यवस्थापन विभागलाई चिठी लेखी राष्ट्रिय मानव अधिकार आयोग, प्रतिनिधिसभा राज्य व्यवस्था समिति, गृह मन्त्रालय र केन्द्रीय कारागारका बन्दीहरूलाई बोधार्थ दिए।

गिरफ्तारी र यातना

आम्तेक गाविसका जिविस सदस्य भुरेन्द्र पराजुली, दलगाउँ गाविसका अध्यक्ष गोपाल तामाङ र ठूलोदुम्मा गाविसका उपाध्यक्ष जयप्रसाद राईलाई जिविस परिषदको अवसरमा जिल्ला शिक्षा अधिकारीलाई कुटपिट गरेको आरोपमा ०५७ चैत १५ गते प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

संकटकालको घोषणा भएपश्चात् यस वर्ष १५ जनालाई प्रहरीले गिरफ्तार गरेकोमा ७ जनालाई अनुसन्धानपछि रिहा गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

गोगने गाविस-९ का अनिल राई, कैलाश राई, महन्त राई र अर्जुन राईलाई खम्बुवान मुक्ति मोर्चामा लाग्नुपर्छ भनी ०५८ मंसिर ८ गते सो मोर्चाका कार्यकर्ताहरूले अपहरण गरे। पीडितहरूलाई हालसम्म बेपत्ता पारिएको छ।

थिडिंस्वा गाविसका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य शान्तकुमार राई र सोही पार्टीको बोखिम गाउँ पार्टी कमिटीका सचिव अर्जुन राईलाई ०५८ मंसिर १४ गते दलगाउँ गाविसमा पार्टीको कार्यक्रमबाट फर्कँदै गर्दा खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले अपहरण गरी चेतावनी दिएर २२ घण्टापछि मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कोट गाविस-५ स्थित जनोदय माविमा ०५७ माघ १५ गते खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरू आई विद्यार्थीहरूबाट शुल्क नउठाउन, संस्कृत नपढाउन र शनिबारको तलब बराबरको रकम आफूहरूलाई दिन शिक्षकहरूलाई धम्की दिए।

प्याउली गाविसस्थित प्रहरी चौकीमा ०५७ फागुन १४ गते, लेखर्क गाविस पाँचधारेमा निर्माणाधीन प्रहरी चौकीमा ०५७

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	२	७				
गिरफ्तारी र यातना					१	३		३
बेपत्ता परिएको	३	६		६				
कुटपिट					१	१		१
भेला र संगठित हुने अधिकार					१	१		१
बालअधिकार	१		१	१				
जम्मा	१०	११	३	१४	३	५		५

फागुन २९ गते माओवादीहरूले आगो लगाए।

भोजपुर गाविसस्थित जिल्ला शिक्षा कार्यालयमा ०५८ असार २ गते माओवादीहरूले पाइप बम जिल्ला प्रशासन कार्यालयमा ०५८ मंसिर ९ गते राति माओवादीहरूले प्रेसर कुकर बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तुङ्गेछा गाविस-२ का २१ वर्षीय लोकबहादुर श्रेष्ठलाई ०५८ जेठ १३ गते बेलुका नेकपा (एमाले) द्वारा आयोजित मशाल जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले हस्तक्षेप गरी घाइते बनाए।

रानीवास गाविसका अध्यक्ष ध्यानबहादुर राउतसमेत १३ जनालाई ०५८ जेठ १५ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा घोरेटारस्थित पशु सेवा केन्द्रमा सामान्य विवाद हुँदा प्रहरीले गिरफ्तार गरी २ घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन र दुई वर्ष अघिदेखिका १/१ वटा दुनियावादी देवानी मुद्दा रहेका छन्। एक वर्ष अघिदेखिका दुनियावादी देवानी ७, दुनियावादी फौजदारी ३ र सरकारवादी फौजदारी १ वटा मुद्दा छन्। यस वर्ष दुनियावादी देवानी ५७ वटा, दुनियावादी फौजदारी ४८ वटा र सरकारवादी फौजदारी ११ वटा दर्ता भए भने दुनियावादी देवानी ३० वटा, दुनियावादी फौजदारी ३२ वटा, सरकारवादी फौजदारी ९ वटा गरी ७१ वटा फैसला भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

हाल यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग छैन। यस वर्ष २ हजार ८ सय ३५ जनालाई बृद्ध भत्ता, ३ हजार २ सय ३१ जनालाई असहाय, विधवा भत्ता र ५० जनालाई अपाङ्ग भत्ता वितरण गरिएको जिविसले जनायो। उल्लेखित प्रकारका भत्ताका लागि कूल ९० लाख रूपैयाँ लाग्नेमा ७४ लाखमात्र निकाशा भई आएको र ६३ मध्ये ५१ वटा गाविसले मात्र निकाशा लगेको तथा अन्यलाई दामासाही रूपले बाँड्नुपर्ने स्थिति आउनसक्ने स्थिति रहेको छ। १२ वटा गाविसमा भत्ता वितरण गरिएको छैन।

बालअधिकार

भोजपुर गाविस-३ का १५ वर्षीय निरकुमार विश्वकर्मालाई ०५७ चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान नयन्द्र तामाङले फकाई एकान्तमा लगी मलद्वारमा यौन दुर्व्यवहार गर्नुका साथै कुटपिट गरी देब्रे हातसमेत भाँचिदिए। पीडकलाई सरूवा गरियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा भवितव्य ज्यानका ७ वटा घटनामा ६ जना पुरूष र १ जना बालकको मृत्यु भयो। ८ पुरूष र ६ महिलाले आत्महत्या गरे।

१.१० संखुवासभा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

स्यावुन गाविस-७ घर भई बाह्रबिसेस्थित त्रिवेणी माविका प्रधानाध्यापक ४३ वर्षीय डिल्लीप्रसाद श्रेष्ठलाई ०५७ चैत २३ गते बाह्रबिसे बजारबाट माओवादीहरूले अपहरण गरी धुपु गाविस-७ विरौटे जंगलमा लगी हत्या गरे। पीडितको टाउको काटिएको लास चैत २४ गते बिहान घाँस काट्न गएका गाउँलेहरूले फेला पारेका थिए।

मत्स्यपोखरी गाविसस्थित कुवापानी जंगलमा माओवादीद्वारा ०५८ जेठ २ गते राखिएको एम्बुसमा परी प्रहरीहरू मोरङ जिल्लाका २१ वर्षीय अनिल कढेत, २१ वर्षीय राजन चापागाईं, सुनसरी जिल्लाका २३ वर्षीय राजेश तिम्सिना र संखुवासभा जिल्ला चैनपुर गाविस-३ का राजन पौडेल एम्बुसमा परी सख्त घाइते भए।

जेल र बन्दीहरु

खाँदबारीस्थित संखुवासभा जेल "घ" श्रेणीको रहेको छ। यस जेलको बन्दी क्षमता २५ जना छ। जेलमा महिला र

पुरुषका लागि छुट्टाछुट्टै २/२ वटा कोठा छन्। यस जेलमा कूल ३४ जना बन्दी रहेका छन्। जसमध्ये महिला ३ र पुरुष १७ गरी २० जना कैद तोकिएका तथा संकटकाल घोषणा भएयता नजरबन्द गरिएका १४ जना बन्दी छन्। बन्दीहरूलाई टोपी बुन्ने व्यवस्था गरिएको छ। जेलभित्र चर्पी र खानेपानीको व्यवस्था भए तापनि कहिलेकाहीं धारामा पानी नआउँदा २० मिनेटको दूरीबाट प्रहरीको साथ लगाई बन्दीहरूलाई पानी बोक्न लगाइन्छ। जेल र अदालतको दुरी १ दिनको बाटो भएकाले अदालत ल्याउन-लैजान कठिन छ। जेलका नाइके कर्तव्य ज्यान मुद्दामा राखिएका बाला गाविस-१ का रामबहादुर अधिकारीले बन्दीमाथि अमानवीय व्यवहार गरेका कारण बन्दीहरूले पटक-पटक कारवाहीका लागि उजुरी गरेपछि हाल जेल सरूवा गरिएको छ।

गिरफ्तारी र यातना

भोजपुर जिल्ला मानेभञ्ज्याङ गाविस-४ का २९ वर्षीय लालवीर वि.क., संखुवासभा जिल्ला आँखीभुइँ गाविस-८ की २३ वर्षीय पार्वता थापालाई माओवादीको आरोपमा ०५७ फागुन १६ गते मत्स्यपोखरी गाविसको चिचिला भने ठाउँमा जंगलको बाटो हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। ०५८ जेठ १२ गतेको विशेष अदालतको आदेशबमोजिम पीडितहरूमध्ये लालवीर वि.क.लाई २१ हजार रूपैयाँ धरौटीमा र पार्वता थापालाई तारेखमा रिहा गरियो।

चैनपुर गाविस-३ का वाशु शाक्य र उनकै भाइ रूद्र शाक्यलाई माओवादीको आरोपमा ०५८ जेठ ९ गते आ-आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी जेठ १० गते रिहा गरे।

धुपु गाविस घर भई खाँदबारी नपा-१ पोखरी बजारमा डेरा गरी बस्ने बागेश्वरी मावि, ढुङ्गेधाराका शिक्षक २७ वर्षीय भिम कट्टेललाई माओवादीको आरोपमा ०५८ मंसिर १५ गते सुरक्षाकर्मीले आफ्नै डेराबाट गिरफ्तार गरे। पीडितलाई मंसिर १६ गते सार्वजनिकरूपमा नाङ्गै पारी बजारमा कुटपिट गरेपछि हेलिकप्टरबाट धनकुटा पुऱ्याई मंसिर १९ गते त्यहीँबाट रिहा गरिएकोमा केही समयपछि तारेख लगाइयो।

खाँदबारी नपा-१० का २१ वर्षीय रामकृष्ण कार्की र २३ वर्षीय निर्मल कार्कीलाई माओवादी भएको आरोपमा ०५८ मंसिर १६ गते खाँदबारी नपा-१० बाट सुरक्षाकर्मीले हातहतियारसहित गिरफ्तार गरेकोमा सार्वजनिकरूपमा नाङ्गै पारी आँखा, हात बाँधेर कुटपिट गर्दै बजार घुमाइयो। पीडितहरूलाई सोही दिन हेलिकप्टरबाट धनकुटा लगी हालसम्म त्यहीँ राखिएको छ।



जनसंख्या	:	१६३२३१
साक्षरता प्रतिशत	:	६१.५
महिला साक्षरता प्रतिशत	:	३४
क्षेत्रफल (वर्ग कि.मी.)	:	३४८६.१७
गाविस/नपा संख्या	:	३३/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३५४
क्याम्पस/उच्च मावि	:	३/५
अस्पताल/स्वास्थ्य चौकी	:	२/३७
टेलिफोन लाइन	:	३४२
मोटर सडक (कि.मी.)	:	६३
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	३७

खाँदबारी नपा-१० का २३ वर्षीय उमेश कार्की, ४० वर्षीय लिलानाथ काफ्ले, २० वर्षीय नविन कार्की, ४४ वर्षीय हरिशंकर कार्की, ५६ वर्षीय पुष्पबहादुर कार्की, १८ वर्षीय सुस्मिता कार्की, १९ वर्षीय गोपाल काफ्ले र १६ वर्षीय जीवन कार्कीलाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते खाँदबारी नपा-१० बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई सार्वजनिकरूपमा नाङ्गै पारी आँखा र हात बाँधी कुटपिट गर्दै बजार घुमाइयो र सोही दिन हेलिकप्टरबाट धनकुटा लगियो। पीडितहरूमध्ये उमेश, लिलानाथ, नविन, हरिशंकर र पुष्पबहादुरलाई मंसिर २० गते तथा गोपाल र सुस्मितालाई मंसिर २२ गते रिहा गरिएकोमा पछि बोलाएर तारेख दिइयो।

खाँदबारी नपा-१ का ५९ वर्षीय कल्याण निरौला र उनकै छोरा २१ वर्षीय पुरूषोत्तम निरौलालाई माओवादीको आशंकामा ०५८ मंसिर १६ गते खाँदबारी नपा-१ घिमिरेगाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई नाङ्गै पारी कुटपिट गर्दै आँखा, हात बाँधेर बजार घुमाई सोही दिन हेलिकप्टरबाट धनकुटा लगी ०५८ मंसिर २२ गते रिहा गरियो।

खाँदबारी नपा-१ का नेपाल टेलिभिजनका संवाददाता तथा चौतारी टाइम्स साप्ताहिकका व्यवस्थापक ३२ वर्षीय गंगा विष्ट, सोही नपा-११ रेडियो नेपाल र स्पेसटाइम दैनिकका संवाददाता तथा चौतारी टाइम्स साप्ताहिकका सहसम्पादक २६ वर्षीय शंकर खनाल र सोही नपा-१२ का नेपाल समाचारपत्र दैनिक र चौतारी टाइम्सका संवाददाता २७ वर्षीय इन्द्र गिरीलाई ०५८ मंसिर १७ गते आत्मसमर्पण गर्न आउनेको समाचार लिन गएको अवस्थामा जिल्ला प्रशासन कार्यालय परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये इन्द्रलाई मंसिर २१ गते तारेखमा



माओवादीद्वारा हत्या गरिएका शिक्षक डिल्ली श्रेष्ठ

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
बम प्रहार	१							
बम प्रहारबाट घाइते/बम प्रहार	१							
एम्बुसमा परी घाइते	१	४		४				
गिरफ्तारी र यातना					३४	४१	८	५९
बेपत्ता पारिएको					१	१		१
कुटपिट	१८	१८	३	२१	१	३		३
धम्की	२	२	१	३	१	२		२
धार्मिक स्वतन्त्रता	१	१		१				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
अपहरण	२	३		३				
जम्मा	२९	२९	६	३५	३६	४६	८	६५

रिहा गरियो भने गंगा र शंकरलाई नजरबन्दमा राखिएको छ।

खाँदबारी नपा-११ का २२ वर्षीय सुमन वि.क. र सोही नपा-१ का जिल्ला विकास समितिका पियन २८ वर्षीय गोविन्द बानियाँलाई माओवादी भएको आरोपमा ०५८ मंसिर १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई निर्मम यातना दिई ०५८ मंसिर २० गते रिहा गरियो।

खाँदबारी नपा-१३ का २२ वर्षीय राजकुमार घिमिरे र ढोकलबहादुर कार्कीलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। पडितहरूमध्ये ढोकलबहादुरलाई मंसिर २० गते र राजकुमारलाई मंसिर ३० गते रिहा गरियो।

खाँदबारी नपा-१० का २३ वर्षीय कमल कार्की र सोही नपा-३ का ३३ वर्षीय भोला घिमिरेलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई निर्मम यातना दिई मंसिर २० गते तारेखमा रिहा गरियो।

खाँदबारी नपा-१ का हिमालय माविका शिक्षक ४४ वर्षीय सीताराम तिम्सिनालाई विद्यार्थी उक्साएको र अनेरास्ववियु (क्रान्तिकारी) को सदस्यता दिएको आरोपमा ०५८ मंसिर १८ गते विद्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कपडा खोलेर आँखा र हात बाँधी सार्वजनिकरूपमा कुटपिट गरियो। पीडितलाई मंसिर २० गते रिहा गरियो। आफू १५ दिनसम्म विद्यालय जानसमेत नसकेको पीडितले बताए।

चैनपुर गाविस-८ का माओवादीद्वारा घोषित गाउँ जनसरकार सदस्य कुलप्रसाद भण्डारीलाई ०५८ मंसिर २० गते आत्मसमर्पण गर्न आएको अवस्थामा प्रहरीले गिरफ्तार गरी यातना दिएकोमा मंसिर २९ गते तारेखमा रिहा गरियो।

प्रहरीद्वारा गिरफ्तार गरी नजरबन्दमा राखिएका नेपाल टेलिभिजनका प्रतिनिधि गंगा विष्ट र रेडियो नेपालका प्रतिनिधि शंकर खनाल

धुपु गाविस-६ की भारती कालाखेती, वाना गाविस-७ का देवराज प्रसाई र पाथिभराकी सर्मिला दर्जीलाई ०५८ मंसिर २० गते आत्मसमर्पण गर्न आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गररेकोमा केही दिनपछि तारेखमा रिहा गरियो।

खराङ गाविस-६ का खड्ग दाहाललाई ०५८ मंसिर २० गते आत्मसमर्पण गरी घर फर्किएको अवस्थामा घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

खाँदबारी नपा-५ का माओवादीद्वारा घोषित जिल्ला जनसरकार सदस्य हेमकुमार गुरूङलाई ०५८ मंसिर २४ गते आत्मसमर्पण गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिएकोमा हाल नजरबन्दमा राखिएको छ।

माओवादीद्वारा घोषणा गरिएको सिद्धपोखरी गाउँ जनसरकार उपप्रमुख कुलप्रसाद ढकाललाई ०५८ मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिएकोमा हाल नजरबन्दमा राखिएको छ।

स्यावुन गाविस-७ का माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकार उपप्रमुख २७ वर्षीय पुष्प कोइरालालाई ०५८ मंसिर २५ गते आत्मसमर्पण गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिएकोमा हाल नजरबन्दमा राखिएको छ।

खाँदबारी नपा-५ का जिल्ला वन कार्यालयमा कार्यरत २७ वर्षीय जसबहादुर गुरूङलाई माओवादीको आरोपमा ०५८ मंसिर २५ गते सुरक्षाकर्मीले कार्यालयबाट गिरफ्तार गरी केही दिन हिरासतमा यातना दिएकोमा हाल नजरबन्दमा राखिएको छ।

खाँदबारी नपा-३ का अहेब सहवीर दर्जीलाई माओवादीलाई उपचार गरेको आरोपमा ०५८ पुस ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस ६ गते तारेखमा रिहा गरे।

खाँदबारी नपा-३ का ३२ वर्षीय शिक्षक श्यामसुन्दर बोगटीलाई ०५८ पुस ८ गते आत्मसमर्पण गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखी यातना दिएकोमा हाल नजरबन्दमा राखिएको छ।

खाँदबारी नपा-५ का शिक्षक ३५ वर्षीय रमेश गुरूङ, ३५ वर्षीय छत्रमणी काफ्ले, भिम गुरूङ र सोही नपा-२ का २९ वर्षीय सीताराम खनाललाई माओवादीको आरोपमा ०५८ पुस १३ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा केही दिनपछि नजरबन्दमा राखियो।

खाँदबारी नपा-२ का जयप्रसाद नेपाल, भिमबहादुर श्रेष्ठ, इन्द्रबहादुर कट्वाल र होमबहादुर पाण्डेलाई माओवादीको आरोपमा ०५८ पुस १३ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले लछारपछार गर्दै गिरफ्तार गरेकोमा जिल्ला प्रशासन कार्यालयबाट रिहा गरियो।

खाँदबारी नपा-३ का नेकपा (एमाले) का कार्यकर्ता तथा नगर परिषद सदस्य सुमन श्रेष्ठलाई माओवादीलाई खाद्यान्न पठाउने व्यक्तिलाई खाद्यान्न बेचेको आरोपमा ०५८ पुस १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ८ दिनपछि तारेखमा रिहा गरियो।

सिद्धकाली गाविस-६ का जिविस सभापति ४० वर्षीय तुलसीप्रसाद नेउपानेलाई ०५८ पुस १३ गते राति खाँदबारी नपा-१ स्थित डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सैनिक क्याम्पमा लगी धम्की दिएर सोही राति १:३० बजेतिर रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

सोलुखुम्बु जिल्ला सल्यान गाविस-२ घर भई संखुवासभा जिल्ला प्रशासन कार्यालय अनुसन्धान फाँटमा कार्यरत २६ वर्षीय प्रकाशकुमार निरौलालाई ०५८ भदौ ११ गते बाह्रबिसे बजारमा भएको माओवादीहरूको आमसभास्थलबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई २४ घण्टापछि मुक्त गरियो।

स्याबुन गाविस-९ का १८ वर्षीय भिषण जिमी र ३० वर्षीय अर्जुन थापालाई ०५८ मंसिर १ गते आ-आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। गाउँलेहरूको प्रयासबाट पीडितहरूलाई सोही दिन मुक्त गरियो।

खाँदबारी नपा-१० राम्चेका २५ वर्षीय जनक कार्कीलाई ०५८ मंसिर १७ गते एक पेस्तोलसहित सुरक्षाकर्मीहरूले गिरफ्तार गरी सार्वजनिकरूपमा निर्मम यातना दिए। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धुपु गाविस-५ का ८३ वर्षीय जुद्धबहादुर राई र मुक्तिसिं राईलाई ०५७ फागुन २३ गते गाउँलेहरूका बीचमा माओवादीहरूले कुटपिट गरे।

तामाफोक गाविस-५ का नेकपा (एमाले) इलाका कमिटीका उपसचिव २९ वर्षीय मागमान जिमीलाई ०५८ असार २० गते तामाफोक गाविस-८ मुढेशनिश्चरेमा माओवादीहरूले मरणासन्न हुनेगरी निर्मम कुटपिट गरे। पीडितलाई उपचारार्थ काठमाण्डौं लगियो।

काठमाडौं मनपा-१० नयाँबानेश्वर घर भई खाँदबारीस्थित जिल्ला जनस्वास्थ्य कार्यालयमा कार्यरत देवबहादुर श्रेष्ठलाई बहुविवाह गरेको आरोपमा ०५८ असार २४ गते राति माओवादीहरूले खाँदबारी नपा-१ घिमिरेगाउँस्थित डेराबाट बाहिर निकाली नजिकै बाटोमा लगी बायाँ कान काटिदिए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

माओवादीद्वारा कान काटिएका देवबहादुर श्रेष्ठ

पाथिभरा गाविस-६ का नेकाँका कार्यकर्ता ५२ वर्षीय राडमान राईलाई ०५८ साउन ९ गते माओवादीहरूले कुटपिट गरे। पीडितको उपचार खाँदबारी अस्पतालमा भयो।

पाथिभरा गाविस-४ का ३० वर्षीय बद्री अधिकारीलाई बहुविवाह गरेको आरोपमा ०५८ साउन ९ गते माओवादीहरूले निर्मम कुटपिट गरे।

सित्तलपाटी गाविस-१ का मजदुर ३३ वर्षीय भिमबहादुर थापालाई ०५८ भदौ २२ गते माओवादीहरूले कुटपिट गरे।

खाँदबारी नपा-१ का सोही नपाका प्रमुख किरण शाक्य र सोही नपा-१० का नेकपा (एमाले) कार्यालय सचिव मुरारीप्रसाद खतिवडालाई ०५८ पुस १३ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालयमा दुर्व्यवहार गरे। सोही नपा-३ का सोही पार्टीका कार्यकर्ता तथा नगर परिषद सदस्य सुमन श्रेष्ठलाई सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिंदै ल्याएको थाहा भएपछि बुझ्न गएको अवस्थामा उक्त घटना भएको थियो।

मौलिक अधिकार

चेपुवा गाविस-३ का ५६ वर्षीय जीयाबु लामालाई धार्मिक विवादका कारण ०५८ भदौ ९ गते सोही ठाउँका थोमिक भोटेसमेत ५ जनाले हतियार प्रहार गरी घाइते बनाए। पीडकहरूलाई कुनै कारवाही भएन।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सभापोखरी गाविसको बृद्ध भत्ता वितरण गर्न लगिएको २६ हजार १ सय रूपैयाँ अध्यक्ष रामकुमार तामाङ्गबाट ०५८ असार २८ गते माओवादीहरूले लुटे। यस गाविसका बृद्धहरूले हालसम्म भत्ता पाएका छैनन्।

स्याबुन गाविसको सामाजिक सुरक्षाको ३४ हजार रूपैयाँ ०५८ असार २९ गते माओवादीहरूले लुटेर लगेका कारण बृद्धहरू भत्ता प्राप्त गर्नबाट वञ्चित भए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीहरूले जिल्लाका जनप्रतिनिधिहरूलाई जबरजस्ती राजीनामामा दिन धम्की दिएको विरोध गर्दै नेकपा (एमाले) जिल्ला कमिटीले ०५८ जेठ १२ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

माओवादीहरूले मच्चाइरहेको आतंक, गाविसमा तालाबन्दी, तोडफोड एवं सामाजिक सुरक्षाका रकमको लुटपाट एवं नेकपा (एमाले) इलाका नं.

१ का उपसचिव मागमान जिमी तथा सिद्धकाली गाविस-६ का वडाअध्यक्षमाथि माओवादीहरूले गरेको कुटपिटको विरोध गर्दै नेकपा (एमाले) ले ०५८ साउन ७ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष बाढी पहिरोमा परी ३६ जनाको मृत्यु भयो। पाथिभरा गाविसमा हैजाका कारण ६ जना बालबालिकासहित ८ जनाको मृत्यु भयो। सडक दुर्घटनामा परी १ र झुण्डिएर आत्महत्या गरी १० जनाको मृत्यु भयो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ५ जना पुरूष र २ जना महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो।

१.११ सप्तरी



जनसंख्या	५७७४३८
साक्षरता प्रतिशत	३९
महिला साक्षरता प्रतिशत	१७
क्षेत्रफल (वर्ग कि.मी.)	१३६३
गाविस/नपा संख्या	११४/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३५४
क्याम्पस/उच्च मावि	१/७
अस्पताल/स्वास्थ्य चौकी	१/११८
टेलिफोन लाइन	१५४०
मोटर सडक (कि.मी.)	३३०
प्रहरी कार्यालय संख्या	४२
हुलाक संख्या	१०१

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

ठेलिया गाविस अध्यक्ष एवं नेकाँ क्षेत्रीय सभापति किर्तिकुमार जोशीलाई ०५७ माघ २१ गते बेलुका मोटरसाइकल चढेर घरतर्फ गइरहेको अवस्थामा माओवादीहरूले सोही गाविस-८ को सडकमा गोली हानी हत्या गरे।

मधवापुर गाविस-३ का २० वर्षीय अरणकुमार मण्डलको ०५८ साउन २८ गते प्रहरीलाई कुटपिट गर्नेलाई गिरफ्तार गर्न गएका प्रहरीले लखेट्दा सोही ठाउँको खेतमा लडेर मृत्यु भयो। छारे रोगका कारण अरूणको मृत्यु भएको कुरा प्रहरीले बताए।

लोहजरा गाविस-२ का ४५ वर्षीय मिश्रिलाल खत्वे मण्डललाई माओवादीको आरोपमा ०५८ पुस १२ गते प्रहरीले गिरफ्तार गरी गोली प्रहार गर्दा मृत्यु भयो। पीडित मुठभेडमा मारिएको प्रहरीले जनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ५ जना पुरूष र ३ जना महिलाको हत्या भयो। जसमध्ये-

बनरझुल्ला गाविस-१ की २५ वर्षीय मितुदेवी चौधरीलाई खराब चरित्र भएको आरोपमा ०५८ असार ४ गते उनकै पति रामकुमार चौधरी, ससुरा वैजनाथ चौधरी, सासु दशनीदेवी चौधरीले सोही गाविस-३ को खेतमा हत्या गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

रौतहट गाविस-८ की ४१ वर्षीय सुभीन्द्रादेवी साहलाई चरित्रहीन भएको आरोपमा ०५८ असोज २४ गते उनकै पति महेन्द्र साहले आफ्नै खेतमा धान काट्ने हँसियाले घाँटी रेटेर हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कूल १ सय २५ जना बन्दी क्षमता भएको सप्तरी जेल "ग" श्रेणीको हो। हाल यस जेलमा कैद नतोकिएका ९१ र कैद तोकिएका ४१ गरी १ सय ३२ जना रहेका छन्। जेलभित्र अनौपचारिक शिक्षाको कक्षा संचालन गर्नुपर्ने, सीपमूलक तालिम दिइनुपर्ने, उत्पादन गरिएका सामानको बजार व्यवस्था गरिनुपर्ने माग बन्दीहरूको छ। जेलको भौतिक सुधार गरिनुपर्ने, बन्दी भेट्ने घर बनाइनुपर्ने, औषधीका लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने धारणा जेलर होमनाथ खत्रीको छ।

गिरफ्तारी र यातना

पिप्रापूर्व गाविस-७ का ३२ वर्षीय धरम यादवलाई खर काटेको आरोपमा ०५७ पुस १७ गते कोशी टापु वन्यजन्तु आरक्षण सुरक्षार्थ खटिएका नन्दबंश गुल्मका सैनिकले गिरफ्तार गरी मरणासन्न हुनेगरी यातना दिए। पीडितलाई ०५७ पुस १८ गते रिहा गरियो।

नेकपा (एमाले) का जिल्ला सचिव दिवाकर देवकोटा, राप्रपाका गोविन्द सिंह, नेपाल वार एशोसिएशनका जिल्ला अध्यक्ष ममता झा र नेकाँका विन्दी साहलाई ०५७ पुस २१ गते खुसिलाल यादवलाई प्रहरीले गोली हानी हत्या गरेको घटनाको विरोधमा चक्काजाम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

पिप्रापूर्व गाविस-३ का विजलीकुमार यादवसमेत ९ जनालाई ०५७ माघ ११ गते कोशी टप्पुमा खर काटेको आरोपमा सेनाले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई जरिवाना गराई रिहा गरियो।

पिप्रापूर्व गाविस-६ का २६ वर्षीय भरत साहलाई ०५७

माघ २५ गते स्वर काटेको आरोपमा कोशी टप्पुका सैनिकले गिरफ्तार गरी यातना दिए।

ठेलिया गाविस-६ का ३० वर्षीय वंशिप्रसाद चौधरीलाई ०५७ फागुन २ गते गाविस अध्यक्षको हत्याको आरोपमा विनापुर्जी प्रहरीले गिरफ्तार गरेकोमा ४ दिनपछि रिहा गरियो।

अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष दिनेश यादव, पारस दाहाल, मुकुन्दमणि घिमिरेलाई ०५८ जेठ १ गते प्रधानाध्यापकको कुर्सी जलाएको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही सार्वजनिक ऐन अन्तरगत मुद्दा चलाई १० दिनपछि २ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

फुलकाही गाविस-१ का महेन्द्र चौधरीलाई माओवादीको आरोपमा ०५८ जेठ २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई विशेष अदालतको आदेशबमोजिम ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	५	३	८	१	१		१
गोलीद्वारा हत्या	१	१		१				
गोलीद्वारा घाइते/हवाई फायर					२	२		२
गिरफ्तारी र यातना	२	३		३	१३	४२	२	४४
बेपत्ता पारिएको					५	५	१	६
कुटपिट	१५	२२		२२	५	८	१	९
धम्की	७	१३		१३				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१			१	१
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण दिइने या	२		२	२				
बालअधिकार	१	१		१				
आर्थिक अधिकार	२	७	१	८	१	७		७
जातीय छुवाछूत	४	७		७				
अमानवीय व्यवहार	२	५	१	६				
अपहरण	२	३		३	१	२		२
जम्मा	४९	६७	१०	७७	२८	६७	५	७२

राजविराज नपा-३ का १९ वर्षीय प्रविणकुमार परियारलाई संस्कृत विषयको प्रश्नपत्र जलाउन गएको आरोपमा ०५८ असार ५ गते प्रहरीले गिरफ्तार गरेकोमा ५ दिनपछि रिहा गरियो।

बनरझुल्ला गाविस-९ का फुलन पासमान, नन्दी पासवानसमेत १३ जनालाई माओवादीको आरोपमा ०५८ साउन ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हातहतियार खरखजानासम्बन्धी मुद्दा चलाई धरौटीमा रिहा गरियो।

मधवापुर गाविस-१ का वडाध्यक्ष ४५ वर्षीय नन्दकेश्वर मण्डल र नागेश्वर मण्डललाई प्रहरीलाई कुटपिट गरेको आरोपमा ०५८ साउन २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

डिमन गाविस-१ का ३० वर्षीय उपेन्द्र यादवलाई माओवादीको आरोपमा ०५८ भदौ १९ गते प्रहरीले गिरफ्तार गरेकोमा ३० घण्टाछि रिहा गरियो।

पकरी गाविस-१ का नेपाल पत्रकार महासंघका सदस्य एवं नटखट पत्रिकाका सम्पादक देवराम यादवलाई माओवादीको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

रौतहट गाविसका अध्यक्ष भागवत मण्डल, उनकै भतिजा श्रीदेव मण्डल र सोही गाविसका हरिशंकर शाहलाई ०५७ फागुन २६ गते माओवादीले अपहरण गरेकोमा ३ दिनपछि मुक्त गरियो।

जनादेश साप्ताहिकका सम्पादक कृष्ण सेनलाई ०५७ फागुन २७ गते अदालतले रिहा गर्ने आदेश दिएपछि कागजमा सही गराई प्रहरीले बेपत्ता पारे। पीडितलाई ५ दिनपछि महोत्तरी जिल्लाको जलेश्वरमा लगी मुक्त गरे।

भगवतपुर गाविस-१ का ४८ वर्षीय जहरूराम मोची र उनकै छोरा २० वर्षीय वैजनाथ रायलाई ०५८ कार्तिक २७ गते माओवादीको नाममा सोही गाविसका शिवनारायणको संलग्नतामा अपहरण गरी "जनअदालत"मा लगी कागज गराई मुक्त गरियो।

मधवापुर गाविस-६ का ३५ वर्षीय वेदनप्रसाद साहलाई माओवादीको आरोपमा ०५८ मंसिर १२ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

खोजपुर गाविस-१ का ४७ वर्षीय नरसिंह चौधरीलाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

फुल्काहीका अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष रमाकान्त साह र सदस्य विनोद साहलाई ०५८ मंसिर १५ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

जोगिनिया गाविस-४ का २२ वर्षीय अनिता श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खोजपुर गाविस-१ का ३० वर्षीयबहादुर साह र २५ वर्षीय नागेश्वर साहलाई ०५७ फागुन १० गते गाउँमा भएको झगडाको खबर गर्न प्रहरी चौकीमा गएको अवस्थामा प्रहरीले मरणासन्न हुनेगरी कुटपिट गरे।

मल्हनीया गाविस-७ का गाविस अध्यक्ष अरूणकुमार गोइत र विन्देश्वर गोइतलाई ०५७ फागुन ३० गते माओवादीहरूले कुटपिट गरी ४ वटा भकारी फोडी धान लुटेर लग्नुका साथै ५० वटा घरमा आगो लगाइदिए।

रायपुर गाविस-५ का मुसहरू चौधरीलाई ०५७ चैत १३ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई बन्दुक लुटेर लगे।

पातोस्थित ग्रामीण विकास बैंक स्वालम्बन बैंकका कर्मचारी ध्रुव सुवेदी र आनन्दकुमार सिंहलाई ०५८ वैशाख २५ गते माओवादीहरूले धम्की दिई असुली गरेको सावा ब्याज लुटेर लगे।

कंचनपुर गाविस-१ स्थित कृषि विकास बैंकका कर्मचारी विजेन्द्रनारायण मण्डल र स्वेमनाथ दाहाललाई ०५८ जेठ १५ गते छ वाम समूहले ३ दिने आम हडतालमा कार्यालय बन्द नगरेको आरोपमा कुटपिट गरे।

वनरझुल्ला गाविस-१ का गाविस उपाध्यक्ष नन्दलाल चौधरीलाई ०५८ जेठ १६ गते माओवादीको एक समूहले ज्यानमार्ने धम्की दिई एउटा बन्दुक लुटेर लगे।

बनौली गाविस-२ का चतुरनारायण चौधरी, रामलगन चौधरी र तारणीप्रसाद चौधरीलाई ०५७ जेठ १८ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई लाखौंको रूपैयाँबराबरको सुनचाँदी, १ लाख रूपैयाँ नगद, ३ वटा बन्दुक र २ सय वटा गोली लुटेर लगे।

कटैया गाविस-३ का जिविस सदस्य रामप्रसाद मण्डललाई ०५८ असार २८ गते माओवादीले मरणासन्न हुनेगरी कुटपिट गरे।

मधवापुर गाविस-६ का बच्चालाल विराजी, बुद्धिनारायण विराजी र दामोदरनारायण विराजीलाई ०५८ साउन १० गते राति माओवादीहरूले ज्यानमार्ने धम्की दिई ३ वटा बन्दुक लुटेर लगे।

लोहजरा गाविस-४ का मनालाल मण्डललाई चन्दा नदिएको आरोपमा ०५८ साउन २७ गते राति माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरी हात भाँचिदिए।

वसविट्टी गाविस-९ का ३२ वर्षीय महेन्द्र यादवलाई ०५८ भदौ १९ गते माओवादी कार्यकर्ता सोही गाविसका रामसुमन मण्डल, जुगेश्वर साहसमेतले जनकारवाहीका नाममा मरणासन्न हुनेगरी कुटपिट गरे।

पत्थरगाढा गाविसस्थित पत्थरगाढा माविका शिक्षकहरूलाई ०५८ असोज ५ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले ज्यानमार्ने धम्की दिई प्रति शिक्षक प्रति महिना १ हजारदेखि ५ हजारसम्म चन्दा बुझाउन दवाव दिए।

धरमपुर गाविस-३ का ३५ वर्षीय विन्दा सरदार, २५ वर्षीय श्याम सरदारसमेत ५ जनालाई ०५८ मंसिर ४ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे।

त्रिकौल गाविस-९ का ३८ वर्षीय विश्वेश्वर यादव र ३५ वर्षीय देवु मण्डललाई ०५८ मंसिर ८ गते माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छ वाम समूहले आव्हान गरेको ३ दिने आम हड्तालका क्रममा ०५८ जेठ १३ गते आयोजित मशाल जुलुसमाथि प्रहरीले गोली चलाउँदा नेकपा (एमाले) का रामजी चौधरी घाइते भए भने सोही पार्टीका जिल्ला सचिव दिवाकर देवकोटा लाठीचार्जबाट घाइते भए। प्रहरीले सोही पार्टीका प्रभाकर देवकोटा, डम्बर महतोसमेतलाई गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

अनेरास्ववियुका जिल्ला सचिव प्रेम दाहाललाई ०५७ जेठ १५ गते एमालेलगायत् छ वाम समूहद्वारा आव्हान गरिएको आम हडतालका क्रममा मालपोत कार्यालय कार्यालय बन्द गर्न गएको आरोपमा प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

सप्तरी जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको गैरसरकारी संस्था "कोशी सरोकार समूह" लाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ४ गते जिल्ला प्रशासन कार्यालयले दर्ता खारेज गरी सम्पत्ति रोक्का गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

राजविराज नपा-५ का १३ वर्षीय दिपक राउतलाई दूरसञ्चार संस्थानको तार चोरेको आरोपमा प्रहरीले गिरफ्तार गरी बयान लिने क्रममा यातना दिएको ठहर गर्दै जिल्ला अदालतका न्यायाधीश तेजबहादुर के.सी.को इजलासले ०५७ चैत ८ गते एसपी सदानन्द कुर्मी तथा तत्कालीन अनुसन्धान अधिकृत असई गोपाल गिरीबाट यातना क्षतिपूर्तिबापत पीडितलाई १० हजार रूपैयाँ दिलाउने आदेश जारी गर्‍यो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष सुकुम्बासी समस्या समाधान आयोगसमक्ष २२ हजार ६ सय ४० वटा निवेदन दर्ता भएकोमा २ सय ३७ लाई ३५ विगाह ८ कठ्ठा ३ धुर जग्गा तथा ४ सय ९९ अव्यवस्थित बसोबासअन्तर्गत १ सय ४ विगाह ५ कठ्ठा १५ धुर जग्गा वितरण गरियो। ५३ सुकुम्बासीलाई ३ विगाह ३ कठ्ठा ६ धुर तथा अव्यवस्थित बसोबासअन्तर्गत २ सय ५५ लाई १ सय ५१ विगाहा ४ कठ्ठा १३ धुर जग्गा निर्णय भई वितरण हुन बाँकी रहेको कुरा आयोगले जनायो।

महिला अधिकार

फत्तेपुर गाविस-३ की ५ वर्षीय एक बालिकालाई ०५७ चैत १४ गते सोही गाविसका १५ वर्षीय बुद्धिमान तामाङले आफ्नो घरमा बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गोडठी गाविस-५ का ३२ वर्षीय दुई महिलालाई ०५८ पुस

४ गते सोही गाविस-१ का केही व्यक्तिहरूले बलात्कार गर्ने प्रयास गरे। पीडितका पति माओवादीको आरोपमा गिरफ्तार गरिएको र माओवादीले दुःख दिएको बताउँदै पीडकहरूले बलात्कार गर्ने प्रयास गरेका थिए।

राजविराज नपा-६ की २६ वर्षीय प्रेमा चौधरीलाई दाइजो कम ल्याएको आरोपमा आफ्नै पति पुरूषोत्तम चौधरी तथा ससुरा पुलकित चौधरीले कुटपिट गर्ने गरेको र पतिले दोस्रो विवाह गरी फरार रहेको कुरा पीडितले ०५८ असोज २४ गते पत्रकार सम्मेलन गरी बताइन्।

ठेलीया गाविस-१ की ५० वर्षीय वहुरीदेवी चौधरीलाई बोक्सी भएको आरोपमा ०५८ पुस १४ गते सोही ठाउँकी कोकिलादेवी चौधरी तथा निजका पति जीवनारायण चौधरीले कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी दुवै पक्षलाई मिलापत्र गराई रिहा गरे।

बालअधिकार

भारतमा वस्ने रामचन्द्र शर्माको ६ वर्षे छोरालाई ०५७ फागुन १७ गते भारत बलुवा बजारमा शिक्षक काम गर्ने अरविन्द यादवले अपहरण गरी राजविराज-१० मा राखेको अवस्थामा प्रहरीले फेला पारे।

आर्थिक अधिकार

पकरी गाविस-२ का सुरज सदा, मेघनाथ सदा, रामेश्वर सदा तथा रीता सदा लगायतका मानिसहरूलाई श्री ५ को सरकारद्वारा निर्धारित ज्याला पाउनु पर्ने माग राखेको कारण पकरी गाविस- १ र २ का लोचन यादव, कपलेश्वर यादव, सत्यनारायण यादव लगायतका मानिसले भाला, फर्सा, रड आदिले कुटपिट गरी घाइते बनाए। पीडितहरूले कारवाहीका लागि उजुरी दिए पनि स्थानीय स्तरमा मिलापत्र गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

मानराजा गाविस-९ का मोहन रामलाई मरेको सिनो नफालेको र पूजामा ढोल नबजाएको आरोपमा ०५८ असार २९ गते सोही गाविस-६ का जहुरी यादव, बौवालाल यादवसमेतको नेतृत्वमा गएका व्यक्तिहरूले कुटपिट गर्नुका साथै सोही गाविस-६ र ९ का राम जातिका व्यक्तिहरूलाई बाटोघाटो, पसल, मजदुरी, खानेपानी आदिमा प्रतिबन्ध लगाए।

बनौला गाविस-६ का रमेश राम, मानराजा गाविस-९ का मोहन राम, दशै राम मधुपट्टी गाविस-६ का गणेशप्रसाद राम समेतलाई ०५८ साउन ७ गते मानराजा गाविस-९ मा उत्पन्न समस्याको छलफलमा सिनो नफाल्ने भनेका कारण बनौला गाविस-७ का दीपेन्द्र यादव, मुन्ना यादव, गंगाई यादव, जीतेन्द्र यादव, सुधिर यादव, अजय यादव र खुसिलाल साफिसमेतले कुटपिट गरी दलित प्रतिनिधिले ल्याएको डायरी, क्यामेरा समेत खोसेर लगे।

वसविट्टी गाविस-९ का जुगेश्वर साह, छोटेलाल रजक, राम सुमेर मण्डल, महेन्द्र राम तथा इन्द्रदेव मण्डललाई सोही ठाउँका महेन्द्र यादवलाई कुटपिट गरेको आरोपमा ०५८ भदौ २५ गते सोही ठाउँका सहदेव मण्डल र उमेश यादवसमेतले मासो दली जुत्ताको माला लगाई कान समातेर उठवस गर्न लगाउनुका साथै आर्थिक दण्डसमेत गरे।

रायपुर गाविस-५ हरिरावा टोलका चमार जातिका मानिसलाई सिनो नफालेका आरोपमा ०५८ भदौ २५ गते सोही गाविसका वसुदेव चौधरी, सुकदेव चौधरी, सहदेव साह हलुवाईसमेतले चमार बस्तीको बीचमा सिनो फ्याँकी नाकाबन्दी गरे। पीडितले जिल्ला प्रशासनमा निवेदन दिएपछि दुवैपक्षबीच मिलापत्र गराइयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

काठमाण्डौमा तराईबासीप्रति गरिएको दुर्व्यवहार एवं प्रहरीको गोलीबाट खुसिलाल यादवको मृत्यु भएको विरोधमा ०५७ पुस १८ गते सर्वदलीय संघर्ष समितिद्वारा राजविराज बन्द एवं चक्काजाम भयो।

कोशी पश्चिम नहर राजविराजमा कार्यरत ७७ जना कर्मचारीलाई अवकाश दिइएको विरूद्धमा श्रमिक तथा मासिक ज्यालादारी कर्मचारी संघर्ष समितिको ६ सूत्रीय मागसहितको आव्हानमा कर्मचारी आसुतोषकुमार झा, राजेन्द्रप्रसाद साहसमेतले ०५७ माघ १९ गते आमरण अनशन शुरू गरे। १२ औं दिनपछि व्यवस्थापनसँग कर्मचारी पूनर्वहाली गर्ने शर्तमा सम्झौता गरी अनशन तोडियो।

तेरहौता गाविस-५ स्थित सरस्वती सामुदायिक विकास मञ्चको संयोजकत्वमा सबैका लागि निःशुल्क शिक्षा दिने सरकारको नीति व्यवहारमा लागू हुन सकेको भनी "सबैको लागि निःशुल्क शिक्षा, शिक्षा निःशुल्क गराउन दिनोस् भिक्षा" भन्ने नारासहित ५ सय २२ जना बालबालिकाले ०५८ फागुन ११ गते राजविराजमा भिक्षाबाट संकलित १ हजार ७ सय १ रूपैयाँसहित प्रजिअ मार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिए।

रायपुर गाविस-६ का हरिरावा टोलका चमार जातिका मानिसले सिनो नफालेको आरोपमा नाकाबन्दी गरिएको घटनाको विरोधमा ०५८ असोज ७ गते जिल्ला प्रशासनमा धर्ना दिए।

राजविराज नपा-७ स्थित वहिरा बालकको स्कूलका शिक्षकहरूले विशेष शिक्षा शिक्षक महासमिति काठमाण्डौको आव्हानमा ३ सूत्रीय माग राखी ०५८ असोज ७ गते जिल्ला शिक्षा कार्यालयमा धर्ना दिए।

फत्तेपुर गाविस-६ स्थित राष्ट्रिय प्राथमिक विद्यालयमा अनियमितता भएको आरोपमा अभिभावकहरूले ०५८ असोज १४ गतेदेखि विद्यालयमा तालाबन्दी गरे। सम्झौतापछि तालाबन्दी खोलियो।

कोशी टप्पु वन्यजन्तु आरक्षणसँग सीमा जोडिएको गाविस पिप्रापूर्व, कमलपुर, ओद्राहा, जगतपुर तथा घोघनपुर बदगामाका महिलाहरूको एक जुलुसले व्यवस्थापन पक्षको गलत नीतिको

विरूद्ध राजविराज परिक्रमा गरी ०५८ असोज २९ गते सिडिओमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए।

नेपाल शिक्षक संघ जिल्ला कार्य समितिले शिक्षा ऐन सातौं संशोधनको विरोधमा ०५८ कार्तिक २४ गते विरोध कार्यक्रम गरी जिल्ला शिक्षा कार्यालयमा विरोधपत्र बुझायो।

अतिरिक्त जानकारीहरू

यस वर्ष सडक दूर्घटनामा ८ पुरूष र ३ महिलाको मृत्यु भयो। आत्महत्याका १३ वटा घटनामा ६ पुरूष र ७ महिलाको मृत्यु भयो। भवितव्यमा २ पुरूष र १ महिला, डुबेर १ पुरूष र ४ महिला र करेन्ट लागेर २ पुरूषको मृत्यु भयो। आगलागीबाट ५० घर परिवार पीडित भए।

१.१२ सिराहा



जनसंख्या	: ४६०७४६
साक्षरता प्रतिशत	: २९
महिला साक्षरता प्रतिशत	: १३.३
क्षेत्रफल (वर्ग कि.मी.)	: ११८८
गाविस/नपा संख्या	: १०६/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३४५
क्याम्पस/उच्च मावि	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: २/११२
टेलिफोन लाइन	: १७८५
मोटर सडक (कि.मी.)	: १४४
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: १०४

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

सीतापुर गाविस-५ का ४५ वर्षीय देवनारायण यादवलाई ०५७ माघ ७ गते साँझ १०/१२ जना अज्ञात व्यक्तिहरूको समूहले गोली हानी हत्या गरे। पीडित खेतमा काम गरी घर फर्कने क्रममा हाटबजार जान लागेका थिए।

मोहनपुर कमलपुर गाविस-४ का गाईघाट प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३५ वर्षीय घुरन यादवलाई ०५७ फागुन २८ गते राति करीब १२ बजे घरमा सुतिरहेको बेला माओवादीहरूको एक समूहले गोली हानी हत्या गर्‍यो। पीडितको शरीरमा ४ वटा गोली लागेको थियो भने शरीरको विभिन्न भागमा धारिलो हतियारले काटिएको थियो।

इनरूवा गाविस-९ का २८ वर्षीय इन्द्रप्रसाद यादवलाई ०५८ वैशाख १ गते बिहान सोही ठाउँमा बसको विवाद सम्बन्धी छलफल भइरहेको बेला भगवानपुर गाविसका उपाध्यक्ष दिनेश प्रसाद यादवले गोली हानी हत्या गरे। उक्त घटनामा इनरूवा गाविस-९ का ४७ वर्षीय मुसहरू यादव पनि गोलीद्वारा घाइते भए। पीडकलाई गिरफ्तार गरिएको छैन।

नेकपा (एमाले) द्वारा आयोजित नेपाल बन्दको सिलसिलामा ०५८ जेठ १४ गते मिर्चैयाको राष्ट्रिय बाणिज्य बैंक बन्द गराउन गएका एमालेका कार्यकर्ताहरूमाथि बैंकका गार्ड चेतबहादुर खड्काले चलाएको बन्दुकको गोली लागी फुलवरिया गाविसका पवित्तर मण्डल, रामबहादुर मण्डल, मल्हनिया खोरी गाविसका रामनारायण कार्पेर, रामनगर मिर्चैया गाविसका कुसे साह र रामपुर विर्ता गाविसका फुल्गेन महतो घाइते भए।

सिक्रोन गाविसका अध्यक्ष ४७ वर्षीय विन्देश्वर यादवलाई ०५८ असार २६ गते साँझ मोटरसाइकलमा मिर्चैयातर्फ गइरहेको अवस्थामा मलहनीयाखोरी गाविस नजिक बाटोमा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे।

भवानीपुर कालावंजर गाविस-१ स्थित वेताहा भन्ने ठाउँमा रेडियो मर्मत गरी बस्ने लक्ष्मी दासको पसलमा ०५८ असोज १६ गते एउटा बम विस्फोट हुँदा लक्ष्मी र सोही ठाउँका नाबालक अजय कुमार घाइते भए।

भगवानपुर गाविसस्थित भगवानपुर चोकमा ठाडी प्रहरी चौकीका प्रहरी जवान यमबहादुर बस्नेतलाई ०५८ मंसिर ३ गते राति अज्ञात व्यक्तिहरूले गोली प्रहार गरी हत्या गरे। दुई पक्षको झगडा मिलाउन पुगेका प्रहरीलाई कुन पक्षबाट गोली हानियो थाहा हुन सकेन। उक्त घटनामा ठाडी प्रहरी चौकीका असई अशोक झा र एक होटलमा काम गरी बस्ने हरि सदाय पनि गोली लागी घाइते भए। प्रहरीले उक्त घटनामा संलग्न भएको आरोपमा भगवानपुर गाविसका पूर्व अध्यक्ष रामशंकर यादव, इनरूवा गाविसका उपाध्यक्ष धर्मदेव यादव, सोही गाविस-५ का वडा अध्यक्ष विहारी यादव, गौरीशंकर यादव र राजेन्द्र यादवलाई प्रहरीले गिरफ्तार गरे।

सोनमति मझौरा गाविस-८ का ३० वर्षीय शिवनारायण यादवलाई ०५८ मंसिर २२ गते राति करीब १०:३० बजे ब्रम्हागौधरी गाविस-३ स्थित हरिशचन्द महतोको घरमा सुतिरहेको अवस्थामा प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरिएकोमा केही समयपछि गोलीद्वारा मृत्यु भयो। पीडित दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

यस बाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो। जसमध्ये–

लक्ष्मीनीया गाविस-७ की २० वर्षीय पुनमदेवी यादवलाई

०५८ मंसिर २४ गते उनकै पति सुरेश यादव लगायत सासु ससुरा मिली हत्या गरे। पीडितलाई दाइजोको सामान नल्याएको आरोपमा हत्या गरिएको हुनसक्ने पीडितको पीता लक्ष्मण यादवले बताए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	३	६				
गोलीद्वारा हत्या	७	८		८	१	१		१
गोलीद्वारा घाइते/हवाई फायर					१	५		५
बम प्रहारबाट घाइते/बम प्रहार	१	२		२				
गिरफ्तारी र यातना					१९	५६	१	५७
लाठी चार्ज					४	२७		२७
बेपत्ता पारिएको								
कुटपिट	११	१६	३	१९	२	२	१	३
धम्की	१	१		१				
बलात्कार	२		५	५	१		१	१
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१	१		१				
महिला भएकै कारण यातना	४		४	४				
बाल अधिकार	२	१	१	२				
अमानवीय व्यवहार	३	२		२	१	२		२
अपहरण	२	२		२				
जम्मा	४१	३६	१७	५३	२९	९३	३	९६

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीमा पर्दछ। यस जेलको कुल क्षमता १ सय ५० जनाको रहेको छ। यस वर्ष यस जेलमा कैद तोकिएका ३८ पुरूष र ६ महिला गरी जम्मा ४४ जना र कैद नतोकिएका ६८ पुरूष र २ महिला गरी जम्मा ७० जना लगायत जम्मा १ सय १४ जना थुनुवा तथा बन्दीहरू रहेका छन् भने हाल जेलमै जन्मेका १ नाबालक पनि रहेका छन्।

यस जेलमा राज्य विरूद्धको अपराध अन्तरगत २ जना थुनामा रहेका छन्। उक्त आरोपमा प्रेमकुमार यादव र रामकुमार पासवानलाई ०५६ असोज ११ गतेदेखि थुनामा राखिएको छ। पीडित व्यक्तिहरू माओवादी भएको बताउँछन्। त्यसैगरी लोकनाथ यादव, विष्णुदेव यादव र फुलेंन साहलाई कर्तव्य ज्यान सम्बन्धी मुद्दामा थुनामा राखिएको छ। पीडित व्यक्तिहरू माओवादी रहेका बताउँछन्। ०५८ पुस १७ गतेसम्म यस जेलमा १५ जनालाई नजरबन्दमा राखिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

जेलभित्र बन्दीहरू बस्ने कोठामा विजुली र पंखाको व्यवस्था गरिएको र पिउने पानीका लागि ट्युवेल र धारोको व्यवस्था गरिएको जेलरले बताए। बन्दीहरूलाई नियम अनुसार दिइने कपडा पुरूषलाई कुर्ता-सुरूवाल र महिलार्ला सारी-चोलो र ओढ्ने दिने गरिएको छ।

यस जेलमा बन्दीहरूलाई पढाउनका लागि प्राथमिक स्तरको एक जना शिक्षकको व्यवस्था गरिएको छ। यद्यपि पुस्तक, कपी र कलमको अभाव देखिएको छ। बन्दीहरूलाई स्वास्थ्य उपचारको लागि एक जना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ। साधारण विरामीको जेलभित्रै उपचार गरिने र जटिल खालका विरामी भए बाहिर लैजाने गरिएको जेलर बताउँछन्। जेलको भवन निकै पुरानो भएको छ। जेलभित्र पत्र-पत्रिका तथा पुस्तकको अभाव रहेको छ भने सीपमुलक तालिमको अभाव भएको बन्दीहरू बताउँछन्।

यस वर्ष यो जेलमा थुनुवाका रूपमा रहेका देवनारायण यादवको सरूवाको विषयलाई लिएर बन्दीहरूले गरेका विरोध कार्यक्रममा प्रहरीद्वारा जेलभित्र लाठी चार्ज गर्‍यो।

देवनारायण यादवलाई ०५७ चैत १२ गते जेल सरूवा गर्ने निर्णय भएपछि जेलभित्रका थुनुवा र बन्दीहरूले विभिन्न मागहरू राख्दै ०५७ चैत १४ गतेदेखि जेलको मुल गेटमा भित्रबाट ताल्चा बन्द गरेर नारा जुलुस लगाउँदै विरोध गरे। बन्दीहरूको मागहरूमा देवनारायण यादवको जेल सरूवा रद्द हुनुपर्ने, जेलरको सरूवा गरिनु पर्ने र जेल सुधार समिति तथा प्रशासन बीच भएको सम्झौता कार्यान्वयन हुनुपर्ने मुख्य माग लगायत १७ वटा मागहरू रहेका थिए। सोही मागलाई लिएर ०५७ चैत १ गते प्रशासन समक्ष बन्दीहरूले एक ज्ञापन पत्र बुझाए भने चैत १८ गते दिनभरि गेटमा लालटिन बालेर र साँझ करीब ७:३० बजे अध्यारोमा बसी विरोध जनाउने, चैत १९ गते दिउँसो गेटमा आमसभा गर्ने, २१ गते रिले अनसशन बस्ने र २२ गते आमरण अनसन समेत बस्ने चरणबद्ध रूपको विरोध कार्यक्रमको घोषणा गरियो। सोहीक्रममा ०५७ चैत १८ गते प्रहरीले मुल गेटमा बन्दीहरूले लगाएको ताल्चा फुटाएर भित्र प्रवेश गरी बन्दीहरूमाथि लाठी चार्ज गरे। लाठी चार्ज पछि जेल भित्रबाट रामसोगारथ यादव, देवनारायण यादव, विशेश्वरा राय र बलदेव साहलाई मरणासन्न हुने गरी कुटपिट गर्दै बाहिर प्रहरी भ्यानमा जबर्जस्ती हालेर अन्यन्त्रको जेलमा लगियो। प्रहरीको लाठी चार्जबाट अन्य बन्दीहरू रामपरीषण यादव, जग्गु साह, कमल यादव, सियाराम मुखिया, अशोक भण्डारी, रामजी गोईत र आशाराम यादव घाइते भए। यसैगरी बन्दीहरूले पनि प्रहरीहरू माथि प्रत्याक्रमण गर्ने क्रममा असई नारायण थापा, मोहन कुमार कार्की, प्रहरी हवल्दार डेगेन्द्र आले, नन्दु मण्डल

र यमप्रसाद दाहाललाई चोट पटक लागेको जिल्ला प्रहरी कार्यालयले जनायो।

उक्त घटनामा प्रहरीद्वारा नाला फुटाउन थालिएपछि बन्दीहरूले गेटमा मट्टितेल खन्याई कम्बलमा आगो सल्काएर अवरोध गर्ने प्रयास समेत गरेका थिए।

कर्तव्य ज्यान मुद्दामा करिब १ वर्ष ६ महिना अघिदेखि बन्दी जीवन बिताइरहेकी एक महिला ०५८ जेठ ११ गते राति बिरामी भई सुरक्षाकर्मीहरूद्वारा बाहिर निकालिएको अवस्थामा बलात्कृत भइन्। आफूलाई प्रदीप साह नाम गरेका प्रहरीले बलात्कार गरेको कुरा पीडितले आफू गर्भवती भएको अवस्थामा बताइन्। उक्त घटनाको छानविनका लागि प्रशासकीय अधिकृत टुकप्रसाद रेग्मीको संयोजकत्वमा तीन सदस्यीय एक समितिसमेत गठन गरिएको र प्रतिवेदनअनुसार सुरक्षाकर्मीको लापरवाही ठहर भएको कुरा सिडिओ भोलाप्रसाद सिवाकोटीले वताए। पीडकलाई कुनै कारवाही भएको छैन भने पीडितले जेलमै एक बच्चा जन्माएकी छिन् र नाता प्रमाणित गर्नका लागि मुद्दा दायर गरेकी छिन्।

गिरफ्तारी र यातना

मोहनपुर कमलपुर गाविस-६ का २१ वर्षीय सुजितनारायण यादवलाई ०५७ चैत ९ गते राति करीव ७:३० वजे घरमा खाना खाइरहेको बेला प्रहरीले गिरफ्तार गर्‍यो। गिरफ्तार पछि पीडितलाई शारीरिक र मानसिक यातना दिइएको थियो। पीडितलाई ०५८ साउन ३० गते सप्तरी जिल्ला कञ्चनपुरस्थित इलाका प्रहरी कार्यालयबाट रिहा गरिएको पीडितले जनाए।

बडहरामाल गाविसस्थित बन्दिपुर मा. वि. का प्रधानअध्यापक वेदानन्द झालाई ०५७ चैत १२ गते आर्थिक हिनामिना गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई हिनामिना भएको रकम यथाशीघ्र वुझाउने शर्तमा चैत १८ गते छोडिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

तेनुवापट्टि गाविस-३ का ४७ वर्षीय फुदन पासमानलाई ०५७ चैत ३१ गते सुखिपुरको हाटबाट माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई केही सोधपुछपछि रिहा गरियो।



अज्ञात व्यक्तिहरुद्वारा गोली हानी हत्या गरिएका देवनारायण यादव

संसदीय निर्वाचन क्षेत्र नं. ४ का सांसद हेमनारायण यादवलाई ०५८ जेठ ८ गते जिल्ला शिक्षा अधिकारी हसरत अलिलाई कुटपिट गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई ०५८ जेठ ९ गते साँझ रिहा गरियो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत २५ वर्षीय नविन राई लगायत २ जना प्रहरीलाई ०५८ जेठ २५ गते औरही गाविसमा जान अस्वीकार गरेको कारण थुनामा राखेर मानसिक यातना दिइयो। पीडितलाई थुनामा राखिनु अघि आफूहरूलाई राजीनामामा दिन भनिएको र राजीनामामा लेखेर बुझाएपछि थुनामा राखेर सो दिन साँझ मात्र रिहा गरिएको पीडितहरूले जनाए।

गौरीपुर गाविसका ८ वर्षीय बालक प्रदिप मोची लगायत १२ जनालाई ०५८ असार ३ गते बिहान प्रहरीको एक टोलीले पूर्व सहायकमन्त्री सुरेशचन्द्र दासको आँप लुटेको आरोपमा गिरफ्तार गर्‍यो। अन्य पीडितहरूमा सोही गाविसका नसिव मोची, सवुरलाल मोची, हिताई मोची, चन्द्र मोची, उपेन्द्र मोची, सोभित मोची, वौएलाल मोची, लक्ष्मण मण्डल, पल्टु मण्डल, रामअषिश मण्डल, विर्जु मण्डल , पुरन मण्डल र भोला मण्डल रहेका छन्। पीडितहरू मध्ये नसिवलाल मोची, सवुरलाल मोची, लक्ष्मण मण्डल र राम अशिष मण्डललाई प्रहरीमाथि हातपात गरेको आरोपमा कार्वाही गरिएको र पछि तारेखमा रिहा भएको प्रहरीले जनाए।

असनपुर गाविस-७ का संजमो कार्यकर्ता उमेश बराललाई ०५८ असार ३ गते साँझ प्रहरीमाथि हातपात गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई २ हजार धरौटी राखी तारेखमा रिहा गरियो।

अनेरास्ववियु (२०२२) का जिल्ला कमिटी अध्यक्ष सागर पुर्वेलाई ०५८ असार ७ गते लहान नपा-४ स्थित लक्ष्मण-ललिता कुशवाहा माविबाट संस्कृत विषयको प्रश्नपत्र खोसेर लगेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई शारीरिक यातना दिनुका साथै प्रहरी पोशाक लगाई आँखामा पट्टि बाँधी विभिन्न विद्यालयहरूमा घुमाइएको पीडितले बताए।

जिल्ला अदालत सिराहाले माओवादीका नेता देवनारायण यादवलाई ०५८ साउन १७ गते रिहाई गरेको केही समयपछि अदालत हाता भित्रैबाट सादा पोशाकमा आएका प्रहरीले पुनः गिरफ्तार गरे। पीडित यादवलाई विभिन्न तीन वटा घटनामा संलग्न भएको आरोपमा रू. ६५ हजार धरौटी बुझाउनु पर्ने निर्णय भएकोले सोही धरौटी रकम बुझाई अदालतबाट तारेखमा छुटेका थिए। प्रहरीका अनुसार पीडितमाथि हातहतियार तथा खरखजाना सम्बन्धी अन्य मुद्दाहरू पनि भएकोले गिरफ्तार गरिएको बताए।

लहान नपा-८ मा होटल गरी बस्ने ४८ वर्षीय वमबहादुर श्रेष्ठलाई ०५८ साउन २३ गते राति करीव ३ बजे सिभिल प्रहरीलाई हात हालेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई इलाका प्रहरी कार्यालय लहानमा शारीरिक यातना दिइयो। यातनाको क्रममा पीडितलाई अध्यारो कोठामा लगेर

हरियो वासले जिउमा, खुट्टा र पैतालामा पिट्नुको साथै गाला र अनुहारमा निलडाम र घाउ हुने गरी मुड्कीले हिर्काए। पीडितलाई ०५८ साउन २५ गते रिहा गरियो।

मझौलीया गाविस-३ का २५ वर्षीय रामविलास मण्डललाई ०५८ भदौ ३ गते हातहतियार बोकेर हिंडेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कुर्जन्हा गाविस-४ की ४० वर्षीय महिला कुस्मी गरेलीलाई ०५८ भदौ २७ गते अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला अधिवेशन हेर्न ट्याक्टरमा गएको बेला बन्दुक लुकाएर लगेको आरोपमा जिल्ला प्रहरी कार्यालय सिराहा अगाडिबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलालाई सोही दिन राति ९ बजे रिहा गरियो।

लहान नपाबाट प्रकाशित हुने "जनक आवाज" दैनिक पत्रिकाका प्रकाशक सीताराम साह र सहसम्पादक पवन श्रेष्ठलाई ०५८ मंसिर १३ गतेको अंकमा आपत्तिजनक सम्पादकीय लेखेको आरोपमा सोही दिन साँझ प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई मंसिर १७ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसपर्मण गराई तारेखमा रिहा गरियो।

"जनदिशा" दैनिक पत्रिकाका सिरहाका सम्वाददाता तथा नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद देवकुमार यादवलाई ०५८ मंसिर १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई पत्रकारहरूको अनुरोधमा सोही दिन रिहा गरियो। पीडित यादव रिहा भएपछि भूमिगत भएकोमा ०५८ मंसिर २४ गते स्वयं जिल्ला प्रशासन कार्यालयमा गएर आत्मसमर्पण गरे। हाल पीडितलाई नजरबन्दमा राखिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

विष्णुपुरकट्टी गाविस-३ का कुमार कार्की, मोहनबहादुर कार्की, टेकबहादुर कार्की, दिलिप कार्की, लोकबहादुर राउत, पृथ्वीबहादुर राउत, सीताराम कार्की, तोपबहादुर कार्की, दीपक थापा, रामबहादुर परियार, शेरबहादुर बुढाथोकी र डम्बरबहादुर बुढाथोकीलाई ०५८ मंसिर १५ गते माओवादीको आशंकामा अनुसन्धानको सिलसिलामा प्रहरीले गिरफ्तार गरेकोमा आत्मसमर्पणपछि मंसिर २१ गते तारेखमा रिहा गरियो।

नेकपा (एमाले) ३ नं. इलाका कमिटीका सदस्य सोठियाइन गाविसका ३० वर्षीय अमिर कुमार यादवलाई आतंककारी गतिविधिमा सहयोग गरेको आरोपमा ०५८ मंसिर २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई पुस ४ गते रिहा गरियो। पीडितले उक्त आरोपलाई अस्वीकार गरे।

धनगढी गाविस-२ का रघुनाथ महतोलाई ०५८ मंसिर २८ गते आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा प्रहरीले धनगढी बजारबाट गिरफ्तार गऱ्यो। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

नेपाल औषधी व्यवसायी संघ, लाहानमा कार्यरत सोनमति मझौरा गाविस-७ का करीब ३१ वर्षीय श्रीदेव यादवलाई ०५८ मंसिर २८ गते संघको कार्यालयबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई आत्मसमर्पण गराई तारेखमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो। पीडितले आफू एमालेको कार्यकर्ता भएको बताए।

सरस्वती सामुदायिक विकास मंच, लाहानका कार्यक्रम संयोजक अर्जुन थपलीया, कार्यकारी निर्देशक दिलिप कुमार चौधरी र संस्थाका अन्य कर्मचारीहरू वेदनिधी ढकाल, हिमला स्याङ्ग्वा, रामप्रसाद भट्टराई, अशोक चौधरी र विजय श्रेष्ठलाई उक्त संस्था आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस ९ गते प्रहरीले कार्यालयबाट गिरफ्तार गऱ्यो। पीडितहरू मध्ये अर्जुन थपलीया बाहेक अरूलाई पुस १० गते रिहा गरियो भने अर्जुनलाई पुस १७ गते रिहा गरियो।

फुल्काहाकट्टी गाविस-३ का श्यामकुमारी महतोलाई माओवादी भएको आशंका गरी अनुसन्धानको सिलसिलामा ०५८ पुस ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस १६ गते रिहा गरिएको पीडितले बताए।

नेपाल पत्रकार महासंघ सिराहा शाखाका सभापति तथा "कान्तिपुर" दैनिक पत्रिकाका जिल्ला सम्वाददाता तथा नेपाल मानवअधिकार संगठनका जिल्ला कार्य समितिका सचिव विजयप्रसाद मिश्रलाई ०५८ पुस १२ गते कान्तिपुरमा "चमारको पक्षमा वकालत गर्ने पक्राउ" शीर्षकको समाचार सम्प्रेषण गराएको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितलाई सोधपुछ पछि पुस १३ गते राति रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

कल्याणपुर गाविसस्थित स्थायी प्रहरी चौकीमा कार्यरत प्रहरी रामचरित्र महरालाई ०५७ माघ १० गते साँझ माओवादीका ६/७ जना कार्यकर्ताहरूले अपहरण गर्ने प्रयास गरे।

वस्तीपुर गाविस-६ का ५५ वर्षीय रघुवीर साहलाई ०५८ भदौ ५ गते १४-१५ जना अज्ञात व्यक्तिहरूको एक समूहले राति कुटपिट गरी घरबाटै अपहरण गरे। पीडितलाई भदौ ६ गते सोही गाविसको गणेशपुर भन्ने ठाउँमा अचेत अवस्थामा फेला पारियो। पीडकहरू मध्ये ३ जनालाई माओवादीहरले जनकार्वाही गरेको जनाए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

स्वाबलम्बन विकास केन्द्रका कर्मचारी मातृका प्रसाद घिमिरेलाई ०५७ माघ ८ गते ऋण संकलन गरी फर्किरहेको अवस्थामा ६ जना अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडितसँग भएको करीब १६ हजार नगद समेत लुटेर लगे।

सीतापुर गाविस-१ का २७ वर्षीय सूर्यमान ठाकुर, सोही गाविस-४ का मो. जुगमन र स्वरूक्याही गाविस-४ का रामकिसुन साहलाई ०५७ माघ ९ गते साँझ करीब ७ बजे ट्याक्टरमा हिंडिरहेको बेला पडरीया गाविस नजिक १४/१५ जना अज्ञात व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए।

हत्या गरिएका सिरहोन गाविसका अध्यक्ष विन्देश्वर यादव

पीडितहरूसँग भएको नगद २ हजार, हाते घडी १ थान र ट्याक्टरमा भएको २० बोरा सिमेन्ट समेत लुटेर लगे।

जानकीनगर गाविस-९ घर भई ग्रामीण विकास बैंक शाखा कार्यालय धनगढीमा कार्यरत धिरज श्रेष्ठलाई ०५७ माघ १७ गते विष्णुपुर कट्टि गाविस अन्तरगतका समूहबाट ऋण संकलन गरी फर्किरहेको बेला आफूलाई माओवादी भन्ने ५ जना व्यक्तिहरूको एक समूहले बन्दुक देखाई कुटपिट गरे। पीडितसँग भएको नगद रू. १२ हजार ४ सय ६६ रूपैया समेत लुटे।

स्वाबलम्बन विकास केन्द्र शाखा कार्यालय महेशबारीका कर्मचारी कृष्णप्रसाद मिश्रलाई ०५७ फागुन १६ गते महादेवा पोर्ताहा गाविसबाट ऋण संकलन गरी फर्कदा बाटोमा ५/६ जना अज्ञात व्यक्तिहरूको एक समूहले कुटपिट गर्नुका साथै १२ हजार रूपैया समेत लुटे। पीडकहरू मध्ये गाढा गाविस-९ का २२ वर्षीय सूर्यनारायण सहनीलाई प्रहरीले गिरफ्तार गर्‍यो।

स्बालम्बन विकास केन्द्रका कर्मचारी टिकाराम सुवेदीलाई ०५७ चैत ३ गते ढोढना गाविसबाट ऋण संकलन गरी फर्किरहेको अवस्थामा ३ जना अज्ञात व्यक्तिहरूको एक समूहले घेरी बनदुक देखाएर कुटपिट गर्नुका साथै १० हजार रूपैया लुटे।

सप्तरी जिल्ला वननीया गाविस-२ का ट्याक्टर चालक हरिलाल रवन र मनोज सिंहलाई ०५७ चैत ७ गते ठेलागाडाका मजदुरहरूले कुटपिट गर्नुका साथै ४ घण्टा यातायात अबरूद्ध गरे।

लाहान नपा-१० का ४६ वर्षीय रामकुमार विसुन्के र ४० वर्षीय श्यामकुमार विसुन्केलाई ०५७ चैत ११ गते राति लहान नपा-२ का वडा अध्यक्ष देवनाथ यादवका केही कामदारहरूले कुटपिट गरे।

जिल्ला शिक्षा कार्यालयका शिक्षा अधिकारी हसरत अलिलाई ०५८ जेठ ७ गते शिक्षक छनौट अन्तरवार्तामा अनियमितता गरेको तथा आर्थिक भ्रष्टाचार गरेको आरोपमा कार्यालयभित्रै सिरहा क्षेत्र नं ४ का सांसद हेमनारायण यादव र एमाले तथा उक्त पार्टीका भातृ संगठनका कार्यकर्ताहरूले कुटपिट गरे।

नहरारिगोल गाविस-३ का वडा अध्यक्ष ५७ वर्षीय रामबाबु यादवलाई ०५८ भदौ २४ गते विद्यालयमा पिउन नियुक्ति गर्ने विषयको विवादमा ४/५ जना व्यक्तिहरूको समूहले कुटपिट गर्नुका साथै धारिलो हतियार प्रहार गरी घाइते बनाए।

मिर्चैयास्थित ग्रामीण विकास बैंक शाखा कार्यालयमा कार्यरत रामभक्त महासेठलाई ०५८ भदौ २५ गते कल्याणपुर कालावंजर गाविसको केन्द्रबाट ऋण संकलन गरी फर्किरहेको बेला बाटोमा ३ जना अज्ञात व्यक्तिहरूले बन्दुक देखाई १५ हजार ३ सय ४८ रूपैया लुटे।

लाहान नपा-४ स्थित एभरेष्ट कलेजमा ०५८ भदौ २७ गते बिहान ८ बजे कलेज बाहिरका तीन जना व्यक्तिहरूले तोडफोड गर्नुका साथै धारिलो चक्कु प्रहार गर्दा कलेजका विद्यार्थी मधु पोखरेल घाइते भए।

सोठियाईन गाविस-८ अन्तरगत जगतपुर भन्ने ठाउँमा सोठियाइन गाविसका उपाध्यक्ष ईश्वरदेवप्रसाद यादव, महादेवा पोर्ताहा गाविसका उपाध्यक्ष जीवदप्रसाद यादव लगायत एमालेका कार्यकर्ताहरू अमिरीकुमार यादव, अगनियादेवी, शान्तिदेवी दास लगायत अन्य केही व्यक्तिहरूलाई ०५८ असोज १७ गते राजनीतिक प्रतिशोधका कारण नेपाली कांग्रेसका कार्यकर्ताहरू असर्फीलाल यादव, हरिनारायण चौधरी, मनिकलाल यादव, राजेश चौधरी लगायतका व्यक्तिहरूले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा एमालेद्वारा लाहान नपामा ०५८ वैशाख २२ गते साँझ ८ बजे आयोजित मसाल जुलुसमाथि प्रहरीले लाठी चार्ज गर्‍यो। उक्त लाठी चार्जबाट एमालेका कार्यकर्ताहरू वस्तीपुर गाविस-६ का कमल यादव, योगेन्द्र यादव, लहान नपा-१ का दिनेशकुमार देव र सोनमति मझौरा गाविसका बद्रिनारायण चौधरी घाइते भए भने प्रहरी तर्फ सई अगमसिंह राई घाइते भए।

असनपुर गाविसस्थित उच्च माविमा ०५८ जेठ १५ गते परीक्षा संचालन भइरहेको अवस्थामा स्थगित गराउन गएका एमाले कार्यकर्ताहरूमाथि प्रहरीले लाठी चार्ज गर्‍यो। उक्त

इनर्वा गाविसका उपाध्यक्षको गोली प्रहारबाट घाइते भएका मुसहरु यादव

घटनामा असनपुर गाविसका रामनारायण यादव घाइते भएको एमालेले जनायो।

सिराहा नपामा विभिन्न जनजातिद्वारा ०५८ जेठ १८ गते आयोजित भाषिक आन्दोलन सम्बन्धी विरोध जुलुसमा प्रहरीले अवरोध खडा गरी जुलुसका सहभागी मध्ये रामरिझन यादव, देवकुमार यादव, चन्देश्वर यादव, राधेश्याम यादव, रामभक्त यादव, बुधन महरा लगायत १७ जनालाई गिरफ्तार गर्‍यो। पीडितहरूलाई सोही दिन १ घण्टापछि रिहा गरियो।

अखिल नेपाल किसान संघ (क्रान्तिकारी) द्वारा लाहानस्थित पशुपति माविको चौरमा ०५८ असोज २८ गते आयोजित खुल्ला जनसभामा राजतन्त्र विरोधी नारा जुलुस लगाएको आरोपमा त्यहाँ उपस्थित भएका हजारौं व्यक्तिहरूमाथि प्रहरीले लाठी चार्ज गर्‍यो। लाठी चार्जपछि दोहोरो भिडन्त हुँदा प्रहरी तर्फबाट दर्जनौं हवाई फायर गरियो भने कार्यक्रममा उपस्थित भएका अखिल नेपाल किसान संघका केन्द्रीय अध्यक्ष शिवराज गौतम, केन्द्रिय उपाध्यक्ष भक्तिप्रसाद लामिछाने, महासचिव चित्रबहादुर श्रेष्ठ र कोषाध्यक्ष पुण्यप्रसाद पराजुलीलाई गिरफ्तार गरियो। गिरफ्तार गरिएका व्यक्तिहरूलाई सोही दिन साँझ रिहा गरियो।

धार्मिक स्वतन्त्रता

लहान नपा-४ का सन्तोष साहलाई ०५८ मंसिर ६ गते राति खोलामा छठ पूजाको सामान कुर्न बसेको अवस्थामा सोही नपा-५ का श्याम साहले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा २ वर्षदेखि फर्स्यौट नभएका ३ वटा दुनियावादी देवानी मुद्दा छन् भने ४ वटा सरकारवाद फौज्दारी र १ दुनियावादी फौज्दारी मुद्दा रहेका छन्। यसैगरी १ वर्षसम्म फर्स्यौट नभएका कुल ३ सय ७ वटा मुद्दाहरू छन् जसमध्ये दुनियावादी देवानी २ सय ३०, सरकारवादी फौज्दारी २६ र दुनियावादी फौज्दारी ५१ वटा रहेका छन्। ७ महिनासम्म फर्स्यौट नभएका दुनियावादी देवानी ९ सय २ वटा, सरकारवादी फौज्दारी ४५ वटा र दुनियावादी फौज्दारी ५४ वटा गरी कुल १ हजार १ वटा मुद्दाहरू छन्।

यस अदालतमा गत वर्षदेखि जिम्मेवारी सरेर आएका मुद्दा सहित यस वर्ष कुल मुद्दा २ हजार ५ सय रहेकोमा १ हजार १ सय ८४ मुद्दाहरू फर्स्यौट भई १ हजार ३ सय १६ वटा मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छन्।

यस वर्षसम्ममा कुल मुद्दा २ हजार ५ सय रहेकोमा फर्स्यौट भएका मुद्दा १ हजार १ सय ८४ रहे भने फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरू १ हजार ३ सय १६ रहेका छन्। कुल दुनियावादी मुद्दा २ हजार २ सय ५ मा फर्स्यौट भएका मुद्दा १ हजार र फर्स्यौट हुन बाँकी मुद्दा १ हजार १ सय ३५ रहेका छन्। सरकारवादी फौज्दारी मुद्दा १ सय १४ मा फर्स्यौट भएका ३९ र फर्स्यौट हुन बाँकी ७५ रहेका छन्। दुनियावादी फौज्दारी



बैंक गार्डद्वारा गोली प्रहार गरिएका पीडित

१ सय ८१ मा फर्स्यौट भएका ७५ र फर्स्यौट हुन बाँकी १ सय ६ रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध भत्ता, असहाय विधवा र आपाङ्गलाई गरी ९८ लाख १३ हजार ५ सय रूपैया वितरण गरियो। अग्नीपीडित तथा चट्याङ पीडितका २ सय ९९ घर परिवारलाई जिल्ला प्रशासन कार्यालयबाट ३ लाख ३८ हजार र नेपाल खाद्य संस्थानबाट ३३ हजार ५ सय ५० रूपैया बराबरको चामल राहत स्वरूप वितरण गरियो।

बाढीपीडितका २१ घर परिवारलाई जिल्ला प्रशासन कार्यालयबाट ४८ हजार ५ सय रूपैया वितरण गरियो। प्रत्येक संसदीय निर्वाचन क्षेत्रका दलित तथा पिछडिएका ४०/४० छात्रछात्राहरूलाई जम्मा २ सयका दरले २ लाख ४० हजार रूपैया वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

महिला अधिकार

देवीपुर गाविस-९ का सदाय थर भएका ४ जना महिलाहरूलाई ०५८ वैशाख २५ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा चन्द्रलालपुर गाविसका बद्री यादव लगायत ६ जना व्यक्तिहरूले जबरजस्ती घरमा प्रवेश गरी बलात्कार गरे। पीडकहरूलाई गिरफ्तार गरिएको छैन।

गोविन्दपुर गाविस-८ का १३ वर्षीय एक नाबालिकालाई ०५८ कार्तिक ९ गते सोही ठाउँका विनोद सिंहले घरबाट भगाई बलात्कार गर्ने प्रयास गरे।

पिप्रा गाविस-६ की १२ वर्षीय चमार थरकी एक नाबालिकालाई ०५८ मंसिर ४ गते दिउँसो आँपको बगैंचामा पात टिपिरहेको अवस्थामा सोही गाविसका ४५ वर्षीय राधे यादवले बलात्कार गरे। पीडकलाई माओवादीका कार्यकर्ताहरूले स्थानीय बासिन्दाहरूको आगाडि अनुहारमा मोसो दलेर कुटपिट गरी गाउँ घुमाएका थिए।

नहरारिगोल गाविसकी ४० वर्षीय महिला जपनवती साहलाई ०५७ फागुन १२ गते स्थानीय केही व्यक्तिहरूले बोक्सीको आरोपमा कुटपिट गरी दिसा समेत खुवाएर यातना दिए।

धनगढी गाविस-६ की ३६ वर्षीय रामदुलारीदेवी महतोलाई ०५८ भदौ ५ गते साँझ सोही ठाउँका जामुन महतो, किशोरी यादव, रामकुमार यादव र रामउद्‌गार यादवहरूले बोक्सीको आरोपमा कुटपिट गरी दिसा ख्वाएर यातना दिए। पीडकहरूलाई माओवादी कार्यकर्ताहरूले यातना दिएको स्थानीय व्यक्तिहरूले बताए।

हनुमाननगर गाविस-९ की ३६ वर्षीय मुनरीया देवी मुखियालाई ०५८ असोज ११ गते साँझ बोक्सीको आरोपमा गाउँबाट निकालियो। पीडित महिलालाई गाविसका पूर्व उपाध्यक्ष मुक्ति मुखियाको घरमा केही व्यक्तिहरूले बैठक गरी गाउँबाट निकाल्ने निर्णय गरेका थिए।

ज्याला बढाउनु पर्ने माग राखेको कारण जमिन्दारको नाकाबन्दीमा परेपछि इलाका प्रशासन कार्यालयमा धर्ना दिइरहेका मजदुरहरु

दुर्गापुर गाविस-९ की १८ वर्षीय अविवाहित जलसा कुमारी कामतीलाई ०५८ असोज १४ गते उनकै काका जयलाल कामती, राम अवतार कामती र दुर्गापुर गाविस-८ का लक्ष्मण यादवले चरित्रहीन कार्य गरेको आरोपमा पन्यू तताएर गुप्ताङ्गमा डामे। पीडितलाई प्रहरीको सहयोगमा उपचार गरियो भने पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बालअधिकार

लाहान नपा-५ का २० वर्षीय रहना खातुनले आफ्नो गर्भबाट जन्मिएको २ दिनको बच्चालाई ०५८ भदौ २५ गते सोही ठाउँको खुट्टि खोलामा बेवारिसे रूपमा फालिन्। पीडित महिलाका अनुसार आफूलाई सोही ठाउँका एक युवकले प्रेम गर्ने लोभमा फसाई यौन सम्पर्क गरेर गर्भ रहेपछि युवक भागेको बताइन्।

लाहान नपा-१० स्थित प्राविधिक शिक्षालय पछाडि चौरमा ०५७ फागुन १२ गते दिउँसो भर्खर जन्मिएको एक बालक फालिएको अवस्थामा स्थानीय व्यक्तिहरूले फेला पारे। सो बालकलाई धर्मपुत्रका रूपमा पाल्ने गरी लाहान नपा-८ का चन्देश्वर मण्डलले जिम्मा लिएको प्रहरीले जनायो।

आर्थिक अधिकार

स्वालम्बन विकास केन्द्रका विभिन्न ठाउँमा रहेका कार्यालयहरूमा कार्यरत करिब ५० जना कर्मचारीहरूलाई पेशागत हकहितका लागि गठित स्वालम्बन विकास केन्द्र कर्मचारी यूनियनमा लागेका कारण प्रशासनले पूर्वाग्रही ढंगले व्यवहार गरी कर्मचारीहरूलाई विभिन्न किसिमका दवाब दिएर यूनियन निष्कृय पारिएको पीडितहरूले बताए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका पत्रकार विजयप्रसाद मिश्र

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

महादेवा पोर्ताहा गाविस स्थित मिर्जापुर प्राथमिक विद्यालयका प्रधान अध्यापक ३२ वर्षीय पुञ्जेश्वर यादवलाई ०५७ फागुन १९ गते माओवादीहरूको एक समूहले कुटपिट गरी अनुहारमा मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाए।

मुक्सार गाविस-२ का वडाअध्यक्ष रामअधिन यादवलाई ०५८ वैशाख १६ गते सोही गाविसका संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरूले स्थानीय जनतालाई विभिन्न मुद्दामा फसाउने र दुःख दिने गरेको आरोपमा मुखमा कालो मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाए।

कर्जन्हा गाविस-८ का ७० वर्षीय स्वरूप साहलाई ०५८ साउन ३२ गते राति सोही ठाउँका राजेन्द्र साह, विजय कुमार साह लगायत ३ जना व्यक्तिहरूले बोक्सो भएको आरोपमा दिसा ख्वाए। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा हाल तारेखमा रिहा गरियो।

कचनारी गाविस-३ अन्तरगत दलित जाति भनिने लगभग १८ घर परिवारका मानिसहरूलाई मरेको सिनो फाल्न नमानेको कारण ०५८ असोज १ गतेदेखि आर्थिक र सामाजिक रूपले नाकाबन्दी गरे। पीडितहरूलाई पसलमा सामान किनबेच गर्न प्रतिबन्ध लगाउनुका साथै बाटो, कल, मिल आदिमा जान आउन समेत रोक लगाएका थिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सामुदायिक वन उपभोक्ता जिल्ला कार्य समितिद्वारा संसदमा वन ऐन संशोधन सम्बन्धी प्रस्ताव नल्याइयोस् भनी करीब १ सय ५० जना व्यक्तिहरूले जिल्ला वन कार्यालय लहानमा धर्ना दिए।पीडितहरूले ज्ञापन पत्र समेत बुझाए।

लहान नपाका ३७ जना जनप्रतिनिधिहरूले नगर गरिषद्‌बाट भएको निर्णयहरू कार्यान्वयन गरियोस् र रिक्त भएको नगर सचिवको तुरन्त व्यवस्था गरियोस् भन्ने माग राखी ०५७ माघ २९ गते देखि ०५७ फागुन १ गतेसम्म लहान नपाको गेटमा बसेर धर्ना दिए।

लहान नपा-१ मा दलितहरूमाथि जातीय विभेद गरी

नाकाबन्दी लगाइएको घटना एक वर्ष बितिसक्दा पनि पीडकहरूलाई कार्वाही नगरिएको आरोपमा दलितहरूको एक समूहले ०५७ चैत १० गते प्रशासनको विरोध गर्दै हातमा कालो पट्टि बाँधेर नगर परिक्रमा गरी महेन्द्र राजमार्गमा केही समय धर्ना दिए।

जिल्ला कारागार शाखा सिरहामा ०५७ चैत १८ गते भएको प्रहरी र बन्दीहरू बीचको दोहोरो भिडन्तको तस्वीर खिच्न र समाचार संकलन गर्न बसेका "नयाँ सडक" पत्रिकाका सम्वाददाता राजेश बर्माको हातबाट प्रहरीले क्यामरा खोसी दूर्व्यवहार पूर्ण कार्य गरेकोले नेपाल पत्रकार महासंघ शाखा सिरहाले एक प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

बोक्सीको आरोपमा यातना पाएकी जयनवती साह

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा सडक दुर्घटनाका ४५ वटा घटनामा १६ पुरूष, ५ महिला र ६ नाबालक गरी २७ जनाको मृत्यु भयो भने ३१ पुरूष, ६ महिला र २ नाबालक गरी ३९ जना घाइते भए। ९ पुरूष, ८ महिला र २ नाबालक गरी १९ जनाले आत्महत्या गरे। पानीमा डुबेर १ पुरूष, ३ महिला र ७ नाबालक, आगोमा परेर २ महिला र १ नाबालक, माटोले पुरिएर १ महिला र २ नाबालक, करेन्ट लागेर २ पुरूष, १ महिला र १ नाबालक तथा भवितव्यमा ४ पुरूष र १ नाबालकको मृत्य भयो।

यस जिल्लाको कूल जनसंख्यामा ५९ प्रतिशत जनताले मात्र स्वस्थ पिउने पानी पाउन सकेको र ४१ प्रतिशत जनता अझै पनि अस्वस्थ पानी पिउन वाध्य भएको जिविसले जनायो।

यस जिल्लाको २ नपा र १ सय ६ गाविसमध्ये नगरपालिका र ५४ वटा गाविसमा मात्र विद्युत पुगेको छ भने ५२ गाविसमा पुग्न बाँकी रहेको नेपाल विद्युत प्राधिकरणले जनायो।।

१.१३ उदयपुर



जनसंख्या	:	२८८१६४
साक्षरता प्रतिशत	:	३८.३
महिला साक्षरता प्रतिशत	:	२१.४४
क्षेत्रफल (वर्ग कि.मी.)	:	२०६३
गाविस/नपा संख्या	:	४४/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३५९
क्याम्पस/उच्च मावि	:	२/४
अस्पताल/स्वास्थ्य चौकी	:	१/४५
टेलिफोन लाइन	:	४४०
मोटर सडक (कि.मी.)	:	२५०
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

बेल्टार गाविस-२ का बक्रबहादुर खड्काको घरमा ०५८ जेठ ४ गते बेलुका अज्ञात व्यक्तिहरूले गोली प्रहार गरी महावीर कुलर, विराटनगरका कर्मचारी करिब ३२ वर्षीय गोविन्द भण्डारी सख्त घाइते भए। पीडितको उपचार सुनसरी जिल्लाको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

रामपुर ठोक्सिला गाविस-७ कटारीका ४६ वर्षीय पर्शुराम अधिकारीलाई राजनीतिक प्रतिशोधका कारण ०५८ मंसिर १० गते खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले घरबाट बाहिर निकाली ३ राउण्ड गोली हानी हत्या गरे। पीडित अधिकारी गाविसका पूर्व अध्यक्ष तथा नेपाली कांग्रेसका कार्यकर्ता थिए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ४ जना पुरूष र ४ महिलाको हत्या भयो। जसमध्ये-

तपेश्वरी गाविस-१ भागलपुरकी १७ वर्षीय कमला वि.क.लाई ०५८ वैशाख १२ गते सोही ठाउँका १९ वर्षीय शिरकुमार सुवेदीले बलात्कार गरी छातिमा छुरी हानी हत्या गरे। पीडकलाई गोरखा जिल्लाबाट गिरफ्तार गरी हाल थुनामा राखिएको छ।

आँपटार गाविस-५ जगदेवीकी ४६ वर्षीय लक्ष्मीमाया राईलाई आफ्नो अपमान गरेको आरोपमा ०५८ भदौ २ गते त्रियुगा नपा-१ बाबरीका आफ्नै ज्वाई जीतबहादुर राईले घरमा गएर खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडकले पीडित सासुको हत्या गरेर रगत पिएको थियो।

जेल र बन्दीहरु

कूल ५० जना बन्दी क्षमता भएको उदयपुर जेलमा हाल ४८ जना बन्दी छन्। जसमध्ये २ महिला र ३४ पुरूष कैद नतोकिएका र १२ पुरूष कैद तोकिएका छन्। यस वर्ष यो जेलमा बढीमा ५२ जना बन्दी पुगे। जेलभित्र टोपी बुन्ने तान भए पनि उचित बजारको व्यवस्था नहुँदा उक्त कार्यप्रति बन्दीहरू

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	८	६	१४				
गोलीद्वारा हत्या	१	१		१				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाई फायर	१	१		१				
गिरफ्तारी र यातना					११	२९	४	३३
बेपत्ता पारिएको					२	७	१	८
कुटपिट	२३	२३	५	२८	१	२		२
धम्की	४	९	१	१०	१	३		३
महिला किनबेचको प्रयास	१		२	२				
बलात्कार	१		१	१				
बलात्कारको प्रयास	३		३	३				
पारिवारिक हिंसा	८		८	८				
बालअधिकार	१	१		१				
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	१		१	१				
अमानवीय व्यवहार	२		२	२	१	१		१
जम्मा	६१	४४	३०	७४	१६	४२	५	४७

निराशा व्यक्त गर्दछन्। महिलाहरूले ऊनीको टोपी तथा स्वीटर बुन्ने गरेका छन्। आफूहरूले पाउनु पर्ने नगद र सिधा अपुग भएको बन्दीहरूको गुनासो छ। ८ वटा चर्पीमध्ये हाल ७ वटा मात्र ठीक अवस्थामा छन्। स्वास्थ्यकर्मीको व्यवस्था नभएकाले २ सय रूपैयाँ तिरेर हरेक महिनाको एक पटक अहेब लगी प्राथमिक स्वास्थ्य परीक्षण गरिन्छ। जेलको छतबाट पानी चुहिन्छ। २ वटा टिभी र ३ वटा रेडियो छन्। दैनिक र साप्ताहिक गरी ५ वटा पत्रिका उपलब्ध गराइन्छ। जेलमा हाल प्रौढ कक्षा संचालन गरिएको छ। तीन वर्षसम्म कुनै सिडिओले जेल भ्रमण नगरेकोमा यस वर्ष सिडिओ सीताराम पोखरेलले जेलको अनुगमन गर्नुका साथै बन्दीहरूसँग कुराकानीसमेत गरे।

गिरफ्तारी र यातना

सिराहा जिल्ला चन्द्र उदयपुर गाविस-४ धरमपुरका २४ वर्षीय श्रीदेव मुखिया, ४५ वर्षीय गुरूदयाल मुखिया र २५ वर्षीय जलेश्वर मुखियालाई वन पैदावार हानी नोक्सानी गरेको आरोपमा ०५७ चैत ४ गते वन सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा १२ घण्टासम्म तुरूङ्गमा हालेर यातना दिइयो।

त्रिवेणी गाविस-५ खसिवासका १७ वर्षीय भवेश सुनुवार, ५० वर्षीय धनबहादुर सुनुवार र ३५ वर्षीय लालबहादुर सुनुवारलाई वनबाट काठ चोरी गरेको आरोपमा ०५७ चैत ४ गते वन सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा १२ घण्टासम्म तुरूङ्गमा हालेर यातना दिइयो। पीडितहरूलाई धरौटीमा रिहा गरियो।

ठोक्सिला गाविस-५ सातपत्रेका ५० वर्षीय रामचरण चौधरी र २१ वर्षीय महेश चौधरीलाई वन पैदावरमा हानी नोक्सानी पुऱ्याएको आरोपमा वन सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५७ चैत ७ र ८ गते तुरूङ्गमा राखे। पीडितहरूलाई धरौटीमा रिहा गरियो।

ठोक्सिला गाविस-३ कालिखोलाका १६ वर्षीय रामजानकी खड्का, १७ वर्षीय उमेश वि.क. र १८ वर्षीय प्रदिप वि.क. लाई जंगलबाट रूख काटेर बिक्री गरेको आरोपमा ०५८ वैशाख १४ गते वन सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितहरूलाई कुटपिट गरी यातना दिनुका साथै सोही दिन ६ घण्टासम्म तुरूङ्गमा राखियो।

हडिया गाविस-६ का ४८ वर्षीय पुकार लेखी र २२ वर्षीय श्यामकुमारी चौधरीलाई ०५८ जेठ ५ गते बेल्टारको डकैतीसम्बन्धी घटनामा सोधपुछको क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई हिरासतमा शारीरिक तथा मानसिक यातना दिएर १ दिनपछि रिहा गरियो।

बेल्टार गाविस-९ की २३ वर्षीय गंगामाया खड्कालाई ०५८ जेठ ७ गते गर्भपतन गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा साविति बयान गराउन पोलिथिन पाइपले दाहिने नाडी र पैतालमा हिर्काएर यातना दिए। पीडितलाई ३१ दिनसम्म हिरासतमा राखी हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

बेल्टार गाविस-१ की शुभद्रा राईलाई वन कटानी गरेको आरोपमा ०५८ असार १७ गते वन सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई लगातार ५ दिनसम्म खुट्टामा ठिङ्गुरा लगाई यातना दिइयो र थुनामा राखियो। हाल १९ हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

त्रिनपा-७ मोतिगडाका १५ वर्षीय मानबहादुर कार्की, सोही नपा-३ का १३ वर्षीय मन्दिप थापा, १२ वर्षीय लाल मोहम्मद र १३ वर्षीय बद्री मोहम्मदलाई चोरी गरेको आरोपमा ०५८ साउन ३ गते प्रहरीले गिरफ्तार गरेकोमा यातना दिए। यातनाका कारण पीडितहरूका गाला, हात र खुट्टा सुन्निएका थिए।

त्रियुगा नपा-७ का कानुन व्यवसायी वैकुण्ठ दाहाललाई ०५८ मंसिर १२ गते प्रहरीले गिरफ्तार गरे। दाहाललाई हाल थुनामा राखिएको छ।

पाँचथर जिल्ला वोलेन गाविसका उपाध्यक्ष ३२ वर्षीय धनप्रसाद साँवालाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते त्रियुगा नपा बगरटोलस्थित एक घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २४ गते रिहा गरियो।

त्रियुगा नपा-१ बोक्सेका २३ वर्षीय युवराज पराजुलीलाई माओवादीहरूलाई सहयोग गरेको आरोपमा ०५८ पुस ९ गते आफ्नै कार्यालय छेउबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई

यातना दिई सोही दिन रिहा गरियो।

ठोक्सिला गाविस-९ का मौसम भण्डारी, सोही गाविस-२ का रामकम्मर, सुन्दरपुर गाविस-६ का दशरथ चौधरी, प्रकाश राय र तपेश्वरी गाविसका केदार कठायतलाई अनुसन्धानका लागि थुनामा रहेको अवस्थामा ०५८ पुस १२ गते बयान लिने क्रममा प्रहरीले पाईप र छडीले पैताला तथा शरीरका अन्य अङ्गमा हिकाई यातना दिए।

बेपत्ता पारिएको / अपहरण गरिएको

ओखलढुंगा जिल्ला ठूलाछाप गाविस निसखे घर भई धरान महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत स्ववियू सदस्य २५ वर्षीय सुजन कटुवाल, सोही गाविसका १८ वर्षीय प्रचण्ड कटुवाल, सोही गाविस डाँडागाउँका २८ वर्षीय शम्भु कटुवाल, सोही जिल्ला भदौरे गाविसका २५ वर्षीय हिमाल कार्की र उनकी पत्नी २१ वर्षीय पशुपति कार्कीलाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते कटारी गाविस-१ स्थित एक होटलबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हालसम्म बेपत्ता पारिएको छ। सुजन कटुवाललाई हिरासतमा राखिएको र अन्यलाई हत्या गरिसकेको आशंका गरिएको छ।

ओखलढुङ्गा र सोलुखुम्बु जिल्ला घर बताउने २५-२६ वर्षीय ३ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते बिहान काठमाण्डौ जानका लागि कटारी गाविस-१ स्थित एक होटलमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

ठानागाउँ गाविसका अध्यक्ष खड्गबहादुर कार्कीलाई गाविसको बजेट हिनामिना गरेको आरोपमा ०५७ माघ २ गते गाविस परिषद् चलिरहेको अवस्थामा पार्षदहरू खड्गबहादुर मगर र होमबहादुर मगरले कुटपिट गरे।

बसाहा गाविस-५ का ६५ वर्षीय बाबुराम दमाईलाई ०५७ फागुन ३ गते बेलुका माओवादीहरूले तमसुक माग्दै ज्यानमार्ने धम्की दिए।

गाईघाटस्थित त्रिजब क्याम्पसमा अध्ययनरत १७ वर्षीय लक्ष्मी ढकाल, २० वर्षीय बुद्ध ढकाल र लालिगुराँस आवासीय माविका शिक्षक ३५ वर्षीय हरिकुमार राईलाई माओवादीको आरोपमा ०५७ फागुन १ गते प्रहरीले गिरफ्तार गरी ज्यानमार्ने धम्की दिए।

त्रियुगा नपा- २ का ३८ वर्षीय जगतबहादुर राईलाई ०५८ असार ३१ गते खुम्बुआन राष्ट्रिय मोर्चाका कार्यकर्ताहरूले कुटपिट गरी खुट्टा भाँचिदिए।

पीडित जगतबहादुर राई

ठोक्सिला गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५८ साउन ५ गते माओवादीहरूले आक्रमण गरी केही कागजात तथा परिचयपत्र जलाए।

बेल्टार गाविस-१ का कविराम राईलाई ०५८ जेठ २४ गते खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

ठोक्सिला गाविस-६ का ३० वर्षीय सीताराम चौधरी, ३५ वर्षीय चुट्क चौधरी, २५ वर्षीय महेन्द्र कार्की, ४५ वर्षीय महिककर चौधरी र सोही गाविस-७ का ६० वर्षीय चित्रबहादुर खड्कालाई ०५८ जेठ २६ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिँदै कुटपिट गरे।

खाँबु गाविस-५ का शिक्षक ३७ वर्षीय धर्मराज भट्टराईलाई ०५८ असोज १८ गते बेलुका सशस्त्र माओवादीले चन्दा माग्ने निहुँमा कुटपिट गरे। माओवादीहरूले कुटपिट गर्नुअघि परिवारका सदस्यहरूको हात बाँधिदिएर ३ तोला सुनका गहना, १५ तोला चाँदी तथा १ हजार ५ सय ३९ रूपैयाँ नगद लुटेर लगे।

जोगीदह गाविस-९ का गाविस उपाध्यक्ष ३५ वर्षीय गुप्तबहादुर रिजाललाई ०५८ असोज २० गते बेलुका माओवादीहरूले घर नजिकैको बाहुना खोलामा लगेर बन्दुकको कुन्दा र लाठी प्रहार गरी अचेत अवस्थामा फ्याँकिदिए।

त्रियुगा नपा-१५ का २५ वर्षीय लालबहादुर कोदारे र सोही नपा-१६ का ४३ वर्षीय श्याम दनुवारलाई ०५८ मंसिर ९ गते घरतिर आइरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले भाटा प्रहार गरी २ घण्टासम्म पानीमा राखे।

नेपाल रेडक्रस सोसाईटीमा कार्यरत २८ वर्षीय लेखनाथ अधिकारीलाई रेडक्रसको प्रतिनिधि चुन्नेक्रममा आफूलाई हराएको आरोपमा ०५८ पुस ३ गते नेपाल तरूण दलका जिल्ला सचिव सरोज बस्नेतले कार्यालय हाताभित्र कुटपिट गरे।

ठोक्सिला गाविस-७ का २२ वर्षीय विलास अधिकारीलाई ०५८ पुस १४ गते राति माओवादीहरूले घरबाट बाहिर निकाली केही पर लगेर १० हजार रूपैयाँ मागे। पीडितले आफूसँग त्यति रकम नभएको बताएपछि माओवादीहरूले सख्त कुटपिट गरी पुर्न भनी खाल्डोसमेत खने। पीडकहरूमध्यकै एक जनाको असहमतिका कारण पीडित बच्न सफल भए। पीडितको उपचार सुनसरी जिल्ला धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ९३ र यस वर्ष दर्ता भएका २ सय २४ गरी ५ सय १७ वटा मुद्दा रहे। दुनियावादी देवानी ३ सय १४, दुनियावादी फौजदारी १ सय २ तथा संक्षिप्त कार्यविधि ऐनअन्तरगत देवानी ३ र फौजदारी ५७ रहे। त्यसैगरी ठाडो फौजदारी ४ र सरकारवादी फौजदारी ३३ वटा तथा विशेष अदालततर्फ ३७ वटा मुद्दा रहे। यस वर्ष १ सय ६७ मुद्दा फर्स्यौट भए, जसमध्ये जिम्मेवारी सरेर आएका १ सय ३५ र यस वर्ष दर्ता भएका ३२ वटा थिए। अदालतमा २ वर्ष अघिको एउटा अंश मुद्दा र १ वर्षभन्दा अघिका १ सय ५७ वटा मुद्दा छन्। अरू सबै मुद्दा १ वर्षयताका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्षसार्वजनिक अपराध ऐनअन्तरगत ९ वटा मुद्दा दर्ता भए। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका २० वटा मुद्दामध्ये १५ वटा र यस वर्षको एउटा मुद्दा फर्स्यौट भई अघिल्लो वर्षका ५ र यस वर्षका ८ वटा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला वन कार्यालयमा यस वर्ष कूल ६३ वटा मुद्दा रहे, जसमध्ये अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ५० मध्ये १० फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १३ वटा छन्। यसरी अघिल्लो वर्षका ४० र यस वर्षका १३ गरी ५३ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोगले हालसम्म २ हजार ६ सय ६१ सुकुम्बासी र ८ हजार १ सय २४ परिवार र अव्यवस्थित बसोबास गर्नेहरू रहेको जनाएको छ। हालसम्म ४ हजार २ सय ९ विगाह १९ कठ्ठा १७ धुर जग्गा सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेलाई वितरण गरियो।

यस वर्ष सुकुम्बासी समस्या समाधान आयोगका सदस्य र कर्मचारीसमेतले आफ्नो नजिकका व्यक्तिहरूको नाममा जग्गा दर्ता गराए। आयोगका सदस्य बलबहादुर तामाङ्गकी पत्नी मनोमाया तामाङ्गको नाममा कि. नं. ६६५ को १ कठ्ठा, सदस्य शान्ता नारायणको भोजपुर जिल्लाका एक जना आफन्तको नाममा कि. नं. ३९४ को १ कठ्ठा, गाईघाट-४ को १० धुर जग्गा सुब्बा योगराज कार्कीको आफन्तको नाममा, लेखापाल दहलमान राईको पत्नी ललिता राईको नाममा कि. नं. ६६४ को १ कठ्ठा जग्गा दर्ता गरियो।

यस वर्ष यो जिल्लामा २ हजार १५ जनालाई बृद्ध भत्ता र २ हजार ३ सय ४९ जनालाई असहाय विधवा भत्तावापत् ५५ लाख ७७ हजार ९ सय २४ रूपैयाँ ८० पैसा वितरण गरियो। त्यसैगरी १ सय ४७ जना अपाङ्गलाई अपाङ्ग भत्ता वितरण गरियो।

यस वर्ष जिल्ला शिक्षा कार्यालयले २ हजार ८ सय ८० जना विद्यार्थीलाई दलित छात्रवृत्ति र १ हजार ७५ जना विद्यार्थीलाई गरीव तथा जेहेन्दार तथा महिला शिक्षा अन्तरगत छात्रवृत्ति वितरण गरियो।

महिला अधिकार

साउने गाविस-९ की १२ वर्षीय एक बालिकालाई जंगलमा गाई चराउन गएको अवस्थामा ०५८ वैशाख ५ गते सोही ठाउँका १२ वर्षीय इन्द्रबहादुर सार्कीले बलात्कार गर्ने प्रयास गरे।

भयालाडाँडा गाविस-१ ढुस्कीटारकी १३ वर्षीय एक बालिकालाई ०५८ वैशाख २२ गते सोही गाविस लिङलिङ्गेका ३५ वर्षीय भरत तामाङ र मादलेका ३६ वर्षीय जगतबहादुर राईले पैसा दिने लोभ देखाई बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बेलटार गाविस-७ की २२ वर्षीय एक युवतीलाई ०५८ असोज ६ गते बसाहा गाविस-९ का २७ वर्षीय हर्कराज राईले नजिकैको जंगलमा एक्लै पारी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा दुवै पक्षबीच मिलापत्र गरी असोज २५ गते रिहा गरे।

त्रियुगा नपा बोक्सेमा डेरा गरी बस्ने २७ वर्षीय २२ दिनकी एक सुत्केरी महिलालाई ०५८ मंसिर २८ गते सोही ठाउँका करिब २५ वर्षीय श्यामान्त बस्नेत र २७ वर्षीय नगेन्द्र राउतले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा २६ गते रिहा गरियो।

त्रिनपा-१ बोक्से नयाँवस्तीकी १४ वर्षीय एक बालिकालाई विवाह गर्ने र काममा लगाइदिने प्रलोभनमा ०५८ वैशाख १ गते सिराहा जिल्ला लहान नपाका ३५ वर्षीय मुनामौलाई खातुनले बिक्री गर्ने उद्देश्यले लगिन्। पीडितलाई वैशाख १९ गते महिला पुनर्स्थापना केन्द्र (ओरेक) को सहयोगमा फिर्ता गरी केही समय सोही संस्थामा राखी प्रहरीमार्फत् परिवारसमक्ष बुझाइयो।

पंचावती गाविस-९ की ३१ वर्षीय उमा दाहाललाई घरायसी विवादका कारण ०५७ माघ २ गते आफ्नै पति ३५ वर्षीय अर्जुनप्रसाद दाहालले कुटपिट गरे।

त्रियुगा नपा-२ गाईघाटकी २४ वर्षीय शुस्ता कार्कीलाई आफूभन्दा वढी उमेर भएको आरोपमा ०५७ माघ २० गते आफ्नै पति २२ वर्षीय विष्णु कार्कीले बहिष्कार गरे। हाल उनीहरूले सम्बन्ध विच्छेद गरेका छन्।

त्रियुगा नपा-९ श्रीपुरकी २२ वर्षीय पार्वती दनुवारलाई घरायसी विवादका कारण ०५८ साउन १५ र १६ गते आफ्नै पति रत्नबहादुर तामाङले कुटपिट गरे। कुटपिटका कारण पीडितले आत्महत्या गरिन्।

त्रिनपा-९ दमौतीकी १९ वर्षीय रमा राईलाई ०५८ असोज १३ गते सोही ठाउँका ३९ वर्षीय कुमार राईले घरमा जेठी पत्नी हुँदाहुँदै दोस्रो विवाह गरे। सौता-सौता बीच झगडाको कारण असोज १९ गते रमाले नजिकैको जंगलमा आफ्नै सलको पासो लगाई आत्महत्या गरिन्।

सिरिसे गाविस-६ की १७ वर्षीय एक युवतीलाई ०५७

फागुन २८ गते सोही ठाउँका हरि कोइरालाले यौन सम्पर्क गरी गर्भ भएपछि ५ महिनाको गर्भपतन गराए। पीडित युवतीले गर्भपतन गर्न नमान्दा-नमान्दै पीडकले पारिवारिक दबाव दिई गर्भपतन गराए। पीडक अन्यत्रै गएकोमा हालसम्म फर्किएका छैनन्।

बालअधिकार

एक जना नवजात शिशुलाई आफ्नै आमाले घाँटी थिचेर हत्या गरेको घटना सार्वजनिक जानकारीमा आयो।

आर्थिक अधिकार

त्रियुगा नपा-११ स्थित उदयपुर सिमेन्ट कारखानामा कार्यरत नेपाल स्वतन्त्र केमिकल तथा आइरन मजदुर युनियनका पदाधिकारीहरूले मजदुरहरूले खाइपाई आएको भत्ता काटिएको विषयलाई लिएर ०५७ माघ १८ गते धर्ना दिए। महाप्रबन्धकले प्रहरी बोलाई हस्तक्षेप गर्न लगाए।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

भलायाडाँडा गाविस-१ की २५ वर्षीय रूपी मगरलाई एड्स लागेको आरोप लगाई रोग सर्ने डरका कारण ०५७ पुस २२ गतेदेखि सामाजिक बहिस्कार गरियो। समाजलाई महिला पुनर्स्थापना केन्द्र (ओरेक) का कर्मचारीले सम्झाएपछि केही खुल्ला गरिदियो।

हडिया गाविस-२ ज्यामिरेका २१ वर्षीय ढकबहादुर राईले ०५७ भदौमा सिद्धिपुर गाविस-३ पिडिवासकी १८ वर्षीय सोममाया वि.क.सँग प्रेम विवाह गरी काठमाडौं लगेर ०५७ माघमा फर्केपछि समाजले वहिस्कार गर्‍यो। ०५७ फागुन २ गते रामकुमार राई, जितवहादुर राई र ढकबहादुरले सोममायाको इच्छाविपरित बेल्टार गाविस-७ का २२ वर्षीय रामजी वि.क. लाई ४ हजार दिएर विवाह गरिदिए। आफ्नो ६ महिनाको गर्भ भइसकेकाले सोममाया प्रहरीसमक्ष पुगिन्। हाल ढकबहादुरले सोममायालाई फिर्ता लिएका छन् र दुवैजना समाजबाट बहिष्कृत छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जोगीदह गाविसका उपाध्यक्ष गुप्तबहादुर रिजाललाई ०५८ असोज २० गते माओवादीहरूले कुटपिट गरेको घटनाको निन्दा गर्दै नेकपा (एमाले) जिल्ला कमिटी र गाविस महासंघले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरे।

ठोक्सिला गाविसका पूर्व अध्यक्ष पर्शुराम अधिकारीलाई ०५८ मंसिर १० गते खम्बुवान राष्ट्रिय मोर्चाका कार्यकर्ताहरूले गोली हानी हत्या गरेको घटनाको भर्त्सना गर्दै मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र नेकाँ जिल्ला कार्य समितिले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरे।

मानवअधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) र मानव तथा शान्ति समाज, उदयपुरले देशमा संकटकालीन स्थिति घोषणा भएपछि जनताका केही मौलिक अधिकारहरू हनन भएको उल्लेख गर्दै संयुक्त राष्ट्र संघको घोषणा पत्रको प्रस्तावनाको भयबाट मुक्ति र चाहना भन्ने उक्तिलाई अघि सार्दै शान्तिप्रति जनताको उच्च भावनालाई दुवै पक्षले कदर गर्नुपर्छ भन्ने उल्लेख गर्दै ०५८ मंसिर २५ गते विश्व मानवअधिकार दिवसको अवसरमा विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा १० पुरुष र ९ महिलाले झुण्डिएर, २ जनाले विष सेवन गरेर, १ जनाले शरीरमा आगो लगाएर आत्महत्या गरे। भवितव्यमा १३ जनाको मृत्यु भयो। सडक दुर्घटनामा परी ३, लडेर ३ जनाको मृत्यु भयो। खोलाले बगाएर १ को मृत्यु भयो। खाँबु गाविसको एक घरमा आगलागी हुँदा २ बालक र २ बालिकाको मृत्यु भयो। व्यक्तिगत कुटपिटका घटनामा ५ जना पुरुष र २ जना महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो।

१.१४ खोटाङ

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

बाँझे च्यानडाँडा गाविस-१ का नेकाँ महासमिति सदस्य ४० वर्षीय कालुमान गुरूङलाई ०५७ पुस २४ गते दिउँसो सोही पार्टीको जिल्ला कार्यालय प्राङ्गणमा नेविसंघको कार्यक्रममा अतिथिका रूपमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

खाल्डे गाविस-२ का जिल्ला अदालतका नायव सुब्बा तथा तत्कालीन निमित्त जिल्ला न्यायाधीश ४७ वर्षीय वृद्धिश्वर घिमिरेलाई पुरानो रिसइवीका कारण ०५८ वैशाख ११ गते विहान कार्यालयतर्फ गइरहेको अवस्थामा सोही गाविस-१ का २४ वर्षीय सन्तोष कार्की र सोही ठाउँका २२ वर्षीय तारानाथ पराजुलीले खुकुरी प्रहार गरी हत्या गरे। पीडकहरूलाई थुनामा राखिएकोमा सन्तोष ०५८ भदौ १३ गते जेलबाट फरार भए।

दिक्तेल गाविस-१ दिक्तेलबजारमा छ वाम समूहद्वारा आयोजित मशाल जुलुसमाथि ०५८ असार १३ गते प्रहरीले गोली चलाउँदा नेपा गाविस-३ का अनेरास्ववियुका जिल्ला अध्यक्ष २४ वर्षीय दिपनारायण रिजाल, जुलुस हेर्न आएका बालकहरू दिक्तेल गाविस-२ का ११ वर्षीय विद्यामणि तामाङ, खार्तम्दा घर भई सोही ठाउँ बस्ने ८ वर्षीय प्रताप राई र सोही ठाउँका २२ वर्षीय दिपेन्द्र राई गोली लागी घाइते भए। पीडितहरूलाई भोलिपल्ट जिल्ला प्रशासनको पहलमा

हेलिकप्टरबाट उपचारार्थ काठमाण्डौ लगियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको घटनामा १ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

कूल ३० जना बन्दी क्षमता भएको खोटाङ जेलमा ८ महिला र ५४ पुरूष गरी ६२ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ३० पुरूष र ५ महिला गरी ३५ जना तथा कैद नतोकिएका २४ पुरूष र ३ महिला गरी २७ जना छन्। जेलमा एउटा टिभी, एउटा रेडियो, भलिबल, चेस र क्यारमबोर्ड भएता पनि ती सबै पुरुष बन्दीहरूलेमात्र प्रयोग गर्दै आएका छन्। आफूहरू यस्ता सबै सुविधाहरूबाट वञ्चित भएको महिला बन्दीहरूले गुनासो गरे। बन्दीहरूका लागि गोरखापत्र दैनिक तथा कान्तिपुर दैनिक पत्रिका उपलब्ध गराइन्छ। फोहोर खानेपानीका कारण समस्या उत्पन्न भएको बन्दीहरूले बताए। सिपमूलक तालिमको अभाव रहेको कुरा महिला बन्दीहरूले बताए। नेकपा (माओवादी) तथा किरात राष्ट्रिय मोर्चाका गरी ५ जना बन्दीहरू जेलमा छन्।

गिरफ्तारी र यातना

दुवेकोल गाविस-६ का ५२ वर्षीय तारानाथ निरौलालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर ८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई रातभर हिंडाएर शाही नेपाली सेनाको ब्यारेकमा ४ दिनसम्म सेनाको हिरासतमा राखी शारीरिक र मानसिक यातना दिएर ०५८ मंसिर २९ गते प्रहरी हिरासतमा राखी मंसिर ३० गतेदेखि थुनामा राखे।

दिक्तेल गाविस-५ सैंखाका २१ वर्षीय होमकाजी आचार्य र उनका भाइ १८ वर्षीय डिल्लीप्रसाद आचार्यलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते आफ्नै कोठामा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा डिल्लीप्रसादलाई दैनिक तारेखमा रिहा गरियो। होमकाजीलाई ४ दिन प्रहरी हिरासत र २ दिन सेनाको हिरासतमा राखी मंसिर ३० गते ९० दिनको नजरबन्दमा राख्ने भनी जेल चलान गरियो।

चिसापानी गाविस-४ का ३६ वर्षीय बालबहादुर खड्का, ५२ वर्षीय भक्तबहादुर खड्का र ३१ वर्षीय हिराकुमार राउतलाई माओवादीको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई इलाका प्रहरी कार्यालय खोटाङ बजारमा हिरासतमा राखी २-२ दिनको तारेखमा पुस ३ गते रिहा गरियो।

दोर्पा चिउरीडाँडा गाविस-४ लामिडाँडाका ४२ वर्षीय



जनसंख्या	:	२२९५९०
साक्षरता प्रतिशत	:	४६.७३
महिला साक्षरता प्रतिशत	:	१८
क्षेत्रफल (वर्ग कि.मी.)	:	१५९१
गाविस/नपा संख्या	:	७६/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	४५३
क्याम्पस/उच्च मावि	:	१/१०
अस्पताल/स्वास्थ्य चौकी	:	१/७१
टेलिफोन लाइन	:	२१०
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	७४

ध्रुवप्रसाद आचार्य र ३१ वर्षीय भिमबहादुर आचार्यलाई माओवादीको आरोपमा ०५८ मंसिर २९ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूलाई पुस ३ गते दैनिक हाजिरी तारेखमा रिहा गरियो।

विजयखर्क गाविस-४ का सोही गाविसका सचिव ४४ वर्षीय गुरूप्रसाद ढुंगानालाई माओवादीको आरोपमा ०५८ पुस ४ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

बाँफे च्यानडाँडा गाविस-५ का ४२ वर्षीय इन्द्रबहादुर बस्नेतलाई माओवादीको आरोपमा ०५८ पुस ११ गते प्रहरीले गिरफ्तार गरेकोमा २/३ दिनको तारिखमा सोही दिन रिहा गरियो।

बाँफे च्यानडाँडा गाविस-५ का २० वर्षीय कल्याणकाजी बस्नेतलाई माओवादीको आरोपमा ०५८ पुस १२ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे।

बेपत्ता पारिएको / अपहरण गरिएको

ल्याफ्याङ गाविस-६ का सोही गाविस-७ स्थित माविका प्रधानाध्यापक ३८ वर्षीय भागवत घिमिरेलाई विद्यालयमा संस्कृत पढाएको र परीक्षा लिएको आरोपमा ०५८ असार १५ गते किरात राष्ट्रिय मोर्चा बताउने खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले अपहरण गरे। पीडितलाई कुटपिट गर्दै सोही गाविस-४ का एक शिक्षकको घरमा लगी कुटपिट गरेर सोही दिन मुक्त गरे।

दिक्तेल गाविस-४ का नेर्पा गाविसस्थित कालिका माविका प्रधानाध्यापक ४२ वर्षीय देवी रिजाल तथा सोही विद्यालयका शिक्षकहरू नेर्पा गाविस-६ का ३० वर्षीय निशान राई, सोही गाविस-७ का २६ वर्षीय ध्रुवराज राई र जलेश्वरी गाविस-९ का ३२ वर्षीय दिपबहादुर राईलाई प्रहरी बोलाएको आरोपमा ०५८ असोज २४ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई निर्मलडाँडा गाविस पुर्‍याई मुक्त गरियो।

खोटाङबजार गाविस-२ का प्रहरी सई ३९ वर्षीय डम्बर बन्जारालाई ०५८ कार्तिक २४ गते घरतर्फ गइरहेको अवस्थामा चिसापानी गाविस-८ चिसापानी बजारबाट खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले अपहरण गरे। पीडकहरूले पीडितसँग ८० हजार रूपैयाँ माग गरी नदिएमा ज्यानमार्ने धम्की दिई भोलिपल्ट मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य ३ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

हौचुर गाविस-५ का १९ वर्षीय वीरेन्द्रकुमार कार्कीलाई ०५८ कार्तिक १४ गते किराँत राष्ट्रिय मोर्चा भनिने सशस्त्र समूहले घर घेराउ गरी कुटपिट गरे। पीडितका बाबुले बन्दुक लुकाएर आफूहरूलाई नदिएको, सहयोग नगरेको जस्ता आरोप पीडकहरूले लगाएको थिए। पीडकहरूले पीडितकी भाउजु २१ वर्षीय भिमकुमारी कार्कीलाई समेत लछार-पछार गरी ८ तोला सुन, ५ हजार रूपैयाँ, एउटा बाइनाकुलर, २ वटा खुकुरी, २ वटा स्लिपिङ्ग ब्याग, कागजपत्रसमेतका धनमाल लुटेर लग्नुका साथै ६ वटा सुटकेश, दराज आदि फुटाइदिए। पीडकहरूले पीडतलाई ती सामान बोक्न लगाई ५ कोश टाढाको कुभिण्डे गाविस-७ का एक व्यक्तिको घरसम्म पुऱ्याई ५० दिन भित्रमा १ लाख सहयोग गर्नेछु भन्ने व्यहोराको कागजमा सही गराएर मुक्त गरे।

दिक्तेल गाविस-२ स्थित जिविस भवनको पूर्वपट्टिको बलेसीमा ०५८ मंसिर ८ गते बेलुका एक पाइप बम विस्फोट भयो। सो विस्फोटनबाट भवनको २ वटा झ्यालका शिशा पूरै फुट्नका साथै पर्खाल समेत क्षतिग्रस्त भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गोलीद्वारा हत्या	१	१		१				
गोलीद्वारा घाइते/हवाई फायर					१	४		४
गिरफ्तारी र यातना					६	१२		१२
कुटपिट	६	१६	४	२१				
बालअधिकार	२	१	१	२				
बलात्कार प्रयास	२		२	२				
अमानवीय व्यवहार	१	१	२	३				
अपहरण	३	६		६				
जम्मा	१७	२६	१०	३६	७	१६		१६

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा ७१ वटामध्ये २९ वटा फर्स्यौट भई ४२ वटा बाँकी रहे। फौजदारी मुधा १ सय ४ वटा दर्ता भएकोमा ६१ वटा फर्स्यौट भई ४३ वटा बाँकी रहे। सरकारवादी मुद्दा २६ वटा दर्ता भएकोमा १५ वटा फर्स्यौट भई ११ वटा बाँकी रहे। यसरी यस वर्ष कूल २ सय १ वटा मुद्दा दर्ता भएकोमा १ सय ५ वटा फर्स्यौट भई ९६ वटा बाँकी रहे। अदालतमा २ वर्षसम्म फर्स्यौट हुन नसकेका देवानी ३ र फौजदारी १ गरी ४ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी मुद्दा ६ वटा दर्ता भएकोमा २ वटा फर्स्यौट भई ४ वटा बाँकी रहे।

महिला अधिकार

स्वार्तम्छा गाविस-६ की २६ वर्षीय एक महिलालाई ०५७ माघ १७ गते सोही ठाउँका २१ वर्षीय चन्द्रकुमार राईले कुटपिट गरी बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याउन थालेपछि पीडकले चुप्पी प्रहार गरी घाइते बनाए। पीडकलाई थुनामा राखिएको छ।

जलेश्वरी गाविस-१ कर्स्वेकी १२ वर्षीय एक बालिकालाई ०५७ फागुन २६ गते जंगलमा गएको अवस्थामा सोही ठाउँका २१ वर्षीय सन्तोष राईले बलात्कार गर्ने प्रयास गरे। पीडक हाल फरार छन्।

बालअधिकार

भर्खरै जन्मेका दुई जना शिशुलाई आ-आफ्ना आमाले जन्माउनासाथ हत्या गरेका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा ८ पुरूष र ७ महिला गरी १५ जनाले आत्महत्या गरे।



प्रहरीको गोली लागी घाइते भएका विद्यामणि तामाङ, दिपनारायण रिजाल, दिपेन्द्र राई र प्रभात राई

१.१५ ओखलढुंगा



जनसंख्या	:	१५६३३९
साक्षरता प्रतिशत	:	३९.७
महिला साक्षरता प्रतिशत	:	२२.८
क्षेत्रफल (वर्ग कि.मी.)	:	१०७४
गाविस/नपा संख्या	:	५६/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३३३
क्याम्पस/उच्च मावि	:	१/५
अस्पताल/स्वास्थ्य चौकी	:	२/५४
टेलिफोन लाइन	:	३२१
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	५६

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

रंगनी गाविस-१ का २२ वर्षीय टंकबहादुर सुनुवारलाई चन्दा दिन इन्कार गरेको हुँदा सुराकीको आरोप लगाई ०५७ माघ २१ गते माओवादीहरूले गोली हानी हत्या गरे।

पोखरे गाविस-४ खानीभञ्ज्याङ स्थित प्रहरी चौकीमा ०५८ जेठ ५ गते राति माओवादीहरूले आक्रमण गरी असई हिरा थापा, प्रहरी जवानहरू श्याम दुलाल र प्रकाश राईलाई गोली हानी हत्या गरे भने प्रहरी जवानहरू नैनबहादुर खत्री, खेमराज कार्की, ओम कार्की, श्यामबहादुर खड्का, कैलाश खड्का, टोपबहादुर श्रेष्ठ, श्रीचन्द्र राई, धर्म थापा मगर, चक्रबहादुर बस्नेत, धनेश्वरप्रसाद यादव र भान्से शिव खत्रीलाई घाइते बनाए। माओवादीहरूले चौकी भवन ध्वस्त पारी सम्पूर्ण हातहतियार लुटेर लगे। घाइतेहरूमध्ये नैनबहादुर खत्रीको काठमाण्डौस्थित शिक्षण अस्पतालमा उपचार हुँदाहुँदै ०५८ जेठ २२ गते मृत्यु भयो।

सेर्ना गाविस-९ घर भई खानीभञ्ज्याङ माविमा अध्ययतरत १२ वर्षीय पदम खत्रीलाई ०५८ जेठ ६ गते अघिल्लो दिन माओवादीहरूद्वारा आक्रमण गरिएको खानीभञ्ज्याङ प्रहरी चौकी हेर्न गएको अवस्थामा भीड हटाउने निहुँमा प्रहरीले गोली प्रहार गरी घाइते बनाए। पीडितको उपचार सोही ठाउँस्थित हेल्थपोष्टमा गरियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो।

जेल र बन्दीहरु

कूल ५० जना बन्दी क्षमता भएको ओखलढुङ्गा जेल "घ" श्रेणीको हो। हाल यस जेलमा २५ पुरूष र ३ महिला बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका १५ पुरूष र ३ महिला गरी १८ जना तथा कैद नतोकिएका १० पुरूष छन्। यस जेलको छाना अत्यन्त जीर्ण अवस्थामा छ। हिउँदमा शित र वर्षामा पानी चुहिने गरेको बन्दीहरू बताउँछन्। बन्दीहरूलाई क्यारमबोर्ड, टिभी र रेडियोको व्यवस्था छ। आइतबार र बिहीबार गरी हप्तामा दुई दिनमात्र बन्दीहरूसँग भेटघाट गर्न दिइन्छ।

गिरफ्तारी र यातना

वर्णालु गाविस-१ का १६ वर्षीय जयप्रसाद दाहाल, १७ वर्षीय पशुपति दाहाल र १६ वर्षीय मातृका दाहाललाई ०५७ फागुन १८ गते माओवादीको पर्चा पढिरहेको अवस्थामा माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये पशुपतिलाई सोही दिन तथा जयप्रसाद र मातृकालाई भोलिपल्ट रिहा गरियो।

नारायणस्थान गाविस-४ का २२ वर्षीय रत्नबहादुर राई, सोही गाविस-३ का २६ वर्षीय सरोजकुमार बानियाँ, २२ वर्षीय डाकेन्द्र खत्रीलाई विद्यालयको शिक्षक नियुक्त गर्ने विज्ञापन गुपचुप राखी शिक्षक नियुक्त गरेको विरोध गर्दा ०५७ चैत ३० गते प्रहरीले गिरफ्तार गरेकोमा सोही दिन सोही गाविस-३ का वडाध्यक्षको जिम्मामा रिहा गरियो।

यसम गाविस-८ का ४० वर्षीय लालबहादुर श्रेष्ठ, ५० वर्षीय भिमबहादुर तामाङ, २८ वर्षीय हेमबहादुर श्रेष्ठ, २८ वर्षीय दिपबहादुर श्रेष्ठ र ४० वर्षीय भक्तबहादुर श्रेष्ठलाई ज्यान मारेको आरोपमा ०५८ भदौ १० गते प्रहरीले गिरफ्तार गरेकोमा भदौ १४ गते पक्राउ पुर्जी दिई भदौ २६ गते रिहा गरे।

ठूलाछाप गाविस-२ का अनेरास्ववियु (क्रान्तिकारी) का समर्थक १९ वर्षीय चन्द्र खड्का र १८ वर्षीय सूर्यराम कटवाललाई ०५८ भदौ २१ गते विहान पोष्टरिङ गर्दागर्दै ओखलढुङ्गा गाविस-५ भञ्याङबाट प्रहरीले गिरफ्तार गरेकोमा सोधपुछ गरी सोही दिन रिहा गरे।

यसम गाविस-८ का ५५ वर्षीय पूर्णबहादुर बस्नेत, ६७ वर्षीय पदमबहादुर तामाङ, ५० वर्षीय सीता मगर, १३ वर्षीय मसली मोक्तान, ४५ वर्षीय सन्तमाया तामाङ र ३८ वर्षीय गुणकेशरी तामाङलाई दानबहादुर थापाको ज्यान मार्न सहयोग गरेको आशंकामा ०५८ भदौ २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भदौ २४ गते रिहा गरियो। प्रहरीले सन्तमाया, मसली र गुणकेशरीलाई गिरफ्तार गर्दा बयानमा सहीछाप नगरे ज्यानमार्ने धम्की दिएका थिए।

बेपत्ता पारिएको / अपहरण गरिएको

सिंहदेवी गाविस-८ का ३२ वर्षीय प्रेम भण्डारी र सोही गाविस-२ का २२ वर्षीय शोभा कार्कीलाई प्रेमको पत्नीको हत्यामा संलग्न भएको आशंकामा ०५८ असोज २७ गते माओवादीहरूले अपहरण गरी मंसिर २४ गते मुक्त गरे।

यसम गाविस-८ का २८ वर्षीय हेमबहादुर श्रेष्ठ र सोही ठाउँका ४० वर्षीय भक्तबहादुर श्रेष्ठलाई ०५८ कार्तिक २३ गते

माओवादीले अपहरण गरेकोमा हेमबहादुरलाई मंसिर १ गते र भक्तबहादुरलाई मंसिर ९ गते मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य २ जनालाई पनि माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वर्णालु गाविस-३ का ३५ वर्षीय भिमबहादुर सार्कीलाई ०५७ पुस २४ गते बेलुका माओवादीहरूले कुटपिट गरी आइन्दा मादक पदार्थ सेवन गरेमा ज्यानमार्ने धम्की दिए।

रंगनी गाविसस्थित प्रहरी चौकीमा ०५७ फागुन १६ गते दिउँसो माओवादीहरूले आगो लगाए।

टारकेराबारी गाविस-८ का ७० वर्षीय लालबहादुर रोकालाई सुराकी गरेको आरोपमा ०५७ फागुन १७ गते दिउँसो सोही ठाउँस्थित जाल्पा माविको प्राङ्गणमा माओवादीहरूले कान समाई १० पटक उठबस गर्न लगाउँदै ज्यानमार्ने धम्की दिए।

गाम्नाङ्गटार गाविस-८ का ६१ वर्षीय एकबहादुर दर्जीको घरमा विवाहका लागि आएका जन्ती र गाउँलेहरूलाई ०५७ फागुन २१ गते सोही गाविसस्थित प्रहरी चौकीका इन्चार्ज बलराम के.सी.ले मादक पदार्थ सेवन गरी कुटपिट गर्नुका साथै हवाई फायर गरी आतंकित पारे।

रानीवनमा निर्माणाधीन प्रहरी चौकीमा ०५८ फागुन २१ गते माओवादीहरूले आगो लगाई कूल ८ लाख ७ हजार ९ सय ८० रूपैयाँबराबरको धनमाल नष्ट गरे।

गाम्नाङ्गटार गाविस-७ का ४२ वर्षीय टिकाबहादुर बस्नेतलाई ०५७ फागुन २३ गते आफ्नो घर भत्काइरहेको अवस्थामा माओवादीको आरोपमा गाम्नाङ्गटार प्रहरी चौकीका इन्चार्ज बलराम के.सी.ले मादक पदार्थ सेवन गरी माओवादीको आरोप लगाएर चौकी नजिकको भीरबाट लडाई ज्यानमार्ने धम्की दिई कुटपिट गरे। वडाध्यक्ष टेकबहादुर भट्टराईले कुटपिटबाट छुटाए। भोलिपल्ट यस विषयमा जनप्रतिनिधिसमेतको उपस्थितिमा छलफल गर्दा पीडकलाई गाविसले ५ सय रूपैयाँ जरिवाना गर्‍यो।

टारकेराबारी गाविस-६ का ७२ वर्षीय दीर्घराज शर्मा पौडेललाइ सुराकी गरेको आरोपमा ०५७ चैत १० गते बिहान माओवादीहरूले घरबाट जाल्पा मावि टारकेराबारीको प्राङ्गणमा लगी खुट्टा र हातमा फलामको छड र लाठीले घोच्नुका साथै कुटपिट गरी सख्त घाइते बनाए।

तलुवा गाविस निसखेस्थित हिमालय माविका प्रधानाध्यापक प्रदिप निरौलालाई विद्यालय बन्द नगरेको आरोपमा ०५७ चैत १४ गते दिउँसो माओवादीहरूले विद्यालयमा कान समाई १० पटक उठबस गर्न लगाउनुका साथै आइन्दा माओवादीका कार्यक्रममा सहयोग नगरे ज्यानमार्ने धम्की दिए।

च्यानम गाविस-७ का ६० वर्षीय नृपध्वज कटवाल, ४० वर्षीय बाबुराम कटवाल र फेदीगुठका ३८ वर्षीय नरेन्द्र गिरीलाई ०५७ चैत २३ गते माओवादीहरूले धम्की दिए।

तलुवा गाविसस्थित प्रहरी चौकी भवनका जस्तापाता र काठ ०५७ चैत २४ गते माओवादीहरूले निकाली जनतालाई बोकाएर विद्यालयमा दिए भने भवनको गारो भत्काइदिए। माओवादीहरूले चौकीका भाँडाकुडा सोही ठाउँका जनतालाई बाँडिदिए।

कटुन्जे गाविस-९ का गंगादेवी प्रावि कटुन्जेका शिक्षक ३५ वर्षीय लालमणी पराजुलीलाई सुराकी गरेको आरोपमा ०५७ चैत २७ गते बिहान माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए। हाल पीडितको अवस्था सामान्य छ।

ठूलाछाप गाविस-७ का ५० वर्षीय ढकमाया भट्टराई र १९ वर्षीय राजन भट्टराईलाई आफ्नो पति तथा बाबु टिकाप्रसाद भट्टराईको हत्या गरिएको घटनामा जाहेरी दिएको आरोपमा ०५८ असोज ३ गते माओवादीहरूले मुद्दा फिर्ता नलिए ज्यानमार्ने धम्की दिए।

ठूलाछाप गाविस-५ का ३३ वर्षीय टुकराज निरौला, सोही ठाउँका प्रहरी हवल्दार ३० वर्षीय टिकाराज निरौला र सोही गाविस-६ का प्रहरी हवल्दार देवीबहादुर कटवाललाई ०५८ कार्तिक ११ गते दशैंको टिका लगाई तराइतर्फ जाँदै गरेको अवस्थामा थाक्ले गाविस जयरूमघाटमा विकास राई, विशाल राईसमेतका व्यक्तिहरूले आफूहरू माओवादी भएको बताउँदै कुटपिट गरी २ वटा घडी तथा २ हजार १ सय रूपैयाँ लुटेर लैजानुका साथै प्रहरी भएको आरोपमा ज्यानमार्ने धम्की दिए।

हर्कपुर गाविस-२ का ३५ वर्षीय तोयानाथ वाग्लेलाई गाविस अध्यक्ष दिपप्रसाद खतिवडालाई भगाउन सुराकी गरेको

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४				
गोलीद्वारा हत्या	१	३		३				
गोलीद्वारा घाइते/हवाई फायर	१	११		११	१	१		१
गिरफ्तारी र यातना					५	१४	४	१८
कुटपिट	१९	२६	५	३१				
धम्की	४	५		५				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	४		४	४				
जातीय छुवाछूत	१	१		१				
धार्मिक स्वतन्त्रता	१		१	१				
अमानवीय व्यवहार	७	१६	१	१७				
अपहरण	२	३	१	४				
जम्मा	४५	६९	१३	८२	६	१५	४	१९

आरोपमा ०५८ वैशाख १४ गते बेलुका माओवादीहरूले कुटपिट गरे।

हर्कपुर गाविस-२ का ५० वर्षीय खड्गबहादुर खतिवडालाई ०५८ वैशाख १४ गते माओवादीहरूले कुटपिट गरी एकबहादुर खतिवडालाई भाइ स्वीकार गरी अंश नदिए ज्यानमार्ने धम्की दिए। जिल्ला अदालतले एकबहादुर नभई समरबहादुर भुजेल भनी फैसला गरिदिएको छ।

गाम्नाङ्गटार गाविस-७ स्थित प्रहरी चौकी ०५८ जेठ २८ गते माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

रानीवन गाविस-६ की सुमित्रा बस्नेतलाई सोही ठाउँकी एक महिलाको जग्गा मिचेको आरोपमा ०५८ जेठ २८ गते माओवादीहरूले आफ्नो आमसभामा ल्याई कुटपिट गरे।

फूलबारी गाविस-१ का ४१ वर्षीय हुतराज कार्कीलाई ०५८ असार १५ गते सोही ठाउँस्थित डाँडागाउँको चौरमा माओवादीहरूले कुटपिट गरे।

सिंहदेवी गाविस-६ का १९ वर्षीय प्रेमबहादुर भण्डारी, रानीवन गाविस-३ का १९ वर्षीय कैलाश कार्की, कालिका गाविस-१ का १९ वर्षीय युवराज घिमिरे र सिंहदेवी गाविस-४ का १९ वर्षीय काजी खत्रीलाई डकैती गरेको आरोपमा ०५८ असार २६ गते माओवादीहरूले कुटपिट गरे।

वरूणेश्वर गाविस-१ घर भई ओखलढुङ्गा गाविसमा कानून व्यवसाय गरेर बस्ने डुलहरी दाहाललाई ०५८ साउन ९ गते बेलुका सामान्य विवादका कारण स्थानीय विकास अधिकारी ४५ वर्षीय यज्ञबहादुर खत्रीले कुटपिट गरी आँखाको वरिपरी चोट पुऱ्याए।

कटुन्जे गाविस-१ का ३२ वर्षीय गुजे दमाईलाई ०५८ भदौ ५ गते दिउँसो माओवादीहरूले टाउकोमा लाठी प्रहार गरी फुटाइदिए। पीडितको स्थिति सामान्य रहेको छ।

वर्णालु गाविस-३ का ३२ वर्षीय रूकुमराज दाहाललाई सोही ठाउँकी एक महिला र उनीबाट जन्मेको छोरा जिम्मा नलिएको आरोपमा ०५८ भदौ १५ गते मानिसहरू भेला गराई माओवादीहरूले छोरो तथा पत्नी जिम्मा लगाउनुका साथै कुटपिट समेत गरे।

कटुन्जे गाविस-७ का ३० वर्षीय नारायणप्रसाद धमला र ५८ वर्षीय भक्तलाल धमलालाई ०५८ भदौ २३ गते माओवादीहरूले कटुन्जे मावि कटुन्जेमा मानिसहरू भेला गरी कुटपिट गरे।

ठूलाछाप गाविस-७ का ५० वर्षीय लिलानाथ भट्टराई, १८ वर्षीय जागेन्द्र भट्टराई, ५९ वर्षीय शान्तिराम भट्टराई, ५५ वर्षीय रत्नमाया भट्टराई र ३० वर्षीय रमेश भट्टराईलाई सुराकी गरेको र टिकाप्रसाद भट्टराईको ज्यानमुद्दामा साक्षी बकेको आरोपमा ०५८ असोज ३ गते माओवादीहरूले कुटपिट गरे।

सिस्नेरी गाविस-९ का ३१ वर्षीय तुलसीराम तिमिल्सिना र ५० वर्षीय डण्डीप्रसाद बराललाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०५८ असोज १२ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

रानीवन गाविस-६ का ६० वर्षीय कविराज कार्कीलाई भक्तमाया कार्की र कैलाश कार्कीलाई क्रमशः पत्नी र छोरा स्वीकार नगरेको र नागरिकता बनाई अंश नदिएको आरोपमा ०५८ असोज १२ गते माओवादीहरूले कुटपिट गर्नुका साथै छोरालाई नागरिकता बनाई अंश दिन्छु भन्न लगाई टेपमा रेकर्ड गरे।

सिस्नेरी गाविस-४ का ३७ वर्षीय ज्ञानेन्द्रप्रसाद भट्टराई र ४० वर्षीय गोविन्द बराललाई गाउँमा फट्याइँ गरेको आरोपमा ०५८ असोज १३ गते माओवादीहरूले गाउँले जम्मा गरी बन्दुकको कुन्दा र लाठी प्रहार गरी कुटपिट गरी सख्त घाइते बनाए।

गाम्नाङ्गटार गाविस-४ का १४ वर्षीय सरीता अधिकारी र २२ वर्षीय मिठु श्रेष्ठलाई आफूहरू हिँडिरहेको अवस्थामा जिस्क्याएको आरोपमा ०५८ असोज १९ गते माओवादीहरूले कुटपिट गरे।

कटुन्जे गाविस-८ का ४९ वर्षीय यज्ञप्रसाद अधिकारी र ६ वर्षीय रोमादेवी अधिकारीलाई ०५८ कार्तिक ३ गते माओवादीहरूले घरबाट कटुन्जे मावि कटुन्जेमा बोलाई कुटपिट गर्नुका साथै रोमादेवीका २ वटा दाँतसमेत भाँचिदिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फूलबारी, रानीवन, सिंहदेवी, गाम्नाङ्गटार, यसम, टारकेराबारी, कालिका, पोकली, कुइभीर, मूलखर्कलगायत्का गाविसहरूमा माओवादीहरूले तालाबन्दी गरे।

धार्मिक स्वतन्त्रता

कुइभीर गाविस-६ र ७ का १ सय परिवार क्षेत्री, राई तथा बाहुन जातिका मानिसका घरमा ०५८ भदौ ३० र ३१ गते माओवादीहरूको आडमा सोही ठाउँका गणेशबहादुर कामी, भेषबहादुर कामी, माइते कामी, लाले कामी, चैते कामी, डल्ले कामी, न्यापी कामी र अम्बिका कामी जबर्जस्ती पसी भात, पानी, देवता राख्ने ठाउँ आदि छोइदिए। पीडकहरूमाथि सोही ठाउँका जनताले बल प्रयोग गर्ने चेतावनी दिएपछि भागेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय १४ र यस वर्ष दर्ता भएका ३३ गरी १ सय ४७ वटा रहेकोमा ३१ फर्स्यौट भई १ सय १६ बाँकी रहे भने दुनियावादी फौजदारी अघिल्लो वर्षका ८८ र यस वर्षका ५७ गरी १ सय ४५ वटामध्ये ५१ वटा फर्स्यौट भई ९४ वटा बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा अघिल्लो वर्षका ७ र यस वर्षका ७ गरी १४ वटा रहेकोमा एउटामात्र फर्स्यौट भई १३ वटा बाँकी रहे। यस

अदालतमा ३ वर्षभन्दा अघिदेखि फर्स्यौट हुन बाँकी १६ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १५ र यस वर्ष दर्ता भएका गरी २ गरी १७ वटा रहेकोमा १० वटा फर्स्यौट भई ७ वटा बाँकी रहे भने हातहतियार खरखजानासम्बन्धी अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २ वटामध्ये एउटा फर्स्यौट भई एउटा बाँकी रह्यो। यसबाहेक करिब १ हजार निवेदनहरूमाथि कारवाही भएको जिल्ला प्रशासन कार्यालयले जनायो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका ५६ गाविसमा ४ सय २४ जनाले आयोगसमक्ष नाम दर्ता गराए पनि जग्गा वितरण भएको छैन।

यस वर्ष ३ हजार ६ सय ५५ जनाले सामाजिक सुरक्षाअन्तर्गत भत्ता प्राप्त गरे। जेष्ठ नागरिक भत्ता १ हजार ६ सय ७४ जनाले, असहाय, विधवा भत्ता १ हजार ९ सय ३९ जनाले र अशक्त, अपाङ्ग भत्ता ४२ जनाले प्राप्त गरिरहेका छन्।

स्वीस वन परियोजनाअन्तर्गत यस जिल्लाका पीछडिएका जेहेन्दार छात्राहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ। त्यसबाट २० जना छात्रा लाभान्वित भइरहेको पाइयो।

महिला अधिकार

वर्णालु गाविस-३ की २० वर्षीय लक्ष्मीदेवी जमरकट्टेललाई सोही ठाउँका ३२ वर्षीय रूकुमराज दाहालले गर्भ बोकाई ०५७ पुस २० गते भागे। पीडितले हाल जिल्ला अदालतमा नाता कायम गरिपाउँ भनी मुद्दा दिएकी छिन् भने पीडक घर फर्किएका छन्। मुद्दा फर्स्यौट हुन बाँकी छ भने पीडित माइतीमा बसेकी छिन्।

नारायणस्थान गाविस-४ घर भई तलुवास्थित माइतीमा बस्ने ३९ वर्षीय देवी खनाललाई ०५७ फागुन २० गते आफ्ना ससुराको किरिया बस्न आएको अवस्थामा सोही ठाउँका देवी के.सी., डिल्लीराम खनाल, रूद्रप्रसाद खनाल, धर्मप्रसाद खनाल, शंकर खनाल, तेजेन्द्र खनाल र प्रेमबहादुर के.सी.ले किरियामा समावेश हुन नदिई सामाजिक बहिष्कार गरे।

फेंदीगुठ गाविस-१ का ६१ वर्षीय कृष्णमाया कार्कीलाई बोक्सीको आरोपमा ०५८ साउन १ गते सोही ठाउँका लालबहादुर कार्की र ललिनबहादुर कार्कीले बेइज्जती गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

फेंदीगुठ गाविस-१ का ३८ वर्षीय कृष्णमाया कार्कीलाई बोक्सीको आरोपमा ०५८ साउन १ गते बिहान सोही ठाउँका ठाउँकी यमकुमारी कार्की, चन्द्रबहादुर कार्की र लालबहादुर कार्कीले सार्वजनिक बेइज्जती तथा बहिष्कार गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

फेंदीगुठ गाविस-८ का २० वर्षीय धनबहादुर बुढाथोकीलाई सोही ठाउँकी दर्जी थरकी युवतीसँग यौन सम्पर्क गर्दै गरेको अवस्थामा फेला पारेको जनाउँदै ०५७ माघ २२ गतेदेखि सोही ठाउँका बुढाथोकी र क्षेत्रीहरूले सामाजिक बहिष्कार गरे।

फेंदीगुठ गाविस-८ का ५० वर्षीय खड्गबहादुर दर्जीलाई ०५७ फागुन ३० गते पैसा लिई आफ्नी छोरीलाई अन्यत्रै विवाह गरिदिएको आरोपमा सोही ठाउँका दर्जी परिवारले धर्मकर्म तथा पितृकार्यबाट बहिष्कार गरे।

बिगुटार गाविस-३ का ३६ वर्षीय फुरबादुण्डु शेर्पालाई बोक्साको आरोपमा ०५८ जेठ १६ गते वर्णालु गाविस-६ का ३० वर्षीय पासाङ तेम्बा शेर्पाले सामाजिक बेइज्जती गरे। पीडकलाई कुनै कारवाही भएन।

फेंदीगुठ गाविस-१ का २५ वर्षीय ललितबहादुर कार्की र ४१ वर्षीय भिमबहादुर कार्कीलाई बोक्साको आरोपमा ०५८ जेठ ३१ गते सोही ठाउँका चन्द्रबहादुर कार्की, लालबहादुर कार्की र यमकुमारी कार्कीले सामाजिक बहिष्कार र बेइज्जती गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

गाम्नाङ्गटार गाविस-८ का राम्चेस्थित प्राविका प्रधानाध्यापक ४७ वर्षीय हेमबहादुर खत्रीलाई प्राथमिक शिक्षा परियोजनाको रकम हिनामिना गरेको र प्रहरीलाई खानबस्न दिएको आरोपमा ०५८ भदौ १७ गते दिउँसो १२ बजेदेखि बेलुका ७ बजेसम्म माओवादीले विद्यालयको कार्यालय कोठामा थुनेर राखे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ५ जना पुरूष पीडित भए। ९ जनाले आत्महत्या गरे भने एक जनाको डुबेर मृत्यु भयो। त्यसैगरी भीरबाट लडेर १ जना र चट्याङबाट ३ जनाको मृत्यु भयो।

१.१६ सोलुखुम्बु

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

पावै गाविस-९ का २७ वर्षीय धनप्रसाद राई र ४५ वर्षीय धनशेर राईलाई ०५८ कार्तिक ११ गते सोही ठाउँस्थित एक घरमा खुम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरूले लाठी प्रहार गरी हत्या गरे। पीडकहरूले पीडितहरू बसेको घरका व्यक्तिहरूलाई आँखामा पट्टी बाँधेर कुटपिट गरे।

सल्लेरी गाविस-५ स्थित सदरमुकाममा ०५८ मंसिर १० गते राति माओवादीहरूले गरेको आक्रमणमा परी काठमाण्डौ जिल्ला घर भएका सिडिओ बुद्धिसागर त्रिपाठी, पाँचथर जिल्ला घर भएका मालपोत कार्यालयका कामु अधिकृत भिमबहादुर सम्बाहाम्फे तथा २८ जना प्रहरी र ५ जना सैनिकको मृत्यु भयो भने १६ जना प्रहरी र ७ जना सैनिक घाइते भए। माओवादीहरूको आक्रमणमा मृत्यु हुने प्रहरीहरूमा इन्स्पेक्टरद्वय सर्लाहीका शिवहरि खड्का र काठमाण्डौका टेकबहादुर श्रेष्ठ, असईहरू उदयपुरका प्रेमकुमार राई, मोरङका हरिभक्त श्रेष्ठ र ओम बस्नेत, प्रहरी हवल्दारहरू झापाका त्रिनिराम राई, सुनसरी रामराज राजभण्डारी, दिपक भण्डारी, सप्तरी रामसुफत मण्डल, ओखलढुंगाका होमबहादुर कार्की, प्रहरी जवानहरू झापाका देवीभक्त दाहाल, धनकुटाका भक्तबहादुर राई, मोरङका भिमबहादुर कटुवाल, ढकबहादुर खड्का, सुनसरीका ईश्वरी कोइराला, सप्तरीका विश्वम्भर महतो, कुलदेव शाह, मोरङका ठाकुरप्रसाद चौलागाईं, सिराहाका राजाराम यादव, ताप्लेजुङ्गका भुपेन्द्र लिम्बू, विर्ख लिम्बू, तेह्रथुमका कर्णबहादुर दाहाल, चन्द्रबहादुर कार्की, ओखलढुंगाका जितबहादुर श्रेष्ठ, चुडाबहादुर कार्की, हेम खत्री, सुरज कटुवाल र काभ्रेका सुदर्शन बस्ताकोटी थिए। त्यसैगरी असईहरू वीरबहादुर खत्री, टिका कटुवाल, प्रहरी हवल्दारहरू शंकर चौधरी, कुमार श्रेष्ठ, नरेश बस्नेत, देवीलाल चौधरी, श्याम थापा मगर, श्रेष्ठनारायण सिंह, उत्तर श्रेष्ठ, प्रहरी जवानहरू पूर्णबहादुर खत्री, दिनेश चौधरी, हेमबहादुर बोगटी, पशुपति चौधरी, मोहन कार्की, रणवीर लावती र लालबहादुर वि.क. घाइते भए। मृत्यु भएका र घाइते सैनिकहरूको नाम, ठेगाना थाहा हुन सकेन। १६ जनाको लास सैनिक क्याम्प नजिक फेला पर्‍यो। तर सो घटनामा माओवादी तर्फ २ सय जनाको मृत्यु भएको कुरा सरकारी पक्षले जनायो। घाइते प्रहरी तथा सैनिकहरूलाई उपचारार्थ काठमाडौं लगियो। जिल्ला प्रहरी कार्यालय, प्रमुख जिल्ला अधिकारी निवास,



जनसंख्या	: ११९९०१
साक्षरता प्रतिशत	: ४७.८६
महिला साक्षरता प्रतिशत	: ३९.६३
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३१२
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: ३/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ५८
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: ३६

जिल्ला प्रशासन कार्यालय, कृषि विकास बैंक, मालपोत कार्यालय र फाप्लुस्थित नागरिक उड्डयन प्राधिकरण ध्वस्त बनाउनुका साथै जेल र दूरसञ्चार संस्थानको कार्यालय तोडफोड गरे। सो आक्रमणको क्रममा सुरक्षाकर्मीले चलाएको गोलीबाट १६ जना माओवादीको लास घटनास्थलको वरपर फेला पर्‍यो। सुरक्षाकर्मीको प्रतिकारमा मर्नेहरूको संख्या २ सय जना भएको रक्षा मन्त्रालयले सार्वजनिक गर्‍यो।

सल्लेरी गाविस-५ स्थित जेल नजिक बस्ने ८७ वर्षीय मायारानी तामाङको ०५८ मंसिर १० गते राति सुतिरहेको अवस्थामा माओवादीहरूले प्रहार गरेको गोली लागेर मृत्यु भयो।

सल्लेरी गाविस-४ की ११ वर्षीय डति शेर्पालाई ०५८ मंसिर ११ गते दिउँसो सोही गाविस-२ फाप्लुमा अध्ययन गरी घर फर्किरहेको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सल्लेरी गाविस-५ का टेकबहादुर शेर्पा ०५८ मंसिर १२ गते जंगलमा गएको अवस्थामा माओवादीहरूले छाडेको सकेट बम नचिनी हातमा खेलाउँदा विस्फोट भई घाइते भए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

सल्लेरी गाविस-५ स्थित एक घरमा बसिरहेको अवस्थामा घर पश्चिम भएको बताउने ठकुरी जातिका एक माओवादी कार्यकर्ताको ०५८ मंसिर १६ गते प्रहरीको गोलीद्वारा मृत्यु भयो।

सल्लेरी गाविस-५ स्थित सैनिक क्याम्प र प्रहरी कार्यालयमा ०५८ पुस १ गते माओवादीहरूले आक्रमण गर्दा सल्यान गाविस घर भएका सैनिक जवान रूद्र राउतको मृत्यु भयो। माओवादीहरूको आक्रमणमा परी प्रहरी जवान भक्तवल्लभ शर्माको टाउकोमा गम्भीर चोट लाग्यो। पीडितलाई उपचारार्थ विराटनगर लगियो।

सल्लेरी गाविस-५ की चन्द्रकुमारी श्रेष्ठलाई ०५८ पुस १ गते बेलुका सुतिरहेको अवस्थामा माओवादीहरूले घरमा सकेट बम प्रहार गरी गम्भीर घाइते बनाए भने सीताराम श्रेष्ठलाई सामान्य घाइते भए। पीडितहरूलाई उपचारार्थ काठमाडौं लगियो।

जुबु गाविसका दीपबहादुर बनलाई माओवादीको आशंकामा ०५८ पुस १० गते आफ्नै घरमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

पञ्चन गाविस-१ का दिनेश पराजुली र चुडा दाहाललाई माओवादी भएको आरोपमा ०५८ पुस ११ गते सुरक्षाकर्मीको

गोलीद्वारा मृत्यु भयो। पीडितहरू मंसिर २८ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी घर फर्किएका थिए।

टाप्टिङ गाविस-६ का फुर्वा शेर्पालाई ०५८ पुस ११ गते बिहेको कुरा गर्न गोरखानी गाविस-२ मा आई ०५८ पुस १२ गते बिहान अन्य १० जना व्यक्तिसहित घरबाट बाहिर निस्कनेक्रममा गस्ती सुरक्षाकर्मीले माओवादीको आशंकामा गोली प्रहार गर्दा मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ३ जना पुरूष र २ वर्षीय १ बालिकाको हत्या भयो। जसमध्ये-

जुभिङ गाविस-२ की २ वर्षीय मिरा राईलाई ०५८ असोज १ गते घरमा कोही नभएको अवस्थामा आफ्नै हजुरआमा कुमारी राईले सिंहला देवीथानमा लगी हत्या गरिन्। पीडकले पनि त्यहीँ झुण्डिएर आत्महत्या गरिन्।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको सोलुखुम्बु जेल "घ" श्रेणीको हो। यस जेलमा १९ जना बन्दी र १ जना आश्रित नाबालक रहेकोमा ०५८ पुस १० गते राति माओवादीहरूले आक्रमण गरी सबै बन्दीहरूलाई मुक्त गराए। हाल कुनै पनि बन्दी छैन। माओवादीहरूले जेलभित्रको सबै सामाग्रीहरू तोडफोड गरी काम नलाग्ने बनाएकाले हालसम्म जेल संचालन हुन सकेको छैन।

गिरफ्तारी र यातना

पञ्चन गाविस-१, का फणिन्द्र दाहाल, कुलप्रसाद कार्की, सोही गाविस-३ का शेषराज निरौला, कमलप्रसाद निरौला, गंगा कार्की, सोही गाविस-४ का यज्ञश्वर काफ्ले, छविलाल विक, सोही गाविस-५ का अक्कलबहादुर कार्की, सोही गाविस-८ का वडाध्यक्ष सोलबहादुर राई, सल्यान गाविस-९ का सुमन राई, सोही गाविस-४ का गोकुल राई, नेचावेतघारी गाविस-१ का रोइतकुमार वास्तोला, सोही गाविस-२ का भीम शर्मा, गोमादेवी ढुङ्गेल, मिना राउत, सोही गाविस-४ का कुमार फुयाँल, खिलाराम फुयाँल, सोही गाविस-५ स्थित हेल्थपोष्टमा कार्यरत मिनबहादुर राई, सोही गाविसका डिल्ली शर्मा, नेचावनासे गाविसस्थित हिमाल दर्शन माविका शिक्षक मणीकुमार श्रेष्ठ, टाक्सिन्दुस्थित बालविकास प्राविका शिक्षक लोकबहादुर थापा, तिङ्ला गाविस-३ का उत्तम खड्का र कंरूङ गाविस-१ का फुरी शेर्पालाई संकटकालीन स्थितिको घोषणा भएपछि यस वर्षको अन्त्यसम्म सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखे।

बेपत्ता पारिएको / अपहरण गरिएको

सल्लेरी गाविस-५ का स्थानीय विकास अधिकारी महेन्द्रप्रसाद गुरागाईंलाई ०५८ मंसिर १० गते राति सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी भोलिपल्ट बिहान ५ बजे फाप्लुस्थित बागवानी केन्द्रबाट रिहा गरे।

सल्लेरी गाविस-५ मा माओवादीहरूले ०५८ मंसिर १० गते आक्रमण गरी जिल्ला प्रहरी कार्यालयका २० जना प्रहरीलाई अपहरण गरे। पीडितहरूमध्ये प्रहरी हवल्दार शरण श्रेष्ठ, प्रहरी जवानहरू भक्तबहादुर रोक्का, प्रेम कटुवाल, प्रदिप गुरूङ र उमेश कटुवाल बीच बाटोबाट भाग्न सफल भई भोलिपल्ट बिहान ६ बजे सल्लेरी आए भने अन्य १५ जना प्रहरी जवानलाई भकाञ्जे गाविसमा पुऱ्याई १ दिनपछि मुक्त गरे।

यस बाहेक यस वर्ष अन्य ५ जनालाई पनि माओवादीहरूले अपहरण गरी मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सल्लेरी गाविस-७ का दिनेश राजभण्डारीलाई ०५७ पुस २९ गते सोही गाविस नयाँबजारमा गाविसका लागि हाटकर उठाइरहेको अवस्थामा सिभिल ड्रेसमा आएका सुरक्षाकर्मीले कुराकानी नगरी एक्कासी कुटपिट गरी घाइते बनाए। छुट्याउन गएका बुद्धिनारायण श्रेष्ठलाई समेत पीडकहरूले अपशब्द गरी धम्की दिए।

टाक्सिन्दु गाविस-६ हेवाका सोही ठाउँस्थित प्राविका शिक्षक रामबहादुर कटुवाललाई ०५८ असोज ६ गते दिउँसो दशैं भत्ता र तलब लिई घर फर्किरहेको अवस्थामा सोही गाविसको नुन्थलामा माओवादीहरूले कुटपिट गरी २० हजार रूपैयाँ लुटेर लगे।

वेनी गाविस-४ जुनबेंशीका ६२ वर्षीय पेम्बा रिन्जी लामा र उनकै पत्नी दिकु लामालाई आफूहरूलाई खान-बस्न नदिएको आरोपमा ०५८ कार्तिक २४ गते बिहान माओवादीहरूले घरबाट

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	४	१	५				
गोलीद्वारा हत्या	३	३३		३३	५	३३		३३
बम प्रहारबाट मृत्यु	१		१	१				
गोलीद्वारा घाइते/हवाई फायर	२	९		९				
बम प्रहारबाट घाइते/बम प्रहार	१	१	१	२				
एम्बुसमा परी घाइते	१	१		१				
गिरफ्तारी र यातना					३	११	३	१४
कुटपिट	३	३	७	१०				
बलात्कार	१		१	१				
गर्भपतन	१		१	१				
अपहरण	२	६		६				
जम्मा	१८	५६	१२	६८	८	४४	३	४७

वाहिर निकाली कुटपिट गरी घाइते वनाए। पीडितहरूलाई उपचारार्थ काठमाण्डौं लगियो।

सल्यान गाविस-९ स्वाल्पा प्राविका शिक्षक ज्ञानबहादुर खत्री, सोही ठाउँका शिक्षक रमेश कोइराला, जुवु गाविस-९ का भक्तबहादुर घिमिरे, जुभिङ गाविस-९ का नन्दे मगर, सोही गाविस-१ का फुरिञ्जी शेर्पा, सोही गाविसका साङ्गे शेर्पा, काँगेल गाविसस्थित जीवन ज्योति माविका प्रधानाध्यापक चण्डीराम राई, काँगेल गाविस-७ का भगवान कार्की, एकबहादुर कार्की, सोही गाविस-५ का गोपी भुजेल, चुष्म भुजेल, तिलकुमार वस्नेत, नेचावेतघारी गाविस-६ का सूर्यप्रसाद कट्टेल, जयप्रसाद कट्टेल, सोही गाविस-१ का हुतराज बास्तोला, सोही गाविस-९ का डुफकुमार बास्तोला, नेचावेतघारीका भगेन्द्र खनाल, रघुनाथ खनाल, पंचन गाविस-१ का ओमप्रकाश निरौला, सल्लेरी गाविस-७ का प्रतिमान राई, टाप्टिङ गाविसका उपाध्यक्ष आङ नुवु शेर्पा र सोही गाविसस्थित हेवा प्रा विका शिक्षक रामबहादुर कटुवाललाई संकटकालीन स्थिति घोषणा भएपछि यस वर्षको अन्त्यसम्ममा सुरक्षाकर्मीहरूले कुटपिट गर्ने तथा धम्की दिने कार्य गरे।

सल्लेरी गाविस-५ का भिमनारायण श्रेष्ठ, सुरेश श्रेष्ठ, तेजनारायण श्रेष्ठ, आङ फुला शेर्पा, गोकर्ण राई र रेणुका श्रेष्ठको घरमा ०५८ मंसिर १० गते राति माओवादीहरूले आगो लगाई ध्वस्त वनाए। पीडितहरूले घरको कुनै पनि सामान वाहिर निकाल्न पाएनन्।

सल्लेरी गाविस-५ स्थित राष्ट्रिय वाणिज्य वैंकको शाखा कार्यालयबाट ०५८ मंसिर १० गते राति माओवादीहरूले ४ नाल बन्दुक सहित नगद र सुन-चाँदी गरी १ करोड ८७ लाख ४९ हजार ७ सय ७८ रूपैयाँबराबरको धनमाल लुटेर लगे। माओवादीहरूले बैंकका मेनेजर सदानन्द मेहतालगायत् सुरक्षाकर्मीहरूलाई कुटपिटसमेत गरेका थिए।

नेले गाविस नेलेस्थित प्रहरी चौकीमा ०५८ मंसिर ३० गते दिउँसो माओवादीहरूले आगो लगाई ध्वस्त वनाए।

जुवु गाविसका गोपाल गिरीका दुई वटा घरमा ०५८ पुस १० गते सुरक्षाकर्मीहरूको गस्ती टोलीले सर्च गर्ने क्रममा भित्रको सामान निकाल्न नदिई आगो लगाए।

पञ्चन गाविसका उपाध्यक्ष कृष्णप्रसाद निरौलाको घरमा ०५८ पुस १२ गते सुरक्षाकर्मीको गस्ती टोलीले सर्च गर्नेक्रममा आगो लगाई ध्वस्त पारे। पीडितको घरभित्रको कुनै पनि सामानहरू निकाल्न दिएका थिएनन्।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ५२ वटा मुद्दा रहे। जसमध्ये देवानी ३८, दुनियावादी फौजदारी ७३, सरकारवादी फौजदारी १२ रहे। गत वर्षको जिम्मेवारी सरेर आएका देवानी २९ वटा मुद्दा रहे। यस वर्ष देवानी ६ वटा फर्स्यौट भयो भने सरकारवादी फौजदारी ३, दुनियावादी फौजदारी १५, गत वर्षको जिम्मेवारी सरेर आएका देवानी १८ फर्स्यौट भए। ८६ वटा मुद्दा फर्स्यौट हुन वाँकी रहे।

महिला अधिकार

देउसा गाविस-६ की २० वर्षीय एक युवतीलाई ०५७ चैत १६ गते नेले गाविस-७ का सुभाष राई, मनबहादुर राई र पदमबहादुर राईले बलात्कार गरे। पीडकहरूलाई कारवाही भएन।

सल्लेरी गाविस-५ की एक गर्भवती महिलालाई ०५८ वैशाख २५ गते आफ्नै सौता जानसुवी तामाङले कुटपिट गर्दा गर्भपतन भयो। पीडकलाई कारवाही भएन।

अतिरिक्त जानकारीहरू

सल्लेरी गाविस-९ लुराको जंगलमा ०५८ पुस ७ गते एक माओवादी महिला कार्यकर्ताको लास झुण्डिरहेको अवस्थामा फेला पऱ्यो। लासको छेउमा एउटा बन्दुकसमेत थियो।

यस वर्ष व्यक्तिगत रिसइवीका भएका कुटपिटको कारणले घटनामा ३ जना पुरुष पीडित भएको सार्वजनिक जानकारीमा आयो। ४ पुरुष र ५ महिलाले आत्महत्या गरे। लडेर ३ जनाको मृत्यु भयो भने आगोमा परेर १ जनाको मृत्यु भयो। पहिरोमा परेर १ जना र लेक लागेर १ जनाको मृत्यु भयो।



मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

वालावाखर गाविस-७ का २७ वर्षीय अरूणकुमार यादवलाई ०५७ पुस २९ गते मोटर साइकल चढेर घर फर्किरहेको अवस्थामा स्वरियानी गाविस-६ स्थित विद्यालय नजिक आँपको बगैंचामा माओवादीहरूले गोली हानी घाइते वनाए।

जनकपुर नपा-१ का ३६ वर्षीय विसुनदेव महतोलाई सुराकी गरेको आरोपमा ०५७ माघ २६ गते नौवास्तोर पर्साही गाविस-१ पर्साहीमा माओवादीहरूले गोली र कोदालो प्रहार गरी हत्या गरे।

धनुषाधाम गाविस-७ का ७० वर्षीय चन्द्रदीप यादव, ४० वर्षीय उत्तिमलाल यादव र ३० वर्षीय देवकुमार यादवलाई ०५८ मंसिर २१ गते प्रहरीले गिरफ्तार गरी ल्याउँदै गर्दा भागेको आरोपमा धनुषाधाम गाविस-१ मा प्रहरीको गोलीद्वारा मृत्यु भयो।



जनसंख्या	: ६९५८०९
साक्षरता प्रतिशत	: ३२.१
महिला साक्षरता प्रतिशत	: १६.१
क्षेत्रफल (वर्ग कि.मी.)	: ११८०
गाविस/नपा संख्या	: १/१०१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ५६९
क्याम्पस/उच्च मावि	: २/१३
अस्पताल/स्वास्थ्य चौकी	: ३/१०२
टेलिफोन लाइन	: ५६५६
मोटर सडक (कि.मी.)	: १७०
प्रहरी कार्यालय संख्या	: ३६
हुलाक संख्या	: ८९

वालावाखर गाविस-८ बगबनका ५५ वर्षीय रामवृक्ष यादवलाई माओवादीसँग साठगाँठ गरेको आरोपमा ०५७ माघ ८ गते टेंना भन्ने ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई केही दिन पछि रिहा गरियो।

जनकपुर नपा-१३ का २० वर्षीय शम्भु साहलाई ०५७ फागुन ११ गते प्रहरीले घरबाट गिरफ्तार गरेकोमा पाइपले पैतालामा हिर्काएर यातना दिए। पीडितलाई फागुन १४ गते जमानीमा रिहा गरियो।

मखनाहा गाविस-९ लवरोलीका ४५ वर्षीय कारी यादवलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १२ गते प्रहरीले घरवाट गिरफ्तार गरे। पीडितलाई ३ महिना जेलमा नजरवन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

नौवास्वोर पर्साही गाविस-४ का ४६ वर्षीय बेचन साहलाई माओवादीको आरोपमा ०५८ मंसिर १८ गते घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा कुटपिट गरी मंसिर २८ गते रिहा गरियो।

सवैला गाविस- ४ का २७ वर्षीय बेचन साहलाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते सबैलास्थित बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ महिनासम्म नजरबन्दमा राखियो।

बरमझिया गाविस-६ का २४ वर्षीय शेखरकुमार यादवको माओवादी भएको आरोपमा ०५८ पुस १४ गते प्रहरीले प्रहार गरेको गोलीद्वारा मृत्यु भयो। पीडितलाई गिरफ्तार गरी ल्याउँदा भ्यानबाट भागेको आरोपमा स्वरियानी गाविस-६ पर्जे सिमराठी नजिक गोली प्रहार गरिएको थियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १८ पुरूष र ७ जना महिलाको हत्या भयो।

गिरफ्तारी र यातना

वालावाखर गाविस-३ चिरैयाका ३७ वर्षीय प्रसादी यादव र ३९ वर्षीय देवनाथ यादवलाई माओवादीको आशंकामा ०५७ माघ १ गते राति प्रहरीले घरवाट गिरफ्तार गरे। पीडितलाई माघ ९ गते गाविस अध्यक्षको जमानतमा रिहा गरियो।

चोहराकैलपुर गाविस-७ मतौनाका ४९ वर्षीय श्रीनारायण यादवलाई माओवादी कार्यकर्तासँग मित लगाएको आरोपमा ०५७ माघ १ गते राति प्रहरीले गिरफ्तार गरे। प्रहरीले पीडितको ११ वर्षीय छोरालाई बन्दुकको कुन्दा प्रहार गरी घाइते बनाए। पीडितलाई केही समयपछि रिहा गरियो।

वालावाखर गाविस-२ चिरैयाका ३८ वर्षीय महेन्द्र यादवलाई माओवादीको आरोपमा ०५७ माघ २ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई माघ ९ गते गाविस अध्यक्षको जमानीमा रिहा गरियो।

सबैला गाविस-४ का २७ वर्षीय तेजनारायण यादवलाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते सबैला स्थित बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ महिनासम्म नजरबन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

धनुषाधाम गाविस-१ का ४५ वर्षीय विकाउ साहलाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते प्रहरीले आफ्नै घरवाट गिरफ्तार गरे। पीडितलाई ३ महिनासम्म नजरबन्दमा

माओवादीद्वारा हत्या गरिएका विसुनदेव महतो

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२५	१८	७	२५				
गोलीद्वारा हत्या	२	२		२	२	४		४
गोलीद्वारा घाइते	४	४		४				
गिरफ्तारी र यातना					२८	३६	२	३८
कुटपिट	१२	११	३	१४				
भेला र संगठित हुने अधिकार					१	९	१	१०
धार्मिक स्वतन्त्रता	१	७	२३	३०				
बलात्कार	६		६	६				
बलात्कार प्रयास	७		८	८				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	७		७	७				
महिला भएकै कारण यातना	२		२	२				
बाल अधिकार	३	११		११				
आर्थिक अधिकार					५	४	२	६
जातीय छुवाछूत	४	४	१	५				
अपहरण	२	३		३				
जम्मा	७६	६०	५८	११८	३६	५३	५	५८

राखिएकोमा हाल रिहा गरिएको छ।

खरियानी गाविस-६ का ४० वर्षीय लक्ष्मण पासवान र रामबाबु पासवानलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २६ गते प्रहरीले घर घेरा हाली गिरफ्तार गरे। पीडितहरूलाई ९ दिन थुनामा राखी रिहा गरियो।

गोदार गाविस-२ का ४० वर्षीय ज्ञानबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस ७ गते बिहान सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरे। पीडितलाई हातहतियार खरखजना मुद्दा लगाई १ हजार धरौटीमा १६ दिनपछि तारेखमा रिहा गरियो।

गोदार गाविस-२ का ३२ वर्षीय मदन कार्की, ५३ वर्षीय भिमबहादुर कार्की, २५ वर्षीय ललितबहादुर कार्की, २८ वर्षीय शुक्रबहादुर तामाङ, ५८ वर्षीय गणेशबहादुर सुनुवार, २२ वर्षीय चित्रबहादुर बस्नेत, २३ वर्षीय हर्षबहादुर तामाङ र ५७ वर्षीय शम्भुनाथ श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस ७ गते बिहान आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कुटपिटसमेत गरी ११ दिनपछि तारेखमा रिहा गरियो।

गोविन्दपुर गाविस-६ का २२ वर्षीय किशोरी यादवलाई माओवादीको आरोपमा ०५८ पुस ८ गते बिहान तारापट्टि सिरसिया गाविस-६ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मखनाहा गाविस-७ मा नेकपा (एमाले) र नेकाँका कार्यकर्ताबीच ०५७ फागुन २७ गते भएको झडपमा नेकपा (एमाले) का ५१ वर्षीय जितु सहनी, २७ वर्षीय विजय चौधरी र नेकाँका ४५ वर्षीय श्रीचन यादव सख्त घाइते भए।

जनकपुर नपा-१३ का ४० वर्षीय बौएलाल मुखियालाई ०५८ भदौ २३ गते अनेरास्ववियु (क्रान्तिकारी) का राम उदगार मुखियाले चन्दा नदिएमा वा प्रहरीलाई बताएमा ज्यानमार्ने धम्की दिए। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा असोज १८ गते अदालतको आदेशबमोजिम ५ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जनकपुर नपा-४ स्थित जिल्ला प्रशासन कार्यालयको मूल ढोकामा ०५८ वैशाख २५ गते बिहान छ वाम समूहद्वारा आयोजित घेराउ कार्यक्रमका सहभागी र प्रहरीबीच दोहोरो भीडन्त हुँदा ३४ जना घाइते भए। प्रहरीले क्षेत्र नं. २ का सांसद योगनारायण यादवसहित ३८ जनालाई गिरफ्तार गरी ३ घण्टा पछि रिहा गरे। प्रहरीतर्फ २ जना घाइते हुनुका साथै भ्यान सामान्य क्षतिग्रस्त भयो।

धार्मिक स्वतन्त्रता

लखौटी गाविस-३ स्थित भगवती मन्दिरनजिक रहेको मुस्लिम समुदायको मदरसामा जोडेर सार्वजनिक जग्गामा बनाइएको सार्वजनिक शौचालय तोड्दा ०५७ पुस २४ गते हिन्दू र मुस्लिम समुदायबीच भीडन्त भयो। त्यसक्रममा ७ जना पुरुष र २३ जना महिला घाइते भए। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले ८ जनालाई गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी १ हजार ५ सय ६४, दुनियावादी फौजदारी ३ सय ५२ र सरकारवादी फौजदारी ९३ गरी कूल २ हजार २ सय मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी देवानी १ हजार २ सय ३२, फौजदारी ३ सय २ र सरकारवादी फौजदारी ८४ गरी

कूल १ हजार ६ सय १८ वटा मुद्दा फर्स्यौट भए।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान २८, ज्यानमार्ने उद्योग ५, विष खाई आत्महत्या ३०, झुण्डिएर आत्महत्या १५, आगो लगाई आत्महत्या २, डाँका २, चोरी १२, जबरजस्ती करणी २, जबरजस्ती करणी उद्योग १, ठगी ४, किर्ते जालसाजी ३, लागु औषध ३, खोटाचलन ३, हातहतियार खरखजना ४, विस्फोटक पदार्थ २, सवारी अङ्गभङ्ग २, सवारी ज्यान २६, केही सार्वजनिक अपराध ५४, जीउ मास्नेबेच्ने १, नागरिकता ११, भवितव्य ज्यान ३५, कारण नखुलेको ज्यान ५, चौपाया चोरी २, जुवा १, प्रहरीको गोलीबाट मृत्यु २, खुन डाँका १, कुटपिट अङ्गअङ्ग २, गौवध १, चन्दा १, गर्भपतन १ गरी कूल २ सय ६३ मुद्दा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा वृद्ध नागरिक २ हजार ८ सय ६१, असहाय विधवा ७ हजार २ सय ७४ र अशक्त ४६ जना छन्। ती सबै गरी १० हजार १ सय ८१ जनाले यस वर्ष भत्ता प्राप्त गरेको कुरा जिविसले जनायो।

महिला अधिकार

महोत्तरी जिल्ला खयरमारा गाविस-२ की १८ वर्षीय एक युवतीलाई ०५७ माघ २० गते सोही गाविसका उपाध्यक्ष ३२ वर्षीय रामेश्वर यादव र वथनाहा गाविस-१ का ३५ वर्षीय संजिवकुमार झाले जागिर लगाइदिने प्रलोभन देखाई जनकपुर नपा-२ स्थित एक लजमा लगी बलात्कार गरे। सो घटनामा जनकपुर नपा-९ का २२ वर्षीय सन्तोष सिंह, सोही नपा-५ का २४ वर्षीय प्रकाश मिश्र र शैलेन्द्र सिंहको पनि संलग्नता रहेको थियो। पीडकहरूलाई फागुन ५ गते धरौटीमा रिहा गरियो।

सबैला गाविस-२ की ६५ वर्षीय एक महिलालाई ०५७ फागुन ९ गते सोही गाविस-५ का २७ वर्षीय प्रदिप यादव र ३२ वर्षीय रिझमान मियाले बलात्कार गरे। पीडकहरूलाई गिरफ्तार गरी ६ हजार रूपैयाँ जरिवाना गरी पीडितलाई दिइयो।

तारापट्टी सिरसिया गाविस-७ की २४ वर्षीय एक महिलालाई ०५७ फागुन १५ गते वघचौडा गाविस-६ का २६ वर्षीय भोली साहले बलात्कार गरे। तारापट्टी र वघचौडा गाविसका पदाधिकारी बसी पीडकलाई ६ हजार रूपैयाँ जरिवाना गरी मिलापत्र गराइयो।

तुलसियाही जब्दी गाविस-८ की २० वर्षीय एक महिलालाई ०५७ फागुन १६ गते सोही ठाउँका २० वर्षीय विश्वनाथ सहनीले बलात्कार गर्ने प्रयास गरे। पीडितले आफ्नो सुरक्षार्थ पीडकको लिङ्गमा खुर्पा प्रहार गरी घाइते बनाइन्। हाल पीडक फरार छन्।

भारत मधुवनी महिनाथपुर गाविस-४ की २० वर्षीय एक महिलालाई ०५७ चैत ३१ गते जनकपुर नपा-१६ का २७ वर्षीय रामविक्रम यादवले ठाडी झिझा गाविस-९ मा बलात्कार गर्ने प्रयास गरे। पीडितलाई वैशाख २७ गते साधारण तारेखमा रिहा गरियो।

धवौली गाविस-१ की १४ वर्षीय एक बालिकालाई ०५८ वैशाख १२ गते केही अज्ञात व्यक्तिहरूले बलात्कार गरे।

जनकपुर नपा-१४ की १४ वर्षीय एक बालिकालाई ०५८ वैशाख २० गते जनकपुर नपा-१३ का १८ वर्षीय उदय साहले यौन दुर्व्यवहार गरे। पीडकलाई गिरफ्तार गरी जेठ २ गते ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

खरियानी गाविस-६ सिमराढीकी २२ वर्षीय एक महिलालाई ०५८ जेठ ३ गते राति सोही ठाउँका ३५ वर्षीय राम विलास पासमानले बलात्कार गर्ने प्रयास गरे। माओवादीहरूले पीडकका दुवै कान काटिदिए।

महोत्तरी जिल्ला पातु गाविस-३ की १२ वर्षीय एक बालिकालाई ०५८ असार ६ गते बिहान यज्ञमुनी गाविस-७ का १९ वर्षीय संजय लामाले जनकपुर नपा-१४ स्थित एक घरमा बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कुर्था गाविस-१ की १८ वर्षीय एक युवतीलाई ०५८ असोज २९ गते जनकपुर अञ्चल अस्पतालमा कानको उपचार गर्न आउँदा सोही अस्पतालमा कार्यरत पियन ३९ वर्षीय अशोककुमार झाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

बालअधिकार

महोत्तरी जिल्ला धमौरा, मझौलीया, भगवतीपुर, सिङ्गयाही र लोहरपट्टी गाविसका २३ जना बालबालिकालाई ०५७ पुस १७ गते धमौरा गाविस-१ का ४० वर्षीय महमद मजवुल, ३५ वर्षीय लियकत अली, ३० वर्षीय जमरुल्ल शेष र सोही गाविस-७ का २८ वर्षीय सुयव शेखले बिक्री गर्ने उद्देश्यले भारतको बम्बईतर्फ लैजाँदै गर्दा जनकपुर नपा-१ स्थित रेल्वेस्टेशनबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूको उद्दार गर्न महिला पुनर्स्थापना केन्द्र (ओरेक) को भूमिका रहेको थियो। पीडितहरू सबैलाई अभिभावकको जिम्मा लगाइयो। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाए।

रामेछाप जिल्ला चनखु गाविस-३ का ११ वर्षीय सुनिलकुमार लामा र जनकपुर नपा-२ का ८ वर्षीय कृत खातीलाई ०५७ पुस १७ गते केही अज्ञात व्यक्तिहरूले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजान लागेको अवस्थामा महिनाथपुर गाविस-९ रेल्वे प्लेटफर्ममा प्रहरीले सोधपुछ गरी घर फर्काए।

जनकपुर नपा-४ मा महिना पुगेको एक नवजात बालकको लास ०५७ पुस २२ गते सालनालसहित फेला पर्‍यो।

आर्थिक अधिकार

इटहर्वा, सनोखर, सबैला, दुवरकोट, हटलेटवा, ठिल्ला यदुवा आदि गाविसका कृषि मजदुरहरूले यस वर्ष विभिन्न मितिमा विभिन्न कार्यालय समक्ष पत्र पठाई सरकारले निर्धारण गरेको कृषि मजदुरहरूको न्यूनतम पारिश्रमिक ६० रूपैयाँ नघटाई सो भन्दा बढी जिविसले ६५ रूपैयाँ निर्धारण गरेकोमा

हालसम्म पनि उक्त गाविसका मजदुरहरूको ज्याला नबढाइएकाले निर्धारित ज्याला उपलब्ध गराइदिने व्यवस्था गरिदिन माग गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

वरमभिया गाविस-२ मुसलमान टोलमा भारत वैराका १९ वर्षीय मन्जुर नदाफले वरमभिया गाविसकी १६ वर्षीय जुलेखा खातुनसँग ०५७ फागुन २७ गते विवाह गरेकोमा केटा तल्लो जातको भनी केटी पक्षले विवाद गरे। विवाह भएको ४ दिनपछि गाविस र मुस्लिम समुदाय बसी केटालाई आफ्नो जात सुन्नीमा ल्याई विवाद टुङ्ग्याइयो।

गोपालपुर गाविस-२ की २३ वर्षीय सुधा मण्डललाई अन्तरजातीय विवाह गरेको आरोपमा ०५७ चैत १४ गते आफ्नै बाबु जनकपुर नपा-८ का ४८ वर्षीय अभिराम ठाकुरले छुरा प्रहार गरी घाइते बनाए। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा दुवैलाई मिलापत्र गराई रिहा गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जनकपुर अञ्चल अस्पतालमा उपचार गर्न आएकी युवतीलाई स्वास्थ्यकर्मीद्वारा बलात्कार गर्ने प्रयास गरिएकोमा समाज उत्थान केन्द्र, धनुषाले ०५८ कार्तिक १ गते एक विज्ञप्ति प्रकाशित गरी घटनाको निन्दा गर्दै पीडकमाथि कारवाहीको माग गऱ्यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा ३१ पुरूष र १६ महिलाले आत्महत्या गरे। सडक दुर्घटनामा परी २४ पुरूष र २ महिला गरी २६ जनाको मृत्यु भयो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ७ जना पुरूष र १ जना महिला पीडित भए। ५ जना महिलाले आत्महत्याको प्रयास गरे।

२.२ महोत्तरी

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

हातिसर्वा गाविस-२ का ५० वर्षीय गौरीशंकर यादवलाई ०५८ असार १ गते राति २५-३० जना अज्ञात व्यक्तिहरूले हत्या गरी धनमाल र एउटा बन्दुक लुटेर लगे। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

भरतपुर गाविस-३ का ३१ वर्षीय प्रदिप थापालाई सुराकी गरेको आरोपमा ०५८ मंसिर १३ गते घरमा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

हात्तीलेट गाविस-२ का ३८ वर्षीय गोमा रेग्मी ०५८ मंसिर २० गते दाउरा लिन गएको अवस्थामा माओवादीहरूले राखेको बम विस्फोट भई घाइते भइन्।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ४ वर्षीय एक बालकसहित १७ जना पुरूष र ४ जना महिलाको हत्या भयो। महिलाहरू मध्ये ३ जनाको दाइजो कम ल्याएका कारण हत्या भएको थियो। जसमध्ये-

कोल्हुवा गाविस-६ की २१ वर्षीय नगीना पाण्डेलाई दाइजो कम ल्याएको आरोपमा ०५८ साउन १२ गते आफ्नै पति नविन पाण्डे र लखन पाण्डेले हत्या गरे। पीडितलाई निर्मम कुटपिट गरी घाँटी थिचेर शरीरमा आगो लगाई आत्महत्या गरेको जस्तो पारिएको थियो। पीडकहरू फरार छन्।

जनसंख्या	:	५५३८५७
साक्षरता प्रतिशत	:	२६.४
महिला साक्षरता प्रतिशत	:	३७.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	१००२
गाविस/नपा संख्या	:	७६/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	३२९
क्याम्पस/उच्च मावि	:	२/२
अस्पताल/स्वास्थ्य चौकी	:	१/७५
टेलिफोन लाइन	:	६२३
मोटर सडक (कि.मी.)	:	२३८
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	७४

बेलाएकडारा गाविस-१ की ५७ वर्षीय मलेछिया देवीलाई बोक्सीको आरोपमा ०५८ असोज १० गते सोही गाउँका देवर नाता पर्ने दुलारजन यादव, वजो यादव, जितकिशोर यादव, नवल किशोर यादव र पुकारी यादवले निर्मम कुटपिट गर्नुका साथै दिसा-पिसाबमा विष मिलाई खुवाएर हत्या गरे। पीडकहरूलाई कारवाही भएन।

सोहडवा गाविस-७ का २५ वर्षीय कृष्णकुमार पासवानलाई आफ्नी छोरीसँग प्रेम गरेको आरोपमा ०५८ असोज १८ गते राति सोही ठाउँका सतेन्द्र झालगायत् उच्च जातिका भनिने व्यक्तिहरू सुयदेव झा, प्रसन्न झा र रमन झाले निर्मम कुटपिट गरी बेहोस बनाएकोमा उपचारार्थ लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भयो। पीडकहरूमध्ये प्रसन्नलाई हाल थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कूल १ सय ३५ बन्दी क्षमता भएको महोत्तरी जेल "ख" श्रेणीको हो। यस वर्ष यो जेलमा कैद नतोकिएका ८२ पुरुष र ३ महिला गरी ८५ जना तथा कैद नतोकिएका ९६ जना पुरुष र ३ जना महिला गरी ९९ जना वन्दी छन्। यसरी कूल १ सय ७ पुरुष र ६ महिला गरी १ सय ८४ जना वन्दी छन्। यस जेलमा १ नाबालक र १ नाबालिका समेत छन्।

जेलमा भित्र, वाहिर गरी ८ वटा चर्पी, एउटा पानीको धारा र ३ वटा ट्युबवेल छन्।

यस जेलका बन्दी ४५ वर्षीय छटु कवारीको ०५८ साउन ४ गते दम रोगका कारण र ४९ वर्षीय सिताराम मुखियाको ०५८ असोज ७ गते मस्तिष्कघातका कारण अञ्चल अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन: घटना संख्या	पीडित संख्या: पुरुष	महिला	जम्मा	राज्यद्वारा भएका हनन: घटना संख्या	पीडित संख्या: पुरुष	महिला	जम्मा
हत्या	१९	१७	४	२१				
बम प्रहारबाट घाइते	१		१	१				
हिरासत/जेलमा मृत्यु					१	१		१
कुटपिट	१६	१६	५	२१	३	२	३	५
धम्की	३	४	१	५				
महिला किनबेच	२		३	३				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	३		३	३				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	५०	३९	२२	६१	४	३	३	६

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

लक्ष्मीनिया गाविस-९ स्थित सागरनाथ वन विकास परियोजनाको रूख काटिरहेको बेला गिरफ्तार गर्न खोज्ने वन सुरक्षाकर्मीलाई ०५७ फागुन ९ गते काठ चोरहरू काले लामा, पचु लामा, वन्डा वल, जयन्दन सिंह, जेठा तामाङ र महिला तामाङले टाउकोमा बन्चरो प्रहार गरी बेहोस बनाएर आगो लगाउने प्रयास गरे। पीडकहरूलाई कारवाही भएन।

लक्ष्मीनिया गाविस-७ का ३५ वर्षीय विष्णुमाया, २९ वर्षीय मनमाया लामा र ३६ वर्षीय कलावती झाको घरमा ०५७ फागुन १४ गते सुरक्षाकर्मीले खानतलास गर्नुको साथै घरमा भएका सामानहरू लगी धम्की दिए।

लक्ष्मीनिया गाविस-५ मा वन सुरक्षाकर्मीलाई ०५८ वैशाख १ गते वन तस्करहरूले कुटपिट गर्नुका साथै गाडी समेत तोडफोड गरे। तस्करहरूले अवदेखि वनमा गस्ती गर्न छाड्नुपर्ने र नछाडेमा ज्यानमार्ने धम्की दिए।

खयरमारा गाविसस्थित खाली प्रहरी चौकीमा ०५८ वैशाख १० गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

हातिसर्वा गाविस-६ का लहिम मण्डललाई फरक विचार राखेको आरोपमा ०५८ कार्तिक ३ गते सोही ठाउँका हकु मुनिर कवारी, राजकिशोर यादव, रहमकवारी जासर यादव र राजेश यादवले निर्मम कुटपिट गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी जरिवाना गरे।

हातिसर्वा गाविस-६ का गाविस उपाध्यक्ष ४५ वर्षीय राजीवशरण यादवलाई ०५८ मंसिर १५ गते वेलुका गाउँको वाटोमा हिँडिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते वनाए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २ वटा मुद्दामध्ये ४ सय ३९ वटा फर्स्योट भई ४ सय ६३ बाँकी रहे। यस वर्ष दर्ता भएका १ हजार ४ सय ४९ मुद्दामध्ये २ सय ५४ वटा फर्स्योट भई १ हजार १ सय ९४ बाँकी रहे। यसरी यस वर्ष गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल २ हजार ३ सय ५१ वटा मुद्दा रहेकोमा ६ सय ९३ फर्स्योट भई १ हजार ६ सय ५८ बाँकी रहे।

चोरीको आरोपमा कुटपिट गरिएकी मटनीदेवी

महिला अधिकार

वलवा गाविस-५ की ८ वर्षीय एक बालिकालाई ०५७ फागुन २५ गते सोही गाउँका सितरण यादवले ललाई-फकाई बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छन्।

काभ्रे जिल्ला चापाखोरी गाविस कुरूवासकी २३ वर्षीय कुमारी लामा र सिन्धुपाल्चोक जिल्ला डाँडापाखा गाविसकी १८ वर्षीय सुस्मिता लामालाई इलाम जिल्ला चमैता गाविस-१ का २६ वर्षीय रोशन लामाले काठमाण्डौबाट जनकपुरमा होटल चलाउने प्रलोभन दिएर बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको अवस्थामा ०५८ वैशाख ९ गते प्रहरीले गिरफ्तार गरे। पीडकलाई आवश्यक कारवाहीका लागि काठमाण्डौ विशेष अदालतमा पठाइयो।

गौशाला गाविस-९ की ३९ वर्षीय बेलिमाया जङ्गलाई बोक्सीको आरोपमा ०५८ वैशाख ३ गते सोही ठाउँका काहिँला जङ्ग (मगर) र कान्छा जङ्गले निर्मम कुटपिट गरे।

औरही गाविस-३ की ७५ वर्षीय मुनेश्वरी यादवलाई बोक्सीको आरोपमा ०५८ असार ३ गते हातिर्सवा गाविस-७ का रामवृक्ष यादवसमेतका व्यक्तिहरूले निर्मम कुटपिट गरी कपाल काटिदिनुका साथै दिसा-पिसाबसमेत खुवाए। पीडितलाई पीडकहरूले कुटपिट गर्दै गाउँ निकाला गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

सिमरदही गाविस-११ की ५५ वर्षीय मरनीदेवी साहलाई बोक्सीको आरोपमा ०५८ साउन ३० गते सोही गाविसका अध्यक्ष नवल किसोर सहनी, रामविलन साह, पार्वती साह, जोगिन्दर साह, मोतिदेवी साह, रामकिशोर साह, जोगिन्दार सहनी, नागेन्द्र सहनीसमेतका व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूमध्ये नवलकिशोर र नागेन्द्रलाई प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

अतिरिक्त जानकारीहरू

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २० जना पुरूष र ४ जना महिला पीडित भए। १४ जनाले आत्महत्या गरे। १ जना पुरूषको लास फेला पर्‍यो।

२.३ सर्लाही

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

पिडारी गाविस-८ का २७ वर्षीय रामलक्ष्मणप्रसाद शाहलाई ०५७ पुस १७ गते राति घरमा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। पीडक माओवादी भएको आशंका गरिएको छ।

पिडारी गाविस-८ का २७ वर्षीय रामप्रसाद शाहलाई ०५७ पुस २१ गते बेलुका माओवादीहरूले घरबाट बाहिर बाटोमा बोलाई गोली हानी हत्या गरे।

गडहिया गाविस-२ का ४३ वर्षीय विन्देश्वर राय यादवलाई ०५७ माघ १३ गते बेलुका मोटरसाइकलमा चढेर घरतर्फ गइरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले गोली हानी घाइते बनाए।

पत्थरकोट गाविस-३ स्थित प्रहरी चौकीमा ०५८ जेठ १२ गते राति माओवादीहरूले गोली प्रहार गरी प्रहरी हवल्दार बुद्धि अधिकारी, प्रहरी जवान श्रवण कुमार थिङ्ग र पर्थुमान भुजेललाई गम्भीर घाइते बनाए। सो घटनामा २ जना माओवादीहरू पनि घाइते भए।

लालबन्दी गाविस-२ का २४ वर्षीय धनवहादुर बम्जनको ०५८ पुस १३ गते अत्रौली गाविस-७ को मानेमेलामा सुरक्षाकर्मीहरूले गोलीबाट मृत्यु भयो भने हरिऔन गाविस-१ का मानबहादुर घलान र भीमबहादुर म्लोन घाइते भए। मानेमेलामा करिब ५ सय जनतालाई सुरक्षाकर्मीले चारैतिरबाट घेराउ गरी बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म घोप्टो पारेर राखेका थिए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १० जना पुरूष र एक जना ३ वर्षीय बालिकासहित ५ जना महिलाको हत्या भयो। गोलीद्वारा ३ जना पुरूष घाइते भए। जसमध्ये-

फरहदवा गाविस- २ का ५२ वर्षीय वलदेव साह तेलीलाई वैशाख ०५८ वैशाख २५ गते लक्ष्मीपुर गाविस- ४ स्थित प्राविको चौरमा अज्ञात व्यक्तिहरूले हत्या गरे।

हत्या गरिएका वलदेव साह तेली

जेल र बन्दीहरु

सय जना बन्दी क्षमता भएको सर्लाही जेल "ग" श्रेणीको हो। यस वर्षको अन्त्यसम्ममा यो जेलमा ३२ जना पुरुष र ७ जना महिला बन्दी छन्। महिला बन्दीहरूमध्ये ३ जना कैद तोकिएका र ४ जना कैद नतोकिएका छन्। जेलमा चर्पीको व्यवस्था ठीक नभएको, ढल निकासको राम्रो व्यवस्था नभएको, वातावरण दुर्गन्धित रहेको कुरा जेलर अनिलकुमार आचार्यले बताए। बन्दीहरूको सामान्य उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरिन्छ। जेलमा विभिन्न पत्रपत्रिका, टिभी, रेडियो, क्यारमबोर्ड, लुँडो आदिको व्यवस्था गरिएको छ। महिला बन्दीहरूले एउटा सिलाई बुनाई मेसिन प्रयोग गरी सामान्य आय आर्जन कार्यमा लागेका छन्।



जनसंख्या	: ६४१७७२
साक्षरता प्रतिशत	: ३८.०८
महिला साक्षरता प्रतिशत	: २१.४३
क्षेत्रफल (वर्ग कि.मी.)	: १२५९
गाविस/नपा संख्या	: ९९/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३१८
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १ /१०६
टेलिफोन लाइन	: ४१७
मोटर सडक (कि.मी.)	: २१५
प्रहरी कार्यालय संख्या	: ३८
हुलाक संख्या	: ८९

गिरफ्तारी र यातना

मलंगवा नपा-२ का ४६ वर्षीय राजेन्द्रप्रसाद यादवसमेतका व्यक्तिहरूलाई अल्पामाई हाटबजारमा जुवातास खेलाएको आरोपमा ०५७ माघ ४ गते प्रहरीले गिरफ्तार गरेकोमा निर्मम यातना दिए। पीडितको उपचार मलंगवा अस्पतालमा गरियो भने प्रहरीले घटना प्रति क्षमायाचना गरे।

नारायणखोला गाविसका अध्यक्ष ३१ वर्षीय पदमबहादुर लोलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ जेठ १३ गते राति लालबन्दी गाविसमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी ४ घण्टापछि रिहा गरे।

हजरीया गाविस-३ का २५ वर्षीय उपेन्द्र रायलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ साउन ११ गते घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

ढुङ्ग्रेखोला गाविस-७ का ३३ वर्षीय चित्रबहादुर रायमाझीलाई चोरी गरेको आरोपमा ०५८ मंसिर २० गते प्रहरीले गिरफ्तार गरेकोमा निर्मम यातना दिई २ दिनपछि रिहा गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

रौतहट जिल्ला वालचनपुरस्थित एभरग्रीन बोर्डिङ स्कूलमा अध्ययनरत १२ वर्षीय सुनिलकुमार शाहलाई ०५८ भदौ १४ गते राति भैरव यादव, जुगल महतो, गगरदेव शाह, चन्देश्वर महतो र विरेन्द्र ठाकुरले अपहरण गरी महोत्तरी जिल्लातर्फ लगे। पीडकहरूलाई माओवादीहरूले आफ्नो कब्जामा लिई "जनकारवाही" गरी पीडितलाई उनकै बाबुसमक्ष बुझाए।

नेत्रगञ्ज गाविस-९ का ३५ वर्षीय गुरूनेन्द्र रायलाई ०५८ असोज ९ गते बेलुका घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई २ दिनपछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पत्थरकोट गाविस-४ का ४३ वर्षीय नारायण थापा, २९ वर्षीय लालबहादुर श्रेष्ठ, २५ वर्षीय कृष्णप्रसाद श्रेष्ठ, सोही गाविस-५ का २७ वर्षीय प्रेमबहादुर भुजेल, ३४ वर्षीय पदमबहादुर भुजेल, ३९ वर्षीय लालबहादुर भुजेल र लालबन्दी गाविस-६ का ५१ वर्षीय डम्बरबहादुर श्रेष्ठलाई ०५७ पुस १७ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

सागरनाथ वन विकास परियोजनामा कार्यरत देवनाथ सिंह, पल्टी साह, बद्री ठाकुर, मोहनकुमार वैद्य र मो. शेष समरूललाई ०५७ माघ ६ गते महोत्तरीका वनपाले राजन खड्कासहित १३ जनाको समूहले मूर्तिया क्षेत्रको काठ तस्करले रूख काटिरहेको अवस्थामा कुटपिट गरे।

मलंगवा नपा-८ स्थित जिल्ला मालपोत कार्यालयमा ०५७ फागुन २ गते बिहान माओवादीहरूले बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

राजघाट गाविस-१ स्थित ग्रामीण विकास बैंकमा कार्यरत प्रदीप पौडेललाई ०५७ फागुन १७ गते ऋणीहरूले लिएको ऋणको ब्याज रकम असुल गर्न गएको अवस्थामा माओवादीहरूले कान समाई उठबस गर्न लगाउनुका साथै आइन्दा ब्याज असुल नगर्न धम्की दिए।

पिपरीया गाविस-६ का ५८ वर्षीय हरिनारायण ठाकुरको घरमा ०५८ असार २५ गते राति माओवादीहरूले बम विस्फोट गराई सुनचाँदी, नगद रकम र बन्दुक लुटेर लगे।

जानकीनगर गाविस-३ स्थित प्रहरी चौकीमा ०५८ असार २६ गते राति माओवादीहरूले बम विस्फोट गराई सामान्य क्षति पुऱ्याए।

ढुङ्ग्रेखोला गाविस-२ का ४७ वर्षीय मेघनाथ मैनालीलाई ०५८ भदौ २५ गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाए।

हजारीया गाविस-१ स्थित प्रहरी चौकीमा ०५८ मंसिर १३ गते राति माओवादीहरूले आक्रमण गरी चौकी तोडफोड गरी आगो लगाए।

फूलपरासी गाविस-५ का ३२ वर्षीय उमेश रायलाई ०५८

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	१०	५	१५				
गोलीद्वारा हत्या					१	१		१
गोलीद्वारा घाइते	५	६		६	१	४		४
गिरफ्तारी र यातना					४	६		६
लाठी चार्ज					१	२		२
कुटपिट	३२	३१	१	३२	१	१		१
धम्की	२	२		२	१		१	१
महिला किनबेच	१		१	१				
बलात्कार	४		४	४				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	३		३	३				
पारिवारिक हिंसा	१	२	२	४				
गर्भपतन	१		१	१				
बाल अधिकार	२	५		५				
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	१		१	१				
अमानवीय व्यवहार	२	४	१	५				
अपहरण	२	२		२				
जम्मा	६३	६४	२१	८५	९	१४	१	१५

पुस १२ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै नगद रकम र अन्य सामान लुटेर लगे।

महिला अधिकार

मलंगवा नपा-४ की ७ वर्षीय एक वालिकालाई ०५७ चैत ३ गते भारत सितामाडी चिलराग्रामका २५ वर्षीय विद्या रायले बलात्कार गरे। पीडक फरार छन्।

लौकट गाविस-४ की १४ वर्षीय एक वालिकालाई ०५८ भदौ २० गते सोही ठाउँका १८ वर्षीय श्यामजी ठाकुर, १७ वर्षीय लोचन राय र १९ वर्षीय संजित रायले उखुवारीमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरे।

सुन्दरपुर चुहड्वा गाविस-९ की ११ वर्षीय एक वालिकालाई ०५८ भदौ २३ गते खेतमा घाँस काटिरहेको अवस्थामा सोही ठाउँका १७ वर्षीय साइँला भन्ने अशोक विश्वकर्माले वलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

परवानीपुर गाविस-३ की ३९ वर्षीय एक महिलालाई ०५८ असोज ४ गते राति सोही गाविस-४ का ५५ वर्षीय रामवहादुर कार्कीले झारफुक गर्ने वहानामा घरमा वोलाई वलात्कार गरे। गाउँलेहरूले पीडकलाई पीडितसित माफी माग्न लगाई १ हजार १ सय रूपैयाँ जरिवाना गरे।

फरहदवा गाविस-५ की १५ वर्षीय एक युवतीलाई ०५८ भदौ १७ गते सोही ठाउँका २९ वर्षीय मसलिम फकिर र २६ वर्षीय नथुनी फकिरले विक्री गर्न भारत लगे। पीडिनका वावुले प्रहरीसमक्ष निवेदन गरेपछि पीडकलाई प्रहरीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे। पीडित सकुशल घर फर्कन सफल भइन्।

मलंगवा नपा-१० की २५ वर्षीय सविना चौधरीलाई ०५७ माघ २० गते अंशवण्डाको विषयमा छलफल हुँदा आफ्नै ससुरा ४६ वर्षीय विगु चौधरीले निर्मम कुटपिट गरे।

डुमरीया गाविस-५ की ३० वर्षीय एक महिलालाई ०५७ माघ २० गते सोही ठाउँका ३८ वर्षीय रामेश्वर सहनीले यौन सम्पर्क गर्न नदिएको रिसमा छुरा प्रहार गरी घाइते वनाए। पीडक फरार छन्।

बहुविवाहका ३ वटा घटना सार्वजनिक जानकारीमा आए।

महिलालाई झुक्याएर गर्भपतन गराएको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

बालअधिकार

हजरीया गाविस-२ का १० वर्षीय उमेश मुखियालाई ०५७ पुस २४ गते घरवाट विद्यालयतर्फ गइरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले घाँटीमा धारिलो हतियार प्रहार गरी घाइते बनाए।

हजरीया गाविस-३ का ७ वर्षीय दशैं सहनी, ६ वर्षीय हरिन्दर सहनी, ५ वर्षीय रामवावु सहनी र ६ वर्षीय लोहवा रायलाई ०५७ माघ १४ गते गोठाला गएको अवस्थामा रौतहट जिल्ला पिपराजवरा गाविस-१ का ३५ वर्षीय महेन्द्र साह कानुले विस्कुट देखाई नजिकै रहेको तोरीबारी जंगलमा लगी उनीहरूका २ वटा भैंसी चोरी विक्री गरेर पीडितहरूलाई ३ दिनपछि मुक्त गरे। पीडकलाई प्रहरीद्वारा गिरफ्तार गरियो।

आर्थिक अधिकार

रौतहट जिल्ला राजपुर गाविस-३ का १७ वर्षीय राजाराज वहादुरलाई इँटाभट्टामा काम गरेवापतको पारिश्रमिक माग गर्दा ०५७ माघ २९ गते मालिक घुर्कौली गाविस-४ का २५ वर्षीय किरण थापा मगरले कुटपिट गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

हरकढवा गाविस-३ स्थित महादेव मन्दिरमा ०५७ फागुन ७ गते पुजा गर्न गएका ३६ वर्षीय दुखियादेवी महरा, सुरज महरासमेत् सयौं व्यक्तिलाई अछूत जात भएको आरोपमा मन्दिरका पुजारी र सोही ठाउँका माथिल्लो जातिका भनिने व्यक्तिहरूले प्रवेश गर्न दिएनन्। यसको विरूद्धमा पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। प्रशासनले दलितहरूलाई मन्दिर प्रवेश गर्न रोक लगाउनु कानूनविपरित भएको बतायो।

हजरीया गाविस-९ का ६० वर्षीय विश्वनाथ झालाई जग्गाको विषयमा विवाद हुँदा ०५८ भदौ १६ गते दिउँसो सोही ठाउँका हुसेनी राय, पवनकुमार झा, वद्री राय, भीम सापकोटा र झपसा नुनिया महतोले मोसो दल्नुका साथै जुत्ताको माला लगाई गाउँ घुमाए। पीडकहरूमध्ये हुसेनीलाई प्रहरीले गिरफ्तार गरे भने अन्य फरार छन्।

अतिरिक्त जानकारीहरू

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ७ जना पुरूष पीडित भएको सार्वजनिक जानकारीमा आयो। १४ जना पुरूष र ११ जना महिलाले आत्महत्या गरे। चोरी/डकैतीको २० वटा घटनामा १९ जना पुरूष र १ जना महिला पीडित भए। त्यसैगरी दुर्घटना र विपत्तिको २५ वटा घटनामा २० जना पुरूष र ५ जना महिला पीडित भए।

२.४ सिन्धुली

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

धनुषा जिल्ला महेन्द्रनगर गाविस-१ घर भई बेलघारीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत सई इन्द्रबहादुर बस्नेत र ताप्लेजुङ्ग जिल्ला घर भई सोही ठाउँमा कार्यरत प्रहरी जवान टेकनाथ घिमिरेको ०५७ फागुन ११ गते बिहान गस्तीमा जाँदा बेलघारी गाविस-५ मा माओवादीले थापेको एम्बुसमा परी मृत्यु भयो। त्यसैगरी प्रहरी हवल्दार जनकपुर जिल्लाका इनुस सफेद, प्रहरी जवानहरू गोरखाका सिताराम थापा, संखुवासभाका रामकृष्ण बडुवाल र भक्तपुरका राजु थापा सख्त घाइते भए। वम विस्फोटनपछि दोहोरो भीडन्त भएको थियो। फागुन १० गते सोही स्थानमा रहेको दूरसञ्चार संस्थानको टेलिफोन टावर माओवादीहरूले आगो लगाएपछि प्रहरी गस्ती सो ठाउँमा जाँदा माओवादीले आक्रमण गरेका थिए। पीडितहरूको उपचार काठमाण्डौमा गरियो।

नेत्रकाली गाविस-५ का ४१ वर्षीय वकिलवहादुर स्याङतानलाई ०५८ मंसिर ३ गते आफ्नै घरवाट माओवादीहरूले अपहरण गरी मंसिर ९ गते बेलुका घर नजिकै लगेर खुकुरी तथा गोली प्रहार गरी हत्या गरे। पीडितको लास पोष्टमार्टम नै नगरी ६ दिनपछि दाहसंस्कार गरियो।



जनसंख्या	: २७९१९०
साक्षरता प्रतिशत	: ३९.२७
महिला साक्षरता प्रतिशत	: २५.२४
क्षेत्रफल (वर्ग कि.मी.)	: २४९१
गाविस/नपा संख्या	: ५३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५१५
क्याम्पस/उच्च मावि	: २/११
अस्पताल/स्वास्थ्य चौकी	: १/५५
टेलिफोन लाइन	: १६०
मोटर सडक (कि.मी.)	: ११०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५५

कमलामाई नपा-४ सिलामेका करिब २२ वर्षीय भिम श्रेष्ठलाई आफूलाई गोली हान्न थालेको आरोपमा ०५८ मंसिर १० गते सोही नपा-४ स्थित कालिमाइस्थान मन्दिरअगाडि सादा पोशाकका प्रहरीले गोली हानी घाइते बनाए।

बारा जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार प्रमोद नेपाल ०५८ मंसिर १७ गते राति कमलामाई नपा-६ मा गस्ती गएको अवस्थामा माओवादीसँगको दोहोरो भीडन्तका क्रममा गोली लागी घाइते भए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा ३ जना पुरूषको हत्या भयो। जसमध्ये-

बाहुन तिल्पुङ्ग गाविस-६ का ५७ वर्षीय रत्नबहादुर किडरिङ मगरलाई पत्नी र आमाको दाइजो सुन नदिएको आरोपमा ०५८ असोज २५ गते बेलुका आम्बोटे गाविस-७ का ५४ वर्षीय लालवहादुर समाल र उनकै छोरा कृष्णबहादुर समालले खुकुरी प्रहार गरी हत्या गरे। पीडकहरू राति ११ वजे नक्कली माओवादी बनेर पीडितवाट ५० हजार रूपैयाँ माग्दा छैन भनेपछि घरवाट बाहिर निकाली खुकुरी प्रहार गरेको पीडितका आफन्तले वताए। पीडक लालवहादुर पीडितका आफ्नै वहिनी ज्वाइँ हुन्। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	४	१	५				
गोलीद्वारा हत्या	१	१		१				
एम्बुसमा परी मृत्यु	१	२		२				
गोलीद्वारा घाइते	२	५		५	१	१		१
गिरफ्तारी र यातना					१३	३५	४	३९
कुटपिट	१९	१८	५	२३	१	७		७
धम्की	१९	२२	४	२६	२	२		२
भेला र संगठित हुने अधिकार	१				३	५		५
सरूवा/घटुवा/पक्षपात आदि	१	१		१				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	६		७	७				
बहुविवाह	७	१	६	७				
पारिवारिक हिंसा	५	१	८	९				
महिला भएकै कारण यातना	७		९	९				
बाल अधिकार	५		८	८				
आर्थिक अधिकार	१	६	१	७				
जातीय छुवाछूत	३	६		६				
अमानवीय व्यवहार	३		३	३				
अपहरण	३	२	१	३				
जम्मा	९२	६९	५६	१२५	२०	५०	४	५४

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको सिन्धुली जेलमा हाल ३७ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका १२ पुरूष र १ महिला गरी १३ जना तथा कैद तोकिएका २१ पुरूष र ३ महिला गरी २४ जना छन्। राजनीतिक बन्दी नरहेको बताइएता पनि माओवादी गतिविधिमा संलग्न भएको आरोपमा हातहतियार खरखजानासम्बन्धी मुद्दाअन्तर्गत ७ र कर्तव्य ज्यान मुद्दाअन्तर्गत ३ गरी १० जनालाई थुनामा राखिएको छ। पानी र चर्पीको राम्रो व्यवस्था भएको यस जेलमा पुरूषका लागि ६ र महिलाका लागि २ वटा कोठा छन्। महिलाको कोठा चिसो भएको तथा भान्सा र चर्पी नजिकै भएकाले खाना खाँदासमेत दुर्गन्ध आउने गरेको महिला बन्दीको गुनासो छ। महिला बन्दीहरूलाई दिनमा ३ घण्टामात्र बाहिर कम्पाउण्डमा घुमफिर गर्न दिइन्छ। पहिले जिल्ला विकास समितिले पुरूषतर्फ टिभीको व्यवस्था गरिदिएकोमा यस वर्ष कमलामाई नपा-४ का वडाध्यक्ष सविता कोइरालाको पहलमा नपाबाट महिलातर्फ पनि टिभीको व्यवस्था गरिएको छ।

बन्दीहरूका लागि जेलमा ०५८ असार १८ गते एउटा प्राथमिक विद्यालयको स्थापना गरिएको छ। रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) को सहयोगमा पुस्तकालयको स्थापना गरिएको छ। पुस्तकालयमा ३ सय १७ वटा पुस्तक रहेको र दैनिक पत्रिका पनि उपलब्ध भएको बन्दीहरू बताउँछन्। जेल प्रमुख बस्ने कोठा र महिला बन्दी गृहको अभाव रहेको जेलर राजेन्द्र साहले बताए।

बन्दीहरूले आफ्नै प्रयासबाट टोपी, मुढा, स्वेटर, पञ्जा, पलङ्गको लेस आदि बुन्ने गरेता पनि बजारको अभावले व्यवसाय फस्टाउन नसकेको बताए। जाडोमा सिमेन्टको भूइँमा ओछ्यान लगाएर सुत्नुपर्दा निकै कठिनाई भएको बन्दीहरूको गुनासो छ। बन्दीहरूको सामान्य उपचार स्थानीय अस्पतालमा गरिन्छ।

गिरफ्तारी र यातना

अमले गाविस-५ का ३२ वर्षीय थलप्रसाद देवकोटालाई ०५७ फागुन १ गते जिल्ला अदालतले रिहा गर्ने आदेश दिएपछि पनि अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई सरकारको घोषणाबमोजिम ०५८ भदौ १३ गते रिहा गरियो।

कमलामाई नपा-४ सिलामेका टिका श्रेष्ठ र अमले गाविस-३ का सुरदबहादुर स्याङ्तानलाई ०५७ फागुन २१ गते अदालतको आदेशमा रिहा हुनासाथ अदालत परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सरकारको घोषणाबमोजिम ०५८ असोज १४ गते मुद्दा फिर्ता लिई रिहा गरियो।

अमले गाविस-२ का ५५ वर्षीय खड्गबहादुर देवकोटालाई ०५७ फागुन २२ गते केन्द्रीय कारागार, काठमाण्डौबाट रिहा हुनासाथ प्रहरीले गिरफ्तार गरी सिन्धुली ल्याए। पीडितलाई ०५५ असारमा गिरफ्तार गरी हातहतियार खरखजना लगायतका मुद्दाहरूमा थुनामा राखिएको थियो। पीडितहरूका तर्फबाट छोरी उषा देवकोटाले सर्वोच्च अदालतमा फागुन २४ गते बन्दी प्रत्यक्षीकरणको रिट (नं. ३५८८) दायर गरेपछि जिल्ला प्रहरी कार्यालयले गैर कानूनी ढंगले गिरफ्तार नगरिएको भन्ने पत्र सर्वोच्च अदालतलाई पठाई ०५७ चैत १० गते रिहा गरियो।

भद्रकाली गाविस-४ बेसारेका फुलकुमार श्रेष्ठ र शान्तेश्वरी गाविस-९ का मानबहादुर स्याङ्तानलाई ०५७ फागुन

२३ गते कैद समाप्त भई रिहा हुनासाथ प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरूमध्ये फुलकुमारलाई ०५८ भदौ १३ गते र मानबहादुरलाई असोज १४ गते सरकारको घोषणाबमोजिम मुद्दा फिर्ता लिई रिहा गरियो।

कमलामाई नपा-१८ का ड्राइभर ३८ वर्षीय कुमार राउत, रानीचुरी गाविस-५ का खलासी १८ वर्षीय राजेन्द्र श्रेष्ठ, लाम्पानटार गाविस-५ का खलासी १७ वर्षीय रामबहादुर सार्की, सुनसरी जिल्ला भरौल गाविस-३ का कन्डक्टर ३२ वर्षीय गणेश खत्री र सर्लाही जिल्ला लालबन्दी गाविस-८ का ड्राइभर २४ वर्षीय निर्मल कार्कीलाई माओवादीको कार्यक्रममा गाडीमा मान्छे लगेको आरोपमा ०५७ चैत १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये ४ जनालाई चैत २१ गते जमानीमा र गणेशलाई चैत २६ गते रिहा गरियो। माओवादीहरूले ०५७ चैत १७ गते चकमकेबाट २ वटा बस रिजर्भ गरी सो ठाउँका व्यक्तिहरूलाई आफ्नो कार्यक्रममा लगेका थिए।

कमलामाई नपा-४ सिलामेका ३१ वर्षीय गंगा श्रेष्ठ, सोही नपा-१४ का ५५ वर्षीय मोहन घिमिरे, लाम्पानटार गाविस-३ का २५ वर्षीय मोदनाथ तिमल्सिना र कपिलाकोट गाविस-४ का २९ वर्षीय रूद्रबहादुर ढाडा मगरलाई ०५८ असार ३ गते अदालतले रिहा गर्ने आदेश दिएपछि पनि रिहा गरिएन। पीडितहरूलाई ०५३ सालदेखि विभिन्न मुद्दामा थुनामा राखिएको थियो। आफूलाई लगाइएका मुद्दाहरूको तोकिएको कैद अवधी समाप्त भएको र केही मुद्दा जितिसक्दा पनि आफूहरूलाई रिहा नगरिको गुनासो पीडितहरूले गरे। पीडितहरूलाई ०५८ असार ७ गते देखि थुनामा राखिएकोमा ३ जनालाई सरकारको घोषणाबाट साउन १४ गते र गंगा श्रेष्ठलाई बन्दी प्रत्यक्षीकरणको आदेशबाट साउन २३ गते रिहा गरियो।

भद्रकाली गाविस-८ का २२ वर्षीय दिनेश चौलागाईं, कमलामाई नपा-९ का २२ वर्षीय रत्न गौतम र सिर्थौली गाविस-१ डकाहाका ३१ वर्षीय धुव्र घिमिरेलाई कर्फ्युको आदेश उल्लंघन गरेको आरोपमा ०५८ मंसिर २५ गते बेलुका प्रहरीले गिरफ्तार गरे। दिनेश र रत्नलाई ०५८ मंसिर २६ गते र धुवलाई ४ दिन हिरासतमा राखी मंसिर २९ गते तारेखमा रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

रौतहट जिल्ला चन्द्रनिगाहपुर घर भई क्यानेश्वर माविमा कार्यरत शिक्षक माधव काफ्लेसमेत २ जनालाई आफूले भने जति चन्दा नदिएको आरोपमा ०५८ असार २ गते माओवादीहरूले विद्यालयवाट अपहरण गरे। पीडितहरूलाई ७ दिनसम्म भारी बोकाएर जंगलमा हिंडाएपछि मुक्त गरियो। पीडकहरूले आफ्नो कन्चटमा बन्दुक तेर्साएर विभिन्न धम्की दिएको पीडितहरूले वताए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

डाँडीगुराँसे गाविसका अध्यक्ष साइतवीर माझीलाई ०५७ माघ १७ गते जनमोर्चाको कार्यालयमा बसिरहेको अवस्थामा कमलामाई नपा-६ धुराबजारका २८ वर्षीय विष्णुबहादुर तामाङसमेतका व्यक्तिहरूको समूहले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी ०५७ फागुन १७ गते २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

कमलामाई नपा-५ सातपत्रेको जंगलमा ०५७ माघ २९ गते बेलुका माओवादीहरूले वम विस्फोटन गरे। त्यसपछि सुरक्षाकर्मीहरूले २ राउण्ड हवाई फायर गरेका थिए।

हत्पते गाविस-६ भलुवाहीका ३५ वर्षीय खेटराज अधिकारी, सोही ठाउँका १७ वर्षीय संजीव न्यौपानेसमेत ७ जनालाई एउटा कुटपिटको घटनामा संलग्न भएको आरोपमा ०५७ फागुन ६ गते डकाहास्थित इलाका प्रहरी कार्यालयमा बोलाएर प्रहरीले कुटपिट गरे। आफूहरू कुटपिटमा संलग्न नभएको पीडितले बताए। पीडितहरूलाई तारेखमा रिहा गरियो।

टाडी गाविस-१ का २२ वर्षीय रविया कुमर, सोही ठाउँका निराजन धामीसमेत ५ जनालाई राजनीतिक पूर्वाग्रहका कारण ०५७ फागुन २१ गते राति सोही ठाउँका नेकाँका कार्यकर्ता रामनारायण धामीसमेत १४ जनाले कुटपिट गरी ज्यानमार्ने धम्की दिनुका साथै घर भत्काइदिए। पीडक पक्षको उजुरीमा प्रहरीले पीडितहरूलाई नै गिरफ्तार गरेकोमा फागुन २५ गते जमानीमा रिहा गरियो। सोही दिन दुवै पक्षलाई उपस्थित गराएर घाइतेको उपचार गरिदिने शर्तमा जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गरियो।

डाँडीगुराँसे गाविस-२ आँपचौर घर भई खानेपानी संस्थानमा कार्यरत ४२ वर्षीय डम्बरबहादुर भुजेललाई ०५७ फागुन २९ गते कार्यालयमा ड्युटीमा बसिरहेको अवस्थामा सर्लाही जिल्ला औरही गाविस-५ घर भई सोही संस्थानमा कार्यरत ओभरसियर भिखारी राय यादवले कुटपिट गरी जागीर खाइदिने धम्की दिए। पीडक रातिको समयमा कार्यालयको पर्खाल नाघेर आएकाले चोर आयो भनी आफूले हल्ला गर्दा कुटपिट गरेको पीडितले बताए। कार्यालय प्रमुखसमेत बसेर पीडितलाई ३ हजार रूपैयाँ क्षतिपूर्ति दिने शर्तमा चैत १ गते मिलापत्र गरिएको तर आफूले उक्त रकम भने नपाएको पीडितले वताए।



माओवादीद्वारा आगो लगाई ध्वस्त पारिएको बस्तिपुर इलाका प्रहरी कार्यालय

भिमेश्वर गाविस-२ खुर्कोटका ४५ वर्षीय भोजबहादुर देवकोटालाई माओवादीको आरोपमा ०५७ चैत १ गते बेलुका आफ्नो होटलबाट घरतर्फ गइरहेको अवस्थामा खुर्कोटस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरीले कान र गालामा संगीन घोची घाइते बनाएर ज्यानमार्ने धम्की दिए।

भुवनेश्वरी गाविस-३ ग्वालटारका नेकपा (एमाले) का कार्यकर्ता ४८ वर्षीय भुपाल बरालालाई फरक विचार राखेको आरोपमा ०५७ चैत २ गते माओवादीहरूले सोही ठाउँस्थित कौशिका माविमा आयोजना गरेको आफ्नो कार्यक्रममा लगी सार्वजनिक बेइज्जती गर्नुका साथै संगठन गर्न गाउँ गएमा खुट्टा भाँचिदिने धम्की दिए।

पुरानो झाँगाझोली गाविस-४ भुल्कोटका सहस्रधारा निमावि, नाँगेडाँडाका शिक्षक २२ वर्षीय मनोज श्रेष्ठलाई ०५७ चैत १७ गते माओवादीहरूले माओवादी भएर हिड्नुपर्ने अन्यथा राम्रो नहुने धम्की दिए। माओवादीको धम्कीपछि पीडित घर छाडेर काठमाण्डौ गएको परिवारले बताए।

कल्पवृक्ष गाविस-१ खारखोलाका वडाध्यक्ष ४१ वर्षीय लालबहादुर ब्लोनलाई ०५८ वैशाख १३ गते अखिल नेपाल जनवादी युवा लिगको जिल्ला सम्मेलनका लागि सिन्धुलीगढीतर्फ जान लागेको अवस्थामा माओवादीहरूले आफूहरूको अर्को दिन कार्यक्रम भएको जनाउँदै सम्मेलनमा जान नपाउने र गएमा कारवाही गरिने धम्की दिए।

कमलामाई नपा-११ भिमानस्थित राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत दिल सिंह पाण्डेलाई ०५८ वैशाख १५ गते ड्युटीमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी सटगन लुटेर लगे। सोही दिन बिहान बैंकको सम्पूर्ण नगद र सुनचाँदी सदरमुकाम लगिएको थियो। हाल सो बैंक सदरमुकाम सारिएको छ।

बितिजोर गाविस-७ हर्कपुरका अनिन्द्रबहादुर कार्की र उनकी पत्नीलाई घरमा छोरी लुकाएको आरोपमा ०५८ वैशाख १८ गते माओवादीहरूले घर खानतलासी गरी कुटपिट गरे। पीडितकी छोरी सावित्री कार्कीले केही दिन अघि माओवादी परित्याग गरेकी थिइन्।

वाशेश्वर गाविस-४ कैंजलेका दिपक भुजेललाई ०५८ वैशाख २२ गते माओवादीहरूले कुटपिट गरे।

रतनचुरा गाविस-९ हिर्दिङ्गका डम्बरबहादुर थापालाई सर्वसाधारण ०५८ वैशाख २४ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

क्षेत्र नं. १ का गाविसहरूका साथै सर्वसाधारण महिला तथा किसानहरूलाई ०५८ जेठ १९ गते लाम्पानटार गाविस-४ स्थित उच्च माविमा अनेमसंघ (क्रान्तिकारी) ले आयोजना गरेको ३ दिने जिल्लास्तरीय कार्यक्रममा अनिवार्य उपस्थित हुनुपर्ने धम्की दिए। धम्कीका कारण आफूहरू ४ दिनसम्म उनीहरूको कडा पहराभित्र रहनुपरेको पीडितहरूले बताए।

माओवादीद्वारा कुटपिट गरिएकी यशोदा चौलागाई

कल्पवृक्ष गाविस-६ चनौटेका जनमोर्चाका कार्यकर्ता ३२ वर्षीय टिकाराम माझीलाई आफूहरूले भने अनुसारको काम नगरेको आरोपमा ०५८ जेठ २० गते माझी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य सिरिलाल माझी र कार्यकर्ता भिमबहादुर माझीले कुटपिट गरे। पीडकहरूले आफूहरूले कुटपिट नगरेको भनी प्रेस विज्ञप्ति जारी गरे।

कल्पवृक्ष गाविस-६ चनौटेका ३५ वर्षीय मानबहादुर माझीलाई आफूले भनेको नमानेको आरोपमा ०५७ जेठ ३० गते सोही ठाउँका माझी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य सिरिलाल माझीले ज्यानमार्ने धम्की दिए। सांसद विकास कोषको रकमबाट आफूलाई १ लाख २५ हजार दिनुपर्ने अन्यथा उक्त कार्यका "नाइके" हरूलाई पार्टीले सोच्नेछ भनी पीडकले धम्की दिए।

पोखरी गाविस-३ का सोही ठाउँस्थित लुम्ती मावि व्यवस्थापन समितिका अध्यक्ष ६० वर्षीय लोकनाथ पहाडीलाई विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०५८ असार ८ गते माओवादीहरूले विद्यालयमा गई कुटपिट गरे।

दुधौली गाविस-४ का करिब ६० वर्षीय भैरवबहादुर राउतलाई ०५८ असार १२ गते माओवादीहरूले घर, जग्गा र मिल आफ्नो कब्जामा लिई पार्टीको अनुमतिविना चलनचल्तीमा ल्याएमा भौतिक कारवाही गरिने धम्की दिए।

जनसमर साप्ताहिकका कार्यकारी सम्पादक मिनकुमार दाहाललाई आफ्नो विरूद्ध समाचार प्रकाशित गरेको आरोपमा ०५८ असार १४ गते घरेलुका सिलाई प्रशिक्षक ४१ वर्षीय बद्रि श्रेष्ठले खुट्टा भाँच्ने धम्की दिए। पीडकले आफ्नै विद्यार्थीलाई विवाह गर्छु भनी दुर्व्यवहार गरेको सम्बन्धी समाचार प्रकाशित गर्दा आफूलाई धम्की दिएको पीडितले बताए।

दुधौली गाविस-४ स्थित प्रहरी चौकी ०५८ असार २६ गते र झाँगाझोली रानमाटा गाविस-१ स्थित प्रहरी चौकीमा ०५८ साउन ५ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। प्रहरीले चौकी छाडिसकेपछि खाली भवनमा आगो लगाइएको थियो।

खोलागाउँ गाविस-९ का हेमप्रसाद पहाडीलाई ०५८ साउन १२ गते माओवादीहरूले धम्की दिई दण्ड स्वरूप भनेर ५ हजार रूपैयाँ लगे।

खाङसाङ गाविसका करिब ५० वर्षीय गणेशबहादुर खड्कालाई ०५८ साउन १४ गते माओवादीहरूले रत्नावती गाविसमा आयोजित आफ्नो कार्यक्रममा लगी छोरालाई प्रहरीको जागीर छुटाउन धम्की दिए।

शान्तेश्वरी गाविस-१ रामपुरस्थित प्रहरी चौकीमा ०५८ साउन १६ गते

माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। प्रहरीहरू सदरमुकाम सरेपछि आगो लगाइएको थियो। आगलागीबाट कार्यालयमा भएका काठका सामग्रीहरू नष्ट भएको प्रहरीले जनाए।

सिर्थौली गाविस-६ घर भई जिनखु गाविस-३ स्थित प्रस्तावित निमाविमा कार्यरत शिक्षक ४० वर्षीय खगेन्द्र काफ्लेलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०५८ साउन २३ गते माओवादीहरूले विद्यालयमै कुटपिट गरी ५ हजार रूपैयाँ लग्नुका साथै पुनः त्यस्तो गरेमा २० हजार रूपैयाँसहित कारवाही गरिने धम्की दिए।

कमलामाई नपा-९ ढुंग्रेबासका घरेलुका सिलाई प्रशिक्षक ४१ वर्षीय बद्रिकुमार श्रेष्ठलाई ०५८ साउन २४ गते प्रहरीले आफ्नै कार्यालयमा बोलाएर चेलिबेटी बेचबिखन सम्बन्धी मुद्दा लगाई दिन्छु भनी धम्की दिए। पीडितले आफ्नै विद्यार्थीलाई केही समय पहिले दोस्रो पत्नीका रूपमा ल्याएका र केटीको दाजु (प्रहरी) को दबाबमा केटीलाई छुटाउन आफूलाई धम्की दिएको पीडितले बताए। आफू कानूनी कारवाही भोग्न तयार रहेको तर प्रहरीले आफूलाई मानसिक यातना दिएको पीडितले बताए।

बेलघारी गाविस-१ स्थित इलाका प्रहरी कार्यालयमा ०५८ साउन २९ गते राति माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। प्रहरीले चौकी छाडेको २ दिनपछि माओवादीहरूले आगो लगाएका थिए। आगलागीबाट भवन तथा कागजपत्र र काठमा सामग्री नष्ट भएको प्रहरीले जनाए।

वस्तीपुर गाविस-७ हायुटारका ४५ वर्षीय कान्छाराम स्याङतानलाई प्रहरी चौकी राख्न घर दिएको आरोपमा ०५८ भदौ १८ गते माओवादीहरूले १० हजार रूपैयाँ जरिवाना गरी पुनः चौकी राखेमा ज्यानमार्ने धम्की दिए। चौकी बसेको घर तुरून्त भत्काऊ भन्दै आफूलाई कान समाई उठबस गर्न लगाएर रकमसमेत लुटेर लगेको पीडितले बताए।

खोलागाउँ गाविस-९ कवासेका ३५ वर्षीय काशीनाथ पहाडीलाई ०५८ भदौ २४ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ३ सय रूपैयाँ जरिवाना गरे। पीडित गाउँ नै छाडेर अन्यत्र गएको सो ठाउँका बासिन्दाले बताए।

भिमेश्वर गाविस-२ खुर्कोटका ४५ वर्षीय खड्गबहादुर देवकोटालाई ०५८ असोज ६ गते माओवादीले कान समाई उठबस गर्न लगाई ज्यानमार्ने धम्की दिए।

कमलामाई नपा-१२ कोरूङ्गखोलाका मानवअधिकार रेडियो श्रोता क्लब, भिमानका अध्यक्ष २५ वर्षीय रूद्रबहादुर खड्कालाई आफूविरूद्ध समाचार लेखेको आरोपमा ०५८ असोज ७ गते सोही नपा-१२ बथानचौकीका सन्तोष गिरी, वथान चौकी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खगेन्द्र न्यौपानेसमेतका व्यक्तिले खुट्टा भाँच्ने धम्की दिए। पीडकहरूले मनोमानी ढंगले जंगल फडानी गरेका र आफूले समाचार लेखेपछि वन अधिकृतले काठसमेत पक्राउ गरेपछि आफूलाई धम्की दिएको पीडितले वताए।

भिमेश्वर गाविस-२ खुर्कोटस्थित इलाका प्रहरी कार्यालयको खाली भवनमा ०५८ असोज १० गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। प्रहरीहरू सदरमुकाम सरेपछि माओवादीले आगो लगाई भवन भत्काएका थिए।



प्रहरीको लाठी चार्जमा घाइते भएका कौशल कोइराला

झाँगाझोली गाविस-५ कालिमाटीकी २३ वर्षीय यशोदा चौलागाईंलाई आफूहरूले खाना खान माग्दा "काम गरेर खानुपर्छ, डुलेर खान पाईंदैन" भनेको आरोपमा ०५८ असोज १७ गते माओवादीहरूले कुटपिट गरे। पीडित राम्रोसँग बोल्नसमेत नजान्ने (लठेब्री) महिला हुन्।

झाँगाझोली गाविस-३ खहरेका ३५ वर्षीय कपूर्ण पुरीलाई ०५८ असोज १८ गते माओवादीहरूले कुटपिट गरे।

झाँगाझोली गाविस-३ का ४५ वर्षीय बाबुराम पुरीलाई आफूहरू विरूद्ध कार्य गरेको आरोपमा ०५८ असोज २० गते माओवादीहरूले कुटपिट गरे।

मझुवा गाविस-२ का ५९ वर्षीय डांरबहादुर कार्कीलाई आफूहरूले लगाएको नियम उल्लंघन गरेको आरोपमा ०५८ कार्तिक ३ गते माओवादीहरूले कुटपिट गर्नुका साथै कतै उजुरी गरेमा वा उपचार गर्न गाउँबाहिर गएमा ज्यानमार्ने धम्की दिए।

जिल्ला प्रशासन कार्यालयमा ०५८ मसिर ८ गते बेलुका माओवादीहरूले बम विस्फोटन गरे तर क्षति भएन।

वस्तीपुर गाविस-१ हायूटारका ४५ वर्षीय गोपालबहादुर नेपालीलाई आफूहरूले लगाएको नियम उल्लंघन गरेको आरोपमा ०५८ मसिर ९ गते अनेमसंघ (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गरे।

जलकन्या गाविस-२ स्थित प्रहरी चौकीमा ०५८ मंसिर २१ गते माओवादीहरूले आगो लगाएर ध्वस्त बनाए। प्रहरीहरू सदरमुकाम सरेपछि आगलागी गरिएको थियो। आगलागीबाट कार्यालयमा रहेका काठका सामग्रीहरू नष्ट भएको प्रहरीले जनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) का कार्यालय सचिव कौशल कोइरालालाई ०५८ वैशाख २२ गते छ वाम समूहले निकालेको मशाल जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गरी सख्त घाइते बनाए। प्रहरीले मशाल खोस्दै बन्दुकको कुन्दाले हिर्काएको पीडितले बताए।

छ वाम समूहद्वारा आयोजित तीन दिने आम हडतालको अघिल्लो दिन ०५८ जेठ १३ गते बेलुका निकालिएको मशाल जुलुस प्रहरीले हस्तक्षेप गरी निकाल्न दिएनन्। प्रहरीले बन्दुक, लाठीले घोचेर लखेटी मशाल खोसेर फ्याँकेको आयोजकले जनाए।

शान्तेश्वरी गाविस-२ का ३० वर्षीय श्याम कर्माचार्य, डाँडीगुराँसे गाविस-५ का २३ वर्षीय परिचित माझी, कल्पवृक्ष गाविस-५ का २८ वर्षीय शिवलाल माझीसमेत ४ जनालाई छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा कार्यालयहरू बन्द गराउन खोजेको आरोपमा ०५८ जेठ १५ गते कमलामाई नपा-६ रानमाटाबाट प्रहरीले गिरफ्तार गरी ०५८ जेठ १६ गते रिहा गरे।

घर छोड्न बाध्य पारिएका मनोज श्रेष्ठ

जरायोटार गाविसका १ हजार ९ सय ९१ जना मतदाताहरूको परिचयपत्र ०५८ असार १८ गते माओवादीहरूले लुटेर लगे। परिचयपत्र लिन गएका गाउँलेहरूलाई माओवादीहरूले फर्काई वितरण नगर्न आफूलाई चेतावनी दिएको र वितरण गर्न बाँकी परिचयपत्र लुटेर लगेको कुरा वितरक राजकुमार श्रेष्ठले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएकासमेत गरी १ सय ५७ वटा मुद्दा रहेकोमा ३४ वटा फर्स्यौट भई १ सय २३ वटा बाँकी रहे। जसमध्ये देवानी मुद्दा ९८ भएकोमा २० वटा फर्स्यौट भई ७८ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा २८ वटामध्ये ४ वटा फर्स्यौट भई २४ वटा बाँकी तथा दुनियावादी फौजदारी २० वटामध्ये ९ वटा फर्स्यौट भई ११ वटा बाँकी रहे। विशेष अदालतमा ९ वटा मुद्दा दर्ता भएकोमा एउटा फर्स्यौट भई ८ वटा बाँकी रहे भने संक्षिप्त फौजदारी २ वटामा दुवै बाँकी छन्। २ वर्ष नाघेका २ वटा र १ वर्ष ६ महिना नाघेका २ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। ०५२ सालमा गढी प्रहरी चौकी तोडफोड तथा आगलागी भएको सम्बन्धी सरकारवादी मुद्दा ०५८ असार ३ गते फैसला भयो, जसमा अदालतमा हाजिर हुने ६५ जनाले मुद्दा जिते। यस मुद्दामा १ सय १८ जनालाई प्रतिवादी बनाइएको थियो। मुद्दा अति ढिलो फैसला भएको पीडितहरूले गुनासो गरे।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको हातहतियार खरखजाना ६ वटा र केही सार्वजनिक अपराध ७ गरी १३ वटा मुद्दा जिम्मेवारी सरेर आए भने यस वर्ष एउटा सार्वजनिक अपराधसम्बन्धी मुद्दा दर्ता भयो, जसमा सरकारको घोषणाबाट हातहतियार खरखजानासम्बन्धी एउटा मुद्दा फिर्ता गरियो। यस कार्यालयमा २ वर्ष ६ महिना अघिका ४ वटा र १ वर्ष ६ महिना अघिका ९ वटा गरी १३ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष १४ प्रकारका ५५ मुद्दा दर्ता भएकोमा १६ वटा मुद्दा फर्स्यौट भई ३९ वटा बाँकी रहे। त्यसैगरी जिल्ला वन कार्यालयमा ०५० सालदेखि जिम्मेवारी सरेर आएका १२ वटा र यस वर्ष दर्ता भएका २ वटा गरी १४ वटा मुद्दामध्ये पुरानाबाट ३ वटा मात्र फर्स्यौट भए।

मालपोत कार्यालयमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्षको मंसिर मसान्तसम्म दर्ता भएका गरी विभिन्न शीर्षकमा ५९ वटा मुद्दा रहेकोमा १४ वटा फर्स्यौट भई ४५ वटा बाँकी रहे। बाँकी मुद्दामा छुट जग्गा दर्ता २८ वटा र नामसारीका १७ वटा छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको कमलाखोज र मरिण क्षेत्रमा सुकुम्बासी समस्या जटिल बन्दै गएको छ। सो क्षेत्रमा प्रत्येक वर्ष सुकुम्बासीहरूको संख्या बढ्दै आएको छ। हालसम्म यस जिल्लामा बनेका सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्षहरूमा क्रमशः बलराम आचार्य, शान्तिमान कार्की, गंगा गिरी र रंगराज खतिवडा रहेता पनि समस्या यथावत छ। शान्तिमान कार्कीको पालामा वितरण गरिएका करिब ८ सय लालपुर्जालाई सरकारले प्रक्रिया नपुगेको र अवैध भएको भनी बदर गरिदिएको छ। गंगा गिरीको पालामा १ सय ५९ लालपुर्जा वितरण गरिएको थियो। आयोगका पछिल्ला अध्यक्ष रंगराज खतिवडाको पालामा ०५८ असारको अन्तिम हप्तासम्म २ सय ७७ वटा पुर्जा वितरणको तयारीमा भएको बेला सरकारले आयोग विघटन गरेकाले पुर्जा वितरण हुन सकेनन्। ती पुर्जाहरू हाल सिलबन्दी गरी राखिएको भूमिसुधार कार्यालयले जनायो।

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी ५ हजार २ सय ४६ जनाले भत्ता प्राप्त गरे। माओवादीबाट हत्या गरिएका १० परिवारहरूले पनि उक्त भत्ता लिए। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध २ हजार ३ सय १२, विधवा २ हजार ८ सय ७६ र अपाङ्ग/अशक्त ४८ जना छन्। ६ महिना ढिलो भत्ता वितरण गरिएको गुनासो भत्ता पाउनेहरूको छ।

महिला अधिकार

पुरानो झाँगाझोली गाविस-४ परेवाडाँडाकी १६ वर्षीय एक युवतीलाई ०५७ माघ ९ गते सोही ठाउँका २० वर्षीय फणिन्द्र मंग्रातीले विवाह गर्ने बहानामा यौन शोषण गरे। पीडितले आफू गर्भवती भएको र विवाह गर्नुपर्ने बताएपछि पीडकले अस्वीकार गरे। विवाहित पीडक अहिले गाउँ छाडेर काठमाण्डौं गएका छन् भने पीडितले छोरी जन्माई हाल माइतीमा बसेकी छिन्।

कमलामाई नपा-१४ काउछेकी २४ वर्षीय एक महिलालाई ०५७ माघ १० गते वनमा घाँस काट्न गएको

अवस्थामा सोही ठाउँका २५ वर्षीय केदारबहादुर बुढाथोकीले बलात्कार गर्ने प्रयास गरे। पीडितले भिमानस्थित इलाका प्रहरी कार्यालयमा उजुरी दिन गएको अवस्थामा प्रहरीले दर्ता नगरी नपाको वडा कार्यालयमा पठाईदिएको पीडितले बताइन्। वडा कार्यालयद्वारा दुवै पक्षलाई बोलाई पीडकलाई ५ हजार रुपैयाँ जरिवाना गरी मिलापत्र गराइयो।

क्यानेश्वर गाविस-२ की ३५ वर्षीय एक महिलालाई ०५८ असार ७ गते राति आफ्नै जेठाजु करिब ५५ वर्षीय हिराबहादुर रायमाझीले घरमा गएर बलात्कार गर्ने प्रयास गरे। गाविसले मुद्दा मिलाउन सकेन। पीडकलाई माओवादीहरूले १० हजार रुपैयाँ जरिवाना गरी मोसो दलेको कुरा सोही ठाउँका बासिन्दाले बताए।

दुधौली गाविस-८ की १२ वर्षीय एक बालिकालाई ०५८ असार १३ गते दिउँसो खेतमा सुगा धपाउन गएको अवस्थामा सोही गाविस-९ का २० वर्षीय हेमनाथ भन्ने हुवाङ्ग चौधरीले बलात्कार गरे। अदालतमा मुद्दा दर्ता गरिएको र पीडक फरार रहेको प्रहरीले जनाए।

कमलामाई नपा-६ अँधेरीकी १६ वर्षीय एक युवती र सोही नपा-१४ काउछेकी ३४ वर्षीय एक महिलालाई ०५८ साउन २८ गते राति उपचारार्थ जिल्ला अस्पतालमा भर्ना भई बेडमा सुतिरहेको अवस्थामा सोही नपा-१४ काउछेका सोही अस्पतालका अहेव मोहन सुवेदी र स्टोरकिपर हरि देवकोटाले मादक पदार्थ सेवन गरी बलात्कार गर्ने प्रयास गरे। घटनाको विरोध गर्दै पीडकलाई कारवाही गर्न जिल्ला प्रशासन कार्यालयसमक्ष नेकपा (एमाले) ले दवाव दिएपछि भदौ १७ गते पीडक मोहनलाई माफी मगाएर रिहा गरियो। अर्को पीडक हरि केही समयपछि अस्पतालमा हाजिर भएकोमा सिडिओले विभागीय कारवाही गर्ने आश्वासन दिए पनि त्यसो भएको जानकारीमा आएन।

कमलामाई नपा-६ घर भई भिमस्थान गाविस-६ स्थित माइतमा बसेकी २३ वर्षीय एक महिलालाई ०५८ भदौ १२ गते राति सोही ठाउँका २० वर्षीय शेरबहादुर घिमिरेले सुतेको कोठामा गई बलात्कार गर्ने प्रयास गरे। पीडितले बचाउका लागि खुकुरी प्रहार गर्दा पीडक सख्त घाइते भए। पीडितविरुद्ध अदालतमा ज्यानमारे उद्योग गरेको भनी मुद्दा दर्ता गराई प्रहरीद्वारा गिरफ्तार गरिएकोमा अदालतको आदेशबमोजिम असोज २ गते साधारण तारेखमा रिहा गरियो।

कमलामाई नपा-४ आहालेकी १४ वर्षीय एक बालिकालाई ०५८ कात्तिक २५ गते सोही नपा-३ हात्तिखर्कको जंगलमा बाख्रा हेर्न गएको अवस्थामा सोही ठाउँका २३ वर्षीय पवन सुनुवारले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

भारत दिल्ली सैनीपुर घर बताउने मानसिक स्थिति ठीक नभएकी करिब १७ वर्षीय एक युवतीलाई ०५७ जेठ ९ गते राति कमलामाई नपा-६ हाटचोकमा पार्क गरिरहेको राजीव ट्राभल्सको बा. १ ख २०५९ नम्बरको बसका खलासी नयाँगाउँ-२, सर्लाहीका २० वर्षीय राजन थापा मगर, महोत्तरी जिल्ला मटियानी-३ घर भई कमलामाई नपा-६ दुई नम्बर बजारमा होटल गरी बस्ने २२ वर्षीय सन्तोष कुमार शाह (गुप्ता) समेत ३ जनाले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई प्रहरीले घटनास्थलबाटै गिरफ्तार गरे पनि एक दिन हिरासतमा राखी कुनै कारवाही नगरी रिहा गरे। पीडित अर्धचेतन अवस्थामा भएकोले मेडिकल जाँचसमेत गराइएन। पीडितलाई माइती नेपालमा पठाइएको प्रहरीले बताए।

जरायोटार गाविस-८ की २२ वर्षीय एक महिलालाई निर क्षेत्रीले काठमाण्डौबाट काममा लगाइदिने प्रलोभन दिई चितवन जिल्लाको नारायणगढमा लगी नशालु पदार्थ मिसाइएको लड्डु खुवाएर भारतको कलकत्ता पुर्‍याई भा.रु. २२ हजारमा बिक्री गरेका थिए। छोरी २ वर्ष अघिदेखि काठमाण्डौबाट हराएकी र अहिले "छोरी लिन आउनू" भनी कलकत्तास्थित एसएमएस होम ललुवा उद्धारगृहबाट पत्र आएपछि छोरी भारतमा बेचिएको जानकारी भएको पीडितका बाबुले बताए। ०५८ असार ७ गतेदेखि पीडितलाई सो उद्धार गृहमा राखिएको व्यहोराको पत्र असार १५ गते कलकत्तास्थित महावाणिज्य दूतावासबाट आएको र पीडितका बाबु लिन जान सक्ने अवस्थामा नरहेकाले माइती नेपाललाई सहयोगको लागि पत्र पठाइएको जिल्ला प्रशासन कार्यालयले जनायो। पीडित घर फर्किएको जानकारीमा आएको छैन।

कमलामाई नपा-७ की २० वर्षीय गीता पाख्रिनलाई ०५७ फागुन २८ गते आफ्नो पति घरमा नभएको अवस्थामा जेठाजु वीरबहादुर पाख्रिनले खान लगाउन नदिएर घरबाट निकालिदिए। पीडितलाई पहिलेदेखि नै आफ्नो जानकी नभएको आरोपमा निकाल्न खोजेका थिए। महिला समूह, बालअधिकार चेतना समूह र वन उपभोक्ता समूहको दवावमा पीडितलाई पीडकले अंशस्वरूप जग्गा दिएता पनि पीडितको अवस्था अत्यन्त नाजुक छ।

कमलामाई नपा-६ रानमाटाकी ६३ वर्षीय मधुमाया भुजेल र उनकै बुहारी २८ वर्षीय देवकुमारी भुजेललाई ०५८ जेठ २३ गते र असार १३ गते आफ्नै छोरा तथा पति २८ वर्षीय निर भन्ने टलकबहादुर भुजेलले कुटपिट गरी घरको टायल भिक्केर फ्याँकिदिनुका साथै बारीको मकैसमेत काटिदिए। पीडक अन्यत्रै डेरा लिएर कान्छी पत्नीसँग बस्दै आएका थिए। पीडितहरू घर छाडी अन्यत्र सरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मिलेर बस्ने शर्तमा रिहा गरेता पनि हालसम्म पीडितहरूलाई घरमा बस्न दिएका छैनन्।

बहुविवाहका ६ वटा घटना सार्वजनिक जानकारीमा आए।

रतनचुरा गाविस-४ खनियाखर्ककी २१ वर्षीय एक युवतीलाई ०५७ कात्तिक १३ गते सोही ठाउँका २४ वर्षीय कपिल थापाले विवाह गर्ने प्रलोभनमा यौन सम्पर्क गर्दै आएका कारण ०५८ साउन १ गते बच्चा जन्मियो। आफू गर्भवती

भएको थाहा पाएपछि ०५८ असार १३ गते पीडित काठमाण्डौ गएर पीडकका दाजुलाई भेटी सबै कुरा बताएपछि पीडकलाई बुटवलबाट काठमाण्डौ बोलाएर न्यूरोडमा लगी गर्भपतन गराउन खोजेको र आफू त्यहाँबाट भागेको पीडितले बताइन्। साउन १ गते बच्ची जन्मिएपछि समाजले साउन ८ गते जिम्मा लगाउन खोज्दा पीडक पक्षले केही मान्छे ल्याएर पीडित पक्षलाई कुटपिट गरी बैठक भाँडेर बच्चा आफ्नो नभएको बताए। पीडक हालसम्म गाउँ फर्किएका छैनन्। स्थानीय समाज र दलित सेवा संघको पहलमा पीडितलाई पीडकको घरमा भित्र्याइएको छ। नाता प्रमाणित गर्न अदालतमा मुद्दा दर्ता गरिएको दलित सेवा संघले जनायो।

कमलामाई नपा-१३ की ६० वर्षीय सुकमाया रम्तेल, ३० वर्षीय सिता रम्तेलसमेत् ३ जनालाई बोक्सीको आरोपमा ०५७ फागुन १५ गते सोही ठाउँकी ४९ वर्षीय सुकमाया सार्कीले ज्यानमार्ने धम्की दिइन्। पीडितहरूले ०५७ फागुन २७ गते भिमानस्थित महिला विकास शाखामा उजुरी गरे। महिला विकास शाखाले दुवै पक्षलाई उपस्थित गराई पीडकलाई जरिवाना गरी अबदेखि यस्तो गल्ती नगर्ने शर्तमा मिलापत्र गरायो।

कमलामाई नपा-५ सातपत्रेकी २० वर्षीय एक युवतीलाई सोही ठाउँका करिब २२ वर्षीय च्याङ्वा लामाले १ वर्ष अघिदेखि विवाह गर्ने आश्वासन दिई यौन शोषण गरेकोमा पीडक ०५७ फागुनदेखि गाउँ छोडेर भागेपछि पीडितले स्थानीय समाज र जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितले ०५७ फागुन २७ गते एक बच्चा जन्माइन् तर बच्चाको न्वारान भने हुन सकेन। हाल माइतीमै बसिरहेकी छिन्।

हरिहरपुरगढी गाविस-७ कर्मिडाँडाकी ४७ वर्षीय छयोमाया सिंतन, ७० वर्षीय भयोमाया भोलनलगायत् ३ जना महिलालाई बोक्सीको आरोपमा ०५८ साउन २ गते सोही ठाउँका २५ वर्षीय धनबहादुर बल, २२ वर्षीय कर्साङ्ग घलान र २३ वर्षीय शंकर ब्लोनले कुटपिट गरी कपालसमेत काटिदिए। आफूहरूले गाविसमा उजुरी दिँदा गाविस अध्यक्ष रामबहादुर भोलनले कुनै सहयोग नगरेको पीडितहरूले बताए। पीडकहरूलाई कुनै कारवाही भएन।

रानीचुरी गाविस-१ भिरगाउँकी २५ वर्षीय पवित्रा खत्री (पौडेल) लाई ०५८ साउन १४ गते आफ्नै पति २६ वर्षीय ढोलकबहादुर खत्रीले कुटपिट गरी घरबाट निकालिदिए। पीडकले एउटा केटा घरमा ल्याएर जिम्मा लगाउन खोजेको पीडितले बताइन्। एक वर्ष पहिले पीडकले दोस्रो विवाह गरेका थिए। सोही समयदेखि आफूलाई कुटपिट गर्ने गरेको र पेट दुखेको औषधी भनी खुवाएर आफ्नो ६ महिनाको गर्भपतन गराएको पीडितले बताइन्। पीडकलाई ०५८ साउन ३१ गते जिल्ला प्रहरी कार्यालयले बोलाई नागरिकता बनाएर अंश दिने शर्तमा मिलापत्र गराइयो।

कुटपिटका कारण एक जना महिलाको गर्भपतन भयो।

बालअधिकार

वाशेश्वर गाविस-४ कैजलेकी १३ वर्षीय बालिकालाई ०५८ वैशाख १९ गते विद्यालयतर्फ गइरहेको अवस्थामा सोही ठाउँका ३० वर्षीय चक्रबहादुर हायूले अपहरण गरी जंगलतिर लगे। पीडकले विवाह गर्ने भनी पटक पटक घरमा माग्न आएका र आफूले सानै भएकाले अस्वीकार गरेको पीडितकी आमाले बताइन्। पीडकले जंगलमा लगेर आफूसँग विवाह नगरे खुकुरीले काटिदिने धम्कीसमेत दिएको पीडितले बताइन्। पीडकलाई माओवादीहरूले ५ सय रूपैयाँ जरिवाना गरी पीडितको खुट्टामा ढोग्न लगाएर मुद्दा मिलाई दिएका थिए।

खोलागाउँ गाविस-९ रातमाटाकी १४ वर्षीय राधा पहाडीलाई ०५८ साउन १२ गतेदेखि १५ दिनसम्म सोही गाविस-८ का धामी लाहुरे वि.क.ले बोक्सी लागेर विरामीको स्वास्थ्य बिग्रेकोले बोक्सी मन्साउन भनी पटक-पटक सिस्नुपानीले हिर्काउने, कोशीमा लगेर चोबल्ने आदि कार्य गरे। धामीको निर्देशनमा पीडितका बाबु यज्ञश्वर पहाडीलेसमेत उक्त कार्य गरेका थिए। पाँच हजार रूपैयाँ दिएमा ठीक पार्छु भनी धामीले पैसा समेत मागेका थिए। पीडितको स्वास्थ्य चिन्ताजनक भएपछि सोही ठाउँका युवाहरूको सक्रियतामा काठमाण्डौ लगियो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

रतनचुरा गाविस-४ खनियाखर्कका सूर्यबहादुर थापा र उनकै छोरा किशोर थापालाई ०५८ वैशाख २५ गते माओवादीहरूले कान समाई ५० पटक उठबस गर्न लगाए।

अमले गाविस-३ ज्यामिरेका ११ वर्षीय अमृतलाल विश्वकर्मालाई ०५८ वैशाख २८ गते सोही ठाउँका १६ वर्षीय रामचन्द्र न्यौपानेले पँधेरामा पानी भर्दा छोएको आरोपमा कुटपिट गरे। पीडकसँग कचौरा मागेर पानी खाँदा "पानी किन छोइस्" भन्दै कुटपिट गरी कपडा समेत च्याती दिएको पीडितले बताए। पीडकलाई कुनै कारवाही भएन।

कमलामाई नपा-१२ भिमान घर भई सिन्धुलीमाढीस्थित कञ्चन टेलर्समा काम गर्ने २७ वर्षीय विक्रम नेपाली, भिमस्थान गाविस-६ का १८ वर्षीय अर्जुन नेपाली र सोही ठाउँका कृष्ण नेपालीलाई ०५८ जेठ ५ गते बेलुका कमलामाई नपा-६ प्लट नं. २ स्थित खुसबु होटलकी सीता सापकोटाले "दमाईलाई मेरो होटलभित्र पसेर खान दिन्न" भनी गाली गलौज गरी दुर्व्यवहार गरिन्। विगतदेखि आफूहरूले उक्त होटलभित्र खाँदै आएको र सार्वजनिक होटलमा समेत दलितहरूलाई अपमानजनक व्यवहार गरी संविधानप्रदत्त अधिकार कुण्ठित पारेको पीडितले बताए। उक्त कार्यको दलित सेवा संघले विरोध एवं दुःख व्यक्त गऱ्यो। पीडकलाई कुनै कारवाही भएन।

कुशेश्वर दुम्जा गाविस-२ गैरीका करिब ३० वर्षीय तोत्रबहादुर टोलङ्ग, विष्णु पुर्कुटीलगायत् दलितहरूलाई ०५८ जेठ १७ गते सोही ठाउँका दिपक कोइराला, हरि दाहाल र

कपिल कोइरालाले "क्षेत्री, बाहुन पानी खाने कुवामा तल्लो जातिले किन पानी लिन गयौ ?" भनी कुवाबाट पानी खान दिएनन्। दलितले पानी भर्ने तल्लो कुवामा फोहोर भएकाले माथिल्लो कुवामा पानी लिन गएका थिए। पीडकहरूले ५० हजार जरिवाना तिर्नुपर्ने भनी धम्कीसमेत दिएको पीडितले बताए। पीडकलाई कुनै कारवाही भएन। दलित सेवा संघले उक्त कार्यको विरोध गर्‍यो।

दुधौली गाविस-३ का नेकाँ गाउँ समितिका अध्यक्ष कुलबहादुर राउतलाई ०५८ साउन २६ गते माओवादीहरूले कान समाई २ सय पटक उठवस गर्न लगाउनुका साथै मादक पदार्थ सेवन गरेमा भौतिक कारवाही गर्ने धम्की दिए।

हत्पते गाविस-५ खारखोलाकी दिलमाया खत्री, उनकै पति पदमबहादुर खत्रीसमेत ५ जनालाई मदिरा उत्पादन गरेको र जुवातास खेलेको आरोपमा ०५८ असोज १७ गते अनेमसंघ (क्रान्तिकारी) का कार्यकर्ताहरूले कान समाई २ सय पटक उठबस गराउनुका साथै पुनः गल्ती गरेमा भौतिक कारवाही गरिने धम्की दिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्ला विकास समिति सदस्य प्रदिप कटुवाललाई जिल्ला शिक्षा अधिकारीलाई धम्क्याएको र कार्यालयको टेबुलमा राखिएको शिशा फुटाइएको भनेर सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाई जरिवाना गरिएकोमा पूर्वाग्रही त्रुटीपूर्ण भएको भन्दै एमाले जिल्ला कमिटीले ०५७ पुस २६ गते प्रेस विज्ञप्ति जारी गर्‍यो।

जनसमर साप्ताहिकका कार्यकारी सम्पादक मिनकुमार दाहाललाई प्राविधिक शिक्षालयमा छात्रछात्राहरूले दुर्व्यवहार गरेको भन्दै ०५८ साउन २४ गते नेपाल पत्रकार महासंघ, जिल्ला शाखाले प्रेस विज्ञप्ति जारी गरी घटनाको निन्दा गर्‍यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ४ जना पुरूष र ४ जना महिला पीडित भए। ४ जना पुरूष र ७ जना महिला गरी ११ जनाले आत्महत्या गरे। खोलाले बगाएर ८ महिला र १ पुरूष गरी ९ जना तिर्थयात्रीको मृत्यु भयो। चोरी, डकैतीका २ वटा घटना भए। आगलागीका ६ वटा घटनामा १ जना बालिका, २ जना नाबालक र १ जना पुरूष गरी ४ जनाको मृत्यु भयो। २ जना पुरूषको वेवारिसे लास फेला पर्‍यो भने गाडीले किचेर १ जना महिलाको मृत्यु भयो।

२.५ रामेछाप

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / **गोली**

पुरानागाउँ गाविस-५ का ५२ वर्षीय टिकाराज आरणलाई सुराकी गरेको आरोपमा ०५७ फागुन १६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले बाहिर बोलाई नजिकैको चौतारामा लगी गोली हानी हत्या गरे। पीडित नेकाँ क्षेत्र नं. २ का महाधिवेशन प्रतिनिधि थिए।

जिल्ला प्रहरी कार्यालयबाट पुरानागाउँतर्फ गइरहेको प्रहरी टोली ०५७ फागुन १७ गते भटौली गाविस-१ मा माओवादीहरूले थापेको एम्बुसमा पर्दा प्रहरी असई ज्ञानबहादुर कार्की, प्रहरी जवानहरू बाबुकाजी खड्का र जगदिश महतो घाइते भए। घाइतेहरूलाई उपचारार्थ काठमाण्डौ लगियो। प्रहरीले सो ठाउँबाट २ वटा पाइप बम बरामद गरे।

खाँडादेवी गाविसको चोप्राङ्की मानसिक स्थिति ठीक नभएकी २९ वर्षीय देवमाया घिसिङ्गलाई ०५७ चैत २० गते राति सेन्ट्री नजिक पुगेको अवस्थामा चोप्राङस्थित इलाका प्रहरी कार्यालयका प्रहरीले गोली हानी घाइते बनाए। निघ्रामा गोली लागेकी पीडितलाई प्रहरीले हेलिकोप्टरबाट जनकपुर पुर्‍याई उपचार गराएका थिए।

खोटाङ्ग जिल्ला साउनेचौर गाविस-६ घर भई धोबीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान वीरबहादुर मगरलाई ०५८ असार २५ गते राति माओवादीहरूले गोली हानी हत्या गरे। त्यसैगरी प्रहरी हवल्दार उपेन्द्र चौधरी, प्रहरी जवानहरू प्रशान्तविक्रम शाह, बाबुकाजी लामिछाने, विरबहादुर परियार, रामकाजी श्रेष्ठ र रामनारायण यादवलाई घाइते बनाए। पीडितहरूलाई उपचारार्थ असार २६ गते काठमाण्डौ लगियो। माओवादीहरूले इलाका प्रहरी कार्यालय आफ्नो कब्जामा लिई

हत्या गरिएका टिकाराज आरण

हतियार तथा अन्य सरसामान लुटेर लगे।

दोलखा जिल्ला मेलुङ घर भई सूर्य टोवाको कम्पनीमा कार्यरत ३० वर्षीय शम्भु खड्का र ३२ वर्षीय हरि खड्कालाई मन्थली गाविस-५ आकाशेको एक होटलमा बसिरहेको अवस्थामा ०५८ पुस ३ गते बमको छर्रा लाग्न गई सख्त घाइते भए। माओवादीहरूले शाही नेपाल वायु सेवा निगमको कार्यालय रहेको घरलाई लक्षित गरी बम प्रहार गरेका थिए। पीडितहरूलाई उपचारार्थ पुस ४ गते हेलिकोप्टरबाट काठमाण्डौं लगियो। माओवादीहरूले सोही दिन बेलुका जिल्ला प्रहरी कार्यालयभन्दा केही पर तामाकोशीघाटनजिकै खेतमा पाइप बम विस्फोटन गराए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरूष र एक जना ३ वर्षीय बालिकासहित २ जना महिलाको हत्या भयो। जसमध्ये-

पकरबास गाविस-९ की ३ वर्षीय अनिशा घिसिङलाई ०५८ साउन ३२ गते सुतिरहेको अवस्थामा आफ्नै आमा २१ वर्षीय मनमाया घिसिङले गर्धनमा खुकुरी प्रहार गरी हत्या गरिन्। साथै, साढे दुई महिनाकी आफ्नै अर्की छोरीलाई पनि सुतिरहेको अवस्थामा खुकुरी प्रहार गरी घाइते बनाइन्। पीडकलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जेलमा यस वर्ष १ नाबालक सहित २७ जना बन्दीहरू रहेका छन्। १० जना पुरूष र १ महिला गरी ११ जना कैद नतोकिएका तथा ९ जना पुरूष र ६ जना महिला गरी १५ जना कैद तोकिएका छन्।

गिरफ्तारी र यातना

गोठगाउँ गाविस-७ का १९ वर्षीय केदार श्रेष्ठलाई नक्कली माओवादी बनी दुःख दिएको आरोपमा ०५८ वैशाख १६ गते मन्थलीबाट प्रहरीले गिरफ्तार गरी वैशाख १७ गते कागज गराई रिहा गरे।

कुभुकास्थली गाविस-७ का ३३ वर्षीय निरकुमार थापालाई माओवादीको आशंकामा ०५८ मंसिर १३ गते मन्थलीघाटबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर १९ गते रिहा गरियो।

भलुवाजोर गासिव-७ का वडाध्यक्ष तथा माओवादीहरूद्वारा गाउँ जनसरकार प्रमुख घोषणा गरिएका ३० वर्षीय दिलबहादुर तामाङलाई ०५८ मंसिर १७ गते प्रहरीले

जनसंख्या	:	२१२५७५
साक्षरता प्रतिशत	:	६५
महिला साक्षरता प्रतिशत	:	५३.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	११९
गाविस/नपा संख्या	:	१६/२
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३००
क्याम्पस/उच्च मावि	:	९/७
अस्पताल/स्वास्थ्य चौकी	:	३/२१
टेलिफोन लाइन	:	५१००
मोटर सडक (कि.मी.)	:	११९
प्रहरी कार्यालय संख्या	:	९
हुलाक संख्या	:	२२

गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

मन्थली गाविस-८ का ३० वर्षीय चुडाबहादुर खड्का र सोही गाविस-९ का ३५ वर्षीय शिक्षक भिमबहादुर थापालाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५८ मंसिर १८ गते मन्थलीबजारबाट प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

पुरानागाउँ गाविस-१ का माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकार प्रमुख ३० वर्षीय राधा भन्ने हेमबहादुर बुढाथोकीलाई ०५८ मंसिर १९ गते मन्थलीबाट प्रहरीले गिरफ्तार गरे। त्यसैगरी चिसापानी गाविस-२ का २८ वर्षीय उद्धव रम्तेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा सोही दिन मन्थली बजारबाट प्रहरीले गिरफ्तार गरे। दुवैलाई नजरबन्दमा राखिएको छ।

सैपु गाविस-८ का २८ वर्षीय कञ्चन वम्जन र २९ वर्षीय पदम तामाङलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २० गते मन्थलीबाट प्रहरीले गिरफ्तार गरेकोमा एक हप्ता पछि रिहा गरियो।

दोरम्बा गाविस दोरम्बा बजारका ४५ वर्षीय कुलबहादुर तामाङलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २१ गते मन्थलीबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

वाम्ती गाविस-९ का ३२ वर्षीय गेल्बु शेर्पालाई ०५८ मंसिर २२ गते आत्मसमर्पणका लागि सदरमुकाम आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडित माओवादीद्वारा घोषणा गरिएका जिल्ला जनसरकार सदस्य थिए।

मन्थली गाविसका अध्यक्ष ३२ वर्षीय ध्रुवबहादुर कार्कीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

तिल्पुङ गाविसका ३० वर्षीय रामकुमार पाँडेलाई ०५८ मंसिर २८ गते आत्मसर्पणका लागि मन्थली आएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सालु गाविसको सालुपाटी बजारका माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकार प्रमुख ३० वर्षीय निलकण्ठ श्रेष्ठलाई ०५८ मंसिर २९ गते आत्मसमर्पणका लागि आएको अवस्थामा मन्थलीबजारबाट प्रहरीले गिरफ्तार गरे। हाल नजरबन्दमा राखिएको छ।

गोठगाउँ गाविसका ४२ वर्षीय भिमबहादुर बुढाथोकीलाई

माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २ गते पेन्सन निकाल्न मन्थली पुगेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस ४ गते रिहा गरियो।

रामपुर गाविसका अध्यक्ष ३८ वर्षीय भोजराज श्रेष्ठलाई माओवादीको आशंकामा ०५८ पुस ५ गते प्रहरीले गिरफ्तार गरी पुस ६ गते रिहा गरे।

मन्थली गाविस-७ का शिक्षक ४६ वर्षीय केशव दाहाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १३ गते मन्थलीबजारबाट प्रहरीले गिरफ्तार गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

वेथानस्थित प्रहरी चौकीबाट लुब्घाटतर्फ गईरहेका असई ३५ वर्षीय विकास कार्कीलाई ०५७ माघ ५ गते वेथानको दोभानटारबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ६ गते मुक्त गरियो।

दोरम्बास्थित पशुसेवा केन्द्रमा कार्यरत २८ वर्षीय एकबहादुर श्रेष्ठलाई ०५७ चैत ८ गते कार्यालयबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई डकुवा गाविसमा पुर्‍याएर मुक्त गरियो।

जिल्ला अदालतबाट म्याद तामेल गर्न गएका तामेलदारहरू ३५ वर्षीय लिलाबहादुर थापा र २६ वर्षीय अम्बरबहादुर थापालाई ०५८ वैशाख १५ गते पुरानागाउँ गाविस पुरानागाउँबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ३ दिनपछि डडुवाको छाँगा भन्ने ठाउँबाट मुक्त गरियो।

वन कार्यालयमा कार्यरत रेन्जर ३८ वर्षीय फर्मान मिया, ३२ वर्षीय सन्तबहादुर मगर र फरेस्ट गार्ड २६ वर्षीय कोमद अधिकारीलाई ०५८ जेठ २ गते वनसम्बन्धी तालिम संचालन गर्न गएको अवस्थामा डडुवा गाविस-९ बाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ३ दिनपछि मुक्त गरियो।

स्वीस सामुदायिक वन विकास परियोजनामा कार्यरत २७ वर्षीय अनिता श्रेष्ठलाई ०५८ जेठ २ गते जडिबुटी सम्बन्धी तालिम संचालन गर्न गएको अवस्थामा डडुवा गाविस-९ बाट माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

बेनाली गाविसका अध्यक्ष ३९ वर्षीय भैरवबहादुर कार्कीलाई ०५८ जेठ १७ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

पुरानागाउँ गाविस-१ का १९ वर्षीय प्रकाश सोडारीलाई माओवादीको नाममा रकम असुल गरेको आरोपमा ०५८ असार २४ गते घरबाट माओवादीहरूले अपहरण गरे। केही समयपछि पीडितका बाबु लिलाबहादुर सोडारीलाई पनि माओवादीहरूले अपहरण गरे। माओवादीहरूले प्रकाश उनीहरूको शिविरबाट भागेको जनाउँदै खोजेर ल्याउन भनी लिलाबहादुरलाई मुक्त गरे। प्रकाशको स्थितिका सम्बन्धमा हालसम्म केही थाहा हुन सकेको छैन।

धोबीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी सई पर्सा जिल्लाका द्वारिका रावत, असई दोलखा जिल्लाका रत्नबहादुर तामाङ, हवल्दारहरू सर्लाही जिल्लाका रामदेव चौधरी, शिवजी रंगाली, भक्तपुर जिल्लाका श्याम नेपाली, मोरङ जिल्लाका काजिमान तामाङ, खोटाङ जिल्लाका भिमबहादुर भुजेल, कास्की जिल्लाका चिरञ्जीवी पराजुली, रामेछाप जिल्लाका टिकाराम श्रेष्ठ र राजु भण्डारीलाई ०५८ असार २५ गते कार्यालयबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई साउन ५ गते चुचुरे गाविसको शिवालयबजारबाट मुक्त गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
गोलीद्वारा हत्या	३	३		३	१	१		१
गोलीद्वारा घाइते	१	६		६	१		१	१
बम प्रहारबाट घाइते	१	२		२				
एम्बुसमा परी घाइते	१	३		३				
गिरफ्तारी र यातना					१८	२२	१	२३
कुटपिट	४४	४३	११	५४	२	३		३
धम्की	४६	६३	५	६८	१	१		१
निष्पक्ष न्यायिक अधिकार					२	९	२	११
धार्मिक स्वतन्त्रता	१							
बलात्कार	१		१	१				
बलात्कार प्रयास	४		५	५				
बहुविवाह	५	५	६	११				
पारिवारिक हिंसा	८	२	६	८				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	४		४	४				
बाल अधिकार	१		१	१				
जातीय छुवाछूत	१	४	१	५				
अमानवीय व्यवहार	२१	३७	४	४१				
अपहरण	१५	२८	१	२९				
जम्मा	१६१	१९७	४८	२४५	२५	३६	४	४०

पीडकहरूले द्वारिकालाई कुटपिट गरी दाँतसमेत भाँचिदिए भने अन्यलाई कुटपिट गरे।

नागदह गाविस-९ का ६५ वर्षीय दलबहादुर बुढाथोकीलाई रकम व्याजमा लगाएको आरोपमा ०५८ साउन १४ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई साउन १८ गते मुक्त गरियो।

रामेछाप गाविस-३ घर भई रामेछापवजारमा पसल गरी बस्ने ४४ वर्षीय विदुर पौडेललाई ०५८ साउन १७ गते काठमाण्डौबाट बसमा आइरहेको अवस्थामा तिल्पुङ्ग गाविसको तिल्पुङ्गखोलाबाट माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

माकादुम गाविस-१ का कुलबहादुर तामाङलाई आफ्नो पार्टीको बदनाम गरेको आरोपमा ०५८ साउन २१ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

ओखिनी गाविसका पूर्व प्रहरी असई ४० वर्षीय तामबहादुर तामाङलाई ०५८ साउन ३१ गते सोही गाविसको च्यास्कू भन्ने ठाउँबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी भदौ ५ गते मुक्त गरियो।

पकरबास गाविस-७ का मानवअधिकार तथा शान्ति समाजका जिल्ला सदस्य ३३ वर्षीय हरिनारायण श्रेष्ठलाई अपराधीलाई ०५८ भदौ २ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ५ गते मुक्त गरियो।

पकरबास गाविस-८ का ३४ वर्षीय सोमबहादुर तामाङलाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०५८ भदौ ३ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ५ गते मुक्त गरियो।

दोरम्बा गाविस-४ का ४२ वर्षीय जनकलाल तामाङ, ४२ वर्षीय कुलबहादुर योन्जन र ४० वर्षीय विश्व लामालाई प्रहरीलाई बस्न र खान दिएको आरोपमा ०५८ मंसिर ११ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई गाल्वा बजारमा पुर्‍याई भोलिपल्ट मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

फुलासी गाविस-४ का ६२ वर्षीय रामबहादुर तामाङलाई राजनीतिक पूर्वाग्रहका कारण ०५७ पुस १९ गते सोही ठाउँका डाँगे लामा, डम्बरबहादुर लामा र गोरे लामाले कुटपिट गरी घाइते बनाए।

लखनपुर गाविसस्थित कृषि विकास बैंकको कार्यालयमा ०५७ पुस २१ गते माओवादीहरूले गोली प्रहार गरी कागजपत्र जलाइदिनुका साथै ३२ हजार रूपैयाँ लुटेर लगे।

दिमिपोखरी गाविस-१ का टोकरपुरस्थित पुन्चेत प्राविका शिक्षक ३५ वर्षीय श्याम पकुवाललाई आफूहरूलाई आर्थिक सहयोग नगरेको आरोपमा ०५७ पुस २३ गते विद्यालयमा माओवादीहरूले कुटपिट गरे।

मन्थली गाविस मन्थलीबजारमा ०५७ पुस २१ गते, टोकरपुर गाविस-१ मा पुस २८ गते, मन्थली गाविस-४ मा ०५७ फागुन १ गते, मन्थली गाविस भुइँसेसुरमा ०५७ चैत २४ गते, दोरम्बा गाविसस्थित प्रहरी चौकी नजिक ०५८ वैशाख २० गते, ठाँसे गाविस ठाँसेबजारनजिक ०५८ वैशाख २७ गते, खिम्ती गाविस-१ तल्लोबजारमा ०५८ असार २३ गते र भटोली गाविस-१ तामाकोशी बगरमा ०५८ मंसिर २२ गते माओवादीहरूले बम विस्फोट गराए। तर, कुनै क्षति भएन।

वेताली गाविस-२ का नेकाँका कार्यकर्ता एवं पूर्व गाविस अध्यक्ष ५० वर्षीय होमप्रसाद घिमिरेलाई ०५७ पुस २८ गते माओवादीहरूले कुटपिट गरे।

गुन्सी गाविस-५ का २९ वर्षीय दशरथ गौतमलाई राजनीतिक पूर्वाग्रहका कारण खानेपानी सम्बन्धी विवाद गर्दै ०५७ माघ ५ गते सोही गाविसका ३५ वर्षीय केशव गौतम र २८ वर्षीय केशरी गौतमले कुटपिट गरी हात भाँचिदिए।

गोठगाउँ गाविसका अध्यक्ष ४७ वर्षीय हरिबहादुर कार्कीको घरमा ०५७ माघ ८ गते केही अज्ञात व्यक्तिहरू प्रवेश गरी ज्यानमार्ने धम्की दिँदै रकम र सरसामान लुटेर लगे।

नेपाल तरूण दलका जिल्ला अध्यक्ष २५ वर्षीय लेखबहादुर कार्कीलाई ०५७ माघ २० गते गोठगाउँस्थित आफ्नो घरमा बसिरहेको अवस्थामा माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

जिल्ला अस्पतालमा कार्यरत डाक्टर ५० वर्षीय अब्दुल रहमानसहितको स्वास्थ्य टोली ०५७ माघ २७ गते भ्यासेक्टोमी क्याम्प संचालनका लागि पुरानागाउँस्थित उपस्वास्थ्य चौकी पुगेको अवस्थामा माओवादीहरूले धम्की दिई आर्थिक सहयोग गर्नुपर्ने बताए। मन्थली फर्किएर रकम बुझाउने शर्तमा पीडितहरूलाई मुक्त गरियो।

महेन्द्रोदय उच्च माविमा अध्ययनरत २१ वर्षीय प्रमिला प्रसाईंलाई ०५७ माघ २९ गते विद्यालयबाट घर फर्कंदै गर्दा मन्थलीस्थित प्रहरी कार्यालयनजिक पिसाब गर्न लागेको अवस्थामा प्रहरी हवल्दार रामजी कार्कीले ढुङ्गा प्रहार गरी टाउकोमा चोट पुर्‍याए। पीडकलाई उपचार खर्च व्यहोर्ने कागज गराइयो।

पिङ्खुरी गाविस-१ का जिविस सदस्य ४२ वर्षीय रचेना तामाङको घरमा ०५७ फागुन २ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई घर भत्काएर कपडासमेत जलाइदिए।

कठजोर गाविसका सचिव ४० वर्षीय तरणीशंकर अधिकारीलाई ०५७ फागुन १९ गते सोही गाविस-७ स्थित एक होटलमा सुतिरहेको अवस्थामा माओवादीहरूले आर्थिक सहयोग नगरे ज्यानमार्ने धम्की दिए।

कठजोर गाविस-७ का ३६ वर्षीय रमेश अधिकारीलाई सोही गाविसका सचिव वसेको ठाउँ नबताएको आरोपमा ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे।

कठजोर गाविसका अध्यक्ष ४२ वर्षीय शंकर अधिकारीलाई आर्थिक सहयोग नगरेको आरोपमा ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे। पीडितसँग पीडकहरूले

५० हजार रूपैयाँ माग गरेका थिए।

कठजोर गाविस-८ का ३८ वर्षीय शम्भु कार्कीलाई ०५७ फागुन १९ गते आफ्नै घरमा वसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी हात र करङ भाँचिदिए। पीडितलाई भोलिपल्ट उपचारार्थ काठमाण्डौ लगियो।

कठजोर गाविस-७ मा होटल गरी बस्ने ५० वर्षीय श्यामबहादुर श्रेष्ठलाई ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे।

कठजोर गाविस-५ का ४५ वर्षीय शत्रुधन अधिकारीलाई ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे।

कठजोर गाविस-७ का ४६ वर्षीय शिक्षक विश्वनाथ सुवेदीलाई आफूहरूलाई आर्थिक सहयोग नगरेको आरोपमा ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे।

भूतपूर्व सहायक मन्त्री ५५ वर्षीय आङछिरिङ लामाको वाम्ती गाविस भण्डारस्थित घरमा ०५७ चैत २३ गते माओवादीहरू प्रवेश गरी धम्की दिएर एउटा बन्दुक लुटेर लगे।

वेथानस्थित माविका शिक्षक ३२ वर्षीय चन्द्रसिङ धामीलाई वढी तलब लिएको आरोपमा ०५७ चैत २३ गते माओवादीहरूले धम्की दिई तलबको रकम फिर्ता गर्ने कागज गराए। पीडितलाई वढी काम गरेको भनी विद्यालयले तलबभन्दा थप रकम दिएको थियो।

सैपु गाविस-८ का ३५ वर्षीय भिमबहादुर तामाङ, ५२ वर्षीय जनकबहादुर तामाङ, ७० वर्षीय शम्शेर तामाङ र ५० वर्षीय वेलबहादुर तामाङको घरमा ०५७ चैत २४ गते आफूलाई माओवादी भएको बताउने बन्दुकधारी व्यक्तिहरू प्रवेश गरी धम्की दिएर सुन, रकम र अन्य सामान लुटेर लगे।

प्रिती गाविस-८ का २४ वर्षीय तुलसीराम खुलाललाई ०५८ वैशाख ३ गते चण्डेश्वरी माविमा गएको अवस्थामा माओवादीहरूले दायाँ खुट्टा ढुङ्गामाथि राखेर ढुङ्गा प्रहार गरी भाँचिदिए।

साँघुटार गाविसस्थित निर्माणाधीन प्रहरी चौकी भवनमा ०५८ वैशाख २३ गते माओवादीहरूले मट्टितेल खन्याई आगो लगाइदिए।

हिलेदवी गाविस-८ का दिलबहादुर कार्कीको घरमा प्रहरी वस्न दिएको आरोपमा ०५८ वैशाख २३ गते माओवादीहरूले आगो लगाई ३ लाख रूपैयाँ बराबरको धनमाल नष्ट गरे।

वेथान गाविस र हिलेदेवी गाविस-८ स्थित प्रहरी चौकी रहेको घरमा ०५८ वैशाख २३ गते वेलुका माओवादीहरूले आगो लगाई नष्ट गरे।

वेथान गाविस-३ का एकबहादुर खड्काको घरमा प्रहरी वस्न दिएको आरोपमा ०५८ वैशाख २४ गते माओवादीहरूले आगो लगाइदिए।

कुभुकास्थली गाविस-१ की ५५ वर्षीय टंकेश्वरी थापा, १६ वर्षीय लक्ष्मी थापा र ११ वर्षीय नवराज थापालाई ०५८ जेठ १९ गते सोही गाविसका उपाध्यक्ष ४५ वर्षीय प्रेम के.सी. समेतका व्यक्तिहरूले घरमा गई कुटपिट गरी घरबाट निकालेर ताला लगाइदिए। साथै सोही ठाउँका ३५ वर्षीय हरिबहादुर थापा र उनकै पत्नीलाई कुटपिट गरी घरबाट निकालेर घर भत्काइदिए भने ३२ वर्षीय रोहितबहादुर थापा, पत्नी तथा छोराछोरीलाई कुटपिट गरी घरबाट निकाली ताला लगाइदिए। पीडकहरूले सोही ठाउँका ७५ वर्षीय दलबहादुर थापा र ५० वर्षीय शान्तिमाया थापालाई कुटपिट गरी घरबाट निकाली घरमा आएर बसेमा ज्यानमार्ने धम्की दिए।

गेलु गाविस-५ की ४० वर्षीय पम्फा बुढाथोकीलाई ०५८ जेठ २३ गते माओवादीहरूले सार्वजनिक स्थानमा लगी कुटपिट गरी मोसो दलिदिए।

तिल्पुङ गाविस-९ स्थित महिला विकास शाखाको इकाई कार्यालयका कागजपत्र ०५८ असार ३ गते, भटौली गाविस-५ स्थित ग्रामीण सामुदायिक विकास परियोजना कार्यालयका कागजपत्र ०५८ असार ५ गते, नामाडी गाविसस्थित कमलादेवी माविको कार्यालयमा ०५८ असार ९ गते, हिमगंगा गाविस-६ स्थित क्षितिज हिमशिखर हिमालय महिला बचत तथा ऋण सहकारी संस्थाका कागजपत्र ०५८ असार १० गते, हिमगंगा गाविस-६ स्थित समाजसेवा कल्याण बचत तथा ऋण सहकारी संस्थाका कागजपत्र ०५८ असार १० गते, हिमगंगा गाविसस्थित ग्रामीण सामुदायिक विकास परियोजना कार्यालयका कागजपत्र ०५८ असार ११ गते, हिमगंगा गाविसस्थित गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यालयका कागजपत्र ०५८ असार ११ गते, गेलु गाविस कार्यालयका कागजपत्र ०५८ असार ३१ गते र गुन्सीस्थित प्रहरी चौकी रहेको घरमा ०५८ असार २७ गते माओवादीहरूले आगो लगाए।

सैपु गाविस-१ का २१ वर्षीय शुक्रराम तामाङलाई चोरी गरेको आरोपमा ०५८ असार ७ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ३ दिनसम्म आफूहरूसँगै राखे।

सैपु गाविस-१ का १८ वर्षीय शिव राउतलाई चोरी गरेको आरोपमा ०५८ असार ७ गते माओवादीहरूले ओखलढुंगा जिल्लाको गाम्नाङ्टारमा समाती रामेछापको सिरिसेबजारमा ल्याई कुटपिट गरेर चोरी गरेको सामान फिर्ता गर्ने शर्तमा ३ दिनपछि मुक्त गरे।

फुलासी गाविस-६ का वडाध्यक्ष ४५ वर्षीय एकासिङ तामाङ, सोही ठाउँका यमलाल तामाङ र कृष्णबहादुर तामाङलाई आफूहरूले बोलाएको कार्यक्रममा नगएको आरोपमा ०५८ असार २८ गते माओवादीहरूले कुटपिट गरे।

खाडादेवी गाविसस्थित इलाका प्रहरी कार्यालय भवनमा ०५८ साउन १ गते माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाए।

रामेछाप गाविस-२ का ३५ वर्षीय भीमबहादुर कसाईलाई खानेपानीसम्बन्धी विवादका कारण ०५८ साउन ७ गते सोही ठाउँका ३८ वर्षीय पूर्णबहादुर तामाङ, २६ वर्षीय हेमबहादुर तामाङ, ४० वर्षीय भक्तबहादुर तामाङसमेतका

व्यक्तिहरूले लाठी प्रहार गरी घाइते बनाए।

मन्थलीमा व्यापार गरी बस्ने २८ वर्षीय सन्तोष शाह र उनका भाई रंजीत शाहलाई प्रहरीले केटी जिस्क्याउँदा विरोध गरेको आरोपमा ०५८ साउन १७ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत तोपवहादुर नेपालीसमेतका प्रहरीले कुटपिट गरे।

पकरबास गाविस-७ मा होटल गरी बस्ने ६० वर्षीय ठाकुरदास श्रेष्ठलाई ०५८ साउन १९ गते माओवादीहरूले कुटपिट गरे।

सैपु गाविस-७ का वडाध्यक्ष ४४ वर्षीय त्रैलोक्यप्रसाद पौडेललाई आफूहरूले बोलाएको कार्यक्रममा नगएको आरोपमा ०५८ साउन २० गते माओवादीहरूले घरमा कुटपिट गरे।

दुरागाउँ गाविसका अध्यक्ष ४२ वर्षीय कल्याण वाग्लेको घरमा ०५८ साउन २२ गते माओवादीहरू गई घरका मानिसलाई आतंकित बनाई २८ रोपनी जग्गा आफ्नो कब्जामा लिए।

दुरागाउँ गाविस-८ का ७७ वर्षीय टंकराज वाग्लेलाई लालपुर्जा नदिएको आरोपमा ०५८ साउन २२ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

ओखि्रनी गाविसका पशुस्वास्थ्य कार्यालयमा कार्यरत २७ वर्षीय लक्ष्मीबहादुर घिसिङलाई ०५८ साउन २३ गते माओवादीहरूले सोही गाविसको भालुखोपमा कुटपिट गरी २ वटा दाँत भाँचिदिए।

पिङ्खुरी गाविसका कार्यवाहक अध्यक्ष ४५ वर्षीय अक्कलवहादुर भण्डारीलाई आमसभा गर्न मान्छे जम्मा नगरिदिएको आरोपमा ०५८ असार २७ गते माओवादीहरूले कुटपिट गरे।

विजुलीकोट गाविस-९ की ३६ वर्षीय सीता खड्कालाई गाउँकै एक महिलासँग झगडा गरेको आरोपमा ०५८ भदौ ४ गते माओवादीहरूले सोही गाविस-८ को भृङ्गेश्वर माविको भवनमा लगी निर्मम कुटपिट गरे। पीडकहरूले सोही दिन नेपाल तरूण दलका सोही गाउँका अध्यक्ष ४० वर्षीय पशुपति खड्कालाई कुटपिट गरी टाउको फुटाइदिए। पीडितको टाउकोमा २९ टाँका लगाउनुपर्‍यो।

देउराली गाविसका उपाध्यक्ष ३५ वर्षीय भरतवहादुर बुढाथोकी र उनकै नावालक छोरालाई ०५८ भदौ २१ गते माओवादीका कार्यकर्ताहरूले आफ्नो ९ हजार रूपैयाँ हराएपछि बच्चाले भेटेको आशंकामा कुटपिट गरे। पीडिनलाई पैसा तिर्ने कागजसमेत गराइयो।

सुकाजोर गाविस-५ की राधादेवी बस्नेनलाई कुवाको पानी अरूलाई खान नदिएको आरोपमा ०५८ भदौ २३ गते माओवादीहरूले कुटपिट गरे।

प्रिती गाविसका ३४ वर्षीय वासुदेव भण्डारीलाई राजनीतिक पूर्वाग्रहका कारण विद्यालयको विषयमा विवाद हुँदा ०५८ असोज ११ गते सोही ठाउँका पदम खत्रीसमेतका व्यक्तिहरूले कुटपिट गरे।

प्रिति गाविसस्थित चण्डेश्वरी माविका प्रधानाध्यापक लक्ष्मीश्वर मण्डललाई ०५८ असोज १२ गते सोही विद्यालयका एक शिक्षकको निर्देशनमा सोही गाविसका पदम खत्रीले खुकुरी प्रहार गरी ज्यानमार्ने धम्की दिए।

गागल गाविस-४ का दलबहादुर मगरलाई ०५८ असोज १८ गते माओवादीहरूले कुटपिट गरे।

दुरागाउँ गाविस-८ की ४५ वर्षीय लोकमाया आचार्यलाई भैंसी पाल्न दिएको विषयमा भएको विवादलाई लिएर ०५८ असोज २५ गते माओवादीहरूले घंगारूको लाठी प्रहार गरी कुटपिट गरे।

चिसापानी गाविस-४ की महिला सदस्य ४५ वर्षीय रामकुमारी श्रेष्ठलाई छोरालाई लुकाएको आरोपमा ०५८ असोज २७ गते सोही गाविस-५ स्थित घर माओवादीहरूले जलाइदिने धम्की दिए।

भलुवाजोर गाविसका अध्यक्ष ४९ वर्षीय कृष्णबहादुर थापालाई ०५८ कार्तिक २७ गते कृषि विकास बैंकका कर्मचारी ४७ वर्षीय दुर्गाबहादुर बस्नेतले बैंक कार्यालयमा कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा कागज गराई भोलिपल्ट रिहा गरे।

ठोसे गाविस ठोसेबजारस्थित प्रहरी चौकीमा ०५७ चैत ३१ गते दोरम्वा गाविस दोरम्बाबजारस्थित इलाका प्रहरी कार्यालय बसेको घरमा ०५८ मंसिर १० गते माओवादीहरूले गोली तथा बम प्रहार गरी ध्वस्त बनाए। दुवै ठाउँबाट प्रहरीहरू अन्यत्र सरिसकेका थिए।

फुलासी गाविस-२ का २० वर्षीय भरत बस्नेत, सोही गाविस-१ का १८ वर्षीय कमलवहादुर लुङ्गेली र गेलु गाविसका २० वर्षीय एक युवकलाई ०५८ मंसिर ११ गते गेलु गाविस-५ जल्कीनिको जात्रामा माओवादीहरूले हात बाँधेर बाँसको भाटा प्रहार गरी कुटपिट गरे।

दुरागाउँ गाविस-७ का ३३ वर्षीय रमेश वाग्लेलाई ०५८ मंसिर १२ गते माओवादी कार्यकर्ता बाबुराम गौतमसमेतका व्यक्तिहरू घरमा आई धम्की दिएर कुटपिट गरी ४० हजार रूपैयाँ लुटेर लगे।

दुरागाउँ गाविस-७ की ३० वर्षीय गंगा वाग्लेलाई घरको ढोका नखोलेको आरोपमा ०५८ मंसिर १६ गते राति माओवादीहरूले निर्मम कुटपिट गरे। पीडकहरूले पीडितको घरवाट १ मुरी धान निकाली कुटेर भात पकाएर खाए।

रामेछापवजारमा खानेपानी ल्याइएको सुकाजोर गाविसको खिरेपानीस्थित मुहानको इन्टेकमा ०५८ मंसिर २२ गते र रामेछाप गाविस-५ ल्याङल्याङको विद्युत ट्रान्समिटरमा ०५८ मंसिर २६ गते माओवादीहरूले सकेट बम विस्फोट गराई क्षति पुर्‍याए।

टोकरपुर गाविसका उपाध्यक्ष ३५ वर्षीय कुमार कँडेललाई ०५८ मंसिर २३ गते मन्थलीको आकाशेस्थित होटलमा वसिरहेको अवस्थामा गाविस अध्यक्ष पूर्णवहादुर थापाले ज्यानमार्ने धम्की दिँदै गाविसको निर्णय पुस्तिका लुटेर लगे।

डडुवा गाविस-९ खोलाखर्कमा पसल गरी बस्ने ४०

वर्षीय दावाछिरी शेर्पालाई माओवादीहरूलाई खाना खान दिएको आरोपमा ०५८ पुस ७ गते सुरक्षाकर्मीहरूले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कठजोर गाविसका उपाध्यक्ष ५५ वर्षीय दुर्गाबहादुर बस्नेतलाई ०५७ फागुन १९ गते माओवादीहरूले घरमा गई उपाध्यक्ष पदवाट राजीनामा नदिए ज्यानमार्ने धम्की दिए।

कठजोर गाविसका अध्यक्ष तथा नेकाँ महाधिवेशन प्रतिनिधि ४२ वर्षीय शंकर अधिकारीलाई ०५७ फागुन ३० गते माओवादीहरूले दवाव दिएर आफ्नो पदवाट राजीनामा दिन लगाए।

काठमाण्डौबाट मन्थलीतर्फ आइरहेका ४ वटा बस पुलासी गाविसको देवीटारमा ०५७ जेठ २७ गते माओवादीहरूले जवरजस्ती २ घण्टासम्म रोकी आमसभाको कार्यक्रम राखे।

फुलासी गाविस-१, २, ३, ४, ५, ७, ८ र ९ का वडाध्यक्षहरू क्रमशः चन्द्रबहादुर लुङ्गेली, रणबहादुर अधिकारी, पुष्करबहादुर अधिकारी, ज्ञानबहादुर लामा, केशवराज उपाध्याय, तुलबहादुर तामाङ, धनबहादुर तामाङ र नरबहादुर तामाङलाई ०५८ असार २२ गते माओवादीहरूले सोही गाविस-८ को एक घरमा लगी जवरजस्ती आफ्नो पदवाट राजीनामा लेख्न लगाई भोलिपल्ट मुक्त गरे।

गेलु गाविसका अध्यक्ष ४२ वर्षीय कृष्णहरि अधिकारीलाई ०५८ असार ३१ गते माओवादीहरूले पदवाट राजीनामा दिन लगाए।

गोठगाउँ गाविसका अध्यक्ष ४४ वर्षीय हरिबहादुर कार्की र उपाध्यक्ष बाबुराम कार्कीलाई ०५८ साउन ३ गते माओवादीहरूले जबरजस्ती आफ्नो पदमा राजीनामा दिन लगाए।

लखनपुर गाविसका अध्यक्ष ४६ वर्षीय शिखरनाथ ढुंगेललाई ०५८ साउन ७ गते माओवादीहरूले एक कार्यक्रमको आयोजना गरी जबरजस्ती गाविस अध्यक्ष पद त्यागेको घोषणा गर्न लगाए।

मन्थली गाविसका अध्यक्ष ३० वर्षीय ध्रुवकुमार कार्की र विजुलीकोट गाविसका अध्यक्ष ४७ वर्षीय कमलबहादुर खड्कालाई ०५८ साउन ८ गते माओवादीहरूले आफ्नो पदवाट राजीनामा दिन लगाई गाविसको काम नगर्न चेतावनी दिए।

नेकपा (एमाले) बेताली गाउँ कमिटी सचिव ३२ वर्षीय छत्रबहादुर कार्कीलाई ०५८ साउन ११ गते माओवादीहरूले जवरजस्ती आफ्नो पदवाट राजीनामा दिन लगाई आफ्नो गाउँ जनसरकार उपप्रमुख पदमा राखे।

सैपु गाविसका अध्यक्ष जामबहादुर कार्कीलाई ०५८ साउन १३ गते माओवादीहरूले जवरजस्ती आफ्नो पदवाट राजीनामा दिन लगाई गाविसको कार्यालयमा ताला लगाइदिए।

सैपु गाविसका -८ का ३४ वर्षीय नवराज पौडेल, २९ वर्षीय दुर्गा पौडेल, सोही गाविस-९ का ४० वर्षीय रत्नबहादुर दर्जी, ५० वर्षीय गोपाल पौडेलसमेत ६ जनालाई माओवादीहरूले आफूहरूलाई जवर्जस्ती गाउँ जनसरकारमा राखेको घोषणा गरेको जनाउँदै ०५८ साउन १३ गते सोही जनसरकारका प्रमुख केशरबहादुर महतसमक्ष राजीनामा बुझाउन गएको अवस्थामा नबुझी उल्टै धम्की दिए।

सैपु गाविस-४ का २५ वर्षीय शुवास पौडेल र ४४ वर्षीय त्रैलोक्यचन्द्र पौडेलको नामको जग्गा ०५८ साउन २० गते माओवादीहरूले आफ्नो कब्जामा लिए।

सदरमुकाम मन्थलीमा संचालित लिटल स्टार बोर्डिङ्ग स्कूल ०५८ भदौ ४ गते माओवादीहरूको दबावका कारण बन्द गरी असोज २ गतेदेखि पुनः संचालन गरियो।

पकरवास गाविसका कार्यवाहक अध्यक्ष भक्तबहादुर श्रेष्ठले आफू माओवादीहरूद्वारा घोषणा गरिएको गाउँ जनसरकारको उपप्रमुख पदमा बसेपछि ०५८ भदौ १६ गते गाविसका अन्य जननिर्वाचित पदाधिकारीहरूको समेत पदावधि सकिएको जनाउँदै सम्पूर्ण पदाधिकारी अवैध भएको घोषणा गरे।

जिल्ला विभिन्न विद्यालयहरूबाट आउँदै गर्दा अनेरास्ववियुका कार्यकर्ताहरूलाई मन्थलीमा हुने जिल्ला अधिवेशनका लागि आउन लागेको अवस्थामा ०५८ असोज १६ गते माओवादीहरूले माकादुम गाविसमा रोकेर राखे।

गेलु गाविस-७ का अनेकिसंघका जिल्ला सदस्य ३० वर्षीय कपिल कार्कीलाई ०५८ असोज २३ गते माओवादीहरूले अनेकिसंघ नत्यागेमा ज्यानमार्ने धम्की दिए।

चिसापानी गाविसका जनतालाई ०५८ असोज २७ गते सो ठाउँमा नेकपा (एमाले) ले गर्न लागेको कार्यक्रममा गएमा बमले उडाइदिने धम्की माओवादीहरूले दिए।

सैपु गाविस-८ का वडाध्यक्ष त्रैलोक्यप्रसाद पौडेलको ३० रोपनी खेतको धान ०५८ कार्तिक २५ गते माओवादीहरूले आफ्नो कब्जामा लिई काटेर लगे।

दुरागाउँ गाविसका अध्यक्ष ४४ वर्षीय कल्याण वाग्लेको सोही गाविस-८ स्थित खेतको धान ०५८ मंसिर १ गते माओवादीहरूले काटेर लगे।

धार्मिक स्वतन्त्रता

नागदह गाविस-४ मा हिन्दू धर्मविपरित ०५८ असोज ७ गते माओवादीका कार्यकर्ताहरूले गाई काटेर भोज खाए। माओवादीहरूले काफ्ले सिमघरका एक व्यक्तिसँग ९ सय रूपैयाँमा सो गाई किनेर ल्याई काटेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बेथानस्थित प्रहरी चौकीमा आक्रमण गरेको अभियोगमा ०५३ पुस २२ गते हातहतियार तथा खरखजाना ऐनअन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएका लखनपुर गाविसका कोमल ढुङ्गेल, उद्धव थापा, वृद्धि लामा, डुण्डु तिवारी,

कृष्ण ढुङ्गेल, गुनिस गाविसका रेशम चौलागाईं, वेथान गाविसका सानु दोङसमेत १९ जनाको मुद्दा हालसम्म फर्स्यौट भएको छैन। बढीमा ३ वर्ष जेल सजाय हुने सो मुद्दामा सानु दोङ र कोमल ढुंगेललाई साँढे २ वर्ष पुर्पक्षका लागि थुनामा राखियो। उनीहरू हाल तारेखमा छन्।

जिल्ला अदालतमा यस वर्ष जिम्मेवारी सरेर आएकासहित १ सय ९० मुद्दा रहे, जसमा ६२ वटा मुद्दा फर्स्यौट भए भने १ सय २८ वटा बाँकी छन्। जसअनुसार, सरकारवादी जिम्मेवारी सरेर आएका ७, यस वर्ष दर्ता भएका ६ गरी १३ वटा रहेकोमा ३ वटा फर्स्यौट भए। त्यस्तै संक्षिप्त फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका एउटा र यस वर्ष दर्ता भएका ६ वटा गरी ७ वटा रहेकोमा ३ वटा फर्स्यौट भए। यस्तै गालीतर्फ जिम्मेवारी सरेर आएका ५ र यस वर्ष दर्ता भएका ४ गरी ९ वटा रहेकोमा ४ वटा फर्स्यौट भए। यसबाहेक सरकारवादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ४२ र यस वर्ष दर्ता भएका १८ गरी ६० वटा रहेकोमा १९ वटा फर्स्यौट भए। देवानी मुद्दा जिम्मेवारी सरेर आएका ६० र यस वर्ष दर्ता भएका गरी १ सय १ वटा रहेकोमा ३२ वटा फर्स्यौट भए। अदालतमा २ वर्ष नाघेका मुद्दा देवानी १ र फौजदारी २ वटा छन्।

महिला अधिकार

विजुलीकोट गाविस-३ की २४ वर्षीय एक महिलालाई ०५७ चैत २० गते मन्थली गाविसको करम्बोमा लागेको जात्रामा आएको अवस्थामा मन्थलीबजारका करिव १० जना व्यक्तिहरूले बलात्कार गरे।

मन्थलीबजारस्थित युग होटलमा काम गर्ने १३ वर्षीय एक बालिकालाई ०५८ भदौ २२ गते सोही होटलकी मालिक्नी ३० वर्षीय लक्ष्मी बस्नेतले ४ जना युवकहरूसँग यौनसम्पर्क गराउने प्रयास गर्न लाग्दा पीडित चिच्याएर उम्कन सफल भइन्। पीडकउपर कुनै कारवाही भएन।

बहुविवाहका ५ वटा घटना सार्वजनिक जानकारीमा आए। जसमध्ये-

चितवन जिल्ला घर भई साँघुटारस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय उत्तम बुढाथोकीले ०५८ वैशाख ११ गते ओखलढुङ्गा जिल्ला कुवापानी गाविसकी २० वर्षीय सुनिता खड्कासँग दोस्रो विवाह गरे।

कठजोर गाविसस्थित निलकण्ठेश्वर माविका शिक्षक ४५ वर्षीय रामसुख राउतले ०५८ जेठ ३२ गते सोही विद्यालयमा अध्ययनरत १६ वर्षीय संगीता अधिकारीसँग दोस्रो विवाह गरे।

टोकरपुर गाविसका अध्यक्ष ३५ वर्षीय पूर्णबहादुर थापा मगरले घरमा पत्नी, ५ छोरा र १ छोरी हुँदाहुँदै ०५८ भदौ २० गते सोही गाविसकी २५ वर्षीय नैना थापासँग दोस्रो विवाह गरे।

मन्थलीबजारकी १२ वर्षीय एक वालिकालाई ०५८ जेठ ८ गते कपाल काट्ने पेशा संचालन गरी बस्ने ३३ वर्षीय महेश ठाकुरले यौन दुर्व्यवहार गर्ने प्रयास गरे।

कुभुकास्थली गाविस-१ की ५८ वर्षीय टंकेश्वरी थापा र उनकी छोरी १७ वर्षीय मिनलक्ष्मी थापालाई ०५८ जेठ १७ गते गाविस उपाध्यक्ष प्रेम के.सी. समेतका व्यक्तिहरूले दुर्व्यवहार गरे।

रामेछाप गाविस-३ की ३५ वर्षीय मिथिला विश्वकर्मालाई बोक्सीको आरोपमा ०५८ कार्तिक १६ गते सोही ठाउँकी साईली वि.क.ले कुटपिट गरिन्। पीडकलाई २ सय रूपैयाँ जरिवाना गराइयो।

गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

चुचुरे गाविस बुलडाँडाका ३२ वर्षीय मनबहादुर तामाङलाई आफ्नो पार्टीको बदनाम गराएको आरोपमा ०५७ चैत ९ गते माओवादीहरूले चारपाटा मुडी कान समाई उठबस गर्न लगाए।

खिम्ती गाविस-१ का ५२ वर्षीय रामप्रसाद कडेरिया, २४ वर्षीय माधव दाहाल, नेपाल बैंक लिमिटेडमा कार्यरत ३८ वर्षीय रंगध्वज बुढाथोकी र शिक्षक ३६ वर्षीय गोपाल सिवाकोटीलाई ०५७ जेठ १४ गते माओवादीहरूले सार्वजनिक ठाउँमा कान समाई ५०/५० पटक उठबस गर्न लगाए।

भटौली गाविस-५ का ललितबहादुर तामाङसमेत ४ जनालाई ०५८ जेठ २१ गते माओवादीहरूले एकले अर्काको कान तानेर ५०/५० पटक उठबस गर्न लगाए।

भटौली गाविस-१ मुगिटारमा पसल गरी बस्ने ६० वर्षीय तिर्थप्रसाद प्रसाईंलाई ०५८ जेठ २१ गते माओवादीहरूले कान समाई उठबस गर्न लगाउनुका साथै पसलमा रहेको मादक पदार्थ नष्ट गरिदिए।

बिजुलीकोट गाविस-९ का ८० वर्षीय यमहरि सुवेदीलाई गाउँमा मुद्दा मिलाएको रकम राखेको आरोपमा ०५८ भदौ ४ गते माओवादीहरूले सार्वजनिकरूपमा कान समाई ५० पटक उठबस गर्न लगाए।

बिजुलीकोट गाविसका अध्यक्ष ४८ वर्षीय कमलबहादुर खड्कालाई जनतालाई गाविसको सिफारिश दिएको आरोपमा ०५८ भदौ ६ गते माओवादीहरूले नागदहको धोवीबजारमा कान समाई ११ पटक उठवस गर्न लगाए।

गौरीशंकर उच्च माविका शिक्षक ३५ वर्षीय रामप्रसाद पौडेल, ३३ वर्षीय श्याम खड्का, ३८ वर्षीय सूवर्ण अधिकारी र ३० वर्षीय मेघराज भट्टराईलाई ०५८ मंसिर ११ गते सोही विद्यालयका ११ र १२ कक्षाका विद्यार्थीहरूले करिब १ घण्टा कार्यालय कोठाभित्रै वन्धक वनाए। विद्यालय संचालक समितिका अध्यक्षले विद्यार्थीको मागप्रति ध्यान पुऱ्याउने वचन दिएपछि मुक्त गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटीको ०५७ फागुन ३ गते वसेको वैठकले सो पार्टीका कार्यकर्तामाथि माओवादीहरूले

गरेको दुर्व्यवहारप्रति विरोध जनायो। माओवादीहरूले सो पार्टीका पदाधिकारी तथा जनप्रतिनिधिहरूलाई जबर्जस्ती पदत्याग लगाएको कार्यप्रति सो पार्टीले ०५८ साउन १६ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकाँका महाधिवेशन प्रतिनिधि टिकाराज आरणलाई माओवादीहरूले हत्या गरेको विरूद्ध ०५७ फागुन १८ गते सो पार्टीले मन्थलीमा एक विरोध जुलुसको आयोजना गऱ्यो।

मन्थलीस्थित महेन्द्रोदय माविमा अध्ययनरत एक छात्रामाथि प्रहरीले गरेको दुर्व्यवहारका विरूद्ध सोही माविका शिक्षक, विद्यार्थी र अभिभावकहरूले ०५७ फागुन २१ गते विरोध जुलुस निकाले।

कृषि विकास कार्यालयका प्रमुखले पटक-पटक कृषकहरूमाथि गरेको दुर्व्यवहारको विरोध गर्दै ०५८ असार २५ गते अनेकिसंघ जिल्ला समितिले एक विज्ञप्ति जारी गऱ्यो।

मानवअधिकार तथा शान्ति समाजले सो संस्थाका सदस्य हरिनारायण श्रेष्ठलाई माओवादीहरूले अपहरण गरेको विरोधमा ०५८ भदौ ४ गते एक विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

दोलखा जिल्ला डाँडाखर्क गाविस-१ का १३ वर्षीय राजीव मोक्तानको ०५८ वैशाख ११ गते नागदह गाविस धोवीबजारस्थित आफन्त प्रहरी असई रत्नबहादुर मोक्तानको घरमा आएको अवस्थामा रत्नबहादुरले सिरानी मुनि राखेको पेस्तोल खेलाउँदा पड्किएर गोली लागी मृत्यु भयो।

बिजुलीकोट गाविस-३ का ६७ वर्षीय काले तामाङको ०५८ जेठ २१ गते भरूवा बन्दुक पड्किएर गोली लागी मृत्यु भयो। पीडितले भरूवा बन्दुक आफैले पड्काएर आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १२ जना पुरूष पीडित भए। ग्रिति गाविस-४ मा ०५८ भदौ ३ गते पहिरोका कारण ८० घर-परिवार विस्थापित भए।

२.६ दोलखा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

क्षेत्रपा गाविस देउरालीमा गस्ती गरिरहेको प्रहरी टोली ०५७ माघ ३ गते माओवादीले थापेको एम्बुसमा पर्दा प्रहरी जवान लोकबहादुर मागा, पदमबहादुर थापा र टंक पराजुली गम्भीर घाइते भए।

लामिडाँडा गाविस-७ र ८ को जिल्ला प्रहरी कार्यालयबाट गएको गस्ती प्रहरी टोली ०५७ फागुन ७ गते बीचमा माओवादीहरूले थापेको एम्बुसमा पर्दा प्रहरी जवान शैलेन्द्र दनैको मृत्यु भयो भने सई कुशेश्वर मरवेता, प्रहरी जवान कुमार थपलिया, राम कुमार श्रेष्ठ र रामकाजी खत्री घाइते भए।

काव्रे गाविस मैनापोखरी इलाका प्रहरी कार्यालयमा ०५७ चैत २० गते माओवादीले आक्रमण गर्दा प्रहरी हवल्दार भोला खड्का, जवानहरू शिवप्रसाद बास्तोला, नन्दराज भट्ट, डोलबहादुर राना र राधेश्याम बस्नेतको मृत्यु भयो। सोही घटनामा माओवादीका सज्जन भन्ने लालवीर थामी, जीतेन्द्र भन्ने भिमलाल थामी र धर्मेन्द्र भन्ने चेतबहादुर पुलामी मगरको मृत्यु भयो। सो घटनामा १४ जना प्रहरी घाइते भए।



जनसंख्या	: २१७२१८
साक्षरता प्रतिशत	: ४७.६३
महिला साक्षरता प्रतिशत	: ३१.१२
क्षेत्रफल (वर्ग कि.मी.)	: २१९१
गाविस/नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७२
क्याम्पस/उच्च मावि	: २/३
अस्पताल/स्वास्थ्य चौकी	: ३/५३
टेलिफोन लाइन	: ३००
मोटर सडक (कि.मी.)	: २१९
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४

चरिकोटस्थित प्रहरी, सेना र सरकारी कार्यालयमाथि ०५८ मंसिर १२ गते माओवादीहरूले आक्रमण गर्दा प्रहरी सई झम्क काफ्ले गोलीद्वारा घाइते भए। माओवादीतर्फ सुशिला थामीसहित १२-१३ जनाको मृत्यु भएको बताइन्छ तर माओवादीहरूले आफ्नो कुनै क्षति नभएको उल्लेख गरे।

नाम, ठेगाना नखुलेका करिब २१/२२ वर्षीय एक माओवादी कार्यकर्तालाई पार्टी छोडी भागेको आरोपमा ०५८ मंसिर २५ गते सुनखानी गाविस गुभुखोलामा माओवादीहरूले नै गोली हानी हत्या गरे।

गैरीमुदी गाविस-१ का ३६ वर्षीय दानबहादुर तामाङलाई ०५८ मंसिर २७ गते जिल्ला वन कार्यालयको सभा कक्षमा संचालित इसिमोडको विवाद समाधान गोष्ठीबाट प्रहरीले गिरफ्तार गरेकोमा राति सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। हिरासतबाट भाग्ने प्रयास गर्दा गोली



मैनापोखरीमा प्रहरीसँगको भिडन्तमा मारिएका माओवादी कार्यकर्ताहरु

थुनिएका १६ जना छन्। अति जीर्ण यो जेल सुधार सम्बन्धमा व्यापक आवाज उठाए पनि सुधार नभएको गुनासो बन्दीहरूको छ। जेल सुरक्षा र स्वास्थ्य दुवै हिसाबले जीर्ण भएको हुँदा यसलाई मर्मत गर्नु भन्दा नयाँ निर्माण गरिनुपर्ने राय स्वयं सुरक्षाकर्मीहरू व्यक्त गर्दछन्। बन्दीहरू सुत्ने कोठा अति साँघुरो भएको, बन्दीहरूलाई २ वर्षमा १ पटक ओढ्ने ओछ्याउने, ३ वर्षमा १ पटक गुन्द्री र वर्षमा २ पटक लगाउने कपडा दिने प्रचलन अव्यवहारिक भएको बन्दीहरू गुनासो गर्दछन्।

हानेको सुरक्षाकर्मीले जनाए।

सुरी गाविस-७ की १९ वर्षीय गायत्री पोख्रेलको ०५८ पुस ४ गते आफ्नै घरमा माओवादीले चलाएको गोली लागी मृत्यु भयो। माओवादीले बन्दुक अचानक पड्किई मृत्यु भएको जनायो। पीडित पक्षलाई कुनै पक्षबाट पनि सहयोग भएन।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ६ जना पुरुष र ७ वर्षीय एक बालिकासहित ३ जना महिलाको हत्या भयो।

जेल र बन्दीहरु

कूल ३६ जना बन्दी क्षमता भएको दोलखा जेलमा हाल ४७ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका १५ जना, कैद नतोकिएका १६ जना र संकटकालीन स्थितिको घोषणापछि

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	३	९				
गोलीद्वारा हत्या	२	५	१	६	२	४	१	५
एम्बुसमा परी मृत्यु	१	१		१				
गोलीद्वारा घाइते	२	१५		१५				
एम्बुसमा परी घाइते	३	१०		१०				
गिरफ्तारी र यातना					१३	२४	२	२६
लाठी चार्ज					१	२	१	३
कुटपिट	४	९	८	१७				
धम्की	२	३		३	१		१	१
बलात्कार	५		६	६				
महिला भएकै कारण यातना	२		२	२				
अपहरण	४	४		४				
जम्मा	३२	५३	२०	७३	१७	३०	५	३५

गिरफ्तारी र यातना

पवटी गाविस-६ का ६० वर्षीय कमलकान्त वलीलाई ०५७ माघ २६ गते प्रहरीले विनापुर्जी गिरफ्तार गरे। पीडितलाई १ दिनपछि रिहा गरियो।

बोच गाविस-४ का १९ वर्षीय भगवान बस्नेत, २५ वर्षीय राजकुमार के.सी. र चितवन जिल्ला घर भई चरिकोटमा फोटोग्राफी गर्ने २० वर्षीय कर्ण गुरुङलाई सरकारी कार्यालयको फोटो खिचेको आरोपमा ०५७ चैत २७ गते फोटो स्टुडियोबाट प्रहरीले विनापुर्जी गिरफ्तार गरे। पीडितहरूमध्ये राजकुमार र कर्णलाई २ दिनपछि तथा भगवानलाई ८ दिनपछि रिहा गरियो।

नाम्दु गाविस-१ का २२ वर्षीय भगवान तामाङलाई ०५८ जेठ १४ गते नेकपा (एमाले) जिल्ला कार्यालयबाट प्रहरीले विनाकारण गिरफ्तार गरे। पीडितलाई २ दिन हिरासतमा राखी रिहा गरियो।

रामेछाप जिल्ला चिसापानीका २२ वर्षीय वेदबहादुर घिमिरे, १६ वर्षीय सिता लामा र १७ वर्षीय कैलाशकुमार दर्लामीलाई माओवादीको आरोपमा ०५८ भदौ ३१ गते प्रहरीले विनापुर्जी गिरफ्तार गरे। पीडितहरूलाई ४ घण्टापछि इन्सेक जिल्ला प्रतिनिधिको जिम्मामा रिहा गरियो।

सुनखानी गाविस-६ का २१ वर्षीय राजेन्द्र खड्कालाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

भीमेश्वर नपा-२ का २१ वर्षीय नविन श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सिन्धुपाल्चोक जिल्ला अतरपुर गाविस-४ का फुर्वा लामा र काजीमान लामालाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते कालिन्चोक भगवती मन्दिर दर्शन गर्न आएको अवस्थामा मन्दिरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई नजरबन्दमा राखिएको छ।

माली गाविसका २१ वर्षीय किशोर कुमार शर्मा (दाहाल) लाई माओवादीको आरोपमा ०५८ मंसिर १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल जिरीस्थित सुरक्षा हिरासतमा राखिएको छ।

भीमेश्वर नपा-८ का ३६ वर्षीय गुप्तबहादुर बस्नेतलाई माओवादीको आरोपमा ०५८ मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७ दिनसम्म हिरासतमा पाइपले हिर्काउने, हातखुट्टा बाँधी रूखमा बाँधेर राख्ने तथा खाली चौरमा सुताउने जस्ता यातना दिई हाल नजरबन्दमा राखिएको छ।

जिरी गाविसका मोहनकुमार के.सी., तुलबहादुर के.सी. र जुगु गाविसका दिपक बस्नेतलाई माओवादीको आरोपमा ०५८ मंसिर १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ८ दिनसम्म हिरासतमा नेल र हत्कडी लगाई पाइपले हिर्काएर प्रशासन कार्यालयसमक्ष बुझाइएकोमा हाल नजरबन्दमा राखिएको छ।

भीमेश्वर ना-९ का गौतम थापा र सोही नपा-१० का विष्णु उप्रेतीलाई माओवादीको आरोपमा ०५८ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये विष्णुलाई १ दिनपछि रिहा गरियो भने गौतमलाई थुनामा राखिएको छ।

भीमेश्वर नपा-२ का उपेन्द्र प्रधान, महेन्द्र श्रेष्ठ, मिलन श्रेष्ठ, प्रेमकृष्ण श्रेष्ठ, उत्तम कसाई र लक्ष्मी श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये लक्ष्मीलाई २ दिनपछि रिहा गरियो भने अन्यलाई नजरबन्दमा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

मागापौवा गाविस-१ का ६५ वर्षीय लक्ष्मण श्रेष्ठलाई ०५८ असोज २७ गते माओवादीहरूले घरबाटै अपहरण गरे। पीडितलाई पीडकहरूले मुड्की, लाठी र बन्दुकको कुन्दा प्रहार गरी २ दिनपछि मुक्त गरे।

पवटी गाविस-५ का ३० वर्षीय महेन्द्र उप्रेतीलाई ०५८ कार्तिक १६ गते माओवादीहरूले अपहरण गरेकोमा २ दिनपछि मुक्त गरे। पीडित हाल भारत पलायन भएका छन्।

कालिन्चोक गाविस-५ का ६५ वर्षीय देवा तामाङलाई ०५८ मंसिर १४ गते माओवादीहरूले घरवाट अपहरण गरे। पीडितलाई २ दिनपछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

च्यामा गाविस-७ का ३४ वर्षीय कृष्णप्रसाद फुयाँललाई ०५७ माघ २१ गते माओवादीहरूले मोसो दली चारपाटा मुडेर गाउँ घुमाउनुका साथै लात्ती, मुड्की र बन्दुकको कुन्दा प्रहार गरे। पीडकहरूले पीडितलाई घटना सार्वजनिक गरे ज्यानमार्ने धम्कीसमेत दिए।

सुनखानी गाविसमा मतदाता परिचयपत्रका लागि फोटो



मैनापोखरीमा माओवादीद्वारा मारिएका हवल्दार भोला खड्का

खिच्न गएको टोलीसँग रहेको एउटा क्यामरा, २ हजार ६ सय रूपैयाँ तथा लगाउने कपडा ०५७ फागुन ३ गते माओवादीहरूले लुटेर लग्नुका साथै देवबहादुर खत्रीलाई कुटपिट गरे।

लाकुरीडाँडा गाविस-८ की वडाध्यक्ष ३५ वर्षीय राजकुमारी श्रेष्ठलाई ०५७ फागुन १४ गते खरिढुङ्गा प्रहरी चौकीमा कार्यरत असई शम्भु कार्कीले पेस्तोल देखाई आफू माओवादी छापामार भएको भनी ज्यानमार्ने धम्की दिएर अभद्र व्यवहार गरे।

भीमेश्वर नपा-४ न्यागलका १२ वर्षीय रामकृष्ण तामाङ, ८० वर्षीय मैती तामाङसमेत ३५-३६ जनालाई ०५७ फागुन २३ गते माओवादीहरूले लाठी, बन्दुकको कुन्दा र मुड्की प्रहार गरे।

मुर्गे गाविस-२ का २६ वर्षीय पदमबहादुर तामाङ र २४ वर्षीय लोकबहादुर तामाङलाई ०५७ चैत ८ गते माओवादीहरूले कुटपिट गरे।

सूर्य टोवाको कम्पनीका सेल्सम्यान दिनेश शाक्यको ०५८ असार २२ गते जिरीबजारमा चुरोट बिक्री गरी फर्किरहेको अवस्थामा माओवादीहरूले काव्रेमा ३ लाख ५० हजार रूपैयाँ लुट्नुका साथै २ लाख ५० हजार रूपैयाँ बराबरको चुरोट जलाई नष्ट गरे।

लामाबगर गाविस-८ का ४७ वर्षीय सन्ते तामाङ र १७ वर्षीय लालमाया तामाङलाई ०५८ कार्तिक १२ गते माओवादीहरूले डोरीले थाममा बाँधी पेटी, बन्दूकको कुन्दा र मुड्की प्रहार गरी १ रात कब्जामा लिई कुटपिट गरे।

लामाबगर गाविस-८ की २८ वर्षीय जितमाया तामाङलाई ०५८ कार्तिक १२ गते आफ्नो पतिलाई भगाएको आरोपमा माओवादीका कार्यकर्ता पूर्णबहादुर वस्नेतको नेतृत्वमा आएका २५-२६ जनाको समूहले थाममा बाँधी पेटी, लाठी र बन्दूकको कुन्दा प्रहार गरी एक रात राखेर मुक्त गरे।

भीरकोट गाविसका २३ वर्षीय रामकाजी माझी र फस्कु गाविसका केशव बुढाथोकी ०५८ मंसिर १२ गते भीमेश्वर नपा-६ मा माओवादीले विछ्याएको एम्बुस विस्फोटन हुँदा घाइते भए।

न्यागलमा माओवादीद्वारा कुटपिट गरिएकी एक वृद्धा

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) द्वारा आयोजित मशाल जुलुसमाथि ०५८ वैशाख २२ गते प्रहरीले हवाई फायर, अश्रुग्याँस प्रहार र लाठीचार्ज गर्दा अनेमसंघ जिल्ला कमिटीकी प्रेमकुमारी चौलागाईं, अनेकिसंघका गणेश खड्का र श्याम गिरी घाइते भए।

यस वर्ष यो जिल्लाका ५१ गाविसमध्ये झण्डै ९० प्रतिशतमा माओवादीहरूले जवरजस्ती ताला लगाइदिने र कागजपत्र जलाइदिने तथा निर्वाचित जनप्रतिनिधिले ताला खोल्ने कार्य भयो। हाल गाविस कार्यालयहरू नियमितरूपमा संचालनमा आइसकेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा हाल १ सय ७ वटा मुद्दा छन्, जसमध्ये देवानी ५७ र फौजदारी ५० छन्। ३ वर्ष नाघेका २, २ वर्ष नाघेका ३ र १ वर्ष नाघेका २७ तथा आर्थिक वर्ष ०५८/५९ का ७५ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्वन्धी मुद्दा १७ वटा र हातहतियार खरखजानासम्वन्धी मुद्दा ४ वटा छन्, जसमध्ये सार्वजनिक अपराधसम्वन्धी ११ वटा मुद्दा यस वर्ष दर्ता भएका हुन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगले कार्य सम्पादन नगर्दै सरकारले विघटन गरिदियो। यो जिल्लामा ५ सय भन्दा बढी सुकुम्बासी भएको अनुमान छ।

यस वर्ष वर्ष वृद्धभत्तावापत् गाविसवाट ४६ लाख रूपैयाँ वितरण गरियो।

यो जिल्लाको एक मात्र गौरीशंकर बालगृहमा २८ बालक र २ बालिका आश्रित छन्।

महिला अधिकार

सुनखानी गाविस-४ का २ जना महिलालाई सोही गाविसका माओवादीद्वारा घोषणा गरिएका जनसरकार प्रमुख कुमार पाण्डे ले विगत १ वर्षदेखि वन्दुक देखाई यौन शोषण गरे। पीडितहरूमध्ये एक जना महिला गर्भवती भएपछि घटना सार्वजनिक भयो। पीडकलाई कुनै कारवाही भएन।

फस्कु गाविस-९ की ८ वर्षीय एक बालिकालाई ०५८ असार १४ गते सोही ठाउँका १४ वर्षीय विसु तामाङले बलात्कार गरे। पीडक नावालक भएको हुँदा धरौटी लिई तारखेमा रिहा गरियो।

भीरकोट गाविस-३ की ८ वर्षीय एक बालिकालाई ०५८ भदौ २९ गते सोही ठाउँका ४१ वर्षीय प्रेमबहादुर तामाङले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

भीमेश्वर नपा-११ की १४ वर्षीय एक बालिकालाई ०५८ कार्तिक २० गते सोही ठाउँका दाजु नाता पर्ने १७ वर्षीय दिनेश शाह, सोही ठाउँका १७ वर्षीय हरि शाह, १५ वर्षीय सुवास शाह र १८ वर्षीय माधव कार्कीले बलात्कार गरे। पीडकहरूमध्ये दिनेशलाई थुनामा राखिएको छ भने हरि, सुवास र माधवलाई धरौटी लिई तारेखमा रिहा गरियो।

भुसाफेदा गाविस-७ की नरमाया थापा मगरलाई

[illegible] प्रहरी चौकी

बोक्सीको आरोपमा ०५८ भदौ ६ गते सोही ठाउँका वडाध्यक्ष छत्रबहादुर थापा मगर, सानु काले थापा मगर, ठूलो काले थापा मगरसमेतका व्यक्तिहरूले दिसा खुवाए। पीडकविरूद्ध कुनै उजुरी गरिएन।

बालअधिकार

आफैले जन्माएका शिशु तत्काल हत्या गरेको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीद्वारा गरिएका हत्या र लुटपाटका घटनाप्रति विरोध जनाउँदै ०५७ फागुन २४ गते नेकपा (एमाले) र नेकाँले प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ जना पुरूष पीडित भएको सार्वजनिक जानकारीमा आयो। ३ पुरूष, २ महिला र १ नाबालक गरी ६ जनाले आत्महत्या गरे। पहिरोका कारण ११ जनाको मृत्यु भयो भने २५ घर विस्थापित भए। सरकारी राहत प्रभावकारी भएन। आगलागीमा परी १ नाबालक र १ पुरूषको मृत्यु भयो। ५ वटा वेवारिसे लास फेला परे, जसमध्ये २ वटाको टाउको काटिएको थियो। सडक दुर्घटनामा १ र भवितव्यमा २ जनाको मृत्यु भयो। वर्षको पछिल्लो अवधिमा दैनिकजसो जिल्लाका विभिन्न ठाउँमा सुरक्षाकर्मी र माओवादी दुवैतर्फबाट बम विस्फोट भइरहे।

२.७ रौतहट

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

नेकाँका कार्यकर्ता तथा अजगैवी गाविसका अध्यक्ष ४५ वर्षीय काशी राउत कुर्मीलाई राजनीतिक प्रतिशोधका कारण ०५७ फागुन ७ गते माओवादीहरूले गोली हानी घाइते बनाए। पीडित हाल उपचार गरी घर फर्केका छन्।

नेकाँका कार्यकर्ता तथा सन्तपुर (म.) गाविस-६ का ३८ वर्षीय महेश राय यादवलाई राजनीतिक प्रतिशोधका कारण ०५७ फागुन १९ गते माओवादीहरूले गोली हानी घाइते बनाए। पीडित काठमाण्डौमा उपचार गरी घर फर्किए।

रूपन्देही जिल्ला घर भई वागमतीस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २५ वर्षीय वृजराज यादवलाई ०५७ चैत १७ गते बिहान प्रहरी चौकीमा गार्ड बसिरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

पिपरीया (प्र.) गाविस-७ का २७ वर्षीय प्रभुदास तत्मा, सोही गाविस- ८ का २५ वर्षीय धवल हजरा र २४ वर्षीय सिताइ राय यादवलाई बिजुली चोरी गरेको आरोपमा ०५८ असोज ३ गते प्रहरीले गोली हानी घाइते बनाए। पीडितहरूको उपचार काठमाण्डौस्थित वीर अस्पतालमा गरियो।



जनसंख्या	५४७२१०
साक्षरता प्रतिशत	२७
महिला साक्षरता प्रतिशत	१३.१
क्षेत्रफल (वर्ग कि.मी.)	११२६
गाविस/नपा संख्या	९६/१
निर्वाचन क्षेत्र	४
विद्यालय	३१७
क्याम्पस/उच्च मावि	२/४
अस्पताल/स्वास्थ्य चौकी	१/९५
टेलिफोन लाइन	९५०
मोटर सडक (कि.मी.)	१४५
प्रहरी कार्यालय संख्या	३९
हुलाक संख्या	६५

पिप्रापोखरीया गाविस-४ का ५० वर्षीय नवद यादव र ६० वर्षीय लक्ष्मी यादवलाई राजनीतिक प्रतिशोधका कारण ०५८ असोज ११ गते सोही गाविसका अध्यक्ष प्रदिप राणाले गोली हानी घाइते बनाए। पीडितहरू उपचार गरी घर फर्किए। पीडकलाई कुनै कारवाही भएन।

पिप्रा राजवडा गाविस-४ का नेकपा (एमाले) का कार्यकर्ता पूर्व गाविस अध्यक्ष ७० वर्षीय रामदेव यादवलाई राजनीतिक प्रतिशोधका कारण ०५८ मंसिर १८ गते राति माओवादीहरूले छुरी प्रहार गरी हत्या गरे।

नेकाँका कार्यकर्ता तथा समनपुर गाविसका उपाध्यक्ष ५२ वर्षीय मनक राय यादवलाई राजनीतिक प्रतिशोधका कारण ०५८ पुस ९ गते राति माओवादीहरूले गोली हानी हत्या गरे।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ५ जना पुरूष र २ जना महिलाको हत्या भयो। जसमध्ये-

वरियापुर गाविस-५ की २० वर्षीय गीता सहनीलाई दाइजो नल्याएको आरोपमा ०५८ जेठ १८ गते आफ्नै पति २४ वर्षीय अरूणकुमार सहनीले खुकुरी प्रहार गरी हत्या गरे।

जेल र बन्दीहरु

रौतहट जेल "ग" श्रेणीको हो। यस जेलको क्षमता १ सय जनाको भनिएता पनि ७५ जना मात्र छ। हाल यस जेलमा कैद नतोकिएका ७१ जना र कैद तोकिएका २३ जना गरी ९४ जना बन्दी छन्। जेलमा १६ वटा कोठा, ३ वटा चर्पी र ४ वटा धारा छन्। जेल भवन जीर्ण भएकाले पानी पर्दा आधा पानी भित्र पस्ने गरेको र जाडोको समयमा घाम ताप्न नपाइने, चर्पी र सुत्ने कोठा नजिकै भएकाले दुर्गन्धले सताउने गरेको दाई नाइके बन्दी बताउँछन्। जेलभित्र एउटा प्राथमिक विद्यालय छ। बन्दीहरूलाई गोरखापत्र र कान्तिपुर दैनिक उपलब्ध गराइन्छ। बन्दीहरूले मुढा, अगरबत्ती बनाउने व्यवसाय विगत वर्षहरूझैं संचालन गर्दै आएका छन्। बन्दीहरूको उपचार अहेवबाट गराइन्छ।

गिरफ्तारी र यातना

डुमरीया गाविस-२ की १८ वर्षीय मेनुका सापकोटालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५७ माघ २७ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५८ साउन ३० गते रिहा गरियो।

सन्तपुर गाविस-३ का २५ वर्षीय पुरूषोत्तम पौड्याललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५७ माघ २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५८ साउन २० गते रिहा गरियो।

सन्तपुर गाविस-३ की १३ वर्षीय कविता काफ्लेलाई माओवादीको आरोपमा ०५७ माघ २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५८ साउन २५ गते धरौटीमा रिहा गरियो।

डुमरीया गाविस-२ का २२ वर्षीय सुदर्शन सापकोटा र सोही गाविसका ५५ वर्षीय रामप्रसाद आचार्यलाई माओवादीको आरोपमा ०५७ माघ २८ गते राति आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५८ साउन ३० गते रिहा गरियो।

नेकपा (एमाले) का कार्यकर्ता हर्दिया गाविसका उपाध्यक्ष ५२ वर्षीय पनिलाल यादवलाई माओवादीको आरोपमा ०५७ माघ २८ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी दुई दिन पछि रिहा गरे।

सन्तपुर गाविस-६ का २२ वर्षीय प्रभु दासलाई माओवादीको आरोपमा ०५७ फागुन २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई दश दिनसम्म कसैसँग भेट गर्न नदिई जमानतमा रिहा गरियो।

सन्तपुर गाविस-३ का ३७ वर्षीय विदुर चौलागाईंलाई ०५७ फागुन २९ गते प्रहरीले सामान्य विवादका कारण गिरफ्तार गरी यातना दिए। पीडितलाई २ दिनपछि रिहा गरियो।

मलाही गाविस-८ का मलाही माविका शिक्षक ३५ वर्षीय रूपन सहनी, सोही विद्यालयमा अध्ययनरत १६ वर्षीय श्रीचन सहनी र १८ वर्षीय सन्तलाल सहनीलाई माओवादीको आरोपमा ०५७ चैत २ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

सर्लाही जिला कर्मैया गाविस घर भई वागमतीस्थित गोपालकुटी माविमा अध्ययनरत १८ वर्षीय दुर्गा पोखरेल, १७ वर्षीय सनम लामा, १८ वर्षीय डम्बर पुलामी र १९ वर्षीय केवल लामालाई माओवादीको आरोपमा ०५७ चैत १८ गते विद्यालय जाँदै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट रिहा गरियो।

चन्द्रनिगाहपुर गाविस-९ की २० वर्षीय गीता खड्कालाई माओवादीको आरोपमा ०५७ चैत २२ गते प्रहरीले गिरफ्तार गरे। पीडितको घर खानतलासी गर्दा बन्दुक फेला परेको प्रहरीले जनाए। पीडितलाई हातहतियार खरखजना सम्बन्धी मुद्दा लगाई ०५८ साउन ३० गते रिहा गरियो।

जिगडीया गाविस-५ का १६ वर्षीय विनोद रामलाई माओवादीको आरोपमा ०५७ चैत २८ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनसम्म कसैसँग भेट गर्न नदिई रिहा गरियो।

रंगपुर गाविसका ४७ वर्षीय चोकबहादुर योञ्जन, जुडिबेला गाविस-१ का २५ वर्षीय लालबहादुर थिङ, मकवानपुर जिल्ला घियालका ४० वर्षीय रत्नमान स्याङतान, ६० वर्षीय पुतलीमाया वल र २६ वर्षीय गुमानसिंह बललाई माओवादीको आरोपमा ०५५ सालदेखि थुनामा राखिएकोमा ०५८ वैशाख १२ गते अदालतले सफाई दिएपछि वैशाख १३ गते रिहा भई घरतर्फ जाँदै गरेको अवस्थामा प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरूलाई

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	२	७				
गोलीद्वारा हत्या	४	४		४				
गोलीद्वारा घाइते	३	४		४	१	३		३
गिरफ्तारी र यातना					२६	४०	४	४४
लाठी चार्ज					१	८		८
कुटपिट	१६	२५	२	२७	१	३	१	४
बलात्कार	२		२	२				
बलात्कार प्रयास	१		१	१				
बाल अधिकार	३	२	२	४				
जातीय छुवाछूत	२	३	१	४				
अमानवीय व्यवहार	२	२		२				
जम्मा	२९	४५	१०	५५	२९	५४	५	५९

गर्दछन्। होटलमा काम गर्ने बालमजदुरको संख्या करिब १ सय ५० रहेको अनुमान गरिएको छ। घरेलु कामदारका रूपमा काम गर्ने बालबालिकाहरूको यकिन तथ्यांक प्राप्त गर्न नसकिएता पनि शहरी क्षेत्रमा करिब ५ सय रहेको छ।

आर्थिक अधिकार

सरकारले कृषि श्रमिकहरूको न्यूनतम ज्याला र समय निर्धारित गरेता पनि गाउँघरमा अझै लागू भएको छैन। कृषि मजदुरहरू दैनिक ३ किलो अन्नमा काम गर्ने गर्दछन्। यस्ता कृषि मजदुरहरूको संख्या करिब ६ हजार छ भने शहरी क्षेत्र, जिल्लाको उत्तरी भाग र अन्यत्र गई प्रतिदिन ५० रूपैयाँका दरले १२ घण्टा काम गर्नेहरूको संख्या करिब ६ हजार रहेको अनुमान छ।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

चन्द्रनिगाहपुर-१ का ७० वर्षीय मानबहादुर विश्वकर्मालाई ०५७ माघ १९ गते सोही गाउँका ५० वर्षीय राधा कार्कीले दलितले होटलमा चिया खाने भनी गाली बेइज्जती गरिन्। पीडितले प्रशासनसमक्ष उजुर गरे पनि कुनै कारवाही भएन।

गैंडाटारस्थित जनशक्ति माविका प्रधानाध्यापक ४२ वर्षीय विश्वनाथ राउतलाई विद्यालयमा आर्थिक अनियमितता गरेको आरोपमा ०५७ फागुन १५ गते माओवादीहरूले विद्यालय प्राङ्गणमा कान समाई १ सय ५० पटक उठवस गर्न लगाई मोसो दलिदिए। प्रशासनसमक्ष उजुर गरे ज्यानमार्ने धम्कीसमेत पीडकहरूले दिएका थिए।

समनपुरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार विनोद राय यादवलाई डाँकाको आरोपमा ०५७ चैत ६ गते गम्हरीया पर्सा-२ का ४० वर्षीय शेख नेजामुद्दीन र ३५ वर्षीय शेख संसादले समाती ४ घण्टासम्म कोठामा थुनेर राखे। पीडितलाई पछि प्रहरीको टोली आई मुक्त गरी लगे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

विश्रामपुर गाविस-८ का ४० वर्षीय जगराम, ६० वर्षीय रामचन्द्र राम र ५० वर्षीय पावर्तदेवी रामलाई माथिल्लो भनिने कुर्मी जातिको विवाहमा देखाइएको भिडियो हेर्न दलित जातिका बालबालिका गएको आरोपमा ०५८ वैशाख २० गते सोही गाउँका २९ वर्षीय विष्णु दियाल राउत कुर्मी, ३१ वर्षीय दिन दयाल राउत, ३८ वर्षीय नेवालाल राउत र ४५ वर्षीय सोनालाल राउतले कुटपिट गरे। पीडितहरूले प्रशासनसमक्ष उजुर गर्दा पनि पीडकहरूलाई कुनै कारवाही भएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

गरूडामा ०५७ पुस १९ गते भएको साम्प्रदायिक दंगाको विरोध गर्दै मानवअधिकार चेतना केन्द्रले ०५७ पुस २१ गते एक प्रेस वक्तव्य जारी गर्‍यो।

सन्तपुर (म.) गाविस-३ की १३ वर्षीय कविता काफ्लेलाई ०५७ माघ २७ गते प्रहरीले गिरफ्तार गरी कसैसँग भेट गर्न नदिई हिरासतमा राखेकोमा हिरासतबाट मुक्त गरी बालअधिकार महासन्धि तथा बालबालिका सम्बन्धी कानूनबमोजिम व्यवहार गर्न सबै पक्षसँग आग्रह गर्दै मानवअधिकार चेतना केन्द्र र इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधिले ०५७ माघ २९ गते प्रेस वक्तव्य जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १४ जना पीडित भए। डुबेर २ जना र सडक दुर्घटनामा १९ जनाको मृत्यु भयो। झुण्डिएर ७ जना, विष सेवन गरेर १० जना गरी जम्मा ३८ जनाले आत्महत्या गरे।

२.८ बारा

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या : गोली

पर्सा जिल्ला रामनगरी गाविस-५ का ४० वर्षीय विभिखन मलह, अलौ गाविस-९ का ३८ वर्षीय अहमद मिया, ४० वर्षीय किशोरी साह, सोही गाविस-३ का ४२ वर्षीय सुदामा महतो र सोही गाविस-१ का बुनिलाल राउत कुर्मीलाई बसमा डकैती गर्न खोजेको आरोपमा बीरगञ्ज उमनपा-१६ बाट प्रहरीले गिरफ्तार गरेकोमा ०५७ माघ १० गते हरैया गाविस-४ मा पर्ने राजमार्ग छेउ लगी गोली हानी हत्या गरे।

कलैया नपा-१ का ८ वर्षीय बलिराम महतो ०५७ फागुन २१ गते खेतनजिकै माओवादीद्वारा राखिएको बम विस्फोट हुँदा घाइते भए।

कुडुवा गाविस-५ का ३५ वर्षीय शम्भु यादवलाई ०५७ चैत २९ गते आफ्नै घरको आँगनमा पंचायती गरिरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

पर्सा जिल्ला वीरगञ्ज उपमनपा-१९ का बस चालक ४० वर्षीय सिताराम गिरीलाई ०५८ जेठ १४ गते परवानीपुर लिपनीमाल गाविस-३ मा आम हडतालका प्रदर्शनकारीहरूले ढुंगा प्रहार गरी घाइते बनाएकोमा उपचार गर्दागर्दै मृत्यु भयो।

कलैया नपा-७ स्थित जिल्ला प्रहरी कार्यालयमा ०५८ असार २४ गते राति माओवादीहरूले बम प्रहार गर्दा प्रहरीले गोली प्रहार गरे। सो क्रममा माओवादी भनिएका धनुषा जिल्ला

यज्ञभूमी गाविस-५ का २५ वर्षीय नथुनी महतोको मृत्यु भयो।

फत्तेपुर गाविस-९ का ३५ वर्षीय मोति मियालाई डकैती गर्ने प्रयास गरेको आरोपमा ०५८ मंसिर ११ गते रामपुर टोकनी गाविस-२ मा प्रहरीले गोली प्रहार गर्दा मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ४ र ६ वर्षीय दुई बालकसहित १९ जना पुरूष र १० र १४ वर्षीय दुई बालिकासहित ६ महिलाको हत्या भयो। १८ जना पुरूष र १ जना महिला गोलीद्वारा घाइते भए। जसमध्ये-

कलैया नपा- का ३५ वर्षीय भिखारी राउतलाई ०५७ माघ १० गते छिमेकीको घरमा भोजमा गएको अवस्थामा सामूहिक कुटपिटबाट मृत्यु भयो।

कलैया नपा-११ का २५ वर्षीय कृष्ण महतोलाई चोरी गरेको आरोपमा ०५७ चैत १९ गते राति पुरैनिया गाविस-३ मा सोही ठाउँका बन्नि महतो, जमुना महतो, भगवान यादव, गोपाल राउत कुर्मीलगायत् २५-३० जनाको समूहले डोरीले बाँधी कुटपिट गर्दा मृत्यु भयो। पीडकहरूलाई थुनामा राखिएको छ।



जनसंख्या	:	५५०१००
साक्षरता प्रतिशत	:	४९
महिला साक्षरता प्रतिशत	:	२२
क्षेत्रफल (वर्ग कि.मी.)	:	११९०
गाविस/नपा संख्या	:	९८/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२९१
क्याम्पस/उच्च मावि	:	१/४
अस्पताल/स्वास्थ्य चौकी	:	१/९७
टेलिफोन लाइन	:	८६१
मोटर सडक (कि.मी.)	:	१३७
प्रहरी कार्यालय संख्या	:	३१
हुलाक संख्या	:	७३

भवानीपुर जितपुर गाविस-३ मा डेरा गरी बस्ने ३२ वर्षीय हिरासिंह धामी, उनको छोरा ६ वर्षीय नरेन्द्र धामी, ४ वर्षीय सुनिल धामी र १० वर्षीय मञ्जुकुमारी धामीलाई ०५८ असार २६ गते राति सुतिरहेको अवस्थामा कृष्णसिंह धामीले मुख र टाउकोमा ढुङ्गा प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

शितलपुर गाविस-१ का २० वर्षीय दिलजली देवीलाई दाइजो नल्याएको आरोपमा ०५८ जेठ २६ गते आफ्नै ससुरा ४७ वर्षीय रामस्वरूप मण्डलले कुटपिट गर्दा घरमै मृत्यु भयो। पीडकलाई हाल थुनामा राखिएको छ।

गंजभवानीपुर गाविस-८ की १४ वर्षीय जारीना खातुनलाई सौतेनी आमासँग झगडा गरेको आरोपमा ०५८ मंसिर १८ गते राति आफ्नै बाबु ३७ वर्षीय हुसेन मिया र सौतेनी आमा २७ वर्षीय जोखन् खातुनले सोही गाविस-५ स्थित सिसौघारीमा घाँटी रेटी हत्या गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

डाँकाको आरोपमा प्रहरीद्वारा मारिएकाहरु

गिरफ्तारी र यातना

हरैया गाविस-६ का २५ वर्षीय पुष्पराज थापालाई ०५७ माघ २९ गते कलैया नपा-१२ बाट प्रहरीले गिरफ्तार गरे।

भरतगञ्ज सिंगौल गाविस-८ का १३ वर्षीय दिनेश शर्मालाई माओवादी बनी ठगी गरेको आरोपमा ०५७ माघ २९ गते निजगढ गाविस-७ बाट प्रहरीले गिरफ्तार गरे।

हरैया गाविस-६ का २६ वर्षीय विनोद यादवलाई ०५७ फागुन ९ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १९ दिनसम्म विभिन्न अज्ञात स्थानहरूमा राखिएकोमा जनप्रतिनिधिको दबाबमा रिहा गरियो।

कुडुवा गाविस-५ का ३५ वर्षीय प्रमोद यादव, ३० वर्षीय चलितर यादव, ३८ वर्षीय कपिलदेव यादव, ४० वर्षीय जोदाहा यादव र ३५ वर्षय भगत बिनलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ वैशाख ३ गते प्रहरीले गिरफ्तार गरे।

हरैया गाविस-६ का ४० वर्षीय यानप्रसाद पराजुलीलाई माओवादीलाई संरक्षण दिएको आरोपमा ०५८ कार्तिक १८ गते घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी १९ दिनपछि रिहा गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

निजगढ गाविस-२ का १९ वर्षीय नजरमान वललाई ०५७ फागुन १० गते कलैया नपा-५ बाट सादा पोशाकका प्रहरीले अपहरण गरी बेपत्ता पारे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

निजगढ गाविस-२ का ३२ वर्षीय राजु चौलागाईंलाई नक्कली माओवादी बनी ठगी गरेको आरोपमा ०५८ असार १३ गते घर नजिकको खेतबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई १५ दिनपछि मुक्त गरियो।

लिपनीमाल गाविस-२ का ३० वर्षीय लक्ष्मीनारायण साहलाई ०५८ पुस १ गते सोही ठाउँस्थित बजारबाट केही अज्ञात व्यक्तिहरूले अपहरण गरे। पीडितको स्थितिका बारेमा हालसम्म कुनै थाहा हुन सकेको छैन।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा	घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा
हत्या	१८	२०	८	२८				
गोलीद्वारा हत्या	१	१		१	२	६		६
गोलीद्वारा घाइते	४	६	२	८				
बम प्रहारबाट घाइते	१	१		१				
गिरफ्तारी र यातना					६	११		११
बेपत्ता पारिएको					१	१		१
कुटपिट	२०	१६	४	२१	२	३		३
धम्की					१	१		१
भेला र संगठित हुने अधिकार	२	१		१	१	२		२
बलात्कार	२		२	२				
बलात्कार प्रयास	३		३	३				
बहुविवाह	२		२	२				
पारिवारिक हिंसा	२		२	२				
आर्थिक अधिकार	१	४		४				
अमानवीय व्यवहार	२	५		५				
अपहरण	४	४		४				
जम्मा	६२	३९	२१	८०	१३	२४		२४

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

डुमरवाना गाविस-७ का ४० वर्षीय शम्भुप्रसाद मैनालीलाई माओवादी लुकाएको आरोपमा ०५७ माघ ४ गते प्रहरीले घरबाट बाहिर निकाली कुटपिट गरे।

विसुनपूर्वा गाविस-८ का ३५ वर्षीय जवाहरलाललाई जग्गाको सिफारिस दस्तुर नबुझाएको आरोपमा ०५७ चैत १९ गते सोही गाविसका अध्यक्ष ४८ वर्षीय दुख चौधरीले सोही ठाउँस्थित प्राथमिक विद्यालयमा लगी बाँधेर कुटपिट गरे।

हरैया गाविस-६ का २० वर्षीय रविन्द्र साहलाई ०५८ वैशाख ३ गते कलैया नपा-५ स्थित विद्यालयमा परीक्षा दिई बाहिर निस्केको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते बनाए।

भवानीपुर जितपुर गाविस-३ का पत्रकार २८ वर्षीय विनोद प्याकुरेललाई ०५८ असार २५ गते एसपी कार्यालयमा बम विस्फोट भएको घटनाबारे जानकारी लिन खोज्दा एसपी हेमराजबहादुर मल्लले धम्की दिए।

वंजरीया गाविस-१ का ३२ वर्षीय विजय यादवलाई आफ्ना गतिविधिमा बाधा पुऱ्याएको आरोपमा ०५८ असार २५ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

कुटपिटबाट मारिएका भिखारी राउत

बधवन गाविस-५ का ५० वर्षीय असमान राउतलाई चन्दा नदिएको आरोपमा ०५८ भदौ ७ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

निजगढ गाविस-२ का रामचन्द्र गौतम र सोही गाविस-७ का वडाध्यक्ष नारायण खड्कालाई ०५८ वैशाख ४ गते वाम पार्टीहरूद्वारा आयोजित मशाल जुलुसमा भाग लिन गइरहेको अवस्थामा प्रहरीले बाटो छेकी कुटपिट गर्ने प्रयास गरी धम्की दिए।

डुमरवाना गाविस-५ का

सामूहिक रुपमा हत्या हिटासिं धामी, नरेन्द्र धामी र सुनिल धामी

व्यापारी र किसानहरूलाई ०५८ असार १७ गते दिउँसो माओवादीहरूले किसानहरूको कार्यक्रम भनी भेला गराएर माओवादी कार्यकर्ताहरू ४० वर्षीय गंगा बस्नेत, सोही ठाउँका कृष्ण नेपालसमेतका व्यक्तिहरूले हवाईफायर र वम विस्फोट गर्दा सोहीठाउँस्थित बजारका व्यक्तिहरू भागभाग भए।

पिपरा-सिमरा गाविस-४ स्थित सूर्य टोवाको कम्पनी अगाडि ०५८ असार २४ गते राति माओवादीहरूले प्रेसर कुकर बम विस्फोट गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएकासमेत गरी कूल २ हजार ६ सय ५५ रहेकोमा यस वर्ष सरकारवादी देवानी १ सय ९ र दुनियावादी देवानी ४ सय १ गरी ६ सय १० वटा फर्स्यौट भई २ हजार ४५ वटा बाँकी रहे। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएकासमेत गरी कुल २ हजार ४ सय ८३ वटा फौजदारी मुद्दा रहेकोमा सरकारवादी फौजदारी ७७ र दुनियावादी फौजदारी २ सय ७३ वटा फर्स्यौट भई २ हजार १ सय ५३ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भुमिहीन सुकुम्बासी २ हजार २ सय धुरी रहेको पाइयो। जसमध्ये रतनपुरी गाविसमा ९ सय ४६, सिमरा राजमार्ग क्षेत्रसहित ८ सय ५०, कुकरीमा ३ सय ५०, डुमरवाना, मनहरवा, हरैयामा २ सय २५ धुरी रहेको जानकारीमा आएको छ। जिल्ला वन कार्यालयबाट प्राप्त जानकारीअनुसार, यस वर्ष रतनपुरीमा १८ र मनहरवामा ७ घर सुकुम्बासीहरूलाई विस्थापित गरियो।

जिल्ला प्रहरी कार्यालयमा बम प्रहार गर्न जाँदा प्रहरीको गोलीबाट मृत्यु भएका नथुनी महतो

महिला अधिकार

बलात्कार / बलात्कार प्रयास

निजगढ गाविस-३ की ६ वर्षीय एक वालिकालाई ०५७ फागुन २२ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका ७५ वर्षीय नरबहादुर कार्कीले खेतमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

भरतगञ्ज सिंगौल गाविस-७ की १८ वर्षीय एक युवतीलाई ०५७ चैत १२ गते बेलुका निजगढ गाविस-७ का शिक्षक हिरालाल यादवले बलात्कार गर्ने प्रयास गरे।

रतनपुरी गाविस-८ की ३४ वर्षीय एक महिलालाई ०५८ साउन ३१ गते खेतमा काम गरिरहेको अवस्थामा सोही ठाउँका २२ वर्षीय कमल घलानले बलात्कार गर्ने प्रयास गरे।

पर्सौनी गाविस-७ की १९ वर्षीय एक युवतीलाई ०५८ भदौ ३ गते राति घरमा एक्लै सुतिरहेको अवस्थामा सोही ठाउँका २५ वर्षीय सुरेश यादवले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पीडितको खुट्टा ढोग्न लगाई माफी मगाइयो।

निजगढ गाविस-७ की १९ वर्षीय एक युवतीलाई ०५८ भदौ १० गते आफ्नो माइती गाउँ गइरहेको अवस्थामा रतनपुरी गाविस-५ को जंगलमा दुईजना अज्ञात व्यक्तिहरूले बलात्कार गर्नुका साथै टाउको र पेटमा धारिलो हतियार प्रहार गरी बेहोस वनाए।

निजगढ गाविस-५ की ३२ वर्षीय भगवती बोहरालाई सुर्ती खेतीको रकम नबुझाएको आरोपमा ०५८ जेठ ७ गते आफ्नै पति ४५ वर्षीय गोपाल बोहराले कुटपिट गरे। पीडितले सोही दिन विषसेवन गरी आत्महत्या गरिन्।

भवानीपुर जितपुर गाविस-३ की १९ वर्षीय रिनादेवी साहलाई दाइजो नल्याएको आरोपमा ०५८ जेठ ८ गते आफ्नै पति २१ वर्षीय संजय साहले घरवाट निकाले। पीडित हाल माइतीमै वसेकी छिन्।

बहुविवाहका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

सामाजिक संस्था जिल्ला समन्वय समितिले गरेको एक सर्भेक्षणअनुसार यस जिल्लामा १ हजार १ सय ६९ बालश्रमिक रहेको पाइयो। जसमध्ये ४ सय ५२ वालिका र ७ सय ७ वालक छन्। सर्भेक्षणबाट प्राप्त विवरणअनुसार सवारी साधनमा काम गर्ने बालमजदुर २ सय ४१ र होटल तथा पसलमा काम गर्ने १ सय ३८ रहेको छ।

आर्थिक अधिकार

रामपुर टोकनी गाविस-२ स्थित नेपाल कार्ड बोर्डका मजदुरहरू २७ वर्षीय शंकर रायभर, २५ वर्षीय लालबहादुर यादव, ४० वर्षीय हरिनारायण यादव, ३० वर्षीय अशोक रायभरसमेत २१ जना मजदुरलाई कारखानामा आतंक मच्चाएको आरोपमा ०५८ कार्तिक ४ गते निष्काशन गरियो।

पिपरा-सिमरा गाविस-५ स्थित नेपाल बोर्डस प्रालिमा कार्यरत २८ वर्षीय जागृत श्रेष्ठ, २७ वर्षीय रामबाबु साहसमेतका मजदुरहरूले बोनस सुविधा माग गरी हड्ताल गरेका कारण कामबाट हटाइयो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

छतवा गाविस-१ की १७ वर्षीय जैबुद खातुनलाई ०५८ पुस १५ गते आफ्नै घरको आँगनमा बसिरहेको अवस्थामा अज्ञात व्यक्तिले पछाडिबाट फुक्याई अनुहारमा एसिड छरिदिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पर्सा जिल्ला विरूवागुठीमा भएको जातीय विवादका कारण विस्थापित भएर पिपरा-सिमरा गाविस-३ मा आन्तरिक शरणार्थीकारूपमा रहेका नागरिकहरूका सम्बन्धमा ०५८ भदौ ५ गते नेकपा (एमाले) जिल्ला कमिटी र नेपाल बुद्धिजीवी परिषद्ले प्रेस वक्तव्य प्रकाशित गरे।

हरैया गाविस-६ का २५ वर्षीय पुष्पराज थापालाई प्रहरीले गिरफ्तार गरेको विरोध गर्दै ०५८ मंसिर २९ गते नेपाल बुद्धिजीवी परिषद्, मानवअधिकार संरक्षण मञ्च र मानवअधिकार जागरण केन्द्रले प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यस जिल्लामा ७ पुरूष र ४ महिलाले आत्महत्या गरे। व्यक्तिगत कुटपिटका घटनामा ९ पुरूष र १ महिला पीडित भए। चोरी डकैतीका घटनामा १३ पुरूष र ५ महिला पीडित भए। १ जना पुरूषको बेवारिसे लास फेला पर्‍यो। दुर्घटना र विपत्तिमा परी ५ पुरूष र ८ महिलाको मृत्यु भयो।

२.९ पर्सा



जनसंख्या	:	४५७८४७
साक्षरता प्रतिशत	:	३४
महिला साक्षरता प्रतिशत	:	१८.१
क्षेत्रफल (वर्ग कि.मी.)	:	१३५३
गाविस/नपा संख्या	:	८२/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२९१
क्याम्पस/उच्च मावि	:	४/५
अस्पताल/स्वास्थ्य चौकी	:	२/३८
टेलिफोन लाइन	:	५४
मोटर सडक (कि.मी.)	:	१७९
प्रहरी कार्यालय संख्या	:	३७
हुलाक संख्या	:	१०२

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

भिस्वा गाविस-३ मा ०५८ साउन १९ गते दुसाद र चमार जातिका व्यक्तिहरूको पुजामा झगडा हुँदा ५५ वर्षीय मुली चमारको दुसाद जातिका व्यक्तिहरूले गरेको लाठी प्रहारबाट मृत्यु भयो। प्रहरीले हरेराम दुसाद, रामा दुसाद र सिया दुसादलाई गिरफ्तार गरी ज्यान मुद्दा चलाए।

विरूवागुठी गाविस-५ का ३२ वर्षीय नवराज कुँवरलाई माओवादी भएको आरोपमा ०५८ भदौ २३ गते माओवादी प्रतिकार समूहमा संलग्न व्यक्तिहरूले खुकुरी प्रहार गरी हत्या गरे।

हरपुर गाविस-३ का ३२ वर्षीय वैधनाथ दास थारूलाई ०५८ भदौ २४ गते प्रहरीले गोली हानी हत्या गरे। माओवादी प्रतिकारका क्रममा सो दिन झव्राहमा भेला भएका प्रतिकार समूहका व्यक्तिहरूले सर्वसाधारण जनताको घरमा आगो लगाउन थालेपछि प्रहरीले गोली प्रहार गरेका थिए। यस सम्बन्धमा नेकाँद्वारा डा. रामवरण यादवको संयोजकत्वमा गठित छानबिन आयोगले प्रहरी प्रशासन जिम्मेवार रहेको प्रतिवेदन सार्वजनिक गर्‍यो।

यसबाहेक यस वर्ष भारतीय प्रहरीको गोलीबाट १ जनाको मृत्यु भयो। व्यक्तिगत कारणले भएका घटनामा ८ जना पुरूष र १ जना महिलाको हत्या भयो। ७ जना पुरूष र २ जना महिला गोलीद्वारा घाइते भए। जसमध्ये-

उदयपुर घुर्मी गाविस- ४ की ३६ वर्षीय भवानी देवीलाई ०५७ माघ २ गते आफ्नै पति वलिस्टर राउत अहिरले घाँटी निमोटी हत्या गरे। भाइसँग झगडा भएको निहुँमा पीडकले पत्नीको हत्या गरी लास एम्बुलेन्समा राखेर रक्सौलतिर लाँदै गर्दा स्थानीय व्यक्तिहरूले लास लान दिएनन्। पीडक फरार छन्।

वीनपा-४ का २६ वर्षीय रोशन भट्टराईलाई ०५७ फागुन १३ गते सोही ठाउँका सुरेश सिंहले इट्टा प्रहार गरी हत्या गरे। पीडक थुनामा छन्।

महादेवपट्टी गाविस-२ की २० वर्षीया सफय खातुनलाई

०५८ जेठ ११ गते आफ्नै पति तकबिर सौदीले कन्चटमा गोली हानी हत्या गरे। पीडकलाई प्रहरीले भारतको वगाहवाट गिरफ्तार गरी हाल थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वीरगञ्जस्थित जेलको बन्दी क्षमता १ हजार ५ सय छ। हाल यस जेलमा कैद नतोकिएका १ सय ४६ पुरूष र ५ महिला गरी १ सय ५१ जना तथा कैद तोकिएका २ सय १० पुरूष र २५ महिला गरी २ सय ३५ जना बन्दी छन्। संकटकालीन स्थिति घोषणा भइसकेपछि नजरबन्दमा राखिएका २१ जनासहित अन्य ६ जनालाई माओवादीको आरोपमा जेलमा राखिएको छ। यस जेलमा माओवादीको आरोपमा राखिएका ९ जना बन्दीलाई सरकार-माओवादी वार्ताको समयमा रिहा गरियो। वर्षायाममा कोठाभित्र पानी पस्ने, बत्तीको ग्यारेन्टी नहुने तथा सरकारद्वारा छुट्याइने न्यून बजेटले उपचारमा कठिनाई व्यहोर्नु परेको गुनासो बन्दीहरूको छ। जेलमा बन्दी जीवन बिताइरहेका ३७ वर्षीय उत्तम क्षेत्री ०५७ चैत ६ गते दिउँसो खाना बनाउन लाग्दा स्टोप पड्किएर सख्त घाइते भएकोमा नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराउँदा-गराउँदै मृत्यु भयो।

गिरफ्तारी र यातना

वीरगञ्ज उमनपा-१ इनर्वा प्रहरी चेकपोष्टका हवल्दार २७ वर्षीय रामकरण चौधरीलाई तस्करहरूसँग साँठगाँठ गरेको आरोपमा ०५८ असार ८ गते राजस्व गस्ती टोलीका सुरक्षाकर्मीहरूले गिरफ्तार गरी ३ घण्टासम्म आफ्नो क्याम्पमा थुनेर बन्दुकको कुन्दासमेतले हिर्काई यातना दिए। प्रहरीका प्रतिनिधी र राजस्व गस्ती टोलीका प्रमुख बीच सहमति भएपछि पीडितलाई रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

विरूवागुठी गाविस-४ का ३७ वर्षीय रामराज चौधरीलाई ०५७ पुस १९ राति आफ्नै घरमा माओवादीहरूले कुटपिट गर्नुका साथै ५६ हजार रूपैयाँ बराबरका गहना लुटेर लगे।

हत्या गरिएका टोद्यन भट्टराई

मधुवन मथौल गाविस-४ सिरहियाका ४४ वर्षीय हरि नारायणलाई ०५७ पुस २० गते राति माओवादीहरूले कुटपिट गरी कन्चटमा बन्दुक तेर्स्याएर सोही ठाउँका गोविन्द चौधरीको गोदाम लुटेर लगे। माओवादीहरूले घरवाट कोही वाहिर निस्किएमा गोली हानी ज्यानमार्ने धम्कीसमेत दिएका थिए।

पञ्चरूखी गाविसका पूर्व उपाध्यक्ष ४२ वर्षीय सहदेवप्रसाद यादवलाई ०५७ पुस २१ गते माओवादीहरूले कुटपिट गरी उनको घरवाट एउटा वन्दुक, नगद १ लाख ५० हजार रूपैयाँ र गर-गहना लुटेर लगे।

तत्कालीन विज्ञान तथा प्रविधी मन्त्री ४६ वर्षीय सुरेन्द्रप्रसाद चौधरीको पटेर्वा सुगौली गाविस-३ पथरैयास्थित घरमा ०५७ माघ ७ गते राति माओवादीहरूले बम विस्फोट गरी एउटा बन्दुक, नगद रकम तथा गर-गहना लुटेर लगे। माओवादीहरूले सोही बखत नन्दलाल चौधरी र त्रिलोकी चौधरीको घर पनि लुटपाट गरे।

हरपतगञ्ज गाविस-७ ओपनीस्थित नेराप्राविका शिक्षक ३३ वर्षीय वृजकिशोर उपाध्यायलाई राम्रो पठन-पाठन नगरेकोमा आरोपमा ०५७ फागुन १९ गते सोही ठाउँका परमानन्द चौरसियाले कुटपिट गरे। कुटपिटको विरोध गर्दै शिक्षकहरूले ७ दिनसम्म विद्यालय बन्द गरेपछि पीडकले माफी मागे।

विरूवागुठी गाविस-२ सवैयाका ३७ वर्षीय मदन मानन्धरलाई ०५७ चैत २९ गते वेलुका माओवादीहरूले कुटपिट गर्नुका साथै एउटा बन्दुक, नगद रकम तथा गर-गहना लुटेर लगे।

लंगडी गाविस-३ का ३५ वर्षीय वशिष्ठनारायण कुर्मीलाई ०५८ साउन ९ गते राति माओवादीहरूले कुटपिट गरी एउटा रिभल्वर, सुनचाँदी र जग्गाधनी पुर्जासमेत लुटेर लगे।

विन्दवासिनी गाविस-३ का ३८ वर्षीय लक्ष्मीकान्त तिवारीलाई आफ्नो पार्टीको आमसभामा उपस्थित हुने कार्यकर्ताहरूलाई खुवाउनका लागि १५ किलो मासु नदिएको आरोपमा ०५८ भदौ १६ गते माओवादीहरूले कुटपिट गर्नुका साथै कान समाई उठवस गर्न लगाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल सदभावना पार्टीको आव्हानमा ०५७ पुस २८ गते तराई बन्द कार्यक्रमका क्रमका सहभागीहरूले परवानीपुरमा प्रहरीमाथि आक्रमण गरेपछि प्रहरीले एक दर्जनभन्दा वढी अश्रुग्याँस प्रहार गरे। आन्दोलनकारीहरूले ना.१ ख ८८९६ नं. को ट्याक्टर, ना. १ ख २९६८ को ट्रक, ना. १ ख ८३९२ नं. को वस र ना. १ ख १५१४ नं. को ट्रकका शिशा क्षतिग्रस्त वनाए।

परसवा गाविस-७ का २८ वर्षीय महेन्द्र राउतलाई ०५८ वैशाख २८ गते पर्वालमा माओवादीसम्बन्धी नारा

लेखिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। जिल्ला अदालतले जेठ १८ गते धरौटीमा रिहा गर्ने आदेश दिए पनि प्रहरीले पुनः गिरफ्तार गरे।

राष्ट्रिय मधिशे मुक्ती मोर्चाका अध्यक्ष रामश्रय राम, अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष जगनाथ नेपालसमेत ६ जनालाई ०५८ जेठ २ गते विभिन्न मागसहित ज्ञापनपत्र सिडिओसमक्ष ज्ञापनपत्र बुझाउन जाँदै गरेको अवस्थामा वीरगञ्ज उमनपा-१२ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये रामश्रय र जगनाथलाई काठमाण्डौ विशेष अदालतमा मुद्दा चलाइयो भने अन्यलाई भोलिपल्ट रिहा गरियो।

छ वाम समूहले ०५८ जेठ १३ गते ३ दिने आम हडतालका क्रममा आयोजना गरेको मशाल जुलुसमाथि माईस्थान चोकमा प्रहरीले लाठीचार्ज गर्नुका साथै ७ राउण्ड गोली फायर गरें। लाठीचार्जबाट नेकपा (एमाले) राष्ट्रिय पार्षद चिरञ्जिवी आचार्यसमेत दजनौं प्रदर्शनकारीहरू घाइते भए। प्रहरीतर्फ इन्स्पेक्टर राजेन्द्र चौधरी र पुष्कर केसीसमेत ५ जना घाइते भए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	८	१	९				
गोलीद्वारा हत्या	२	१	१	२	१	१		१
गोलीद्वारा घाइते	७	१२	१	१३				
हिरासत/जेलमा मृत्यु					१	१		१
गिरफ्तारी र यातना					२	२		२
लाठी चार्ज					३	१२		१२
कुटपिट	१६	२०	१	२१	१	१		१
धम्की	१	१		१				
महिला किनबेच	१		३	३				
महिला किनबेचको प्रयास	६		६	६				
बलात्कार	२		३	३				
बलात्कार प्रयास	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
बालअधिकार	२	१	१	२				
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	२		४	४				
अपहरण	१२	१२		१२				
जम्मा	६४	५६	२५	८१	७	१७		१७

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ हजार ३ सय २७ वटा देवानी मुद्दा रहेकोमा ९ सय १५ वटा फर्स्यौट भई ३ सय १२ वटा बाँकी रहे। त्यसैगरी फौजदारी मुद्दा ३ सय ३१ वटामध्ये २ सय ७३ वटा फर्स्यौट भई ५८ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका अधिकांश गाविसहरूमा सुकुम्बासी समस्या छ। त्यसमध्ये ठोरी, निर्मलवस्ती, जयमंगलापुर, हरपुर, जानकिटोला, प्रसौनीभाटा, वसडिलवा आदि गाविसमा ५ हजारभन्दा बढी संख्यामा सुकुम्बासी छन्। सुकुम्बासी समस्या समधान आयोगले ०५८ असार ३१ गते करिब ४ सय जग्गाधनी पुर्जा वितरण गऱ्यो। त्यसको भोलिपल्ट नै विघटन हुने निश्चित भएको सो आयोगबाट वितरित जग्गाधनी पुर्जा वास्तविक सुकुम्बासीले पाउन सकेनन्। सोको विरूद्ध विभिन्न गाविसबाट ०५८ साउन ३ गते हजारौको संख्यामा आएका सुकुम्बासीहरूले वितरित धनीपुर्जाको छानबिन गर्नुपर्ने माग राखी जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए। धर्नामा ५ वटा गाविसका अध्यक्षहरूको पनि सहभागिता थियो।

महिला अधिकार

औराह गाविस-३ की ३३ वर्षीय सुनिता कुमारीलाई ०५७ चैत ३ गते घाँस काट्न खेतमा गएको अवस्थामा सोही ठाउँका सुनिलकुमार चौरसियाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँका भद्रभलाद्मीको बैठकले पीडितद्वारा पच्चीस जुत्ता हिर्काउने तथा १० हजार रूपैयाँ जरिवाना गर्ने निर्णयबमोजिम दण्ड जरिवाना गरियो।

हरपुर गाविस-१ की ३३ वर्षीय एक महिला र उनकै १७ वर्षीय छोरीलाई ०५७ चैत ११ गते जागरूप महरा, जोखुराम चमार र रामायण साह कानुले नकाव लगाएर कन्चटमा बन्दुक तेर्स्याई बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागी थुनामा राखिएको छ।

वीरगञ्ज उमनपा-१९ नगवामा चिया पसल गर्ने १९ वर्षीय एक युवतीलाई ०५८ मंसिर १८ गते बेलुका डेरातर्फ गइरहेको अवस्थामा छोटेलाल पटेल, सुरज पाल र नाम नखुलेको अन्य १ जनाले समाती नजिकै पार्किङ्ग गरिएको बसभित्र लगि बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पोखरिया गाविस-३ एन्जल्स बोर्डिङ्ग स्कूलमा अध्ययनरत १० वर्षीय एक छात्रालाई ०५८ मंसिर २० गते सोही स्कूलका प्रिन्सिपल राजकिशोरले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ४ दिनसम्म प्रहरी हिरासतमा राखी जिल्ला प्रशासन कार्यालयमा पेश गरिएको भएता पनि पीडित पक्षबाट कुनै उजुरी नगरिएको र राजनीतिक दबाबका कारण रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला पिपडाँडा गाविस-२ की ३४ वर्षीय सिता शिवभक्तीलाई ०५७ फागुन १४ गते शमशेरबहादुर थापाले बिक्री गर्ने उद्देश्यले पत्नी बनाई भगाएर वीरगञ्ज उमनपा-१२ स्थित एक लजमा राखेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडकले यसअघि पनि चन्द्रनिगाहपुरकी मिना थापा र धुपौरी भन्ने कल्पना मगरलाई पनि पत्नी बनाई भुक्याएर बिक्री गरेको खुल्न आयो।

वीरगञ्ज उमनपा-१ इनरूवाबाट चितवन चिरगौली गाविस- ९ कि १६ वर्षीय फुलमाया थापालाई ०५७ फागुन १५ गते भारत वेतियाका अभय शर्माले बिक्री गर्ने उद्देश्यले रक्सौलतर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडकलाई प्रहरीले कानूनी कारवाही चलाए।

भक्तपुर जिल्ला भक्तपुर नपाकी १९ वर्षीया निर्मला कुष्मालाई ०५८ असार १४ गते भारत समस्तीपुर सिगहा ग्रामका संजयकुमार सिंहले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा वीरगञ्ज उमनपा-१ इनरूवा चेकपोष्टका प्रहरीले गिरफ्तार गरे। पीडकलाई प्रहरीले कानूनी कारवाही गरे।

नुवाकोट जिल्ला फटेशिला गाविस-६ की २१ वर्षीय एक युवतीलाई ०५८ साउन ६ गते सोही गाविस-२ का शंकरप्रसाद घोरसाइनेले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा विरगञ्ज उमनपा-१ इनरूवामा माइती नेपालका कार्यकर्ताहरूले समाते। पीडकले पीडितलाई पत्नी हुँ भन्न लगाएको तर विवाहको कुनै प्रमाण नभएपछि प्रहरीले पीडकलाई गिरफ्तार गरी हिरासतमा राखी कारवाही गरे।

काठमाण्डौ जिल्ला कोटेश्वर-पेप्सीकोला फ्याक्ट्री नजिक डेरा गरी बस्ने २० वर्षीया मिना क्षेत्रीलाई ०५८ साउन १२ गते नुवाकोट जिल्ला खरानीटार गाविस-२ का सियाराम तामाङ्गले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै वीरगञ्ज उमनपा-१ इनरूवा चेकपोष्टका प्रहरीले प्रहरी देख्नासाथ पीडित रिक्साबाट हामफालेर रून थालेपछि प्रहरीले पीडकलाई गिरफ्तार गरी आवश्यक कानूनी कारवाही चलाए।

पतिद्वारा हत्या गरिएकी भवानी देवी

दोलखा जिल्ला भ्याकुरा गाविस-७ की १८ वर्षीय एक युवतीलाई ०५८ श्रावण १५ गते पिन्टु ठाकुरले विवाह गर्ने प्रलोभनमा बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको अवस्थामा वीरगञ्ज उमनपा-१ इनरूवा चेकपोष्टका प्रहरीले गिरफ्तार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस बाहेक अन्य १ जना युवतीलाई बिक्री हुनबाट प्रहरीले बचाए।

सिर्सिया गाविस-९ की ६० वर्षीय मनतुरीया देवीलाई बोक्सी भएको आरोपमा ०५८ भदौ १५ गते सोही वडाका अध्यक्ष बाबुलाल राउत, शिवधारी राउत, श्याम राउत, रामाधार राउत, रामबाबु राउत कुर्मीसमेतका व्यक्तिहरूले कुटपिट गरी दिसा-पिसाब खुवाए। पीडकहरूलाई प्रतिव्यक्ति १२ हजार रूपैयाँ जरिवाना गरी रिहा गरियो।

बालअधिकार

प्रसौनी गाविस-६ सवैढवाका ७ वर्षीय कृष्णकुमार यादवलाई ०५७ पुस २५ गते शम्भुराम भन्ने व्यक्तिले विद्यालयबाट चकलेट किन्न जाउँ भनी अपहरण गरे। पीडितलाई भारतको सिवानबाट १ लाख रूपैयाँ फिरौती रकम बुझाई माघ २ गते फिर्ता ल्याइयो।

सुगौली गाविस-९ अठराहका १३ वर्षीय पवन कुमारलाई ०५८ मंसिर ९ गते मोटरसाइकलमा आएका दुई जना भारतीय व्यक्तिहरूले घरबाट अपहरण गरे। पीडितको स्थितिबारे हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

आर्थिक अधिकार

सरकारले ०५७ साउनदेखि कर्मचारीको तलब बृद्धि गरे पनि नारायणी उपक्षेत्रीय अस्पताल विकास समिति अन्तर्गतका कर्मचारीहरूले आठ महिना बितिसक्दा पनि बृद्धि भएको तलब पाएनन्। तोकिएको तलब दिनुपर्ने माग गर्दै ०५७ चैत ९ गतेदेखी १६ गतेसम्म कर्मचारीहरूले विरोध कार्यक्रम संचालन गरे। यस सम्बन्धमा स्वास्थ्य मन्त्रालयका प्रतिनिधि, अस्पनाल विकास समिति र कर्मचारी संघको बैठकले बृद्धि भएको तलब दिने निर्णय गऱ्यो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सिर्सिया गाविस-९ खलवाटोलाकी ६० वर्षीय मनतुरीया देवीलाई ०५८ भदौ १५ गते बोक्सीको आरोप लगाई कुटपिट गरी दिसा-पिसाब ख्वाउने अमानवीय कार्यको विरूद्धमा पीडकहरूमाथि कडा कारवाहीको माग गर्दै अनेमसंघ, जागृती विकास मञ्चलगायत् मानवअधिकारवादी संघ-संस्थाहरूले भदौ २२ गते जुलुस प्रर्दशन गरे।

ठोरी गाविसका उपाध्यक्ष ४३ वर्षीय गणेशबहादुर बोहरालाई ०५७ चैत गते राति माओवादीहरूले अपहरण गरी कुटपिट गरेकोमा नेकपा (एमाले) जिल्ला कमिटीले प्रेस विज्ञप्ति जारी गरी खेद व्यक्त गर्‍यो।

अतिरिक्त जानकारीहरू

वीरगञ्ज उमनपा-१३ रानीघाटका ४० वर्षीय अमिरीलाल कलवारलाई ०५७ चैत ७ गते अज्ञात व्यक्तिहरूले रक्सौलबाट अपहरण गरे। पीडकहरूले ४ लाख रूपैयाँ फिरौती रकम लिई चैत २६ गते आफ्नो पंजाबाट मुक्त गरे।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १४ जना पुरूष पीडित भए। डकैतीको एउटा घटना भयो। दुर्घटनामा ९ जना पुरूष र ३ महिला गरी १२ जनाको मृत्यु भयो। ७ महिला र ६ पुरूषले आत्महत्या गरे। ४ वटा वेवारिसे लास फेला परे।

२.१० चितवन



जनसंख्या	: ४७०७१३
साक्षरता प्रतिशत	: ६५.७३
महिला साक्षरता प्रतिशत	: ४९.१५
क्षेत्रफल (वर्ग कि.मी.)	: २२१८
गाविस/नपा संख्या	: ३६/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४४०
क्याम्पस/उच्च मावि	: १०/१६
अस्पताल/स्वास्थ्य चौकी	: ४/५०
टेलिफोन लाइन	: ४४२०
मोटर सडक (कि.मी.)	: ५१०
प्रहरी कार्यालय संख्या	: २६
हुलाक संख्या	: ५४

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

मेघौली गाविस-७ का २६ वर्षीय उत्तरकुमार गुरूङ्गको ०५७ पुस १७ गते खैरहनी गाविस-४ पर्साको मगनीचोकमा आफै बम विस्फोट गराउँदा मृत्यु भयो। त्यसैगरी अयोध्यापुरी गाविस-२ का वीरेन्द्र क्षेत्री, चैनपुर गाविस-४ का ईश्वरी सापकोटा घाइते भए। मृतक तथा घाइते माओवादीहरू भएको प्रशासनले जनायो। सोही घटनामा प्रहरी हवल्दार दिनेश राजभण्डारी घाइते भए। घाइतेहरूमध्ये वीरेन्द्रलाई घाइते अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा उपचारपश्चात् थुनामा राखिएको छ भने ईश्वरी फरार भए। दिनेशको उपचार भयो।

भरतपुर नपा-४ स्थित मलामी गृहबाट ढुंगा प्रहार गरिरहेका एक जना अज्ञात व्यक्तिको ०५७ माघ १७ गते प्रहरीले नियन्त्रणमा लिन गोली प्रहार गर्दा मृत्यु भयो। प्रहरीले उक्त घटनालाई स्वीकार गरेनन्।

पिठुवा गाविस-३ का कृष्णबहादुर कुँवरलाई ०५८ साउन २ गते माओवादीहरूले घरबाट वाहिर निकाली खुकुरी र वञ्चरो प्रहार गरी हत्या गरे। पीडित पक्षको जाहेरीमा सोही गाविस-५ का ठनबहादुर थापा, परशुराम थापा, रामकुमार थापा, रमेश थापा र धादिङ जिल्लाका रत्नबहादुर थापालाई अभियोग लगाइएकोमा ठनबहादुर र परशुरामलाई साउन १९ गते प्रहरीले गिरफ्तार गरी भदौ ४ गते तारेखमा रिहा गरे भने अन्य व्यक्तिहरू हाजिर हुँदै तारेखमा रिहा भए।

गीतानगर गाविस-४ देवनगरका मुक्तिनाथ सोतीलाई ०५८ मंसिर २० गते बेलुका तरकारी किनेर घर फर्किरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाए। माओवादीहरूले चौकीमा आक्रमण गरेकाले प्रतिकारस्वरूप प्रहरीले गोली प्रहार गर्दा पीडितलाई लागेको थियो। पीडितको उपचार काठमाण्डौमा भयो।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले २ जना पुरूषको हत्या भयो। जसमध्ये-

वघौडा गाविस-६ का ६५ वर्षीय खलिल शेखमियालाई ०५८ साउन २८ गते आफ्नै छोरा बुधन शेखले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कूल ७५ जना बन्दी क्षमता भएको चितवन जेलमा यस वर्षको अन्त्यमा १ सय ३८ जना बन्दी छन्। जेलका विभिन्न समस्याहरूलाई लिएर यस वर्ष बन्दीहरूले जेल प्रशासन, जिल्ला प्रशासन कार्यालय र कारागार व्यवस्थापन विभागमा दुईपटक

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
आफ्नै बमबाट मृत्यु	१	१		१				
गोलीद्वारा घाइते	१	१		१				
आफ्नै बमबाट घाइते	१	३		३				
गिरफ्तारी र यातना					८७	९४	१९	११३
लाठी चार्ज					२	१३		१३
कुटपिट	७	१५	१	१६	२	९		९
धम्की	१२	१६		१६				
भेला र संगठित हुने अधिकार					२	१०		१०
भूमिहीन तथा सुकुम्बासी समस्या					१	२		२
महिला किनबेचको प्रयास	१		१	१				
बलात्कार	७		७	७				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
गर्भपतन	२		३	३				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	३	२	१	३				
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	१		१	१				
अमानवीय व्यवहार	१५	१७	६	२३	१२	१२	२	१४
अपहरण	६	५	१	६				
जम्मा	६४	६४	२४	८८	१०७	१४१	२१	१६२

ज्ञापनपत्र बुझाए। यस जेलवाट २५ जना बन्दीहरूलाई पर्सा जिल्लाको वीरगञ्जस्थित जेलमा सरूवा गरिएपछि समस्या नआएको जेल प्रशास्१को भनाइ छ।

जेलका बन्दीहरूले ०५७ चैत ९ गते विभिन्न ३३ सूत्रीय माग प्रशासन समक्ष पेश गरे।

जेलको क्षमता भन्दा वढी बन्दी राख्नुपर्ने बाध्यता आइपरेको जेल प्रमुख मात्रिका दाहाल बताउँछन्। यस वर्ष नगरपालिकाले दिएको ९ वटा काठको खाट प्रयोगमा ल्याइसकिएको छैन र महिला कक्षमा दिने सोंचाई रहेको जेल प्रशासनको भनाइ छ।

गिरफ्तारी र यातना

गितानगर गाविस-६ की पवित्रा रिजाल, शिवनगर गाविस-२ की पार्वती दाहाल, देवी सापकोटा, शिवराम पौडेल र दाताराम अधिकारीलाई राजदरवार हत्याकाण्डको विरोधमा ०५८ असार १ गते शान्तिपूर्ण जुलुसको आयोजना गरेको ठाउँबाट प्रहरीले गिरफ्तार गरे।

चैनपुर गाविस-२ की गीता आचार्य, लक्ष्मी घिमिरे, रन्जु चौधरी, शशी रेग्मी र कल्पना सुवेदीलाई माओवादीको आशंकामा ०५८ असार ९ गते गुञ्जनगर गाविस-२ र ५ को बीचमा पर्ने बाटोबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये अन्यलाई असार १० गते र गीतालाई २० गते रिहा गरियो।

शुक्रनगर गाविसका पूर्वअध्यक्ष विजय भुजेल, उनका भाई पूर्णवहादुर भुजेल, मामा चन्द्रबहादुर रानाभाट, उनकै काष्ट उद्योगमा कार्यरत मजदुरहरू बाबुराम महतो, शौहार्द महतो, हर्कबहादुर वि.क., मिनबहादुर अछामी, प्रतिराम महतो, जगमाया महतो र शिखाराज महतोलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५८ असार २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये अन्यलाई भोलिपल्ट र विजयलाई असार २९ गते रिहा गरियो।

मनकामना मेडिकलमा कार्यरत दुर्गा ढुंगानालाई माओवादीको गतिविधिमा संलग्न रहेको आशंकामा ०५८ मंसिर १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-१२ मालपोतचोकस्थित नवज्योति प्रिन्टिङ्ग प्रेसका मालिक एवं नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला अध्यक्ष टेकबहादुर थापा र अनुप थापालाई ०५८ मंसिर १२ गते सुरक्षाकर्मीले प्रेसमा छापा मारी गिरफ्तार गरी मंसिर २४ गते रिहा गरे। सो प्रेसबाट चुरेसन्देश साप्ताहिक प्रकाशित हुन्थ्यो।

चैनपुर गाविस-१ का विमल थापा र उनकै भाई कमल थापालाई ०५८ मंसिर १३ र १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये विमललाई माओवादीको आशंका प्रहरीले गिरफ्तार गरी खैरहनीस्थित इलाका प्रहरी कार्यालयमा राखेको र सो बुझ्न गएका कमललाई समेत गिरफ्तार गरेका थिए। पीडितहरूलाई मंसिर १६ गते रिहा गरियो।

गुञ्जनगर गाविसका श्रीकृष्ण घिमिरेलाई माओवादीको आशंकामा ०५८ मंसिर १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई रिहा गरियो।

सिन्धुली जिल्ला कमलामाई नपा-४ का खड्गबहादुर देवकोटालाई माओवादीको आरोपमा ०५८ मंसिर २२ गते भरतपुर नपा-३ नारायणगढबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

उज्ज्वलनगरस्थित राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षक विकास रेग्मीलाई माओवादीको आरोपमा ०५८ मंसिर २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

हिमालय माविका शिक्षक नेत्रप्रसाद पौडेललाई माओवादीको आशंकामा ०५८ मंसिर २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

चैनपुर गाविस-२ का एकराज डल्लाकोटीलाई माओवादीको आरोपमा ०५८ मंसिर २६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

जुटपानी गाविस-५ का गणेश रेग्मीलाई माओवादीको आरोपमा ०५८ मंसिर २६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट रिहा गरियो।

चैनपुर गाविस-१ का जियना दर्रे र गीतानगर गाविसका रविकिरण रेग्मीलाई माओवादीको आरोपमा ०५८ मंसिर २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-१२ का हरिहर खनाल र विष्णुप्रसाद सापकोटालाई माओवादीको आरोपमा ०५८ मंसिर २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये हरिहरलाई मंसिर २९ गते रिहा गरियो भने विष्णुप्रसादलाई नजबरन्दमा राखिएको छ।

भरतपुर नपा-१० का अर्जुन पौडेललाई माओवादीको आरोपमा ०५८ मंसिर २८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई रिहा गरियो।

गुञ्जनगर गाविसका सुशील भण्डारीलाई माओवादीको आरोपमा ०५८ मंसिर २८ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई रिहा गरियो।

भरतपुर नपा-४ का नेपाल मानवअधिकार संगठनका जिल्ला सदस्य डा. रविमोहन सापकोटा र सोही नपा-१३ की सरस्वती प्याकुरेललाई माओवादीको आरोपमा ०५८ मंसिर २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पुस २ गतेदेखि नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-४ का डा. भिमराज अधिकारी र सोही नपा-७ का धर्मराज आचार्यलाई माओवादीको आशंकामा ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पुस २ गतेदेखि नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-१० का मानवअधिकार संरक्षण मञ्चका राष्ट्रिय पार्षद निर्मल शर्मालाई माओवादीको आशंकामा ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-१० का नन्दलाल पौडेललाई माओवादीको आरोपमा ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

कमरोज गाविस-६ का विष्णु चौलागाईं, गुञ्जनगर गाविसका ठाकुर अधिकारी, भरतपुर नपा-११ का पूर्णप्रसाद दुवाडी र सोही नपा-१० का विष्णुहरि अधिकारीलाई माओवादीको आरोपमा ०५८ पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये विष्णु, पूर्णप्रसाद र इन्द्रबहादुरलाई नजरबन्दमा राखिएको छ भने विष्णुहरि र ठाकुरलाई रिहा गरियो।

गर्दी गाविसका अध्यक्ष ठाकुर ढकाल, उनकै पत्नी गंगा ढकाल, सोही गाविस-४ का नारायणदत्त सापकोटा, सोही ठाउँका पिताम्बर ढुंगाना, मोतिराम बराल, भवानी पौडेल, अमृत पाण्डे, ऋषि उपाध्याय, अर्जुन अधिकारी, कृष्ण अधिकारी र चन्द्रप्रसाद काफ्लेलाई माओवादीको आशंकामा ०५८ पुस ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये ठाकुर, गंगा, नारायण, र चन्द्रप्रसादलाई पुस ४ र ५ गते रिहा गरियो।

भरतपुर नपा-९ शरदपुरका विष्णु भण्डारी, रत्ननगर नपा-२ का डबल श्रेष्ठ, भरत खनाल, दिनोज श्रेष्ठ, रामबाबु श्रेष्ठ र शिवनगर गाविस-५ का शेरबहादुर थापालाई ०५८ पुस ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये डबल, भरत, दिनोज, रामबाबु र शेरबहादुरलाई पुस ५ गते रिहा गरियो।

भरतपुर नपा-१३ का लावण्यराज पन्त, जुटपानी गाविस-४ का मिस्टर नेपाली, भण्डारा गाविस-१ का आलोक झा, राजेन्द्र श्रेष्ठ र पदमपुर गाविस-८ का नारायण सुवेदीलाई माओवादीको आशंकामा ०५८ पुस ९ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितहरूमध्ये लावण्यराज र नारायणलाई नजरबन्दमा राखिएको छ भने अन्यलाई रिहा गरियो।

चैनपुर गाविस-७ का फणिन्द्र अधिकारी र पर्सास्थित डेजी इङ्लीश बोर्डिङ्ग स्कूलका प्रिन्सिपल प्रेम रिमाललाई माओवादी आरोपमा ०५८ पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये प्रेमलाई ५ घण्टा गाडीमा राखेर चैनपुर, पिठुवा, जुटपानी घुमाई बेलुका रत्ननगरबाट रिहा गरियो भने अन्य दुई जनालाई पुस १४ गते जिविस उपसभापतिको जमानीमा रिहा गरियो।

माओवादीद्वारा हत्या गरिएका कृष्णबहादुर कुँवर

कुमरोज गाविस-६ का विलर चौधरी र सोही गाविस-५ का अजित महतोलाई ०५८ पुस ११ गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये अजितलाई १३ गते र विलरलाई १५ गते रिहा गरियो।

कल्याणपुर गाविस-६ का भानुभक्त ढकाललाई माओवादीको आशंकामा ०५८ पुस १२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखियो।

भरतपुर नपा-७ का बाबुराम अधिकारी, भण्डारा गाविस-८ का बुद्धिकान्त सेढाईं, प्रेमनाथ सेढाईं र केशव सेढाईंलाई माओवादीको आशंकामा ०५८ पुस १३ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा राखियो।

पिठुवा गाविस-९ का मेघनाथ पन्त, शिवनगर गाविस-८ का गंगा लामिछाने, सोही गाविस-५ का बालकृष्ण ढकाल, सोही गाविस-९ का कृष्ण भण्डारी, सोही गाविस-८ का गोपाल भुजेल, भक्तबहादुर भुजेल, सोही गाविस-५ का रमेश ढकाल, किशोरबाबु दाहाल, भरतपुर नपा-७ का यज्ञ घिमिरे र रामकुमार चौहानलाई माओवादीको आरोपमा ०५८ पुस १४ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये मेघनाथ र किशोरबाबुलाई भोलिपल्टै रिहा गरियो भने अन्यलाई हिरासतमा राखियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

शुक्रनगर गाविस-२ का ज्ञानराज सुवेदीलाई विशेष प्रहरीमा जागीर खाएर माओवादी कार्यकर्तालाई गिरफ्तार गराएको आरोपमा ०५८ साउन ७ गते बेलुका ७ बजे घरबाट माओवादीहरूले मोटरसाइकलमा राखी अपहरण गरे। पीडितलाई ५ घण्टा हिँडाई विभिन्न प्रश्न गरेर राति १२ बजे घरमा ल्याई मुक्त गरियो।

कुमरोज गाविस-२ का कुमरोज सामुदायिक वन उपभोक्ता समितिका पूर्व अध्यक्ष दानबहादुर दाहाललाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०५८ साउन ८ गते माओवादीहरूले अपहरण गरी धम्की दिएर सोही दिन राति घर नजिकै ल्याई मुक्त गरे।

कल्याणपुर गाविस- वरूवाबजारका श्याम पराजुलीलाई दशैं-तिहारमा जुवा खेलाएको आरोपमा ०५८ मंसिर ६ गते अखिल नेपाल जनवादी युवा लिगका कार्यकर्ताहरूले लछारपछार गर्दै घरबाट अपहरण गरे। पीडितलाई धम्की दिई दुई घण्टापछि मुक्त गरियो।

लोथर गाविस-१ का लालमान स्याङतानलाई ०५८ मंसिर २८ गते माओवादीहरूले अपहरण गरी पुस ४ गते मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

भरतपुरस्थित जिल्ला वन कार्यालयका रेन्जर अशोककुमार शाहलाई कोराक गाविसअन्तर्गत काठ बिक्री गर्दा लिइने राजश्व आफूहरूलाई नै बुझाउनुपर्ने माग गर्दै ०५७ माघ ९ गते माओवादीहरूले तीन घण्टा आफ्नो कब्जामा लिए।

दिव्यनगर गाविस-३ स्थित ज्ञानोदय निमाविमा मतदाता परिचयपत्रका लागि फोटो खिचिरहेका कर्मचारीहरूलाई ०५७ फागुन २९ गते माओवादीहरूले हस्तक्षेप गरी क्यामरा र कागजपत्र लुटेर लगे।

भण्डारा गाविस-१ को साना किसान विकास आयोजनाको एउटा मोटरसाइकल र निर्धन उत्थान बैंक शाखा कार्यालयको ३ वटा साइकल ०५८ असार ८ गते माओवादीहरूले लुटेर लगे।

जुटपानी गाविस-४ खोलेसिमल सुगनटोल इलाका रेन्जर कार्यालयबाट ०५८ असार १६ गते राति माओवादीहरूले २ वटा थ्री नट थ्री राइफल लुटेर लगे।

शारदानगर गाविस-३ का वडाध्यक्ष श्याम चौधरीलाई भारतीय नागरिक भई नेपालको नागरिकता लिएको र आफूहरूलाई दुःख दिएको आरोपमा ०५८ असार २२ गते माओवादीहरूले कुटपिट गरी हानखुट्टा काटिदिए।

भण्डारा गाविस-१ स्थित मत्स्य विकास केन्द्रको बा. १ ञ ११३० नं को गाडी ०५८ असार २२ गते राति माओवादीहरू कार्यालयमा प्रवेश गरी जलाए।

भरतपुर नपा-८ गौरीगञ्जस्थित विद्युत प्राधिकरणको कार्यालयमा ०५८ असार २२ गते ११ बजे दिउँसो माओवादीहरू प्रवेश गरी ना. १ घ ४७३ नं. को पिकअप जीपमा आगो लगाई क्षतिग्रस्त बनाए। त्यसैगरी टाँडीस्थित विद्युत प्राधिकरण शाखाको कार्यालयमा राखिएको ना. १. अ ११३० नं. को टोयटा पिकअप जीपमा पनि माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

पर्सास्थित कृषि विकास बैंकमा कार्यरत बाबुराम थपलिया र केदार आर्यालले मोटरसाइकलमा ल्याउँदै गरेको १० लाख ७१ हजार १ सय ४२ रूपैयाँ ०५८ असार २९ गते दिउँसो चैनपुर गाविस-१ मा माओवादीहरूले पेस्तोल देखाई लुटेर लगे।

विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. सम्पूर्णानन्द ढुंगानालाई ०५८ साउन ३ गते कार्यालयबाट निवासतर्फ गइरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै टाउकोमा मोबिल खन्याइदिए।

गीतानगर गाविसस्थित नेपाल बैंक लिमिटेड उपशाखा कार्यालयका गार्ड हिराबहादुर खाँडलाई ०५८ साउन ४ गते माओवादीहरूले गर्धनमा हिर्काइ घाइते बनाएर एउटा राइफल लुटेर लगे।

भरतपुर नपा-११ जखडीमाई महिला समूहले जम्मा गरेर निर्धन उत्थान बैंकलाई बुझाउन ठीक पारेको रकम ०५८ साउन २५ गते माओवादीहरूले लुटेर लगे।

भरतपुर नपा-७ यज्ञपुरीस्थित प्रहरी चौकीमा ०५८ असार २७ गते बेलुका माओवादीहरूले बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

जिल्ला प्रशासन कार्यालयमा ०५८ मंसिर ८ गते राति

माओवादीहरूले बम विस्फोट गरी राहदानी फाँटमाथिको झ्यालमा क्षति पुऱ्याए। विस्फोटनमा संलग्न भएको आशंकामा *सोही राति १ बजे हाकिमचोकबाट* ३ जना *व्यक्तिलाई प्रहरीले* गिरफ्तार गरेकोमा घटनासँग असम्बन्धित भएकाले २ दिनपछि रिहा गरे।

बघौडा गाविस-३ वसन्तपुरस्थित इलाका प्रहरी कार्यालयमा ०५८ मंसिर ८ गते माओवादीहरूले बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

कठार गाविस-८ का लालकाजी श्रेष्ठको घरमा ०५८ मंसिर १० गते राति माओवादीहरूले बम विस्फोट गरे।

यस वर्ष धर्मचोक, यज्ञपुरी, रामपुर, गीतानगर, वीरेन्द्रनगर, पिपले, लोथर, खैरहनी आदि गाविस तथा रत्ननगर नपामा माओवादीहरूले तास च्याती मुखमा कोचिदिने, मादक पदार्थ नष्ट गर्ने, कान समाई उठबस गर्न लगाउने, कडा कारवाहीको धम्की दिने, जुलुस निकालेर दवाब दिने जस्ता अभियान संचालन गरे। यस्तो अभियानको प्रतिकार गर्न खोज्दा खैरहनी गाविस-२ सिमलटाँडीका थमबहादुर पुन, सीता पुन, तेजमाया श्रेष्ठ र पूर्ण बुर्जालाई माओवादीहरूले सिमलटाडी बजारमा मोसो दली कान समाई प्रतिव्यक्ति सय पटक उठबस गर्न लगाए।

माओवादीहरूले यस वर्ष जिल्लाका नीजि विद्यालयहरू वन्द गर्न लगाउने र रकम आफैले तोकर चन्दा दिनुपर्ने धम्की दिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कोराउ गाविस-७ खिराटारकी २२ वर्षीय सानुमाया रूम्बालाई ०५७ फागुन १ गते माओवादीहरूले जबरजस्ती कार्यक्रममा लगे। पीडितलाई परिवारको निरन्तर दवावको कारण फागुन ७ गते घरमै ल्याइदिए।

छ वाम समूहले ०५८ वैशाख २२ गते नारायणगढ र रत्ननगरको टाँडीमा आयोजना गरेको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरे।

छ वाम समूहले ०५८ जेठ १३ गते आयोजना गरेको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गरे। प्रदर्शनकारीहरूले प्रहरीको वा. १ भ ४७९५ नं. गाडीको शिशा फुटाइदिए।

छ वाम समूहले आयोजना गरेको आम हडतालका क्रममा ०५८ जेठ १५ गते प्रदर्शनकारीहरू नारा-जुलुस गर्दै जिल्ला प्रशासन कार्यालयमा आइपुग्दा प्रहरीसँग दोहोरो भीडन्त भयो। प्रहरीले अश्रुग्याँस प्रहार तथा लाठीचार्ज गरे। लाठी चार्जबाट ढुण्डीराज भण्डारीको टाउकोमा गम्भीर चोट लाग्यो भने जिविस उपसभापति जगन्नाथ थपलियासमेत दर्जनौं व्यक्ति घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ७ सय ८ वटा मुद्दा दर्ता भए। अघिल्लो वर्षको जिम्मेवारी सरेर ५ सय २६ वटा मुद्दा आए। यसरी यस वर्ष कूल १ हजार २ सय ३४ वटा मुद्दा रहेकोमा ९ सय २४ वटा फर्स्यौट भए। अदालतमा अंश, जग्गा खिचला, जालसाँजी शीर्षकका २ वर्षअघिका १६ वटा मुद्दा छन्।

जीउ मास्नेबेच्ने मुद्दाका अभियुक्त सुदीप शाह, उनका बाबु-आमा र सहयोगी भनिएका अन्य व्यक्तिहरूलाई ०५७ चैत २१ गते अदालतले सफाई दिएको विरोधमा सोही ठाउँका महिला कार्यकर्ता र जनताको एक समूहले अदालत परिसरमा प्रवेश गरी न्यायाधीश, वकिल र कर्मचारीहरूलाई गाली-बेइज्जती तथा कुटपिट गर्नुका साथै अदालत भवनमा ढुङ्गा प्रहार गरी झ्यालका शिशा फुटाइदिए। वार एशोसिएशनको बैठकले यस घटनाप्रति खेद व्यक्त गऱ्यो। त्यस्तैगरी मानवअधिकार तथा शान्ति समाजले पनि एक वक्तव्य प्रकाशित गरी घटनाको भर्त्सना गर्दै दोषीउपर कारवाहीको माग गऱ्यो।

तनहुँ जिल्ला अरूणोदयकी प्रतिमा गहतराजलाई ०५८ जेठ १३ गते नजरबन्दको सजाय पूरा गरी रिहा गर्न अदालत ल्याइएको अवस्थामा प्रहरीले पुनः गिरफ्तार गर्ने प्रयास गर्दा विना पुर्जी गिरफ्तार नगर्न जिल्ला न्यायाधीशले आदेश दिनुभयो। त्यसपछि घटगाउँ इलाका वन कार्यालय, बाराको राइफल, गोली र कर्मचारीको नगद लुटेको आरोपमा पुर्जी थमाई पुनः गिरफ्तार गरियो।

सरुवा, घटुवा र पक्षपात आदि

विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा ज्यालादारीमा कार्यरत शिवप्रसाद तिवारी, योगेन्द्र हमाल, कृष्णप्रसाद न्यौपाने, नारायण ढकाल, पार्वती लम्साल, सीता दुवाडी, जयकला सापकोटा, लिला श्रेष्ठ, निरू राना, रमेश खड्का, रेशम परियार, टिका कुमारी, शान्ति प्याकुरेल, फुलमाया भण्डारी, लक्ष्मी पौडेल, पवित्रा ढुङ्गाना, श्यामकुमारी अधिकारी, अमृता सापकोटा र आनन्द राउतलाई ०५८ साउन २१ गते अस्पताल प्रशासनले सेवाबाट अवकाश दियो। पीडितहरूले सोही दिनदेखि विभिन्न माग राखी हड्ताल गरेपछि शिवप्रसाद, योगेन्द्र, कृष्णप्रसाद, रमेश, रेशम, पार्वती, सीता, जयकला, निरू, लिला, टिका र लक्ष्मीलाई पुनर्वहाली गरियो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सरकारले ०५७ चैतमा सुकुम्बासी समस्या समाधान आयोगलाई ०५८ असार मसान्तसम्म म्याद रहने गरी विघटन गर्ने निर्णय गऱ्यो। यस जिल्लामा ९ हजार ९ सय ४८ सुकुम्वासी र ९ हजार ४ सय ६ अव्यवस्थित बसोवासीहरू रहेको कुरा विघटित सुकुम्वासी समस्या समाधान आयोगको

तथ्यांकमा उल्लेख भएको भूमिसुधार कार्यालयले जनायो। आयोगले २ हजार २ सय ३० जनालाई जग्गाधनी प्रमाणपुर्जा दिने निर्णय गरेको भएता पनि यस वर्षसम्म ३ सय १० सुकुम्बासी र ५ सय ९६ अव्यवस्थित बसोबासीहरूलाई मात्र पुर्जा वितरण गरियो।

अयोध्यापुरी गाविस-९ बाँदरझुलाका ९ सय बसोबासीहरूलाई तत्काल उठाउन ०५८ चैत १२ गते वन तथा भू-संरक्षण मन्त्रालयले शाही चितवन राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण विभागलाई निर्देशन जारी गरेअनुसार ०५८ वैशाख २७ गते सम्पन्न सर्वदलीय बैठकले बसोबासीहरूको छानबिन गरी वास्तविक सुकुम्बासीहरूलाई अन्यत्र बस्ने ठाउँको व्यवस्था गरी मंसिरसम्म ठाउँ खाली गरिसक्ने निर्णय गर्‍यो।

महिला अधिकार

वीरेन्द्रनगर गाविस-९ रसौलीकी १४ वर्षीय एक बालिकालाई ०५७ माघ ७ गते सोही ठाउँका मेघबहादुर श्रेष्ठ, चित्रबहादुर श्रेष्ठ, बमबहादुर श्रेष्ठ र तोकमान श्रेष्ठले सोही ठाउँस्थित लेकाली प्रावि नजिक बलात्कार गरे। पीडित पक्षले भण्डारास्थित इलाका प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडकहरूलाई कुनै कारवाही भएन। पीडकहरूले पीडितका बाबुलाई कुटपिटसमेत गरे। पीडकहरूमाथि कारवाहीको माग गर्दै महिलाहरूले जिल्ला प्रहरी कार्यालय घेराउ गरे।

रत्ननगर नपा-१३ की २७ वर्षीय एक महिलालाई ०५७ चैत ३ गते सोही नपा-८ का जुनु चौधरी, राजु श्रेष्ठ, ध्वाँसे मगर, सन्त तामाङ, इमा तामाङ, राजु अधिकारी, राजेन्द्र चौधरी र कुलप्रसाद सापकोटाले बलात्कार गरे। पीडकहरूमध्ये जुनुलाई प्रहरीले गिरफ्तार गरे भने अन्य फरार छन्।

गर्दी गाविस-८ बरूवाकी ७ वर्षीय एक बालिकालाई लुकामारी खेल्ने भनी फकाएर ०५७ चैत ८ गते दिउँसो सोही गाविस-३ भैरवपुरका प्रकाश काफ्लेले घरमा बलात्कार गरे। पीडकलाई सोही दिन गाउँलेहरूले प्रहरीसमक्ष पेश गरे। ०५८ पुस १६ गते जिल्ला अदालतले पीडकको आधा अंश पीडितलाई दिलाउने र एक वर्ष थुनामा राख्ने फैसला गर्‍यो।

मंगलपुर गाविस-९ घर भई भरतपुर नपा-१० मा डेरा गरी बस्ने १५ वर्षीय एक बालिकालाई ०५८ वैशाख २४ गते ३ बजे दिउँसो चैनपुर गाविस-४ स्थित एक घरमा खैरहनी गाविस-४ का राजु थापा मगर, चैनपुर गाविस-६ का सुनिल श्रेष्ठ, पूर्ण गुरूङ, वीरेन्द्रनगर गाविस-९ का श्याम श्रेष्ठ, खैरहनी गाविस-४ का राजकुमार श्रेष्ठ र सेते ठकुरीले बलात्कार गरे। पीडकहरूमध्ये राजु, श्याम र राजकुमारलाई प्रहरीले गिरफ्तार गरे भने अन्य फरार छन्।

शिवनगर गाविस राधापुरकी १४ वर्षीय एक बालिकालाई ०५८ असार ७ गते दिउँसो पार्वतीपुर गाविस-४ सुर्यनगरका २५ वर्षीय राजु गुरूङले बलात्कार गरे। पीडकलाई सोही दिन गाउँलेहरूले प्रहरीसमक्ष बुझाइएकोमा हाल थुनामा राखिएको छ।

शिवनगर गाविस-९ हनुमाननगरकी १९ वर्षीय एक अपाङ्ग युवतीलाई ०५८ साउन १ गते सोही ठाउँका ५२ वर्षीय रामबहादुर अधिकारीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशबमोजिम थुनामा राखिएको छ।

पदमपुर गाविस-३ की साढे चार वर्षीय एक बालिकालाई ०५८ भदौ २८ गते सोही ठाउँका सरला महतोले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

यो वर्ष २ जना बालिका र ४ जना युवतीहरू बेचबिखनको प्रयास भएका घटनाहरू सार्वजनिक भए। प्रहरी सक्रियताबाट बेचबिखन असफल भयो।

बहुविवाहका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

गुञ्जनगर गाविस-८ बनकाइकी ३२ वर्षीय मीना अर्यालसँग शारदानगर गाविस-४ एक पुरूषसँग शारीरिक सम्बन्ध राखेता पनि विवाह गर्न अस्वीकार गरे। मीनाले ०५७ फागुन १९ गते झुण्डिएर आत्महत्या गरिन्।

पदमपुर गाविस-५ भीमपुरकी १६ वर्षीय रंजिता परियारसँग ०५८ जेठ १३ गतेदेखि सोही ठाउँका टेकबहादुर थापाले यौन सम्पर्क राखेकोमा हाल अलपत्र पारी फरार भए। पीडित पक्षले अदालतमा उजुरी गरी खोज कार्य भइरहेको छ।

बालअधिकार

भरतपुर नपा-७ मा सानो होटल गरी बस्ने सीता लामिछानेलाई चोरीको आरोपमा ०५८ असार २० गते हिरासतमा लिइएकोमा उनकी छोरी ७ वर्षीय अनिता लामिछानेलाई समेत प्रहरीले ३६ घण्टा हिरासतमा राखे। फोटो खिच्न र विवरण लिन गएका नेपाल पत्रकार महासंघका जिल्ला उपसभापति जनक अर्यालको क्यामराको रिल प्रहरी निरीक्षक राजुबाबु श्रेष्ठले खोसे। यसको विरोधमा पत्रकार महासंघले प्रेस विज्ञप्ति जारी गर्‍यो।

पदम गाविस-३ का १४ वर्षीय सरला महतोलाई ०५८ भदौ २८ गते बलात्कार मुद्दामा प्रहरीले गिरफ्तार गरी अदालतसमक्ष पेश गर्दा हत्कडी लगाइयो। बालअधिकार संरक्षण केन्द्र र कानुन व्यवसायीहरूको मागबमोजिम जिल्ला न्यायाधीशले हत्कडी नलगाउन आदेश दिएपछि हत्कडी लगाइएन।

एक जना महिलाले बच्चा जन्माई घाइते अवस्थामा छोडेका कारण उपचार गर्दागर्दै मृत्यु भएको घटना सार्वजनिक जानकारीमा आयो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

जगतपुर गाविस-९ देवी मन्दिर निर्माण भएदेखि नै संचालकहरूले तल्लो जातिका भनिनेहरूलाई मन्दिरमा प्रवेश गर्न दिएनन्। बेला-बेलामा उनीहरूले संघर्ष गरे। कसैले पनि पुजा नगर्ने गरी मन्दिरमा तालाबन्दी गरियो। तल्लो जातिका

भनिनेहरूले पुजा नगरून् भनेर सबैलाई बन्देज लगाइयो।

वीरेन्द्रनगरस्थित आदर्श माविमा अध्ययनरत सुरवीर लामा र डिल्लीराम लामालाई ०५८ जेठ ९ गते अनेमसंघ (क्रान्तिकारी) का कार्यकर्ताहरूले मोसो दलेर वीरेन्द्रनगर बजार घुमाए।

कविलास गाविस केराबारीकी सुकमाया गुरूङलाई ०५८ असार २५ गते माओवादीहरूले मोसो दली कान समाई उठवस गर्न लगाए।

अयोध्यापुरी गाविस खरकट्टाका दुकल आचार्य र तेजेन्द्र भण्डारीलाई नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०५८ असार २६ गते माओवादीहरूले मोसो दली कान समाई उठबस गर्न लगाए।

मेघौली गाविस-२ पर्साढापकी अन्जना जोशी र जगतपुर गाविस-९ का दिलिपकुमार खातीको प्रेम सम्बन्ध भएको थाहा पाएपछि अन्जनाका अभिभावकले छुटाउने प्रयास गरे। अन्जना र दिलिपकुमार विवाह पूर्व १५ दिन अज्ञात ठाउँमा लुकेर बसे। अदालतमा नाता कायम गरी कानुनी मान्यता प्राप्त गरेपछि ०५८ साउन १ गते सार्वजनिक समारोहमा वैवाहित कार्यक्रम सम्पन्न भएपछि पनि माइती पक्षका कतिपय व्यक्तिहरूले उचालेका कारण अन्जनाका बाबुले राम्रोसँग लिएनन्।

बछ्यौली गाविस-३ मालपुरस्थित मन्दिरमा ०५८ भदौ ५ गते तल्लो जातिका भनिनेहरूलाई प्रवेश गर्न दिइएन। सबैले मन्दिर बाहिरबाट पूजा गर्ने, कोही पनि भित्र जान नपाउने समझदारी भयो।

भरतपुर नपा-६ का राजेन्द्र पन्थी र नवलपरासी जिल्ला थुम्कीकी खगकुमारी ठकुरीलाई सोही नपा-४ भक्तिनी बगैंचाकी एक महिलालाई भारतमा लगी बिक्री गरेको आरोपमा ०५८ भदौ १४ गते माओवादीहरूले मोसो दली जुत्ताको माला लगाइदिएर माफी मगाए। माओवादीहरूले एउटा मोटरसाइकलसमेत कब्जा गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

घरेलु तथा साना उद्योग संघले ०५८ असार २५ गते एक वक्तव्य प्रकाशित गरी कार्य समितिका सदस्य विजयकुमार भुजेलसमेत उहाँको कारखानाका कामदारहरूलाई ०५८ असार २४ गते प्रहरीले गिरफ्तार गरेकोमा तत्काल रिहाइको माग गऱ्यो।

नेपाल पत्रकार महासंघ र मिडिया सेन्टरले छुट्टाछुट्टै वक्तव्य प्रकाशित गर्दै माओवादीहरूले नारायणी मासिकको भदौ अंकमाथि गरिएको सेन्सरसिपप्रति विरोध जनाए।

प्राइभेट डेरी एशोसिएशनले ०५८ भदौ १४ गते किसानका सहकारी संस्थाहरूसँग खरिद गर्ने दुधको मूल्य घटाउने निर्णयको विरोधमा दुग्ध उत्पादक व्यवसायी संघको संघर्ष समितिले ०५८ भदौ ३० गते जिल्ला प्रशासन कार्यालयसमक्ष ज्ञापनपत्र पेश गऱ्यो। असोज महिनादेखि साविकको मूल्यमा २ रूपैयाँ नयाँ मूल्य कायम गरिएकाले कृषकहरूले एशोसियनका कार्यवाहक अध्यक्ष तथा ज्यामिरेस्थित जयगणेश डेरीका अध्यक्ष डुननाथ पाठकसमक्ष दबाव दिए। असोज २ गते बैठक बोलाई ३ गते किसानहरूसँग सम्झौता गरी पुरानै मूल्य कायम गरियो।

सरकार-माओवादी दुवैले हिंसा र हत्याको बाटो छोडेर शान्तिपूर्ण वार्तामा आई ठोस समाधान निकाल्नुपर्ने माग गर्दै ०५८ भदौ २९ गते नारायणगढ बजारमा मानवअधिकारकर्मी, पत्रकार, उद्योग व्यवसायी, कानुन व्यवसायी तथा बुद्धिजीवीहरूले जन ऐक्यबद्धता ऱ्याली निकाले।

अतिरिक्त जानकारीहरू

यस वर्ष चोरीका १२ वटा घटना भए। सडक दुर्घटनामा ४५ जनाको मृत्यु भयो भने ८३ जना घाइते भए। जंगली जनावरबाट ३ जनाको मृत्यु भयो भने ५ जना घाइते भए। ४ जना पुरूषको लास फेला पऱ्यो। १० जना पुरूष र १२ जना महिला गरी २२ जनाले आत्महत्या गरे। जसमध्ये-

भरतपुर नपा-१३ का ४० वर्षीय लेखनाथ अधिकारीले ०५८ जेठ २० गते बिहान उठ्नेबित्तिकै दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको हत्या भएको सुनेर "त्यस्ता राजा त मरे, हामी के बाँच्नु" भनी गोप्य कोठामा पसी विषसेवन गरेर आत्महत्या गरे।

२.११ मकवानपुर

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

बुढीचौर गाविस-१ की ४३ वर्षीय ठुलीमाया तितुङको माओवादीको आशंकामा ०५८ मंसिर १७ गते बेलुका भीमफेदीमा प्रहरीको गोलीद्वारा मृत्यु भयो। पीडितलाई गाउँबाट डोकोमा बोकाएर उपचारार्थ भीमफेदी स्वास्थ्य केन्द्रतर्फ ल्याइरहेको अवस्थामा प्रहरीले गोली हानेका थिए। सोही घटनामा प्रहरीको गोलीबाट सोही गाविसका २८ वर्षीय इन्द्रबहादुर तितुङ, ५३ वर्षीय जगलबहादुर तितुङ र ३५ वर्षीय रत्नबहादुर पाख्रिन गोली हानी घाइते भए। कर्फ्यु उल्लंघन भएकाले सो घटना भएको प्रहरीले बताए।

दामन गाविस-१ का वनपाले ३५ वर्षीय कृष्णबहादुर पाख्रिनको ०५८ पुस ११ गते चनवनमा सुरक्षाकर्मीले चलाएको गोलीद्वारा मृत्यु भयो। केही दिन पहिले गिरफ्तार गरिएका पाख्रिनलाई सुरक्षा घेरा तोडेर भाग्न खोजेको आरोपमा गोली हानिएको जनाइयो।

जनसंख्या	:	३८९२९२
साक्षरता प्रतिशत	:	३८.४
महिला साक्षरता प्रतिशत	:	२४.७
क्षेत्रफल (वर्ग कि.मी.)	:	२४२६
गाविस/नपा संख्या	:	४३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४३१
क्याम्पस/उच्च मावि	:	४/७
अस्पताल/स्वास्थ्य चौकी	:	१/४२
टेलिफोन लाइन	:	२८
मोटर सडक (कि.मी.)	:	३३०
प्रहरी कार्यालय संख्या	:	९
हुलाक संख्या	:	४४

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो। जसमध्ये-

कालिकाटार गाविस-१ का ६६ वर्षीय ख्याम्पालाल प्रजालाई खान-लाउन नदिएको आरोपमा ०५८ मंसिर २७ गते बिहान आफ्नै छोरा ३२ वर्षीय रमेशबहादुर प्रजाले टाउकोमा बञ्चरो प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मनहरी गाविस-६ की १८ वर्षीय पिपलकुमारी सुवेदीलाई ०५८ पुस ८ गते सोही ठाउँका २१ वर्षीय भेषबहादुर खड्काले बलात्कार गरी घाँटी थिची हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा हिरासतमा राखिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको मकवानपुर जेलको बन्दी क्षमता ४१ जना छ। हाल यस जेलमा ६५ पुरूष र ५ महिला गरी ७० जना बन्दी छन्। यसबाहेक १ जना आश्रित बालिका पनि छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ४५ जना र कैद तोकिएका २६ जना छन्। जेलमा २ जना महिलालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा नजरबन्दमा राखिएको छ। उनीहरूलाई पनि अरू बन्दी सरह "ख" श्रेणीको सिदा दिइने गरेको छ। क्षमताभन्दा बढी बन्दी राख्नुपर्ने बाध्यताले गर्दा बन्दीहरूलाई समस्या हुने गरेको जेलर देवराज अधिकारी बताउँछन्। सानो जेलमा धेरै बन्दी राखेका कारण सुत्न, बस्न पनि समस्या हुने गरेको नाइके श्याम नगरकोटी बताउँछन्। प्रत्येक २/२ वर्षमा सुकुल दिने व्यवस्था भए पनि गत वर्षदेखि नदिइएको गुनासो बन्दीहरूको छ। बन्दीहरूको सामान्य उपचार स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा गरिन्छ भने आवश्यक भएमा बाहिर लैजाने गरिएको बन्दीहरूले बताए। जेलमा टिभी, रेडियो राख्न दिइएको छ र पत्रपत्रिका पनि उपलब्ध गराइन्छ।

गिरफ्तारी र यातना

हटिया गाविस-६ का २३ वर्षीय इन्द्रबहादुर परियारलाई ०५७ फागुन २ गते हेटौंडा नपा-२ स्थित जंगलबाट नलकटुवा बन्दुकसहित माओवादी कार्यकर्ता भएको आशंकामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई राज्य विरूद्धको अपराध मुद्दा अन्तर्गत विशेष अदालत, काठमाण्डौले १५ हजार धरौटीमा तारेखमा रिहा गर्‍यो।

चितवन जिल्ला पिप्ले गाविसका २७ वर्षीय लोप्चन लामा र २६ वर्षीय दिपक बम्जनलाई ०५८ असार २२ गते बेलुका हेटौंडा नपा-११ मा नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डको हस्ताक्षर भएको रसिद लिएर चन्दा उठाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। हाल रिहा गरिएको छ।

चुरेमाई गाविस घर भई हेटौंडा नपा-४ बस्ने ४९ वर्षीय माननाथ तिमिल्सिनालाई माओवादीहरूलाई सहयोग गरेको आशंकामा ०५८ मंसिर १६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई रिहा गरिएको छ।

हेटौंडा नपा-४ का ४२ वर्षीय वीरेन्द्र भट्टलाई माओवादीको आरोपमा ०५८ मंसिर २० गते आफ्नो कार्यालय हेटौंडा दुग्ध वितरण आयोजनामा काम गरिरहेको अवस्थामा गिरफ्तार गरियो। हाल पीडितलाई वीरगञ्ज कारागारमा नजरबन्द गरिएको छ।

काभ्रे जिल्ला शंखु गाविसका २२ वर्षीय श्रवण धिताल, धिमाल गाविसका २९ वर्षीय हिरा सापकोटा, भैंसे गाविसका १९ वर्षीय पार्वती बर्तोला, लक्ष्मी पाख्रिन, मनहरी गाविसका ५१ वर्षीय रामलाल गोपाली, मनहरी गाविसका ४१ वर्षीय मातृका ढुंगाना र चित्लाङ गाविसका १५ वर्षीय कृणबहादुर कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये पार्वती र लक्ष्मीलाई भीमफेदी जेलमा र अन्य ५ जनालाई वीरगञ्ज

जेलमा राखिएको छ।

मकवानपुरगढी गाविस- का ३० वर्षीय प्रल्हाद लामिछाने, हेटौंडा नपा-२ का ४८ वर्षीय चन्द्रप्रकाश घिमिरे र पर्सा जिल्ला विरूवागुठी गाविसका ५० वर्षीय जगन्नाथ नेपाललाई माओवादीको आरोपमा ०५८ पुस १३ गते प्रहरीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म हिरासतमा राखिएको छ।

संकटकालीन अवस्था घोषणा भए पश्चात् यस जिल्लामा सुरक्षाकर्मीहरूले ०५८ पुस १६ गतेसम्म १ सय ७७ जनालाई गिरफ्तार गरेकोमा ८ जनालाई नजरबन्दका लागि जेलमा पठाए। १ सय ६० जनालाई छानबिन पश्चात् रिहा गरियो भने ९ जनालाई अनुसन्धानका लागि जेलमा राखियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

मनहरीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत असई मुकुन्दबहादुर के.सी. र प्रहरी जवान शम्भु खड्कालाई ०५८ वैशाख ११ गते दिउँसो माओवादीहरूले अपहरण गरी ७ घण्टापछि मुक्त गरे।

काठमाण्डौ मनपा-२७ का ७४ वर्षीय वृद्ध रामेश्वरप्रसाद श्रेष्ठलाई ०५८ असोज २५ गते दिउँसो हटिया गाविस भवनबाट माओवादीहरूले अपहरण गरे। पीडित ७ दिनपछि भाग्न सफल भए।

हर्नामाडी गाविस-५ का ३२ वर्षीय माण्डवराज कार्कीलाई ०५८ असोज २८ गते दिउँसो माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन। पीडितले नेकपा (माओवादी) बाट विद्रोह गरी छुट्टै संगठन खोलेका थिए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

हेटौंडा नपा-६ चौघडास्थित नेपाल बैंक लिमिटेड शाखा कार्यालयका सुरक्षा गार्ड ५० वर्षीय वीरमानलाई ०५७ चैत २३ गते दिउँसो माओवादीहरूले कुटपिट गरी बन्दुक लुटेर लगे।

पालुङ, ज्यामिरे र फापरबारीस्थित साना किसान विकास आयोजनाका तीनवटा कार्यालयमा ०५७ चैत २३ गते राति माओवादीहरूले आगो लगाई क्षति पुऱ्याए। माओवादीहरूले सोही राति नेपाल लिभर लिमिटेडको कार्यालय परिसरमा बम विस्फोट गराए।

राक्सीराङ गाविसका सचिव कपिलमणी पोखेल र सहायक नाम दर्ता अधिकारी गोविन्दप्रसाद ढकाललाई ०५८ वैशाख ११ गते माओवादीहरूले धम्की दिई कागजपत्र लुटेर लैजानुका साथै नामावली संकलन गर्न रोक लगाए।

हेटौंडा नपा-६ चौघडास्थित प्रहरी चौकीमा कार्यरत असई अखिलेश्वर यादवको पेस्तोल ०५८ असार २३ गते बिहान माओवादीहरूले लुटेर लगे।

जिल्ला प्रशासन कार्यालयको तल्लो तलाको पछाडि भागमा ०५८ मंसिर ८ गते राति माओवादीहरूले बम विस्फोट गराए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
गोलीद्वारा हत्या					२	१	१	२
गोलीद्वारा घाइते					१	३		३
गिरफ्तारी र यातना					७	१९	२	२१
कुटपिट	११	७	४	११				
धम्की	२	३		३				
महिला किनबेच	४		४	४				
महिला किनबेचको प्रयास	३		९	९				
बलात्कार	६		७	७				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	२		२	२				
महिला भएकै कारण यातना	१		२	२				
बाल अधिकार	३	३	१	४				
आर्थिक अधिकार	१	२		२				
अमानवीय व्यवहार	३	१	२	३				
अपहरण	३	४		४				
जम्मा	४४	२३	३३	५६	१०	२३	३	२६

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी २ वटा अदालत छन्। पुनरावेदन अदालत हेटौंडामा यस वर्ष गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ६ सय ६८ र यस वर्ष दर्ता भएका १ हजार २ सय ४० गरी २ हजार ९ सय ८ वटा मुद्दा रहे। जसमध्ये १ हजार २ सय ६२ वटा फर्स्यौट भई १ हजार ६ सय ४६ वटा बाँकी रहे। तीमध्ये २१ वटा मुद्दा २ वर्ष नाघेका छन्। वादी प्रतिवादीका कारण, अन्य अदालतमा फैसला हुन बाँकी मुद्दासँग सम्बन्ध रहेका कारण र विभिन्न अदालत एवं निकायबाट कागजपत्र माग गर्दागर्दै प्राप्त हुन ढिलाई भएका कारण दर्ता भएको २ वर्ष नाघिसक्दा पनि फर्स्यौट हुन नसकेको कुरा अदालतका रजिष्ट्रार

नारायणप्रसाद पोखे्रलले बताउनुभयो।

जिल्ला अदालमा २ वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी ४ र दुनियावादी देवानी ४ गरी ८ वटा मुद्दा छन्। त्यसैगरी १ वर्षसम्म फर्स्यौट नभएका १ सय ३८ तथा ६ महिनादेखि फर्स्यौट नभएका १ सय ६ वटा छन्। जिल्ला अदालतमा यस वर्ष २ सय ५२ वटा मुद्दा रहे।

जिल्ला प्रशासन कार्यालयमा २ वर्षसम्म फर्स्यौट नभएका ४ वटा मुद्दा छन् भने १ वर्षसम्म फर्स्यौट नभएका ३२ वटा छन्। त्यसैगरी जिल्ला वन कार्यालयमा १ वर्षसम्म फर्स्यौट नभएका मुद्दा ५ वटा तथा ६ महिनासम्म फर्स्यौट नभएका १३ वटा मुद्दा छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगको गत वर्षको तथ्यांकअनुसार यस जिल्लामा सुकुम्बासीहरूको संख्या २ हजार ८ सय छ। हेटौंडा नपा-११ स्थित राप्ती खोलाको बगरमा छाप्रो बनाएर बस्नेहरू करिब ४ सय छन् भने वर्षेनी मनहरी र राप्ती खोलाका कारण सुकुम्बासी बनेकाहरू मनहरी बजारको छेउछाउमा ३ सय भन्दा बढी छाप्रा बनाएर बसेका छन्। केहीले जंगल अतिक्रमण गरेर पनि बसिरहेका छन्। यस जिल्लाका ४३ गाविस र १ नपामा के कति सुकुम्बासी छन् भन्ने यकिन तथ्यांक कहीँ पनि छैन। राज्यपक्षबाट सडकको छेउछाउमा बनेका घर-टहरा भत्काइएका कारण कैयौं परिवार विस्थापित हुन पुगेका छन्। सडक विभागले महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको छेउछाउमा घर-टहरा बनाएर बसेकाहरूलाई हटाउने कार्य गरेको छ।

जिविसले विगत ३ महिनादेखि रकम निकासा नगरेका कारण वृद्ध एवं असहायहरूले भत्ता प्राप्त गर्न सकेका छैनन्।

जिविसले वनकरिया, चेपाङ आदि जनजातिहरूलाई छात्रवृत्ति दिने गरेको छ। त्यसैगरी विभिन्न संघ-संस्थाले जेहेन्दार एवं गरिब विद्यार्थीहरूलाई छात्रवृत्ति दिने गरेका छन्। भिमफेदीमा नेपाल बाल संगठनले संचालन गरेको अनाथालयमा ३ बालिकासहित ९ जना बालबालिका छन्।

महिला अधिकार

चुरेमाई गाविस-८ की १६ वर्षीय एक युवतीलाई ०५७ पुस २२ गते जंगलमा गोठाला गएको अवस्थामा सोही ठाउँका २२ वर्षीय शुके घिमिरेले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा केही दिनपछि रिहा गरियो।

हेटौंडा नपा-९ पशुपतिनगरकी ११ वर्षीय एक बालिकालाई ०५७ फागुन १३ गते बेलुका सोही ठाउँका १७ वर्षीय केशव नेपालले १० रूपैयाँ दिन्छु भनी फकाएर बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

हेटौंडा नपा-८ की १३ वर्षीय एक बालिकालाई ०५८ असार २६ गते दिउँसो सोही ठाउँका १६ वर्षीय धर्मराज पुडासैनीले मकैबारीमा बलात्कार गरे। पीडकलाई गाउँलेहरूले समाती प्रहरीसमक्ष बुझाएकोमा हाल थुनामा राखिएको छ।

फापरवारी गाविस-५ की ९ वर्षीय एक बालिकालाई ०५८ भदौ १० गते सोही ठाउँका १७ वर्षीय नवराज तिमिल्सिनाले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पदमपोखरी गाविस-९ की १२ वर्षीय एक बालिकालाई ०५८ कार्तिक १२ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका २१ वर्षीय गोविन्दबहादुर दुलालले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

फापरवारी गाविस-२ की ४५ वर्षीय एक लाटी महिलालाई ०५८ कार्तिक १६ गते हटिया गाविस-९ का रामबहादुर गोले, शुकराम गोले र कुमार भुजेलले आफन्तको घरमा पुऱ्याइदिने बहानामा बलात्कार गरे। पीडकहरूमध्ये रामबहादुर र शुकरामलाई थुनामा राखिएको छ।

छतिवन गाविस-६ की १६ वर्षीय एक युवती र १३ वर्षीय एक बालिकालाई ०५८ मंसिर २ गते राति हेटौंडा नपा-४ का प्रदीप भट्टराई र सुरेश लामाले मोटर साइकलमा चढाएर घर पुऱ्याइदिन्छौं भनी हेटौंडाको क्याम्पाडाँडा पुऱ्याई बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

हाँडीखोला गाविस-२ की १७ वर्षीय एक महिलालाई पदमपोखरी गाविस-३ का ३१ वर्षीय कुमार तामाङले ०५७ पुस २९ गते हेटौंडा घुम्न जाने भनी फकाएर भारतको बम्बई पुऱ्याई ३५ हजार रूपैयाँमा बिक्री गरे। पीडक फरार छन्।

चुरेमाई गाविस-४ की १६ वर्षीय एक युवतीलाई ०५८ वैशाख २० गते पदमपोखरी गाविस-९ का ३३ वर्षीय रामकुमार योञ्जनले हेटौंडामा फिल्म हेर्न जाउँ भनी फकाएर भारतको बम्बई पुऱ्याई ३० हजार भारतीय रूपैयाँमा बिक्री गरे। पीडकलाई थुनामा राखिएको छ।

बसामाडी गाविस-५ की १० देखि १४ वर्षीय ४ जना बालिकालाई ०५८ साउन २ गते सोही ठाउँका ४० वर्षीय गणेशबहादुर बलले भारतीय सर्कसमा जागिर मिलाइदिने प्रलोभन देखाई भैरहवाबाट त्यसतर्फ लैजान लागिरहेको अवस्थामा माइती नेपालको सहयोगमा प्रहरीले गिरफ्तार गरे। पीडकलाई रिहा गरियो।

काँकडा गाविस-४ की १७ वर्षीय एक युवतीलाई ०५८ भदौ ६ गते बारा पुरनिया गाविस-४ का ३२ वर्षीय धर्मराज साह र सोही गाविसका रामबहादुर मुक्तानले रक्सौल घुम्न जाने भनेर बिक्री गर्ने उद्देश्यले भारततर्फ लगिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

दामन गाविस-६ की ३५ वर्षीय चिनीमाया के.सी.लाई ०५७ माघ ४ गते आफ्नै पति राम के.सी.ले कुटपिट गरे। पीडितले रक्सी सेवन नगर्न अनुरोध गर्दा पीडकले कुटपिट गरेका थिए। पीडिनले आत्महत्या गरिन्।

पदमपोखरी गाविस-९ की ३६ वर्षीय दुर्गा न्यौपानेलाई माइत गएको आरोपमा ०५८ वैशाख २२ गते बेलुका आफ्नै पति गणेश न्यौपानेले कुटपिट गरे। प्रहरीले दुवैजनालाई सम्झौता गराए।

चुरेमाई गाविस-१ कालपानीकी ३२ वर्षीय जानुका न्यौपानेलाई ०५८ साउन ११ गते आफ्नै पति चन्द्रवहादुर न्यौपानले मादक पदार्थ सेवन गरी वेहोस हुनेगरी कुटपिट गरे।

बहुविवाहका ३ वटा र गर्भपतनका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

हेटौंडा नपा-१ चौरीटोलकी १३ वर्षीय लक्ष्मी थापालाई ०५७ चैत ३१ गते राति सुतिरहेको अवस्थामा आफ्नै हजुरआमा ६५ वर्षीय देवकुमारी थापाले खुकुरीले घाँटी रेटिन्। घाँटी रेट्दा पीडित चिच्याएपछि पीडक भागेकी थिइन्।

यस जिल्लाको हेटौंडा नपाको विभिन्न भागमा करिब १ सय २५ जना सडक बालबालिका रहेको अनुमान गरिएको छ। होटल, भट्टी आदिमा राखिएका अधिकांश कामदार बालक छन् भने गाडी मर्मत गर्ने काममा पनि लागेको देख्न सकिन्छ। त्यसैगरी कतिपय बालबालिका घरेलु कामदार छन् भने गाँजा तस्करहरूले बालकहरूलाई गाँजा बोक्ने कार्यमा प्रयोग गरेको पाइन्छ। तर, यकिन संख्या भने उपलब्ध हुन सकेको छैन।

आर्थिक अधिकार

हेटौंडा कपडा उद्योगका मजदुरहरूले तलब, भत्ता र आफूले पाउनुपर्ने रकम नदिएको जनाउँदै ०५७ माघ २ र १७ गते धर्ना, तथा नारा-जुलुस गरे। उद्योगका मजदुर एवं कर्मचारीहरूलाई सरकारले रकम भुक्तानी गरी उद्योग बन्द गरेर अवकाश दियो।

हेटौंडास्थित टिम्बर कर्पोरेशनमा कार्यरत करिव २ सय कर्मचारीहरूले विगत ४ महिनादेखि मासिक तलब दिन पाएका छैनन्। हेटौंडा औद्योगिक क्षेत्रस्थित बहुराष्ट्रिय कम्पनी कोडाक, नेपाल यहाँबाट स्थानान्तरण भएको छ। उत्पादित वस्तुहरूले सहुलियत दरमा भारत प्रवेश गर्न नपाएपछि उद्योग नेपालबाट नै वाहिर गएको हो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

हेटौंडा नपा-१ का ४५ वर्षीय डा. कल्याण बस्नेतलाई मृतकको पोष्टमार्टम गलत लेखेको आरोपमा ०५८ भदौ १८ गते दिउँसो सोही नपा-८ का लोकबहादुर कार्की, ढकवहादुर कार्की र जमुना कार्कीसमेतका व्यक्तिहरूले मोसो दलिदिए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा चलाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

हेटौंडा कपडा उद्योगका कर्मचारी एवं कामदारहरूको तलब भुक्तानीको माग गर्दै नेकपा (एमाले) ०५७ चैत १९ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

राष्ट्रिय प्रजातन्त्र पार्टीले ०५८ असोज १८ गते र नेकपा (एमाले) ले ०५८ कार्तिक २० गते महंगीको विरोधमा जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ५ जना पुरुष पीडित भएको सार्वजनिक भयो। २६ महिला र १९ पुरुषले आत्महत्या गरे। सडक दुर्घटनामा ३४ जनाको मृत्यु भयो। चट्याङका कारण २ परिवारका ५ जनाको मृत्यु भयो। खोलामा डुबेर ४ र पहिरोमा परेर ७ जनाको मृत्यु भयो। जसमध्ये-

बसामाडी गाविसस्थित महेन्द्र राजमार्गमा ०५८ असोज ६ गते एक बसले टेम्पोलाई ठक्कर दिंदा टेम्पोमा यात्रा गरिरहेका १३ जनाको मृत्यु भयो।

२.१२ ललितपुर

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

ललितपुर उमनपा-१३ भनिमण्डलस्थित क्लासिक हेण्डिक्राफ्ट उद्योगको शोरूममा कार्यरत झापा जिल्ला दमक नपाका ३५ वर्षीय चिन्तामणी दाहाल र दोलखा जिल्लाका ३४ वर्षीय छिरिङ शेर्पाको ०५८ मंसिर १८ गते बेलुका माओवादीहरूले सोही शोरूममा बम विस्फोटन गराउँदा मृत्यु भयो। सोही घटनामा पाल्मु शेर्पा र विशाल श्रेष्ठ सख्त घाइते भए।

ललितपुर उमनपा सुन्धाराकी ६० वर्षीय पूर्णकुमारी महर्जन ०५८ जेठ २३ गते दरवार हत्याकाण्डको विरोधमा भएको जुलुसमा प्रहरीले प्रहार गरेको गोलीद्वारा सख्त घाइते भइन्।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ८ जना पुरुष र पाँच वर्षीय एक बालिकासहित ३ जना महिलाको हत्या भयो। जसमध्ये-

देवीचौर गाविस-५ की ५ वर्षीय जुनी अधिकारीलाई ०५७ पुस २२ गते देवीचौर र भट्टेडाँडा गाविसको सीमानामा पर्ने खोलाको किनारमा अज्ञात व्यक्तिले बलात्कार गरी हत्या गरे।

ललितपुर उमनपा कुपण्डोलकी २३ वर्षीय निरू मानन्धर (श्रेष्ठ) को लास ०५८ जेठ ६ गते आफ्नै घरको भऱ्याङमुनि झुण्डिएको अवस्थामा फेला पऱ्यो। पोष्टमार्टम रिपोर्टअनुसार पीडितको शरीरभरि नीलडाम भएको र घाँटी थिचिएको देखिन आयो। पीडितलाई जेठ ५ गते राति आफ्नै पति विनय मानन्धर,

ससुरा दिपक मानन्धर र सासु प्रेमदेवी मानन्धरले कुटपिट गरी हत्या गरेको खुल्न आयो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लास्थित नख्खु जेलको बन्दी क्षमता २ सय जना छ। हाल यस जेलमा २ सय ४२ जना वन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ६२ र कैद नतोकिएका १ सय ८० जना छन्। यस जेलमा महिला बन्दी छैनन्। जेलमा राजनीतिक वन्दी नरहेको बताइएता पनि आस्थाका आधारमा ६ जनालाई हातहतियार खरखजना र राज्यविरूद्धको अपराध ऐनअन्तर्गत थुनामा राखिएको छ। जेलको भौतिक अवस्था ठीक नभएको, हाल चर्पीको समस्या जटिल बन्दै गएको, खाद्य पदार्थ निम्नस्तरको रहेको र व्यवस्थापन पक्ष कमजोर भएको बन्दीहरूको गुनासो छ। संकटकाल लागू भएयता यस जेलमा १२ जनालाई नजरबन्दमा राखिएको छ। हाल यस जेलमा अप्रत्यक्षरूपमा २० जना राजनीतिक बन्दी छन्।

बन्दीहरूलाई दिइने चामल तथा अन्य खाद्य पदार्थ अत्यन्त गुणस्तरहीन भएकाले गुणस्तरमा सुधार गर्नुपर्ने, स्वास्थ्य उपचार, लत्ताकपडा आदिको राम्रो व्यवस्था हुनुपर्ने जस्ता २५ सुत्रीय माग राखी ०५८ जेठ ८ गते बन्दीहरूले विभिन्न चरणका माग राख्दै अनसन बसे। प्रशासनबाट एक हप्तापछि माग पूरा गरिदिने आश्वासन पाएपछि बन्दीहरूले विरोध कार्यक्रम स्थगित गरे।

गिरफ्तारी र यातना

भट्टेडाँडा गाविस-१ का २५ वर्षीय थलप्रसाद सापकोटालाई सोही ठाउँकी एक बालिकालाई बलात्कारपछि हत्या गरेको आरोप लगाई ०५७ माघ ४ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई १० दिनपछि गाविस अध्यक्षको रोहवरमा रिहा गरियो।

जनसंख्या	:	३५०६१५
साक्षरता प्रतिशत	:	६३.८
महिला साक्षरता प्रतिशत	:	४९.१
क्षेत्रफल (वर्ग कि.मी.)	:	३८५
गाविस/नपा संख्या	:	४१/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	३९५
क्याम्पस/उच्च मावि	:	११/१३
अस्पताल/स्वास्थ्य चौकी	:	४/३५
टेलिफोन लाइन	:	२६८८९
मोटर सडक (कि.मी.)	:	३८५
प्रहरी कार्यालय संख्या	:	२७
हुलाक संख्या	:	४६

नेपाल दलित मुक्ति मोर्चाका जिल्ला सहसंयोजक नवराज वि.क.लाई माओवादीको आरोपमा ०५८ असार २७ गते दिउँसो ललितपुर उमनपा पिलाँछे टोलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई साउन १२ गते रिहा गरियो।

इलाम जिल्ला घर भई ललितपुर उमनपा बागडोल बस्ने ४५ वर्षीय कृष्णा गुरूङलाई सोही ठाउँका दाजु नाता पर्ने गोपाल गुरूङले धार्मिक/जातीय विभेद र राजाविरोधी पुस्तक "अस्तित्वको खोजी" प्रकाशित गरेको र त्यसमा सहयोग पुऱ्याएको आरोपमा ०५८ भदौ २१ गते बेलुका गोपालको घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १० दिनपछि रिहा गरियो।

ललितपुर उमनपा पुल्चोकस्थित इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत २५ वर्षीय नरेश न्यौपानेलाई अनेरास्ववियु (क्रान्तिकारी) को गतिविधिमा संलग्न भएको आरोपमा ०५८ भदौ ३१ गते बिहान छात्राबासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असोज ४ गते रिहा गरियो।

रोल्पा जिल्ला बुढागाउँ घर भई हरिसिद्धि गाविसमा बस्ने सुमन बुढामगरलाई माओवादीको आरोपमा ०५८ असोज १ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई असोज ४ गते रिहा गरियो।



मंगलबजारमा आयोजित विरोध कार्यक्रमबाट सहभागीहरूलाई प्रहरीले गिरफ्तार गर्दै

फरूवारासी गाविस-७ का २७ वर्षीय पुरूषोत्तम पोखेललाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते बेलुका लगनखेलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

सैंबु गाविस-१ का ३८ वर्षीय बलराम लिम्बुलाई माओवादीको आरोपमा ०५८ मंसिर १८ गते बेलुका प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २३ गते रिहा गरियो।

देवीचौर गाविसका विक्रम नेपाल, सैंबु गाविसका कृष्ण पौडेल, मकवानपुर जिल्ला मनहरी गाविसका कृष्ण माउनी, सोलुखुम्बु जिल्ला सल्यानका थीरबहादुर बस्नेत, सिन्धुपाल्चोक जिल्ला ठूलोसिरूवारी गाविसका जीवन लामा, सोही जिल्ला अत्तरपुरका धनबहादुर लामा, सर्लाही जिल्ला

हजरियाका रामबहादुर लामा, चितवन जिल्ला कल्याणपुरका बुद्धिनाथ वाग्ले, झापा जिल्ला पाँचगाछीका पवन महत, उदयपुर जिल्लाका अर्जुन के.सी. र गुल्मी जिल्लाका जनकबहादुर स्वत्रीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर ११ गतेदेखि यस वर्षको अन्त्यसम्ममा विभिन्न ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	११	२	१३				
बम प्रहारबाट मृत्यु	१	२		२				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते					१		१	१
गिरफ्तारी र यातना					८	१२	१	१४
लाठी चार्ज					१	१		१
कुटपिट	१२	११	२	१३				
धम्की	२	२	१	३				
भेला र संगठित हुने अधिकार					३	२८		२८
जेलमा भएको घटना					१	५		५
बलात्कार	६		६	६				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	२	२		२				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	४०	२९	१४	४३	१४	४६	२	४९

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पाटन संयुक्त क्याम्पसका सहायक क्याम्पस प्रमुख ४५ वर्षीय किरणबहादुर पाण्डेलाई स्ववियु निर्वाचनमा धाँधली गरेको आरोपमा ०५७ फागुन १५ गते नेविसंघका कार्यकर्ताहरूले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

कुपण्डोलस्थित कान्तिपुर डायरी पत्रिकाका सम्पादक धर्म दाहाललाई पदबाट राजीनामा नदिएको आरोपमा ०५७ चैत ११ गते दिउँसो सोही पत्रिकामा कार्यरत राजेन्द्रकुमार वैद्य, राजेन्द्र चौरासिया, मनोज पोद्दारसमेत १५ जनाले हात्तिवन पुऱ्याई आँखामा पट्टी बाँधेर कुटपिट गरे। पीडितलाई सोही दिन राति काठमाण्डौ सीतापाइलाबाट मुक्त गरेका थिए। पीडकहरूलाई हाल तारेखमा रिहा गरिएको छ।

दलचौकी गाविसका रामप्रसाद तिमिल्सिना, गोपीनी तिमिल्सिना र हर्कबहादुरलाई ०५८ जेठ १८ गते माओवादीहरूले कुटपिट गरी कान समाई १० पटक उठवस गर्न लगाउनुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

छम्पी गाविसस्थित छम्पी माविका प्रधानाध्यापक सुरथ गौतमलाई ०५८ असार १० गते अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष रामकाजी महर्जनले ज्यानमार्ने धम्की दिए।

लुभु गाविसस्थित अमृसो रिसोर्टमा ०५८ असार १० गते बेलुका माओवादीहरूले तोडफोड र हवाई फायर गर्नुका साथै गाविस अध्यक्षसमेत ७ जनालाई ज्यानमार्ने धम्की दिए। रिसोर्ट तोडफोडबाट १ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको जनाइयो।

स्थानीय विकास मन्त्रालयको गाडी ०५८ साउन ३ गते बिहान ललितपुर उमनपा कुमारीपाटी त्यागलस्थित मुख्य सडकमा माओवादीहरूले पेट्रोल खन्याई आगो लगाएर क्षतिग्रस्त बनाए।

रेडियो नेपालको ३५२२ नम्बरको टोयोटा जीप ०५८ असोज ३ गते दिउँसो ललितपुर उमनपा-७ ग्वार्खो (पाटन औद्योगिक क्षेत्र) पछाडी माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

भट्टेडाँडा गाविस-५ का हुलाक सेवा विभागमा कार्यरत ३३ वर्षीय हेमराज घिमिरेलाई सुराकी गरेको आरोपमा ०५८ असोज २६ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गर्नुका साथै २० हजार रूपैयाँसमेत लुटेर लगे। पीडित माओवादीको डरले हाल आफ्नो घरमा बसेका छैनन्।

अश्राङ्ग गाविसका शिक्षक ३५ वर्षीय राजेन्द्रप्रसाद रजकलाई ०५८ कार्तिक ६ गते माओवादीहरूले घाँटीमा खुकुरी तेर्स्याई ज्यानमार्ने धम्की दिए। पीडितले शिक्षण पेशाबाट अवकाश नै लिए।

भट्टेडाँडा गाविस-५ का ३३ वर्षीय ठक्कर सञ्जेललाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक २६ गते राति माओवादीहरूले आफ्नै घरमा कुटपिट गरी ७० हजार रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिविस सभापति माधव पौडेललाई ०५७ पुस १८ गते मूल्यबृद्धि विरूद्ध आयोजित नेपाल बन्द कार्यक्रममा सहभागी भएको अवस्थामा प्रहरीले लाठीचार्ज गरी बेहोस तुल्याए।

पीडितलाई टाउकोमा चोट लागेको थियो।

सिद्धपुर गाविस सानागाउँका ५४ वर्षीय अष्टमान महर्जन, चापागाउँका ४५ वर्षीय सुरेन्द्रमोहन शर्मा, पाटनका ६४ वर्षीय सिद्धिलाल श्रेष्ठ, ठैव गाविसका ६५ वर्षीय दिलबहादुर श्रेष्ठ, कुसुन्तीका ४२ वर्षीय ठक्कर शर्मा, चाकुपाटका ५० वर्षीय चण्डेश्वर श्रेष्ठ, हरिसिद्धिका ४५ वर्षीय निलगोविन्द महर्जनसमेत ३९ जनालाई ०५७ पुस १७ गते महंगीको विरोधमा आयोजित उपत्यका बन्द कार्यक्रममा सहभागी भएको अवस्थामा विभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन बेलुका रिहा गरियो।

धादिङ जिल्ला कुम्पुर गाविस-३ फिसफिसेटारका ३२ वर्षीय टिकादत्त शर्मालाई पुनरावेदन अदालत पाटनले रिहा गर्ने आदेश दिएपछि पनि ०५७ फागुन ९ गते प्रहरीले अदालत परिसरबाट पुनः गिरफ्तार गर्ने प्रयास गरे। पीडितलाई कानून व्यवसायी, मानवअधिकारकर्मी र आफन्तहरूको सहयोगमा फिसफिसेटारस्थित आफ्नै घरमा पुऱ्याइयो। पीडितलाई माओवादीको आरोपमा अन्यत्रै जिल्लाबाट ०५७ माघ २६ गते प्रहरीले गिरफ्तार गरेकोमा ०५७ फागुन १ गतेसम्म बेपत्ता बनाई नख्खु जेलमा ल्याइएको थियो।

संजमो, नेपालका अध्यक्ष लिलामणी पोखरेल, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छेलगायत् १०-१५ जनालाई ०५८ असार ६ गते सुरक्षा नियमावली र दरवार हत्याकाण्डसम्बन्धी विरोध कार्यक्रममा सहभागी भएको अवस्थामा मंगलबजारस्थित दरवार स्क्वायर क्षेत्रबाट प्रहरीले गिरफ्तार गरी बेलुका रिहा गरे।

जनजाति महासंघ, दलित गैरसरकारी संस्था, दलित महिला संघ तथा विभिन्न मानवअधिकार संस्थाका कार्यकर्ताहरूसमेत गरी करिब २५ जनालाई ०५८ असार १९ गते विहान ९ बजे मौन जुलुसका साथ पुल्चोकस्थित संयुक्त राष्ट्रसंघ भवनमा ज्ञापनपत्र बुझाउन गएको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही दिन बेलुका रिहा गरे।

धार्मिक स्वतन्त्रता

ठेचो गाविस-९ स्थित सोमाङ एकेडेमीमा अध्ययनरत सोही एकेडेमीको छात्रावासमा बस्ने विद्यार्थीहरूलाई ०५८ भदौ ३ गते एकेडेमीका प्रिन्सिपल नभएको अवस्थामा दाङ जिल्ला तुलसीपुर नपा घर भई ठेचोमा बस्ने २४ वर्षीय प्रकाश शाह, ठेचो गाविस-९ का ३२ वर्षीय उदयराज भाट, कैलाली जिल्ला घर भई काठमाण्डौ जिल्ला घट्टेकुलोमा बस्ने २८ वर्षीय विमला सिंह बिष्ट र दार्जिलिङ कालिम्पोङ घर भई ठेचोमा बस्ने सविना गुरुङले छात्रावासमा प्रवेश गरी क्रिश्चियन धर्मको प्रचार गरे। विद्यार्थीहरूलाई प्रचारकहरूले क्रिश्चियन धर्मसम्बन्धी गीत, संगीतको माध्यमबाट धर्म परिवर्तन गराउने प्रयत्न गरे। हाल उनीहरूलाई थुनामा राखिएको छ।

छौंडा र बोक्सीको आरोपमा कुटपिट गरिएका धीरबहादुर सिंगार र सौंहिली सिंगार

सुगम र निष्पक्ष न्यायिक अधिकार

सुर्खेत जिल्ला घर भई नख्खु जेलमा बन्दी बनाइएका १९ वर्षीय शंकर अधिकारी, ललितपुर जिल्ला कालेश्वरका १९ वर्षीय पुनसाङ लामा, इकुडोलका १८ वर्षीय लोकबहादुर पुलामी, काभ्रे जिल्लाका ३२ वर्षीय लालबहादुर र २७ वर्षीय रामबहादुर लामालाई माओवादीको आरोपमा ३ वर्षदेखि थुनामा राखिएको छ। पीडितहरूलाई अदालतले दुई वर्षका लागी मात्र सजाय तोकेको थियो। हाल कुनै मुद्दा नलगाई थुनामा राखिएको छ।

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुईवटा अदालत छन्। यस वर्ष पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल ४ हजार ७ सय १३ वटा मुद्दा रहेकोमा १ हजार ८ सय १६ वटा फर्स्यौट भई २ हजार ८ सय ९७ वटा बाँकी रहे। रिट क्षेत्राधिकार अन्तर्गत निषेधाज्ञामा ४ सय ८९ दर्ता भएकोमा २ सय ३७ फर्स्यौट भई २ सय ५२ बाँकी रहे। परमादेशमा ८५ वटा दर्ता भएकोमा ४९ वटा फर्स्यौट भई ३६ वटा बाँकी रहे। अन्य शिर्षकमा १५ वटा दर्ता भएकोमा १३ वटा फर्स्यौट भई २ वटा बाँकी रहे। यस अदालतमा ८१ जना थुनुवाहरूको मुद्दा छन्। २ वर्ष नाघेका मुद्दा ५ सय २५ वटा छन्।

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल १ हजार ४ सय ५ वटा मुद्दा रहेकोमा ३ सय २२ वटा फर्स्यौट भई १ हजार ३ वटा बाँकी रहे। देवानी मुद्दाअन्तर्गत जिम्मेवारी सरेर आएका ७ सय ३७ र यस वर्ष दर्ता भएका २ सय ३२ गरी ९ सय ६९ वटामध्ये १ सय ९१ वटा फर्स्यौट भई ७ सय ७८ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा जिम्मेवारी सरेर आएका ७७ र यस वर्ष दर्ता भएका ३३ गरी १ सय १० वटामध्ये ३२ वटा फर्स्यौट भई ७८ वटा बाँकी रहे। यसबाहेक यो अदालतमा थुनुवा मुद्दा २९ वटा छन् भने थुनुवा संख्या ४६ छ। यस अदालतमा २ वर्षदेखि फर्स्यौट हुन नसकेका २ सय ८३ वटा मुद्दा छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग छैन। भूमिसुधार कार्यालयले पनि भूमिहीन तथा सुकुम्बासीहरूको लगत राख्न सकेको छैन। यस जिल्लामा पर्ने वागमति र विष्णुमतिलगायत् अन्य खोलाको किनारमा भूमिहीन, सुकुम्बासीहरू अस्थायी भुप्रा बनाई बसोवास गरेको पाइन्छ। यसरी बसोवास गर्नेहरूमा उपत्यका बाहिरका र भारतीय नागरिकसमेत रहेको पाइन्छ। ग्रामीण क्षेत्रमा पनि सुकुम्बासीहरू छन्। तर, यसको यकिन तथ्यांक उपलब्ध हुन सकेको छैन। यस वर्ष यो जिल्लामा ४० जना अशक्त, ४ हजार ३ सय ९९ जना बृद्ध र २ हजार ९ सय ९४ जना असहाय विधवाहरूलाई भत्ता वितरण गरियो।

महिला अधिकार

रामेछाप जिल्ला घर भई ग्वार्कोमा बस्ने ७ वर्षीय एक बालिकालाई ०५७ माघ १५ गते रौतहट जिल्ला घर भई सोही ठाउँमा बस्ने २५ वर्षीय अशोक जैसवालले ललाई-फकाई आफ्नो कोठामा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

बडिखेल गाविस-८ की ५ वर्षीय एक बालिकालाई ०५८ वैशाख ३ गते बिहान आफ्नै साथीको कोठामा सुतिरहेको अवस्थामा साथीको दाजु सोही ठाउँका १५ वर्षीय श्यामकृष्ण पहरीले आफ्नो कोठामा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

भट्टेडाँडा गाविस-९ की १७ वर्षीय एक युवतीलाई ०५८ जेठ २८ गते राति घरमा कोही नभएको अवस्थामा सोही गाविस-४ का ५० वर्षीय दिलबहादुर खतिवडाले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

ललितपुर उमनपा-७, ग्वार्कोकी ७ वर्षीय एक बालिकालाई ०५८ असोज ८ गते त्यागलका १२ वर्षीय बुद्ध लामा र १४ वर्षीय काँहिला भन्ने राजु नापितले ग्वार्कोनजिकै पुलमुनी लगी बलात्कार गरे। पीडकहरूलाई तारेखमा रिहा गरियो।

सिन्धुपाल्चोक जिल्ला घर भइ ठेंचो गाविस-८ मा बस्ने ७ वर्षीय एक बालिकालाई ०५८ कार्तिक १ गते सोही ठाउँका २५ वर्षीय सुवास तमाङले सोही ठाउँस्थित खोल्सामा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

गिम्दी गाविस-८ उर्लोकी २६ वर्षीय एक महिलालाई बोक्सीको आरोपमा ०५८ असार १६ गते सोही गाविसका सुकराम थोकर, मकवानपुर जिल्ला बेनिनी गाविस-९ का जेठा घलान, टोकलबहादुर घलान, मानबहादुर घलान र प्रताप घिसिङले मलमुत्र खुवाई मरणासन्न हुनेगरी कुटपिट गर्दै दुर्व्यवहार गरे। पीडकहरूले पीडितका पतिलाई समेत छोडाको आरोप लगाई कुटपिट गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

आफ्नै परिवारबाट हत्या गरिएकी निरु श्रेष्ठ

बालअधिकार

सर्लाही जिल्ला घर भई ललितपुर उमनपा कुपण्डोलस्थित रूपक मेमोरीयल स्कूलमा अध्ययनरत ५ वर्षीय अविजितकुमार दासलाई पुरानो रिसइवीका कारण ०५७ माघ ९ गते स्कूल जाँदै गरेको अवस्थामा सर्लाही जिल्ला घर भई सोही ठाउँ बस्ने संजयकुमार गुप्ता र पवनकुमार गुप्ताले अपहरण गरे। पीडितलाई १ महिनापछि मुक्त गरियो। पीडकहरू फरार छन्।

दोलखा जिल्ला घर भई कुपण्डोलस्थित नाइटिङ्गेल बोर्डिङ स्कूलमा अध्ययनरत ६ वर्षीय प्रदिप लामालाई ०५८ असोज २२ गते सौतेनी आमा बुनु लामाले अनुहार र शरीरमा नीलडाम हुनेगरी कुटपिट गरिन्। शिक्षकहरूको सहयोगमा यस वर्षको अन्त्यसम्म पीडित सोही स्कूलमा बस्दै आएका छन् र सौतेनी आमाको डरले घर फर्कन मान्दैनन्। पीडकलाई कुनै कारवाही भएन।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

ललितपुर उमनपा पुल्चोकस्थित मदन स्मारक स्कूलका प्रिन्सिपल हेमा शर्मालाई दलित जातीलाई भर्ना नलिएको आरोपमा ०५८ साउन ३ गते दिउँसो अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले अनुहारमा मोसो दली ज्यानमार्ने धम्की दिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

लेले गाविसका अध्यक्षले मानवअधिकार सम्बन्धी कुनै उत्तरदायित्व बहन नगरेकोप्रति विरोध जनाउँदै सोही गाविसस्थित नवज्योति रेडियो श्रोता क्लबले ०५७ माघ ४ गते एक प्रेस विज्ञप्ति जारी गर्नुका साथै गाविसमा ज्ञापनपत्र बुझायो।

पाटन संयुक्त क्याम्पसमा ०५७ फागुन १४ गते भएको स्ववियू निर्वाचनमा सहायक क्याम्पस प्रमुख किरणबहादुर पाण्डेमाथि भएको सांघातिक आक्रमणको घटनाप्रति विरोध जनाउँदै नेपाल प्रगतिशिल प्राध्यापक संगठन र नेपाल प्रगतिशिल प्राध्यापक इकाईले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी पीडकमाथि कारवाहीको माग गरे।

गिम्दी गाविस-८ उर्लोकी साँहिलीमाया सिँगारलाई बोक्सीको आरोपमा ०५८ असार १६ गते गरिएको अमानवीय व्यवहारको घटनालाई लिएर मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, ललितपुर शाखाले एक प्रेस विज्ञप्ति जारी गरी विरोध जनाउनुका साथै पीडकहरूमाथि कारवाहीको माग गऱ्यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ४ जना पुरूष पीडित भएको सार्वजनिक जानकारीमा आयो। १४ पुरूष र ३ महिलाले आत्महत्या गरे। २ पुरूष र ३ महिलाले आत्महत्याको प्रयास गरे। दुर्घटनाका २१ वटा घटनामा १२ पुरूष र ९ महिला पीडित भए। ८ पुरूष र २ महिलाको लास फेला पर्‍यो। आगलागीका ७ वटा घटनामा ६ पुरूष र १ महिला पीडित भए। भवितव्यका २० वटा घटनामा १४ पुरूष र ६ महिला पीडित भए। चोरीको ७ वटा घटना भए।

२.१३ काभ्रे



जनसंख्या	: ३८६२६७
साक्षरता प्रतिशत	: ४०
महिला साक्षरता प्रतिशत	: २८.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १३९६
गाविस/नपा संख्या	: ८७/३
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ७८१
क्याम्पस/उच्च मावि	: ५/११
अस्पताल/स्वास्थ्य चौकी	: ४/९४
टेलिफोन लाइन	: ३३००
मोटर सडक (कि.मी.)	: ७२३
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ८७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

भिमखोरी गाविस-३ का ४८ वर्षीय कृष्णबहादुर पुलामी मगरलाई सुराकी गरेको आरोपमा ०५८ जेठ १९ गते राति माओवादीहरूले हत्या गरे। पीडित चार वर्षदेखि बाहिर बस्दै आएकोमा सोही दिनमात्र घर फर्किएका थिए। हत्यामा संलग्न भएको आरोपमा सानुलिला श्रेष्ठसमेत ४ जनालाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाए।

पाँचखाल गाविसस्थित प्रहरी कार्यालयअगाडि ०५८ मंसिर १८ गते राति १ जना अज्ञात व्यक्तिको प्रहरीको गोलीद्वारा मृत्यु भयो। प्रहरी पोष्टतिर आइरहेको देखेर आफ्नो परिचय दिन र अगाडि नआउन आग्रह गर्दा पनि जबर्जस्ती चौकीभित्र छिर्न खोजेकाले गोली प्रहार गरिएको प्रहरीले बताए।

उग्रतारा जनागाल गाविस-६ स्थित अपाङ्ग वाल अस्पताल तथा पुर्नस्थापना केन्द्रको पूर्वी भागमा ०५८ पुस १३ गते विहान एउटा वम विस्फोटन हुँदा सोही ठाउँका ११ वर्षीय जयराम बन्जारा र १२ वर्षीय दिलबहादुर खत्री गम्भीर घाइते भए। पीडितहरू बाख्रा चराउन बारीमा गएका थिए।

देवभूमी बालुवा गाविस-६ अर्चलेमा ०५८ पुस १४ गते राति २ जना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मृत्यु हुनेहरूमा मिमबहादुर लामा (लेकाली) र मकवानपुर जिल्लाका अनिल भन्ने व्यक्ति रहेको कुरा रक्षा मन्त्रालयले बतायो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ८ जना पुरुष र चार र सात वर्षीय दुई बालिकासहित ७ जना महिलाको हत्या भयो। जसमध्ये-

उग्रतारा जनागाल-४ की ३० वर्षीय चन्द्रावती के.सी.लाई घरायसी झगडाका कारण ०५७ चैत १८ गते राति आफ्नै पति ३३ वर्षीय अमृत के.सी.ले घाँटी थिची हत्या गरे। हत्या पश्चात् पीडकले आफ्ना २ सन्तानलाई आफन्तको जिम्मा लगाई नजिकैको प्रहरी कार्यालयमा गए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कोशीदेखा गाविस-४ की २९ वर्षीय काली सार्कीलाई सामान्य घरायसी झगडाका कारण ०५८ असार १६ गते आफ्नै पति गोपाल सार्कीले हत्या गरे। पीडकले छिमेकीहरूसँग पेट दुख्ने रोगका कारण आफ्नी पत्नीको मृत्यु भएको जनाई दाहसंस्कार गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ भने मलामी गएका अन्य व्यक्तिहरूलाई तारेखमा रिहा गरियो।

श्यामपाटी गाविस-४ का ४१ वर्षीय चम्पादेवी तामाङलाई आफ्नै बुहारी २० वर्षीय इन्जु तामाङले ०५८ असार २३ गते खुकुरी प्रहार गरी हत्या गरिन्। साउन १७ गतेको अदालतको आदेशले पीडकलाई पुर्पक्षका लागि केन्द्रीय कारागार काठमाण्डौंमा राखिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको काभ्रे जेलको बन्दी क्षमता ६० जना छ। हाल यस जेलमा ९२ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ४९ र कैद तोकिएका ४३ जना छन्। महिला र बालबालिका राख्ने व्यवस्था नभएको यस जेलमा यसवर्ष ३ जना महिलासहित ८७ जना थुनामा परे। ३ जना महिलालाई

अन्य जिल्लामा सरूवा गरियो भने ३५ जना बन्दीलाई रिहा गरियो। जेलभित्र ६ र बाहिर २ गरी ८ वटा चर्पी र ४ वटा धाराको व्यवस्था छ। जेलमा राजनीतिक बन्दी नभएको बताइए पनि ०५८ पुस ८ गतेदेखि रामदास उलक, होमबहादुर डंगोल, गोपालप्रसाद घिमिरे, छविलाल दाहाल, फलप्रसाद लामिछाने, गोविन्द ढकाल, टोलप्रसाद न्यौपाने, सूर्यप्रसाद तिमल्सिना, नारायण सापकोटा, मुक्तिनाथ सापकोटा, केशवप्रसाद रेग्मी, कृष्णप्रसाद दाहाल र तुलसीनारायण श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा थुनामा राखिएको छ। त्यसैगरी यज्ञप्रसाद बजगाईं, रावल कुँवर, दिलबहादुर तामाङ, सिताराम दाहाल, राजेन्द्रप्रसाद ढुंगाना, उद्धवप्रसाद चौलागाईं र केदार आचार्यलाई पनि विभिन्न मितिमा थुनामा राखिएको छ। २२ जना बन्दी मानसिक रोगी भएको जेलर मेघराज घिमिरेले बताए। बन्दीहरूलाई सिलाई-बुनाई र योगा तालिम दिने गरिएको छ।

गिरफ्तारी र यातना

फलामेटार गाविस-१ स्थित बाल विकास प्रस्तावित निमाविमा अध्ययनरत १६ वर्षीय प्रेम थिङ, फलामेटार गाविस-६ की धनकुमारी गोले, मनकुमारी गोले, १६ वर्षीय विन्दु थिङ, नवराज राउत, १५ वर्षीय अर्जुन थिङ र अक्कल पाखिनलाई ०५७ माघ १३ गते विद्यालयबाट माओवादीहरूले जबरजस्ती लगे। पीडितहरूमध्ये विन्दु भागेर घर फर्किएकोमा संकटकालीन स्थितिको घोषणा भएपछि माओवादीहरूले घरमा आई कुटपिट गरे। यस्तैगरी अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले ०५७ माघ १२ गते सदरमुकाममा आतंकित ढंगबाट विद्यार्थी भेला गराए ।

अनैकोट गाविस-७ मानेडाँडामा माओवादीहरूद्वारा ०५७ चैत ५ गते आयोजित साँस्कृतिक कार्यक्रममा सहभागी भएका ७२ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तारीमा पर्नेहरूलाई भोलिपल्ट रिहा गरियो।

काभ्रेका सुरेश लामा र अर्जुन लामालाई धुलिखेल नपा-७ मा गस्ती प्रहरी गस्ती टोलीमाथि ढुङ्गामुढा गरेको आरोपमा ०५७ चैत २६ गते प्रहरीले गिरफ्तार गरे। त्यसैगरी सोही दिन सुरेन्द्र लामा र सन्तोष परियारलाई पनि प्रहरीले गिरफ्तार गरेकोमा १-१ हजार रूपैयाँ धरौटीमा रिहा गरे।

पनौती नपा-१२ का ३० वर्षीय राजकुमार भण्डारीलाई गस्ती प्रहरी टोलीलाई गालीगलौज गरी ढुङ्गामुढा गरेको आरोपमा ०५७ चैत २९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ४ हजार ५ सय रूपैयाँ धरौटी राख्न नसकेकाले थुनामा राखिएको छ।

धुलिखेल नपा-६ मा गस्ती गरिरहेका प्रहरीलाई गाली गलौज गरेको भनी ०५८ वैशाख १२ गते सिन्धुपाल्चोक जिल्ला खटकसिला गाविस-८ का बालकृष्ण राईलाई प्रहरीले गिरफ्तार गरे। हाल पीडितलाई सार्वजनिक अपराध अन्तरगत मुद्दा लगाइएको छ।

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला कमिटीको सम्मेलन सम्पन्न गरी घर फर्किएका प्रतिनिधि, स्वयंसेवक र अन्य सहभागी गरी ५८ जनालाई ०५८ असार ३ गते बेलुका सिपाली र रोशीको बीच बाटोबाट प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बनेपा नपा-५ स्थित तिनदोबाटोमा ०५८ असोज ८ गते प्रहरीलाई हातपात गरेको भनी बारा जिल्लाका सन्तोष परियार र सुरेन्द्र लामालाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई असोज १८ गते २/२ हजार रूपैयाँ धरौटीमा रिहा गरियो। यसैगरी असोज २३ गते सिन्धुपाल्चोक जिल्ला बतासे गाविस-१ का लालबहादुर तामाङ, मिने तामाङ, कान्छा तामाङ, बमबहादुर तामाङ, लनम तामाङ र भक्तपुर जिल्लाका दिलिप कपाली तथा विश्वकृष्ण धौवन्जालाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिनपछि ५/५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

देवभूमी बालुवा गाविस-८ का केदार आचार्य, अविरल भन्ने सिताराम दाहाल, पाँचखाल गाविस-७ केराघारीका सुबोध भन्ने राजेन्द्रप्रसाद ढुङ्गाना, सापीङ गाविस-४ का आयुध भन्ने कृष्ण पराजुली, होक्से गाविस-५ थुम्काका एटम भन्ने कृष्णबहादुर भण्डारी, मादनकुँडारी गाविस-५ का विराट भन्ने उद्धवप्रसाद चौलागाईं, कटुञ्जे गाविस-५ का सूर्यबहादुर लामा, फलामेटार गाविस-५ का संग्राम भन्ने दिलबहादुर लामा, भीमखोरी गाविस-१ पौवाका रमेश भन्ने बेनीबहादुर पुलामी, पोखरीचौरी गाविस-७ की एन्जीला भन्ने रेणुका चौलागाईं र पाल्लेखेत गाविस-८ की कविता भन्ने सरस्वती लामालाई माओवादीको आरोपमा ०५८ पुस १४ गते देवभूमि बालुवा गाविस-६ अर्चलेबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। त्यसक्रममा बिस्फोटक पदार्थ, इलेक्ट्रोनिक सामान, डेटोनेटर, २ वटा पेस्तोल, पाइपबम, खुकुरी, भाला, चक्कु, पर्चा र विधान पनि सुरक्षाकर्मीले बरामद गरेको कुरा सिडिओ हिमनाथ दवाडीले

अपाङ्ग बाल अस्पताल नजिक बम विस्फोटनमा घाइते भएका बालक

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१५	८	७	१५				
गोलीद्वारा हत्या					२	३		३
गोलीद्वारा घाइते					१	१		१
बम प्रहारबाट घाइते	१	२		२				
गिरफ्तारी र यातना					१०	५७	१३	७०
कुटपिट	१२	२४	२	२६				
धम्की	२	५		५				
महिला किनबेच	१		१	१				
बलात्कार	३		५	५				
बहुविवाह	४		४	४				
महिला भएकै कारण यातना	२		२	२				
बालअधिकार	१		१	१				
जातीय छुवाछूत	३	५	६	११				
अमानवीय व्यवहार	५	१४	१	१५				
अपहरण	२	६	१	७				
जम्मा	५१	६४	३०	९४	१३	६१	१३	७४

बताए। उनका अनुसार संकटकालीन स्थितिको घोषणापछि गिरफ्तार गरिएका १ सय जनामध्ये ६१ जना तारेखमा र १९ जनालाई विना तारेखमा रिहा गरिएको तथा २० जनालाई थुनामा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

नाग्रेगगर्चे गाविस-२ का सूर्यमान तामाङले ०५८ कार्तिक ४ गते सोही ठाउँका खिलप्रसाद चौलागाईलाई हत्या गरेकाले माओवादीहरूले कारवाही गर्न भनी वेपत्ता पारे। तामाङ हालसम्म वेपत्ता पारिएका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

महादेवस्थान-८ कुन्तास्थित गाउँ विकास कार्यक्रमको कार्यालयबाट ०५७ माघ २३ गते वेलुका माओवादीहरूले १ लाख २४ हजार ३ सय ८९ रूपैयाँ लुटेर लगे। तर आफ्नो प्रकाशनमा १ लाख ७ हजार २० मात्र लगेको कुरा स्वीकारे।

ढुंखर्क गाविस-३ घर भएका च्याम्राङ्वेंशीस्थित चक्रेश्वर माविका प्रधानाध्यापक रामहरि शर्मालाई सुराकी गरेको आरोपमा ०५८ साउन १ गते माओवादीहरूले १ लाख रूपैयाँ जरिवाना तोकी ४० हजार रूपैयाँ असुल गरे।

काठमाण्डौ विश्वविद्यालयका प्राध्यापक विवेक बराललाई ०५८ साउन २९ गते सोही विश्वविद्यालयमा अध्ययनरत विश्व हमाल, विकास हमाल, दाङ जिल्लाका चन्द्रप्रकाश मगर र प्रकाश क्षेत्रीले कुटपिट गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशबमोजिम ३ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

कुशादेवी गाविस-२ की २२ वर्षीया गायत्री थापालाई ०५८ कार्तिक ४ गते वेलुका घरमा कोही नभएको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितलाई खुकुरी प्रहार गरेको देखेर गाउँमा मान्छे बोलाउन गएको अवस्थामा लक्ष्मी थापालाई समेत माओवादीहरूले टाउकोमा ढुङ्गा प्रहार गरी घाइते बनाए। माओवादीहरूले गायत्रीको घरमा आगोसमेत लगाइदिए।

ढुंखर्क गाविस-८ स्थित मेडिकलका मालिक गणेशबहादुर के.सी.लाई ०५८ मंसिर ११ गते बेलुका माओवादीहरूले सडकमा ल्याई लछारपछार गरेर कुटपिट गर्नुका साथै कोण सभा गरी ४ राउण्ड हवाई फायर गरे।

खहरेपाँगु गाविस-४ का मानदिप तामाङको घरमा ०५७ पुसमा माओवादीहरूले आगो लगाउनुका साथै धनमाल लुटेर लगे।

सर्स्युंखर्क गाविस-२ स्थित कालिकादेवी प्राविका शिक्षक यज्ञप्रसाद पाण्डेलाई ०५७ माघ १० गते भजन-कीर्तन गर्न गइरहेको अवस्थामा माओवादीहरूले हतियार देखाई ११ हजार रूपैयाँ लुटेर लग्नुका साथै २५ हजार रूपैयाँ दिने कागज गराए। त्यसैगरी सोही गाविस खहरेघाटस्थित सर्वोद्धार प्राविका शिक्षक केशवप्रसाद त्रिपाठीबाट १० हजार र नेत्रप्रसाद त्रिपाठीबाट ७ हजार रूपैयाँ माओवादीहरूले लुटेर लगे। पीडकहरूले पीडितहरूलाई रकम नदिए ज्यानमार्ने धम्की दिएका थिए।

धुसेनी शिवालय गाविस-८ का चित्रप्रसाद चौलागाईंको घरमा ०५७ फागुनमा माओवादीहरूले सम्पूर्ण भाँडाकुँडा फ्याँकी ताला लगाइदिए। माओवादीहरूलाई नसोधी घरजग्गा खरीद गरेको आरोपमा माओवादीहरूले त्यसो गरेको कुरा सोही ठाउँका व्यक्तिहरूले वताए।

ज्याम्दी गाविस-३ का रिमप्रसाद पराजुली, भरतप्रसाद पराजुली र देवनारायण पराजुलीको घरवाट ०५७ फागुन ९ गते राति आफूलाई माओवादी वताउने हतियारसहितका अज्ञात व्यक्तिहरूले धनमाल लुटेर लगे। रिमप्रसादको घरवाट ३० हजार रूपैयाँ, साढे ४ तोला सुन, ६ माना घ्यू, एउटा खुकुरी, २ माना तेल, कपडा र चुरोट, भरतप्रसादको घरवाट १५ हजार रूपैयाँ, तिलहरी, रिङ र देवनारायणको घरवाट १० हजार रूपैयाँ र कपडा लुटेर लगेको वताइयो।

ज्याम्दी गाविस-६ धुसेनीका ३६ वर्षीय अर्जुन ठकुरीलाई ०५७ चैत १९ गते औषधी किनेर घर फर्किरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी जैसिथोक गाविस-४ स्थित पञ्चकन्या प्राविमा लगेर मरणासन्न हुनेगरी कुटपिट गरे। माओवादीहरूले ज्याम्दी गाविस-५ का ३९ वर्षीय आइमान तामाङ, सोही गाविस-७ का २८ वर्षीय ध्रुव थापा, सोही गाविस-३ का ३९ वर्षीय रामहरी पराजुली, जैसिथोक गाविस-५ का चतुरमान तामाङ, संग्राम तामाङ, धनवहादुर तामाङ, जीतवहादुर तामाङ र लालमान तामाङलाईसमेत निर्मम कुटपिट गरे।

मतदाता परिचयपत्रका लागि फोटो खिचाउने क्रममा नयाँगाउँ गाविस पुगेको टोलीको क्यामरा, कागजपत्र र नाला गाविस-७ टुकुचा पुगेको टोलीको सामान ०५७ पुस २५ गते माओवादीहरूले लुटेर लगे। मतदाता परिचयपत्रका लागि फोटो खिच्ने क्यामरा तथा कागजपत्र बल्थलीबाट पनि माओवादीहरूले लुटेर लगे। गोठपानी गाविस-३ मजुवा गाउँमा ०५७ फागुन २४ गते पुगेको टोलीलाई माओवादीहरूले एम्बुसद्धारा आक्रमण गरे। क्यामरा लुटिने थाहा पाई सुरक्षा दिन गएका प्रहरी र माओवादीवीच केही समय भीडन्त भयो। भीडन्तमा कोही हताहत भने भएनन्।

नाल्दुम गाविस-६ रानीवनका लिलानाथ ढकाल, रेवतीरमण ढकाल, अणप्रसाद ढकाल र कालिमान तामाङको घरमा ०५८ वैशाख २३ गते राति आफूलाई माओवादी बताउने व्यक्तिहरूले लुटपाट गरी आतंक मच्चाए। पीडकहरूले लिलानाथको घरबाट ६ तोला सुन र ६० हजार रूपैयाँ, रेवतीरमणको घरबाट ४ तोला सुन र ५ हजार रूपैयाँ, अणप्रसादको घरबाट ५ तोला सुन र ८ हजार रूपैयाँ तथा कालिमानको घरबाट साढे २ तोला सुन लुटेर लगे।

पाँचखाल-४ स्थित नेपाल विद्युत प्राधिकरण उपशाखाका कागजपत्र ०५८ असार २१ गते राति माओवादीहरूले बाहिर निकाली आगो लगाउनुका साथै बम विस्फोट गरी ७ लाख ५० हजार रूपैयाँ बराबरको क्षति पुऱ्याए।

काभ्रे गाविस-३ स्थित दूरसञ्चार रिपिटर टावरमा ०५८ असार २१ गते माओवादीहरूले पाइपवम विस्फोट गरी क्षति पुऱ्याए। विस्फोटका कारण ५० लाख रूपैयाँ वरावरको क्षति पुगेको अनुमान छ। १ सय ५० लाईन ग्रामीण क्षेत्रको टेलिफोनलाई असर पऱ्यो।

बालुवा गाविस-७ चापबोटस्थित गैरसरकारी संस्था सिप्रेडका सम्पूर्ण कागजपत्र र सामाग्री ०५८ असार २२ गते माओवादीहरूले आगो लगाई क्षति पुऱ्याए।

महादेवस्थान गाविस-६ स्थित रेन्जपोष्टमा ०५८ असार २६ गते बेलुका माओवादीहरूले वम विस्फोट गरी ध्वस्त बनाए।

महादेवस्थान गाविस कुन्तास्थित कृषि वन प्रतिष्ठानको फिल्ड अफिसमा ०५८ असार २७ गते बेलुका माओवादीहरूले आक्रमण गरी कागजात नष्ट गर्नुका साथै केही सामाग्री लुटेर लगे।

बनेपा नपा नयाँवस्तीमा ०५८ असार २३ गते, टुकुचा गिरीगाउँमा ०५८ असार २४ गते र वनेपास्थित नेपाल बैंक लिमिटेड, खानेपानी संस्थान, दूरसञ्चार संस्थान, अस्पताल, विद्युत प्राधिकरणको कार्यालय अगाडि तथा बुडोलमा ०५८ असार २७ गते माओवादीहरूले वम विस्फोट गरे।

पनौती नपा-१२ खोपासीस्थित बिन्दबासिनी वचत कोष सहकारी संस्थाबाट ०५८ असार २९ गते माओवादीहरूले रकम र सामाग्रीहरू लुटेर लग्नुका साथै केही सामाग्रीमा आगो लगाए। माओवादीहरूको आक्रमणबाट ६ लाख ५९ हजार १ सय २७ रूपैयाँ बरावरको क्षति पुगेको संस्थाले जनायो भने आफूहरूले एउटा क्यामरा, ४ वटा क्याल्कुलेटर, एउटा खुकुरी र १ लाख ३६ हजार २ सय २१ रूपैयाँ ८० पैसाबाहेक केही नलगेको कुरा माओवादीहरूले सार्वजनिक गरे। माओवादीहरूले सोही दिन सोही ठाउँस्थित विद्युत प्राधिकरणको जलविद्युत केन्द्रमा आक्रमण गरी गाडी र कागजपत्रमा आगो लगाउनुका साथै १ लाख ९५ हजार ८ सय रूपैयाँ बराबरको धनमाल क्षति पुऱ्याएको केन्द्रले जनायो।

कात्तिके देउरालीस्थित इलाका प्रहरी कार्यालयमा ०५८ असार ३० गते राति माओवादीहरूले वम प्रहार गरी २ वटा भवन ध्वस्त बनाउनुका साथै ४४५९ नं. को गाडी २ सय मिटरजति तल लडाएर जलाए। सो चौकीबाट प्रहरीहरू अघिल्लो दिन सदरमुकाम आएका थिए।

मेच्छे गाविस-५ स्थित खाली चौकीमा ०५८ साउन २ गते माओवादीहरूले आगो लगाए। फलामेटार, हिगुवापाटी, श्यामपाटी र वालुवा प्रहरी चौकीमा यस वर्ष माओवादीहरूले



सुरक्षाकर्मीद्वारा देवभूमी बालुवा गाविसबाट गिरफ्तार गरिएका माओवादी कार्यकर्ताहरू

आफ्नै पतिद्वारा हत्या गरिएकी चम्पादेवी लामा

किसनले बोका काटी सबैलाई मासु ख्वाउने भनी दुध राखिएको भाँडामा बोकाको फिला चोभिदिने, सिलौटो र गेटी बल्ने पिर्कामा दलिदिने जस्ता कार्य गरे। गोर्खाली गाउँका रामचन्द्र तिमल्सिनाको घरमा पनि ०५८ भदौ २९ गते त्यस्तै व्यवहार गरियो। यसअघि सोही गाविस-२ का प्रणामी कृष्णप्रसाद नेपालको घरमा माओवादीहरूले वाख्रा काटी पकाउन लगाएर खाएको कुरा गाउँलेहरूले बताए। प्रणामी धर्ममा माछामासु छुनसमेत नहुने विश्वास राखिन्छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २ सय ३८, दुनियावादी फौजदारी १ सय १३ र सरकारवादी फौजदारी ६१ गरी ४ सय १२ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी देवानी ३ सय ६७, दुनियावादी फौजदारी १ सय ५२ र सरकारवादी फौजदारी ६० गरी ५ सय ७९ वटा मुद्दा फस्र्यौट भए। यस अदालतमा २ वर्ष नाघेका ५५, १ वर्ष नाघेका ३ सय २२ र अन्य १ सय २४ थान गरी ५ सय १ मुद्दा रहेका छन्।

आगो लगाए। दउपुर र फाक्सङटारस्थित प्रहरी चौकीमा आक्रमण गरे।

घर्तिछाप गाविस-३ का ३६ वर्षीय विक्रम योञ्जन लामाको प्रहरी चौकी रहेको घरमा ०५८ साउन ५ गते माओवादीहरूले तोडफोड गरी आगो लगाएर ४ लाख ९० हजार रूपैयाँ बराबरको धनमाल नष्ट गरे।

तालढुङ्गास्थित प्रहरी चौकी बसेको वागमती जलाधारले बनाएको भवन र गस्ति प्रहरी बस्ने सोही ठाउँका कृष्णबहादुर खुलालको घर २०५८ साउन ८ गते बेलुका माओवादीहरूले जलाउनुका साथै कृष्णबहादुरलाई कुटपिट गरे।

देविटार गाविसका उपाध्यक्ष प्रेमबहादुर तामाङको घरबाट ०५८ असोज ३० गते माओवादीहरूले गहना र रकमसमेत लुटेर लगे।

श्यामपाटी गाविस-९ का दामोदर ढुङ्गानाको घरबाट ०५८ कार्तिक २८ गते राति माओवादीहरूले १५ हजार रूपैयाँ लुटेर लगे।

पनौती नपा-१२ खोपासीस्थित नेपाल विद्युत प्राधिकरणको जलविद्युत केन्द्रमा ०५८ मंसिर ९ गते राति दोस्रो पटक माओवादीहरूले आगो लगाई ५२ लाख रूपैयाँ बराबरको क्षति पुऱ्याए। माओवादीहरूले केन्द्रका पाले कान्छामान पहरीलाई जर्बजस्ती ढोका खोल्न लगाई कुटपिट गरेर बा. १ ज १२४२ नं. को गाडी र कार्यालयमा आगो लगाई ५ वटा बम विस्फोट गराए। प्रहरीले घटनास्थलबाट एउटा बन्दुक र एउटा छुरी बरामद गरे।

केराघारीनेर गस्तीमा गएको प्रहरीको भ्यान ०५८ मंसिर २२ गते माओवादीहरूले थापेको एम्बुसमा परी क्षतिग्रस्त भयो।

मौलिक अधिकार

ढुंखर्क गाविस-३ का वैष्णव रामप्रसाद निमल्सिनाको घरमा ०५८ भदौ २४ गते अनेकिसंघ (क्रान्तिकारी) का नेता

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

खरेलथोक गाविस-२ का १२ वर्षीय एक र १४ वर्षीय दुई बालिकालाई ०५८ वैशाख २ र ३ गते सोही ठाउँका धनबहादुर शिवभक्तिले चकलेट खुवाई बेहोस पारेर बलात्कार गरे। पीडक फरार छन्।

सिन्धुपाल्चोक जिल्ला घर भई बनेपा नपा-११ मा डेरा गरी बस्ने १७ वर्षीय एक युवतीलाई ०५८ साउन २ गते सोही ठाउँका २८ वर्षीय नारायणप्रसाद कुइँकेलले बलात्कार गरे। पीडकलाई अदालतको आदेशबमोजिम साधारण तारेखमा रिहा गरियो।

पाँचखाल गाविस-८ घर भई बनेपा नपा-४ नयाँबस्तीमा डेरा गरी बस्ने १४ वर्षीय एक बालिकालाई सोही ठाउँका विजुलीप्रसाद सापकोटाले बलात्कार गरे। पीडकलाई ०५८ कार्तिक २ गते प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशबमोजिम १० हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

बोल्देफेदिचे गाविस-८ की २५ वर्षीय एक महिलालाई चार वर्ष अघि सरमथलीका प्रेम लामाले काठमाण्डौमा काममा लगाइदिने प्रलोभन दिई फकाएर भारतमा लगी ३५ हजार भारतीय रूपैयाँमा आफूलाई बिक्री गरेको भनी ०५८ भदौ २२ गते प्रहरीमा मुद्दा दिइन्। पीडित त्यहाँबाट भागेर घर फर्कन सफल भएकी हुन्। पीडकलाई खोजतलास गरिरहेको प्रहरीले जनाए।

पनौती नपा-११ की २० दिनकी सुत्केरी २० वर्षीय सीता

कर्माचार्यलाई ०५७ चैत ४ गते आफ्नै पति कान्छामोहनसुन्दर कर्माचार्यले पेट्रोल खन्याई आगो लगाएर ज्यानमार्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महादेवस्थानस्थित डेडीथुम्का उच्च माविमा अध्ययनरत एक छात्रालाई ०५८ जेठ ५ गते शौचालय गएको अवस्थामा हाजिरीजवाफ प्रतियोगिता हेर्न आएका सोही ठाउँका चन्द्रशेखर पौडेलले अभद्र व्यवहार गरे। पीडकलाई विद्यार्थीहरूले लखेटे। पीडकलाई विद्यालय प्रशासनले गाडीमा राखेर भगाएको जनाउँदै विद्यार्थीहरूले एकहप्तासम्म विद्यालय बन्द गरे। पीडकलाई कुनै कारवाही भएन।

बालअधिकार

बनेपा नपा-१० गोदामटोलका १४ वर्षीय सन्तोष पौडेल र १४ वर्षीय प्रभुराम तिमल्सिनालाई ०५८ असार १७ गते अज्ञात व्यक्तिहरूले अपहरण गरी बेपत्ता पारे। बेलुका धारामा पानी थाप्न गएको अवस्थामा पीडकहरूले खुकुरी देखाई घरबाट पैसा झिक्न लगाई गाडीमा राखी लैजानेक्रममा मुग्लिन पुऱ्याई पीडकहरू खाना खान होटलमा पसेको अवस्थामा पीडितहरू गाडीको झ्यालबाट बाहिर निस्किएर २ दिनपछि घर आइपुगे। अपहरणको कारण थाहा हुन सकेको छैन।

एउटा नवजात शिशुको लास फेला पऱ्यो। कसले जन्माएर फ्याँकेको हो भन्ने पत्ता लाग्न सकेन। त्यसैगरी एक जना महिलाले भर्खरै जन्माएको शिशुलाई मलखादमा पुरेर बेपत्ता पार्ने प्रयास गरिन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

सालधारा गाविस-७ र ८ का शेरबहादुर, धनबहादुर थोकर, नरेन्द्र र तिर्थ म्लोनलाई नक्कली माओवादी बनी ठगी गरेको आरोपमा ०५८ साउन ६ गते माओवादीहरूले मोसो दली बजार घुमाउनुका साथै ठगी गरेको बोकाबराबरको रकम असुल गरे।

साठीघर गाविस-५ आँपचौरका ३० वर्षीय सानुबाबु विश्वकर्मालाई सोही ठाउँका ३३ वर्षीय रेशम शाक्य र उनकै पत्नी मिना शाक्यले ०५७ फागुन १३ गते कुटपिट गरे। गाविसका भद्र-भलादमीको रोवहरमा ९ हजार रूपैयाँ तिर्न वाध्य गराएको भनी दलित गैरसरकारी संस्था महासंघ, दलित सेवा संघ, हुरेक, एलायन्स, इन्सेक, ल्याक र मुक्ति समाजका प्रतिनिधीहरूले उक्त रकम फिर्ता गरी न्याय दिलाइदिए। बालुवा गाविस-२ मा गिलास माभ्न लगाएका कारण विवाद भई दुवै पक्षवीच भिडन्त भएको थियो। दुवै पक्षलाई प्रहरीसामू कागज गराई आ-आफ्नो उपचार आफैंले गर्नुपर्ने, एक-अर्कामा डर, त्रास र धम्की नदिई मिलेर बस्नुपर्ने, जातीयताका आधारमा छुवाछूतको व्यवहार गर्न नपाइने र मादक पदार्थ सेवन गर्न नपाउने शर्तमा रिहा गरे।

कानपुर गाविस-८ का निर्मला परियार, लक्ष्मी परियार र मथुरा परियारलाई ०५८ जेठ २६ गते सोही ठाउँस्थित कार्की

अन्तरजातीय प्रेम गरेका कारण गाउँबाट निकालिएका विदुर परियार र लक्ष्मी थापा मगर

कुवामा पानी लिन गएको अवस्थामा सोही ठाउँका लक्ष्मण श्रेष्ठ, कुमाले श्रेष्ठ, भिमबहादुर श्रेष्ठ र इमान लामाले कुटपिट गरे। आफूहरूले कुवामा पानी भर्दाभर्दै पीडकहरूले घोक्र्याई-मुन्ट्याई गरेर गाग्री र जर्किन फ्याँकिदिएको गुनासो पिडितहरूले गरे।

कोशीदेखा गाविस-६ की १९ वर्षीय लक्ष्मी थापा मगरसँग सोही ठाउँका १८ वर्षीय विदुर परियारले प्रेम गरेको निहुँमा ०५८ मंसिर १६ देखि विदुरका सपरिवारलाई लक्ष्मीका दाजु ठाकुर थापा मगर समेतका व्यक्तिहरूले गाउँ निकाला गरे। पीडकहरूले विदुरका काका गोविन्द, काकी मैना, बाबु बाबुराम, काकाको ३ वर्षीय छोरा निरन र ५ वर्षीय छोरी निशालाई समेत कुटपिट गरी घरमा ताला लागाइदिए। जिल्ला प्रशासन कार्यालयमा यस सम्बन्धी उजुरी परेपछि पुस ८ गते दुवै पक्षबीच मिलापत्र गरी रिहा गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) का जिल्ला सचिव विदुर सापकोटाले ०५७ चैत २२ गते एक वक्तव्य प्रकाशित गरी माओवादीलाई अराजक र अपराधिक कार्य नगर्न चेतावनी दिए।

पाँचखाल गाविसका नेकपा (एमाले) बाट निर्वाचित गाविस उपाध्यक्ष बलराम सापकोटालाई माओवादीहरूले ०५६ मंसिर १४ गते ढुङ्गानाबेंशीस्थित आफ्नो घरबाट माओवादी कार्यकर्ताहरू खनालथोककी भावना भन्ने निर्मला श्रेष्ठ, पोखरीचौरीकी एन्जीला भन्ने रेणुका चौलागाईं र श्याम भन्ने अर्को एक जनाले अपहरण गरेकोमा अपहरित अवस्थामा हत्या भएको जानकारी ०५८ कार्तिक २ गते सो पार्टीका अग्नीप्रसाद सापकोटाले पत्रकार सम्मेलनमार्फत् दिए। काठमाण्डौ जिल्ला त्रिपुरेश्वरस्थित अर्किड होटलमा आयोजित पत्रकार सम्मेलनमा सापकोटाको हत्या "आलोक प्रवृति" बाट भएको बताइयो।

नेकपा (एमाले) बाट निर्वाचित पाँचखाल गाविसका उपाध्यक्ष बलराम सापकोटाको अपहरित अवस्थामा माओवादीहरूले हत्या गरेको विरोधमा ०५८ कार्तिक ६ गते पाँचखाल र कार्तिक २० गते बनेपामा विरोध सभाको आयोजना

भयो। हत्याविरूद्ध कार्तिक २१ गते काभ्रे जिल्ला वन्द भयो।

नेपाल मजदुर किसान पार्टी जिल्ला कमिटीले ०५८ मंसिर २ गते एक वक्तव्य प्रकाशित गरी माओवादी ज्यादतीको विरोध गऱ्यो।

मानवअधिकार तथा वातावरणीय शिक्षा केन्द्र (हुरेक) ले ०५८ मंसिर १६ गते एक वक्तव्य प्रकाशित गरी देश गम्भीर र असामान्य परिस्थितितर्फ धकेलिएकोमा चिन्ता व्यक्त गऱ्यो।

मानवअधिकार तथा वातावरणीय शिक्षा केन्द्र (हुरेक) ले ०५८ पुस ४ गते एक वक्तव्य प्रकाशित गरी परियार परिवारलाई गाउँ निकाला गरिएको घटनाप्रति चिन्ता व्यक्त गऱ्यो। सोही विषयलाई लिएर उत्पीडित जातीय मुक्ति समाजले पिडित पक्षलाई न्याय दिलाउन आग्रह गरी वक्तव्य प्रकाशित गऱ्यो। मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको अगुवाईमा उक्त घटना सार्वजनिक गरी आमसञ्चारका माध्यमबाट कार्वाहीका लागि दवाव सृजना गरियो।

अतिरिक्त जानकारीहरू

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ३ जना पुरूष र १ जना महिला पीडित भए। २६ पुरूष र २० महिला गरी ४६ जनाले आत्महत्या गरे। विभिन्न खाले दुर्घटनामा ३३ पुरूष र ५ महिला गरी ३८ जनाको मृत्यु भयो। आगलागीका कारण १ जना पुरूषको मृत्यु भयो। जंगली जनावरको आक्रमणमा परी १ जना पुरुष र १ जना महिलाको मृत्यु भयो। चोरी/डकैतीका घटना ७ वटा भए। ४ पुरूष, १ महिला र १ नाबालकको लास फेला पऱ्यो।

२.१४ भक्तपुर



जनसंख्या	२२६८६१
साक्षरता प्रतिशत	६५
महिला साक्षरता प्रतिशत	५३.३
क्षेत्रफल (वर्ग कि.मी.)	११९
गाविस/नपा संख्या	१६/२
निर्वाचन क्षेत्र	२
विद्यालय	३००
क्याम्पस/उच्च मावि	९/७
अस्पताल/स्वास्थ्य चौकी	३/२१
टेलिफोन लाइन	५१००
मोटर सडक (कि.मी.)	११९
प्रहरी कार्यालय संख्या	१६
हुलाक संख्या	२२

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

भक्तपुर नपा-४ का राजेन्द्र अवाललाई भक्तपुर नपा-११ तौमढीटोलमा ०५७ चैत २८ गते बिस्केट जात्राका क्रममा प्रहरीले गोली हानी घाइते बनाए। सो घटनामा प्रहरीले १० राउण्ड अश्रुग्याँस प्रहार गरेका थिए।

भक्तपुर नपा-१० थाकेका २९ वर्षीय तुलसीनारायण लाखे, तुलसीराम सुवाल, राजकुमार लघु, क्यारूल सुवाल, दिलिप विष्ट र कृष्ण थापा ०५८ वैशाख ५ गते सोही नपा-८, १० र ११ मा बिस्केट जात्रामा हुलदंगा भएको भनी प्रहरीले गोली प्रहार गर्दा घाइते भए। सो घटनामा प्रहरीले सय राउण्ड गोली चलाएका थिए।

भक्तपुर नपा-१३ लायकुमा २२ वर्षीय ओमहरि सैंजुसमेत ३ जनालाई ०५८ जेठ २३ गते राजदरवार हत्याकाण्डको विरोध गरेको आरोपमा प्रहरीले गोली हानी घाइते बनाए। सो घटनामा प्रहरीले प्लास्टिकका १५ राउण्ड गोली प्रहार गर्नुका साथै ३ राउण्ड अश्रुग्याँस प्रहार गरेका थिए।

यस बाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ४ पुरुष र १ महिलाको हत्या भयो। जसमध्ये-

भक्तपुर नपा-८ का ३८ वर्षीय ध्रुवगोपाल कर्माचार्यलाई ०५८ वैशाख १८ गते राति सोही नपा-७ कान्लाचास्थित अरनिको राजमार्गको एक रेष्टुरेन्टमा पाल्पा जिल्ला चापपानी गाविस-२ घर भई काठमाण्डौ जिल्ला वस्ने टिकाराम थापा मगर, रामेछाप जिल्ला रूपाकोट गाविस-६ घर भई काठमाण्डौ जिल्ला वस्ने विवेक भन्ने दानवहादुर लामा, भक्तपुर नपा-१ का द्वारिकानाथ खयरगोली समेत १० जनाले खुकुरी र रड प्रहार गरी हत्या गरे। पीडकहरू मध्ये ५ जनालाई थुनामा राखिएको छ भने ४ जनालाई तारेखमा रिहा गरियो। टिकाराम फरार छन्।

गिरफ्तारी र यातना

मध्यपुर थिमी नपा-८ मा डेरा गरी वस्ने २२ वर्षीय जयबहादुर लामासमेत २ जनालाई सिद्धिकाली मावि कक्षा ८ को संस्कृत विषयको प्रश्नपत्र लुटेको आरोपमा ०५७ पुस २१ गते प्रहरीले गिरफ्तार गरेकोमा सार्वजनिक मुद्दा लगाई रिहा गरियो।

मध्यपुर थिमी नपा-१५ गठ्ठाघरका समशेर लामा, गणेश लामा र मालबहादुर तामाङलाई ०५७ पुस २५ गते प्रहरीले गिरफ्तार गरेकोमा सार्वजनिक मुद्दा लगाई रिहा गरियो।

दुवाकोट गाविस-७ का २६ वर्षीय श्यामभक्त श्रेष्ठसमेत ३ जनालाई मध्यपुर थिमी नपा-७ मा यातायात अवरोध गरेको आरोपमा ०५७ माघ २९ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाई रिहा गरे।

रामेछाप जिल्ला घर भई भक्तपुर नपा-१७ सल्लाघारीमा बस्ने रामबहादुर थापासमेत ४ जनालाई यातायात अवरोध गरेको आरोपमा ०५७ फागुन १० गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाई रिहा गरे।

अनेरास्ववियुका नेता बसन्त बस्नेतसमेत ७ जनालाई यातायात अवरोध गरेको आरोपमा ०५७ फागुन २८ गते भक्तपुर नपा-१७ सल्लाघारीबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिनपछि रिहा गरियो।

भक्तपुर नपा-१७ का १७ वर्षीय राजेश ज्यास्व्य, सोही नपा-१४ का १६ वर्षीय राजु सिल्पकारसमेत २४ जनालाई बिस्केट जात्रामा ढुङ्गामुढा गरेको आरोपमा ०५८ वैशाख ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये राजेश र राजुलाई प्रहरीले सार्वजनिक अपराधसम्बन्धी लगाई रिहा गरे।

मध्यपुर नपा-१७ सानोठिमीस्थित शिक्षा क्याम्पसमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ता दिपक थापालाई जिल्ला शिक्षा अधिकारीको कुर्सी जलाएको आरोपमा ०५८ जेठ २ गते भक्तपुर नपा-१० याछेबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाई सय रूपैयाँ धरौटीमा रिहा गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा	राज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा
हत्या	५	४	१	५	१	१		१
गोलीद्वारा घाइते					३	१४		१४
गिरफ्तारी र यातना					३३	९६		९६
लाठी चार्ज					१	८		८
बेपत्ता पारिएको					१	१		१
कुटपिट	४८	४८	१९	६७	४	३	२	५
धम्की	१	१		१	१	१		१
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२	१		१	१
महिला भएकै कारण यातना	२		३	३				
बालअधिकार	५	३	२	५				
आर्थिक अधिकार	२	४		४				
जातीय छुवाछूत	१	५		५				
अमानवीय व्यवहार	९	८	६	१४				
अपहरण	१	३		३				
जम्मा	७८	७६	३४	११०	४५	१२५	३	१२८

मध्यपुर थिमी नपा-१५ गठ्ठाघरमा डेरा गरी बस्ने तेजबहादुर लामासमेत ९ जनालाई सडक अवरोध गरेको आरोपमा ०५८ जेठ २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाई रिहा गरियो।

भक्तपुर नपा-३ का २३ वर्षीय कृष्णराम मानन्धरसमेत ८ जनालाई राजदरबार हत्याकाण्डको विरोध गरी तोडफोड गरेको आरोपमा ०५८ जेठ २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाई रिहा गरियो।

भक्तपुर नपा-५ का १९ वर्षीय राजेश सितिख्वुसमेत ७ जनालाई सार्वजनिक सम्पत्ती तोडफोड गरेको आरोपमा ०५८ जेठ २५ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाई रिहा गरे।

चाँगुनारायण गाविस-४ का ३४ वर्षीय मखनसिंह तामाङ र मंगलराज तामाङलाई प्रहरीलाई कुटपिट गरेको आरोपमा ०५८ असार २६ गते प्रहरीले गिरफ्तार गरी यातना दिएर ३ दिनपछि रिहा गरे।

मध्यपुर थिमी नपा-१७ स्थित शिक्षा क्याम्पसमा अध्ययनरत २३ वर्षीय चीनबहादुर बुढामगर र २२ वर्षीय गोम्बु शेर्पालाई जनादेश पत्रिका र पम्प्लेट राखेको आरोपमा ०५८ भदौ ३१ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितहरूलाई सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाई रिहा गरियो।

मध्यपुर थिमी नपा-१७ का २० वर्षीय कुमार सिजापतिसमेत ३ जनालाई सानोठिमीस्थित शिक्षा क्याम्पसका झ्याल, ढोका तोडफोड गरेको आरोपमा ०५८ असोज ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ४ दिनपछि रिहा गरियो।

मध्यपुर थिमी नपा-१३ स्थित पशुपति स्पिनिङ मिल्समा कार्यरत ३० वर्षीय ओमप्रसाद वाग्ले, उनीसँगै बस्ने चीनबहादुर बुढामगर र अर्जुन क्षेत्रीलाई माओवादीको आरोपमा ०५८ मंसिर ११ गते कटुन्जे गाविस-६ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

भक्तपुर नपा-१५ इटाछेका २१ वर्षीय देवराज भट्टलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

झौखेल गाविस-७ का नेकाँ महासमिति सदस्य करिब ४३ वर्षीय धर्मराज थापासमेत ४ जनालाई माओवादीको आरोपमा ०५८ मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये धर्मराजलाई सोही दिन र अन्य ३ जनालाई २ दिनपछि रिहा गरियो।

छालिङ गाविस-२ का ४४ वर्षीय पशुपति थापालाई माओवादीको आरोपमा ०५८ मंसिर ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि रिहा गरियो।

रोल्पा जिल्ला घर भई सुडाल गाविस-१ बस्ने मजदुर राजकुमार पुनसमेत २६ जनालाई माओवादीको आरोपमा ०५८ मंसिर ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये राजकुमारलाई थुनामा राखियो भने अन्यलाई सोही दिन रिहा गरियो।

सुडाल गाविस-७ चरेलीका ३६ वर्षीय नवराज सापकोटा र ४० वर्षीय दयाराम सापकोटालाई माओवादीको आरोपमा ०५८ पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

चाँगुनारायण गाविस-६ का ३० वर्षीय दिवाकर ख्वाललाई माओवादीको आरोपमा ०५८ पुस २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

मध्यपुर थिमी नपा-१३ बालकुमारीबाट श्याम श्रेष्ठ र सन्जु भट्टराईलाई माओवादीको आरोपमा ०५८ पुस ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

नँख्खेल गाविस-५ का १९ वर्षीय राजन विश्वकर्मासमेत ३ जनालाई माओवादीको आरोपमा ०५८ पुस ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ६ दिनपछि रिहा गरियो।

भक्तपुर नपा-१३ का २२ वर्षीय ओमहरि सैजुलाई माओवादीको आरोपमा ०५८ पुस ६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

भक्तपुर नपा-१७ दगुरेका सिताराम त्वापनासमेत ७ जनालाई माओवादीको आरोपमा ०५८ पुस ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक दिनपछि रिहा गरियो।

झौख्खेल गाविस-१ का ४५ वर्षीय रामशरण दाहाललाई माओवादीको आरोपमा ०५८ पुस १३ गते काभ्रे जिल्ला पनौती नपास्थित सिद्धार्थ बोर्डिङ्ग स्कूलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

सुडाल गाविस-४ का ३५ वर्षीय शिवप्रसाद अधिकारी, सोही गाविस-५ का उमेश खड्कासमेत ५ जनालाई माओवादीको आरोपमा ०५८ पुस १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये शिव र उमेशलाई थुनामा राखिएको छ भने अन्यलाई रिहा गरिएको छ।

मध्यपुर थिमी नपा-१६ का पद्मलाल श्रेष्ठसमेत ८ जनालाई माओवादीको आरोपमा ०५८ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

गुण्डु गाविस-५ का ५५ वर्षीय यमबहादुर बुढाथोकीलाई माओवादीको आशंकामा आरोपमा ०५८ कार्तिक २४ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई हाल कहाँ राखिएको छ भन्ने बारे कसैलाई जानकारी दिइएको छैन।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

भक्तपुर नपा-८ स्थित विद्यार्थी निकेतन माविका प्रधानाध्यापक नरेन्द्रभक्त हाडालाई अनेरास्ववियु (क्रान्तिकारी) लाई सहयोग गरेको आरोपमा ०५७ पुस २६ गते प्रहरी प्रशासनले कारबाही गर्ने धम्की दिए।

यस जिल्लाका विद्यालय र कलेजहरूलाई ०५८ जेठ १ गतेदेखि ७ दिन बन्द गराउन अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले धम्की दिए। त्यसैगरी सोही संगठनका कार्यकर्ताहरूले ०५८ असोज ३ गते पनि विद्यालय र क्याम्पसहरू बन्द गर्न धम्की दिए।

कटुन्जे गाविस-८ सूर्यविनायकमा डेरा गरी बस्ने २८ वर्षीय सुवास भुजेललाई आफ्नै पत्नीको मृगौला भारतमा बिक्री गर्न लागेको आरोपमा ०५८ वैशाख २३ गते माओवादीहरूले कुटपिट गरे।

यस जिल्लाका १५ वटा सरकारी कार्यालयलाई ०५८ जेठ १७ गते छ वामको राष्ट्रव्यापी आम हड्तालका क्रममा ताला बन्द गरेको आरोप लगाई सिडिओ रामप्रसाद खतिवडाले कारबाही गर्ने धम्कीसहित स्पष्टीकरण माग गरे।

नगरकोट गाविस-६ का ३५ वर्षीय गीता खड्कालाई एक महिलालाई अभद्र व्यवहार गरेको आरोपमा ०५८ साउन ४ गते कालिकादेवी महिला समूहका महिलाहरूले कुटपिट गरे।

झौख्खेल गाविस-७ का ३५ वर्षीय लव थापालाई परेवा खान सहयोग नगरेको आरोपमा ०५८ असोज ४ गते दुधपाटी प्रहरी चौकीका असई अर्जुन बस्नेतले कुटपिट गरे।

मध्यपुर थिमी नपा-१५ कौशलटारस्थित परी कार्पेट उद्योगमा ०५८ असार १८ गते माओवादीहरूले बम प्रहार गरी आगो लगाई क्षति पुऱ्याए। आगलागीबाट करिब ४ लाख रूपैयाँ बराबरको गलैंचा क्षति भएको बताइयो।

हत्या गरिएका ध्रुवगोपाल कर्माचार्य

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भक्तपुर नपा-३ का १६ वर्षीय निरज लवजुसमेत १४ जनालाई ०५७ माघ १८ गते नौ वाम समूहद्वारा आयोजित नेपाल

वन्द कार्यक्रमका सिलसिलामा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

दुवाकोट गाविस-९ स्थित दंगा प्रहरी तालिम केन्द्रमा कार्यरत एक प्रहरीले सोही गाविस-६ की ११ वर्षीय एक बालिकालाई ०५७ चैत ७ गते बलात्कार गरेको आरोपमा सोही गाविसका जनताले विरोध कार्यक्रमको आयोजना गरे। विरोध कार्यक्रममा भाग लिएका सोही गाविस-८ का वडाध्यक्ष केशव बस्नेतसमेत ४० जनालाई प्रहरीले अन्धाधुन्ध लाठीचार्ज गरी घाइते बनाए। प्रहरीले पीडितहरूलाई केही रकम दिएर मिलापत्र गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा जिम्मेवारी सरेर आएका ४ सय ५३ र यस वर्ष दर्ता भएको २ सय ७८ गरी जम्मा ७ सय ३१ वटा मध्ये ३ सय ५३ फर्स्यौट भई ३ सय ७८ मुद्दा बाँकी रहे। त्यसैगरी फौजदारी मुद्दा जिम्मेवारी सरेर आएको १ सय ५५ र यस वर्ष दर्ता भएको १ सय ६ गरी जम्मा २ सय ६१ मध्ये १ सय ६० फर्स्यौट भई १ सय १ मुद्दा बाँकी रहेको छ।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा १ सय ७२ वटा मुद्दा दर्ता भएको सरकारी वकिलको कार्यालयले मौखिक जानकारी दियो।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला प्रहरी कार्यालय भक्तपुरमा कार्यरत १२ जना प्रहरीलाई ०५८ साउन २ गते दुर्गम जिल्लामा सरुवा गरियो। प्रहरी हवल्दार चित्रबहादुर गुरूङसमेत ५ जना हवल्दार र २ जना असईले राजीनामा दिए।

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

दुवाकोट गाविस-६ मा डेरा गरी बस्ने ११ वर्षीय एक बालिकालाई ०५७ चैत ६ गते सोही ठाउँस्थित दंगा प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी जवान २२ वर्षीय गणेश कार्कीले बलात्कार गरे। पीडकलाई थुनामा राखियो।

भक्तपुर नपा-१७ की १७ वर्षीय एक युवतीलाई ०५८ असोज १९ गते सोही नपाका २१ वर्षीय नवराज ठकुरीसमेत ४ जनाले अपहरण गरी बलात्कार गरे। पीडकहरूमध्ये श्याम थापा मगर, नवराज ठकुरी र विक्रम माझीलाई ३ वर्ष कैद र आधा अंश दिलाउने तथा श्याम माझीलाई १ वर्ष कैद सजाय अदालतले तोकिदियो। पीडकहरूलाई थुनामा राखिएको छ।

मध्यपुर थिमी नपा-१ डेरा गरी बस्ने ९ वर्षीय एक बालिकालाई ०५८ असोज २६ गते सोही ठाउँका २१ वर्षीय मणि लामाले बलात्कार गरे। पीडकलाई अदालतको आदेशमा ६ वर्षका लागि थुनामा राखिएको छ।

गुन्डु गाविस-१ की १५ वर्षीय मैया तामाङलाई ०५७

घिसकेट यात्रामा प्रहरीले गरेको हस्तक्षेपमा परी घाइते भएका व्यक्तिहरू

माघ १७ गते सोही गाविस-२ की ४५ वर्षीय आरती क्षेत्रीले भारतमा लगेर बिक्री गर्ने उद्देश्यले वीरगञ्ज पुऱ्याएको आरोपमा प्रहरीले गिरफ्तार गरी कारवाही चलाए।

नँस्वेल गाविस-१ की २७ र २६ वर्षीय दुई महिलालाई ०५७ फागुन २४ गते बनेपाका विमल थापाले यौन दुर्व्यवहार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी दुवै पक्षबीच मिलापत्र गरी ६ दिनपछि रिहा गरे।

मध्यपुर थिमी नपा-१६ स्थित मामाघर आएकी १९ वर्षीय युवतीलाई ०५८ वैशाख १४ गते सोही नपा-१६ का २० वर्षीय कृष्णबहादुर के.सी.ले यौन दुर्व्यवहार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाए।

बालअधिकार

यस वर्ष यो जिल्लामा ४ जना नवजात शिशुको लास र एक जना भर्खरै जन्मिएको शिशु जीउँदै फेला पऱ्यो।

आर्थिक अधिकार

भक्तपुर नपा-१५ इटाछेंस्थित क्रिएटिभ कोअपरेटिभ लिमिटेड शाखाले ०५८ वैशाख २५ गते भक्तपुर नपा-११ की देवी भण्डारीको ५ हजार ५ सय रूपैयाँसहित ३ हजार व्यक्तिको करिब ४० लाख रकम लिएर बेपत्ता भयो।

मध्यपुर थिमी नपा-१७ स्थित जनक शिक्षा सामग्री केन्द्र लि. का कर्मचारीहरूले आफूहरूले मासिक ६ सय रूपैयाँ भत्ता पाउनु पर्ने माग राख्दै ०५८ असार २६ गते कामु महाप्रबन्धक शरदचन्द्र उपाध्यायलाई घेराउ गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

दुवाकोट गाविस-३ का ४५ वर्षीय चतुर सार्कीसमेत ५ जनालाई बाल्टिनको पानी छोएको आरोपमा ०५८ असार १७ गते सोही गाविस-४ का ३५ वर्षीय रामलाल बाटासमेत ३ जनाले कुटपिट गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

भक्तपुर नपाका मेयर प्रेम सुवालले ०५८ वैशाख ७ गते एक प्रेस वक्तव्य जारी गरी बिस्केट जात्राको निहुँमा जनप्रतिनिधि तथा जात्रालुहरूलाई प्रहरीले हस्तक्षेप गरेकोमा विरोध जनाए। सो वक्तव्यमा भक्तपुर नपा-१ का सांसद तथा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेको डेरामा समेत प्रहरीले ढुंगामुढा गरेको जनाइयो।

नेपाल मानवअधिकार संगठन जिल्ला शाखाले ०५८ वैशाख २४ गते बिस्केट जात्रामा जात्रालुहरूलाई प्रहरीले गोली प्रहार गरेको र लाठीचार्ज गरेको एक प्रतिवेदन सार्वजनिक गर्नुका साथै सोही विषयमा विचार गोष्ठीको आयोजना समेत गऱ्यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका ५२ वटा घटनामा ५२ जना पुरूष र २१ जना महिला पीडित भए। लुटपाटको एउटा घटना सार्वजनिक जानकारीमा आयो। आगलागीका ४० वटा घटना भए। सडक दुर्घटनामा परी १७ जनाको मृत्यु भयो। ४२ जनाले आत्महत्या गरे भने २३ जनाले आत्महत्या गर्ने प्रयास गरे।

२.१५ काठमाण्डौ

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

सिन्धुपाल्चोक जिल्ला हेलम्बु घर भई कामनपा-६ बौद्ध डेरा गरी बस्ने ४६ वर्षीय कृष्णबहादुर सुनारको ०५७ फागुन २६ गते वडा प्रहरी कार्यालय, बौद्धको हिरासतमा मृत्यु भयो। अघिल्लो दिन कृष्णबहादुरकी पत्नी सुकु सुनारले पतिले अत्यधिक मादक पदार्थ सेवन गरी कुटपिट गरेको भनी प्रहरी कार्यालयमा जिम्मा लगाएकी थिइन्। फागुन २६ गते बेलुका प्रहरी कार्यालयबाट कृष्णबहादुरको शव बुझ्न बोलाइयो। हिरासतमा निर्मम यातना दिइएकाले कृष्णबहादुरको मृत्यु भएको जनाउँदै पीडित पक्षले छानबिनको माग गऱ्यो। तर, अत्यधिक मादक पदार्थ सेवनका कारण वीर अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको कुरा प्रहरीले जनाए।

लप्सीफेदी गाविस-१ जरसिंह पौवामा करिब २४/२५ वर्षीय अज्ञात दुई व्यक्तिलाई ०५८ जेठ १७ माओवादीहरूले गोली हानी हत्या गरे। तीन जना अज्ञात व्यक्तिहरूले फकाउँदै नजिकको जंगलमा पुऱ्याई गोली र मुङ्ग्रा प्रहार गरी हत्या गरेका थिए। माओवादीको नाममा पटक-पटक चन्दा उठाउँदै आएको र चन्दा फिर्ता गर्न नमानेको आरोपमा हत्या गरिएको हुनसक्ने आशंका गरिएको छ।

नारायणहिटी राजदरबारमा राजपरिवारको नियमित भोजको समयमा ०५८ जेठ १९ गते राति गोली प्रहार हुँदा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव, श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाहदेव र श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणाको स्वर्गारोहण भयो। सो घटनामा श्री ५ अधिराजकुमारी शान्ति सिंह, श्री ५ अधिराजकुमारी शारदा शाह, अधिराजकुमारी

जयन्ती शाह, कुमार स्वड्गविक्रम शाह र पूर्वअधिराजकुमार धीरेन्द्र शाहको पनि स्वर्गारोहण भयो। सोही घटनामा तत्कालीन अधिराजकुमारी कोमल राज्यलक्ष्मी देवी शाह, कुमार गोरखशमशेर राणा, अधिराजकुमारी शोभा शाही र राजपरिवारका सदस्य केतकी चेस्टर गोली लागी घाइते भएकोमा छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचार भयो। स्वर्गारोहण भएकाहरूमध्ये ८ जनाको अन्त्येष्टी ०५८ जेठ २० गते गरियो। श्री ५ दीपेन्द्र र पूर्वअधिराजकुमार धीरेन्द्रको स्वर्गारोहण उपचार गर्दागर्दै ०५८ जेठ २२ गते भई सोही दिन अन्त्येष्टी भयो।

राजदरबार हत्याकाण्डपछि काठमाण्डौमा ०५८ जेठ २२ र २३ गते जिल्ला प्रशासन कार्यालयले कर्फ्यु जारी गर्‍यो। जेठ २२ गते बेलुका ४ बजेदेखि २३ गते बिहान ५ बजेसम्म र २३ गते मध्यान्ह १२ बजेदेखि राति १२ बजेसम्म कर्फ्यु लागू गरिएको थियो। कर्फ्युको समयमा विभिन्न ठाउँमा सुरक्षाकर्मीको गोलीद्वारा ४ जनाको मृत्यु भयो भने ३६ जना गोलीद्वारा घाइते भए। सोक्रममा ०५८ जेठ २२ गते कामनपा-१० पुरानो वानेश्वरका ६४ वर्षीय पशुपति लोहनीको आफ्नो घरछेउमा सैनिकको गोलीद्वारा मृत्यु भयो भने नुवाकोट जिल्ला खरानीटार गाविस-२ घर भई कामनपा-२९ बस्ने ३० वर्षीय गोविन्द श्रेष्ठ घर बाहिर निस्किएको अवस्थामा र दोलखा जिल्ला भीमेश्वर नपा-२ घर भई कामनपा चक्रपथ बस्ने गौरवबहादुर श्रेष्ठलाई चक्रपथमा हिँडिरहेको अवस्थामा प्रहरीको गोलीद्वारा मृत्यु भयो। जेठ २२ गते नै कामनपा-१५ डल्लु का १६ वर्षीय दिपेन्द्र श्रेष्ठ, गोरखा जिल्ला घर भई कालिमाटीमा बस्ने २० वर्षीय मोहन कुवँर, रूपन्देही जिल्ला बुटवलका २५ वर्षीय जगत खनाल, ललितपुर जिल्ला लुभु गाविसका राजमान लामालाई नयाँ बजारमा, सप्तरी जिल्ला घर भई बिजुलीबजारमा बस्ने ३० वर्षीय शिवकुमार चौधरीलाई बिजुलीबजारमा, सर्लाही जिल्ला घर भई कामनपा-३५ मिनभवन बस्ने २५ वर्षीय रूपेश पौडेल, सोही ठाउँका ३० वर्षीय नवीन खनाल र २५ वर्षीय गणेश धामीलाई मिनभवनमा प्रहरीले गोली हानी घाइते बनाए। त्यसैगरी पुतलीसडकमा बस्ने तेजबहादुर पुन, धनबहादुर लामा, दिपु तण्डुकार, भारतका विनोद शर्मा, प्रवेज आलम, दाङका रवीन्द्र नेपाल र रूपन्देहीका देवी आचार्यलाई पुतलीसडकमा प्रहरीले गोली हानी घाइते बनाए।



जनसंख्या	:	१०६९०३०
साक्षरता प्रतिशत	:	७२
महिला साक्षरता प्रतिशत	:	५८
क्षेत्रफल (वर्ग कि.मी.)	:	३९५
गाविस/नपा संख्या	:	५७/२
निर्वाचन क्षेत्र	:	७
विद्यालय	:	९४५
क्याम्पस/उच्च मावि	:	५७/९९
अस्पताल/स्वास्थ्य चौकी	:	३७/६७
टेलिफोन लाइन	:	१३५०००
मोटर सडक (कि.मी.)	:	६०५
प्रहरी कार्यालय संख्या	:	१६
हुलाक संख्या	:	७१

यसबाहेक अरूण कार्की, विनय त्रिपाठी, न्हुच्छे प्रजापति, तारा रेग्मी, रियाज अहमद, बाबुराम तामाङ, नरेश सिंखडा, बालकृष्ण राणा, श्याम खकुरेल, सविन लामिछाने, मोहन थापा मगर, राकेश गुरूङ, सुजन कोइराला र राकेश लामालाई पनि विभिन्न ठाउँमा प्रहरीले गोली हानी घाइते बनाएको सार्वजनिक जानकारीमा आयो।

काठमाण्डौमा जारी गरिएको कर्फ्युको सिलसिलामा ०५८ जेठ २३ गते भारत उडिसा घर भई धोविधारा बस्ने ३५ वर्षीय आदर्श राय (शंकर शर्मा) लाई डेरामा जाँदै गर्दा धोविधारामा प्रहरीले गोली हानी हत्या गरे। पीडितको शरीरका विभिन्न १० भागमा गोली लागेको थियो। सोही दिन कामनपा-३२ अनामनगरका एकै घरका बालिकाहरू ११ वर्षीय नविना पुन, ९ वर्षीय रीता पुन र ७ वर्षीय काजल पुनलाई प्रहरीले गोली हानी घाइते बनाए। त्यसैगरी जोरपाटी गाविसका २८ वर्षीय कृष्ण लामा र २३ वर्षीय सम्पन्न माझीलाई सोही गाविसमा तथा भारत घर भई धोविधारा बस्ने ३० वर्षीय उमाशंकर शर्मा र ३२ वर्षीय बाबु महापात्रलाई धोविधारामा प्रहरीले गोली हानी घाइते बनाए।

कामनपा-१२ पचली भैरव मन्दिरनजिक २८ वर्षीय सुरज श्रेष्ठलाई गिरफ्तार गर्नेक्रममा प्रहरीलाई धारिलो हतियार प्रहारको प्रयास गरेको आरोपमा ०५८ साउन २४ गते प्रहरीले गोली हानी घाइते बनाए। सुरज पाँच महिनाअघि कालिमाटीका सुरज खड्गीको हत्या गरी फरार रहेकोमा प्रहरीले गिरफ्तार गर्न गएका थिए। सुरजको वीर अस्पतालमा उपचार भयो।

अज्ञात व्यक्तिद्वारा हत्या गरिएका रमेश मानन्धर

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१९	१३	८	२१	१	१		१
गोलीद्वारा हत्या	१	५	५	१०	२	४		४
गोलीद्वारा घाइते					२	५	३	८
हवाई फायर					१		१	१
हिरासत/जेलमा मृत्यु					२	२		२
गिरफ्तारी र यातना					३५	१३६	८	१४४
लाठी चार्ज					१	५		५
बेपत्ता पारिएको					२	१	१	२
कुटपिट	२०	२२		२२	२	२		२
धम्की	२	३		३				
भेला र संगठित हुने अधिकार					७	२५६	२८	२८४
सरुवा/घटुवा/पक्षपात आदि					१	७		७
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	१		२	२				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	१		१	१	१		२	२
बाल अधिकार	३	५	२	७				
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	७		७	१	१		१
जम्मा	५४	५६	२३	७९	५८	४२०	४३	४६३

नम्वरको माइक्रोबसले सोही बसमा यात्रा गरिरहेका नवराज तिम्सिनालाई भाडा तिर्न लाग्दा ठक्कर दिई घाइते वनाएकोमा गाडी चालक उमानाथ पुडासैनीले नवराज लडेको देखेपछि बस पछाडि सारेर किच्दा नवराजको मृत्यु भएको थियो। सोही घटनाको विरोध गर्दै सो ठाउँका जनताले विरोध जनाउँदा प्रहरीले अश्रुग्याँस, हवाई फायर र गोली प्रहार गरेका थिए। जनताले एक ट्रलीबस र ३ वटा माइक्रोबस तोडफोड गरे।

कामनपा-१३ का २६ वर्षीय रमेश मानन्धरलाई ०५८ मंसिर ३० गते रविभवनमा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। अमेरिकी सहायता नियोगमा कार्यरत पीडितको हत्या गर्नेको बारेमा जानकारी दिनेलाई ५ लाख रूपैयाँ नगद पुरस्कार दिने कुरा अमेरिकी राजदुतावासले सार्वजनिक गऱ्यो। घटनापछि पीडकहरू "माओवाद-जिन्दावाद" भन्दै फरार भएका थिए। पीडक पत्ता लाग्न सकेका छैनन्।

फुटुङ गाविस-४ का वडा सदस्य तथा नेकाँका कार्यकर्ता अमीरबहादुर खड्का ०५८ पुस ४ गते साँखु, वज्रयोगिनीमा हत्या गरिएको अवस्थामा फेला परे। पीडित मंसिर २५ गते घरबाट बेपत्ता भएका थिए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १३ पुरूष र ८ महिलाको हत्या भयो। जसमध्ये-

बाणभञ्ज्याङ गाविस-५ का ५१ वर्षीय साधुराम वोहरा र उनकै पत्नी ४५ वर्षीय ठूलीमाया वोहरालाई ०५८ साउन ७ गते राति अज्ञात व्यक्तिहरूले हत्या गरी धनमाल लुटेर लगे।

नुवाकोट जिल्ला धुन्चे गाविस-३ घर भई कामनपा-१७ बस्ने २२ वर्षीय सावित्री सुनुवारलाई ०५७ फागुन १३ गते आफ्नै पति २८ वर्षीय बालकृष्ण सुनुवारले घाँटी थिची हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कामनपा -१४ खड्कागाउँकी २२ वर्षीय पवित्रा खड्कालाई ०५७ पुस १८ गते आफ्नै पति श्रवण खड्काले कुटपिट गरी हत्या गरे। पीडितका माइती पक्षको उजुरीका आधारमा पीडिनका पति श्रवण, जेठाजु वच्चुराम र सासु राममायालाई प्रहरीले गिरफ्तार गरे। हाल पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नुवाकोट जिल्ला नजरामण्डप गाविस-७ घर भई भक्तपुर सूर्यविनायक डेरा गरी बस्ने २३ वर्षीय विष्णु राईको ०५८ साउन ३० गते कामनपा-१६ बालाजुस्थित इलाका प्रहरी कार्यालयमा निर्मम यातनाका कारण मृत्यु भयो। पीडितलाई चोरीको आरोपमा प्रहरीले गिरफ्तार गरेका थिए। निर्मम यातनापछि सोही ठाउँस्थित एक औषधी पसलमा सामान्य उपचार गरी वीर अस्पताल पुऱ्याउँदा पीडितको मृत्यु भएको थियो। प्रहरी कार्यालयका प्रमुख सई हरिदास श्रेष्ठलाई साउन ३२ गते जिल्ला प्रहरी कार्यालयले विभागीय कारवाहीको सिलसिलामा हिरासतमा लिएको जनायो।

कामनपा-३५ कोटेश्वरकी ३४ वर्षीय सीता लामा र अन्य दुईजना व्यक्तिलाई ०५८ कार्तिक १२ गते प्रहरीले गोली हानी घाइते वनाए। पीडितहरूमध्ये सीनाको उपचार शिक्षण अस्पतालमा भयो भने अन्य सामान्य उपचारपछि फर्किए। लगनखेलबाट कोटेश्वरतर्फ आइरहेको वा. १ ख ६७५८

जेल र बन्दीहरु

सदरखोर जेल, चारखाल अड्डाको बन्दी क्षमता १ सय ५० जना छ। हाल यस जेलमा कैद तोकिएका ३४ र कैद नतोकिएका २ सय ३ गरी २ सय ३७ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ६ र कैद नतोकिएका २५ जना गरी ३१ जना महिला बन्दी छन्। यस जेलमा ३९ जना विदेशी बन्दी र ३ जना आश्रित नाबालिका पनि छन्। सरकारले जेल स्थानान्तरण गर्ने सोच राखेकाले सामान्य मर्मत-सम्भारसमेत हुन नसकेको जेलरले बताए।

कूल ७ सय बन्दी क्षमता भएको केन्द्रीय कारागारमा हाल ८ सय ८० जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ४ सय ५ र कैद नतोकिएका ४७ जना छन्। जसमध्ये ३४ जना विदेशी छन्। क्षमताभन्दा वढी बन्दी भएकाले जेलभित्र रहेको विद्यालयमा समेत बन्दीहरूलाई सुताउनुपर्ने वाध्यता रहेको जेलरले बताए। लागु औषधसम्बन्धी मुद्दामा थुनामा रहेका भारत दिल्लीका ३७ वर्षीय वेरेन्द्रप्रसाद रमानिया र खुन-डाँका मुद्दामा थुनामा रहेका सिराहा जिल्लाका ३८ वर्षीय रामकृपाल मुखिया ०५८ भदौ २६ गते राति जेलबाट फरार भए। विजुली मर्मतका लागि ल्याइएको भऱ्याङ तथा गलैंचा वुन्ने डोरी प्रयोग गरी कारागारको पर्खाल नाघेर उनीहरू भागेका थिए।

कान्तिपुर दैनिकका पत्रकारहरूलाई कार्यालयघाटै गिरफ्तार गरिदै

कूल ७५ जना बन्दी क्षमता भएको महिला जेलमा हाल १ सय १५ जना महिला बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ४० र कैद नतोकिएका ६५ जना छन्। यस जेलमा ४ जना बालक र १ जना बालिका आश्रितरूपमा छन्।

कूल ४ सय जना बन्दी क्षमता भएको भद्रबन्दी गृहमा हाल कैद तोकिएका ३ सय १४ र कैद नतोकिएका २ सय ३२ गरी ५ सय ४६ जना बन्दी छन्। बन्दीहरूमध्ये ४० जना विदेशी छन्।

दरबारमा भएको दुःखद घटना पछि निस्किएको जुलुस

गिरफ्तारी र यातना

अखिल नेपाल होटल मजदुर युनियनका केन्द्रीय अध्यक्ष तथा अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय सदस्य मुक्तिनाथ दासलाई ०५७ माघ २३ गते कामनपा-३५ स्थित मिनभवनबाट प्रहरीले निर्मम कुटपिट गर्दै गिरफ्तार गरे। कुटपिटका कारण पीडितका दुवै हात-खुट्टा र शरीरमा चोट लाग्यो। पीडितलाई तीनकुने सुविधानगरस्थित वडा प्रहरी कार्यालयमा समेत यातना दिइयो र साथमा रहेको १० हजार रूपैयाँ तथा मजदुर कल्याण कोषका कागजपत्र प्रहरीले जफत गरी भोलिपल्ट रिहा गरे।

सल्यान जिल्लाका ३२ वर्षीय मीनबहादुर बानियाँलाई ०५७ चैत १ गते सिंहदरबार परिसरबाट प्रहरीले गिरफ्तार गरे। हातहतियार तथा खरखजाना ऐनअन्तर्गत थुनामा रहेका मीनबहादुरलाई विशेष अदालतले रिहा गर्ने आदेश दिएको थियो। पीडितलाई हाल थुनामा राखिएको छ।

अनेरास्ववियु (क्रान्तिकारी) नेताहरू पूर्ण पौड्याल र राजु नेपाललाई ०५८ वैशाख २९ गते शिक्षा मन्त्रालयमा वार्ता विफल भएपछि फर्किरहेको अवस्थामा सोही मन्त्रालय अगाडिबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ४ दिनपछि रिहा गरियो।

अनेकिसंघ (क्रान्तिकारी) का केन्द्रीय सदस्य जाजरकोट जिल्ला घर भई कामनपा -१५ स्वयम्भु भुईंखेल बस्ने ३४ वर्षीय

विरोध कार्यक्रममा ६ वाम पार्टीका नेता तथा कार्यकर्ताहरू

महेकुमार चलाउनेलाई ०५८ जेठ ७ गते नागढुङ्गाबाट विस्फोटक पदार्थसहित प्रहरीले गिरफ्तार गरे।

दरबार हत्याकाण्डपछि ०५८ जेठ २२ र २३ गते काठमाण्डौमा जारी गरिएको कर्फ्युको समयमा विभिन्न ठाउँबाट करिब ३ सय जनालाई प्रहरीले गिरफ्तार गरेकोमा कतिपयलाई कर्फ्युको समयपछि रिहा गरियो भने कतिपयलाई एक सय रूपैयाँ जरिवाना गरी रिहा गरियो।

कान्तिपुर दैनिकका सम्पादक युवराज घिमिरे, प्रबन्ध निर्देशक कैलाश सिरोहिया र निर्देशक विनोदराज ज्ञवालीलाई ०५८ जेठ २४ गते कामनपा-३५ सुविधानगरस्थित कान्तिपुर पब्लिकेशन्सको कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। सोही दिनको कान्तिपुर दैनिकको दृष्टिकोण स्तम्भमा माओवादी नेता डा. बाबुराम भट्टराईको "नयाँ कोतपर्वलाई मान्यता दिनु हुँदैन" शिर्षकको लेख प्रकाशित भएको विषयलाई लिएर पीडितहरूलाई गिरफ्तार गरिएको जनाइयो। जिल्ला प्रहरी कार्यालयले लेखक डा. भट्टराईसहित पाँच जनालाई बेग्लाबेग्लै पक्राउ पुर्जी जारी गरेको थियो। गिरफ्तार गर्न गएका प्रहरीहरूले "तपाईंहरूलाई राजद्रोह (राजकाज) मुद्दामा कारवाही गर्नुपर्ने भएकाले पक्राउ पुर्जी दिइएको छ" भनी गिरफ्तार गरेका थिए। पीडितहरूलाई जेठ ३० गते काठमाण्डौ विशेष अदालनमा उपस्थित गराइयो। अदालतले ३ दिनभित्र मुद्दा दायर गरी उपस्थित हुन निर्देशन दियो। सोही निर्देशनअनुरूप असार १ गते प्रहरीले पीडितहरूलाई अदालतसमक्ष उपस्थित गराएकोमा अदालतले बयान लिएपछि युवराजलाई २ हजार रूपैयाँ धरौटी र कैलाश तथा विनोदलाई सामान्य तारेखमा रिहा गर्ने आदेश दियो र सोही बमोजिम रिहा गरियो।

कामनपा-२९ का पत्रिका विक्रेताहरू ३२ वर्षीय गणेशप्रसाद अर्याल, विष्णु गरूङ, श्यामसुन्दर चौधरी, बाबुराम घिमिरे र प्रवेश भट्टलाई उत्सव प्रकाशन समूहद्वारा प्रकाशित "दरबार हत्याकाण्ड" शिर्षकको पुस्तक बिक्री गरेको आरोपमा ०५८ असार ८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट रिहा गरियो।

मोरङ जिल्ला इटहरा गाविस-६ का २३ वर्षीय तिलक के.सी., कसेनी गाविसका २३ वर्षीय जयराम दर्जी (सुन्दास), गोविन्दपुर गाविस-९ का २३ वर्षीय कमल गौतम, सिजुवा गाविस-४ का २६ वर्षीय ज्ञानेन्द्र कटुवाल र बाउनी गाविस-६ का १९ वर्षीय सन्तोष श्रेष्ठलाई ०५८ साउन ८ गते काठमाण्डौ विशेष अदालतले १०/१० हजार धरौटीमा रिहा गर्ने आदेश दिए पनि प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरूलाई ०५८ असार ४ गते मोरङ जिल्ला विराटनगरस्थित महेन्द्र आदर्श बहुमुखी क्याम्पसबाट प्रहरीले गिरफ्तार गरी काठमाण्डौ ल्याएका थिए। पीडितहरूलाई धरौटी राख्न नसकेकाले थुनामा राखियो। पीडितहरूमध्ये जयरामलाई ०५८ साउन २४ गते धरौटी राखी रिहा हुनासाथ प्रहरीले पुनः गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय, ताहाचलस्थित महेन्द्ररत्न क्याम्पस तथा लैनचौरस्थित अमृत साइन्स क्याम्पसका छात्राबासमा ०५८ भदौ ३१ गते बिहान सुरक्षाकर्मीले छापा मारे। सो क्रममा त्रिभुवन विश्वविद्यालयबाट बाबुसाहेव यादव र नारायण शाह, महेन्द्ररत्न क्याम्पसबाट स्ववियु उपसभापति लवराज रोस्यारा, स्ववियु सहसचिव टेकराज पछाई, सुमन श्रेष्ठ, एकबहादुर अधिकारी, ओमप्रकाश न्यौपाने र कुम्भराज रेग्मी, अमृत साइन्स क्याम्पसबाट परिस वैद्यमार, ईश्वर सुनुवार, गोविन्द सुनार, रोशनकुमार सुनार, रेवलाल पौडेल, सूर्य राना र अम्बिका आलेलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पटक-पटक गरी रिहा गरियो।

कामनपा-१५ ताहाचलबाट प्रेमबहादुर कामी र सुमन बुढा मगरलाई ०५८ असोज १ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

कामनपा-६ बौद्धबाट विकास ढुङ्गाना र राजेशकुमार रायमाझीलाई चन्दा उठाएको आरोपमा ०५८ असोज १ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरिएको छ।

अखिल नेपाल क्रान्तिकारी महिला संघका कार्यकर्ताहरू पार्वती थापा, चन्द्रकला अधिकारी, अमृता रम्तेल, सिर्जना आचार्य, शारदा महत, सुनिता रोका र ज्ञानलक्ष्मी महर्जनलाई ०५८ असोज २६ गते घरदैलो कार्यक्रममा सहभागी भइरहेको अवस्थामा कामनपा-१६ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखिएकोमा असोज २८ गतेसम्म कसैसँग भेट गर्न दिइएन। ९ महिने छोरीसहित हिरासनमा रहेकी पार्वतीलाई उनका पतिले छोरीको कपडा र खानेकुरा ल्याउँदासमेत सामान तथा भेट गर्न दिइएन।

देशान्तर साप्ताहिकका प्रकाशक बन्धु थापा र साँघु साप्ताहिकका प्रकाशक, सम्पादक गोपाल बुढाथोकीलाई ०५८ पुस २ गते प्रहरीले गिरफ्तार गरे। बन्धुलाई गैरीधारास्थित निवासबाट राति ११ बजे र गोपाललाई मण्डिखाटारस्थित निवासबाट राति ९ बजे गिरफ्तार गरिएको थियो। पीडितहरूलाई पक्राउ पुर्जी नदिइएको र पक्राउ गर्नुपर्ने कारण पनि नखुलाइएको कुरा परिवारले बताए। दुवै जनालाई पुस ३ गते थुनामुक्त गरियो। बन्धुलाई बौद्धस्थित वडा प्रहरी कार्यालय र गोपाललाई सिंहदरबारस्थित वडा प्रहरी कार्यालयमा राखिएको र

छाउनीस्थित सुरक्षाबलको ब्यारेकमा पुऱ्याई केही समय सोधपुछ गरी मुक्त गरियो।

अनेरास्ववियु (क्रान्तिकारी) का राघव दाहाल, अम्बरबहादुर थापा, कुमार ढकाल, लिला पाण्डे, चिरञ्जीवी लम्साल र गोकर्ण सापकोटालाई ०५८ असोज ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

नेकपा (माओवादी) का केन्द्रीय सदस्य रवीन्द्र श्रेष्ठ र अनेमसंघ (क्रान्तिकारी) का सदस्य लक्ष्मी श्रेष्ठलाई ०५८ मंसिर १० गते बिहान कामनपा-२९ नयाँबजारस्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। सो क्रममा रवीन्द्र बायाँ हातमा गोलीद्वारा घाइते भए। रवीन्द्रले आफूसँग भएको रिभल्वर प्रहरीमाथि प्रहार गर्दा आफैंलाई लागेको प्रहरीले बताए। रवीन्द्रको घरबाट प्रहरीले दुईवटा रिभल्वर र केही गोली, मोबाइल फोन, पेजर, कागजपत्र, डायरीलगायत्का सामाग्रीहरू जफत गरेको बताए। हाल दुवै जनालाई थुनामा राखिएको छ।

कामनपाका विभिन्न ठाउँबाट नेपाल ट्रेड युनियन महासंघका पूर्व अध्यक्ष रवी कार्की, वर्तमान कोषाध्यक्ष शालिकराम जमरकट्टेल, मजदुर नेता कृष्णभक्त महर्जन, पर्यटन व्यवसायी गोकुल के.सी., दिशाबोध मासिकका कम्प्युटर अप्रेटर निमबहादुर बुढाथोकीलाई ०५८ मंसिर १० गते प्रहरीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

जनादेश साप्ताहिकका सम्पादक गोविन्द आचार्य, कार्यकारी सम्पादक खिलबहादुर भण्डारी, सम्पादन सहयोगीहरू दीपेन्द्र रोकाय, दीपक सापकोटा र कम्प्युटर अपरेटर रामभक्त श्रेष्ठलाई ०५८ मंसिर ११ गते बेलुका कामनपा-३१ पुतलीसडकस्थित सो पत्रिकाको कार्यालयबाट प्रहरीले गिरफ्तार गर्नुका साथै एउटा कम्प्युटर, रेकर्डर र कागजपत्र जफत गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

दिशाबोध मासिकका सम्पादक ईश्वरचन्द्र ज्ञवाली, मनऋषि धिताल, जनदिशा दैनिकका सम्पादक ओम शर्मा र कम्प्युटर अपरेटर दीपक मैनालीलाई ०५८ मंसिर ११ गते कामनपा-३३ ज्ञानेश्वरस्थित दिशाबोध मासिक तथा जनदिशा दैनिकको कार्यालयबाट प्रहरीले गिरफ्तार गर्नुका साथै दुई वटा कम्प्युटर, फ्याक्स मेसिन, स्क्यानर मेसिन र महत्वपूर्ण कागजपत्र जफत गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

कामनपा-३ महाराजगञ्जबाट जनदिशा दैनिकका प्रवन्ध निर्देशक चन्द्रमान श्रेष्ठलाई ०५८ मंसिर १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

गोगँबुस्थित मनोहरा बहुमुखी क्याम्पसबाट २३ वर्षीय सविना भण्डारी, २२ वर्षीय रामकृष्ण गुडीसहित ४ जना विद्यार्थीलाई ०५८ मंसिर २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल नजरबन्दमा राखिएको छ।

कामनपा-१५ ताहाचलबाट राष्ट्रिय जनआन्दोलन संयोजन समितिका पूर्व संयोजक तथा वामपन्थी नेता ६५ वर्षीय भक्तबहादुर श्रेष्ठलाई ०५८ मंसिर २५ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५८ पुस ६ गते मुक्त गरियो।

कामनपा-९ बानेश्वरस्थित मुस्कान रेष्टुरेन्टमा कार्यरत २० वर्षीया कविता कार्की र २२ वर्षीया मिठू तामाङलाई ०५८ पुस २ गते प्रहरीले गिरफ्तार गरी गौशालास्थित वडा प्रहरी कार्यालय पुऱ्याई यातना दिए। पीडितहरूलाई पुस ११ गते रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

तनहुँ जिल्ला जामुने गाविस-२ माथिल्लो गुणादीकी राधा मावि जामुनेकी शिक्षिका तथा अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य ३२ वर्षीय आशा खनाललाई अदालतले रिहा गर्ने आदेश दिएको सातौं पटक पनि ०५८ असार ४ गते प्रहरीले पुनः गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ०५८ असार ३ गते पुनरावेदन अदालत, पोखराले रिहा गर्ने आदेश दिएअनुसार ०५८ असार ४ गते जिल्ला अदालत काठमाण्डौमा जिल्ला न्यायाधीशको रोहवरमा रिहा गरिएकोमा अदालत बाहिर निस्कनासाथ सादा पोशाकमा रहेका प्रहरीले गिरफ्तार गरेका थिए। त्यसरी गिरफ्तार गर्दा प्रहरीले बा.३ च २७७० नम्बरको निजी नम्बर प्लेटको कारमा राखेको र बा.१ज ११५६ नम्बरको प्रहरी भ्यान पनि कारसँगसँगै गएको थियो। त्यसपछि पीडितको बारेमा कुनै थाहा हुन सकेन। पीडितलाई ०५८ भदौ १३ गते राति तनहुँ जिल्ला प्रहरी कार्यालयले परिवारका सदस्यको जिम्मा लगाई रिहा गऱ्यो। पीडितलाई काठमाण्डौमा ४५ दिन बौद्धस्थित वडा प्रहरी कार्यालय र १३ दिन बानेश्वरस्थित वडा प्रहरी कार्यालयमा राखिएको थाहा भयो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जीतपुरफेदी गाविस-७ आँपचौरस्थित द स्पट रिसोर्टमा ०५८ जेठ ६ गते बेलुका माओवादीहरूले आगो लगाई दुई वटा भवन जलाइदिए।

कामनपा-१० नयाँ बानेश्वरको डन वस्को कलेजमा ०५८ जेठ ३० गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले पेट्रोल बम प्रहार गरी तीन वटा गाडी क्षतिग्रस्त बनाए।

महांकाल गाविस-९ सुकेधारास्थित न्यू मिलेनियम कलेजमा ०५८ जेठ ३० गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले आगो लगाई सामान्य क्षति पुऱ्याउनुका साथै प्रिन्सिपल चन्द्रप्रकाश शर्मालाई कुटपिटसमेत गरे। सोही संगठनका कार्यकर्ताहरूले सोही दिन काठमाण्डौ जिल्ला शिक्षा कार्यालयमा पेट्रोल बम प्रहार गरी बा. १ झ ४०९९ नम्बरको सरकारी गाडी जलाइदिए भने कार्यालयमा सामान्य क्षति पुऱ्याइदिए।

कामनपा-३ बालुवाटारस्थित प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको निवास अगाडि ०५८ असार २० गते माओवादीहरूले बम विस्फोट गराए। विस्फोटबाट कुनै ठूलो क्षति नभए पनि नजिकैस्थित पाकिस्तानी राजदूतावासका काउन्सिलर बसेको राजेश मिश्रको घर लगायत् अन्य घरका शिशाहरू फुटे।

कामनपा-२७ लगनमा राखिएका दुईवटा निजी कार, दुई वटा भाडाका ट्याक्सीसहित पसलका सटरहरूमा ०५८ साउन १३ गते बेलुका ८ बजे हानहतियारसहित आएका करिब एक दर्जन व्यक्तिहरूले तोडफोड गरी क्षति पुऱ्याए।

चाबहिलमा सर्वोच्च अदालतका रजिष्ट्रार श्रीप्रसाद पण्डित चढ्ने बा. १ झ ५१५८ नम्बरको सरकारी गाडी, ज्ञानेश्वरमा नेपाल विद्युत प्राधिकरणको बा. १ अ १२४० नम्बरको जीप, कलंकी खड्कागाउँमा सिंचाई विभागको बा. १ झ ४३६० नम्बरको जीपमा ०५८ असोज ४ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाए।

कामनपा-३१ स्थित रत्नराज्य लक्ष्मी क्याम्पस बन्द गराउने क्रममा नेपाल विद्यार्थी संघका विद्यार्थीहरूलाई ०५८ असोज ४ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गरे। त्यसक्रममा नेपाल ल क्याम्पसका स्ववियु सदस्य नवराज खनिवडा गम्भीर घाइते भए भने राजु थापा र सविन तामाङ सामान्य घाइते भए। नवराजको वीर अस्पतालमा उपचार गरियो र टाउकोमा ८ तथा पिठ्युँमा ४ टाँका लगाइयो। अन्य २ जना सामान्य उपचारपछि घर फर्किए।

कामनपा-१६ बालाजु औद्योगिक क्षेत्रस्थित बोटलर्स, नेपालमा ०५८ मंसिर १४ गते बिहान माओवादीहरूले बम प्रहार गरी कोकाकोला उत्पादन कक्ष र भवन क्षतिग्रस्त बनाए। बम विस्फोटनबाट दुई करोड रूपैयाँ भन्दा बढीको क्षति भएको कम्पनीले जनायो। घटनामा संलग्न भएको आरोपमा सीताराम न्यौपाने, भूमि राई र सोही कम्पनीमा कार्यरत गोकर्ण कट्टेलसहित अन्य ३ जनालाई प्रहरीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियुका अध्यक्ष रवीन्द्र अधिकारीसमेत १३ जनालाई ०५७ पुस १७ गते प्रहरीले सोही संगठनको कार्यालय घेराउ गरी बाहिर निस्कन नदिनुका साथै बाहिर निस्किए

विशेष अदालतको घटौटीमा रिहा गरेपछि पुनः गिरफ्तार भएका मोरङका विद्यार्थीहरु

गिरफ्तार गर्ने धम्की दिए। पुस १८ गतेको नेपाल बन्दको समर्थक रहेका अनेरास्ववियुका नेता-कार्यकर्तालाई सोही कारण घेराउ गरिएको थियो।

नेकपा (संयुक्त) का हेमन्तबहादुर विसी, नेकपा (मार्क्सवादी) का लोकनारायण सुवेदी, नेकपा (मालेमा) का सीताराम तामाङ, नेकपा (माले) का राजेन्द्र श्रेष्ठ, नेकपा (मसाल) का परी थापा, संयुक्त जनमोर्चा, नेपालका अमिक शेरचन, संयुक्त जनआन्दोलन समन्वय समितिका भक्तबहादुर श्रेष्ठलगायत १ सय २३ जनालाई ०५७ पुस १८ गते नौ वाम समूहद्वारा आयोजित नेपाल बन्दको क्रममा प्रहरीले गिरफ्तार गरी राति रिहा गरे।

मानवअधिकार कार्यकर्ताहरू वीरेन्द्रकेशरी पोखरेल, कृष्ण पहाडी, कृष्ण कँडेल, सुरेशचन्द्र पोखरेल, कुमार घिमिरे, पदम न्यौपाने, बद्री खनाल, होमकान्त चौलागाई, बासु देवकोटा, सुमन श्रेष्ठ, कोमल लामिछानेसमेत ३५ जनालाई ०५७ माघ २४ गते मानवअधिकार तथा शान्ति समाजद्वारा आयोजित धर्नाका क्रममा पुतलीसडकबाट प्रहरीले गिरफ्तार गरी सोही दिन बेलुका रिहा गरे। देशमा बढ्दै गएको हिंसा, भ्रष्टाचार र दण्डहीनताको विरूद्धमा धर्नाको आयोजना गरिएको कुरा आयोजक संस्थाले जनायो।

छ वाम समूहद्वारा ०५८ वैशाख ३ गते पुतलीसडकमा आयोजित धर्ना कार्यक्रमका क्रममा प्रहरीले हस्तक्षेप गरी अश्रुग्याँस तथा लाठीचार्ज र लछारपछार गरी नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, केपी शर्मा ओली, नेमकिपाका बुद्धिकुमार गोसाईं, संजमो, नेपालका अमिक शेरचन, नरबहादुर कर्माचार्य, लिलामणी पोखरेल, नेकपा (मसाल) का पीबी एम, राजमोका चित्रबहादुर केसी लगायत् १५ जना महिलासहित ६५ जनालाई गिरफ्तार गरे। प्रहरी हस्तक्षेपका क्रममा केपी शर्मा ओली, बुद्धिकुमार गोसाईं, अष्टलक्ष्मी शाक्य समेत दर्जनौं नेता तथा कार्यकर्ताहरू घाइते भए। गिरफ्तार गरिएकाहरूलाई सोही दिन राति रिहा गरियो।

छ वाम समूहद्वारा ०५८ वैशाख ४ गते आयोजित सिंहदरबार घेराउ कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी २८ जना सांसदसहित ४५ जनालाई गिरफ्तार गरे।

राजदरबारमा भएको हत्याकाण्डको विरोधमा ०५८ जेठ २२ गते काठमाण्डौका विभिन्न ठाउँमा विरोध प्रदर्शनहरू भए। प्रदर्शनका क्रममा दरबारमार्ग, बागबजार, रत्नपार्क, पुतलीसडक लगायत्का ठाउँमा प्रहरीले लाठीचार्ज तथा अश्रुग्याँस प्रहार गरे। सोक्रममा कैयौं प्रदर्शनकारीहरू घाइते भए।

राष्ट्रिय जनमोर्चाका महासचिव तथा सांसद नवराज सुवेदी, कार्यकर्ताहरू मोहन सुवेदी, बुद्धिप्रकाश पोखरेल, निमबहादुर बुढाथोकी र बालकृष्ण निर्मिल्सिनालाई ०५८ असार १ गते कामनपा-३० भोटाहिटीमा सो पार्टीले आयोजना गरेको कोणसभाबाट प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

धर्मपथस्थित गोरखापत्र संस्थानको कार्यालय परिसरमा एसएलसी परीक्षाको नतिजा हेर्न गएका विद्यार्थी तथा

अभिभावकहरूलाई ०५८ साउन १ गते विहान प्रहरीले लाठीचार्ज गरी दर्जनौंलाई घाइते वनाए।

कपन गाविस-३ का विक्रम अधिकारी, उद्धव के.सी., नवराज देउजा, प्रकाश सिलवाल, नरेन्द्र अधिकारीसमेत ११ जनालाई ०५८ साउन ७ गते प्रहरीले लाठीचार्ज गरी घाइते वनाए। सोही ठाउँका एक व्यक्तिले खेतको वालुवा भिकेर वाटोमा हालेको उजुरी महाराजगञ्जस्थित वडा प्रहरी कार्यालयमा दिएका थिए। त्यसक्रममा गएका प्रहरीले जनतालाई कुटपिट गर्न थालेपछि दोहोरो भीडन्त भएको थियो। जनताको कुटपिटबाट प्रहरी जवान रामबहादुर घिसिङ, सन्तोष बस्नेत र टेकबहादुर सारू घाइते भए। घटनाको विरोधमा जनताले करिब ४ घण्टा वडा प्रहरी कार्यालय घेराउ गरेपछि जिल्ला प्रहरी कार्यालयबाट पुगेको टोलीले दोषीलाई कारवाही गर्ने बताएपछि घेराउ तोडिएको थियो। दोषी देखिएका प्रहरीलाई विभागीय कारवाही गरी हनुमानढोका फिर्ता लगिएको जनाइयो।

संयुक्त जनमोर्चाका महासचिव तथा सांसद लिलामणी पोखरेल, पेशल खतिवडा, दिलबहादुर श्रेष्ठ, प्रकाश पोखरेल, लक्ष्मीदास महर्जन, मोतिराज न्यौपाने, मनवहादुर राई र तीर्थबहादुर राईलाई ०५८ असोज १ गते इन्द्रचोकमा आयोजित कोणसभाबाट प्रहरीले गिरफ्तार गरे। सांसदलाई एक घण्टापछि र अन्यलाई असोज २ गते जिल्ला प्रशासन कार्यालय लगिएको र १०/१० रूपैयाँ धरौटी माग गरिएकोमा धरौटी नबुझाएका कारण केन्द्रीय कारागार लगी थुनामा राखी र भोलिपल्ट रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म ५ हजार ३ सय मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमध्ये देवानी ३ हजार ४ सय ७५ र फौजदारी १ हजार ८ सय २५ वटा छन्। यस वर्ष ५ हजार ८ सय ६३ वटा मुद्दा गत वर्षको जिम्मेवारी सरेर आए। नयाँ मुद्दा ३ हजार १ सय ३३ वटा दर्ता भए। यस वर्ष कूल ३ हजार ६ सय ९६ वटा मुद्दा फर्स्यौट भए।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा हत्याका २७ वटा, भवितव्यमा परी मृत्यु हुने २४ जना महिलासहित १ सय १६ जना दर्ता भए। त्यसैगरी आत्महत्या गर्नेहरूमा भुण्डिएर ६१, विष सेवन गरी ४७ जना र विविध १६ जना रहे। सडक दुर्घटनामा ६५ जनाको मृत्यु भयो भने ६० जना घाइने भए । ठगीका २०, डाँकाका १३, चोरीका १ सय १४ र देहव्यपारका ३६ वटा घटना पनि प्रहरीमा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्लामा पटक-पटक सुकुम्वासी समस्या समाधान आयोग वन्ने र खारेज हुने क्रम चलिरहे पनि हाल आयोग छैन। पहिले वनेका आयोगहरूले भूमिहीन तथा सुकुम्वासीहरूको लगत राख्न सकेका छैनन्। यस जिल्लामा पर्ने वागमति, विष्णुमती, धोवीखोलालगायत अन्य खोलाको किनारमा गरी ६४ ठाउँमा करिव ५० हजारको संख्यामा भूमिहीन, सुकुम्बासीहरू अस्थायी भुप्रा बनाई बसोवास गरेको पाइन्छ। सुकुम्बासीका रूपमा बसोवास गर्नेहरूमा वास्तविक सुकुम्बासीलगायत् उपत्यका वाहिरका र भारतीय नागरिकसमेत छन्। ग्रामीण क्षेत्रमा सुकुम्वासीहरू न्युन छन्। यस वर्ष यो जिल्लामा अशक्त, जेष्ठ नागरिकलाई र असहय विधवा भत्ता सुचारू रूपमा वितरण भयो।

गिरफ्तार गरिएका पत्रकारद्वय गोपाल बुढाथोकी र चन्दु थापा

महिला अधिकार

कामनपा-९ सिनामंगलकी ८ वर्षीय एक बालिकालाई ०५७ पुस २० गते नुवाकोट जिल्ला घर भई सोही ठाउँ बस्ने दयाराम दाहालले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मकवानपुर जिल्ला हेटौंडा नपा-८ घर भई कामनपा-३५ कोटेश्वर बस्ने ५ वर्षीय एक बालिकालाई ०५७ पुस २७ गते सोही ठाउँ बस्ने २७ वर्षीय हरिनारायण चौधरीले मिठाई दिन्छु भनी फकाएर बलात्कार गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

कामनपा-६ स्थित सडकमा हिँडिरहेका २ जना युवतीलाई ०५८ असोज ३ गते वेलुका वडा प्रहरी कार्यालय, बौद्धवाट जोरपाटीस्थित प्रहरी बिटमा खटिएका प्रहरी जवानले बलात्कार गर्ने प्रयास गरे। प्रयास असफल भएपछि प्रहरीले पीडितहरूलाई निर्मम कुटपिट गरे। पीडकलाई कारवाहीका लागि बौद्धस्थित वडा प्रहरी कार्यालयमा उजुरी गरिएको भए तापनि कुनै कारवाही भएन।

कामनपा-१५ ताहाचल बस्ने १९ वर्षीय एक युवतीलाई भारत लगी वेच्ने खोटाङ जिल्ला वाराहा गाविस-६ की अञ्जु राईलाई ०५७ फागुन २ गते विशेष अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अन्य पीडकहरू अमित सुनुवार विक, रूपा राई, लक्ष्मी नेपाली, दुर्गा श्रेष्ठ र प्रकाश विक भने हालसम्म फरार छन्। पीडकहरूले पीडितलाई अमितसँग विवाह

गरी पोखरा घुम्न जाने बहानामा भारतको गुजरात पुर्याई ५० हजार भारतीय रूपैयाँमा बिक्री गरेका थिए।

धादिङ जिल्लाकी १९ वर्षीय संगीता अर्यालको विवाह गर्ने प्रलोभनमा ०५८ मंसिर २० गते भोजपुर जिल्ला कोधार गाविस-३ का वद्री मोक्तान, उनकै पत्नी सुमित्रा मोक्तान, सिन्धुपाल्चोक जिल्ला घर भई काठमाण्डौ जिल्ला महाबौद्ध बस्ने कालु लामा, सोही जिल्ला मेलम्चीका राकेश श्रेष्ठ र धादिङ जिल्ला मुरलीभञ्ज्याङ गाविस-३ की कल्पना कुमालले काठमाण्डौबाट भारतको पुना पुर्याई ३० हजार भारतीय रूपैयाँमा बिक्री गरे। पीडकहरूमध्ये कल्पनालाई प्रहरीले गिरफ्तार गरेकोमा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

महाराजगञ्जकी एक छात्रालाई एक महिनादेखि कामनपा-३५ बानेश्वरका २२ वर्षीय मञ्जील कार्की र २३ वर्षीय आश्विन रिमालले विभिन्न तरिकाले दुर्व्यवहार गरे। पीडकहरूले पीडितलाई बसको पिछा गर्ने र मादक पदार्थ सेवन गरी पीडितका अभिभावकलाई धम्की दिने, रातिमा फोन गरेर मानसिक यातना दिने, बसमा चढ्ने ठाउँमा पुगेर जिस्काउने जस्ता दुर्व्यवहार गरेका थिए। पीडकहरूलाई ०५८ कार्तिक २७ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा लगाई कारवाही गरियो।

पुरानो नैकाप-५ की १८ वर्षीय कान्छी पौडेललाई आफ्नै पति कुबेर पौडेलले कुटपिट गर्दा ०५८ असोज २४ गते ६ महिनाको गर्भपतन भयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बालअधिकार

कामनपा-२३ की ६ वर्षीय ज्योति केसीलाई ११ दिनसम्म यातना दिएर राखेको आरोपमा ०५७ पुस २९ गते कामनपा-१५ बनस्थली बस्ने २२ वर्षीय सफ्टी इसाई नामक युवतीलाई प्रहरीले गिरफ्तार गरे। ज्योतिका बाबुले पढाउनका लागि केही समयअघि ज्योतिलाई सफ्टी इसाईको जिम्मा लगाएका थिए। पीडक पुस १९ गतेदेखि सो ठाउँमा बालिकासहित डेरा लिएर बसोबास गर्न थालेकी र त्यसअघि महाराजगञ्जमा बस्दैआएकी थिइन्। ज्योतिलाई अभिभावकको जिम्मा लगाइयो।

कामनपा-५ गोल्फुटारस्थित जनजागरण माविमा

विरोध कार्यक्रमबाट गिरफ्तार गर्दै गरिएका सांसदहरू

अध्ययनरत ११ वर्षीय विनोद कँडेललाई ०५७ फागुन १७ गते अज्ञात व्यक्तिले चाउचाउ खान दिई बेहोस बनाएर अपहरण गरे। पीडित भोलिपल्ट भागेर आउन सफल भए। पीडितको टाउकोमा केही कपाल खौरेर सानो प्वाल पारिएको थियो। पीडक र अपहरणको कारण थाहा हुन सकेन। रातोपुलनजिक एउटा घरमा आफूजस्तै अन्य १३ जना बालकलाई थुनेर राखिएको कुरा पीडितले बताए। दुई जना पुरूष र दुई जना महिला रहेको सो घरमा पीडितलाई सामान्य खाना दिएर बेलुका सुकुलमा सुताइएको थियो।

बाँके जिल्ला नेपालगञ्जका १२ वर्षीय पदम बोहोरा, ९ वर्षीय गणेश विष्ट, १३ वर्षीय बलबहादुर बुढा, ११ वर्षीय धनबहादुर र ११ वर्षीय लक्ष्मी विष्टलाई पढाइदिने बहानामा ठगी गर्ने देवीलाल ऐडीलाई ०५७ चैत १३ गते प्रहरीले गिरफ्तार गरे। पढाई दिने बहानामा बालबालिकालाई देवीलालले काठमाण्डौ ल्याएका थिए। तर, चुच्चेपाटीस्थित नीतेन निकेतन एकेडेमीले आफ्नो स्कूलमा ठाउँ नभएको बताएपछि देवीलालले आफूले चिनेको व्यक्ति मञ्जु सुँगुरेको घरमा लगेर छोडेको र दुई दिनसम्म पनि नआएपछि मञ्जुले वडा प्रहरी कार्यालयमा बुझाएकी थिइन्। प्रहरीले सिविनको जिम्मा लगाएकोमा सिविनले अभिभावकहरूको जिम्मा लगायो।

आर्थिक अधिकार

महाराजगञ्जस्थित शिक्षण अस्पतालका डाक्टरहरूले ०५८ असार २० गते देखि बहिरंग विभागको पहिलो सिफ्ट बन्द गरी हड्तालमा उत्रिए। बहिरंग विभागका डाक्टरहरूले नन्-प्राक्टिसिङ भत्ताको विषयलाई लिएर अनिश्चितकालिन हड्ताल गरे। प्रशासन र व्यवस्थापनबीचको पटक-पटकको वार्ताबाट ४ हप्तापछि मात्र हड्ताल रोकिएको थियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अखिल नेपाल ट्रेड युनियन महासंघले ०५७ माघ २४ गते एक प्रेस विज्ञप्ति जारी गरी मजदुर नेता मुक्तिनाथ दासलाई ०५७ माघ २३ गते प्रहरीले गरेको अमानवीय व्यवहार तथा यातनाको भर्त्सना गर्‍यो।

छ वाम समूहद्वारा ०५८ वैशाख ३ र ४ गते आयोजना गरिएको धर्ना तथा घेराउ कार्यक्रममा प्रहरीले गरेको हस्तक्षेप र गिरफ्तारीको विरोध गर्दै नेकपा (एमाले), संजमो, राजमो, नेमकिपा, नेकपा (एकता केन्द्र) र नेकपा (मसाल) ले प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ९८ जना पुरूष र १७ जना महिला गरी कूल १ सय १५ जना पीडित भएको सार्वजनिक जानकारीमा आयो। ४७ जना महिला र ७० जना पुरूष गरी १ सय २४ जनाले आत्महत्या गरे। २४ जना महिलासहित १ सय १६ जनाको लाश फेला पर्‍यो। १७ महिलासहित ६५ जनाको सडक दुर्घटनामा मृत्यु भयो।

२.१६ धादिङ



जनसंख्या	: ३३८५१३
साक्षरता प्रतिशत	: ५०
महिला साक्षरता प्रतिशत	: २५
क्षेत्रफल (वर्ग कि.मी.)	: १९२६
गाविस/नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ७०१
क्याम्पस/उच्च मावि	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/५५
टेलिफोन लाइन	: ४९९
मोटर सडक (कि.मी.)	: ४८५
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५०

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या : गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ३ पुरूष र २ महिलाको हत्या भयो।

जेल र बन्दीहरु

कूल २५ जना क्षमता भएको "ख" श्रेणीमा पर्ने धादिङ जेलमा हाल कैद नतोकिएका ९ र कैद तोकिएका १७ गरी २६ जना बन्दी छन्। वन्दीहरूमध्ये १ जना महिला छन्। यस वर्ष ९ जना बन्दीलाई अर्को जेलमा सरूवा गरियो। जेलमा चिसो हुने, जुम्रा/उपीयाँले सताउने तथा चामल न्यून स्तरको हुने गरेको बन्दीहरूको गुनासो छ। गत वर्ष संचालन गरिएको प्रौढ कक्षा यस वर्ष वन्द भयो। बन्दीहरूका लागि कुनै सीपमूलक तथा आयमूलक काम गर्ने व्यवस्था छैन। जेलको पर्खाल भत्कने अवस्थामा रहेकाले मर्मत गर्नुपर्ने आवश्यकता खट्किएको देखिन्छ।

जेलको क्षमता भन्दा वढी बन्दी राखेको विरोधमा ०५८ भदौ १० गते बन्दीहरूले जेलभित्र नाराजुलुस गरे। त्यसवखत जेलमा ४९ जना बन्दी राखिएको थियो।

गिरफ्तारी र यातना

जिल्ला शिक्षा कार्यालयमा कार्यरत ५ जना कर्मचारीलाई ०५८ फागुन ४ गते ग.१फ १५८ नम्बरको भ्यानमा चढेर काठमाण्डौ गइरहेको अवस्थामा इलाका प्रहरी कार्यालय गजुरीका प्रहरीले गिरफ्तार गरी मानसिक यानना दिएर सोही दिन बेलुका रिहा गरे। पहिले प्रहरीले प्रयोग गरी बिगारेको सो गाडी शिक्षा कार्यालयले मर्मत गरी चलाएकोमा आफूहरूलाई गाडी प्रयोग गर्न नदिएको झोंकमा प्रहरीले गिरफ्तार गरेका थिए।

दार्खास्थित इलाका प्रहरी कार्यालयमा कार्यरत १४ जना प्रहरीले ०५७ चैत २० गते माओवादीहरूले प्रहरी कार्यालयमा आक्रमण गर्दा आत्मसमर्पण गरेपछि सोही आरोपमा ०५७ चैत २२ गते प्रहरीहरूलाई गिरफ्तार गरी यातना दिइयो। त्यसरी गिरफ्तार भई यातना पाउनेहरूमा सई मोहन तामाङ, असई गंगाबहादुर थापा मगर, श्रीप्रसाद कडेरिया, प्रहरी हवल्दारहरू बमबहादुर पुरी, रामचन्द्र पौडेल, भीमबहादुर बानियाँ, प्रहरी जवानहरू नेत्रबहादुर रानाभाट, श्यामकृष्ण प्रधान, श्रीबहादुर तामाङ, वलराम पाण्डे, प्रभुकुमार जैसवाल, नवराज जोशी, रामबहादुर महत र तेजेन्द्रबहादुर खत्री थिए। पीडितहरूलाई ६ महिनाको तलब बराबरको रकम जरिवाना गरी थुनामा रहँदाको प्रतिदिन २५ रूपैयाँका दरले हिसाव गरी कट्टा गर्ने विशेष अदालतले फैसला गर्‍यो।

जिल्ला हुलाक कार्यालयमा कार्यरत ४६ वर्षीय प्रेमकुमार श्रेष्ठलाई अनेकिसंघ (क्रान्तिकारी) ले बजारबासीलाई लेखेको चिठी वितरण गरेको आरोपमा ०५८ साउन ८ गते धादिङबेंशी वजारबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई भोलिपल्ट रिहा गरियो।

निलकण्ठ गाविस-५ धादिङबेंशीका नेपाल रेडक्रस सोसाइटीका जिल्ला उपसभापति ४१ वर्षीय रामप्रसाद श्रेष्ठ, कोषाध्यक्ष ४८ वर्षीय ईश्वरीप्रसाद अधिकारी, पोखरेल एग्रोभेटका ३३ वर्षीय शालिकराम पोखरेल र व्यापारी ५५ वर्षीय चक्रबहादुर भण्डारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ असार २५ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये ईश्वरी र चक्रवहादुरलाई १ दिनपछि तथा शालिकराम र रामप्रसादलाई ३ दिनपछि रिहा गरियो।

वुढाथुम गाविस घर भई धादिङ अस्पतालमा कार्यरत ३६ वर्षीय ठम्मरवहादुर श्रेष्ठलाई एक वालिकामाथि यौन दुर्व्यवहार गर्न खोजेको आरोपमा ०५८ साउन २२ गते प्रहरीले गिरफ्तार गरेकोमा २ दिनसम्म खाना खानसमेत नदिई यातना दिए। पीडितको दाँत भाँचिनुका साथै अनुहार नै सुन्निएको थियो।

वेनीघाट गाविस-७ का १८ वर्षीय विनोद

ध्वस्त पारिएको सुनौलाबजार इलाका प्रहरी कार्यालय

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	२	५				
गोलीद्वारा हत्या								
आफ्नै बमबाट घाइते	१	२		२				
गिरफ्तारी र यातना					१२	४०	१	४१
बेपत्ता पारिएको					१	१		१
कुटपिट	२७	३२	३	३५	३	३	१	४
धम्की	८	७	२	९	१	१		१
भेला र संगठित हुने अधिकार	४	१०		१०	२	८		८
निष्पक्ष न्यायिक अधिकार					१		१	१
महिला किनबेच	१		२	२				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	२		२	२				
महिला भएकै कारण यातना	५		४	४	१		२	२
बाल अधिकार	२	४		४	१		१	१
आर्थिक अधिकार	३	६	२	८				
अपहरण	५	६		६				
जम्मा	६६	७०	२१	९१	२२	५३	६	५९

सिलवाल, सोही गाविस-८ का १७ वर्षीय सन्तोष वस्नेत, जोगीमारा गाविस-३ का ईश्वरी श्रेष्ठ, धुषा गाविस-६ का ईन्द्रबहादुर श्रेष्ठ र नुवाकोट जिल्ला देउराली गाविसका सन्तमान तामाङलाई ०५८ भदौ १७ गते जवर्जस्ती चन्दा उठाइरहेको अवस्थामा गजुरी बजारबाट प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधसम्बन्धी मुद्दा चलाए।

कुम्पुर गाविस-३ फिर्सफिसेटारका ३४ वर्षीय केशव भन्ने टिका थपलियालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १८ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

धुवाकोट गाविस-३ का नेकपा (एमाले) का कार्यकर्ता अब्जनाथ सापकोटालाई ०५८ मंसिर २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई पुस १ गते रिहा गरियो।

नलाङ गाविस कालिदहका शंकर गुरुङलाई ०५८ पुस ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी शरीरभरि नीलडाम हुनेगरी यातना दिए। पीडितलाई हाल रिहा गरिएको छ।

किरान्चोक गाविसका शिक्षक वाबुलाल श्रेष्ठ, रूपेश श्रेष्ठ र सृष्टि नाम गरेकालाई ०५८ पुस १२ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये वाबुलाललाई रिहा गरियो भने रूपेश र सृष्टिलाई नजरबन्दमा राखिएको छ।

धुषा गाविसबाट हरि तिमल्सिना, ओमबहादुर रिजाल र इन्द्रप्रसाद थपलियालाई ०५८ पुस १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

बेपत्ता पारिएको / अपहरण गरिएको

कुम्पुर गाविस-३ फिर्सफिसेटारका ३४ वर्षीय केशव भन्ने टिका थपलियालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५७ फागुन १ गते बेलुका प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ४ महिनापछि पुनरावेदन अदालत ललितपुरको आदेशमा रिहा गरियो।

निलकण्ठ गाविस-६ का महेन्द्र प्रस्तावित मावि साँखुका प्रधानाध्यापक ३५ वर्षीय ध्रुवप्रसाद रिजाललाई भ्रष्टाचार गरेको आरोपमा ०५८ वैशाख १६ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले पेस्तोल देखाई अपहरण गरे। पीडितलाई आइन्दा यस्तो कार्य नगर्ने धम्की दिई वैशाख १८ गते मुक्त गरियो।

सत्यदेवी गाविस-६ लोङपाथोकी नेकाँ क्षेत्रीय सदस्य ४५ वर्षीय जया लामालाई सुराकी गरेको आरोपमा ०५८ जेठ १७ गते माओवादीहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

निलकण्ठ गाविस-५ धादिङवेंशी सिरानबजारका व्यापारी ५८ वर्षीय कृष्णप्रसाद ढुङ्गानालाई नातेदारले नक्कली माओवादी बनी चन्दा लिएको आरोपमा ०५८ भदौ ७ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरे। पीडितलाई ४ दिनपछि मुक्त गरियो।

तिप्लिङ गाविसका अध्यक्ष ४५ वर्षीय फैंसिं घलेलाई रकम हिनामिना गरेको र आफूहरूलाई नसघाएको आरोपमा ०५८ मंसिर १ गते माओवादीहरूले अपहरण गरी मंसिर ६ गते मुक्त गरे।

किरान्चोक गाविस-५ पेटारेका २५ वर्षीय सूर्यबहादुर मोक्तान र २७ वर्षीय माइला स्याङ्तानलाई माओवादीहरूलाई खान-बस्न र चन्दा नदिएको आरोपमा ०५८ कार्तिक २९ गते माओवादीहरूले अपहरण गरी निर्मम कुटपिट गरी मंसिर ६ गते मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

ना.२ख १६९६ का बस चालक २८ वर्षीय संते घलेलाई

बसको छतमा मान्छे राखेको आरोपमा ०५७ माघ ३ गते डिएसपी ठाकुरमोहन श्रेष्ठले छतमा मान्छे नभएको बसको इन्जिन चलिरहेको अवस्थामा कुटपिट गरी घाइते बनाए। न्यायका लागि सिडिओसमक्ष गएको अवस्थामा पीडितलाई "झनै कुट्नुपर्ने" भनी फर्काइदिए। ट्राफिक नियमको उल्लंघन गरेको भनी अपमानजनक कारवाही भएको विरोधमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, धादिङ रुट ट्रक-बस इकाई समितिले ०५७ माघ १६ गते धादिङबेंशीबाट चल्ने सम्पूर्ण यातायात बन्द गर्‍यो।

स्पेसटाइम दैनिकका तत्कालीन सम्वाददाता एवं नेपाल पत्रकार महासंघका जिल्ला सचिव ३८ वर्षीय राजेन्द्रप्रताप शाहलाई ०५७ माघ ११ गते फूर्केखोला लजमा बसेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी क्यामरा, रकम, रेडियो र रेकर्डर लुटेर लगे।

आँगिनचोक गाविस-८ माथिल्लो ख्वास्टेका ४८ वर्षीय वीरबहादुर विश्वकर्मालाई चेलिबेटी बेचबिखन गरेको आरोपमा ०५७ माघ १५ गते धादिङबेंशीतर्फ जाँदै गर्दा ज्यामरुङ गाविस-६ हनुमान मन्दिरनजिकै माओवादीहरूले गाडीबाट झारेर दायाँ खुट्टा काटिदिए। हाल पीडितको उपचार भइरहेको छ।

थाक्रे गाविस-३ महादेवबेंशीका ५३ वर्षीय टेकबहादुर लामालाई मादक पदार्थको व्यापार गरेको आरोपमा ०५७ माघ २३ गते माओवादीहरूले पसलमा रहेको करिब १० हजार रूपैयाँ बराबरको सामान नष्ट गरी आइन्दा मादक पदार्थ बिक्री नगर्न धम्की दिए।

मैदी गाविसका उपाध्यक्ष ३६ वर्षीय रामप्रसाद सिलवाललाई ०५७ फागुन १८ गते माओवादीहरूले कुटपिट गर्नुका साथै कान समाई उठबस गर्न लगाए। पीडकहरूले पीडितलाई सोही ठाउँको सामुदायिक वन समितिद्वारा निर्मित भवनमा रातभर थुनेर राखे।

ढोला गाविसका उपाध्यक्ष ३३ वर्षीय कृष्णलाल श्रेष्ठलाई ०५७ फागुन १८ गते माओवादीहरूले घरबाट बाहिर निकाली लाठी र धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाए। पीडितको उपचार जिल्ला अस्पतालमा भयो।

दार्खा गाविसस्थित नेपाल खाद्य संस्थानको डिपो ०५७ चैत २० गते माओवादीहरूले तोडफोड गरी ४ क्वीन्टल चामलसहित अन्य सामानहरू लुटेर लगे।

दार्खा गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५७ चैत २० गते माओवादीहरूले आक्रमण गरी क्षतिग्रस्त बनाउनुका साथै १२ वटा थ्री नट थ्री राइफल, ३ वटा पेस्तोल, आवासेट आदि लुटेर लगे।



आफ्नै घरमा बाँधिएर राखिएका कमल शाही

भुमेस्थान गाविस-६ का ५३ वर्षीय बद्री भण्डारी र ३६ वर्षीय शिवबहादुर थापालाई सुराकी गरेको आरोपमा ०५७ चैत २५ गते बेलुका माओवादीहरूले कुटपिट गरी घाइते बनाए। पीडकहरूले बद्रीको खुट्टा भाँचिदिएर महेश खोलाको पुलमा बाँधेका थिए। पीडितहरूको उपचार काठमाण्डौमा गरियो।

रिचोकटारस्थित बागेश्वरी मावि‌मा अध्ययनरत उमेश उपाध्यायलाई नक्कली चिठी बनाई टाँसेको आरोपमा ०५८ वैशाख ४ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कान समाई उठबस गर्न लगाउनुका साथै ज्यानमार्ने धम्की दिए।

कुम्पुर गाविस-३ का राप्रपाका कार्यकर्ता ५५ वर्षीय घननाथ थपलियालाई सुराकी गरेको आरोपमा ०५८ वैशाख ३ गते माओवादीहरूले घरबाट बाहिर निकाली कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार काठमाण्डौस्थित शिक्षण अस्पतालमा भयो।

सत्यदेवी गाविस भवन ०५८ वैशाख २० गते माओवादीहरूले भत्काई कागजपत्र जलाउनुका साथै गाविसका पदाधिकारीहरूलाई राजीनामा दिन धम्की दिए।

निलकण्ठ गाविस-६ साँखुकी २५ वर्षीय ठूली भण्डारीलाई सुराकी गरेको आरोपमा ०५८ वैशाख २७ गते माओवादीहरूले लाठी प्रहार गरी बेहोस बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

केवलपुर गाविसस्थित ज्योती माविका प्रधानाध्यापक ३६ वर्षीय माधवप्रसाद ओली र बागभैरव प्राविका शिक्षक २९ वर्षीय रमेश पौडेललाई भ्रष्टाचार गरेको आरोपमा ०५८ वैशाख ३० गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गरी मोसो दली ज्यानमार्ने धम्की दिए।

बेनीघाट गाविस-१ रिचोकटारका ६३ वर्षीय तोयराज कँडेललाई जग्गा हडपेको आरोपमा ०५८ जेठ ३० गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए। आफ्नै जग्गा भएकाले प्रहरीमा उजुरी गर्दा पनि पीडितको पक्षमा काम गर्ने बताए पनि आलटाल गरियो।

थाक्रे गाविस-३ महादेवबेंशीका ४२ वर्षीय शुक्रबहादुर तामाङलाई सोही ठाउँस्थित विद्यालयको जग्गा हडपेको आरोपमा ०५८ असार २५ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाउनुका साथै तुरून्त जग्गा फिर्ता गर्न धम्की दिए।

भुमेस्थान गाविस-६ सिम्लेका ३२ वर्षीय राजेन्द्र गुरूङलाई राजनीतिक प्रतिशोधका कारण ०५८ असार २२ गते राति माओवादीहरूले पेस्तोल र खुकुरी देखाएर कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

गोगनपानीस्थित चन्द्रज्योती युवा क्लबका अध्यक्ष गोकर्ण रूपाखेतीलाई राजनीतिक प्रतिशोधका

कारण ०५८ असार २२ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

त्रिपुरेश्वर गाविसस्थित इलाका प्रहरी कार्यालय रहेको चिन्तामणि अधिकारीको घर प्रहरीले छाडेको अवस्थामा ०५८ असार २९ गते माओवादीहरूले भत्काएर ध्वस्त पारी आइन्दा प्रहरी नराख्न धम्की दिए।

बेनिघाट गाविसस्थित प्रहरी चौकी प्रहरीले छाडेको अवस्थामा ०५८ साउन ४ गते माओवादीले आगो लगाई ध्वस्त बनाए।

केवलपुर गासिव-१ पण्डितपौवाका ३० वर्षीय रवि पौडेललाई आफ्नी हजुरआमाको जीउनी बकसपत्रसम्बन्धी सवाललाई लिएर ०५८ साउन ७ गते माओवादीहरूले मोसो दलेर कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

भूमेस्थान गाविस-६ सिम्लेबजारका ४२ वर्षीय लक्ष्मण थापालाई चन्दा नदिएको आरोपमा ०५८ असार २७ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई सडकमा रोकिएको ना.१ ख ६८७८ नम्बरको ट्रकमा आगो लगाई क्षतिग्रस्त बनाए।

जीवनपुर गाविसस्थित प्रहरी चौकीका प्रहरीहरूलाई ०५८ असार २७ गते माओवादीहरूले लखेटी चौकीमा आगो लगाए।

सल्यानटार गाविस-८ का राप्रपा गाउँ समितिका अध्यक्ष भोजबहादुर रिजाललाई छिमेकी किसानको जग्गा हडपेको आरोपमा ०५८ साउन २३ गते माओवादीहरूले कुटपिट गरी जग्गा फिर्ता गर्न धम्की दिए।

नुवाकोट जिल्ला घर भई किन्ताङ गाविस-१ बस्ने ४२ वर्षीय वना तामाङ, ४० वर्षीय पूर्ण तामाङसमेत ८ जनालाई हातहतियार देखाई रकम लुटेको आरोपमा ०५८ साउन १० गते माओवादीहरूले मोसो दली पहिरो सोहोर्न र बाटो खन्न लगाए।

बेनीघाट गाविस-८ स्थित चितवन स्टाफ होटलका मालिकलाई सुराकी गरेको र मादक पदार्थ बिक्री गरेको आरोपमा ०५८ साउन ३२ गते माओवादीहरूले कुटपिट गरी १ सय ५० लिटर मादक पदार्थ नष्ट गरिदिए।

मैदीस्थित समिभञ्ज्याङ उच्चमाविमा ०५८ साउन ३१ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले संस्कृत विषयका २ सय वटा पुस्तक जलाए।

थाक्रे गाविस-३ महादेववेंशीका धादिङ आवाज साप्ताहिकका विशेष प्रतिनिधि २८ वर्षीय पुष्प रूपाखेतीसमेत ३० जनालाई माओवादीहरूको जनसरकार घोषणा सभामा सहभागी भएर ०५८ भदौ २ गते राति धादिङबेंशीमा बास बस्न आएको अवस्थामा प्रहरीले तत्काल होटल छाड्न र नछाडेमा गोली चलाउने धम्की दिए।

नलाङ गाविसका अध्यक्ष ४५ वर्षीय प्रेमनाथ सिलवाललाई ०५८ भदौ १५ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

मैदी गाविस-४ का ४८ वर्षीय ठाकुरप्रसाद तिवारी तथा अन्य व्यक्तिहरूलाई ०५८ भदौ १३ गते धान रोप्ने कार्यमा संलग्न भइरहेको अवस्थामा माओवादीहरूले धम्की दिई उनीहरूको सभामा जान बाध्य पारे। त्यसैगरी नलाङठाँटी चौरमा तिज मनाइरहेका महिलाहरूलाई पनि सोही दिन माओवादीहरूले धम्की दिई उनीहरूको सभामा जान बाध्य पारे।

मैदी गाविस-७ सातदोबाटोस्थित प्रहरी चौकी ०५८ भदौ २६ गते माओवादीहरू भत्काउनुका साथै आगोसमेत लगाए।

मैदी गाविस-८ का ३८ वर्षीय काले सार्कीलाई ०५८ भदौ १२ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

सुनौलाबजार गाविस-२ स्थित नेपाल दूरसञ्चार संस्थानको रिपिटर टावर ०५८ मंसिर १ गते माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाए। माओवादीहरूले सोही दिन सोही ठाउँस्थित साना किसान सहकारी संस्थाको कार्यालय भत्काई कागजपत्र जलाए भने प्रहरी कार्यालय जलाए।

किरान्चोक गाविस-५ पेटारेका २५ वर्षीय दुर्गा माइलो तामाङलाई खान-बस्न र चन्दा नदिएको आरोपमा ०५८ कार्तिक २९ गते माओवादीहरूले घरबाट अपहरण गरी सोही गाविस-३ भञ्ज्याङमा लगेर कुटपिट गरी सख्त घाइते बनाउनुका साथै नगद रकमसमेत लुटेर लगे।

जिविसको बा.१फ ५८४३ नम्बरको जीप ०५८ मंसिर ८ गते धादिङबेंशीस्थित जिविस कार्यालयमा माओवादीहरूले बम प्रहार गरी ध्वस्त पारे।

बैरेनी गाविस-९ पलाङका ४६ वर्षीय नरबहादुर भण्डारीलाई संकटकालमा हिँडेको आरोपमा ०५८ मंसिर १४ गते दुध बेच्न जान लागेको अवस्थामा सुरक्षा बलले ढुङ्गा प्रहार गरी घाइते बनाए। पीडितको उपचार सोही ठाउँको स्वास्थ्य केन्द्रमा गरियो।

धुषा गाविस चरौंदी बजारमा ०५७ चैत २४ गते माओवादीहरूले बम विस्फोट गराए।

मैदी गाविस-१ समिभञ्ज्याङमा ०५७ भदौ २६ गते माओवादीहरूले बम विस्फोट गराई जनतालाई आतंकित पार्नुका साथै तुलबम राखेर ज्यानमार्ने धम्की दिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पूर्व सांसद गंगालाल तुलाधर, नेकपा (एमाले) जिल्ला सचिव गुरूप्रसाद बुर्लाकोटी, जिविस सभापति खेमप्रसाद लोहनी, रामशरण भण्डारीसमेत १६ जनालाई ०५८ जेठ १३ गते नीलकण्ठ गाविस-५ मा छ वाम समूहद्वारा आयोजित मशाल जुलुस प्रदर्शनका क्रममा प्रहरीले हवाई फायर तथा लाठीचार्ज गरी घाइते बनाए।

जिविस सभापति खेमप्रसाद लोहनी, पूर्व सांसद गंगालाल तुलाधर, नेकपा (एमाले) जिल्ला सचिव गुरूप्रसाद बुर्लाकोटी, जिविस सदस्य हरि पन्त, नेकपा (मसाल) का वेदनिधी अधिकारी समेत १९ जनालाई ०५८ जेठ १५ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा जिल्ला प्रशासन कार्यालयमा ताला लगाउन खोज्दा प्रहरीले गिरफ्तार गरी यातना

दिए। पीडितलाई सोही दिन बेलुका रिहा गरियो।

एकानब्बेऔं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ०५७ फागुन २५ गते नीलकण्ठ गाविस-५ धादिङबेंशी, गजुरीबजार र बैरेनीबजारमा विभिन्न संघ-संस्थाहरूद्वारा आयोजना गरिएको जुलुसमा उच्छृङ्खल व्यक्तिहरूले रङ र पानी छ्यापेर तितरबितर पारे।

ज्यामरूङ गाविसका अध्यक्ष ५० वर्षीय डम्बरबहादुर अधिकारी, खाल्टे गाविसका अध्यक्ष ३६ वर्षीय रामहरि ढुङ्गाना र मैदी गाविसका अध्यक्ष ५२ वर्षीय रामप्रसाद अधिकारीलाई ०५८ भदौ १३ गते माओवादीहरूले राजीनामा गर्न दवाब दिए।

सेमजोङ गाविसका अध्यक्ष मानबहादुर हिमरूङसमेत उपाध्यक्ष, ५ वडाध्यक्ष र ८ वडा सदस्यलाई ०५८ भदौ १६ गते माओवादीहरूले जबर्जस्ती राजीनामा गर्न लगाए। जिविसले पीडितहरूको राजीनामा स्वीकृत भने गरेन।

कटुन्जे गाविसका अध्यक्ष दिलबहादुर लामासमेत उपाध्यक्ष र ४ जना वडाध्यक्षहरूलाई ०५८ भदौ १९ गते माओवादीहरूले जबर्जस्ती राजीनामा गर्न लगाए। जिविसले पीडितहरूको राजीनामा भने स्वीकृत गरेन।

धार्मिक स्वतन्त्रता

पिडा गाविस-९ गैरीगाउँका ६५ भरतबहादुर तामाङलाई धार्मिक प्रतिशोधका कारण कुचो चोरेको आरोपमा ०५७ चैत २९ गते आफ्नै भतिजा २० वर्षीय लालबहादुर तामाङ, २१ वर्षीय सूर्यबहादुर तामाङ र १८ वर्षीय जेठा तामाङले कुटपिट गरी बेहोस बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी ३ सय ९७ वटा मुद्दा रहेकोमा २ सय ६२ वटा फर्स्यौट भए। अदालतमा तीन वर्षदेखिका ३, दुई वर्षदेखिका ३८ र एक वर्षदेखिका ९७ गरी १ सय ३५ वटा मुद्दा जिम्मेवारी सरेर आए। त्यसरी आएका मुद्दाहरूमा दुनियावादी देवानी ७५, सरकारवादी फौजदारी ३३ र दुनियावादी फौजदारी २७ वटा रहे। यस वर्ष १ सय ५ वटा मुद्दा दर्ता भए।

गुम्दी गाविस-४ की ८२ वर्षीय मैगु घल्सेनी गुरूङलाई ०५७ माघ १६ गतेसम्म (११ दिनको अवधिसम्म) पनि जिल्ला प्रशासन कार्यालयले पतिको पेन्सन-पट्टाको नामसारी गरिदिएन। मैगु घल्सेनी उठ्न नसक्ने अवस्थाकी भएकाले बोकेर ल्याइएको थियो।

नीलकण्ठ गाविस-१ जैसीडाँडाका ३८ वर्षीय सानुकान्छा श्रेष्ठलाई राजनीतिक प्रतिशोधका कारण ०५८ मंसिर १८ गते सोही ठाउँका रामचन्द्र अधिकारीले "आतंककारी" भनी जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। आफ्नो घरमा प्रहरीले घेरा हाली गिरफ्तार गर्न गएको अवस्थामा पीडित नेकपा (एमाले) को कार्यालयमा न्याय माग्न आएपछि पीडक र पीडितबीच सहमति गराइयो। पीडकले सार्वजनिक धारो फुटाएर निजी बनाउन लागेपछि त्यसको विरोध गर्दा आफूलाई "आतंककारी" भन्ने उजुरी दिइएको पीडितले बताए।

महिला अधिकार

कल्लेरी गाविस-१ की २६ वर्षीय एक महिलालाई ०५८ वैशाख १३ गते छिमेकमा बिरामी कुर्न जान लागेको अवस्थामा सोही ठाउँका ३२ वर्षीय नमराज खतिवडाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०५८ साउन ७ गते कुटपिट गरी कान समाई उठबस गराउनुका साथै मोसो दलिदिए।

नीलकण्ठ गाविस-५ धादिङबेंशीकी ६ वर्षीय एक बालिकालाई ०५८ साउन २१ गते बुढाथुम गाविस-९ घर भई जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत ३६ वर्षीय ठम्मरबहादुर श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी यातना दिएर रिहा गरे।

खाल्टे गाविस-६ की २४ वर्षीय एक महिलालाई ०५८ वैशाखमा नेकपा (माओवादी) का दिनेश श्रेष्ठसहित ४ जना छापामारहरूले बलात्कार गरे। पीडितको बच्चा जन्मिएपछि ०५८ पुसमा सोही ठाउँका एक पुरूषलाई १० हजार रूपैयाँ दिई जिम्मा लगाए। पीडकहरूले पीडितलाई घटनाको प्रचार प्रसार गरेमा ज्यानमार्ने धम्की समेत दिएका थिए।

मुरलीभञ्ज्याङ गाविस-३ रामकोट कुमालगाउँकी २४ वर्षीय एक महिलालाई सिलाइबुनाई सम्बन्धी जागीर लगाइदिने प्रलोभनमा ०५८ मंसिर २० गते भोजपुर जिल्ला कोधार गाविस-३ का बद्री मोक्तान, उनकै पत्नी सुमित्रा मोक्तान, सिन्धुपाल्चोक जिल्ला घर भई काठमाण्डौ जिल्ला महाबौद्ध बस्ने कालु लामा, सिन्धुपाल्चोक जिल्ला मेलम्चीका राकेश श्रेष्ठ र धादिङ जिल्ला मुरलीभञ्ज्याङ गाविस-३ की कल्पना कुमालले धादिङबेंशीबाट भारतको पुना पुऱ्याई ३० हजार भारतीय रूपैयाँमा बिक्री गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरे। पीडितलाई अझै घर फर्काइएको छैन।

कल्लेरी गाविस-२ घर्तीटारकी २४ वर्षीय कमला भुजेललाई ०५७ फागुन १५ र १६ गते आफ्नै पति रामबहादुर भुजेल र सौता २१ वर्षीय सीता भुजेलले घरको विवाह भोजसमेत खान नदिई भोकै राखे। त्यसपछि सोही ठाउँका महिलाहरूले पीडकलाई त्यस्तो कार्य नगर्न चेतावनी दिए। ०५७ चैत १२ गते पीडकले पीडितलाई घरबाट निकाले। हाल पीडित छिमेकीको आश्रयमा बसेकी छिन्।

गाविस महासंघका महासचिव तथा मुरलीभञ्ज्याङ गाविस-१ का गाविस अध्यक्ष ३५ वर्षीय भीमप्रसाद ढुङ्गानाले घरमा पत्नी हुँदाहुँदै ०५७ फागुन ५ गते सोही ठाउँकी पार्वती बस्नीसँग दोश्रो विवाह गरे।

चितवन जिल्लाकी २१ वर्षीय दिपा पौडेल, २० वर्षीय सपना हमाल र ३० वर्षीय वदन लामालाई समलिङ्गी भई विवाह गरेको आरोपमा ०५८ भदौ ३१ गते प्रहरीले गिरफ्तार गरेकोमा यातना दिई ५ दिनपछि रिहा गरे।

साङकोष गाविस-१ की १६ वर्षीय संगीता पौडेललाई ०५७ फागुन २५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको जुलुसमा सहभागी भइरहेको अवस्थामा नीलकण्ठ गाविस-५ धादिङ्बेंशीका २० वर्षीय मदनकुमार श्रेष्ठले वेलुन प्रहार गरी वेहोस वनाए। पीडिनको उपचार काठमाण्डौंमा गरियो भने पीडकबाट प्रहरीमार्फत् क्षतिपूर्ति असुल गरे।

साङ्कोष गाविस-१ की २१ वर्षीय कान्छी सार्कीलाई बोक्सीको आरोपमा ०५८ असार २५ गते आफ्नै आमा मंगली सार्की र सोही ठाउँका व्यक्तिहरूले सार्वजनिक वेइज्जती गरे।

कटुन्जे गाविस-२ गुठीबजारका १० वर्षभन्दा माथिका बालिका, युवती र महिलाहरूलाई ०५८ साउन ६ गते एक भेला आयोजना गरी सोही गाउँमा बोक्सी पसेकाले मन्त्र गरी विष हालेर गाउँलेलाई मार्न लागेको आरोपमा अक्षता, दियो र कलसम्मा धर्म भाक्दै "मैले बोक्सी ल्याएको र हरिताल हालेको छैन, यदि बोक्सी ल्याएको भए मेरो शाखा सन्तान मासियोस्" भन्न लगाइयो। जो त्यसरी धर्म भाक्न आउँदैन, उसलाई बोक्सीको आरोप लगाउन सभाको आयोजना गरिएको थियो।

मैदी गाविस-१ काशीरामडाँडाकी ४२ वर्षीय दुर्गामाया खुलाललाई आफ्नो देवरको गर्भ बोकेको आरोपमा ०५८ भदौ २ गते देवर मानबहादुर खुलालसँगै सामाजिक बहिष्कार गरियो। पीडितले भदौ ८ गते ललितपुर जिल्लाको नख्खु जेलमा रहेका आफ्नो पतिलाई भेटेर सँगै बस्ने भए पनि समाजले स्वीकार गरेन।

बालअधिकार

सत्यदेवीस्थित वच्छला माविमा अध्ययनरत १४ वर्षीय शिवराम तामाङ र १५ वर्षीय एकवादुर तामाङलाई छात्रामाथि अभद्र व्यवहार गरेको आरोपमा ०५८ भदौ १९ गतेदेखि क्रमशः १ महिना र १५ दिनका लागि विद्यालयले निष्काशन गऱ्यो। साथै, १५ वर्षीय रेशम तामाङलाई सोही आरोपमा सतर्क गराइयो।

नीलकण्ठ गाविस-२ सिम्लेगैरीका ९ वर्षीय कमल शाहीलाई करिव ६ वर्ष अगाडिदेखि घरमा डोरीले बाँधेर राखिएको छ। मानसिक स्थिति ठीक नभएकाले घरमा बाँधेर राख्नुपरेको परिवारले वनाए।

नीलकण्ठ गाविस-५ स्थित धादिङ वोर्डिङ स्कूलमा अध्ययनरत १४ वर्षीय विना तामाङलाई पोशाक नलगाएको आरोपमा ०५८ असार ६ गते सोही स्कूलका शिक्षक प्रताप सुव्वाले कुटपिट गरी वेहोस वनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

आर्थिक अधिकार

जिविसको गाउँ विकास कार्यक्रमका टोलीनेता ३३ वर्षीय शारदा कँडेल, लेखा तथा प्रशासन सहायक २५ वर्षीय गोमा पाण्डे र वचन तथा साथ परिचालक २५ वर्षीय भोलाप्रसाद गौतमको दैनिक हाजिरी ०५८ साउन १२ गते सोही कार्यक्रमका प्रमुख तथा जिविस सल्लाहकार ३६ वर्षीय प्रताप छन्कुलीले च्यातिदिए। घटना सार्वजनिक भएपछि हाजिरी तयार गरियो।

साङकोष गाविस-७ का ४७ वर्षीय पाँचसुके गुरूङ, सोही ठाउँका ६० वर्षीय टंकवहादुर सारू मगर, सोही गाविस-१ का ३८ वर्षीय टंकबहादुर सार्की र सोही गाविस-५ का ४५ वर्षीय सूर्यबहादुर गुरूङलाई ०५८ मंसिर १६ गते सोही गाविस-१ आपस्वाँराका ६२ वर्षीय घननाथ रिजालले आफ्नो ३ वटा घर बनाउन लगाएको ज्याला दैनिक २५ रूपैयाँका दरले मात्र दिई ज्यालामा भेदभाव गरे। पीडितहरूलाई क्रमशः ६, १ सय ३३, ५५ र ७३ दिन काम गर्न लगाइएको थियो। पीडितहरूले प्रहरीसमक्ष उजुरी दिएपछि पूरा ज्याला दिनुपर्ने र पहिला लिएको घरको बाँकी रकम फिर्ता गर्ने सहमतिमा कागज गरिए पनि ज्याला दिइएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघका जिल्ला सचिव राजेन्द्रप्रताप शाहलाई अज्ञात व्यक्तिहरूले हतियार देखाई लुटपाट गरेको घटनाका दोषीहरूलाई खोजी गर्न प्रशासनसमक्ष माग गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखाले ०५७ माघ १५ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

नीलकण्ठ गाविस-६ स्थित महेन्द्र प्रस्तावित माविका प्रधानाध्यापक ध्रुवप्रसाद सिखडालाई अपहरण गरिएको घटनाको विरोधमा ०५८ वैशाख १७ गते सोही ठाउँका विद्यालयहरू बन्द गरियो।

जिल्ला शिक्षा कार्यालयले शिक्षक छनौट कार्यमा अनियमितता गरेको आरोप लगाई निष्पक्ष अन्तरवार्ताको माग गर्दै ०५८ वैशाख २० गते नेकपा (एमाले) जिल्ला कमिटीले ३ दिनसम्म कार्यालय वन्द गऱ्यो। पछि सर्वदलीय सहमतिपछि अन्तरवार्ता गरियो।

स्थानीय निकायका जनप्रतिनिधिहरूलाई माओवादीहरूले जवर्जस्ती राजीनामा गराउने कार्य तत्काल रोक्न ०५८ भदौ १६ गते नेकपा (एमाले) जिल्ला कमिटीले प्रेस विज्ञप्ति जारी गऱ्यो।

अनेरास्ववियु (क्रान्तिकारी) ले शुल्क लिएको आरोपमा ०५७ असोज १९ गतेदेखि ३ दिनसम्म खानीखोलास्थित मछिन्द्र मावि वन्द भयो।

किरान्चोकका सूर्यबहादुर मोक्तान र माइला स्याङ्तानलाई माओवादीहरूले अपहरण गरेको विरोधमा ०५८ मंसिर ४ गते नेकपा (एमाले) जिल्ला कमिटीले एक पत्रकार सम्मेलनको आयोजना गरी पीडितहरूलाई तत्काल मुक्त गरी यस्ता कार्य नगर्न अनुरोध गऱ्यो।

अतिरिक्त जानकारीहरू

लापा गाविस-८ का २१ वर्षीय पहलमान तामाङ, १३ वर्षीय लालबहादुर कामी र १६ वर्षीय जुठे तामाङको ०५८ साउन ३१ गते आफैंले लिएर हिँडेको वम अरूलाई देखाउन लाग्दा विस्फोट भई घाइते भए। पहलमानलाई संकटकालीन स्थितिको घोषणा भएपछि सुरक्षाकर्मीले गिरफ्तार गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १९ जना पुरूष र २ जना महिला पीडित भए। १३ महिला र ६ पुरूषले आत्महत्या गरे। सडक दुर्घटनामा ११ महिला र २ नावालकसहित ४२ जनाको मृत्यु भयो भने ५५ जना घाइते भए। विद्युतसम्वन्धी दुर्घटनामा परी एक जना विद्युत प्राधिकरणका कर्मचारीको मृत्यु भयो। सत्यदेवी गाविसमा गएको पहिरोवाट ७ घरका १६ महिला, १३ पुरूष र ४ नावालक गरी ३३ जनाको मृत्यु भयो। डढेलोमा परी १ जना गर्भवती महिलासहित ३ जनाको मृत्यु भयो। वाढी पहिरोका कारण १ झोलुङ्गे पुल, ५ घर भत्किए भने १ हजार ५ सय मुरी अन्न नष्ट भयो। हरितातारा नामक फाइनान्स कम्पनीले ३ लाख रूपैयाँ र भिजन फाइनान्सले उपभोक्तालाई करिव १० लाख रूपैयाँ ठगी गरेको घटना सार्वजनिक भयो भने एक विद्यालयबाट ६० हजार रूपैयाँवराबरको धनमाल चोरी भयो। त्यसैगरी बेल्खुको एक घरबाट ३ लाख रूपैयाँ बराबरको धनमाल डकैती भयो।

२.१७ सिन्धुपाल्चोक

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

लमजुङ जिल्ला घर भई तातोपानी भन्सार कार्यालयमा कार्यरत गस्ती निरीक्षक ४५ वर्षीय श्रीधर भट्टराईलाई ०५७ माघ ६ गते गाती गाविसस्थित जम्बु बजारमा माओवादीहरूले गोली हानी हत्या गरे।

माहांकाल गाविस-२ का २५ वर्षीय आशापाल तामाङलाई माओवादीको नाममा लुटपाट गर्दै हिँडेको आरोपमा ०५७ माघ २५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी हत्या गरे।

बाडेगाउँ गाविस-६ का वडाध्यक्ष ४८ वर्षीय चन्द्रबहादुर तामाङलाई चन्दा नदिएको आरोपमा ०५८ मंसिर १२ गते आफ्नै घरवाट माओवादीहरूले बोलाई लगेर हत्या गरे। पीडितको लास सोही गाविस-४ को एक रूखमा बाँधिएको अवस्थामा फेला पर्‍यो।

माहांकाल गाविस-१ का ४१ वर्षीय प्रकाश लामिछानेलाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते लामोसाँघु जलविद्युत आयोजनाको सुरक्षार्थ रहेका सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाएकोमा काभ्रे जिल्ला धुलिखेलस्थित अस्पतालमा उपचार गर्दागर्दै भोलिपल्ट मृत्यु भयो।

इर्खु गाविस-१ का ६८ वर्षीय नेत्रवहादुर दंगाललाई क्रान्तिविरोधी भएको आरोपमा ०५८ पुस ११ गते माओवादीहरूले आफ्नै घरवाट वाहिर वोलाई गोली हानी हत्या गरे।

प्रहरी निरीक्षक मोहनकृष्ण खड्कासहित १३ जना प्रहरी र एक चिनिया नागरिक ०५७ माघ २८ गते मेलम्चीबाट तिपेनीतर्फ जाँदै गरेको अवस्थामा ज्यामिरे गाविस-६ स्थित कदमखोलामा नेशनल हाइड्रोपावरको ना. ३ ज ४९२६ नम्बरको जीपमाथि माओवादीहरूले वम प्रहार गरी घाइते बनाए। घाइतेहरूमध्ये ९ जना प्रहरीलाई उपचारार्थ काठमाण्डौ लगियो भने अन्यलाई मेलम्ची अस्पतालमा उपचार गरियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएको एउटा घटनामा एक जना पुरूषको हत्या भयो।



जनसंख्या	: २९०६६०
साक्षरता प्रतिशत	: ३०
महिला साक्षरता प्रतिशत	: १५
क्षेत्रफल (वर्ग कि.मी.)	: २५४२
गाविस/नपा संख्या	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४८३
क्याम्पस/उच्च मावि	: २/४
अस्पताल/स्वास्थ्य चौकी	: १/७८
टेलिफोन लाइन	: २१२
मोटर सडक (कि.मी.)	: २३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ७९

जेल र बन्दीहरु

सिन्धुपाल्चोक जेलको क्षमता ३५ जनाको भए तापनि कारागार निर्देशिकामा ८० जनाको क्षमता भएको उल्लेख छ। हाल यस जेलमा २ जना महिलासहित ५८ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ५३ जना र कैद तोकिएका ५ जना छन्। बन्दीहरूलाई ६-६ महिनामा एक जोर लगाउने कपडा र २-२ वर्षमा ओढ्ने ओछ्याउने कपडा दिइन्छ। जेलमा पुस्तकालय रहेको छ। बन्दीहरूलाई कान्तिपुर दैनिक उपलब्ध गराइन्छ।

यस जेलमा रहेका बन्दीहरूबीचको झगडाले गर्दा ०५८ भदौ ८ गतेदेखि १४ गतेसम्म तनाव उत्पन्न भयो। झगडा गर्दै ४ जना बन्दीलाई काठमाण्डौ सरूवा गरेपछि जेल शान्त भयो।

गिरफ्तारी र यातना

गाती गाविसको जम्बु वजारका २६ वर्षीय गोविन्द

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
गोलीद्वारा हत्या	२	२		२	१	१		१
आफ्नै बमबाट मृत्यु	१	१		१				
एम्बुसमा परी घाइते	१	१४		१४				
जेलमा भएको घटना	१	४		४				
गिरफ्तारी र यातना					१८	५१	३	५४
लाठी चार्ज					३	१४	१	१५
कुटपिट	१०	१०		१०				
धम्की	३	६		६				
महिला किनबेच	१		१	१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
आर्थिक अधिकार	२	२		२				
अमानवीय व्यवहार	३	४	१	५				
अपहरण	५	१०	१	११				
जम्मा	३५	५६	६	६२	२२	६६	४	७०

अधिकारी, ३० वर्षीय शिव खत्री, ३२ वर्षीय विश्वराम लामा, ४६ वर्षीय निरमाया तामाङ, २९ वर्षीय वाइवा तामाङ र ३४ वर्षीय नारायण अधिकारीलाई माओवादीको आरोपमा ०५७ माघ ८ गते आ-आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माघ १२ गते रिहा गरियो।

स्याउले गाविसका ३८ वर्षीय शिव श्रेष्ठलाई माओवादी भएको आरोपमा ०५८ असार २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई सामान्य सोधपुछ गरी सोही दिन बेलुका रिहा गरियो।

ठूलोसिरूवारी गाविस-४ का २७ वर्षीय माधव दाहाललाई माओवादीको आशंकामा ०५८ साउन ८ गते अधेरीस्थित भन्सार गस्तीका सुरक्षा वलले गिरफ्तार गरे। पीडितलाई सोधपुछ गरी सोही दिन रिहा गरियो।

जिल्ला अदालतका शंकर श्रेष्ठ, जिल्ला वन कार्यालयका रामप्रसाद गौतम, ध्रुववहादुर घले, सुकमान वोञ्जन, नेपाल बैंक लिमिटेडका ज्ञानेन्द्र कक्षपति, दिलवहादुर घले, कृषि विकास बैंकका राजेन्द्र ढकाल, नरमान श्रेष्ठ, जिल्ला हुलाक कार्यालयका बच्चु खड्का, चन्द्रवाहदुर घले, जिल्ला खानेपानी कार्यालयका मुरारीप्रसाद उप्रेती, टिका श्रेष्ठ, जिल्ला सिंचाई कार्यालयका अर्जुन न्यौपाने, नेपाल दूर संचार संस्थानका मानदाश श्रेष्ठ, जिल्ला सहकारी कार्यालयका माणिकलाल श्रेष्ठ र जिल्ला जनस्वास्थ्य कार्यालयका हरिप्रसाद लम्साललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले आ-आफ्नै कार्यालयबाट गिरफ्तार गरे। पीडितहरूलाई हाल नजरबन्दमा राखिएको छ।

चौतारा गाविस-३ का २९ वर्षीय श्यामकृष्ण श्रेष्ठ र सोही गाविस-५ का ३५ वर्षीय तिलक श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। सोधपुछपश्चात् श्यामकृष्णलाई मंसिर २२ गते र तिलकलाई मंसिर २३ गते रिहा गरियो।

जिल्ला पशु स्वास्थ्य कार्यालयमा कार्यरत अर्जुन खड्कालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १८ गते कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

साँगाचोक गाविस-९ का ४० वर्षीय पदम पराजुली र सोही गाविस-८ का ४५ वर्षीय विष्णु अर्याललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १९ गते प्रहरीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूलाई छानबिनपश्चात् मंसिर २५ गते रिहा गरियो।

सानोसिरूवारी गाविस-६ का ३० वर्षीय कृष्णप्रसाद दंगाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २७ गते चौतारास्थित आफ्नो पसलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई छानबिनपश्चात् मंसिर ३० गते रिहा गरियो।

चौतारा गाविस-२ का ३० वर्षीय ज्ञानबहादुर श्रेष्ठलाई ०५८ पुस १ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा कार्यालयबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई छानबिनपश्चात् पुस ३ गते रिहा गरियो।

पिपलडाँडा गाविस-२ का ३२ वर्षीय दिपेन्द्र सापकोटालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

सानोसिरूबारी गाविस-३ का ३८ वर्षीय इन्द्रलोचन धितालालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस २ गते चौताराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोधपुछपश्चात् पुस ३ गते रिहा गरियो।

बाडेगाउँ गाविस-३ का ३१ वर्षीय रामवहादुर श्रेष्ठ, २२ वर्षीय हरिवहादुर श्रेष्ठ, ३४ वर्षीय पुरूषोत्तम संजेल, २७ वर्षीय रामकृष्ण भेटवाल, १६ वर्षीय कविता भेटवाल र सिपापोखरे गाविस-७ की २० वर्षीय बेलकुमारी वि.क.लाई माओवादीको आरोपमा ०५८ पुस ७ गते आ-आफ्नै घरवाट सुरक्षाकर्मीले

गिरफ्तार गरे। पीडितहरूलाई अनुसन्धानपश्चात् पुस १७ गते रिहा गरियो।

स्याउले गाविस-९ का २० वर्षीय रामकृष्ण थापालाई माओवादीको आरोपमा ०५८ पुस ९ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई छानबिनपश्चात् पुस १४ गते रिहा गरियो।

बाह्रबीसे गाविसका ४० वर्षीय कवितमान श्रेष्ठ, ३६ वर्षीय नरेन्द्र श्रेष्ठ र ४१ वर्षीय मित्रलाल श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १ गते आ-आफ्नो घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल नजरबन्दमा राखिएको छ।

चौतारास्थित श्रीकृष्ण रत्नगंगा उच्च माविमा अध्ययनरत १९ वर्षीय रामप्रसाद नेपाल, १८ वर्षीय सावित्री सापकोटा र १७ वर्षीय शकुन्तला बस्नेतलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १० गते चौताराबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोधपुछपश्चात् पुस १३ गते रिहा गरियो।

इर्खु गाविस-१ का ६६ वर्षीय विश्वराम वि.क., ६३ वर्षीय गणेशबहादुर वि.क., नर्से वि.क. र सोही गाविस-२ का २२ वर्षीय राजु थापालाई माओवादीको आरोपमा ०५८ पुस १५ गते आ-आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोधपुछपश्चात् ३ दिनपछि रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

चौतारास्थित जिल्ला वन कार्यालयमा कार्यरत रेञ्जर सप्तरी जिल्लाका ५३ वर्षीय रामदेव यादव, खरिदार सानोसिरुबारी गाविस-२ का २२ वर्षीय कमला श्रेष्ठ र पियन चौतारा गाविस-१ का फूलकाजी श्रेष्ठलाई ०५७ माघ २६ गते माओवादीहरूले बतासे गाविस-३ चौतारीडाँडावाट अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

लाठी प्रहारबाट घाइते सोमप्रसाद आचार्य

राम्चे गाविस-५ का ५१ वर्षीय दुर्गाबहादुर सुवेदीलाई सुराकी गरेको आरोपमा ०५७ चैत ७ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी ४ दिनपछि मुक्त गरे।

गोली हानी हत्या गरिएका नेत्रप्रसाद ढुंगाल

डाँडास्वरस्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरीहरू चितवन जिल्ला पिठुवा गाविस-१ का १८ वर्षीय मंगले तामाङ, उदयपुर जिल्ला हडिया गाविस-७ का टिकाराम वाइबा, मकवानपुर जिल्ला गढी गाविस-७ का अरूणकुमार रायमाझी, गोरखा जिल्ला आँपपिपल गाविस-७ का सिताराम कार्की र सोही जिल्ला ताप्ले गाविस-१ का प्रमोद श्रेष्ठलाई ०५८ साउन ३ गते मुडेबजारबाट माओवादीहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

नवलपुर गाविस-४ का ३१ वर्षीय भुजुङ लामालाई माओवादी क्रियाकलापको विरोध गरेको आरोपमा ०५८ कार्तिक २२ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी ४ दिनपछि ज्यामिरे गाविस-८ गुफाचाङ्खुबाट मुक्त गरे।

महांकाल गाविस-१ घर भएका सरस्वती उच्च माविका सहायक प्रधानाध्यापक ४५ वर्षीय हरिकुमार लामीछानेलाई ०५८ मंसिर १३ गते आफ्नै घरवाट माओवादीहरूले अपहरण गरेकोमा मंसिर १९ गते इचोक गाविस चनौटेबजारबाट मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

इर्खु गाविस-१ स्थित प्रहरी चौकी नजिकै ०५७ पुस १९ गते माओवादीहरूले वम विस्फोट गराए। त्यसवाट कुनै क्षति भने भएन।

भोटसिपा गाविस-१ का ४८ वर्षीय भूमिनन्द लम्साललाई ०५७ पुस २२ गते माओवादीहरूले बाँधेर घाँस खुवाई निर्मम ढंगले कुटपिट गरे।

कुन्चोक गाविस-४ का ५१ वर्षीय भरतकुमार भारतीलाई विकासको रकम हिनामिना गरेको आरोपमा ०५७ पुस २४ गते माओवादीहरूले कुटपिट गरे।

कुभिण्डे गाविस-९ सिपानीका ३६ वर्षीय ईश्वरी शर्मालाई जनविरोधी कार्य गरेको आरोपमा ०५७ पुस २८ गते माओवादीहरूले कुटपिट गरे।

नवलपुर गाविसमा वनाइँदै गरेको प्रहरी चौकी भवनमा ०५७ माघ १५ गते माओवादीहरूले वम विस्फोट गराई ध्वस्त पारे।

भोटसिपा गाविस-५ का ३० वर्षीय तोवे तामाङलाई माओवादीको नाममा लुटपाट गरेको आरोपमा ०५७ माघ २५ गते माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

इर्खु गाविस-७ का ४८ वर्षीय भीमबहादुर श्रेष्ठलाई सुराकी गरेको आरोपमा ०५७ फागुन ४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले वोलाई लगेर दुङ्गामाथि खुट्टा राख्न लगाई घन प्रहार गरे। हाल पीडित अपाङ्ग अवस्थामा रहेका छन्।

बाह्रबीसे प्रहरी चौकीमा ०५७ फागुन ५ गते गति माओवादीहरूले बम विस्फोट गराई क्षति पुऱ्याए।

सानोसिरुबारी गाविस-६ का ६२ वर्षीय तारानाथ दंगाललाई ०५७ चैत १८ गते माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

मांखा गाविसको लामुसाँघुस्थित राष्ट्रिय वाणिज्य बैंक माओवादीहरूले ध्वस्त बनाउने धम्की दिएका कारण ०५८ वैशाख ६ गते काभ्रे जिल्लाको धुलिखेल सारियो।

जलबीरे बजारस्थित राष्ट्रिय वाणिज्य बैंक माओवादीहरूको धम्कीका कारण काभ्रे जिल्लाको धुलिखेल सारियो।

बाँसबारी गाविस-१ का ३६ वर्षीय कृष्णबहादुर ढकाललाई सुराकी गरेको आरोपमा ०५८ वैशाख १५ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

फूल्पीङकोट गाविस-१ का ४१ वर्षीय गोपाल थापालाई माओवादीहरूलाई दुःख दिएको आरोपमा ०५८ वैशाख २४ गते माओवादीहरूले कुटपिट गरे।

सानोसिरुबारी गाविस-३ का २८ वर्षीय महेन्द्रप्रसाद घिमिरेलाई चोरी गरेको आरोपमा ०५८ वैशाख २४ गते माओवादीहरूले कुटपिट गरे।

चौतारा गाविस-५ का नकुल न्यौपानेको घरमा ०५८ असार १ गते माओवादीहरूले बम विस्फोट गराई क्षति पुऱ्याए।

मेलम्ची गाविसको बजारस्थित नेपाल बैंक लिमिटेडमा ०५८ असार १३ गते दिउँसो माओवादीहरूले आक्रमण गरी २ थान बन्दुक, ९६ थान गोली र ७ लाख ३७ हजार रूपैयाँ नगद लुटेर लगे। बैंक हाल चौतारा सारिएको छ।

किउल गाविस-७ स्थित याङ्रीमा बोर्डिङ हाइस्कूलमा ०५८ असार १८ गते माओवादीहरूले आक्रमण गरी शैक्षिक र भौतिक सामग्रीहरू क्षतिग्रस्त बनाए।

चौतारा गाविसस्थित नेपाल बैंक लिमिटेडबाट ०५८ असार २५ गते माओवादीहरूले २ थान बन्दुक र केही गोलीसमेत लुटेर लगे।

बाह्रबीसे गाविसस्थित मदनकृष्ण श्रेष्ठको सुनकोशी नेपाली कागज उद्योगमा ०५८ असार २६ गते माओवादीहरूले आगो लगाए। आगलागीका कारण २ वटा घरसमेत ध्वस्त भए।

नवलपुर गाविसस्थित प्रहरी चौकी भवनमा ०५८ असार २७ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। प्रहरीहरू सो चौकीबाट २ दिन अगाडि मेलम्ची आएको हुँदा चौकी खाली थियो।

गुम्बा गाविस-९ का ४९ वर्षीय सोनाम शेर्पालाई द कमाण्डो जनजाति समूहमा नहिँडेको आरोपमा ०५८ असार २९ गते गोल्चे गाविस-६ का सोनाम स्याङ्बो र गुम्बा गाविस-७ का छैटुप लामाले कुटपिट गरी घाइते बनाए।

भीमटार गाविसका नेत्रविक्रम थापाको बगैंचाबाट ०५८ असार ३० गते माओवादीहरूले १० लाख रूपैयाँ बराबरको आँप लुटेर लगे।

सिपापोखरे गाविस-७ का शेरबहादुर न्यौपाने र जीतबहादुर न्यौपानेको घरमा ०५८ मंसिर १२ गते माओवादीहरू आई "प्रहरीको जागीर छाड्न नलगाए तिमीहरूलाई मारिदिन्छौं" भनी परिवारलाई धम्की दिए। धम्कीका कारण शेरबहादुर र जीतबहादुरका पत्नी तथा छोराछोरी जिल्ला नै छोडेर अन्यत्र गए।

बाँसबारी गाविसस्थित साना किसान विकास आयोजनाको कार्यालयमा ०५८ मंसिर १३ गते माओवादीहरूले तोडफोड गरी कागजपत्र लगाइदिए।

साँगाचोक गाविसस्थित प्रहरी चौकीमा ०५८ मंसिर १३ गते माओवादीहरूले बम विस्फोट गराई ध्वस्त बनाए। सोही गाविसका हरेकृष्ण श्रेष्ठको घरमा उक्त चौकी ५ वर्षदेखि बसेकोमा मंसिर ११ गते प्रहरीहरू चौतारा सरेका थिए।

फुल्पिङडाँडा गाविसस्थित प्रहरी चौकीमा ०५८ मंसिर १४ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए। चौकी खाली रहेको अवस्थामा आगो लगाइएको थियो।

सिपापोखरे गाविस-४ का ४० वर्षीय भुपेन्द्र तामाङलाई रकम नदिएको आरोपमा ०५८ मंसिर १४ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए। पीडितको ६ जनाको परिवार सोही दिन जिल्ला नै छोडेर अन्यत्र गए।

सुनकोशी जलविद्युत आयोजनाको सुरक्षार्थ रहेको शाही नेपाली सेनाको ब्यारेकमा ०५८ मंसिर १५ गते माओवादीहरूले आक्रमण गर्न खोज्दा सुरक्षा बलले जवाफी कारवाही गर्दा माओवादीहरू भागे।

चौतारा गाविस-८ भुलभुलेबाट ०५८ मंसिर १७ गते राति माओवादीले बम विस्फोट गराई सदरमुकाममा आक्रमण गर्ने प्रयास गरे। माओवादीहरूको योजनालाई सुरक्षाकर्मीहरूले विफल तुल्याएपछि माओवादीहरू भागेका थिए।

ठूलोसिरुबारी गाविसस्थित सेतीदेवी प्रस्तावित माविका शिक्षक राजेन्द्र श्रेष्ठलाई माओवादीलाई समर्थन नगरेको आरोपमा ०५८ पुस १ गते माओवादीहरूले विद्यालयमा प्रवेश गरी ७ दिनभित्र विद्यालय नछाडे गोली हानी ज्यान मार्ने धम्की

आम हड्तालको क्रममा निकालिएको जुलुसमाथि प्रहरीद्वारा गरिएको लाठी चार्ज

दिए। पीडित हाल चौतारास्थित उच्च माविमा सरुवा भई अध्यापनरत छन्।

चौतारा गाविस-८ स्थित कृषि विकास बैंकमा ०५८ पुस ११ गते राति माओवादीहरूले बम विस्फोट गराए। बम विस्फोटबाट कार्यालय भवनमा क्षति भयो।

पिपलडाँडा गाविस-२ मा ०५८ पुस १४ गते माओवादीहरूले हवाई फायर गरी जनतालाई आतंकित बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मेलम्ची गाविसस्थित इन्द्रेश्वरी माविको प्राङ्गणमा ०५८ माघ २९ गते नेकपा (एमाले) समर्थक अनेरास्ववियुको सत्रौं जिल्ला सम्मेलन उद्घाटन कार्यक्रममा नेविसंघ समर्थक विद्यार्थीहरूले व्यवधान खडा गरी तनाव सृजना गरे। प्रहरीलाई सुरक्षा गरिदिन अनुरोध गर्दा पनि प्रहरी नआएको गुनासो आयोजकहरूले गरे।

कुन्चोक गाविसका ३३ वर्षीय सोम आचार्य र कदमबास गाविसका ३० वर्षीय सिताराम गिरीलाई ०५८ जेठ १४ गते नेकपा (एमाले) सहित ६ वाम समूहले आयोजना गरेको आमहडतालका क्रममा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

चौताराका टंक ढुङ्गेल, डम्बरबहादुर तामाङ, बतासेका यज्ञराज सापकोटा, इर्खुका ज्ञानबहादुर थापा, बाडेगाउँका सूर्यनाथ आचार्य र रामनाथ आचार्यलाई ०५८ जेठ १५ गते ६ वाम समूहद्वारा आयोजित आमहडतालका क्रममा शान्तिपूर्ण जुलुसमाथि प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

पिपलडाँडा गाविसका सोम सापकोटा, सानोसिरूवारीका जगतप्रसाद चौलागाईं, चौताराका उत्तरबहादुर श्रेष्ठ, पोखरेका शारदा सापकोटा र ठोकर्पाका बाबुराम भण्डारीलाई ०५८ जेठ १६ गते ६ वाम समूहद्वारा आयोजित आमहडतालका क्रममा प्रहरीले आक्रमण गरी घाइते बनाए।

सानोसिरूबारी गाविस-५ का वडाध्यक्ष बेदलाल नेपाललाई ०५८ भदौ १७ गते माओवादीहरूले जबर्जस्ती पदबाट राजीनामा गर्न लगाए। साथै, सो गाविसका अध्यक्ष र उपाध्यक्षबाहेक सबै पदाधिकारीहरूलाई समेत माओवादीहरूले बलपूर्वक राजीनामा गर्न लगाए।

धार्मिक स्वतन्त्रता

पाङ्ग्रेटार गाविस-१ स्थित चर्चमा ०५८ असार २४ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ सय ५ वटा मुद्दा दर्ता भएकोमा ४६ वटा फर्स्योट भई १ सय ५९ वटा बाँकी रहे। जसमध्ये देवानी १ सय ७ वटा दर्ता भएकोमा २७ वटा फर्स्योट भई ८० वटा बाँकी रहे भने सरकारवादी फौजदारी ३१ वटा दर्ता भएकोमा २ वटा फर्स्योट भई २९ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी फौजदारी ६७ वटा दर्ता भएकोमा १७ वटा फर्स्योट भई ५० वटा बाँकी रहे। यस अदालतमा २ वर्षसम्म फर्स्योट नभएका मुद्दा ४० वटा रहेका छन्।

बाँसखर्क गाविस-५ मा भएको नाबालकको हत्याको घटना सम्बन्धमा अदालतले गरेको फैसलाका बारेमा नेकपा (एमाले) जिल्ला कमिटीले ०५७ चैत २१ गते आफ्नो धारणा प्रष्ट गर्न एक पत्रकार सम्मेलनको आयोजना गर्‍यो। पत्रकार सम्मेलनमा सो फैसला अन्यायपूर्ण भएको जनाइयो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यो जिल्लामा भूमिहीन तथा सुकुम्बासीहरूलाई जग्गा दिने कार्य भएन। अशक्त तथा वृद्ध भत्ता पनि २ महिनाको दिइएन।

महिला अधिकार

कुभिण्डेस्थित सेतीदेवी पञ्चकन्या माविमा अध्ययनरत एक छात्रालाई ०५७ फागुन २७ गते सोही विद्यालयका शिक्षक सप्तरी जिल्ला भगवतपुर गाविस-७ का ३४ वर्षीय मनोजकुमार मण्डलले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई अभिभावकहरूले सयपटक उठबस गर्न लगाई विद्यालयबाट निष्काशन गराए।

कुभिण्डे गाविस-६ की २७ वर्षीय एक महिलालाई आफ्नै पति चुकनाथ नेपाल, सासु युवकुमारी नेपाल र काकासमेतको मिलेमतोमा दुई वर्ष अगाडि ५० हजार रूपैयाँमा बिक्री गरेकोमा भारतको बम्बईस्थित वेश्यालयबाट भागेर सिन्धुपाल्चोक आई ०५७ माघ २ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन गरिन्।

राम्चे गाविस-५ की ३८ वर्षीय भक्तकुमारी कार्कीलाई ०५७ माघ ७ गते सोही ठाउँका सुवर्ण सुवेदी र शर्मिला सुवेदीले कुटपिट गरी घाइते बनाए। पीडितलाई पीडक सुवर्णले गर्भवती बनाई गर्भपतन गर्न लगाए। नाता कायम गरिपाउँ भनी पीडितले जिल्ला अदालतमा उजुरी दिएका कारण पीडकले कुटपिट गरेका थिए। पीडितलाई गाउँलेहरूले उपचारार्थ बाह्रबीसे अस्पताल पुर्‍याए भने पीडकहरूलाई कुनै कारवाही भएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

विभिन्न स्थानमा नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि विभिन्न मितिमा माओवादीहरूले अमानवीय व्यवहार गर्ने, शारीरिक आक्रमण गर्ने, जबर्जस्ती चन्दा लिने, ज्यानमार्ने धम्की दिने, विकास अनुदानका रकमहरूमा कब्जा जमाउने, गाविसका कागतपत्र जफत गर्ने र जलाउने जस्ता क्रियाकलापहरू गरेको जनाउँदै त्यसको विरोधमा ०५७ माघ २१ गते नेकपा (एमाले) जिल्ला कमिटीले एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

विभिन्न ६ वाम समूहद्वारा आयोजित तीनदिने आमहडतालका क्रममा प्रहरी-प्रशासनले लाठी र ढुङ्गा प्रहार गरी २३ जनालाई गम्भीर घाइते तुल्याएकोमा वाम समूहहरूको तर्फबाट ०५८ जेठ १६ गते एक प्रेस विज्ञप्ति जारी गरियो। विज्ञप्तिमा घाइतेहरूलाई स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकारसँग माग गरिएको थियो।

अतिरिक्त जानकारीहरू

दोलखा जिल्ला लापीलाङ गाविस-६ घर भएका माओवादी कार्यकर्ता बाबुकाजी थामीको ०५७ पुस १७ गते ठूलोधादिङ गाविसको घ्याङडाँडामा एम्बुससम्बन्धी तालिम गर्दा बम विस्फोटनमा परी मृत्यु भयो।

कुभिण्डे गाविस- १ का ४८ वर्षीय धनबहादुर श्रेष्ठले माओवादी परित्याग गरी प्रशासन समक्ष आत्मसमर्पण गरेपछि ०५८ मंसिर १२ गते झुण्डिएर आत्महत्या गरे। उनले मंसिर ६ गते आत्मसमर्पण गरेका थिए।

यस वर्ष यो जिल्लामा चोरी-डकैतीका ३ वटा घटना सार्वजनिक जानकारीमा आए। २ जना महिला र ३ जना पुरूषले आत्महत्या गरे। दुर्घटनाका ३ वटा घटनामा १ जना महिला र २ जना पुरूष पीडित भए। ५ जना महिला र ५ जना पुरूषको पहिरोमा परी मृत्यु भयो।

२.१८ नुवाकोट

जनसंख्या	: २८८६५७
साक्षरता प्रतिशत	: ३१.७
महिला साक्षरता प्रतिशत	: १८.५
क्षेत्रफल (वर्ग कि.मी.)	: ११२१
गाविस/नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ६४८
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ८०४
मोटर सडक (कि.मी.)	: १७४
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ६४

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

तारूका गाविस-५ स्थित प्रहरी चौकीमा ०५८ असार २२ गते माओवादीहरूले आक्रमण गरी असई ४२ वर्षीय बद्री महतो, हवल्दार रामचन्द्र के.सी., डोरप्रकाश खत्री, प्रहरी जवानहरू ललनकुमार यादव, वीरेन्द्र ठाकुर, पन्नालाल सोनार, जीतलाल श्रेष्ठ, लोकबहादुर महतो, पूर्णबहादुर श्रेष्ठ र श्याममोहन अधिकारीको मृत्यु भयो। त्यसैगरी प्रहरीको गोलीद्वारा माओवादी कार्यकर्ताहरू धादिङका गणेश तामाङ र राजु दाहालको मृत्यु भयो।

बेतिनी गाविसमा माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारका उपप्रमुख वीरबहादुर तामाङलाई जनतालाई सताएको आरोपमा ०५८ कार्तिक १२ गते सोही ठाउँका जनताले कुटपिट गरी हत्या गरे।

बागेश्वरी गाविस-३ का २४ वर्षीय खेतप्रसाद लामिछाने र रसुवा जिल्ला यार्साका ग्याल्जेन घलेको माओवादीको आशंकामा ०५८ मंसिर २३ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो । पीडितहरूको लास आफन्तलाई बुझ्नसमेत दिइएनन्। पीडितहरू सर्वसाधारण र निर्दोष व्यक्ति भएको कुरा सोही ठाउँका व्यक्तिहरूले बताए।

गणेशस्थान गाविस-३ माछापोखरीका ४० वर्षीय सिताराम राईलाई ०५८ मंसिर २३ गते पसलमा बसिरहेको अवस्थामा माओवादीहरूले हत्या गरे। पीडित शाही नेपाली सेनाबाट अवकाश प्राप्त व्यक्ति थिए।

थान्सीङ्ग गाविस-१ छहरेका ३३ वर्षीय रामनाथ जी. सी. लाई ०५८ पुस १४ गते पुजा गरिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी हत्या गरे। पीडित लामो समयदेखि काठमाण्डौमा ड्राइभिङ्ग पेशामा संलग्न थिए।

बेल्कोट गाविसस्थित कैलावती प्रा.वि.का प्रधानाध्यापक एवं नेपाल शिक्षक संघका जिल्ला कोषाध्यक्ष सोमराज शर्मा थपलियालाई ०५८ पुस १५ गते माओवादीहरूले खुकुरी र गोली हानी हत्या गरे। पीडितलाई राति आफ्नो घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले घरमा बम विस्फोट गराउने धम्की दिई आपहरण गरेकोमा घर भन्दा ५ सय मिटर पर पुऱ्याई हत्या गरेका थिए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा एक जना ४ महिनाको शिशुसहित ४ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

नुवाकोट जेलको बन्दी क्षमता ५० जना हो। संकटकाल लागू भएपछि यस जेलका बन्दीहरूलाई केन्द्रीय कारागारमा सरूवा गरियो। कैद नतोकिएका ६ जना र कैद तोकिएका १ जना गरी कूल ७ जना वन्दी रहेको अवस्थामा ०५८ मंसिर १९ गते उनीहरूलाई केन्द्रीय कारागार पठाइएको थियो। जेल अत्यन्तै जीर्ण छ। हिउँदको समयमा खानेपानी अभाव यस जेलको प्रमुख समस्या हो।

बेपत्ता पारिएको / अपहरण गरिएको

जिल्ला प्रशासन कार्यालयमा कार्यरत ४९ वर्षीय

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४				
गोलीद्वारा हत्या	४	१३		१३	२	४		४
एम्बुसमा परी घाइते	१	३		३				
कुटपिट	९	१३		१३				
महिला किनबेच	३		५	५				
महिला किनबेचको प्रयास	१		४	४				
बलात्कार	१		१	१				
बालअधिकार	१		१	१				
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	४	५		५				
जम्मा	३०	४०	११	५१	२	४		४

अनन्तप्रसाद गजुरेललाई ०५७ चैत २२ गते विदुर नपा पिपलटारस्थित आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई दुई दिनपछि शेरामा ल्याई मुक्त गरियो।

चौघडा गाविसका उपाध्यक्ष कृष्णमान श्रेष्ठ र सोही गाविस-२ का वडाध्यक्ष रोहितबहादुर राईलाई ०५८ भदौ ३१ गते राति सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये कृष्णमान भोलिपल्ट भाग्न सफल भए भने रोहितबहादुरलाई २ दिनपछि मुक्त गरियो।

ककनी गाविस-३ का मंगलबहादुर तामाङलाई लुटपाट कार्यमा संलग्न भएको आरोपमा ०५८ असोज १४ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई पछि हत्या गरेको माओवादीहरूले सार्वजनिक गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बागेश्वरी गाविस-७ का नेकपा (एमाले) इलाका कमिटी सचिव एवं नेपाल रेडक्रस सोसाईटी, बागेश्वरी उपशाखाका सभापति जीतबहादुर घलेलाई ०५८ कार्तिक ६ गते फलाँटे बजारबाट घरतर्फ गइरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी हात भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा गरियो।

भद्रटार गाविस-४ का नेकाँका कार्यकर्ता कृष्णप्रसाद पाण्डेलाई ०५८ कार्तिक १५ गते माओवादीहरूले घरबाट बाहिर निकाली लाठी, मुड्की र फलामको रड प्रहार गरी करङ्ग भाँचिदिए।

चारघरे गाविस-५ गौरीबेंसीका ५४ वर्षीय भूमिनन्दन रिमाललाई ०५८ मंसिर २५ गते माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए।

चौघडा गाविस-६ का वडाध्यक्ष तुलसीराम राईलाई ०५८ पुस ७ गते माओवादीहरूले घरबाट बाहिर निकाली बन्दुकको कुन्दा, लाठी र बुट प्रहार गरी घाइते बनाए।

लिस्वु गाविस-१ का राप्रपाका कार्यकर्ता निरञ्जन के.सी. लाई ०५८ पुस ८ गते माओवादीहरूले कुटपिट गरी घन प्रहार गरी दुवै हातखुट्टा थिलथिलो बनाए। माओवादीहरूले पीडितको घरमा रहेको टेलिफोन पनि ध्वस्त पारिदिए।

लिस्वु गाविस-७ का नेकाँ जिल्ला कार्य समिति सदस्य एकाराम थापा र सोही पार्टीका क्षेत्र नं. १ का पूर्वसभापति

ताउका घटनामा मारिएकाहरु

यमबहादुर थापालाई ०५७ चैत १८ गते माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरी हातखुट्टा भाँचिदिए। पीडितहरूको उपचार काठमाण्डौमा गरियो।

चारघरे गाविसमा मतदाता परिचयपत्रको निम्ति फोटो खिच्न गएको टोलिमाथि ०५८ पुस १४ गते माओवादीहरूले आक्रमण गरी फोटोग्राफर हेमन्तकुमार बस्नेत र धर्मराज दाहाललाई कुटपिट गरी खुट्टा भाँचिदिनुका साथै क्यामरा र अन्य उपकरण लुटेर लगे।

ताप्लेजुङमा प्रहरीसँगको भिडन्तका क्रममा मारिएका माओवादीहरू

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष माओवादी गतिविधिका कारण न्यायिक निकायहरूमा न्यायका लागि पुग्ने प्रवृत्ति न्यून रहेको पाइयो।

यस वर्ष जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ९५ र यस वर्ष दर्ता भएका ३८ गरी कूल १ सय ३३ वटा मुद्दा रहे। यस वर्ष ५० वटा मुद्दा फर्स्यौट भए। २ वर्ष पुरानो फर्स्यौट हुन बाँकी मुद्दाको संख्या ८ छ भने ३ वर्ष पुरानो मुद्दा छैन। अदालतमा बढी मात्रामा अंश, जग्गा र लेनदेन सम्बन्धी मुद्दाहरू छन्।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका केही सार्वजनिक अपराध तथा सजाय ऐनअन्तर्गतका १४ वटा मुद्दा र यस वर्ष दर्ता भएका २ वटा मुद्दा रहे। यस वर्ष एउटा मुद्दा फर्स्यौट भई १५ वटा बाँकी रहे। स्वीकृतिबेगर पत्रिका संचालन गरेकोसम्बन्धी एउटा मुद्दा दर्ता भएकोमा विचाराधीन नै छ।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

बृद्ध भत्ताका लागि चारघरे गाविसमा वितरण गर्न लागिएको ३९ हजार ४ सय रूपैयाँ ०५८ पुस १४ गते माओवादीहरूले लुटे। यसबाट सयौं बृद्धबृद्धाहरू प्रभावित भए।

महिला अधिकार

देवीघाट बजारस्थित रणभुवनेश्वरी उच्च माविमा अध्ययनरत ४ जना छात्रालाई खड्गभञ्ज्याङ्ग गाविसकी सीता कार्की, नर्जामण्डपका केशव अधिकारी र ललितपुर जिल्ला कुपण्डोलका मिलन स्थापितले बिक्री गर्न लैजाने प्रयास गरे। पीडकहरूले शुरूमा काठमाण्डौस्थित सोल्टी होटलमा काम गर्ने, त्यहाँ महिनाको १२-१३ हजार रूपैयाँ कमाउन सकिने र १ वर्षपछि अमेरिका गएर धेरै पैसा कमाउन पाइने प्रलोभन दिई ०५८ असोज १५ गते फकाइरहेको अवस्थामा सोही विद्यालयका विद्यार्थीहरूको पहलमा पीडकहरूलाई गिरफ्तार गरियो।

माओवादीद्वारा कुटपिट गरिएका जीतबहादुर घले

विदुर नपा-३ बट्टारबजारकी दुई जना र मदानपुर गाविस-४ की एक जना गरी तीन जना युवतीलाई ०५७ पुस १२ गते लच्याङ्ग गाविसकी रमिता गुरूङ्गले भारतको बम्बई पुऱ्याई बिक्री गर्ने कार्यमा सहयोग गरिन। पीडकले पीडितहरूलाई माओवादी पार्टीमा जानुपर्छ, लुटेका पैसा, सुन तिमीहरूले राख्न पाउँछौ भनी फकाएर बम्बई लगेकी थिइन्। पीडकलाई प्रहरीले ०५७ फागुनमा काठमाण्डौबाट गिरफ्तार गरी हाल थुनामा राखिएको छ।

सुन्दरादेवी गाविस-९ की १७ वर्षीय सेतीमाया तामाङलाई ०५७ पुस १७ गते सोही ठाउँकी कान्छीमाया तामाङले राम्रो खान, लगाउन, फिल्ममा खेल्न पाइन्छ भन्दै फकाएर भारतको काठमाण्डौ पुऱ्याई बिक्री गरिन। पीडितहरूलाई काठमाण्डौं एक व्यक्तिले बम्बै पुऱ्याई बिक्री गरेका थिए। तर पीडक को हुन् भन्ने बारे जानकारी प्राप्त भएन।

बालअधिकार

हल्देकालिका गाविस-३ की १२ वर्षीय एक बालिकालाई ०५८ भदौ २४ गते घाँस काटेर घर फर्कदै गरेको अवस्थामा सोही ठाउँका माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारका सदस्य २१ वर्षीय कैले गिरीले खेतमा लगी बलात्कार गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक अधिकार

सूर्यमति गाविसको कार्यालयमा कार्यरत प्राविधिक सहायक रमेश राईलाई गाविस अध्यक्ष कृष्णबहादुर राईले काम गरेको ७ महिनाको तलब नै नदिई अवकाश दिए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गरेका छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्ला प्रशासन कार्यालयमा कार्यरत अनन्तप्रसाद गजुरेललाई ०५७ चैत २२ गते माओवादीहरूले अपहरण गरेको घटनालाई लिएर मानवअधिकार तथा सामाजिक सचेतन केन्द्र (सेन्थुर) र मानवअधिकार तथा शान्ति समाजले चैत २३ गते प्रेस विज्ञप्ति जारी गरी रिहाईका लागि आग्रह गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा सडक दुर्घटनाका ११ वटा घटनामा ११ पुरूष र ३ महिलाको मृत्यु भयो। ९ पुरूष र ११ महिलाले आत्महत्या गरे।

२.१९ रसुवा



जनसंख्या	: ४६५४५
साक्षरता प्रतिशत	: २६.४
महिला साक्षरता प्रतिशत	: १३.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १५४४
गाविस/नपा संख्या	: १८/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६७
क्याम्पस/उच्च मावि	: ०/२
अस्पताल/स्वास्थ्य चौकी	: २/२८
टेलिफोन लाइन	: १७०
मोटर सडक (कि.मी.)	: १२०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: १८

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

स्याफ्रु गाविस-९ का ४५ वर्षीय वीरबहादुर मोक्तानको माओवादीको आरोपमा ०५८ पुस १४ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितलाई सोही दिन धुन्चे गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखिएकोमा भाग्न खोज्दा गोली प्रहार गरिएको सुरक्षाकर्मीले जनाए।

जेल र बन्दीहरु

"घ" श्रेणीको रसुवा जेलको बन्दी क्षमता २५ जना हो। हाल यस जेलमा १५ जना पुरूष बन्दी छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सरमथली गाविसस्थित लिर्कुभूमि माविमा ०५८ जेठ १२ गते राति माओवादीहरूले आगो लगाई ४ लाख, ४५ हजार ५ सय रूपैयाँ बराबरको क्षति पुऱ्याए।

डाँडागाउँ गाविसको नयाँ भवन र सोही गाविसस्थित प्रहरी चौकीमा ०५८ असार २५ गते राति माओवादीहरूले मट्टितेल खन्याई आगो लगाएर क्षतिग्रस्त बनाए।

धुन्चे गाविस-५, ६, ७ र ८ का जनतालाई ०५८ भदौ २७ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले आफ्नो संगठनको सम्मेलनका लागि चन्दा दिनुपर्ने धम्की दिए। सोही आरोपमा ठेगाना नखुलेका विनोद तामाङ र प्रमोद देवकोटालाई प्रहरीले गिरफ्तार गरी थुनामा राखिएको छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धैबुङ गाविसस्थित कालिका हिमालय उच्च माविमा अध्ययनरत ४० जना विद्यार्थीहरूलाई ०५८ जेठ १३ गते परीक्षा दिन गएको अवस्थामा छ वाम समूहद्वारा आयोजित आम हडतालमा संलग्न भएको आरोपमा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

बालअधिकार

धुन्चे गाविस-५ की १२ वर्षीय फूलमाया तामाङलाई आफ्नो छोरीको कपाल काटिदिएको आरोपमा ०५८ असार २७ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत कृष्ण भन्ने एक प्रहरी जवानले कुटपिट गरे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गोलीद्वारा हत्या					१	१		१
कुटपिट	२	१	१	२				
जम्मा	२	१	१	२	१	१		१

पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रूपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ वाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या	३१६१२७
साक्षरता प्रतिशत	६९.२७
महिला साक्षरता प्रतिशत	३८.८
क्षेत्रफल (वर्ग कि.मी.)	१५४६
गाविस/नपा संख्या	४६/१
निर्वाचन क्षेत्र	३
विद्यालय	४२५
क्याम्पस/उच्च मावि	५/७
अस्पताल/स्वास्थ्य चौकी	१/५८
टेलिफोन लाइन	१००९
मोटर सडक (कि.मी.)	६५८
प्रहरी कार्यालय संख्या	२५
हुलाक संख्या	५२

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

श्याम्घा गाविस-४ का नेकाँका जिल्ला कोषाध्यक्ष ५५ वर्षीय विष्णु जमरकट्टेललाई ०५७ चैत २८ गते दिउँसो क्यामीन गाविस-९ दुलेपानीमा गाडीमा यात्रा गरिरहेको अवस्थामा माओवादीहरूले गाडीबाट बाहिर निकालेर गोली हानी हत्या गरे।

अरूणोदय गाविस-५ टेक्रेस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी सई महोत्तरी जिल्ला इतरवाकट्टी गाविस-४ का सुरेन्द्र सिंह, प्रहरी जवान महोत्तरी जिल्ला महोदैया गाविस-४ का आमेश्वर राय, नवलपरासी जिल्ला कुलुवा गाविस-२ का पदमनारायण महतो, काठमाण्डौ जिल्ला कामनपा-१५ का देवेन्द्र कोइराला र लमजुङ जिल्ला विचौर गाविस-५ का केशव न्यौपानेलाई ०५८ असार १५ गते बेलुका माओवादीहरूले गोली र बम प्रहार गरी हत्या गरे। घाँसीकुवाका प्रहरी जवान जगतबहादुर थापालाई घाइते बनाएकोमा काठमाण्डौमा उपचार गरियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ३ जना पुरूष र ४ जना महिलाको हत्या भयो। जसमध्ये-

कास्की जिल्ला कास्कीकोट गाविस-१ घर भई कारागार शाखा तनहुँमा कार्यरत प्रहरी हवल्दार ३८ वर्षीय देवीप्रसाद सुवेदीलाई ०५७ माघ ४ गते स्याङ्जा जिल्ला कोल्मा गाविस-४ घर भई सोही शाखामा कार्यरत प्रहरी ३२ वर्षीय छत्रबहादुर रानाले ईंटाले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएकोमा काठमाण्डौस्थित वीर अस्पतालमा उपचार गर्दागर्दै ०५७ फागुन ४ गते मृत्यु भयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

आफ्नै परिवारका ६ जनाको हत्या गर्ने चुडाबहादुर कुमाल

पुर्कोट गाविस-८ महन्ते हट्टियाकी ८५ वर्षीय काली कुमाल, ५६ वर्षीय कुइली कुमाल, ३५ वर्षीय मुरली कुमाल, ६ वर्षीय रन्जीता कुमाल, १० वर्षीय अभिसेक कुमाल र २३ वर्षीय दलबहादुर कुमाललाई ०५८ भदौ ४ गते आफ्नै घरमा ३८ वर्षीय चुडाबहादुर कुमालले खुर्पा प्रहार गरी हत्या गरे। त्यसैगरी ९ वर्षीय गजेन्द्र कुमाललाई गम्भीर घाइते बनाएकोमा काठमाण्डौमा उपचार भयो। पीडकलाई ०५८ भदौ १२ गते सोही ठाउँका जनताले समाती प्रहरीसमक्ष बुझाए। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लामा रहेको "घ" श्रेणीको जेलको बन्दी क्षमता २५ जना हो। कैद तोकिएका १४ जना र कैद नतोकिएका १३ जना गरी २७ जना बन्दी छन्। जसमध्ये कर्तव्य ज्यान मुद्दामा १३, जबरजस्ती करणी मुद्दामा २, नकवजनी चोरी मुद्दामा ३, ज्यानमार्ने उद्योग मुद्दामा १, डाँकाचोरी मुद्दामा १, सार्वजनिक अपराध मुद्दामा ५ र नजरबन्दमा २ जना छन्।

जेल भवन जीर्ण छ। तर, वातावरण शान्त र सफा रहेको छ। यस जेलमा पत्रपत्रिका, टेलिभिजन, रेडियो, खेलकुदका सामग्री आदि राखिएको छ। आफूहरूबीच राम्रो व्यवहार रहेको बन्दीहरू बताउँछन्। बन्दीहरू आफ्नै लगानीमा नाम्लो र मुढा बुन्ने काममा लागेका छन्। यस जेलमा नाबालक र महिला बन्दी छैनन्।

गिरफ्तारी र यातना

पुर्कोट गाविस-८ का ३७ वर्षीय दीपबहादुर वि.क.लाई माओवादीहरूद्वारा संकलित धान घरमा राखेको आरोपमा ०५७ पुस २९ गते प्रहरीले गिरफ्तार गरी २ दिनपछि तारेखमा रिहा गरे।

पुर्कोट गाविस-९ का मनोहर माविका शिक्षक ४३ वर्षीय तिलाराम ढकाललाई माओवादीको आरोपमा ०५७ पुस २९ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५७ फागुन १९ गते तारेखमा रिहा गरियो।

वरभञ्ज्याङ गाविस-६ का २५ वर्षीय केशवराज सिंह र माझकोट गाविस-२ का २८ वर्षीय पदमबहादुर रानालाई माओवादीको आरोपमा ०५७ माघ १२ गते बन्दीपुर भर्मासिवाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५७ फागुन १६ गते काठमाण्डौ

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	३	४	७				
गोलीद्वारा हत्या	१	१		१				
बम प्रहारबाट मृत्यु	१	५		५				
बम प्रहारबाट घाइते	१	१		१				
गिरफ्तारी र यातना					१९	२२	२	२४
कुटपिट	२५	२८	२	३०				
धम्की	४	४		४	१	३		३
बेपत्ता पारिएको					१		१	१
भेला र संगठित हुने अधिकार					१	३		३
बलात्कार	१		१	१	१	१		१
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	३		३	३				
महिला भएकै कारण यातना	३		४	४				
बाल अधिकार	२	१	१	२				
जातीय छुवाछूत	१	१	१	२				
अमानवीय व्यवहार	४	४		४				
अपहरण	४९	४८	१७	६५	२३	२९	३	३२
जम्मा	९६	९३	३०	१२३	४६	५८	६	६४

जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगियो। विशेप अदालतमा मुद्दा चलाई हाल काठमाण्डौस्थित केन्द्रीय कारागारमा राखिएको छ।

किहूँ गाविस-३ का सिद्धार्थ उच्च माविका शिक्षक ३८ वर्षीय विष्णुप्रसाद सिग्देल र सोही गाविस-१ का ६० वर्षीय ठेउके माहिला विकलाई माओवादीको आशंकामा ०५७ चैत १० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई २ दिन टेक्रेस्थित प्रहरी चौकीमा राखी रिहा गरियो।

लमजुङ जिल्ला जिता गाविस-१ घर भई व्यास नपा-१ बस्ने ५८ वर्षीय ठाकुरप्रसाद पौडेललाई माओवादीको आरोपमा ०५७ चैत २९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई २ दिन जिल्ला प्रहरी कार्यालयमा राखी लमजुङ जिल्लाको बेंसीशहर लगियो। ५ दिन बेंसीशहरमा राखी पुनः दमौली ल्याई तारेखमा रिहा गरियो।

लमजुङ जिल्ला जिता गाविस-१ का २६ वर्षीय भुपेन्द्र पौडेललाई माओवादीको आरोपमा ०५७ चैत ३० गते व्यास नपा-१० दमौलीबाट प्रहरीले गिरफ्तार गरी लमजुङ पुऱ्याए। पीडितलाई सार्वजनिक अपराध मुद्दा लगाई लमजुङबाट तारेखमा रिहा गरियो।

व्यास नपा-१ का ३६ वर्षीय भिष्मराज पौडेललाई माओवादीको आरोपमा ०५८ मंसिर १२ गते घरबाट प्रहरीले गिरफ्तार गरेकोमा ०५८ मंसिर २२ गतेदेखि नजरबन्दमा राखिएको छ।

व्यास नपा-११ का ४५ वर्षीय यामप्रसाद सोतीलाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

व्यास नपा-२ का ३९ वर्षीय रामबहादुर गोनामेलाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडित मंसिर २२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी रिहा भए।

व्यास नपा-१० का ३१ वर्षीय कृष्णप्रसाद ढुङ्गानालाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २५ गते तारेखमा रिहा गरियो।

घाँसीकुवा गाविस-२ का ५० वर्षीय गणेशराज पन्थलाई माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारमा बसेको आरोपमा ०५८ मंसिर २१ गते घरबाट प्रहरीले गिरफ्तार गरी ०५८ मंसिर २४ गते तारेखमा रिहा गरे।

पुर्कोट गाविस-७ की ३१ वर्षीय सरस्वती ढकाललाई माओवादीको आरोपमा ०५८ मंसिर २२ गते सोही ठाउँस्थित निर्लजा निमाविबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल कास्की जिल्लामा नजरबन्दमा राखिएको छ।

घाँसीकुवा-८ का ४९ वर्षीय शान्तकुमार श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भई माओवादीद्वारा गठित गाउँ जनसरकार प्रमुख भएको आरोपमा ०५८ मंसिर १८ गते राति घरबाट प्रहरीले गिरफ्तार गरे। पीडित ०५८ मंसिर २५ गते आत्मसमर्पण गरी रिहा भए।

श्याम्घा गाविस-९ का ३६ वर्षीय प्रेमबहादुर हमाल, ३६ वर्षीय तेजबहादुर थापा र ४३ वर्षीय पम्फा गुरुङलाई माओवादीको आशंकामा ०५८ मंसिर २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये पम्फालाई भोलिपल्ट रिहा गरियो भने अन्यलाई जिल्ला प्रहरी कार्यालय ल्याई १ हप्ता विजयपुरमा राखी पुनः दमौली ल्याई तारेखमा रिहा गरियो।

व्यास नपा-६ का ३८ वर्षीय ध्रुवराज शाहीलाई माओवादीको आरोपमा ०५८ मंसिर २७ गते प्रहरीले घरबाट गिरफ्तार गरेकोमा पुस ८ गतेदेखि नजरबन्दमा राखियो।

किहूँ गाविस-४ का पिताम्बर सिग्देल र सोही गाविस-२

का खड्कसिंह रानालाई माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारमा बसेको आरोपमा ०५८ पुस १७ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०५८ माघ ५ गतेदेखि नजरबन्दमा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

श्याम्घा गाविस-९ का सोही गाविसका सचिव ४४ वर्षीय सिद्धिभक्त पण्डितलाई ०५७ फागुन ४ गते बेलुका आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई २ दिनपछि मनपाङ गाविसको सर्वाटाङ् पुऱ्याई मुक्त गरियो।

जामुने गाविस-३ की शिक्षिका तथा अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य आशा खनाललाई ०५८ जेठ ३ गते कास्की जेलबाट जेल सजाय भुक्तान गरी रिहा भएर घर जाँदैगर्दा कास्की जिल्ला पोखरा उमनपा-८ फिर्केबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई अदालतमा उपस्थित गराउन पुनरावेदन अदालतले आदेश दिएपछि जेठ ४ गते दमौलीमा "संदिग्ध अवस्थामा फेला पारेको" भनी शान्ति सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा राख्ने पुर्जी दिइयो। पुनरावेदन अदालतको आदेशमा असार ४ गते काठमाण्डौ जिल्ला अदालतमा उपस्थित गराई रिहा गरिएकोमा सोही दिन पुनः गिरफ्तार गरी बेपत्ता पारेर केही समयपछि घरमा ल्याई परिवारको जिम्मामा रिहा गरियो।

पटक-पटक गिरफ्तार गरिएकी आशा खनाल

माझकोट गाविस-२ का ५२ वर्षीय मोहनवीर रानालाई ०५८ जेठ २६ गते भीमाद गाविस-१ को आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई जेठ २७ गते सोही ठाउँस्थित शिव प्राविमा जनता भेला गराई मोसो दलेर मुक्त गरे।

व्यास नपा-२ स्थित संझना इम्पोरियमका मालिक ३६ वर्षीय शेरबहादुर धिमाललाई ०५८ जेठ ३० गते माओवादीहरूले अपहरण गरी असार १ गते मुक्त गरे।

व्यास नपा-११ का ३६ वर्षीय जनकलाल श्रेष्ठलाई ०५८ असार ७ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितको हालको अवस्थाका बारेमा केही थाहा हुन सकेको छैन।

श्याम्घा गाविस-९ का दुई र व्यास नपा-६ की एक महिलालाई माओवादी पार्टीमा लागी काम गर्नुपर्छ भनी धम्की दिएर ०५८ साउन १७ गते राति आ-आफ्नो घरबाट आफूलाई माओवादी बताउने व्यक्तिहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे। पीडकहरू नक्कली माओवादी भएको थाहा भयो।

भानुमती गाविस-४ घर भई भीमाद गाविस-१ मा बस्ने २८ वर्षीय खिमबहादुर थापालाई जनप्रतिनिधिहरूले राजीनामा दिनु हुँदैन भनेको आरोपमा ०५८ साउन २९ गते भीमादबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी भोलिपल्ट किहूँ पुऱ्याएर मुक्त गरियो।

व्यास नपा-१० का ५४ वर्षीय नन्दलाल शर्मा र ३७ वर्षीय गोकर्ण थापालाई ०५८ भदौ २ गते किहूँ गाविस-३ जोर्तेठाँटीबाट माओवादीहरूले अपहरण गरी निर्मम कुटपिट गरी सोही दिन मुक्त गरे।

दुलेगौंडा गाविस-८ बेलचौतारास्थित ब्राइट फ्युचर इङ्लिस बोर्डिङका प्रिन्सिपल डा. चन्द्रबहादुर थापालाई विद्यालय सञ्चालन गर्न सक्रिय भएको आरोपमा ०५८ असोज २१ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई स्याङ्जा जिल्लाको मग्याम चिसापानी पुऱ्याई असोज २३ गते मुक्त गरे।

ढोरफिर्दी गाविस-३ का रूद्रबहादुर सेन र सोमप्रसाद पौडेललाई सुराकीको आरोपमा ०५८ पुस ६ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई निर्मम कुटपिट गरी ८ गते मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बरभञ्ज्याङ गाविस-६ का ४५ वर्षीय चुमनारायण श्रेष्ठलाई विद्यालयमा विभेदपूर्ण व्यवहार गरेको आरोपमा ०५७ पुस १८ गते आदर्श सरस्वती माविमा माओवादीहरूले हातखुट्टा बाँधी कुटपिट गरे।

माझकोट गाविस-१ का ५१ वर्षीय डम्बरबहादुर रानालाई ०५७ पुस १९ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले घरबाट बाहिर निकाली ढुङ्गामाथि खुट्टा राखी फलामको पाइपले हिर्काई दायाँ खुट्टा र बायाँ हात भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

साभुङ भगवतीपुर गाविस-५ का सोही गाविसका अध्यक्ष चिनबहादुर थापालाई ०५७ माघ २३ गते बिहान घरमै बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी दायाँ खुट्टा र बायाँ हात भाँचिदिए। पीडितको उपचार काठमाण्डौस्थित शिक्षण अस्पतालमा भयो।

वसन्तपुर गाविस-७ का मनहर माविका शिक्षक ४५ वर्षीय पदमबहादुर रानाभाटलाई भ्रष्टाचार गरेको आरोपमा ०५७ माघ २६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौस्थित शिक्षण अस्पतालमा भयो।

किहूँ गाविस-३ का भूपू गाविस उपाध्यक्ष कृष्णप्रसाद सिग्देललाई सुराकी गरेको आरोपमा ०५७ फागुन २३ गते आफ्नै घरमा बसिरहेकै अवस्थामा माओवादीहरूले बञ्चरो प्रहार गरी दायाँ खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौस्थित शिक्षण अस्पतालमा भयो।

पुर्कोट गाविस-७ का ६१ वर्षीय केदारनाथ ढकाललाई ०५७ फागुन २५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

पुर्कोट गाविस-१ घर भई चोकचिसापानी गाविस-६ बस्ने

५५ वर्षीय शिवदत्त पन्तलाई छोराले एक महिलालाई अलपत्र पारेको आरोपमा ०५७ फागुन २६ गते माओवादीहरूले कुटपिट गरे।

रिसिङ रानीपोखरी गाविस-९ का ७६ वर्षीय यदुनाथ सुवेदी र उनका छोरा गणेश सुवेदीलाई ०५७ चैत ८ गते आफ्नै घरमा बसिरहेको अवस्थामा ७-८ जनाको अज्ञात व्यक्तिहरूले गर्धनमा खुकुरी तेर्स्याएर ७० हजार रूपैयाँ बराबरको सुन तथा धनमाल लुटेर लगे।

किहूँ गाविस-१ बेलडाँडास्थित बाटोमा ०५७ चैत १० गते माओवादीहरूले प्रहरीलाई निशाना बनाई एम्बुस विस्फोट गराए तर कुनै क्षति भएन।

देउराली गाविस-३ का सोही गाविसका अध्यक्ष कृष्णबहादुर गुरूङलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०५७ चैत १४ गते गाविसको बैठक बसिरहेको अवस्थामा माओवादीहरूले हिलेखर्क लगी कुटपिट गरेर कान समाई ५० पटक उठबस गर्न लगाए।

जामुने गाविस-१ का ५९ वर्षीय बलभद्र खनाललाई ०५७ चैत १६ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले घरबाहिर बोलाई ढुङ्गाले प्रहार गरी बायाँ हात-खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

भीरकोट गाविस-७ स्थित प्रहरी चौकीमा ०५८ जेठ १२ गते राति ९ बजे माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाउनुका साथै कागजपत्र जलाए। माओवादीहरूले चौकीमा रहेका १४ जना प्रहरीको वर्दी जलाई प्रहरीलाई बाँधेर राखे।

व्यास नपा-६ का ५० वर्षीय गणेशबहादुर घर्तीलाई सुराकी गरेको आरोपमा ०५८ जेठ २२ गते माओवादीहरूले घरबाट शुक्र प्राविमा लगी हातखुट्टा बाँधेर कुटपिट गर्नुका साथै मोसो दली कान समाएर ५० पटक उठबस गर्न लगाए।

व्यास नपा-६ का सोही ठाउँ स्थित निमाविका प्रधानाध्यापक ३४ वर्षीय गोपालबहादुर क्षेत्रीलाई विभिन्न आरोप लगाउँदै ०५८ जेठ २२ गते बिहान माओवादीहरूले विद्यालयमा लगी हातखुट्टा बाँधी कुटपिट गर्नुका साथै मोसो दलेर कान समाई ७५ पटक उठबस गर्न लगाए।

आँबुखैरेनी गाविस-१ का २२ वर्षीय रामकृष्ण थापालाई ०५८ जेठ २३ गते माओवादीहरूले सत्रसय प्रतीक्षालयमा लगी दुवै हात र दायाँ खुट्टा भाँचिदिए। पीडितको उपचार पोखरामा भयो।

घाँसीकुवा गाविस-९ का १९ वर्षीय श्यामबहादुर थापा, २१ वर्षीय मोहनसिंह थापा र १८ वर्षीय विष्णुबहादुर प्याकुरेललाई गाउँ-गाउँबीचको झगडाका कारण ०५८ असार १ गते बरभञ्ज्याङ गाविस-९ मास्कीरहमा सोही ठाउँका रामचन्द्र लामा, तिलकबहादुर लामा, बुद्ध लामासमेत ८-१० जनाले कुटपिट गरी घाइते बनाए।

कोटा गाविस-२ का ३० वर्षीय मणिराज गुरूङलाई गाविसका जनप्रतिनिधिहरूले राजीनामा दिन नहुने बताएको आरोपमा ०५८ साउन ८ गते माओवादीहरूले निर्मम कुटपिट गर्नुका साथै कुखुरोजस्तो बन्न लगाई हिर्काए। पीडितको उपचार चितवन जिल्लामा भयो।

जामुने गाविस-१ का ४५ वर्षीय विष्णुकुमार श्रेष्ठलाई ०५८ साउन १० गते राति १० बजे आफ्नै घरमा बसिरहेको अवस्थामा आफूलाई माओवादी बताउने ५-७ जना व्यक्तिहरूले ज्यानमार्ने धम्की दिई ६ हजार रूपैयाँ लुटेर लगे।

पुर्कोट गाविस-६ का कर्मदा निमाविका प्रधानाध्यापक ४१ वर्षीय रमानाथ बजगाईंलाई ०५८ साउन २९ गते माओवादीहरूले घरबाट तेलकाती खोलामा लगी कुटपिट गरे।

वसन्तपुर गाविस-३ का ६५ वर्षीय ज्ञानबहादुर रानाभाटलाई सामाजिक कारण देखाई ०५८ पुस ३ गते बेलुका घरमा बसिरहेको अवस्थामा २०-२२ जना अज्ञात व्यक्तिहरूले कुटपिट गरे। पीडितको उपचार चितवन जिल्लामा भयो।

चोकचिसापानी गाविस-५ का सोही गाविसका उपाध्यक्ष प्रेमराज भन्ने श्याम उप्रेतीलाई ०५८ पुस ८ गते बेलुका खाना खान लागिरहेको अवस्थामा माओवादीहरूले घरबाट बाहिर निकाली बञ्चरो प्रहार गरी दायाँ खुट्टा भाँचिदिए।पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

पुर्कोट गाविस-१ का सीताराम भन्ने छत्रराज भण्डारीलाई ०५८ पुस ८ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले लाठी र बञ्चरो प्रहार गरी दायाँ खुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

देवघाट गाविस-२ का नेकपा (एमाले) गाउँ कमिटी सचिव कृष्ण सुवेदीलाई माओवादीद्वारा घोषित गाउँ जनसरकारका व्यक्तिहरूलाई राजीनामा गर्न लगाएको आरोपमा ०५८ पुस १० गते माओवादीहरूले कुटपिट गरे। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

क्षेत्र नं. ३ का सांसद टुकराज सिदेल, नेकपा (एमाले) जिल्ला कमिटी सदस्य शंकरनारायण श्रेष्ठ, श्रीप्रसाद श्रेष्ठ र कार्यकर्ताहरू सूर्यमणि पौडेल, विष्णुप्रसाद बाग्लेलगायतका नेता तथा कार्यकर्ताहरूलाई छ वाम समूहको आयोजनामा भएको आमहडतालका क्रममा ०५८ जेठ १४ गते जिल्ला प्रशासन कार्यालय घेराउ गर्न गएको अवस्थामा प्रहरीले हवाई फायर गर्नुका साथै लाठीचार्ज गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ४४ मुद्दा रहे। जसमध्ये देवानी २ सय १९, दुनियावादी फौजदारी ८८ र सरकारवादी २७ वटा थिए। यस वर्ष कूल ३ सय ७ वटा मुद्दा दर्ता भए। जसमध्ये देवानी १ सय ६८, सरकारवादी फौजदारी ४९ र दुनियाँवादी फौजदारी ९० वटा थिए। यस वर्ष देवानी १ सय ५०, सरकारवादी फौजदारी

५० र दुनियाँवादी फौजदारी ९७ गरी २ सय ९७ वटा मुद्दा फर्स्यौट भए। देवानी २ सय ३७, सरकारवादी फौजदारी २६ र दुनियाँवादी फौजदारी ८१ गरी ३ सय ४४ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

गाविसका जनप्रतिनिधिहरूले राजीनामा दिएको र गाउँ जनसम्पर्क बनिसकेको कारण देखाई माओवादीहरूले गाविसका कार्यालयहरूमा तालाबन्दी गर्नाले गाविसबाट पाउने सुगम र न्यायिक अधिकारबाट यस जिल्लाका कतिपय गाविसका जनता वञ्चित हुन पुगे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ हजार ८ सय २५ वृद्ध, ४ हजार ४ सय ५४ विधवा र ५० जना अपाङ्गले सुविधा पाउनुपर्ने देखिन्छ। सबै सुविधाको लागि १ करोड ४० लाख ८९ हजार ८ सय रकम लाग्नेमा २० लाख ७७ हजार २ सय ९० अपुग भएको जिविसले जनायो। सो सम्बन्धी रकम प्रथम किस्ता ४२ लाख ३९ हजार निकासा भएको देखिन्छ। निकासा भएको रकम नगरपालिका र पृथ्वीराजमार्ग छेउछाउका गाविसबाहेक अन्य गाविसहरू बन्द हुनाले वितरण हुन सकेन।

यस जल्लाका घाँसिकुवा, कोटा, साभुङ भगवतीपुर, माझकोट, श्याम्घा, चोक चिसापानी, रिसिङ रानीपोखरी, किहूँ, अरूणोदय, घिरिङ सुन्धारा, ढोरफिर्दी, कोटदरवार, राम्जाकोट, केशवटार, पोखरीभञ्ज्याङ, देवघाट, राइपुर र भीरकोट गाविसका कार्यालय बन्द रहे। गाविस कार्यालय बन्द भएका कारण बसाइँ-सराइ, नागरिकता प्रमाणपत्रको सिफारिस, जन्मदर्ता, मृत्युदर्ता र गाउँस्तरका विकास निर्माणका कार्य तथा सामाजिक सुरक्षाअनुसारका असहाय वृद्ध एवं विधवा भत्ता वितरणमा प्रत्यक्ष असर पर्‍यो।

महिला अधिकार

व्यास नपा-५ का दुई जना महिलालाई माओवादी पार्टीमा लागी काम गर्नुपर्छ भनी धम्की दिएर ०५८ साउन ४ गते आ-आफ्नो घरबाट आफूलाई माओवादी बताउने केही व्यक्तिहरूले अपहरण गरे। पीडितहरूलाई मुक्त गरियो। पीडकहरू नक्कली माओवादी भएको थाहा भयो।

केशवटार गाविस-९ की २१ वर्षीय कलावती भट्टराईसँग ०५७ मंसिर १७ गते सोही ठाउँका पूर्णवहादुर विकले राजीखुशी प्रेम विवाह गरे। कलावतीका बाबुआमाले अन्तरजातीय विवाह गरेको आरोपमा छोरीलाई २ महिनासम्म लुकाए। कलावती भाग्न सफल भई हाल पूर्णबहादुरसँग नै बसेकी छन्।

यस वर्ष यो जिल्लामा बहुविवाहका ४ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

व्यास नपा-५ की १५ वर्षीय एक बालिकालाई माओवादी पार्टीमा लागी काम गर्नुपर्छ भनी धम्की दिएर ०५८ साउन ८ गते आफूलाई माओवादी बताउने व्यक्तिहरूले अपहरण गर्ने प्रयास गरे। पीडितले हारगुहार गर्दा पीडक भागेका थिए। पीडकहरूमध्ये व्यास नपा-५ का जगतबहादुर विष्टलाई सोही ठाउँका जनताले प्रहरीसमक्ष बुझाएकोमा ०५८ कार्तिक ५ गते २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो। पीडकहरू नक्कली माओवादी भएको थाहा भयो।

व्यास नपा-१० का १० वर्षीय राजन पौडेललाई ०५८ साउन १५ गते दिउँसो दमौलीबजारबाट दुई जना अज्ञात व्यक्तिले अपहरण गर्ने प्रयास गरे। सोही ठाउँकी एक जना महिलाले अपहरण गर्न लागेको देखेर हारगुहार गरेपछि पीडित अपहरित हुनबाट बचे।

चितवन जिल्ला पर्साखैरेनी घर भई व्यास नपा-१० मा बस्ने १४ वर्षीय एक बालकलाई ०५८ साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३८ वर्षीय रेशमलाल जोशीले व्यास नपा-७ वेनीपाटनमा लगी यौन दुर्व्यवहार गरे। पीडकलाई अन्यत्रै सरूवा गरियो।

यस जिल्लामा प्रावितहमा ७८ हजार ४ सय ४, निमावि तहमा २२ हजार ९ सय ४, मावि तहमा ८ हजार ७ सय ३१ जना बालबालिकाले शिक्षाको अवसर पाएको जिल्ला शिक्षा कार्यालयले जनायो। कूल बालबालिकामध्ये १५ प्रतिशत बालबालिका लेखपढ गर्न वञ्चित रहेको देखिन्छ। जिल्लाभित्र २ सयभन्दा बढी बालबालिका गरीवी तथा अचेतनताको कारणबाट घरेलु बालमजदुरको रूपमा काम गर्न बाध्य छन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

कोटदरबार गाविस-५ का ६५ वर्षीय देवीप्रसाद श्रेष्ठलाई ०५८ जेठ २२ गते माओवादीहरूले मोसो दलनुका साथै घरमा रहेको २ लाख रूपैयाँ बराबरको तमसुक जलाइदिए।

मनपाङ गाविस-७ का ६८ वर्षीय दुध्धराज शाहीलाई ०५८ असार २२ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कार्यकर्ताहरूले कान समाई उठबस गर्न लगाए र मोसो दलिदिए। माओवादीहरूले पीडितको घरबाट १५ हजार रूपैयाँ लुटेर लगे भने तमसुक जलाइदिए।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ७ जना पीडित भएको जानकारीमा आयो। सडक दुर्घटनामा परी ५८ जनाको मृत्यु भयो। विष सेवन गरी ३, आगो लगाएर ५, नदीमा हाम फालेर ४, डुबेर १ र झुण्डिएर ३५ जना गरी कूल ४८ जनाले आत्महत्या गरे। भवितव्यमा २१ जनाको मृत्यु भयो भने ३ वटा बेवारिसे लास फेला परे। भीरकोट गाविस स्थित एक घरमा बास बसेका माओवादीका साथमा रहेको बम विस्फोट हुँदा एक जना महिलाको मृत्यु भयो भने एक जना घाइते भइन्।

३.२ गोरखा

जनसंख्या	:	३०३७५९
साक्षरता प्रतिशत	:	४२.६
महिला साक्षरता प्रतिशत	:	३७.५३
क्षेत्रफल (वर्ग कि.मी.)	:	३६१०
गाविस/नपा संख्या	:	६६/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४८९
क्याम्पस/उच्च मावि	:	३/३
अस्पताल/स्वास्थ्य चौकी	:	२/७०
टेलिफोन लाइन	:	४५०
मोटर सडक (कि.मी.)	:	२५
प्रहरी कार्यालय संख्या	:	१८
हुलाक संख्या	:	६९

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीहरू स्याङ्जाका ३५ वर्षीय रामबहादुर थापा, रामेछाप जिल्लाका ३५ वर्षीय टेकबहादुर राय क्षेत्री र टोलग्वा जिल्लाका ३४ वर्षीय गमबहादुर खड्काको ०५७ माघ १० गते मसेल गाविस स्वान्चोकमा गस्ती गएको अवस्थामा माओवादीहरूले थापेको एम्बुसमा परी मृत्यु भयो।

फुजेल गाविस-५ का २५ वर्षीय रामबाबु श्रेष्ठलाई ०५७ माघ २४ गते आफ्नै घरवाट माओवादीहरूले अपहरण गरी लगेर खुकुरी प्रहार गरी हत्या गरे। पीडित नेपाल प्रहरीमा कार्यरत थिए। बिदामा घरमा आएको अवस्थामा सो घटना भएको थियो।

अश्राङ गाविस-८ का ३१ वर्षीय नरबहादुर आले र तान्द्राङ गाविस-९ की १९ वर्षीय स्मृति बञ्जारालाई ०५७ फागुन ३ गते बगुवा गाविस-४ रिठ्ठापानीमा प्रहरीले गोली हानी हत्या गरे। नरवहादुर मगराती मुक्ति मोर्चाका जिल्ला अध्यक्ष भएको बुझिएको छ। सो ठाउँमा माओवादीद्वारा कार्यक्रम आयोजना गर्ने तयारी भइरहेको थियो।

ताङ्लीचोक गाविस-५ पानीस्वारामा ०५७ फागुन १४ गते बिहान मर्कैसिंह गाविसमा निर्वाचन प्रयोजनका लागि फोटो खिच्न आएको टोलीको सुरक्षार्थ खटिएको प्रहरी टोली माओवादीहरूले थापेको एम्बुसमा पर्दा प्रहरी जवान २३ वर्षीय विष्णुदत्त पाण्डेको मृत्यु भयो भने ४ जना प्रहरी सख्त घाइते भए।

नवलपरासी जिल्ला घर भई छोप्राक प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २५ वर्षीय केदार यादवलाई सदरमुकामतर्फ आउँदै गर्दा ०५८ वैशाख ७ गते दिउँसो छोप्राक गाविस-८ मा माओवादीहरूले अपहरण गरी हत्या गरे।

धुवाकोट गाविस-१ का २३ वर्षीय राजेन्द्र कँडेललाई ०५८ असार १९ गते पृथ्वीनारायण नपा-१ नयाँबजारमा प्रहरीसँगको दोहोरो भीडन्तमा गोलीद्वारा घाइते भएपछि प्रहरीले गिरफ्तार गरी उपचारार्थ अन्य अस्पतालमा लाने वहानामा वेपत्ता पारियो। पीडितको हत्या भइसकेको आशंका गरिएको छ।

मान्वु गाविसका अध्यक्ष तथा नेपाली काँग्रेसका जिल्ला सदस्य ३६ वर्षीय नेत्रबहादुर श्रेष्ठलाई ०५८ मंसिर १० गते अर्मुला साँघुमा माओवादीहरूले घन तथा अन्य हतियार प्रहार गरी घाइते बनाएकोमा उपचारार्थ सदरमुकाम ल्याउँदा-ल्याउँदै मृत्यु भयो।

छोप्राक गाविसका भवदत्त पोखरेलको ०५८ मंसिर १९ गते छोप्राक गाविस अमराईमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

हंसपुर गाविस-५ काफलडाँडाका ७३ वर्षीय सूर्यप्रसाद दुवाडीलाई सुराकी गरेको आरोपमा ०५८ पुस २ गते वेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले घरवाट वाहिर निकाली खुकुरीले घाँटी रेटेर हत्या गरे।

हंसपुर गाविस-१ का पञ्चकन्या प्राविका प्रधानाध्यापक २६ वर्षीय शिवप्रसाद अधिकारीलाई चन्दा नदिएको आरोपमा ०५८ पुस २ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

पाँचखुवा देउराली गाविसमा गस्ती गर्न गइरहेको टोली ०५८ पुस ४ गते पन्द्रुङ गाविस र देउराली गाविसको बीचमा पर्ने गैरीछापमा माओवादीले थापेको एम्बुसमा परी २ जना सुरक्षाकर्मीको मृत्यु भयो।

आरूआर्वाङ गाविस कल्लेरीमा ०५८ पुस ४ गते सुरक्षाकर्मीको गोलीवाट ठेगाना थाहा हुन नसकेका बालकुमार श्रेष्ठको मृत्यु भयो।

चिसापानीस्थित सिम्वु प्राविका प्रधानाध्यापक मदन गुरूङ र आरूपोखरी गाविसका २८ वर्षीय श्यामसुन्दर अधिकारीको ०५८ पुस ५ गते आरूपोखरी गाविस सातदोबाटोमा सुरक्षाकर्मीको गोलीवाट मृत्यु भयो।

भीरकोट गाविस-५ कोसगाडेमा माओवादी सैन्य

माओवादीद्वारा हत्या गरिएका नेत्रबहादुर श्रेष्ठ

दस्ताकी कमाण्डर भनिएकी राधिका अधिकारी, स्क्वायड कमाण्डर कोपिला कुमाल र अर्को एक जना कोपिला कुमाल नाम गरेकी महिलाको ०५८ पुस ५ गते गस्ती गएका सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्यु भयो।

छोप्राक गाविसस्थित मण्डली माविका शिक्षक ४७ वर्षीय गिरीराज पोखरेललाई दशैंको बेलामा चन्दा दिने कुरामा विरोध गरेको आरोपमा ०५८ पुस ५ गते दिउँसो सोही गाविसको मैदान भन्ने ठाउँमा माओवादीले गोली हानी हत्या गरे।

ताप्ले गाविस-५ स्थित गाइखुर वनको बाटोमा गस्ती गर्न गएका सुरक्षाकर्मीको गाडी ०५८ पुस ६ गते माओवादीले थापेको एम्बुसमा परी ३ जना सुरक्षाकर्मी घाइते भए।

पृथ्वीनारायण नपा खोलखोलेमा ०५८ पुस ९ गते राति सुरक्षाकर्मीको गोलीद्वारा विनय भन्ने दिपक अधिकारीको मृत्यु भयो।

पृथ्वीनारायण नपा-११ का भिष्म कुमालको ०५८ पुस १२ गते देउराली गाविसको मझुवामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडित कुमाल मुक्ति मोर्चाका जिल्ला अध्यक्ष रहेको जानकारीमा आयो।

छोप्राक गाविसका कालिका पौडेल, दुर्गा पोखरेल, खडानन्द पाण्डे र केशरबहादुर नेपालीको ०५८ पुस १३ गते राति पृथ्वीनारायण नपा-९ स्थित वीरेन्चोक र टक्सारबीच पर्ने बाटोमा सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। पीडितहरू मध्ये खडानन्दलाई मंसिर १६ गते, दुर्गालाई मंसिर १२ गते र केशरलाई मंसिर १९ गते गिरफ्तार गरिएको थियो।

पृथ्वीनारायण नपा-९ छेवेटारमा ०५८ पुस १६ गते माओवादीका स्क्वायड कमाण्डर महेन्द्र मरहठ्ठालाई गिरफ्तार गरी ल्याउँदा-ल्याउँदै घेरा तोडी भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितसँग रहेको एक आधुनिक पेस्तोलसमेत सुरक्षाकर्मीले बरामद गरेको बताइएको छ।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ७ जना पुरूषको हत्या भयो। एक घटनामा एक जना महिलाको बलात्कारपछि हत्या गरिएको अवस्थामा लास फेला पर्‍यो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	७		७				
गोलीद्वारा हत्या	१	१		१	१०	११	५	१६
एम्बुसमा परी मृत्यु	३	६		६				
आफ्नै बमबाट मृत्यु	१	१		१				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते					१	१		१
एम्बुसमा परी घाइते	२	६		६				
गिरफ्तारी र यातना					५	९		९
कुटपिट	४	४		४				
धम्की	१	५		५	१	२		२
बलात्कार	१		१	१				
आर्थिक अधिकार	१	१		१				
अपहरण	१	१		१				
जम्मा	२३	३२	२	३४	१७	२३	५	२८

जेल र बन्दीहरु

कूल ५५ बन्दी क्षमता भएको गोरखा जेल "घ" श्रेणीको हो। हाल यस जेलमा ७६ पुरूष र १० महिला गरी कूल ८६ जना बन्दी रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका ११ र नतोकिएका ७५ जना छन्। संकटकालीन स्थितिको घोषणाभएपछि यस जेलका बन्दीलाई आफन्तसँग भेटघाट गर्न र पत्रपत्रिका पढ्न दिइएन।

यस जेलमा रहेका ६ जना माओवादी महिला बन्दी ०५७ चैत १८ गते राति सुरूङ खनी फरार भए। त्यसरी फरार हुनेहरूमा हंसपुर गाविसकी २७ वर्षीय उमा भुजेल, बक्राङ गाविसकी २० वर्षीय सज्जु अर्याल, हर्मी गाविसकी २१ वर्षीय मीना मरहठ्ठा, धावा गाविसकी १९ वर्षीय एन्जीला वि.क., देउराली गाविसकी २१ वर्षीय कमला नहर्की र सोही गाविसकी १८ वर्षीय रिता वि.क. थिए।

गिरफ्तारी र यातना

गाइखुर गाविस पौवाटारका अनेकिसंघ (२००७) का केन्द्रीय सदस्य ६३ वर्षीय बसन्त वराकोटीलाई ०५७ माघ २३ गते विहान आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे।

यातना पीडित छविलाल अधिकारी

पृथ्वीनारायण नपा-१ का ३६ वर्षीय टेकबहादुर श्रेष्ठलाई घरमा हातहतियार फेला परेको आरोपमा ०५८ असार ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई अनुसन्धानपछि तारेखमा रिहा गरियो।

मसेल गाविसका होमप्रसाद बगालेलाई ०५८ मंसिर २३ गते सोही गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई इलाका प्रहरी कार्यालय ध्याम्पेसालमा पुऱ्याई यातना दिएर ४ दिनपछि रिहा गरियो।

हंसपुर गाविस-२ का ४२ वर्षीय छविलाल अधिकारीलाई ०५८ पुस ६ गते खेतमा काम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा निर्मम यातना दिई पुस २३ गते रिहा गरियो।

संकटकालका घोषणा भएपछि विभिन्न ठाउँबाट १ सय ६२ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ५९ जनालाई नजरबन्दमा राखियो। ३३ जनामाथि अनुसन्धान भइरहेको जनाइयो।

बेपत्ता पारिएको / अपहरण गरिएको

छोप्राक गाविसका भवदत्त पोखरेल, तान्द्राङ गाविस-८ का लोकप्रसाद बञ्जारा र विष्णु भट्टलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा अदालतले रिहा गर्ने आदेश दिएपछि ०५७ चैत ६ गते अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरे। पीडितहरूमध्ये भवदत्त र लोकप्रसादलाई सरकार-माओवादी वार्ताको क्रममा रिहा गरिएकोमा भवदत्तको संकटकालीन अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सिम्जुङ गाविस प्राथमिक शिक्षा परियोजनाका श्रोत व्यक्ति चिन्तामणी दुवाडीलाई ०५८ मंसिर १० गते सोही गाविसबाट माओवादीहरूले अपहरण गरी लैजाँदा-लैजाँदै बीच गाउँबाट भागेर एक दिनपछि मुक्त भए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

गोरखा क्याम्पस स्ववियुका सभापति २५ वर्षीय राजनराज पन्तलाई ०५७ माघ २६ गते दिउँसो क्याम्पसको हाताभित्र प्रवेश गरी माओवादीहरूले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए।

श्रीनाथकोट गाविसका शिक्षकहरू कृष्णप्रसाद ढकाल, युवराज पाण्डे, रामचन्द्र पाण्डे, मधुविलास पाण्डे र शिवराज सापकोटालाई ०५८ जेठ १४ गते बेलुका सोही गाविस-५ मा माओवादीहरूले सय पटक उठबस गर्न लगाए।

सौरपानी गाविस-२ का ४५ वर्षीय टिकानिधी पनेरूलाई छिमेकीको छोरालाई कुटपिट गरेको आरोपमा ०५८ कार्तिक ६ गते दिउँसो माओवादीहरूले अपहरण गरेकोमा कुटपिट गरी गम्भीर घाइते बनाएर मुक्त गरे।

पृथ्वीनारायण नपा स्थित जिल्ला प्रशासन कार्यालयमा ०५८ मंसिर ८ गते राति माओवादीहरूले बम विस्फोटन गराई भवनका ढोकाहरू क्षतिग्रस्त बनाए।

मुच्चोक गाविस-१ का चतुरमाला माविका शिक्षक ४२ वर्षीय ठाकुरप्रसाद बडुलाई ०५८ मंसिर ९ गते राति राम्चेमा माओवादीहरूले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए।

ताप्ले गाविसस्थित महालक्ष्मी माविका प्रधानाध्यापक रहमतुल्ला मियालाई ०५८ पुस ६ गते सुरक्षाकर्मीले विनाकारण कुटपिट गरी घाइते बनाए। पीडित नेपाल शिक्षक संघसँग सम्बद्ध छन्।

मसेल गाविसका शिवकुमार श्रेष्ठलाई ०५८ पुस ७ गते खानचोक बजारमा सुरक्षाकर्मीले कुटपिट गरे। पीडित एमालेका जिल्ला कमिटी सदस्य हुन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) का जिल्ला सचिव बाबुराम थापा, जिल्ला सदस्य बलराम खनाल र जिविस सदस्य तेजबहादुर धमलालाई ०५८ वैशाख ५ गते नौ वाम समूहद्वारा निकालिएको मशाल जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गर्नुका साथै जुलुसमाथि लाठीचार्जसमेत गरे।

आँपपिपल गाविसमा ०५८ भदौ २३ गते माओवादीहरूले बासु स्मृति दिवस मनाउने क्रममा सकेट बम बोकेको आरोपमा केही माओवादीहरूलाई नियन्त्रणमा लिएपछि सुरक्षा बलसँग विवाद हुँदा सुरक्षा बलले चलाएको गोली छोप्राक गाविसकी इन्द्रमाया भुजेल र खोप्लाङ गाविसका हरि गैरे घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ४० वटा मुद्दा रहेकोमा ६७ वटा फर्स्योट भई ७३ वटा बाँकी रहे। यस वर्ष दुनियावादी फौजदारी ८१ र सरकारवादी फौजदारी २९ वटा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भूमिहीन, सुकुम्बासी समस्या समाधानका लागि हालसम्म व्यवस्थित कार्य हुन सकेको छैन। सामाजिक सुरक्षाअन्तर्गत वृद्धभत्ताको व्यवस्था रहे तापनि भत्ता समयमा उपलब्ध हुन नसकेको जनगुनासो छ।

महिला अधिकार

फिनाम गाविस-५ की १३ वर्षीय एक बालिकालाई ०५८ कार्तिक ३ गते दाजु नाता पर्ने २५ वर्षीय बालकृष्ण पाण्डेले बलात्कार गरे। पीडकलाई २० हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा २१ जनाले आत्महत्या गरे। ट्राफिक दुर्घटनामा परी ६ जनाको मृत्यु भयो। डकैतीको एउटा र चोरीका २ वटा घटना भए।

३.३ लमजुङ



जनसंख्या	: १२५३९०
साक्षरता प्रतिशत	: ७४.०५
महिला साक्षरता प्रतिशत	: ६२.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १६९२
गाविस/नपा संख्या	: ६१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४११
क्याम्पस/उच्च मावि	: ५/११
अस्पताल/स्वास्थ्य चौकी	: १/६१
टेलिफोन लाइन	: ३८१
मोटर सडक (कि.मी.)	: ११९
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ६१

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

खुदी गाविसका अध्यक्ष तथा नेकपा (एमाले) इलाका कमिटीका सचिव सुकमान गुरूङलाई ०५८ जेठ १४ गते छ वाम समूहद्वारा आयोजित आमहडतालका क्रममा जुलुसमा सहभागी भएको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाएकोमा उपचारार्थ काठमाण्डौ लैजाँदा लैजाँदै बाटोमा मृत्यु भयो।

विचौर गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५८ असार २३ गते माओवादीहरूले आक्रमण गरी २२ जना प्रहरीको हत्या गरे। दोहोरो भीडन्तका क्रममा ६ जना माओवादी र १ जना सोही ठाउँकी महिलाको समेत मृत्यु भयो। मृत्यु हुने प्रहरीहरूमा इन्स्पेक्टर काठमाण्डौ बालुवाटारका किरण सिंह थापा, असई अर्घाखाँची जिल्ला भञ्ज्याङ गाविस-५ का चोपबहादुर थापा, गुल्मी जिल्ला गज्याङ गाविस-४ का भगवत श्रेष्ठ, प्रहरी हवल्दार तनहुँ जिल्ला पुर्कोट गाविस-७ का यमबहादुर गुरूङ, गोरखा जिल्ला पाँचकुवा गाविस-६ का चन्द्रप्रसाद ढुङ्गाना, कास्की जिल्ला लुम्लेका लिलाराम परियार, तनहुँ जिल्ला भिमाद गाविस-५ का कुलमान सिंह गुरूङ, सोही जिल्ला बन्दीपुर गाविस-१ का लिलाराज विक, प्रहरी जवानहरू गोरखा जिल्ला धका गाविस-४ का टोपलाल बुढा, नवलपरासी जिल्ला वञ्जरिया गाविस-७ का पञ्चराम चौधरी, पर्सोनी गाविस-४ का चेतनारायण थारू, पञ्चनगर गाविसका प्रेमबहादुर चौधरी, सोही जिल्लाका रमाकान्त चमार, पर्सा जिल्ला वगही गाविस-४ का रूपनारायण यादव, रूपन्देही जिल्ला सिटौलिया गाविस-८ का रमेशराज भर, पर्वत जिल्ला राजदेवल गाविस-३ का शमशेरबहादुर क्षेत्री, लस्खुदेउराली गाविस-४ का गोकर्णराज पन्त, तनहुँ जिल्ला वैदी गाविस-२ का ओमबहादुर रानाभाट, भानु गाविस-७ का शिवजी नेउपाने, भोजपुर जिल्ला तिवारी भञ्ज्याङ गाविसका प्रेमबहादुर बोहोरा, स्याङ्जा जिल्ला फेदीखोला गाविस-१ का यमबहादुर पराजुली र सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गाविस-६ का प्रल्हाद बोगटी थिए। त्यसैगरी माओवादीतर्फ मृत्यु हुनेहरूमा कास्की जिल्ला मिजुरेका सुरज गुरूङ, लमजुङ जिल्ला दुधपोखरीकी शकुन्तला भट्टराई, ईशानेश्वर गाविसकी पार्वती अछामी, गोरखा जिल्लाका चक्रबहादुर कुमाल, राममाया नेपाली र नाम ठेगाना थाहा हुन नसकेकी नमूना भन्ने एक जना महिला थिए। माओवादीहरूले चौकीमा आक्रमण गर्ने क्रममा चौकी नजिकै घर भएकी पार्वती दवाडीको समेत मृत्यु भयो।

चण्डिस्थान गाविसस्थित भलाम खोलामा ०५८ पुस ८ गते माओवादीहरूले थापेको एम्बुसमा परी सुरक्षा बलका ३ जनाको मृत्यु भयो भने माओवादीको आशंकामा सुरक्षा बलले गोली चलाउँदा मोरङ जिल्ला शनिश्चरे गाविस घर भई सोही ठाउँमा कुल्ली काम गर्ने रनबहादुर सेतीसुरालको मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ पुरूष र २ महिलाको हत्या भयो। जसमध्ये-

भञ्ज्याङ गाविस-९ की ४० वर्षीय सुकमाया विकलाई ०५७ चैत १९ गते राति आफ्नै पति मंगले विकले बञ्चरो प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको लमजुङ जेल "घ" श्रेणीको हो। यस जेलमा हाल २५ पुरूष र १ महिला गरी २६ जना बन्दी रहेका छन्। ती मध्ये ९ जना कैद तोकिएका र १५ जाना कैद नतोकिएका थुनुवा रहेका छन्। जेलमा पानीको राम्रो व्यवस्था भएको र क्षमताअनुसार नै बन्दीहरू राखिएको पाइयो।

भार्तेस्थित सूर्योदय मा. वि. का शिक्षक वासु अधिकारीलाई माओवादीको आरोपमा थुनामा राखिएकोमा ०५८

प्रहरीको गोलीद्वारा मृत्यु भएका गाविस अध्यक्ष सुकमान गुरुङ

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा	राज्यद्वारा भएका हनन घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
गोलीद्वारा हत्या	१	२२		२२	३	४	५	९
एम्बुसमा परी मृत्यु	१	३		३				
बेपत्ता पारिएको					१		१	१
गिरफ्तारी र यातना					६	३३	५	३८
कुटपिट	९	१२	१	१३				
धम्की	१	१		१				
बलात्कार	१		१	१				
अपहरण	४	४		४				
जम्मा	४	२	२	४	११	३६	११	४८

पुस २४ गते थुनामै मृत्यु भयो। अधिकारीको मृत्यु शारीरिक अस्वस्थताका कारण भएको प्रशासनले जनायो। यातनाका कारण मृत्यु भएको आशंका पनि गरिएको छ।

गिरफ्तारी र यातना

भोटेओडारबाट प्रकाशित हुने जनगुनासो साप्ताहिकका सम्पादक अन्जनकुमार हिमालीलाई ०५८ मंसिर २० गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

गाउँशहर गाविसका प्रकाश के.सी., टिकाराम थापा, राजेश थापा, काजीराम थापा, भुपेन्द्र बस्नेत, केशव अधिकारी, वीरबहादुर थापा, टेकबहादुर गुरूङ र काजीराम थापालाई माओवादीको आशंकामा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये केशव र टेकबहादुर बाहेक अन्यलाई मंसिर २६ गते रिहा गरियो।

भोटेओडारबाट प्रकाशित हुने जनगुनासो साप्ताहिकमा कार्यरत पत्रकारद्वय बुद्धिसागर सुवर्णकार र माधव अधिकारीलाई ०५८ पुस १ गते प्रहरीले गिरफ्तार गरी तारेखमा दिन रिहा गरे।

सिम्पानी गाविस-९ का रामप्रसाद सुवेदी, उनका ४ जना छोरीहरू, सोही ठाउँका हरिश्चन्द्र घिमिरे, सोही गाविस-२ की लुकुमाया गुरूङ, सोही गाविस-१ का उत्तमजंग गुरूङ, मकराज गुरूङ, चण्डिस्थान गाविस-१ का नारायणबहादुर थापासमेत २१ जनालाई माओवादीको आशंकामा ०५८ पुस ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये केहीलाई सामान्य सोधपुछपछि रिहा गरियो भने ४ जनालाई हिरासतमा र रामप्रसाद र मकराजलाई नजरबन्दमा राखिएको छ।

सुरक्षाकर्मीको गोलीबाट मारिएका टनबहादुर

चक्रतीर्थ गाविस-८ का सूर्यप्रसाद भट्टलाई माओवादीको आरोपमा ०५८ पुस ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

भञ्ज्याङ गाविसस्थित लक्ष्मीनारायण माविका प्रधानाध्यापक रामप्रसाद पौडेललाई माओवादीको आरोपमा ०५८ पुस १२ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सुन्दरबजार गाविस-८ का गोपाल पोख्रेललाई माओवादीको आरोपमा ०५८ पुस १४ गते प्रहरीले गिरफ्तार गरेकोमा पुस १७ गतेदेखि नजरबन्दमा राखियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

घनपोखरा गाविसका अध्यक्ष देवीप्रसाद गुरूङलाई ०५८ साउन ४ गते माओवादीहरूले अपहरण गरी ८ गते आफ्नै घरमा पुऱ्याई मुक्त गरे।

दाङ जिल्ला हेकुली घर भई सुन्दरबजारमा डेरा गरी बस्ने राष्ट्रिय अनुसन्धान शाखाका मुख्य पहरेदार चन्द्रबहादुर रानालाई ०५८ साउन २४ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई साउन ३० गते दुराडाँडा गाविस-१ को सत्रसयबाट मुक्त गरियो।

नेकाँ जिल्ला सभापति शंकरकान्त जोशीलाई ०५८ भदौ ९ गते माओवादीहरूले अपहरण गरी ४ घण्टापछि पाउँदी बजारमा पुऱ्याई मुक्त गरे।

सिम्पानी गाविसका इन्दु क्षेत्रीलाई ०५८ पुस १५ गते माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको बारेमा हालसम्म केही थाहा हुन सकेको छैन।

यस बाहेक अन्य एक जनालाई पनि माओवादीहरूले अपहरण गरी मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जीता गाविस-७ का दिपेन्द्र थापालाई सुराकी गरेको आरोपमा ०५७ चैत २१ गते माओवादीहरूले कुटपिट गर्नुका साथै घरमा आगो लगाइदिए।

कुन्छा गाविस भवन ०५८ वैशाख ३० गते राति माओवादीहरूले भत्काई सबै कागजपत्र जलाइदिए।

ईशानेश्वर गाविस-४ का नेकाँ गाउँ डकाइ सभापति भिष्मकान्त लालीलाई आफूले भनेको नमानेको आरोपमा ०५८ साउन ५ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

ईशानेश्वर गाविसका उपाध्यक्ष मनबहादुर गुरूङलाई पदबाट राजीनामा

नदिएको आरोपमा ०५८ साउन १७ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

भञ्ज्याङस्थित लक्ष्मी माविका शिक्षक मनोजकुमार यादवलाई सुराकी गरेको आरोपमा ०५८ भदौ १५ गते माओवादीहरूले कुटपिट गरे।

धमिलीकुवा गाविसका पूर्व शिक्षक फणिन्द्रराज चिलवाललाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक १७ गते माओवादीहरूले घरबाट बाहिर बोलाई धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाए।

जिल्ला प्रशासन कार्यालयमा ०५८ मंसिर ८ गते राति माओवादीहरूले बम विस्फोट गराई २ वटा कोठा क्षतिग्रस्त बनाए।



माओवादी-प्रहरी भिडन्तमा मारिएकी स्थानीय पार्वती ढ्वाडी नाबालक साथ उनका जेठाजु

चन्द्रेश्वर गाविस-८ का भूपू प्रहरी असई इन्द्रविलास अधिकारीलाई सुराकी गरेको आरोपमा ०५८ मंसिर २० गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

करापु गाविस-२ का नेकाँ क्षेत्रीय सभापति तीर्थमान गुरूङलाई सुराकी गरेको आरोपमा ०५८ मंसिर ३० गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

गाउँशहर गाविस-४ का लमजुङ माविका प्रधानाध्यापक ५४ वर्षीय शान्ति बोहोरा, शिक्षक ३६ वर्षीय रत्नबहादुर थापा र सोही ठाउँका भूपू सैनिक ४२ वर्षीय सिंहबहादुर थापालाई विद्यार्थीहरूलाई आत्मसमर्पण गर्न लगाएको आरोपमा ०५८ पुस ३ गते राति माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ८४ वटा मुद्दा दर्ता भए, जसमध्ये १ सय २१ फर्स्यौट भई ६३ बाँकी रहे। यी मुद्दाहरूमा देवानी १ सय ५ मध्ये ६८ फर्स्यौट भई ३७ बाँकी रहे भने सरकारवादी २० मध्ये १० फर्स्यौट भई १० बाँकी रहे। दुनियावादी फौजदारी ५० मध्ये ३७ फर्स्यौट भई १३ बाँकी तथा कर्तव्य ज्यान ४ मध्ये ३ फर्स्यौट भई १ बाँकी रहे। राज्य विरूद्धको अपराधसम्बन्धी २ वटा मुद्दामध्ये दुवै फैसला भए। डाँका र आगलागी सम्बन्धी एक-एक वटा मुद्दा दर्ता भएकोमा फैसला भए।

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

तार्कु गाविस-७ की ८ वर्षीय एक बालिकालाई ०५८ वैशाख २७ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १९ वर्षीय विमल घिमिरेले टिभी हेर्ने निहुँमा घरभित्र बलात्कार गरे। पीडक हाल फरार छ।

बालअधिकार

अनेरास्ववियु (क्रान्तिकारी) ले नीजि विद्यालय बन्द गराएपछि ०५८ साउन २५ गते आदिवासी दिवसको दिन नीजि विद्यालयका विद्यार्थीहरूले बेंशीशहरमा एक जुलुसको आयोजना गरे। स्तरीय शिक्षा बालअधिकार हो, विद्यालय बन्द गराउन पाइँदैन, आत्मनिर्णयको अधिकारलाई मान्यता दे जस्ता नारा लगाई जुलुसले शहर परिक्रमा गरेको थियो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ जना पुरूष र १ जना महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो। २ पुरूष र १ महिलाले आत्महत्या गरे। ५ जनाको पहिरोमा परेर र २ जनाको दुर्घटनामा मृत्यु भयो।

३.४ स्याङ्जा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

मग्याम चिसापानी गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५८ वैशाख २५ गते विहान माओवादीहरुद्वारा थापिएको एम्बुसमा परी प्रहरीहरू म्याग्दीका छविलाल घिमिरे, तनहुँका लिलाबहादुर गुरूङ, धादिङका चेतनारायण त्रिपाठी र गोरखाका राजुबाबु रानाको मृत्यु भयो। साथै सई दिलबादुर पन्त घाइते भए।

कुवाकोट गाविस-४ एमएस गैरेको ०५८ कार्तिक १४ गते राति सोही ठाउँका जनतासँगको भीडन्तका क्रममा मृत्यु भयो। सोही घटनामा सख्त घाइते भएका पकवादी गाविस-४ का हरि खनालको उपचारका लागि अस्पताल लैजाँदा लैजाँदै मृत्यु भयो। पीडित माओवादी कार्यकर्ता थिए।

जनसंख्या	:	३७१७३३
साक्षरता प्रतिशत	:	६८
महिला साक्षरता प्रतिशत	:	३८.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	११६४
गाविस/नपा संख्या	:	६०/२
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	८२१
क्याम्पस/उच्च मावि	:	४/१६
अस्पताल/स्वास्थ्य चौकी	:	१/६८
टेलिफोन लाइन	:	५१७
मोटर सडक (कि.मी.)	:	३७५
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	६६

चापाकोट गाविस-६ का गंगालाल उच्चमाविका शिक्षक तथा नेकपा (एमाले) का कार्यकर्ता ३८ वर्षीय गुप्तबहादुर वि.क.लाई चन्दा नदिएको आरोपमा ०५८ कार्तिक १७ गते बेलुका माओवादीहरूले घरबाट बाहिर लगेर धारिलो हतियार प्रहार गरी हत्या गरे।

पुतलीबजारस्थित जिल्ला प्रहरी कार्यालयमा ०५८ मंसिर ८ गते माओवादीहरूले आक्रमण गरी १४ जना प्रहरीको हत्या गरे भने ९ जनालाई घाइते बनाए। मृत्यु हुनेहरूमा प्रहरी इन्स्पेक्टर पर्साका महम्मद नुर आलम, सई लमजुङका इन्द्रविलास अधिकारी, असई कास्कीका बाबुराम खत्री, हवल्दारहरू पाल्पाका जितबहादुर राना, तनहुँका चन्द्रबहादुर थापा, स्याङ्जाका भोलानाथ शर्मा, युवराज ढुङ्गाना, नरबहादुर राना, गोरखाका लिलाधर कोइराला र नवलपरासीका लालबहादुर चौधरी, प्रहरी जवानहरू स्याङ्जाका भोजबहादुर क्षेत्री, तनहुँका वीरसिंह फिवाली, रूपन्देहीका मिनबहादुर नगरकोटी र गोरखाका भरतबाबु लामिछाने थिए। त्यसैगरी घाइते हुनेहरूमा प्रहरी इन्स्पेक्टर काठमाण्डौका रविराज खड्का, प्रहरी हवल्दारहरू पाल्पाका डुकुलराज भट्टराई, कपिलवस्तुका पूर्णबहादुर राना, प्रहरी जवानहरू स्याङ्जाका डिल्लीराम पौड्याल, घनश्याम पाण्डे, कपिलवस्तुका रामचन्द्र भुसाल, गोरखाका पदम राना, अर्घाखाँचीका महेन्द्र नेपाली र तनहुँका रामबहादुर ढुङ्गाना थिए। प्रहरी र माओवादीबीच भएको दुई घण्टा लामो भीडन्तपछि प्रहरीहरूले आत्मसमर्पण गरेका थिए। माओवादीहरूले सबै महत्वपूर्ण कार्यालयहरू ध्वस्त बनाउनुका साथै सिडिओ जनार्दन नेपाल, जिविस सभापति रामबहादुर थापा र डिएसपी सर्वेन्द्र खनाललाई अपहरण गरी ३ घण्टापछि मुक्त गरियो।

वालिङ नपास्थित इलाका प्रहरी कार्यालयमा ०५८ मंसिर ८ गते माओवादीहरूले आक्रमण गरी प्रहरी इन्स्पेक्टर कृष्णजी अधिकारी र हवल्दार भुवन गुरूङलाई घाइते बनाए।

०५८ मंसिर ८ गते माओवादीको आक्रमणमा मारिएका प्रहरी

सेख्वाम गाविस घर भई सोही गाविसस्थित सरस्वती माविका शिक्षक २७ वर्षीय विष्णुबहादुर चन्दलाई ०५८ मंसिर १४ गते बेलुका माओवादीहरूले घरबाट केही पर लगी धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाएकोमा उपचारका लागि अस्पताल लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भयो।

चिन्नेबास गाविस-८ का ४५ वर्षीय मेखबहादुर बानियाँलाई ०५८ मंसिर २४ गते केही पर गएको अवस्थामा माओवादीहरूले कुटपिट गरी हत्या गरे।

पुतलीबजार नपा-६ का ४२ वर्षीय रामु शाहीलाई ०५८ पुस ११ गते आफ्नो बाबुको पेन्सन लिन हिँडेको अवस्थामा

सुरक्षाकर्मीहरूले गिरफ्तार गरी अनुसन्धानका लागि लैजाने सिलसिलामा सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। पीडितले सुरक्षा घेरा तोड्न खोज्दा गोली हानिएको कुरा सुरक्षाकर्मीले जनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारण ४ पुरूष २ जना महिलाको हत्या भयो।

जेल र बन्दीहरु

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको "ङ" श्रेणीको जेल रहेकोमा ०५८ मंसिर ८ गते माओवादीहरूले आक्रमण गरी ध्वस्त बनाए। माओवादीहरूले जेलमा रहेका ३४ जना बन्दीसमेत भगाउनुका साथै कागजपत्रहरू नष्ट गरे। त्यस घटनापछि जेलमा एक जना पनि बन्दी छैनन्। जेलको मर्मत कार्य भइरहेको छ।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२	६				
गोलीद्वारा हत्या	५	१८		१८	१	१		१
गोलीद्वारा घाइते	३	१२		१२				
गिरफ्तारी र यातना					४	३	१	४
कुटपिट	१०	१०		१०				
धम्की	१	१		१				
भेला र संगठित हुने अधिकार					२	६		६
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
अपहरण	८	१३		१३				
जम्मा	३५	५८	४	६२	६	११	१	१२

गिरफ्तारी र यातना

पुतलीबजार नपा-१ का देवेन्द्र पौड्याल र लक्ष्मीपति सुवेदीलाई डा. बाबुराम भट्टराईको हस्ताक्षर भएको सहयोग रसिद सहित ०५८ असोज २३ गते स्याङ्जाबजारबाट प्रहरीले गिरफ्तार गरेकोमा१५ दिनपछि सार्वजनिक मुद्दा चलाई धरौटीमा तारेखमा रिहा गरियो।

मल्याङ्कोट गाविस-८ का २२ वर्षीय छुमबहादुर थापा मगर र रत्नपुर गाविस-३ का मदन न्यौपानेलाई ०५८ कार्तिक ७ गते माओवादीको लागि चन्दा असुल गर्दै हिंडेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

पुतलीबजार नपाकी मानवअधिकारकर्मी २९ वर्षीय टिमकुमारी कुमाललाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल पाल्पामा नजरबन्दमा राखिएको छ।

फापरथुम गाविस-१ का नेकपा (माले) का १ नं. क्षेत्रीय सदस्य देवबहादुर क्षेत्रीलाई ०५८ पुस १६ गते पार्टीको वैठक वसी घरतर्फ फर्कंदै गर्दा सुरक्षा बलले गिरफ्तार गरे। सो पार्टीका स्थानीय नेता/कार्यकर्ताहरू डिएसपी कार्यालयमा गई कुराकानी गरेपछि पीडितलाई रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

वालिङ नपा-२ स्थित पूर्णामृत भवानी उच्च माविका प्रधानाध्यापक मुक्ति सुवेदीलाई माविस्तरको भर्ना शुल्क फिर्ता नगरेको आरोपमा ०५८ कार्तिक १३ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई माओवादीहरूले आँखामा पट्टी बाँधी एक हप्तापछि छाङछाङ गाविसमा पुऱ्याई मुक्त गरे।

चापाकोट गाविस-६ का नेत्र भण्डारीलाई चन्दा नदिएको आरोपमा ०५८ कार्तिक १७ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितको स्थितिका बारेमा हालसम्म केही थाहा हुन सकेको छैन। माओवादीहरूले सफाया गरेको बताएका छन्।

यस बाहेक अन्य ८ जनालाई माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मनकामना गाविस-५ घर भई चिन्नेबास गाविसमा मिल चलाएर बस्ने देवानसिंह रानालाई ०५७ चैत २२ गते बेलुका माओवादीहरूले कुटपिट गरी दुवै खुट्टा र एउटा हात भाँचिदिए।

माझकोट माविका प्रधानाध्यापक कपिलमणी शर्मालाई माविस्तरको भर्ना शुल्क फिर्ता नगरेको आरोपमा ०५८ असोज १ गते माओवादी समर्थक विद्यार्थीहरूले निर्मम कुटपिट गर्नुका साथै ५० पटक उठबस गर्न लगाई मोसो दलिदिए। त्यसैगरी

माओवादी आक्रमणमा घाइते इलाका प्रहरी कार्यालय वालिङका इन्स्पेक्टर कृष्ण जी अधिकारी घटनाको बारेमा जानकारी दिँदै

माओवादी आक्रमणबाट क्षतिग्रस्त कोटगाउँ भवन

सोही विद्यालयका लेखापाल दलवीर गुरुङ र विज्ञान शिक्षक मनिष मिश्रलाई निर्मम कुटपिट गरी कान समाई ५० पटक उठवस गर्न लगाए।

चापाकोट गाविस-६ का गंगालाल उच्च माविका शिक्षक शंकरभक्त भण्डारीलाई चन्दा नदिएको आरोपमा ०५८ कार्तिक १८ गते माओवादीहरूले "केही कुरा गर्नुछ" भनी घरबाट केही पर लगेर धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाउनुका साथै सबै हात-खुट्टा भाँचिदिए।

पुतलीबजार नपा-४ दोरङ्घाका नुवाहकोट माविका शिक्षक विष्णुप्रसाद पराजुलीलाई ०५८ पुस ५ गते माओवादीहरूले निर्मम कुटपिट गरे।

वहाकोट माविका प्रधानाध्यापक खिमबहादुर थापा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर मल्ललाई ०५८ पुस ८ गते माओवादीहरूले आ-आफ्नै घरमा गई कुटपिट गरी गम्भीर घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १३ गते पुतलीबजार नपामा निस्केको मशाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी २ सेल अश्रुग्याँस प्रहार गरे।

पीडित शंकरभक्त भण्डारी

त्यसैगरी वालिङमा निस्केको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी मशाल खोसेर फ्याँकिदिए।

वालिङ नपा-८ का नेकपा (एमाले) का जिल्ला सदस्य कृष्ण खाँण, सोही गाविस-७ का ३० वर्षीय देवनारायण काफ्ले, सोही नपा-१ का ३१ वर्षीय दिलिप वगाले, तारा श्रेष्ठ, मुक्ति थापा, मुक्ति अधिकारी र प्रेमबहादुर अर्याललाई ०५८ जेठ १४ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा वालिङबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ३ घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ २ हजार ४ सय २६ वटा मुद्दा दर्ता भएकोमा १ हजार ८७ वटा फर्स्यौट भए। सरकारवादी मुद्दा ४ सय २६ वटा दर्ता भएकोमा २ सय १९ वटा फर्स्यौट भए। साधारण फौजदारी मुद्दा १ हजार ६ सय ४ वटा दर्ता भएकोमा ८ सय ५२ वटा फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्षको अन्त्यसम्ममा जग्गा प्राप्त गरी पाउँ भनी ४२ वटा गाविस र २ वटा नपाका अव्यवस्थित बसोबास भएका ५ सय ८१ र सुकुम्बासी ३ सय गरी कूल ८ सय ८१ निवेदन दर्ता भए। त्यसमध्ये ३७ जनालाई सुकुम्बासी प्रमाणित गरियो।

महिला अधिकार

यस वर्ष यो जिल्लामा गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

चापाकोट गाविस-६ का गुप्तबहादुर वि.क.लाई माओवादीहरूले हत्या गरेको घटनाप्रति नेकपा (एमाले) जिल्ला कमिटी तथा तीनवटै क्षेत्रीय कमिटीले ०५८ कार्तिक २० गते एक प्रेस विज्ञप्ति जारी गरी माओवादीको क्रियाकलापले नेकपा (एमाले) मर्माहत भएको जनायो।

माओवादीहरूले ०५८ मंसिर ८ गते सदरमुकाम तथा वालिङमा आक्रमण गरेको घटनाबाट हुन गएको धनजनको क्षतिप्रति ०५८ मंसिर १० गते नेकपा (एमाले) जिल्ला कमिटीले दुःख व्यक्त गर्दै घटनाप्रति खेद प्रकट गर्‍यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका घटनामा ५ जना पीडित भएको सार्वजनिक जानकारीमा आयो। ७ जना महिला र ९ जना पुरुष गरी १६ जनाले आत्महत्या गरे। चोरीका ३ वटा घटना भए। आगलागीका कारण १३ वटा घर क्षतिग्रस्त भए। सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भयो।

३.५ कास्की

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

देउराली गाविस-४ स्थित प्रहरी चौकीमा ०५८ जेठ ४ गते राति माओवादीहरूले आक्रमण गरी पाल्पा जिल्ला घर भई रूपन्देही जिल्ला सालझण्डी बस्ने प्रहरी जवान ३० वर्षीय पीपीलाल सिञ्जालीको हत्या गरे। त्यसैगरी प्रहरी जवानहरू पाल्पा जिल्लाका ३२ वर्षीय जीवन श्रेष्ठ, स्याङजा जिल्लाका ३१ वर्षीय रूद्रबहादुर आले मगर, ऋषिराम श्रेष्ठ, ओमबहादुर कार्की र शंकर कार्कीलाई सख्त घाइते बनाए। घाइतेहरूको उपचार काठमाण्डौ र पोखरामा भयो। बम प्रहारबाट प्रहरी चौकी ध्वस्त भयो। माओवादीहरूले चौकीबाट हतियार तथा सञ्चार सेट लैजानुका साथै गाविस र चौकीका सम्पूर्ण कागजातहरू बाहिर निकाली जलाइदिए।



जनसंख्या	३२६३९८
साक्षरता प्रतिशत	५८.१
महिला साक्षरता प्रतिशत	४४.५
क्षेत्रफल (वर्ग कि.मी.)	२०१७
गाविस/नपा संख्या	४३/२
निर्वाचन क्षेत्र	३
विद्यालय	५२५
क्याम्पस/उच्च मावि	१३/१०
अस्पताल/स्वास्थ्य चौकी	३/४८
टेलिफोन लाइन	११०००
मोटर सडक (कि.मी.)	५००
प्रहरी कार्यालय संख्या	३०
हुलाक संख्या	५१

पोखरा उमनपा-९ महेन्द्रपुलका ३५ वर्षीय किसु सापकोटालाई ०५८ जेठ २३ गते आफ्नै घरको छतमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाए। दरबार हत्याकाण्डको विरोधमा निस्किएको जुलुसमाथि प्रहरीले हस्तक्षेप गर्दा प्रहार गरिएको गोली पीडितको दाहिने कोखातिरबाट छिरेको थियो। पीडित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार गरी हाल घर फर्केका छन्। सो दिन प्रहरीले महेन्द्रपुलमा ५ सेल अश्रुग्याँस, ३ राउण्ड हवाइफायर र २ राउण्ड गोली प्रहार गरे।

पुम्दीभुम्दी गाविस-३ भ्यू प्वाइन्टमा ०५८ मंसिर ९ गते बिहान प्रहरीको गाडी एम्बुसमा पर्‍यो। मंसिर ८ गते राति माओवादीहरूले स्याङजा जिल्लाको सदरमुकाममा आक्रमण गरेकाले थप मद्दतका लागि जान लागेका प्रहरीहरूको गाडी एम्बुसमा परेको थियो।

पोखरा उमनपा-९ महेन्द्रपुलमा सडकमा गुडिरहेको ट्याक्सीमा ०५८ मंसिर १३ गते राति सुरक्षाकर्मीले गोली प्रहार गरे। गोली प्रहारबाट कसैलाई केही भएन, ट्याक्सीको बायाँ भागमा प्वाल पर्‍यो।

धम्पुस गाविसस्थित सामुदायिक प्रहरी चौकीमा कार्यरत निशस्त्र प्रहरी जवानद्वय गुल्मी जिल्लाका ३३ वर्षीय बृद्धिबल्लभ खड्का र नवलपरासी जिल्लाका ३२ वर्षीय वीरेन्द्रकुमार श्रेष्ठलाई ०५८ मंसिर २२ गते बिहान सोही ठाउँका व्यक्तिको घरमा सुतिरहेको अवस्थामा सशस्त्र माओवादीहरूले घरबाट बाहिर निकाली घिसार्दै चौकीमा लगी बाँधेर मुखमा गोली प्रहार गरी हत्या गरे। माओवादीहरूले चौकीमा बम प्रहार गरी ध्वस्त बनाए।

माछापुच्छ्रे गाविस-१ का गाविस अध्यक्ष तथा नेकाँ क्षेत्र नं. ३ का उपसभापति ६४ वर्षीय टेकबहादुर गुरूङ्गलाई सुराकी गरेको आरोपमा ०५८ पुस १२ गते बिहान माओवादीहरूले आफ्नै घरमा गोली प्रहार गरी हत्या गरे। पीडितलाई प्रहार गरिएको गोली उछिट्टिएर लाग्दा सँगै बसेका ९ वर्षीय चंखबहादुर पुन घाइते भए। उनी उपचारपश्चात् घर फर्किए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ९ जना पुरूष र ४ जना महिला पीडित भए। जसमध्ये-

लमजुङ जिल्ला करपुटार घर भई पार्चे गाविस-४ स्थित माइतीमा बस्ने ३५ वर्षीय सीता चर्मकारलाई घरायसी झगडाका कारण ०५७ फागुन २८ गते आफ्नै पति ४० वर्षीय दिलबहादुर चर्मकारले सोही ठाउँको जंगलमा लगी धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

मिजुरेडाँडा गाविस-८ का ४५ वर्षीय सित्तलबहादुर कामीलाई ०५८ असार ४ गते आफ्नै छोरा २५ वर्षीय नन्दबहादुर कामीले हत्या गरी गहतेको आदमारा पाखोमा खाल्डो खनी गाडे। पीडकलाई हाल थुनामा राखिएको छ।

लेखनाथ नपा-३ बुढीबजारकी असई २२ वर्षीय शुभद्रा बराललाई ०५८ साउन २८ गते प्रहरीमा जागीर खाएको आरोपमा सोही ठाउँका आफ्नै प्रेमी ३२ वर्षीय कृष्णवंश ओझाले हत्या गरी सोही गाविस-९ स्थित बेगनास तालमा फ्याँकिदिए। साउन २९ गते बिहान पीडितको लास भेटियो। पीडकलाई हाल थुनामा राखिएको छ।

माओवादीद्वारा मारिएका माछापुच्छ्रे गाविस अध्यक्ष टेकबहादुर गुरूङ्ग

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	९	४	१३				
गोलीद्वारा हत्या	३	४		४				
गोलीद्वारा घाइते	२	७		७	२	२		२
बम प्रहारबाट घाइते	१	१		१				
बम प्रहार	१२							
भुमिहिन तथा सुकुम्बासी समस्या					९	६२२		६२२
गिरफ्तारी र यातना					१६	३१	१	३२
लाठी चार्ज					१	१		१
कुटपिट	२२	३३	१	३४				
धम्की	१६	१२	१	१३	१	९१		९१
भेला र संगठित हुने अधिकार					३	७		७
महिला किनबेचको प्रयास	२		२	२				
बलात्कार	८		८	८	१		१	१
बलात्कार प्रयास	३		३	३				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना					१		१	१
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	५	६		६				
जम्मा	८९	७३	२१	९४	३४	७५४	३	७५७

जेल र बन्दीहरु

कूल ६० जना वन्दी क्षमता भएको कास्की जेलमा यस वर्षको अन्त्यतिर १ सय ४२ वन्दी राखियो। संकटकाल घोषणा भएपछि कास्की जिल्लावाट गिरफ्तार गरिएका ३६ र स्याङ्जा जिल्लाबाट गिरफ्तार गरी ल्याइएका २७ गरी ६३ जना बन्दीलाई नजरबन्दमा राख्नुपर्दा भूइँमा सुताउनु परेको जेलका कर्मचारीहरूले बताए। सिडिओ टिकाराम अर्यालको अनुरोधमा केही बन्दीहरूलाई पाल्पा जेलमा पठाउने व्यवस्था मिलाइएपछि यस जेलमा केही सुविधा भएको थियो। २००२ सालमा निर्मित "ग" श्रेणीको यस जेलमा हाल नजरबन्द रहेकाबाहेक अन्य ६२ पुरुष र ९ महिला गरी ७१ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका ५० र तोकिएका २१ जना छन्। हाल यहाँ भएका बन्दीहरूमध्ये कर्तव्यज्यान मुद्दामा कैद नतोकिएका ९ र कैद तोकिएका ९ गरी १८ जना रहेका छन्। त्यस्तै डाँकाचोरी मुद्दामा कैद नतोकिएका ६ र कैद तोकिएका १ गरी ७ जना तथा चोरी मुद्दामा कैद नतोकिएका १२ र तोकिएका २ गरी १४ जना छन्। लागू औषधमा कैद नतोकिएका २ र तोकिएका ३ गरी ५, सार्वजनिक अपराधमा कैद नतोकिएका ११, जबर्जस्ती करणी मुद्दामा कैद नतोकिएका २ र तोकिएका १ गरी ३ जना वन्दी छन्। जीऊ मास्नेबेच्ने मुद्दामा कैद नतोकिएका ३ र तोकिएका ३ गरी ६ जना, भ्रष्टाचारमा १, वैदेशिक रोजगारीमा २, गोबधमा १, ठगीमा १ तथा हातहतियार खरखजनामा १ कैद नतोकिएका बन्दी छन्। त्यसैगरी गर्भपतन मुद्दामा १ जना कैद तोकिएकी महिला वन्दी छन्।

गिरफ्तारी र यातना

अनेरास्ववियुका केन्द्रीय सदस्य पार्वती के.सी., सोही संगठनका अञ्चल सदस्य वीरेन्द्र भण्डारी, अनेरास्ववियु (छैठौं) का जिल्ला अध्यक्ष वलराम शर्मालगायतका २५ जना विद्यार्थीहरूलाई १४ सूत्रीय माग राखी आन्दोलन अन्तर्गत ०५७ माघ १७ गते पोखराका बोर्डिङ स्कूलहरूमा कालो भण्डा गाड्ने क्रममा विभिन्न ठाउँबाट प्रहरीले गिरफ्तार गरी ६ घण्टा पछि रिहा गरे।

मगरात राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला सदस्य ३५ वर्षीय मदन आलेलाई ०५८ असार २२ गते बिहान पोखरा उमनपा-९ पृथ्वीचोकबाट माओवादी आरोपमा प्रहरीले गिरफ्तार गरे। आलेलाई वैशाख २६ गते नजरबन्द गर्नेगरी थुनामा राखियो। बन्दी प्रत्यक्षीकरणको रिट परेपछि पीडितलाई पुनरावेदन अदालत पोखराको आदेशमा ०५८ साउन १६ गते रिहा गरियो।

पोखरा उमनपा-१३ औद्योगिक क्षेत्रस्थित पोखरा फुड्स प्रालिमा कार्यरत ३३ वर्षीय जीवन सुवेदीलाई माओवादीको आशंकामा ०५८ असोज २ गते बेलुका कार्यालयबाट डेरातर्फ फर्कँदै गरेको अवस्थामा गस्ती प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराधअन्तर्गत धरौटी तारेखमा रिहा गरियो।

पोखरा उमनपा-१३ औद्योगिक क्षेत्रस्थित बडीबिल्डर्स कम्पनीमा कार्यरत सोही ठाउँका अखिल नेपाल यातायात मजदुर संघका जिल्ला सदस्य ३३ वर्षीय देवराज बस्ताकोटीलाई माओवादीको आशंकामा ०५८ असोज १६ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई धरौटी तारेखमा रिहा गरियो।

लामाचौर गाविसस्थित इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पसका स्ववियू सहसचिव विशाल श्रेष्ठ, गणेश प्रसाई, रेवन्त रावल, रवीन्द्र विडारी, रवीन्द्र कार्की, प्रविण कार्कीलगायत् ६० जना विद्यार्थीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १३ गते बिहान क्याम्पसको

महिला र पुरूष छात्रावासमा सुरक्षाकर्मीले छापा मारी गिरफ्तार गरे। पीडितहरूमध्ये ५३ जनालाई रिहा गरियो भने ७ जनालाई नजरबन्दमा राखियो।

पोखरा उमनपा-८ चिप्लेढुङ्गास्थित कार्की मेडिकल हलका संचालक ३५ वर्षीय तिलबहादुर कार्कीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १६ गते बेलुका सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

पोखरा उमनपा-५ पर्स्याङका ४२ वर्षीय ज्ञानबहादुर कोइरालालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १६ गते बेलुका आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

पोखरा उमनपा-१० रामघाटका तमुवान मुक्ति मोर्चाका जिल्ला अध्यक्ष ५० वर्षीय खुशीमान गुरूङलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १७ गते राति आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरेकोमा पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

लेखनाथ नपा-३ बुढिबजार घर भएका अर्घौंस्थित न्यू एरा एकेडेमी बोर्डिङ स्कूलका शिक्षक ३० वर्षीय तेजस्वी बराललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १८ गते राति आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

पोखरा उमनपा-५ मालेपाटनका सोही ठाउँस्थित बाराही उच्च माविका शिक्षक एवं नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद ३५ वर्षीय परशुराम कोइरालालाई माओवादीको आशंकामा ०५८ मंसिर २१ गते बिहान उच्च माविमा पढाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन रिहा गरियो।

पोखरा उमनपा-१० अमरसिंहचोकका नेपाल पत्रकार महासंघका साधारण सदस्य तथा मानवअधिकार कार्यकर्ता ३६ वर्षीय विश्वप्रकाश लामिछानेलाई माओवादीको आशंकामा ०५८ मंसिर २७ गते बिहान आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि तारेखमा रिहा गरियो।

लेखनाथ नपा-४ का पोखराबाट प्रकाशित हुने राष्ट्रिय स्वाभिमान साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघका साधारण सदस्य ५० बर्षीय कोमलनाथ बराललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ७ गते राति आफ्नै घरबाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

वाग्लुङ जिल्ला वाग्लुङ नपा-४ रातामाटा घर भई पोखरा उमनपा-४ गणेशटोल बस्ने अधिवक्ता ३० वर्षीय टंककृष्ण शर्मालाई माओवादीको आशंकामा ०५८ पुस ९ गते सोही उमनपा-७ राष्ट्र बैंकचोकस्थित कानूनी कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन रिहा गरियो।

पोखराबाट प्रकाशित हुने राष्ट्रिय स्वाभिमान साप्ताहिकका सहसम्पादक तनहुँ जिल्लाका २५ वर्षीय जनार्दन वियोगीलाई ०५८ पुस १५ गते राति पोखरा उमनपा-९ पृथ्वीचोकको शिवालयनजिकस्थित आफ्नै डेराबाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई हाल हिरासतमा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

लेखनाथ नपा तालचोकस्थित ग्रामीण विकास बैंक, शाखा कार्यालयको तालबेंसीस्थित ७ नं. केन्द्रका व्यवस्थापक मनोहरि न्यौपानेलाई ०५७ पुस २० गते बिहान ऋण असुल गरी कार्यालय फर्किएको अवस्थामा सोही नपा-३ मा माओवादीहरूले आक्रमण गरी १० हजार ९ सय ५२ रूपैयाँ लुटेर लगे।

पोखरा उमनपा-८ चिप्लेढुङ्गास्थित यादव स्टोर्समा ०५७ पुस २३ गते बेलुका माओवादीहरूले बम प्रहार गरी पेट्रोल छर्केर आगो लगाए। त्यसक्रममा स्टोर्सको अगाडि राखिएका ना. २ ख १५०७ नम्बरको मालबाहक मिनिट्रक र ना. २ च ४६७७ नम्बरको मालबहाक भ्यानसमेत क्षतिग्रस्त भए। माओवादीहरूले सँगै रहेको बजरंग स्टोर्समा समेत आगो लगाइदिए।

पोखरा उमनपा-९ नयाँबजारस्थित कर कार्यालयमा ०५७ माघ २७ गते बिहान माओवादीहरूले बम प्रहार गरी कार्यालयको नयाँ भवनको पाँचवटा र पुरानो भवनको चार वटा झ्यालका शिशा फुटालीदिनुका साथै चौकीदार बस्ने टिनको छाप्रो भत्काइदिए।

पोखरा उमनपा-१३ पाटनबेंशीका ३२ वर्षीय कृष्णप्रसाद बराललाई ०५७ फागुन ४ गते बेलुका पोखराबाट मोटरसाइकलमा आर्बातर्फ जाँदैगर्दा पाटनबेंशी र आर्बाविजय गाविसको बीचमा पर्ने घट्टेखोलामा माओवादीहरूले कुटपिट गरे। पीडितको हातको औंला भाँचिएको, पाखुराको हाड फुटेको तथा टाउको र खुट्टामा गम्भीर चोट लागेको थियो। पीडितको उपचार पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो।

हेम्जास्थित ग्रामिण विकास बैंक शाखा कार्यालयका व्यवस्थापक ओमराज गिरीलाई ०५७ फागुन ८ गते बिहान सोही गाविसको मिलनचोकस्थित प्रकाश प्राविको प्राङ्गणमा समूहमा

माओवादीद्वारा घोषित बन्द कार्यक्रममा जलाइएको गाडी

गोलीबाट घाइते चंद्रबहादुर पुन

आबद्ध ऋणीहरूसँग कर्जा तथा रकम असुल गरिरहेको अवस्थामा ८ जनाको समूहमा आएका माओवादीहरूले आक्रमण गरी १४ हजार २ सय रूपैयाँ लुटेर लगे।

पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण बहुमखी क्याम्पसमा ०५७ फागुन ११ गते स्ववियु चुनावको प्रचार-प्रसार गर्नेक्रममा विद्यार्थीहरूबीच भीडन्त हुँदा अनेरास्ववियुका राष्ट्रिय पार्षद २५ वर्षीय किशोरविक्रम मल्ल, नेविसंघको तर्फबाट सभापतिका उम्मेदवार २६ वर्षीय सुदीपमोहन भट्टराई तथा नेविसंघका कार्यकर्ताहरू २५ वर्षीय मंगल शेरचन र २७ वर्षीय राजु अधिकारी घाइते भए।

पृथ्वीनारायण बहुमुखी क्याम्पसमा ०५७ फागुन १२ गते बेलुका ।नेविसंघका सशस्त्र कार्यकर्ताहरूले अनेरास्ववियुका विद्यार्थीहरूलाई आक्रमण गर्दा स्ववियु सदस्यद्वय २५ वर्षीय दीपक शाह, २६ वर्षीय कृष्ण लम्साल र अनेरास्ववियुका क्षेत्रीय सभापति २५ वर्षीय सुवासचन्द्र अधिकारीलगायत् २० जना घाइते भए।

पृथ्वीनारायण बहुमुखी क्याम्पसमा अध्ययनरत २२ वर्षीय सन्तोष आचार्यलाई नक्कली परिचयपत्र ल्याई मत हाल्न खोजेको आरोपमा ०५७ साल फागुन १४ गते दिउँसो स्ववियु चुनाव भइरहेको अवस्थामा नेविसंघ, अनेरास्ववियु (क्रान्तिकारी) र नेकपा (माले) समर्थित अनेरास्ववियुका कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। सोही विषयमा विवाद हुँदा चुनाव नै रद्द गरियो।

लेखनाथ नपा-११ बेगनासस्थित साना किसान सहकारी संस्थाको कार्यालयमा ०५७ चैत २१ गते बिहान माओवादीहरूले आक्रमण गरी ४ सय रूपैया, क्यालकुलेर तथा केही कागजपत्र लुट्नुका साथै कार्यालयका सम्पूर्ण कागजपत्रहरू कोठा बाहिर निकाली मट्टितेल खन्याएर जलाइदिए। माओवादीहरूले सोही भवनमा रहेको साना किसान विकास आयोजनाका कागजपत्रसमेत जलाइदिए।

पोखरा उमनपा-९ नयाँबजारस्थित कृषि विकास बैंकको बैंकिङ कार्यालयमा ०५७ चैत २१ गते बेलुका माओवादीहरूले बम प्रहार गरी क्षति पुऱ्याए।

चापाकोट गाविस-६ वाम्दीका नेकाँ क्षेत्रीय प्रतिनिधि एवं पूर्व जिविस सदस्य ३५ वर्षीय हरिप्रसाद शर्मालाई ०५७ चैत २१ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी दाहिने खुट्टा भाँचिदिए। पीडित उपचार गरी घर फर्केका छन्।

माझठाना गाविस भुर्तेलडाँडाका ३५ वर्षीय भरत भुर्तेललाई ०५७ चैत २१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

सल्यान गाविस-९ नयाँपुलका नेकाँ पर्वत जिल्ला क्षेत्र नं. १ का सभापति ३६ वर्षीय बलभद्र शर्मालाई ०५७ चैत २२ गते बेलुका नयाँपुलस्थित आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले आक्रमण गरी दुवै खुट्टा भाँचिदिए। पीडित उपचार गरी घर फर्केका छन्।

पोखरा उमनपा-८ स्थित दुगड आइरन इण्डष्ट्रिजको बिक्री कक्षमा ०५८ वैशाख १८ गते बिहान मे दिवसको अवसरमा मजदुरहरूद्वारा निकालिएको जुलुसबाट घन तथा खुकुरी लिएका माओवादी कार्यकर्ताहरू भित्र छिरी १ लाख रूपैयाँ बराबरको सामान नष्ट गरे।

सार्दिखोला गाविस-५ घलेखर्कस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको चेकपोष्ट र सेवा कार्यालयमा ०५८ असार २० गते राति माओवादीहरूले आक्रमण गरी सम्पूर्ण कागजपत्र जलाउनुका साथै एउटा बाइनाकुलर, क्यामेरा र क्यासेट-प्लेयर लुटेर लगे। माओवादीहरूले आफूहरू फर्कने बेलामा २ वटा हाते बमसमेत बिस्फोट गराए।

पोखरा उमनपा-१५ हरियोखर्कस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको केन्द्रीय कार्यालयमा ०५८ असार २२ गते राति माओवादीहरूले बम प्रहार गरे।

लेखनाथ नपा-१२ गगनगौंडास्थित अस्थायी प्रहरी चौकीमा ०५८ असार २३ गते राति माओवादीहरूले बम प्रहार गरी ध्वस्त बनाए।

नेकपा (माओवादी) द्वारा आव्हान गरिएको नेपाल बन्द कार्यक्रम सफल पार्ने उद्देश्यले पोखरा उमनपा-४ नयाँ बसपार्कनजिक पोखरा-वाग्लुङ राजमार्गमा ०५८ असार २५ गते बिहान सो पार्टीका कार्यकर्ताहरूले बम विस्फोट गराए भने सोही समयमा सोही ठाउँस्थित फिर्के पुलमा राजा ज्ञानेन्द्र र प्रम गिरिजाप्रसाद कोइराला जोडिएको पुत्ला बम भेटियो। पुत्ला बमले सो क्षेत्रमा आतंक सृजना गऱ्यो।

नेकपा (माओवादी) द्वारा आव्हान गरिएको नेपाल बन्द कार्यक्रम सफल पार्ने उद्देश्यले पोखरा उमनपा-१० रामघाट र सोही उमनपा-८ न्यूरोडमा ०५८ असार २५ गते बेलुका सो पार्टीका कार्यकर्ताहरूले बम विस्फोट गराए। जनजीवन निकै आतंकित भयो।

पोखरा उमनपा-२ अर्चलबोटस्थित माउण्ट अन्नपूर्ण बोर्डिङ स्कूलमा ०५८ असार २६ गते बिहान माओवादीहरूले आक्रमण गरी स्कूल बस ध्वस्त बनाइदिनुका साथै भवन र मोटरसाइकलमा आगो लगाए। सो घटनापछि पोखराका सम्पूर्ण बोर्डिङ स्कूलहरू ४ दिनसम्म घोषितरूपमा बन्द गरिए भने केही स्कूल डरले हप्तौंसम्म बन्द भए।

पोखरा उमनपा-६ जरेबरमा ०५८ असार २६ गते, सोही

उमनपा-९ महेन्द्रपुलस्थित नेपाल दूरसंचार संस्थानको मोवाइल फोनको टावरमा ०५८ असार २७ गते र पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसको मूलद्वार नजिकै कालिका मन्दिरको डाँडामा माओवादीहरूले बम प्रहार गरे। बम प्रहारबाट कुनै मानवीय क्षति भएन।

पृथ्वी राजमार्ग बस संचालक समितिका कर्मचारी तथा सो समितिको कर्मचारी युनियनका सदस्यद्वय ३२ वर्षीय रामकृष्ण श्रेष्ठ र ३० वर्षीय श्याम श्रेष्ठलाई ०५८ साउन ६ गते सल्यान गाविस नयाँपुलमा धौलागिरी अञ्चल यातायात बस व्यवसायी संचालक समितिका कर्मचारी २५ वर्षीय लखन क्षेत्री र २५ वर्षीय राजु बोगटीको नेतृत्वमा आएका २०-२५ जनाको समूहले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन।

ग्रामीण विकास बैंक बगर शाखामा कार्यरत मुकन्दहरी वास्तोलालाई ०५८ साउन ८ गते बिहान ऋण असुल गरी कार्यालय फर्किरहेको अवस्थामा हेम्जा गाविस सुइखेतमा माओवादीहरूले आक्रमण गरी १५ हजार १ सय ८८ रूपैयाँ र कागजपत्र लुटेर लगे।

लेखनाथ नपा-१३ तल्लो गगनगौंडास्थित ग्रामीण विकास बैंकको सोही नपा-३ मा रहेको अर्घौं शाखाको ३ र २१ नम्बर केन्द्रका कर्मचारीहरूलाई ०५८ भदौ १२ गते बिहान सोही नपा-१५ मा ऋण असुल गरिरहेको अवस्थामा माओवादीहरूले आक्रमण गरी १९ हजार ४ सय ६३ रूपैयाँ लुटेर लगे।

लेखनाथ नपा-३ स्थित ग्रामीण विकास बैंकको अर्घौं शाखामा ०५८ भदौ १३ गते साप्ताहिक किस्ता उठाइरहेको अवस्थामा कर्मचारीहरूबाट माओवादीहरूले ५ हजार ५ सय २१ रूपैयाँ लुटेर लगे।

तनहुँ जिल्ला दुलेगौंडास्थित ग्रामीण विकास बैंक शाखा कार्यालयका लेखनाथ नपा-१३ तल्लो गगनगौंडामा रहेका १० र १६ नम्बर केन्द्रका कर्मचारीहरूलाई ०५८ भदौ १९ गते बिहान कृषकहरूबाट कर्जा असुल गरिरहेको अवस्थामा माओवादीहरूले आक्रमण गरी ३८ हजार ४ सय ७९ रूपैयाँ लुटेर लगे।

पोखरा उमनपा-१८ वडा कार्यालय भवन ०५८ असोज १३ गते दिउँसो माओवादी समर्थक सुकुम्बासीहरूले आगो लगाई ध्वस्त पारे। आगलागीमा ८ लाख रूपैयाँ बराबरको क्षति भयो।

पोखरा उमनपा-९ नागढुङ्गाका गण्डकी नूडल्स प्रालिका व्यवस्थापक ४५ वर्षीय ईश्वरीप्रसाद शर्मालाई ०५८ असोज २३ गते बेलुका सोही नपा-१३ स्थित औद्योगिक क्षेत्रनजिक मूल सडकमा माओवादीहरूले कुटपिट गर्नुका साथै पीडित चढेको ग. १ च १०७० नम्बरको जीप जलाइदिए।

सल्यान जिल्ला वडागाउँ गाविस घर भई पोखरा उमनपा-१३ कुंडहर बस्ने ३० वर्षीय रूपक भन्ने दिपकुमार शर्मालाई माओवादीहरूले कुटपिट गरेकोमा ०५८ असोज २४ गते बिहान सोही उमनपा-१६ दीप तथा बाटुलेचौरबाट भलाम जाने साँघुको मुखनेरको सिँढीमा दाहिने खुट्टा भाँचिएको अवस्थामा भेटियो। पिडित उपचारपछि घर फर्केका छन्।

पोखरा उमनपा-९ महेन्द्रपुलका विष्णुकुमार श्रेष्ठको पसलमा ०५८ असोज ३० गते बेलुका माओवादीहरूले बम प्रहार गरे। बमको छर्रा लाग्दा विष्णुका छोरा प्रकाश श्रेष्ठ सामान्य घाइते भए।

पोखरा उमनपा-८ न्यूरोडस्थित सोही उमनपाको मानव संसाधन विकास केन्द्र तथा बैठक कक्षमा ०५८ मंसिर ८ गते र पोखरा उमनपा- १ बगरको पृथ्वीनारायण बहुमुखी क्याम्पसको मूलद्वार अगाडि ०५८ मंसिर २२ गते सोही उमनपा-९ पृथ्वीचोकस्थित साल्ट ट्रेडिङ लिमिटेड अगाडिको सडक तथा सोही उमनपा-६ स्नोल्याण्ड अगाडिको सडकमा माओवादीहरूले बम विस्फोट गराए।

सराङकोट गाविस-३ सिमतालका नेपाली काँग्रेस गाउँ इकाई समितिका सभापति एवं क्षेत्रीय सदस्य ३३ वर्षीय शमशेरबहादुर थापालाई सुराकी गरेको आरोपमा ०५८ मंसिर १० गते राति माओवादीहरूले आफ्नै घरमा कुटपिट गरे। पीडित उपचारपछि घर फर्केका छन्।

ल्वाङघलेल गाविसस्थित श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषअन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको कार्यालयमा ०५८ पुस १ गते राति माओवादीहरूले बम प्रहार गरे। बम विस्फोटनबाट ६ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भयो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पोखरा उमनपा-८ पृथ्वीचोकस्थित तिब्बती शरणार्थी क्याम्पअगाडि ०५७ पुस १७ गते राति ट्याक्सी चालकको हत्यामा संलग्न पीडकलाई गिरफ्तार गर्न दवाब दिने उद्देश्यले पुस १८ गते सोही ठाउँमा भेला भएका व्यक्तिहरूमाथि प्रहरीले १ राउण्ड हवाई फायर, ७ राउण्ड अश्रुग्याँस प्रहार गर्नुका साथै लाठीचार्ज गरी तितरबितर बनाए। त्यसक्रममा भएको झडपमा प्रहरी सई चित्रबहादुर के.सी., हवल्दार धनप्रसाद श्रेष्ठ तथा सोही ठाउँका बासिन्दा नरेन्द्र श्रेष्ठ सामान्य घाइते भए।

नेकपा (एमाले) जिल्ला सचिव पोखरा उमनपा-१६ बाटुलेचौरका ४७ वर्षीय सोमनाथ अधिकारी प्यासी, सोही पार्टीका जिल्ला सदस्य सोही उमनपा-६ बैदामका परशुराम पौडेल, पूर्व राज्यमन्त्री सोही उमनपा-९ नयाँबजारका तुलबहादुर गुरुङ, जिविस उपसभापति श्रीनाथ बराल, निर्मलपोखरी गाविसका उपाध्यक्ष मुक्ति पौडेल, संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरू गंगा पोखरेल र खडानन्द भण्डारीलाई छ वाम समूहद्वारा आयोजना गरिएको मशाल जुलश प्रदर्शनका क्रममा ०५८ वैशाख २२ गते बेलुका पोखराको पृथ्वीचोक र अमरसिंहचोकमा प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

राष्ट्रिय जनमोर्चा, नेपालका जिल्ला अध्यक्ष ३६ वर्षीय

शंकर बराल, संयुक्त जनमोर्चा, नेपालका ३५ वर्षीय शान्तबहादुर घिसिङ, गंगा पोखरेल र संजय आचार्यलाई छ वाम समूहले ०५८ वैशाख २३ गते जिल्ला प्रशासन कार्यालय घेराउ गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

राजदरबार हत्याकाण्डको विरोध गर्दै निस्किएको जुलुसमाथि ०५८ जेठ २२ गते विहान पोखरा उमनपा-७ राष्ट्रबैंक चोक, रत्नचोक, शहीदचोक तथा मालपोत कार्यालय अगाडि प्रहरीले हवाई फायर, लाठीचार्ज तथा अश्रुग्याँस प्रहार गरे। साथै, सुजन शर्मा र प्रकाश अधिकारीलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिल्ट रिहा गरियो।

पोखरा उमनपा-१ बगरस्थित पृथ्वीनारायण क्याम्पसको मूलद्वारअगाडि ०५८ असार ७ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले राजतन्त्र विरोधी नारा-जुलुस गरिरहेको अवस्थामा प्रहरीले अश्रुग्याँस प्रहार गरी तितरबितर बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ४ सय ७० वटा र यस वर्ष दर्ता भएका ३ सय ३ गरी ७ सय ७३ वटा मध्ये २ सय ३४ वटा फर्स्यौट भइ हाल ५ सय ३९ वटा बाँकी रहेका छन्। त्यसैगरी फौजदारीतर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २ सय ९४ वटा र यस वर्ष दर्ता भएका १ सय ८३ गरी जम्मा ४ सय ७७ मध्ये १ सय ७२ वटा फर्स्यौट भइ ३ सय ५ वटा बाँकी रहेका छन्। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्षको पुस मसान्तसम्म दर्ता भएका कूल मुद्दा १ हजार २ सय ५० मध्ये यस वर्षको अन्त्यसम्म ४ सय ६ वटा फर्स्यौट भइ हाल कूल ८ सय ४४ वटा मुद्दा रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

पोखरा उमनपा-११ रानीपौवास्थित तुलसीघाटमा रहेको खाली जग्गामा टहरा निर्माण गरी बसेका २ सय परिवार सुकुम्बासीहरूलाई ०५८ साउन १७ गते प्रहरीले हस्तक्षेप गरी हटाए। सोक्रममा प्रहरीले अश्रुग्याँस प्रहार गर्नुका साथै लाठीचार्ज गरेर सुकुम्बासीका टहराहरूमा आगो लगाई ध्वस्त पारिदिए। सोही ठाउँमा सोही राति पुनः १ सय ५० टहरा निर्माण गरी बसेका सुकुम्बासीहरूलाई ०५८ साउन १९ गते प्रहरीले पुनः अश्रुग्याँस प्रहार र लाठीचार्ज गरी हटाए।

लेखनाथ नपा-१ पटनेरीको खाली जग्गामा टहरा निर्माण गरी बसेका ७२ वटा छाप्राका ३ सय व्यक्तिलाई ०५८ साउन २३ गते प्रहरीले बल प्रयोग गरी हटाए। त्यसैगरी सोही ठाउँको भण्डारढिकमा २५ वटा छाप्राका व्यक्तिहरूलाई प्रहरीले बल प्रयोग गरी हटाए।

पोखरा उमनपा-९ नयाँबजारस्थित माछापुच्छ्रे बैंक पछाडि पोखरा उमनपाको नाममा रहेको ३५ रोपनी जग्गामा बसेका एक सय सुकुम्बासीहरूलाई ०५८ साउन २८ गते प्रहरीले हस्तक्षेप गरी हटाए। राति पुनः ७० वटा टहरा निर्माण गरी बसेका सुकुम्बासीहरूलाई साउन २९ गते प्रहरीले पुनः हटाए।

पोखरा उमनपा-१० मा सोही उमनपा-१२ स्थित अमरसिंह माविको नाममा रहेको ४३ रोपनी २ आना १/२ दामको जग्गामा बसेका २ सय ५० वटा सुकुम्बासीका टहराहरूमा ०५८ साउन ३० गते बिहान प्रहरी तथा विद्यार्थीहरूले बल प्रयोग गरी हटाए। त्यस्तै साउन १८ र १९ गते हटाइएका तुल्सीघाटका सुकुम्बासीहरू १ सय ५० टहरा निर्माण गरी बसेकोमा साउन ३० गते नै हटाइयो।

पोखरा उमनपा-१७ सिमलटुंडा धैरेनीमा बसोबास गर्दै आएका ३ सय घरपरिवार सुकुम्बासीहरूलाई ०५८ असोज ५ गते प्रहरीको सहयोगमा छोरेपाटन उच्च माविको प्रशासन, शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका सदस्य र केही अभिभावकहरूले हटाए।

पोखरा उमनपा- १८ बाच्छेबुडुवामा ल्याण्डफिल साइट निर्माण गर्न भनी छुट्याइएको खाली जग्गामा बसेका सुकुम्बासीहरूका २ हजार टहरामा ०५८ असोज १४ गते बिहान प्रशासनले बल प्रयोग गरी आगो लगाएर नष्ट गरिदियो। सोही राति पुनः निर्माण गरेका एक सय टहरा असोज १५ गते प्रहरीले जलाइदिए।

पोखरा उमनपा-१४ मफेरीपाटनको सार्वजनिक जग्गामा टहरा निर्माण गरी बसेका ९१ परिवार सुकुम्बासीहरूलाई ०५८ असोज २७ गते प्रहरीले बल प्रयोग गरी हटाए।

पोखरा उमनपा-१० रामघाटको पूर्वतटस्थित नमूनाटोलमा ५ सय रोपनी जग्गामा बसोबास गरेका ३ सय ८० भन्दा बढी सुकुम्बासीहरूका टहरा ०५८ पुस ८ गते बिहान प्रशासनले डोजर लगाई भत्काइदियो।

पोखरा उमनपा-१७ छोरेपाटन सिमलटुंडाको सार्वजनिक जग्गामा टहरा निर्माण गरी बसेका ५० परिवार सुकुम्बासीहरूलाई ०५८ पुस १० गते प्रशासनले डोजर लगाई हटायो।

महिला अधिकार

पोखराका विभिन्न होटलमा भाँडा माझ्ने काम गरी जीविकोपार्जन गर्दै आएकी १५ वर्षीय एक युवतीलाई सर्लाही जिल्ला घर भई पोखरा उमनपा-६ लेकसाइडमा मिठाई पसल गरी बस्ने ५३ वर्षीय रामपरिक्षण शाहले आफ्नो होटलमा काम गर्न बसेको अवस्थामा पटक-पटक बलात्कार गरे। पीडित गर्भवती भएका कारण ५-६ महिनापछि ०५७ माघ १८ गते पीडितले घटना सार्वजनिक गरिन्।

लेखनाथ नपा-३ बुढीबजारकी १२ वर्षीय एक बालिकालाई आफ्नै बाबु ३६ वर्षीय रामबहादुर नेपालीले पटक-पटक बलात्कार गरेकोमा ०५७ माघ १८ गते पीडितले आफ्नो रजस्वला बन्द भएको आशंकामा सो कुरा सार्वजनिक गरिन्। तर प्रहरीले पीडित, पीडक तथा स्थानीय जनप्रतिनिधिलाई आफ्नो कार्यालयमा झिकाई अब आइन्दा त्यस्तो अनुचित कार्य नगर्ने शर्तमा बाबु छोरीकै रूपमा मिलापत्र गरी पठाए।

तनहुँ जिल्लाकी १८ वर्षीय एक युवतीलाई ०५७ फागुन १७ गते पोखरा उमनपा-१७ पार्दी बिरौटामा आफन्तको घरमा विवाहको निम्ता मान्न आएको अवस्थामा म्याग्दी जिल्लाबाट सोही ठाउँमा सोही प्रयोजनका लागि आएका २२ वर्षीय अम्मरबहादुर विक, २१ वर्षीय डम्बरबहादुर वि.क. र २० वर्षीय कृष्णबहादुर वि.क.ले सामूहिक बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरे पनि प्रमाण नपुग्ने जनाई रिहा गरे।

पोखरा उमनपा-१७ घारीपाटन हुनमानटोलकी १० वर्षीय एक बालिकालाई ०५८ वैशाख २ गते राति सोही ठाउँका १९ वर्षीय राजेन्द्र ढकालले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

पोखरा उमनपा-१४ चाउथेस्थित सुकुम्बासी टोलकी ९ वर्षीय एक बालिकालाई ०५८ वैशाख १३ गते राति पाल्पा जिल्ला रामुसिलङ गाविस-२ घर भई सोही ठाउँ बस्ने ४७ वर्षीय रामप्रसाद काफ्लेले बलात्कार गरे। पीडित उपचारपछि घर फर्किन् भने पीडकलाई धरौटी राख्न नसकेका कारण थुनामा राखिएको छ।

लाहाचोक गाविस-१ की १८ वर्षीय एक युवतीलाई ०५८ जेठ १ गते दिउँसो १ बजे सोही ठाउँस्थित एक खोल्सामा काका नाता पर्ने २५ वर्षीय भरत रानाभाटले बलात्कार गरे। पीडक हालसम्म फरार छन्।

लेखनाथ नपा-१३ की ७ वर्षीय एक बालिकालाई ०५८ जेठ २२ गते भरतपोखरी गाविस-९ का २६ वर्षीय रामबहादुर कुवँरले बलात्कार गरे। पीडित उपचारपछि घर फर्किन् भने पीडकलाई ०५८ साउन ७ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

पोखरा उमनपा-१३ गैडाकोमुखकी ७ वर्षीय एक बालिकालाई ०५८ असार २९ गते सोही ठाउँका १६ वर्षीय धनप्रसाद आचार्यले बलात्कार गरे। पीडित उपचार गरी घर फर्किन् भने पीडक फरार छन्।

पोखरा उमनपा-१० रामघाटको किनारस्थित सुकम्बासी बस्तीकी एक युवतीलाई ०५८ साउन २३ गते विहान काठमाण्डौ मनपा घर भई पोखरास्थित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रअन्तर्गत पर्यटन तालिम केन्द्रमा कार्यरत २६ वर्षीय दिव्यविक्रम राणाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे पनि मुद्दा चलाउन प्रमाण नपुगेको जनाउँदै रिहा गरे।

चितवन जिल्ला घर भई पोखरामा व्यापार गरी बस्ने २२ वर्षीय एक युवतीलाई ०५८ भदौ १८ गते पोखरा उमनपा-१७ छोरेपाटनस्थित विद्युत पावरहाउस नजिक सोही ठाउँका २५ वर्षीय रामलाल पौडेलले बलात्कार गर्ने प्रयास गरेकोमा पीडित भाग्न सफल भइन्। भदौ २२ गते पोखरा उमनपा-९ पृथ्वीचोकमा अचानक पीडकलाई भेटेपछि पीडितले कुटपिट गरिन्।

पोखरा उमनपा-१८ शान्तिटोलकी ६ वर्षीय एक बालिकालाई ०५८ असोज ५ गते दिउँसो आफ्नै घरमा बसिरहेको अवस्थामा सोही ठाउँका १५ वर्षीय धनप्रसाद आचार्यले बलात्कार गरे। पीडक हालसम्म फरार छन्।

पोखरा उमनपा-१३ कुँडहरकी १९ वर्षीय एक युवतीलाई ०५७ फागुन १७ गते पोखरामा सिमेन्ट प्लाष्टरको काम गर्ने भारतीय नागरिक २५ वर्षीय करी मियाले विक्री गर्ने उद्देश्यले प्रेमको बहाना गरी पोखरा-वीरगञ्ज चल्ने गाडीमा राखी हिँडेको अवस्थामा बसका स्टाफहरूलाई शंका लागि हेटौंडा पुग्दा प्रहरीलाई खबर गरेपछि प्रहरीले गिरफ्तार गरे। फागुन १९ गते दुवैजनालाई हेटौंडा प्रहरीले जिप्रका कास्कीको जिम्मा लगाए। पीडित आफ्नो घर गएकी छिन् भने पीडकलाई पनि कुनै कारवाही गरिएन।

पोखरा उमनपा-१७ महतगौंडाकी १५ वर्षीय एक युवतीलाई ०५८ भदौ २५ गते सोही ठाउँकी जमुना विकले विक्री गर्ने उद्देश्यले घरबाट भगाई लगेकोमा गाउँलेहरूले थाहा पाइ हल्ला गरेपछि विक्री गर्न पाइनन्। पीडकलाई प्रहरीले गिरफ्तार गरेर सोधपुछ गरी रिहा गरे।

यस वर्ष गर्भपतन गरेको आरोपमा दुई जना महिलालाई प्रहरीले गिरफ्तार गरे।

बालअधिकार

लेखनाथ नपा-१२ गगनगौंडा बरालथरकी माथिल्लो गगनगौंडास्थित बीएमजी बोर्डिङ स्कूलमा कक्षा ३ मा अध्ययनरत १० वर्षीय सगुन पोख्रेललाई ०५८ भदौ ३१ गते बिहान आफ्नै घरको आँगनमा रहेको पानीको धारामा हातखुट्टा धोइरहेको अवस्थामा भारतीय मूलका अज्ञात व्यक्तिहरूले अपहरण गरी कालो रङको मारुती भ्यानमा राखेर लगेकोमा पीडित निकै रोएका कारण ४ किमी टाढा कोत्रेनजिक तल्लो गगनगौंडाको बाटोमा ओरालेर छाडिदिए।

तीन जना नवजात शिशुका लास फेला परे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

माझठाना गाविस-१ सौरेबजारका ५७ वर्षीय सूर्यबहादुर मगरलाई जेठी पत्नीलाई अंश नदिई घरबाट निकालेको र छोराको न्वारन नगरेको आोपमा ०५७ पुस २५ गते बेलुका माओवादीहरूले आफ्नै घरको आँगनमा कान समाई ५० पटक उठबस गर्न लगाउनुका साथै कुटपिट गरी १५ दिन भित्र जेठी पत्नीलाई अंश दिने सहमती गराए। माओवादीहरूले पीडितको एक नाल बन्दुकसमेत लुटेर लगे।

लेखनाथ नपा-३ अर्घौंस्थित लक्ष्मी माविका प्रधानाध्यापक ३३ वर्षीय भोजराज ढुङ्गानालाई ०५८ वैशाख १८ गते बिहान विद्यालय परिसरमा अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले मोसो दले।

भलाम गाविस-३ ग्यालेचौरस्थित महेन्द्र माविका प्रधानाध्यापक ३३ वर्षीय विश्वराज पौडेललाई ०५८ वैशाख १८ गते विद्यालय परिसरमा माओवादीहरूले मोसो दल्नुका साथै

कान समाई २० पटक उठबस गर्न लगाए।

पोखरा उमनपा-१८ छिनेडाँडा शान्तिचोकका ३३ वर्षीय विष्णु कार्कीलाई महिलामाथि अभद्र व्यवहार गरेको आरोपमा ०५८ वैशाख २७ गते माओवादीहरूले मोसो दलेर जुत्ताको माला लगाइदिए।

नेपाल विद्युत प्राधिकरणमा कार्यरत ३३ वर्षीय रामबहादुर थापा र ३० वर्षीय लक्ष्मण गिरीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०५८ भदौ २० गते लेखनाथ नपा-१ राजाको चौतारामा माओवादीहरूले कुटपिट गर्नुका साथै कान समाई ५० पटक उठबस गर्न लगाए।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा सशस्त्र लुटेराहरूद्वारा २ वटा लुटपाटका घटना भए। व्यक्तिगत रिसइवीले भएका कुटपिटमा ३ जना अष्ट्रेलीयन पर्यटकहरूसहित ९ पुरूष र १ महिला गरी १० जना पीडित भए। सडक दुर्घटनामा ५ महिला र ६ पुरूष गरी ११ जनाको मृत्यु भयो। १५ महिला र १४ पुरूष गरी २९ जनाले आत्महत्या गरे। लडेर तथा डुबेर ३ महिला र ११ पुरूष गरी १४ जनाको मृत्यु भयो भने विपत्तिमा ६ महिला र १३ पुरूष गरी १९ जनाको मृत्यु भयो। गम्भीर प्रकृतिका ३ वटा चोरीका घटना भए भने आगलागीका २ वटा घटना भए। ३ जना पुरूषको लास फेला पर्‍यो।

३.६ मनाङ

सम्मानित रुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

यस जिल्लामा भाडामा लिएको भवनमा जेल रहेको छ। व्यवस्थित भवन नभएकाले बन्दीलाई अन्य छिमेकी जिल्लाका जेलमा लग्नुपर्ने अवस्था छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

हुम्देस्थित नागरिक उड्ययन प्राधिकरणका प्रमुख २९ वर्षीय इमनाथ अधिकारीलाई ०५८ भदौ २७ गते बिहान बाटोमा हिडिरहेको अवस्थामा मनाङ गाविस-१ का ४३ वर्षीय पेम छिरिङ गुरूङले कुटपिट गरे। जिविस सभापतिको रोहवरमा दुवैबीच सम्झौता र मिलापत्र भयो।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ३ वटा मुद्दा दर्ता भएकोमा तीनवटै फर्स्यौट भए। त्यसरी दर्ता र फर्स्यौट भएका मुद्दाहरूमा सरकारवादी फौजदारी २ वटा र दुनियावादी फौजदारी एउटा रहे।

महिला अधिकार

गोरखा जिल्ला बारपाक गाविस-१ पोखरीगाउँकी ४२ वर्षीय एक महिलालाई ०५८ असार १५ गते सोही जिल्ला स्वाँरपानी गाविस-३ का २५ वर्षीय माइला गुरूङले बलात्कार गर्ने प्रयास गरे। पीडक हालसम्म फरार छन्।

भ्राका गाविस-१ स्थित प्राविमा कार्यरत एक शिक्षिकालाई ०५८ मंसिर ४ गते बेलुका सोही विद्यालयका शिक्षक स्याङ्जा जिल्ला देउराली गाविस-३ का ५२ वर्षीय फत्तेबहादुर थापाले बलात्कार गर्ने प्रयास गरे। पीडकविरूद्ध विद्यालय व्यवस्थापन समितिले जिल्ला प्रशासन र शिक्षा कार्यालयमा कारवाहीका लागी उजूरी गर्‍यो।



जनसंख्या	:	९४४५
साक्षरता प्रतिशत	:	४७.१
महिला साक्षरता प्रतिशत	:	३०.१
क्षेत्रफल (वर्ग कि.मी.)	:	२२४६
गाविस/नपा संख्या	:	१३/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	२९
क्याम्पस/उच्च मावि	:	०/२
अस्पताल/स्वास्थ्य चौकी	:	१/१३
टेलिफोन लाइन	:	१७
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	११

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ जना पुरूष पीडित भएको सार्वजनिक जानकारीमा आयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा	घटना संख्या	पीडित संख्या पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना					२	६		६
कुटपिट	२	१	१	२				
धम्की	१	१		१				
बलात्कार प्रयास	२		२	२				
जम्मा	५	२	३	५	२	६		६

३.७ नवलपरासी

जनसंख्या	५६२०८८
साक्षरता प्रतिशत	६२.३
महिला साक्षरता प्रतिशत	४७
क्षेत्रफल (वर्ग कि.मी.)	२१६२.२
गाविस/नपा संख्या	७३/१
निर्वाचन क्षेत्र	४
विद्यालय	५३०
क्याम्पस/उच्च मावि	७/१०
अस्पताल/स्वास्थ्य चौकी	३/८२
टेलिफोन लाइन	१५७५
मोटर सडक (कि.मी.)	१५३७.११
प्रहरी कार्यालय संख्या	३३
हुलाक संख्या	७४

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

सुनवल गाविस-३ का ४२ वर्षीय हरिबहादुर खड्काको ०५८ मंसिर १६ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। त्यसैगरी २ जना अज्ञात व्यक्तिलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएको र लास फेला नपरेको कुरा सार्वजनिक भयो। यसका बारेमा कुनै पुष्टि हुन र घटनाको विस्तृत विवरण प्राप्त हुन भने सकेन।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा १५ जना पुरूष र ५ जना महिलाको हत्या भयो। यीमध्ये ३ वटा घटनामा डेढ वर्षभन्दा मुनिका २ जना बालक र १ बालिकालाई आफ्नै आमाले हत्या गरी आफूहरूले पनि आत्महत्या गरे। जसमध्ये-

कावासोती गाविस-५ का २८ वर्षीय राजु परियारलाई ०५८ असार ३ गते अर्ग्यौली गाविस-९ का आफ्नै ससुरा सन्तबहादुर परियार, सासु डल्ली परियार र आफ्नै पत्नी लक्ष्मी परियारले फलाम, ढुङ्गा आदि प्रहार गरी हत्या गरे। पीडकहरूमध्ये डल्ली र लक्ष्मीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने सन्तबहादुर फरार छन्।

दिव्यपुरी गाविस-९ की ३२ वर्षीय बेलमाया बराल, उनकै छोराहरू ६ वर्षीय हर्कसिंह बराल र २ वर्षीय तोकसिंह बराललाई ०५८ भदौ ५ गते आफ्नै पति तथा बाबु पूर्णबहादुर बरालले बिष खुवाई हत्या गरे। त्यसपछि पीडकले पनि झुण्डिएर आत्महत्या गरे।

कल्हुवा गाविस-९ का ३२ वर्षीय मानबहादुर बोटे, २८ वर्षीय बिफल बोटे र २५ वर्षीय शोभा बोटेलाई ०५८ भदौ २५ गते शाही चितवन राष्ट्रिय निकुञ्जको जंगलमा बाँसको तामा खोज्न गएको अवस्थामा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे।

जेल र बन्दीहरु

"घ" श्रेणीको नवलपरासी जेलको बन्दी क्षमता ३५ जनाको हो। हाल यस जेलमा ५७ जना बन्दी छन्। यसबाहेक माओवादीको आरोपमा थुनामा राखिएका १ जना महिलासहित १८ जना छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ४७ र तोकिएका १० जना छन्। कैद नतोकिएका ४ जना महिला छन्। पुरूषहरूका लागि ३ र महिलाहरूका लागि १ गरी ४ वटा कोठा बन्दीहरूको निम्ति छुट्याइएको छ। जेल भवन अत्यन्त जीर्ण छ। दलिनहरू मक्किएर कतिबेला भत्कने हो र त्यसले च्यापेर कतिबेला मरिने हो भन्ने भयबीच रहनुपरेको गुनासो बन्दीहरूले गरे। सीमित श्रोत, साधनका कारण जेल प्रशासन चलाउन समस्या रहेको बताउँदै जेलर बद्रिनाथ लम्सालले सरल र समान तरिकाबाट क्षमताले भ्याएसम्म प्रयास गरेको जानकारी दिए।

बन्दी विष्णु रानाभाटलाई आपसी मनमुटावका कारण ०५८ भदौ ११ गते जेलकै बन्दी शिव परियारले छुरा प्रहार गरी घाइते बनाए। यस वर्ष एक जना महिलाले हिरासतमा आत्महत्या गरिन्।

गिरफ्तारी र यातना

बडहरा डुबौलिया गाविस-७ घर भई सरावल गाविस-७ मा साइकल मर्मत केन्द्र संचालन गर्दै आएका जिनक हरिजनलाई माओवादीको आरोपमा ०५७ चैत २ गते पसलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि जमानतमा रिहा गरियो।

रामपुर खडौना गाविस-३ का नेकपा (एमाले) का कार्यकर्ता ३६ वर्षीय मोतिलाल हरिजनलाई माओवादीको आरोपमा ०५७ चैत ३ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई ४ दिनपछि जमानतमा रिहा गरियो।

जहदा गाविस-७ धनेबाकी १९ वर्षीय शिला थापालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५७ चैत १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई चैत २५ गते रिहा गरियो।

माकर गाविस-२ स्थित दिव्यज्योती बहुमुखी क्याम्पसमा अध्ययनरत नरेन्द्र कुवँर, खोरबहादुर चौधरी, दयाराम लामिछाने, नारायण लामिछानेलगायत् ५ जनालाई माओवादीको आरोपमा ०५७ चैत २० गते पञ्चनगर गाविस-३ भुताहाबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई चैत २४ गतेसम्म दैनिक चौकीमा हाजिर हुनेगरी तारेखमा रिहा गरियो।

पाल्ही गाविस-१ का ४५ वर्षीय जुगुदप्रसाद लोनिया र ३२ वर्षीय दशरथप्रसाद लोनियालाई सोही ठाउँका ७ वर्षीय एक बालकको अपहरण गरेको आरोपमा ०५८ वैशाख २३ गते प्रहरीले गिरफ्तार गरेकोमा शारीरिक र मानसिक यातना दिई एक महिनापछि रिहा गरियो।

पाल्ही गाविस-१ का रामभवन लोनिया र विश्वभवन लोनियालाई सोही ठाउँका ७ वर्षीय एक बालकको अपहरण गरेको आरोपमा ०५८ जेठ ७ गते प्रहरीले गिरफ्तार गरेकोमा मानसिक र शारीरिक यातना दिई एक महिनाभन्दा बढी

समयसम्म हिरासतमा राखेर रिहा गरे।

बन्जरिया गाविस-१ का ४३ वर्षीय यमबहादुर विश्व मगर र ३५ वर्षीय शेरबहादुर कंवटलाई वन अतिक्रमण गरेको आरोपमा ०५८ जेठ २७ गते जंगलबाट फर्किरहेको अवस्थामा वन कार्यालयका कर्मचारीहरूले गिरफ्तार गरेकोमा मानसिक र शारीरिक यातना दिए। पीडितहरूलाई ९ दिनसम्म थुनामा राखी प्रतिव्यक्ति ९ सय १८ रूपैयाँका दरले धरौटी राखी तारेखमा रिहा गरियो। आफूहरूले सामुदायिक वन उपभोक्ता समितिको नियमअनुसार कार्य गरेको पीडितहरूले बताए।

कुमारबारीस्थित वाणिज्य क्याम्पसका प्रमुख शैलेन्द्र मिश्र, सोही क्याम्पसका लेखापाल सुन्दरप्रसाद पराजुली, शिवमन्दिर गाविस-३ का वडाध्यक्ष विश्वराज बगाले र सोही ठाउँका बलबहादुर के.सी.लाई आफ्नो विरोध गरेको भनी क्षेत्र नं. १ का सांसदले किटानी जाहेरी दिएका कारण ०५८ साउन २७ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई ०५८ भदौ १ गते तारेखमा रिहा गरियो।

सुक्रौली गाविस-५ धिनाहाका ३५ वर्षीय चिनकुमारी कुर्मीलाई माओवादीको आरोपमा ०५८ भदौ ३० गते महेशपुर बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५८ असोज २ गते अदालतको आदेशमा तारेखमा रिहा गरियो।

सुनवल गाविस-१ सुनवल बजारमा दुध डेरी संचालन गरी बस्ने ज्ञानहरी पौडेल र सोही ठाउँमा किराना पसल गरी बस्ने डिलाराम पाण्डेलाई ०५८ मंसिर १३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरू मध्ये डिलारामलाई ११ दिन रिहा गरियो भने ज्ञानहरीलाई थुनामा राखियो।

तमसरिया गाविस चोरमारा बजारमा स्टेशनरी पसल गरी बस्ने ३८ वर्षीय केदार पराजुलीलाई ०५८ मंसिर १३ गते आफ्नै पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

गैंडाकोट गाविसका ४२ वर्षीय दुर्गाप्रसाद ढुङ्गानालाई ०५८ मंसिर १३ गते चितवनबाट खटिएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कहाँ राखिएको छ थाहा हुन सकेको छैन।

प्रगतिनगर गाविस-३ का २३ वर्षीय तारा भुसाल, जयप्रकाश र एक जना महिलालाई ०५८ मंसिर १४ गते प्रतापपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये तारा भुसाललाई थुनामा राखियो भने एक जना महिला र जयप्रकाशलाई कहाँ लगियो थाहा हुन सकेको छैन।

माकर गाविस-८ लधुनाहाका ३२ वर्षीय राज हरीजनलाई ०५८ मंसिर १४ गते बर्दघाट प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई थुनामा राखियो।

पकलीहवा गाविस-२ का सेन मानन्धर र मनोज मानन्धरलाई ०५८ मंसिर १५ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई जेल चलान गरियो।

जहदा गाविस-६ का ३० वर्षीय श्याम खनाल, २५ वर्षीय अर्जुन भट्टराई र स्याङ्जा पीडिखोलाका ३४ वर्षीय चक्रपाणि भुसाल र २२ वर्षीय पिताम्बर भुसाललाई .... गते जहदा गाविस-६ पोखरी टोलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

नारायणी गाविस-२ भण्डाराका शिवराज मर्दनीया र सोही ठाउँका चन्द्र श्रेष्ठ र दुर्गाप्रसाद रेग्मीलाई ०५८ मंसिर १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

वेणिमणिपुर सर्दिका नारायणप्रसाद रेगमीलाई ०५८ मंसिर १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

तिलकपुर गाविस-८ का २५ वर्षीय अर्जुन भण्डारी, उनका भाइ गौराम भण्डारी, सोही ठाउँका ३० वर्षीय लक्ष्मण गौतम, उनका भाइ रामु गौतम र तिलकपुर गाविस-६ का २० वर्षीय तिर्थ देवकोटा, २१ वर्षीय प्रकाश भट्टराई, ५५ वर्षीय देविलाल खनाल, उनकी छोरी २१ वर्षीय लक्ष्मी खनाललाई ०५८ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि रिहा गरियो।

जहदा गाविस-६ घर भई माकर गाविस-४ वर्दघाट बजारमा बोर्डिङ्ग स्कुलमा अध्यापनरत २४ वर्षीय चिरञ्जीवी खनाललाई ०५८ मंसिर २० गते गोवर्दघाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई जेल चलान गरियो।

माकर गाविस-४ का ५६ वर्षीय कृष्णप्रसाद शास्त्रीलाई ०५८ मंसिर २२ गते बर्दघाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई एकहप्ता हिरासतमा राखी रिहा गरियो।

गोरखा जिल्ला घर भई माकर गाविस-२ दिव्यज्योति मा. वि. मा अध्यापन गर्ने हरिकुमार श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ मंसिर २२ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

सुक्रौली गाविस घिनाहाका ३५ वर्षीय चिनक कुर्मीलाई ०५८ मंसिर २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

सोमनी गाविस-६ घिनाहाका मुक्तिप्रसाद यादवलाई ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

जहदा गाविस-७ घर भई जमुनिया गाविसस्थित बजारमा पसल गर्ने अनेमकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष बाबुराम खनाललाई ०५८ पुस २ गते मनरी गाविस-२ पिपराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखियो।

प्रगतीनगर गाविस-३ का उत्तर कुमार श्रेष्ठलाई ०५८ पुस १३ गते आत्मसर्मण गर्न आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी १५ दिनपछि रिहा गरियो।

पत्रकार महासंघका जिल्ला सभापति कृष्णबहादुर कार्कीलाई ०५८ पुस १५ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई २३ घण्टापछि रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

पक्लीहवा गाविस-२ का ३७ वर्षीय रामजीप्रसाद जोशी, सोही ठाउँका ४० वर्षीय जयराम पासी र भारत घर भई सोही ठाउँमा बस्दै आएका ४२ वर्षीय पहलमान भन्ने मुरारी कोइरीलाई ०५८ जेठ ७ गते प्रतापपुर गाविस-१ खैरेनीबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये रामजी र जयरामलाई ७ दिनपछि मुक्त गरियो भने मुरारीलाई कुटपिट गरी अब आइन्दा नक्कली बनेर जनतालाई सताउने कार्य नगर्ने, गरेमा नराम्रो परिणाम भोग्नुपर्ने चेतावनी दिई १७ दिनपछि मुक्त गरियो।

प्रतापपुर गाविस-२ का २९ वर्षीय दुर्गेशकुमार गुप्ता र सोही गाविस-३ का २८ वर्षीय शुभाष धवललाई ०५८ जेठ २४ गते रूपौलिया गाविस-३ बाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई कुटपिट गरी ७ दिनपछि मुक्त गरियो। पीडितहरूलाई माओवादीहरूले उनीहरूको केन्द्रीय समितिको नक्कली रसिद छपाई जनतालाई र रूपौलिया गाविस-३ का व्यापारीसँग गरी ३ लाख रूपैयाँको मागसहितको धम्कीपत्र र नक्कली दस्तावेजसहित अपहरण गरेको जनाए।

जमुनिया गाविस-९ का २८ वर्षीय पुरन चौधरीलाई नक्कली माओवादी बनेको आरोपमा ०५८ जेठ २९ गते जमुनिया गाविस भवनको परिसरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी एक हप्तापछि मुक्त गरियो।

सुनवल गाविस-२ का ३८ वर्षीय राजन अधिकारीलाई नक्कली माओवादी बनी चन्दा उठाएको आरोपमा ०५८ असार १३ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरी एक हप्तापछि मुक्त गरे। पीडितले स्यौठी गाविस-४ की ४५ वर्षीय जानकी भेडियालसँग २० हजार रूपैयाँ चन्दा माग गरी नदिएमा कारवाही गर्ने धम्की दिएका थिए।

प्रगतिनगर गाविस-७ का रूक्माङ्गत भुर्तेललाई नक्कली माओवादी बनेको आरोपमा ०५८ साउन ३ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी हात भाँचिदिए। पीडितलाई साउन ६ गते मुक्त गरियो।

चितवन जिल्ला भरतपुर नपाका २९ वर्षीय विनोद शर्मालाई सुराकी गरेको आरोपमा ०५८ साउन २४ गते इलाका मालपोत कार्यालय, नवलपरासी अगाडिबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ३ गते स्थानीय जनप्रतिनिधि र पत्रकारको जिम्मा लगाई मुक्त गरियो।

कावासोतीस्थित इलाका प्रशासन कार्यालयमा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका हवल्दार ३२ वर्षीय जोगेन्द्र मण्डललाई ०५८ साउन २७ गते कार्यालय अगाडिबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ३ गते मुक्त गरियो।

रामनगर गाविस-१ हरकट्टाका २० वर्षीय हरि पाण्डेलाई ०५८ भदौ १८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई निर्मम कुटपिट गरी रातभर हिँडाएर मुख, आँखामा चोट पुऱ्याई भोलिपल्ट मुक्त गरे।

बुलिङटार गाविस-४ चम्पापुरका जिल्ला शिक्षा कार्यालयका कर्मचारी ४२ वर्षीय खड्गबहादुर कुमाललाई ०५८ कार्तिक ९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कार्तिक २० गते घरमै ल्याएर मुक्त गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१८	१५	५	२०				
गोलीद्वारा हत्या	१	१		१	३	३	१	४
गोलीद्वारा घाइते	२	२	१	३				
जेलमा भएको घटना	१	१		१				
गिरफ्तारी र यातना					३८	५१	४	५५
कुटपिट	१५	२०	२	२२				
धम्की	४	३	३	६	१	१		१
भेला र संगठित हुने अधिकार	१	१	२	३				
भूमिहीन तथा सुकुम्बासी समस्या					१	१		१
महिला किनबेच	३		९	९				
महिला किनबेचको प्रयास	२		४	४				
बलात्कार	६		६	६				
बलात्कार प्रयास	४		४	४				
बहुविवाह	५		५	५				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	३		२	२				
बाल अधिकार	१		१	१				
आर्थिक अधिकार	३	६	१	७	१	१		१
जातीय छुवाछूत	३	१	२	३				
अमानवीय व्यवहार	२	४		४				
अपहरण	१०	१४		१४				
जम्मा	८२	६८	४८	११६	३३	५७	५	६२

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जहदा गाविस-७ का ४५ वर्षीय वाबुराम खनालको घरमा ०५७ चैत १९ गते प्रहरीले घेरा हाली छोराछोरी तथा पत्नीलाई ज्यानमार्ने धम्की दिए।

नवलपरासी जिल्ला कुलिङटारस्थित इलाका प्रहरी कार्यालय खाली रहेको अवस्थामा ०५८ असोज १५ गते माओवादीले वम प्रहार गरी क्षतिग्रस्त वनाए।

धोवादी गाविसस्थित इलाका प्रहरी कार्यालय खाली रहेको अवस्थामा ०५८ असोज २३ गते माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाए।

शिवमन्दिर गाविस-७ स्थित जनता माविमा ०५८ जेठ २८ गते परीक्षा संचालन भइरहेको अवस्थामा कक्षा ६ र ८ को संस्कृत विषयका प्रश्नपत्र माओवादीहरूले नष्ट गरे।

क्षेत्र नं. १ का सांसद दामोदर वस्ताकोटीको बुलिङटार गाविसस्थित घर खाली रहेको अवस्थामा ०५८ मंसिर १० गते माओवादीहरूले तोडफोड गरी क्षतिग्रस्त वनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

माकर गाविस-२ स्थित दिव्यज्योती वहुमुखी क्याम्पसमा अध्ययनरत नेकपा (एमाले) समर्थित अनेरास्ववियुका शुशीला थापा, पार्वती ज्ञवाली, राजेश सिरपालगायत्का विद्यार्थीहरूलाई ०५८ असोज २२ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले जबर्जस्ती आफ्नो संगठनको कमिटीमा राखिदिए। पीडितहरूले उक्त कार्य आफूहरूको इच्छाविपरित भएको जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी १ हजार ३ सय २५, सरकारवादी फौजदारी १ सय ७४ र दुनियावादी फौजदारी ३ सय ७९ गरी १ हजार ८ सय ६८ वटा मुद्दा दर्ता भए। यस वर्ष देवानी ६ सय ३५, सरकारवादी फौजदारी १ सय २७ र दुनियावादी फौजदारी २ सय १२ गरी ९ सय ७४ वटा मुद्दा फर्स्यौट भई देवानी ६ सय ८९, सरकारवादी फौजदारी ७४ र दुनियावादी फौजदारी १ सय ५८ गरी ८ सय ९४ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस अदालतमा फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरूमध्ये २ वर्षभन्दा पहिलेका ४३ र १ वर्षभन्दा पहिलेका २९ वटा तथा त्यसभन्दा यताका अन्य मुद्दा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा २३ वटा मुद्दा दर्ता भए। जसमध्ये १५ वटा फर्स्यौट भई ८ वटा वाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष कर्तव्य ज्यान १०, खुन डाँका ३, ज्यानमार्ने उद्योग १०, गर्भपतन २, भुण्डिएर आत्महत्या ६३, विष सेवन गरेर आत्महत्या ३९, पानीमा हामफालेर आत्महत्या ५, आगो लगाएर आत्महत्या २, डाँका ९, नकबजनी चोरी १, जबर्जस्ती चोरी ३, चोरी गर्ने उद्योग १, लागु औषध ६, हातहतियार खरखजाना ३, केही सार्वजनिक अपराध २८, वहुविवाह ४. आगलागी १, नागरिकता २, सवारी दुर्घटना ५५, भवितव्य ३३, फुटकर ज्यान २३ गरी जम्मा ३ सय ४ वटा मुद्दा दर्ता भए। जसमध्ये १ सय ३३ फर्स्यौट भई १ सय ७१ वटा वाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यो जिल्लामा भूमिहीन, सुकुम्बासीहरूले जग्गा प्राप्त गर्न सकेनन्। अर्ग्यौली, नारायणी र पिठौली गाविसमा अविरल वर्षाका कारण करिब २ सय घर परिवार घरवारविहीन भए। विभिन्न विद्यालयहरूमा बसोवास गर्दै आएका ती बाढीपीडित सुकुम्वासीहरू सोही ठाउँका विभिन्न विद्यालयमा वस्दै आएकोमा विद्यालयहरू संचालने समयदेखि अर्ग्यौली गाविस-९ स्थित डण्डास्थित सडकको किनारमा रहेको चौरमा गाविसबाट उपलब्ध गराइएको त्रिपाल टाँगेर बसोबास गरे। ०५८ भदौ १२ गते प्रशासन र वन कार्यालयले अर्को कुनै व्यवस्था नगरी त्रिपाल खोसेर लगे। करिव २ सय परिवार सुकुम्बासीहरूले राजमार्गमा १२ घण्टा चक्काजाम गरे। त्यसपछि स्थानीय जनप्रतिनिधि, प्रशासन कार्यालय, वन कार्यालय तथा राजनीतिक पार्टीका प्रतिनिधिहरूको संयुक्त वैठकले वैकल्पिक व्यवस्था नहुँदासम्मका लागि सोही ठाउँमा बसोबास गर्न दिने निर्णय गर्‍यो।तर, हाल बासको कुनै व्यवस्था नगरी डोजर लगाएर त्यहाँबाट हटाइएको छ।

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

रामनगर गाविस-६ की १४ वर्षीय एक वालिकालाई ०५८ जेठ २३ गते सोही ठाउँका २५ वर्षीय चिनका कुमालले घरभित्र पसी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

माकर गाविस-१ की १९ वर्षीय एक युवतीलाई ०५८ असार १ गते सोही गाविस-७ का २५ वर्षीय विवाह गर्छु भनी विगत एक वर्षदेखि यौन सम्पर्क गर्दै आएकोमा युवतीले विवाह गर्न दवाव दिएपछि "तिमिलाई भारत लैजान्छु, यहाँ वसेर समाजले के भन्छ?" भनेर भारतको बम्बईमा लगी बिक्री गर्ने प्रयास गरे। पीडित पक्षवाट प्रहरीसमक्ष उजुरी दिएपछि पीडक फरार छ। पीडित हाल माइतीमा वसेकी छिन्।

देवचुली गाविस-१ की ४ वर्षीय एक वालिकालाई ०५८ असार ५ गते सोही ठाउँका १७ वर्षीय तुलवहादुर गुरूङले ललाई-फकाई नजिकैको खोल्सामा लगी बलात्कार गरे। पीडकलाई माओवादीहरूले चारपाटा मुडी ५० पटक कान समाई उठवस गराए।

सुक्रौली गाविस-४ की ५५ वर्षीय एक महिलालाई ०५८ साउन ३ गते सोही ठाउँका ६० वर्षीय वक्रिदिन भाटले रामग्राम नपा-५ स्थित हाटवजारनजिकको खोलामा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा सामान्य

अनुसन्धानपछि रिहा गरे।

वेणीमणिपुर गाविस-६ की ६ वर्षीय एक बालिकालाई ०५८ भदौ १ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १८ वर्षीय होमबहादुर सुनारले अम्वा खान दिई फकाएर घरमै बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जमुनिया गाविस-४ सेमरीबजारमा होटल गरी बस्ने २४ वर्षीय एक महिलालाई ०५८ भदौ २४ गते सोही ठाउँका ३० वर्षीय मदन बानियाँले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

रामनगर गाविस-७ की ४१ वर्षीय एक महिलालाई ०५८ असोज ८ गते सोही ठाउँका २४ वर्षीय विष्णुवहादुर आचार्य क्षेत्रीले घर नजिक घाँस काटिरहेको अवस्थामा बलात्कार गरे। पीडकलाई हाल पुर्पक्षको लागि थुनामा राखिएको छ।

अमरौट गाविस-९ की ९ वर्षीय एक बालिकालाई ०५८ असोज ९ गते सोही ठाउँस्थित जंगलमा बाख्रा चराउन गएको अवस्थामा सोही ठाउँका ७२ वर्षीय नन्दराम थारूले मिठाई किनिदिने बहानामा बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पञ्चनगर गाविस-२ की २२ वर्षीय एक महिलालाई ०५८ असोज १७ गते घरबाट माइतीतर्फ जाँदै गर्दा सोही गाविस-४ स्थित बाटोमा सोही ठाउँका २४ वर्षीय शुकदेव सुवेदी र २२ वर्षीय राजु गुरूङले बाटो छेकी बलात्कार गरे। पीडकहरू फरार छन्। जिल्ला अदालतले पीडकहरूको नाममा आउने सम्पत्ती रोक्का गऱ्यो।

नयाँवेलाहानी गाविस-३ की १४ वर्षीय एक बालिकालाई ०५८ कार्तिक २२ गते सोही गाविस-७ स्थित बाउनीकुना भन्ने ठाउँमा वन रक्षक हवल्दार ३२ वर्षीय रेवती लम्साल, सोही गाविस-३ का धनिराम कुमाल, श्याम अधिकारी र जनक थापाले बलात्कार गरे। पीडकहरूमध्ये रेवतीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने अन्य फरार छन्।

चितवन जिल्ला भण्डारा गाविस-१ की राममाया तामाङ, सोममाया तामाङ र शान्तिसानु तामाङलाई ०५७ फागुन २२ गते सोही ठाउँका रामबहादुर तामाङ, बाबुराम तामाङ र रमेश परियारले भारततर्फ बिक्री गर्न लैजाने प्रयास गर्दा प्रहरीले गिरफ्तार गरे।

यस वर्ष वहुविवाहका ५ वटा घटना सार्वजनिक जानकारीमा आए।

हरपुर गाविस-२ कुश्मास्थित सिद्धार्थ माविमा अध्ययनरत २ जना छात्राहरूलाई सोही ठाउँका २८ वर्षीय रामज्ञ गौड र उनका भाई १९ वर्षीय रामशंकर गौडले विद्यालयमा आई विभिन्न अश्लिल शब्द लेखेर दिने गरेकोमा सो कुरा शिक्षकलाई बताएका कारण ०५८ असोज १२ गते बलात्कार गर्ने धम्की दिए। पीडकहरू फरार भएकाले कारवाही भएन।

गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

बालअधिकार

पाल्ही गाविस-१ का ७ वर्षीय बालकलाई ०५८ वैशाख ७ गते आफ्नै घरनजिकको बाटोमा खेलिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले अपहरण गरी बेपत्ता पारे। पीडितको अवस्थाबारे हालसम्म केही थाहा हुन सकेको छैन। पीडकहरू भारतीय नागरिक हुनसक्ने आशंका गरिएको छ।

यस वर्ष ३ जना शिशुको हत्या भयो भने एक जना महिलाले बच्चा जन्माई बेवारिसे अवस्थामा फ्याँकिन्।

आर्थिक अधिकार

वेल्डीयास्थित सुमि डिष्टिलरीमा एक वर्षदेखि अस्थायी रूपमा काम गरेका मजदुरहरूलाइ स्थायी गर्नुपर्ने नियम हुँदाहुँदै सो गर्नुको सट्टा मजदुरहरूलाई काम बढी तर सुविधा कम दिने गरेकाले र व्यवस्थापकले आफूहरूलाई ठेकेदारको जिम्मा लगाएको र सुविधा कटौती गरेकाले ३ जना महिलासहित १९ जना मजदुरहरूले ०५७ फागुन ५ गते धर्ना दिए।

गेर्मी गाविसका अध्यक्ष जगदीश बानियाँ र सचिव भगवानप्रसाद गुप्ताले गाविसको ०५६/०५७ को बृद्ध भत्ता तथा असहाय भत्ताको रकम हिनामिना गरे। मृत्यु भइसकेका मानिसहरूको नाममा रकम निकालेर खर्च गर्ने गरेको र २४ हजार रूपैयाँको हिसाब दिन नसकेको जानकारीमा आयो। यसमा इलाका सदस्यको समेत हात रहेको सार्वजनिक भयो। जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको भए पनि कुनै कारवाही हुन सकेको छैन।

गैंडाकोट स्थित भृकुटी कागज कारखानाका मजदुरहरूले आफूहरूले सेवाको आधारमा पाउने आर्थिक लगायत विभिन्न सुविधा नपाएको कारण ०५८ कार्तिक २० गतेदेखि हडताल शुरू गरेकोमा विभिन्न डर त्रास दिएर बन्द गराउने प्रयास गरे। गत वर्षका शर्तहरू केही पूरा गरेपछि हड्ताल बन्द गरियो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

कैलाली जिल्ला घर भई गैंडाकोट गाविस-५ मा डेरा गरी बस्ने १८ वर्षीय प्रमिला कार्कीलाई ०५७ चैत ४ गते काठमाण्डौ जिल्ला घर भई रामग्राम नपा-५ मा पसल गरी बस्ने २३ वर्षीय शिव अधिकारी र माकर गाविस-७ की २० वर्षीय शुशीला अधिकारीले उनकै डेरामा गई शरीरका विभिन्न भागमा एसिड खन्याएर चोट पुऱ्याए। पीडकहरूलाई सफाई दिइयो।

सुनवल गाविस-३ का प्रदीप थापा, रामबहादुर क्षेत्री र प्रेमबहादुर क्षेत्रीलाई सोही ठाउँका एक व्यक्तिको घरबाट बंगुर चोरेको आरोपमा ०५८ असोज ११ गते सोही ठाउँका मानिसहरूले चारपाटा मुडी बजार परिक्रमा गराए। पीडितहरूलाई चोरीको आरोपमा गाउँका व्यक्तिहरुले प्रहरीसमक्ष बुझाएकोमा जिल्ला अदालतबाट ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

सोमनी गाविस-७ का २२ वर्षीय रञ्जीत राजभर र मुन्नी वरहीले अन्तरजातीय विवाह गरेका कारण गत वर्ष अर्थात्

०५७ वैशाख घर छोडेर भाग्नु परेकोमा ०५८ भदौ १० गते फर्कँदासमेत अभिभावकहरूले प्रहरी-प्रशासनसमेत लगाएर छुटाउने प्रयास गरे। पीडितहरू घरमा नबसी पुनः अन्यत्रै गए।

माकर गाविस-४ वर्दघाटकी २२ वर्षीय देवकुमारी विकलाई सोही ठाउँका माधव चौधरीले यौन सम्पर्क राखी ०५८ कार्तिक १२ गते बच्चा जन्मिसक्दा पनि "मेरो हैन" भनी पन्छिन खोजे। पीडितले प्रहरी चौकीमा उजुरी दिएपछि स्थानीय जनप्रतिनिधि र प्रहरीले पीडितलाई माधवको जिम्मा लगाए। पीडितलाई हालसम्म पनि चौधरी परिवारले घरभित्र पस्न नदिने गरेको खुल्न आयो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा हत्या प्रयासका २१ वटा घटना भए जसमा ३५ पुरुष र ९ महिला पीडित भए। ४८ पुरुष र ४६ जना महिलाले आत्महत्या गरे। सवारी दुर्घटनाका २१ वटा घटनामा २३ पुरुष र ७ महिला गरी ३० जना पीडित भए। भवितव्यका ६ वटा घटनामा ५ जना नाबालक, ८ महिला र १५ पुरुष गरी २८ जनाको मृत्यु भयो। ९ पुरुष र २ महिलाको लास फेला पऱ्यो। लागु औषधसम्बन्धी २ वटा घटना भए। जंगल जनावरको आक्रमणमा परी ६ पुरुष र २ महिलाको मृत्यु भयो। चोरीका ५ वटा घटना भए।

३.८ रुपन्देही



जनसंख्या	:	७२०५२३
साक्षरता प्रतिशत	:	४६
महिला साक्षरता प्रतिशत	:	३३
क्षेत्रफल (वर्ग कि.मी.)	:	१४०१
गाविस/नपा संख्या	:	६९/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३०५
क्याम्पस/उच्च मावि	:	९/१०
अस्पताल/स्वास्थ्य चौकी	:	५/६७
टेलिफोन लाइन	:	११०००
मोटर सडक (कि.मी.)	:	१०९२.६४
प्रहरी कार्यालय संख्या	:	५६
हुलाक संख्या	:	६८

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

दुधराक्ष गाविस-९ का २३ वर्षीय टोपबहादुर श्रेष्ठलाई ०५८ असार २६ गते माओवादीहरूले घरबाट जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

यस वर्ष प्रहरीको गोलीद्वारा चोरी गरिरहेका एक जना व्यक्तिको मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा १९ जना पुरुष र ९ जना महिलाको हत्या भयो। यसबाहेक एक जना युवतीको बलात्कारपछि हत्या गरिएको अवस्थामा लास फेला पऱ्यो। जसमध्ये-

धकधई गाविस-४ की १० वर्षीय अमिता खातुनलाई घरायसी रिसइवीका कारण ०५८ वैशाख १ गते सोही ठाउँका २८ वर्षीय सनिम मुसलमान र २६ वर्षीय कृष्ण यादवले कुटपिट गरी हत्या गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिद्धार्थनगर नपा-६ की ५० वर्षीय वागमती हरिजनलाई धर्म परिवर्तन नगरेको आरोपमा ०५८ जेठ ११ गते आफ्नै पति ४८ वर्षीय सुमराती मुसलमानले कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बगौली गाविस-२ घर भई वुटवल नपा-१२ मा डेरा गरी बस्ने २७ वर्षीय उर्मिला जयसवाललाई घरायसी झगडाका कारण ०५८ साउन १७ गते आफ्नै पति ३५ वर्षीय पट्टु जयसवालले खुकुरी प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

जेल र बन्दीहरु

यो जिल्लाको जेल "ख" श्रेणीमा पर्दछ। ६० जना वन्दी क्षमता भएको यस जेल २ भागमा विभाजित छ। जेलको भौतिक अवस्था जीर्ण छ। यहाँ हाल कैद तोकिएका ६१ र नतोकिएका ९३ गरी १ सय ५४ जना बन्दी छन्। बन्दीहरूका लागि उद्योग वाणिज्य संघ, सिद्धार्थनगरले २ वटा रङ्गीन टिभी उपलब्ध गराएको छ। हप्तामा ३ दिन बन्दीहरूसँग भेट्न सकिने व्यवस्था गरिएको छ।

जेलमा नाइकेहरूले ज्यादति गरेको जनाउँदै ०५८ जेठ १७ गते अन्य वन्दीहरूले नाइके बन्दीहरूलाई कुटपिट गरे, जसका कारण जेल तनावग्रस्त भयो। नाइकेहरूलाई सरूवा गर्ने शर्तमा जेलको स्थिति सामान्य भयो। कुटपिटका कारण मूल नाइके पुष्पराज कँडेल घाइते भएका थिए।

०५८ मंसिरमा यस जेलमा रहेका ६ जना वालवालिकालाई बाल सुधार गृह, काठमाण्डौ पठाइएको कुरा जेल प्रशासनले जनायो।

गिरफ्तारी र यातना

अर्घाखाँची जिल्ला केरूङ्गा गाविस-१ घर भई बुटवल क्याम्पसमा अध्ययनरत २१ वर्षीय बावुराम आचार्यलाई माओवादीको आशंकामा ०५७ माघ २६ गते प्रहरीले गिरफ्तार

गरे। पीडितलाई पुनरावेदन अदालतको आदेशमा ०५७ फागुन १४ गते रिहा गरियो।

राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष पुरूषोत्तम कँडेललगायत् १७ जनालाई ०५८ असार ९ गते सुरक्षा नियमावलीको विरोधमा आयोजित कोणसभाका क्रममा बुटवल नपा-८ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई असार १० गते रिहा गरियो।

अर्घाखाँची जिल्ला रवन गाविस-९ घर भई पौष्टिक आहार कार्यालय, भैरहवामा कार्यरत २८ वर्षीय प्रेम घिमिरेलाई माओवादीको आशंकामा ०५८ असार २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुनरावेदन अदालतको आदेशमा ०५८ असार ३१ गते रिहा गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२८	१९	९	२८				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते					१		१	१
जेलमा भएको घटना	१	३		३				
गिरफ्तारी र यातना					२३	६०	९	६९
भेला संगठित हुने अधिकार					३	२	१	३
बेपत्ता पारिएको	१	१		१				
कुटपिट	३	३		३	३	४		४
धम्की	३	३		३				
महिला किनबेच	१		२	२				
महिला किनबेचको प्रयास	३		३	३				
बलात्कार	४		४	४				
बलात्कार प्रयास	४		४	४				
बहुविवाह	२		२	२				
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	६	५	१	६				
जम्मा	५९	३६	२६	६२	३१	६६	११	८८

बुटवल नपा-८ स्थित जनसंघर्ष दैनिकको कार्यालयमा सो दैनिकका अध्यक्ष बेनुराम प्रधानको स्वागतार्थ भेला भएका ३८ जना सञ्चारकर्मीहरूलाई ०५८ मंसिर १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये ३७ जनालाई मंसिर १५, १६ र १७ गते तथा वसन्त पोखरेललाई आत्मसमर्पणपछि मंसिर २९ गते रिहा गरियो। गिरफ्तार हुनेहरूमा बेनुराम प्रधान, अजयमान श्रेष्ठ, ईश्वर गौतम, हरि पौडेल, विवेक प्रधान, बसन्त पोखरेल, जीतेन्द्र जि.सी., भरत के.सी., केशरी पुन, कालिका खरेल, मिरा शर्मा, नारायणी शर्मा, सर्मिला खनाल, खुमा भण्डारी, विमीत गुप्ता, तारा खरेल, हिमांशु चौधरी, हरिश ढकाल, भरत पौडेल, ऋषि पौडेल, बालकृष्ण चापागाईं, गुणाखर घिमिरे, विजीयों थापा, तारा काफ्ले, मनोज बस्नेत, धनकुमार जोशी, तारा थापा, सूर्य बस्नेत, रोशन थापा, कपिल गौतम, कविराम भट्टराई, हेमराज शर्मा, रामप्रसाद आचार्य, लक्ष्मण ज्ञवाली, शेरबहादुर के.सी., विष्णु घिमिरे, चुडामणी पराजुलीसमेत थिए।

बुटवलस्थित नयाँ संसार पब्लिकेशन प्रालिका अध्यक्ष विनबहादुर कुवँरलाई माओवादीको आरोपमा ०५८ मंसिर २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएकोमा आत्मसमर्पणपछि ०५८ पुस १९ गते रिहा गरियो।

चिल्हीया गाविस-४ का ४५ वर्षीय लक्ष्मीपति पाण्डेलाई माओवादीको आशंकामा ०५८ मंसिर २१ गते प्रहरीले गिरफ्तार गरी आत्मसमर्पणपछि मंसिर २९ गते रिहा गरे।

बुटवलबाट प्रकाशित हुने नयाँदिशा दैनिकका सम्पादक नारायण शर्मा ज्ञवालीलाई ०५८ मंसिर २३ गते सिद्धार्थनगर नपा-९ स्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी मंसिर २६ गते रिहा गरे।

नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद गुरूदत्त ज्ञवालीलाई ०५८ मंसिर २४ गते बुटवल अस्पताल लाइनबाट प्रहरीले गिरफ्तार गरी पुस ३ गते रिहा गरे।

बुटवल नपास्थित शिखरलक्ष्मी स्टोर्सका मालिक प्रकाश श्रेष्ठलाई ०५८ मंसिर २४ गते प्रहरीले गिरफ्तार गरी पुस ३ गते रिहा गरे।

नेराशिसंगठनका राष्ट्रिय पार्षद तथा बुटवलस्थित कालिका माविका शिक्षक घनश्याम पाठकलाई ०५८ मंसिर २७ गते बुटवलबाट प्रहरीले गिरफ्तार गरे।

बुटवल बहुमुखी क्याम्पसका प्राध्यापक तथा नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद दिल साहनीलाई ०५८ मंसिर २८ गते बुटवल नपा-१० स्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी पुस २ गते रिहा गरे।

बुटवल नपा-८ स्थित हिमालय इलेक्ट्रिकल्सका मालिक शशी पौडेललाई ०५८ मंसिर २८ गते पसलबाटै प्रहरीले गिरफ्तार गरी पुस १ गते रिहा गरे।

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका सम्पादक डोलाराम घिमिरेलाई ०५८ पुस १ गते बुटवल नपा कार्यालयको

प्रवेशद्वारबाट प्रहरीले गिरफ्तार गरी पुस ५ गते रिहा गरे।

पर्रौहा गाविस-३ का ३० वर्षीय रामदेव चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस १ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई आत्मसमर्पणपछि रिहा गरियो।

सालझण्डी गाविसका नेकपा (माले) गाउँ कमिटीका सचिव फणिन्द्रराज गौतमलाई ०५८ पुस २ गते प्रहरीले गिरफ्तार गरी पुस ११ गते रिहा गरे।

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका कार्यकारी सम्पादक सिद्धिचरण भट्टराईलाई ०५८ पुस २ गते प्रहरीले गिरफ्तार गरी पुस ५ गते रिहा गरे।

बुटवलबाट प्रकाशित हुने मेचीकाली दैनिकका प्रधानसम्पादक भरत पोखरेललाई ०५८ पुस ३ गते सिद्धार्थनगर नपा-८ स्थित आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सिद्धार्थनगर नपा-८ का २० वर्षीय सागर शर्मा र २८ वर्षीय बलाराज राणालाई विना कारण ०५७ माघ २४ गते गस्ती प्रहरीले कुटपिट गरे।

आनन्दवन गाविस-६ का ५५ वर्षीय तिलबहादुर गुरूङलाई गाडी चेक गर्न नदिएको आरोपमा ०५८ कार्तिक २२ गते सिद्धार्थनगर नपा-१ मा गस्ती टोलीले कुटपिट गरे। सोही घटनामा भीडन्त हुँदा सिपाही देवप्रसाद खनाल घाइते भए।

सिद्धार्थनगर नपा-७ स्थित गाडी मर्मतस्थलमा मर्मत गर्न राखिएको जिल्ला प्रहरी कार्यालयको भ्यानमा ०५८ मंसिर २२ गते राति अज्ञात व्यक्तिहरूले आगो लगाई ध्वस्त बनाए। माओवादीहरूले आगो लगाएको आशंका गरिएको छ।

पोखरामिण्डी गाविस-४ का गाविस उपाध्यक्ष ३६ वर्षीय सरोज पाण्डेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस ९ गते प्रहरीले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पर्रौहा गाविस-५ की ३४ वर्षीय जुना रानालाई सडक अवरोध गरेको आरोपमा ०५७ फागुन २० गते प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

बुटवल नपा-१० का नेकपा (एमाले) लुम्बिनी अञ्चल समन्वय कमिटीका सचिव रामनाथ ढकाललाई ०५८ वैशाख ५ गते ६ वाम समूहको आव्हानमा भएको मशाल जुलुस प्रदर्शनका क्रममा बुटवलमा प्रहरीले लाठीचार्ज गरी गम्भीर घाइते बनाए। पीडितको टाउकोमा गम्भीर चोट लागेकाले उपचारार्थ काठमाण्डौ तथा भारतसमेत पुऱ्याइयो। सो घटनाको समाचार संकलनमा संलग्न पत्रकार रामकृष्ण भण्डारीलाई पनि प्रहरीले कुटपिट गरी हात भाँचिदिए। सोही घटनामा प्रहरी र प्रदर्शनकारीबीच भीडन्त हुँदा ३ जना प्रहरी घाइते भए।

शंकरनगर गाविस-५ का ४० वर्षीय कमल पाण्डेलाई सडक अवरोध गरेको आरोपमा ०५८ जेठ २ गते प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको पुनरावेदन अदालतमा २ वर्ष नाघेका ३० वटा मुद्दा छन् भने अन्य १ हजार ७ सय ७८ वटा मुद्दा छन्।

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ४६ वटा र यस वर्ष दर्ता भएका ७ सय ३ गरी कूल १ हजार ८ सय ४९ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस वर्ष ४ सय ८ वटा मुद्दा फर्स्यौट भए।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षदेखिका १ सय ५७ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

जिल्ला प्रहरी कार्यालयमा यस वर्ष २ सय ३६ वटा मुद्दा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष सुकुम्बासी समस्या समाधान आयोगले ५ सय ४८ वटा जग्गाधनी प्रमाणपत्र वितरण गऱ्यो भने २ हजार भूमिहीन र ४१ हजार अव्यवस्थित सुकुम्वासी रहेको कुरा प्रकाशमा ल्याइयो। हाल आयोग विघटन भएको छ।

बुटवल वाल सम्पर्क केन्द्रको सम्पर्कमा १ सय ९ जना सडक बालबालिका रहेको र दिनभरी खाली शिशी, कागज आदि टिपेर हिँड्नेहरूको संख्या ५ सय ८१ जना रहेको बताइयो।

सिद्धार्थनगर नपामा इस्थर बेन्जामीन ट्रष्टका संस्थापक डा. फिलीप होम्सद्वारा संचालित बालगृहमा आमा-बाबुसँगै जेल बसेका पाल्पा, नवलपरासी र दाङ जिल्लाका १९ जना बन्दी बालबालिकालाई राखिएको छ।

महिला अधिकार

आनन्दवन गाविस-७ घर भई बुटवल नपा-११ मा बस्ने २१ वर्षीय एक युवतीलाई ०५७ पुस २० गते सोही ठाउँका १९ वर्षीय शंकर थापाले छुरा देखाई बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नवलपरासी जिल्ला बनकसिया गाविस-८ की १७ वर्षीय एक युवतीलाई ०५७ फागुन १८ गते बुटवल नपा-११ मा प्रहरी तालिम केन्द्रका रिक्रुट वीरेन्द्र यादवले बलात्कार गरे। पीडकलाई थुनामा राखी विभागीय कारवाही गरियो।

गुल्मी जिल्ला घर भई बुटवल नपा-५ मा डेरा गरी बस्ने ६ वर्षीय एक बालिकालाई ०५७ फागुन २७ गते स्याङ्जा जिल्ला घर भई सोही ठाउँमा डेरा गरी बस्ने २२ वर्षीय खगुपती न्यौपानेले बलात्कार प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पोखरभीण्डी गाविस-२ की २५ वर्षीय एक महिलालाई ०५८ भदौ २६ गते सोही ठाउँका ३० वर्षीय रामलखन यादवले बलात्कार गरे। पीडक फरार छन्।

पर्रौहा गाविस-५ की ९ वर्षीय एक बालिकालाई ०५८ भदौ २६ गते सोही ठाउँका १८ वर्षीय प्रेम खत्रीले बलात्कार

प्रयास गरे। पीडक फरार छन्।

बुटवल नपा-९ की १२ वर्षीय एक वालिकालाई ०५८ असोज १३ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका २४ वर्षीय परशुराम अर्यालले बलात्कार गरे। पीडकलाई असोज २४ गतेदेखि थुनामा राखिएको छ।

हाटिवनगाई गाविस-६ की ३ वर्षीय एक बालिकालाई ०५८ कार्तिक १७ गते सोही ठाउँका १७ वर्षीय जलन्धर लोहारले बलात्कार प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बुटवल नपा-६ की ६ वर्षीय एक बालिकालाई ०५८ मंसिर १० गते पाल्पा जिल्ला घर भई सोही ठाउँ बस्ने २१ वर्षीय राजु क्षेत्रीले बलात्कार प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिक्टहन गाविस-६ का १९ र १७ वर्षीय दुई जना युवतीलाई भारतमा जागीर लगाउने प्रलोभनमा पारी नाम थाहा हुन नसकेका भारतीय नागरिकले ०५७ पुस १९ गते बिक्री गर्न लैजाँदा बेलहिया प्रहरी चौकीले युवतीहरूलाई फर्कायो भने पीडकहरू फरार भए।

सिद्धार्थनगर नपा-१३ की १६ वर्षीय एक युवतीलाई ०५७ फागुन ८ गते सोही ठाउँकी रूबी मुसलमानले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितलाई घर फर्काइयो भने पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

काठमाण्डौ जिल्ला बुढानिलकण्ठ गाविसकी १९ वर्षीय एक युवतीलाई ०५७ चैत २१ गते सिन्धुपाल्चोक जिल्लाका २५ वर्षीय शिवबहादुर लामाले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा सिद्धार्थनगर नपा-१ बेलहिया प्रहरी चौकीले गिरफ्तार गर्‍यो। पीडितलाई घर फर्काइयो भने पीडकलाई थुनामा राखिएको छ।

कपिलवस्तु जिल्ला बहदी गाविस-३ की २० वर्षीय एक महिलालाई कम्हरिया गाविस-१ स्थित माइतमा आएको अवस्थामा ०५८ भदौ ६ गते सोही ठाउँका ३० वर्षीय श्याम कुर्मीले बिक्री गर्ने उद्देश्यले भारतको गोरखपुरसम्म पुर्‍याएकोमा पीडित भाग्न सफल भइन्। पीडक फरार छ।

गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

बालअधिकार

नवजात शिशुलाई हत्या गरी फ्याँकिएका ३ वटा घटना सार्वजनिक जानकारीमा आए।

आर्थिक अधिकार

गोनाहा गाविस-८ का ३१ जना मजदुरहरूलाई सोही ठाउँका २५ वर्षीय लक्ष्मण धोबीले चितवन जिल्ला भरतपुर नपा चिन्नसागीस्थित कालिका कन्स्ट्रक्सन प्रालिमा १ महिना काम गराई मजदुरहरूको १ लाख ७४ हजार ९६ रूपैयाँ पारिश्रमिक नदिई ठेकेदार भागेकाले ०५७ माघ २२ गते मजदुरहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराए भने जिल्ला प्रशासन कार्यालयले ठेकेदारलाई झिकाई मजदुरको पारिश्रमिक दिलाइदिने कुरा बतायो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

बगौली गाविस-१ का २८ वर्षीय शिवकुमार कुर्मीलाई आफ्नो विरोध गरेको आरोपमा ०५७ फागुन ९ गते सोही गाविसका अध्यक्ष अर्जुन सिंहले पिसाब खुवाए।

सिद्धार्थनगर नपा-१२ स्थित नेपाल राष्ट्र बैंकको गेष्ट हाउसका पियन गोपालप्रसाद सत्याललाई ढोका नखोलेको आरोपमा ०५८ जेठ १३ गते सिडियो ताना गौतमले अभद्र व्यवहार गरे।

रूद्रपुर गाविस-३ का ५० वर्षीय महादेव थारूलाई ०५८ जेठ १६ गते माओवादीहरूले चेतावनी दिई उठबस गर्न लगाए।

नवलपरासी जिल्ला सुनवल गाविस-७ घर भई बुटवल नपा-५ मा डेरा गरी बस्ने ४० वर्षीय भरत पुनलाई चोरी गरेको आरोपमा ०५८ भदौ २५ गते सोही ठाउँका मानिसहरूले चारपाटा मुडी चोरीको सामानसहित प्रहरीको जिम्मा लगाए।

बुटवल नपा-८ स्थित अरनिको बोर्डिङ स्कूलमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय दिनेश बानियाँलाई क्यालेण्डर च्यातेको आरोपमा ०५८ असोज १२ गते सोही स्कूलका प्रिन्सिपल उमङ्ग लेच्चाले निर्मम कुटपिट गरे। पीडितका अभिभावकले असोज १४ गते एक पत्रकार सम्मेलनको आयोजना गरी उक्त कार्यप्रति विरोध जनाए।

पाल्पा जिल्ला बर्ल्लङगढी गाविस-१ की १२ वर्षीय रमा बुढाथोकीलाई ०५८ असार ४ गते उपचारका लागि बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा आएको अवस्थामा उपचारमा संलग्न डा. बुलन्द थापाले बायाँ घुँडामा गर्नुपर्ने अपरेशन दायाँ घुँडामा गरेकाले पीडितका अभिभावकहरूले आपत्ती जनाउँदा डाक्टरले हप्काए। पीडितलाई पाल्पा जिल्लास्थित मिसन अस्पतालमा उपचार गरियो। उक्त घटनालाई लिएर उपभोक्ता हित संरक्षण मञ्चले प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाको बारेमा विरोध जनाए।

अतिरिक्त जानाकरी

यस वर्ष ७१ जना पुरूष र ४६ जना महिला समेत १ सय १७ ले आत्महत्या गरे। डकैतीका ६ वटा घटना भए। सडक दुर्घटना र विपत्तिका घटनामा ७२ पुरूष र २३ महिला समेत ९५ जना पीडित भए। १३ वटा बेवारिसे लास फेला परे।

३.९ पाल्पा

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

मुफुङ गाविसस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू प्रेमकाजी गुरूङ र भीमराज ढकालको ०५७ चैत २० गते माओवादीहरूले कार्यालयमा आक्रमण गर्दा मृत्यु भयो भने १० जना घाइते भए।

दर्छा गाविस-५ का ८ वर्षीय दिपक मल्लको ०५८ मंसिर १८ गते माओवादीहरू घरमा हातहतियारसहित बास बसेको र हिँड्दा बम छोडी गएका कारण विस्फोट भई मृत्यु भयो।

दर्लामडाँडा गाविस-४ का २८ वर्षीय केवल गाहा मगरको ०५८ पुस ४ गते आफ्नै घरमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षा घेरा तोडेर भाग्न खोज्दा कारवाहीमा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ३ पुरूष र १ महिलाको हत्या भयो। जसमध्ये-

पाल्पा जेलमा नकवजनी चोरी मुद्दाअन्तर्गत रहेका २२ वर्षीय राजु कार्कीलाई ०५८ भदौ १८ गते सांझी जेलका वन्दी केशवराज बस्यालले मसला पिँध्ने सिलौटाले हिर्काई हत्या गरे।

जनसंख्या	२८५३४५
साक्षरता प्रतिशत	५२
महिला साक्षरता प्रतिशत	३९.५
क्षेत्रफल (वर्ग कि.मी.)	१३६६
गाविस/नपा संख्या	६५/१
निर्वाचन क्षेत्र	३
विद्यालय	४६५
क्याम्पस/उच्च मावि	१/२३
अस्पताल/स्वास्थ्य चौकी	२/६५
टेलिफोन लाइन	१०८७
मोटर सडक (कि.मी.)	४३८
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	६६

जेल र बन्दीहरु

कूल ३ सय ५० जना वन्दी क्षमता भएको पाल्पा जेलमा हाल १ सय ८२ जना वन्दी छन्, जसमध्ये कैद नतोकिएका २५ पुरूष र ६ महिला तथा कैद तोकिएका १ सय १६ पुरूष र ३५ महिला छन्। यस बाहेक आश्रित नावालक १ र नावालिका १ छन्। वन्दीहरूमध्ये ५ जना भारतीय बन्दी छन्। संकटकालीन स्थितिको घोषणापछि २१ पुरूष र ५ महिलालाई नजरबन्दमा राखिएको छ। जेलमा निमावि स्तरको एक विद्यालय छ। घरेलु कार्यालयद्वारा संचालित तान भए पनि धेरै बिग्रेकाले केही मात्र चालू छन्। उत्पादित वस्तुको वजार राम्रो नभएकाले राम्रो ज्याला नपाएको गुनासो वन्दीको छ। जेलमा गोरखापत्र र कान्तिपुर दैनिक नियमित छ। जिविसले टिभी उपलब्ध गराएको छ।

सुरक्षाकर्मीको गोली प्रहारबाट मारिएका केवल गाहा मगर

गिरफ्तारी र यातना

चिदीपानी गाविस-२ का १९ वर्षीय जगतबहादुर रेशमीमगर, १८ वर्षीय लोकबहादुर थापा, १५ वर्षीय यामबहादुर थापा, १५ वर्षीय चेतबहादुर थापा र १६ वर्षीय पूर्णबहादुर थापालाई ०५८ मंसिर १५ गते आर्यभञ्ज्याङ बजारबाट विवाहका लागि माइक, टेप आदि वजाउन ५ जोर ब्याट्री र ५ मिटर बाटेको तार लिई घरतर्फ गइरहेको अवस्थामा एम्बुस थाप्ने कार्यका लागि हुनसक्ने आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई यातना दिई ३ दिनपछि रिहा गरियो।

दर्लामडाँडा गाविस-४ तल्लो कोलडाँडामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएका केवल गाहा मगरको घरबाट ०५८ पुस ४ गते ४ जना महिलालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरूमध्ये २२ वर्षीय जुनुमाया दर्लामीलाई ०५८ पुस १२ गतेदेखि पुर्पक्षका लागि थुनामा राखियो भने नवलपरासी जिल्ला डेढगाउँकी १६ वर्षीय दिपा पौडेल, २२ वर्षीय सिता तिमिल्सेना र रामपुर गाविसकी नेपाल थरकी एक युवतीलाई जिल्ला प्रहरी कार्यालयमा दुर्व्यवहार गरी नजरबन्दमा राखियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

वराङ्दी गाविस-९ दाबखोला घर भई वेद मावि वराङ्दीमा अध्ययनरत १७ वर्षीय कविता वस्याललाई ०५८ असोज १० गते विद्यालयवाट माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म वेपत्ता पारिएको छ।

बन्दीपोखरा गाविस-२ घर भई प.प. नमुना मावि तानसेनमा अध्ययनरत १८ वर्षीय गणेश घिमिरेलाई ०५८ मंसिर १९ गते विद्यालयवाट घर फर्किरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

गेभा गाविस-७ हेक्लाङका ६२ वर्षीय गिरीराज

भण्डारीलाई ०५८ मंसिर २८ गते घरबाटै माओवादीहरूले अपहरण गरी रातभरि हिंडाएर ३ दिनपछि मुक्त गरे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या	१	२		२	१	१		१
बम प्रहारबाट मृत्यु	१	१		१				
गिरफ्तारी र यातना					३	५	७	१२
लाठी चार्ज					१	२		२
कुटपिट	२	२		२				
धम्की	१		१	१				
बेपत्ता पारिएको	२	१	१	२				
भेला र संगठित हुने अधिकार					२	९	१	१०
महिला किनबेच	१		१	१				
महिला किनबेचको प्रयास	१		२	२				
बहुविवाह	१		१	१				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	१	१		१				
जम्मा	१७	१२	७	१९	७	१७	८	२५

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

स्वानीछाप गाविस-२ राम्दीमा पसल गरी बस्ने ४९ वर्षीय चेतनारायण तिमिल्सेनालाई माओवादीहरूले एक लाख रूपैयाँ चन्दा माग गरेकोमा दिन नसक्ने बताएपछि ०५८ असार २७ गते कुटपिट गरी गम्भीर घाइते बनाए। पीडकहरूले पीडितलाई सहमति कागजमा सहीसमेत गराए।

भैरवस्थान गाविस-३ की २६ वर्षीय मैया बोहोरा क्षेत्रीलाई ०५८ साउन ६ गते घर छोडेर अन्यत्रै नगएमा ज्यानमार्ने धम्की दिए। प्रहरीमा कार्यरत पीडितका पति कृष्णबहादुर बोहोराको ०५८ असार २२ गते खिदिम प्रहरी चौकीमा माओवादीहरूले आक्रमण गरी हत्या गरेका थिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) जिल्ला सचिव धनेन्द्रराज घिमिरेलगायत् २२ जनालाई ०५८ वैशाख ६ गते नेकपा (एमाले) र राजमोद्वारा संयुक्त रूपमा आयोजना गरिएको मशाल जुलसमा दंगा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरी सख्त घाइते बनाए।

क्षेत्र नं. २ का सांसद तथा प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिका सभापति सोमप्रसाद पाण्डे, क्षेत्र नं. ३ का सांसद यादवबहादुर रायमाझी, तानसेन नपाका प्रेम भट्टराई, विश्वविजय खनाल, कृष्णबहादुर विक, उर्मिला शर्मा, कमल मलेगो र भैरवस्थान गाविसका तेजबहादुर पोखरेललाई ०५८ जेठ १३ गते मशाल जुलुसमा सहभागी भइरहेको अवस्थामा प्रहरीले हस्तक्षेप गरी अश्रुग्याँस र गोली प्रहार तथा लाठीचार्ज गरी सख्त घाइते बनाए। पीडितहरूमध्ये विश्वविजय र प्रेमलाई गोली लागेका कारण र सांसद पाण्डेलाई निर्मम लाठीचार्जका कारण घाइते भएकाले काठमाण्डौमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दर्ता भएका र विगत वर्षको जिम्मेवारी सरेर आएका गरी ४ सय ३१ वटा मुद्दा रहे जसमध्ये २ सय ३९ वटा फर्स्यौट भई १ सय ९२ वटा बाँकी रहे। २ वर्ष नाघेका ४ वटा मुद्दा छन्। थुनुवा मुद्दा ११ वटा छन्।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका ५ र यस वर्ष दर्ता भएका २ गरी ७ वटा मुद्दा रहेकोमा ४ वटा फर्स्यौट भई ३ वटा बाँकी रहे।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला अस्पतालमा कार्यरत अनमी रूक्मीणी के.सी., आर्यभज्ज्याङ स्वास्थ्य चौकीमा कार्यरत अनमी दुर्गा शर्मा र जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत स्वास्थ्य सहायक युक्तप्रसाद गौडेललाई स्वास्थ्य सेवा विभागअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, पोखराले नियमविपरीत सरूवा गर्‍यो। पीडितहरूलाई क्रमशः ताहू प्राथमिक स्वास्थ्य केन्द्र, झडेवा स्वास्थ्य चौकी र ताहू प्राथमिक स्वास्थ्य केन्द्रमा सरूवा गरियो। २ वर्षभित्र सहमतिबेगर सरूवा गर्न नपाइने नियम रहेकोमा आफूहरूलाई पूर्वाग्रहका कारण सरूवा गरिएको कुरा पीडितहरूले बताए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रामपुर, दर्छा, कुसेनी गाविस तथा तानसेन नपाका विभिन्न वडा सुकुम्बासी बस्ती भएका मुख्य क्षेत्र पर्दछन्। यहाँ करिब ५ सय सुकुम्बासीहरू बसोबास गर्दछन्।

प्रहरीको लाठी प्रहारबाट घाइते सांसद सोमप्रसाद पाण्डे

महिला अधिकार

झडेवा गाविस-२ का देउवीर निमाविमा अध्ययनरत १३ वर्षीय कल्पना नेपाली र १४ वर्षीय शुशिला श्रेष्ठलाई ०५७ माघ १९ गते काठमाण्डौ जिल्ला सितापाइलाका मिलन भट्टराईले बिक्री गर्ने उद्देश्यले विद्यालयबाट भगाई बसबाट बाँसटारीतर्फ लगिरहेको अवस्थामा सोही विद्यालयका शिक्षक विश्वराज ज्ञवालीले थाहा पाई महिला कल्याण संघ र प्रहरीसमक्ष खबर गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा ११ दिनपछि रिहा गरियो भने पीडितको तर्फबाट दिइएको जाहेरी जिल्ला प्रहरी कार्यालयले बुझेन।

भुवनपोखरी गाविस-५ दर्लामीटोलकी १४ वर्षीय अमृता दर्लामीलाई ०५७ चैत १४ गते आफ्नै बाबु इन्द्रबहादुर दर्लामीले भारतको कोलकाता पुर्‍याई बिक्री गरे। पीडक फरार छन्। पीडितलाई प्रवासी नेपाली संघले उद्धार गरी घर फर्काएकोमा हाल गाविस अध्यक्षको घरमा बस्दै आएकी छिन्।

बालअधिकार

एक जना महिलाले आफैंले जन्माएको शिशुको हत्या गरी प्लाष्टिकमा पोको पारी नजिकैको खोल्सोमा फ्याँकिदिइन्।

यस जिल्लाका आर्यभञ्ज्याङ, हार्थोक, बर्तुङ, केराबारी र तानसेनका अधिकांश होटलहरूमा १० देखि १४ वर्षसम्मका बालबालिकाहरू काम गर्दछन्। कतिपय भाडाका जीपमा बालकहरू खलासी काम गर्दछन्। समग्रमा होटल र गाडीमा कार्यरत बालमजदुरहरूको संख्या १ सय २० को हाराहारीमा रहेको अनुमान गरिएको छ। चिर्तुङधारा गाविस-७ का कुमाल जातिका करिब ७० जना बालबालिकाहरू बालुवा, गिट्टी, इँटा आदि बोक्ने कार्यमा संलग्न छन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

पालुङ मैनादी डढुवाबाट बन्दीपोखरा गाविस-३ मा ०५८ जेठ २८ गते विवाहका लागि आएका जन्तीहरूले केटी पक्षका भान्से मगर जातिका व्यक्ति रहेकाले भान्सा उत्पीडित जातिका ठडराईले छोएको बताउँदा दुवैपक्षवीच विवाद भई भीडन्तसमेत हुनपुग्यो। भीडन्तमा परी दुलाहा रामबहादुर ठडराईसमेत ४ जना घाइते भए। यस घटनालाई लिएर मुक्ति समाज, पालुङ मैनादी र वन्दी पोखरा गाउँ कमिटीहरूले वक्तव्यसमेत जारी गरे।

भूमिसुधार कार्यालयका प्रमुख तथा विघटित सुकुम्बासी समस्या समाधान आयोगका सदस्य सचिवलाई आफू र आफन्तहरूको नाममा अनियमित तरिकाले जग्गा दर्ता गर्न खोज्दा त्यसो गर्न नमिल्ने जनाएका कारण ०५८ असार ३० गते विघटित सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष विधानचन्द्र श्रेष्ठसमेत २२ जना ले राति १ बजेसम्म थुनेर राखे। जनताले सो कुरा थाहा पाएपछि घेरा हालेर पीडितलाई मुक्त गरे। त्यसरी अनियमित तरिकाबाट तयार पारिएका ५८ वटा लालपूर्जा वितरण कार्य रोकिएको छ। पीडकहरूलाई कुनै कारवाही भएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

छ वाम समूहद्वारा ०५८ वैशाख २५ गते आयोजित जिल्ला प्रशासन कार्यालय घेराउ तथा धर्ना कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको घटनालाई लिएर राजमो र नेकपा (एमाले) ले ०५८ वैशाख २६ गते संयुक्त प्रेस वक्तव्य जारी गरे।

सुकुम्बासी समस्या समाधान आयोगले अनियमित ढंगले सार्वजनिक जग्गा, बाटो आदि समेत हडप्ने, वितरण गर्ने प्रयास गरेको जनाउँदै नेकपा (एमाले) ले ०५८ साउन ४ गते एक विज्ञप्ति जारी गर्‍यो।

तानसेन नपा-८ स्थित ठुटीपिपल चौपारीभित्रको जग्गा पास गर्न वडाध्यक्ष, मेयरसमेतले सिफारिस गरेकोमा ०५८ भदौ १६ गते नेकपा (एमाले) ले नगरपालिकाविरूद्ध प्रेस विज्ञप्ति जारी गर्नुका साथै जुलुस प्रदर्शन समेत गर्‍यो।

नेराशि संगठन जिल्ला समितिले शिक्षक सरूवालगायत्का विषयलाई लिएर ०५८ जेठ ११ गते शिक्षा कार्यालय घेराउ गर्‍यो।

मुलुकमा विद्यमान संकटकालीन अवस्थाको दुरूपयोग भएको उल्लेख गर्दै नेकपा (एमाले), संजमो, राजमो, नेकपा (माले) लगायत्का पार्टीहरूले ०५८ पुस १३ गते संयुक्त विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा १२ पुरूष र १५ महिला गरी २७ जनाले आत्महत्या गरे। सवारी दुर्घटनाका १२ वटा घटनामा १३ पुरूष र ५ महिला गरी १८ जनाको मृत्यु भयो। आगलागीमा परी, खोलाले बगाएर, ढुङ्गाले किचेर र पहिरोमा परी ८ जनाको मृत्यु भयो भने अन्य भवितव्य घटनामा ४ जनाको मृत्यु भयो।

३.१० कपिलवस्तु

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / **गोली**

यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा ४ जना पुरूष र २ जना महिलाको हत्या भयो। जसमध्ये एक जना महिलाको बलात्कारपछि हत्या गरिएको अवस्थामा लास फेला परेको थियो। जसमध्ये-

पुर्षोत्तम गाविस-५ की २९ वर्षीय फमीदा वानुलाई घरायसी झगडाका कारण ०५८ जेठ १२ गते बेलुका आफ्नै पति ३५ वर्षीय मोहमद हुसेनले कुटपिट गरी हत्या गरे। पीडित गर्भवती थिइन। पीडक र पीडकका बाबु मूनिर मिली पीडितको लासमा मट्टितेल खन्याई आगो लगाएर लास कोठामा राखी बाहिरबाट ताल्चा लगाइदिए। गाउँलेहरूले थाहा पाई प्रहरीसमक्ष खबर गरेपछि प्रहरीले मूनिरलाई गिरफ्तार गरी हाल पुर्पक्षका लागि थुनामा राखिएको छ भने मोहमद फरार छन्।



जनसंख्या	: ४९१५९२
साक्षरता प्रतिशत	: ३३.८१
महिला साक्षरता प्रतिशत	: २०.२६
क्षेत्रफल (वर्ग कि.मी.)	: १७३८
गाविस/नपा संख्या	: ७७/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३८५
क्याम्पस/उच्च मावि	: १/५
अस्पताल/स्वास्थ्य चौकी	: २/७८
टेलिफोन लाइन	: १३७८
मोटर सडक (कि.मी.)	: १३७२
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: ८९

जेल र बन्दीहरु

कूल सय जना बन्दी क्षमता रहेको "ङ" श्रेणीको कपिलवस्तु जेलमा यस वर्षको अन्त्यसम्ममा कैद नतोकिएका ८२ पुरूष र ७ महिला गरी ८९ जना तथा कैद तोकिएका २६ जना पुरूष बन्दी रहेका छन् भने १ बालक र १ बालिका आश्रित रूपमा रहेका छन्। जेलमा रहेका बन्दीहरूमध्ये धेरैजसो चेलिबेटी बेचबिखन, चोरी-डकैती, हत्या, बलात्कार तथा कर्तव्य ज्यानसम्बन्धी छन्। अहिले माओवादी गतिविधिमा संलग्न भएको आरोपमा २१ जनालाई जेल पठाइएको छ। जेलमा बन्दीहरूका लागि चर्पीको राम्रो व्यवस्था छैन। बन्दीहरूलाई सिपमूलक तालिमको अवसर दिइएको छैन। कान्तिपुर दैनिक पढ्न पाउने व्यवस्था गरिएको छ।

तौलिहवास्थित जेलमा रहेका बन्दी ३५ वर्षीय अख्तर मुसलमान र हरिराम कुर्मीलाई जेलबाट भाग्ने प्रयास गरेकाले ०५८ भदौ १० गते बन्दी तथा प्रहरीहरूले सख्त कुटपिट गरे।

गिरफ्तारी र यातना

बुड्ढी गाविस-१ का ४० वर्षीय गोपालप्रसाद चौधरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

चनई गाविस-७ की १८ वर्षीय तारा पोखरेललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ मंसिर २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

चनई गाविस-५ का २९ वर्षीय यमप्रसाद भुसाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

जयनगर गाविस-८ का ३० वर्षीय विष्णु पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २५ गते राति ९ बजे आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

मोतिपुर गाविस-१ का ३५ वर्षीय हरि माझी, ३४ वर्षीय रामे वि.क., ४१ वर्षीय वाणे बुढामगर र ३३ वर्षीय दुजई पुनलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अनुसन्धान पछि रिहा गरियो।

जयनगर गाविस-९ वदहराका २९ वर्षीय हैसिल थारू र ३१ वर्षीय वदलु थारूलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

भगवानपुर गाविस-२ का ३३ वर्षीय वियस चन्द, २९ वर्षीय शेरबहादुर कठायत, १८ वर्षीय पार्वती वि.क. र १९ वर्षीय मिना वि.क.लाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये वियसलाई एक महिना पछि रिहा गरियो भने शेरबहादुर र पार्वतीलाई नजरबन्दमा राखियो। मिनालाई गिरफ्तार गरिएको २ दिनपछि रिहा गरियो।

मलवाड गाविस-४ का ३५ वर्षीय कृष्ण वेलवासे, २८ वर्षीय दिपक थापा, ३२ वर्षीय भोजबहादुर थापा, ३८ वर्षीय जोखई थारू, २६ वर्षीय भविश्वर भुसाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिन हिरासतमा राखी रिहा गरियो।

महेन्द्रकोट गाविस-७ का ३६ वर्षीय कृष्णबहादुर परियार र ३५ वर्षीय मानबहादुर वि.क.लाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित कृष्णबहादुर परियार एमालेका इलाका सदस्य तथा जातीय मुक्ति समाजका इलाका अध्यक्ष थिए। कृष्णबहादुरलाई दुई दिनपछि रिहा गरियो भने मानबहादुर

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२	६				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते	१	१		१				
जेलमा भएको घटना					१	२		२
गिरफ्तारी र यातना					२६	५६	६	६२
कुटपिट	१०	१०	४	१४	२	३	८	११
धम्की	७	६	१	७				
बलात्कार	३		३	३				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	२		२	२				
महिला भएकै कारण यातना	२		२	२				
आर्थिक अधिकार	८	७	७	१४				
अमानवीय व्यवहार	१	१	१	२	१	१		१
अपहरण	३	३		३	१	१		१
जम्मा	४५	३२	२४	५६	३१	६३	१४	७७

वि.क.लाई तीन दिन हिरासतमा राखी रिहा गरियो।

बुड्ढी गाविस-७ का ३० वर्षीय पुनराम पराजुलीलाई माओवादीहरूलाई चन्दा दिएको तथा खाना खुवाएको आरोपमा ०५८ पुस १२ गते सुरक्षाकर्मीले आफ्नै होटलबाट गिरफ्तार गरे। पीडितलाई केही दिन हिरासतमा राखी रिहा गरियो।

गजेहडा गाविस-५ का ३० वर्षीय सुनिल चौधरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १२ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

गजेहडा गाविस-५ का ३३ वर्षीय शानवहादुर वि.क.लाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ पुस १४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २० दिनपछि रिहा गरियो।

चनई गाविस-५ का १७ वर्षीय सिता भुसाल, १९ वर्षीय राजु भुसाल, २१ वर्षीय ज्योति भुसाल, २५ वर्षीय नारायण भुसाल, ३० वर्षीय कमला भण्डारी, ३१ वर्षीय विरवहादुर दमाई, २८ वर्षीय बनाय कुर्मी, २९ वर्षीय रामबहादुर चौधरीलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५८ पुस १६ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये राजु र सीतालाई हिरासतमा केही दिन राखी रिहा गरियो भने अन्यलाई सोही दिन रिहा गरियो।

मुलुकमा संकटकालीन स्थितिको घोषणा भएपछि यस वर्षको अन्त्यसम्म माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ४५ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। जसमध्ये २१ जनालाई थुनामा राखियो। त्यसैगरी २० जनाले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

भारत गोरखपुरका विद्युतसम्बन्धी ठेकेदार ४५ वर्षीय एमएस खाँलाई ०५७ माघ १६ गते गजेहडा गाविसबाट माओवादीहरूले अपहरण गरी ८ दिनपछि मुक्त गरे।

शिवपुर नेपाल आदर्श उच्च माविमा १० कक्षामा अध्ययनरत १९ वर्षीय दिनेश चापागाईलाई माओवादीको आरोपमा ०५८ असार ४ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पछि पुनरावेदन अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर भएपछि अदालतले हाजिर गराउन र कसुर नठहरिए रिहा गर्ने आदेश दिएकोमा अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरी बेपत्ता पारे। प्रहरी कार्यालयमा आगो लगाएको भनी ०५८ साउन ४ गते जिल्ला अदालतमा हातहतियार खरखजाना मुद्दा दर्ता भएको र अदालतले तारेखमा रिहा गरी कारवाही गर्ने आदेश दिएपछि प्रहरीले अदालत परिसरबाटै पुनः गिरफ्तार गर्ने प्रयास गरे। पत्रकार, मानवअधिकारकर्मी, वकिलहरूले पीडितलाई संरक्षणका लागि नेपाल वार एशोसिएशनको कार्यालयमा राखेकोमा राति ३ बजे प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई साउन १८ गते रिहा गरियो।

चनई गाविसका अध्यक्ष ३८ वर्षीय वकिल मुसलमानलाई सुराकी गरेको आरोपमा ०५८ पुस १६ गते माओवादीहरूले घरवाट अपहरण गरी केही पर लगेपछि जनताले प्रतिकार गरी फिर्ता ल्याए।

शिवगढी गाविस-१ का ३० वर्षीय मधु जीसीलाई सुराकी गरेको आशंकामा ०५८ पुस १६ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई ३/४ दिनपछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जयनगर गाविस-८ का ३८ वर्षीय निलकुमार श्रेष्ठलाई ०५७ पुस २२ गते प्रहरीले सोही ठाउँकी एक होटलकी मालिक्नीलाई जिस्क्याएकोमा त्यसप्रति विरोध जनाएका कारण प्रहरीले कुटपिट गरे। उक्त घटनाको विरोधमा सोही ठाउँका जनताले २ घण्टा चक्काजाम गरेपछि इलाका प्रहरी कार्यालय, गोरूसिङ्गेले पीडितलाई क्षतिपूर्ति दिने र पीडकहरूलाई विभागीय कारवाही गर्ने बताएपछि मिलापत्र भई चक्काजाम अन्त्य भयो।

पटना गाविस-२ गलहाका ५० वर्षीय कपिलमान बज्राचार्यलाई ०५७ फागुन ४ गते राति माओवादीहरूले घर घेरा

हाली घरमा भएको २ सय मुरी धान, चामल, दाल, तोरी र भाँडाकुँडा लुटेर लग्नुका साथै कतै उजुरी दिएमा ज्यानमार्ने धम्की दिए।

कृष्णनगर गाविसस्थित सीमा प्रहरी चौकीको विटका प्रहरीलाई अघिल्लो दिन एक जना काँग्रेसका कार्यकर्ताको झोला खोलेको आरोपमा ०५७ फागुन १४ गते नेकाँका कार्यकर्ता र नेताहरूले कुटपिट गरी प्रहरी विटमा आगो लगाए।

खुरहुरिया गाविस-५ का ३८ वर्षीय खुसेद आलम खाँलाई ०५७ चैत २ गते बेलुका माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरबाट १ सय ५० क्वीन्टल धान, चामल, तोरी, दाल आदि सामान लुटेर लगे।

मोतिपुर गाविस-४ का ३८ वर्षीय रूक्मागत पन्थसमेत ४ जनालाई ०५८ वैशाख ४ गते माओवादीहरूले कुटपिट गर्नुका साथै तास खान लगाई सय-सयपटक उठवस गर्न लगाए। माओवादीहरूले आइन्दा तास खेलेमा कारवाही गर्ने धम्की समेत दिए।

पत्थरदेहीया गाविस-६ का ६० वर्षीय प्रेमबहादुर गुरूङ र उनकै झङ्केली छोरीलाई ०५८ वैशाख १० गते माओवादीहरूले मोसो दली गाउँ तथा जिल्ला निकाला गर्ने फैसला गरी २४ घण्टाभित्र जिल्ला बाहिर नगएमा सफाया गर्ने धम्की दिए।

कोपवा गाविस-९ का ४५ वर्षीय मिगेन्द्रकुमार चौधरीलाई ०५८ मंसिर १० गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरबाट ३ सय मुरी धान, चामल, गहुँ, दाल तथा अन्य सम्पूर्ण सामानहरू लुटेर लगे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको साउनदेखि पुससम्म जिल्ला अदालतमा देवानी १ हजार ७ सय ९२, सरकारवादी फौजदारी १ सय २३ र दुनियावादी फौजदारी ४ सय २३ वटा मुद्दा दर्ता भए जसमध्ये देवानी २ सय ९६, सरकारवादी फौजदारी ४८ र दुनियावादी फौजदारी १ सय ३२ गरी ४ सय ७६ वटा मुद्दा फर्स्यौट भए। यस अदालतमा ६ वर्षदेखिका ७, ५ वर्षदेखिका ४, ४ वर्षदेखिका ७, ३ वर्षदेखिका २१, २ वर्षदेखिका १ सय ६२ र १ वर्षदेखिका ४ सय ७ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

जिल्ला प्रहरी कार्यालयमा यस वर्षको साउनदेखि पुससम्म ६८ वटा मुद्दा दर्ता भएकोमा ३० वटा फर्स्यौट भई ३८ वटा बाँकी रहे। तीन वर्षको अवधिमा परेका कूल ५ सय ५८ वटा मुद्दामध्ये ३ सय ८४ वटा फर्स्यौट भई १ सय ६४ वटा बाँकी रहेका छन्।

सरुवा, घटुवा र पक्षपात आदि

दुविया गाविस-९ स्थित प्राविमा खाली रहेको महिलाको पदमा ०५८ भदौ १५ गते विज्ञापन खुलेकोमा सोही ठाउँकी २६ वर्षीय उषा खनाल मात्र उत्तीर्ण भएकोमा छनौट समितिले पक्षपात गरी अनुत्तीर्ण भएका उम्मेदवारहरूलाई प्राप्तांक थपी उत्तीर्ण गराएको कुरा पीडितले बताइन्। पीडितले आफू अन्यायमा परेको उल्लेख गर्दै जिल्ला शिक्षा कार्यालयमा निवेदन दिएको भए पनि कुनै कारवाही भएन।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

शिवपुर गाविसमा बसोबास गर्दै आएका भूमिहीन, सुकुम्वासी तथा कमैयाहरूलाई ०५८ वैशाख ७ गते वन सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै झुप्रामा आगो लगाइदिए।

तिलौराकोट गाविस वर्मेली टोलका सुकुम्वासीहरूका घरमा ०५८ असार ७ गते वन सुरक्षाकर्मीले आगो लगाउनुका साथै सुकुम्वासीहरू ३५ वर्षीय ईश्वरी दर्जी, ३६ वर्षीय खिमबहादुर दर्जी, ४२ वर्षीय राममिलन वर्दई, ३८ वर्षीय टेकबहादुर सुनार, ३५ वर्षीय चक्रबहादुर राना र ३८ वर्षीय सूर्यबहादुर तामाङलाई गिरफ्तार गरे। पीडितहरूलाई केही दिन हिरासतमा राखी रिहा गरियो।

महेन्द्रकोट गाविस-७ का ३५ वर्षीय जीतबहादुर गुरूङ, ३८ वर्षीय दलबहादुर मगर, २६ वर्षीय छविलाल नेपाली, ४० वर्षीय मनोज परियार, ४२ वर्षीय गुणनिधी उपाध्याय, ४५ वर्षीय सुमबहादुर सुनार र ३० वर्षीय जोखु थारूलाई जंगलमा झुप्रा बनाएको आरोपमा ०५८ असार ८ गते जिल्ला वन कार्यालयले गिरफ्तार गर्नुका साथै झुप्रामा आगो लगाए। पीडितहरूलाई केही दिन हिरासतमा राखी रिहा गरियो।

महेन्द्रकोट गाविस-१, २, ६ र ७ मा बसोबास गर्दै आएका भूमिहीन, सुकुम्वासीहरूका झुप्रामा ०५८ असार ८ गते वन सुरक्षाकर्मीले आगो लगाउनुका साथै केहीलाई गिरफ्तारसमेत गरे।

शिवपुर गाविस-५ वालापुरमा बसोबास गर्दै आएका भूमिहीन, सुकुम्वासी तथा कमैयाहरू ६० वर्षीय पार्वती सुनार, ५० वर्षीय धनकुमारी राना, ३० वर्षीय राधिका सुनार, ४० वर्षीय धनमाया दमाई, ३० वर्षीय भयोदेवी दमाई र उनकी ५ महिनाकी छोरीलाई ०५८ असार ९ गते जिल्ला वन कार्यालयका सुरक्षाकर्मीले कुटपिट गरी गम्भीर घाइते र अन्य १५ जनालाई सामान्य घाइते बनाउनुका साथै झुप्रामा आगो लगाइदिए।

यस जिल्लामा सुकुम्वासी समस्या समाधान हुन सकेको छैन। गत वर्ष सरकारले कमैया मुक्तिको घोषणा गरेपछि खाली चौर तथा नदी किनार र जंगल छेउको क्षेत्रमा मुक्त कमैयाहरू बसोबास गर्दै आएका छन्। उनीहरूको वैकल्पिक बसोबासको व्यवस्था हुन सकेको छैन। विभिन्न ठाउँमा बसोबास गर्दै आएका भूमिहीन, सुकुम्वासी तथा मुक्त कमैयाका करिव ४ हजार झुप्रामा जिल्ला वन कार्यालयले आगो लगायो। जसमध्ये महेन्द्रकोट गाविसमा १ सय ५०, वाणगंगा नन्दनगरमा ६ सय, तिलौराकोट वर्मेली टोलमा ७ सय, कोपवा लक्ष्मणघाटमा १ हजार, शिवपुर करैयामा १ सय ५०, शिवपुरको वालापुरमा ८ सय झुप्रामा आगो लगाइयो। यस जिल्लामा भूमिहीन, सुकुम्वासीहरूको आधिकारिक तथ्यांक उपलब्ध नभए तापनि करिव १५ देखि २० हजारसम्म सुकुम्बासी रहेको अनुमान छ।

असहाय तथा वृद्ध भत्ता वितरणमा एकरूपता देखिएको छैन। दक्षिणी भेगका गाविसहरू सिंहखोर, हरदैना, कुशहवालगायत्का गाविसमा वृद्ध भत्ता वितरण गरिएन भने केही गाविसमा रकम कम भएका कारण सरकारले तोकेभन्दा कम वितरण गरियो।

महिला अधिकार

शिवगढी गाविस-८ की ११ वर्षीय एक वालिकालाई ०५७ चैत ८ गते सोही ठाउँका गोविन्द भन्ने महतवहादुर परियारलाई बलात्कार गरे।

बुढ्डी गाविस-५ कनौलियाकी ४५ वर्षीय एक महिलालाई विभिन्न डर, धम्की दिई ०५७ चैत ८ गते सोही ठाउँका गणेश पाठकले बलात्कार गरे।

प्युठान जिल्ला देवीनगरकी १८ वर्षीय एक युवतीलाई ०५७ चैत २५ गते बेलुका वीरपुर गाविस-४ गडगडाका रामबहादुर कहार, गुरुप्रसाद वञ्जाडे, रामनिवास मैया, शिवमंगल केवट र गुरुदिन वढईले अपहरण गरी सोही ठाउँस्थित एक घरमा लगी वलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वरकलपुर गाविस-९ की ५ वर्षीय एक वालिकालाई ०५८ जेठ २ गते सोही ठाउँका १८ वर्षीय राजेन्द्र गुप्ताले घरमा कोही नभएको अवस्थामा चकलेट र पैसा लिई फकाएर बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा वहुविवाहका घटनामध्ये एउटा घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको पाइयो। त्यसैगरी नेकपा (एमाले) को पार्टी कार्यालयमा समेत ३ वटा बहुविवाहसम्बन्धी मुद्दा दर्ता भएको जानकारी गराइयो।

हथैसा गाविस बनकट्टामा कमैया बस्ने २० वर्षीय एक युवतीलाई आफ्नै मालिक मुक्तर अहमत खाँ र उनको छोरा रोयल अहमत खाँले यौन शोषण गरेकाले पीडितकी आमाले ०५८ वैशाख १६ गते त्यहाँबाट अन्यत्रै लगिन्। पीडकहरूले पीडितका बाबुलाई छोरी भगाएको आरोपमा कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए। पीडकहरूले पीडितलाई ३ वर्षदेखिको पारिश्रमिक पनि दिएनन्।

मोतिपुर गाविस-४ की ५५ वर्षीय तारामति गुरुङलाई बोक्सी लागेको आरोपमा ०५८ भदौ १० गते आफ्नै छोरा देवबहादुर गुरुङले तिलौराकोट गाविस-४ गोवरीका २७ वर्षीय धामी टेकबहादुर रानालाई बोलाएर राति ९ बजेदेखि १२ बजेसम्म तातोपानी खन्याउने, पन्यू तताएर डाम्ने, थुक चटाउने, छेपारो चपाउन लगाउने तथा नदीमा डुवाउने जस्ता अमानवीय कार्य गर्न लगाए। त्यसअघि पीडक देवबहादुरले बोक्सी उपचार गर्नका लागि कसैको घरवाट विरालोको हड्डी निकाल्नु पर्ने हुँदा कागज गर्नुपर्ने माग राखेपछि स्थानीय जनप्रतिनिधि तथा छिमेकीहरूले कसैको व्यक्तिगत चरित्र हत्या तथा मानवअधिकार हनन नहुने गरी कार्य गर्न अनुमति दिई कागज गरिदिएका थिए। पीडकले त्यसरी अमानवीय कार्य गर्दासमेत स्थानीय जनप्रतिनिधि तथा छिमेकीहरूले कुनै प्रतिरोध गरेनन्। पछि गाविस अध्यक्ष र स्थानीय व्यक्तिहरूको सहयोगमा पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। टेकबहादुरलाई रूपन्देही जिल्लाबाट समाती प्रहरीको जिम्मा लगाइएकोमा ५ हजार रूपैयाँ धरौटीमा तारेखमा रिहा गरियो। विभिन्न महिला संगठनहरूले पीडकमाथि कारवाहीको माग गर्दै आमसभा र विरोध र्‍याली गरे।

आर्थिक अधिकार

कोपवा गाविसका कृषि मजदुरहरू कालु थारू, जयमाले थारू, सरजु थारू, चिन्कू थारू र मुख्वन थारूलाई आफूहरूले काम गरिदिएवापत् पाउनुपर्ने ज्याला सोही ठाउँका कृष्णप्रसाद, व्रम्हनारायण चौधरी, देवीप्रसाद, हरिहर थारू, दधिराम र हरिहर थारूले दिएनन्। पीडितहरूले उचित ज्याला पाउँ भनी ०५८ वैशाख १ गते गाविसमा उजुरी दिए।

कोपवा गाविसका कृषि मजदुरहरू बेवरी थारू, पहारी थारू, वसन्ती थारू, सुरनिय थारू, सिता थारूलगायत्‌लाई सोही गाविस-३ का नवराज थारू, हरिहर थारू, कृष्णबहादुर के.सी. र नवरतन थारूले ०५७ सालदेखि काममा लगाएकोमा ज्याला दिएनन्। पीडितहरूले ज्याला पाउँ भनी गाविसमा उजुरी दिए।

दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा कमैया मुक्तिको घोषणा गरेपछि कमैया तथा बाँधा र हलियाहरू जमिन्दारबाट छुटकारा पाई खाली चौर, ऐलानी जग्गा र जंगलमा वरपरका जग्गामा झुप्रा बनाएर बसे। तर, मुक्त कमैयाहरूको वैकल्पिक बसोबासको व्यवस्था नगरी झुप्राहरूमा आगो लगाउने कार्य भयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राजमोले सुकुम्बासी समस्या तथा सार्वजनिक वन फडानी र अतिक्रमणको समस्या समाधान गर्नुपर्ने र सुकुम्बासीहरूलाई जग्गा तथा बसोबासको व्यवस्था मिलाउनु पर्ने माग राखी ०५८ जेठ १९ गते सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला वन कार्यालय र जिल्ला प्रशासन कार्यालयसमक्ष ज्ञापनपत्र पेश गर्‍यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २० जना पुरूष र ४ जना महिला गरी २४ जना पीडित भएको सार्वजनिक जानकारीमा आयो। झुण्डिएर ९ जनाले आत्महत्या गरे। भवितव्य ज्यानका १० र विषसेवनका ९ वटा घटना भए। पानीमा डुवेर २ जनाको मृत्यु भयो। लागु औषधका कारण ३ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा १८ जना पीडित भए। ४ जनाको लास फेला पर्‍यो।

३.११ अर्घाखाँची

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

पोखराथोक गाविस-५ स्थित प्रहरी चौकीमा कार्यरत पाल्पा जिल्ला तानसेन गाविस-८ का कृष्णबहादुर बोहरा, तनहुँ जिल्ला भानु गाविस-६ का कृष्णबहादुर श्रेष्ठ, कपिलवस्तु र कपिलवस्तु जिल्ला वाणगंगा गाविस-७ का हरिनारायण चौधरीलाई ०५ साउन १ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी हत्या गरे। त्यसैगरी प्रहरी जवानहरू झापा जिल्ला गरामनी गाविस-८ का हेमप्रसाद राजवंशी र दाङ जिल्ला ढिकपुर गाविस-८ का नारायणबहादुर के.सी. लाई गोली हानी घाइते बनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ३ जना पुरुष र २ जना महिलाको हत्या भयो। एक जना महिलालाई अज्ञात व्यक्तिहरूले सामूहिक बलात्कारपछि हत्या गरेका थिए। जसमध्ये-



जनसंख्या	: २३८८३९
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३२
क्षेत्रफल (वर्ग कि.मी.)	: ११९३
गाविस/नपा संख्या	: ४२/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४२४
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि.मी.)	: ५८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ४२

जुकेना गाविस-२ की ८ वर्षीय सुजता दर्जीलाई काम नगरेको आरोपमा ०५७ चैत ६ गते बेलुका आफ्नै आमा ३० वर्षीय सुमित्रा दर्जीले दाउराले हिर्काएर हत्या गरिन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धनचौर गाविस-१ पूतकेकी २८ वर्षीय एक लाटी महिलालाई ०५८ जेठ १६ गते राति सन्धिखर्क गाविस-६ वाँगीखोला किनारको खेतमा अज्ञात व्यक्तिले बलात्कार गरी हत्या गरे।

गिरफ्तारी र यातना

धारापानी गाविस-१ औवलका २२ वर्षीय सिता वञ्जाडेलाई माओवादीको आरोपमा ०५८ मंसिर १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि तारेखमा रिहा गरे।

सन्धिखर्क गाविस-६ का नारायण कँडेल र सोही ठाउँका अशोक सुनारलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १८ गते प्रहरीले गिरफ्तार गरेकोमा ११ दिनपछि दैनिक तारेखमा रिहा गरियो।

वाँगी गाविस-५ का जीवनारायण खनाल र सोही गाविस-३ का वीरेन्द्र चौहानलाई माओवादीको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई आत्मसमर्पण गराई १९ दिनपछि रिहा गरियो।

गुल्मी जिल्ला नयाँगाउँ गाविस-३ का हरि के.सी.लाई माओवादीको आरोपमा ०५८ मंसिर २८ गते डिर्भना गाविस-४ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई आत्मसमर्पण गराई रिहा गरियो।

अर्घा गाविस-१ का देवबहादुर रायमाझी, सोही गाविस-७ का तेजबहादुर थापा र सोही गाविस-१ का युवराज भुसाललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ मंसिर २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

सन्धिखर्क गाविस-७ का नेकपा (एमाले) जिल्ला कार्यालय सचिव बुद्धि भुसाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २९ गते पाणीनी क्याम्पसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सन्धिखर्क गाविस-९ का विष्णुहरि भुसाल र सोही गाविस-७ का गिरीप्रसाद भुसाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा विष्णुहरिलाई सोही दिन र गिरीप्रसादलाई पुस ८ गते आत्मसमर्पणपछि तारेखमा रिहा गरियो।

खिदिम गाविस-८ का जीवन गौतम, मोहन अधिकारी, सुदर्शन गौतम, सोही गाविस-९ का हरि गौतम र वीरेन्द्र गौतमलाई माओवादीको आरोपमा ०५८ पुस ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये वीरेन्द्रलाई ३ दिनपछि र अन्यलाई ९ दिनपछि हप्तामा एक दिन हाजिर हुनेगरी तारेखमा रिहा गरियो।

पोखराथोक गाविस-१ का पशुपति भट्टराई, सोही गाविस-१ का जीवनाथ गौतम र सोही गाविस-८ का वीरेन्द्र गौतमलाई माओवादीको आरोपमा ०५८ पुस ५ गते सुरक्षाफौजले गिरफ्तार गरी ९ दिनपछि रिहा गरे।

ढिकुरा गाविस-५ का शिक्षक महेश भुसाल र सोही ठाउँका जुद्ध रानालाई माओवादीको आरोपमा ०५८ पुस १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये जुद्धलाई सोही दिन र महेशलाई १४ दिनपछि रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

अर्घा गाविस-२ बडाचौरका ३५ वर्षीय चोपलाल भुसाललाई सुराकी गरेको आरोपमा ०५७ पुस १९ गते बेलुका माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

पटौटी गाविस-५ कुडापानीका ५५ वर्षीय भागीरथ क्षेत्रीलाई ०५७ फागुन १ गते माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

खन गाविस-९ देउरालीस्थित इलाका प्रहरी कार्यालयमा

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या	१	३		३				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते	१	२		२				
गिरफ्तारी र यातना					१०	२३	१	२४
कुटपिट	१	१		१	३	३		३
धम्की	३	२	२	४				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	१२	११	५	१६	१३	२६	१	२७

०५७ फागुन १ गते माओवादीहरूले सकेट वम प्रहार गरे भने प्रहरीले जवाफमा गोली प्रहार गरे। तर, कोही हताहत भएनन्।

धनचौर गाविस-६ स्थित जनजागृति माविका प्रधानाध्यापक ज्ञानप्रसाद वेल्वासे, सोही गाविस-५ का नेकपा (एमाले) इलाका कमिटीका सचिव, सोही पार्टीका गाउँ कमिटी सदस्य वासुदेव पाण्डे र सोही गाविसका उपाध्यक्ष नारायण घर्ती मगरलाई माओवादीलाई खाना नखुवाएको आरोपमा माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

धनचौर गाविस-४ का वासुदेव पाण्डेलाई आम हडतालको समर्थक भएको आरोपमा ०५८ जेठ १४ गते सन्धिखर्क गाविस-६ मा प्रहरीले लाठीले हिर्काई घाइते बनाए।

सन्धिखर्क गाविस-६ का १८ वर्षीय शालिकराम अधिकारीलाई आम हडतालको समर्थक भएको आरोपमा ०५८ जेठ १५ गते जिल्ला हुलाक अगाडि वाटोमा हिडिरहेको अवस्थामा प्रहरीले लाठीले हिर्काई घाइते वनाए।

खिल्जी गाविसस्थित प्रहरी चौकीमा ०५८ साउन १९ गते, बल्कोटस्थित प्रहरी चौकीमा साउन २६ गते र बल्कोटस्थित इलाका प्रहरी कार्यालय र ठाडास्थित प्रहरी कार्यालयमा ०५८ मंसिर १३ गते माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा गत वर्षका २ सय ७८ र यस वर्षका १ सय १६ गरी जम्मा ३ सय ९४ मध्ये गत वर्षका १ सय ९२ र यस वर्षका ६९ गरी २ सय ६१ वटा फर्स्यौट भई १ सय ३३ फर्स्यौट हुन बाँकी रहे। दुनियावादी फौजदारी गत वर्षका ९३ र यस वर्षका ९४ गरी १ सय ८७ मध्ये गत वर्षका २२ र यस वर्षका ३२ गरी ५४ वटा फर्स्यौट भई १ सय ३३ बाँकी रहे। सरकारवादी फौजदारी गत वर्षका ३२ र यस वर्षका २० गरी ५२ मध्ये गत वर्षका २२ र यस वर्षका १० गरी ३२ फर्स्यौट भई २० वटा बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी ४ र हातहतियार तथा खरखजानासम्बन्धी २ वटा मुद्दा रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको विघटित सुकुम्बासी समस्या समाधान आयोगमा ५ सय ९८ जना भूमिहीन, सुकुम्बासीले निवेदन दिएका थिए। जसमध्ये १ सय २७ जनालाई जग्गाधनी प्रमाणपत्र दिनका लागि सिफारिस गरिएकोमा हालसम्म पनि प्राप्त गर्न सकेका छैनन्।

यस जिल्लामा १ हजार ३ सय पुरुष र १ हजार १ सय ७ महिला गरी २ हजार ४ सय ७ जनाले वृद्ध भत्ता पाइरहेका छन्। अशक्त, अपाङ्ग भत्ता ५० जनालाई दिइएको छ। त्यसैगरी ११ जनालाई विधवा भत्ता दिइएको छ।

महिला अधिकार

सिमलपानी गाविस-६ कल्लेरीकी २२ वर्षीय कमला विसीलाई गाउँमा संचालित रात्री प्रौढ कक्षामा पढ्न गएका कारण ०५७ माघ १३ गते राति आफ्नै पति कुलदिप विसीले पुनः पढ्न गएमा ज्यानमार्ने धम्की दिए।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका घटनामा ३५ जना पीडित भएको जानकारीमा आयो। ६ पुरुष र ५ महिला गरी ११ जनाले आत्महत्या गरे। पहिरोमा पुरिएर अर्घातोष गाविसमा ९ जनाको मृत्यु भयो। सवारी दुर्घटनाका घटनामा ११ जनाको मृत्यु भयो।

३.१२ गुल्मी



जनसंख्या	: ३४२०२०
साक्षरता प्रतिशत	: ६०
महिला साक्षरता प्रतिशत	: ५५
क्षेत्रफल (वर्ग कि.मी.)	: ११४९
गाविस/नपा संख्या	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ७५१
क्याम्पस/उच्च मावि	: ३/१३
अस्पताल/स्वास्थ्य चौकी	: १/८४
टेलिफोन लाइन	: ३७२
मोटर सडक (कि.मी.)	: ३४६.५
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ७६

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

नयाँगाउँ गाविस-९ का ३९ वर्षीय धनबहादुर राना मगरलाई ०५७ फागुन २७ गते राति ९ बजेतिर माओवादीहरूले घरबाट अपहरण गरी जंगलमा लगी घाँटी रेटेर हत्या गरे।

वाग्लुङ जिल्ला स्वर्वाङ प्रहरी चौकीमा कार्यरत सई नवलपरासी जिल्ला दाउन्ने गाविस-५ का ३८ वर्षीय मोतिलाल थापा मगर, प्रहरी जवानहरू स्याङ्जा जिल्लाका मनलाल वि.क., अर्घाखाँचीका लक्ष्मण पाण्डे, तनहुँका लिला घिमिरे, कपिलवस्तुका रामअवतार यादव, झापाका गोविन्द वि.क., पाल्पाका दुर्गाप्रसाद खनाल पर्वतका सन्त कार्की र वामी प्रहरी चौकीमा कार्यरत प्रहरी जवान अर्घाखाँची जिल्लाका तेजबहादुर जिसी र गुल्मी जिल्ला अर्लाङकोट गाविस भान्से भिमलाल चालिसेलाई ०५८ असार २२ गते राति माओवादीहरूले वामी प्रहरी चौकीमा आक्रमण गरी हत्या गरे। सोही घटनामा माओवादी कार्यकर्ता नवलपरासी जिल्ला प्रगतिनगर गाविस-७ की २५ वर्षीय फुलमाया सारू मगरको प्रहरीको गोलीद्वारा मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणबाट भएका घटनामा ५ जना पुरुष र ४ जना महिलाको हत्या भयो। जसमध्ये–

हुँगा गाविस-७ की ५० वर्षीय चन्द्रकला सुवेदीलाई ०५८ असोज ६ गते राति सुतिरहेको अवस्थामा आफ्नै पति शिवलाल सुवेदीले बञ्चरो प्रहार गरी हत्या गरे। पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। सपनामा राक्षस आएर पत्नीको भागल मागेकाले हत्या गरेको पीडकले बताए।

दोहली गाविस-५ का ४४ वर्षीय नरबहादुर वि.क.लाई एउटा हाँगो कुटमेराको घाँससम्बन्धी विवादका कारण ०५८ पुस १ गते आफ्नै भाइ शंकर वि.क.ले ढिंडो पकाउने काठको घापले टाउकोमा हिर्काई हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको गुल्मी जेलको यस वर्ष पनि भौतिक सुधार भएन। २५ जना बन्दी क्षमता रहेको यस जेलमा हाल कैद नतोकिएका १६ पुरूष र २ महिला तथा कैद तोकिएका १० पुरूष र ४ महिला गरी ३२ जना बन्दी छन्। यसबाहेक २ जना आश्रित नाबालक छन्। जेलमा पिउने पानीको अत्यन्त समस्या रहेको र विगतमा विभिन्न संघ-संस्थाहरूले खेलकुदका सामान उपलब्ध गराए तापनि यस वर्ष कुनै संस्थाले चासो नदेखाएको बन्दीहरू बताउँछन्।

गिरफ्तारी र यातना

नयाँगाउँ गाविस-३ का ५० वर्षीय रामप्रसाद पोखरेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १३ गते तम्घासस्थित आफ्नै होटलमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई दैनिक तारेखमा मंसिर १४ गते रिहा गरियो।

रूपन्देही जिल्ला गगेडी गाविस घर भई तम्घास गाविस-४ मा व्यापार गरी बस्ने २३ वर्षीय वासु पोखरेललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ मंसिर १९ गते प्रहरीले गिरफ्तार गरी ९० दिनको तारेख दिएर सोही दिन रिहा गरे।

इश्मा रजस्थल गाविस-८ की १७ वर्षीय चन्द्रकला घिमिरेलाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस २१ गते तारेखमा रिहा गरियो।

धुर्कोट रजस्थल गाविस-५ का २१ वर्षीय रामबहादुर वि.क.लाई माओवादीको आशंकामा ०५८ मंसिर २० गते तम्घासबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म हिरासतमा राखिएको थियो।

खड्गकोट गाविस कोरेङ्गका ३२ वर्षीय गोविन्द ढकाललाई माओवादीको कार्यकर्ता भएको आरोपमा ०५८ पुस ५ गते शान्तिपुरको जंगलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।



माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका गाविस अध्यक्ष युद्धबहादुर थापा

सिमिचौर गाविस-५ का २८ वर्षीय सुरज श्रेष्ठ, ३२ वर्षीय शिव घिमिरे, सोही गाविस-३ को १८ वर्षीय फुर्सी नेपाली र नाम खुलाउन नचाहने ११ वर्षीय एक बालक र १३ वर्षीय एक बालिकालाई माओवादीको आशंकामा ०५८ पुस ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये अन्यलाई पुस ६ गते र बालबालिकालाई पुस ७ गते रिहा गरियो।

सिमिचौर गाविस-९ का ५० वर्षीय नन्दराम रानालाई माओवादी कार्यकर्ता भएको आरोपमा ०५८ पुस ६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

थानपति गाविस-९ का ३५ वर्षीय लालबहादुर दर्लामी मगर, सोही गाविस-७ का २२ वर्षीय टेकबहादुर दर्लामी, ३६ वर्षीय रामचन्द्र ज्ञवाली, ३० वर्षीय चोलनाथ ज्ञवाली र सोही गाविस-६ का ३५ वर्षीय वीरबहादुर नेपालीलाई माओवादी कार्यकर्ता भएको आशंकामा ०५८ पुस ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। लालबहादुर र वीरबहादुरलाई रिहा गरियो भने अन्यलाई रिहा गरिएको छैन।

वस्तु गाविस-६ का ५० वर्षीय रामप्रसाद भण्डारी र २४ वर्षीय चुनबहादुर नेपालीलाई माओवादी कार्यकर्ता भएको आशंकामा ०५८ पुस १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये चुनबहादुरलाई दुई दिनपछि रिहा गरियो भने रामप्रसादलाई रिहा गरिएको छैन।

बेपत्ता पारिएको / अपहरण गरिएको

मरभुङ गाविस-१ का गाविस उपाध्यक्ष ४८ वर्षीय तेजप्रसाद अर्याललाई ०५८ असोज १७ गते आफूहरूलाई खाना खान नदिएको आरोपमा माओवादीहरूले अपहरण गर्दा सोही ठाउँका जनताले प्रतिवाद गरेपछि ४ घण्टापछि मुक्त गरे।

रूरू गाविस-४ का ४५ वर्षीय टंक खनाललाई ०५८ मंसिर ८ गते ०५८ मंसिर ८ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई दुई हप्तापछि मुक्त गरियो।

पौदीअमराई गाविस-५ का ८१ वर्षीय रविलाल थापालाई छोरा हामीलाई बुझाऊ भनी ०५८ मंसिर ८ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरियो।

अर्खवाङ गाविस-८ का ३५ वर्षीय कृष्ण के.सी.लाई सुराकी गरेको आरोपमा ०५८ मंसिर १० गते अर्खवाङ माविबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी मंसिर ११ गते मुक्त गरियो।

छापहिले गाविस-३ का ३८ वर्षीय प्रेमबहादुर खड्कालाई ०५८ मंसिर १० गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई मंसिर ११ गते रामराज्य मावि दोहलीमा पुऱ्याई मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शान्तिपुरस्थित उदय माविका प्रधानाध्यापक ४५ वर्षीय थानेश्वर शर्मालाई सुराकी गरेको आरोपमा ०५७ फागुन १ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी टाउको, दुवै हात र खुट्टा काटी गम्भीर घाइते बनाए।

रूपाकोट गाविस-३ चिउरेनीभीरस्थित सडकमा ०५८ वैशाख २५ गते माओवादीहरूले गुल्मी-अर्घखाँची ग्रामीण विकास परियोजना (गार्डेप) को गाडी र कागजपत्र आगो लगाई क्षति पुऱ्याए।

कुर्घा गाविस-५ का ४९ वर्षीय ईश्वरी शर्मालाई ०५८ असार ३ गते माओवादीहरूले धम्की दिनुका साथै पसलका सामानहरू लुटी कागजपत्रहरू जलाए।

भुर्तुङ गाविस-८ का ४० वर्षीय डोलबहादुर हमाललाइ आमसभा विथोलेको आरोपमा ०५८ असार ९ गते माओवादीहरूले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए।

बलेटक्सार गाविस-४ का ४४ वर्षीय देवनारायण ज्ञवाली, शेषनारायण ज्ञवाली, चुडामणि ज्ञवाली र पाल्पा जिल्लाका रामप्रसाद भट्टराईलाई ०५८ असार ३० गते माओवादीहरूले कान समाई उठबस गर्न लगाए। त्यसैगरी देवनारायणका छोरा २० वर्षीय केशव ज्ञवालीलाई माओवादीको विरोध गरेको आरोपमा घाँटीमा खुकुरी ताकी कारवाही गर्ने धम्की दिए।

अमरपुर गाविस-१ चौरासीका २५ वर्षीय भीमलाल भण्डारी, मुरभुङ गाविस-१ की ३१ वर्षीय सिता अर्याललाई ०५८ साउन २४ गते मुरभुङ गाविस-१ सिमलटारी बजारमा माओवादीहरूले कान समाई ५०-५० पटक उठबस गर्न लगाउनुका साथै क्रमशः ४ हजार ८ सय र ५ हजार रूपैयाँ जरिवाना गरे। साथै, मुरभुङ गाविस-१ रेथुमका ६-७ जना

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	५	४	९				
गोलीद्वारा हत्या	१	१०		१०	१		१	१
गिरफ्तारी र यातना					१०	२४	३	२७
कुटपिट	१३	१४	१	१५				
धम्की	१२	१९	३	२२				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	२	३	५	८				
पारिवारिक हिंसा	२		२	२				
बाल अधिकार	१	१		१				
जातीय छुवाछूत	२	२	२	४				
अपहरण	५	५		५				
जम्मा	४८	५९	१९	७८	११	२४	४	२८

कुमाल जातिका व्यक्तिका घरमा जाँडका भाँडा र ताउलासमेत फुटालिदिने तथा चिया पसल गरेकाहरुलाई रक्सी बेचेको र तास खेलाएको आरोपमा कान समाई उठबस गर्न लगाए।

नयाँगाउँ गाविस-९ का २६ वर्षीय चन्द्रबहादुर कुवँरलाई ०५८ साउन २९ गते माओवादीहरुले मोसो दलेर कुटपिट गर्नुका साथै कान समाई उठबस गर्न लगाए।

रुरू गाविस-६ का ६२ वर्षीय डाँसुराम भण्डारीलाई ०५८ मंसिर ८ गते माओवादीहरुले धम्की दिई पसलमा रहेको रकम, सुन र कागजपत्र लुटेर लग्नुका साथै एउटा मोटरसाइकल र कागजहरू जलाइदिए। पीडकहरुले पीडितका छोरा जीवन भण्डारीतर्फ बन्दुक सोझ्याएर धम्की दिए।

तम्घाँस गाविस-४ स्थित जिल्ला प्रहरी कार्यालयका प्रहरीले ०५८ मंसिर १३ गते राति माओवादीहरू आएको आशंकामा गोली प्रहार गर्दा सोही ठाउँ नजिक डेरा गरी बस्ने जिविसका अधिकृत चन्द्रप्रसाद भट्टराईको कोठाको झ्यालमा लागी शिशा फुट्यो।

ईस्मारजस्थल गाविसका अध्यक्ष ६२ वर्षीय रामचन्द्र रिजालको सोही गाविस-६ र दर्लामचौर गाविस-५ स्थित घर ०५८ पुस १ गते माओवादीहरुले तोडफोड गरी कागजपत्र, केही रकम र एक नाल टुटु राइफल लुटेर लगे। पीडितलाई घरमा बसेमा थप कारवाही गर्ने धम्की समेत दिएकाले हाल सदरमुकाममा डेरा गरी बसेका छन्।

शान्तिपुर गाविस-७ का रामकृष्ण शर्मालाई सुराकी गरेको आरोपमा ०५८ पुस १ गते माओवादीहरुले मोसो दली तरकारीमा पानी राख्ने हजारी घाँटीमा झुण्डाएर बजार घुमाउनुका साथै नसुध्रिएमा थप कारवाही गर्ने धम्की दिए।

सिमिचौर गाविस-५ का गाविस अध्यक्ष ५० वर्षीय जयप्रसाद अर्याललाई माओवादीको विरोध गरेको आरोपमा ०५८ पुस ४ गते राति उनकै घरमा गई माओवादीहरुले ढक प्रहार गरी हात भाँचिदिनुका साथै घर-गोठमा आगो लगाई पसलका सामान र नगद लुटेर लगे। पीडितलाई उपचारार्थ काठमाण्डौं पुऱ्याइयो।

जैसिथोक गाविसका अध्यक्ष ३७ वर्षीय चुडाबहादुर थापालाई माओवादीको विरोध गरेको आरोपमा ०५८ पुस ४ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले फलामको नापा, बाँसको लाठी आदिले हिर्काई सख्त घाइते बनाए।

अमरअर्वाथोक गाविस-१ का ३५ वर्षीय हरिनारायण मरासिनीको घर ०५८ पुस ६ गते माओवादीहरुले तोडफोड गरे। पीडकहरुले केही रकम पनि लुटेर लगेको कुरा पीडितले बताए।

भनभने गाविस-३ का गुल्मी जिल्ला परिषदका सदस्य ४८ वर्षीय कुलबहादुर घर्तीलाई माओवादीको विरोध गरेको आरोपमा ०५८ पुस ६ गते राति माओवादीहरुले घरबाट बाहिर निकाली फलामका पाता र बाँसको लाठी प्रहार गरी सख्त घाइते बनाए। पीडितका दुवै खुट्टाका औंला फुटेका छन्। पीडितलाई उपचारार्थ काठमाण्डौं पुऱ्याइयो।

विरबास गाविस-२ का ६४ वर्षीय रामबहादुर ढेंगा मगरलाई ०५८ पुस ६ गते माओवादीहरुले बञ्चरो प्रहार गरी गम्भीर घाइते बनाए। पीडितलाई टाउको, हात र करङमा गम्भीर चोट पुऱ्याए। पीडितलाई उपचारार्थ काठमाण्डौं पुऱ्याइयो।

पुर्कोटदह गाविस-४ का २५ वर्षीय दुर्गाबहादुर कुवँरलाई चर्को ब्याज लिएको आरोपमा ०५८ पुस ८ गते माओवादीहरुले कुटपिट गरी केही रकम समेत लुटेर लगे। पीडकहरुले सोही दिन सोही गासिका भूपू जिविस सदस्य चक्रबहादुर कुवँरको घरमा गई केही धार्मिक पुस्तकहरू जलाए।

अश्लेवा गाविस-५ का ६० वर्षीय लिलबहादुर पाण्डेलाई ०५८ पुस ८ गते माओवादीहरुले कुटपिट गर्नुका साथै तमसुक जलाइदिए। यसबाहेक एक लाख पचास हजार रूपैयाँ चन्दा नदिएमा थप कारवाही गर्ने धम्कीसमेत दिए।

थानपति गाविस-९ का वडाध्यक्ष ५० वर्षीय हरिलाल पन्तको घरमा ०५८ पुस ८ गते माओवादीहरुले खुकुरी देखाई धम्की दिएर पसलको ताला मागी नगद र मालसामानहरू लुटेर लगे।

जुहाङ गाविस-५ खैरेनीका ४२ वर्षीय यादवप्रसाद भण्डारीलाई चन्दा नदिएको आरोपमा ०५८ पुस ९ गते माओवादीहरुले मोसो दली बजार परिक्रमा गराउनुका साथै पचास हजार रूपैयाँ चन्दा नदिएमा थप कारवाही गर्ने धम्की दिए।

सिर्सेनी गाविस-८ का ३५ वर्षीय चिरेन्द्र सेन ओलीलाई ०५८ पुस ९ गते माओवादीहरुले कुटपिट गरे।

रुरू गाविस-३ स्थित इलाका प्रहरी कार्यालयमा ०५८ साउन ९ गते, शान्तिपुर इलाका प्रहरी कार्यालय र वस्तु प्रहरी चौकीमा ०५८ साउन २८ गते र पुर्कोटदह इलाका प्रहरी कार्यालयमा ०५८ मंसिरमा माओवादीहरुले आक्रमण गरी क्षतिग्रस्त बनाए।

दिगाम गाविस-६ अँगाहाका ४५ वर्षीय नीरप्रसाद श्रेष्ठको पसलबाट ०५८ पुस १० गते माओवादीहरुले सम्पूर्ण सामान लुटेर लगे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तम्घासस्थित रेसुङ्गा बहुमुखी क्याम्पसमा अध्ययनरत हरिप्रसाद पोखरेल, गणेश श्रीपाली, नरेश भण्डारी, चन्द्र खनाल, चन्द्र सुनार, हर्कमान थापा, यदुमणि पोखरेल, कृष्ण थापा, कुलचन्द्र पाण्डे र नारायण खरेललाई ०५७ माघ १७ गते शैक्षिक व्यापारीकरणको विरोधमा शिक्षण संस्थाहरूमा कालो झण्डा गाड्दै हिँडेको अवस्थामा प्रहरीले तम्घासस्थित रिडर्स स्कूलको गेटबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५४ वटा मुद्दा छन्। यस वर्ष दुनियावादी देवानी,

दुनियावादी फौजदारी र सरकारवादी फौजदारी गरी २ सय ५१ वटा मुद्दा दर्ता भए। अदालतमा तीन वर्ष नाघेका दुनियावादी १, दुई वर्ष नाघेका दुनियावादी देवानी ७, दुनियावादी फौजदारी १, सरकारवादी फौजदारी १, एक वर्ष नाघेका दुनियावादी देवानी ७९, दुनियावादी फौजदारी २४, सरकारवादी फौजदारी १०, छ महिना नाघेका दुनियावादी देवानी ५२, दुनियावादी फौजदारी ३५ र सरकारवादी फौजदारी ५ गरी कूल २ सय १५ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ४ वटा सार्वजनिक अपराधका मुद्दा दर्ता भएकोमा एउटा मात्र फर्स्योट भयो। त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा ४७ वटा मुद्दा दर्ता भएकोमा १३ वटा फर्स्यौट भए।

महिला अधिकार

जुमुङ गाविस-७ की ३४ वर्षीय सुमित्रा वि.क.सँग ०५७ चैतमा सोही ठाउँका ५५ वर्षीय केशरवहादुर सारू मगरले यौन सम्पर्क गरे। सो कुरा थाहा पाएपछि सुमित्राका देवर-जेठाजुहरूले उनलाई केशरबहादुरको घरमा भित्र्याइदिए। सुमित्रा १२ दिनसम्म घरमा बसिन् भने हाल माइतीमा बसेर केशरबहादुरका विरूद्ध जिल्ला अदालतमा अंश मुद्दा दिएकी छिन्।

वाग्लुङ जिल्ला रिघा गाविस घर भई अर्लाङकोट गाविस-६ स्थित न्यू साइन स्टार इङ्लिस बोर्डिङ स्कूलमा अध्ययनरत १० वर्षीय एक बालिकालाई ०५७ चैत ३१ गते सोही विद्यालयका शिक्षक २२ वर्षीय पिताम्बर खरेलले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नयाँगाउँ गाविस-४ की ३२ वर्षीय एक महिलालाई ०५८ असोज २२ गते सोही ठाउँका १८ वर्षीय लोकेन्द्र हमालले बलात्कार गर्ने प्रयास गरे। पीडितको प्रतिवादका कारण पीडक असफल भए। पीडितले उजुरी गरिनन्।

तम्घास गाविस-३ की १६ वर्षीय रक्षा वि.क.लाई विवाह भएको ४ दिनपछि ०५७ फागुन १३ गते आफ्नै पति १८ वर्षीय सोनु वि.क.ले घरमा बसे ज्यानमार्ने धम्की दिई निकाले। पीडित हाल माइतीमै बसेकी छिन् र अंश मुद्दा दिएकी छिन्।

तुराङ गाविस-३ की २१ वर्षीय तुल्सी बस्नेतलाई उनकै पति २८ वर्षीय मनबहादुर बस्नेत र सासु-ससुराले घरमा बस्न नदिएका कारण ०५८ जेठ १५ गते जिल्ला अदालतमा माना चामल भराई पाउँ भनी मुद्दा दिएकी छिन्।

बालअधिकार

थानपति गाविस-९ की ३७ वर्षीय गिना रानाले ०५८ भदौ १२ गते आफ्ना ११ र ८ वर्षीय दुई छोरी तथा ४ र २ वर्षीय दुई छोरालाई राति घरमा थुनेर हिँडिन् र सोही ठाउँका चोकबहादुर नेपालीसँग दोश्रो विवाह गरिन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

ग्वादी गाविस-९ का २१ वर्षीय शेरबहादुर रेगामी मगर र उनकै घरमा काम गरी वस्ने १८ वर्षीय शान्ती परियारबीच प्रेम भई यौन सम्पर्क हुँदा ०५७ फागुन १ गते छोरा जन्मियो। छोरा जन्मिएपछि दुवैले विवाह गर्ने टुङ्गो गरेकोमा शेरबहादुरको परिवारले शान्ती अछूत जातको भएको कारण देखाई विवाह गर्न दिएनन्। शान्तीले ०५७ चैत १२ गते पति कायम गरी अंश पाउँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरिन्।

यस्तै प्रवृत्तिका २ वटा अन्य मुद्दा जिल्ला अदालतमा विचाराधीन छन्।

धुर्कोट रजस्थल गाविस-४ स्थित खड्गछत्रको कोटमा ०५८ कार्तिक ७ गते दशैंको फुलपातिका दिनदेखि कोट संचालक समितिले तालावन्दी गरेकाले त्यस क्षेत्रका जनताले यस वर्ष दशैंमा वलि चढाउन पाएनन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्लामा माओवादीहरूले आ-आफ्नो पार्टी र संघ-संगठनका कार्यकर्ताहरूमाथि गरेको कुटपिट र हमलाको भर्त्सना गर्दै यस वर्ष नेपाली काँग्रेस, नेकपा (एमाले), शिक्षक संघ, शिक्षक संगठन र गुल्मीका सांसदहरूले पटक-पटक प्रेस विज्ञप्ति जारी गरे।

माओवादीहरूले गरेको कुटपिट, आतंक, लुटपाट र आगजनीको विरोध गर्दै ०५८ पुस २० गते बसेको सर्वदलीय वैठकद्वारा एक संयुक्त प्रेस विज्ञप्ति जारी गरियो।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका ४ वटा घटनामा १ महिला र ४ पुरूष पीडित भएको सार्वजनिक जानकारीमा आयो। १३ महिला र ९ पुरुषले आत्महत्या गरे। आगलागीका ५ वटा घटनामा ११ पुरूष, ९ महिला र ६ बालबालिका पीडित भए। सडक दुर्घटनामा परी १२ पुरूष र ३ महिलाको मृत्यु भयो भने २१ पुरूष र ८ महिला घाइते भए। गोबरग्याँसको ट्यांकीमा डुबेर एक बालकको मृत्यु भयो। डकैतीको एउटा घटनामा १० जना पुरूष पीडित भए। ४ वटा बेवारिसे लास फेला परे।

३.१३ वाग्लुङ

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

तारा गाविस-२ सोमका ९ वर्षीय ओमबहादुर थापा ०५७ चैत ३ गते माओवादीहरूले राखेको तुलमुनि भेट्टिएको बम समान्दा विस्फोट भई घाइते भए। पीडितको उपचार ललितपुरमा भयो। बम विस्फोटका कारण पीडितको बायाँ हातको हत्केला नै चुँडिएको थियो।

छ वाम समूहद्वारा ०५८ जेठ १४ गते आयोजित विरोध कार्यक्रममा प्रहरीले हवाई फायर र अश्रुग्याँस प्रहार गरे। त्यसक्रममा वाग्लुङ नपा-२ बसपार्कका १७ वर्षीय महेन्द्र श्रेष्ठ होटलको काउण्टरमा बसेको अवस्थामा प्रहरीको गोलीद्वारा घाइते भए।

मनाङ जिल्ला धारापानी गाविस-४ घर भई हरिचौरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २६ वर्षीय तेजबहादुर गुरूङलाई ०५८ असार २७ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी गोली हानी हत्या गरे।



जनसंख्या	: ३१८५९४
साक्षरता प्रतिशत	: ४३.४
महिला साक्षरता प्रतिशत	: २७.५
क्षेत्रफल (वर्ग कि.मी.)	: १८७५
गाविस/नपा संख्या	: ५९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४७५
क्याम्पस/उच्च मावि	: १/९
अस्पताल/स्वास्थ्य चौकी	: २/६६
टेलिफोन लाइन	: ३९०
मोटर सडक (कि.मी.)	: १०७
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ६२

तारा गाविस-५ का ४८ वर्षीय नरबहादुर खत्री, ४४ वर्षीय लालबहादुर घर्ती र सोही गाविस-१ का ६२ वर्षीय शेरबहादुर क्षेत्रीलाई ०५८ पुस ११ गते राति माओवादीहरूले गोली हानी हत्या गरे। साथै सोही ठाउँका ३७ वर्षीय श्यामबहादुर खत्री, ३१ वर्षीय छली खत्री र सोही गाविस-१ का मेघबहादुर घर्तीलाई गोली हानी घाइते बनाए भने सोही गाविस-५ का कुलबहादुर खत्री र नन्दकली खत्री तथा सोही गाविस-१ का हरिबहादुर घर्तीलाई कुटपिट गरे। पीडकहरूले श्यामबहादुरको घरमा आगोसमेत लगाइदिए।

तारा गाविस-२ पलिमका २३ वर्षीय मोहदत्त सापकोटालाई ०५८ पुस १३ गते राति माओवादीहरूले गोली हानी हत्या गरे भने पीडितकी आमा र दाजुलाई कुटपिट गरे। पीडितको दाहसंस्कार ५ दिनपछि गरियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणबाट भएका घटनामा ७ जना पुरूष र १ जना महिलाको हत्या भयो।

जेल र बन्दीहरु

"घ" श्रेणीको वाग्लुङ जेलको वन्दी क्षमता १८ पुरूष र ७ महिला गरी २५ जना हो। यस वर्षको अन्त्यमा यस जेलमा ३५ पुरूष र ७ महिला गरी ४२ जना बन्दी छन्। यसबाहेक एक जना आश्रित नाबालिका छन्। बन्दीहरूमध्ये कैद तोकिएका १५ पुरूष र ३ महिला तथा कैद नतोकिएका २० पुरूष र ४ महिला छन्। तीमध्ये १७ पुरूष र ४ महिला नजरबन्दमा राखिएका छन्। बन्दीहरू व्यक्तिगत रूपमा नाम्लो, स्वेटर आदि बुन्ने कार्यमा संलग्न छन्।

गिरफ्तारी र यातना

वाग्लुङ नपा-११ का १४ वर्षीय दिपक शर्मा, सोही नपा-२ का १६ वर्षीय मनकाजी खड्कथोक, पाला गाविस-५ का १७ वर्षीय धनबहादुर थापा र सिगान गाविस-६ का गोविन्द थापालाई माओवादीको आरोपमा ०५७ चैत २२ गते राति पाला गाविस-२ खहरेबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई धरौटी लिई ०५८ साउन १२ गते तारेखमा रिहा गरियो।

वाग्लुङ नपा-८ की १८ वर्षीय सुशीला नेपालीलाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते वाग्लुङ बजारबाट प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

वाग्लुङ नपा-१ रामरेखाका १७ वर्षीय विदुर शर्मालाई माओवादीको आरोपमा ०५८ मंसिर १५ गते प्रहरीले गिरफ्तार गरी केही समय नजरबन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

वाग्लुङ नपा-८ खाडाकी २२ वर्षीय कमला कार्कीलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी केही समय नजरबन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

वाग्लुङ नपा-५ का २६ वर्षीय शेखर रेग्मीलाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते सिम्लेस्थित सरस्वती प्राविबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २३ गते तारेखमा रिहा गरियो।

वाग्लुङ नपा-५ का २३ वर्षीय सन्तोष केसीलाई माओवादीको आशंकामा आरोपमा ०५८ मंसिर १७ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी आखाँमा पट्टी बाँधेर यातना दिए। पीडितलाई मंसिर २३ गते तारेखमा रिहा गरियो।

वाग्लुङ नपा-५ तातोपानीका ५२ वर्षीय नन्दे किसानलाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर १९ गते रिहा गरियो।

वाग्लुङ नपा-५ भुग्नेहाका २० वर्षीय अमृत पन्तलाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई मंसिर ३० गते तारेखमा रिहा गरियो।

तारा गाविस-१ की भीमकुमारी गौचन, सोही गाविस-२ का होमबहादुर पुन, टोपबहादुर घर्ती, हरिबहादुर पुन, रिमबहादुर

श्रीस, कर्णबहादुर रोका, कविरप्रसाद घर्ती, लालवीर रोका र तुलबहादुर रोका, सोही गाविस-७ का वजिन्द्र घर्ती, सोही गाविस-८ की डिलकुमारी कँडेल, अर्गल गाविस-५ का अर्गल निमाविका प्रधानाध्यापक मनवहादुर थापा, हस्तबहादुर थापा र सोही गाविस-७ का कववहादुर घर्तीलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ देखि २६ गतेसम्म कर्डन एण्ड सर्च अपरेशनका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल डिलकुमारी, कर्णबहादुर, टोपवहादुर, हरिवहादुर र कवबहादुरलाई रिहा गरिएको छ।

वाग्लुङ नपा-३ का विद्यामन्दिर माविका शिक्षक ईश्वर बज्राचार्यलाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते प्रहरीले गिरफ्तार गरेकोमा मंसिर २३ गते तारेखमा रिहा गरियो।

तारा गाविस-८ का माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारका उपप्रमुख रत्नलाल कँडेल र सदस्य यामलाल कँडेललाई ०५८ मंसिर २० गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई २६ दिनसम्म हिरासतमा राखी यामलाललाई तारेखमा रिहा गरियो भने रत्नलाललाई नजरबन्दमा राखियो।

वाग्लुङ नपा-८ का अधिवक्ता ३१ वर्षीय गोपालप्रसाद सापकोटालाई माओवादीको आशंकामा ०५८ मंसिर २६ गते सोही नपा-३ बैंकरोडबाट प्रहरीले गिरफ्तार गरेकोमा पुस ६ गते दैनिक हाजिरीमा रिहा गरियो।

वाग्लुङ नपा-११ का मुहम्मद अजिजलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ मंसिर २७ गते प्रहरीले गिरफ्तार गरी पुस ६ गते तारेखमा रिहा गरे।

वाग्लुङ नपा-११ पाखाथरका कुमारविक्रम क्षेत्रीलाई ०५८ मंसिर २२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरी यातना दिए। हाल नजरबन्दमा राखिएको छ। यातनाका कारण आफ्नो २ वटा करङ चर्केको, शरीर शिथिल बनेको र खुट्टा कमजोर भएको पीडितले बताए।

पाला गाविस-५ करिनाका बलवहादुर थापा, हरिबहादुर राना र मनबहादुर थापालाई माओवादीको आशंकामा ०५८ मंसिर २८ गते सुरक्षाकर्मील गिरफ्तार गरी पुस ९ गतेदेखि नजरबन्दमा राखियो।

वाग्लुङ नपा-५ सिम्लेसेराका वाग्लुङ साप्ताहिकका सम्पादक वद्रीप्रसाद शर्मालाई माओवादीको आरोपमा ०५८ पुस १० गते राति सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

गोरखा जिल्ला घर भई अमलाचौर गाविस-६ स्थित पृथ्वी उच्च माविमा शिक्षक रहेका शान्तमणि ढकाललाई माओवादीको आशंकामा ०५८ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ।

मालिका गाविस-७ का बद्रि केसीलाई ०५८ पुस १६ गते आत्मसमर्पण गर्न जिल्ला प्रशासन कार्यालयमा गएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ। सोधपुछको क्रममा अन्य २ जनालाई गिरफ्तार गरिएको र २ थान वन्दुक वरामद भएको सिडिओले बताए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मालिकास्थित मालिका माविमा अध्ययनरत १४ वर्षीय दिपक कुवँर, १३ वर्षीय खिमबहादुर कुवँरलगायत्का विद्यार्थीहरूलाई अनेरास्ववियु (क्रान्तिकारी) को विरोध गरेको आरोपमा ०५७ माघ ८ गते कक्षा कोठामा पढिरहेको अवस्थामा वाग्लुङ नपा-८ का शंकर केसीको नेतृत्वमा गएका सो संगठनका कार्यकर्ताहरूले कुटपिट गरे।

वाग्लुङ नपा-११ का हरिप्रसाद शेरचनको मिलमा ०५७ चैत २२ गते अज्ञात व्यक्तिहरूले बम विस्फोट गराए।

तारा गाविस-६ का ४८ वर्षीय लालवीर रोकालाई माओवादीको विरोध गरेको आरोपमा ०५८ मंसिर २९ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई घरमा विस्फोट गराउनुका साथै पीडितकी पत्नी लालीमाया रोका र छोरीहरू मेनुका रोका र पम्फा रोकालाई कुटपिट गरे। पीडित लालवीर ज्यानमार्ने धम्कीका कारण घर छोड्न वाध्य भए। हाल वाग्लुङ वजारमा वसेका छन्।

तारा गाविस-६ की ३५ वर्षीय बालकुमारी सुवेदीलाई माओवादीको विरोध गरेको आरोपमा ०५८ पुस २ गते राति माओवादीहरूले कुटपिट गर्नुका साथै कपडाको पसल लुटेर ५ लाख रूपैयाँ

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	७	१	८				
गोलीद्वारा हत्या	३	५		५				
गोलीद्वारा घाइते	१	४	२	६	१	१		१
बम प्रहारबाट घाइते	१	१		१				
गिरफ्तारी र यातना					१८	३३	४	३७
लाठी चार्ज					४	२०		२०
कुटपिट	७	७	५	१२				
धम्की	१	१		१				
भेला र संगठित हुने अधिकार	१							
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
जम्मा	२४	२५	१०	३५	२३	५४	४	५८

बराबरको क्षति पुऱ्याए। पीडकहरूले पीडितका पनि ४० वर्षीय हरिलाल सुवेदीलाई भेट्टाएमा ज्यानमार्ने धम्कीसमेत दिए। पुस १२ गते पीडितको घरमा रहेको सोलारसमेत पीडकहरूले लुटेर लगे। हरिलाल ज्यानमार्ने धम्कीका कारण घर छोड्न बाध्य भए। हाल बाग्लुङ बजारमा बसेका छन्।

तारा गाविस-५ का वडाध्यक्ष ४१ वर्षीय यामबहादुर खत्रीलाई ०५८ पुस ११ गते राति माओवादीहरूले घर घेरा हाली कुटपिट गरी बायाँ खुट्टा भाँचिदिनुका साथै माओवादीको सुराकी गरेमा ज्यानमार्ने धम्की दिए। पीडितको उपचार काठमाण्डौंमा भयो। सोही ठाउँका ३४ वर्षीय पूर्णभद्र न्यूरेलाई यामबहादुरको पक्षमा बोलेको आरोपमा सोही दिन बेलुका माओवादीहरूले कुटपिट गरी दायाँ हात भाँचिदिए। पीडितको उपचार हरिचौर उपस्वास्थ्य चौकीमा गरियो।

अमलाचौर गाविस-४ का सोही गाविस-६ स्थित पृथ्वी उच्च माविका प्रधानाध्यापक ईश्वरी ढकाल र सोही गाविस-२ का सोही विद्यालयका शिक्षक पदम पौडेललाई ०५८ पुस १५ गते सुरक्षाकर्मीले कुटपिट गरे। साथै सोही विद्यालयमा ६ कक्षा देखि १० कक्षासम्मका अधिकांश विद्यार्थीहरूलाई कुइना र घुँडा टेक्न लगाई ३ पटकसम्म विद्यालयको चौरमा दौड्न बाध्य पारे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मतदाता परिचय पत्रको लागि फोटो खिच्ने टोली फागुन ५ गते रेश गाविस-२ निडरिङ्ग केन्द्रमा फोटो खिच्दै गरेको अवस्थामा माओवादीहरूले घेरा हाली क्यामरा र कागजपत्र लुटेर लगे।

छ वाम समूहको आयोजनामा ०५८ जेठ १३ गते बेलुका निकालिएको मशाल जुलुसमाथि प्रहरीले लाठीचार्ज र अश्रुग्याँस प्रहार गरे। सो घटनामा अनेरास्ववियुका केन्द्रीय सदस्य हिरा के.सी., बाग्लुङ नपा-५ का पिङ्गलराज गौतम, जिविस सदस्यहरू कृष्ण पाठक, काजीगाउँले श्रेष्ठसमेत १० जना घाइते भए।

छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १४ गते जिल्ला अदालतको गेट प्रदर्शनकारीहरूले जबर्जस्ती बन्द गर्न खोज्दा प्रहरीले हवाई फायर र अश्रुग्याँस प्रहार गरे।

छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १५ गते निकालिएको जुलुसले जिल्ला प्रशासन कार्यालय बन्द गर्न गर्न खोज्दा प्रहरीसँग भीडन्त भयो। भीडन्तमा प्रदर्शनकारीतर्फ बाग्लुङ नपाका प्रमुख ऋषिराम शर्मा, जिविस सभापति लिलबहादुर थापा, जिविस सदस्य कृष्ण पाठक, नेकपा (एमाले) जिल्ला कमिटीका सचिव रामजीप्रसाद शर्मा, सोही पार्टीका जिल्ला सदस्यहरू रामहरि भुसाल, विष्णु भुसाल, बाग्लुङ क्याम्पसका स्ववियु कोषाध्यक्ष गोविन्द नेपालीसमेत करिब २० जना तथा प्रहरीतर्फ गोविन्द भट्टराईसमेत ३ जना घाइते भए।

नेकपा (एमाले) जिल्ला सचिव रामजीप्रसाद शर्मा, जिल्ला सदस्य रामहरि भुसाल, जिविस सभापति लिलबहादुर थापा र इन्सेक जिल्ला प्रतिनिधि गोविन्द गौतमलाई ०५८ जेठ १५ गते छ वाम समूहद्वारा आयोजित आम हडतालमा सहभागी भएको तथा पर्यवेक्षण गरिरहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय अगाडि प्रहरीले लाठीचार्ज तथा गिरफ्तार गरे। एक घण्टापछि आयोजकहरूले तोडफोड नगर्ने र प्रहरीले लाठीचार्ज तथा गिरफ्तार नगर्ने मौखिक सम्झौता भई पीडितहरूलाई रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म १ सय ५८ वटा मुद्दा रहे। देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३७ मध्ये ८६ वटा फर्स्यौट भई ५१ वटा बाँकी रहे भने यस वर्ष दर्ता भएका ५७ मध्ये १८ फर्स्यौट भई ३९ वटा बाँकी रहे। यसरी ९० वटा मुद्दा बाँकी रहन पुगे। अदालतमा २ वर्ष नाघेका ५ वटा मुद्दा छन्। जसमध्ये ज्यानमार्ने उद्योग १, जीउ मास्ने बेच्ने अपराध १, गाली बेइज्जती १ गरी ३ वटा फौजदारी तथा लेनदेन १ र अंश मुद्दा १ गरी २ वटा देवानी मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा ११ वटा मुद्दा दर्ता भए। जसमा सार्वजनिक अपराध ९, हातहतियार १ र गौवध १ थिए। यस वर्ष एउटा सार्वजनिक अपराधसम्बन्धी मुद्दा फर्स्यौट भयो। गत वर्षको जिम्मेवारी सरेर आएका१८ वटामध्ये यस वर्ष ११ वटा फर्स्यौट भई ७ बाँकी रहे। यसरी यस वर्ष कूल १७ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला वन कार्यालयमा २ वटा वन मुद्दा छन्। कार्यालयमा प्रमुख नभएका कारण ती मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

महिला अधिकार

अर्जेवा गाविस-९ की १४ वर्षीय एक बालिकालाई ०५८ वैशाख २ गते सोही ठाउँका ४१ वर्षीय थानबहादुर थापाले सोही गाविस-७ र ८ को सीमानामा पर्ने खोल्सोमा बलात्कार गर्ने प्रयास गरे। पीडकलाई थुनामा राखिएकोमा अदालतको आदेशमा २२ हजार ५ सय रूपैयाँ धरौटीमा तारेखमा रिहा गरियो।

यस वर्ष यो जिल्लामा बहुविवाहका ६ वटा घटना सार्वजनिक जानकारीमा आए जसमध्ये १ जना पीडित महिलाले मात्र मुद्दा दिइन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मालिका माविमा अध्ययनरत अनेरास्ववियु समर्थित दिपक कुवँरलगायतका विद्यार्थीहरूलाई ०५७ माघ ८ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कक्षा कोठामा पसी कुटपिट गरेकोप्रति विरोध जनाउँदै ०५७ माघ १५ गते

अनेरास्ववियुले एक विज्ञप्ति जारी गऱ्यो।

छ वाम समूहद्वारा आयोजित आम हडतालको क्रममा आन्दोलनकारीहरूमाथि प्रहरीद्वारा लाठीचार्ज, गिरफ्तारी, अश्रुग्याँस तथा गोली प्रहार गरिएको घटनाप्रति ०५८ जेठ १५ र १६ गते नेकपा (एमाले) र राष्ट्रिय जनमोर्चाले संयुक्त प्रेस विज्ञप्ति जारी गरी घाइतेहरूको उपचारको व्यवस्था गर्न तथा दोषीहरूमाथी कारवाही गर्न माग गरे। सोही घटनालाई लिएर कार्यालय प्रमुखहरूले नगर प्रमुख र जिविस सभापतिलाई एक महिना सार्वजनिक वहिष्कार गर्ने निर्णय गरे।

तारा गाविसका जनताले ०५८ मंसिर २७ गते दुर्गा भवानी निमाविको प्राङ्गणमा "माओवादी चाहिँदैन, जनता लुट्न पाइँदैन" भन्ने नाराका साथ माओवादी बाहेकका सबै पार्टीहरूको सहभागितामा विरोध कार्यक्रम गरे। त्यसपछि माओवादीहरूले हत्या, लुटपाट, धम्की, ज्यानमार्ने धम्की तथा कुटपिट गरेका कारण कार्यक्रममा सहभागी भएकाहरू गाउँ छोडेर सदरमुकाममा बस्न बाध्य भए। पीडितहरूलाई राहत उपलब्ध गराउन सहयोग समितिको गठन गरी ५९ हजार रूपैयाँ संकलन गरेर प्रत्येकलाई १/१ हजार रूपैयाँ प्रदान गरियो।

वाग्लुङ नपा-५ सिम्लेसेराका वाग्लुङ साप्ताहिकका सम्पादक बद्रीप्रसाद शर्मालाई ०५८ पुस १० गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएको विरोधमा पुस १६ गते नेपाल पत्रकार महासंघ, धवलागिरीले एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा ८ पुरूष र ७ महिलाले आत्महत्या गरे। भीरबाट लडेर ४ पुरूष, खोलाले बगाएर २ पुरूष र २ महिला, पानीमा डुबेर १ पुरूषको मृत्यु भयो। सडक दुर्घटनाका २ वटा घटनामा ५ जना पुरूषको मृत्यु भयो भने १८ पुरूष र ७ महिला घाइते भए। चोरीका ६ वटा घटना भए। आगलागीका ८ वटा घटना जानकारीमा आए।

३.१४ पर्वत

जनसंख्या	: १७४३५७
साक्षरता प्रतिशत	: ६०
महिला साक्षरता प्रतिशत	: ५०
क्षेत्रफल (वर्ग कि.मी.)	: ५३६.८६
गाविस/नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२१
क्याम्पस/उच्च मावि	: ३/९
अस्पताल/स्वास्थ्य चौकी	: २/५३
टेलिफोन लाइन	: ३३३
मोटर सडक (कि.मी.)	: १७४
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ५६

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

शिवालय गाविस-४ की ३८ वर्षीय दिलकुमारी पौडेललाई ०५८ जेठ ७ गते बाटोमा हिँडिरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरूष र १ जना महिलाको हत्या भयो भने एक जना गोलीद्वारा घाइते भए। जसमध्ये–

धाइरिङ गाविस-४ की १९ वर्षीय जमुना रेग्मीलाई दाइजो कम ल्याएको आरोपमा ०५७ माघ २४ गते आफ्नै परिवारका सदस्यहरूले हत्या गरे। पीडितका दाजु महानन्द पौडेलले दिएको जाहेरीअनुसार पति शेषकान्त रेग्मी, सासु योगमाया रेग्मी, देवर थगराज रेग्मी र वुढी सासु कलावती सुवेदीलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशवमोजिम शेषकान्त र योगमायावाहेक अन्यलाई रिहा गरियो। मुद्दा फैसला हुँदा योगमायालाई दोषी ठहऱ्याई शेषकान्तलाई रिहा गरियो।

शंकरपोखरी गाविस-२ की २२ वर्षीय सावित्री भुसाललाई दाइजो कम ल्याएको आरोपमा ०५७ चैत ३० गते आफ्नै पति वीरेन्द्र भुसाल, सासु टिका भुसाल र देवर ज्ञानेन्द्र भुसालले हत्या गरी काली गण्डकी नदीमा फ्याँकिदिए। पोष्टमार्टम रिपोर्टअनुसार पीडितको शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको पर्वत जेलको बन्दी क्षमता २५ जनाको हो। यस वर्ष पनि यो जेलको भौतिक सुधारको काम भएन। जेलमा कैद तोकिएका १२ र कैद नतोकिएका ३ जना बन्दी रहेका छन्। यसवाहेक संकटकालीन अवस्थामा १६ जनालाई नजरवन्दमा राखिएको छ। जेलमा खानेपानी, चर्पीको व्यवस्था छ। बन्दीहरूलाई खेलकुद र मनोरञ्जनका सामान उपलब्ध गराइएको छ। बन्दीहरूबीच सामूहिक बचत कार्यक्रम संचालन भएको छ।

गिरफ्तारी र यातना

शिवालय गाविस-५ का व्यापारी ३८ वर्षीय दामोदर रेग्मीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १२ गते घरवाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरे।

आचार्य, २५ वर्षीय सेनु भन्ने मुनिराम रिजाल, २५ वर्षीय शिव आचार्य र २१ वर्षीय बमबहादुर क्षेत्रीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस ८ गते तारेखमा रिहा गरे।

देउपुर गाविसका राजेन्द्र शर्मालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी पुस १० गते तारेखमा रिहा गरे।

खुर्कोट गाविस-५ का हिमालय माविका शिक्षक ३० वर्षीय महेश्वर शर्मालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १२ गतेदेखि नजरबन्दमा राखे। पीडितलाई पुस २३ गते तारेखमा रिहा गरियो।

कटुवा चौतारी गाविस-२ का २६ वर्षीय हरिचन्द्र अधिकारीलाई ०५८ पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस २० गते तारेखमा रिहा गरे।

मुडीकुवाका २० वर्षीय संकल्प क्षेत्रीलाई आत्मसमर्पण गरी बसेको अवस्थामा माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १० गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पुस १५ गते तारेखमा रिहा गरियो।

पाङ गाविस-५ का ४१ वर्षीय हुतराज शर्मालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ११ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १७ गते तारेखमा रिहा गरे।

पाङ गाविस-४ का बलबहादुर अर्याललाई ०५८ पुस ११ गते तारेख खेप्न आएको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १७ गते तारेखमा रिहा गरे।

ठानामौला गाविस-६ का २० वर्षीय होमबहादुर कुवँरलाई ०५८ पुस १२ गते भारततर्फ जान लागेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्ता पछि तारेखमा रिहा गरे।

कटुवा चौपारी गाविस-२ का ३६ वर्षीय रुद्र सुवेदी र झापा जिल्ला शान्तिनगर घर भई ट्रकमा सहयोगीको रूपमा कार्यरत १८ वर्षीय खेम अधिकारीलाई माओवादीको आरोपमा ०५८ पुस १२ गते शिवालय गाविस-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट तारेखमा रिहा गरे।

फलेवास खानीगाउँ गाविस-१, २, ६ र ७ तथा देविस्थान गाविस-१ का २१ वर्षीय गजबहादुर वि.क., २२ वर्षीय गजबहादुर सुनार, २२ वर्षीय जमुना नेपाली १९ वर्षीय कमल सापकोटा, ३३ वर्षीय तोयनाथ पौडेल, २० वर्षीय प्रदिप श्रेष्ठ, किशोर रेग्मी र २४ वर्षीय किरण कुमाललाई माओवादीको आरोपमा ०५८ पुस १३ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये जमुनालाई पुस १५ गते तथा किशोर, गजबहादुर वि.क. र गजबहादुर सुनारलाई पुस १७ गते तारेखमा रिहा गरियो भने अन्यलाई नजरबन्दमा राखिएको छ।

पकुवा गाविस-७ का रेञ्जर २९ वर्षीय विष्णुप्रसाद अधिकारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १६ गते रिहा गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

जिविसद्वारा सञ्चालित सहभागितामूलक जिल्ला विकास कार्यक्रमका सामाजिक परिचालक चुडामणि पौडेललाई कार्यक्रमको रकम आफ्नो मातहतमा राखी माओवादीहरूले लुटेर लगे भनेको आरोपमा ०५८ वैशाख ८ गते लिमीठानाबाट माओवादीहरूले अपहरण गरे। उक्त रकम आफ्नो दाजु रूद्रप्रसाद शर्मालाई दिएको बताएपछि माओवादीहरूले वैशाख १० गते रूद्रप्रसादलाई पनि अपहरण गरे। दुवैजनालाई वैशाख १३ गते खुल्ला आमसभा गरी उक्त रकम बुझिलिएर अब आइन्दा यस्तो झुठो नबोल्ने चेतावनी दिई माओवादीहरूले मुक्त गरे।

कुर्घा गाविस-५ का ६१ वर्षीय टिकाराम पाध्येलाई ०५८ असोज २३ गते माओवादीहरूले अपहरण गरी कार्तिक २ गते मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कटुवा चौपारी गाविसका विभिन्न व्यक्तिका घरबाट ०५७ माघ २४ गते माओवादीहरूले करिब सय मुरी धान लुटेर लगे।

लंखु गाविसमा रहेको प्रहरी चौकीमा ०५८ जेठ ४ गते माओवादीहरूले आक्रमण गरे। केही बेर दोहोरो भीडन्त भयो। त्यहाँ कार्यरत प्रहरीलाई आत्मसमर्पण गर्न लगाई हतियार कब्जा गरे। प्रहरीहरूलाई रूखमा बाँधी चौकी भवनमा बम प्रहार गरी ध्वस्त पारे। सो घटनामा २ जना प्रहरी घाइते भए।

वेउलीबास गाविस-९ का ४७ वर्षीय ४७ वर्षीय गोपीचन्द्र काफ्लेलाई ०५८ मंसिर १४ गते माओवादीद्वारा गठित जनसरकारका प्रतिनिधि लोकनाथ बस्यालले तमसुक बनाई जग्गा पास नगरिदिएमा ज्यानमार्ने धम्की दिए।

अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले जिल्लामा संचालित नीजि विद्यालयहरू बन्द नगरे आक्रमण गर्ने धम्की दिए।

तिलाहार गाविसस्थित चण्डिका महिला समूहका महिलाहरूले प्रतिव्यक्ति २० रूपैयाँका दरले जम्मा गरेको २ वर्षको रकम ०५८ असार २६ गते माओवादीहरूले लुटेर लगे।

चित्रे गाविस-५ का सोही गाविसका अध्यक्ष ७८ वर्षीय धनबहादुर गुरुङलाई एक लाख रूपैयाँ चन्दा नदिए माओवादीहरूले ०५८ असोज १७ गते ज्यानमार्ने धम्की दिए। माओवादीहरूले पीडितको घरबाट १ मुरी धान, २ मुरी कोदो, भाँडा र कपडा लुटेर लगे।

वेउलीवास गाविस-२ का ४८ वर्षीय दुर्गाप्रसाद काफ्लेको घरमा ०५८ मंसिर १४ गते माओवादीहरू आई १ सय मुरी भन्दा बढी धान लुटेर लगे। दुर्गाप्रसादलाई कसैले सहयोग गरेमा माओवादीहरूले ज्यान मार्ने धम्की समेत दिए।

मौलिक अधिकार

धार्मिक स्वतन्त्रता

शालिजा गाविसस्थित देवीको मन्दिरमा ०५८ कार्तिक ८ गते पुजाको विषयमा भएको विवादले उग्ररूप लिँदा सोही ठाउँका ३५ वर्षीय बमबहादुर वि.क.को कुटपिटका कारण मृत्यु भयो।

ठूलीपोखरी गाविस-३ बाटुलेचौरस्थित बालिका भगवती र शिवजीको मन्दिर तथा पकुवा गाविस स्थित देवीको मन्दिरमा ०५८ कार्तिक ८ गते दलितहरूले विभिन्न नारासहित जुलुस प्रदर्शन गरी प्रवेश गरे। दलितहरूले मन्दिरमा पुजा गरी फर्किएपछि पुजारीलगायत् स्थानीय व्यक्तिहरूले मन्दिर अनिश्चित कालका लागि बन्द गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियावादी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ८७ र यस वर्ष दर्ता भएका ३९ गरी १ सय २६ वटा रहेकोमा ४१ वटा फर्स्यौट भई ७५ वटा बाँकी रहे। दुनियावादी फौजदारी मुद्दा जिम्मेवारी सरेर आएका २७ र यस वर्ष दर्ता भएका १३ गरी ४० वटामध्ये १८ वटा फर्स्यौट भई २२ वटा बाँकी रहे। सरकारवादी मुद्दा जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका ६ वटा गरी २४ वटा मध्ये १४ वटा फर्स्यौट भई १० वटा बाँकी रहे। यस वर्ष दर्ता भएकामध्ये सवारी ज्यानसम्बन्धी २, जवर्जस्ती करणी २, चोरी १, ज्यानमार्ने उद्योग १ र कर्तव्य ज्यान ४ वटा गरी १० वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे।

मालपोत कार्यालयमा हक सफासम्वन्धी जिम्मेवारी सरेर आएको १ र यस वर्ष दर्ता भएको १ गरी २ वटामध्ये एउटा फर्स्यौट भयो। नामसारीसम्बन्धी गत वर्षको जिम्मेवारी सरेर आएका १३ र यस वर्ष दर्ता भएका ९२ गरी १ सय ५ वटामध्ये ९१ वटा फर्स्यौट भई १४ वटा वाँकी रहे। दाखिल खारेजसम्बन्धी गत वर्षका ८ र यस वर्ष दर्ता भएका ३४ गरी ४२ वटामध्ये ३५ वटा फर्स्यौट भई ७ वटा बाँकी रहे। त्यसैगरी संशोधनसम्बन्धी गत वर्षको जिम्मेवारी सरेर आएका ४ र यस वर्ष दर्ता भएका ४२ गरी ४६ वटामध्ये ३८ वटा फर्स्यौट भई ८ वटा बाँकी रहे। छुट दर्तासम्वन्धी जिम्मेवारी सरेर आएका ३ सय ७५ मध्ये २३ वटा फर्स्यौट भई ३ सय ५२ वटा बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका १० वटा र यस वर्ष दर्ता भएका ३ वटा गरी १३ वटा मुद्दामध्ये सार्वजनिक अपराध तथा हातहतियारसम्बन्धी एउटा मुद्दा फर्स्यौट भई १२ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गत वर्ष गठित सुकुम्बासी समस्या समाधान आयोगमा ७२ वटा निवेदन दर्ता भएकोमा ९ जना भूमिहीन, सुकुम्बासी तथा ७ जना अव्यवस्थित बसोबास भएका गरी १६ जनालाई जग्गा वितरण गरियो। जसमध्ये भोर्ले गाविसमा ७ जना, देविस्थान गाविसमा ६ जना, वेउलीवास गाविसमा २ जना र थापाठाना गाविसमा १ जना थिए।

यस वर्ष यो जिल्लामा २ हजार ९ सय ३६ वृद्ध, ३ हजार १ सय ७३ असहाय विधवा र ५० अपाङ्गले भत्ता प्राप्त गरे।

महिला अधिकार

नाङ्लीवाङ गाविस-४ की एक महिलालाई ०५८ असोज २२ गते आफूलाई माओवादी हौं भन्ने व्यक्तिहरूले सामूहिक बलात्कार गरे।

त्रिवेणी गाविस-१ की १३ वर्षीय एक बालिकालाई ०५८ कार्तिक ११ गते मामा घरबाट फर्कदै गरेको अवस्थामा एकान्त ठाउँ पारेर आफ्नै काका २९ वर्षीय भिमबहादुर वि.क.ले बलात्कार गरे। पीडक फरार छन्।

अतिरिक्त जानकारीहरू

यस वर्ष विपत्तिका ६ वटा घटना भए। आत्महत्याका ७ वटा घटना भए। दुर्घटनामा परी २ जनाको मृत्यु भयो भने १० जना घाइते भए। माओवादीहरूको आक्रमणबाट ५ वटा प्रहरी चौकी क्षतिग्रस्त भए। व्यक्तिगत कारणले भएका कुटपिटका ३ वटा घटना सार्वजनिक जानकारीमा आए। ठगीको एउटा घटना भयो।

३.१५ म्याग्दी

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरूषको हत्या भयो। एकजना व्यक्तिले चरालाई हानेको गोली लाग्न गई १० वर्षीय एक बालिका घाइते भइन्।



जनसंख्या	: ११५४१२
साक्षरता प्रतिशत	: ४०.२१
महिला साक्षरता प्रतिशत	: १३
क्षेत्रफल (वर्ग कि.मी.)	: २२९७
गाविस/नपा संख्या	: ४०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०६
क्याम्पस/उच्च मावि	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: ३५०
मोटर सडक (कि.मी.)	: ४२
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४०

जेल र बन्दीहरु

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको "ख" श्रेणीको जेल छ। जेलमा हाल कैद नतोकिएका २० र कैद तोकिएका १७ जना गरी कूल ३७ जना बन्दी छन्। जेलमा महिला बन्दी छैनन्। बन्दीहरूका लागि एउटा टिभी, रेडियो, क्यासेट प्लेयर, क्यारेमबोर्ड, चेस, भलिबल आदि सामाग्रीको व्यवस्था गरिएको छ। घरेलु तथा सीपमूलक तालिम दिने व्यवस्था छ। महिला बन्दी कक्षमा संकटकाल घोषणा भएपछि यस वर्षको अन्त्यसम्ममा माओवादीको आरोपमा गिरफ्तार गरिएका थप १३ जनालाई नजरबन्दमा राखिएको छ।

गिरफ्तारी र यातना

पुलाचौर गाविस-८ मिरमुनीका मिनबहादुर बानियाँलाई राज्य विरूद्धको अपराध गरेको आरोपमा ०५७ फागुन १२ गते जिल्ला अदालत परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई प्रहरी चौकीमा आगो लगाई डाँका चोरी गरेको मुद्दामा अदालतमा पेश गरेकोमा अदालतले तारेखमा रिहा गर्ने आदेश दिएको थियो। पीडितलाई पुनरावेदन अदालत बाग्लुङको आदेशमा रिहा गरियो।

बाबियाचौर गाविस-२ सिमलचौरका २२ वर्षीय सुनिता शाही र १३ वर्षीय श्रृजना खड्कालाई ०५७ फागुन २० गते आफ्नो घर नजिक अनेमसंघ (क्रान्तिकारी) को जिल्ला सम्मेलनसम्बन्धी पोष्टर टाँस्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये श्रृजनालाई चैत १० गते रिहा गरियो भने सुनितालाई ९ हजार रूपैयाँ धरौटीमा जेठ ११ गते रिहा गरियो।

अर्थुङ्गे गाविस-१ का मदन केसी, विनोद केसी, ईश्वर केसी, डेकबहादुर पुन, पिप्ले गाविस-९ का विष्णु खत्री, सोही गाविस-९ का यामु केसी, दाना गाविस-९ का मुक्ति पुन र विष्णु पुनलाई चैत २४ गतेको नेपाल बन्द कार्यक्रममा सहयोग गर्न लागेको आशंकामा ०५७ चैत २३ गते बेलुका अर्थुङ्गे गाविस-१ बेनीबजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूबाट २ वटा हाते बम, केही पर्चा र नेपाल बन्द गरौं लेखिएको तुल बरामद गरेको प्रहरीले बताए। मदन, मुक्ति र विष्णुबाहेक अन्यलाई वैशाख ९ गते तथा मदन र विष्णुलाई ६ महिनापछि रिहा गरियो भने मुक्तिलाई थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

घतान गाविस-७ तोरीपानीका २४ वर्षीय तिलकबहादुर बानियाँलाई ०५७ पुस १८ गते माओवादीहरूले मुखमा सिस्नु कोची कुटपिट गरे।

रत्नेचौर गाविसका उपाध्यक्ष ४९ वर्षीय परशुराम थापा मगरलाई सुराकी गरेको आरोपमा ०५७ माघ १५ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै उपाध्यक्ष पदबाट राजीनामा लेख्न बाध्य पारे।

रत्नेचौर गाविस-९ का ५७ वर्षीय चनबहादुर थापालाई सुराकी गरेको आरोपमा ०५७ माघ १५ गते माओवादीहरूले कुटपिट गरे। पीडितले आफू निर्दोष रहेको कुरा पटक-पटक बताए।

ताकम गाविस-२ घर भई सोही गाविस-४ मा बोर्डिङ स्कूल संचालन गरेका ३८ वर्षीय प्रेमबहादुर थापालाई ०५७ फागुन १ गते दिउँसो विद्यालयमै माओवादीहरूले कुटपिट गरे। पीडितले विद्यालय नै बन्द गरे। सोही दिन सोही ठाउँका टेकबहादुर थापालाई छोराले ठगी गरेको आरोपमा माओवादीहरूले कुटपिट गरे।

बाबियाचौर गाविस-४ का २१ वर्षीय टिकाराम सापकोटा र २८ वर्षीय शिवदेव भट्टराईलाई ०५७ फागुन १२ गते माओवादीहरूले कुटपिट गरे। पीडितमध्ये टिकारामले संकटकालीन स्थितिको घोषणा भएपछि आफू माओवादी भएको बताउँदै जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरे।

अर्मन गाविस-६ का ४० वर्षीय हरिप्रसाद आचार्यलाई ०५८ जेठ ७ गते माओवादीहरूले कुटपिट गरे। पीडकहरूले थाेत्रा जुत्ता, चप्पल, गाईभैंसीको सिङ्ग तथा हाडहरूको माला बनाई पीडितको दुवै हात पछि फर्काएर बाँधी माला लगाएर बाबियाचौर बजार घुम्न लगाउनुका साथै पीडितको छातीमा सूचना टाँसी हात भुकाउने र माला झिक्नेलाई ज्यानमार्ने व्यवहोरासहितको धम्कीपत्र टाँसिदिए।

अर्मन गाविस-६ का ४० वर्षीय गमबहादुर फगामी, ३८ वर्षीय दुर्गादेवी कँडेल र उनका पतिलाई ०५८ जेठ २७ गते माओवादीहरूले फलामको छड, बन्दुकको कुन्दा आदिले

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा घाइते	१		१	१				
गिरफ्तारी र यातना					४	१०	२	१२
लाठि चार्ज					२			
कुटपिट	९	१२	१	१३				
भेला र संगठित हुने अधिकार	१							
बलात्कार प्रयास	२		२	२				
बाल अधिकार	१	२		२				
आर्थिक अधिकार	३	६		६				
जम्मा	१८	२१	४	२५	६	१०	२	१२

हिर्काई कुटपिट गर्नुका साथै तीन दिनभित्र ५० हजार रूपैयाँ नबुझाए गमबहादुरलाई ज्यानमार्ने धम्की दिए। जसका कारण गमबहादुरले जेठ २९ गते बिहान घर नजिकैको एक रूखमा झुण्डिएर आत्महत्या गरे। पीडितले आत्महत्या गर्नुपूर्व "माओवादीहरूको गलत निर्णय स्वप्नुभन्दा मर्नु उत्तम" भनी एक पत्रसमेत लेखेका थिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रक्तिम साँस्कृतिक अभियानको मेची–महाकाली अभियानअन्तर्गत ०५७ फागुन २४ गते सिङ्गा गाविस–४ तातोपानी बजारमा साँस्कृतिक कार्यक्रम देखाउँदै गर्दा आफूहरूलाई गालीगलौज गरेको आरोपमा प्रहरीले लाठीचार्ज गरे।

छ वाम समूहद्वारा प्रधानमन्त्रीको राजीनामा माग गर्दै ०५८ वैशाख २२ गते आयोजना गरेको मशाल जुलुसमाथि प्रहरीले लाठीचार्ज गरे।

नेकपा (माओवादी) ले जिल्लाका विभिन्न गाविसहरूमा अन्य राजनीतिक पार्टीद्वारा निर्वाचित जनप्रतिनिधिहरूलाई जबर्जस्ती राजीनामा गर्न वाध्य पारे। जसमध्ये ०५८ वैशाख २२ गते दरवाङ गाविसका सम्पूर्ण पदाधिकारी, वैशाख २३ गते विम गाविस, २४ गते मराङ गाविस, २६ गते भल्कवाङ गाविस र जेठ ३ गते वरंजा गाविसमा स्थानीय गाउँ जनसरकार गठन गरेको घोषणा गरे। हाल ती गाविसहरूमा अन्य राजनीतिक दलहरूको पहलमा पुनः निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो काम शुरू गरेका छन्। तीमध्ये वरंजा गाविसमा संकटकालीन स्थितिको घोषणापछि कार्य संचालनमा आएको हो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी ५२, सरकारवादी फौजदारी १३ र दुनियावादी फौजदारी ३४ गरी कूल ९९ वटा मुद्दा दर्ता भए। यसबाहेक गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ७८, सरकारवादी फौजदारी ८ र दुनियावादी फौजदारी ३६ वटा मुद्दा फर्स्योट हुन बाँकी थिए। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी ८९ वटा मुद्दा फर्स्योट हुन बाँकी रहे।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला वन कार्यालयमा कार्यरत ५३ जना वन रक्षकहरूले ०५८ साउनदेखि दैनिक रासनभत्ता प्राप्त गर्न सकेनन्। अन्य जिल्लाका वन रक्षकहरूले प्रत्येक महिनाको पहिलो हप्ता भत्ता पाउने गरेको तर आफूहरूमाथि पक्षपात भएको पीडितहरूले बताए।

महिला अधिकार

दाना गाविस–८ घर भई हाल बेगखोला गाविस–९ तिप्लाङ बस्ने १९ वर्षीय एक युवतीलाई ०५७ माघ १८ गते शिख गाविस–४ घर भई कास्की जिल्ला पोखरा उमनपा–३ बस्ने श्याम तिलिजाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी २६ हजार रूपैयाँ जरिवाना गराए। पीडित र पीडकपक्षबीच मिलापत्र भयो।

अर्थुङ्गे गाविस–१ का ४० वर्षीय एक महिलालाई ०५८ कार्तिक १ गते बेलुका सोही ठाउँका ३६ वर्षीय जगन्नाथ श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई हाल जबर्जस्ती करणी मुद्दाअन्तर्गत थुनामा राखिएको छ।

बालअधिकार

अर्थुङ्गे गाविस–१ का १३ वर्षीय गोरे किसान तथा पर्वत जिल्ला मल्लाज गाविस–७ का १४ वर्षीय राजु दर्जीलाई ०५७ पुस २९ गते जिल्ला विकास कार्यालय परिसरमा रहेको गोदामबाट दग्नाम गाविसमा निर्माणाधीन घोडेटो बाटो निर्माण कार्यमा विश्व खाद्य कार्यक्रमको सहयोगमा प्राप्त खाद्य सामाग्रीका ५० किलोका बोरा ढुवानी गर्ने जोखिमपूर्ण कार्यमा लगाइयो। इन्सेक जिल्ला प्रतिनिधिले त्यस्तो जोखिमपूर्ण कार्यमा बालबालिकाको प्रयोग नगर्न आग्रह गर्दा जिविसले उक्त कार्य ठेकेदारको जिम्मा भएको बतायो।

आर्थिक अधिकार

नेकपा (माओवादी) ले ०५७ फागुन १५ गते एक विज्ञप्ति जारी गरी वरंजा गाविस–७ का हिराबहादुर तुलाचन, सोही गाविस–८ का मानबहादुर क्षेत्री, पुलाचौर गाविस–५ का माधव रेग्मी र वाग्लुङ नपा–१ का दुर्गाबहादुर हमालको जिल्लाका विभिन्न ठाउँमा रहेको ८ सय रोपनी जग्गा, बाबियाचौर

गाविस-४ का नन्दलाल सापकोटा र कृष्णप्रसाद भट्टराईको सम्पूर्ण जग्गा खरीद बिक्री गर्न नपाउने र कसैले खरीद बिक्री गरेमा कारवाही गर्ने धम्की दिई सबै जग्गा विना मुआब्जा जनतालाई उपभोग गर्न आग्रह गऱ्यो। उक्त कार्य व्यवहारमा पूर्णरूपले पालना नगरे पीडितहरूलाई ज्यानमार्ने धम्कीसमेत माओवादीहरूले दिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सिङ्गा गाविस-४ तातोपानी बजारमा ०५७ फागुन २४ गते रक्तिम साँस्कृतिक अभियानको साँस्कृतिक कार्यक्रममाथि प्रहरीले लाठीचार्ज गरेको विरोधमा फागुन २५ गते नेकपा (मसाल) ले सोही ठाउँमा विरोध सभाको आयोजना गऱ्यो।

अतिरिक्त जानकारीहरू

अर्थुङ्गे गाविस-१ का २२ वर्षीय सुरज शाक्य र २४ वर्षीय सुमन श्रेष्ठलाई व्यक्तिगत रिसइवीका कारण ०५८ असोज ७ गते राखुपिप्ले गाविस-२ का रोशन शाही, लक्ष्मण शाही, कमल शाही, जीवन शाही, नगेन्द्र शाही, सुजन मल्ल, लालु मल्ल र ध्रुव शर्माले घतान गाविस-६ मा सख्त कुटपिट गर्नुका साथै दुवै हात काटिदिए। पीडितहरूका हात काम नलाग्ने भएका छन् भने पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा ३ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा परी ३ र बाढीपहिरोमा परी २४ जनाको मृत्यु भयो। आगलागीको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

३.१६ मुस्ताङ

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

रूकुम जिल्ला तक्सेरा गाविस-६ का ४१ वर्षीय श्यामबहादुर बुढा मगर, उनकै छोरा ५ वर्षीय धर्मराज बुढा मगर, २७ वर्षीय राजु बुढा मगर, १९ वर्षीय दिलकुमार बुढा मगर तथा रोल्पा जिल्लाका १९ वर्षीय विजय बुढा मगरको ०५८ साउन २४ गते बिहान लोमन्थाङ गाविस-२ दाडीडाँडामा हाते बम विस्फोट भई मृत्यु भयो। पीडितहरूले स्थानीय एक व्यक्तिको बारी वरिपरी पर्खाल लगाउनको लागि ढुङ्गा फुटाल्ने, बटुल्ने र ओसार्ने काम गरिरहेको अवस्थामा जमिनभित्र भेटिएको अनौठो फलामे वस्तुलाई "बम" हो भन्ने थाहा नपाई हातले चलाएका थिए। सो बम ०२९/३० सालतिर चर्चित खम्पा काण्डका खम्पा गुरिल्लाहरूले छोडेको वा लुकाएको हुनसक्ने अनुमान गरिएको छ।



जनसंख्या	: १७२७९
साक्षरता प्रतिशत	: ५५.५८
महिला साक्षरता प्रतिशत	: ५०.४५
क्षेत्रफल (वर्ग कि.मी.)	: ३५७३
गाविस/नपा संख्या	: १६/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६६
क्याम्पस/उच्च मावि	: ०/०
अस्पताल/स्वास्थ्य चौकी	: २/१६
टेलिफोन लाइन	: ४१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: १६

जेल र बन्दीहरु

मार्फा गाविस-८ स्थित मुस्ताङ जेलको क्षेत्रफल ६ रोपनी २ आना १ पैसा छ। यस जेलमा रहेका कूल ८ वटा कोठा अँध्यारा र साँघुरा छन्। यस जेलमा यस वर्षको अन्त्यसम्म ६ जना बन्दी थिए। जसमध्ये २ जना गौ-हत्यासम्बन्धी मुद्दामा छन्। संकटकालीन स्थिति घोषणा भएपछि माओवादीको आशंकामा गिरफ्तार गरिएका ४ जनालाई केही समय नजरबन्दमा राखी हाल रिहा गरिएको छ। जेलमा बन्दीहरूले लगाउने तथा ओढ्ने-ओच्छ्याउने कपडा, सुकुल आदि नपाएको, भवनभित्र चर्पीको उचित सुविधा नभएकाले रातको समयमा दिसा-पिसाब गर्न असुविधा रहेको गुनासो गर्दछन्।

गिरफ्तारी र यातना

कोवाङ गाविस- स्वन्तीका गमबहादुर थापालगायत् ६ जनालाई चोरी गरेको आरोपमा ०५७ चैत १७ गते प्रहरीले गिरफ्तार गरी २४ दिन हिरासतमा राखी तारेखमा रिहा गरे। आफूहरूमाथि झुठो आरोप लगाइएको पीडितहरूले बताए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ज्ञानोदय मावि लेतेमा अध्ययनरत धिरज गौचन, गजेन्द्र गौचन, प्रविन शेरचन, नारायण परियार र ओमनारायण पाइजालाई अनेरास्ववियु (क्रान्तिकारी) को सदस्यता लिएको र सो संगठनको विराटनगरमा भएको सम्मेलनमा सहभागी हुन

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
आफ्नै बमबाट मृत्यु	१	६		६				
गिरफ्तारी र यातना					२	११		११
सरुवा/घटुवा/पक्षपात आदि					१	१		१
जम्मा	१	६		६	३	१२		१२

गएको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये प्रविणलाई तत्काल र अन्यलाई केही समय नजरबन्दमा राखी रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा गाउँघरमा भएका विभिन्न घटना र मुद्दाहरू न्यायिक निकायहरूमा दर्ता गर्ने प्रचलन छैन। गाउँघरमै जनप्रतिनिधि र गाउँका भलाद्मीहरू बसेर त्यस्ता विवादहरू मिलाइने गरिन्छ। उत्तरी भेगमा अझै पनि मुस्ताङ राजाद्वारा मुद्दा-मामिलाको छिनोफानो गर्ने प्रचलन छ।

राष्ट्रिय रूपमै चर्चा पाएको मुस्ताङ राजा जिग्मी पलवर विष्ट र उनकी भाउजु डिकी डोल्कर विष्टको अंश मुद्दा जिल्ला अदालत मुस्ताङ र पुनरावेदन अदालत वाग्लुङबाट पूर्ण रूपमा फैसला नसकिएपछि सर्वोच्च अदालतमा पुगेको छ।

जिल्ला अदालतमा यस वर्ष चोरी र कुटपिटका एक-एकवटा मुद्दा दर्ता भए। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा लेनदेन, कुलो सिंचाई र जंगलसम्बन्धी एक-एकवटा मुद्दा दर्ता भए। तीमध्ये २ वटा फर्स्यौट भए।

सरुवा, घटुवा र पक्षपात आदि

छैरो-मार्फाका विगत केही वर्षदेखि घिलिङस्थित प्राथमिक विद्यालयमा कार्यरत शिक्षक भीमबहादुर रसाइलीलाई विद्यालयमा नियमित रूपमा उपस्थित भई अध्यापन कार्य नगरेको आरोपमा ०५७ माघ १ गते जिल्ला शिक्षा कार्यालयले अवकाश दियो। आफूलाई राजनीतिक आस्थाका आधारमा पक्षपात गरी अवकाश दिइएको कुरा पीडितले बताए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्वासी समस्या समाधान आयोगद्वारा केही गाविसहरूमा भूमिहीन, सुकुम्वासीहरूलाई जग्गा उपलब्ध गराए तापनि जोमसोम, मार्फा, टुकुचेलगायतृका गाविसहरूमा समस्या समाधानका लागि आवश्यक ध्यान नदिइएको पीडितहरूको गुनासो छ।

आर्थिक अधिकार

शिक्षकहरूलाई लिइँदै आएको दुर्गम भत्ता यस वर्षदेखि अस्थानीय शिक्षकको तुलनामा स्थानीय शिक्षकलाई ५० प्रतिशत कम दिइने नीति अवलम्बन गरिएको विरोधमा ०५७ फागुन १२ गते जनआदर्श मावि कोवाङका प्रधानाध्यापक मिमप्रसाद थकालीको अध्यक्षतामा ११ सदस्यीय संघर्ष समिति गठन भयो। स्थानीय शिक्षकहरूलाई पनि अस्थानीय शिक्षकहरूलाई झैं समान र पूर्ण स्थानीय भत्ता हुनुपर्छ भन्ने माग राखी संघर्ष समितिले सम्वन्धित मन्त्रालय र कार्यालयहरूसमक्ष ज्ञापनपत्र पेश गऱ्यो। शिक्षकहरूका मागप्रति हालसम्म कुनै चासो देखाइएको छैन।

अतिरिक्त जानकारीहरू

यस जिल्लामा यस वर्ष २ जना महिलाले आत्महत्या गरे। आगलागीको एक घटनामा २ लाख रूपैयाँभन्दा बढीको क्षति भयो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ वर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

रोल्पा जिल्ला पाख्नापानी गाविस घर भई इलाका प्रहरी कार्यालय तुल्सीपुरमा कार्यरत प्रहरी जवान २० वर्षीय मनोजप्रकाश हमाललाई ०५७ माघ १२ गते दिउँसो गस्ती गएको अवस्थामा धनौरी गाविसको धनौरा र तिलबारीको बीचमा माओवादीहरूले गोली हानी हत्या गरे।

तुल्सीपुर नपा-४ का ४६ वर्षीय खगप्रसाद पोख्रेललाई ०५८ जेठ १३ गते छ वाम समूहद्वारा आयोजित मशाल जुलुसको समापन सभामा सहभागी भइरहेको अवस्थामा विपी चोक नेर प्रहरीले गोली हानी घाइते बनाए।

तुल्सीपुर नपा-११ का ४१ वर्षीय शेरवहादुर कुवँर ०५८ असार १८ गते खेतमा काम गरिरहेको अवस्थामा वम विस्फोट हुँदा घाइते भए। सो वम माओवादीहरूले राखेको आशंका गरिएको छ।

पञ्चकुले गाविस-२ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू २४ वर्षीय उमेश शाह र २५ वर्षीय दिलवहादुर बुढा तथा माओवादी कार्यकर्ताहरू सागर र आशिष भन्ने दुई जना व्यक्तिको ०५८ असार १२ गते प्रहरी र माओवादीबीच दोहोरो भीडन्त हुँदा एक अर्काको गोलीद्वारा मृत्यु भयो।

त्रिभुवननगर नपा-२ का महेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक ४१ वर्षीय नारायणप्रसाद शर्मालाई ०५८ असार २५ गते राति केही अज्ञात व्यक्तिहरूले हत्या गरे। राति केही अज्ञात व्यक्तिहरूले "एक छिन काम छ" भनी घर बाहिर बोलाई आफूहरूसँग लगेर गएकोमा भोलिपल्ट मघै भने गाउँको खेतमा दुई टुक्रा पारिएको अवस्थामा उनको लास फेला पऱ्यो।



जनसंख्या	: ४६२८९३
साक्षरता प्रतिशत	: ५२.६९
महिला साक्षरता प्रतिशत	: ४०.८४
क्षेत्रफल (वर्ग कि.मी.)	: २९५५
गाविस/नपा संख्या	: ३९/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३९६
क्याम्पस/उच्च मावि	: ४/७
अस्पताल/स्वास्थ्य चौकी	: ३/४५
टेलिफोन लाइन	: १०३९
मोटर सडक (कि.मी.)	: १३९
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ४५

मोरङ जिल्ला विराटनगर उमनपा घर भई तुल्सीपुरस्थित क्षेत्रीय प्रहरी इकाई कार्यालयमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक ४६ वर्षीय परमेश्वरसिंह सिंजापतिलाई ०५८ असार २६ गते राति तुल्सीपुर नपा-४ र ६ को सीमानामा पर्ने सडकमा माओवादीहरूले गोली हानी हत्या गरे।

त्रिभुवननगर नपा-१० की १० वर्षीय सरिता पौडेल, ६३ वर्षीय तिलादेवी पौडेल र ३४ वर्षीय केशव पौडेल ०५८ साउन २४ गते बेलुका बैंकरोडमा बम विस्फोट हुँदा घाइते भए। सो वम कसले राखेको हो भन्ने कुरा खुल्न सकेन।

गंगापरस्पुर गाविस-१ का ३३ वर्षीय धनबहादुर के.सी.लाई ०५८ भदौ २४ गते अज्ञात व्यक्तिहरूले गोली हानी घाइते बनाए। हामीले बिरामी ल्याएका छौं भनी बाहिर बोलाई गोली प्रहार गरिएको थियो।

तुल्सीपुर नपा-६ का २८ वर्षीय जीवराज भण्डारीको ०५८ असोज १५ गते दिउँसो सोही नपास्थित बसपार्कमा प्रहरीले भिड नियन्त्रण गर्ने बहानामा चलाएको गोली लागी मृत्यु भयो। त्यसैगरी हलवार गाविस-३ की १६ वर्षीय नर्मदा भण्डारी, तुल्सीपुर नपा-२ का ३३ वर्षीय भेषराज भण्डारी, सोही नपा-५ का २४ वर्षीय राजन पुरी, सोही नपा-६ का ४८ वर्षीय डिल्लीबहादुर चौधरी, २४ वर्षीय जहिरूद्दिन, सोही नपा-११ का १६ वर्षीय रमेश रोका र उरहरी गाविस-४ का वेदबहादुर डाँगी र नारायणपुर गाविस-५ का खगेश्वर पोखरेल घाइते भए। २ जना विद्यार्थीको वसले किचेर मृत्यु भएको घटनाको विरोध कार्यक्रममा सो घटना भएको थियो।

बेला गाविस-८ का २५ वर्षीय राधेश्याम यादवलाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक १ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

जिल्ला सदरमुकाम घोराहीमा ०५८ मंसिर ८ गते माओवादीहरूले भीषण आक्रमण गरे। माओवादीहरूले जिल्ला प्रहरी कार्यालय, शाही नेपाली सेनाको भवानीप्रसाद गुल्म, जिल्ला प्रशासन कार्यालय, नेपाल बैंक लिमिटेड, मालपोत कार्यालय, कृषि विकास बैंकको बैंकिङ कार्यालयलगायत् मुख्य-मुख्य सरकारी

माओवादीले आक्रमण गरी क्षतिग्रस्त सरकारी भवन र मोटर

नारायणपुरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानहरू २२ वर्षीय शिव थापा, २३ वर्षीय लोकबहादुर कुवँर, २५ वर्षीय अमरबहादुर बुढा, २१ वर्षीय युवराज श्रेष्ठ र २३ वर्षीय रामलाल चौधरीको ०५८ मंसिर ८ गते कार्यालयमा माओवादीहरूको आक्रमणमा परी मृत्यु भयो। माओवादीहरूले सोही दिन सोही ठाउँस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालयमा पनि आक्रमण गरी लुटपाट गरे।

त्रिभुवननगर नपा-१० का ४५ वर्षीय घनश्याम गुप्ताको ०५८ मंसिर ९ गते बिहान माओवादीहरूद्वारा सैनिक ब्यारेक अगाडि छोडिएको बम विस्फोट हुँदा मृत्यु भयो।

त्रिभुवननगर नपा-३ का ५५ वर्षीय जोगीराम चौधरी, ३३ वर्षीय सितलाल चौधरी, ३० वर्षीय रूपलाल चौधरी, २८ वर्षीय रामबहादुर चौधरी, ३७ वर्षीय साँङग्रा भन्ने सोमलाल चौधरी, २४ वर्षीय चेदु भन्ने आशाराम चौधरी, ३० वर्षीय कृष्ण चौधरी, प्रसाद चौधरी, २६ वर्षीय खुसमान चौधरी, जगमान चौधरी र २७ वर्षीय रिसमान चौधरीलाई धान त्रिखण्डी बाँड्नुपर्छ भनेकाले माओवादीको आरोपमा ०५८ मंसिर १३ गते दिउँसो सुरक्षा बलको गस्ती टोलीले गोली प्रहार गर्दा मृत्यु भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	१०	३	१३				
गोलीद्वारा हत्या	४	२७		२७	४	१४		१४
बम प्रहारबाट मृत्यु/बम प्रहार	३	३	४	७				
गोलीद्वारा घाइते	२	३१		३१	३	७		७
बम प्रहारबाट घाइते	३	३	२	५				
आफ्नै बमबाट घाइते					१	१		१
गिरफ्तारी र यातना					१५	२९	१	३०
बेपत्ता पारिएको	४	४	१	५				
कुटपिट	३४	४७	७	५४	३	२	३	५
धम्की	४	६		६				
भेला र संगठित हुने अधिकार	१	३		३	३	२		२
महिला किनबेच	१		१	१				
बलात्कार	७		८	८				
बलात्कारको प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	३		४	४				
महिला भएकै कारण यातना	२		२	२				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	१४	३२	२	३४				
जम्मा	१००	१९८	३७	२०५	२९	५५	४	५९

कार्यालयहरू क्षतिग्रस्त बनाए। माओवादीहरूको आक्रमणमा परी ४ जना प्रहरी, १४ जना सैनिक तथा २ जना सर्वसाधारणको मृत्यु भयो भने १४ जना प्रहरी र १६ जना सैनिक घाइते भए। मृत्यु हुनेहरूमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार रोल्पा जिल्लाका ३३ वर्षीय नरवहादुर के.सी, प्रहरी जवानहरू २४ वर्षीय तुलवहादुर घर्ती, २५ वर्षीय रामवहादुर नेपाली र २७ वर्षीय रवीन्द्र शाही, शाही नेपाली सेनाको भवानीप्रसाद गुल्मका मेजर नरेश उप्रेती, सेकेण्ड लेफ्टिनेन्ट विमल कार्की तथा नारायणबहादुर थापा, लिलबहादुर राई, देवीबहादुर महत, पदमवहादुर बानियाँ, सोववहादुर वुढाथोकी, खड्गवहादुर डाँगी, सोमवहादुर कुमाल, मुखिया थारू, ध्रुवकुमार थापा, राम थारूसमेत १४ जना सैनिक, सर्वसाधारणहरू स्यूजा गाविस-४ घर भई त्रिभुवननगर नपा-११ वस्ने २६ वर्षीय ईश्वरी रिजाल र सोही नपा-८ का ३७ वर्षीय विष्णु गौतम थिए। त्यसक्रममा ४ जना माओवादीहरूको पनि मृत्यु भएको कुरा सार्वजनिक भयो। माओवादीहरूले सिडिओ लोकवहादुर खत्री र एसपी गोपाल भण्डारीलाई अपहरण गरी केही समयपछि मुक्त गरे।

रोल्पा जिल्ला पाछावाङ घर भई त्रिभुवन नपा- १० मा पसल गरी वस्ने ४८ वर्षीय जीतबहादुर घर्तीको लास ०५८ मंसिर १४ गते महेन्द्र अस्पतालमा फेला पऱ्यो। घर्तीलाई ०५८ मंसिर ११ गते सुरक्षा बलले गिरफ्तार गरेका थिए। हिरासतमा नै उनको मृत्यु भएको आशंका गरिएको छ।

त्रिभुवननगर नपा-७ का ४० वर्षीय मंघबहादुर रावतलाई माओवादीको आशंकामा ०५८ मंसिर १५ गते राति सुरक्षाकर्मीले प्रहार गर्दा घाइते भए।

तुल्सीपुर नपा-७ का ३५ वर्षीय मंगले विकको ०५८ मंसिर २५ गते विहान शिरखोलामा माओवादीको आरोपमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

तुल्सीपुर नपा-११ बटोलपुरकी ८३ वर्षीय चम्पाकली चौधरी, १९ वर्षीय कमला चौधरी, ७ वर्षीय रामकुमारी चौधरी, ५ वर्षीय रीता चौधरी, १० वर्षीय चन्द्रबहादुर चौधरी, १७ वर्षीय शिवकुमार चौधरी र २ जना नाम/ठेगाना थाहा हुन नसकेका व्यक्तिहरूको ०५८ मंसिर २७ गते राति बम विस्फोट हुँदा मृत्यु

भयो। २ जना माओवादी कार्यकर्ता सहित शिवकुमार चौधरी राति घरमा आई वम वनाउँदा विस्फोट भएको थियो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १० जना पुरूष र ३ जना महिलाको हत्या भयो। जसमध्ये-

गोवर्डिहा गाविस-७ की २२ वर्षीय कृष्णकुमारी चौधरीलाई अरूसँग प्रेम गरेको आशंकामा ०५७ फागुन २८ गते बेलुका आफ्नै पति २५ वर्षीय भीमकान्त चौधरीले बञ्चरो प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

लालमटिया गाविस-३ का ४५ वर्षीय पूर्णबहादुर घर्तीलाई विभिन्न कारणले जनतालाई सताएको आरोपमा ०५८ वैशाख १३ गते राति सोही ठाउँका रून्ची गाहा मगर, यामी रानासमेतका व्यक्तिहरूको समूहले लाठी प्रहार गरी हत्या गरे। पीडकहरूमध्ये रून्ची र यामीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने अन्य १० जनालाई तारेखमा रिहा गरियो।

काभ्रे गाविस-४ की ४० वर्षीय मालती सार्कीलाई घरायसी विवादका कारण ०५८ वैशाख १६ गते दिउँसो आफ्नै पति ४० वर्षीय प्रेमबहादुर सार्कीले खुर्पा प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

टरिगाउँ गाविस-५ की ३६ वर्षीय कृष्ण नेपालीलाई बाहिरका मानिससँग घुलमिल गरेको आरोपमा ०५८ पुस १० गते राति आफ्नै पति टेकबहादुर नेपालीले कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लामा ०५८ मंसिर ८ गतेसम्म २ वटा जेल थिए। तर, मंसिर ८ गते माओवादीहरूले घोराहीस्थित जेल ध्वस्त बनाई ३७ जना बन्दी भगाए। हाल यस जिल्लामा तुल्सीपुरस्थित जेल मात्र छ। सय जना बन्दी क्षमता भएको तुल्सीपुर जेलमा हाल १ सय १४ जना बन्दी छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यानमा ६०, गोवधमा १, सवारी ज्यानमा २, जबर्जस्ती करणीमा ११, चोरीमा ५, जीऊ मास्ने बेच्नेमा ५, केही सार्वजनिक अपराधअन्तर्गत १, खोटा टक चलनमा १, आगो लगाई ज्यानमार्ने उद्योगमा १ गरी ९७ जना तथा संकटकालीन स्थितिको घोषणापश्चात् कर्फ्यु उल्लंघनमा २ र नजरबन्दमा १५ जना छन्। बन्दीहरूमध्ये १० जना महिला छन्। यस जेलमा पुरूषतर्फ ७ र महिलातर्फ ४ गरी ११ वटा कोठा छन्। बन्दीहरूको मनोरञ्जनका लागि भलिबल खेल्ने व्यवस्था गरिएको छ। त्यसैगरी टिभी उपलब्ध गराइएको छ। हाल १३ वटा तान चालु छन्। बन्दीहरूले टोपी बुन्ने काम गर्दछन् तर, वजार व्यवस्थापन नभएका कारण समस्या उत्पन्न भएको देखिन्छ।

गिरफ्तारी र यातना

धनौरी गाविस-२ का २१ वर्षीय टोपबहादुर बुढा मगर र सोही गाविस-५ का १९ वर्षीय किरण चौधरीलाई माओवादीको आरोपमा ०५७ माघ १३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई तारेखमा रिहा गरियो।

रूकुम जिल्ला ढुलीगाउँ गाविस-७ का २१ वर्षीय महेश घर्ती, गरायला गाविस-३ घर भई सशस्त्र प्रहरी गुल्म, तुल्सीपुरमा कार्यरत प्रहरी जवान २७ वर्षीय कालीबहादुर नेपाली र ३९ वर्षीय लिला घर्तीलाई माओवादी भएको आरोपमा ०५८ भदौ २८ गते तुल्सीपुरस्थित नयाँ वसपार्कबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरियो।

तुल्सीपुर नपा-११ का ३४ वर्षीय खिमप्रसाद गिरीलाई माओवादीको आरोपमा ०५८ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुर्पक्षका लागि थुनामा राखियो।

सतबरिया गाविस-८ का २५ र ३९ वर्षीय गंगाराम चौधरी र तिलकराम चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर २४ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई कागज गराई रिहा गरियो।

त्रिभुवननगर नपा-११ का ३८ वर्षीय तारा अधिकारीलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुर्पक्षका लागि थुनामा राखियो।

तुल्सीपुर नपा-७ का २७ वर्षीय डिलाराम पुन, २६ वर्षीय लक्ष्मण बुढा र २२ वर्षीय नरबहादुर पुनलाई माओवादीको

मंसिर ८ गतेको घटनामा मारिएका प्रहरीहरू

आशंकामा ०५८ पुस ७ गते चैलाही गाविस-२ बाट प्रहरीले गिरफ्तार गरे।

हेकुली गाविस घर भई हाल तुल्सीपुर नपा-५ बस्ने २९ वर्षीय कृष्णप्रसाद भट्टराई, ३१ वर्षीय बसन्त भण्डारी र ३२ वर्षीय कालिचरण चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल तारेखमा रिहा गरिएको छ।

तुल्सीपुर नपा-९ का १९ वर्षीय यज्ञबहादुर के.सी.लाई ०५८ पुस १२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा आत्मसमर्पण गरेपछि रिहा गरिएको छ।

सौडियार गाविस-२ का ४७ वर्षीय चुडामणी आचार्यलाई माओवादीको आरोपमा ०५८ पुस १३ गते घोराहीस्थित महेन्द्र अस्पतालबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।



प्रहरीको गोलीबाट मारिएका जिवराज भण्डारी

बेपत्ता पारिएको / अपहरण गरिएको

फुलबारी गाविस-४ का १९ वर्षीय राकेश पौडेललाई सुराकी गरेको आरोपमा ०५७ माघ १२ गते तुल्सीपुर नपा-५ बाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ८ महिनासम्म विभिन्न ठाउँमा घुमाई मुक्त गरे।

श्रीगाउँ गाविसका ४५ वर्षीय डोलानाथ योगी, बाघमारे गाविस-५ का ३८ वर्षीय राजेन्द्र रायमाझी, शान्तिनगर गाविस-६ का ४४ वर्षीय ज्ञानेन्द्र वली, धनौरी गाविस वैशाका ४० वर्षीय किरण शाह, पुरन्धारा गाविस-६ का पूर्णबहादुर वलीसमेत १६ जनालाई जंगल फडानी गरेको आरोपमा ०५८ वैशाख २ गते राति माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

काभ्रे गाविस-७ का ३१ वर्षीय लोकबहादुर खड्कालाई ०५८ वैशाख ८ गते राति माओवादीहरूले अपहरण गरे। पीडितलाई वैशाख १७ गते मुक्त गरियो।

त्रिभुवननगर नपा-६ का परिवार नियोजन संघका पूर्व जिल्ला अध्यक्ष ५५ वर्षीय रामबहादुर कुवँरलाई विभिन्न आरोपमा ०५८ साउन ६ गते राति माओवादीहरूले अपहरण गरी साउन २० गते मुक्त गरे।

श्रीगाउँ गाविस-२ का २७ वर्षीय रामबहादुर अधिकारीलाई ०५८ भदौ २१ गते दिउँसो धनौरी गाविस-७ खैरेनीबाट माओवादीहरूले अपहरण गरी २६ गते मुक्त गरे।

उरहरी गाविस-६ का २३ वर्षीय रोमराज गिरीलाई आफ्ना क्रियाकलापमा सहयोग नगरेको आरोपमा ०५८ भदौ २२ गते राति माओवादीहरूले अपहरण गरी भदौ २७ गते मुक्त गरे।

गंगापरस्पुर गाविस-१ का ३५ वर्षीय राम लक्ष्मण तेली र १९ वर्षीय जगदिश भन्ने लक्ष्मण तेलीलाई सुराकी गरेको आरोपमा ०५८ भदौ २४ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई २१ दिनपछि मुक्त गरियो।

सतबरिया गाविस-९ का ३८ वर्षीय लालबहादुर के.सी.लाई ०५८ असोज ४ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ८ गते मुक्त गरियो।

पुरन्धारा गाविस- ७ का ४० वर्षीय चुर्णबहादुर वलीलाई ०५८ असोज २१ गते विहान माओवादीहरूले अपहरण गरेकोमा २ लाख रूपैयाँको कागज गराई कार्तिक ३ गते मुक्त गरे।

पुरन्धारा गाविस-३ का ३५ वर्षीय दिलबहादुर वि.क.लाई ०५८ असोज २१ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

ढिकपुर गाविस-५ का ४२ वर्षीय जयबहादुर बस्नेतलाई ०५८ कार्तिक ४ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

गोलटाकुरी गाविस-३ का ३१ वर्षीय मिनकुमार देवकोटालाई सुराकी गरेको आरोपमा ०५८ पुस १० गते हेकुली गाविस-३ बाट माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

माओवादी आक्रमणमा घाइते सैनिकहरु

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सल्यान जिल्ला शिवरथ गाविस-१ का ३४ वर्षीय डम्बरबहादुर वलीलाई प्रशासनसमक्ष आत्मसमर्पण

गरेको आरोपमा ०५७ पुस २७ गते तुल्सीपुर नपा-५ स्थित नयाँ बसपार्कमा माओवादीहरूले खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडितले केही दिन अघि सल्यान जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरेका थिए। वली माओवादीका जिल्लास्तरीय नेता थिए।

विजौरी गाविस-५ का ४२ वर्षीय विष्णु वहकरी र ३८ वर्षीय तुलसा बहकरीलाई प्रतिवाद गरेको आरोपमा ०५७ माघ १८ गते हेमन्तपुर प्रहरी चौकीमा कार्यरत सई विष्णुसिंह ठकुरीले कुटपिट गरे।

प्रहरीको गोलीबाट घाइते रमेश टोफा र नर्मदा भण्डारी

लालमटिया गाविस-३ का ३९ वर्षीय जुद्धबहादुर पुनलाई काठ काट्न नदिने भन्ने व्यहोराको उजुरी दिएको आरोपमा ०५७ फागुन ३ गते गढवास्थित डलाका वन कार्यालयमा कार्यरत सहायक वन अधिकृत हेमराज विष्टले ज्यान मार्ने धम्की दिए।

पवननगर गाविस-९ का २६ वर्षीय नोखीराम डाँगीलाई ०५७ फागुन १५ गते माओवादीहरूले कुटपिट गरे।

त्रिभुवननगर नपा-१ का नेकाँ केन्द्रीय सदस्य तथा सांसद वलदेव शर्मा मजगैयाँको घरमा ०५७ चैत २३ गते राति माओवादीहरूले बम विस्फोट र गोली प्रहार गरी क्षतिग्रस्त बनाए।

राजपुर गाविस-७ की ३० वर्षीय एक युवती र उनकै भिनाजु ५० वर्षीय रामभरोसे चौधरीलाई आपसमा यौन सम्पर्क गरेको आरोपमा ०५८ वैशाख २७ गते माओवादीहरूले कुटपिट गरे।

मानपुर गाविस-८ स्थित महेन्द्र संस्कृत विश्वविद्यालयको महाशाखा प्रमुखको कार्यकक्षमा ०५८ जेठ १६ गते राति थारूवान मुक्ति मोर्चाका कार्यकर्ताले वम विस्फोट गरी क्षति पुऱ्याए।

गोलटाकुरी गाविस-७ का २७ वर्षीय केशव देवकोटालाई ०५८ जेठ २५ गते माओवादीहरूले कुटपिट गरे।

टरिगाउँ गाविस-३ का ३३ वर्षीय राजकुमार पोखरेललाई आफ्नै घरमा बसिरहेको अवस्थामा ०५८ जेठ ३२ गते राति माओवादीहरूले कुटपिट गरी गम्भीर घाइते वनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

काभ्रे गाविस-७ का ३६ वर्षीय गोकुलप्रसाद जिसीलाई गाली बेइज्जती गरेको आरोपमा ०५८ असार १ गते माओवादीहरूले कुटपिट गरे।

पुरन्धारा गाविस-३ स्थित बाघमारे सहकारी साझा संस्था ०५८ असार २२ गते माओवादीहरूले तोडफोड गरी ताला बन्द गरिदिए।

विजौरी गाविस-५ हेमन्तपुरस्थित प्रहरी चौकीमा ०५८ असार २८ गते राति माओवादीहरूले बम विस्फोट गरी क्षतिग्रस्त वनाए।

विजौरी गाविस-४ का ३२ वर्षीय मेघराज रजौरेलाई ०५८ साउन २३ गते राति माओवादीहरूले कुटपिट गरे।

विजौरी गाविस-७ का ३९ वर्षीय सीताराम चौधरीलाई अनेमसंघ (क्रान्तिकारी) को कार्यक्रमको विरोध गरेको आरोपमा ०५८ भदौ १५ गते राति माओवादीहरूले कुटपिट गरे।

तुल्सीपुर नपा-६ की ३५ वर्षीय विष्णु रिजालसमेत ४ जनालाई सडक अवरूद्ध गरेको आरोपमा ०५८ असोज १४ गते प्रहरीले कुटपिट गरे। असोज १३ गते रा. १ ख २२४ नं. को गाडीले २ जना विद्यार्थीलाई किचेर मारेकोमा प्रहरीले जबरजस्ती लास उठाएर लगेपछि विरोध गर्दा प्रहरीले कुटपिट गरेका थिए।

हलवार गाविस-४ का २६ वर्षीय अशोक अधिकारीलाई ०५८ असोज १५ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा पसल बन्द गराउन हिंडेको अवस्थामा त्रिभुवननगर नपा-१० का ३५ वर्षीय बसन्त गुप्ताले कुटपिट गरे।

सिसहनिया गाविस-८ का ४२ वर्षीय धर्मदास चौधरी, ५१ वर्षीय कमलनारायण चौधरी र सोही गाविस-२ का ४० वर्षीय सुन्दरप्रसाद चौधरीलाई माओवादी गतिविधि विरोधी कार्य गरेको आरोपमा ०५८ असोज २० गते माओवादीहरूले कुटपिट गरे।

लक्ष्मीपुर गाविस-५ का ५१ वर्षीय नारायणप्रसाद शर्मालाई प्रहरीको सहयोग लिई गाउँमा आतंक मच्चाएको आरोपमा ०५८ कार्तिक १२ गते राति माओवादीहरूले कुटपिट गरे।

पुरन्धारा गाविस-२ का ३५ वर्षीय जीतबहादुर के.सी., ३३ वर्षीय दलबहादुर के.सी. र ३७ वर्षीय कालीप्रसाद श्रेष्ठलाई माओवादी समर्थक भएको आरोपमा ०५८ मंसिर १८ गते सोही गाविसका गणेश के.सी. र धर्मबहादुर के.सी.ले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

उरहरी गाविस-९ का व्याकवार्ड सोसाइटी एजुकेशन (वेश) मा कार्यरत २९ वर्षीय श्रमलाल चौधरीलाई मुक्त कमैयाहरूको विरोध कार्यक्रमका क्रममा ०५७ चैत ९ गते त्रिभुवननगर नपा-१० वाट प्रहरीले विनापुर्जी गिरफ्तार गरे। पीडितलाई १० हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

रूकुम जिल्ला जाङ गाविस-८ घर भई हाल त्रिभुवननगर नपा-११ मा वस्ने २४ वर्षीय उपेन्द्र खड्का, मानपुर

माओवादीद्वारा मारिएका वरिष्ठ प्रहरी उपरीक्षक परमेश्वरसिंह सिजापतिप्रति श्रद्धाञ्जलि अर्पण गर्दै

गाविस-९ का २५ वर्षीय सुशील पोखरेल र कर्णबहादुर नेपालीलाई ०५८ वैशाख ८ गते भ्रष्टाचार विरोधी अभियानअन्तर्गत विरोध सभाको प्रचार प्रसार गर्नबाट माओवादीहरूले रोक लगाए। पीडितको साथमा रहेको प्रचार सामाग्रीसमेत माओवादीहरूले लुटेर लगे।

फुलबारी गाविस-४ मा आयोजित अनेकिसंघ (क्रान्तिकारी) को जिल्ला सम्मेलनमा ०५८ जेठ १३ गते प्रहरीले हस्तक्षेप गरी गोली प्रहार गरे र कार्यक्रम हुन दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई वटा अदालत छन्। यस वर्ष पुनरावेदन अदालतमा ६७ वटा मुद्दामध्ये २८ फर्स्यौट भई ३९ बाँकी रहे। जसमध्ये दुनियावादी देवानी ३२ मध्ये १४ फर्स्यौट भई १८ बाँकी, दुनियावादी फौजदारी ८ मध्ये ३ फर्स्यौट भई ५ बाँकी तथा सरकारवादी फौजदारी २७ मध्ये ११ फर्स्यौट भई १६ बाँकी रहे। यो अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ९३ वटा मुद्दामध्ये १ सय ८ वटा फर्स्यौट भई ८८ वटा बाँकी रहे। जसमध्ये दुनियावादी देवानी १ सय १४ मध्ये ६७ फर्स्यौट भई ४७ बाँकी, सरकारवादी देवानी ३ मध्ये ३ वटै फर्स्यौट, दुनियावादी फौजदारी २३ मध्ये १२ फर्स्यौट भई ११ बाँकी र सरकारवादी फौजदारी ५६ मध्ये २६ वटा फर्स्यौट भई ३० वटा बाँकी रहे। यसरी पुनरावेदन अदालतमा यस वर्ष नयाँ र पुराना गरी कूल २ सय ६३ वटा मुद्दा रहेकोमा १ सय ३६ वटा फर्स्यौट भई १ सय २७ वटा बाँकी रहे।

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा ७२ मध्ये ५१ फर्स्यौट भई २१ बाँकी रहे भने दुनियावादी देवानी ६ सय ३९ मध्ये ३ सय ७९ वटा फर्स्यौट भई २ सय ६० बाँकी रहे। त्यसैगरी विशेष फौजदारी ११ वटामध्ये १० वटा फर्स्यौट भई एउटा बाँकी रह्यो भने दुनियावादी फौजदारी ९८ मध्ये ५३ वटा फर्स्यौट भई ४५ वटा बाँकी रहे। ३ वर्ष नाघेका ६ वटा दुनियावादी देवानी मुद्दा छन् भने २ वर्ष नाघेका ५ वटा सरकारवादी फौजदारी, १४ वटा दुनियावादी देवानी र ३ वटा दुनियावादी फौजदारी मुद्दा छन्। त्यसैगरी १ वर्ष नाघेका १५ वटा सरकारवादी फौजदारी, ५९ वटा दुनियावादी देवानी, एउटा विशेष फौजदारी र ४३ वटा दुनियावादी फौजदारी मुद्दा रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा गत वर्ष सुकुम्बासी समस्या समाधान आयोगसमक्ष १९ हजार ५ सय जनाले सुकुम्बासी भएको निवेदन दिएका थिए तर भूमिसुधार कार्यालयले यस वर्ष १ हजार १ सय २६ जनाको संख्या दिँदै ४ श्रेणीमा वर्गीकरण गरेको छ। जसमा घर र जग्गा दुवै नभएका (रातो कार्ड वाला) १ सय ७५ जना, घर भएका जग्गा नभएका (ऐलानी प्रतिमा घर भएका) नीलो कार्ड वाला २ सय ३० जना, २ कठ्ठासम्म जग्गा भएका (पहेंलो कार्ड वाला) ३ सय ९७ जना र २ कठ्ठा भन्दा बढी जग्गा भएका सेतो कार्ड वाला २ सय २४ जनालाई जग्गाको प्रमाणपुर्जा वितरण गरियो।

रातो र नीलो कार्डवाला ४ सय ५ जना मध्ये केहीले प्राप्त जग्गामा बस्ने बास गर्ने प्रयास गरेका छन् भने बाँकी केहीलाई आफ्नो जग्गाको निश्चित जानकारी पनि नभएको पाइन्छ।

बृद्ध, असहाय, विधवा भत्ताहरू बारे जिल्ला विकास समितिले दिएको जानकारीअनुसार ०५८ साउनदेखि माघ सम्मको २ लाख ७३ हजार २ सय ५० रूपैयाँ निकासा भएको छ।

महिला अधिकार

त्रिभुवननगर नपा-१० की ४१ वर्षीय एक महिलालाई ०५७ फागुन ७ गते सोही ठाउँका ३७ वर्षीय बसन्त वि.क.ले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखियो।

ढिकपुर गाविस-१ की १६ वर्षीय एक युवतीलाई ०५७ चैत ५ गते सोही ठाउँका ५६ वर्षीय शोभाकर डाँगीले बलात्कार गरे। पीडकलाई गिरफ्तार गरिएकोमा इलाका प्रहरी कार्यालय, तुल्सीपुरबाट रिहा गरियो।

मानपुर गाविस-१ की १४ वर्षीय एक बालिकालाई ५८ वैशाख ०५८ वैशाख १ गते सोही ठाउँका ४९ वर्षीय विष्णुबहादुर घर्तीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कुनै कारवाही भएन।

तुल्सीपुर नपा-१० की ८ वर्षीय एक बालिकालाई ०५८ वैशाख १९ गते सोही ठाउँका ५० वर्षीय अमृत वि.क.ले बलात्कार गरे। प्रहरी प्रशासनले पीडकलाई कुनै कारवाही गरिएन।

त्रिभुवननगर नपा-७ की १३ वर्षीय एक बालिकालाई ०५८ वैशाख २८ गते सोही ठाउँका ३५ वर्षीय शिवलाल नेपालीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

त्रिभुवननगर नपा-१० की ९ वर्षीय एक बालिकालाई

०५८ जेठ ६ गते सोही ठाउँका ३१ वर्षीय मुन्ना बासफोरले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखियो।

नारायणपुर गाविस-५ की ३७ वर्षीय एक महिलालाई ०५८ जेठ १० गते सोही ठाउँका २१ वर्षीय बालगोविन्द चौधरीसमेत ४ जनाले बलात्कार गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरिएकोमा रिहा गरियो।

त्रिभुवननगर नपा-११ की १५ वर्षीय एक बालिकालाई ०५८ साउन ९ गते राति तुल्सीपुर नपा-६ का राजकुमार नेपालीले बलात्कार गर्ने प्रयास गरे।

त्रिभुवननगर नपा-६ की ७ वर्षीय दुई जना बालिकालाई ०५८ साउन १९ गते सोही ठाउँका १९ वर्षीय गोविन्द वि.क. र १८ वर्षीय महेन्द्र चौधरीले बलात्कार गरे। पीडकहरूलाई तारेखमा रिहा गरियो।

प्युठान जिल्ला फाप्ली गाविस-५ घर भई हाल तुल्सीपुर नपा-४ बस्ने २२ वर्षीय डिला भण्डारीलाई महिला भएर जवाफ सवाल आरोपमा ०५८ पुस २ गते बेलुका आफ्नै पति २४ वर्षीय मेघराज भण्डारीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

त्रिभुवननगर नपा-१ की ३६ वर्षीय नोरी चौधरीलाई ०५८ भदौ १० गते सोही ठाउँकी ३९ वर्षीय भोजन्या चौधरीले बोक्सीको आरोप लगाइन्। पीडकलाई गाउँलेहरूले २ हजार ५ सय रूपैयाँ जरिवाना गरे।

तुल्सीपुर नपा-६ की ३६ वर्षीय वीरमा नेपालीलाई बोक्सीको आरोपमा ०५८ भदौ २४ गते सोही ठाउँका ३२ वर्षीय शेरबहादुर नेपालीले तातो खरानी शरीरमा खन्याइदिए। पीडकलाई कारवाही भएन।

दासत्व, कमैया, बाँधा र हलिया आदि

सरकारले गत वर्ष कमैया प्रथाको अन्त्यको घोषणा गरे पनि उनीहरूको बैकल्पिक बसोबास र रोजगारीको व्यवस्था हुन सकेको छैन। फलस्वरूप उनीहरूले मुक्तिको अनुभव गर्न पाएका छैनन् र पुनः कमैया बस्न वाध्य छन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

त्रिभुवननगर नपा-१० का ४८ वर्षीय माधव गुप्तालाई कान्तिपुर दैनिक र एफएमको समाचारको खण्डन गरेको आरोपमा ०५८ जेठ २५ गते कसौधन विरादरी समाजले



आन्दोलनको क्रममा प्रहरीको गोलीबाट घाइते रुपप्रसाद पोखेल

बम विस्फोटन भई मृत्यु भएकी चम्पाकली र रामकुमारी

बहिष्कार गरे। सो दिन पंडितका बाबुको तेह्रौं शुद्ध दिन थियो। बाबुको किरियामा बसेका माधवलाई बन्द आह्वानकर्ता वाम पार्टीका कार्यकर्ताहरूले हात समाती तानेको भन्ने एफएम र कान्तिपुर दैनिकमा प्रकाशित समाचार झुठो भएको भनी खण्डन गरेको आरोपमा २५ गते कसौधन विरादरी समाजले बहिष्कार गरेको थियो।

अतिरिक्त जानकारीहरू

हेकुली गाविस-८ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३२ वर्षीय धनबहादुर वि.क. माओवादीबाट सुरक्षित रहन ०५८ असार ४ गते इलाका प्रहरी कार्यालयको कम्पाउण्ड बाहिर बम विच्छ्याउँदै गर्दा विस्फोट भई घाइते भए।

भारत सिद्धार्थनगर पंचायत-५ का २७ वर्षीय बडेलाल गुप्तालाई ०५८ असार ३० गते लक्ष्मीपुर गाविस-१ मुसोटबाट अज्ञात व्यक्तिहरूले अपहरण गरे।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २५ जना पुरूष र ८ जना महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो। २९ जनाले आत्महत्या गरे। ८ वटा बेवारिसे लास फेला परे। चोरी/डकैती का २८ वटा घटना भए भने दुर्घटनाका ३९ वटा घटना भए। आगलागीका २१ वटा घटना भए।

४.२ प्युठान

जनसंख्या	: २१२५२२
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: १७
क्षेत्रफल (वर्ग कि.मी.)	: १३०९
गाविस/नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २९७
क्याम्पस/उच्च मावि	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: १/११
टेलिफोन लाइन	: ३४७
मोटर सडक (कि.मी.)	: १५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ५०

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

खलंगा गाविस-९ का १४ वर्षीय पिंकी वि.क., १८ वर्षीय धनवहादुर वि.क., १६ वर्षीय हुमलाल वि.क., १३ वर्षीय राधा खड्का, १३ वर्षीय माया बस्नेत, १४ वर्षीय पदमा वि.क. र सोही ठाउँका व्यापारी मिलन श्रेष्ठ ०५७ चैत २७ गते खलङ्गा गाविस-९ भञ्ज्याङ बडाचौरस्थित बाटोमा माओवादीहरूद्वारा थापिएको एम्वुसमा परी घाइते भए।

सुर्खेत जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय जगतप्रसाद नेपाली र पर्वत जिल्लाका २८ वर्षीय हरिप्रसाद शर्माको ०५८ वैशाख १० गते नयाँगाउँस्थित माविमा एसएलसी परीक्षाको लागि खटिएर जाँदै गरेको अवस्थामा नयाँगाउँ गाविस-२ मा माओवादीहरूले थापेको एम्वुसमा परी मृत्यु भयो। साथै, अन्य ४-५ जना प्रहरी घाइते भए। घाइतेहरूलाई उपचारार्थ हेलिकप्टरद्वारा नेपालगञ्ज लगियो।

नयाँगाउँ गाविस चकचके इलाका प्रहरी कार्यालयमा कार्यरत दाङ जिल्लाका १९ वर्षीय ऋषिराज वली ०५८ जेठ २४ गते गस्ती गई फर्किरहेको अवस्थामा माओवादीहरूले एम्वुसमा पार्नुका साथै दोहोरो भीडन्त हुँदा सख्त घाइते भएकोमा प्युठान अस्पतालमा उपचार गर्दागर्दै ०५८ जेठ २४ गते मृत्यु भयो। सोही घटनामा २९ वर्षीय लालवहादुर चौधरी, २६ वर्षीय रमेश के.सी., २४ वर्षीय टेकवहादुर चौधरी र मदनसिंह धामी घाइते भए। घाइतेहरूलाई काठमाण्डौमा उपचार गरियो।

रोल्पा जिल्ला खुङ्ग्री गाविस-१ लाल्टीवाङका १५ वर्षीय जिवा सुवेदीलाई ०५८ माघ ११ गते दिउँसो भिंगृ गाविस-९ मा प्रहरीले गोली हानी घाइते वनाए। खुङ्ग्रीका गस्ती प्रहरी र माओवादीहरू बीच दोहोरो गोली हानाहान हुँदा घाँस काटिरहेको अवस्थामा पीडितलाई प्रहरीको गोली लागेको थियो। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

नयाँगाउँ गाविस-१ भगडगेरा भन्ने ठाउँमा ०५८ मंसिर ११ गते माओवादीहरूद्वारा विच्छ्याइएको एम्वुसमा सुरक्षा वल चढेर आएको ना.२ख ४२०३ नम्वरको वस क्षतिग्रस्त भयो। एम्वुसमा परी सुरक्षा वलका २ जनाको मृत्यु भयो। घाइतेहरूलाई उपचारार्थ हेलिकप्टरद्वारा काठमाण्डौ लगियो।

यस वाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना व्यक्तिको हत्या भयो। जसमा-

जुम्रिकाँडा गाविस-५ का ५० वर्षीय ओविराम घर्ती मगरलाई ०५७ माघ ७ गते आफ्नै छोरा २५ वर्षीय केदार घर्ती मगरले घरमा कोदालो प्रहार गरी हत्या गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

वादीकोट गाविस-५ का ४२ वर्षीय हरिवहादुर महतरालाई ०५८ पुस १३ गते राति नारीकोट गाविस-९ कोडरा भन्ने ठाउँमा सो ठाउँका मिनवहादुर गुरूङ, पोमवहादुर पुरी, जीतवहादुर गुरूङ र कृष्णवहादुर वि.क.ले कुटपिट गरी हत्या गरे। पीडकहरूमध्ये जीतवहादुरलाई सोही ठाउँका जनताले प्रहरीसमक्ष बुझाए भने अन्य फरार छन्।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २५ जना क्षमता भएको यस जेलमा हाल कैद तोकिएका १७ र नतोकिएका ८ गरी २५ जना वन्दी छन्। वन्दीहरूमध्ये कैद तोकिएका १५ पुरूष र २ महिला तथा कैद नतोकिएका ८ जना पुरूष छन्। जेलमा वन्दीहरूका लागि रेडियो र टिभीको व्यवस्था छ। धारा, चर्पी र विजुलीको सुविधा छ। वन्दीहरू सामान्य विरामी भएमा प्राथमिक स्वास्थ्य केन्द्रमा लगिन्छ तर, त्यहाँ उपचार हुन नसकेमा वाहिर लैजाने व्यवस्था छैन। वन्दीहरूले जेलमा टोपी, गलवन्दी आदि बुन्ने कार्य गर्दछन्। वन्दीहरूसँग हप्तामा दुई दिन, आइतवार र विहीवार भेट गर्न दिइन्छ।

गिरफ्तारी र यातना

नयाँगाउँ गाविस-६ का २१ वर्षीय फुर्से कुमाल, २१ वर्षीय कृष्णवहादुर कार्की, सोही गाविस-५ का २८ वर्षीय पदम भुसाल र सोही गाविस-३ का ४५ वर्षीय नरवहादुर खत्रीलाई माओवादीको आशंकामा ०५८ वैशाख १० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ३ दिनपछि रिहा गरियो।

गोठीवाङ गाविस-४ का २० वर्षीय वलराम थापा, २७ वर्षीय हुकुम परियार, सोही गाविस-६ का १९ वर्षीय खिमवहादुर थापा र २८ वर्षीय डोरवहादुर थापालाई माओवादीको आशंकामा ०५८ मंसिर १५ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितहरूलाई मंसिर २० गते रिहा गरियो।

मरन्ठाना गाविस-७ का ४६ वर्षीय टेकुलाल गिरीलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखियो।

धर्मावती गाविस-१ वाग्दुलाका ४५ वर्षीय मेघराज

कक्षपति र ५० वर्षीय वेगमबहादुर के.सी. लाई माओवादीको आशंकामा ०५८ पुस १३ गते आ-आफ्नै घरवाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई पुस २० गते हप्ता तारेखमा रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

बिजुवार गाविस-४ टाकुराका ४२ वर्षीय चित्रबहादुर थापालाई ०५७ चैत ५ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई जेठ पत्नीसँग मिलापत्र गराई अर्कोदिन मुक्त गरियो।

खैरा गाविस-६ का असई २९ वर्षीय श्यामकुमार आचार्यलाई आफ्नो आमाको मृत्यु भएको खबर सुनेर काजक्रिया गर्न भनी आएको अवस्थामा ०५८ वैशाख ६ गते चेरनेटाबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई असारमा मुक्त गरियो। पीडित रूकुम जिल्लामा कार्यरत थिए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गोलीद्वारा हत्या	१	१		१				
एम्बुसमा परी मृत्यु	१	२		२				
आफ्नै बमबाट मृत्यु					१	१		१
गोलीद्वारा घाइते	१	४		४	१		१	१
एम्बुसमा परी घाइते	२	४	४	८				
आफ्नै बमबाट घाइते					१	१८		१८
गिरफ्तारी र यातना					५	११		११
कुटपिट	१		१	१				
भेला र संगठित हुने अधिकार	१	४		४				
बलात्कार	४		४	४				
अपहरण	६	२५	१	२६				
जम्मा	१९	४२	१०	५२	८	३०	१	३१

बिजुवार गाविस-१ का नेकाँ जिल्ला कार्य समितिका सभापति ५८ वर्षीय मुक्तिप्रसाद शर्मालाई ०५८ जेठ ९ गते माओवादीहरूले आफ्नै घरवाट अपहरण गरे। पीडितलाई असार २८ गते मुक्त गरियो।

जिल्ला प्रहरी कार्यालय लिवाङ रोल्पाका प्रहरी जवान जंगवहादुर चन्दसहित २१ जनालाई ०५८ असार १९ गते रोल्पा जिल्लाको लिवाङबाट नेपालगञ्जतर्फ जानका लागि लिवाङ्बाट काठमाण्डौ जाने ना.२ख १५९८ नम्बरको बसवाट यात्रा गरिरहेको अवस्थामा भिंगृ गाविसको धनवाङ भन्ने ठाउँवाट माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये जंगवहादुरबाहेक अन्य सबै नव-प्रहरी थिए।

धुवाङ गाविस-६ तिल्केनीका ३३ वर्षीय दुर्गाबहादुर खड्कालाई ०५८ साउन ११ गते आगलागीको घटनामा संलग्न भएको आशंकामा घरवाट माओवादीहरूले अपहरण गरे। पीडितलाई मुक्त गरियो।

बेलबास गाविस-४ का नेपाल महिला संघ जिल्ला सभापति तथा बेलबासस्थित सामुदायिक वनका अधयक्ष ३६ वर्षीय सुशीला कालाथोकीलाई ०५८ मंसिर २७ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म पनि मुक्त गरिएको छैन।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खलंगास्थित कृषि विकास बैंक भवनमा ०५८ मंसिर ८ गते राति माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त वनाए। साथै भवन नजिकका ४-५ वटा घरमा समेत सामान्य क्षति पुग्यो।

बिजुवार गाविस-४ स्थित शाही नेपाली सैनिकको क्याम्पमा ०५८ मंसिर ११ गते दिउँसो माओवादीहरूले आगो लगाई क्षति पुऱ्याए। मंसिर १० गते क्याम्प छोडी सैनिक खलंगा

नेकपा (मसाल) का कार्यकर्ताको आक्रमणमा घाइते एमाले नेता डाक्टर पोखरेल तथा कार्यकर्ताहरू

गएका कारण खाली रहेको अवस्थामा माओवादीहरूले आगो लगाएका थिए।

बिजुवार गाविस-६ स्थित प्रहरी चौकी भवनमा ०५८ मंसिर १४ गते माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) का केन्द्रीय सदस्य शंकर पोखरेल, जिल्ला कमिटी सदस्यद्वय लक्ष्मीप्रकाश राजभण्डारी, विष्णु केसी र नेगनसिं कुवँरलाई ०५७ फागुन १२ गते सो पार्टीद्वारा नारीकोट गाविसमा आयोजित आमसभामा नेकपा (मसाल) का कार्यकर्ताहरूले ढुङ्गामुढा गरी घाइते बनाए। पीडकहरूले ब्यानर, झण्डा, माइक, क्यामरा, रेकर्डर, बाजागाजा लगायत्का सामानहरूसमेत लुटेर लगे।

महिला अधिकार

ओखरकोट गाविस-२ खहरेकी ७ वर्षीय एक बालिकालाई ०५८ साउन १२ गते गोठाला गएको अवस्थामा सोही ठाउँका १६ वर्षीय अनिल के.सी. र १७ वर्षीय बसन्त जिसीले बलात्कार गरे। पीडितको उपचार प्युठान अस्पतालमा गरियो भने पीडकहरू फरार छन्।

दाखाक्वाडी गाविस-७ की १४ वर्षीय अपाङ्ग बालिकालाई ०५८ असोज ६ गते २४ वर्षीय शंकर वि.क.ले दुई रूपैयाँ दिन्छु भनी फकाएर बलात्कार गरे। पीडित बालिकालाई परिवारले घरबाट निकाले भने पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

खाल गाविस-२ जोगीमाराकी २४ वर्षीय एक युवतीलाई सोही ठाउँका ३६ वर्षीय रामप्रसाद रिजालले शारीरिक सम्पर्क गरी रहेको गर्भ पतन गराउन पीडकले पटक-पटक दबाव दिएकोमा नमानेपछि ०५८ साउन १४ गते मकैबारीमा एक्लै फेला पारी कुटपिट गरी छुरासमेत प्रहार गरी घाइते बनाए।

बालअधिकार

एउटा नवजात शिशुलाई बारीको डिलमा लगी गाडिएको घटना सार्वजनिक जानकारीमा आयो।

अतिरिक्त जानकारीहरू

नयाँगाउँ गाविस-१ चकचकेस्थित इलाका प्रहरी कार्यालयका प्रहरी असई सुदन श्रेष्ठको ०५८ कार्तिक २२ गते कार्यालय परिसरमा आफ्नै हातमा रहेको विस्फोटक पदार्थ विस्फोट हुँदा मृत्यु भयो भने अन्य १८ जना प्रहरी घाइते भए। घाइते हुनेहरूमा सई बसन्त राना, असईद्वय पञ्चराम यादव, दिलिप गुरूङ, हवल्दारहरू बलराम गौतम, लालसिं धामी, कृष्णप्रसाद ओझा, रामबहादुर लिम्बु, अर्जुननाथ योगी, जवानहरू रामबहादुर दगौरा, इन्द्रबहादुर थापा, खगेन्द्र शाही, वेदीलाल सुवेदी, वीरबहादुर वि.क., टेकबहादुर के.सी., तुलबहादुर अधिकारी, केशवदत्त जोशी, लालसिं विष्ट र यज्ञबहादुर वली थिए। घाइतेहरूमध्ये ३ जनाको काठमाण्डौमा, ९ जनाको नेपालगञ्जमा र ६ जनाको प्युठानमा उपचार गरियो।

यस वर्ष यो जिल्लामा १ पुरुष र ४ जना महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा ३ जनाको मृत्यु भयो। १ बेवारिसे लास फेला पर्‍यो।

४.३ रोल्पा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

बुढागाउँ गाविस-१ रामीडाँडाका २३ वर्षीय गोपिलाल भन्ने गोविन्द वि.क. र जुगार गाविस-२ लापडाँडाका २५ वर्षीय चुर्णबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५७ माघ ११ गते सोही गाविस-१ तल्लो जुगारमा प्रहरीले गोली हानी हत्या गरे।

सुलिचौरस्थित इलाका प्रहरी कार्यालयबाट खुङ्ग्री इलाका प्रहरी कार्यालयतर्फ गएका प्रहरीहरूमाथि ०५७ फागुन २ गते दिउँसो मिझिङ गाविस-९ छिने र देउखुरी खोलाको बीचमा पर्ने जंगलनेर माओवादीहरूले आक्रमण गरी बाँके जिल्ला बनकटुवा गाविस-१ बागेश्वरीका प्रहरी जवान हर्कबहादुर वि.क.लाई हत्या गरे भने दाङ जिल्ला त्रिभुवन नपा-५ महदेवाका सई किरण पोखेल, प्रहरी जवानहरू बाँके जिल्ला कम्दी गाविस-४ का तिर्थराज खटिक र दाङ जिल्ला मानपुर गाविस-७ का तिर्थराज डाँगीलाई घाइते बनाए।

लिबाङ गाविस-९ का २५ वर्षीय बसन्त वि.क.लाई माओवादीको आरोपमा ०५७ फागुन २० गते दिउँसो खाना खान घरभित्र बसेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविसको मसिना भन्ने ठाउँमा पुर्‍याई बेलुका गोली हानी हत्या गरे। पीडितको लास दुई दिनपछि सुरक्षाकर्मीले नै गाडे। पीडितलाई चोरी गरेको आरोपमा १ वर्षअघिदेखि माओवादीहरूले अपहरण गरी लगेर निर्मम कुटपिट गरी आफूहरूसँगै राखेकोमा भाग्न सफल भएर दाङ गएका थिए।

लिबाङ गाविस-१ हरिगातिनाका ४७ वर्षीय मनसराम वलीलाई माओवादीको आरोपमा ०५७ फागुन २४ गते दिउँसो घर मर्मत गर्ने काठ लिन गई च्यानधारानेर विश्राम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए।सोही वडा जिमरेनीका ३९ वर्षीय रचन खत्री र हरिगातिनाका ३८ वर्षीय धनिराम वलीलाई पीडितलाई बोकाएर सुरक्षाकर्मीले ब्यारेकतर्फ लगेकोमा बेलुका सोही गाविस-५ र ९ को सीमानास्थित

धारहाल्ने भन्ने जंगलमा तीन जनालाई नै गोली हानी हत्या गरे।

पाख्वापानी गाविस-३ स्यालाका वडा सदस्य ४८ वर्षीय सूर्यबहादुर खत्री ०५७ चैत २४ गते कामको सिलसिलामा राँक गाविसमा गएको अवस्थामा ०५७ चैत २८ गते पाख्वापानी गाविस-६ बथान नेर लास फेला पऱ्यो। पीडितलाई कसले हत्या गऱ्यो भन्ने खुल्न सकेन। माओवादीहरूले आफ्ना बाबुको हत्या गरेको भनी पीडितका छोराले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे।

सल्यान जिल्ला कजेरी गाविस-६ घर भई होलेरीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान राजबहादुर गिरीलाई ०५८ असार २८ गते माओवादीहरूले कार्यालयमा आक्रमण गरी हत्या गरे। माओवादीहरूले सो कार्यालयबाट ६९ जना प्रहरीलाई अपहरण गरे।

खुमेल गाविस-७ खेवासेका ४८ वर्षीय जगबहादुर परियारलाई ०५७ फागुन २४ गते लिवाङ गाविस-१ हरिगातीनाको लाखुरी धारा नेर सुरक्षा बलद्वारा गोली प्रहार गर्दा मृत्यु भयो।

झ्नाम गाविस-२ झ्नामका निमलाल रोकालाई आफूहरूलाई खाना खान नदिएको विषयलाई लिएर विवाद हुँदा ०५८ असोज ७ गते राति माओवादीहरूले कुटपिट गरी हत्या गरे।

खुमेल गाविस-४ का ३६ वर्षीय बलिराम थापा, सोही गाविस-५ का ६५ वर्षीय मनबहादुर गुरूङ, १२ वर्षीय फुसी रोका, सोही गाविस-६ का २८ वर्षीय डिलबहादुर घर्ती र ६० वर्षीय गायत्री गुरूङ ०५८ मंसिर १५ गते दिउँसो खुमेल गाविस-४ मेलधारामा बराह पुजा गर्ने मेलामा उपस्थित भएको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीले हेलिकप्टरबाट गोली प्रहार गर्दा मृत्यु भयो। त्यसैगरी सोही गाविस-४ का ३० वर्षीय श्यामकली थापा, ६ वर्षीय मनबहादुर घर्ती, २६ वर्षीय ज्ञानेन्द्र घर्ती, सोही गाविस-३ का २५ वर्षीय कृते दमाइ, सोही गाविस-८ का ६५ वर्षीय दलु घर्ती, सोही गाविस-७ का ४१ वर्षीय नरबहादुर घर्ती र खुङ्ग्री गाविस-९ लामाचौकीका ४४ वर्षीय तिजा पुन गोलीद्वारा सख्त घाइते भए। पीडितहरूलाई उपचारका लागि आफन्तहरूले अन्यत्र लगे। पीडितहरू नेकाँ समर्थक हुन्।

राँक गाविस रानामाटास्थित दूरसञ्चार संस्थानको रिपिटर टावरमा ०५८ मंसिर २३ गते राति माओवादीहरूले आक्रमण गरे। सोक्रममा शाही नेपाली सैनिक र माओवादीबीच दोहोरो



जनसंख्या	: २२००८८
साक्षरता प्रतिशत	: २९.१
महिला साक्षरता प्रतिशत	: १६.६
क्षेत्रफल (वर्ग कि.मी.)	: १८७९
गाविस/नपा संख्या	: ५१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३००
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/३९
टेलिफोन लाइन	: १६
मोटर सडक (कि.मी.)	: ६०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ५१

भीडन्त हुँदा सैनिक तर्फ ४ जना र माओवादीतर्फ १८ जनाको मृत्यु भएको सार्वजनिक जानकारीमा आयो। रक्षा मन्त्रालयको विज्ञप्तिमा ६० जना भन्दा बढी माओवादी र ४ जना सैनिकको मृत्यु भएको जनाइयो। तर, माओवादीतर्फ कति जनाको मृत्यु भएको थियो भन्नेबारे हालसम्म यकिन हुन सकेको छैन।

बुढागाउँ गाविस-६ छेपका २८ वर्षीय हर्मन बुढालाई ०५८ पुस ४ गते दिउँसो सोही गाविस-७ मा सुरक्षाकर्मीहरू आएको देखेर बम विस्फोट गरी भाग्न खोज्दा सुरक्षाकर्मीले गोली गोली प्रहार गर्दा मृत्यु भयो। त्यसैगरी सल्यान जिल्ला गर्पा गाविस सारपानीका २९ वर्षीय मनबहादुर बुढा गोलीद्वारा घाइते भए। सोही ठाउँबाट जुगार गाविस-७ जावलकी २१ वर्षीय हिरा पुनलाई माओवादी भएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे।

कोर्चावाङ गाविस-८ रिचाडाँडाका नेकपा (माले) का गाउँ कमिटी सचिव ४६ वर्षीय दलबहादुर घर्तीलाई ०५८ पुस ११ गते सोही गाविस-७ दिवाङस्थित आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मिसीडाँडास्थित अस्थायी क्याम्पमा लगेर कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई घर फर्काउने क्रममा राति भएकाले सोही गाविसका एक व्यक्तिको घरमा राखिएकोमा राति १० बजेतिर मृत्यु भयो।

०५८ मंसिर १६ गते यस जिल्लाको विभिन्न ठाउँमा सुरक्षा बल र माओवादी बीच भीडन्त हुँदा कम्तिमा ३७ जना मारिएको कुरा सरकारी पक्षले सार्वजनिक गऱ्यो। तर यस घटनाको पुष्टि हुन सकेन।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको घटनामा ३ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरू

कूल १० वटा कोठा र २ वटा शौचालय भएको रोल्पा जेल "घ" श्रेणीको हो। यस जेलको क्षमता ५० जनाको छ। यस वर्ष यो जेलमा ३५ जना बन्दी छन्, जसमध्ये कैद नतोकिएका २५ पुरूष, १ महिला गरी २६ जना र कैद तोकिएका ७ पुरूष, २ महिला गरी ९ जना छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार भई मुद्दा लागेका १ महिला र ३० पुरूष गरी ३१ जना छन्। व्यक्तिगत मुद्दामा २ पुरूष र २ महिला छन्। यस वर्ष ७ पुरूष र १ महिला गरी ८ जना थुनामा परे भने १६ पुरूष र ६ महिला गरी २२ जना बन्दी र कैद पूरा गरी

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
गोलीद्वारा हत्या	४	१०		१०	८	३१	२	३३
गिरफ्तारी र यातना					८	१३		१३
वेपत्ता पारिएको	२५	२४	१	२५				
कुटपिट	१	१		१				
बलात्कार	१		१	१				
गर्भपतन	१		१	१				
आर्थिक अधिकार	१	३		३				
अपहरण	८	७६		७६				
जम्मा	४४	११७	३	१२०	१६	४४	२	४६

२ पुरूष र ३ महिला गरी कूल २७ जना छुटे। कैद तोकिएका २ पुरूष र कैद नतोकिएका १ पुरूप गरी ३ जना ०५८ कार्तिक ३ गते राति जेलबाट सुरूङ खनेर भागे। जेलमा महिला र पुरूष वन्दी गृह एउटै भएकाले महिलाहरूलाई राति कोठामा ताला लगाएर राखिन्छ, जसले गर्दा महिलाहरूले दिसा पिसाव पनि कोठामा नै गर्नुपर्ने वाध्यता छ। वन्दीहरूलाई विरामी भएमा हेल्थपोष्ट र हेल्थ सेन्टरमा उपचार गरिन्छ। वन्दीहरूका लागि टिभि राखिएको छ भने एउटा रेडियो र केही पत्रपत्रिकाको पनि व्यवस्था गरिएको छ। जेल धेरै पुरानो भएकाले भौतिक अवस्था जीर्ण छ।

गिरफ्तारी र यातना

घर्तीगाउँ गाविस-१ घर्तीगाउँका सन्तवीर घर्तीलाई माओवादीको आरोपमा ०५७ माघ १० गते विहान प्रहरीले आफ्नै घरवाट गिरफ्तार गरे। पीडितलाई हेलिकप्टरवाट विभिन्न प्रहरी कार्यालय हुँदै सदरमुकाम पुऱ्याएर ०५७ माघ १५ गते हानहतियार खरखजाना मुद्दा लगाई थुनुवा पुर्जी दिइयो। पीडितलाई २४ हजार रूपैयाँ धरौटी राख्न नसकेका कारण थुनामा राखिएको छ।

थवाङ गाविस-८ ठूलोगाउँका १९ वर्षीय अन्तिम नेपालीलाई माओवादीको आरोपमा ०५७ फागुन १९ गते विहान व्यापारको सिलसिलामा बुटवलवाट सुलिचौर हुँदै थवाङका लागि हिँडिरहेको अवस्थामा प्रहरीले प्युठान जिल्ला भिङ्ग्री इलाका प्रहरी कार्यालयको अगाडिवाट गिरफ्तार गरे र चौकीमा यातना दिएर अड्डा सार गर्दै फागुन ३० गते विहान जिल्ला प्रहरी कार्यालय पुऱ्याइयो। पीडितलाई नौ दिनसम्म थुनुवा पुर्जी नदिई थवाङ गाविस उपाध्यक्षको जिम्मेवारीमा प्रहरी कार्यालयमा पटक-पटक उपस्थित हुने शर्तमा चैत ७ गते रिहा गरियो।

थवाङ गाविस-४ चावाङका कर्मबहादुर बुढालाई माओवादीको आरोपमा ०५८ असोज ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

भावाङ गाविस वाछेका निमावि, पाछावाङका शिक्षक २० वर्षीय मोहनसिं बाँठा, गुल्मी जिल्ला धुरकोट गाविस-८ राजस्थलका २५ वर्षीय दामोदर पन्थी, दाङ जिल्ला त्रिभुवननगर नपा-१० घोराहीका ५५ वर्षीय खलिल खान, भावाङ गाविस-८ का २७ वर्षीय शिवकुमार घर्ती, सोही ठाउँका २० वर्षीय दिपक घर्ती र लिवाङ गाविस-६ का ३० वर्षीय चिन्तामणि आचार्यलाई ०५८ मंसिर ९ गते विहान वन तथा भू-संरक्षण सहायक मन्त्री सुरेन्द्र हमालको घरमा माओवादीले वम विस्फोटन गराएपछि उक्त कार्यमा संलग्न भएको आशंकामा लिवाङ वजारवाट प्रहरीले गिरफ्तार गरी मंसिर ११ गते रिहा गरियो।

खुङ्ग्री गाविस-१ का धनवहादुर गिरी, सोही ठाउँका पूर्णबहादुर गिरी र लिवाङ गाविस-३ सल्लिवोटका १७ वर्षीय रवि वि.क.लाई माओवादी भएको आरोपमा ०५८ मंसिर १५ गते खुमेल गाविस-४ मेलधारावाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०५८ पुस ५ गते रिहा गरियो।

कोर्चावाङ गाविस-७ मिसिडाँडास्थित प्रस्तावित माविका प्रधानाध्यापक २९ वर्षीय सुववहादुर बुढालाई ०५८ पुस ६ गते घर्ती गाउँस्थित सुरक्षाकर्मीको अस्थायी क्याम्पमा बोलाइएको हुँदा उक्त क्याम्पमा गएको अवस्थामा माओवादी भएको आरोपमा क्याम्पमै राखियो। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

इरिवाङ गाविस-३ का इन्द्रबहादुर घर्तीलाई ०५८ पुस १ गते काठमाण्डौवाट घर फर्किरहेको अवस्थामा माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

बेपत्ता पारिएको अपहरण गरिएको

अरंस गाविस-४ ठूलोगाउँका ३३ वर्षीय भानसिं पुनलाई ०५७ माघ १९ गते माओवादीहरूले आफ्नै घरवाट अपहरण गरी चैत १८ गते मुक्त गरे।

थवाङ गाविस-७ खावाङ खोलाका ३७ वर्षीय दिलप्रसाद बुढालाई ०५७ फागुन १ गते माओवादीहरूले घरवाट अपहरण गरी ०५८ वैशाखमा मुक्त गरे।

थवाङ गाविस-६ फुलिगाउँका ३६ वर्षीय हिरा रोकालाई ०५८ फागुन १८ गते माओवादीहरूले उनकै घरवाट अपहरण गरी ०५८ वैशाखमा मुक्त गरे।

जंकोट गाविस-४ जंकोटका गाविस उपाध्यक्ष ६० वर्षीय मोतिलाल पुनलाई गाउँ परिषद्को भेला वोलाएको आरोपमा ०५७ फागुन २८ गते दिउँसो घरवाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५७ चैत ८ गते आफ्नै गाउँमा माओवादीहरूले आमसभा गरी आत्मालोचना गर्न लगाएर ५ हजार रूपैयाँ लिई मुक्त गरे।

काँटगाउँ गाविस-९ धावाङका रूपलाल खत्रीलाई ०५७ चैत ३ गते आफ्ना नातेदारहरूले लिवाङ गाविस-६ स्थित डेरावाट बोलाएर घरमा लगेकोमा भोलिपल्ट ४ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५८ जेठमा मुक्त गरियो।

जिनावाङ गाविस-६ जहेलेका पूर्व जिविस सदस्य जुद्धबहादुर डाँगीलाई ०५७ चैत ९ गते "केही कुरा बुझ्नु छ" भनी आफ्नै घरवाट माओवादीहरूले अपहरण गरे। पीडितलाई चैत १२ गते मुक्त गरियो।

डुविडाँडा गाविस-४ जसपुरका जिविस सदस्य ४३ रूद्रमणि सुवेदीलाई ०५७ चैत ११ गते बास्केट कार्यक्रमवाट संचालित मोटर बाटो हेर्न गएको अवस्थामा सोही गाउँको जलकुनेबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई बास्केट कार्यक्रमबाट संचालन भएको मोटर बाटो निर्माण कार्य स्थगित गर्ने शर्तमा चैत १४ गते मसिना गाविस-५ सुर्पालनेटाबाट मुक्त गरियो।

पाङ गाविस-१ पोखराका ३१ वर्षीय दामबहादुर वि.क. र २५ वर्षीय धने वि.क.लाई ०५७ चैत २१ गते सोही गाविस-३ वाट माओवादीहरूले अपहरण गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

घर्तीगाउँ गाविस-१ घर्तीगाउँका ४० वर्षीय चन्द्रसिं दमाईलाई सुराकी गरेको आरोपमा ०५७ चैत २३ गते माओवादीहरूले आफ्नै घरवाट अपहरण गरे। पीडितलाई ०५८ जेठमा मुक्त गरियो।

घर्तीगाउँ गाविस-१ घर्तीगाउँका ३५ वर्षीय खलराम दमाईलाई सुराकी गरेको आरोपमा ०५७ चैत २३ गते बेलुका माओवादीहरूले आफ्नै घरबाट अपहरण गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

हार्जङ गाविस-३ डाँडाथोकका ३५ वर्षीय तिलाराम गिरी, ५० वर्षीय जुद्धवहादुर रोका, सोही ठाउँ गैराडेराका ३५ वर्षीय ओमप्रसाद पुन, ३५ वर्षीय पुस्ते पुन, ५९ वर्षीय भागीलाल पुन, २३ वर्षीय आलाराम पुन र ५१ वर्षीय कौशीला पुनलाई सुराकी गरेको आरोपमा ०५८ वैशाख ३ गते आ-आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

भक्तपुर जिल्ला नँख्वेल घर भई होलेरीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत इन्स्पेक्टर माधव खत्रीलाई ०५७ चैत १४ गते दिउँसो होलेरीबाट ना. १ ख २४४३ नं. को बसमा दाङ जिल्लाको घोराहीतर्फ गडरहेको अवस्थामा भेनाम गाविस खुमबासबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५८ वैशाख २६ गते आफ्नो बाबुको जिम्मा लगाई मुक्त गरियो।

तेवाङ गाविस-४ तेवाङका ३१ वर्षीय रितबहादुर पुनलाई चोरी गरेको आरोपमा ०५८ वैशाख ८ गते माओवादीहरूले अपहरण गरी चोरी गरेको क्यासेट फिर्ता गराएर मुक्त गरे।

घर्तीगाउँ गाविस-१ घर्तीगाउँका गाविस अध्यक्ष ३२ वर्षीय गोपाल घर्तीलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०५८ वैशाख १४ गते दिउँसो माओवादीहरूले अपहरण गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

घर्तीगाउँ गाविस-१ डाँडागाउँका ३९ वर्षीय मानबहादुर घर्ती र २२ वर्षीय शेरबहादुर घर्तीलाई विद्यालय मर्मत गर्दा भ्रष्टाचार गरेको आरोपमा आ-आफ्नै घरवाट ०५८ वैशाख २५ गते माओवादीहरूले अपहरण गरी केही दिनपछि मुक्त गरे।

नेकपा मालेका पार्षद शोभाराम बस्नेत र जिल्ला कमिटी सचिव मानबहादुर बाठालाई तालावाङ र घर्तिगाउँ गाविसको सिमाना डिवाङ चौरबाट ०५८ असार ५ गते माओवादीहरूले अपहरण गरे। पार्टीको कार्यक्रम सकेर तालावाङ गाविसवाट फर्कँदै गर्दा अपहरण गरिएका पीडितहरूलाई २ दिनपछि मुक्त गरियो।

लिवाङ गाविस-६ लिवाङ बजारका २५ वर्षीय चित्रबहादुर बुढाथोकी र सोही गाविस-५ काव्रेखर्कका २७ वर्षीय बुद्धिराम बुढालाई ०५८ असार २३ गते सोही गाविस-७ वामरूकबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ०५८ असार २९ गते धवाङ गाविसबाट मुक्त गरियो।

इलाका प्रहरी कार्यालय होलेरीमा ०५८ असार २८ गते माओवादीहरूले आक्रमण गरी त्यहाँ कार्यरत ६९ जना प्रहरीहरूलाई अपहरण गरे। अपहरण गरिएकाहरूमा इन्स्पेक्टर

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकी हिरा पुन

मदन गुरूङ्ग, सई परशुराम मल्ल, असई पुनाराम चौधरी, गगनदेव साह, लालबहादुर वस्नेत, केशवराज मरासिनी, हवल्दारहरू कुलप्रसाद श्रेष्ठ, जंगादत्त जोशी, हिक्मतबहादुर चन्द, नेत्रबहादुर रोका, डिल्लीबहादुर राना, केशव सिं थापा, वुद्धिबहादुर गुरूङ्ग, रामवहादुर क्षेत्री, दुर्गाबहादुर कुँवर, ओभीराम वि.क., प्रभातकुमार श्रेष्ठ, शिवप्रसाद अधिकारी, गोपालप्रसाद लम्साल, टंकनाथ सुवेदी, रामबहादुर बोहरा, कृष्णबहादुर थापा तथा प्रहरी जवानहरू चक्रवहादुर खड्का, घनश्याम बुढा, कृष्णवहादुर घर्ती, भिमवहादुर थापा, ढकवीर बस्नेत, हिमनाथ योगी, हरजित पाल, दुर्गाबहादुर वस्नेत, नारायण गिरी, खड्कबहादुर बस्नेत, वच्चु महतो, अनुप साह, सचेन्द्र श्रेष्ठ, प्रेमबहादुर चन्द, कुशलराज पाण्डे, वसन्तकुमार थापा, दुधबहादुर घर्ती, शिववहादुर खड्का, ओमप्रकाश पुन, गञ्जबहादुर घर्ती, भोला राउत, कर्णवहादुर गुरूङ्ग, रमेशप्रसाद चौधरी, शम्भुप्रसाद चौधरी, विनोद चौधरी, हुकुम बस्नेत, रूद्रबहादुर गुरूङ्ग, राजेन्द्र लामिछाने, कृष्ण कुमाल, खिमविक्रम के.सी., टिकाराम पोखरेल, होमनारायण गुप्ता, छविलाल वि.क., राजेश गुरूङ्ग, सञ्जय आचार्य, सुनिल कुमार थापा, अमन बुढा, पूर्णबहादुर घर्ती, हेमन्त बुढाथोकी, जनकबहादुर पुन, श्यामलाल पुन, अमरबहादुर घर्ती, जहग चौधरी, कुलविर भण्डारी, कुशबहादुर डाँगी, खुमबहादुर पुन र तिलबहादुर पुन थिए। अपहरित प्रहरीहरूलाई रोल्पा तथा रूकुमका विभिन्न ठाउँहरूबाट मुक्त गरियो।

राँक गाविस-२ ओर्जलेका ४८ वर्षीय गोपीलाल वलीलाई ०५८ असार २९ गते सुराकी गरेको आरोपमा माओवादीहरूले उनकै घरबाट अपहरण गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

कोर्चावाङ गाविस-६ का २४ वर्षीय तीर्थबहादुर घर्तीलाई ०५८ साउन २३ गते विहान माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ २२ गते मुक्त गरियो।

खुमेल गाविस-४ मेलधाराका ४१ वर्षीय खिमबहादुर घर्ती र सोही गाविस-६ गोठमारेका २२ वर्षीय तीर्थबहादुर थापालाई आफ्नो पार्टीको विरूद्धमा कार्य गरेको आरोपमा ०५८ मंसिर १६ गते बेलुका माओवादीहरूले अपहरण गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

इरिवाङ गाविस-१ का ५० वर्षीय खड्कबहादुर पुनलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म वेपत्ता पारिएको छ।

लिवाङ गाविस-८ वाइगाउँका ५८ वर्षीय पुनाराम चन्दलाई सुराकी गरेको आरोपमा ०५८ पुस १५ गते बेलुका आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

लिवाङ गाविस-६ लिवाङ वजारस्थित नेपाल बैंक लिमिटेड वसेको वन तथा भू-संरक्षण राज्यमन्त्री सुरेन्द्र हमालको घरमा ०५८ मंसिर ९ गते विहान माओवादीहरूले बम विस्फोटन गराए। सो क्रममा सोही ठाउँका ६० वर्षीय थमबहादुर सेन र ४५ वर्षीय मनवहादुर सेनको घरमा समेत क्षति पुग्यो।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन वर्ष वा सोभन्दा बढी अवधिदेखि फर्स्यौट हुन बाँकी सरकारवादी फौजदारी मुद्दा ११ एवम् देवानी १ र दुनियावादी फौजदारी १ गरी जम्मा १३ वटा, १ वर्षसम्मका फर्स्यौट हुन बाँकी सरकारवादी फौजदारी ६ र देवानी २ गरी जम्मा ८ र ६ महिनासम्म वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी १, दुनियावादी फौजदारी १ र देवानी १ गरी जम्मा ३ वटा मुद्दा छन्। यसरी कूल २४ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस वर्ष सरकारवादी फौजदारी ५, दुनियावादी फौजदारी २ र देवानी ४ गरी ११ वटा मुद्दा दर्ता भए। यस वर्ष सरकारवादी फौजदारी १०, दुनियावादी फौजदारी १ र देवानी ३ गरी १४ वटा मुद्दा फर्स्यौट भए। गत वर्ष फर्स्यौट हुन बाँकी ४० वटा थिए भने यस वर्ष २६ वटा मात्र फैसला हुन बाँकी छन्। विगत वर्षहरूभन्दा धेरै मुद्दा फैसला भएका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ३३ घर परिवार सुकुम्बासी रहेको कुरा मालपोत कार्यालयले जनायो। ४ पटकसम्म सुकुम्बासी समस्या समाधान आयोग गठन भइसक्दा पनि हालसम्म जग्गा वितरण गरिएको छैन।

७ सय ९१ जनालाई वृद्ध भत्ता, १ हजार ६ सय ७५ जनालाई विधवा भत्ता र ५० जनालाई अपाङ्ग भत्ता वितरण गरिएको कुरा जिविसले जनायो।

महिला अधिकार

बलात्कार/ बलात्कार प्रयास

भिफिङ गाविस-७ छिर्नेकी ८ वर्षीय एक बालिकालाई ०५८ मंसिर ३० गते सोही गाविस-६ का १८ वर्षीय ईश्वरबहादुर महराले बलात्कार गरेको भनी पीडितका बाबुले उजुरी दिए। पीडक फरार छन्।

गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

४.४ सल्यान

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

चाँदेकरञ्जी गाविस-३ का नेकाँका कार्यकर्ता २४ वर्षीय डण्डवीर रोकालाई ०५७ माघ १३ गते घरबाट माओवादीहरूले अपहरण गरी करंजीको जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लास माघ १४ गते क्षतविक्षत अवस्थामा फेला पऱ्यो।

लुहामस्थित इलाका प्रहरी कार्यालयको प्रहरी टोली ०५७ माघ २७ गते त्रिवेणी गाविस-७ पोखीजयुलाको जंगलमा गस्ती गर्न पुगेको अवस्थामा दिउँसो माओवादीहरूले थापेको एम्बुसमा परी ३६ वर्षीय असई धनबहादुर भुजेल, ३० वर्षीय हवल्दार मोहनबहादुर शाह, प्रहरी जवानहरू २३ वर्षीय गेहेन्द्र गिरी, २९ वर्षीय ध्रुवराज आर.सी., २१ वर्षीय शर्माप्रसाद यादव, २४ वर्षीय होमबहादुर के.सी. र २५ वर्षीय योगेन्द्र अहिर घाइते भए। घाइतेहरूमध्ये गेहेन्द्र र योगेन्द्रलाई उपचारार्थ काठमाण्डौ लगियो।

जनसंख्या	:	२१४५८३
साक्षरता प्रतिशत	:	४६
महिला साक्षरता प्रतिशत	:	३०
क्षेत्रफल (वर्ग कि.मी.)	:	१४६२
गाविस/नपा संख्या	:	४७/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३०५
क्याम्पस/उच्च मावि	:	४/०
अस्पताल/स्वास्थ्य चौकी	:	०/४८
टेलिफोन लाइन	:	४६
मोटर सडक (कि.मी.)	:	१६०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	४७

सिद्धेश्वरी गाविस-२ का नेकपा (एमाले) का कार्यकर्ता ४७ वर्षीय शोभाराम बस्नेतलाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०५८ साउन ६ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

पौष्टिक आहार कार्यक्रमका कर्मचारीहरू चितवन जिल्ला घर भएका नासु ईश्वर भट्टराई, कपिलवस्तु जिल्ला घर भएका खरिदार कोमल खनाल, कजेरी गाविस-६ का ट्रक ड्राइभर रोशनलाल बुढाथोकी र सर्लाही जिल्ला घर भएका पियन जीवन चौधरी, डाँडागाउँ गाविस-७ का कृषक शुक्रलाल भण्डारी र नाम थाहा नभएका ८ जना माओवादी गरी कूल १३ जनाको ०५८ मंसिर १२ गते ट्रकमा खलंगातर्फ गइरहेको अवस्थामा सिद्धेश्वरी गाविस-१ मा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पौष्टिक आहार कार्यक्रमको बा. १ क. २५९९ नं.को ट्रकमा सशस्त्र माओवादीहरूले सुरक्षाकर्मी माथि आक्रमण गरेपछि सो घटना भएको थियो।

सुरक्षाकर्मीको गोलीद्वारा ०५८ मंसिर १४ गते ७० जना माओवादीहरूको एउटै ठाउँमा मृत्यु भएको समाचार ०५८ मंसिर १५ गते रक्षा मन्त्रालयले बताएको भन्दै सञ्चार माध्यमहरूले प्रकाशन/प्रशारण गरे। सुरक्षाकर्मीले खोजबिन गर्दा कजेरी, सिद्धेश्वरी र काभ्रा गाविसका जंगलमा हेलिकोप्टरबाट गोली प्रहार गरेको पुष्टि भयो। तर, कुनै पनि ठाउँमा मृत्यु भएको भने पुष्टि हुन सकेन।

निगाल्चुला गाविस-२ बयालेका ४६ वर्षीय भद्रसिंह खत्रीलाई आफ्नो कार्यक्रममा जान अस्वीकार गरेको आरोपमा ०५८ मंसिर १७ गते माओवादीहरूले घरबाट जबरजस्ती बाहिर निकाली दुवै खुट्टामा गोली हानी सख्त घाइते बनाए।

धनवाङ गाविस-१ कपुरकोटस्थित दूरसञ्चार सञ्चारको रिपिटर स्टेशनमा ०५८ मंसिर २५ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भीडन्त हुँदा सुरक्षाकर्मीले चलाएको गोलीबाट ११ जना माओवादीहरूको मृत्यु भयो भने माओवादीहरूले चलाएको गोलीबाट २ जना सुरक्षाकर्मीको मृत्यु भयो। त्यसैगरी स्टेशन वरिपरी ०५८ मंसिर २६ गते सुरक्षाकर्मीले जंगल सर्च गर्दा माओवादीहरूसँग भीडन्त भयो। सुरक्षाकर्मीको गोलीद्वारा ३ जना माओवादीको मृत्यु भएको सुरक्षाकर्मीले जनाए। सोही गाविस-८ का २२ वर्षीय इन्द्रबहादुर बुढा, सोही गाविस-४ का १८ वर्षीय दलबहादुर नेपाली र हिराबहादुर यरी हालसम्म बेपत्ता भएको हुँदा सो दिन उनीहरू मारिएको हुनसक्ने आशंका गरिएको छ।

थारमारे गाविस-४ को जंगलमा ०५८ पुस २ गते एक जना माओवादी कार्यकर्ताको गस्ती सुरक्षाकर्मीद्वारा प्रहार गरिएको गोलीद्वारा मृत्यु भयो।

दाङ जिल्ला तुल्सीपुर नपा-६ का ३२ वर्षीय खड्कनाथ योगी र फलावाङ गाविस-७ का ३१ वर्षीय पोषण रावत ०५८ पुस ३ गते दाङतर्फ गइरहेको अवस्थामा रिम गाविस-९ सिस्नेरी

कपुरकोट घटनामा घाइते माओवादी कार्यकर्तालाई सैनिक अस्पतालमा उपचार गरिँदै

खोलाको जंगलमा माओवादीहरूद्वारा थापिएको एम्बुसमा परी सख्त घाइते भए। पीडितहरूमध्ये खड्कनाथलाई उपचारार्थ भारतको लखनउ पुऱ्याइयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

"घ" श्रेणीको सल्यान जेलको बन्दी क्षमता २० जना मात्र भए पनि कैद नतोकिएका ३ महिला सहित १५ जना र कैद तोकिएका १८ जना गरी कूल ३३ जना बन्दी छन्। यसबाहेक २ जना आश्रित नाबालक छन्। जेलमा महिला वन्दीका लागि छुट्टै कोठा भएता पनि त्यसैमा खाद्य भण्डार र चर्पी भएकोले साह्रै साँघुरो र प्रदुषित भएको बन्दीहरू बताउँछन्। जेलको भौतिक अवस्था निकै जीर्ण छ। गर्मी मौसममा खानेपानीको अभाव हुने बन्दीहरू बताउँछन्।

कुपिण्डेदह गाविस-८ का २१ वर्षीय एकेन्द्र खड्काले आफ्नै आमालाई खुकुरी प्रहार गरी हत्या गरेकाले २० वर्ष कैद तोकिएर जेलमा रहेकोमा ०५७ फागुन २५ गते भागेर घरमा गई बसेका छन्। उनलाई पुनः गिरफ्तार गरेर ल्याउनका लागि प्रहरी-प्रशासन उनको घर भएको ठाउँसम्म पुग्न सकेको छैन।

गिरफ्तारी र यातना

हिवल्चा गाविस-८ का सोही ठाउँस्थित प्राविका शिक्षक ३३ वर्षीय डम्बर चलाउनेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस ६ गते सेजवालटाकुस गाविस-१ सार्कीबाराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गर्नुका साथै आँखा र मुखमा पट्टी बाँधेर मानसिक तथा शारीरिक यातना दिइयो। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

बेपत्ता पारिएको / अपहरण गरिएको

झिम्मे गाविस-४ ठूलीखर्कका ३३ वर्षीय जयबहादुर खड्कालाई पार्टी छाडेर जिल्ला प्रशासनसमक्ष आत्मसपर्मण गरेको आरोपमा ०५७ पुस २५ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडित ०५८ मंसिर १३ गते निगाल्चुला गाविसबाट हत्कडीसहित भाग्न सफल भए।

बडागाउँ गाविस-९ बराचौरका ४३ वर्षीय बलबहादुर बुढाथोकी र उनका छोरा १९ वर्षीय जीवन बुढाथोकीलाई सुराकी गरेको आरोपमा ०५७ माघ १७ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितहरूमध्ये जीवन माघ १८ गते भाग्न सफल भएकोमा०५७ माघ २२ गते पुनः अपहरण गरे। त्यसपछि पुनः भाग्न सफल भई भारत गए। बलबहादुरलाई भने कुटपिट गरी केही समयपछि मुक्त गरियो।

सिद्धेश्वरी गाविस-४ का फल्लेखर्च प्रस्तावित निमाविका शिक्षक ३६ वर्षीय खिमलाल चलाउनेलाई सुराकी गरेको आरोपमा ०५७ फागुन २ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी फागुन १५ गते मुक्त गरियो।

दार्माकोट गाविस-१ का ३० वर्षीय वीरथाने कामीलाई ०५७ फागुन ९ गते माओवादीहरूले घरबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

दर्माकोट गाविस-५ का ५० वर्षीय थलबहादुर चन्दलाई जरबजस्ती अर्काको घरमा खानतलासी गर्ने माओवादी क्रियाकलापको विरोध गरेको आरोपमा ०५७ फागुन ११ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी १५-२० दिनपछि मुक्त गरियो।

मर्मपरीकाँडा गाविसका अध्यक्ष नेकपा (एमाले) का कार्यकर्ता ३१ वर्षीय दलबहादुर बुढालाई भ्रष्टाचार गरेको आरोपमा ०५७ चैत १० गते माओवादीहरूले "कार्यक्रम हेर्न स्कूलमा जाऔं" भनी स्कूलमा पुऱ्याएर दुवै हात पछाडि डोरीले बाँधेर अपहरण गरी कुटपिट गरे। पीडित भोलिपल्ट भाग्न सफल भए।

वामे गाविस-८ का सोही ठाउँस्थित प्रस्तावित निमाविका प्रधानाध्यापक ३३ वर्षीय गोरखबहादुर रावतलाई ०५७ चैत २० गते सोही ठाउँस्थित ससुराली घरबाट माओवादीहरूले कुटपिट गरी अपहरण गरे। पीडितलाई चैत २२ गते सख्त घाइते अवस्थामा मुक्त गरियो।

वामे गाविस-८ का मूलखोला गाविसस्थित मावि शंखपिपल च्यूराका प्रधानाध्यापक २९ वर्षीय चक्रबहादुर रावतलाई ०५७ चैत २० गते अभिभावक तथा व्यवस्थापन समितिको बैठकमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे।

माओवादीद्वारा अपहरण गरिएका गाविस अध्यक्ष कृष्ण बहादुर बुढा, गोरखबहादुर रावत र नेत्रलाल भण्डारी

दमाचौर गाविस-९ का २९ वर्षीय गणेश वि.सी. लाई पार्टी परित्याग गरी प्रशासनसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५८ वैशाख १३ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी मुक्त गरियो।

दमाचौर गाविस-३ का २८ वर्षीय हिरालाल भण्डारीलाई माओवादी पार्टी परित्याग गरेको आरोपमा ०५८ वैशाख १८ गते

माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी मुक्त गरियो।

ढाकाडाम गाविस-७ किमुटाकुराका ४७ वर्षीय कृष्णबहादुर बुढाथोकीलाई ०५८ जेठ ५ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई मानसिक यातना दिँदै विभिन्न ठाउँ घुमाएर असोज २९ गते मुक्त गरियो।

खलंगा गाविस-७ गणेशस्थानका शिव जन उच्च मा.वि. का प्राचार्य ४५ वर्षीय बादलकुमार श्रेष्ठलाई ०५८ जेठ ७ गते माओवादीहरूले विद्यालयबाट अपहरण गरे। पीडितलाई मानसिक यातना दिँदै विभिन्न ठाउँमा घुमाएर जेठ २६ गते ४ हजार ५ सय रूपैयाँ असुल गरी मुक्त गरियो।

लक्ष्मीपुर गाविस-२ पोखराका ४६ वर्षीय रत्नलाल भण्डारीलाई गाविसको काम संचालन गरेको आरोपमा ०५८ जेठ ११ गते सोही गाविस-९ बाट माओवादीहरूले अपहरण गरे। पीडितलाई जेठ १३ गते मुक्त गरियो।

थारमारे गाविस-४ बागचौरका ४९ वर्षीय नेत्रबहादुर भण्डारीलाई ०५८ जेठ १९ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई निर्मम कुटपिट गरी किस्ताबन्दीमा ४ लाख १४ हजार रूपैयाँ बुझाउने शर्तमा असोज १ गते मुक्त गरियो।

कुपिण्डे गाविस-८ का २६ वर्षीय आइते रावत, २५ वर्षीय छेविराम डाँगी र सोही गाविस-६ का २९ वर्षीय इन्द्रबहादुर कुमाइलाई पार्टी छोडी जिल्ला प्रशासनसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५८ मंसिर २२ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितहरूमध्ये छविराम सोही राति, इन्द्रबहादुर भोलिपल्ट र आइते पुस २ गते मुक्त भए।

भल्चौर गाविस-४ फासुलाचौरका ४१ वर्षीय दलबहादुर के.सी. लाई ०५८ पुस २ गते आफ्नो कार्यक्रममा लग्ने निहुँमा माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई पुस ४ गते मुक्त गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
गोलीद्वारा हत्या	१	२		२	४	२९		२९
गोलीद्वारा घाइते	१	१		१				
एम्बुसमा परी घाइते	२	९		९				
गिरफ्तारी र यातना					१	१		१
कुटपिट	३३	३१	४	३५				
धम्की	१७	१८	२	२०				
भेला र संगठित हुने अधिकार	१	१		१	१	५		५
बलात्कारको प्रयास	१		१	१				
बहुविवाह	४		५	५				
जारी	२	२		२				
पारिवारिक हिंसा	२	१	२	३				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	१		१	१				
अमानवीय व्यवहार	२	२	१	३				
अपहरण	१६	१८	१	१९				
जम्मा	८९	८८	१८	१०६	६	३५		३५

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धनवाङ गाविस-७ का २९ वर्षीय टेनबहादुर यरीलाई ०५७ माघ ८ गते आफ्नै दाजुको घरमा सत्यनारायणको पुजा गर्दैगरेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरी घाइते बनाए।

दार्माकोट गाविस-१ की २७ वर्षीय चुगे कामीलाई ०५७ फागुन ११ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे। कुटपिटका कारण पीडित हाल अर्धपागल अवस्थामा छन्। माओवादीहरूले पीडितसँग १ हजार रूपैयाँसमेत असुल गरे।

काल्चे गाविस-७ का ५५ वर्षीय नोखुबहादुर खड्कालाई ०५७ फागुन २७ गते बिरामी भई घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले बाहिर निकाली जंगलमा लगेर ज्यानमार्ने धम्की दिनुका साथै २ सय ६० रूपैयाँ असुल गरे।

काल्चे गाविस-७ का १८ वर्षीय डिलबहादुर वलीलाई गाउँमा झगडा गरेको आरोपमा ०५७ फागुन २८ गते माओवादीले घरबाट निकाली सोही ठाउँको एक घरमा लगी छातीमा बन्दूक र घाँटीमा खुकुरी तेर्स्याएर रकम नदिएमा ज्यानमार्ने धम्की दिए। पीडितबाट माओवादीहरूले १ हजार २ सय रूपैयाँ असुल गरे।

सेजवालटाकुरा गाविस-९ काफलखोलाका ३० वर्षीय टेकबहादुर रोका, २१ वर्षीय रामबहादुर रोका र १९ वर्षीय लक्ष्मण रोकालाई ०५७ चैत ७ गते सोही ठाउँका ३० वर्षीय जितबहादुर बस्नेतको गुहारमा वडाध्यक्ष ५६ वर्षीय टोपबहादुर बस्नेतलगायत् १० जनाले घर घेराउ गरी ढुङ्गामुढा गर्दै फेला पारेमा ज्यानमार्ने धम्की दिए।

जिमाली गाविस-१ दुमकोटका ३९ वर्षीय फत्ते बुढामगरलाई खानेपानी मर्मतका सामानहरू नदिएको आरोपमा

०५७ चैत १४ गते माओवादीहरूले कुटपिट गर्नुका साथै सामग्रीहरू लुटेर लगे।

दाङ जिल्ला लक्ष्मीपुर गाविस-६ घर भई घाँजरीपिपल गाविसमा सचिव रहेका ४२ वर्षीय केशवकुमार घिमिरेलाई ०५७ चैत १४ गते वृद्ध भत्ता वितरण गर्न आएको अवस्थामा माओवादीले आफ्नो गाउँ जनसरकार बनिसकेकाले गाविसमा कुनै काम गर्न नपाउने धम्की दिनुका साथै कागजपत्र तथा २५ हजार ७ सय रूपैयाँ लुटेर लगे।

जिमाली गाविस-१ ढुमकोटका ३२ वर्षीय दलबहादुर पुनलाई ०५७ चैत २८ गते गाविसमा आउने सम्पूर्ण बजेट आफ्नो गाउँ जनसरकारलाई नदिए घरमा बस्न नदिनुका साथै फेला पारे कारवाही गर्ने धम्की दिएर माओवादीले पत्र पठाए।

दमाचौर गाविस-३ की १७ वर्षीय एक महिलालाई ०५८ वैशाख ११ गते आफ्नै पति बालाराम वि.क.ले धेरै जना परपुरूषसँग यौन सम्पर्क गरेको आरोप लगाएर निर्मम कुटपिट गरे। पीडितलाई सोही ठाउँका २३ वर्षीय देवेन्द्र चन्द, २१ वर्षीय निमबहादुर चन्द, २० वर्षीय डिल्लीराज मल्ल, २४ वर्षीय निर्मल शाह, २० वर्षीय तिलक शाहलगायत् १२ जनासँग यौन सम्पर्क गरेको हुँ भनेर सार्वजनिक सभामा भन्न लगाउनुका साथै भनेका र फेला परेका जति सबैलाई एक-एक गरी कोठामा लगेर सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडक माओवादी भएकाले माओवादी कार्यकर्ताहरू जम्मा गरेर आफ्नी पत्नी र राजनीतिक कारणले रिस परेकाहरूलाई कुटपिट गरिएको थियो।

चाँदेकरञ्जी गाविस-३ खारवत घर भई सिद्धेश्वरी गाविस-९ मा व्यापार गरी बस्ने ४६ वर्षीय मानबहादुर रोकालाई सुराकी गरेको र व्यापारमा ठगी गरेको आरोपमा ०५८ वैशाख १४ गते माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गर्नुका साथै औषधी पसल, गल्ला तथा रासन पसलमा रहेको करिब ८ लाख रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

कजेरी गाविस-७ कौछेका २६ वर्षीय ईश्वरी बुढाथोकीलाई राजनीतिक पूर्वाग्रहका कारण ०५८ जेठ ६ गते सोही ठाउँका २९ वर्षीय निलकण्ठ खत्री, १९ वर्षीय भिमबहादुर खत्री, ५० वर्षीय हुलास बुढाथोकी, २२ वर्षीय नोखिराम बुढाथोकी, २१ वर्षीय बुढिबहादुर चलाउने, २२ वर्षीय ओविराम चलाउनेसमेत १५ जनाले कुटपिट गरे।

घाँजरीपिपल गाविस-७ संग्रहीका ४५ वर्षीय लुटबहादुर के.सी. र ३२ वर्षीय गोपाल यरीलाई आफूहरूको अनुमतिविना खानेपानी संचालन गरी भ्रष्टाचार गरेको आरोपमा ०५८ साउन ४ गते माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गर्नुका साथै जनही १ लाख ७५ हजार रूपैयाँ असुल गरे।

धनवाङ गाविस-८ का ७२ वर्षीय कुलबहादुर बुढाथोकी र उनकै छोरा ३३ वर्षीय चित्रबहादुर बुढाथोकीलाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०५८ साउन २२ गते माओवादीहरूले बन्दुकको कुन्दा, खुकुरी तथा लाठी प्रहार गरी निर्मम कुटपिट गरे। माओवादीहरूले पीडितको घरबाट २ हजार रूपैयाँ र सुनका गहनासमेत लुटेर लगे।

थारमारे गासिव-४ का २४ वर्षीय बलबहादुर भण्डारी, १९ वर्षीय रमेश भण्डारी, १८ वर्षीय मोहलाल भण्डारी, २९ वर्षीय तेजबहादुर भण्डारीसमेत ६ जनालाई गाउँमा नाच हेर्न गई केटीहरूसँग दोहोरी गाएको आरोपमा ०५८ साउन २९ गते माओवादीहरूले कुटपिट गरे।

थारमारे गासिव-२ का ४६ वर्षीय वीरबहादुर बस्नेतलाई ०५८ असोज १४ गते माओवादीहरूले डोरीले हात पछाडी बाँधी कुटपिट गरे।

सेजवालटाकुरा गाविस-८ रानीकोटस्थित सरस्वती विद्या मन्दिर प्राविका शिक्षकहरू सोही गाविस-१ का ५८ वर्षीय वामदेव शर्मा, ३६ वर्षीय लिलाराज रेग्मी, खलंगा गाविस-९ का ४२ वर्षीय पवित्रा शर्मा र सोही गाविस-७ का रोषी श्रेष्ठलाई ०५८ असोज १८ गते माओवादीहरूले विद्यालयमा छुरी देखाई धम्की दिएर ४ महिनाको तलब र दशैं खर्चसहित सम्पूर्ण रकम लुटेर लगे।

जिमाली गाविस-१ दुमकोटका ३२ वर्षीय दलबहादुर पुनलाई ०५८ कार्तिक २५ गते नेकपा (एमाले) परित्याग नगरी गाविस अध्यक्ष भएमा र आफूहरूलाई भत्ता नदिएमा माओवादीहरूले ज्यानमार्ने धम्की दिई कुटपिट गरे। आफूहरूलाई खान खाना नदिएको आरोपमा माओवादीहरूले ०५८ कार्तिक २६ गते पीडितलाई ज्यानमार्ने धम्की दिए।

मर्मा गाविस-४ राम्रीको खानेपानी योजना तोडफोड गर्न भनी आएका दुई जना माओवादी कार्यकर्ताहरूमध्ये एक जनालाई ०५८ मंसिर १ गते खानेपानी योजनाका उपभोक्ताहरूले धारामा फेला पारी बञ्चरो प्रहार गरे भने एक जनालाई सामान्य कुटपिट गरे।

जिमाली गाविस-१ दुमकोटमा ०५२ सालमा युनिसेफको सहयोगबाट निर्मित खानेपानी योजनामा प्रयोग गरिएका सम्पूर्ण जीआई पाइप ०५७ चैत २ गते माओवादीहरूले लगे।

थारमारे, चाँदे, कोटमौला, बजेरी र धनवाङमा ०५७ चैत १ गते, मर्मा र कालागाउँमा ०५७ चैत ३ गते तथा खाल, कजेरी, हिवल्चा आदि गाविसहरूमा ०५७ चैत २३ गते माओवादीहरूले बम विस्फोटन तथा फायरिङ्ग गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छ वाम समूहद्वारा ०५८ जेठ १३ गते खलंगा गाविस-५ स्थित बसपार्कबाट निकालिएको मशाल जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी हरिशरण अचार्य, टोपबहादुर थापा, सीपी वली, ओपी थापासमेत ५ जनालाई घाइते बनाए।

जिमानी गाविसका अध्यक्ष ३२ वर्षीय दलबहादुर पुनलाई ०५८ कार्तिक २० गते नेकपा (एमाले) को कार्यक्रममा भाग लिनबाट रोक्न माओवादीहरूले उनकै पसलभित्र बन्द गरी कार्यक्रम सकिएपछि २१ गते बेलुका ढोका खोलिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २१ र फौजदारी १६ गरी ३७ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी देवानी ३२ र फौजदारी २२ वटा मुद्दा फर्स्यौट भए। अदालतमा देवानी ४४ र फौजदारी ३१ गरी ७५ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यस अदालतमा देवानी ४ र फौजदारी ३ गरी ७ वटा मुद्दा ३ वर्ष नाघेका, देवानी ९ र फौजदारी ४ गरी १३ वटा मुद्दा २ वर्ष नाघेका छन् भने अन्य मुद्दा १ वर्ष, ६ महिना नाघेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ३ वटा खरखजानासम्बन्धी मुद्दा रहे, जसमध्ये २ वटा ०५४ सालमा र एउटा यस वर्ष दर्ता भएका हुन्।

महिला अधिकार

खलंगा गाविस-९ की एक महिलालाई ०५८ असार ३० गते राति खान दिन भान्सा कोठामा गएको अवस्थामा जिल्ला भू-संरक्षण कार्यालयका निमित्त प्रमुख धनुषा जिल्लाका ५० वर्षीय रामवरण झा र जिल्ला वन कार्यालयका प्रमुख रौतहट जिल्लाका अनिरूद्र ठाकुरले बलात्कार गर्ने प्रयास गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेपछि जिल्ला प्रशासन कार्यालयले दुवै पक्षलाई बोलाएर छलफल गराउँदा पीडकहरूले पीडितसँग माफी मागेपछि मिलापत्र भयो।

बहुविवाहका ५ वटा र जारीको एउटा घटना सार्वजनिक जानकारीमा आए।

कजेरी गाविस-८ सापमाराकी ४० वर्षीय देवी रोकालाई ०५८ मंसिर २ गते सोही ठाउँका ४२ वर्षीय सावित्रा यरीले छोरी बिरामी भएका कारण पहिलो पटक र त्यसपछिका दिनहरूमा पटक-पटक बोक्सीको आरोप लगाई सामाजिक बेइज्जती गरिन्। जसले गर्दा सो ठाउँका अधिकांश मान्छेहरूले पीडितसँग बोली बार्ने र हेयको दृष्टिले हेरे।

गर्भपतन

बाँफकाँडा गाविस-८ की ३५ वर्षीय सुकी बुढाथोकीको ०५७ चैत २९ गते दाङ जिल्ला त्रिभुवननगर नपा घर भई हाल सोही गाविसस्थित उपस्वास्थ्य चौकीमा कार्यरत अहेब ३८ वर्षीय कविराज घर्तीले सोही गाविस-५ स्थित आफ्नै मेडिकलमा गर्भपतन गराउन लाग्दा मृत्यु भयो। पीडकलाई जागीरबाट हटाइयो, अन्य कारवाही भएन।

अतिरिक्त जानकारीहरू

दाङ जिल्ला नारायणपुर गाविस-२ घर भई सिमखर्कस्थित नरसिंह दल गुल्ममा कार्यरत सैनिक हवल्दार ३४ वर्षीय बालाराम रेउलेको ०५७ माघ १ गते जाडोले हात कठ्याङ्ग्रिएर हातबाट हतियार खस्दा पड्कन गई गोली लागेर मृत्यु भयो।

यस वर्ष २ पुरुष र २ महिला गरी ४ जनाले आत्महत्या गरे। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ८ पुरुष र २ महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो। ठगीका २ वटा घटना भए। रूखले च्यापेर एक जनाको मृत्यु भयो।

४.५ रूकुम

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

छिवाङ गाविस-९ का ११ वर्षीय देवीलाल ओलीको ०५७ फागुन २० गते घर नजिकै माओवादीहरूले छोडेर गएको बम विस्फोट हुँदा मृत्यु भयो। सो घटनामा पीडितका बाबुसमेत घाइते भएकोमा गाउँमै उपचार गरियो।

शोभा गाविस रूकुमकोटस्थित इलाका प्रहरी कार्यालयमा ०५७ चैत १९ गते राति माओवादीहरूले आक्रमण गरी प्रहरी इन्स्पेक्टर मोरङका जीवनकुमार खड्का, सईद्वय बाराका पुण्यप्रसाद यादव, काठमाण्डौका पूर्णबहादुर महर्जन, असईद्वय सप्तरी जिल्ला धरमपुर गाविस-८ का दिलबहादुर सिंह, दोलखाका नयनबहादुर राई, प्रहरी हवल्दारहरू शोभा गाविस-३ का हरिबहादुर बुढाथोकी, रणबहादुर सुनार, भोजपुर जिल्ला चामे गाविस-३ का निरबहादुर विष्ट, महोत्तरी जिल्ला ममरी गाविस-२ का सूर्यनन्दन चौधरी, धनुषा जिल्ला किन्डी गाविस-९ का अविराम ठाकुर, प्रहरी जवानहरू खोटाङ जिल्ला दिक्तेल गाविस-३ का नवराज ठाकुर, दोलखा जिल्ला डाँडाखर्क गाविस-४ का भीमबहादुर थापा मगर, धादिङ जिल्ला छत्रेदेउराली गाविसका अर्जुन खकुरेल, ओखलढुङ्गा जिल्ला रातामाटाका रूद्रबहादुर कटुवाल, धादिङ जिल्ला खोल्टे गाविस-६ का अम्मरबहादुर थापा मगर, सोही जिल्ला सुनौलाबजार गाविस-७ का कृष्णबहादुर श्रेष्ठ, कास्की जिल्ला सल्यान गाविस-८ का राजेन्द्र पौडेल, नुवाकोट जिल्ला वागेश्वरी गाविस-३ का सीताराम अधिकारी, दोलखा जिल्ला शैलुङ्गेश्वरी गाविस-१ का दिपबहादुर बुढाथोकी, बाँके जिल्ला टिटहरिया गाविस-३ का रामलखन चौधरी, कैलाली जिल्ला टिकापुर नपा-१४ का जनकलाल टमटा, वर्दिया जिल्ला मगरागाडी गाविसका नरेन्द्रबहादुर रावत, कञ्चनपुर जिल्ला महेन्द्रनगर नपा-१८ का हेमराज पाण्डे, हुम्ला जिल्ला दामी गाविस-२ का कृष्णराज शाही, वर्दिया जिल्ला मोहम्मदपुर गाविस-७ का दिलिपकुमार जिसी, सोही जिल्ला सूर्यपटुवा गाविस-३ का मानबहादुर अधिकारी, रोल्पा जिल्ला जंकोट

गाविस-९ का सुन्दर ओली, कालिकोट जिल्ला ओदानकु गाविस-८ का राइबहादुर सिंह, धादिङ जिल्ला माघिमटार गाविस-९ का गोकर्ण गिरी, ओखलढुङ्गा जिल्लाका टिकानारायण श्रेष्ठ र सिन्धुपाल्चोक जिल्ला मेलम्चीका पूर्णबहादुर तामाङको हत्या गरे। त्यसैगरी प्रहरी हवल्दारहरू पूर्णबहादुर राना, गंगाबहादुर लोहनी, तेजबहादुर के.सी., प्रहरी जवानहरू पशुपति वम्जन, मदनसिंह ऐडी, मोहनबहादुर कार्की, धनबहादुर शाही, विक्रम थापा, केशव अधिकारी, जीतबहादुर मोक्तान, टिकाबहादुर डाँगी, विमलकुमार यादव, तुलबहादुर पाङ्ग्री मगर, डिल्लीबहादुर खत्री, नारायण दनुवार, भीमबहादुर यादव र लेखबहादुर गुरूङलाई घाइते बनाए। घाइतेहरूको उपचार काठमाण्डौ र नेपालगञ्जमा गरियो। सोही घटनामा प्रहरीको गोलीद्वारा माओवादी पक्षका ३ नम्बर प्लाटुन सहायक कमाण्डर हरिबहादुर डिसी, सदस्यहरू अमरबहादुर डिसी, पृथ्वीबहादुर थापा, भुपेन्द्र गिरी, २ नम्बर प्लाटुनका सदस्यहरू रिमबहादुर घर्ती, शेरबहादुर के.सी., ६ नम्बर प्लाटुनका सदस्यहरू तीर्थबहादुर छन्त्याल र मानबहादुर दशौंदीको मृत्यु भयो।

शोभा गाविस-९ का प्राथमिक विद्यालय कोर्जाका शिक्षक ३१ वर्षीय कुलप्रसाद नेपालीलाई शोभा गाविसको घट्टेखोलानजिकै माओवादी कार्यकर्तासँग कुरा गरिरहेको अवस्थामा प्रहरीले भेटाउँदा चलाएको गोली घाइते भए। पीडितलाई ०५८ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरिएकोमा ०५८ भदौमा रिहा गरे।

विजयश्वरी गाविस-२ मनकोटका २१ वर्षीय गोविन्द वि.क.लाई माओवादीको आशंकामा ०५८ वैशाख १५ गते मनकोट र औंलाटाकुराको बीचमा पर्ने जंगलमा लगी प्रहरीले गोली हानी हत्या गरे।

मुरू गाविस-८ छाप्रेकटेरीका नेकाँका कार्यकर्ता ५१ वर्षीय भीमबहादुर पुनको ०५८ पुस ४ गते माओवादीहरूले थापेको एम्बुसमा परी मृत्यु भयो।

विजयश्वरी गाविसको मटेला नजिकैको जंगलमा ०५८ पुस ९ गते सुरक्षाकर्मीको गस्ती टोलीले गोली प्रहार गर्दा वादी थरका एक जना व्यक्तिको मृत्यु भयो। घटनापछि सुरक्षाकर्मीले १९ जना व्यक्तिलाई गिरफ्तार गरेकोमा सबैलाई विभिन्न मितिमा रिहा गरे।



जनसंख्या	: १९२४९७
साक्षरता प्रतिशत	: ३४
महिला साक्षरता प्रतिशत	: १९.३२
क्षेत्रफल (वर्ग कि.मी.)	: २८७७
गाविस/नपा संख्या	: ४३/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१०
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४४
टेलिफोन लाइन	: २४
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ४३



माओवादीको एम्बुसमा परी मारिएका टेकबहादुर वि.क.

जाङ गाविस-८ का ३४ वर्षीय लालबहादुर छन्त्याल, शोभा गाविस-६ का २७ वर्षीय जवाहरलाल बुढाथोकी, सोही गाविस-५ का ३७ वर्षीय गणेश के.सी. र मोरावाङ गाविस-४ का टेकबहादुर वि.क.को सल्यान जिल्लाको वाङ्गेलाकुरीबाट खच्चरमा सामान ल्याएर घर फर्किरहेको अवस्थामा ०५८ पुस ९ गते खारा गाविसस्थित खारामा माओवादीहरूले थापेको एम्बुसमा परी मृत्यु भयो। सोही घटनामा शोभा गाविस-३ का ३६ वर्षीय खड्कबहादुर दमाई गम्भीर घाइते भए भने ४ वटा खच्चरसमेत मारिए।

खलंगा गाविस-६ स्थित शाही नेपाली सैनिकको बज्रदल गुल्ममा ०५८ पुस १४ गते मानसिक सन्तुलन ठिक नभएकी नाम-ठेगाना नखुलेकी एक महिला बच्चासहित ब्यारेकभित्र पस्न खोज्दा सुरक्षा बलको गोलीद्वारा मृत्यु भयो। पीडितकी एक वर्षीय बालिकालाई भने अनाथालयमा राखिएको छ।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा एक जना पुरूषको हत्या भयो। एक जना महिलाको हत्या गरिएको अवस्थामा फेला परिन्। जसमध्ये-

चौखावाङ गाविस-५ हिलकी ४२ वर्षीय गौमती बुढालाई ०५८ साउन १६ गते अज्ञात व्यक्तिहरूले धारिलो हतियार प्रहार गरी टाउको र हात-खुट्टा काटेर छुट्टाछुट्टै फ्याकिएको अवस्थामा १३ दिनपछि लास फेला पऱ्यो।

जेल र बन्दीहरु

रूकुम जेल "घ" श्रेणीको हो। १५ जना बन्दी क्षमता भएको यस जेलमा हाल कैद नतोकिएका २ र कैद तोकिएका १६ गरी कूल १८ जना बन्दी छन्। यस जेलमा महिला बन्दी छैनन्। जेलमा घरेलु विकास समिति र बन्दीहरूको सक्रियतामा ४ वटा कपडा बुन्ने हाते तान राखिएको छ। स्तरीय ढाका टोपीहरू तथा अन्य कपडाहरू उत्पादन गरिए तापनि त्यसले बजार पाउन नसकेको गुनासो बन्दीहरूको छ। जेलमा रेडक्रसको

अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले टेबल टेनिस बोर्ड र जिविसले एउटा श्यामश्वेत टिभी उपलब्ध गराएका छन्। बन्दीहरू राष्ट्रिय पत्रपत्रिकाहरू पढ्न नपाइएको गुनासो गर्दछन्। जेलको पुरानो पर्खाल भत्काएर खुल्ला बनाई पुनः निर्माण गरेपछि बन्दीहरूले केही राहतको अनुभव गरेका छन्। यस जेलमा बाहिर २ वटा चर्पी छन् भने भित्र मोबाइल चर्पी प्रयोग गर्न बन्दीहरू बाध्य छन्। खानेपानीको धारो सबैका लागि एउटा मात्र भए पनि फोहोर रहेको बन्दीहरू बताउँछन्। जेलमा रहेका राजकुमार विष्ट, कलबहादुर खड्का, परवीर वि.क., जीतबहादुर बुढा, लक्ष्मी घर्ती, मधुरजङ्ग खड्का, धर्मटेक घर्ती, नन्दराम बोहोरा र ठानबहादुर बुढाथोकी सरकार र कानूनले जे भने पनि आफूहरू राजबन्दी रहेको बताउँछन्।

गिरफ्तारी र यातना

रूँघा गाविस-५ का २८ वर्षीय सर्वजीत के.सी.लाई अदालतले रिहा गर्ने आदेश दिएपछि पनि ०५७ पुस १७ गते अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

बाँफीकोट गाविस-५ का २८ वर्षीय राजन शाही र ५३ वर्षीय सर्जन शाहीलाई ०५७ पुस २९ गते माओवादीहरूले अपहरण गरेकोमा सर्जनलाई ०५८ जेठ १८ गते १५ हजार रूपैयाँ लिई मुक्त गरे भने राजनलाई वेपत्ता पारिएको छ।

छिवाङ गाविस-४ का २० वर्षीय गोपाल परियारलाई अदालतले रिहा गर्ने आदेश दिएपछि पनि ०५७ माघ ८ गते अदालत परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई माघ १५ गते थुनामा राखियो।

खलङ्गा गाविस-६ का ५५ वर्षीय प्रेमा चन्द र ४२ वर्षीय अम्बिका चन्दलाई अर्काको घरमा आगो लगाएको आरोपमा ०५८ कार्तिक ७ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ६ दिनपछि तारेखमा रिहा गरियो।

झुला गाविस-१ का ३१ वर्षीय परवीर वि.क. र स्यालाखदी गाविस-३ का २७ वर्षीय जीतबहादुर बुढालाई माओवादीको आशंकामा ०५८ कार्तिक २२ गते मग्मा गाविसको मेलडाँडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सोही दिन जिल्ला प्रहरी कार्यालय पुर्‍याई मंसिर १७ गते जेल चलान गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

दुली गाविस-६ का नेकाँका कार्यकर्ता ४२ वर्षीय कविराम खत्रीलाई सुराकी गरेको आरोपमा ०५७ माघ २ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितबाट ३० हजार रूपैयाँ लिएर माघ ८ गते मुक्त गरियो।

साँख गाविस-३ का ३४ वर्षीय पशुपति खत्री र शोभा गाविसकी एक महिलालाई ०५७ माघ १५ गते साँख गाविस-१ मा लाग्ने पापिनी मेलाबाट माओवादीहरूले अपहरण गरे। पशुपतिबाट १० हजार रूपैयाँ लिएर ४ दिनपछि र महिलालाई ५ दिनपछि मुक्त गरियो।

कोटजहारी गाविस-६ का नेकपा (एमाले) का तर्फबाट विजयी वडाध्यक्ष ३३ वर्षीय रामबहादुर के.सी.लाई ०५७ फागुन ८ गते सदरमुकामबाट घर फर्किरहेको अवस्थामा कोटजहारी गाविसको चिप्लेटी जंगलबाट माओवादीहरूले अपहरण गरी पीडितबाट ८० हजार रूपैयाँ लिने गरी ४ दिनपछि मुक्त गरे।

विजयश्वरी गाविस-७ का ६० वर्षीय गोपी बस्नेतलाई सुराकी गरेको आरोपमा ०५७ चैत २ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई २ दिनपछि इलाका प्रहरी कार्यालय चौरजहारीबाट गएको गस्ती प्रहरी टोलीले सोही ठाउँको एक घरमा पीडितलाई घाइते अवस्थामा फेला पारे।

खोलागाउँ गाविस-१ का जिल्ला मालपोत कार्यालयका खरीदार ४१ वर्षीय अमरबहादुर बुढाथोकीलाई सुराकी गरेको आरोपमा ०५७ चैत ६ गते घरबाट सदरमुकामतर्फ जाँदै गरेको

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गोलीद्वारा हत्या	१	३०		३०	५	११	१	१२
बम प्रहारबाट मृत्यु	१	१		१				
एम्बुसमा परी मृत्यु	२	५		५				
गोलीद्वारा घाइते	१	१६		१६				
बम प्रहारबाट घाइते	१	२		२				
एम्बुसमा परी घाइते	१	१		१				
गिरफ्तारी र यातना					८	९	३	१२
बेपत्ता पारिएको	३	३८	१	३९				
कुटपिट	२४	३१	९	४०	१०	१८	४	२२
धम्की	६	८		८				
निष्पक्ष न्यायिक अधिकार					६	६		६
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	४	५	३	८				
आर्थिक अधिकार	६	९		९				
अमानवीय व्यवहार	१		१	१				
अपहरण	२२	२२	५	२६				
जम्मा	६९	१६१	२०	१८१	२९	४४	८	५२

माओवादीद्वारा अपहरण गरिएका जिविस उपसभापति ठगेन्द्र प्रकाश पुरी, जगत प्रसाद शर्मा र गणेश खत्री

अवस्थामा सिम्ली र खोलागाउँको सीमानामा पर्ने जंगलबाट माओवादीहरूले अपहरण गरे। पीडितबाट १ लाख रूपैयाँ लिने गरी चैत १७ गते मुक्त गरियो।

शोभा गाविस रूकुमकोटस्थित इलाका प्रहरी कार्यालयमा आक्रमण गरी ०५७ चैत १९ गते माओवादीहरूले सई सिराहा जिल्ला इनर्वा गाविस-५ का तारकेश्वर यादव, असई अछाम जिल्ला काँटेका शिव कठायतलगायत् २२ जना प्रहरीलाई अपहरण गरे। अपहरित हुनेहरूमा प्रहरी हवल्दारहरू भक्तपुर जिल्ला भौखेल गाविस-६ का सुरेश मल्ल, तिलक शाह, चितवन जिल्ला शुक्रनगर गाविस-२ का झलकबहादुर थापा, महोत्तरी जिल्ला वर्दिबास गाविस-८ का लालबहादुर ठकुरी, सिराहा जिल्ला पोखरभिण्डा गाविस-६ का विन्देश्वर सिंह, प्रहरी जवानहरू रूकुम जिल्ला शोभा गाविस-१ का लखनकुमार सुनार, बाँके जिल्ला खुद्रा खजुरा गाविस-५ का बलबहादुर राना, दैलेख जिल्ला सल्लेरी गाविस-६ का धनबहादुर राना, धनुषा जिल्ला परिपाटी गाविस-६ का वीरेन्द्र साह, दोलखा जिल्ला मुगे गाविस-१ का मानबहादुर पाखीन, सिन्धुपाल्चोक जिल्ला कुन्चोक गाविस-६ का राजकुमार थापा, सोही गाविस-३ का टिका भारती, सोही जिल्ला पिपलडाँडा गाविस-६ का कुलबहादुर खत्री, धादिङ जिल्ला कल्लेरी गाविस-८ का गितादत्त ढुङ्गाना, दोलखा जिल्ला जिरी गाविस-९ का निरध्वज खत्री, सोही जिल्ला डाँडाखर्क गाविस-१ का गणेशबहादुर श्रेष्ठ, सोही गाविस-४ का रिमबहादुर थापा, चितवन जिल्ला पदमपुर गाविस-२ का धनबहादुर भण्डारी, नुवाकोट जिल्ला मनकामना गाविस-४ का कमल गुरूङ र खोटाङ जिल्ला हैंचुर गाविस-७ का ठाकुरराज कार्की थिए। अपहरित सई र असईलाई ०५८ असोज १८ गते शोभा गाविसको रूकुमकोटबाट मुक्त गरियो। यसअघि ९ जना प्रहरीलाई ०५८ साउन ६ गते रूकुम जिल्लाको नुवाकोट गाविस-१ बाट र ११ जनालाई साउन २० गते रोल्पा जिल्लाको गैरीगाउँ गाविस-७ बाट मुक्त गरियो।

बाँफीकोट गाविस-६ का जिविस उपसभापति तथा प्ररायुसंघ केन्द्रीय सदस्य २७ वर्षीय ठगेन्द्रप्रकाश पुरी, विजयश्वरी गासि-३ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ५८ वर्षीय जगतप्रसाद शर्मा र सोही गाविस-५ का नेकपा (एमाले) इलाका नं. ८ का उपसचिव गणेश खत्रीलाई अनुमति विना गाउँ प्रवेश गरेको आरोपमा ०५८ जेठ ५ गते नुवाकोट गाविस-७ खारैरहबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ४ दिनपछि सल्यान जिल्लाको दार्माकोट गाविसबाट मुक्त गरियो।

बाँफीकोट गाविस-२ का शिक्षक २७ वर्षीय गणेश चन्दलाई भनेजति चन्दा नदिएको आरोपमा ०५८ जेठ ३२ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितबाट ४० हजार रूपैयाँ लिई १७ दिनपछि मुक्त गरियो।

झुला गाविस-३ का ठेकेदार ४३ वर्षीय शशीराम खत्रीलाई ०५८ असार २ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितबाट १ लाख ६० हजार रूपैयाँ लिई १५ दिनपछि मुक्त गरियो।

झुला गाविस-२ का १९ वर्षीय पूर्णकुमार गिरीलाई शाही नेपाली सैनिकमा भर्ती हुन जान लागेको आरोपमा ०५८ असार २५ गते सदरमुकामबाट घर फर्किरहेको अवस्थामा सोही गाविसको गाँराघाटबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई तुरतुरे भन्ने ठाउँमा पुर्‍याई फलामको पाइप र बुटले निर्मम हिकाई कुटपिट गरयो। पीडित ३ दिनपछि भाग्न सफल भए। पीडितको नेपालगञ्जमा उपचार गरियो।

साँख गाविस-९ का नेकाँका कार्यकर्ता ४७ वर्षीय कालीबहादुर बुढालाई जनयुद्धविरोधी गतिविधि गरेको आरोपमा ०५८ असार २८ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ९ दिनपछि मुक्त गरियो।

विजयश्वरी गाविस-३ का २६ वर्षीय बुराँसी वादी, २५ वर्षीय देवी वादी र २९ वर्षीय भिक्री वादीलाई ०५८ साउन १३ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूबाट कोटजहारीका कृष्ण सुब्बाको खेत गोड्न लगाई क्रमशः ९, ६ र ३ हजार रूपैयाँ लिई मुक्त गरियो।

दुली गाविस-४ की ४२ वर्षीय एक महिला र सोही गाविस-५ का शिक्षक ३१ वर्षीय नरबहादुर बाँठालाई क्रमशः ०५८ भदौ १६ र २० गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई हालसम्म मुक्त गरिएको छैन।

दुली गाविस-४ का २० वर्षीय वीरबहादुर बाँठालाई सरकारी जेलमा कम सजाय भोगेको आरोपमा ०५८ असोज २५ गते मग्मा गाविस-७ जिप्सीङबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कार्तिक २८ गते सोही गाविस-५ मान्ताराबाट मुक्त गरियो।

पिपल गाविस-६ का ३१ वर्षीय खिमबहादुर नाथलाई माओवादी गाउँ जनसरकार प्रमुख र कार्यकर्तालाई कुटपिट गरेको अरोपमा ०५८ कार्तिक ११ गते माओवादीहरूले अपहरण गरे। पीडितबाट १२ हजार ५ सय रूपैयाँ लिने गरी कार्तिक १४ गते निमावि, पिपलबाट सार्वजनिक समारोहबीच मुक्त गरियो।

खलंगा गाविस-४ का शिक्षक ४० वर्षीय लालबहादुर

के.सी., सोही ठाउँका १९ वर्षीय झक्कुप्रसाद शर्मालगायत् ४ जनालाई ०५८ पुस १५ गते मलामी गइरहेको अवस्थामा साँख गाविसबाट सुरक्षा बलले गिरफ्तार गरे। पीडितहरूलाई आँखामा पट्टी बाँधेर लगातार ४ घण्टासम्म यातना दिई सोही दिन रिहा गरियो।

प्रहरीद्वारा कुटपिट गरिएका मोहनलाल खत्री र छेटबहादुर के.सी.

माओवादीहरूले कुटपिट गरे।

गरायला गाविसका माओवादीद्वारा घोषित पिपल गाउँ जनसरकार प्रमुख विर्खबहादुर विष्ट र पिपल गाविस-५ का माओवादी कार्यकर्ता ३२ वर्षीय शशीराम पौडेललाई जबर्जस्ती चन्दा असुल गरेको आरोपमा ०५८ कार्तिक ९ गते सोही गाविस-६ का व्यक्तिहरूले कुटपिट गरे।

पिपल गाविस-४ का ३७ वर्षीय धर्मबहादुर के.सी.लाई ०५८ कार्तिक २५ गते आफ्नै घरबाट माओवादीहरूले जंगलमा लगी निर्मम कुटपिट गर्नुका साथै २५ हजार रूपैयाँ समेत लिए।

नेकाँको जिल्ला कार्यालय रहेको खलंगा गाविस-१ स्थित गोपालजीजंग शाहको घरमा ०५८ मंसिर ८ गते माओवादीहरूले घरको तीनैतर्फ बम राखी विस्फोटन गराए। दुईतर्फ बम विस्फोटका कारण क्षति भयो भने एउटा बम विस्फोट भएन। उक्त बम सुरक्षा बलले निष्कृय पार्‍यो।

खलंगा गाविस-३ स्थित कृषि विकास बैंक उपशाखा कार्यालयमा रहेका कागजातहरू ०५८ मंसिर ११ गते माओवादीहरूले जलाई टाइपराइटर र अन्य सबै स्टेशनरी सामानहरू लुटेर लगे।

खलंगा गाविस-२ स्थित हवाई टावरमा ०५८ मंसिर १४ गते माओवादीहरूले गरेको आक्रमणलाई सुरक्षाकर्मीहरूले असफल पारे। कर्मचारी मिलन केन्द्रले निर्माण गरेको यात्रु प्रतिक्षालय भने माओवादीहरूले जलाएर क्षतिग्रस्त बनाए।

शोभा गाविस-७ का माओवादीद्वारा घोषित वडा जनसरकार प्रमुख २७ वर्षीय वासुदेव गौतमलाई आफ्नो घरमा नारा लेखेको आरोपमा ०५८ मंसिर १६ गते सोही गाविस-५ का कमानसिंह खत्रीले कुटपिट गरे।

बाँफीकोट गाविस-६ का ४० वर्षीय हरिराम खत्री, ४२ वर्षीय कर्ण खत्रीलगायत् नाम नखुलेका ५ जनालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर २७ गते सुरक्षाकर्मीहरूले गम्भीर कुटपिट गरे।

शोभा गाविस-६ का १९ वर्षीय जीवन शाही र ३४ वर्षीय विष्णु शाहीलाई माओवादीहरूले भित्तामा लेखेका नाराहरू मेटाएको आरोपमा ०५८ मंसिर २२ गते माओवादीहरूले कुटपिट गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

प्याङ गाविस-८ का ५२ वर्षीय गम्बरसिंह खड्काको घरमा रहेको नेकपा (एमाले) गाउँ कमिटी प्याङ र जिविस सभापति खेममान खड्काको संयुक्त पुस्तकालय ०५७ फागुन २३ गते माओवादीहरूले लुटी बाँकी सामान लुकाएमा घर मालिक गम्बरसिंहलाई ज्यानमार्ने धम्की दिए।

महत गाविस-२ का नेकाँका कार्यकर्ता ६० वर्षीय बलराम बुढाको घर र पसलमा रहेको करिब ३ लाख ५० हजार रूपैयाँ बराबरको सम्पत्ति र १६ वटा गाई ०५८ वैशाख २ गते माओवादीहरूले लुटेर लगे। पीडकहरूले बलराम घर फर्केपछि लुटिएको सम्पत्ति फिर्ता दिने घोषणा गरेका थिए।

पोखरा गाविस-९ का ३९ वर्षीय भद्रबहादुर के.सी., ३० वर्षीय पुतला के.सी., १७ वर्षीय गनबहादुर वि.क., १६ वर्षीय गोविन्द वि.क. र १७ वर्षीय तुलसीसिंह वि.क.लाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ वैशाख ११ गते प्रहरीले कुटपिट गरे।

बाँफीकोट गाविस-६ का नेकपा (एमाले) का कार्यकर्ता ४१ वर्षीय नरू जैसीलाई माओवादीविरूद्ध बोलेको आरोपमा ०५८ वैशाख १९ गते आफ्नै घरमा माओवादीहरूले निर्मम कुटपिट गरे। पीडितको उपचार सदरमुकाममा गरियो।

पिपल गाविस-१ का ५० वर्षीय नरबहादुर मल्ल र ४१ वर्षीय खिमबहादुर हमाललाई माओवादीको संरक्षण गरेको आरोपमा ०५८ वैशाख २८ गते प्रहरीले कुटपिट गरी घाइते बनाए।

पोखरा गाविस-४ की ३० वर्षीय पिमा खड्कालाई खाना खान नदिएको आरोपमा ०५८ असार १७ गते माओवादीहरूले कुटपिट गरे।

पोखरा गाविस-१ की ४९ वर्षीय गौरी के.सी.लाई माओवादीको आमसभामा जान नमानेको आरोपमा ०५८ असार २८ गते आफ्नै घरमा

माओवादीद्वारा अपहरण गरिएका मानबहादुर मल्ल र धामी पुन

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा फर्स्यौट नभएका ५ वर्षदेखिका ३ वटा, ४ वर्षदेखिका ११ वटा, ३ वर्षदेखिका ३ वटा, २ वर्षदेखिका २ वटा, १ वर्षदेखिका ४ वटा र ६ महिनादेखिका ८ वटा मुद्दा छन्। २ वर्षभन्दा पहिले रहेका मुद्दा अमीनको अभाव र जिल्लाको स्थितिका कारण फर्स्यौट हुन नसकेको धारणा जिल्ला न्यायाधीश गोपाल भट्टराई व्यक्त गर्नुहुन्छ। यस वर्ष यो अदालतमा २६ वटा मुद्दा दर्ता भए भने ५६ वटा फर्स्यौट भए। हाल देवानी २७ र फौजदारी ८ गरी कूल ३५ वटा मुद्दा रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका प्रायः दलितहरू सुकुम्बासीसरह जीवन बिताउन वाध्य छन्। समस्या समाधानतर्फ चासो देखिएको छैन। जिल्लाका अधिकांश गाविस कार्यालयहरू सदरमुकाममै केन्द्रीत रहेका कारण बृद्ध, अशक्त तथा अपाङ्ग भत्ता लिन सम्पूर्ण सम्बन्धित व्यक्तिहरू सदरमुकाम धाउनु पर्ने वाध्यता छ।

महिला अधिकार

खलंगा गाविस-८ की २९ वर्षीय रिमाकुमारी खड्कालाई परपुरुषसँग बसेको आरोपमा ०५८ जेठ २ गते आफ्नै पति प्रेमबहादुर खड्काले कुटपिट गरी हात भाँचिदिए। पीडितले प्रहरीसमक्ष उजुरी दिए पनि पीडकलाई कुनै कारवाही भएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

शोभा गाविस रूकुमकोटस्थित इलाका प्रहरी कार्यालयमा ०५७ चैत १९ गते माओवादीहरूले गरेको आक्रमणबाट मानवअधिकारको सम्मानित रूपले बाँच्ने अधिकार गम्भीररूपमा हनन भएको र मानवअधिकारप्रति सरकार र माओवादी दुवै सजग रहन मानवअधिकार संरक्षण तथा कानूनी सेवा केन्द्र (हरप्लेस) ०५७ चैत २१ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा विष सेवन गरी १ जना महिला र १ जना पुरूषले आत्महत्या गरे। साँघुबाट खसेर १ महिला, नदीमा हाम्फालेर १ जना महिला, घरको छतबाट खसेर १ पुरूष, नदीमा बगेर १ पुरूष, ढुङ्गाले किचेर १ पुरूष, अरिंगालले टोकेर १ बालक, भीरबाट लडेर १ पुरूष, सर्पले टोकेर १ बालिका र बम विस्फोटनमा १ पुरूषको मृत्यु भयो भने २ पुरूष घाइते भए।

४.६ बाँके

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

नेपालगञ्ज जेलका बन्दीहरू बर्दिया जिल्ला पाताभार गाविसका विजयकुमार चौधरी र दाङ जिल्ला हापुर गाविसका घनश्याम वलीको जेलमा बन्दीहरूले १५ सूत्रीय माग राखी पटक-पटक आन्दोलन गरेर सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने क्रममा ०५७ माघ १ गते बन्दीहरूले हिउँद कपडाको माग राखी हो-हल्ला गर्दा स्थिति नियन्त्रण गर्न सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो भने अन्य २१ जना घाइते भए।

नेपालगञ्जस्थित एक होटलमा बसेका स्पेस एयर हेलिकप्टरका चालकको सुरक्षार्थ खटिएका प्रहरी हवल्दार रवीन शाह र मेघराज पौडेललाई ०५७ फागुन ३० गते राति सँगै खटिएका प्रहरी जवान चन्द्रमणी राणाले गोली हानी हत्या गरे। पीडक हाल फरार छन्।

नेपालगञ्जस्थित नमुना प्रहरी चौकीका प्रहरीको गोलीबाट माओवादीको आशंका गरिएका एक व्यक्तिको ०५८ जेठ १९ गते मृत्यु भयो। दैलेख जिल्ला नौमुले घटनामा घाइते भएका उक्त व्यक्ति उपचारका लागि नेपालगञ्ज आएको अवस्थामा गोली प्रहार गरिएको थियो।

खासकुश्मा गाविस कुसुमबजारस्थित प्रहरी चौकीमा ०५८ असार १९ गते राति माओवादीहरूले आक्रमण गरी दोहोरो भीडन्त हुँदा प्रहरी जवान बागेश्वरी गाविस-२ खजुराका २२ वर्षीय दिपक खड्काको मृत्यु भयो भने प्रहरी जवान २२ वर्षीय अमर चन्द घाइते भए। माओवादीहरूले प्रहार गरेको गोलीद्वारा चौकी नजिकै घर भएकी १२ वर्षीय अरूणा चापागाईंको मृत्यु भयो भने अरूणाकी आमा २८ वर्षीय शान्ता चापागाईं गम्भीर घाइते भइन्। पीडितको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो। त्यसैगरी माओवादीतर्फ कालिकोट जिल्ला पाखापानी गाविस-३ का २७ वर्षीय विशाल भन्ने हिराप्रसाद चौलागाईंको प्रहरीको गोलीद्वारा मृत्यु भयो।

माओवादी कार्यकर्ताहरू अमरलाल मुराउ, ईश्वरी सुवेदी, हिरा चौधरी, ओमकुमार थारू, पाटनदिन वि.क.समेत ६-७ जना ०५८ साउन ३२ गते गंगापुर गाविसका अध्यक्ष वीरेन्द्रपाल सिंहको घरमा बन्दुक माग्न गएको अवस्थामा सोही ठाउँका जनताले ०५८ भदौ १ गते अमरलाल मुराउलाई घरबाट बाहिर निकाली कुटपिट गर्दै उखुबारीमा लगेर गोली हानी हत्या गरे। पीडितको लास बेपत्ता पारियो।

नेकपा (माओवादी) का इलाका कमाण्डर करिब ३२

वर्षीय युग भन्ने भागीराम थारू तथा सोही पार्टीका ४ जना कार्यकर्ताहरूलाई ०५८ असोज १७ गते बरगडास्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षकहरूको तलबमध्ये दश प्रतिशत रकम चन्दा दिनुपर्ने बताएका कारण विवाद हुँदा सोही ठाउँका जनताले कुटपिट गरेकोमा भागीरामको मृत्यु भयो भने अन्य घाइते भए। जनताले भागीरामलाई आफ्नो कब्जामा लिएकोमा मृत्यु भएपछि लास बेपत्ता पारे।

टिटिहिरिया गाविस-६ का वरगडास्थित नेपाल प्राथमिक विद्यालयका शिक्षक ४२ वर्षीय दिलबहादुर थारूलाई ०५८ मंसिर १७ गते राति माओवादीहरूले घरबाट बाहिर निकाली कुटपिट गरी हत्या गरे।

गंगापुर गाविस-५ दोदराका नेपाल जग्गाधनी संघका केन्द्रीय अध्यक्ष ६० वर्षीय बेचनलाल मुराऊलाई ०५८ पुस ९ गते माओवादीहरूले सांघातिक आक्रमण गरी हत्या गरे।

फत्तेपुर गाविसको निबुवाटार जंगलमा ०५८ पुस ११ गते लु. १ भ १५७ नं. को गाडीमा गस्ती गएको अवस्थामा सई निमबहादुर स्वत्री, प्रहरी जवानहरू कुलबहादुर थापा र भक्तबहादुर जिसी माओवादीहरूले थापेको एम्बुसमा परी सख्त घाइते भए। पीडितहरूलाई उपचारार्थ भेरी अञ्चल अस्पताल पुऱ्याइयो।

वनकटुवा गाविस-४ जीगाउँका माओवादी कार्यकर्ता २१ वर्षीय क्रान्ति देवकोटा र दिनेश नामका अन्य एक व्यक्तिको ०५८ पुस १५ गते नौवस्ता गाविस-२ जब्दहवामा दोहोरो भीडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। त्यसैगरी सोही ठाउँका ३० वर्षीय राजन दाहाल सुरक्षाकर्मीको गोलीद्वारा घाइते भए।



जनसंख्या	: ३६१३३५
साक्षरता प्रतिशत	: ४८.८
महिला साक्षरता प्रतिशत	: २८.४
क्षेत्रफल (वर्ग कि.मी.)	: २३३७
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २३२
क्याम्पस/उच्च मावि	: ६/६
अस्पताल/स्वास्थ्य चौकी	: २/३९
टेलिफोन लाइन	: ३४८५
मोटर सडक (कि.मी.)	: ४७४
प्रहरी कार्यालय संख्या	: ३६
हुलाक संख्या	: ४७

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरुष र चार वर्षीय एक बालिकासहित २ जना महिलाको हत्या भयो। जसमध्ये-

वनकटुवा गाविस-७ जीगाउँका शाही नेपाली सैनिकमा कार्यरत हवल्दार ३० वर्षीय मधुसुदन थापालाई ०५८ असोज १ गते राति आफ्नो घरमा डकैती गर्न आएका डाँकाहरूले गोली हानी हत्या गरे। पीडकहरूले पीडितकी पत्नी २८ वर्षीय मिना थापालाई गम्भीर घाइते हुनेगरी कुटपिट गर्नुका साथै घरमा रहेको धनमाल लुटेर लगे।

कचनापुर गाविस-७ टिकुलीपुरकी २५ वर्षीय भिमाकुमारी शाहीलाई ०५८ पुस ७ गते बेलुका नेपालगञ्जबाट आफ्नो घर फर्किरहेको अवस्थामा सोही ठाउँका २१ वर्षीय डिल्लीबहादुर घर्तीमगरले सोही ठाउँको डाँडाचौर जंगलमा बलात्कार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कूल २ सय बन्दी क्षमता भएको बाँके जेल "ख" श्रेणीको हो। हाल यस जेलमा कैद तोकिएका ९६ पुरूष तथा १० महिला गरी १ सय ६ जना र कैद नतोकिएका ९९ पुरूष तथा ८ महिला गरी १ सय ७ जना बन्दी छन्। यसबाहेक एक जना आश्रित नाबालक पनि छन्। बन्दीहरूका लागि महिलातर्फ २ र पुरूषतर्फ १६ वटा कोठा छन्। महिलातर्फ १ र पुरूषतर्फ ३ वटा धारा र एक/एक वटा पानी ट्यांकीको व्यवस्था छ। बन्दीहरूको मनोरञ्जनका लागि एउटा रंगीन र ३ वटा श्यामश्वेत टिभी उपलब्ध गराइएको छ। बन्दीहरूको अध्ययनका लागि प्राथमिकस्तरको विद्यालयको व्यवस्था छ। स्थानीय व्यक्तिलाई हप्ताको दुईपटक र बाहिरका व्यक्तिहरूलाई सबै दिन बन्दीहरूसँग भेट गर्न दिइन्छ। जेलमा एक जना डाक्टरको दरबन्दी भएता पनि डाक्टर नभएकाले भेरी

माओवादीको आक्रमणबाट क्षतिग्रस्त कुसुम प्रहरी चौकी र सोही आक्रमणमा मारिएकी अरुणा चापागाई

अञ्चल अस्पतालमा उपचार गर्न लगिन्छ र त्यहाँ उपचार हुन नसकेको अवस्थामा सिफारिसअनुसार बाहिर लगिने व्यवस्था गरिन्छ।

यस जेलमा ०५७ माघ १ गते सुरक्षाकर्मीको गोलीद्वारा दुई जना बन्दीको मृत्यु भयो भने २१ जना घाइते भए।

यस जेलमा बन्दी रहेका नेकपा (माओवादी) का कार्यकर्ता २९ वर्षीय गणेशमान पुन ०५८ वैशाख २८ गते भेरी अञ्चल अस्पतालमा उपचार गर्दागर्दै माओवादीहरूको सहयोगमा भाग्न सफल भए। पुन विगत ५ वर्षदेखि जेल जीवन बिताउँदै आएकोमा ०५८ वैशाखमा नेपालगञ्ज जेलमा स्थानान्तरण भएका थिए।

गिरफ्तारी र यातना

उठारापुर गाविस-८ स्थित गिराजा सुगर मिलका संचालक ४२ वर्षीय अजय टण्डनलाई ०५७ पुस २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चिसापानीमा राखिएको छ।

नेपालगञ्ज नपा-१ का ३६ वर्षीय विन्दुप्रकाश सापकोटा, उनकै पत्नी ३४ वर्षीय शिवा सापकोटा, छोरा १५ वर्षीय विनियास सापकोटा तथा उनकै घरमा डेरा गरी बस्ने शिक्षकद्वय २७ वर्षीय नारायण घिमिरे, २८ वर्षीय रोशन थापा, महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत १७ वर्षीय खड्क चौधरी, सरोज थापा, रामचन्द्र चौधरी तथा १९ वर्षीय अजयसिंह चौधरी, २० वर्षीय कृष्ण चौधरी, कमल शाही र सर्जनसिंह ठकुरीलाई ०५७ माघ ३ गते बिहान प्रहरीले घर छापा मारी गिरफ्तार गरे। घरबाट पिस्तोल र बम फेला पारेको जनाइयो। पीडितहरूमध्ये आठजनालाई अनुसन्धानपछि रिहा गरियो भने अजयसिंह र कृष्णलाई थुनामा राखियो। कमल र सर्जनलाई तत्कालै बेपत्ता पारिएको थियो। ०५८ साउन १३ गते सर्जनसिंहलाई रसाउन १७ गते ३ जनालाई रिहा गरियो।

सुर्खेत जिल्ला वीरेन्द्रनगर नपा-५ का २६ वर्षीय बाबुराम पोखरेललाई ०५७ माघ २२ गते बेलुका ८ बजे नेपालगञ्जमा आयोजित मध्यपश्चिमाञ्चल क्षेत्रीय औद्योगिक मेला हेर्न आएको अवस्थामा हाउजी खेलमा अनियमितता भयो भनी विरोध जनाउँदा प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितसँग ४ जनालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरियो।

वनकटुवा गाविस-९ का वडाध्यक्ष ३१ वर्षीय इन्द्रबहादुर सुनार र सोही गाविस-३ तीनघरुवाका २४ वर्षीय कैलाश वि.क.लाई माओवादीको आशंकामा ०५७ माघ २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई क्रमशः हातहतियार र चोरी/डकैतीको मुद्दा लगाइयो।

खासकुश्मा गाविस-१ का शिक्षक २५ वर्षीय गेहेन्द्रकुमार खड्का, २७ वर्षीय दिनेश बानियाँ, रामकुमार नेपाली, नर्सिङ्गबहादुर खड्का, टंकप्रसाद गिरी, तेजबहादुर सुवेदी, हरिश बानियाँ र देवीराम खत्रीलाई ०५७ फागुन ११ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूमध्ये ३ जनाले हालसम्म उपचार गरिरहेका छन्। प्रहरीले गिरफ्तार गरेकाहरूमध्ये केहीलाई सोही दिन रिहा गरेका थिए

घटनाको प्रकार	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	९	१	१०	१	२		२
गोलीद्वारा हत्या	४	३	१	४	२	३		३
गोलीद्वारा घाइते	१		१	१	२	२		२
एम्बुसमा परी मृत्यु	२	८		८				
बलात्कारपछि हत्या	१		१	१				
एम्बुसमा परी घाइते	१	५		५				
हिरासत/जेलमा मृत्यु					२	२		२
गिरफ्तारी र यातना					५२	१४२	१४	१५६
कुटपिट	५६	९५	१५	११०	११	१८	१	१९
धम्की	१४	२२		२२	१	१		१
बेपत्ता पारिएको	४	३	१	४	४	४	३	७
भेला र संगठित हुने अधिकार	१	३		३	१	१		१
भूमिहीन तथा सुकुम्बासी समस्या	१	१		१				
महिला किनबेच	४		९	९				
बलात्कार	८		१०	१०				
बलात्कारको प्रयास	६		७	७	१		१	१
बहुविवाह	४	१	४	५				
जारी	२	१	१	२				
गर्भपतन	३		३	३				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		३	३				
बालअधिकार	३	७	२	९				
आर्थिक अधिकार	३	३		३				
अपहरण	८	२५		२५				
जम्मा	१३८	१८६	६०	२४६	७७	१७५	१९	१९४

भने गेहेन्द्रकुमार, दिनेश र रामकुमारलाई शरीरमा नीलडाम हुनेगरी यातना दिएर ८ दिनपछि रिहा गरे। सोही ठाउँका जनता आपसमा होली खेलीरहेको अवस्थामा प्रहरी जवान मदनमणि आचार्यले गेहेन्द्रकुमारको कान र घाँटी टोकिदिएका कारण प्रहरीविरूद्ध जनताले नाराबाजी गरेपछि प्रहरीले चार राउण्ड हवाई फायर गर्नुका साथै पीडितहरूलाई गिरफ्तार गरेका थिए।

बैजापुर गाविस-१ का २६ वर्षीय विनोदकुमार चौधरी, २३ वर्षीय बजारी चौधरी, १४ वर्षीय सीता चौधरी, २० वर्षीय विमला चौधरी, २६ वर्षीय रामफल चौधरी र १९ वर्षीय रामकुमारी चौधरीलाई ०५८ असार ४ गते नागरिकताको काम गर्न तथा बजार घुम्न आएको अवस्थामा जिल्ला प्रशासन कार्यालयको गेटबाट सादा पोशाकमा आएका प्रहरीले गिरफ्तार गरे। पीडितहरू नागरिकतासम्बन्धी काममा कार्यालयमा जाँदा अधिकृतले "भोली आउनू" भनेपछि गेटबाहिर निस्कन लाग्दा गिरफ्तार गरिएको थियो। पीडितहरूमध्ये अन्यलाई ३ दिनपछि तथा विनोदकुमारलाई ११ दिनपछि रिहा गरियो। प्रहरीले "माओवादी" लेखिएको कागज आफूहरूको छातीमा टाँसेर फोटो खिचेको कुरा पीडितहरूले बताए।

बैजापुर गाविस-१ का २८ वर्षीय राजकुमार थारूलाई माओवादीको आरोपमा ०५८ असार ५ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ३ दिनपछि रिहा गरियो।

शमशेरगञ्ज गाविस-७ का १७ वर्षीय माधव शाही, १६ वर्षीय देवेन्द्र थापा, मानबहादुर थापा, १५ वर्षीय निलबहादुर थापा, नमबहादुर आले, १७ वर्षीय राजेन्द्र खड्का, कोहलपुर गाविस-५ का योगेन्द्रमान हमाल र सोही गाविस-८ का २० वर्षीय भिमबहादुर थापालाई ०५८ भदौ २६ गते प्रहरीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे। दुई दिनअघि सोही गाविस हवलदारपुरस्थित श्रीराम माविमा भएको फुटबल खेलमा अनियमितता भएका कारण खेलाडी र आयोजकबीच विवाद हुँदा खेलाडीहरूले एक जना व्यक्तिलाई छुरा प्रहार गरेका थिए। त्यसपछि आक्रोशित समूहलाई नियन्त्रण गर्ने क्रममा प्रहरीले पीडितहरूलाई गिरफ्तार गरेका थिए।

सोनपुर गाविस-२ सोनवर्षाका ४५ वर्षीय सुशिल कुर्मी र २९ वर्षीय चिन्कु थारूलाई माओवादीको आरोपमा ०५८ भदौ २७ गते प्रहीले गिरफ्तार गरे। पीडितहरूलाई ३ दिनपछि रिहा गरियो।

कोहलपुर गाविस-४ का ३८ वर्षीय परशुराम पराजुलीलाई माओवादीहरूलाई खाना खुवाएको आरोपमा ०५८ कार्तिक १३ गते बेलुका आफ्नै होटलबाट प्रहरीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

चिसापानी गाविस-६ का २४ वर्षीय चन्द्रबहादुर थापालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १३ गते सोही गाविस भवनबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई पुस ७ गते रिहा गरियो।

सुर्खेत जिल्ला राम्रिडाँडादह गाविस-२ का नेरा प्राविका शिक्षक २६ वर्षीय पदमबहादुर थापामगरलाई ०५८ मंसिर १३ गते औषधी लिएर गइरहेको अवस्थामा माओवादीहरूका लागि औषधी लगिदिएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

नौवस्ता गाविस-८ नेउलापुर घर भई कोहलपुर गाविस-३ मा रेडियो मर्मत काम गर्ने ३६ वर्षीय परशुराम लामिछाने र ३० वर्षीय शंकर लामिछानेलाई माओवादीको आरोपमा ०५८ मंसिर १३ गते रेडियो पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

कोहलपुर गाविस-३ का ३८ वर्षीय शेषकान्त चापागाईंलाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

प्युठान जिल्ला तिराम गाविसका २५ वर्षीय ऋषि घिमिरे (शर्मा) लाई माओवादीका गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १६ गते नेपालगञ्ज नपा-५ गणेशपुरबाट प्रहरीले गिरफ्तार गरे।

टिटिहिरिया गाविस-६ का ३८ वर्षीय मनोज घर्ती मगर र ३० वर्षीय मेघबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १९ दिनछि रिहा गरियो।

सुर्खेत जिल्ला गुमी गाविसका ४५ वर्षीय लिलबहादुर सार्कीसमेत ७८ जनालाई मजदुरीका लागि भारततर्फ जान ०५८ मंसिर १८ गते बेलुका नेपालगञ्जस्थित एक होटलमा बसिरहेको

स्थानीय बासिन्दाहरूलाई सताएको आरोपमा कुटपिट गरिएका माओवादी कार्यकर्ता टेक्सम चौधरी र कैलाश चौधरी

अवस्थामा प्रहरीले होटल छापा मारी माओवादीको आशंकामा गिरफ्तार गरे। पीडितहरू मध्ये २५ जनालाई एक दिन पछि र बाँकी सबैलाई २ दिनपछि रिहा गरियो।

कोहलपुर गाविस-६ लखनाका ३५ वर्षीय कल्लु चौधरी, ३३ वर्षीय ठगनी चौधरी र १८ वर्षीय सर्मिला चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई २९ दिनपछि रिहा गरियो।

दैलेख, सुर्खेत र जुम्ला जिल्लाबाट नेपालगञ्ज आएका ७ जना व्यापारीहरू तथा मजदुरीका लागि भारत जान आएका सुर्खेत जिल्लाका लालबहादुर थापासमेत १८ जनालाई नेपालगञ्जस्थित एक होटलमा बसिरहेको अवस्थामा ०५८ मंसिर १८ गते बेलुका प्रहरीले होटल छापा मारी माओवादीको आशंकामा गिरफ्तार गरे। पीडितहरूमध्ये ८ जनालाई १ दिनपछि र १० जनालाई २ दिनपछि रिहा गरियो।

कोहलपुर गाविस-८ विपरीकी ५३ वर्षीय कांग्रेसी थारू र सोही ठाउँका झण्डहवास्थित जनज्योती माविका शिक्षक ५३ वर्षीय तुलवीर बुढालाई ०५८ मंसिर १९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई २२ दिनपछि तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-२ का ४२ वर्षीय दिपक के.सी. र सोही गाविस-४ का ४० वर्षीय ऋषि पोखरेललाई माओवादीहरूलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर २१ गते जिल्ला प्रशासन कार्यालयमा बोलाइएकाले त्यहाँ पुगेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये दिपकलाई २६ दिनपछि तारेखमा रिहा गरियो भने ऋषिलाई रिहा गरिएको छैन।

रझेना गाविस-९ का वडाध्यक्ष ५० वर्षीय ठग्गा थारू, ४५ वर्षीय बेगनी थारू, ४० वर्षीय रामप्रसाद थारू, ३५ वर्षीय सर्जु थारू, ५५ वर्षीय झगरू थारू, ५० वर्षीय खडकिनिया थारू, ४५ वर्षीय खुसिराम थारू र २४ वर्षीय सीताराम थारूलाई माओवादीको आशंकामा ०५८ मंसिर २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई पुस १ गते तारेखमा रिहा गरियो।

रझेना गाविस-९ गोहवाका ४० वर्षीय साहुलाल थारू, ३५ वर्षीय कोइली दासी, ४२ वर्षीय चमारी थारू, ४२ वर्षीय भड्डुराम थारू, ४६ वर्षीय रामस्वरूप थारू र ३२ वर्षीय बुद्धिराम थारूलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २३ गते विहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई पुस १ गते रिहा गरियो।

वर्दिया जिल्ला गोला गाविस-२ का आयाम भन्ने ४० वर्षीय ज्ञानप्रसाद चालिसे, कोहलपुर गाविस-३ का २० वर्षीय प्रविण अधिकारी, १८ वर्षीय कृतिका पौडेल र एक जना नाम थाहा नभएको व्यक्तिलाई माओवादीको आरोपमा ०५८ मंसिर २६ गते कोहलपुर गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडकहरूमध्ये ज्ञानप्रसाद चालिसे माओवादीका क्षेत्रीय ब्यूरो सदस्य एवं बाँके-वर्दिया कमाण्डर भएको जनाइयो। पीडितहरूमध्ये कृतिका पौडेललाई ४ दिनपछि तथा नाम थाहा नभएका व्यक्ति र प्रवीणलाई ३७ दिनपछि रिहा गरियो।

चिसापानी गाविस-१ मुलाइटाँटीकी १९ वर्षीय सीता चन्दलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ३ गते रिहा गरियो।

बनकटुवा गाविस-४ जीगाउँका ४३ वर्षीय टेकबहादुर रिजाललाई माओवादीको आशंकामा ०५८ मंसिर २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७ दिनपछि रिहा गरियो।

सुर्खेत जिल्ला घर भई हाल शुषमा मेमोरियल ट्रष्ट सिएमए क्याम्पसमा अध्ययनरत १८ वर्षीय यादवी खत्री र १७ वर्षीय रेश्मा राणालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर २९ गते नेपालगञ्ज गोसाई गाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये रेश्मालाई १५ दिनपछि रिहा गरियो भने यादवीलाई हालसम्म रिहा गरिएको छैन।

कचनापुर गाविस-७ घर भई जिविस कार्यालयमा कार्यरत २२ वर्षीय टेकबहादुर खत्रीलाई माओवादीको आशंकामा ०५८ मंसिर २९ गते जिविस कार्यालयको गेटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि रिहा गरियो।

कोहलपुर गाविसस्थित कोहलपुर मेडिकल कलेजका उपनिर्देशक ४८ वर्षीय डा. जीतेन्द्र महासेठलाई माओवादीहरूलाई उपचार गरेको आरोपमा ०५८ पुस १ गते विहान कलेजबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस २१ गते रिहा गरियो।

रूकुम जिल्ला घर भई भेरी प्राविधिक शिक्षालयमा अध्ययनरत २४ वर्षीय धनबहादुर खत्रीलाई माओवादीको आरोपमा ०५८ पुस ५ गते कोहलपुर मेडिकल कलेजमा तालिमका लागि सेवा गरिहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

बागेश्वरी गाविस-४ खजुरा (क) का ४२ वर्षीय विष्णु नेपाल र २४ वर्षीय टिका नेपाललाई माओवादीको आरोपमा ०५८ पुस ६ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे।

विलौना गाविस-५ टरूवागाउँका ३२ वर्षीय कमलबहादुर खड्का र ३८ वर्षीय रामलौटन थारूलाई माओवादीको आरोपमा ०५८ पुस ६ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूलाई चिसापानीमा राखिएको छ।

नेपालगञ्जस्थित भेरी कानूनी सेवा केन्द्रका अधिवक्ता ३७ वर्षीय झपिन्द्र पौडेल, अभिवक्ताद्वय २९ वर्षीय दुर्गाप्रसाद खनाल र ३३ वर्षीय सूरजलाल चौधरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस ६ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

सीतापुर गाविस-५ का वडाध्यक्ष ३५ वर्षीय लोकेन्द्रबहादुर थापालाई माओवादीको आरोपमा ०५८ पुस ८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १० दिनपछि रिहा गरियो।

जाजरकोट जिल्ला खलंगा गाविसस्थित नेरा प्राविका शिक्षक नौवस्ता गाविस-८ सिमलघारीका ४२ वर्षीय टिकाराम जैसीलाई माओवादीको आशंकामा ०५८ पुस ९ गते कोहलपुर गाविस-२ स्थित कर्ण मेडिकल हलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

सुर्खेत जिल्ला मान्वागनी गाविस-८ घर भई नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्ववियुका केन्द्रीय सदस्य २४ वर्षीय रत्नबहादुर खत्रीलाई ०५८ पुस ९ गते बिहान ११ बजे क्याम्पसबाट कोठातर्फ गइरहेको अवस्थामा सडक कार्यालय नजिकैबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई आँखामा कालो पट्टी बाँधेर यातना दिई सोही दिन रिहा गरियो।

सीतापुर गाविस-४ एगाउँका ४० वर्षीय सर्वजित विष्टलाई माओवादीको आरोपमा ०५८ पुस १० गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ९ दिनपछि रिहा गरियो।

बैजापुर गाविस-३ का ४५ वर्षीय चन्द्रबहादुर भण्डारी, २३ वर्षीय मनकुमारी थारू र २३ वर्षीय जोगीराम थारूलाई माओवादीको आरोपमा ०५८ पुस १० गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूलाई हालसम्म रिहा गरिएको छैन।

महादेवपुरी गाविस-१ महादेवाका ३८ वर्षीय रत्नवीर वलीलाई माओवादीको आशंकामा ०५८ पुस ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

फत्तेपुर गाविस-७ सोनपुर घर भई सिन्धवास्थित सिद्धेश्वरी माविमा अध्ययरत १५ वर्षीय छोटीराम थारू र १६ वर्षीय श्यामबहादुर थारूलाई माओवादीको आरोपमा ०५८ पुस १३ गते विद्यालयबाट घर फर्किरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

फत्तेपुर गाविस-७ सरीका २८ वर्षीय रामशरण थारू, २५ वर्षीय जुहारीलाल थारू, २० वर्षीय सीताराम थारू, २५ वर्षीय नेपालु थारू, १८ वर्षीय हिरालाल थारू, १६ वर्षीय शुकराम थारू, २० वर्षीय लाहानु थारू (क), २२ वर्षीय गोमे थारू, २७ वर्षीय मिश्रिलाल थारू, २२ वर्षीय जागुराम थारू र २४ वर्षीय दिनेश थारूलाई माओवादीको आरोपमा ०५८ पुस १४ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये जुहारीलाल र मिश्रिलाललाई हालसम्म रिहा गरिएको छैन भने अन्यलाई पटक-पटक गरी रिहा गरियो।

नौवस्ता गाविस-२ जब्दहवाकी १६ वर्षीय राजकुमारी चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

वासुदेवपुर गाविस-१ मोहनपुर घर भई नेपालगञ्जस्थित नारायणी माविमा अध्ययनरत १६ वर्षीय तारा योगीलाई माओवादीको आरोपमा ०५८ पुस १५ गते विद्यालयबाट डेरातर्फ गइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

नौवस्ता गाविस-८ नेउलापुरकी १८ वर्षीय शान्ति चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस १५ गते सोही गाविस-३ भुजियागाउँस्थित फुपुको घर गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २१ दिनपछि साप्ताहिक तारेखमा रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

जाजरकोट जिल्ला खलङ्गा गाविस-६ रिसाङ घर भई नेपालगञ्जस्थित सुषमा मेमोरियल ट्रष्टमा सिएमए अध्ययनरत ३१ वर्षीय शिवप्रसाद शर्मालाई माओवादीको आशंकामा ०५७ फागुन १३ गते बेलुका सादा पोशाकमा रहेका प्रहरीले गिरफ्तार गरी महेन्द्रा जीपमा लगी हालसम्म बेपत्ता पारिएको छ।

महादेवपुरी गाविस ढकेरीस्थित गणेश मावि व्यवस्थापन समितिका अध्यक्ष ३९ वर्षीय लालबहादुर वली र सोही विद्यालयका प्रधानाध्यापक ३५ वर्षीय अमरेन्द्र यादवलाई ०५८ जेठ १० गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई कागज गराई भोलिपल्ट मुक्त गरियो।

अखिल नेपाल युवक संघका जिल्ला उपाध्यक्ष ३० वर्षीय तिलक वि.क., अनेरास्ववियुका जिल्ला सदस्य २० वर्षीय हरिलाल वली, २२ वर्षीय धनबहादुर वि.क. तथा १९ वर्षीय सर्वजीत राजी र २२ वर्षीय तिलक खत्रीलाई माओवादीहरूद्वारा अपहरित दलबहादुर वि.क.को रिहाईका लागि ०५८ असार ९ गते वार्ता गर्न गएको अवस्थामा वार्तास्थलबाटै माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई बन्दुकको कुन्दाले रक्ताम्य हुनेगरी हिर्काउनुका साथै कालो पट्टी बाँधेर ३ दिनपछि मुक्त गरियो।

सोनपुर गाविस-२ की २९ वर्षीय मगन्ते अलिलाई ०५८ असार ९ गते माओवादीहरूले अपहरण गरे। पीडितको अवस्थाबारे हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

खासकुश्मा गाविस कुसुमस्थित प्रहरी चौकीमा ०५८ असार १९ गते माओवादीहरूले आक्रमण गरी ११ जना प्रहरी तथा ३ जना नागरिकलाई अपहरण गरे। माओवादीहरूद्वारा अपहरित हुनेहरूमा असईहरू ३८ वर्षीय राजकुमार पहाडी, ३२ वर्षीय रेकमबहादुर महतरा, २८ वर्षीय रेमबहादुर रोका, प्रहरी हवल्दारहरू २७ वर्षीय भीमबहादुर पुन, ३० वर्षीय रेशम पुन, २९ वर्षीय जनकबहादुर सिंह, २६ वर्षीय हरिलाल वोहरा, ३२ वर्षीय मुकुन्दप्रसाद भुसाल, प्रहरी जवानहरू २३ वर्षीय भेपराज शर्मा, २१ वर्षीय कृष्ण के.सी., २१ वर्षीय नगेन्द्रबहादुर शाही, २२ वर्षीय विनोद कोइराला, रेकमबहादुरको छोरा ६ वर्षीय किस महतरा र नगेन्द्रबहादुरकी पत्नी १९ वर्षीय सुशीला शाही माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये राजकुमार ४ घण्टापछि भाग्न सफल भए भने अन्य सबैलाई पटक-पटक गरी माओवादीहरूले मुक्त गरे।

भोजभगवानपुरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३२ वर्षीय वीरबहादुर भण्डारीलाई ०५८ असार २७ गते गस्तीबाट फर्किरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

बनकटुवा गाविस-९ लालपुरका नेकपा (एमाले) इलाका कमिटी सदस्य तथा पिपल्स भोलेन्टियर्सका जिल्ला सदस्य ३२ वर्षीय इन्द्रबहादुर वलीलाई ०५८ कार्तिक ३ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई अंगभंग हुनेगरी कुटपिट गरेर २४ दिनपछि मुक्त गरियो।

बनकटुवा गाविस-९ का वडा सदस्य ३८ वर्षीय खगबहादुर खड्कालाई ०५८ कार्तिक १२ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्दै अपहरण गरी भोलिपल्ट मुक्त गरे।

जाजरकोट जिल्ला डाँडागाउँ गाविसका २८ वर्षीय दिपबहादुर वुढालाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते नेपालगञ्ज नपा-५ गणेशपुरबाट प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

वैजापुर गाविस-१ का २९ वर्षीय रामरतन चौधरीलाई सुराकी गरेको आरोपमा ०५७ फागुन २ गते माओवादीहरूले कुटपिट गर्नुका साथै खुट्टा भाँचिदिए। पीडितको उपचार भेरी अञ्चल अस्पतालमा गरियो।

नेपाल समाचारपत्र दैनिकका नेपालगञ्जस्थित सम्वाददाता २७ वर्षीय गोपी बुढालाई अवैध रूपमा भन्सार छलेर ल्याएको सामानसम्बन्धी सूचना सम्प्रेषण गरेको आरोपमा ०५७ फागुन १९ गते बेलुका भेरी अञ्चल अस्पतालको आपतकालीन कक्षमा बैद्य वस्त्रालयका जगदिशप्रसाद बैद्य, हरि क्षेत्री, सागर क्षेत्रीसमेत ८-१० जनाले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तथा कान्तिपुर दैनिकका सम्वाददाता ३५ वर्षीय जीवन पाण्डेलाई प्रहरीको विरूद्धमा समाचार सम्प्रेषण गरेको आरोपमा ०५७ फागुन २६ गते बेलुका नेपालगञ्जस्थित क्षेत्रीय प्रहरी व्यायामशालाका प्रहरीले कुटपिट गरे।

नेपालगञ्ज नपा-१० का सरस्वती माविका शिक्षक ३४ वर्षीय सुरेश वर्सैलालाई परीक्षामा चिट खोसेको आरोपमा ०५८ वैशाख ५ गते दिउँसो आफ्नो घरतर्फ गइरहेको अवस्थामा मोडर्न माविमा अध्ययनरत १७ वर्षीय उपेन्द्र रेग्मीले खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडितको उपचार भेरी अञ्चल अस्पतालमा भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा पीडितको उपचार गर्ने सहमति भई रिहा गरियो।

अनेरास्ववियु जिल्ला सदस्य एवं महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु उपसभापति २५ वर्षीय केशवदत्त पौडेल, सोही क्याम्पसमा अध्ययनरत १८ वर्षीय वीरेन्द्र बोगटी, २० वर्षीय भरत विष्ट, २० वर्षीय केशव बस्नेत, १९ वर्षीय झंगुलाल चौधरी, २५ वर्षीय रामबली चौधरी, २० वर्षीय सन्तोष चौधरी र २१ वर्षीय घनश्याम खत्रीलाई ०५८ जेठ १६ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा बन्द गर्न अनुरोध गर्दा जैसपुरका नेकाँ समर्थक व्यक्तिहरूले भाला, लाठी आदिले हिर्काएर लखेटे।

नेपालगञ्ज नपा-१ का २५ वर्षीय हकर डम्बरबहादुर श्रेष्ठलाई प्रहरीलाई निःशुल्क पत्रिका नदिएको आरोपमा ०५८ असार ८ गते राझास्थित विमानस्थलबाट कान्तिपुर दैनिक नेपालगञ्जतर्फ ल्याइरहेको अवस्थामा प्रहरी हवल्दार चन्द्रबहादुर थापा र प्रहरी जवान केशवबहादुर दशौंदीले कुटपिट गरे।

नौवस्ता गाविस-७ का वडासदस्य ४२ वर्षीय डम्बरबहादुर कठायतलाई माओवादी विरूद्ध लागेको आरोपमा ०५८ असार १९ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

खासकुश्मा गाविस-२ स्थित प्रहरी चौकीमा ०५८ असार १९ गते राति २ बजे माओवादीहरूले बम विस्फोट गराई चौकी पूर्ण ध्वस्त पार्नुका साथै नजिकैका व्यापारी ४० वर्षीय ओमप्रकाश गुप्ताको खाद्यान्न गोदाममा आगो लगाई गोदामसहित खाद्यान्न गरी करिब २ लाख रूपैयाँ बराबरको धनमाल नष्ट गरे।

नेपालगञ्ज नपाको कार्यालय अगाडि चोकमा ०५८ असार २० गते माओवादीले बम विस्फोट गराए।

नौवस्ता गाविस-२ स्थित प्रहरी चौकीमा ०५८ असार २८ गते माओवादीहरूले बम विस्फोट गराई ध्वस्त बनाए। चौकीका प्रहरीहरू गाउँमा गई लुकेर बसेका थिए।

सोनपुर गाविस-६ का नेपाल राष्ट्रिय प्राविका शिक्षक ४१ वर्षीय शशिराम यादव र ३६ वर्षीय सरिफ खाँ र ४१ वर्षीय शशिराम यादवलाई ०५८ साउन ९ गते माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिनुका साथै घरबाट ३ वटा बन्दुक र एउटा राइफलसमेत लुटेर लगे।

बनकटुवा गाविस-९ लालपुरका ३८ वर्षीय खिमबहादुर रावत, उनकै पत्नी ३१ वर्षीय यशोदा रावत, सोही ठाउँका २९ वर्षीय कृष्ण पौडेल, २४ वर्षीय मुना पौडेल र ६१ वर्षीय परशुराम पौडेललाई ०५८ साउन १३ गते अज्ञात व्यक्तिहरूले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितहरूको कोहलपुर मेडिकल कलेज र नेपालगञ्ज नर्सिङ होममा उपचार गरियो।

रनियापुर गाविस-८ का ४० वर्षीय रंगीलाल धोवी र ३९ वर्षीय जहिद अली अन्सारीलाई आफ्नो पार्टीको विरूद्धमा कार्य गरेको आरोपमा ०५८ साउन १८ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

नेपालगञ्ज नपा-१५ स्थित एञ्जल्स आवासीय माविका गार्ड १९ वर्षीय सुरेश वलीलाई ०५८ साउन २४ गते सोही माविमा आर्थिक सहयोग लिन आएका अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले कुटपिट गर्नुका साथै विद्यालय तोडफोड गर्ने धम्की दिए। विद्यालय २१ दिनसम्म बन्द रह्यो।

जिल्ला भूमिसुधार कार्यालय अगाडि ०५८ साउन २८ गते माओवादीहरूले बम विस्फोट गराए।

नेकपा (माओवादी) का कार्यकर्ता ईश्वरी सुवेदी, ओमकुमार थारूसमेत ४ जनालाई ०५८ भदौ १ गते बिहान गंगापुर गाविसका अध्यक्ष वीरेन्द्रपाल सिंहको घरमा बन्दुक

माग्न आएको अवस्थामा जनताले घेरा हाली कुटपिट गरे। सोही अवस्थामा प्रहरीले पीडितहरूलाई गिरफ्तार गरी तारेखमा रिहा गरेता पनि पुनः तारेखमा आएनन्।

बागेश्वरी गाविस-२ खजुरास्थित शाह डिष्टिलरी प्रालिमा ०५८ भदौ २ गते माओवादीहरूले तोडफोड गरी आगो लगाए। आगलागीबाट ३ करोड रूपैयाँ बराबरको क्षति भएको जनाइयो। त्यसबाहेक माओवादीहरूले भे. १ ख ३३८ नं को ट्रक, बा. ३ च ८३०५ नं. को महिन्द्रा जीप, बा. १ प ४१६१ नं को मोटरसाइकल तथा मजदुरका ६ वटा साइकलसमेत नष्ट गरिदिए। डिस्टिलरीका ७ वटा ठूला र ८ वटा साना मेशिन पूर्ण क्षतिग्रस्त भए।

बनकटुवा गाविस-४ लालपुरका ४५ वर्षीय वर्णबहादुर बुढा र २९ वर्षीय कृष्णबहादुर बुढालाई माओवादीको विरूद्धमा बोलेको आरोपमा ०५८ भदौ १२ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

कम्दी गाविस-४ का ५० वर्षीय मोहम्मद रफी नाउ र कम्दी गाविस-५ का २५ वर्षीय माइले नाउलाई ०५८ भदौ १८ गते गोठालाबाट फर्किरहेको अवस्थामा कम्दी प्रहरी चौकीका गस्ती प्रहरीले विनाकारण सख्त घाइते हुनेगरी कुटपिट गर्नुका साथै माओवादीको आरोप लगाई ज्यानमार्ने धम्कीसमेत दिए। आफूहरूले डरका कारण प्रहरीलाई ३ हजार ६ सय रूपैयाँ दिएको पीडितहरूले बताए।

कम्दी गाविस-४ का २१ वर्षीय रमेश लुहार र सोही गाविस-५ का २५ वर्षीय मैकु अन्सारीलाई ०५८ भदौ १९ गते खेतबारीमा काम गरी घर फर्किरहेको अवस्थामा कम्दी प्रहरी चौकीका गस्ती प्रहरीले कुटपिट गर्नुका साथै माओवादीको आरोप लगाई ज्यानमार्ने धम्कीसमेत दिए।

वर्दिया जिल्ला भूरीगाउँ घर भई सोही ठाउँस्थित त्रिभुवन माविमा अध्ययनरत १७ वर्षीय भीषण भन्ने विकास चौधरी, सोही जिल्ला ढोढरी गाविस-४ घर भई नेपाल प्रस्तावित माविमा अध्ययनरत १८ वर्षीय विक्रम भन्ने कैलास चौधरी र सोही जिल्ला वानियाभार गाविस-९ घर भई जोगीगाउँस्थित युवक माविमा अध्ययनरत १९ वर्षीय अमृत भन्ने रमेश चौधरीलाई ०५८ असोज १७ गते दिउँसो बरगडास्थित नेपाल प्राविका शिक्षकहरूसँग तलबको ५ प्रतिशत रकमका दरले चन्दा माग गर्दा रनियापुरका जनताले कुटपिट गरी सख्त घाइते बनाएर तलाउमा फ्याँकिदिए। पीडितहरूलाई प्रहरीले देखेपछि तत्काल उपचारार्थ भेरी अञ्चल अस्पताल पुऱ्याए।

नेकपा (एमाले) जिल्ला सदस्य एवं १० नम्बर इलाका इन्चार्ज फूलसिंह थारू र सोही पार्टीको जिल्ला सचिवालय सदस्य बाबुराम गौतमलाई ०५८ असोज १७ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूलाई रनियापुरमा कुटपिट गराउनमा सहयोग गरेको आरोपमा ०५८ असोज २७ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

बनकटुवा गाविस-४ जीगाउँका अपाङ्ग ७० वर्षीय कर्णबहादुर खत्रीलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०५८ कार्तिक ५ गते माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

टिटिहिरिया गाविसका अध्यक्ष ३५ वर्षीय चन्द्रप्रकाश पौडेललाई नेकपा (एमाले) द्वारा सञ्चालित वैचारिक सुदृढीकरण अभियानमा सहयोग गरेको आरोपमा ०५८ कार्तिक ६ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

कचनापुर गाविस-३ का नेकपा (एमाले) जिल्ला कार्यालय सचिव ४२ वर्षीय रामदास थारूलाई राजनीतिक प्रतिशोधका कारण ०५८ कार्तिक १४ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

विलौना गाविसका अध्यक्ष ४२ वर्षीय इतबारी थारू र उपाध्यक्ष ४८ वर्षीय जीतबहादुर डाँगीलाई गाविसको काम गर्दा अनुमति लिनुपर्ने उल्लेख गर्दै आइन्दा अनुमति नलिई काम गरेमा माओवादीहरूले ०५८ कार्तिक १५ गते ज्यानमार्ने धम्की दिए।

दैलेख जिविस सदस्य वरूनाथ योगी, कालभैरव गाविस अध्यक्ष खगेन्द्र थापा, अवल पराजुल गाविस अध्यक्ष नगेन्द्रबहादुर बुढा, नावले कटुवाल गाविस अध्यक्ष तर्कबहादुर खड्का र सोही गाविसका रामबहादुर खड्कालाई ०५८ मंसिर १४ गते जिविसको तर्फबाट भ्रमणमा गई फर्किरहेको अवस्थामा चिसापानीमा सुरक्षा बलले सोधपुछको क्रममा रक्ताम्य हुनेगरी कुटपिट गरे।

बाँके जिल्ला अदालतमा ०५८ पुस ६ गते बिहान माओवादीहरूले प्रेसर कुकर बम विस्फोट गराउँदा दुईवटा कोठा र भवनको भित्ता भत्कनुका साथै कागजात नष्ट भए।

महादेवपुरी गाविस-१ का वडा सदस्य नेकपा (एमाले) का कार्यकर्ता ४० वर्षीय मानबहादुर दर्लामीलाई माओवादीको आरोपमा ०५८ पुस ६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा गस्तीमा आएका सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की दिए।

सीतापुर गाविस-२ वलैपुर घर भई नेपालगञ्ज नपास्थित महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत सोही क्याम्पस स्ववियुका सचिव २३ वर्षीय भीमबहादुर वलीलाई माओवादी कार्यकर्तासँग सम्पर्क गरेको आशंकामा ०५८ पुस ९ गते प्रहरीले कुटपिट गर्नुका साथै गिरफ्तार गर्ने धम्की दिए।

नेकाँ जिल्ला कार्य समितिका सभापति ४८ वर्षीय कृष्णमान श्रेष्ठको उठारापुर गाविसस्थित घरमा ०५८ पुस ९ गते बिहान माओवादीहरूले बम विस्फोट गराई पूर्णरूपले ध्वस्त पारी ५ लाख रूपैयाँबराबरको क्षति पुऱ्याए।

नौवस्ता गाविसका अध्यक्ष ५० वर्षीय सतिराम थारूलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस १४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गर्ने धम्की दिए। पीडित नेकपा (एमाले) बाट विजयी गाविस अध्यक्ष हुन्।

नौवस्ता गाविस-२ जब्दहवाका ३४ वर्षीय हेदराम थारू, ४० वर्षीय रामप्रसाद थारू, कल्लूराम थारू र ४५ वर्षीय

माधवराज थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ पुस १४ गते सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए। पीडकहरूले पीडितहरूको घरमा रहेको धान फ्याँकिदिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छ वाम समूहको आव्हानमा भएको आम हडतालका क्रममा ०५८ जेठ १४ गते नारा-जुलुस नियन्त्रण गर्ने सिलसिलामा २५ वर्षीय केशव थापालाई प्रहरीले लाठी प्रहार गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत छन्। यस वर्ष पुनरावेदन अदालतमा देवानी ४ सय ४ र फौजदारी २ सय ४६ वटा मुद्दा दर्ता भएकोमा सबै फर्स्यौट भए। गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ५ सय ६३ मध्ये ९० वटा फर्स्यौट भएको र फौजदारी मुद्दा ३ सय १४ वटामध्ये ६३ वटा फर्स्यौट भए। यस वर्ष बन्दी प्रत्यक्षीकरणसम्बन्धी १ सय ५८ वटा मुद्दा दर्ता भएकोमा सबै फर्स्यौट भए भने गत वर्षका २ सय ४४ मध्ये १ सय २ वटा फर्स्यौट भए।

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा १ हजार १ सय ५६ वटा दर्ता भएकोमा ७ सय ५१ वटा फर्स्यौट भई ४ सय ५ बाँकी रहे। फौजदारी मुद्दा यस वर्ष २ सय ३ दर्ता भएकोमा सबै फर्स्यौट भए। गत वर्षका देवानी ७ सय ९५ र फौजदारी ३ सय ५६ गरी १ हजार १ सय ५१ वटामध्ये फौजदारी २५ फर्स्यौट भई १ हजार १ सय २६ बाँकी रहे। यस अदालतमा गत वर्षका र यस वर्षका गरी कूल १ हजार ५ सय ३१ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यस जिल्लामा अपाङ्गहरूको १ सय २ जनाको निवेदन दर्ता भएकोमा ५० जनाले मात्र प्रति महिना १ सय रूपैयाँका दरले भत्ता प्राप्त गरे भने ५२ जना वञ्चित रहे।

असहाय विधवा भत्ता १ हजार ५ सय महिलाले निवेदन दर्ता गराएकोमा सबैलाई प्रति महिना १ सय रूपैयाँका दरले वितरण गरियो भने जेष्ठ नागरिक ७५ जनाको निवेदन दर्ता भएकोमा सबैलाई १ सय ५० रूपैयाँका दरले भत्ता वितरण गरिएको जिविसले जनायो।

महिला अधिकार

राधापुर गाविस-२ जलपोखरीकी ५५ वर्षीय एक महिलालाई ०५८ वैशाख १६ गते राति सोही ठाउँका २६ वर्षीय टेकबहादुर थापा र २४ वर्षीय कृष्णबहादुर चौधरीले मादक पदार्थ सेवन गरी बलात्कार गरे। पीडकहरू फरार छन्।

गंगापुर गाविस-६ की २२ वर्षीय एक विधवालाई ०५८ जेठ १० गते कट्कइयाँस्थित नेपाल प्राथमिक विद्यालयका शिक्षक ३८ वर्षीय भोला तिवारीले धम्की दिई बलात्कार गरे। पीडकलाई कुनै कारवाही भएन।

रफेना गाविस-४ वनखेतका १६ वर्षमुनिका ३ जना युवतीलाई ०५८ जेठ १६ गते राति आफ्नै घरमा सोही गाविस-५ वर्डहवाका १९ वर्षीय नारायण वली, २५ वर्षीय भिमबहादुर श्रीस, २२ वर्षीय किरण खत्री, २० वर्षीय तिलकबहादुर वली र २३ वर्षीय कुमार रायमाझीले मादक पदार्थ सेवन गरी बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

मनिकापुर गाविस राझास्थित आदर्श माविमा अध्ययनरत एक बालिकालाई ०५८ जेठ २० गते सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं जिविस सदस्य ३९ वर्षीय सचिन्द्र वर्माले बलात्कार गरी दुई दिनसम्म आफ्नै घरमा राखे।

महादेवपुरी गाविस-७ शमशेरगञ्जकी २६ वर्षीय एक महिलालाई ०५८ असार १७ गते राति सुतिरहेको अवस्थामा सोही ठाउँस्थित सशस्त्र प्रहरी गणका "चुनारा" भन्ने असईले हो-हल्ला गरेमा माओवादीको आरोप लगाई गोलीद्वारा हत्या गर्ने धम्की दिई बलात्कार गर्ने प्रयास गरे। पीडितले हो-हल्ला गरेपछि पीडक भागेर गणभित्र फर्किए।

नेपालगञ्ज नपा-५ मा चिया पसल गर्ने २३ वर्षीय एक महिलालाई ०५८ असार १८ गते सुर्खेतका ट्रक ड्राइभर ३५ वर्षीय थमबहादुर वि.क., वर्दियाका १८ वर्षीय शेरबहादुर घर्ती, १९ वर्षीय नवीन शाही र १८ वर्षीय भक्तबहादुर वि.क.ले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

रनियापुर गाविस-६ की २३ वर्षीय एक महिलालाई ०५८ साउन २० गते सोही गाविसका माओवादी कार्यकर्ता ३० वर्षीय सिकन्दर शेख र ३२ वर्षीय परमानन्द कुर्मीले धम्की दिई बलात्कार गर्ने प्रयास गरे। गाउँलेहरूको सहयोगमा पीडित बलात्कृत हुनबाट जोगिइन्।

चिसापानी गाविस-९ की १५ वर्षीय एक बालिकालाई ०५८ भदौ ६ गते सोही गाविस-१ का २१ वर्षीय ओमप्रकाश मल्लले बलात्कार गरे। पीडक फरार भए।

बनकटुवा गाविस-५ एचगाउँकी १८ वर्षीय एक महिलालाई ०५८ भदौ ७ गते पञ्चमीको नाच हेरेर घर फर्कदै गरेको अवस्थामा सोही ठाउँका २३ वर्षीय भीमबहादुर खत्रीले बलात्कार गरे। पीडकलाई थुनामा राखिएकोमा हाल रिहा गरिएको छ।

नेपालगञ्ज नपा-१० की २२ वर्षीय एक महिलालाई ०५८ असोज ३ गते बेलुका नेपालगञ्ज नपा-१० का २८ वर्षीय दीपकप्रसाद भण्डारीले बलात्कार गर्ने प्रयास गरे।

पिप्रहवा गाविस-४ की १६ वर्षीय एक महिलालाई ०५८ जेठ १५ गते आफ्नै पति २१ वर्षीय भगत सिंहले भारतको बहराइचमा लगी बिक्री गरेर फरार भए। पीडित बाबु-आमाको सहयोगमा नेपाल फर्कन सफल भइन्। पीडितले जिल्ला र पुनरावेदन अदालतमा मुद्दा जितेपछि पीडकका बाबु र सहयोगीसमेत फरार छन्।

बहुविवाहका ९ वटा घटना सार्वजनिक जानकारीमा आए।

गर्भपतनको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

बालअधिकार

खासकुश्मा गाविस-१ की १३ वर्षीय पुष्पा वदेनीलाई पेन्सन दिने शर्तमा ०५७ चैत २ गते सोही ठाउँका ८० वर्षीय दिलबहादुर पुनले विवाह गरे। अनमेल विवाह गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी ०५७ चैत ३ गते पुर्पक्षको लागि पुनलाई थुनामा राखियो। पुनले मुद्दा हारेपछि जेल चलान गरियो।

सीतापुर गाविस-१ की ९ वर्षीय गीता थारू जन्मेको ७ महिनादेखि नै धारे रोगले ग्रस्त भएको र आर्थिक अभावका कारण अभिभावकहरूले उपचार गर्न नसकेको अवस्थामा गिताले फोहोर वस्तुसमेत खान थालेपछि अभिभावकहरूले डोरीले हातखुट्टा बाँधेर राखेका थिए। सुकुम्बासी थारू परिवारसँग उपचार खर्च नभएकाले इन्सेक, आरआरएनलगायत्का संस्थाहरूले आर्थिक सहयोग गरे। भेरी अञ्चल अस्पतालमा उपचार गर्दागर्दै ०५८ कार्तिक ६ गते गीताको मृत्यु भयो।

सौतेनी आमाको दुर्व्यवहार र गरीबीका कारण अध्ययनबाट वञ्चित भई नेपालगञ्जका होटल, रेष्टुरेन्टहरूमा भाँडा माझ्ने, रिक्सा चलाउने, घरायसी श्रमिक बन्ने काममा लागेका जुम्ला जिल्लाका १३ वर्षीय विष्णु जोशी, सल्यान जिल्ला का १२ वर्षीय टंक वि.क., बाँके जिल्ला कोहलपुरका १४ वर्षीय मोहन क्षेत्री, सुर्खेत जिल्लाकी ११ वर्षीय काली दमाई र शान्ति चौधरी, वर्दिया जिल्ला भुरीगाउँकी ९ वर्षीय लक्ष्मी थारू, सोही जिल्ला पाताभार गाविस-७ का १२ वर्षीय दिपक अधिकारीलगायत्का कैयौं बालबालिकाहरू बालमजदुरका रूपमा कार्यरत छन्। यस्ता केही उदाहरणबाहेक बालश्रमिकको यकिन तथ्यांक भने उपलब्ध हुन सकेन।

अध्ययन शुल्क बढी भएको र निजी स्कूलहरूले बढी शुल्क असुल गरेको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी) को आयोजनामा पटक-पटक विद्यालयहरू बन्द गरिनाले त्यस्ता विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको शिक्षाको अधिकार हनन भएको अभिभावकहरूको धारणा छ।

दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा १ हजार ३ सय ४२ परिवार मुक्त कमैयालाई ४ भागमा विभाजन गरिएको छ। भूमिसुधार कार्यालयले "क" वर्गमा परेका परिवार मुक्त कमैया मध्ये रझेना गाविस-४ वनखेतमा १ सय ६, बैजापुर गाविस-६ सिनावासमा ४७, फत्तेपुर गाविस-९ छुटकपुरमा २ गरी जम्मा १ सय ५५ परिवारलाई ४-४ कठ्ठाका दरले जग्गा प्रदान गर्‍यो। कचनापुर गाविस-३ गुरूवा खोलामा ५ र खासकुश्मा गाविस-२ कुसुममा ५ परिवार मुक्त कमैयालाई २-२ कठ्ठाका दरले जग्गा वितरण गरियो। "क" वर्गमा पर्ने १ सय ८६ जनाको नाम दर्ता भएता पनि १ सय ६५ जनाले मात्र जग्गा पाएका छन् भने १ सय ६५ मध्ये पनि १ सय ४७ जनाले लालपुर्जा पाएको भूमिसुधार कार्यालयले जनायो।

"ख" वर्गमा परेका ८ सय ७४ परिवार मुक्त कमैयाहरू मध्ये मुक्त कमैया जग्गा दर्ता समितिले ५ सय ७२ र २ नं. नापी गोश्वाराले १ सय ६४ मुक्त कमैयालाई जग्गा वितरण गर्ने निर्णय भयो। २ नं. नापी गोश्वारा शाखाले रझेना गाविसमा १८, वनकटुवा गाविसमा १७, महादेवपुरी गाविसमा ११, नौवस्ता गाविसमा २८ र सोनपुर गाविसमा ४ घर परिवारलाई जग्गा उपलब्ध गराई लालपुर्जा दिने प्रक्रियामा रहेको जनाइयो।

"क" र "ख" वर्गका मुक्त कमैयाहरूको कार्य पूरा नभएसम्म "ग" र "घ" लाई कार्यको थालनी नगर्ने कुरा भूमिसुधार कार्यालयले जनायो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

बैजापुर गाविस-२ का वडाध्यक्ष २६ वर्षीय तुल्सीराम चौधरीलाई घरमा पत्नी हुँदाहुँदै सोही ठाउँकी एक महिलालाई गर्भधारण गराएको आरोपमा ०५७ चैत १३ गते दिउँसो माओवादीहरूले मोसो दल्नुका साथै बानी नसुधारेमा ज्यानमार्ने धम्की दिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपालगञ्जस्थित जेलमा ०५७ माघ १ गते भएको गोली हत्याकाण्डप्रति विभिन्न मानवअधिकार संस्थाहरूले विरोध गरी प्रेस विज्ञप्ति जारी गर्नुको साथै मौन जुलुस सम्पन्न गरे। घटनाको निष्पक्ष एवं न्यायिक छानबिनका लागि सरकारसमक्ष आग्रह गरिएको थियो।

छ वाम समूहले ०५८ जेठ १६ गते संचालन गरेको नेपाल बन्दको विरोधस्वरूप नेकाँ जिल्ला कार्य समितिका कृष्णमान श्रेष्ठको नेतृत्वमा एक मौन जुलुसले नगर परिक्रमा गर्‍यो।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा विष सेवन गरेर २६ जना महिला र १० जना पुरूष, झुण्डिएर २५ जना गरी जम्मा ६१ जनाले आत्महत्या गरे। आगलागीमा परी ७ जना र पानीमा डुबेर ६ जना गरी जम्मा १३ जनाको मृत्यु भयो। दुर्घटनामा परी १३ नाबालक र ३७ अन्य व्यक्तिको मृत्यु भयो। १९ जनाको लास फेला पर्‍यो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १८ जना पीडित भए।

४.७ वर्दिया

सम्मानित रुपले बाँच्ने अधिकार



जनसंख्या	: ३८३७२०
साक्षरता प्रतिशत	: ४४.७४
महिला साक्षरता प्रतिशत	: १८
क्षेत्रफल (वर्ग कि.मी.)	: २०२५
गाविस/नपा संख्या	: ३१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २२२
क्याम्पस/उच्च मावि	: १/५
अस्पताल/स्वास्थ्य चौकी	: १/३३
टेलिफोन लाइन	: ७२३
मोटर सडक (कि.मी.)	: २९०
प्रहरी कार्यालय संख्या	: ६
हुलाक संख्या	: ३३

हत्या / गोली

शाही वर्दिया राष्ट्रिय निकुञ्जको रातमाटे र श्रीगोठी बीचमा ०५७ माघ २४ गते दिउँसो ३ बजे चोरी शिकारी र शाही नेपाली सैनिकको गस्तीटोली बीच दोहोरो भीडन्त हुँदा नाम थाहा नभएको एक जना शिकारीको मृत्यु भयो।

गुलरिया नपा-८ का २२ वर्षीय राजु हुसैन ०५७ चैत २२ गते बेलुका माओवादीहरूले आयल निगममा बम प्रहार गर्दा दाहिने खुट्टामा चारवटा शिशाका छर्रा लागेर घाइते भए। पीडितको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो।

वेलवा गाविस-८ का ३ वर्षीय सारूक खान, उनकै दिदीहरू ४ वर्षीय वल्ला पठानी र ८ वर्षीय अनिसा पठानी ०५८ वैशाख ३० गते बिहान सोही गाविस-४ स्थित गोरेटो बाटोमा माओवादीहरूद्वारा राखिएको पाइप बम कुल्चँदा विस्फोट भई घाइते भए। पीडितहरूको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल र भारतको लखनउमा गरियो।

शाही वर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने पुरनपुरमा ०५८ जेठ २६ गते बिहान चोरी शिकारी र शाही नेपाली सैनिकको गस्ती टोलीबीच दोहोरो भीडन्त हुँदा नाम थाहा नभएको एक जना शिकारीको मृत्यु भयो।

मनाऊ गाविस-३ का २५ वर्षीय दिपक चौधरीलाई ०५८ साउन २५ गते गेरूवा नदीको किनारमा माछा मारिरहेको अवस्थामा काठ तस्करहरूलाई लखेट्दै आएका शाही वर्दिया राष्ट्रिय निकुञ्जका सैनिकहरूको गोलीद्वारा मृत्यु भयो।

मैनापोखर गाविस-८ घर भई बाँसगढीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान ३० वर्षीय दिपनरेश चौधरीलाई ०५८ मंसिर १० गते साइकलमा कार्यालयतर्फ गइरहेको अवस्थामा बाँसगढी बजारमा माओवादीहरूले गोली हानी घाइते बनाए। पीडित उपचार गरी विदामा घरमा बसेको अवस्थामा ०५८ पुस ८ गते बिहान मैनापोखर गाविस-८ स्थित एक पसलमा बसिरहेको अवस्थामा माओवादीहरूले पुनः गोली हानी घाइते बनाएकोमा उपचारार्थ नेपालगञ्ज लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भयो।

सोरहवा गाविस-९ का ४७ वर्षीय सर्जु थारूलाई चन्दा नदिएको आरोपमा ०५८ मंसिर १६ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले गोली हानी घाइते बनाए। माओवादीहरूले पीडितकी छोरी १७ वर्षीय शोभा थारूलाई कुटपिट गरे। सर्जुको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा भयो।

डेउढाकला गाविस-३ का १६ वर्षीय जीतेन्द्र थारूलाई ०५८ मंसिर २२ गते दिउँसो घर नजिकको जंगलमा घाँस काट्न गएको अवस्थामा सुरक्षाकर्मीले नाम सोधेर हात माथि उठाउन लगाई गोली प्रहार गर्दा मृत्यु भयो।

मगरागाडी गाविस-३ का २६ वर्षीय विजयबहादुर चौधरी ०५८ मंसिर २४ गते राति एम्बुलेन्समा बिरामी लिई नेपालगञ्ज गइरहेको अवस्थामा कालिका गाविस-२ मा माओवादीद्वारा विछ्याइएको प्रेसर कुकर बम विस्फोट हुँदा दुवै खुट्टा भाँचिए। पीडितलाई उपचारार्थ नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल लगियो। एम्बुसमा परी एम्बुलेन्सको इन्जिन र अगाडिको भाग ध्वस्त भयो भने एम्बुलेन्समा रहेका बिरामी र अन्यलाई ठूलो क्षति भएन।

माओवादीद्वारा हत्या गरिएका रामशंकर यादव

मगरागाडी गाविस-४ का ३५ वर्षीय सीताराम थारू, ३० वर्षीय वेजन्ता थारूसमेत ६ जनालाई ०५८ पुस १ गते शाही वर्दिया राष्ट्रिय निकुञ्जको चिसापानी पोष्टका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। यस घटनालाई रक्षा मन्त्रालयले ०५८ पुस २ गते मगरागाडी गाविसको मानपुर इलाकामा सुरक्षाफौजसँगको दोहोरो भीडन्तमा एक जना "आतंककारी" को घटनास्थलमा मृत्यु भएको भनी सार्वजनिक गऱ्यो। यस घटनामा

सुरक्षाकर्मीहरूको गोलीद्वारा सीताराम थारूको मृत्यु भयो। गिरफ्तार गरिएकाहरूमध्ये २ जनालाई रिहा गरियो।

भिम्मापुर गाविस-७ मा ०५८ पुस ८ गते माओवादी र प्रहरी बीच दोहोरो भीडन्त हुँदा नाम थाहा नभएका एक जना माओवादी कार्यकर्ता गोली लागी घाइते भए।

मोतिपुर गाविस-९ हसनापुरमा ०५८ पुस ९ गते प्रहरी र माओवादीबीच भीडन्त हुँदा सोही ठाउँका २४ वर्षीय शंकर थारू, २५ वर्षीय होलिया थारू र सोरहवा गाविस-२ की २० वर्षीय सीता थारूको मृत्यु भएको आशंका गरिएको छ। लास प्रहरीले लिएर गएका थिए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ४ जना पुरूष र १ जना महिलाको हत्या भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	५		५				
गोलीद्वारा हत्या	१	१		१	६	७	१	८
गोलीद्वारा घाइते	२	२	१	३	२	२		२
बम प्रहारबाट घाइते	३	३	२	५				
गिरफ्तारी र यातना					३९	५६	११	६७
लाठी चार्ज					१	२		२
बेपत्ता पारिएको	१	१		१	६	८	४	१२
कुटपिट	१७	२४	१	२५	४	४		४
धम्की	१३	१६		१६				
भेला र संगठित हुने अधिकार					१	२	१	३
भूमिहीन तथा सुकुम्बासी समस्या					५	२२		२२
महिला किनबेच	१		१	१				
बलात्कार	३		३	३				
बलात्कारको प्रयास	४		४	४				
बहुविवाह	८	३	१२	१५				
पारिवारिक हिंसा	४		४	४				
महिला भएकै कारण यातना	२		२	२				
आर्थिक अधिकार	११	२२	१४	३६				
अपहरण	९	१४		१४	२	१३		१३
जम्मा	८४	९१	४४	१३५	६६	११६	१७	१३३

जेल र बन्दीहरु

"ग" श्रेणीको वर्दिया जेलको बन्दी क्षमता १ सय जना हो। हाल यस जेलमा १ सय २१ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ५७ पुरूष र ८ महिला तथा कैद तोकिएका ५३ पुरूष र ३ महिला छन्। कैद नतोकिएकामध्ये ४२ जनालाई मुलुकमा संकटकालीन स्थिति घोषणा भएपछि माआवादीको आरोपमा गिरफ्तार गरी राखिएको हो। शुद्ध खानेपानीको अभाव भएको, चामल कमसल हुने गरेको र भाँडाकुँडा खियाले खाएको बन्दीहरूको गुनासो छ। जेलमा जिल्ला शिक्षा कार्यालयको सहयोगमा एउटा प्रौढ कक्षा संचालन गरिएको छ।

यस जेलमा कर्तव्य ज्यान मुद्दामा रहेका खैरीचन्दनपुर गाविस-४ का २७ वर्षीय कृष्णबहादुर चौधरी र कैलाली जिल्ला उदासीपुर गाविस-६ का २९ वर्षीय रामकृष्ण थारू ०५७ माघ ४ गते जेलबाट भागे।

गिरफ्तारी र यातना

मोतिपुर गाविस-७ का २९ वर्षीय पूर्णबहादुर चौधरी र नेउलापुर गाविस-१ का ३९ वर्षीय विष्णु थारूलाई जंगल फडानी गरी कमैया बसालेको आरोपमा ०५७ माघ ९ गते दिउँसो धधवार गाविस-६ मा मुक्त कमैयाहरूको तथ्यांक संकलन गरिरहेको अवस्थामा वन सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई माघ ११ गते तारेखमा रिहा गरियो।

बगनाहा गाविस-१ का १८ वर्षीय देविराम थारूलाई माओवादीको आरोपमा ०५७ माघ २६ गते राति घरमा पढिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

मानपुरटपरा गाविस-९ का वडाध्यक्ष ४० वर्षीय छल्लु थारूलाई माओवादीको आरोपमा ०५७ फागुन १० गते दिउँसो घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई फागुन १३ गते रिहा गरियो।

खैरीचन्दनपुर गाविस-१ का २५ वर्षीय गणेश थारूलाई माओवादीको आशंकामा ०५७ चैत २२ गते दिउँसो घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई नेकाँ जिल्ला सभापतिको जमानीमा चैत ३१ गते रिहा गरियो।

मानपुरटपरा गाविस-८ का ३१ वर्षीय जगतराम चौधरी र सोही गाविस-२ का २९ वर्षीय बाबुराम थारूलाई माओवादीको आरोपमा ०५७ चैत २९ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई राप्रपाका क्षेत्रीय सदस्यको जमानीमा ०५८ वैशाख १ गते रिहा गरियो।

कालिका गाविस-३ का १५ वर्षीय सोमबहादुर चौधरी, सोही ठाउँका १५ वर्षीय वीरबहादुर चौधरी, १६ वर्षीय गीता चौधरी, १५ वर्षीय लवरी चौधरी र सोही गाविस-५ की १५ वर्षीय लता पौडेललाई संस्कृत विषयको परीक्षा बहिष्कार गरेको र प्रश्नपत्र लुटेको आरोपमा ०५८ असार १ गते विद्याज्योति माविबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई कालिका निमाविका प्रधानाध्यापकको जमानीमा ०५८ असार ३ गते रिहा गरियो।

तनहुँ जिल्ला आँबुखैरनी गाविस-६ का १७ वर्षीय रामकुमार वि.क., सोही ठाउँकी १८ वर्षीय कुमारी आले, १८ वर्षीय सम्झना वि.क. र चितवन जिल्ला मुग्लिनका २२ वर्षीय मोहनबहादुर सुनारलाई माओवादीको आशंकामा ०५८ असार २७ गते गुलरिया नपा-८ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई असार ३० गते जमानीमा रिहा गरियो।

गोला गाविस-४ का २० वर्षीय साहित्य थारू, सोही गाविस-५ का २४ वर्षीय सुरेन्द्र थारू, २६ वर्षीय राजेन्द्र थारू, २६ वर्षीय लालबहादुर थारू, २३ वर्षीय टंकप्रसाद थारू, २८ वर्षीय माधव थारू र सोही गाविस-६ का २९ वर्षीय विष्णु लामिछानेलाई माओवादीको आशंकामा ०५८ मंसिर १ गते प्रहरीले आ-आफ्नो घरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये सुरेन्द्र, राजेन्द्र, लालबहादुर र विष्णुलाई पुस २४ गते तथा साहित्य, टंक र माधवलाई माघ ५ गते रिहा गरियो।

ताराताल गाविस-४ की २३ वर्षीय लोकमाया काफ्ले र १६ वर्षीय तारा के.सी. लाई माओवादीको आशंकामा ०५८ मंसिर ११ गते दिउँसो ढोढरी गाविस-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये तारालाई मंसिर १५ गते रिहा गरियो भने काफ्लेलाई हाल थुनामा राखिएको छ।

गुलरिया नपा-३ का २६ वर्षीय कृष्ण पोखरेल, १६ वर्षीय तारा मल्ल र २३ वर्षीय होमनाथ अधिकारीलाई माओवादीको आरोपमा ०५८ मंसिर १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई मंसिर १६ गते रिहा गरियो।

राजापुर गाविस-६ का २१ वर्षीय चन्द्रवहादुर चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर १४ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई रिहा गरिएको छैन।

गुलरिया नपा-३ का २९ वर्षीय सूर्य अधिकारीलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २३ गते रिहा गरियो।

मोतिपुर गाविस-२ का ३० वर्षीय रणबहादुर थारूलाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते दिउँसो बाँसगढी बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २९ गते रिहा गरियो।

मोतिपुर गाविस-३ का ३२ वर्षीय मंगल चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते सोही गाविस-८ बाँसगढी बजारबाट दिउँसो प्रहरीले गिरफ्तार गरे।

पाताभार गाविस-८ का ३० वर्षीय दुर्गा चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर १९ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस ३ गते तारेखमा रिहा गरियो।

गुलरिया नपा-८ का ३५ वर्षीय गोविन्द के.सी.लाई माओवादीको आशंकामा ०५८ मंसिर २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

बेलवा गाविस-३ का ३७ वर्षीय रेशमराज आचार्यलाई माओवादीको आशंकामा ०५८ मंसिर २२ गते राति ८ बजे घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा निर्मम यातना दिई एक महिनापछि रिहा गरियो।

पदनाहा गाविस-७ का ४५ वर्षीय रामबहादुर थारूलाई माओवादीको आरोपमा ०५८ मंसिर २४ गते प्रहरीले गुलरिया नपा-७ बाट गिरफ्तार गरे। पीडितलाई गाविस अध्यक्षको जमानीमा मंसिर २९ गते रिहा गरियो।

महम्मदपुर गाविस-७ का ३५ वर्षीय रामनारायण केशरीलाई माओवादीको आशंकामा ०५८ मंसिर २४ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

मैनापोखर गाविस-९ का ३५ वर्षीय वडाध्यक्ष नरेन्द्र माझीलाई माओवादीको आशंकामा ०५८ मंसिर २४ गते दिउँसो मैनापोखर बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

सानोश्री गाविस-१ का २० वर्षीय कविराम कँडेललाई माओवादीको आशंकामा ०५८ मंसिर २६ गते दिउँसो पसलमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

माओवादीको आक्रमणमा परी घाइते भएका विश्वबहादुर यादव, लिलादेवी यादव र राजन यादव

ताराताल गाविस-१ का ४२ वर्षीय गंगाराम चौधरी र ५० वर्षीय डिलाराम चौधरीलाई माओवादीको आशंकामा ०५८ मंसिर ३० गते बिहान घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हालसम्म रिहा गरिएको छैन।

नयाँगाउँ गाविस-९ का ३२ वर्षीय गोपाल दहितलाई ०५८ पुस १ गते जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्न जाँदा माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएकोमा एक महिनापछि रिहा गरियो।

मोतिपुर गाविस-५ का २७ वर्षीय दुर्गा चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस २ गते दिउँसो सोही गाविस-८ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ १३ गते तारेखमा रिहा गरियो।

एम्बुटाघाट क्षतिग्रस्त एम्बुलेन्स

मोतिपुर गाविस-७ का २२ वर्षीय त्रिभुवन गिरीलाई माओवादीको आरोपमा ०५८ पुस ३ गते कोहलपुर टिभी पसलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

धधवार गाविस-४ का गाविस अध्यक्ष ३९ वर्षीय दयाराम खड्कालाई मुक्त कमैयासम्बन्धी सरकारी कार्यक्रमको विरोध गरेको आरोपमा ०५८ पुस ५ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस ९ गते रिहा गरियो।

सानोश्री गाविस-६ का ३२ वर्षीय शिक्षक हरि एसीलाई माओवादीको आशंकामा ०५८ पुस ५ गते राति २ बजे घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई करिब १ महिनापछि तारेखमा रिहा गरियो।

कालिका गाविस-४ का १६ वर्षीय महेश लामिछानेलाई माओवादीको आशंकामा ०५८ पुस ६ गते महम्मदपुर गाविस-२ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई दुई हप्ता पछि रिहा गरियो।

पशुपतिनगर गाविस-३ का १६ वर्षीय सोमप्रसाद थारूलाई माओवादीको आशंकामा ०५८ पुस ८ गते राजापुर गाविस-२ स्थित आफ्नै फुपुको घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

कैलाली जिल्ला तुल्सीपुर गाविस-२ की कमला थापा मगर सहित ६ जनालाई भिम्मापुर गाविस-७ बाट ०५८ पुस ८ गते प्रहरीले गिरफ्तार गरे। प्रहरीले १७ नाल बन्दुक, १ थान टुटु, १ थान ट्युलवर, सकेट बम, बारूद, गोली, डायरी र ड्रेस फेला पारेको बताए।

बगनाहा गाविस-८ का ५० वर्षीय शिक्षक फुलाराम थारूलाई माओवादीको आरोपमा ०५८ पुस ९ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

कालिका गाविस-५ की १६ वर्षीय लता पौडेललाई माओवादीको आरोपमा ०५८ पुस १० गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक हप्ता पछि रिहा गरियो।

गोला गाविस-५ का ५२ वर्षीय वडाध्यक्ष विहारी थारूलाई माओवादीको आशंकामा ०५८ पुस ११ गते बिहान गुलरिया नपा-९ बाट प्रहरीले गिरफ्तार गरे।

मगरागाडी गाविस-८ की २० वर्षीय गीता थारूलाई ०५८ पुस १२ गते दिउँसो बसमा घरतर्फ आइरहेको अवस्थामा सोही गाविसको रमापुर चेक पोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

ढोढरी गाविस-५ का शिक्षक ४३ वर्षीय दिवाकर चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस १२ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

वेलवा गाविस-१ का २० वर्षीय विष्णु थारू र सोही गाविस-३ का २३ वर्षीय मंगल थारूलाई माओवादीको आशंकामा ०५८ पुस १३ गते दिउँसो बाटोमा हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल चिसापानीमा राखिएको छ।

कालिका गाविस-१ का २८ वर्षीय बुद्धिलाल थारू, २५ वर्षीय रामलाल थारू र १८ वर्षीय राजेश थारूलाई माओवादीको आशंकामा ०५८ पुस १५ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिविस सदस्यको जमानीमा पुस २८ गते रिहा गरियो।

सानोश्री गाविस-३ का २० वर्षीय नवराज नेपालीलाई माओवादीको आशंकामा ०५८ पुस १५ गते दिउँसो पसलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

मोतिपुर गाविस-१ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २० वर्षीय यदुराज खत्रीलाई ०५८ वैशाख ७ गते दिउँसो सोरहवा गाविस-२ स्थित घरबाट कार्यालयतर्फ आउँदै गर्दा माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ ९ गते जाजरकोट जिल्ला खलंगा गाविस-८ पिपेबाट पत्रकार र मानवअधिकारकर्मीहरूको रोहवरमा मुक्त गरियो।

दैलेख जिल्ला घर भई मगरागाडीस्थित इलाका प्रहरी

कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय कृष्णबहादुर विष्ट र बानियाभार गाविस-६ का प्रहरी जवान १९ वर्षीय किरण चौधरीलाई ०५८ वैशाख १८ गते बानियाभार गाविस-९ मा हिंडिरहेको अवस्थामा प्रहरीबाट राजीनामा दिनुपर्ने धम्की दिई माओवादीले अपहरण गरी सोही दिन मुक्त गरे।

नयाँगाउँ गाविस-५ का १९ वर्षीय खगेन्द्र चन्दलाई सामाजिक अपराध गरेको आरोपमा ०५८ भदौ १५ गते बदालपुर गाविस-४ बाट माओवादीहरूले अपहरण गरे। पीडितलाई बिरामीको औषधी खर्च व्यहोर्नुपर्ने शर्तमा भदौ २२ गते राति नयाँगाउँ गाविस-५ बाट मुक्त गरियो।

ठाकुरद्वारा गाविस-४ का ५७ वर्षीय कुलराज दाहाललाई आफूहरूको बारेमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दिएको आरोपमा ०५८ असोज १२ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

ठाकुरद्वारा गाविस-९ का १५ वर्षीय सोभिराम थारूलाई ०५८ कार्तिक १३ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई मुक्त गरियो।

ताराताल गाविस-५ घर भई सानोश्री गाविस-३ मा पसल गरी बस्ने ३६ वर्षीय चिरञ्जीवी भूर्तेललाई माओवादीको आशंकामा ०५८ मंसिर १ गते दिउँसो गुलरिया नपा-७ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

बेलवा गाविस-७ का ४० वर्षीय अतिराम शर्मा र २७ वर्षीय चैते वलीलाई माओवादीको आशंकामा ०५८ मंसिर १ गते दिउँसो घरबाट सुरक्षाकर्मीले बोरामा हाली लगेर बेपत्ता पारे।

पाताभार गाविस-४ का २२ वर्षीय दिलिप हमाललाई सुराकी गरेको आरोपमा ०५८ मंसिर ११ गते राति घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई मंसिर १२ गते सोही गाविसको बरगछीबाट मुक्त गरियो।

पाताभार गाविस-९ घर भई राजापुरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय कृष्ण सुनारलाई ०५८ मंसिर १८ गते राति घरबाट माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट सुरक्षाकर्मीले गाविस-६ बाट मुक्त गर्न सफल भए। सोही क्रममा नाम थाहा नभएका ४ जना हतियारसहितका माओवादी कार्यकर्ताहरूलाई पनि सुरक्षाकर्मीले गिरफ्तार गरे।

मगरागाडी गाविस-९ की २४ वर्षीय सीता चौधरी, २५ वर्षीय वेलनी चौधरी र अर्को एक जना नाम थाहा नभएकी महिलालाई माओवादीको आशंकामा ०५८ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलवा गाविस-१ का शिक्षक ५१ वर्षीय हिरालाल श्रेष्ठलाई गाउँलेहरूलाई सताएको आरोपमा ०५८ मंसिर २१ गते राति ८ बजे घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई

हत्या गरिएका दिपनरेश चौधरी

एक महिनापछि सुर्खेत जिल्लाबाट मुक्त गरियो।

बेलवा गाविस-७ का २७ वर्षीय गंगाराम ओली र ४५ वर्षीय डिलाराम शर्मालाई माओवादीको आशंकामा ०५८ मंसिर २३ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलवा गाविस-७ बाट नाम थाहा नभएका १२ जनालाई माओवादीको आशंकामा ०५८ पुस १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मगरागाडी गाविस-३ का २७ वर्षीय महेश थारू, १६ वर्षीय विना चौधरी र २६ वर्षीय सुबुवा थारूलाई माओवादीको आशंकामा ०५८ पुस ९ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितहरूलाई शरीरमा नीलडाम हुनेगरी यातना दिइयो। पीडितहरूमध्ये विनालाई ९ दिनपछि र सुबुवालाई २० दिनपछि आवश्यक परे बोलाउने शर्तमा रिहा गरियो।

धधवार गाविस-९ का शिक्षक ४० वर्षीय सगुनलाल चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस १२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

बेलवा गाविस-७ का गाविस उपाध्यक्ष ३६ वर्षीय गणेशबहादुर डाँगीलाई बेतहनी पोष्ट माओवादीहरूले जलाएको खबर आफूहरूलाई जानकारी नगराएको आरोपमा ०५८ पुस १४ गते गुलरिया नपा-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयको चौरमा लगी मरणासन्न हुनेगरी यातना दिइयो। हाल रिहा गरिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

महम्मदपुर गाविस-८ का ३८ वर्षीय वृजलाल थारू, ५० वर्षीय किशोरी चौधरी र ३५ वर्षीय रामसमुझ चौधरीलाई सुराकी गरेको आरोपमा ०५७ फागुन ३ गते राति ८ बजे घरबाट माओवादीहरूले शरीरमा नीलडाम हुनेगरी कुटपिट गरे।

राजापुर गाविस-२ का ६० वर्षीय दमनध्वज चन्दको घरबाट ०५७ फागुन ६ गते राति माओवादीहरूले २ वटा बन्दुक र सबै तमसुक लुटेर लगे।

कालिका गाविस-१ बोकटियाका २४ वर्षीय रूद्रबहादुर खड्का, उनकै भाई १७ वर्षीय पदमबहादुर खड्का र आमा ४० वर्षीय राजकुमारी खड्कालाई सुराकी गरेको आरोपमा ०५७ फागुन १३ गते राति माओवादीहरूले बन्दुकको कुन्दाले प्रहार गरी घाइते बनाए। पीडितहरूको उपचार जिल्ला अस्पतालमा गरियो।

मगरागाडी गाविस-१ का ४० वर्षीय रामकिसुन थारूको घरबाट ०५७ चैत ११ गते राति माओवादीहरूले एउटा बन्दुक लुटेर लगे।

मगरागाडी गाविस-६ का ५५ वर्षीय शिवलाल शर्मालाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०५७ चैत २२ गते माओवादीहरूले घरबाट एउटा बन्दुक लुटेर लग्नुका साथै

मोटरसाइकल जलाई टिभी फुटालिदिए।

राजापुर गाविस-५ का ४० वर्षीय बाबुराम बानियाँलाई ०५७ चैत २२ गते माओवादीहरूले घरमा रहेको ६४ हजार रूपैयाँ लुटेर लग्नुका साथै मोटरसाइकल जलाइदिए।

नेउलापुर गाविस-२ का ३४ वर्षीय नयाँराम खड्कालाई ०५७ चैत २४ गते राति माओवादीहरूले बन्दुकको कुन्दा र लाठी प्रहार गरी दाहिने खुट्टा भाँचिदिए। पीडितको उपचार नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा गरियो।

मनाऊ गाविस-५ का ५५ वर्षीय विष्णुमान श्रेष्ठ, सोही गाविस-३ का ५१ वर्षीय सुवर्णमान श्रेष्ठ र ५३ वर्षीय हेमबहादुर विष्टलाई ०५८ वैशाख १४ गते बेलुका माओवादीहरूले प्लास्टिकको पाइप र बन्दुकको कुन्दा प्रहार गरी शरीरमा नीलडाम बनाइदिए। माओवादीहरूले विष्णुमानको घरबाट १ सय क्वीन्टल खाद्यान्न पनि लुटेर लगे।

नेउलापुर गाविस-७ का ३२ वर्षीय मिनप्रसाद अधिकारीलाई ०५८ जेठ ३१ गते बेलुका माओवादीहरूले घर नजिकैको चोकमा लगी लाठी र बन्दुकको कुन्दा प्रहार गरी घाइते बनाए।

मानपुरटपरा गाविस-९ का ३५ वर्षीय कविराज गौतमलाई ०५८ असार २० गते दिउँसो माओवादीहरूले लाठी प्रहार गरी चार पाटा मुडेर जुत्ताको माला लगाइदिए।

दौलतपुर गाविस-९ का ४० वर्षीय प्रल्हाद भट्टलाई ०५८ असार २५ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले हात र खुट्टा सुन्निने गरी लाठी प्रहार गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

नयाँगाउँ गाविस-१ का गाविस अध्यक्ष ४० वर्षीय सोमप्रसाद थारूलाई ०५८ असार २८ गते दिउँसो घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

पाताभार गाविस-९ स्थित इलाका प्रहरी कार्यालय ०५८ साउन १ गते प्रहरीहरू नभएको अवस्थामा माओवादीहरूले तोडफोड गरे। त्यसैगरी प्रहरीहरू बस्न छाडेको कालिका गाविस-६ स्थित प्रहरी चौकी ०५८ मंसिर १२ गते, भीम्मापुर गाविस-३ गोडियानास्थित सीमा प्रहरी चौकी र तिनघरूवास्थित प्रहरी चौकी ०५८ मंसिर १९ गते बम प्रहार गरी ध्वस्त बनाए। खैरीचन्दनपुर गाविस-६ स्थित प्रहरी चौकी ०५८ मंसिर १८ गते आगो लगाई ध्वस्त बनाए भने बानियाभार गाविस-८ स्थित इलाका प्रहरी कार्यालय ०५८ मंसिर २८ गते र महम्मदपुर गाविस-४ स्थित प्रहरी चौकी ०५८ पुस ९ गते माओवादीहरूले बम प्रहार गरी ध्वस्त बनाए।

राजापुर गाविस-४ का १८ वर्षीय बलराम थारूलाई चोरीको गरेको आरोप लगाई ०५८ साउन १७ गते इलाका प्रहरी कार्यालय राजापुरमा कार्यरत प्रहरी जवान धर्मदत्त भट्ट र केशव बोहराले मादक पदार्थ सेवन गरी कुटपिट गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीद्वारा गिरफ्तार गरिएको छ।

मनाऊ गाविस-८ का २१ वर्षीय बसन्तमान श्रेष्ठलाई ०५८ भदौ १५ गते घरमा बसिरहेको अवस्थामा माओवादीहरूले बाहिर बोलाई धारिलो हतियार र लाठी प्रहार गरी सख्त घाइते बनाए।

गुलरिया नपा-८ का ४५ वर्षीय दिनेशप्रसाद श्रेष्ठलाई चन्दा नदिएको आरोपमा ०५८ भदौ २७ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले खुट्टा भाँच्ने धम्की दिए।

महम्मदपुर गाविस-८ का २२ वर्षीय मानबहादुर चौधरी र गुलरिया नपा-४ का २८ वर्षीय नन्कउ गोडियालाई ०५८ असोज १० गते गुलरिया नपा-४ का एक व्यक्तिको घरमा चन्दा माग्न गएको अवस्थामा सोही ठाउँका जनताले कुटपिट गरी जिल्ला प्रहरी कार्यालयमा बुझाइदिए। हाल दुवैलाई थुनामा राखिएको छ।

डेउढाकला गाविस-३ का ४५ वर्षीय केशवबहादुर के.सी.लाई ०५८ असोज १७ गते ५० हजार रूपैयाँ चन्दा नदिए माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

डेउढाकला गाविस-३ का ४७ वर्षीय जुगराम थारूलाई ०५८ असोज २७ गते राति बन्दुक नदिए माओवादीहरूले ज्यानमार्ने धम्की दिए। पीडितको घरबाट माओवादीहरूले एउटा बन्दुक लुटेर लगे।

बगनाहा गाविस-८ का राष्ट्रिय सभाका सदस्य ५२ वर्षीय रंगनाथ जोशीलाई आफूहरूलाई चन्दा नदिएको र खाना खान नदिएको आरोपमा ०५८ असोज २७ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै २ हजार रूपैयाँ र लत्ताकपडा लुटेर लगे।

दौलतपुर गाविस-१ का ५१ वर्षीय खेमराज भट्ट मायालुको घर, थ्रेसर मेशिन, ट्याक्टर र राइस मिल ०५८ मंसिर ८ गते राति माओवादीहरूले काम नलाग्ने गरी तोडफोड गरे। सोही दिन नेउलापुर गाविस-४ स्थित साना किसान विकास आयोजनाको सम्पूर्ण कागजात पनि माओवादीहरूले जलाइदिए।

गोला गाविस-९ का ६५ वर्षीय पूर्णराज उपाध्यायलाई ०५८ मंसिर २ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले धान नदिए ज्यानमार्ने धम्की दिनुका साथै ३५ क्वीन्टल धान लुटेर लगे। पाताभार गाविस-४ का ६० वर्षीय बलवीर राना, ६५ वर्षीय हिरामणी न्यौपाने र ५२ वर्षीय ग्यासबहादुर राठोरलाई ०५८ मंसिर ११ गते राति ११ बजे घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले बन्दुक नदिए ज्यानमार्ने धम्की दिए। पीडितहरूको घरबाट माओवादीहरूले एक-एक वटा बन्दुक लुटेर लगे।

बगनाहा गाविस-७ का ३५ वर्षीय सुनिलविक्रम शाहलाई ०५८ मंसिर १२ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले हातखुट्टा बाँधी धारिलो हतियार र बन्दुकको कुन्दा प्रहार गरे। पीडितको दायाँ खुट्टा र दायाँ हात भाँचिदिए।

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि. का अध्यक्ष ६५ वर्षीय हेमराज ज्ञवालीको डेउढाकला गाविस-७ स्थित घरबाट ०५८ मंसिर १८ गते राति माओवादीहरूले १ सय ३५ बोरा धान, भाँडाकुँडा र लत्ताकपडा लुटेर लगे।

जिल्ला प्रहरी कार्यालयबाट गस्तीमा गएको प्रहरी टोली

०५८ मंसिर २१ गते गुलरिया नपा-७ मा माओवादीद्वारा थापिएको एम्बुसमा पर्‍यो। जसबाट बा. अ. फ. ३८०७ नं. को जीप सामान्य क्षतिग्रस्त भयो।

ठाकुरद्वारा गाविस-३ का २९ वर्षीय खुशीराम थारूलाई माओवादीको आशंकामा ०५८ मंसिर २४ गते दिउँसो सोही गाविस-६ मा कृषि मजदुर संघको रसिद लिएर हिंडिरहेको अवस्थामा सुरक्षाकर्मीले शरीरमा नीलडाम हुनेगरी कुटपिट गरे।

बानियाभार गाविस-५ का २९ वर्षीय अशोक सोडारीलाई ०५८ मंसिर २६ गते राति घरमा माओवादीहरूले बञ्चरोको धार नभएको भागतिरबाट हिर्काई दुवै खुट्टा भाँचिदिए।

माओवादीहरूले पीडितको घरमा रहेको ट्याक्टर पनि जलाइदिए।

बानियाभार गाविस-१ का ५० वर्षीय थम्मनसिं जिसीलाई गाउँ भाँडेको आरोपमा ०५८ मंसिर २६ गते राति घरमा माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिए।

पाताभार गाविस-७ का ४३ वर्षीय प्रसन्न नरसिंह राणालाई ०५८ मंसिर २९ गते राति माओवादीले धान नदिए ज्यानमार्ने धम्की दिई २ सय ५० बोरा धान लुटेर लगे।

मगरागाडी गाविस-३ का ३५ वर्षीय लालबहादुर चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस ५ गते दिउँसो बाल कक्षाको प्रतिवेदन लिन सोही गाविसको जब्दहवा गइरहेको अवस्थामा सुरक्षाकर्मीले शरीरमा नीलडाम हुनेगरी कुटपिट गरे।

ढोंढरी गाविस-५ का ३१ वर्षीय इन्द्रबहादुर के.सी.लाई ०५८ पुस ५ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिए।

धधवार गाविस-९ का ६५ वर्षीय बलबहादुर सुवार र ३० वर्षीय रञ्जन सुवारलाई ०५८ पुस ११ गते राति माओवादीहरूले धान नदिए ज्यानमार्ने धम्की दिनुका साथै घरबाट ७० कुन्टल धान लुटेर लगे।

भीम्मापुर गाविस-७ का वडाध्यक्ष ३३ वर्षीय लौटन थारूलाई सुराकी गरेको आरोपमा ०५८ पुस १६ गते बेलुका माओवादीहरूले कुटपिट गरी हातखुट्टा भाँचिदिए।

ठाकुराद्वारा गाविस-४ का ३२ वर्षीय राजबहादुर अधिकारीलाई ०५८ पुस १६ गते राति घरमा बसिरहेको अवस्थामा दाईलाई खोज्दै आएका माओवादीहरूले दाई नभेट्टाएपछि बञ्चरोको पछाडिपट्टिको भागले हिकाई दुवै खुट्टा भाँचिदिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कृषि मजदुर संघको आयोजनामा ०५७ माघ २२ गते शान्तिपूर्वक आफ्ना मागहरू राखी नारा-जुलुस लगाउँदै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन गएका मुक्त कमैयाहरूलाई प्रहरीले लाठीचार्ज गरे।

छ वाम समूहद्वारा ०५७ जेठ १३ गते गुलरिया नपा-८ मा मशाल जुलुस निकाल्दा प्रहरीले लाठीचार्ज गरे।

बाँके जिल्ला नेपालगञ्ज नपा-१ का ४३ वर्षीय केशव गिरी र मैनापोखर गाविस-१ का ४१ वर्षीय केशबहादुर वि.क.लाई ०५८ जेठ १२ गते जिविस कार्यालय अगाडि मुक्त कमैयाहरूको बैठकको निर्णय सुन्न नारा लगाई बसिरहेको अवस्थामा प्रहरीले लाठीचार्ज गरी गिरफ्तार गरे। पीडितहरूलाई जेठ १६ गते धरौटीमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा कूल ७ सय ४२ वटा मुद्दा दर्ता भएकोमा ५ सय ८५ फर्स्यौट भई १ सय ५७ वटा बाँकी रहे। कूल मुद्दामध्ये दुनियावादी देवानी ५ सय ६५ वटामध्ये ४ सय ६२ फर्स्यौट भई १ सय ३ वटा बाँकी रहे। दुनियावादी फौजदारी मुद्दा ४७ वटा दर्ता भएकोमा ४० वटा फर्स्यौट भई ७ वटा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा १ सय ३० वटा दर्ता भएकोमा ८३ वटा फर्स्यौट भई ४७ वटा बाँकी रहे। २ वर्षसम्म फर्स्यौट नभएका १७ वटा मुद्दा छन्, जसमध्ये दुनियावादी देवानी ८, दुनियावादी फौजदारी ५ र सरकारवादी फौजदारी ४ रहेका छन्।

जिल्ला वन कार्यालयमा यस वर्ष ८४ वटा मुद्दा रहे। यसवर्ष दर्ता भएका ३६ वटा मुद्दामध्ये ८ वटा फर्स्यौट भई २८ वटा बाँकी रहे। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएका ४८ वटामध्ये १६ वटा फर्स्यौट भई ३२ वटा बाँकी रहे।

भूमिसुधार कार्यालयमा मोही लागत कट्टा सम्बन्धी मुद्दा जिम्मेवारी सरेर आएका ३ सय ४७ वटा मध्ये यस वर्ष १ सय १५ वटा फर्स्यौट भए भने यस वर्ष दर्ता भएको १ सय ३७ मुद्दामध्ये १७ वटा फर्स्यौट भए। मोही नामसारी जिम्मेवारी सरेर आएका ६८ वटामध्ये यस वर्ष १७ वटा फर्स्यौट भए। यसैअन्तर्गतका मुद्दा यस वर्ष २० दर्ता भई ३ वटा फर्स्यौट भए। मोही वेदखली मुद्दातर्फ जिम्मेवारी सरेर आएका १६ वटामध्ये ३ वटा फर्स्यौट भए। यसअन्तरगतका ५ वटा मुद्दा दर्ता भए भने फैसला भएका छैनन्। बाली भराई, मोही निस्काशन मुद्दातर्फ जिम्मेवारी सरेर आएको २४ वटामध्ये यस वर्ष ६ वटा फर्स्यौट भए। मोही हदबन्दी छानबिनतर्फ जिम्मेवारी सरेर आएका २० वटामध्ये ५ वटा फर्स्यौट भए। मोही जग्गा बाँडफाँड जिम्मेवारी सरेर आएकोमा ७३ वटा मुद्दामध्ये १४ वटा फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

डेउढाकला गाविस-८ चौधरीफाँटमा अस्थायी शिविर खडा गरी बसेका ६ हजार मुक्त कमैया तथा भूमिहीन सुकुम्बासीका झुप्रामा ०५७ माघ २१ गते दंगा प्रहरी र वन कार्यालयका कर्मचारीहरूले चारैतिरबाट घेरा हाली घरबाट सामान निकाल्नसमेत नदिएर लखेटी आगो लगाए। सोही दिन नेकपा (एमाले) जिल्ला सचिव श्याम ढकाल, गुलरिया नपाका उपप्रमुख हरि ज्ञवाली र भोजराज त्रिपाठीलाई अतिक्रमणकारीको आरोपमा प्रहरीले गिरफ्तार गरी राति ८ बजे रिहा गरे।

बेलवा गाविस-५ का मङग्रे थारू, कालिचरण थारू, हिरू थारू, बाबुराम थारूसमेत १५ जना कमैयाको घर ०५८ वैशाख १४ गते वन परियोजनाका कर्मचारीहरूले भत्काई काठ वन परियोजनामा लगे।

यस जिल्लामा ०५८ असार मसान्तमा भूमिहीन सुकुम्बासी समस्या समाधान आयोग विघटन गरियो। हालै विघटन भएको आयोगले १ हजार ४ सय ९१ जना सुकुम्बासीलाई ४ सय ५ विगाहा १६ कठ्ठा ११ धुर जग्गा वितरण गरेको छ। यस आयोगले पुर्जा तयार भएका ५ सय २० जना सुकुम्बासीहरूलाई ८९ विगाहा ८ धुर जग्गा वितरण गर्न बाँकी छ।

जिल्ला शिक्षा कार्यालयले ०५७ सालमा वितरण गरेको महिला छात्रवृत्ति १ सय १० जनालाई १ लाख ८७ हजार ४ सय रूपैयाँ वितरण गरियो। त्यसैगरी प्राथमिक विद्यालय महिला छात्रवृत्ति ८ सय ४१ जनालाई २ सय ५० का दरले ११ लाख २ सय ५० रूपैयाँ वितरण गरियो। दलित जनजाति छात्रवृत्ति २ हजार ८० जनालाई वितरण गरियो। माध्यमिक विद्यालय स्तरका २५ जना विद्यार्थीलाई ६ सयका दरले १५ हजार रूपैयाँ वितरण गरियो। क्याम्पस छात्रवृत्तितर्फ ६ जना विद्यार्थीलाई ४ हजार ५ सयका दरले २७ हजार वितरण गरियो।

महिला अधिकार

सूर्यपटुवा गाविस-८ की ३५ वर्षीय एक महिलालाई ०५७ पुस २५ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका ४० वर्षीय भरत ज्ञवालीले बलात्कार गरे। पीडकलाई जनताको सामू माफी माग्न लगाई कान समाई ५० पटक उठवस गराइयो।

मगरागाडी गाविस-९ की ४ वर्षीय एक बालिकालाई ०५८ असार १८ गते दिउँसो घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १५ वर्षीय कुमार सार्कीले बलात्कार गरे। बलात्कारपछि पीडक २ दिनसम्म घर फर्केनन्। पीडक नाबालक भएको भनी जिल्ला अदालतले तारेखमा उपस्थित गराउने गरी रिहा गर्‍यो।

सूर्यपटुवा गाविस-६ की ५० वर्षीय एक महिलालाई ०५८ असार २० गते बेलुका घरमा कोही नभएको अवस्थामा सोही गाविस-६ का ४० वर्षीय सीताराम चौधरी र ढोढरी गाविस-५ का ३५ वर्षीय बदला चौधरीले बलात्कार गरे। पीडकहरूलाई माओवादीहरूले मोसो दली, जुत्ताको माला लगाई गाउँ घुमाएर आइन्दा बानी नसुधारे ज्यानमार्ने धम्की दिए।

दौलतपुर गाविस-३ की १६ वर्षीय एक युवतीलाई ०५८ कार्तिक १२ गते जंगलमा भैंसी चराउन गएको अवस्थामा सोही गाविस-३ का २० वर्षीय रणबहादुर शाहीले बलात्कार गर्ने प्रयास गरे।

सोरहवा गाविस-३ की १६ वर्षीय एक युवतीलाई ०५८ मंसिर ८ गते राति सोही ठाउँका १८ वर्षीय महेन्द्र भुजेलले बाटोबाट लतार्दै खेतमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छन्।

कालिका गाविस-१ की १३ वर्षीय एक बालिकालाई ०५८ मंसिर १० गते राति घरमा सुतिरहेको अवस्थामा सोही गाविस-२ का २० वर्षीय फुल्लु थारूले घरबाट मुख थुन्दै ५० मिटर पश्चिम खेतमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडित बालिका चिच्याएपछि पीडक भागेका थिए। भोलिपल्ट पीडकलाई गाउँलेहरूले मोसो दली, जुत्ताको माला लगाएर गाउँ घुमाए।

बानियाभार गाविस-५ की २ बालिकाहरूलाई ०५८ असार २९ गते जागीर लगाइदिने प्रलोभनमा सोही गाविस-२ की सुनिता वि.क.ले विक्री गर्न लगिरहेको अवस्थामा साउन २१ गते काठमाण्डौ जिल्ला थानकोट नागढुङ्गाबाट माईती नेपालका कार्यकर्ताहरूले प्रहरीसमक्ष बुझाए।

यस वर्ष बहुविवाहका ४ वटा घटना र पारिवारिक हिंसाका ४ वटा घटना सार्वजनिक जानकारीमा आए।

आर्थिक अधिकार

धधवार गाविस-९ का ३९ वर्षीय धनिराम चौधरीलाई बिरामी हुँदा काम गर्न नआएको आरोपमा ०५७ पुस १९ गते मगरागाडी गाविस-२ का खडकबहादुर रानाले १ हजार ९ सय रूपैयाँ ज्याला दिएनन्।

मानपुरटपरा गाविस-७ का मुक्त कमैया ४५ वर्षीय श्रीराम थारूलाई ०५७ पुस २५ गते बदालपुर गाविस-८ का अरूणचन्द्र ठकुरीले सरकारले कमैया मुक्त गरेको कारण देखाई ७ महिनाको ज्याला दिएनन्।

मानपुरटपरा गाविस-९ का ४० वर्षीय माईत्या थारूलाई ०५७ पुस ३० गते सोही गाविस-२ का केदार रिजालले १ हजार सौंकी देखाई कमैयाले पाउनु पर्ने १ क्वीण्टल ५० किलो धान दिएनन्।

मानपुरटपरा गाविस-९ का ३५ वर्षीय विपतलाल थारूलाई ३ हजार रूपैयाँ सौंकी लगेको आरोपमा ०५७ माघ ५ गते सोही गाविस-८ का छविलाल थारूले १ वर्षसम्मको पाउनुपर्ने ज्याला ८ बोरा धान दिएनन्।

गोला गाविस-५ का ४० वर्षीय चिन्कुराम थारू र १४ वर्षीय रामकुमार थारूलाई खेतमा मल हालेको र बाली काट्दा-रोप्दा मजुरी हालेको कारण देखाई ०५७ माघ ५ गते सोही ठाउँका बलिया चलाउने र विष्णु रोकायले चिन्कुरामको १० क्वीण्टल धान र राम कुमारको २ बोरा धान दिएनन्।

गोला गाविस-६ का ३० वर्षीय कृपालाल थारू, ३५ वर्षीय चेचुवा थारू र ४२ वर्षीय चिल्गांवा थारूलाई ०५७ माघ १० गते सोही ठाउँका ४५ वर्षीय लल्लुप्रसाद थारूले सौंकी भएको कारण देखाई तीनै जनाले पाउनुपर्ने १० क्वीण्टल धान दिएनन्।

मानपुरटपरा गाविस-३ का २८ वर्षीय सिगाल थारू, ४५ वर्षीय गंगु थारू, ५० वर्षीय भिमलाल थारू र ५० वर्षीय मनोहर थारूलाई ०५७ चैत १६ गते गुलरिया नपा-१२ का हरिराम अहिरले सडक पुर्ने काममा लगाई पाउनुपर्ने ज्याला क्रमशः १

सय १०, १ सय २०, २ सय ८० र ७० गरी ८ सय ५० रूपैयाँ दिएनन्।

मानपुरटपरा गाविस-३ की ४५ वर्षीय मकनी थारू र ४० वर्षीय दशनिया थारूलाई ०५७ चैत १७ गते गुलरिया नपा-८ का विनोद अहिरले घरमा छोराको विवाहमा भाँडा माझ्ने काम गराई पाउनुपर्ने १ सय ८० रूपैयाँ दिएनन्।

गुलरिया नपा-६ की २६ वर्षीय सवतकुमारी थारू, सोही ठाउँकी २४ वर्षीय प्रभाकुमारी थारू, २७ वर्षीय गर्मी थारू, २५ वर्षीय चन्द्रमाया थारू, १० वर्षीय ज्ञानीकुमारी थारू, १७ वर्षीय सुमित्रा थारू, २१ वर्षीय प्यारी थारू, ३२ वर्षीय प्रदेशनी थारू र २४ वर्षीय सरिता थारूलाई ०५८ असार ३० गते सोही नपा-९ का रामदर यादवले धान रोपेबापत सबैले पाउनुपर्ने १ हजार २० रूपैयाँमध्ये ७ सय रूपैयाँ मात्र दिई ३ सय २० रूपैयाँ दिएनन्। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि ०५८ साउन १६ गते पीडकले सबै रूपयाँ दिए।

सोरहवा गाविस-१ का २१ वर्षीय भिवराम थारूलाई ०५८ साउन ८ गते काम गरेको ज्याला ५ हजार रूपैयाँ माग्न जाँदा सोही ठाउँका बाबुराम सुवेदीले उल्टै मलाई दिनुछ भनी दिएनन्।

दासत्व, कमैया, बाँधा र हलिया आदि

सरकारले गत वर्ष कमैया मुक्तिको घोषणा गरे पनि हालसम्म सबै मुक्त कमैयाहरूलाई उचित व्यवस्था हुन सकेको छैन। सरकारले बसोबासको व्यवस्था नगरी मुक्तिको घोषणा गरेको हुनाले थुप्रै मुक्त कमैयाहरू अलपत्र परे। जैनपुर शिविरमा ०५७ पुस मसान्तदेखि, कपास फारम कुम्भर शिविरमा र बनगाईं शिविरमा ०५७ माघ १ देखि अस्थायी शिविर खडा गरी मुक्त कमैयाहरू बसे। डेउढाकला गाविस-८ कपास फारमको मुक्त कमैया अस्थायी शिविरमा ०५७ माघ २१ गते प्रहरीले आगो लगाए।

भूमिसुधार कार्यालयको सर्भेक्षणअनुसार घरवारविहीन मुक्त कमैया परिवार ३ हजार १ सय ५५, घर भएका जग्गा नभएका मुक्त कमैया परिवार १ हजार १ सय १९, २ कठ्ठासम्म जग्गा भएका मुक्त कमैया परिवार १ हजार २० र उपरोक्त वर्गीकरणबाहेक बाँकी मुक्त कमैया परिवार १ हजार ६ सय ५५ गरी जम्मा ६ हजार ९ सय ४९ घर परिवार छन्।

मुक्त कमैयाहरूलाई सरकारले चार प्रकारमा वर्गीकरण गरेको छ। जसअनुसार, घरबारविहीन मुक्त कमैयालाई नीलो परिचयपत्र, घर भएका जग्गा नभएकाहरूलाई नीलो परिचयपत्र, दुई कठ्ठासम्म जग्गा भएकालाई पहेंलो परिचय र दुई कठ्ठाभन्दा बढी जग्गा भएकालाई सेतो परिचयपत्र वितरण गरिएको छ।

रातो र नीलो परिचयपत्र पाएका मुक्त कमैयाहरूलाई हाल मुक्त कमैया पुनर्स्थापना तथा जग्गा दर्ता समितिले जग्गा वितरण गरेको छ। ०५७ माघ १० गतेसम्मको तथ्यांकअनुसार रातो परिचयपत्र पाउनेको संख्या २ हजार ६ सय ९१ रहेको छ। जसमा २ हजार १ सय ३२ परिवारलाई ४ सय ३५ विगाहा १५ कठ्ठा जग्गा वितरण गरिएता पनि हालसम्म १ हजार २ सय ९ जनालाई मात्र जग्गा चिनाइएको छ। त्यस्तै नीलो परिचयपत्र पाउने १ हजार ३ सय १० जना मुक्त कमैयामध्ये ७ सय ३५ जनालाई १ सय २० विगाहा १६ कठ्ठा जग्गा वितरण गरिएता पनि हालसम्म १ सय २६ जनालाई मात्र जग्गा चिनाइएको छ। पहेंलो र सेतो परिचयपत्र हालसम्म वितरण गरिएको छैन। मुक्त कमैयाहरूलाई कम्तिमा १० धुर र बढीमा ५ कठ्ठासम्म जग्गा वितरण गरिएको समितिले जनायो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

डेउढाकला गाविस-८ कपास फारममा ०५७ माघ २१ गते प्रहरीले मुक्त कमैया अस्थायी शिविरमा आगो लगाएकोमा नेकपा (एमाले) जिल्ला कमिटीले ०५७ माघ २२ गते एक प्रेस विज्ञप्ति जारी गरी विरोध गऱ्यो। सोही घटनाको बारेमा मुक्त कमैयाहरूले माघ २२ गते विरोध जुलुस निकाली जिल्ला प्रशासन कार्यालयमा जाँदा प्रहरीले लाठीचार्ज गऱ्यो।

कृषि मजदुर संघ र नेकपा (एमाले) जिल्ला कमिटीको संयुक्त आयोजनामा ०५७ फागुन ४ गते मुक्त कमैया परिवारलाई १० कठ्ठा जग्गा दिइनु पर्ने क्रान्तिकारी भूमिसुधार लागु गरिनु पर्ने जस्ता नाराहरू लगाई एक जुलुसले बजार परिक्रममा गरी आमसभा गऱ्यो।

कमैया मुक्ती आन्दोलन परिचालन समितिले ०५७ माघ १० गते जिल्लाका विभिन्न शिविरहरूमा अस्थायी बसोबास गरेका मुक्त कमैयाहरूलाई खानेपानी, स्वास्थ्य उपचार, लुगाफाटा, खाद्यान्न र अन्य सामाजिक सेवा तथा सुरक्षाको अभावमा परेको सबैलाई ध्यानाकर्षण गराउँदै श्री ५ को सरकार, स्थानीय निकाय, रेडक्रस, दातृ संस्था तथा मानवअधिकारवादी संस्थाहरूसंग सहयोगको अपिल गऱ्यो।

गुलरिया नपा कवड हलमा अस्थायी शिविर बनाई बसेका मुक्त कमैयाहरूले ०५८ वैशाख २८ देखि भूमिसुधार कार्यालय, जग्गा दर्ता समितिको कार्यालय र सुकुम्बासी समस्या समाधान आयोगमा सरकारले स्थायी बसोबासका लागि कुनै पहल नगरेकोमा ८ दिनसम्म धर्ना बसे।

अतिरिक्त जानकारीहरू

यस वर्ष २६ पुरूष र १४ महिलाले आत्महत्या गरे। सडक दुर्घटनामा १० जना पुरूष र ३ महिलाको मृत्यु भयो भने २ जना घाइते भए। डुबेर ३ महिला र ७ पुरूषको मृत्यु भयो। आगलागीका ४ वटा घटना भए, जसमा १ जना महिलाको मृत्यु भयो। ५ जना पुरूषको लास फेला पऱ्यो। चट्याङबाट १ पुरूष र १ महिलाको मृत्यु भयो। रूखले किचेर १ जनाको मृत्यु भयो। बगेर १ बालिका र १ बालकको मृत्यु भयो।

४.८ सुर्खेत

जनसंख्या	: २८८६९१
साक्षरता प्रतिशत	: ७०.२
महिला साक्षरता प्रतिशत	: ५७.५
क्षेत्रफल (वर्ग कि.मी.)	: २१२३.३८
गाविस/नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४६१
क्याम्पस/उच्च मावि	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: २/५
टेलिफोन लाइन	: १५००
मोटर सडक (कि.मी.)	: २३०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५१

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

दाङ जिल्ला घर भई पुनरावेदन अदालत, सुर्खेतमा कार्यरत रजिष्ट्रार बलदेव धिताल, जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार रामबहादुर बस्नेत, प्रहरी जवानहरू वीरेन्द्र खड्का, कौशल बुढा, खगेन्द्र मगर र अङ्गबहादुर डाँगीको ०५७ माघ २१ गते छिन्चु गाविसको छैसठ्ठी भन्ने ठाउँमा माओवादीहरूले थापेको एम्बुसमा परी मृत्यु भयो। प्रधानन्यायाधीश केशवप्रसाद उपाध्याय चढ्नु भएको गाडी पनि साथै गएकोमा एम्बुसमा पर्नबाट बच्यो। सो घटनामा परी पुनरावेदन अदालतका न्यायाधिश ४० वर्षीय पुरूषोत्तम पराजुलीको खुट्टामा गोली, घाँटीमा छर्रा, वर्दिया जिल्ला महोम्मदपुर गाविस–८ का प्रहरी जवान २१ वर्षीय गणेश थारू, भोला वि.क., ३० वर्षीय टेकनाथ वडु, जिल्ला प्रशासन कार्यालयमा कार्यरत बालानन्द काफ्ले र न्यायाधिश जागेश्वर सुवेदी घाइते भए। पीडितहरूलाई उपचारार्थ सुर्खेत, नेपालगञ्ज र काठमाण्डौ पुऱ्याइयो। सो घटनामा ४ वटा गाडी क्षतिग्रस्त भएका थिए। प्रधानन्यायाधीश सहितको टोली नेपालगञ्जबाट सुर्खेत तर्फ जाँदै गर्दा सो घटना भएको थियो।

कुनाथरी गाविस–४ बडीचौर बजारमा मे. १ ख ५१ नम्बरको ट्रक ०५७ माघ २५ गते बेलुका चेक गर्दा तातोपानी गाविस–९ का प्रहरी जवान २५ वर्षीय गणेश तिमिल्सिनालाई माओवादीहरूले गोली हानी हत्या गरे। घटनापछि प्रहरीले गोली चलाउँदा तरंगा गाविसका २६ वर्षीय माओवादी कार्यकर्ता दिपक कार्की र लाटीकोइली गाविसका २५ वर्षीय ट्रक चालक मणिराम चौधरीको मृत्यु भयो।

एम्बुसमा परी मृत्यु भएका प्रहरीहरु

तातोपानी गाविसमा ०५७ माघ २६ गते बेलुका माओवादी र प्रहरी बीच दोहोरो भीडन्त हुँदा जाजरकोट जिल्ला घर भएका एक जना प्रहरी जवानको माओवादीको गोलीद्वारा मृत्यु भयो।

तरंगा गाविस–६ का ६० वर्षीय नरबहादुर शाहीलाई ०५७ चैत १८ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

लाटीकोइली गाविस–९ का २५ वर्षीय कुलबहादुर मल्ल, नेटा गाविस–४ की १७ वर्षीय टिकाकुमारी खत्री र विद्यापुर गाविस–१ की १४ वर्षीय चन्द्रकुमारी बरायलीलाई माओवादीको आरोपमा ०५८ वैशाख ३ गते प्रहरीले गोली हानी हत्या गरे।

जर्बुटा गाविस–३ का २२ वर्षीय यमबहादुर चुनारालाई सुराकी गरेको आरोपमा ०५८ साउन ६ गते बेलुका माओवादीहरूले घर नजिकै खोलामा गोली हानी हत्या गरे।

नेपालगञ्जस्थित सशस्त्र प्रहरी क्षेत्रीय कार्यालयबाट सुर्खेत गइरहेका ४६ जना प्रहरी चढेका मे. १ ख ४६ नम्बरको ट्रक ०५८ मंसिर ९ गते छिन्चु गाविस कालिदमारस्थित सडकमा माओवादीहरूले थापेको एम्बुसमा पर्दा प्रहरी जवानहरू हिरासिंह बढुवाल, पदम गुरूङ्ग, खुमराज नेपाली, दिपक ऐर र ट्रक चालक ३२ वर्षीय रामचन्द्र शर्माको मृत्यु भयो। त्यसैगरी प्रहरी जवान नारायण के.सी., राम कार्की, रेशम रोक्का, सागर वाग्ले, सेतन कुमार सिंह घाइते भए। घाइतेहरूलाई उपचारार्थ नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल पुऱ्याइयो।

सुर्खेत जिल्लास्थित रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्रको सुरक्षार्थ रहेका सुरक्षा बल र माओवादीबीच ०५८ पुस २ गते भीडन्त हुँदा एक जना माओवादीको मृत्यु भयो।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले भएका घटनामा २ जना पुरुष र ५ जना महिलाको हत्या भयो। जसमध्ये–

लेखपराजुल गाविस–६ सातगोठेरीकी ४५ वर्षीय जानकी राना, उनकै बुहारी २७ वर्षीय लालसरा राना र नातिनी ८ वर्षीय पिङ्की राना र ६ वर्षीय शान्ता रानालाई ०५८ असार १३ गते सोही ठाउँका डिलबहादुर मगर र कुलबहादुर वि.क.ले बञ्चरो प्रहार गरी हत्या गरे। पीडकहरूलाई गिरफ्तार गरी कानूनी कारवाही चलाइयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	२	४	६				
गोलीद्वारा हत्या	२	३		३	२	४	२	६
एम्बुसमा परी मृत्यु	१	६		६				
एम्बुसमा परी घाइते	१	४		४				
गोलीद्वारा घाइते					१	१		१
जेलमा भएको घटना	१	७		७	१	५		५
गिरफ्तारी र यातना					२५	३१	४	३५
बेपत्ता पारिएको	१	१		१				
कुटपिट	१६	२१	५	२६				
धम्की	३६	५९	५	६४	१	१		१
भेला र संगठित हुने अधिकार	२	२		२				
बलात्कार	५		५	५				
बलात्कारको प्रयास	७		७	७				
बहुविवाह	११	८	१३	२१				
पारिवारिक हिंसा	३		३	३				
गर्भपतन	२		३	३				
महिला भएकै कारण यातना	३		६	६				
आर्थिक अधिकार	१३	१३	३	१६				
जातीय छुवाछूत	२	१	१	२				
अमानवीय व्यवहार	४	३	१	४				
अपहरण	२४	३३	१	३४	१	१		१
जम्मा	१३७	१६३	५७	२२०	३२	४३	६	४९

लाटीकोइली गाविस-८ की २३ वर्षीय जनपुरा सिंहलाई ०५८ साउन २७ गते राति आफ्नै पति जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार २८ वर्षीय धनराज सिंहले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखे।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको सुर्खेत जेलमा हाल ५० पुरूष र ६ महिला गरी कूल ५६ जना बन्दी छन्। आस्थाका बन्दीहरू भौतिक सुविधाबाट वञ्चित रहने, मूल्यबृद्धिका कारण कुपन प्रणाली नभएको, सरकारी सिदा अप्रत्यक्ष कटौतीका कारण भरपेट खान नपाइने र प्रशासनले पनि खासै पहल नगरेको गुनासो बन्दीहरूको छ। यस जेलमा टेबलटेनिस बोर्डबाहेक खेलकुदका अन्य सामाग्री नभएको बन्दीहरूले बताए। बन्दीहरूका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरू उपलब्ध गराउन कुनै संस्थाले पनि थप पहल नगरेको कुरा जेलर महेन्द्रजंग शाहीले बताए। सम्मर मल्ल, ओंपेन्द्र शाही र वकिल सिंह ०५७ पुस ११ गतेदेखि कर्तव्य ज्यान मुद्दामा हालसम्म पुर्पक्षका लागि थुनामा रहेका छन्।

अछाम कल्ले खोलाका बन्दी अक्कलबहादुर रावल सुर्खेत अदालत परिसरबाट ०५७ चैत ८ गते हत्कडी खोली फरार भए।

बन्दीहरूले केन्द्रीय स्तरमा उठाइएका २५ सूत्रीय मागप्रति ऐक्यबद्धता जनाउँदै स्थानीय २५ सूत्रीय मागसमेत राखी ०५८ भदौ १५ गते सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाई भदौ १६ र १७ गते नारा-जुलुस र १८ गतेदेखि भोक हड्तालको चरणबद्ध कार्यक्रम तय गरी आन्दोलन गरेकोमा स्थानीय माग तत्काल पूरा गरिने सहमती भई पत्रकार, इन्सेक, जिल्ला प्रशासन, प्रहरी प्रतिनिधिसहितको संयुक्त सहमतिमा भदौ १७ गते दिउँसो १२ बजे सम्झौता भयो।

बन्दीहरूले मनोरञ्जनका साधनहरूमध्ये हिन्दी र नेपाली क्यासेट र डेक मगाएकोमा हिन्दी फिल्म उपलब्ध नगराइएको कारण देखाई ०५ भदौ ३० गते एक दिने अवज्ञा आन्दोलन गरे।

गिरफ्तारी र यातना

चौरासेका शिक्षक ४१ वर्षीय जसबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५८ मंसिर ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई रिहा गरिएको छैन।

शिक्षा क्याम्पसका प्राध्यापक, सुर्खेत पोष्ट साप्ताहिकका सम्पादक तथा एमनेष्टी इन्टरनेशनल लयर्स ग्रुप-६९ का संयोजक विष्णुप्रसाद खनाललाई माओवादीको आरोपमा ०५८ मंसिर १२ गते बेलुका संगम पुस्तक पसलबाट प्रहरीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

दैलेख जिल्ला भैरीफाली गाविस-१ का २५ वर्षीय केशव शाहीलाई माओवादीको आशंकामा ०५८ मंसिर १२ गते प्रहरीले सीमाना पोष्टबाट गिरफ्तार गरे। पीडितलाई मंसिर १४ गते रिहा गरियो।

वीरेन्द्रनगर नपा-३ का ३२ वर्षीय खडानन्द लामिछानेलाई देशभक्त मञ्चको सदस्य भएको आरोपमा ०५८ मंसिर १३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

लाटीकोइली गाविस-१ का ३६ वर्षीय उमालाल

रामघाट गाविस-४ मा पसल गरी बस्ने ४९ वर्षीय भक्तबहादुर थापाको फेन्सी पसलबाट ०५८ जेठ १९ गते राति माओवादीहरूले सबै सामान लुटेर लगे।

साहारे गाविस-८ का ६० वर्षीय श्रीबहादुर शाहको घरमा ०५८ असार ११ गते माओवादीहरूले ताला लगाई जग्गामा सामूहिक खेती गरे।

कुनाथरी गाविस-४ का ३७ वर्षीय टेकबहादुर गौतमलाई सुराकी गरेको आरोपमा ०५८ असार २९ गते माओवादीहरूले कुटपिट गरी धम्की दिए।

राकम गाविस-२ जामुनेबजारका व्यापारीहरू ३१ वर्षीय विष्णु योगी, ४७ वर्षीय कृष्ण गिरी, २५ वर्षीय वीरबहादुर घर्ती, २६ वर्षीय कुवेर गिरी, २९ वर्षीय गोविन्द गिरी र ३२ वर्षीय तीर्थबहादुर खड्कालाई आफूहरूलाई चन्दा नदिएको आरोपमा ०५८ असार ३० गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई डाँडाखाली गाविस-८ साहुखोलामा रातभरि राखी भोलिपल्ट बेलुका रकम असुल गरी मुक्त गरियो।

गुमी प्रहरी चौकी विस्थापित भएपछि ०५८ असार ३० गते राति माओवादीले बम विस्फोट गरी भवन क्षतिग्रस्त बनाए।

राकम गाविसस्थित इलाका प्रहरी कार्यालय रहेको भवन ०५८ साउन १० गते माओवादीले भत्काई ५ लाख रूपैयाँबराबरको क्षति पुऱ्याए।

नातोपानी गाविसस्थित इलाका प्रहरी कार्यालय विस्थापित भएपछि ०५८ साउन १२ गते माओवादीहरूले भवन क्षतिग्रस्त बनाए।

राकम गाविस-६ का ५० वर्षीय खिमबहादुर शाहीलाई ०५८ साउन २० गते माओवादीहरूले काटेर भेरीमा बगाइ दिने धम्की दिए।

मैनतडा गाविस-३ स्थित नेपाल दलित सेवा संघको कार्यालयका सम्पूर्ण कागजपत्र र अन्य सामाग्रीहरू ०५८ साउन २१ गते माओवादीहरूले लुटेर लग्नुकासाथै तालाबन्द गरिदिए।

राजमोका कार्यकर्ताहरू लेखफर्सा गाविसका अध्यक्ष ३५ वर्षीय भिमबहादुर फौजा, ७० वर्षीय मोतिप्रसाद मिधुन, रातामाटाका ४० वर्षीय शेरबहादुर परियार, मुयाँलाघारीका ३२ वर्षीय मोहन थापा र सोही गाविस-९ का ३५ वर्षीय लोकबहादुर ठाडालाई ०५८ साउन २३ गते लेखफर्सा गाविसमा सोही पार्टीद्वारा आयोजित कार्यक्रमबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई भोलिपल्ट मुक्त गरियो।

पोखरीकाँडा गाविस-३ का ४८ वर्षीय हैकली साउदलाई आफूहरूलाई खाना खान नदिएको आरोपमा ०५८ भदौ १७ गते माओवादीहरूले कुटपिट गर्नुका साथै धम्की दिए।

सालकोट गाविस-५ की १६ वर्षीय सेतीकुमारी वि.क.लाई आफ्नो दाजुलाई माओवादी पार्टीबाट छुटाई भाग्न लगाएको आरोपमा ०५८ भदौ १८ गते माओवादीहरूले कुटपिट गरी दाजुको खोजी गर्न र बोलाउन धम्की दिए।

पोखरीकाँडा गाविस-८ का ३० वर्षीय इन्द्रबहादुर के.सी.लाई तलब आफूहरूलाई नदिएको आरोपमा ०५८ भदौ २२ गते माओवादीहरूले धम्की दिई घर खानतलासी गरी ४ हजार रूपैयाँ लुटेर लगे।

आग्रिगाउँ गाविस-५ का २५ वर्षीय लाटो भण्डारीलाई आफूहरूले घोषणा गरेको जनसरकार प्रमुखबाट राजीनामा दिई स्वतन्त्र बसेको आरोपमा ०५८ भदौ २४ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

काफलकोट गाविस-९ का ३२ वर्षीय रतिमान दमाईलाई ०५८ भदौ २९ गते माओवादीहरूले चन्दा रकम तोकिदिए। पीडितले पत्नीको धोती बेचेर १ सय रूपैयाँ माओवादीहरूलाई दिए।

घुमखेर गाविस-९ का ३५ वर्षीय टोपबहादुर घर्ती र सोही गाविस-४ का डिलबहादुर वलीलाई जनसरकार विरोधी भएको आरोपमा ०५८ कार्तिक १६ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई विभिन्न ठाउँ घुमाई कुटपिट गरी कार्तिक २३ गते आवलचिङ गाविसबाट मुक्त गरियो।

घुमखरे गाविस-७ का शिक्षक २२ वर्षीय जालिमबहादुर खत्रीलाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक १७ गते माओवादीहरूले रूखमा बाँधेर कुटपिट गरे।

सुर्खेत विमानस्थलमा पार्किङ गरी राखिएको एशियन एयरलाइन्सको हेलिकप्टर ०५८ मंसिर ८ गते माओवादीहरूले विस्फोटनमा पारी क्षतिग्रस्त बनाए।

रामघाट गाविस-९ का शिक्षक ४० वर्षीय धर्मध्वज वलीलाई सुराकी गरेको आरोपमा ०५८ मंसिर १२ गते माओवादीहरूले घरबाट विद्यालयमा लगी आँखीभौं जलाइदिनुका साथै कुटपिटसमेत गरे। पीडितलाई उपचारार्थ वीरेन्द्रनगर पुऱ्याइयो।

क्षेत्र नं. २ का सांसद ३९ वर्षीय हृदयराम थानीको वीरेन्द्रनगर नपास्थित घरमा ०५८ मंसिर २० गते माओवादीहरूले कुकर बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

लाटीकोइली गाविस-१ स्थित सडक विभागको कार्यालयमा राखिएको भे. १ भ ११८ नं. को जीप ०५८ मंसिर २२ गते राति माओवादीहरूले मट्टितेल खन्याई आगो लगाई क्षतिग्रस्त बनाए।

वीरेन्द्रनगर नपा-२ कालागाउँका १४ वर्षीय तेजबहादुर वि.क.लाई कम्ब्याट ड्रेस राखेको आरोपमा ०५८ मंसिर २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर २८ गते रिहा गरियो।

महिला अधिकार

बहुविवाहका ५ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

हुम्ला सिमिकोट गाविसका ८ वर्षीय गंगाकुमारी क्वडारा, ७ वर्षीय आइतेराम क्वडारा र ६ वर्षीय आवगे क्वडारालाई सुर्खेत इर्लाहट बोर्डिङमा भर्ना गरेको ३ वर्ष बितिसक्दा र हाल बोर्डिङ्ग बन्द भइसकेपछि पनि अभिभावकहरू सम्पर्क गर्न आएनन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

बजेडीचौर गाविस-६ का २३ वर्षीय टेकबहादुर रानालाई आफ्नो पार्टीलाई गाली गरेको आरोपमा ०५८ भदौ १ गते माओवादीहरूले भारतबाट घरमा बोलाई भानु माविमा जनता भेला गराई मोसो दलिदिए।

वीरेन्द्रनगर नपास्थित बसपार्कका ३२ वर्षीय झपेन्द्र थापालाई व्यक्तिगत रिसइवीका कारण ०५८ असोज ६ गते दशरथपुर घर भई बसपार्कमा पसल गरी बस्ने ३८ वर्षीय चित्रबहादुर खड्कलले शरीरमा एसिड खन्याई बेहोस बनाए। पीडितलाई उपचारार्थ अस्पताल लगियो। पीडक फरार छन्।

स्वविय निर्वाचनको क्रममा खुकुरी प्रहारबाट घाइते नरेन्द्रबहादुर शाही

नगएको र मृतक परिवारलाई क्षतिपूर्ति नदिइएको विरोधमा गर्दै यातायात मजदुर संघ र नेपाल ट्रेड युनियन जिल्ला समितिले प्रेस विज्ञप्ति जारी गरे।

अनेरास्ववियु (छैठौं) जिल्ला समिति सुर्खेतले सल्यान खलंगा चिया पसलबाट आमाको खोजीमा गएका जिल्ला कमिटी सदस्य धनबहादुर पौडेललाई ०५७ माघ २८ गते प्रहरीले गिरफ्तार गरी धम्की दिने, कुटपिट गरी फागुन ३ गते मात्र रिहा गरेकोमा यस्ता कार्य नगर्न चेतावनी दिँदै फागुन ९ गते सो संगठनले विज्ञप्ति जारी गर्‍यो।

वीरेन्द्रनगर नपा-६ का नेपाल पत्रकार महासंघका सभापति कमलेश डिसीलाई ०५८ कार्तिक २५ गते हातपात गरिएको विरोधमा पत्रकार महासंघले कार्तिक २६ गते प्रेस विज्ञप्ति जारी गर्‍यो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

बजेडीचौरमा ०५७ माघ २५ गते माओवादी र प्रहरीबीच भीडन्त हुँदा ट्रक चालक मणिराम चौधरीको प्रहरीको गोलीद्वारा हत्या भएको, निर्दोष चालकको हत्याप्रति प्रशासनको ध्यान

अतिरिक्त जानकारीहरू

यस वर्ष ३ पुरूषले आत्महत्या गरे। ५ वटा सडक दुर्घटनामा २० पुरूष र १ महिला पीडित भए।

४.९ जाजरकोट

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

जगतीपुर गाविसका उपाध्यक्ष तथा नेकाँका कार्यकर्ता मानबहादुर खत्रीलाई ०५७ माघ १३ गते राति माओवादीहरूले सोही गाविस-७ कुदुमा गोली हानी हत्या गरे।

खलंगा गाविस-१ गैरीखालीका मीना आचार्यलाई कर्फ्यु उल्लंघन गरेको आरोपमा ०५८ मंसिर २८ गते बेलुका घर नजिकै मूलबाटोमा प्रहरीले गोली प्रहार गर्दा मृत्यु भयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता रहेको जाजरकोट जेल "घ" श्रेणीको हो। हाल यस जेलमा ८ जना बन्दी छन्। जेलको बाहिरी भागमा कम्पाउण्ड भएका कारण बन्दीहरूलाई दिनको १ पटक कम्पाउण्ड भित्र छोडिने गरेको छ। कुनै सीपमूलक तालिम दिइनुपर्ने, खेलकुदका सामाग्रीको सुविधा दिइनुपर्ने र एक पुस्तकालयसमेत राखिनुपर्ने बन्दीहरूको माग छ।

गिरफ्तारी र यातना

रग्दा गाविस-४ का पहलबहादुर रावललाई माओवादीको आरोपमा ०५७ पुस १८ गते प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा ऐनअन्तर्गत ३ महिनासम्मका लागि थुनामा राखियो।

बाग्लुङ्ग जिल्ला जलजला गाविस-४ झुलेडाँडाका मनोज आले र तेजेन्द्रबहादुर बोहोरालाई माओवादीको आरोपमा ०५८ वैशाख १७ गते जगतीपुर गाविस-१ मटेलाबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई यातना दिई ०५८ वैशाख २३ गते कागज गराई रिहा गरियो।

डाँडागाउँ गाविस-७ करूवाका लालबहादुर रानालाई माओवादीको आरोपमा ०५८ जेठ ११ गते खलंगा गाविस-२ ढाटीबजारबाट सादा पोशाकमा रहेका प्रहरीले गिरफ्तार गरे।

बेपत्ता पारिएको / अपहरण गरिएको

खलंगा गाविस-२ स्याँला घर भई जिल्ला पशु स्वास्थ्य कार्यालयमा कार्यरत जेटिए धनबहादुर वि.क.लाई ०५७ पुस २० गते माओवादीहरूले आफ्नै घरबाट अपहरण गरी दुई पछि मुक्त गरे।

सक्ला गाविसका अध्यक्ष अमरबहादुर सिंह, उपाध्यक्ष इन्द्रबहादुर कुमाई, सोही गाविस-२ का वडाध्यक्ष ज्ञानी सिंह,

सोही गाविस-७ का वडाध्यक्ष जयबहादुर महतारा, सोही गाविस-८ का वडाध्यक्ष पृथ्वीबहादुर सिंह, सोही गाविस-९ का वडाध्यक्ष मनबहादुर नेपाली, सोही गाविस-४ का वडा सदस्य करबहादुर शाही र सोही गाविसका प्राविधिक सहायक सिद्धि पुनलाई ०५७ पुस २२ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई केही दिन अलग-अलग ठाउँमा राखी मुक्त गरियो।

दशेरा गाविस-३ चुवादेउलीका देवबहादुर शाही र सुकुम्बासी समस्या समाधान आयोगमा कार्यरत अमिन रामनारायण यादवलाई ०५७ पुस २८ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई पुस २९ गते मुक्त गरियो।

दशेरास्थित जनप्रिय माविका शिक्षक जयबहादुर थापा र वीरबहादुर हमाललाई ०५७ माघ २७ गते दिउँसो विद्यालय परिसरबाट माओवादीहरूले अपहरण गरे।

साल्मा गाविस-७ मजेरी घर भई हाल ईलाका हुलाक कार्यालयमा कार्यरत हुलाकी पदमबहादुर खड्कालाई ०५७ फागुन २१ गते कार्यालयमा काम गरिरहेको अवस्थामा माओवादीहरूद्वारा अपहरण गरे।



जनसंख्या	: १३९६८०
साक्षरता प्रतिशत	: ४६.९२
महिला साक्षरता प्रतिशत	: १७.५१
क्षेत्रफल (वर्ग कि.मी.)	: २१२३.३८
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २३८
क्याम्पस/उच्च मावि	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: २/३२
टेलिफोन लाइन	: १५
मोटर सडक (कि.मी.)	: १०७
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ३१

लहँ गाविस-१ रावलगाउँका जयबहादुर रावल र मानबहादुर रावललाई ०५७ चैत २५ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई २ दिन पछि मुक्त गरे।

रग्दा गाविस-१ का जनकबहादुर सिंह र जयबहादुर सिंहलाई ०५७ चैत २६ गते सोही ठाउँबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई चैत २९ गते मुक्त गरे।

रग्दा गाविस-१ का जिविस सदस्य ३४ वर्षीय नवराज सिंहलाई ०५७ चैत २४ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई चैत २९ गते ३० हजार रूपैयाँ असुल गरी मुक्त गरे।

लहँ गाविस-६ घर भई रूकुम जिल्ला राडीस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान टकबहादुर घर्तीलाई ०५८ वैशाख १० गते सोही गाविसको कालिमाटीबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई केही दिन पछि मुक्त गरे।

दशेरा गाविसका अध्यक्ष गणेशबहादुर थापालाई ०५८ जेठ १२ गते घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई चैत २१ गते मुक्त गरे।

नरज्योति प्राथमिक विद्यालयका प्रधानाध्यापक विश्वनाथ खनाललाई ०५७ फागुन २४ गते खलंगा गाविस-२ स्यालास्थित आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई चैत १ गते मुक्त गरियो।

मजकोट गाविसका अध्यक्ष वेदबहादुर शाहीलाई ०५७ चैत ६ गते घरमै बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई १४ दिनपछि मुक्त गरियो।

ढिमे गाविस-१ पाँचकटियाका शक्तिबहादुर खत्रीलाई ०५७ चैत ७ गते खलंगा गाविस-६ बाहुनथानबाट माओवादीहरूले अपहरण गरे।

जिल्ला वन कार्यालयमा कार्यरत गंगाबहादुर खड्का, भुपलाल रावत र गणेश कार्कीलाई ०५७ चैत ८ गते खलंगा गाविस-९ रावलगाउँबाट माओवादीहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

कार्कीगाउँस्थित नारायण माविका प्रधानाध्यापक सोमनाथ कुवँर, सोही विद्यालयमा ९ कक्षामा अध्ययनरत भविलाल खड्का, गोविन्द शर्मा, परेन्द्र परियार र हरिबहादुर बुढालाई ०५७ चैत १२ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई १७ गते मुक्त गरे।

खलंगा गाविस-९ कालेगाउँका ३१ वर्षीय रमेशबहादुर बस्नेतलाई ०५८ जेठ २६ गते माओवादीहरूले अपहरण गरी निर्मम कुटपिट गरे। पीडितलाई दुवै खुट्टा बाँधी झुण्ड्याएर पैतालामा हिर्काइ २७ गते मुक्त गरे।

जिविस सदस्य ईन्द्रबहादुर सिंहलाई ०५८ असार १० गते माओवादीहरूले अपहरण गरे।

जिल्ला वन कार्यालयमा कार्यरत रामजीवन खड्कलाई ०५८ असार १८ गते माओवादीहरूले कार्यालयस्थित निवासबाट अपहरण गरे।

बारा जिल्ला घर भई हाल जिल्ला वन कार्यालयमा कार्यरत रामचन्द्र चौधरीलाई ०५८ असार १८ गते रात्रि खलंगा गाविस-२ थाप्लेबाट माओवादीहरूले अपहरण गरे।

पैंक गाविस-५ का नेकाँका इलाका अध्यक्ष जनकबहादुर गिरीलाई ०५८ असार २३ गते माओवादीहरूले अपहरण गरे।

लहँ गाविस-७ घारीगाउँकी २२ वर्षीय चन्द्रकुमारी खत्रीलाई ०५८ असार २६ गते माओवादीहरूले अपहरण गरे।

नेकपा (एमाले) का जिल्ला कमिटी सचिव एवं गाविस महासंघ जिल्ला कार्य समितिका अध्यक्ष लालबहादुर

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	१		१	१		१	१
गोलीद्वारा घाइते					१	१		१
गिरफ्तारी र यातना					५	६		६
लाठी चार्ज					२	१३		१३
कुटपिट	५	५		५	३	३		३
धम्की	४	४		४				
बेपत्ता पारिएको	१	१		१				
भेला र संगठित हुने अधिकार	१				१	१		१
धार्मिक स्वतन्त्रता	१	१		१				
बहुविवाह	४		४	४				
आर्थिक अधिकार	२	२		२				
अपहरण	४०	४५	१	४६				
जम्मा	६०	७०	५	७५	१३	२४	१	२५

महतारालाई ०५८ असार २७ गते माओवादीहरूले अपहरण गरी साउन २ गते मुक्त गरे।

ढिमे गाविसका अध्यक्ष कर्णबहादुर थापालाई ०५८ असार २७ गते घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई साउन २ गते मुक्त गरे।

सीमा गाविस-९ का नेरा प्राविका शिक्षक मानबहादुर पुनलाई ०५८ साउन १८ गते राति माओवादीहरूले अपहरण गरे।

शिवशंकर मिथिग्राका शिक्षक ईश्वरराज के.सी.लाई ०५८ भदौ १० गते घरबाट विद्यालयतर्फ गइरहेको अवस्थामा पुन्मा गाविस-६ बाट माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

खगेनकोट गाविसका उपाध्यक्ष गोविन्दबहादुर शाहीलाई ०५८ भदौ ११ गते बिहान कायाखेत भन्ने ठाउँबाट माओवादीहरूले अपहरण गरे।

खगेनकोट गाविस-८ का २८ वर्षीय धिरेन्द्रबहादुर शाहीलाई ०५८ भदौ ११ गते घरबाट माओवादीहरूले अपहरण गरे।

पैंक गाविस-१ का १८ वर्षीय लोकेन्द्रबहादुर सिंहलाई ०५८ भदौ १८ गते घरबाट माओवादीहरूले अपहरण गरे।

कार्कीगाउँ गाविस-६ का २१ वर्षीय मोतिलाल वलीलाई ०५८ असोज २ गते बेलुका माओवादीहरूले अपहरण गरे।

कार्कीगाउँ गाविस-७ का ईन्दबहादुर खत्री र वीरबहादुर खत्रीलाई ०५८ असोज २१ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई असोज २४ गते मुक्त गरे।

दशेरा गाविस-८ का रिते गिरीलाई ०५८ असोज २२ गते माओवादीहरूले अपहरण गरी ३ महिनापछि मुक्त गरे।

खलंगा गाविस-८ पिपेका मानबहादुर शाही र बृद्धि बुढालाई ०५८ कार्तिक १२ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरे र भोलिपल्ट मुक्त गरे।

ढिमे गाविसका अध्यक्ष कर्णबहादुर थापालाई ०५८ मंसिर ११ गते सोही गाविस-१ पाँचकटियाबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई २ दिन पछि मुक्त गरे।

पुन्मा गाविसका उपाध्यक्ष तप्तबहादुर सिंहलाई ०५८ मंसिर १३ गते माओवादीहरूले घरबाट अपहरण गरे।

खलंगा गाविस-२ स्याँलाका भरत सुनारलाई ०५८ मंसिर १३ गते माओवादीहरूले घरबाट अपहरण गरे।

मजकोट गाविसका अध्यक्ष वेदबहादुर शाहीलाई ०५८ मंसिर १६ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई मंसिर २८ गते मुक्त गरे।

गर्खाकोट गाविसका अध्यक्ष देव खड्कालाई ०५८ मंसिर १६ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ३ दिन पछि मुक्त गरे।

थालारैकर गाविसका अध्यक्ष प्रेमबहादुर शाहीलाई ०५८ मंसिर २० गते दिउँसो आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी मंसिर २६ गते मुक्त गरे।

पजारू गाविस-६ का रामबहादुर रावतलाई ०५८ मंसिर २६ गते माओवादीहरूले अपहरण गरी सम्पूर्ण सम्पत्तिसमेत जफत गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खलंगा गाविस-८ पिपेका ५९ वर्षीय टकबहादुर रानालाई माओवादी आरोपमा ०५७ पुस २८ गते प्रहरीले कुटपिट गरे।

ढिमे गाविस-१ दमढालाका वडाध्यक्ष कृष्णबहादुर थापालाई ०५७ माघ १९ गते माओवादीहरूले कुटपिट गरे।

ढिमे गाविस-२ का रामचन्द्र भण्डारीलाई ०५७ माघ २६ गते बेलुका घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी गम्भीर घाइते बनाए।

झाप्रा गाविस-२ फुपुनदानका देवबहादुर थापाको सम्पूर्ण सम्पत्ति ०५७ फागुन १ गते माओवादीहरूले लुटे।

नेराशिसंगठनका जिल्ला अध्यक्ष हेरम्बबहादुर शाहलाई ०५७ फागुन २४ गते बेलुका मातृभूमि बोर्डिङ स्कूलका शिक्षक प्रकाश चन्दसमेत ४-५ जनाले कुटपिट गरे।

गर्खाकोट गाविस-१ गर्खाकोटस्थित इलाका प्रहरी

४.१० दैलेख

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / **गोली**

चौराठा गाविस-८ की २५ वर्षीय बना बस्नेत र भक्तबहादुर हमाल ०५७ माघ २७ गते कालिका गाविसमा माओवादीहरूले थापेको एम्बुसमा परी घाइते भए।

रानीवन गाविस-८ का दीर्घबहादुर शाहीलाई माओवादीको विरूद्ध लागेको आरोपमा ०५७ फागुन ६ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी जगनाथ गाविसमा पुऱ्याई हत्या गरे। पीडित "माओवादी पीडित मञ्च" को केन्द्रीय सदस्य थिए।

रानीवन गाविस-५ का २५ वर्षीय अर्जुन सिंहलाई माओवादीको आशंकामा ०५७ फागुन ७ गते घट्टबाट घरतर्फ फर्कँदै गरेको अवस्थामा खरीगैरा गाविसको भाब्र जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

तोल्ली गाविस-५ नौमुलेस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी इन्स्पेक्टर काठमाण्डौका ध्रुवप्रसाद दुलाल, असईद्वय दैलेखका कर्णबहादुर सलामी, बाँकेका धनबहादुर विक, प्रहरी हवल्दारहरू रोल्पाका हरिबहादुर घर्ती, दैलेखका हर्कबहादुर चन्द, बलबहादुर बलामी, शेरबहादुर सुनार, निरक थापा, गुल्मीका शेरबहादुर नेपाली, दार्चुलाका विष्णु खडायत, मानबहादुर विष्ट, झापाका विनोद भूजेल, प्रहरी जवानहरू सिन्धुलीका गोपीमान खड्का, रोल्पाका चन्द्रबहादुर पुन, श्यामेश्वर थापा, दिपक रोका, लोकेन्द्र गिरी, दैलेखका महेश ढकाल, भक्तबहादुर बस्नेत, भक्तबहादुर गुरूङ, सुर्खेतका दिलबहादुर सुनाखरी, गगन राना, जंगबहादुर नेपाली, बाँकेका छविलाल परियार, गोपाल खत्री, डडेल्धुराका टेकबहादुर बोहोरा, कर्णबहादुर खड्का, वैतडीका हिक्मत रावल, वर्दियाका प्रकाश घिमिरे, जाजरकोटका निर्मलजंग शाह, कञ्चनपुरका धीरेन्द्र राना र गोरखाका प्रेमबहादुर गुरूङलाई ०५७ चैत २४ गते राति माओवादीहरूले प्रहरी कार्यालयमा आक्रमण गरी हत्या गरे। दोहोरो भीडन्त हुँदा माओवादीका जीवनलालभक्त चौलागाईं, पदमबहादुर विक, नेत्रबहादुर विक, अजवीर ऐडीसमेत ५ जनाको गोलीद्वारा मृत्यु भयो। माओवादीहरूले १२ जना प्रहरीलाई घाइते बनाए। माओवादीहरूले चौकीमा आक्रमण गर्ने क्रममा सोही ठाउँका ६५ वर्षीय पतिराम ढकालको घरमा बम प्रहार गरी ध्वस्त पार्नुका साथै घरमा भएको सम्पूर्ण धनमाल नष्ट गरे।



जनसंख्या	: २३१९४०
साक्षरता प्रतिशत	: ४३.२३
महिला साक्षरता प्रतिशत	: ३८
क्षेत्रफल (वर्ग कि.मी.)	: १५०२
गाविस/नपा संख्या	: ५५/1
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४३०
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/६२
टेलिफोन लाइन	: १७७
मोटर सडक (कि.मी.)	: १६८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५६

तोल्ली गाविस-५ नौमुलेस्थित प्रहरी चौकीनजिक ०५७ चैत ३० गते गहुँ बारीमा राखिएको प्रेशर कुकुर बम विस्फोट हुन गई सोही ठाउँकी ३५ वर्षीय हस्तकली विक, उनकै छोरा ५ वर्षीय गोरे विक र ३ वर्षीय काले विक सख्त घाइते भए। सो बम कसले राखेको हो, हालसम्म जानकारीमा आएको छैन।

रावलकोट गाविस-५ का ३० वर्षीय मनबहादुर विष्टलाई ०५८ असोज २६ गते आफ्नै घर नजिक माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाएकोमा दैलेख अस्पतालमा उपचार गर्दागर्दै असोज २८ गते मृत्यु भयो।

लकान्द्र गाविस-४ का २१ वर्षीय जनक थापालाई ०५८ पुस १ गते राति सुत्केरी पत्नीको हेरविचार गर्न बसेको अवस्थामा माओवादीहरूले घरबाट अपहरण गरी नजिकैको पिपल चौतारीमा लगी कुटपिट गरी हत्या गरे। पीडित बाँच्न सक्छन् भनी माओवादीहरूले ठूलो ढुङ्गा उचाली अण्डकोषमा प्रहार गरेका थिए।

नौमुलेमा मारिएका प्रहरीहरू

नौमुलेका ४५ वर्षीय गंगबहादुर तारामीलाई आफ्नो पार्टीविरूद्ध सक्रिय गतिविधि गरेको आरोपमा ०५८ पुस १५ गते माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना ३ वर्षीय बालक र २ जना महिलाको हत्या भयो। जसमध्ये एक

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	४	२	६				
गोलीद्वारा हत्या	१	३२		३२	२	६		६
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते					१	१	१	२
बम प्रहारबाट घाइते	१	२	१	३				
एम्बुसमा परी घाइते	१	१	१	२				
गिरफ्तारी र यातना					१७	१७	२	१९
लाठी चार्ज					२	७		७
बेपत्ता पारिएको	१	१		१				
कुटपिट	२८	३५	२	३७	३	४		४
धम्की	१६	१९	४	२३				
भेला र संगठित हुने अधिकार	२	१७		१७				
जातीय छुवाछूत	१		१	१				
अपहरण	११	११	१	१२				
जम्मा	६८	१२२	१३	१३५	२५	३५	३	३८

घटनामा एक जना महिलाको बलात्कारपछि हत्या गरिएको थियो।

जेल र बन्दीहरु

जीर्ण अवस्थामा रहेको "घ" श्रेणीको दैलेख जेलको बन्दी क्षमता १८ हो। हाल यस जेलमा ९ जना पुरूष र १ जना महिला गरी १० जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ९ जना र नतोकिएका १ जना छन्। बन्दीहरूका लागि नारायण नपाले एउटा श्यामश्वेत टिभी उपलब्ध गराएको छ। एउटा धारो, ३ वटा चर्पी र सबै कोठामा विजुली बत्तीको सुविधा छ। मनोरञ्जनका लागि क्यारमबोर्ड, चेस र लुडो उपलब्ध गराइएको छ। जेलभित्र फोहोरको समस्या रहेको बन्दीहरूको गुनासो छ।

गिरफ्तारी र यातना

वडाभैरव गाविस-५ का २० वर्षीय अशोक थापालाई ०५८ मंसिर १२ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरेकोमा ६ घण्टापछि जमानीमा रिहा गरे।

कालिकाथुम गाविस-१ का केशव शाहीलाई ०५८ मंसिर १२ गते प्रहरीले गिरफ्तार गरी सुर्खेत पुऱ्याए। पीडितलाई पुस ३ गते तारेखमा रिहा गरियो।

नारायण नपा-७ का १९ वर्षीय वीरबहादुर मल्ललाई माओवादीको आरोपमा ०५८ मंसिर १३ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई रिहा गरियो।

रानीवन गाविस-४ का कर्मबहादुर शाहीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर १६ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

काप्रिखोलास्थित प्राविका शिक्षक चक्रबहादुर शाहीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

मालिका गाविस-७ घर भई त्रिभुवन उच्च माविमा अध्ययनरत जनक पाण्डेलाई अनेरास्ववियु (क्रान्तिकारी) मा लागेको रहेको आरोपमा ०५८ मंसिर २९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखियो।

होटल व्यवसायी केशव शाही र देवीराम शर्मालाई ०५८ पुस १० गते दैलेख बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरियो।

चुप्रा बजारबाट जगतकुमारी कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस १० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस २५ गते रिहा गरियो।

नारायण नपा-३ खुर्सानीबारीका पूर्वप्रहरी हरिप्रसाद शर्मालाई माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०५८ पुस १३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस १८ गते रिहा गरियो।

यस बाहेक गिरफ्तारी र यातनाका ९ वटा घटनामा ९ पुरूष र २ महिला पीडित भए।

बेपत्ता पारिएको / अपहरण गरिएको

नारायण नपा-४ का अम्मकली नेपालीलाई प्रहरीसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५७ पुस २१ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितको बारेमा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

नारायण नपा-८ का हरिबहादुर खत्रीलाई ०५७ पुस २९ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितको हत्या भइसकेको आशंका गरिएको छ।

बडलम्जी गाविसका उपाध्यक्ष पूर्णप्रसाद आचार्यलाई ०५७ माघ ५ गते माओवादीहरूले अपहरण गरी कुटपिट गरेर सोही राति मुक्त गरे।

नेकाँ जिल्ला सदस्य तथा जिविस सदस्य तिलकप्रसाद रिजाललाई ०५८ वैशाख १९ गते बेलपाटा, चुप्राबजारबाट माओवादीहरूले अपहरण गरी कुटपिट गरेर वैशाख २० गते सोही ठाउँबाट मुक्त गरे।

तोल्लीजैसी गाविसका अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला सदस्य राजबहादुर शाहीलाई ०५८ जेठ ६ गते रामगाड फेटाबजारबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई जनताको सक्रियतामा लकान्द्र गाविसबाट सोही दिन मुक्त गरियो।

जिल्ला सिंचाई कार्यालयमा कार्यरत इन्जिनियर कृष्णराज उपाध्यायलाई ०५८ साउन ८ गते घरतर्फ जाँदै गर्दा तालपोखरीबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई १२ दिनपछि नौमुलेबाट मुक्त गरियो।

रावलकोट गाविस- ५ का कृष्णबहादुर विष्टलाई ०५८ मंसिर १६ गते माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

तिलेपाटा गाविस-५ का ज्योति शाहीलाई विना आरोपमा ०५८ मंसिर ३० गते माओवादीहरूले अपहरण गरी पुस ४ गते राकम कर्णालीबाट मुक्त गरे।

मैतीकालिकाथुम गाविसका अध्यक्ष जग्येबहादुर शाहीलाई ०५८ पुस १० गते डाँडीबजारबाट माओवादीहरूले अपहरण गरी भोलिपल्ट रानिवन गाविसको गीताचौरबाट मुक्त गरे।

चामुण्डा गाविस-४ का सरूबहादुर शाहीलाई आत्मसमर्पण गरेको आरोपमा ०५८ पुस १६ गते माओवादीहरूले जम्बुकाँध गाविस-४ बाट अपहरण गरी कुटपिट गरी घाइते बनाए। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नारायण नपा-३ कालिमाटीका ४७ वर्षीय सन्तबहादुर थापा र उनकै छोरा १८ वर्षीय पहलसिंह थापालाई विना आरोप ०५७ पुस २ गते प्रहरीले कुटपिट गरे।

रानीवन गाविसका पूर्वअध्यक्ष वीरबहादुर सिंहलाई ०५७ पुस १७ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरका सम्पूर्ण सामानहरू लुटेर लगे।

पिलाडी गाविसका अध्यक्ष तथा नेकाँ जिल्ला कार्य समितिका सदस्य कृष्णकुमार विसीलाई ०५७ पुस २३ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरका सामानहरू लुटेर लगे।

नारायण नपा-८ का ३८ वर्षीय नरबहादुर खड्कालाई विना आरोप ०५७ फागुन २९ गते गस्ती प्रहरीले शरीरका विभिन्न भागमा नीलडाम हुनेगरी कुटपिट गरे।

सल्लेरी गाविसका जनप्रतिनिधिहरूलाई राजीनामा दिन ०५८ वैशाख २४ गते माओवादीहरूले धम्की दिए।

रूम गाविसका जनप्रतिनिधिहरूलाई राजीनामा दिन ०५८ जेठ १० गते माओवादीहरूले धम्की दिए।

दैलेख बजारस्थित सनराइज बोर्डिङ स्कूल, दैलेख बजारस्थित उन्नयन शिक्षा निकेतन र दैलेख बजारस्थित फूलवारी विद्या मन्दिरमा ०५८ जेठ १२ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले आक्रमण गर्नुका साथै विद्यालय संचालन नगर्न धम्की दिए। हाल विद्यालयहरू बन्द छन्।

चौराठा गाविसका जनप्रतिनिधिहरूलाई राजीनामा दिन ०५८ जेठ १५ गते माओवादीहरूले धम्की दिए।

तोल्ली गाविसका जनप्रतिनिधिहरूलाई ०५८ जेठ २ गते गाविसको बैठक बसिरहेको अवस्थामा माओवादीहरू जबर्जस्ती बैठक कक्षमा प्रवेश गरी गाविसबाट राजीनामा दिन धम्की दिए।

खड्कावाडा गाविस तल्लो डुङ्गेश्वरस्थित ग्रामीण पूर्वाधार सामुदायिक विकास कार्यक्रमको गोदामबाट ०५८ जेठ ६ गते माओवादीहरूले ७० क्वीन्टल चामल लुटेर लग्नुका साथै कर्मचारीहरूलाई धम्की दिए।

नौमुलेस्थित गरिबी निवारण संस्था, भवानी गाविसस्थित उर्जा विकास संस्था, तोल्ली गाविसस्थित भू-संरक्षण कार्यक्रम, रूम, कट्टी र चौराठा गाविसस्थित आरएसडीसीको कार्यालयहरूमा ०५८ जेठ १४ गते, लकान्द्र गाविसस्थित एसपिसको कार्यालयमा जेठ १५ गते, पुसाकोट गाविसस्थित यूएमएनको कार्यालयमा ०५८ जेठ १६ गते माओवादीहरूले लुटपाट गरी आगो लगाउनुका साथै कर्मचारीहरूलाई धम्की दिए।

खड्कावाडा गाविस तल्लो डुङ्गेश्वरस्थित सप्रोस, नेपालको कार्यालयमा ०५८ जेठ १४ गते माओवादीहरूले लुटपाट गरे।

दुल्लु गाविसस्थित यूएमएनको कार्यालयमा ०५८ जेठ १४ गते राति माओवादीहरूले आक्रमण गरी लुटपाट गर्नुका साथै आगोसमेत लगाए। जसका कारण करिब १ करोड रूपैयाँ बराबरको धनमाल नष्ट भयो। माओवादीहरूले कार्यक्रमका प्रमुख इन्द्र क्षेत्री र संयोजक धनन्जय पाठकलाई हाफपाइन्टसँग मात्र छोडिदिए।

जिल्ला वन कार्यालयमा कार्यरत ३७ वर्षीय शिव श्रेष्ठलाई ०५८ जेठ १६ गते छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा जुलुसमा सहभागी व्यक्तिहरूले उत्तेजित भई कुटपिट गरे।

पग्नाथ गाविसका कागजपत्र ०५८ जेठ ३१ गते माओवादीहरूले च्यातिदिनुका साथै गाविस अध्यक्षलाई पदबाट राजीनामा दिन धम्की दिए।

रावलकोट गाविस-३ का ३२ वर्षीय लक्ष्मी रिजाललाई ०५८ असार २० गते माओवादीहरूले घरमा आई आफ्नो पतिलाई जिविसबाट राजीनामा गराउन लाग्नुपर्ने धम्की दिए।

जम्बुकाँध गाविसका नेकपा (एमाले) गाउँ कमिटीका सचिव लोकबहादुर शाहीलाई आफूहरूलाई सहयोग नगरेको र घरमा पस्न नदिएको आरोपमा ०५८ भदौ २४ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

खड्कावाडा गाविस-५ का नेकाँ जिल्ला कार्य समितिका कार्यवाहक अध्यक्ष नगेन्द्र खत्रीलाई ०५८ असोज १८ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरमा लुटपाट गरे। पीडित हाल दैलेखबजारमा बसेका छन्।

लाकुरी गाविसका जनप्रतिनिधिहरूलाई राजीनामा दिन ०५८ असोज २० गते माओवादीहरूले धम्की दिए।

गमौडी गाविस-७ का ४८ वर्षीय रत्नबहादुर शाहीलाई ०५८ भदौ ५ गते माओवादीहरूले कुटपिट गरे।

गामौडी गाविस कार्यालयमा ०५८ भदौ २४ गते माओवादीहरूले लुटपाट गरी कागजपत्र जलाए।

नावले कटुवाल गाविसमा ०५८ भदौ २२ गते माओवादीहरूले लुटपाट गरी आगो लगाउनुका साथै जनप्रतिनिधिहरूलाई धम्की दिए।

मालिका गाविसका अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ढकेन्द्रबहादुर शाहीलाई माओवादीहरूले पटक-पटक धम्की दिँदै आएकोमा ०५८ भदौ २३ गते गाविस भवनमा तोडफोड गरी आगो लगाउनुका साथै गाविसका पदाधिकारीहरूलाई राजीनामा गर्न धम्की दिए।

कालभैरव गाविस कार्यालय ०५८ असोज १५ गते माओवादीहरूले तोडफोड गरी आगो लगाए।

लाकुरी गाविस-२ का रंजीत खड्कालाई चन्दा नदिएको आरोपमा ०५८ अजोज २१ गते माओवादीहरूले कुटपिट गरे।

नारायण नपा किमगाउँ र वेलासपुरमा ०५८ मंसिर २१ गते माओवादीहरूले बम विस्फोट गराई जनतालाई आतंकित बनाए।

नेपा गाविसका सचिव तुलसी उपाध्यायलाई आर्थिक कारणले ०५८ पुस ५ गते माओवादीहरूले कुटपिट गरी हातको औंला भाँचिदिए।

पाटा गाविस-७ का कपेन्द्र जैसी र सीताराम शर्मालाई ०५८ पुस ६ गते माओवादीहरूले कुटपिट गरे।

गौरी गाविसका सचिव बद्रीप्रसाद ज्ञवालीलाई ०५८ पुस ८ गते माओवादीहरूले कुटपिट गरे।

नारायण नपा-५ का बखतबहादुर कटुवाललाई सुराकी गरेको आरोपमा ०५८ पुस ११ गते माओवादीहरूले आफ्नै घरमा कुटपिट गरी खुट्टा भाँचिदिए।

वडाखोला गाविसका पूर्वअध्यक्ष तथा नेकाँ जिल्ला सदस्य लघुमन गुरूङको घरमा ०५८ पुस ११ गते माओवादीहरूले धम्की देखाई ९ तोला सुन, ११ हजार रूपैयाँ र लत्ता कपडा, भाँडाकुँडा, बाख्रा, कुखुरासमेत लुटेर लगे। माओवादीहरूले सप्तरी जिल्ला घर भई सोही घरमा बस्ने ऐराडीस्थित प्रस्तावित माविका शिक्षक सम्पत्त शाहको १० हजार रूपैयाँ पनि लुटेर लगे।

विन्दवासिनी गाविस-६ मा नेकपा (एमाले) गाउँ कमिटीका सचिव काशीराम अधिकारीलाई फरक विचार राखेको आरोपमा ०५८ पुस १२ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए। सोही गाविसका वीरबहादुर विष्टलाई पनि माओवादीहरूले कुटपिट गरे।

नारायण नपा-३ खुर्सानीबारीका विष्णुप्रसाद शर्मालाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०५८ पुस १३ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गरी हात भाँचिदिए।

पगनाथ गाविस-२ र ३ का बुदे वि.क., रत्नबहादुर वि.क. र नरबहादुर वि.क.लाई ०५८ पुस १३ गते माओवादीहरूले कुटपिट गरे।

भूकाँहा प्राविका शिक्षक टेकबहादुर भण्डारी र सोही गाविसका जोटासिंह महतरालाई ०५८ पुस १६ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

ल्याती विन्द्रासैनी गाविसका अध्यक्ष तथा नेकपा (एमाले) इलाका कमिटी सदस्य धर्मराज खड्कालाई गाविसको काम नगर्न ०५८ पुस १६ गते माओवादीहरूले धम्की दिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राकमकर्णाली गाविस बास्त्रेस्वोर चौरमा नेकपा (एमाले) को आयोजनामा ०५७ चैत ५ गते भइरहेको आमसभामा माओवादीहरूले हवाई फायर गरे। सो क्रममा नेकपा (एमाले) का जिल्ला सचिव अमरबहादुर थापा, उपसचिव सूर्यबहादुर शाही, ढकेन्द्रबहादुर शाही, राजबहादुर बुढा (क्षेत्री), सूर्य शाही, राजबहादुर शाहीलगायत्का व्यक्तिहरूलाई सामान्य चोटपटक लाग्यो।

छ वाम समूहको आयोजनामा दैलेख बजारस्थित टुँडिखेलमा ०५८ जेठ १४ गते भेला भएको अवस्थामा प्रहरीले हस्तक्षेप गरी हवाई फायर गर्नुका साथै नेकपा (एमाले) का अमरबहादुर थापा, टेकबहादुर खाँण, सूर्य शाही, नेमकिपाका पर्क बडुवाल, राजमोका विकास शर्मालगायत्का व्यक्तिहरूलाई हातपात गरे। सोही दिन सोही बजारको गणेश टोलमा शान्तिपूर्ण जुलस भइरहेको अवस्थामा नेकपा (एमाले) का उपसचिव सूर्यबहादुर शाही, रविन्द्रराज शर्मा, ललितजंग शाहलगायत्का व्यक्तिहरूलाई प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

पुसाकोट गाविसका ११ जना जनप्रतिनिधिहरूलाई ०५८ जेठ १२ गते माओवादीहरूले राजीनामा गर्न वाध्य पारे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ८ र यस वर्ष दर्ता भएका ११ गरी १९ वटामध्ये ११ वटा फर्स्यौट भई ८ वटा बाँकी रहे। सरकारवादी देवानी गत वर्षको जिम्मेवारी सरेर आएका २३ र यस वर्ष दर्ता भएका १७ गरी ४० वटामध्ये ८ वटा फर्स्यौट भई ३२ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी देवानी गत वर्षको जिम्मेवारी सरेर आएका १२ र यस वर्ष दर्ता भएका १८ गरी ३० वटा मध्ये ११ वटा फर्स्यौट भई १९ वटा बाँकी रहे भने दुनियावादी फौजदारी गत वर्षको जिम्मेवारी सरेर आएका ६ र यस वर्ष दर्ता भएका ३ गरी ९ वटामध्ये एउटा फर्स्यौट भई ८ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जेष्ठ नागरिक, असहाय, विधवा तथा अशक्त अपाङ्गको

प्रथम चौमासिक निकासा ५० वटा गाविसमा कूल १४ लाख ९५ हजार ४ सय रूपैयाँ र थप ४ वटा गाविसमा १ लाख ४० हजार ८ सय रूपैयाँ पठाइयो। कूल ५५ वटा गाविसमध्ये पहिलो चरणको रकम ५४ गाविसमा गयो भने एउटा गाविसमा छैन। नारायण नपामा पनि रकम निकासा भयो। दोस्रो चौमासिक निकासा सबै गाउँमा जान बाँकी रहेको छ।

दलित विद्यार्थी ३ हजार ८० जनालाई प्रावि तहमा २ सय ५० रूपैयाँका दरले छात्रवृत्ति वितरण गरियो। गरिब तथा जेहन्दारतर्फ १४ जना विद्यार्थीलाई ५ सय ७१ रूपैयाँका दरले वितरण गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा कार्यालय सचिव ललितजंग शाहको घरमा ०५८ भदौ १७ गते माओवादीहरूले लुटपाट गरेको तथा अपशब्द प्रयोग गरेको घटनाको विरोध गर्दै सो पार्टीले ०५८ भदौ २१ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा जिविस सदस्य तेजबहादुर चन्द र चौराठा गाविसका अध्यक्ष रत्नबहादुर चन्दलाई ०५८ पुस ११ गते माओवादीहरूले अपहरण गरेको घटनाको विरोधमा सो पार्टीले सोही दिन एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

ठानडाँडा चौराठास्थित ने.रा.प्रा.वि. का शिक्षक टोपबहादुर चन्दलाई ०५८ पुस १३ गते माओवादीहरूले कुटपिट गरेको घटनाको विरोध गर्दै नेराशिसंगठन, जिल्ला कार्य समितिले एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

नारायण नपा-३ का १९ वर्षीय शशीराम शर्मा माओवादी गतिविधिमा संलग्न रहेको र रानीवन गाविस-१ स्थित लामीडाँडामा बिरामी भएकोमा औषधी तथा उचित स्याहारसुसारको अभावमा ०५७ माघ १० गते मृत्यु भयो र माघ १२ गते दाहसंस्कार गरियो।

यस वर्ष ११ जनाले आत्महत्या गरे। भवितव्यमा परी २ जनाको मृत्यु भयो। सडक दुर्घटनामा १ जनाको मृत्यु भयो।

४.११ डोल्पा

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

लिकू गाविस-८ हुमका २८ वर्षीय भीमबहादुर रावललाई आफूले भनेको नमानेको आरोपमा ०५८ कार्तिक १६ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी लगेकोमा कार्तिक २१ गते सोही गाविस-६ स्थित गाबु खोलाको छहरामा फ्याँकिएको अवस्थामा लास फेला पऱ्यो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा १ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

कूल २० जना बन्दी क्षमता भएको डोल्पा जेल "घ" श्रेणीको हो। जेल पुननिर्माण भइनसकेका कारण हाल खाली नै छ। ०५७ असोज ८ गते राति माओवादीहरूले यो जेल ध्वस्त पारेका थिए। त्यसअघि जेलमा रहेका बन्दीहरूलाई हालसम्म तारेखमा रिहा गरिएको छ। बन्दीहरू राख्नुपर्ने अवस्था आएमा सुर्खेत र बाँके जिल्लास्थित जेलमा पठाउने गरिएको छ।

गिरफ्तारी र यातना

रह गाविस-९ का २८ वर्षीय गणेश बुढा, ३६ वर्षीय धनमल कार्की, सोही गाविस-४ का ३२ वर्षीय धनबहादुर कार्की, २३ वर्षीय शुद्ध कार्की र सोही गाविस-३ का ३२ वर्षीय कृष्ण महतलाई माओवादीको आशंकामा ०५८ पुस १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये ४ जनालाई भोलिपल्ट रिहा गरियो भने गणेशलाई हालसम्म थुनामा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

सर्मी गाविस-३ का जिविस सदस्य ३६ वर्षीय लालु बुढा र सोही गाविस-१ का अन्नपूर्ण निमावि व्यवस्थापन समितिका अध्यक्ष ३५ वर्षीय धनबहादुर बुढाथोकीलाई आफ्नो पार्टीका समर्थक शिक्षकहरूलाई विद्यालयबाट हटाएको आरोपमा ०५८

पुनर्निर्माण हुन नसकेको डोल्पा जेल

वैशाख २९ गते माओवादीहरूले आ-आफ्नो घरबाट अपहरण गरे। पीडितहरूलाई आफूहरूले भनेको मान्नुपर्ने, नमाने नराम्रो हुने धम्की दिई ४ दिनपछि मुक्त गरियो।

रह गाविस-३ का गाविस अध्यक्ष ४२ वर्षीय रामप्रसाद महतलाई केही सोधपुछ गर्नुछ भनी ०५८ भदौ २ गते राति आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई भदौ १६ गते मुक्त गरियो।

ल्हाँ गाविस-६ का गाविस अध्यक्ष ५२ वर्षीय नन्दलाल रोकाया र उनकै छोरा ३० वर्षीय गोविन्द रोकायालाई आफ्नो पार्टीको गाउँ जनसरकारका पदाधिकारीहरूलाई प्रशासनसमक्ष आत्मसमर्पण तथा राजीनामा गराएको आरोपमा ०५८ पुस १२ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी कुटपिट गरे। आधा सम्पत्ति हरण गरी ज्यानमार्ने धम्की दिई पीडितहरूलाई २ दिनपछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

त्रिपुराकोट गाविस स्थित प्रहरी चौकी त्यहाँबाट सरेपछि भवन खाली रहेको अवस्थामा ०५८ मंसिर १० गते माओवादीहरूले बम विस्फोट गरी क्षतिग्रस्त बनाए।

लिकू गाविस-४ स्थित जनप्रभा माविका विद्यार्थीहरू बस्ने गरेको ५ कोठे भवनमा सो ठाउँमा प्रहरी चौकी हुँदा प्रहरी बसेको आरोपमा ०५८ मंसिर १४ गते गते दिउँसो माओवादीहरूले बम प्रहार गरी क्षतिग्रस्त बनाए।

कालिका गाविस-५ का नेकपा (एमाले) जिल्ला कमिटीका सचिव ४३ वर्षीय दत्तबहादुर रोकायालाई ०५८ पुस १६ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिनुका साथै घरमा रहेको सम्पूर्ण धन-सम्पत्ति, पशु, अन्नपात, भाँडा, कपडा आदि लुटेर लगे।

त्रिपुराकोट गाविस-२ का ३० वर्षीय भुवनसिंह कठायतलाई ०५८ असोज २४ गते दिउँसो लिकू गाविसको चूँगाउँस्थित चिया पसलमा त्रिपुराकोट प्रहरी चौकीका सई श्यामल सुब्बाले विनाकारण कुटपिट गरे। पीडितलाई पीडकले माओवादीको आरोप लगाई ज्यानमार्ने धम्कीसमेत दिए।

लिकू गाविस-३ का ४३ वर्षीय सुनबहादुर बुढालाई ०५८ कार्तिक १५ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गर्नुका साथै आफ्नो पार्टी विरूद्ध लागे ज्यानमार्ने धम्कीसमेत दिए। पीडितको उपचार नेपालगञ्जमा गरियो।



जनसंख्या	: २९५८४
साक्षरता प्रतिशत	: २५.८
महिला साक्षरता प्रतिशत	: ९.४
क्षेत्रफल (वर्ग कि.मी.)	: ७८८९
गाविस/नपा संख्या	: २३/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ११२
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/२३
टेलिफोन लाइन	: ३
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: १८

सर्मी गाविस-२ का ४२ वर्षीय दल रोकाया र ३१ वर्षीय देवबहादुर रोकायालाई ०५८ कार्तिक १६ गते राति माओवादीहरूले कुटपिट गर्नुका साथै आफूहरूले भनेको नमानेमा र आफ्नो विरूद्ध लागेमा ज्यानमार्ने धम्कीसमेत दिए।

सर्मी गाविस-३ का २३ वर्षीय मनवीर बुढालाई ०५८ कार्तिक १६ गते माओवादीहरूले कुटपिट गरे।

त्रिपुराकोट गाविस-१ का २२ वर्षीय राजीमान सार्कीलाई प्रहरीको भारी बोकेको आरोपमा ०५८ मंसिर १० गते बेलुका आफ्नै घरमा माओवादीहरूले कुटपिट गर्नुका साथै पुनः त्यस्तो कार्य गरेमा ज्यानमार्ने धम्कीसमेत दिए।

लिकू गाविस-५ का २७ वर्षीय हरिलाल साहिँला र लिकू गाविस-५ का ३२ वर्षीय रत्नमान बोहोरालाई आफ्नो पार्टी विरूद्ध लागेको आरोपमा ०५८ मंसिर १४ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

जुम्ला जिल्ला घर भई हाल काइगाउँ गाविस-५ बस्ने ३३ वर्षीय जरू महतलाई आफ्नो पार्टीविरूद्ध गाउँलेहरूलाई उक्साएको आरोपमा ०५८ पुस २ गते माओवादीहरूले कुटपिट गरे।

कालिका गाविस-८ का ३५ वर्षीय मनजीत सार्की र सोही गाविस-५ का ४४ वर्षीय हिमबहादुर बोहोरालाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०५८ पुस १६ गते माओवादीहरूले कुटपिट गरे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्लामा गत वर्षको जिम्मेवारी सरेर आएका १५ र यस वर्ष दर्ता भएका ३७ वटा गरी ५२ वटा मुद्दा रहेकोमा ३८ वटा फर्स्यौट भई १४ वटा बाँकी रहे। कूल मुद्दामध्ये दुनियावादी देवानी गत वर्षको जिम्मेवारी सरेर आएका ७ र यस वर्ष दर्ता भएका ४ गरी ११ वटामध्ये ६ वटा फर्स्यौट भई ५ वटा बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ३ र यस वर्ष दर्ता भएका ७ गरी १० वटामध्ये ४ वटा फर्स्यौट भई ६ वटा बाँकी रहे भने दुनियावादी फौजदारी गत वर्षको जिम्मेवारी सरेर आएका ५ र यस वर्ष दर्ता भएका २६ गरी ३१ वटामध्ये २८ वटा फर्स्यौट भई ३ वटा बाँकी रहे।

बालअधिकार

सर्मी गाविस-२ की १३ वर्षीय अमृता ठकुल्लालाई ०५८ वैशाख ६ गते जाजरकोट जिल्ला नायकवाडा गाविस-५ घर भई हाल अन्नपूर्ण निमाविमा प्रधानाध्यापक रहेका दिपककुमार शाहले विवाह गरे। बालविवाह गरेपनि दिपककुमारलाई कुनै कारवाही भएन।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ४ जना पुरुष पीडित भएको सार्वजनिक जानकारीमा आयो। ०५७ फागुन र ०५८ भदौ महिनामा फैलिएको झाडा पखालाका कारण ६ पुरूष, २ महिला र ६ बालबालिका गरी १४ जनाको मृत्यु भयो। पहिरोका कारण सूँ गाविस-६ का २ वटा घर भत्किए भने लाखौं रूपैयाँ बराबरको सम्पत्ति क्षतिग्रस्त भयो। आगलागीबाट ४ वटा घर, पशुलगायत् लाखौंको धनसम्पत्ती नष्ट भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गिरफ्तारी र यातना					१	५		५
कुटपिट	५	९		९	१	१		१
धम्की	५	६		६				
बाल अधिकार	१		१	१				
आर्थिक अधिकार	१	१		१				
अपहरण	३	५		५				
जम्मा	१६	३४	१	३५	२	६		६

४.१२ जुम्ला

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

पटमरा गाविस-१ उर्थुमा ०५८ साउन १५ गते प्रहरी र माओवादीबीच दोहोरो भीडन्त हुँदा एक जना माओवादी कार्यकर्ता र एक जना प्रहरी घाइते भए।

विराट गाविस-८ लुडकुस्थित कनकासुन्दरी मन्दिरमा ०५८ असोज १० गते जनतालाई पुजापाठ गर्न व्यवधान खडा गरेका कारण माओवादी र सोही ठाउँका जनताबीच भीडन्त हुँदा माओवादीका कार्यकर्ता दिनेशको घटनास्थलमा मृत्यु भयो। ५ जना माओवादी कार्यकर्तालाई जनताले थुनेर राखेकोमा केही समयपछि मुक्त गरे।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत इन्स्पेक्टर ३० वर्षीय इश्वरीदत्त पाण्डेलाई ०५८ असोज २५ गते सोही कार्यालयमा सेन्ट्री बसेका प्रहरी जवानले गोली हानी घाइते बनाए। पीडितलाई उपचारपछि बाँके जिल्लाको नेपालगञ्जस्थित क्षेत्रीय प्रहरी कार्यालयमा सरूवा गरियो।

तलिहुम गाविस-५ रोकायावाडामा ०५८ कार्तिक ९ गते बिहान माओवादी र जनताबीच सामान्य विवाद हुँदा माओवादीहरूले बम विस्फोटन गरी २ जना बालकलाई घाइते बनाए।

खलङ्गामा ०५८ पुस १२ गते बेलुका माओवादीहरूले आक्रमण गर्दा भएको दोहोरो भीडन्तमा सोही ठाउँकी शिवकली सुनार र भिमबहादुर सुनारको मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयका डिएसपी कृष्णप्रसाद चालिसेसमेत २ जना प्रहरी घाइते भए। दोहोरो भीडन्तका क्रममा सोही ठाउँका ४२ वर्षीय बलबहादुर बस्नेत, २० वर्षीय नन्दलाल सुनार, १६ वर्षीय सरिता सुनार, १७ वर्षीय मक्कर सुनार, ४५ वर्षीय चन्द्रबहादुर सुनार, १२ वर्षीय निर्मला सुनार, १८ वर्षीय धनपति बस्नेत, २२ वर्षीय किरण चौलागाई, ३६ वर्षीय पाना गिरी र ४५ वर्षीय एन्जिङ लामा गोलीद्वारा घाइते भए।

यस बाहेक यस वर्ष एक जना बालिकाको हत्या भयो। जसमा-

पटमरा गाविस-५ की ७ वर्षीय एक बालिकालाई ०५८ असोज २० गते सोही गाविसका ३५ वर्षीय विर्ख बुढाले बलात्कार गर्दा घटनास्थलमा नै मृत्यु भयो।

जेल र बन्दीहरु

"घ" श्रेणीको जुम्ला जेलको क्षमता ६० जना छ। हाल यस जेलमा कैद तोकिएका ४ जना र कैद नतोकिएका १५ जना गरी १९ जना बन्दी छन्, जसमध्ये १३ जना संकटकालीन अवस्थामा गिरफ्तार गरिएका हुन्। बन्दीहरूमध्ये १६ जना पुरूष र ३ जना महिला छन्। जेलमा रहेका ३ कोठामा पुरूष र एउटा कोठामा महिला बन्दी राखिन्छ। बन्दीहरूका लागि जिविसले एउटा टिभी, रेडक्रस सोसाइटीले खाट र कम्मल तथा ग्रामीण विकास समूहले रेडियो उपलब्ध गराएका छन्। जेलमा २ वटा धारा र ४ वटा चर्पी छन्। बन्दीहरूका लागि सीपमूलक तालिम, अनौपचारिक कक्षा तथा पत्रपत्रिकाको अभाव छ। भवन जीर्ण छ।

गिरफ्तारी र यातना

तातोपानी गाविस-५ दाइवाडाका २५ वर्षीय केशवबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५७ चैत २५ गते प्रहरीले गिरफ्तार गरे। हाल पीडितलाई दैनिक तारेखमा रिहा गरियो।

महत गाविस-३ छिनाका २३ वर्षीय वीरबहादुर रोकायालाई माओवादीको आरोपमा ०५८ साउन २५ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म हिरासतमा राखी यातना दिई साउन ३० गते रिहा गरियो। यातनाका कारण घाइते भएका पीडितलाई उपचारार्थ बाँके जिल्लाको नेपालगञ्ज पुऱ्याइयो।

देपालगाउँ गाविस-१ धिताबाट अजित भन्ने २३ वर्षीय एक माओवादी कार्यकर्तालाई ०५८ असोज ६ गते प्रहरीले गिरफ्तार गरी असोज २५ गते रिहा गरे।

लाम्रा गाविस-५ का ३५ वर्षीय मीनबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५८ पुस ११ गते प्रहरीले गिरफ्तार गरी पुस २५ गते रिहा गरे।



जनसंख्या	:	७८९६४
साक्षरता प्रतिशत	:	२६.३
महिला साक्षरता प्रतिशत	:	८.२
क्षेत्रफल (वर्ग कि.मी.)	:	२५३१
गाविस/नपा संख्या	:	३०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	१२८
क्याम्पस/उच्च मावि	:	०/१
अस्पताल/स्वास्थ्य चौकी	:	१/४०
टेलिफोन लाइन	:	२५०
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	४
हुलाक संख्या	:	३०

बेपत्ता पारिएको / अपहरण गरिएको

कनकासुन्दरी गाविस-४ का २५ वर्षीय लोकेन्द्रबहादुर हमाललाई प्रहरीमा जागीर खाएको अरोपमा ०५७ फागुन १६ गते माओवादीले कालिकाखेतु गाविसबाट अपहरण गरे। पीडितलाई १० दिनपछि मुक्त गरियो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २९ वर्षीय अमरबहादुर चन्दलाई ०५८ जेठ १९ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई जागीर छोड्ने शर्तमा १ महिनापछि रिंहा गरियो। पीडित जिल्ला प्रहरी कार्यालयमा कार्यरत छन्।

विमानस्थल सुरक्षा गार्डको कार्यालयमा कार्यरत प्रहरी जवानहरू २७ वर्षीय जंगे पुन, २७ वर्षीय चेतबहादुर घर्ती र २१ वर्षीय यज्ञ पुनलाई ०५८ असार ४ गते घुगतिस्थित कर्णाली प्राविधिक शिक्षालयमा आफन्तसँग भेट गर्न गएको अवस्थामा सोही ठाउँबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई १० दिनपछि मुक्त गरियो।

गर्जाङ्गकोट गाविस-७ का ४० वर्षीय नवराज थापा, २२ वर्षीय सुवाराज थापा, ३० वर्षीय नन्दबहादुर थापा र २९ वर्षीय ललिता थापालाई ०५८ असार १६ गते खेतको गहुँ काटेर लगेको विरोध गर्दा माओवादीहरूले कुटपिट गरी अपहरण गरेकोमा भोलिपल्ट मुक्त गरे।

देपाल गाविस-४ का गाविस अध्यक्ष ६८ वर्षीय गोपाल गिरीलाई ०५८ असोज २५ गते माओवादीहरूले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी ७ दिनपछि खल्लवाडबाट मुक्त गरियो।

महत गाविस-६ का नेकपा (एमाले) अञ्चल सचिव तथा राष्ट्रिय परिषद् सदस्य ४५ वर्षीय डिल्लीबहादुर महत, कार्तिकस्वामी गाविस-४ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३० वर्षीय धीरेन्द्रराज गिरी, गर्जाङ्गकोट गाविस-१ का जिविस सभापति ३८ वर्षीय तीर्थबहादुर बुढा र सोही गाविस-४ का ३३ वर्षीय गोविन्दप्रसाद अधिकारीलाई ०५८ कार्तिक १५ गते साथीको विवाहमा गएको अवस्थामा गर्जाङ्गकोट गाविस खल्लावाँडाबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ३ दिनपछि मुक्त गरियो।

पातरासी गाविस-३ तल्फीका कार्मा लामालाई ०५८ मंसिर ५ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ४ दिन पछि मुनिसाँगुबाट मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

तातोपानी गाविस-२ गोतमवाडा तथा लाछुको बीचमा ०५७ माघ २० गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त भयो। तर, कसैलाई केही भएन।

महत गाविस-३ का ३५ वर्षीय लक्ष सुनारलाई ०५८ माघ २० गते बेलुका जिल्ला प्रहरी कार्यालयबाट आएका गस्ती प्रहरीले विना सोधपुछ बुट र लाठी प्रहार गरे।

तलिहुम गाविस-५ का ३५ वर्षीय जयबहादुर रोकायालाई ०५७ माघ २२ गते माओवादीहरूले कुटपिट गरे।

महत गाविस-६ का ३५ वर्षीय महेन्द्रबहादुर महतलाई बहुविवाह र शोषण गरेको आरोपमा ०५७ माघ २२ गते राति माओवादीहरूले आक्रमण गरी घरमा रहेको करिब ४ लाख रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

तलिहुम गाविस-८ का २० वर्षीय खड्कबहादुर थापालाई गाविसको बैठकमा तलिहुमको पानीको विषयमा विवाद परी निर्णयमा हस्ताक्षर नगरेको आरोपमा ०५७ माघ २३ गते माओवादीहरूले कुटपिट गरे।

डिल्लीचौर गाविस-७ का २८ वर्षीय रत्नबहादुर बुढालाई ०५७ माघ २३ गते दिउँसो माओवादीहरूले कुटपिट गरे।

लाम्रा गाविस-१ का ५६ वर्षीय हंसबहादुर डाँगीलाई ०५७ फागुन १७ गते राति माओवादीहरूले सख्त घाइते हुने गरी

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या					१	१	१	२
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते	३	३		३	२	९	४	१३
बम प्रहारबाट घाइते	१	२		२				
गिरफ्तारी र यातना					४	४		४
कुटपीट	१२	२०	२	२२	१	१		१
धम्की	३	१०	३	१३				
जारी	१		१	१				
अपहरण	६	१२	१	१३				
जम्मा	२८	४८	८	५६	८	१५	५	२०

कुटपिट गर्नुका साथै घरमा रहेका सम्पूर्ण सामान लुटेर लगे।

महत गाविस-९, कार्तिकस्वामी गाविस-८, चन्दननाथ गाविस-१ का साथै सदरमुकाम खलङ्गा वरिपरि ०५७ चैत २ गते माओवादीहरूले बन्दुक तथा बम विस्फोट गराए। प्रहरीले पनि रातभरि फायरिङ गरे।

गर्जाङ्गकोट गाविस-२ का ५१ वर्षीय विर्खबहादुर बुढालाई ०५७ चैत २१ गते माओवादीहरूले कुटपिट गर्नुका साथै घरबाट करिब ३ लाख रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

विराट गाविस-७ का नेपाल तरूण दलका कार्यकर्ता ३० वर्षीय भिमनिधी हमाललाई ०५७ चैत २३ गते माओवादीले कुटपिट गरे। माओवादीहरूले सोही दिन सोही ठाउँका ५२ वर्षीय तुङ्गनाथ उपाध्यायलाई कुटपिट गर्नुका साथै घरबाट १० हजार रूपैयाँ बराबरको धनमाल र २० हजार रूपैयाँ नगद लुटेर लगे।

पाण्डगुफा गाविस-४ स्थित इलाका प्रहरी कार्यालयमा ०५७ चैत २४ गते राति माओवादीहरूले आक्रमण गर्दा २ घण्टासम्म दोहोरो भीडन्त भयो। भीडन्तमा कोही पनि हताहत भएनन्। घटनापछि तीन जना प्रहरी चौकी छोडेर भागेकोमा हालसम्म आफ्नो घर नगएको र सम्पर्कमा पनि नआएको थाहा भएको छ।

तलिहुम गाविस-१ स्थित कर्णाली बोर्डिङ्ग स्कूलको शाखा कार्यालयमा ०५७ चैत २५ गते माओवादीहरूले हमला गरी स्कूलका सम्पूर्ण सामान लुटेर लगे। हाल स्कूल बन्द रहेको छ।

महत गाविस-८ र ९ का ३० वर्षीय भुवनसिं के.सी., सोही गाविस-८ का २० वर्षीय कालो सार्की, २५ वर्षीय क्षेत्रबहादुर रावल, २२ वर्षीय मानदात रावल, २६ वर्षीय नवराज रावल, २५ वर्षीय दिर्ग खत्री र २० वर्षीय कालो रावललाई आफ्नो पार्टीका कार्यकर्ताहरूलाई कुटपिट गरेको आरोपमा ०५८ साउन १ गते माओवादीहरूले कुटपिट गरे।

पातरासी गाविस-६ खालाढिकका ३० वर्षीय लामु लामालाई ०५८ साउन ४ गते माओवादीहरूले कुटपिट गरे।

महत गाविस-६ का २१ वर्षीय हिरालाल रावत, २३ वर्षीय वीरेन्द्रबहादुर महत, १६ वर्षीय दिपराज रावल, २३ वर्षीय ललि महत र २४ वर्षीय राजु सेजुवाललाई ०५८ साउन १६ गते घरमा खाना खाइरहेको अवस्थामा माओवादीहरूले गाउँदेखि केही पर लगी कुटपिट गरे।

वडकी गाविस-१ पछाइवाडाका ४० वर्षीय गोर्ख पछाइलाई ०५८ भदौ ४ गते माओवादीहरूले सख्त घाइते हुने गरी कुटपिट गरे।

हाँकु गाविस-४ का ४० वर्षीय हरिकृष्ण न्यौपानेलाई माओवादीविरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ भदौ २० गते माओवादीहरूले कुटपिट गरे।

विराट गाविस-२ घर भई चन्दननाथ गाविस-५ भारतिवाडा बस्ने ३० वर्षीय पूर्णप्रसाद धितालालाई नेपाल मजदुर किसान पार्टीको पक्षमा वकालत गरेको आरोपमा ०५८ भदौ २२ गते माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

हाँकु गाविस-३ का ३० वर्षीय धर्मराज बुढालाई आफूहरूलाई खाना खान नदिएको आरोपमा ०५८ भदौ २५ गते माओवादीहरूले कुटपिट गरे।

महत गाविस-६ का २१ वर्षीय अम्मर सिंह महतलाई माओवादी पार्टी परित्याग गरेको आरोपमा ०५८ असोज २५ गते राति माओवादीहरूले अंगभंग हुनेगरी कुटपिट गर्नुका साथै घरबाट ५ वटा खसीसमेत लुटेर लगे।

कनकासुन्दरी गाविस-५ का ४७ वर्षीय जयहरि आचार्य, सोही गाविस-६ का ४६ वर्षीय घनबहादुर हमालसमेत १ सय ५० जनालाई ०५८ कार्तिक ९ गते बिहान कनकासुन्दरी मन्दिरमा पुजापाठ गर्न गएको अवस्थामा माओवादीहरूले कुटपिट गरे। माओवादीहरूले मन्दिरभित्र गई सम्पूर्ण मूर्तिसमेत फ्याँकिदिए।

चन्दननाथ गाविस-५ का ३० वर्षीय दानबहादुर सुनारलाई माओवादीको आरोपमा ०५८ कार्तिक ९ गते प्रहरीले सख्त घाइते हुने गरी कुटपिट गरे।

विराट गाविस-८ की ३० वर्षीय उमा खत्री, ३५ वर्षीय नवराज खत्री र कनकासुन्दरी गाविस-५ का ४७ वर्षीय जयहरी आचार्यलाई ०५८ कार्तिक १० गते विवाहका लागि छोरी माग्न र दिन लागेको अवस्थामा चेलिबेटी बेचबिखन गर्न लागेको आरोपमा माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

पाण्डगुफा गाविस-५ का ३१ वर्षीय नवराज हमाललाई सुराकी गरेको आरोपमा ०५८ कार्तिक २५ गते माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

पटमरा गाविस-५ का २९ वर्षीय धनसिं विष्टलाई पार्टी परित्याग गरी आत्मसमर्पण गरेको आरोपमा ०५८ मंसिर १९ गते राति माओवादीले कुटपिट गरे।

डिल्लीचौर गाविस-५ का ५० वर्षीय खड्कबहादुर बुढालाई गाउँमा शोषण गरेको र नेकाँ पार्टीमा लागेको आरोपमा ०५८ पुस ३ गते राति माओवादीहरूले कुटपिट गरे।

डिल्लीचौर गाविस-४ जपनका ३५ वर्षीय मुनबहादुर बुढालाई आफूहरूलाई खाना खान नदिएको आरोपमा ०५८ पुस ९ गते बेलुका माओवादीहरूले कुटपिट गरे।

गर्जाङ्गकोट गाविस-९ का ५९ वर्षीय पर्वल थापालाई ०५८ पुस २५ गते माओवादीले कुटपिट गरे। पीडितको घरबाट माओवादीले २ वटा खसीसमेत लुटेर लगे।

गर्जाङ्गकोट गाविस-४ खल्लवाडाका ५१ वर्षीय भिल्को तिवारीलाई सुराकी गरेको आरोपमा ०५८ पुस १५ गते राति माओवादीहरूले कुटपिट गर्नुका साथै घरका सम्पूर्ण सामान लुटेर लगे।

पटमरा गाविस-४ का ४३ वर्षीय रतिमान विष्टलाई ०५८ पुस १५ गते राति माओवादीहरूले कुटपिट गर्नुका साथै घरका सामानहरू लुटेर लगे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पुनरावेदन अदालतमा कूल ८९ वटा मुद्दा दर्ता भएकोमा ५४ वटा फर्स्यौट भई ३५ वटा बाँकी रहे। अदालतमा यस वर्ष कालिकोटबाट विभिन्न खालका २०, मुगुबाट २५, डोल्पाबाट १०, हुम्लाबाट ५ गरी जम्मा ६० वटा मुद्दा दर्ता भए। तीमध्ये २० वटा फर्स्यौट भए।

त्यसैगरी जिल्ला अदालतमा ५० वटा मुद्दा दर्ता भएकोमा २४ वटा फर्स्यौट भई २६ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगले उल्लेख्य कार्य गर्न सकेको छैन। वर्षमा २-४ वटा मात्र निवेदन दर्ता हुने भएकाले काम गरेको नदेखिने कुरा आयोगका अध्यक्ष तुलाराज भारतीले बताए। बृद्ध तथा अशक्त भत्ता समयमा पाउन नसकेको जनगुनासो छ।

महिला अधिकार

यस वर्ष यो जिल्लामा बहुविवाहका ३ वटा र जारीका १० वटा घटना सार्वजनिक भए।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

महत गाविस-७ का ५२ वर्षीय अर्जुन सार्कीलाई नास्ता खाएको भाँडा नमाझेको आरोपमा आरोपमा ०५८ असोज ५ गते होटल मालिक विनोद बुढाले सख्त घाइते हुनेगरी कुटपिट गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटीले ०५८ कार्तिक १६ गते एक विज्ञप्ति जारी गरी सो पार्टीका डिल्लीबहादुर महत, तिर्थबहादुर बुढा, धिरेन्द्रराज गिरी र गाविस अध्यक्ष गोविन्दप्रसाद अधिकारीलाई माओवादीहरूले अपहरण गरेको कार्यप्रति विरोध जनायो।

नेपाल मजदुर किसान पार्टी जिल्ला शाखाले ०५८ कार्तिक २५ गते एक प्रेस वक्तव्य प्रकाशित गरी माओवादीहरूद्वारा आफ्नो पार्टीका कार्यकर्ताहरूलाई कुटपिट तथा लुटपाट गरिएको कार्यप्रति विरोध जनायो।

अतिरिक्त जानकारीहरू

यस वर्ष ७ जनाले आत्महत्या गरे। चिसो र खाना खान नपाएका कारण १ जनाको मृत्यु भयो। आगलागीका ३ र चोरीका ५ वटा घटना भए। ४ जनाको लास फेला पर्‍यो। गुठिचौर गाविस मुडकली गाउँमा ०५८ पुस १५ गते लागेको आगोले ५० घर नष्ट भए।

४.१३ कालिकोट

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

सिपखाना गाविस-७ का ३० वर्षीय विश्वनाथ योगी, फुकोट गाविस-२ का २५ वर्षीय पुष्पराज न्यौपाने र नानिकोट गाविस-७ का १८ वर्षीय गोर्ख गिरीलाई माओवादीको आरोपमा ०५७ पुस २७ गते फुकोट गाविस-३ थोल्मस्थित खोलाको किनारमा प्रहरीले गोली हानी हत्या गरे।

रकु गाविस-५ की २८ वर्षीय देउरूपा बोहोरालाई सुराकी गरेको आरोपमा ०५७ माघ १० गते माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई माओवादीहरूले केही दिन अघि अपहरण गरेका थिए।

सिउना गाविस-२ की २३ वर्षीय भद्रा सञ्ज्याललाई सुराकी गरेको आरोपमा ०५८ असार ८ गते माओवादीहरूले अपहरण गरी हत्या गरे।

सिउना गाविस-५ का २२ वर्षीय अदलसिं फर्साल, १९ वर्षीय मन तिरूवा र सोही गाविस-३ का २० वर्षीय कर्ण सार्कीलाई माओवादीको आरोपमा ०५८ असार १८ गते धारामा नुहाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

भर्ता गाविस–२ मा ०५८ मंसिर ११ गते राति माओवादीहरूले आफ्नो कार्यक्रम संचालन गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरे। प्रहारबाट २० वर्षीय एक माओवादी कार्यकर्तालाई लागन गई उनीसँगै रहेको बम समेत विस्फोटन हुँदा घाइते भए।

मान्म गाविस–१ बाइसेवाडाका ३० वर्षीय सन्ते विश्वकर्मालाई ०५८ मंसिर १९ गते बेलुका दाउरा बेच्न भनी जंगलबाट भैरव गुल्मतर्फ आइरहेको अवस्थामा सुरक्षा बलले गोली हानी घाइते बनाए। पीडित ०५८ मंसिर १८ गते बेलुका दाउरा बेच्न गएको अवस्थामा सुरक्षा बलले भोलिपल्ट दाउरा ल्याउन आदेश दिएका थिए।

छाप्रे गाविस–७ टाकुल्लाका नेकपा (एमाले) गाउँ कमिटीका सचिव ४४ वर्षीय ऐनबहादुर शाहीलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०५८ पुस १ गते माओवादीहरूले गाउँ नजिकैको खेतमा लगी कुटपिट गरी हत्या गरे।

जेल र बन्दीहरु

"ङ" श्रेणीको कालिकोट जेलको बन्दी क्षमता २५ जना छ। जेलमा कैद नतोकिएका १० पुरूष मात्र छन्। जेलमा खानेपानी पर्याप्त छैन। एउटामात्र धारो हुनाले कहिले पानी आउने तर कहिले हप्तौं दिनसम्म पनि नआउने बन्दीहरू बताउँछन्। चर्पीको व्यवस्था छैन। भवन जीर्ण हुनाले पानी चुहिन्छ।

यस जेलका बन्दीहरू माल्कोट गाविस–४ का ३३ वर्षीय अर्जुन वि.क. र सोही गाविस–९ का ३६ वर्षीय बन्दे कुमाललाई "बन्दी र प्रहरी दुवैले जेलको फोहर सफा गर्नुपर्छ" भनेको आरोपमा ०५७ चैत ८ गते प्रहरी हवल्दारले कुटपिट गरी घाइते बनाए। कुटपिटका कारण अर्जुनको निधारमा ३ वटा टाँका लगाइएको थियो।

गिरफ्तारी र यातना

छाप्रे गाविस–६ का १४ वर्षीय हेमन्तलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ जेठ २४ गते जुविथा गाविस–३ खल्लागाडबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई भोलिपल्ट रिहा गरियो।

मेहलमुडी गाविस–३ रिस्कोटका ३५ वर्षीय नवीन धामीलाई ०५८ असार १७ गते सत्र जोर कपडाको जुत्ता किनी माओवादीलाई दिन लागेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि रिहा गरियो।



जनसंख्या	:	१०५७८०
साक्षरता प्रतिशत	:	२१
महिला साक्षरता प्रतिशत	:	५
क्षेत्रफल (वर्ग कि.मी.)	:	१७४१
गाविस/नपा संख्या	:	३०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	१९०
क्याम्पस/उच्च मावि	:	०/२
अस्पताल/स्वास्थ्य चौकी	:	१/३०
टेलिफोन लाइन	:	१५०
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	३०

सिउना गाविस–८ थापावाडाका विष्णुबहादुर बमलाई माओवादीको आरोपमा ०५८ असार १८ गते बेलुका सोही गाविस–५ बाट प्रहरीले गिरफ्तार गरे।

मान्म गाविस–५ का सोही गाविसस्थित पञ्चदेव उच्च माविका शिक्षक ४० वर्षीय जशिप्रसाद पाण्डेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

सुकाटिया गाविस–९ हाउडीका वडाध्यक्ष २८ वर्षीय गोरखबहादुर खत्री र सोही ठाउँका २८ वर्षीय बिर्खबहादुर शाहीलाई ०५७ पुस २९ गते दिउँसा बेउली बजारबाट माओवादीहरूले अपहरण गरी कुटपिट गरे। पीडितलाई माघ २ गते दिउँसो मुक्त गरियो।

सिउना गाविस–४ का शिक्षक २८ वर्षीय युवराज शाही र सोही गाविस–४ का ४५ वर्षीय लालबहादुर शाहीलाई सुराकी गरेको आरोपमा ०५७ माघ ८ गते राति माओवादीहरूले घरबाट अपहरण गरे। पीडितहरूलाई ०५७ माघ १६ गते मुक्त गरियो।

नानिकोट गाविस–७ का ५५ वर्षीय जयकृष्ण सञ्ज्याललाई सुराकी गरेको आरोपमा ०५७ फागुन ८ गते घरबाट मान्मतर्फ हिँडिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

नानिकोट गाविस–८ का गाविस अध्यक्ष ३८ वर्षीय चन्द्रबहादुर शाहीलाई आफूहरूले दिएको निर्देशन पालना नगरेको आरोपमा ०५७ फागुन १३ गते राति माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई फागुन १५ गते मुक्त गरियो।

सिपखाना गाविस–७ का ६५ वर्षीय पदमनाथ योगी र ४५ वर्षीय नारथनाथ योगीलाई ०५७ चैत २३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

सिपखाना गाविस–९ का बुदे सार्की र देउसिके कुमाललाई आफ्नो पार्टी विरूद्ध काम गरेको आरोपमा ०५७ चैत २३ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई २ दिनपछि मुक्त गरियो।

सिउना गाविस–८ का २५ वर्षीय बिर्खबहादुर बम र सोही गाविस–९ का २३ वर्षीय छत्रबहादुर बमलाई सुराकी गरेको आरोपमा ०५८ असार २२ गते माओवादीहरूले अपहरण गरे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
गोलीद्वारा हत्या					२	६		६
गोलीद्वारा घाइते					२	२		२
जेलमा भएको घटना					१	२		२
गिरफ्तारी र यातना					५	११		११
बेपत्ता पारिएको	३	४		४				
कुटपिट	२४	३९	२	४१				
धम्की	४	१२		१२	१	१		१
भेला र संगठित हुने अधिकार	१				१	७		७
धार्मिक स्वतन्त्रता	१	१		१				
बलात्कार	१		१	१				
बलात्कारको प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
जारी	१	१	१	२				
बाल अधिकार	३	३	३	६				
आर्थिक अधिकार	२	२		२				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	१६	२४	२	२६				
जम्मा	६३	८८	१४	१०२	१२	२९		२९

गरिएको छ।

सुकाटिया गाविस-७ उदोगाउँकी १३ वर्षीय छिताकुमारी बोहोरालाई माओवादी भएर पनि घर फर्किएको आरोपमा ०५८ कार्तिक १४ गते माओवादीहरूले अपहरण गरे। पीडितका बाबु र काका फिर्ता ल्याउन गाउँ-गाउँ घुमिरहेको अवस्थामा माओवादीहरूले सोधपुछ गरी मुक्त गर्ने बताए।

पाँखा गाविस-८ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा गाविस उपाध्यक्ष ३३ वर्षीय तिलबहादुर शाही, सोही गाविस-२ का प्रजायुसंघ जिल्ला अध्यक्ष ३० वर्षीय कलबहादुर मल्ल र जिल्ला कमिटी सदस्य ४३ वर्षीय मानबहादुर मल्ललाई राजनीतिक प्रतिशोधका कारण ०५८ मंसिर १० गते माओवादीहरूले अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

पाँखा गाविस-४ का अनेकिसंघका कोषाध्यक्ष ३७ वर्षीय मणिचन्द्र चौलागाईंलाई ०५८ मंसिर १० गते माओवादीहरूले अपहरण गरी कुटपिट गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

मान्म गाविस-७ का २१ वर्षीय लालमणि विश्वकर्मालाई आत्मसमर्पण गरेको आरोपमा ०५८ मंसिर १६ गते माओवादीहरूले अपहरण गरे। पीडितले ०५८ मंसिर १५ गते प्रहरी-प्रशासनसमक्ष आत्मसमर्पण गरेका थिए।

पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

जुविथा गाविस-६ का २६ वर्षीय प्रेमदिल शाहीलाई आफ्नो पार्टी विरोधी काम गरेको आरोपमा ०५८ असार २४ गते बेलुका माओवादीहरूले घरवाट अपहरण गरे। पीडितलाई हाल मुक्त गरिएको छ।

भर्ता गाविस-२ बडासैनका ३० वर्षीय ऐनबहादुर शाही र २३ वर्षीय ज्योतिपुरा सुनारलाई ०५८ साउन १६ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई सुकाटिया गाविसको ठानाचौथामा लगी कुटपिट गर्नुका साथै तेल र मोसो दली गाउँ घुमाएर भोलिपल्ट मुक्त गरियो।

मेहलमुडी गाविसका नेकपा (एमाले) का कार्यालय सचिव ३५ वर्षीय सुर्यमान शाही, सोही गाविसका उपाध्यक्ष २७ वर्षीय सक्कबहादुर बम र गाविस सचिव ४३ वर्षीय लोकेन्द्रबहादुर शाहीलाई ०५८ कार्तिक ११ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

सुकाटिया गाविस-३ सुनारवाडाका १५ वर्षीय भद्र सुनार, १४ वर्षीय उज्ज्वल सुनार र १३ वर्षीय राम सुनारलाई आफ्नो पार्टीको निर्देशन पालना नगरेको आरोपमा ०५८ कार्तिक १३ गते राति माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई हाल मुक्त गरिएको छ।

फोइमहादेव गाविस-९ का विद्यार्थी १८ वर्षीय महेन्द्रबहादुर शाहीलई मौसमी चन्दा नदिएको र गाउँलेलाई समेत दिन रोकेको आरोपमा ०५८ मंसिर २० गते माओवादीहरूले अपहरण गरी कुटपिट गरे। माओवादीहरूको विरोध गरेमा ज्यानमार्ने धम्की दिई पीडितलाई ३ दिनपछि मुक्त गरियो।

भर्ता गाविस-२ का शिक्षक ३७ वर्षीय धनराज शाहीलाई तोकेको चन्दा नदिएको आरोपमा ०५८ मंसिर २२ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई मंसिर २४ गते मुक्त गरियो।

मेहलमुडी गाविस उजेलकी अनेमसंघ जिल्ला कमिटी सचिव २० वर्षीय प्रमिलाकुमारी शाहीलाई नेकपा (एमाले) को विचारधारात्मक सुदृढीकरण तथा अभिमुखीकरण कार्यक्रममा गाउँ-गाउँमा गई माओवादी आबद्ध महिलाहरूलाई असर पारेको आरोपमा ०५८ मंसिर २४ गते माओवादीहरूले अपहरण गरे।

मान्म गाविस-५ का गाविस सचिव ३९ वर्षीय प्रेमबहादुर

शाहीलाई भ्रष्टाचार गरेको आरोपमा ०५८ मंसिर २६ गते माओवादीहरूले अपहरण गरी पुनः भ्रष्टाचार गरेमा ज्यानमार्ने धम्की दिई मुक्त गरे।

मान्म गाविस-४ का २१ वर्षीय विद्यार्थी भुपेन्द्रजंग शाहीलाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०५८ पुस १२ गते बेलुका माओवादीहरूले अपहरण गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

फोइमहादेव गाविस-४ का ४५ वर्षीय पदम हमाल र सोही गाविस-६ का बौदे बुढालाई ०५७ माघ ६ गते बिहान माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

फोइमहादेव गाविस-९ रकालवाडाका विद्यार्थी १७ वर्षीय लोकेन्द्रबहादुर शाहीलाई माओवादीको आरोपमा ०५७ माघ ७ गते दिउँसो सुकाटिया गाविस राराघाटमा प्रहरीले ज्यानमार्ने धम्की दिए। पीडितलाई प्रहरीले १ घण्टा आफ्नो कब्जामा राखी रिहा गरे।

भर्ता गाविस-२ राजवाडाका ३६ वर्षीय होवल शाही र सुकाटिया गाविस-१ ठानाकी ३५ वर्षीय अम्मा शाहीलाई ०५७ माघ २८ गते माओवादीले कुटपिट गरे। पीडितहरूलाई भोलिपल्ट दिउँसो मुक्त गरियो।

छाप्रे गाविस-९ का ३८ वर्षीय उपाध्यक्ष प्रजापति न्यौपानेको घरबाट आफ्नो पार्टीको विरूद्धमा काम गरेको आरोपमा ०५७ माघ २९ गते राति माओवादीहरूले खाद्यान्न र धनमाल लुटेर लगे।

छाप्रे गाविस-९ ओखरभिट्टाका ७० वर्षीय महारूद्र न्यौपानेलाई ०५७ माघ २९ गते राति माओवादीहरूले कुटपिट गरे।

धौलागोह गाविस-३ राहुनेटारका ३४ वर्षीय निमावि शिक्षक मनरूप बमलाई ०५७ चैत २२ गते माओवादीहरूले कुटपिट गरे।

ओदानकु गाविस-८ का ६२ वर्षीय लोकबहादुर सिंहलाई चन्दा दिन नसक्ने बताएको आरोपमा ०५८ वैशाख १ गते बिहान माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। पीडित हाल सदरमुकाममा बसेका छन्।

ओदानकु गाविस-८ डिल्लीकोटका २८ वर्षीय सर्पराज सिंहलाई माओवादीलाई चन्दा नदिनू भनी आफ्नो परिवारलाई भनेको आरोपमा ०५८ वैशाख १ गते दिउँसो माओवादीहरूले ज्यानमार्ने धम्की दिए। पीडित हाल सदरमुकाममा बसेका छन्।





अपहरित मणिचन्द्र चौलागाईं र तिलबहादुर शाही

थिर्पु गाविस-३ का ४२ वर्षीय परेकबहादुर बम र ४५ वर्षीय रतनबहादुर बमलाई पार्टी विरोधी काम गरेको आरोपमा ०५८ वैशाख ८ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

धौलागोह गाविस-३ पतेराका ३८ वर्षीय राजबहादुर बमलाई ०५८ असार ४ गते माओवादीहरूले कुटपिट गरे।

मान्म गाविस-८ ताडिका पशुसेवा कार्यालय ग्रास्वमा कार्यरत २५ वर्षीय अनबहादुर शाहीलाई ०५८ असार १० गते माओवादीहरूले कुटपिट गरे।

फोइमहादेव गाविस-५ का ४५ वर्षीय बज्र हमाललाई अनमेल विवाह गरेको आरोपमा ०५८ असार १२ गते माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारका उपप्रमुख ३५ वर्षीय हरि हमालले कुटपिट गरे।

मान्म गाविस-६ का २४ वर्षीय दिपेन्द्र आचार्यलाई भाईलाई भूमिगत अवस्थाबाट छुटाउने प्रयास गरेको आरोपमा ०५८ साउन १ गते माओवादीहरूले कुटपिट सख्त घाइते बनाए। पीडित ३ दिनपछि हिंडडुल गर्न सक्ने अवस्थामा पुगेका थिए।

मान्म गाविस-८ का १७ वर्षीय लंकबहादुर शाहीलाई ०५८ साउन ७ गते कालिका गाविसमा माओवादीहरूले कुटपिट गरे।

सप्तरी जिल्ला घर भई ओदानकु गाविस-९ स्थित प्रस्तावित माविमा अध्यापनरत ४० वर्षीय बलराम शाहलाई ०५८ साउन ८ गते माओवादीहरूले कुटपिट गरे।

जुविथा गाविस-८ का शिक्षक २५ वर्षीय ऐनबहादुर शाही र विद्यार्थी १८ वर्षीय कृष्णबहादुर शाहीलाई भनेको काम चाँडो नगरी धम्की दिएको आरोपमा ०५८ साउन १० गते माओवादीहरूले कुटपिट गर्नुका साथै दिनभर चर्पी बनाउने ढुङ्गा बोक्न लगाए।

सुकाटिया गाविसकी २६ वर्षीय एक महिलालाई ०५८ साउन १६ गते माओवादीहरूले कुटपिट गरे।

कालिका गाविस-६ कुण्ठेलवाडाका २० वर्षीय कालिबहादुर शाहीलाई ०५८ भदौ १२ गते माओवादीहरूले कुटपिट गर्नुका साथै तेल र मोसो दली गाउँ घुमाए।

मान्म गाविस-६ का ४० वर्षीय धनकृष्ण पाण्डेलाई ०५८ भदौ १५ गते बेलुका माओवादीहरूले कुटपिट गरे।

सुकाटिया

गाविस-७ का शिक्षक २९ वर्षीय विष्णुप्रसाद आचार्यलाई ०५८ असोज ११ गते सोही गाविस-५ मा माओवादीहरूले कुटपिट गरे।

सुकाटिया गाविस-१ ठानादल्लैका २९ वर्षीय साजन नेपालीलाई ०५८ असोज ११ गते माओवादीहरूले कुटपिट गरे।

नानिकोट गाविस-६ का ३५ वर्षीय परेकबहादुर शाहीलाई ०५८ असोज १३ गते दिउँसो माओवादीहरूले कुटपिट गरे।

राम्नाकोट गाविसमा नेपाल मजदुर किसान पार्टीका जिल्ला अध्यक्ष ४२ वर्षीय नन्दबहादुर शाही, सचिव ३३ वर्षीय नरदिप शाही, कोषाध्यक्ष २९ वर्षीय जनकबहादुर शाहीसमेत १३ जनालाई ०५८ कार्तिक २५ गते राति ११ बजे सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे। पीडकहरूले पीडितहरूसँग रहेको एउटा माइक्रोफोन, एउटा मादल, क्यासेट, क्यामेरा, २ वटा रेडियो, १४ हजार रूपैयाँ, १ तोला सुन, ४२ जोर जुत्तालगायत् साँस्कृतिक कार्यक्रममा प्रयोग गरिएका सम्पूर्ण समान लुटेर लगे। पीडितहरूसमेत ३९ जनालाई आफ्नो इलाकामा प्रवेश गरेको आरोपमा अघिल्लो दिन माओवादीहरूले तुरून्त गाउँ छोड्न धम्की दिएका थिए।

सुकाटिया गाविस-२ डाँडावाडाका ३१ वर्षीय लालप्रसाद चौलागाईंलाई ०५८ मंसिर १ गते माओवादीहरूले कुटपिट गरे।

सुकाटिया गाविस-९ हाउडीका १७ वर्षीय गगनबहादुर शाहीलाई ०५८ मंसिर ७ गते माओवादीहरूले कुटपिट गरे।

भर्ता गाविस कार्यालयबाट ०५८ मंसिर ११ गते राति माओवादीहरूले कागजपत्र र सामान लुटेर लगे।

सुकाटिया गाविस-९ हाउडीका ५९ वर्षीय चन्दबहादुर शाहीको घरबाट ०५८ मंसिर १९ गते माओवादीहरूले धनमाल, लत्ताकपडा लुटेर लगे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) र नेमकिपाका कार्यकर्ताहरू मान्म गाविस-५ का ५१ वर्षीय तुलराज विष्ट, सुकाटिया गाविस-१ का २८ वर्षीय कुर्मराज शाही, फोइमहादेव गाविस-९ का ५० वर्षीय ऐनबहादुर शाहीसमेत ७ जनालाई ०५८ वैशाख २२ गते मशाल जुलुस निकालेको आरोपमा प्रहरीले गिरफ्तार गरी ३ घण्टा ५० मिनेटपछि रिहा गरे।

फोइमहादेव गाविस-९ स्थित माविमा

पीडित कलबहादुर मल्ल र प्रेमबहादुर शाही

०५८ असोज ११ गते दिउँसो राष्ट्रिय जनमोर्चाका केन्द्रीय कलाकारले आफ्नो कला प्रस्तुत गर्न लागिरहेको अवस्थामा सोही गाविस-५ आडपानीका माओवादीद्वारा घोषणा गरिएको गाउँ जनसरकारका उपप्रमुख ३६ वर्षीय हरि हमालले "कार्यक्रम गर्न पाइँदैन" भनी उद्घोषकको हातबाट माइक खोसी कार्यक्रम बिथोलिदिए।

धार्मिक स्वतन्त्रता

चिल्खाया गाविस-५ मानुवाडाका खाम्मा शाहीको ०५८ कार्तिक ११ गते कालगतिले मृत्यु भएकाले दाहसंस्कार गर्न गाउँका व्यक्तिहरू कपाल काटेर टोपी निकाली बाजागाजासहित पाद्मगाड खोलामा जाँदा माओवादीहरूले "अनावश्यक खर्च गर्न पाइँदैन, रूढिवादी परम्परा हटाउनुपर्छ" भन्दै टोपी लगाइदिई लास ढाकिएको कपडा च्यातेर फालिदिनुका साथै कुटपिट गरे। गाउँलेहरू आक्रोशित भई माओवादीमाथि जाइलाग्दा एउटा बन्दुक भाँचियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १५ वटा मुद्दा दर्ता भए। यस अदालतमा ३ वर्षसम्म फर्स्यौट नभएका सरकारवादी देवानी ७ र दुनियावादी देवानी ३ गरी १० वटा तथा २ वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी ३ र दुनियावादी फौजदारी ७ वटा छन् भने ६ महिना ननाघेका सरकारवादी फौजदारी २ वटा छन्।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी ३, हातहतियार खरखजाना ४ र विस्फोटक पदार्थसम्बन्धी १ वटा मुद्दा दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्षका अनुसार यस जिल्लामा आयोगका लागि कुनै पनि किसिमको बजेट आएको छैन।

बृद्ध र विधवा भत्ता समयमा वितरण भएन।

महिला अधिकार

सुकाटिया गाविस-१ की ३१ वर्षीय एक महिलालाई ०५८ भदौ १२ गते राति सुतिरहेको अवस्थामा सोही ठाउँका २८ वर्षीय सर्जन दमाईले बलात्कार गरे।

बहुविवाहका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

सुकाटिया गाविस-२ का १४ वर्षीय मणिराम पाण्डेको ०५७ फागुन १६ गते सोही गाविस-२ की १३ वर्षीय यशोधरा चौलागाईंसँग घर परिवारले विवाह गरिदिए।

सुकाटिया गाविस-२ का १४ वर्षीय नमराज चौलागाईंको ०५७ फागुन २४ गते मान्म गाविस-८ की १२ वर्षीय मिना पाण्डेसँग घर परिवारले विवाह गरिदिए।

सुकाटिया गाविस-२ का १६ वर्षीय टिकाराम चौलागाईंको ०५८ वैशाख १ गते दैलेख जिल्ला पिपलकोट गाविस-८ की १६ वर्षीय मनमति जैसीसँग घर परिवारले विवाह गरिदिए।

माओवादीहरूले कैयौं बालबालिकाहरूलाई भूमिगत गराए। बालबालिकाहरूको शिक्षामा रोक लगाई बुर्जुवा शिक्षाको विरोधको नाममा किताबसमेत जलाए। बालबालिकाहरूलाई चन्दा संकलन गर्ने, बन्दुक बोक्ने, मशाल जुलुसमा सहभागी गराउने, चिठी ओसार-पसार गर्न लगाउने जस्ता कार्यमा प्रयोग गरियो।

अतिरिक्त जानकारीहरू

कोटवाडा र माल्कोट गाविसको बीचमा पर्ने रहगाडमा ०५७ फागुन २१ गते दिउँसो प्रहरी र माओवादी बीच दोहोरो भीडन्त हुँदा प्रहरी जवान बुद्धिमान तामाङ्ग र प्रदिप गिरी भुइँमा लडेर घाइते भए। पीडितहरूलाई उपचारार्थ बाँके जिल्लाको नेपालगञ्ज लगियो।

व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ जना पुरूष पीडित भए।

४.१४ मुगु



जनसंख्या	:	४०४०१
साक्षरता प्रतिशत	:	३४.१
महिला साक्षरता प्रतिशत	:	१२.८
क्षेत्रफल (वर्ग कि.मी.)	:	३१०३
गाविस/नपा संख्या	:	२४/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	१२१
क्याम्पस/उच्च मावि	:	०/१
अस्पताल/स्वास्थ्य चौकी	:	१/२५
टेलिफोन लाइन	:	३
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	२५

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

रोवा गाविस-९ की अनेमसंघ (क्रान्तिकारी) की सदस्य २२ वर्षीय कमला भाम (क्षेत्री) को ०५८ पुस ४ गते घरमै बसिरहेको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको लास सुरक्षाकर्मीले नै सदरमुकाम पुऱ्याए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको एउटा घटनामा एक जना महिलाको हत्या भयो। जसमा-

मुगु गाविस-९ की २७ वर्षीय जबलिङ्ग तामाङलाई ०५८ जेठ ६ गते आफ्नै पति च्याम तामाङले हातले हिर्काइ हत्या गरे। पीडकले दोश्रो विवाह गरेका कारण पीडितसँग झगडा भएको थियो। हाल पीडकलाई सुर्खेत जिल्लामा थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लामा जेल भएता पनि खाली छ। घर भाडामा लिएर जेल राखिएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

श्रीकोट गाविसका नेकाँ जिल्ला कार्य समितिका उपसभापति ३५ वर्षीय खड्कबहादुर शाहीलाई ०५८ मंसिर ३० गते निर्माणाधीन ताल्च विमानस्थलबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई १७ दिनपछि रोवा गाविसको लुम्स गाउँबाट मुक्त गरियो।

नार्थपू गाविस जडेपानीका जिल्ला खानेपानी कार्यालयमा कार्यरत २८ वर्षीय तीर्थराज शाहीलाई ०५८ पुस १४ गते माओवादीहरूले अपहरण गरी निर्मम कुटपिट गरे। पीडित पुस १५ गते राति फर्कन सफल भए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कोटडाँडा गाविस लुई स्थित महादेव मस्टा माविका शिक्षक अनिरूद्ध लामीछाने, पूर्व शिक्षक रामचन्द्र कार्की र सोही विद्यालयमा अध्ययनरत जुनदेवी कार्कीलाई ०५७ पुस २४ गते ट्युशन पढाउने क्रममा माओवादीहरूले कुटपिट गर्नुका साथै मोसो दलिदिए।

हयाङ्लुस्थित निमाविका प्रधानाध्यापक गोपालजी कुर्मीलाई ०५७ पुस २६ गते माओवादीहरूले धम्की दिए।

जिम गाविस-६ पुरूमुरूका २४ वर्षीय राजबहादुर शाही र तिलकबहादुर शाहीलाई ०५७ माघ ३ गते रारा गाविस रूमगाउँमा माओवादीहरूले कुटपिट गर्नुका साथै चक्कु तथा

अन्य सामान लुटेर लगे।

सेरी गाविसका ६० वर्षीय धनपति उपाध्यायलाई ०५७ माघ ४ गते माओवादीहरूले कुटपिट गरी मोसो दलिदिए।

गम्था गाविस-९ थारागाउँका ४५ वर्षीय अमरसिंह भिमाललाई ०५७ माघ ६ गते माओवादीहरूले कुटपिट गरे।

कोटडाँडा गाविस-३ का शिक्षक ३२ वर्षीय नरजङ्ग शाही, सोही गाविस-२ का शिक्षक ३२ वर्षीय धीरजङ्ग शाही र सोही गाविस-४ का पूर्व गाविस उपाध्यक्ष कलबहादुर शाहीलाई ०५७ माघ २७ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

धैन गाविस-३ का ५६ वर्षीय मोही जैसी र उनका छोरालाई ०५७ फागुन १९ गते माओवादीहरूले कुटपिट गरे।

रोवा गाविस लुम्स गाउँका गरिबसँग विश्वेश्वर कार्यक्रमका जिल्ला अध्यक्ष रामसिंह ऐडी र उनका छोरालाई भ्रष्टाचार गरेको आरोपमा ०५७ चैत २१ गते माओवादीहरूले कुटपिट गरे।

श्रीकोट गाविसस्थित प्रहरी चौकी नजिक माओवादीहरूले बम विस्फोट गराएपछि ०५८ वैशाख १७ गते चौकीका सम्पूर्ण सामान र प्रहरी सदरमुकाम गमगढी सारिएकोमा वैशाख १८ गते माओवादीहरूले खाली रहेको चौकी भवनमा आगो लगाई क्षतिग्रस्त बनाए।

श्रीनगर गाविस-३ का २४ वर्षीय जयगणेश मल्ललाई आपसमा सामान्य विवाद हुँदा ०५८ कार्तिक १० गते प्रहरी जवान लिलाराम कुवँरले ढुङ्गाले हिर्काई दाँत झारिदिए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गोलीद्वारा हत्या					१		१	१
बम विस्फोटन	१							
गिरफ्तारी र यातना					१	२		२
कुटपीट	७	१४	२	१६	२	३		३
धम्की	१	१		१				
बालअधिकार	१	५१	३	५४				
अपहरण	२	२		२				
जम्मा	१३	६८	६	७४	४	५	१	६

मौलिक अधिकार

गम्था गाविसस्थित लोकप्रिय माविमा अध्ययनरत ५३ जा विद्यार्थीलाई ०५७ माघ १८ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले विद्यालयबाट बाजुरा जिल्लाको सिमानामा पर्ने सुकाठिक गाविसस्थित प्रभात मा.वि.मा आयोजित आफ्नो संगठनको सम्मेलनमा पुऱ्याए। अभिभावक, शिक्षक र स्थानीय युवकहरूद्वारा विद्यार्थीहरूलाई भोलिपल्ट बेलुका फिर्ता ल्याए। आफूहरू सो संगठनका कार्यकर्ताहरूसँग डराई प्रतिरोध नगरेको, जाने ठाउँ पनि थाहा नभएको, बाटोमा बस्न समेत नदिइएको र राति बन्दुक दिएर सेन्ट्री बस्न लगाइएको पीडितहरूले बताए।

अतिरिक्त जानकारीहरू

एक जना पुरूषको लास फेला पऱ्यो। दादुराका कारण १ महिला र ३ नाबालकको मृत्यु भयो।

४. १५ हुम्ला

सम्मानित रुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

१० जना बन्दी क्षमता भएको "घ" श्रेणीको जेल यस जिल्लामा छ। यो वर्षको अन्त्यसम्म दुई जना थुनुवा जेलमा रहेका थिए।

गिरफ्तारी र यातना

स्याडा गाविस-१ का गाविस अध्यक्ष ५५ वर्षीय टाकुल्ले बुढालाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०५७ फागुन ३ गते राति डेराबाट प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितले प्रशासन समक्ष उजुरी दर्ता गराए। प्रशासनले पीडितलाई उपचार खर्च उपलब्ध गराउने सहमति भयो।

सर्किदेउ गाविस-४ का ३८ वर्षीय बुद्धि फडेरालाई माओवादीको आरोपमा ०५८ मंसिर १ गते साँया गाविस-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई चोरी मुद्दा लगाई थुनामा राखिएको छ।

रोडीकोट गाविस-१ का १९ वर्षीय सुशिक्षा भन्ने पदमबहादुर रोकाया, डाँडाफया गाविस-२ का २० वर्षीय चलचित्र भन्ने ज्ञानसिंह कामी र सोही गाविस-४ का २० वर्षीय पहाड भन्ने सर्वजीत कामीलाई ०५८ मंसिर १५ गते छिप्रा गाविस-४ बाट प्रहरीले हातहतियारसहित गिरफ्तार गरेकोमा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

छिप्रा गाविस-४ का २८ वर्षीय सौरे रावललाई माओवादी कार्यकर्ताहरूलाई बास बस्न दिएको आरोपमा ०५८ मंसिर १६ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई गाविस अध्यक्षको रोहवरमा भोलिपल्ट रिहा गरियो।

डाँडाफया गाविस-१ का भुपू जिविस सभापति ४२ वर्षीय वीरजंग शाहीलाई माओवादीहरूसँग चिठी आदान-प्रदान गरेको कुरा घर खानतलासीबाट फेला परेको जनाउँदै ०५८ मंसिर २३ गते घरैबाट प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

जनसंख्या	: ४११८३
साक्षरता प्रतिशत	: २१.९
महिला साक्षरता प्रतिशत	: ५.४
क्षेत्रफल (वर्ग कि.मी.)	: ५६५५
गाविस/नपा संख्या	: २७/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ११२
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/२६
टेलिफोन लाइन	: १
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: २८

बेपत्ता पारिएको / अपहरण गरिएको

सिमिकोट गाविस-६ का ४५ वर्षीय नरबहादुर रोकालाई ठेकेदार भएर मजदुरहरूलाई कम ज्याला दिएको आरोपमा ०५७ फागुन ११ गते कालिका गाविस-३ बाट माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई फागुन २८ गते मुक्त गरियो।

कालिका गाविस-७ का २७ वर्षीय मदन भन्ने दलसूर टमटालाई पार्टी छोडेर भागेको आरोपमा ०५७ चैत ११ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई मोसो दलेर जुत्ताको माला लगाई गाउँ घुमाएर एक हप्तापछि मुक्त गरियो।

जिल्ला कृषि कार्यालयमा कार्यरत जेटिए ३१ वर्षीय मनोज सिंह र पियन ३६ वर्षीय बोतल रावललाई ०५८ जेठ ७ गते कृषकलाई बिऊ वितरण गर्न मदना गाविसमा गएको अवस्थामा माओवादीहरूले अपहरण गरी कागजपत्र जफत गरी ५ दिनपछि मुक्त गरे।

बरगाउँ गाविसका अध्यक्ष ३८ वर्षीय पदमबहादुर लामालाई पार्टी परिवर्तन गरेको आरोपमा ०५८ जेठ १९ गते घरबाट माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई जेठ ३१ गते एक आमसभाका अवसरमा चेतावनी दिई मुक्त गरियो।

नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष ३९ वर्षीय चण्डेश्वर शाहलाई शिक्षा आयोगको अन्तर्वार्तामा सदस्य भई बसेको आरोपमा ०५८ जेठ २६ गते राति सकैगाडस्थित हिमज्योती माविबाट माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई जेठ ३० गते रोडिकोट गाविसबाट मुक्त गरियो।

रोडिकोटस्थित प्रस्तावित कोट माविका प्रधानाध्यापक ३३ वर्षीय शरदचन्द्र रावल र शिक्षक ३५ वर्षीय विष्णु भुसाललाई विद्यालयमा चर्को शुल्क लिएको आरोपमा ०५८ जेठ २६ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितहरूलाई जेठ २९ गते मुक्त गरियो।

मैला गाविस-४ का नेपाल तरूण दलका जिल्ला उपाध्यक्ष २७ वर्षीय तिलक शाहीलाई ०५८ असार ९ गते राति माओवादीहरूले अपहरण गरे। पीडितलाई असार १२ गते चेतावनी दिएर मुक्त गरियो।

कालिका गाविस-५ का १८ वर्षीय भीमबहादुर गुरूङ र १७ वर्षीय वीरेन्द्र बुढालाई ०५८ भदौ २५ गते माओवादीहरूले घरमै आई कुटपिट गर्नुका साथै अपहरण गरेर बेपत्ता पारे। पीडितलाई जरिवाना गरी भदौ २८ गते मुक्त गरियो।

श्रीनगर गाविस-४ का ४९ वर्षीय वीर फडेरालाई आफ्नी कान्छी पत्नीको हत्या गरेको आरोपमा ०५८ असोज २६ गते घरबाट माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा भूपू जिविस उपसभापति ३८ वर्षीय चक्र फडेरालाई ०५८ असोज २८ गते घरबाट माओवादीहरूले अपहरण गरे। पीडितबाट २० हजार रूपैयाँ असुल गरी ०५८ पुस ३ गते मुक्त गरियो।

राया गाविस-६ का ३७ वर्षीय छत्र रावल र २६ वर्षीय यज्ञ रावललाई ०५८ कार्तिक १२ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितहरूलाई कार्तिक १६ गते मुक्त गरियो।

साया गाविस-३ की १९ वर्षीय शान्ता शाही र २० वर्षीय आइती सिंहलाई पार्टी छाडेको आरोपमा ०५८ कार्तिक १८ गते माओवादीहरूले घरबाटै अपहरण गरेकोमा हालसम्म बेपत्ता पारिएको छ।

सर्किदेउ गाविस-९ का मानबहादुर कार्की र ३५ वर्षीय प्रेमबहादुर महतरालाई ०५८ कार्तिक २३ गते घरबाटै माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितहरूलाई भोलिपल्ट सोही गाविस-१ बाट मुक्त गरियो।

राया गाविस-५ का अनेरास्ववियु हुम्ला-काठमाण्डौ सम्पर्क कमिटीका सचिव १९ वर्षीय चन्द्र रावललाई ०५८ कार्तिक २५ गते लाली गाविसमा संगठनको कमिटी गठन गरिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी बेपत्ता पारेकोमा भोलिपल्ट मुक्त गरे।

कालिका गाविस-१ का प्रारायुसंघ, नेपालका जिल्ला अध्यक्ष २६ वर्षीय हस्तबहादुर शाहीलाई सभा, गोष्ठीमा

माओवादीविरूद्ध भाषण गरेको आरोपमा ०५८ कार्तिक २७ गते सर्किदेउ गाविसमा पार्टी सुदृढीकरण अभियान कार्यक्रम सम्पन्न गरी फर्कंदै गर्दा बाटोबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई कार्तिक ३१ गते घर नजिकै पुऱ्याई मुक्त गरियो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना					८	१५		१५
बेपत्ता पारिएको	५	५		५				
कुटपिट	१९	२१	४	२५				
धम्की	६	१०		१०	१	१		१
भेला र संगठित हुने अधिकार					१	१		१
सरूवा/घटुवा/पक्षपात आदि					१	१		१
महिला किबेच	१		१	१				
बलात्कार	१		५	५				
बहुविवाह	१	१	२	३				
जारी	२	२	२	४				
पारिवारिक हिंसा	२		२	२				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	२	२	१	३				
आर्थिक अधिकार	३	३		३				
अपहरण	१०	१३		१३				
जम्मा	५४	५६	१८	६५	११	१८		१८

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कालिका गाविस-३ का ६८ वर्षीय जयबहादुर सिंहलाई ०५७ माघ १० गते माओवादीहरूले घरबाट बोलाई श्रीनगर गाविस-४ मा पुऱ्याएर कुटपिट गरी धम्काई मुक्त गरे।

श्रीनगर हेल्थपोष्टमा कार्यरत अहेव २८ वर्षीय नेत्र फडेरालाई ०५७ फागुन २७ गते माओवादीहरूले धम्की दिए।

साया गाविस-३ का २८ वर्षीय दल रावलको सर्केगाडस्थित घरमा प्रहरी चौकी बसेकोमा प्रहरी चौकी सरेर खाली भएको अवस्थामा ०५८ वैशाख १० गते राति माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए। आगलागीका कारण ५ लाख रूपैयाँ बराबरको क्षति भएको कुरा पीडितले बताए।

श्रीनगरस्थित सूर्योदय माविका शिक्षक ३२ वर्षीय कुलप्रसाद आचार्यलाई जनगणनाको सुपरिवेक्षक भई काम गरेकोमा माओवादीहरूले ०५८ जेठ ७ गते ज्यानमार्ने धम्की दिए। धम्कीका कारण आफूले सो कार्य नगरेको पीडितले बताए।

मुचु चेकपोष्टमा कार्यरत प्रहरी असई ४७ वर्षीय प्रेमबहादुर थापासमेत ४ जना प्रहरीलाई ०५८ असार ५ गते जिल्ला प्रहरी कार्यालयतर्फ आउँदै गर्दा एल्वाङ स्थित गेष्ट हाउसमा बसेको अवस्थामा माओवादीहरूले हतियार बुझाउनुपर्ने धम्की दिई प्रहरीलाई डोरीले बाँधेर हतियार लुटेर लगे।

सौर्य शक्ति केन्द्रका सहायक कार्यालय प्रमुख ४० वर्षीय रूद्रलाल जैसीलाई बिजुली लाइन कम दिएको आरोपमा ०५८ साउन ११ गते राति प्रहरीले धम्की दिए।

कालिका गाविस-३ का ३० वर्षीय वीरबल सिंहलाई खाना बनाउने भाँडा नदिएको र जथाभावी बोलेको आरोपमा ०५८ असोज १६ गते माओवादीहरूले लाठी प्रहार गर्नुका साथै २ घण्टासम्म शौचालयमा थुने।

मैला गाविस-४ का २१ वर्षीय धनराज जैसी र मदना गाविस-१ की थुम्कला जैसीलाई धनराजकी पत्नी हुँदाहुँदै दोश्रो विवाह गरेको आरोपमा ०५८ असोज २० गते माओवादीहरूले कुटपिट गरे।

नेकपा (माओवादी) का ७५ जना कार्यकर्तालाई दशैंमा रमाइलो गरी राति देउडा खेल्न नदिएको आरोपमा राया गाविस-३ का जनताले ०५८ कार्तिक १५ गते कुटपिट गरी उनीहरूबाट ६ वटा भरूवा बन्दुक समेत खोसे। कार्तिक १९ गते राति माओवादीहरूले सोही ठाउँका प्रत्येक घरमा ताला लगाई महिला, बालबालिका, अपाङ्ग, बृद्ध सबैलाई एक-एक गरी कुटपिट गर्नुका साथै प्रेमबहादुर बुढाको घरमा भएका अन्न तथा लत्ता-कपडासमेत लुटेर लगे।

कालिका गाविस-१ का ३५ वर्षीय कुल टमटालाई खाना खान नदिएको आरोपमा ०५८ कार्तिक २६ गते माओवादीहरूले घरको छानाबाट आँगनमा खसाले।

साँया गाविस-४ की ३९ वर्षीय शिरा शाहीलाई खाना खान नदिएको आरोपमा ०५८ कार्तिक १८ गते माओवादीहरूले कुटपिट गरे।

दार्मा गाविस-१ का ४२ वर्षीय भ्याले दमाईलाई ०५८ कार्तिक २५ गते माओवादीहरूले टाउको र हातमा खुकुरी प्रहार गरी सख्त घइते बनाए। पीडित उपचारार्थ काठमाण्डौ गए।

मदना गाविस-६ का ३१ वर्षीय जगतबहादुर स्याईलाई ०५८ जेठ ४ गते राति माओवादीहरूले कुटपिट गरी घरबाट बाहिर निकाली चेतावनी दिए।

दार्मा गाविस-१ का २४ वर्षीय मदन नेपालीलाई पार्टी छोडी घर भागेको आरोपमा ०५८ कार्तिक २४ गते माओवादीहरूले कुटपिट गर्नुका साथै मोसो दलेर गाउँ घुमाई

सुराकी नगर्न चेतावनी दिए।

जैर गाविस-६ का वडाध्यक्ष ४६ वर्षीय अजवीर रोकायालाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र वडाध्यक्ष पदबाट राजीनामा गर्न ०५८ कार्तिक ३० गते माओवादीहरूले धम्की दिई त्यसो नगरे ज्यानमार्ने धम्की दिए।

श्रीनगर गाविस-१ का ६८ वर्षीय अकवर भण्डारीलाई ५० हजार रूपैयाँ चन्दा नदिएको आरोपमा ०५८ पुस १० गते राति माओवादीहरूले घरमा भएका अन्न, तामा, सुन, चाँदीसहित ५० वटा खसी-बाख्रा, २ वटा घोडा तथा नगद रकम गरी लाखौं रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

राया गाविस-८ का ५५ वर्षीय मोती रावललाई पुस्तौंदेखि धनी भएको र ऋणमा चर्को ब्याज लगाएको आरोपमा ०५८ मंसिर १९ गते माओवादीहरूले घरको खम्बामा बाँधी घरमा भएका सम्पूर्ण सामानहरू लुटेर लगे। माओवादीहरूले १ लाख चौंतीस हजार रूपैयाँ नगद तथा सामानहरू गरी लाखौंको धनमाल लुटेको पीडितले बताए।

रोडीकोट गाविस-१ का गाविस अध्यक्ष ५१ वर्षीय जनकबहादुर ऐडीलाई सुराकी गरी घर छाडेर सदरमुकाममा बसेको आरोपमा ०५८ पुस १० गते माओवादीहरूले घरमा भएका सम्पूर्ण सामान तथा ३ चौरी र १ घोडासमेत लुटेर लग्नुका साथै पीडितका छोरा प्रकाश र वक्तलाई सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडकहरूले सबै गरी ३० लाख रूपैयाँबराबरको धनमाल लुटेर लगेको पीडितले बताए। हाल सपरिवार सदरमुकाममा बस्दै आएका छन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस जिल्लाको दक्षिणी भेगमा पर्ने भैला, मदना, कालिका, श्रीनगर, जैर आदि गाविसका अध्यक्षसहित सम्पूर्ण पदाधिकारीहरूलाई ०५८ असोज २० देखि ३० गतेसम्म माओवादीहरूले जबर्जस्ती राजीनामा गराई गाविसका कागजपत्र खोसेर लगे।

नेकपा (माओवादी) हुम्ला-मुगु जिल्ला कमिटीको आयोजनामा ०५८ असोज २ गते सिमिकोटमा सम्पन्न आमसभामा माओवादीहरूले बाजुरा जिल्लाका रूघीन र विच्छ्या, मुगु जिल्लाका नार्थपु, फोतु र भिड तथा हुम्ला जिल्लाका भैला, मदना, श्रीनगर, जैर र कालिका गाविसका प्रत्येक घरबाट १ जनालाई जबर्जस्ती अनिवार्य रूपमा सामेल गराए।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला शिक्षा कार्यालयमा कार्यरत निमित्त जिल्ला शिक्षा अधिकारी ३९ वर्षीय गोरखबहादुर थापालाई ०५८ भदौ २८ गते शिक्षा मन्त्रालयबाट चिठी पठाई कनिष्ठ शाखा अधिकृत विष्णु सुबेदीलाई निमित्त जिल्ला शिक्षा अधिकारी तोकियो। यस सवालमा संसदमासमेत छलफल भएपछि हाल तेश्रो व्यक्तिलाई जिल्ला शिक्षा अधिकारी तोकिएको छ।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा करिब ४ सय भूमिहीन, सुकुम्बासी भएको पाइन्छ तर सुकुम्बासी समस्या समाधान आयोग गठन नभएका कारण आधिकारिक तथ्यांक उपलब्ध हुन सकेको छैन। धेरैजसो समाजमा पछाडी परेका जातिहरू र मुख्यगरी दलित वर्ग लामो समयदेखि साहु महाजनको हलिया, सिलाउने, बजाउने कार्यमा संलग्न हुँदै आफ्नो जीवनयापन गरेको देखिन्छ। यस वर्ष सबै गाविसहरूमा बृद्ध, अपाङ्ग तथा विधवा भत्ता वितरण भएको देखिएन। कुनै गाविसमा आधा जति वितरण भएको छ भने कतिपयमा वितरण नै गरिएको छैन। नागरिकता नभएका र प्रमाणित नभएका तथा फोटोको समस्याका कारणले गर्दा कतिपय बृद्धले भत्ता लिन पाएका छैनन्।

महिला अधिकार

श्रीनगर गाविस-६ का २५ देखि ३० वर्षसम्मका ५ जना महिलालाई ०५७ माघ ४ गते वालुकुनास्थित सामुदायिक वनमा घाँस काट्न गएको अवस्थामा जरै गाविस-९ का ३ वर्षीय भक्त रावत, ३२ वर्षीय मान रावतसमेत अन्य चार जनाले सामुहिक बलात्कार गरे। पीडकहरूलाई माओवादीहरूले निर्मम कुटपिट गरे।

ठेहे गाविस-२ की ३० वर्षीय छत्ता सुनारलाई घरमा राम्रोसँग काम नगरेको आरोपमा उनकै पति ३२ वर्षीय वीरमान सुनारले अर्को विवाह गरे। पीडितसहित २ वर्षीय छोरा र १ वर्षीय छोरीलाई ०५७ चैत २८ गते पीडकले छुट्टै बस्न बाध्य पारे।



अपहरण गरिएका मानबहादुर कार्की, चन्द्र रावल र नरबहादुर रोकाया

जारीका दुई वटा घटना सार्वजनिक जानकारीमा आए।

ठेहे गाविस-२ की २८ वर्षीय हाँसकला दमाईलाई बोक्सीको आरोपमा ०५८ वैशाख ३ गते उनकै पति ३० वर्षीय मक्कवीर दमाईले घरबाट निकालीदिए र आफूले दोश्रो विवाह गरे।

बालअधिकार

सिमीकोट गाविस-५ का ११ वर्षीय राजकुमार रोकायालाई ०५८ मंसिर ३ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान लालबहादुर थापाले बोलाई कुटपिट गरी दायाँ बङ्गारासहित टाउकोमा गम्भीर चोट पुऱ्याए। पीडकलाई विभागीय कारवाहीसहित पीडितको उपचार गर्ने गरी मिलापत्र भयो।

कालिका गाविस-७ का ११ वर्षीय नन्दलाल उपाध्याय र ९ वर्षीय रामसरा जैसीबीच ०५८ मंसिर २७ गते आ-आफ्ना बाबुहरू विवाह गरिदिए। हाल दुवै जना आ-आफ्नै घरमा छन्। विवाह भएको ६ वर्षपछि पतिको घरमा पत्नी जाने चलन छ।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

देशको स्थिति, सरकारी क्रियाकलाप र आफ्ना गतिविधिका सम्बन्धमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपाल जिल्ला कमिटीले ०५८ असार २५ गते एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

खासापानी प्रावि मुचुका शिक्षक खेमप्रसाद सापकोटा ०५८ मंसिर ८ गते सिमीकोटबाट विद्यालयतर्फ जान हिंडेकोमा हालसम्म बेपत्ता भएका छन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका १५ वटा घटना भए। रूघाखोकीका कारण १० तथा भीरबाट लडेर २ जनाको मृत्यु भयो। अविरल वर्षाका कारण ४ वटा घर भत्किए भने खेतियोग्य जमीन र बाली नष्ट भयो। मानसरोवर घुम्न गएका रसियन नागरिकहरूलाई केही अज्ञात व्यक्तिहरूले हतियार देखाई १ हजार अमेरिकी डलर र ६० हजार नेपाली रूपैयाँ, जुत्ता, लाठी आदि सामान लुटेर लगे। चोरी-डकैतीका अन्य ५ वटा घटना भए। आगलागीका २ वटा घटना भए। यस वर्ष पिपिआर रोगका कारण करिब ५० हजार भेंडा-बाख्राको मृत्यु भयो।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या	: ६१९१३१
साक्षरता प्रतिशत	: ३१.२
महिला साक्षरता प्रतिशत	: १५.७
क्षेत्रफल (वर्ग कि.मी.)	: २२३५
गाविस/नपा संख्या	: ४२/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ६३५
क्याम्पस/उच्च मावि	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: २५३६
मोटर सडक (कि.मी.)	: २३७.४
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ५७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

नारायणपुर गाविस-४ भौरनीयाकी ५२ वर्षीय शान्तिदेवी रावललाई कमैयालाई ठगेको आरोपमा ०५७ फागुन २ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

रामशिखरझाला गाविस-१ का ३४ वर्षीय अशोकप्रताप सिंह र ३० वर्षीय संजय सिंहलाई ०५७ फागुन ८ गते माओवादीहरूले कुटपिट गरी हत्या गरे।

चौमाला गाविस-५ मंगलपुरका १८ वर्षीय बलबहादुर चौधरीलाई ०५८ जेठ १३ गते पहलमानपुर गाविस-८ वनवासामा अनेकिसंघ (क्रान्तिकारी) द्वारा आयोजित आमसभामा प्रहरीले हस्तक्षेप गरी गोली हानी हत्या गरे। सोही घटनामा अन्य ४ जना माओवादी कार्यकर्ताहरूलाई पनि प्रहरीले गोली हानी घाइते बनाए।

टीकापुर नपाका २५ वर्षीय विजय वि.क.लाई छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १५ गते टिकापुरमा प्रहरीले गोली हानी घाइते बनाए।

लालबोझी गाविस-५ पृथ्वीपुरस्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवानहरू डोटी जिल्ला बगलेखका २१ वर्षीय शेरबहादुर बलायर, रोल्पा जिल्ला लिवाङका २१ वर्षीय विषबहादुर कुँवर र प्युठान जिल्ला धारापानी गाविस-६ का २० वर्षीय श्रीधर स्वत्रीलाई ०५८ जेठ १६ गते माओवादीहरूले चौकीमा आक्रमण गरी गोली हानी हत्या गरे भने दार्चुला जिल्लाका गणेश नगारी र ओखलढुङ्गा जिल्लाका जन श्रेष्ठ गम्भीर घाइते बनाए। सोही घटनामा प्रहरीको गोलीद्वारा माओवादी कार्यकर्ता सल्यान जिल्ला वडागाउँ मेलटाकुराका रूपलालको मृत्यु भयो।

भारत अजयगढ घर भई कोटा तुल्सीपुर गाविस-८ भुरूवामा गल्ला व्यापार गर्ने ५२ वर्षीय अग्लु गुप्तालाई ०५८ असार ८ गते राति माओवादीहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे।

धनगढी नपा-१ क्याम्पस रोड घर भई सुकुम्बासी बनेर गेटा गाविस चैतन्यपुरमा वस्ने ४१ वर्षीय शिवहरी घिमिरेलाई ०५८ साउन १७ गते वन सुरक्षाकर्मी र सोही ठाउँका बासिन्दाले आक्रमण गरी हत्या गरे। साथै, ६० वर्षीय खड्क आउजीलाई घाइते बनाए। आउजीलाई सुरक्षाकर्मी र सोही ठाउँका बासिन्दाले जीउँदै खाल्डोमा पुरेकोमा प्रहरीले खाल्डोबाट वाहिर निकाली कुटपिट गरी खुट्टा भाँचिदिएको कुरा पीडितले वताए।

वेलादेवीपुर गाविस सेहरीमा ०५८ मंसिर १८ गते माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भीडन्त हुँदा अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य जनम बराल र २ जना महिलासमेत ११ जनाको मृत्यु भयो। सरकारी स्रोतले दोहोरो भीडन्त भएको जनाएता पनि पीडितहरू खाना खाइरहेको अवस्थामा गोली प्रहार गरिएको बताइन्छ।

गोदावरी गाविस-२ सिमडीकटानका ३५ वर्षीय झंकर कुँवरलाई ०५८ मंसिर २१ गते अज्ञात व्यक्तिहरूले घर नजिकैको जंगलमा लगी गोली हानी घाइते बनाए भने पीडितका भाई मिनबहादुर कुँवर भाग्न सफल भए। आफूहरू माओवादी भएको कुरा पीडकहरूले बताए।

दोदोधरा गाविस कुम्वियाका ५१ वर्षीय दिलबहादुर बमलाई ०५८ पुस १ गते राति सोही ठाउँका व्यक्तिहरूले कुटपिट गरी हत्या गरे।

टीकापुर नपा-५ का ३५ वर्षीय श्रीराम चौधरीलाई माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिए। पीडितको उपचार गर्दागर्दै ०५८ पुस ५ गते धनगढी अस्पतालमा मृत्यु भयो। मृत्युको कारण स्पष्ट हुन सकेन। अन्य रोगका कारण उपचारका लागि अस्पताल लगिएको प्रशासन पक्षको भनाइ रहेको छ।

थापापुर गाविस-९ का ३० वर्षीय प्रेमबहादुर चौधरीका ०५८ पुस ९ गते तास खेलिरहेको अवस्थामा प्रहरी आएपछि भाग्दै गर्दा प्रहरीले माओवादीको आशंकामा प्रहार गरेको गोली लागी मृत्यु भयो।

यसबाहेक यस वर्ष व्यक्तिगत कारणले भएका हत्याका घटनामा ४ जना पुरुष र २ जना महिलाको हत्या भयो। जसमध्ये-

रामशिखरझाला गाविस-८ की ३५ वर्षीय नरदेवी दमाईलाई छोरीलाई माइतीमा राखेको र घर नपठाएको आरोपमा ०५७ माघ २२ गते प्रतापपुर गाविसका बजीर दमाईसमेत ८ जनाले शरीरमा मट्टितेल खन्याई कुटपिट गरी आगो लगाए। पीडितलाई उपचारार्थ धनगढी लैजाँदै गर्दा वाटोमा मृत्यु भयो।

धनगढी नपा-८ का २४ वर्षीय व्रम्हन रानालाई आफ्नो जंगलवाट दाउरा चोरेको आरोपमा ०५७ चैत ६ गते वेलादेवीपुर गाविस-१ स्थित सामुदायिक वनका उपभोक्ताहरूले कुटपिट गरी हत्या गरे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१५	१३	३	१६	१	१		१
गोलीद्वारा हत्या	२	४		४	३	१२	२	१४
गोलीद्वारा घाइते	२	३		३	१	५		५
हिरासत/जेलमा मृत्यु					१	१		१
गिरफ्तारी र यातना					१८	४०		४०
लाठि चार्ज					२	२		२
कुटपिट	१९	३२	२	३४	१	१		१
धम्की	५	४	१	५				
महिला किनबेच	२		२	२				
बलात्कार	३		३	३				
बलात्कारको प्रयास	१		१	१				
अमानवीय व्यवहार	२	२		२		१		१
जम्मा	५१	५८	१२	७०	२७	६३	२	६५

गरे।

नेकपा (मार्क्सवादी) का केन्द्रीय सदस्य चन्द्रबहादुर मदैलाई गैरकानूनी रूपमा रकम असुल गरी वनजंगल अतिक्रमण गर्न उक्साएको आरोपमा ०५८ असार ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई मुद्दा चलाई थुनामा राखियो।

नारायणपुर गाविस-८ बेलुवाका २५ वर्षीय राजकिशोर चौधरी र ५१ वर्षीय काँग्रेसीया थारूलाई माओवादी भएको आरोपमा ०५८ मंसिर ४ गते प्रहरीले घरबाट गिरफ्तार गरे।

नारायणपुर गाविस-७ बेलुवाका २२ वर्षीय देवबहादुर बुढाथोकी र मुनुवा गाविस-३ मोतिनगरका २१ वर्षीय हरिराम चौधरीलाई माओवादीको आरोपमा ०५८ मंसिर ७ गते प्रहरीले गिरफ्तार गरे।

थापापुर गाविस-४ का २० वर्षीय धीरेन्द्रकुमार कठरीयालाई माओवादीको आरोपमा ०५८ मंसिर १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी दिसापिसाब गर्न पनि नदिई यातना दिइएकोमा हाल तारेखमा रिहा गरिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको कैलाली जेल ७५ जना वन्दी क्षमताको छ। जेलमा यस वर्षको अन्त्यसम्म १ सय ८३ जना वन्दी छन्। वन्दीहरूमध्ये कैद नतोकिएका १ सय २८ पुरूष र ४ महिला गरी १ सय ३२ जना तथा कैद तोकिएका ४४ पुरूष र ५ महिला गरी ४९ जना छन्। यसवाहेक २ जना नावालक आश्रित छन्।

गिरफ्तारी र यातना

पवेरा गाविस-८ का २५ वर्षीय ढुक्कुराम चौधरी र वमवहादुर चौधरीलाई माओवादीको आरोपमा ०५७ फागुन १६ गते प्रहरीले गिरफ्तार गरे।

जोशीपुर गाविस-६ का वीरवहादुर कठरीया, कान्छा कठरीया, राजेश कठरीया, कर्मराज थापा र कान्ता कठरीयालाई माओवादीको आरोपमा ०५७ चैत १२ गते प्रहरीले गिरफ्तार गरे।

बलिया गाविस-८ का अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता २२ वर्षीय रूपलाल जैशी र १७ वर्षीय लिला जैशीलाई ०५८ जेठ १ गते निजी विद्यालय वन्द गर्ने आव्हानपश्चात् विद्यालय वन्द भए/नभएको अनुगमन गर्दै हिँडिरहेको अवस्थामा टीकापुरस्थित खड्ग मेमोरियल बोर्डिङ्ग स्कूलबाट प्रहरीले गिरफ्तार गरे।

बाँके जिल्ला पुरैना गाविस-२ का ३० वर्षीय राजेन्द्र कायस्थलाई माओवादीको आरोपमा ०५८ जेठ ७ गते धनगढीवाट प्रहरीले गिरफ्तार गरे।

सुर्खेत जिल्ला विद्यापुर गाविस-६ माझीगाउँका २६ वर्षीय निर्मल गिरीलाई माओवादी वनी चन्दा संकलन गरेको आरोपमा ०५८ असार ३ गते टीकापुरवाट प्रहरीले गिरफ्तार

नारायणपुर गाविस-४ नारायणपुरका युगयान साप्ताहिकका प्रकाशक सम थापालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर २१ गते टीकापुरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

टीकापुर नपा-९ राजिपुर वस्ने टीकापुरबाट प्रकाशित नव परिचर्चा साप्ताहिकका सल्लाहकार सम्पादक चित्रबहादुर चौधरीलाई ०५८ मंसिर २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

नारायणपुर गाविस-५ बेलुवाका ४५ वर्षीय जीवन चौधरी र ३८ वर्षीय कल्लु चौधरीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ मंसिर २३ गते प्रहरीले गिरफ्तार गरे।

टीकापुर नपा-५ घियाका ६० वर्षीय झकबहादुर चौधरी, ४० वर्षीय राम प्यारे चौधरी, २० वर्षीय सियाराम चौधरी र २५ वर्षीय डुण्डा चौधरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ मंसिर २५ गते प्रहरीले घरवाट गिरफ्तार गरे।

मसुरीया गाविस-९ साझाबजारका २७ वर्षीय केशव गिरी र २४ वर्षीय घनश्याम तिमिल्सिनालाई माओवादीको आशंकामा ०५८ मंसिर २९ गते प्रहरीले घरवाट गिरफ्तार गरे।

मसुरीया गाविस कार्यालयका पियन २७ वर्षीय सन्तराम चौधरीलाई घरमा वन्दुक राखेको आरोपमा ०५८ पुस ३ गते प्रहरीले गिरफ्तार गरे।

दुर्गौली गाविस जगतपुरका ४० वर्षीय जनक चौधरीलाई थारूवान मुक्ति मोर्चामा सामेल भएको आरोपमा ०५८ पुस ६ गते प्रहरीले घरवाट गिरफ्तार गरे।

चौमाला गाविस-९ का ३० वर्षीय तिलक महत, २६

वर्षीय छेपालाल चौधरी, २५ वर्षीय विपनराम चौधरी, १८ वर्षीय दुःखलाल चौधरी, १८ वर्षीय लक्ष्मण चौधरी र २७ वर्षीय भालु चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा निर्मम यातना दिई एक महिनापछि तारेखमा रिहा गरियो।

भजनी गाविसका २५ वर्षीय गोविन्द चौधरी र १८ वर्षीय रामनाथ चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल तारेखमा रिहा गरिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पथरैया गाविसका सचिव ३५ वर्षीय कृष्णबहादुर रावललाई मृत्यु दर्ता नगरिदिएको आरोपमा ०५७ माघ १८ गते सोही गाविसका २५ वर्षीय भिमबहादुर चौधरीले कुटपिट गरे। पीडकलाई सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाई तारेखमा रिहा गरियो।

चुहा गाविस-४ का नेकपा (एमाले) का कार्यकर्ता ३६ वर्षीय तिलक भण्डारीलाई ०५८ असार १ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

दोदोधरा गाविस-७ कट्टिपुरका १९ वर्षीय पुष्पबहादुर बडुवाललाई सुराकी गरेको आरोपमा ०५८ असार ४ गते माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

धर्मसिंहपुर गाविस-८ खकौलास्थित अस्थायी प्रहरी चौकी रहेको भवन र छोटी भन्सार कार्यालयमा ०५८ असार १४ गते राति माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

दुर्गौली गाविस-९ जगतपुर कमैया शिविरमा कमैयाको लगत लिन पुगेको टोलीबाट तथ्यांक संकलनसम्बन्धी सामाग्रीहरू ०५८ असार १५ गते माओवादीहरूले लुटेर लगे।

मसुरीया गाविस-६ माहाडेवाका ४० वर्षीय सूर्यनारायण महतोलाई किसानहरूलाई ठगेको आरोपमा ०५८ असार २५ गते माओवादीहरूले कुटपिट गरे।

कोटा तुल्सीपुर गाविसको सडकपुर बौनियास्थित प्रहरी चौकी तथा हसुलिया गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५८ असार २६ गते माओवादीहरूले आगो लगाई ध्वस्त बनाए।

तत्कालीन भूमिसुधार राज्यमन्त्री रामजनम चौधरीको जोशीपुर गाविसको भमर्डस्थित घरबाट ०५८ मंसिर ८ गते माओवादीहरूले १ सय २० क्वीण्टल धान लुटेर लगे।

महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री सुशीला स्वाँरको मुनुवा गाविस-१ कञ्चनपुरस्थित घरमा ०५८ मंसिर १७ गते माओवादीहरूले बम विस्फोटन गरी क्षतिग्रस्त बनाए।

जिविस सभापति नारायणदत्त मिश्रको जोशीपुरस्थित घरमा ०५८ मंसिर २० गते राति माओवादीहरूले बम प्रहार गरी ध्वस्त बनाए।

एमनेस्टी इन्टरनेशनल, नेपालका महासचिव हिक्मत थापाको पथरैया गाविस-८ कटासे बजारस्थित घरबाट ०५८ मंसिर २० गते राति माओवादीहरूले लत्ताकपडा तथा रकम लुटी लगे।

लालबोझी गाविसका अध्यक्ष वीरबहादुर हमालको घरबाट ०५८ मंसिर २५ गते माओवादीहरूले ठूलो मात्रामा धान लुटेर लगे।

जोशीपुर गाविस भमर्डका ४० वर्षीय वीरुप्रसाद चौधरीलाई ०५८ मंसिर ३० गते माओवादीहरूले कुटपिट गरे। पीडकहरूले पीडितको घरबाट अन्न र लत्ताकपडा लुट्नुका साथै ट्याक्टर जलाइदिए।

दोदोधरा गाविसका अध्यक्ष हस्तबहादुर बमलाई मादक पदार्थ सेवन गरी जनतालाई सही न्याय नदिएको आरोपमा ०५८ पुस १ गते सोही गाविसका जनताले कुटपिट गरी सख्त घाइते बनाए।

कोटा तुल्सीपुर गाविस-१ निमुवाबोझीस्थित उखु मिलमा काम गर्ने मुनिम भोजराज विमाडीलाई ०५८ पुस २ गते राति माओवादीहरूले कुटपिट गरे।

मसुरीया गाविस-४ का वडाध्यक्ष पदमबहादुर कलले र सोही गाविसका पूर्व उपाध्यक्ष महादेव चौधरीलाई सुराकी गरेको आरोपमा ०५८ पुस ३ गते राति माओवादीहरूले कुटपिट गरे।

टीकापुर नपा-९ समितिपुरवाका ३६ वर्षीय तिर्थराज जोशीलाई ०५८ पुस ३ गते माओवादीहरूले आफ्नै घरमा कुटपिट गरे।

मसुरीया गाविस-४ स्थित साझा सहकारी संस्थामा कार्यरत २७ वर्षीय जीवन चौधरीलाई सुराकी गरेको आरोपमा ०५८ पुस ६ गते माओवादीहरूले कुटपिट गरे।

नारायणपुर गाविस-४ का ४२ वर्षीय खड्क सिंह ठगी, शिक्षक ३५ वर्षीय गोरख कडायत र सोही ठाउँका ४० वर्षीय राधादेवी रावललाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०५८ पुस ८ गते माओवादीहरूले कुटपिट गरे।

फुलवारी गाविसस्थित डिपो बजारका ४० वर्षीय प्रेमनारायण पौडेल र ३० वर्षीय नेपालु चौधरीलाई सुराकी गरेको आरोपमा ०५८ पुस १२ गते माओवादीहरूले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धनगढी नपा-१२ जुगडाका ३५ वर्षीय मेघराज कार्कीलाई ०५८ जेठ १४ गते छ वाम समूहद्वारा आयोजित नेपाल बन्दका सिलसिलामा प्रहरीले लाठीचार्ज गर्दा बायाँ हात भाँचिदिए।

नेकपा (एमाले) जिल्ला कमिटीका सदस्य मिनराज गिरीलाई छ वाम समूहद्वारा आयोजित आम हडतालका क्रममा ०५८ जेठ १५ गते धनगढीमा प्रहरीले लाठीचार्ज गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ५ सय २७ वटा मुद्दा दर्ता भए, जसमध्ये १ सय ८७ वटा फर्स्यौट भए भने ३ सय ४ वटा बाँकी रहे। कूल मुद्दामध्ये देवानी मुद्दा ३ सय ६ मध्येअ१ सय १५ वटा फर्स्यौट भई १ सय ९१ वटा बाँकी रहे। दुनियावादी फौज्दारी १ सय १६ वटामध्ये ५२ वटा फर्स्यौट भई ६४ वटा बाँकी रहे। त्यसैगरी सरकारवादी मुद्दा १ सय ५ मध्ये २० वटा फर्स्यौट भई ८५ वटा बाँकी रहे।

महिला अधिकार

मुनुवा गाविस-९ की ३० वर्षीय झिगनीदेवी चौधरीलाई ०५७ फागुन २३ गते टीकापुर नपा-९ का अतिराम चौधरी, भवानीप्रसाद चौधरी, कमल मण्डल र दिपक विष्टले बलात्कार गरे। पीडकहरूमध्ये अतिरामलाई प्रहरीले गिरफ्तार गरे भने अन्य फरार छन्।

गेटा गाविस-३ स्थित मुक्त कमैया शिविरकी १२ वर्षीय एक बालिकालाई ०५८ वैशाख ३ गते आफ्नै बाबु ४० वर्षीय हिरालाल डगौराले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

चौमाला गाविस-२ दैढवारी एक महिलालाई ०५८ जेठ ११ गते धनगढीस्थित ४ नं. गोश्वरा कार्यालयका अमिन सुकदेव यादवले बलात्कार गरे। पीडक फरार छन्।

धनगढी नपा-१ की ८ वर्षीय एक बालिकालाई ०५८ साउन १६ गते सोही ठाउँका ७८ वर्षीय लिलाबहादुर सिंहले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरियो।

धनगढी नपा-३ चटकपुरकी १६ वर्षीय युवतीलाई ०५८ वैशाख २० गते सोही ठाउँकी बसन्ती पौडेलको मिलोमतोमा भारतको पलियामा लगी बिक्री गरियो। पीडक बसन्तीलाई प्रहरीले गिरफ्तार गरेकोमा काठमाण्डौ विशेष अदालतमा पठाइयो।

दासत्व, कमैया, बाँधा र हलिया आदि

बलिया गाविस, उर्मा गाविस क्षेत्रमा बस्दै आएका २ सय ३० मुक्त कमैयाका टहराहरू वन अतिक्रमण गरेको आरोपमा वन प्रशासनले आगो लगाई ध्वस्त पारिदिए।

थापापुर गाविस क्षेत्रका २ सय मुक्त कमैयाहरू जग्गाको माग राख्दै ०५८ जेठ ४ गते जिविस परिसरमा धर्ना बसे। जिविसले समस्या समाधान गर्ने आश्वासन दिएपछि धर्ना स्थगित गरियो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

नारायणपुर गाविस-४ चौराहाका ५५ वर्षीय बृजलाल श्रेष्ठलाई बैंक प्रबन्धक भएको अवस्थामा भ्रष्टाचार गरेको आरोपमा ०५८ असार ८ गते माओवादीहरूले मोसो दली महिलाले लगाउने जामा लगाइदिएर नारायणपुर बजार घुमाए।

जानकीनगर गाविस-७ स्वर्गौलीका ४० वर्षीय भानु शाहलाई ०५८ असार १० गते माओवादीहरूले मोसो दली जुत्ताको माला लगाइदिएर गाउँ घुमाए।

अतिरिक्त जानकारीहरू

यस वर्ष १६ जनाले आत्महत्या गरे। सडक दूर्घटनामा परी ७ जनाको मृत्यु भयो।

५.२ अछाम

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

मंगलसेन गाविस-६ का १२ वर्षीय प्रकाश ढुङ्गाना र १४ वर्षीय खेमराज ढुङ्गानाको ०५७ फागुन १ गते सोही गाविसस्थित जेलनजिक सार्वजनिक धारामा माओवादीहरूद्वारा राखिएको बम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा ३६ वर्षीय तिलुदेवी ढुङ्गाना, २१ वर्षीय रोहित ढुङ्गाना, १८ वर्षीय जगतकुमारी ढुङ्गाना, ११ वर्षीय कोकिला ढुङ्गाना, ११ वर्षीय मनसरा ढुङ्गाना, १० वर्षीय सन्तोष ढुङ्गाना, १ वर्ष ५ महिनाका टिका ढुङ्गाना र ६ वर्षीय भानुभक्त ढुङ्गाना घाइते भए। घाइतेहरूमध्ये ४ जनालाई नेपालगञ्जमा र अन्यलाई मंगलसेनमा उपचार गरियो।

दार्चुला जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ४२ वर्षीय महावीरसिं कुवँरलाई ०५८ वैशाख २३ गते आफ्नो ससुरालीतर्फ गइरहेको अवस्थामा घोडासेन गाविसको गल्तालमा माओवादीहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको अछाम जेल "घ" श्रेणीको हो। यस जेलमा यस वर्षको अन्त्यसम्म १३ पुरुष र ३ महिला गरी १६ जना बन्दी छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यान मुद्दामा ९, ज्यान मुद्दामा ४, जबर्जस्ती करणी मुद्दामा २ र ज्यानमार्ने उद्योग मुद्दामा १ जना छन्। जेलको भौतिक अवस्था सुधार कार्य भएको छैन। बन्दीहरूका लागि आयमूलक तालिमको व्यवस्था छैन। मनोरञ्जनका लागि एउटा क्यारमबोर्ड मात्र छ। खानेपानीका लागि हालसम्म अस्थायी पाइप लाइन रहेको बन्दीहरू बताउँछन्।

गिरफ्तारी र यातना

मष्टामाडौं गाविस-४ का करिब २९ वर्षीय सुरत कुँवर

र करिब २४ वर्षीय निरक नायकलाई माओवादीको आरोपमा ०५८ मंसिर १६ गते बिहान साँफेबगरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई निर्मम यातना दिई मंसिर २४ गते रिहा गरियो।

वर्दादेवी गाविस जयगढबजारबाट २५ वर्षीय केवलसिं साउद र हुलाकी करिव ४२ वर्षीय दानबहादुर साउदलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस १० गते प्रहरीले गिरफ्तार गरे।

षांडषा गाविस-६ का करिब २८ वर्षीय शेरबहादुर बुढा र १८ वर्षीय मिनबहादुर बुढालाई ०५८ पुस १२ गते बयालपाटामा फोटो स्विच्न आएको अवस्थामा माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

मंगलसेन गाविस-३ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान करिब ३० वर्षीय गंगन सिंह बोगटीलाई ०५८ वैशाख १३ गते कालागाउँ गाविसबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५८ जेठ १५ गते मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

चफामाण्डौ गाविसका ३२ वर्षीय गणेश रावललाई ०५७ माघ ६ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

जयगढ मालिका विकास समितिको कार्यालयमा ०५७ चैत ३० गते माओवादीहरूले आक्रमण गरी सम्पूर्ण सामान र कागजपत्र ध्वस्त बनाए।

मंगलसेन बजारमा व्यापार गरी बस्ने ३२ वर्षीय भोला चौधरीलाई उधारो स्टोभ रकम माग्दा ०५८ असार २२ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान हरिदत्त पन्तसमेत दुई जना प्रहरीले कार्यालयमा बोलाई गोप्य कोठामा लगी कुटपिट गरे।

गाज्रा गाविस-८ स्थित वर्दादेवीको मन्दिर ०५८ असोज १३ गते माओवादीहरूले तोडफोड गरी ८ तोला सुन, ५ किलो चाँदी, र २ सय चाँदीका पैसा लुटेर लगे। माओवादीहरूले सोही ठाउँका जनतालाई तर्साउन २ राउण्ड हवाई फायरसमेत गरेका थिए।

तिमिल्सेन गाविस-८ र ५ का २० वर्षीय डम्बरबहादुर ठकुल्ला र २४ वर्षीय हर्कबहादुर खत्रीलाई चटारेको माडुमा देवता गाइने व्यक्तिहरूलाई समर्थन गरेको आरोपमा ०५८ असोज १५ गते माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।



जनसंख्या	: २२४१८६
साक्षरता प्रतिशत	: २८.५
महिला साक्षरता प्रतिशत	: १०
क्षेत्रफल (वर्ग कि.मी.)	: १६९२
गाविस/नपा संख्या	: ७५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३४४
क्याम्पस/उच्च मावि	: २/४
अस्पताल/स्वास्थ्य चौकी	: २/७६
टेलिफोन लाइन	: १८०
मोटर सडक (कि.मी.)	: २७
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ६९

सिउडी गाविस-९ का २० वर्षीय शान्त साउदलाई ०५८ कार्तिक १ गते सोही गाविसका उपाध्यक्ष करिब ३० वर्षीय हरिभक्त साउद, सोही गाविसका २८ वर्षीय अर्जुन साउद र २७ वर्षीय टेकबहादुर साउदले मादक पदार्थ सेवन गरी धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाए। पीडितको टाउकोमा १४ वटा टाँका लगाउनु परेको थियो।

नवाठाडा गाविस-३ स्थित ढहगडा ओडवादीको दशैंमा सोही गाविसका खम्म कुवँर राँगा बलि दिने समयमा राँगासँग चल्दा ०५८ कार्तिक ९ गते ओडवादी र कुवँर पक्षबीच भीडन्त भयो। भीडन्तका क्रममा ओडवादी पक्षका लोग ओड र झप्पर ओड तथा कुवँर पक्षका तपेन्द्र कुवँर, खम्म कुवँर, डम्बर कुवँर, रमेश कुवँर, दिपक कुवँर र रतन कुवँर घाइते भए।

चण्डीका गाविस बयलपाटास्थित इलाका प्रहरी कार्यालयको छाना ०५८ मंसिर १७ गते माओवादीहरूले भत्काइदिए।

चण्डिका गाविस बयलपाटास्थित राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयका कागजपत्र ०५८ पुस ११ गते माओवादीहरूले आगो लगाई नष्ट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धार्मिक स्वतन्त्रता

वैधनाथ गाविस-४ स्थित वेद विद्याश्रमका ७ जना विद्यार्थीहरूलाई ०५८ असोज ४ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले धम्की दिई टुप्पी काट्न लगाई जनै नजिकैको बुढीगंगा नदीमा बगाउन लगाए। विद्यार्थीहरूको जनै र टुप्पी काटिएपछि वेद विद्याश्रम बन्द रहेको कुरा प्राचार्य गोकर्णप्रसाद बजगाईंले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा ७ वटामध्ये ५ वटा फर्स्योट भई २ वटा बाँकी रहे। दुनियावादी फौजदारी मुद्दा ८ वटामध्ये २ वटा फर्स्योट भई ६ वटा बाँकी रहे। दुनियावादी देवानी मुद्दा १६ वटामध्ये ७ वटा फर्स्योट भई ९ वटा बाँकी रहे। यसरी जिल्ला अदालतमा यस वर्ष कूल ३१ वटामध्ये १४ वटा फर्स्योट भई १७ वटा बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
बम प्रहारबाट मृत्यु	१	२		२				
बम प्रहारबाट घाइते	१	५	५	१०				
गिरफ्तारी र यातना					४	६		६
कुटपिट	८	१५		१५	१	१		१
भेला र संगठित हुने अधिकार	१		१	१				
धार्मिक स्वतन्त्रता	१	७		७				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		२	२	१		१	१
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	२		२	२				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	१	१		१				
जम्मा	२०	३२	१२	४४	६	७	१	८

महिला अधिकार

नन्देगडा गाविस-३ की ३८ वर्षीय एक महिलालाई ०५८ वैशाख ६ गते ससुरा नाता पर्ने ६५ वर्षीय धर्म साउदले बलात्कार गरे। पीडकलाई माओवादीहरूले कन्टर झुण्ड्याई गाविस परिक्रमा गराए।

दुनी गाविस चौखुट्टे बजारमा पसल गरी बस्ने ३४ वर्षीय एक महिलालाई ०५८ वैशाख १५ गते राति पसलमा सुतिरहेको अवस्थामा सोही ठाउँस्थित प्रहरी चौकीमा कार्यरत केशवदत्त जैशीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई भोलिपल्ट तेलमोसो दली नारा-जुलुससहित बजार परिक्रमा गराइयो।

चण्डिका गाविस-३ का ५० र १८ वर्षीय महिलाहरूलाई ०५८ असोज ७ गते राति घरमा सुतिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरू घरभित्र प्रवेश गरी बलात्कार गर्ने प्रयास गरे।

चण्डिका गाविस-५ की ४५ वर्षीय धौरी मियाको शरीरमा ०५८ कार्तिक ३ गते आफ्नै पति ५५ वर्षीय इनाथ मियाले तातो चिया खन्याइदिए।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

नवाठाना गाविस-८ बडारे कालिकाको मन्दिरमा ०५८ कार्तिक ८ गते ब्राम्हण जातिका व्यक्तिलाई बोहरा जातिका व्यक्तिहरूले डूम भनेको आरोपमा ब्राम्हण समूहले हर्क बोहरालाई सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितको उपचार सोही गाविसस्थित उपस्वास्थ्य चौकीमा भयो। ब्राम्हण समूहका व्यक्तिहरूले उपचारार्थ ५ सय रूपैयाँ दिए भने बोहरा जातिका व्यक्तिहरूले डूम भनेका कारण ५ रूपैयाँ दण्डस्वरूप तिरे।

अतिरिक्त जानकारीहरू

जनाली बडाली गाविस-१ का ३६ वर्षीय वेदप्रसाद भण्डारीको पसल ०५७ माघ ९ गते केही अज्ञात व्यक्तिहरूले तोडफोड गरी धनमाल लुटेर लगे।

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २ जना पुरूष पीडित भए। चट्याङमा परी १ जनाको मृत्यु भयो भने सुत्केरी अवस्थामा २ जना महिलाको मृत्यु भयो। घरबाट लडेर १ जनाको मृत्यु भयो। एक जना प्रहरीले आत्महत्या गरे। वयलपाटास्थित नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरू मादक पदार्थ सेवन गरी अन्यत्र बसेका कारण ग्राहकहरू बिलको रकम बुझाउन आउँदा फिर्ता जानु परेको घटना समेत भयो।

५.३ डोटी



जनसंख्या	२०८९५४
साक्षरता प्रतिशत	३०
महिला साक्षरता प्रतिशत	११
क्षेत्रफल (वर्ग कि.मी.)	२०२५
गाविस/नपा संख्या	५०/१
निर्वाचन क्षेत्र	२
विद्यालय	३१८
क्याम्पस/उच्च मावि	१/६
अस्पताल/स्वास्थ्य चौकी	४/५१
टेलिफोन लाइन	३९५
मोटर सडक (कि.मी.)	२३५
प्रहरी कार्यालय संख्या	७
हुलाक संख्या	५३

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

बर्छेन गाविस विपीनगरस्थित प्रहरी चौकीमा ०५८ जेठ ३२ गते माओवादीहरूले आक्रमण गर्दा ५ जना प्रहरी घाइते भए। एक घण्टासम्म दोहोरो भीडन्त भएपछि प्रहरीले आत्मसमर्पण गरेका थिए। माओवादीहरूले प्रहरीका बन्दुक र गोली लग्नुका साथै चौकीका सम्पूर्ण सामाग्री आगो लगाएर नष्ट गरे।

काणामाण्डौ गाविस-७ की ४० वर्षीय धौली देवी बोहराको ०५८ पुस ५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरू र सुरक्षा बलको भीडन्तमा सुरक्षा बलले प्रहार गरेको गोली लागी मृत्यु भयो।

व्यक्तिगत कारणले भएको घटनामा एक जना महिलाको हत्या भयो।

दिपायल सिलगढी नपा-१२ का १८ वर्षीय धौलीदेवी साउदलाई ०५८ साउन ७ गते आफ्नै पति २१ वर्षीय फुल्या साउदले हसिया प्रहार गरी हत्या गरे। पीडक फरार छन्।

जेल र बन्दीहरु

"ग" श्रेणीको डोटी जेलको क्षमता ४५ जना हो। हाल यस जेलमा कैद नतोकिएका १० पुरूष र २ महिला तथा कैद तोकिएका १६ पुरूष गरी २८ जना बन्दी रहेका छन्। जेल एकदमै जीर्ण अवस्थामा छ। वर्षायाममा पानी चुहेर आफूहरू सुत्न नपाएको गुनासो बन्दीहरू गर्दछन्। खानेपानी, स्वास्थ्योपचार आदिको राम्रो व्यवस्था नभएको बन्दीहरू बताउँछन्। सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने बन्दीहरूको माग छ।

गिरफ्तारी र यातना

गड्सेरा गाविस-१ का २० वर्षीय रमेश नेपाली र धागल गाविस-१ का १९ वर्षीय जीतबहादुर बुढा मगरलाई ०५८ असोज ८ गते भूमीरामजमाण्डौ गाविस-४ भिताडीमा माओवादीका लागि चन्दा संकलन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा असोज २८ गते २४-२४ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

डोटी क्याम्पसका स्ववियु सचिव शिवसुन्दर शाही तथा ठेगाना थाहा हुन नसकेका लेखनाथ पौड्याल र टिकाराम दुङ्गानालाई ०५८ असोज १८ गते दिपायल सिलगढी नपा-७ राजपुरमा माओवादीका लागि चन्दा संकलन गर्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा कार्तिक ३० गते क्रमशः १ हजार २ सय, ३ हजार र २४ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

वासुदेवी गाविस-१ का गाविस अध्यक्ष ३५ वर्षीय छविलाल भट्टलाई ०५८ असोज २६ गते राति आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५८ कार्तिक १ गते मुक्त गरियो।

छुवाछूत प्रथा अन्त्यको लागि आयोजित र्‍याली

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

चवारा चौतारा गाविस-८ स्थित कृषि विकास बैंकको कार्यालय र प्रहरी चौकीमा ०५८ असार ९ गते माओवादीहरूले आक्रमण गरी ध्वस्त बनाए। माओवादीहरूले बैंकका सम्पूर्ण सामान र कागजपत्र जलाए। चौकीमा एक जना प्रहरी हवल्दार रहेकोमा भाग्न सफल भए।

बारवटा गाविस-४ मा ०५८ साउन ४ गते माओवादी र प्रहरीबीच दोहोरो भीडन्त भयो। तर, कसैलाई केही भएन। प्रहरीले माओवादीका २ वटा थ्री नट थ्री राइफल, ५० वटा गोली, १ वटा टुटु, ३० वटा टुटुको गोली १४ वटा झोला र केही कागजपत्र बरामद गरेको जनाए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गोलीद्वारा हत्या					१		१	१
गोलीद्वारा घाइते	१	१		१				
गिरफ्तारी र यातना					२	५		५
कुटपिट	१३	१५		१५				
धम्की	४	४	१	५				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
गर्भपतन	२		२	२				
महिला भएकै कारण यातना	१		१	१				
जातीय छुवाछूत	३	२	५	७				
अपहरण	१	१		१				
जम्मा	२९	२३	१३	३६	३	५	१	६

काणामाण्डौ गाविस-२ का ४५ वर्षीय जहरसिंह वोगटी, पोखरी गाविस-६ का ४० वर्षीय महेन्द्रसिं वोगटी र अछाम जिल्ला दुनि गाविसका ३५ वर्षीय प्रकाशवहादुर साउदलाई ०५८ असोज ५ गते सानागाउँ गाविस चौखुट्ट बजारमा आफूलाई माओवादी वताउने व्यक्तिहरूले धम्की दिई १ लाख ८० हजार रूपैयाँ लुटेर लगे। पीडकहरू पोखरी गाविस-३ का प्रेमसिं साउद र अछाम जिल्ला दुनि गाविस-९ का चन्द्रसिं साउदलाई प्रहरीले अछाम जिल्लाको दुनि गाविस-२ बाट गिरफ्तार गरेकोमा धरौटीमा रिहा गरे।

रानागाउँ गाविस- वुहाराका गाविस अध्यक्ष ३४ वर्षीय ध्रुव रावललाई ०५८ असोज २६ गते माओवादीहरूले धम्की दिई चन्दा असुल गर्ने प्रयास गरे। चन्दा असुल गरिरहेको अवस्थामा प्रहरी आई १० जना मध्ये २ जना माओवादी कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार गरिएका घाँगल गाविस-३ का नारायण सापकोटा र गडसेरा गाविस-७ का २३ वर्षीय शिवबहादुर सुनारलाई ०५८ मंसिर २० र २२ गते क्रमशः १ हजार र ६ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालनमा दुनियावादी देवानी मुद्दा ३३ वटा दर्ता भएकोमा ४ फर्स्योट भई २९ वटा बाँकी रहे भने सरकारवादी फौजदारी १२ वटा दर्ता भएकोमा ४ फर्स्योट भई ८ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी फौजदारी मुद्दा २८ वटा दर्ता भएकोमा १३ वटा फर्स्योट भई १५ वटा बाँकी रहे। यस अदालतमा १ वर्षभन्दा लामो अवधिदेखि फर्स्योट नभएका मुद्दा २९ वटा छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोगसमक्ष करिव १ हजार निवेदन दर्ता भए। तर, जग्गा भने वितरण गरिएको छैन। यस वर्ष असारदेखि वृद्ध र अशक्त भत्ता नपाएको जनगुनासो छ।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

दिपायल सिलगढी नपा-१४ का ३४ वर्षीय उदे पर्कीसमेतका तल्लो जातिका भनिने व्यक्तिहरूलाई सार्वजनिक पानीको धाराबाट पानी भरेको आरोपमा ०५७ चैत २४ गते सोही ठाउँका वडाध्यक्ष महादेव विष्ट, मल्टे विष्टसमेतका व्यक्तिहरूले गाली बेइज्जती र कुटपिट गरे। पीडक उपर कुनै कारवाही भएन।

दिपायल सिलगढी नपा-१४ का २३ वर्षीय जगतबहादुर विष्टलाई तल्लो जातिको हातवाट पानी खाएको आरोपमा सोही नपा-६ लेकठाँटाका बाजी भण्डारी र सोही नपा-१४ का राईबहादुर विष्टले गाउँमा भेला बोलाई दण्ड जरिवाना गर्नुपर्ने र मन्दिरमा होम गर्नुपर्ने अन्यथा गाउँबाट नै निकाल्ने धम्की दिए। यससम्वन्धमा जिल्ला प्रशासन कार्यालयमा मौखिक उजुरी गर्दा सिडिओले "यो साधारण हो" भनी वास्ता गरेनन्।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा ३ पुरूष र २ महिलाले आत्महत्या गरे। सडक दुर्घटनामा परी १ जना महिला र १ जना नावालिकाको मृत्यु भयो। करेन्ट लागेर १ जना वालकको मृत्यु भयो। २ जना पुरूष र १ जना महिलाको लास फेला पर्‍यो। पानीमा डुबेर १ जना महिलाको मृत्यु भयो।

५.४ बाजुरा



जनसंख्या	: १८००००
साक्षरता प्रतिशत	: ३०
महिला साक्षरता प्रतिशत	: १०
क्षेत्रफल (वर्ग कि.मी.)	: २१८८
गाविस/नपा संख्या	: २७/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०३
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/२८
टेलिफोन लाइन	: ९४
मोटर सडक (कि.मी.)	: ३०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: २७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

गोत्री गाविस-३ मा माओवादीका कार्यकर्ता "चन्चल"लाई ०५८ असार ८ गते कोल्टी नजिकैको जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

पाण्डुसेन गाविसस्थित प्रहरी चौकीमा ०५८ साउन ७ गते माओवादीहरूले आक्रमण गर्दा १८ जना प्रहरीको मृत्यु भयो भने ६ जना प्रहरी सख्त घाइते भए। मृत्यु हुने प्रहरीहरूमा असईहरू तुलसी ढकाल, सुरतबहादुर कुवँर, हर्कबहादुर वोहोरा, हवल्दारहरू सम्मत राजवंशी, गुप्तनारायण चौधरी, सिताराम बुढाथोकी, जवानहरू चक्रबहादुर शाही, खिमवहादुर मगर, स्वड्गदेव गिरी, डम्बरबहादुर चन्द, जयन्त महतो, हरि बस्नेत, इन्द्रजीत राई, कमल सुब्बा, शशी बडु, सिद्धराम बुढाथोकी, दिपेन्द्रनाथ कञ्चन र वीरेन्दवहादुर चन्द थिए। सोही घटनामा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

जगनाथ गाविसकी सुनकांशा रोकायालाई गर्भवती भएको अवस्थामा ०५७ पुसमा प्रहरीले गोली हानी हत्या गरे। कारण थाहा हुन सकेन।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता रहेको बाजुरा जेल "घ" श्रेणीको हो। यस जेलमा हाल कैद नतोकिएका ६ र कैद तोकिएका १६ गरी १९ जना वन्दी छन्। सबै बन्दीहरू पुरुष छन्। बन्दीहरूका लागि बाहिर-भित्र गरी २ वटा चर्पीको व्यवस्था गरिएको छ भने एउटा धारो छ। जेल भवन र पर्खालको अवस्था जीर्ण छ। बन्दीहरूलाई मनोरञ्जनका लागि जिविसले एउटा टिभी उपलब्ध गराएको छ।

बेपत्ता पारिएको / अपहरण गरिएको

कुल्लेमाण्डु गाविसका नेकाँ जिल्ला सभापति तथा पूर्वसांसद देवराज जोशीलाई ०५८ असार २५ गते बाह्रबीसे गाविस कालाआमस्थित एक होटलबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५८ असोज १२ गते मुक्त गरियो।

जगनाथ गाविस-७ का २९ वर्षीय तुल गिरीलाई ०५८ असोज ६ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितलाई ४१ दिनपछि मुक्त गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पाण्डुसेन गाविसका मिन सिंह थापा भोटेलाई ०५८ असार ८ गते माओवादीहरूले घरवाट बोलाई कुटपिट गरे।

मौलिक अधिकार

धार्मिक स्वतन्त्रता

मार्तडी बजारका रामबहादुर रावलको चिया पसलमा तल्लो भनिने जातिका वीर सिंह सुनार र वीर जीत लुहारले चिया माग्दा नदिएको आरोपमा जबर्जस्ती पसलभित्र पसी चिया बनाएर खाए। यससम्बन्धी मुद्दा ०५८ कार्तिक ७ गते जिल्ला प्रशासन कार्यालयमा गएकोमा दुवै पक्षवीच मिलापत्र भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा कूल ५५ वटा मुद्दा रहे। ४८ वटा मुद्दा फर्स्योट भई ७ वटा बाँकी रहे।

	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
घटनाको प्रकार	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गोलीद्वारा हत्या	१	१८		१८	२	२	१	३
गोलीद्वारा घाइते	१	६		६				
कुटपिट	१	१		१				
जातीय छुवाछूत	१	२		२				
अपहरण	२	२		२				
जम्मा	६	२९		२९	२	२	१	३

५.५ बझाङ

जनसंख्या	१३९०९२
साक्षरता प्रतिशत	२७.३५
महिला साक्षरता प्रतिशत	१२.१
क्षेत्रफल (वर्ग कि.मी.)	३४२२
गाविस/नपा संख्या	४७/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३२६
क्याम्पस/उच्च मावि	१/३
अस्पताल/स्वास्थ्य चौकी	१/५०
टेलिफोन लाइन	१३५
मोटर सडक (कि.मी.)	६०
प्रहरी कार्यालय संख्या	१३
हुलाक संख्या	४७

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

रिलु गाविसका अध्यक्ष ३२ वर्षीय जयबहादुर रोकायाको ०५८ साउन १० गते गाविस कार्यालय नजिकै खुकुरी प्रहार गरी छिया-छिया पारेर हत्या गरेको अवस्थामा लास फेला पऱ्यो।

रिठापाटा गाविस-३ का २८ वर्षीय ज्ञानबहादुर रसाइलीलाई माओवादीको आरोपमा जिप्रकामा थुनामा रहेको अवस्थामा ०५८ मंसिर १५ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। घेरा तोडेर भाग्न खोज्दा प्रतिकारमा परी मृत्यु भएको कुरा सुरक्षासूत्रले जनायो।

गडराय गाविसमा ०५८ पुस १६ गते माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भीडन्तमा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो। सुरक्षाकर्मीले ३ थान भरूवा बन्दुक, गोली र केही विस्फोटक पदार्थ बरामद गरे।

यसवाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका घटनामा ५ जना पुरूष र १ जना महिलाको हत्या भयो। जसमध्ये-

राएल गाविस-१ की केउडीदेवी बोहोरालाई ०५८ असोज ४ गते आफ्नै पति जोगी बोहोरा र सोही ठाउँकी सितादेवी कमेनीले हत्या गरेर लास बाटोमा फ्याँकिदिए। पीडकहरूलाई गिरफ्तार गरी ल्याउँदै गर्दा मालुमेला भन्ने ठाउँको भीरबाट सेती नदीमा हाम फालेर बेपत्ता भएको कुरा प्रहरीले जनाए।

जेल र बन्दीहरु

यो जिल्लामा २५ जना बन्दी क्षमताको जेल रहेको छ।

गिरफ्तारी र यातना

हेमन्तवाडा गाविस-२ का २३ वर्षीय पूर्णबहादुर खड्कालाई ०५८ जेठ १३ गते प्रहरीले कुटपिट गरी गिरफ्तार गरे।

भातेखोला गाविस-४ का २७ वर्षीय गजेन्द्रबहादुर सार्कीलाई ०५८ जेठ २३ गते व्यक्तिगत कामका लागि जिल्ला प्रशासन कार्यालयभित्र जान खोज्दा प्रहरीले गिरफ्तार गरी कोठाभित्र लगी ज्यानमार्ने धम्की दिए।

बेपत्ता पारिएको / अपहरण गरिएको

लुयाटा गाविस घर भई ग्ठिापाटा गाविस सिमखेत बजारमा कानून व्यवसाय गरी बस्ने नेकाँका भूपू जिल्ला सभापति ४० वर्षीय पृथ्वीबहादुर सिंहलाई ०५८ मंसिर ८ गते राति माओवादीहरूले अपहरण गरे। पीडितलाई पुस २५ गते मुक्त गरियो।

लेकगाउँ गाविस-६ का शिक्षक ४० वर्षीय रामबहादुर धामीलाई ०५८ मंसिर ९ गते माओवादीहरूले अपहरण गरी केही दिनपछि मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

लेक गाविस बिसौनाचौरस्थित प्रहरी चौकीमा ०५८ असार २५ गते बेलुका माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

राएल गाविस-२ का ५७ वर्षीय नरे भण्डारीको घरबाट ०५८ साउन १५ गते माओवादीहरूले १ सय ४४ वटा जाली तमसुक, १४ वटा लालपुर्जा, २० तोला सुन, १ हजार ३ सय तोला चाँदी र १ लाख २९ हजार १ सय ५५ रूपैयाँ बरामद गरे। माओवादीहरूले ६३ लाख ५७ हजार ६६ रूपैयाँ बराबरको जाली तमसुक खुला आमसभामा जनताको सामुन्ने जलाउन लगाए भने १४ वटा लालपुर्जा ऋणि जनतालाई फिर्ता गरिदिए। सुन, चाँदी र रकम भने माओवादीहरूले नै राखे। जनताले आफ्नो प्रमाण ल्याएमा जसको सम्पत्ति हो उसैलाई फिर्ता गरिदिने कुरा माओवादीका जिल्ला कमाण्डरले बताए।

सैनपसेला गाविस-८ का ३९ वर्षीय वीरबहादुर दौल्याल र ३७ वर्षीय हर्कु दौल्याललाई मादक पदार्थ सेवन गरेको र दुर्गा माविका परिचर ३० वर्षीय कविराज जप्रेललाई मादक पदार्थ बिक्री गरेको आरोपमा ०५८ साउन २७ गते माओवादीहरूले सख्त घाइते हुनेगरी कुटपिट गरे।

ब्याँसी गाविस-६ का जयबहादुर दर्जीको कपडा सिलाई पसलमा ०५८ असोज १९ गते राति केही अज्ञात व्यक्तिहरूले आगो लगाई पसलमा रहेका सम्पूर्ण सामान नष्ट गराए।

सैनपसेला गाविस-५ का २० परिवारसँग रहेका भरूवा बन्दुक ०५८ असोज २७ गते माओवादीहरूले लुटेर लग्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

चौधारी गाविस-२ का १८ वर्षीय ज्ञानबहादुर थापालाई मादक पदार्थ बिक्री गरेको आरोपमा ०५८ मंसिर १ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले बाहिर ल्याई कुटपिट गरे।

चौधारी गाविस-२ का ४५ वर्षीय जनकबहादुर भण्डारी, मिनबहादुर थापा, महेशबहादुर थापा, सिद्धराज बडु, पाण्डव थापा, अम्मराज थापा र मोनि थापालाई ०५८ मंसिर २ गते

माओवादीहरूले कुटपिट गरी घाइते वनाए।

मालुमेला गाविसका शिक्षक ५८ वर्षीय जंग गिरीलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ मसिर २८ गते सुरक्षाकर्मीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडित उपचारार्थ काठमाण्डौं गए।

व्याँसी गाविस-५ स्थित शान्ति उच्चमाविमा ०५८ पुस २ गते राति केही अज्ञात व्यक्तिहरूले आगो लगाई करिव ५० लाख रूपैयाँवरावरको धनमाल क्षतिग्रस्त बनाए।

लेक गाविस-५ र ६ का ३५ परिवारसँग रहेका भरूवा बन्दुक माओवादीहरूले लुटेर लग्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

बसन्तपुर लेकस्थित नेपाल दूर संचार संस्थाको रिपिटर स्टेशनमा ०५८ पुस ७ गते राति माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए। जसका कारण संचार सेवा बन्द भयो।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	१	७				
गोलीद्वारा हत्या	१	१		१	२	२		२
बलात्कारपछि हत्या	१		१	१				
गिरफ्तारी र यातना					२	२		२
कुटपिट	१७	२६	१	२७				
धम्की	७	८		८				
महिला किनबेच	१		१	१				
महिला किनवेचको प्रयास	१		१	१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	७	१	६	७				
जारी	२	१	१	२				
गर्भपतन	४		४	४				
बाल अधिकार	१		१	१				
आर्थिक अधिकार	३	२	१	३				
जातीय छुवाछूत	१३	१३	१	१४				
अमानवीय व्यवहार	३	४		४				
अपहरण	३	४		४				
जम्मा	७३	६६	२१	८७	४	४		४

मौलिक अधिकार

सरुवा, घटुवा र पक्षपात आदि

यस जिल्लामा जिल्ला शिक्षा कार्यालयले पक्षपातपूर्ण ढंगले विभिन्न विद्यालयका २३ जना अस्थायी शिक्षकलाई सरूवा गरेको कुरा पीडितहरूले बताए।

महिला अधिकार

ब्याँसी गाविस-९ की २१ वर्षीय एक महिलालाई ०५८ भदौ ११ गते घरमा कोही नभएको अवस्थामा कडेल गाविस-४ का २३ वर्षीय रामवहादुर बोहोराले बलात्कार गर्ने प्रयास गरे। दुवैजनाबीच मिलापत्र भयो।

व्याँसी गाविस-३ की १३ वर्षीय एक बालिकालाई ०५८ असोज १५ गते घरमा कोही नभएको अवस्थामा सोही गाविसका २२ वर्षीय पुने धामीले बलात्कार गरे। पीडकले पीडितसमक्ष माफी मागेपछि मिलापत्र गरियो।

व्याँसी गाविस-५ की २४ वर्षीय एक महिलालाई पति विदेश गएको अवस्थामा ०५८ असार २० गते सोही गाविस-४ का धनबहादुर भण्डारीले १० हजार रूपैयाँ लिएर मौलाली गाविस-८ रकैलका रामवहादुर धामीलाई विक्री गरे। पीडकमाथि कुनै कारवाही भएन।

जारीको दुई वटा घटना सार्वजनिक जानकारीमा आयो।

यस वर्ष ३ जना महिलाहरूलाई आफ्नै पतिहरूले कुटपिट गर्दै घरवाट निकालेर दोस्रो विवाह गरेको जानकारीमा आयो।

गर्भपतनको ४ वटा घटना सार्वजनिक जानकारीमा आए।

बालअधिकार

राएल गाविस-५ का ५५ वर्षीय घ्याम्पु रावलले घरमा पत्नी हुँदाहुँदै छोरा जन्माउने आशाले १३ वर्षीय एक बालिकासँग ०५८ जेठ ६ गते विवाह गरे। पीडक उपर कुनै कारवाही चलाइएको छैन।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

कडेल गाविस-६ की ३० वर्षीय पदमादेवी विकलाई तल्लो जातिको भई सार्वजनिक धारामा पानी खाएको आरोपमा ०५८ जेठ २ गते बेलुका ३ जना अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

सुर्मा गाविस-५ का ४५ वर्षीय अम्मर पुजारा र ३० वर्षीय जंग पुजारालाई मन्दिरको पुजारी बन्ने विषयमा विवाद हुँदा ०५८ असार ६ गते सोही गाविसका धर्म पुजारा, खड्क पुजारालगायत् ८ जनाले धारिलो हतियार प्रहार गरी सख्त घाइते वनाए। पीडितहरूमध्ये अम्मरको दुईवटा हात र जंगको एउटा हात र खुट्टा काटेका थिए।

सुर्मा गाविस-६ का ३६ वर्षीय जयवहादुर पुजारालाई मन्दिरमा पुजारी बन्ने विषयमा विवाद हुँदा ०५८ असार ८ गते

सोही गाविसका मनसिंह पुजारा, खड्क पुजारा र कटक पुजाराले बायाँ हात काटेर फ्याँकिदिए।

ब्याँसी गाविस-७ का १३ वर्षीय शेरबहादुर सार्की र १४ वर्षीय दिलु सार्कीलाई तल्लो जाति भएको आरोपमा ०५८ असार २२ गते खेतमा पानी लगाइरहेको अवस्थामा सोही ठाउँका दिनेशप्रसाद पण्डितले अपशव्द प्रयोग गरी गालीगलौज गरेर खेतमा पानी लगाउनबाट वञ्चित गरे।

सुनवुडा गाविस-३ का २४ वर्षीय रामबहादुर विकलाई तल्लो जातिको भएको आरोपमा ०५८ साउन १८ गते सार्वजनिक धारामा पानी खान खोज्दा सोही ठाउँका ज्ञानबहादुर धामीले रोक लगाए।

दौलिचौर गाविस-३ का ३६ वर्षीय उजलेबहादुर लुहारलाई तल्लो जातिको भएको आरोपमा ०५८ असोज ४ गते सोही ठाउँका ३२ वर्षीय पूर्णबहादुर पुजाराले सार्वजनिक धाराको पानी उपभोगबाट गर्नबाट वञ्चित गरे।

दौलिचौर गाविस-६ का ३५ वर्षीय धनबहादुर कामीलाई धार्मिक स्थलमा प्रवेश गर्न खोजेको आरोपमा ०५८ मंसिर २ गते सोही गाविसका अध्यक्ष नारायण पुजाराले अपशव्द प्रयोग गरी गाली बेइज्जती गर्नुका साथै ज्यानमार्ने धम्कीसमेत दिए।

अतिरिक्त जानकारीहरू

यस वर्ष यो जिल्लामा एक जना महिलाले आत्महत्या गरेको घटना सार्वजनिक जानकारीमा आयो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा ७ जना पुरूष पीडित भए।

५.६ कञ्चनपुर

जनसंख्या	३४८९७६
साक्षरता प्रतिशत	४५
महिला साक्षरता प्रतिशत	४६
क्षेत्रफल (वर्ग कि.मी.)	१६१०
गाविस/नपा संख्या	१९/१
निर्वाचन क्षेत्र	३
विद्यालय	२५६
क्याम्पस/उच्च मावि	४/७
अस्पताल/स्वास्थ्य चौकी	१/२१
टेलिफोन लाइन	२४७०
मोटर सडक (कि.मी.)	२१५
प्रहरी कार्यालय संख्या	२१
हुलाक संख्या	२३

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षमा शिकार गरिरहेको एक जना अज्ञात व्यक्तिको ०५७ चैत ३१ गते शाही नेपाली सैनिकले चलाएको गोलीद्वारा मृत्यु भयो।

श्रीपुर गाविस-५ मोतिपुरका ४२ वर्षीय पदमराज पन्तलाई ०५८ पुस १२ गते राति माओवादीहरूले कुटपिट गरी हत्या गरे।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा ५ जना पुरूष र एक जना आठ वर्षीय बालिकासहित २ जना महिलाको हत्या भयो। जसमध्ये-

दैजी गाविस-४ वैतडाकी ८ वर्षीय मिना विष्टलाई ०५७ चैत ८ गते राति आफ्नै बाबु ३० वर्षीय कमान सिंह विष्टले रूखमा झुण्ड्याई हत्या गरे। पीडकलाई अदालतको फैसलाबमोजिम थुनामा राखिएको छ।

दैजी गाविस-१ की २२ वर्षीय सुमित्रा सार्कीलाई ०५८ जेठ २७ गते आफ्नै पति २५ वर्षीय राजु सार्कीले कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको कञ्चनपुर जेलको वन्दी क्षमता ७५ जना छ। हाल यस जेलमा ५० जना बन्दी छन्। वन्दीहरूमध्ये कैद नतोकिएका २४ र कैद तोकिएका २६ जना छन्। तीमध्ये ५ महिला र ४५ पुरुष छन्। ती बाहेक नजरबन्दमा ७५ जनालाई राखिएको छ। जसमा ८ जना महिला छन्।

जेलमा वन्दी संख्या धेरै भएकाले सुत्ने समस्या र औषधी उपचारको समस्या रहेको गुनासो बन्दीहरू गर्दछन्।

गिरफ्तारी र यातना

कालिका गाविस मोतिवस्तीका ४९ वर्षीय पुष्कर शर्मालाई ०५७ माघ १० गते पुनरावेदन अदालत, महेन्द्रनगरको आदेशबाट रिहा गरेपछि प्रहरीले अदालतकै परिसरबाट पुनः गिरफ्तार गरे। पीडितलाई सोही राति गड्डाचौकीस्थित इलाका प्रहरी कार्यालयमा यातना दिइयो। पीडितलाई ११ गते अनशनमा बसेपछि माघ १५ गते मात्र कारागार चलान गरियो।

त्रिभुवनवस्ती गाविस-२ का २३ वर्षीय रवीन्द्रकुमार नकर्मीलाई ०५८ वैशाख १४ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। घटनाको विरोधमा सोही ठाउँका व्यापारीहरूले भोलिपल्ट वजार वन्द गरेपछि पीडितलाई १७ गते ५ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

त्रिभुवनवस्ती गाविस- ९ बाट ०५८ असार २८ गते १ जना सोही ठाउँका वडाध्यक्ष र २ जना व्यापारीलाई माओवादीहरूले अपहरण गरी दुई हप्तापछि मुक्त गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

रैकवार बीचवा गाविस पिरैयाका लक्ष्मीदत्त जोशीलाई ०५७ पुस १८ गते राति माओवादीहरूले ज्यानमार्ने धम्की दिई घरबाट धान लुटेर लगे।

झलारी गाविस अध्यक्ष टेकबहादुर हमाल र सोही गाविस-२ का वडाध्यक्ष दिलबहादुर बुढालाई ०५७ फागुन १९ गते सोही गाविसस्थित इलाका प्रहरी कार्यालयमा उजुरी गर्न गएको अवस्थामा प्रहरीले कुटपिट गरे। पीडकहरूमध्ये दुई जनालाई १ वर्षको ग्रेड रोक्का गरियो भने अन्यलाई स्पष्टीकरण सोधियो।

श्रीपुर गाविस-५ का ३६ वर्षीय केशव कँडेल र उनकै आमा हरिकला कँडेललाई ०५८ वैशाख १७ गते एक समूहले कुटपिट गरी घरसमेत तोडफोड गरे।

महेन्द्रनगर नपा-३ का ५६ वर्षीय द्विजराज जोशी, उनकै पत्नी लक्ष्मीदेवी जोशी, तिलकराज जोशी, पुष्पराज जोशी र पर्वत ठगुन्नालाई ०५८ जेठ ७ गते राति अज्ञात व्यक्तिहरूको एक समूहले कुटपिट गरी धनमाल लुटेर लगे।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	६	२	८				
गोलीद्वारा हत्या					१	१		१
गिरफ्तारी र यातना					४	१८		१८
कुटपिट	१६	२५	३	२८	१	२		२
धम्की	३	३		३				
महिला किनबेच	३		३	३				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	२		२	२				
पारिवारिक हिंसा	१		१	१				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
जातीय छुवाछूत	३	३		३				
अमानवीय व्यवहार	२	१	१	२				
अपहरण	१	३		३				
जम्मा	४२	४१	१५	५६	६	२१		२१

देखतभूली गाविस जाईसिकलपट्टिका ४३ वर्षीय कृष्ण भाटलाई ०५८ असार ७ गते माओवादीहरूले घरमा कुटपिट गरे।

महेन्द्रनगर नपा-६ का ४० वर्षीय उद्धवबहादुर चन्दलाई ०५८ असार १२ गते प्रहरीले निर्मम कुटपिट गरे। पीडितले पीडकहरूउपर पुनरावेदन अदालतमा यातनाविरूद्ध क्षतिपूर्तिका लागि मुद्दा दर्ता गराए।

रामपुर विलासपुर गाविसका कार्यवाहक अध्यक्ष हर्कबहादुर के.सी. लाई प्रतिकार समिति गठन गरेको आरोपमा ०५८ असोज १८ गते राति माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिए।

पिपलाडी गाविस-४ का तेजबहादुर साहुलाई ०५८ कार्तिक २ गते माओवादीहरूले कुटपिट गरे।

सांसद रमेश लेखकको सुडा गाविस-८ स्थित घर ०५८ मंसिर ८ गते माओवादीहरूले तोडफोड गरी एउटा भरूवा बन्दुक तथा अन्य सामान लुटेर लगे। माओवादीहरूले घरमा बसेका ४८ वर्षीय विष्णुदत्त भट्टलाई प्रहरीसमक्ष खबर गरेमा ज्यानमार्ने धम्की दिए।

दैंजी गाविस हेलास्थित वन कार्यालयको रेन्जपोष्टमा ०५८ मंसिर १० गते माओवादीहरूले आगो लगाउनुका साथै त्यहाँ रहेको ४ जना सुरक्षाकर्मीलाई चुपचाप नबसे ज्यानमार्ने धम्की दिए।

देखतभूली गाविसका अध्यक्ष ५० वर्षीय तनुकलाल चौधरी र उनकै छोरा २४ वर्षीय विजय चौधरीलाई ०५८ मंसिर १२ गते माओवादीहरूले कुटपिट गरे।

श्रीपुर गाविस-५ भकुन्डाका ३५ वर्षीय बाबुराम चौधरीलाई ०५८ पुस १२ गते राति माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा एक वर्षसम्म फर्स्योट नभएका मुद्दा सरकारवादी फौजदारी ५ र दुनियावादी फौजदारी ३ वटा तथा छ महिनासम्म फर्स्योट नभएका सरकारवादी फौजदारी ५ र दुनियावादी फौजदारी ५ वटा रहे। दुई वर्षसम्म फर्स्योट नभएका देवानी मुद्दा १ वटा, एक वर्षसम्म फर्स्योट नभएका १० वटा र छ महिनासम्म फर्स्योट नभएका १५ वटा रहे। छ महिनासम्म फर्स्योट नभएको परमादेशको एउटा मुद्दा रह्यो।

त्यसैगरी जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा एक वर्षसम्म फर्स्योट नभएका ३ र छ महिनासम्म फर्स्योट नभएका ६ वटा रहे भने दुनियावादी फौजदारी मुद्दा एक वर्षसम्म फर्स्योट नभएका ४ र छ महिनासम्म फर्स्योट नभएका २३ वटा रहे। त्यसैगरी देवानी मुद्दा दुई वर्षसम्म फर्स्योट नभएका २, १ वर्षसम्म फर्स्योट नभएका ३२ र ६ महिनासम्म फर्स्योट नभएका ५५ वटा रहे।

जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध र सजाय ऐनअन्तर्गत दर्ता भएका मुद्दामध्ये १ वर्षसम्मका ४ वटा

र ६ महिनासम्मका ४ वटा फर्स्यौट हुन बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

विभिन्न गाविसमा जंगल अतिक्रमण गरी बसेका सल्लागोठ, लालझाडी, सुन्दरीफाँटा, गडजमुनी, किचाई, बेलडाँडी, खल्ला भसेरी र चाँदनी गाविस-७ का घरहरू जिल्ला वन कार्यालयले कार्तिक र मंसिरमा हात्ती र आगो लगाई क्षतिग्रस्त बनाए। यी गाविसहरूमध्ये चाँदनी गाविस-७ मा बाढी पीडित परिवारहरूको २३ वटा घर, अन्न र लुगाफाटोसमेत मंसिर १७ गते वन कार्यालयले आगो लगायो।

महिला अधिकार

बेलडाँडी गाविस-८ की २२ वर्षीय एक महिलालाई ०५७ माघ ४ गते शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षका ३१ वर्षीय रामशरण चौधरीले बलात्कार गरे। प्रशासनिक दबाबमा पीडितको बाबुलाई ७ हजार रूपैयाँ दिई मिलापत्र भएको कुरा सोही ठाउँका व्यक्तिहरूले बताए।

श्रीपुर गाविस-५ शान्तिनगरकी २० वर्षीय एक महिलालाई ०५७ चैत २३ गते रामपुरविलासपुर गाविस- ६ का २५ वर्षीय गणेश तिरूवाले घरभित्र बलात्कार गर्ने प्रयास गरे। पीडकलाई अदालतको आदेशमा ०५८ वैशाख १० गते १७ हजार रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरियो।

महेन्द्रनगर नपा-८ तिलाचौरकी २८ वर्षीय एक महिलालाई ०५८ साउन १४ गते सोही ठाउँका २४ वर्षीय हेमन्त सिंह नेगी र २५ वर्षीय रघुवीर भट्टले बलात्कार गर्ने प्रयास गर्नुका साथै छुरा प्रहार गरी घाइते बनाए। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बाग्लुङ जिल्ला घर भई महेन्द्रनगर नपा-४ मा चिया पसल गरी बस्ने २८ वर्षीय एक महिलालाई ०५८ वैशाख ६ गते सोही ठाउँका कान्तिप्रसाद जोशीले भारत पुर्‍याई बिक्री गरे। पीडित फर्कन सफल भई जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडकलाई कुनै कारवाही भएन।

दोधारा गाविस-१ कन्जभोजका २ जना युवतीलाई ०५८ साउन २२ गते सोही ठाउँ माइतीघर भई भारतको उद्यमसिंहनगर जिल्ला कोटा गाउँकी ३८ वर्षीय पुष्पादेवी सुनारले भारतको बरेली पुर्‍याई ३० हजार भारतीय रूपैयाँमा बिक्री गरिन्। पीडितहरू घर फर्कन सफल भए। पीडकलाई कुनै कारवाही भएन।

महेन्द्रनगर नपा-१८ की २३ वर्षीय जौमतिदेवी लुहारलाई मुखमुखै लागेको आरोपमा ०५७ फागुन २ गते आफ्नै पति २८ वर्षीय महावीर लुहार र सासु पदमादेवी लुहारले लाठी प्रहार गरी कुटपिट गरे। पीडकहरू र पीडितबीच मिलापत्र भयो।



कुटपिटबाट पीडित उद्धवबहादुर चन्द

बाइसे विचवा गाविस-५ की ६० वर्षीय समलो रानालाई बोक्सीको आरोपमा ०५८ कार्तिक १९ गते सोही ठाउँका कल्लु राना, अजमा राना, राधेश्याम राना र खप्तड रानाले कपाल खौरी दिशा खुवाएर गाउँ घुमाए। पीडितकी बुहारीले सासुलाई बचाउन खोज्दा उनलाई पनि कुटपिट गरिएको थियो। पीडित पक्षले प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि कुनै कार्वाही भएन।

बालअधिकार

एक जना नवजात शिशुलाई जन्मनेबित्तिकै हत्या गरिएको घटना सार्वजनिक जानकारीमा आयो। पीडकहरूलाई थुनामा राखिएको छ।

आर्थिक अधिकार

लक्ष्मीपुर गाविस-१ टेढुवाका ३५ वर्षीय विषराम खुनाले आफूले दुई दिन खेतमा काम गरे बापतको ज्याला माग्न जाँदा ०५७ फागुन २७ गते खेत मालिक लालबहादुर चौधरी र उनकै भाइहरू सोनई चौधरी, मानबहादुर चौधरी र प्रेमलाल चौधरीले कुटपिट गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

कैलाली जिल्लाको मालाखेती गाविसस्थित मुक्त कमैया शिविरका ३६ वर्षीय धनबहादुर चौधरीलाई ०५७ माघ १ गतेदेखि ३ गतेसम्म महेन्द्रनगर नपा-४ का टिकाराम बोहराले बाथरूममा थुनी अमानवीय व्यवहार गरे। पीडकलाई ५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो। पीडित कमैया मुक्तिको घोषणा हुँदा पीडकका घरमा कमैया थिए।

श्रीपुर गाविस बेलौरी बजारमा सुनको काम गरी बस्ने २९ वर्षीय धर्मसिंह सुनारलाई हैण्डपम्पमा पानी भर्न जाँदा ०५७ माघ १४ गते सोही ठाउँका धर्मसिंह ऐरले जातीयरूपले अपहेलित गरी गालीगलौज गरे।

कालिका गाविस-६ महेन्द्रवस्तीका ५० वर्षीय गगने सुनारलाई ०५७ माघ २० गते सोही गाविसस्थित मालिका प्रावि व्यवथापन समितिका अध्यक्ष ४५ वर्षीय लह धामीले जातीयरूपले अपहेलित गरी गालीगलौज गरे। पीडकले गाविसमा सार्वजनिक माफी मागेपछि मिलापत्र भयो।

दैजी गाविस-५ भम्काका २८ वर्षीय जनक ओखेडालाई ०५८ असार १९ गते सोही गाविस-६ जडेपानीका बलदेव विष्टले सार्वजनिक स्थल, पसलमा जातीय रूपले होच्याई गालीगलौज गरी कुटपिट गरे। दुवैपक्षबीच झलारीस्थित इलाका प्रहरी कार्यालयमा मिलापत्र भयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

श्रीपुर गाविसका नेकपा (एमाले) गाउँ कमिटी सचिव केशव कँडेलको घरमा ०५८ वैशाख १७ गते एक समूहले गरेको तोडफोडप्रति खेद व्यक्त गरी ०५८ वैशाख १८ गते एमाले जिल्ला कमिटीले प्रेस वक्तव्य जारी गऱ्यो।

रामपुर विलासपुर गाविसका कार्यवाहक अध्यक्ष हर्कबहादुर के.सीलाई माओवादीहरूले कुटपिट गरेको विरूद्ध ०५८ असोज २० गते खेद व्यक्त गर्दै नेकपा (एमाले) जिल्ला कमिटीले एक विज्ञप्ति जारी गऱ्यो।

दैजी गाविसमा ०५८ कार्तिकमा माओवादीद्वारा गरिएको लुटपाटका विरूद्ध सोही ठाउँका जनताले मंसिर १ गते नारा लगाई विरोध जनाए।

५.७ डडेल्धुरा

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

मणिलेक गाविसमा माओवादी र सुरक्षा बलबीच ०५८ पुस १ गते दोहोरो भीडन्त हुँदा सुरक्षा बलको गोलीद्वारा विप्लव भन्ने हिक्मतबहादुर सावदको मृत्यु भयो।

अमरगढी नपा-१ डकलेखेतका १५ वर्षीय दिपेन्द्र ऐर र ११ वर्षीय भीमबहादुर ऐरको ०५८ पुस ११ गते दिउँसो जंगलमा बम फेला पारेर घरमा ल्याई खेलिरहेको अवस्थामा बम विस्फोटन भई मृत्यु भयो।

जोगबुडा गाविस-३ मा ०५८ पुस १३ गते सुरक्षा बलको गोलीद्वारा १ जना महिला सहित ६ जनाको मृत्यु भयो। पीडितहरू को हुन् भन्ने कुरा पत्ता लाग्न सकेन।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा १ जना महिलाको हत्या भयो।



जनसंख्या	: १२८०७०
साक्षरता प्रतिशत	: ५३.१३
महिला साक्षरता प्रतिशत	: ३५.४२
क्षेत्रफल (वर्ग कि.मी.)	: १५३८
गाविस/नपा संख्या	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २७५
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: २/२५
टेलिफोन लाइन	: २७६
मोटर सडक (कि.मी.)	: २१०
प्रहरी कार्यालय संख्या	: ६
हुलाक संख्या	: ३१

जेल र बन्दीहरु

"घ" श्रेणीको डडेल्धुरा जेलको बन्दी क्षमता २५ जनाको छ। हाल यस जेलमा कैद तोकिएका १० पुरूष २ महिला गरी १२ जना तथा कैद नतोकिएका ६ जना पुरूष छन्। यसबाहेक १७ जना पुरूषलाई माओवादीको आरोपमा नजरबन्दमा राखिएको छ। हाल यस जेलमा ३५ जना बन्दी छन्।

मस्टामाण्डौ गाविस-४ रूलाकोटका २८ वर्षीय शंकर कामीको एड्स रोगका कारण ०५७ फागुन २६ गते जेलमा मृत्यु भयो। शंकर ०५६ माघदेखि ज्यान मुद्दामा थुनुवा रहेका थिए।

गिरफ्तारी र यातना

आलिताल गाविस-३ का २६ वर्षीय रक्तिम भन्ने छत्रप्रसाद जोशीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ मंसिर १५ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सिर्स गाविस-८ का २६ वर्षीय हरिसिं माललाई माओवादीको आशंकामा ०५८ मंसिर १५ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

बगरकोट गाविस-९ का खडकबहादुर सावदलाई माओवादीको आरोपमा ०५८ मंसिर १७ गते प्रहरीले घरबाट गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

बगरकोट गाविस-८ का प्रकाशबहादुर सावदलाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते प्रहरीले अमरगढी नपा-५ बागबजारबाट गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

अमरगढी नपा-४ का राजबहादुर बोहरालाई माओवादीको आशंकामा ०५८ मंसिर १७ गते सोही नपा-५ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि रिहा गरियो।

बगरकोट गाविस-९ का प्रेमबहादुर सावदलाई माओवादीको आशंकामा ०५८ मंसिर १८ गते मानवअधिकार संस्था हरमसको कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

अमरगढी नपा-५ महेन्द्र उच्च माविबाट तेजबहादुर कार्की, धनबहादुर बोहरा र शिवराज भट्टलाई माओवादीको आशंकामा ०५८ मंसिर २१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई बाँसको लाठी प्रहार गरी यातना दिइयो। हाल नजरबन्दमा राखिएको छ।

चिपुर गाविसस्थित मणिलेक माविका प्रधानाध्यापक राजेन्द्रप्रसाद चटौत, नेकपा (एमाले) का कार्यकर्ता पदमबहादुर विष्ट र भेटनरीका पियन करन विष्टलाई माओवादीको आशंकामा ०५८ मंसिर २८ गते सोही गाविसबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई नजरबन्दमा राखिएको छ।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गोलीद्वारा हत्या					२	६	१	७
बम बिस्फोटनबाट मृत्यु	१	२		२				
गोलीद्वारा घाइते					१	१		१
गिरफ्तारी र यातना					१०	१४		१४
बेपत्ता पारिएको					१	१		१
कुटपिट	२	५		५				
धम्की	५	४	१	५				
भूमिहीन तथा सुकुम्बासी समस्या					१	१		१
आर्थिक अधिकार	१	२	१	३				
अमानवीय व्यवहार	१	१		१				
अपहरण	२	२		२				
जम्मा	१४	१७	३	२०	१५	२३	१	२४

नवदुर्गा गाविस-४ का २३ वर्षीय भक्तबहादुर कठायतलाई माओवादीको आशंकामा ०५८ पुस १ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सिर्स गाविसका शिक्षक शेरबहादुर ठगुन्नालाई ०५८ पुस २ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि रिहा गरियो।

बेपत्ता पारिएको / अपहरण गरिएको

जोगबुढा गाविस-८ का ३६ वर्षीय वीरबहादुर कार्कीलाई ०५८ पुस १ गते सदरमुकाम आउने क्रममा डोटी जिल्लाको बुडरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

जोगबुढा गाविस-१ स्थित सिद्धनाथ उच्च माविका प्रधानाध्यापक जगदीशप्रसाद भट्टलाई ०५८ पुस ५ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी सोही राति मुक्त गरियो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

अमरगढी नपा-८ लटाउलीका शम्भुनाथ प्राविका प्रधानाध्यापक ४६ वर्षीय कर्णबहादुर सौकीलाई विद्यालयमा जातीय छुवाछूत गरेको आरोपमा ०५८ भदौ १८ गते दलित मुक्ति मोर्चाका कार्यकर्ताहरूले विरोध गरे। सोही नपा-५ का सुरेश ताम्राकारलाई सो कार्यमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरी असोज ५ गते रिहा तारेखमा रिहा गरे।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १६ जना पुरूष र १० जना महिला पीडित भए। ३ पुरूष र ३ महिलाले आत्महत्या गरे। खोलामा डुबेर १ जना तथा दुर्घटनामा परी २ पुरूषको मृत्यु भयो।

५.८ बैतडी

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

दुर्गास्थान गाविस-१ स्थित एक घरमा बसेका ५ जना माओवादीलाई ०५८ मंसिर २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी करिब २ किमी उत्तरस्थित जंगलमा पुऱ्याएकोमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। भाग्न र प्रतिकार गर्न खोजेको आरोपमा गोली प्रहार गरिएको सुरक्षाकर्मीले जनाए।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा ३ जना पुरूषको हत्या भयो। जसमध्ये-

दशरथचन्द नपा-५ मार्कन्डगाउँका ३८ वर्षीय तारासिंह रावललाई ०५८ मंसिर ५ गते केही अज्ञात व्यक्तिहरूले सोही नपा-१ गोठलापानी बजारको पश्चिमपट्टि पर्ने सल्लेरी झाडीमा लगी टाउकोमा ढुङ्गाले हिर्काई हत्या गरे। हत्याको कारण खुल्न सकेको छैन।

जेल र बन्दीहरु

कूल २५ जना बन्दी क्षमता भएको बैतडी जेल "घ" श्रेणीको हो। हाल यस जेलमा हाल २४ जना बन्दी रहेका छन्। जेलमा महिला र नाबालक छैनन्। बन्दीहरूमध्ये कैद तोकिएका १२ र कैद नतोकिएका १२ जना छन्। जेलमा बन्दीहरूको उपचारको व्यवस्था छ। त्यसैगरी रेडियो, टिभी तथा पत्रपत्रिका उपलब्ध गराइएको छ। बन्दीहरूसँग जुनसुकै दिन पनि भेट गर्न सकिन्छ। बन्दीहरूका लागी टोपी, स्वेटर आदि बन्ने सुविधा

उपलब्ध गराइएको छ। जेलमा शौचालयको ट्यांकी सानो भएकाले तुरून्तै भरिई गन्ध आउने र कर्कट पाताबाट छाएको छाना पुरानो भएकाले वर्षायाममा पानी चुहिने गरेको बन्दीहरू बताउँछन्। जेलको चारैतिर खुल्ला भएकाले पर्खाल वा तारले घेरा हाल्नुपर्ने आवश्यकता देखिन्छ।

जनसंख्या	: २४३९६७
साक्षरता प्रतिशत	: ३९
महिला साक्षरता प्रतिशत	: २३.५
क्षेत्रफल (वर्ग कि.मी.)	: १५१९
गाविस/नपा संख्या	: ६२/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७५
क्याम्पस/उच्च मावि	: २/७
अस्पताल/स्वास्थ्य चौकी	: १/७०
टेलिफोन लाइन	: २२७
मोटर सडक (कि.मी.)	: १५५
प्रहरी कार्यालय संख्या	: ३२
हुलाक संख्या	: ६८

गिरफ्तारी र यातना

दुर्गास्थान गाविस-५ का खेमराज बडुलाई ०५८ मंसिर २२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा माओवादीको आरोपमा गोठलापानी बजारबाट प्रहरीले विनापुर्जी गिरफ्तार गरे।

दुर्गास्थान गाविस-२ का जयराम लुहार र देहिमाण्डौका जयबहादुर बोहोरालाई माओवादीलाई सहयोग गरेको अरोपमा ०५८ मंसिर २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोधपुछ गरी आत्मसमर्पणको कागज गराई दुई हप्तापछि रिहा गरियो।

दुर्गास्थान गाविस-२ का दिलाराम ओड, हरिराम ओड र सोही गाविस-१ का चक्रप्रसाद भट्टलाई ०५८ मंसिर २९ गते ५ नाल भरूवा बन्दुकसहित जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न जाँदै गर्दा बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछ र अनुसन्धानका लागि एक हप्तासम्म थुनामा राखी आत्मसमर्पणको कागज गराई रिहा गरे।

बेपत्ता पारिएको /अपहरण गरिएको

पाटनस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दारद्वय डडेल्धुरा जिल्ला गणेशपुर गाविस- ६ का लोकबहादुर मल्ल र डोटी जिल्ला मुडभरा गाविस-७ का गुणेन्द्रबहादुर बोहोरालाई ०५८ असार २७ गते पाटनबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई ०५८ साउन १६ गते रायल गाविसबाट मुक्त गरियो।

यस बाहेक अन्य घटनामा ३ जना सर्वसाधारणलाई माओवादीहरूले अपहरण गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सित्तड गाविस-७ का २३ वर्षीय मनोजकुमार जोशीलाई आफूहरूले भनेजति चन्दा दिन असमर्थता जनाएको आरोपमा ०५८ साउन २५ गते राति माओवादीहरूले कुटपिट गरे। पीडितलाई तुरून्त ५ हजार रूपैयाँ बुझाउने शर्तमा माओवादीहरूले छोडियो।

रूद्रेश्वर गाविस-४ का जिविस सदस्य गणेश बोहोरा, सोही गाविसका अध्यक्ष सुरेन्द्र पाल र सोही गाविस-१ का गाविस उपाध्यक्ष गणेश बोहोरालाई ०५८ साउन २८ गते माओवादीहरूले कुटपिट गरे। पीडकहरूले जिविस सदस्य गणेशको खुट्टासमेत भाँचिदिएकोमा भारतको दिल्लीमा गई उपचार गरियो। साथै, गाविस अध्यक्ष सुरेन्द्रसँग माओवादीहरूले ९ हजार रूपैयाँ माग गरे।

मेलौली गाविसस्थित मेलौली उच्च माविका शिक्षक कृष्णसिंह नायकलाई राजनीतिक पूर्वाग्रहका कारण ०५८ असोज ५ गते माओवादीहरूले कुटपिट गरी बायाँ हातसमेत भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

पाटन बजारका नेकाँका स्थानीय नेता विष्णुदत्त जोशी र उनकै दाजु शिवराज जोशीलाई ०५८ मंसिर ५ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले घर बाहिर बोलाई पाटनको बीचबजारमा लगी कुटपिट गरे।

मौलिक अधिकार

धार्मिक स्वतन्त्रता

खलंगामा ०५८ भदौ २५ गते जम्मा भएका गैरदलित जातिका व्यक्तिहरूले सोही ठाउँस्थित शिख धर्मावलम्बीहरूको सतसँग मन्दिरमा कुखुरा काटिदिए। साथै, जातीय विभेदका नाराहरूसमेत लगाए।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या					१	५		५
गिरफ्तारी र यातना					५	१०		१०
कुटपिट	६	९		९	१	१		१
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
जातीय छुवाछूत	२	१	१	२				
अपहरण	२	५		५				
जम्मा	१६	१८	४	२२	७	१६		१६

महिला अधिकार

बहुविवाहको एउटा घटनामा पीडितद्वारा उजुरी गरिएको सार्वजनिक जानकारीमा आयो।

दुर्गास्थान गाविस-२ कर्पतवैनाकी २३ वर्षीय पुष्पा चन्दको अवैध यौन सम्बन्धबाट रहेको गर्भ आफ्नै पति ललितबहादुर चन्दले आफू अस्थायी नोकरी गर्ने भारतको मुम्बइमा लगी ०५८ फागुन १७ गते गर्भपतन गराए। गर्भपतन गराएपछि ललितबहादुर र उनकै बाबु कालु चन्दले मंसिर महिनामा सोही गाविस-१ स्थित कुटिमा लगी जबर्जस्ती कपाल खौरी पुष्पालाई माता बनाए। हाल पुष्पा सहाराविहिन अवस्थामा रहेकी छिन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

दुर्गास्थान गाविस-३ का भरतबहादुर चन्दलाई मादक पदार्थ सेवन गरी जथाभावी गाली बेइज्जती गरेको आरोपमा ०५८ भदौ २ गते माओवादीहरूले आफ्नै घरबाट बाहिर ल्याई खोलाको किनार जंगलको छेउमा पुऱ्याई मलद्वारमा खुर्सानी हालीदिए।

सदरमुकामस्थित गोठलापानी, शाहीलेक, गढी आदि ठाउँका होटलहरूमा ०५८ भदौ २३ गते जम्मा भएका करिब २-३ सय दलित जातिका व्यक्तिहरू प्रवेश गरे।

छुवाछूत प्रथाको मुक्तिका लागि क्रियाशील नरेशकुमार वि.क., पूर्णराम विक र अन्य दलितहरूलाई ०५८ भदौ २४ गते बेलुका करिब ५०-६० जना गैरदलित जातिका व्यक्तिहरूले हातपात गर्नुका साथै गाली बेइज्जति गरे।

अतिरिक्त जानकारीहरू

व्यक्तिगत रिसइवीका कारण १६ जनाले एक जनाको घरमा आगो लगाएको घटना सार्वजनिक जानकारीमा आयो।

५.९ दार्चुला



जनसंख्या	:	१०१६८३
साक्षरता प्रतिशत	:	४१.९
महिला साक्षरता प्रतिशत	:	१८.५
क्षेत्रफल (वर्ग कि.मी.)	:	२३२२
गाविस/नपा संख्या	:	४१/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	२९८
क्याम्पस/उच्च मावि	:	०/६
अस्पताल/स्वास्थ्य चौकी	:	१/४२
टेलिफोन लाइन	:	२००
मोटर सडक (कि.मी.)	:	१७
प्रहरी कार्यालय संख्या	:	१८
हुलाक संख्या	:	४३

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

गोकुलेश्वर गाविस-४ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत असई गणेशबहादुर सिंखडा, हवल्दारहरू वीरभद्र भट्ट, रमेश भट्ट, कमलापति पाण्डे, प्रहरी जवानहरू कलविर विष्ट, जमनसिंह धामी र दिनेशसिंह धामीको ०५८ मंसिर ११ गते राति माओवादीहरूको आक्रमणमा परी मृत्यु भयो। दोहोरो भीडन्त भएको सो घटनामा ६ जना प्रहरी घाइते भए। माओवादी तर्फ १२ जनाको मृत्यु भएको सार्वजनिक जानकारीमा आयो।

यसबाहेक यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका घटनामा १ पुरूष र २ महिलाको हत्या भयो। जसमध्ये-

लाली गाविसकी ६० वर्षीय विन्द्रा भट्टलाई ०५८ पुस १३ गते आफ्नै देवर विनोदप्रसाद भट्टले गरगहनाको लोभमा खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई अदालतले दश वर्ष कैद तोकेकाले थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लामा ४० जना बन्दी क्षमता रहेको "घ" श्रेणीको जेल रहेको छ।

गिरफ्तारी र यातना

लटिनाथ गाविस-८ का गणेशसिंह विष्ट र एयरकोट गाविसका कृष्णसिंह ठगुन्नालाई माओवादीको आरोपमा ०५८ जेठ ७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई रिहा गरियो।

गुल्जर गाविसका २७ वर्षीय जनकसिंह महर, केशरसिंह धामी, अमरसिंह धामी, जमनसिंह धामी र अम्बादत्त जोशीलाई माओवादीको आशंकामा ०५८ असोज १० गते शंकरपुर गाविस-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हातहतियार खरखजानासम्बन्धी मुद्दामा धरौटीमा रिहा गरियो।

ख्वार गाविसको केदारेश्वरी माविका शिक्षक हरिबोधनसिंह धामीलाई ०५८ मंसिर २४ गते जिल्ला शिक्षा कार्यालयमार्फत् प्रशासन कार्यालयमा बोलाई प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

खलंगा गाविस-८ का राजेन्द्रसिंह महरलाई माओवादीको आशंकामा ०५८ मंसिर २७ गते खलंगा गाविस-५ स्थित आफ्नै पसलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएको छ।

ईयरकोट गाविस-७ का १८ वर्षीय डम्बर सिंह कार्कीलाई ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले घरमा छापा मारी माओवादी दस्तावेज र भरूवा बन्दुकसहित गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

स्वलंगा गाविस-५ का जगदीशकुमार निरौलालाई ०५८ पुस ५ गते आत्मसमर्पण गर्न जिल्ला प्रशासन कार्यालयमा पुगेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
गोलीद्वारा हत्या	१	६		६	१	१२		१२
गोलीद्वारा घाइते	१	७		७				
गिरफ्तारी र यातना					९	१५		१५
धम्की	५	४		४				
जम्मा	१०	१८	२	२०	१०	२६		२६

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

स्वार गाविसस्थित प्रहरी चौकीमा ०५८ असार ८ गते माओवादीहरूले आक्रमण गरी सामानहरूमा आगो लगाई नष्ट गरे। माओवादीहरूले गोकुलेश्वर-दार्चुला सडक निर्माणको एक बोरा तार र प्रहरीले लगाउने हेलमेट पनि लुटेर लगे।

शंकरपुर गाविस आडाखानामा ठेकेदार मोहनदेव पन्तको पसल ०५८ साउन २८ गते माओवादीहरूले तोडफोड गर्नुका साथै १ लाख रूपैयाँ लुटेर लगे। सो घटनामा ९ लाख रूपैयाँ बराबरको क्षति भएको बताइन्छ।

दूर संचार संस्थानको दतु गाविसस्थित रिपिटर स्टेशन ०५८ मंसिर २२ गते माओवादीहरूले ध्वस्त पारे। हाल दार्चुला जिल्ला संचार सम्पर्कबाट विच्छेद भएको छ।

अतिरिक्त जानकारीहरू

यस वर्ष ४ जना महिलाले आत्महत्या गरे भने २ जना पुरूषको भीरबाट लडेर मृत्यु भयो।

अनुसूची २

मानवअधिकार उल्लंघन तथ्याङ्क २००१

प्रष्ट्याउनु पर्ने केही कुराहरू

मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्यांकलाई चार किसिमले प्रस्तुत गरेका छौं। पहिलो, घटनाको प्रकारअनुसार राज्य र गैरराज्यद्वारा गरिएका उल्लंघनका घटना संख्या, तथा पीडित संख्या -- दोश्रो, पीडितको प्रकार र तिनको उमेर समूहका आधारमा पुरूष महिला गरी पीडित संख्या -- तेश्रो, घटनाको प्रकार र महिनाको आधारमा पीडित संख्या -- चौथो, पीडकको प्रकार र उनीहरूबाट पीडित हुनेहरूको संख्या उल्लेख गरेका छौं।

राज्यद्वारा भएका हनन भन्नाले प्रहरी, प्रशासन, सैनिक, वन सुरक्षाकर्मी, सरकारी निकायहरू आदिका तर्फबाट भएका उल्लंघनलाई जनाउँछ भने गैरराज्यद्वारा भएका हनन भन्नाले संगठित समूह वा व्यक्तिगत रूपमा भएका उल्लंघनलाई जनाउँछ।

"बेपत्ता पारिएको" भन्ने शीर्षक अन्तरगत राज्यपक्ष (प्रहरी प्रशासन) द्वारा र माओवादी पक्षद्वारा बेपत्ता गरिएका घटनालाई समावेश गरेका छौं।

गर्भपतनका घटनाहरूमा प्रत्यक्षतः महिला नै पीडित भएकाहरूलाई पीडित संख्यामा उल्लेख गरेका छौं भने महिला पीडित नभएका घटनाहरूमा पीडित संख्या राखिएको छैन।

"अपहरण" शीर्षक भित्र गैर राज्यद्वारा गरिएका घटनालाई समावेश गरिएको छ।

परिशिष्ट १.१ : नेपाल – घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४८१	७७४	१४१	९१५	४	८		८
गोलीद्वारा हत्या	९०	२०८	८	२१६	१०५	३३७	२८	३६५
बम प्रहारबाट मृत्यु	१०	१७	४	२१				
एम्बुसमा परी मृत्यु	१३	३७		३७				
बलात्कारपछि हत्या	११		११	११				
आफ्नै बमबाट मृत्यु	६	१३		१३	१	१		१
गोलीद्वारा घाइते	६३	२१८	१०	२२८	४३	८९	१४	१०३
बम प्रहारबाट घाइते	२२	३०	१२	४२				
बम विस्फोटन	१३							
एम्बुसमा परी घाइते	१९	६३	४	६७				
आफ्नै बमबाट घाइते	३	६		६	७	१९		१९
जेलमा भएको घटना	४	१५		१५	६	१६		१६
हिरासत/जेलमा मृत्यु					१२	१२		१२
गिरफ्तारी र यातना					९९१	२०१६	१६८	२१९४
लाठि चार्ज					३१	१४४	२	१४६
बेपत्ता पारिएको	६६	११२	८	१२०	३३	३८	१५	५३
कुटपिट	११६६	१३२५	२२१	१५४६	९२	१३६	२८	१६४
धम्की	२१८	५२९	४५	५७४	१९	११२	३	११५
भेला र संगठित हुने अधिकार	२४	४६	३	४९	४५	३८९	२५	४१४
मनलाग्दी/बदुवा/पक्षपात आदि					४	१०		१०
निष्पक्ष न्यायिक अधिकार					९	१५	३	१८
धार्मिक स्वतन्त्रता	९	११	२४	३५				
भूमिहिन तथा सुकुम्बासी समस्या	३	४		४	१८	६४१		६४१
महिला किनबेच	३३		४३	४३				
महिला किनबेचको प्रयास	२५		५१	५१				
बलात्कार	१४२		१९६	१९६	४		४	४
बलात्कार प्रयास	९८		१०४	१०४	३		३	३
बहुविवाह	९५	२४	१०६	१३०				
जारी	१०	७	६	१३				
पारिवारिक हिंसा	६३	१४	७८	९२	१		१	१
गर्भपतन	२५		२८	२८				
महिला भएकै कारण यातना	८८		७७	७७	४		६	६
बाल अधिकार	६६	११२	४०	१५२				
आर्थिक अधिकार	९९	२२८	३३	२६१	७	१२	२	१४
जातीय छुवाछूत	६०	६९	२७	९६				
अमानवीय व्यवहार	१३७	१७९	५३	२३२	१८	२०	२	२२
अपहरण	२७३	६०६	३४	६४०				
जम्मा	३६८९	४५३६	१२४०	५७७६	१४४८	३९८२	२२४	४२०६

परिशिष्ट १.२ नेपाल – पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	२२	४८	७०	१८६२	६८३	२५४५	३४५	९३	४३८	२२२९	८२४	३०५३
व्यापारसँग सम्बन्धित				३७७	६६	४४३	६३	१२	७५	४४०	७८	५१८
कर्मचारी				३९६	३८	४३४	३०		३०	४२६	३८	४६४
डाँका				८		८				८		८
प्रदर्शनकारी				१६		१६				१६		१६
शारीरिकरूपले अशक्त		१	१		३	३					४	४
विदेशी				५		५				५		५
वनसुरक्षाकर्मी				१		१				१		१
सामान्य जनता	८	३०	३८	३०९	१२८	४३७	३८	६	४४	३५५	१६४	५१९
मानवअधिकार कार्यकर्ता				६२		६२	१		१	६३		६३
भारतीय नागरिक				८		८				८		८
पत्रकार				९४	८	१०२	२		२	९६	८	१०४
कमैया	१	२	३	४०	१०	५०	४		४	४५	१२	५७
भूमिहीन तथा सुकुम्बासी				६१८	११	६२९				६१८	११	६२९
भूमिपति				३		३	५		५	८		८
कानुनसँग सम्बन्धित				१०		१०	१		१	११		११
माओवादी	२		२	३६६	४०	४०६	८		८	३७६	४०	४१६
सैनिक				६९		६९				६९		६९
स्वास्थ्यसँग सम्बन्धित				६	३	९	६		६	१२	३	१५
प्रहरी				८२४		८२४	२		२	८२६		८२६
राजनीतिक कार्यकर्ता				१०४९	७८	११२७	१८५	५	१९०	१२३४	८३	१३१७
बन्दी				२१	२	२३				२१	२	२३
नवजात शिशु	१८	१३	३१	३		३				२१	१३	३४
शरणार्थी		२	२	२	४	६	१		१	३	६	१०
धार्मिक कार्यकर्ता				१		१				१		१
सामाजिक कार्यकर्ता				२४	२	२६	८		८	३२	२	३४
विद्यार्थी	१२४	१३७	२६१	५४९	११६	६६५				६७३	२५३	९२६
शिक्षक				३८८	१४	४०२	१९		१९	४०७	१४	४२१
नाबालक	४८	४४	९२							४८	४४	९२
अज्ञात	१	३	४	८४	७	९१		१	१	८५	११	९६
मजदुर	१०	८	१८	३६२	६१	४२३	३१		३१	४०३	६९	४७२
जम्मा	२४२	२२८	४७०	७५५९	१२६५	८८२४	६८८	१७०	८५८	८४८९	१६६३	१०१५२

परिशिष्ट १.३ : नेपाल – पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिना

	पीडित हुनेहरुको संख्या												
घटनाको प्रकार	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	४०	४२	४३	३१	४८	४३	४८	५१	२९	३९	३८	३६	५०१
गोलीद्वारा हत्या	२७	१५	१०	९८	२१	२१	९३	५	६	२	१४१	१५२	५६७
बम प्रहारबाट मृत्यु		२				५				१	३	११	२१
एम्बुसमा परी मृत्यु	३	१०		२			५				४	१३	३७
बलात्कारपछि हत्या	२		१	२	१	१		१	१	१		१	११
आफ्नै बमबाट मृत्यु	३							६		१	४		१४
गोलीद्वारा घाइते	११	१३	६	५६	५३	२८	३४	१०	१४	८	६३	४५	३३१
बम प्रहारबाट घाइते		११	२	४	३	१	२	४		४	३	६	४२
एम्बुसमा परी घाइते	३	२९		८	४		४				९	४	६१
आफ्नै बमबाट घाइते	३					१		२		१	१८		२५
जेलमा भएको घटना	३	४	१४	१		३		६					३१
हिरासत/जेलमा मृत्यु	२	१	३		१		१	१		१		३	१३
गिरफ्तारी र यातना	९३	१२२	८०	९९	१३३	१११	१२४	४०	१३५	३६	१६५	१०७६	२२२५
लाठि चार्ज	१	१	८	१०	९५	२०	४		२	४			१४८
बेपत्ता पारिएको	६	१२	१०	४९	९	४	१	६	९	३१	६	२९	१६२
कुटपिट	१४९	१६१	१६७	१९६	१६२	१४१	१८९	१५६	१४८	१६४	१२२	१०५	१९०९
धम्की	७८	४८	५२	४९	६१	४८	६८	५९	३२	१३४	३३	३१	६६२
भेला र संगठित हुने अधिकार	१२८	४४	१०	१४३	८५	१६	२६	४	१४	३	१		४६७
सरुवा/बढुवा/पक्षपात आदि	१		१				६		१				१०
निष्पक्ष न्यायिक अधिकार	३	३	१					३		८			१८
धार्मिक स्वतन्त्रता	३०	१					१	१		२			३५
भूमिहिन तथा सुकुम्बासी समस्या	४	२	४	८	१		४	३३२	३००			३	६५८
महिला किनबेच	६	५	४	४	१४	१	२	३	३	३		६	५२
महिला किनबेचका प्रयास	१	८	५	३		१	१९	२	६	४			४९
बलात्कार	१६	१०	१२	१४	२०	९	१७	१३	१६	१८	८	४	१७७
बलात्कार प्रयास	३	४	९	११	८	१०	११	१६	१३	१२	६	२	१०५
बहुविवाह	९	११	११	१६	११	३	१२	२८	१८	८	१	४	१३२
जारी	१	२	३	३		१			१	२	१		१४
पारिवारिक हिंसा	८	९	१८	१४	१०	११	८	६	१	३	३	४	९५
गर्भपतन	३	४	५	१	२	१	३	३	४	४		१	३१
महिला भएकै कारण यातना	२	९	११	८	४	११	१०	९	११	६	६	२	८९
बाल अधिकार	६०	९	१२	१४	१०	३	४	३	९	१३	२	४	१४३
आर्थिक अधिकार	१३	२४	२३	१९	३	६८	४८	९	११	१४	८	१२	२५२
जातीय छुवाछुत	११	१२	६	४	१०	६	१९	५	६	६	१	६	९२
अमानवीय व्यवहार	२२	२८	२०	२०	११	२२	२२	१८	२८	२१	६	१५	२४४
अपहरण	४०	१६	२१	४८	४१	४१	१६७	३४	३९	६१	८२	४८	६४०
जम्मा	६४९	८९१	४९९	९४१	८७२	८४१	९६४	८२४	८६६	६२४	७१९	१६६८	१०१२२

परिशिष्ट १.४ : नेपाल – पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसँग सम्बन्धित	३२	९२	१२४	२५४	२६८	५२२	४२	३१	७३	३२८	३९१	७१९
व्यापारसँग सम्बन्धित	१३	६	१९	६३	५५	११८	८	१	९	८४	६२	१४६
कर्मचारी	५	८	१३	४८	६८	११६	९	४	१३	६२	८०	१४२
डाँका	४		४	३२	१०	४२	१०		१०	४६	१०	५६
वनसुरक्षाकर्मी				३७	१०	४७	३		३	४०	१०	५०
सामान्य जनता	२४	४८	७२	४०८	२३३	६४१	४३	३३	७६	४७५	३१४	७८९
सरकारी निकाय				५२	५	५७	६	३	९	५८	८	६६
भारतीय नागरिक	२		२	४	५	९				६	५	११
व्यवसायसँग सम्बन्धित				४०	१	४१	३		३	४३	१	४४
पत्रकार				६		६				६		६
भूमिहीन तथा सुकुम्वासी				१		१	४		४	५		५
भूमिपति	१		१	१२	७	१९	१		१	१४	७	२१
माओवादी	४६	१८	६४	२३४८	१२३	२४७१	३३८	२१	३५९	२७३२	१६२	२८९४
सैनिक	२	१	३	५५५	६०	६१५	४४	१	४५	६०१	६२	६६३
स्वास्थ्यसँग सम्बन्धित		२	२		२	२					४	४
प्रहरी	१०	५५	६५	२०२६	१२९	२१५५	१५२	१२	१६४	२१८८	१९६	२३८४
राजनीतिक कार्यकर्ता	६	२	८	१९२	२८	२२०	२४	६	३०	२२२	३६	२५८
बन्दी				९		९				९		९
शरणार्थी				१		१				१		१
धार्मिक कार्यकर्ता	५	१४	१९	६३	१९	८२	३	१	४	७१	३४	१०५
विद्यार्थी	१०	६	१६	१९	१८	३७	४	१	५	३३	२५	५८
शिक्षक	२	१	३							२	१	३
अज्ञात	३१	१८	४९	२२१	९२	३१३	५६	१३	६९	३०८	१२३	४३१
मजदुर	६	१६	२२	५०	५०	१००	४	२	६	६०	६८	१२८
जम्मा	२८२	२६८	५५०	७४५९	१२६५	८७२४	६८८	१२०	८०८	८४२९	१६५३	१००८२

परिशिष्ट १.५ : नेपाल – सन् २००१ डिसेम्बर महिनासम्मको जेलमा रहेका बन्दीहरुको संख्या

जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा
१.१ झापा			२४०	१४	२		२५६
१.२ इलाम	६२	४१	९४	९	१		१०४
१.३ पाँचथर	२४	२३	४७				४७
१.४ ताप्लेजुङ	३	२८	३१				३१
१.५ मोरङ	१९३	१८८	३५९	२२		१	३८२
१.६ सुनसरी	जेल छैन						
१.७ धनकुटा	२४	१०	३४		२		३६
१.८ तेह्रथुम			१७	१०			२७
१.९ भोजपुर	६	३६	४०	३		१	४३
१.१० संखुवासभा	१४	१७	३१	३			३४
१.११ सप्तरी	९१	४१	१३२				१३२
१.१२ सिराहा	७०	४४	१०८	८	१		११७
१.१३ उदयपुर	३६	१२	४६	२			४८
१.१४ खोटाङ	२७	३५	५४	८			६२
१.१५ ओखलढुङ्गा	१०	१८	२५	३			२८
१.१६ सोलुखुम्बु		१९	१९		१		२०
२.१ धनुषा	जेल छैन						
२.२ महोत्तरी	८७	९९	१७८	६	१	१	१८६
२.३ सर्लाही			२२	७			२९
२.४ सिन्धुली	१३	२४	३३	४			३७
२.५ रामेछाप	११	१५	१९	७	१		२७
२.६ दोलखा	३२	१५	४७				४७
२.७ रौतहट	७१	२३	९४				९४
२.८ बारा	जेल छैन						
२.९ पर्सा	१५१	२३५	३५६	३०			३८६
२.१० चितवन			१३८				१३८
२.११ मकवानपुर	४५	२६	६६	४		१	७१
२.१२ ललितपुर	१९२	६२	२५४				२५४
२.१३ काभ्रे	४९	४३	९२				९२
२.१४ भक्तपुर	जेल छैन						
२.१५ काठमाण्डौ	५४७	७३४	११२७	१४६	४	४	१२८१
२.१६ धादिङ	९	१७	२५	१			२६
२.१७ सिन्धुपाल्चोक	४३	५	४६	२			४८
२.१८ नुवाकोट	६	१	७				७
२.१९ रसुवा		१५	१५				१५
३.१ तनहुँ	१३	१४	२७				२७
३.२ गोरखा	७५	११	७६	१०			८६
३.३ लमजुङ	१६	९	२५	१			२६
३.४ स्याङ्जा	बन्दी छैन						
३.५ कास्की	८६	२१	९८	९			१०७
३.६ मनाङ	बन्दी छैन						
३.७ नवलपरासी	६५	१०	७०	५			७५

जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा
३.८ रूपन्देही	९३	८१	१७४				१७४
३.९ पाल्पा	३१	१५१	१३९	४१	१	१	१८२
३.१० कपिलवस्तु	८९	२६	१०८	७	१	१	११७
३.११ अर्घाखाँची	जेल छैन						
३.१२ गुल्मी	१८	१४	२६	६	२		३४
३.१३ बागलुङ	२४	१८	३५	७		१	४३
३.१४ पर्वत	१९	१२	३१				३१
३.१५ म्याग्दी	३०	१७	३७	३७			७४
३.१६ मुस्ताङ	बन्दी छैन						
४.१ दाङ			१०४	१०			११४
४.२ प्युठान	१७	८	३३	२			३५
४.३ रोल्पा	२८	९	३२	३			३५
४.४ सल्यान	१५	१८	३०	३	२		३५
४.५ रुकुम	२	१६	१८				१८
४.६ बाँके	१०७	१०६	१९५	१८	१		२१४
४.७ बर्दिया	६५	५६	११०	११			१२१
४.८ सुर्खेत			५०	६			५६
४.९ जाजरकोट			८				८
४.१० दैलेख	१	९	९	१			१०
४.११ डोल्पा	बन्दी छैन						
४.१२ जुम्ला	१५	४	१८	२			१९
४.१३ कालिकोट	१०		१०				१०
४.१४ मुगु	बन्दी छैन						
४.१५ हुम्ला	२		२				२
५.१ कैलाली	१३३	४९	१७१	९	२		१८२
५.२ अछाम			१३	३			१६
५.३ डोटी	१२	१६	२६	२			२८
५.४ बाजुरा	३	१६	१९				१९
५.५ बझाङ	अप्राप्त						
५.६ कञ्चनपुर	९९	२६	१२०	५			१२५
५.७ डडेलधुरा	२२	१२	३२	२			३४
५.८ बैतडी	१२	१२	२४				२४
५.९ दार्चुला	अप्राप्त						
जम्मा	२९१४	२८०८	५७५४	४९०	२२	११	६२७७

द्रष्टव्य : प्राप्त नभएका जानकारीहरूको कोष्ठ खाली राखिएको छ।

अनुसूची ३

नारायणहिटी हत्याकाण्ड : एक दु:खद अध्याय

२०५८ साल जेठ १९ गते राति नारायणहिटी राजदरबारमा राजपरिवारको नियमित साप्ताहिक शाही भोजको समयमा भएको रहस्यमय हत्याकाण्डका कारण मुलुक गहिरो शोक, अन्यौल र चिन्तामा डुब्न पुग्यो। घटनाको लगत्तैदेखि कार्यपालिका र सम्पूर्ण देश नै स्थीर भएको अनुभव गरियो। हत्याकाण्डका सम्बन्धमा सूचनाको प्रवाह गराउन समेत सरकार असफल भएपछि भ्रम र आशंकाको वादल सर्वत्र मडारियो।

भोलिपल्ट सरकारी सञ्चार माध्यम रेडियो नेपालले दिउँसोसम्मका आफ्ना सबै समाचार बुलेटिनहरू रद्द गर्‍यो। जेठ २० गतेका अखबारहरूमा पुष्टिको अभावमा अधकल्चा समाचारहरू छापिए। केही प्रतिष्ठित र लोकप्रिय अखबारहरूमा त त्यति ठूलो समाचारले समेत पटक्कै ठाउँ पाएन।


स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

अकल्पनीय हत्याकाण्डमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह, श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह , श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा, श्री ५ अधिराजकुमारी शान्ति सिंह, श्री ५ अधिराजकुमारी शारदा शाह, श्री ५ अधिराजकुमारी जयन्ती शाह र कुमार खड्गविक्रम शाहको तत्काल वा केही घण्टाभित्रै घटनास्थल वा अस्पतालमा दुःखद् स्वर्गारोहण भएको भोलिपल्ट बताइयो। श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा पूर्व अधिराजकुमार धीरेन्द्र शाहको जेठ २२ गते दुःखद् स्वर्गारोहण भएको घोषणा गरियो। समग्रमा त्यस घटनाका कारण १० जनाको दुःखद अवसान भयो। वर्तमान श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह, कुमार गोरख शमशेर राणा, अधिराजकुमारी शोभा शाही र राजपरिवारका सदस्य केतकी चेस्टरको गोलीबाट घाइते भई वीरेन्द्र सैनिक अस्पतालमा उपचार भएको थियो।

नारायणहिटी काण्डको लगत्तैदेखि देशभर शोक, आशंका र आक्रोशको लहर छायो। ठाउँ-ठाउँमा राजा वीरेन्द्रका परिवारको तस्वीरहरू श्रद्धाञ्जलीका निम्ति राखिए। स्वःस्फूर्त रूपमा कपाल मुडेर शोक प्रर्दशन गर्ने लहर नै चल्यो।

श्री ५ वीरेन्द्रको स्वर्गारोहणबाट नेपालको बहुदलीय प्रजातन्त्रको विकासको मार्गमा केही बाधा-व्यवधानहरू उपस्थित हुने हुन् कि भन्ने चिन्ता समेत जनस्तरमा छायो। नयाँ राजा श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट आफ्ना स्वर्गवासी दाजु श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको पदचिन्हलाई पछ्याई संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्ध रही मुलुकलाई अगाडि बढाउन चिन्तनशील रहिबक्सने अठोट शाही घोषणा मार्फत सार्वजनिक गरिएपछि आशंकाको बादल फाट्यो। घटनाको वास्तविकताको जानकारी त्यसबेला सबैको प्रमुख चासोको विषय बनेको थियो।

राजदरबारमा भएको हत्याकाण्डको लगत्तै जनसमुदाय उद्वेलित र आक्रोसित समेत बन्न पुगेको थियो। त्यही क्रममा देशभर हत्याकाण्डको विरोध र हत्यारा पत्ता लगाई कारवाही गर्नुपर्ने माग सहित जुलुसहरू भए। नाराबाजीहरू भए। जनजीवन अस्तव्यस्त बन्न पुग्यो। राजधानीमै मात्र त्यस अवधिमा प्रहरीको गोलीबाट ६ जनाको मृत्यु भएको बताइएको

स्वर्गीय श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र श्री ५ ऐश्वर्य

थियो भने तीन दिन काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिकाभित्र कर्फ्यू नै लगाउनु परेको थियो।

राजनीतिक पार्टीहरूबाट र जनस्तरबाट पनि घटनाको निष्पक्ष र उच्चस्तरीय छानवीनका लागि व्यापक माग शुरू भएपछि श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट तीन सदस्यीय उच्च स्तरीय समिति गठन गरिबक्सेको थियो। सर्वोच्च अदालका प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठन गरिएको उच्चस्तरीय समितिका सदस्यमा प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाट र प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालको नाम सदस्यमा घोषणा गरिएको थियो। तर, श्री ५ बाट समिति गठन गरिएको घोषणाको भोलिपल्टै प्रतिपक्षी नेता माधवकुमार नेपालले समितिको गठन संविधानअनुरूप हुनु पर्ने अडानका साथ गठनका क्रममा प्रकृयागत त्रुटी भएको जनाउँदै सदस्यबाट राजिनामा दिनु भयो।

संविधानको धारा ९२ अनुरूप गठन हुने त्यस्तो समिति गठन गर्न जाँचबुझ आयोग ऐन २०२६ को दफा ३ (१) ले पनि अनुमति दिएको छ। ऐनको सो दफामा उल्लेख छ- "श्री ५ बाट मन्त्रिपरिषद्को सल्लाहमा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित कुनै कामका लागि सोही प्रतिबन्धात्मक वाक्यांशबमोजिम सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीशलाई खटाई आयोग गठन गर्न सकिबक्सने छ। त्यस्तो आयोग न्यायाधीशको मात्र वा अन्य व्यक्ति समेत रहेको हुन सक्नेछ र एकभन्दा बढी सदस्य रहेमा श्री ५ बाट तोकिबक्सेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ।" तर। यस अनुरूप श्री ५ समक्ष मन्त्रिपरिषद्को सल्लाह पनि जाहेर भएको बताइएको थिएन। त्यस्तैगरी, सोही ऐनको दफा ३ (३) मा व्यवस्था भएबमोजिम "आयोग गठनसम्बन्धी सूचना" नेपाल राजपत्रमा प्रकाशित गर्ने र त्यसको कार्यविधि निर्धारण गर्ने कार्य पनि पूरा हुन नसकेको बताइएको थियो।

एमाले स्थायी समितिको वैठकले जेठ १९ गते राजदरबारमा भएको अस्वभाविक र अप्रत्याशित घटनाको छानवीन गर्न संविधान र विद्यमान ऐन कानुनसम्मत ढंगबाट समिति गठन गरिनु पर्ने कुरामा जोड दिँदै सो समिति गठन प्रक्रियाप्रति एमाले सहमत हुन नसक्ने निर्णय गरेको थियो। नेपाल अधिराज्यको संविधानले संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको व्यवस्था गरेको छ भन्ने जनाउँदै एमाले स्थायी कमिटीको वैठकको निर्णयमा भनिएको थियो- "प्रजातन्त्रको मूल आत्मा भनेको संविधानको सर्वोच्चताको सम्मान र विधिको शासनको परिपालना भन्ने कुरा स्वत:सिद्ध छ, यो सच्चाइ वहन गर्ने नेपाल अधिराज्यको संविधानको सम्मान गर्न हाम्रो पार्टी प्रतिबद्ध छ।" स्थायी कमिटीको वैठकले तत्कालीन जटिल परिपस्थतिबाट मुलुकलाई सहज मार्गतर्फ अघि बढाउन सबै पक्षबाट संविधानको परिपालनामा दृढ प्रतिबद्धता जनाउन पनि अनुरोध गरेको थियो। एमाले स्थायी

स्वर्गीय श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

कमिटीको वैठकले राजदरबारमा भएको गोलीकाण्डको छानवीन हुनुपर्छ भन्ने पहिलो प्रस्ताव राख्ने आफ्नो पार्टी नै भएकाले समिति गठन भएको कुरालाई सकारात्मक रूपमा लिंदै त्यसलाई सहयोग गर्न तयार रहेको जनाउँदै मन्त्रिपरिषद्को सिफारिस र न्यायपरिषद्को परामर्श विना त्यस्तो समिति बनाउने कुरा कानुनसम्मत नहुने कुरामा जोड दिएको थियो। उच्चस्तरीय छानवीन समिति संविधानबमोजिम प्रक्रिया पुऱ्याएर बनाइएमा एमालेको कुनै नेतालाई पार्टीको प्रतिनिधित्व गर्न पठाउने निर्णय पनि गरिएको थियो। तर पार्टीका शीर्षनेता महासचिव नै त्यस्तो समितिमा नबस्ने औपचारिक निर्णय समेत गरिएको थियो।

एक साताभन्दा कम समयमा दुई वटा राजाको घोषणा गरिएको त्यो अस्वभाविक र अन्यौलपूर्ण क्षणमा आम नेपाली जनता दरवार हत्याकाण्डको विस्तृत छानवीन होस भन्ने चाहन्थे। त्यसै बीच जेठ २१ गते प्रमुख विपक्षी नेता माधवकुमार नेपालले प्रेस विज्ञप्ति प्रकाशित गर्दै माग गर्नु भयो- "... राजदरबारमा घटेको अस्वभाविक, अप्रत्याशित र गम्भीर घटनाको सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा व्यापक र अन्यौल रहेको स्थितिलाई ध्यानमा राखी त्यसको गम्भीरतापूर्वक एवं पारदर्शी ढंगले छावीन गरी समग्र तथ्य-सत्य सार्वजनिक गरिनु पर्दछ।"

छानवीन समितिको प्रतिवेदनको सार-संक्षेप

नारायणहिटी राजदरबारमा २०५८ जेठ १९ गते शुक्रबार राति घटेको घटनाको यथार्थ तथ्य संकलन गर्ने क्रममा उच्चस्तरीय समितिबाट घटनास्थलको अवलोकन, भौतिक चीज वस्तुको संकलन र वैज्ञानिक परीक्षण, घटना प्रत्यक्ष रूपमा देख्ने, घटनाबाट पीडित एवं शाही रक्षकहरू लगायतका उद्धारकार्यमा संलग्न व्यक्तिहरू, उपचार कार्यमा संलग्न चिकित्सकहरू लगायतका व्यक्तिहरूसंग सोधपुछ गर्ने कार्य गरियो। यसका अतिरिक्त छानवीनका क्रममा बुझिएका मानिसहरूबाट खुल्न आएको तथ्यका सन्दर्भमा बुझ्न आवश्यक देखिएका मानिसहरूसँग बुझ्ने, सोधपुछ गर्ने एवं सम्बन्धित ठाउँहरूबाट आवश्यक रेकर्ड कागजात झिकाउने समेतका कार्यहरू गरी छानवीनबाट केही तथ्यहरू खुल्न आएको कुरा समितिले जनाएको थियो। समितिले आफ्नो कार्यालय संसद सचिवालयमा जेठ ३२ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका केही तथ्यहरू यसप्रकार थिए।

"देवयानी राणासँग फोन सम्पर्क गरिबक्से पश्चात् श्री ५ युवराजाधिराजबाट सैनिक कम्व्याट पोशाक पहिरी हात हतियार समेत लिई खोपी बाहिर निस्किबक्सिदा श्री ५ युवराजाधिराजको अर्दली रामकृष्णले देखी श्री ५ युवराजाधिराजको बाहिर सवारी हुने रहेछ क्यार भन्ने ठानी "इमर्जेन्सी व्याग टक्र्याउँ सरकार ?" भनी जाहेर गर्दा श्री ५ युवराजाधिराजबाट "पर्दैन अहिले" भन्ने हुकुम भएको भन्ने अर्दली रामकृष्णको कथन रहेको छ।"

"श्री ५ युवराजाधिराज कम्व्याट सैनिक पोशाकमा दुईतर्फ राइफल र १२ वोर भिरिबक्सी विलियर्ड कोठातर्फ प्रवेश गरिबक्सेको विलियार्ड कोठासँगै जोडिएको डाइनिङ्ग कोठाको पूर्वपट्टिको वैठकबाट व्वाइज वच्चुराम केसीले देखेको भन्ने निजको कथन रहेको छ।"

"श्री ५ युवराजाधिराज सैनिक कम्व्याट पोशाकमा विलियार्ड कोठामा प्रवेश गरिबक्सी कालो रङ्गको बन्दुक (9mm. Caliber MP- 5k Automatic Sub-machine Gun) द्वारा कोठाको सिलिङ र पश्चिम भित्तातर्फ फाएरिङ्ग गरेपछि तत्काल विलियार्ड टेवुलको पूर्व छेउमा उभिएर अरूहरूसँग कुरा गरिबक्सेको अवस्थामा श्री ५ महाराजाधिराजलाई भटटट फायर गरी पछाडि सर्दै विलियार्ड कोठा बाहिर निस्की सो कोठाको पूर्वतर्फ भित्री बगैंचाको छेउकै उत्तर तर्फ झ्याङ्ग नजिक १२ बोरको बन्दुक (SPAS 12-LFRENCH SPA) फ्याँकी पुनः भित्र विलियार्ड कोठामा प्रवेश गरी वत्ती र टेलिस्कोप सहितको राईफल (5.56mm Caliber Colt M- 16 A2) सोझ्याउदै आएर भटटट पार्दै पुनः श्री ५ महाराजाधिराज एवं कुमार गोरख शमशेर राणा, श्री धीरेन्द्र शाह र कुमार खड्गविक्रम शाह समेतलाई फाएरिङ्ग गरी पछाडि सर्दै ढोकामा पुगी पुनः अगाडि बढेर तेस्रो पटक श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा, श्री ५

स्वर्गीय श्री ५ महाराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव

अधिराजकुमारी शारदा राज्यलक्ष्मी, श्री ५ अधिराजकुमारी शान्ति राज्यलक्ष्मी सिंह र शाहज्यादी जयन्ती शाह लगायत अन्यलाई लाग्ने गरी जथाभावी परररर फाएरीङ्ग गरी श्री ५ युवराजाधिराज विलियार्ड कोठाबाट बाहिर पूर्व तिरको भित्री बगैंचातर्फ पछाडि सर्दै गइबक्सेको भन्ने व्यहोरा घटनास्थलमा उपस्थित श्री ५ अधिराजकुमारी शोभा, श्री ५ शाहज्यादा पारस, कुमार गोरख, केतकी चेष्टर, रवि शमशेर, डा. राजिव शाही, महेश्वर कुमार सिंह समेतको भनाइ रहेको छ।"

"श्री ५ युवराजाधिराज राज हुने त्रिभुवन सदन (जहाँ श्री ५ युवराजाधिराजको खोपी छ) अगाडिको बगैंचाको स-साना पोखरीको सानो पुलको दक्षिण भागमा उत्तानो पल्टी घ्वार घ्वार आवाज निकाली रहेको अवस्थामा श्री ५ युवराजाधिराजलाई भेटिएको भनी उद्धारकर्मी सेनानी विष्णु खड्का एवं शाही पार्श्ववर्ती समेतले समिति समक्ष जानकारी गराएको देखिन्छ। श्री ५ युवराजाधिराजको साथमा रहने गरेको भनिएको 9mm. Calibe Glock Ges. पिस्तोल र खोका समेत पूर्वपट्टिको पोखरीको पानीमा रहेको घटनास्थलको अवलोकन गर्दा पाइएको 5. 5.56 Caliber M-16 A2 राइफल पनि सोही स्थानको पश्चिमपट्टि रहेको सानो चौरमा रहेको घटनास्थल अवलोकनको क्रममा पाइएको छ।"

प्रतिवेदन प्रकाशित भएपछिका प्रतिकृया

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको असार ६ गते बसेको आकस्मिक बैठकले "दुःखद् घटनाका कारण जनतामा उत्पन्न व्यापक अन्यौल र परिस्थितिको गम्भीरतालाई समेत ध्यानमा राखी धेरै नै छोटो अवधि र जटिल अवस्थाका बीच पनि घटनाको तथ्य विवरणलाई संकलन र प्रस्तुत गर्न उच्च स्तरीय समितिले देखाएको तत्परतापूर्ण कार्यका लागि "सहाहना र धन्यवाद प्रकट गऱ्यो। बैठकले निर्णय गऱ्यो "विवरण

स्वर्गीय श्री ५ अधिराजकुमारी श्रुती राज्यलक्ष्मी देवी राणा



स्वर्गीय श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाह

-प्रतिवेदनको प्रस्तुति पछि नारायणहिटी राजदरवारको घटनाबाट तत्काल उत्पन्न अन्यौल र अनिश्चियको प्रसंग एउटा निष्कर्षमा पुगेको छ। अब आउने दिनमा यस्तो भयानक प्रकृतिको दुःखद् परिस्थिति दोहोरिन नदिन, राजदरवारको सुरक्षा प्रवन्धसँग सम्बन्धित संयन्त्रहरूमा देखिएको गम्भीर त्रुटीलाई सच्याउन र गद्‌दीनशीन श्री ५ र राजपरिवारका सदस्यहरूको सबै प्रकारको सुरक्षा र संरक्षणका निम्ति यस घटनापछि नेपाली जनताद्वारा अभिव्यक्त चिन्ता र चासोलाई समेत व्यवस्थित गर्न श्री ५ को सरकारले आफ्नो कार्य र जिम्मेवारीलाई अगाडि बढाओस भन्ने आग्रह गर्दछ। साथै प्रतिवेदनबाट देखिएका विभिन्न विषयहरूमा श्री ५ को सरकारले आवश्यक नीतिगत, प्रकृयागत तथा कानूनी पहल गरोस् भनी हार्दिक अनुरोध गर्दछ।"

यसैगरी प्रमुख प्रतिपक्ष एमालेद्वारा प्रतिवेदनका सम्बन्धमा ०५८ असार २ गते जारी गरिएको प्रेस विज्ञप्तिमा "यद्यपि उक्त घटनाका सम्बन्धमा समितिले कुनै ठोस विश्लेषणात्मक निष्कर्ष दिएको देखिदैन। निश्चित सीमाभित्र रहेर गरेको अध्ययनका आधारमा नै भए पनि उक्त घटना सम्वन्धी एक स्तरको विवरणलाई सार्वजनिक गर्न समितिले खेलेको भूमिकालाई हाम्रो पार्टीले सकारान्मक रूपमा लिएको छ" भन्ने जनायो। स्थायी कमिटीको वैठक पश्चात केन्द्रीय सचिवालय सचिव युवराज ज्ञवालीद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा थप भनिएको छ- "उक्त छानवीन समितिले प्रस्तुत गरेको प्रतिवेदनलाई त्यसै दिन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट उक्त प्रतिवेदनमा उल्लेख भएका विषयमा संविधान र कानुन बमोजिम

आवश्यकता अनुसार कार्य गर्न र घटनाको यथार्थ विवरण तत्काल देशवासीलाई जानकारी गराउन प्रधानमन्त्री मार्फत् श्री ५ को सरकारले जिम्मा पाएको छ। तद्नुरूप उक्त जिम्मेवारीलाई दृढतापूर्वक अघि वढाउन हाम्रो पार्टी श्री ५ को सरकासँग माग गर्दछ।"



श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राजदरबार घटनासम्बन्धी छानवीन समितिबाट प्राप्त प्रतिवेदन आवश्यक कारवाहीका लागि हस्तान्तरण गरिबक्सदै

राजदरबार हत्याकाण्ड : कुन दिन के भयो ?

जेठ १९ गते

राजपरिवारका सदस्यहरूको समुपस्थितिमा नियमित रात्रिभोजको आयोजना। राति ९:१५ बजे राजा-रानी लगायत राजपरिवारका सदस्यहरूको हत्या।

जेठ २० गते

श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, अधिराजकुमार नीराजन, अधिकारजकुमारी श्रुती र जयन्ती शाहको शव यात्रा र पशुपति आर्यघाटमा वैदिक विधिपूर्वक दाहसंस्कार।

राजसभा स्थायी समितिको वैठकद्वारा श्री ५ दीपेन्द्रलाई महाराजाधिराज र श्री ५ ज्ञानेन्द्रलाई राज्य सहायक घोषित। श्री ५ ज्ञानेन्द्रद्वारा राज्य सहायकको रूपमा देशवासीका नाममा सन्देश।

नेपाली कांग्रेस, नेकपा एमाले लगायतका पार्टीद्वारा शोक वक्तव्य जारी।

जेठ २१ गते

श्री ५ दीपेन्द्रको अत्यतै चिन्ताजनक अवस्थामा वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भइरहेको सार्वजनिक जानकारी। राजपरिवारका अन्य सदस्यहरू श्री ५ कोमल राज्यलक्ष्मी देवी शाह, केतकी चेष्टर, कुमार गोरख्व शमशेर राणा र धीरेन्द्र शाह घाइते भई उपचारका लागि अस्पतालमा रहेको जानकारी।



स्वर्गीय धीरेन्द्र शाह

जेठ २२ गते

राजसभा स्थायी समितिको वैठक।

श्री ५ महाराजाधिराज दीपेन्द्रको बिहान ३:४५ बजे वीरेन्द्र सैनिक अस्पतालमा स्वर्गारोहण।

राजसभा स्थायी समितिको वैठकद्वारा राज्य सहायक श्री ५ ज्ञानेन्द्र नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज होइबक्सेको घोषणा।

श्री ५ ज्ञानेन्द्रको राज्यारोहण।

काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका क्षेत्रभित्र दिउँसो ४ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्मका लागि कर्फ्यू जारी।

काठमाडौं उपत्याकालगायत देशका विभिन्न भागमा हत्याकाण्डबारे यथार्थ सत्यतथ्य सार्वजनिक गरी हत्यारालाई कार्वाही गर्नु पर्ने माग सहित जुलुस प्रदर्शन, प्रहरीको गोलीबाट ६ जनाको मृत्यु, थुप्रै घाइते।

स्वर्गवासी श्री ५ दीपेन्द्रको कर्फ्यूकै अवधिमा पशुपति आर्यघाटमा अन्तिम संस्कार।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट देशवासीका नाममा पहिलो शाही सम्बोधन। संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रप्रति प्रतिबद्ध रहिबक्सने अठोट व्यक्त। राजदरबारमा भएको हत्याकाण्डको छानवीन गर्न तीन सदस्यीय उच्चस्तरीय समिति गठन गरिबक्सेको घोषणा। श्री ५ कोमल राज्यलक्ष्मी देवी शाह श्री ५ बडामहारानी घोषित।

पूर्व अधिराजकुमार धीरेन्द्र शाहको निधन।

जेठ २३ गते

राजधानी लगायत देशका विभिन्न भागमा हत्याकाण्डप्रति तीव्र विरोध जनाउँदै हत्यारा पत्ता लगाई कारवाही गर्नु पर्ने माग गरी जनप्रदर्शन। ठूलो संख्यामा प्रदर्शनकारीहरू गिरफ्तार।

अपरान्ह १२ बजेदेखि भोलिपल्ट बिहान ५ बजेसम्म काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका भित्र कर्फ्यू जारी। प्रहरीको गोलीबाट १ जनाको मृत्यु।

नेपाली कांग्रेस, केन्द्रीय कार्य समितिको वैठक। स्वर्गीय राजारानी र राजपरिवारका अन्य सदस्यप्रति श्रद्धाञ्जली अर्पण। श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको राजगद्दी आरोहणको शुभकामना।

नेकपा एमाले स्थायी समितिको वैठक। स्वर्गीय राजारानी र राजपरिवारका अन्य सदस्यप्रति श्रद्धाञ्जली अर्पण। श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको राजगद्दी आरोहणको शुभकामना। राजदरबार हत्याकाण्ड सम्बन्धी उच्चस्तरीय छानवीन समिति मन्त्रीपरिषद्को सिफारिसमा संविधान अनुरूप हुनु पर्ने माग। समितिका सदस्य माधवकुमार नेपालद्वारा समितिबाट राजिनामा।

जेठ २४ गते

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट उच्चस्तरीय छानवीन समितिको कार्यक्षेत्र र अधिकार तोकिबक्सेको घोषणा। समितिका सदस्य माधवकुमार नेपालको राजिनामा स्वीकृत।

छिटफुट जनप्रदर्शनहरू।

राति ९ बजेदेखि भोलिपल्ट बिहान ३ बजेसम्म काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिका क्षेत्रमा कर्फ्यू।

राजदरवारको हत्याकाण्ड सम्बन्धी एक सामाग्री छापेको कुरालाई लिएर कान्तिपुर दैनिकका सम्पादक युवराज घिमिरेलगायत सो दैनिकका ३ जना गिरफ्तार।

स्वर्गीय श्री ५ अधिराजकुमारी जयन्ती शाह

श्री ५ अधिराजकुमारी शारदा शाह र श्री ५ अधिराज्यकुमारीशान्ति सिंह

जेठ २५ गते

राजदरवारको हत्याकाण्ड सम्बन्धी प्रत्यक्षदर्शीको नाममा डा. राजीव शाहीद्वारा पत्रकार सम्मेलन/ श्री ५ दीपेन्द्रेले गोली चलाएको डा. शाहीको दावी।

प्रत्यक्षदर्शी भनिने डा. शाहीको भनाइ अत्यन्तै विरोधाभासपूर्ण र अपत्यारिलो रहेको देशव्यापी प्रतिक्रिया।

जेठ २६ गते

संसद परिसरभित्र रहेको सभामुखको कार्यकक्षमा उच्चस्तरीय छानवीन समितिको कार्यालय स्थापना।

दुई सदस्यीय उच्चस्तरीय समितिद्वारा छानवीन कार्य प्रारम्भ भएको सार्वजनिक जानकारी।

जेठ २८ गते

उच्चस्तरीय छानवीन समितिको छानवीन कार्य पूरा नभएको हुँदा चार दिन म्याद थप।

जेठ ३२ गते

उच्चस्तरीय छानवीन समितिद्वारा श्री ५ समक्ष छानवीनको रिपोर्ट बुझाइयो र श्री ५ द्वारा आवश्यक कारवाहीको लागि प्रधानमन्त्रीलाई प्रतिवेदन हस्तान्तरण। सोही दिन बेलुका समितिद्वारा पत्रकार सम्मेलनको आयोजना गरी प्रतिवेदन सार्वजनिक गरियो।

असार १ गते

उच्चस्तरीय छानवीन समितिको प्रतिवेदन अपूर्ण रहेको सार्वजनिक टिप्पणी।

अनुसूची ४

सन् २००१ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू

नेपाली काँग्रेस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपाल कम्युनिष्ट पार्टी (मसाल)

नेपाल मजदुर किसान पार्टी

राष्ट्रिय जनमोर्चा नेपाल

नेपाल सद्भावना पार्टी

नेपाली काँग्रेस

सन् २००१ भरिको वर्ष नेपाल राष्ट्रको लागि, २ करोड ३५ लाख नेपाली नागरिकका लागि, मानवअधिकारवादी र शान्तिप्रिय सबैको लागि संकटपूर्ण अवधि भएर वित्यो। यो अवधि मुलुकको शान्ति, नागरिकको व्यावसायिक अवस्था एवम् राष्ट्रिय जनजीवनको दृष्टिमा इतिहासको सबै भन्दा क्रुरतापूर्ण कालखण्डका रूपमा चिनियो। माओवादी आतंक शुरू भएदेखि यता ६ वर्षको अवधिमा माओवादीद्वारा १४३ जना राजनीतिक कार्यकर्ता, २२ जना शिक्षक, ९६ जना सैनिक, ६५० जना प्रहरी, १४१ जना कृषि व्यवसायी, ८९ जना सर्वसाधारण, १९ जना विद्यार्थी, २० जना कर्मचारी, १२ जना मजदूर, ८ जना व्यापारी, १ जना स्वास्थ्यकर्मी र १ जना कैदी गरी जम्मा १२०२ जनाको हत्या गरेका छन्। यी मध्ये अधिकांश नागरिकहरू आस्थाको आधारमा नेपाली काँग्रेसका कार्यकर्ता, समर्थक, शुभेच्छुक वा मतदाता भएको पाइन्छ।

त्यसै गरी आतंककारी गतिविधि नियन्त्रणको सिलसिलामा सुरक्षा फौजको कारवाहीमा परी १९२१ जना माओवादी छापामार वा कार्यकर्ता, १५ जना शिक्षक, ३३२ जना कृषि व्यवसायी, ६९ जना सर्वसाधारण, ५७ जना विद्यार्थी, ९ जना कर्मचारी, मजदूर ८ जना, ५ जना व्यापारी, ३ जना सामाजिक कार्यकर्ता र १ जना स्वास्थ्यकर्मी गरी २४२१ जनाको मृत्यु भएको तथ्यांक छ। यी मृतकहरू अधिकांशतः आतंकवादलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने छन् भने राज्य तर्फबाट पनि निर्दोष नागरिकको हत्या हुन पुगेको पाइन्छ। यसप्रकार ६ वर्षको अवधिमा जम्मा ३६२३ नेपालीहरू हिंसा र प्रतिहिंसामा परी मरेका छन्। २०५२ सालदेखि देशमा देखापरेको आतंकवादले शान्तिपूर्ण व्यवस्था र प्रक्रियालाई लत्याएर राष्ट्रको अस्तित्वका जग र अंग भत्काउने उन्मादी नियत देखाएपछि सरकारले २०५८ मंसिर ११ गते संकटकालीन स्थितिको घोषणा गरी आतंकवादका विरूद्ध निर्णायक कारवाहीको शुरूवात गऱ्यो।

संकटकाल लागू भएदेखि यता ४ महिनाको बीचमा मात्र माओवादी पक्षबाट ४२ जना राजनीतिक कार्यकर्ता, १० जना शिक्षक, ९४ जना सैनिक, २२८ जना प्रहरी, ६ जना विद्यार्थी, ८० जना सर्वसाधारण नागरिक, ७ जना मजदूर लगायत १/१ जना कृषि व्यवसायी, व्यापारी, स्वास्थ्यकर्मी तथा कैदी र ६ जना कर्मचारी गरी जम्मा ४८० जना मानिसको नृसंश तवरले हत्या गरे भने राज्यतर्फबाट पनि १३८० जना माओवादी, ४ जना राजनीतिक कार्यकर्ता, २ जना विद्यार्थी, ३ जना मजदूर, १२ जना कृषि व्यवसायी, २ जना शिक्षक, ३३ जना सर्वसाधारण नागरिक र ५ जना कर्मचारी गरी जम्मा १४४१ जनाले ज्यान गुमाए। यसप्रकार संकटकालमा मात्र हालसम्म १९२१ जना नेपालीको दोहोरो मुठभेडमा मृत्यु भएको छ भने कतिपय निर्दोष सर्वसाधारण जनताको पनि मुठभेडको शिकार भई मृत्यु भएको छ।

तर मानवअधिकारको दृष्टिकोणमा होस् वा संस्कृति तथा सभ्यताको दृष्टिले होस् कलम कुण्ठित हुनु, बन्दुक क्रियाशील हुनु, कोदाली थन्किनु तर तरवार चम्किनु, उद्योग व्यवसायमा ताला लाग्नु, हिंसाले व्यवसायको रूप लिनु जस्ता प्रवृत्ति कुनै पनि राष्ट्रका लागि चरम दुर्भाग्यको अवस्था हो। त्यही दुर्भाग्यको परिस्थितिमा नेपाली काँग्रेसको सरकारले संकटकालीन स्थितिको घोषणाकोसाथै संविधानले ग्यारेण्टी गरेका केही मौलिक हकहरूलाई निलम्बन गर्नु पऱ्यो। मानवअधिकार तथा स्वतन्त्रताका लागि, शासन व्यक्तिले होइन विधिले गर्नु पर्छ भन्ने अपरिवर्तनीय लक्ष्यका लागि, शान्तिपूर्ण सहअस्तित्व तथा समानताका लागि, राष्ट्रियता, प्रजातन्त्र तथा समाजवाद जस्ता आफ्ना आधारभूत सिद्धान्त र मार्गदर्शनका साथ पाँच दशक लामो प्रजातान्त्रिक संघर्ष गरेपछि प्राप्त गरेको प्रजातन्त्र, काँग्रेसको सैद्धान्तिक विजयको प्रतिविम्व, गौरव एवम् राष्ट्रिय आवश्यकता अनुरूप स्थापित यो नेपाल अधिराज्यको संविधानका केही उपधाराहरूलाई वर्तमान सरकारले सहज वा रहरले निलम्बन गरेको होइन। सरकारले गरेको संकटकालीन स्थितिको घोषणा र सैनिक परिचालनको निर्णयलाई सत्तारूढ नेपाली काँग्रेसले मात्र होइन, मुख्य विपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीले समेत संसदबाट पूर्ण समर्थन दिएका हुन्। साथै नेपालको उन्नतिका लागि ठोस योगदान पुऱ्याउँदै आएका मित्र राष्ट्रहरू, अन्तर्राष्ट्रिय संस्था एवम् विश्व समुदायले सरकारको यस निर्णयलाई समर्थन गरेका छन्।

सरकारले "माओवादी" नामक आतंकवादका विरूद्ध आज आएर गरेको "सुरक्षा कारवाही" अन्य विकल्प उपलब्ध हुँदाहुँदै हठात शुरू गरेको पनि होइन। वाद प्रतिवाद र संवाद नेपाली काँग्रेसको प्रजातान्त्रिक कार्यशैली हो र वर्तमान सरकारले पनि यही मार्गदर्शन अनुरूप हदैसम्म लचिलो भएर कथित "माओवादी" सँग तीन चरणसम्म वार्ता गऱ्यो। वार्तालाई सफल बनाउने ध्येयले आफ्नो नियन्त्रणमा भएका तीन सय भन्दा बढी अपराधकर्मी माओवादीलाई सो पक्षका वार्ताकारहरूको आग्रहमा रिहा पनि गरेको थियो। वार्ताका नाममा ४ महिनाको अवधिलाई माओवादी पक्षले आफूलाई सशक्तीकरण र शक्ति संचयको निमित्त जुन अवसर प्राप्त गऱ्यो, जति हातहतियार बटुल्ने र अर्थ संकलनको काम गऱ्यो, यो सरकार पक्षको वार्ताको नाममा शान्ति, सुरक्षा र राज्यको दायित्वबाट नै विमुख हुने कार्यको रूपमा रह्यो। तर वार्तालाई तर्कसंगत टुंगोमा पुग्न नदिई माओवादी पक्ष एकतर्फी रूपमा अनायास वार्ताबाट उठेर हिंड्यो र दाङको सैनिक छाउनीमा हमला गरी राष्ट्रिय अस्तित्व- रक्षामा खतरा पुऱ्याउन शुरू गऱ्यो। सरकारको निर्णयबाट छुटेका यी बन्दीहरू रिहा भएपछि पुनः आफ्ना अपराध कर्म शुरू गरे। जसको परिणाम आज हजारौं नागरिकहरू घर छोडेर नजिकको जिल्ला सदरमुकाम वा राजधानीमा शरणार्थी जीवन बिताउन बाध्य भईरहेका छन्। राष्ट्रिय गान गाउन नदिने, संस्कृत पढ्न नदिने, विद्यालय र

स्कूल बसहरूमा हमला गरेर बालबालिकाहरूलाई आतंकित बनाउने वा मानसिक यातना दिने, राति सुतिरहेका, खाना खाइरहेका, विद्यालयमा पढाइरहेका शिक्षक, बाबुको जुठो बारेर बसेका क्रियापुत्री वा मलामी र लाशमा समेत हमला गरेर यसबीच माओवादीले आफ्नो क्रुरता, बर्बरता र पाशविक व्यवहार मात्र प्रदर्शित गरेन, नेपालको राष्ट्रिय सभ्यतालाई नै कलंकित बनाउने कार्य गर्‍यो। बारूदी सुरूङ्ग र बम बिछ्याएर निर्दोष महिला तथा बालबालिकाको समेत हत्या गर्ने, जनताको सुविधाका निम्ति स्थापित दूर संचारका रिपिटर टावरदेखि कल कारखानासम्म, होटल तथा पर्यटन व्यवसायदेखि वैध व्यवसायका उपक्रमहरूलाई ध्वंस गर्ने काममा माओवादी आतंक व्याप्त भयो। आफूले गरेको आतंकवादी क्रियाकलापलाई "जनयुद्ध गरेको" भन्ने तर आतंकवादलाई नियन्त्रण गर्ने कारवाहीलाई "मानवअधिकारको उल्लंघन वा "श्वेत आतंक" भन्ने यस्ता निर्लज्ज स्वभावका प्रचारवाजीहरू पनि समाजले यसै अवधिमा सुन्नु पर्‍यो।

मानवअधिकारको हत्या भन्नु प्रकारान्तरले मानवताको हत्या हो र मानवताको हत्या मानवको हत्याभन्दा दुर्भाग्यपूर्ण मान्नु पर्छ। मानवअधिकार सम्बन्धी गतिविधिमा सुखद र दुःखद पक्षहरू एक साथ प्रकट भइरहन्छ।

प्रजातान्त्रिक व्यवस्थामा मानवअधिकारको उल्लंघन गर्दै आतंकवादी अवस्था श्रृजना हुने कारण के हो? के आतंकवाद र मानवअधिकारको उल्लंघन शासनमा व्याप्त भ्रष्टाचार वा समाजमा व्याप्त गरीबी, बेरोजगारी र जातीय असमानताले निम्त्याएको हो? कि यो आतंकवादको अन्तर्राष्ट्रिय गतिविधिको नेपाल कडीका रूपमा देखा परेको हो? यी दुवै सम्भावनाप्रति समतामूलक समाजको सदा हिमायती रही आएको नेपाली काँग्रेस र यसले दिएको सरकारले गम्भीरतापूर्वक ध्यान केन्द्रित गरेका छन्। राजनीतिक प्रभावबाट मुक्त भएर क्रियाशील हुनु पर्ने स्थानमा समेत राजनीतिकरण वा राजनीतिक तानातानी वा हरेक कुरालाई राजनीतिक दृष्टिकोण वा आग्रहका आधारमा मात्र हेर्ने अतिवादी गतिविधि भएको र राजनीतिक विकृति तथा विसंगतिको असरले ग्रस्त बनाएको अवस्थाप्रति नेपाली काँग्रेस र यसको सरकार संवेदनशील भएका छन्।

प्रशासनलाई प्रजातान्त्रिकरण, विकेन्द्रीकरणको आदर्शबाट ओतप्रोत गराउँदै राष्ट्र र नागरिकको सेवामा समर्पित हुन यसको समसामयिक सुधारका लागि हाम्रो पार्टी र सरकारले प्राथमिकता दिएर आवश्यकत सुधारका प्रयासहरू चलाइआएको छ। यस क्रममा भ्रष्टाचार निवारण सम्बन्धी आवश्यक कानूनको तर्जुमा गर्नेदेखि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अझ सशक्त र प्रभावकारी बनाउने दिशामा पनि सरकारको उचित ध्यान गएको छ। यसबाट नागरिक जीवन र मानवअधिकारको स्थितिमा उल्लेखनीय सुधार हुने अपेक्षा गर्न सकिन्छ।

शासनमा व्याप्त भ्रष्टाचार वा अख्तियार दुरूपयोग समाजमा देखिएको असन्तोषको अर्को पक्ष हो। यो असन्तोषलाई आतंकवादले आफ्नो चलखेल गर्ने बहाना बनाएको छ र त्यो बहानामा मानवअधिकार उल्लंघनको खेल चलिरहेको छ। सरकारले जनभावनाको कदर गर्दै विगत १२ वर्षको अवधिमा लाभको पदमा पुगेका सबै र तिनीहरूका परिवारको सम्पत्ति छानवीन गर्न सम्पत्ति छानवीन न्यायिक आयोग गठन गरेको छ र सो आयोगले आफ्नो जिम्मेवारी सम्हाली सकेको छ। नेपाली काँग्रेसले सरकारलाई आतंकवाद निर्मूल गरी शान्ति सुरक्षा र मानवाधिकारको पुनर्वहाली गर्ने पूर्ण म्याण्डेट दिएको छ। तर यो म्याण्डेटको अर्थ सरकारमा सामेल भएका मन्त्री, राज्यमन्त्री, सहायकमन्त्री एवम् लाभको पद सम्हालेको आफ्ना कार्यकर्तालाई जथाभावी क्रियाकलाप गर्ने वा मोजमस्ती र विलाशिता मनाउन वा शक्ति र सत्ताको दुरूपयोग गर्न छुटको अर्थमा लिन नहुने कुरा यहाँ स्मरणीय छ। किनकि पद सम्हालेका कतिपय व्यक्तिहरूले गरेका अवाञ्छित गतिविधिको सोझो असर नागरिक समाजमा पर्न गएकोछ, जसबाट मानवाधिकारको स्थितिमा आँच आएको महसुस हुन्छ।

वर्गीय र जातीय असमानता हटाएर समतामूलक तथा न्यायपूर्ण समाजको निर्माणका लागि राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोग गठन भइसकेको छ भने राष्ट्रिय जनजाती विकास समितिको स्तर उन्नत गरी राष्ट्रिय आदिवासी तथा जनजाती प्रतिष्ठान गठन गर्नेनिर्णय भइसकेको छ। जुन कार्य नेपाली काँग्रेसको चुनाव घोषणा पत्र २०५६ मा उल्लेखित तथा पार्टीले विभिन्न समयमा गरेको निर्णय र पार्टीले सरकारलाई दिएको निर्देशन, सल्लाह र जानकारीका आधारमा चालिएका कदमहरू हुन्।

माओवादी आतंक हिंसा र अराजकताबाट पीडित नेपाली जनमानसमा उत्साह र शक्ति संचार हुन सकोस्। शान्ति सुरक्षा र मानवअधिकारको प्रत्याभूतिमा राजनीतिक सक्रियतालाई अभिवृद्धि गर्ने दृष्टिले नेपाली काँग्रेसले ५ वटै विकास क्षेत्र, विभन्न अञ्चलस्तरीय र मेचीदेखि महाकालीसम्म जिल्ला सम्मेलनहरूका साथै आफ्ना भातृ संस्थाहरू- नेपाल तरूण दल, नेपाल विद्यार्थी संघ, नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल महिला संघ, नेपाल किसान संघ र नेपाल दलित संघ लगायतका सस्थाहरूबाट पनि अमानवीय हत्या, दमन र मानवअधिकार विरूद्धको कार्यहरू नियन्त्रण गर्ने अभियान संचालन गर्‍यो।

आतंकवादबाट पीडित भई अंगभंग हुन पुगेका जनतालाई सेवा पुर्‍याउन नेपाली काँग्रेसको विभिन्न कार्यक्रम संचालन गरेको छ। यस सिलसिलामा पार्टीको उच्चस्तरीय समितिका रूपमा स्वास्थ्य सेवा समिति गठन गरिएको छ भने आतंकबाट घाइते वा अंगभंग हुन पुगेका नागरिकहरूका लागि पार्टीद्वारा नेपाल अधिराज्यभर रक्तदान कार्यक्रम संचालन गरिएको छ। सुरक्षा कारवाहीको सिलसिलामा दोषी उपर कारवाही हुँदा निर्दोष नागरिकले शारीरिक वा मानसिक यातना नपाउन् भन्ने पक्षमा नेपाली काँग्रेसको जोडदार आग्रह छ।

२००१ को वर्ष मानवअधिकारको उल्लंघनको लागि निकै चर्चित छ। सुरक्षाकर्मीको यदाकदाका असावधानी, आतंककारीले मच्चाएको उत्पातको परिणामस्वरूप उत्पन्न मानसिकताका कारण नियतवश नभएपनि परिणामवश सुरक्षाकर्मीबाट मानवअधिकार उल्लंघनका घटना भएको कुरा प्रकाशमा आएको छ। यसबारे नेपाली काँग्रेसले सरकारलाई कडाइका साथ हेर्न बारम्बार निर्देश गरेको छ।

समाजमा व्याप्त वर्गीय तथा जातीय असमानता, अन्धविश्वास आदिका कारण पनि मानवअधिकारको स्थिति सहज अवस्थामा छैन, चुनौतीपूर्ण स्थितिबाट गुज्रिरहेको छ। घरेलु हिंसा, बोक्सीको आरोपमा शारीरिक तथा मानसिक यातना, छुवाछूत प्रथा र यसबाट उत्पन्न उत्पीडन घट्दै त होला तर त्यो मन्द गतिमा रहेको महसुस हुन्छ।

तर मानवाधिकारको प्रतिस्थापक विकल्प छैन। २१ औं शताब्दीको पहिलो युद्ध आतंकवादीका विरूद्धको विश्वव्यापी निर्णायक कारवाहीका रूपमा भइरहेको छ। यो विश्वव्यापी निर्णयप्रति नेपालको प्रतिबद्धता रहेको छ। गरीबी र आतंकवाद विरूद्धको संघर्ष नै २१ औं शताब्दीमा मानव जातिको मुक्ति संघर्ष हो। शान्ति, सुरक्षा, स्वतन्त्रता, समानता, मानवअधिकार, गरीबी निवारण, अशिक्षा र रोगव्याध विरूद्धको अभियान मानवीय मूल्यका मापदण्ड हुन्, नेपाली काँग्रेस प्रतिबद्धता यिनै पहलुहरूलाई सार्थक तथा सफल बनाउन लक्षित छ। नेपाली काँग्रेसको मानवअधिकारका विश्वव्यापी घोषणा १९४८, मानवाधिकार सम्बन्धी भियना सम्मेलन, संयुक्त राष्ट्संघको वडापत्र लगायत अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पूर्ण पालना गर्ने कुरामा कटिबद्ध छ। नेपाली काँग्रेस मानवाधिकारका आदर्शबाट ओतप्रोत भएको पार्टी भएको हुनाले आफ्नो मानवाधिकारप्रति जो जति जागरूक हुन्छ- अरूको मानवाअधिकारको सुरक्षाप्रति पनि सबैले त्यति नै जिम्मेवार र जागरूक हुनु पर्छ भन्ने मान्यता राख्दछ।

प्रजातन्त्रको सफलताले मानवाधिकारको अवस्थालाई विकसित गर्दछ। मानवाधिकार जस्तै प्रजातन्त्रको पनि विकल्प छैन। १९ औं शताब्दीमा यो विश्वमा पुग्-नपुग् १ दर्जन देशहरूमा मात्र प्रजातन्त्र थियो, तर प्रजातन्त्रको महिमा, महानता र मान्यताबाट विश्व त्यो वेला आज जत्तिकै प्रभावित थियो। २० औं शताब्दीको अन्त्यसम्म आइपुग्दा विश्वका १६० वटा देशमा प्रजातन्त्र स्थापित भयो। त्यसकारण २१ औं शताब्दी आतंकवाद, अधिनायकवाद, रोगभोक, अशिक्षाको युग होइन, प्रजातन्त्र, स्वतन्त्रता, समतामूलक समाज, कानूनी राज्य, मानवअधिकार र समृद्धिको युग हो। नेपाली काँग्रेसको विश्वास र प्रयास यिनै पहलुहरूतर्फ भएको कुरा स्पष्ट पार्न चाहन्छु।

। जय नेपाल।

अर्जुननरसिंह के.सी
प्रवक्ता, नेपाली काँग्रेस

नेकपा (एमाले)

नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने उद्घोषण प्रस्तावना मार्फत् गरेको छ। संविधानको प्रस्तावना मार्फत व्यक्त यो प्रतिबद्धतालाई व्यवहारमा हेर्दा विगतमा झैं सन् २००१ को वर्ष पनि उत्साहप्रद रहेको देखिदैन। मानवअधिकारको सन्दर्भमा सन् २००१ कस्तो रह्यो भन्ने चर्चा गर्दा देहायको आधार विचारणीय हुन्छ।

१. कानून निर्माणको क्षेत्र
२. कानूनको उल्लंघन
३. अनुगमनको प्रभावकारी संयन्त्र

उल्लेखित परिप्रेक्ष्यमा देशको मानव अधिकारको स्थितिको चर्चा भयो भने त्यो बस्तुनिष्टताको नजिक हुने प्रष्ट छ।

१) कानून निर्माणको क्षेत्र

(क) जनआन्दोलनको जनादेशमा आधारित भई जनताको इच्छा अनुसार जारी भएको भए पनि नेपाल अधिराज्यको संविधान २०४७ लागु भए देखि नै मानवअधिकारको सम्बन्धमा केही प्रश्नहरू उठिराखेका छन्। विशेषतः धर्म र भाषाको सम्बन्धमा संविधानमा भेदभावपूर्ण प्रावधानहरू रहेको विषय गंभीरतापूर्वक उठेको छ। देशको वहुजाती, वहुधर्मी र वहुभाषी यथार्थलाई संविधानले प्रतिविम्वित गर्न नसकेको प्रश्न तत्काल संविधान जारी हुँदा नै हाम्रो पार्टीको तर्फबाट उठाइएको थियो। यो स्थिति अझै पनि कायम छ र दुर्भाग्यवश यसलाई अहिलेसम्म सच्याउन सकिएको छैन।

(ख) संवैधानिक प्रावधानको वावजुद सूचनाको हक र गोपनियताको हक सम्बन्धी कानूनको निर्माण हुन सकेन। व्यापक दवावको परिणामस्वरूप केही उपलव्धि भए पनि महिला विरूद्ध रहेका भेदभावपूर्ण कानूनलाई संविधानको भावना अनुरूप संसोधन गर्न सकिएन। साथै संविधानले नै महिला, वालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टीले पिछडिएको वर्गको संरक्षण वा विकासको लागी विशेष कानूनको व्यवस्था गर्न सक्ने प्रावधान गरे पनि यस सम्बन्धमा प्रभावकारी कानूनको निर्माण हुन सकेन।

(ग) देशमा विद्यमान ९३ वटा ऐनहरूमा पक्राउ, अनुसन्धान र मुद्दाको सुनुवाई एउटै निकायले गर्ने व्यवस्थाहरू अहिलेसम्म कायम छन्। केही ऐनहरूले नियमावलीबाट सजाय निर्धारण गर्ने व्यवस्था गरेको छ। मानवअधिकार उल्लंघनकारी यस्ता कानूनहरूलाई यस वर्ष पनि परिमार्जन गर्न सकिएका छैनन्।

२. कानूनको उल्लंघन

देशमा विद्यमान कानूनहरू विपरित काम कारवाही भएबाट

मानवअधिकारको उल्लंघन हुन पुगेको विगतको अनुभव छ।सन् २००१ यसको अपवाद रहेको छैन। यसै वर्ष देशमा संकटकालको घोषणा भएको छ र ज्यादति सम्वन्धी प्रश्नहरू गम्भीर रूपमा उठेका छन्। पार्टीको जानकारीमा रहेका मानवअधिकार उल्लंघन सम्वन्धी यिनै केही गम्भीर प्रवृत्तिहरूको बारेमा तल उल्लेख गरिए बमोजिम संक्षेपमा चर्चा गरिएको छ :

(क) राज्यको ज्यादति

१. संकटकालले प्रेश माथि प्रत्यक्षरूपमा नकारात्मक प्रभाव पारेको छ। २०४६ सालको जनआन्दोलन पश्चात्को अवधिमा पहिलो पटक देशको चौथो अंगमाथि यति गम्भीर प्रहार भएको छ। रक्षा र गृह मन्त्रालयबाट आएका सुरक्षा परिचालनका सूचनाहरूलाई नै मुख्य समाचार श्रोतको रूपमा ग्रहण गर्न संचार माध्यमहरू बाध्य देखिन्छन्। पत्रिकामा छापिएका सामाग्री कै कारण दर्जनौ पत्रकारहरू पक्राउ परेका छन। सुरक्षाकर्मिहरूद्वारा कतिपय ठाउँमा पत्रपत्रिका जफत समेत गरिएका छन्। यसवाट जनताको सुसूचित हुने अधिकारमाथि नै गम्भीर आघात पुगेको छ।

२. नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा ७ बमोजिम आदेश जारी गरी संकटकाललाई व्यवस्थित गर्नु पर्छ भन्ने माग देशव्यापी रूपमा उठेको छ र सरकारले यस सम्वन्धमा प्रतिवद्धता समेत जाहेर गरेको हो। तर प्रतिबद्धताको वावजुद संविधानसम्मत आदेश जारी नभएबाट मानवअधिकार उल्लंघनको लागि आधार तयार भएको प्रष्ट छ।

३. राज्यद्वारा गिरफ्तार गरी वेपत्ता पार्ने प्रचलनले यस वर्ष पनि निरन्तरता पाएको छ। निर्दोष नागरिक र नेकपा (एमाले) समेत विभिन्न राजनैतिक दलसंग सम्वद्ध व्यक्तिहरू समेत यसको शिकार भएका छन्। उदाहरणको रूपमा धरानका विद्यार्थी सुजन कटुवाल, भक्तपुरका यूवा कार्यकर्ता हरि दाहाल, सोलुखोम्बुका एमाले समर्थक सालवहादुर राई तथा कर्मचारी मिनबहादुर राई र बाराका एमाले समर्थक सहन महतोलाई गिरफ्तार गरी वेपत्ता पारिएको छ।

४. राज्यको तर्फबाट कानून विपरित गोली हानी गैरकानूनी हत्या गरिएका पनि थुप्रै घटनाहरू छन्। यस्ता घटनाहरू बारे बारम्बार सरकारको ध्यानाकर्षण गर्दा पनि सकारात्मक परिणाम देखिएको छैन। संकटकाल जारी भएपछि त यस्ता घटनाहरूमा अत्यधिक बृद्धि भएको छ। उदाहरणको लागि जाजरकोटमा श्रीमती मीना आचार्य, सिन्धुपाल्चोकमा सामान्य नागरिक प्रकाश लामिछाने, सल्यानमा जनप्रतिनिधि सुकलाल भण्डारी र रूकुममा कांग्रेस तथा एमाले समर्थक टेकबहादुर सिंह तथा जुवारी मल्ल समेत चार जनाको सुरक्षाकर्मीको गोलीद्धारा हत्या भएको छ। खेतमा काम गरिरहेका किसानहरू र धार्मीक मेलामा सहभागी सामान्य नागरिकहरूको अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरिएको छ। साथै गिरफ्तारी पश्चात पनि गोली हानी हत्या गरिएको छ। यी केही उदाहरण मात्र हुन र यी सबै हत्यालाई सरकारी सञ्चार माध्यमले आतंककारीको मृत्यु भएको भनी प्रायोजित समाचार प्रेशित गरेको छ।

५. राज्यको तर्फवाट गिरफ्तार गर्दा अमानवीय व्यवहार गर्ने र हिरासतमा यातना दिने जस्ता कार्यहरू विषेशत माओवादी क्रियाकलापमा बृद्धि भएको अवधि र संकटकालमा धेरै भएका छन्। उदाहरणको लागि पर्वतमा नेकपा (एमाले) जिल्ला सचिव मोतीप्रसाद पौडेललाई सुरक्षाकर्मीले लछारपछार तथा अभद्र व्यवहार गर्दै गरेको गिरफ्तारी, संखुवासभाका जिल्ला सभापति लगायत जनप्रतिनिधिहरूसंग अपमानजनक व्यवहार गरी गिरफ्तार गरेको र लमजुङ्ग नेकपा (एमाले) जिल्ला कमिटि सदस्य भूमिराज कडेललाई गिरफ्तार गरी कुटपिट गर्दा करङ्ग भाँचिएको जस्ता घटनाहरूलाई लिन सकिन्छ। उल्लेखित घटनाहरू त केही उदाहरणमात्र हुन्। नेकपा (एमाले) सम्वद्ध कार्यकर्ता तथा जनप्रतिनिधिहरू सयौंका संख्यामा गिरफ्तार गरिएका छन्। गिरफ्तारीकै क्रममा अमानवीय व्यवहार गरिएका छन् र हिरासतमा यातना समेत दिइएको छ। केही व्यक्तिहरू हिरासतमा यातना दिने क्रममा मारिएका समेत छन्। उदाहरणको लागि इलाममा शिक्षक टिका खरेल समेतको मृत्युलाई लिन सकिन्छ।

६. देशको विद्यमान कानूनको विपरित सयौं निर्दोष नागरिकहरूलाई गिरफ्तार गरिएको छ र बिना पूर्जी हिरासतमा राखिएको छ। व्यापक जनदवाव पश्चात् कतिपयलाई छाडिएको छ भने कतिपय हालसम्म हिरासतमा नै छन्। राज्यको तर्फबाट निर्दोष नागरिकहरूलाई गिरफ्तार गर्दा सरकार माओवादी वार्ताको अवधीमा भएका जुलुस आमसभामा भाषण सुन्न गएका, जुलुस हेर्न गएका, जुलुस आमसभामा भागलिने मध्ये कसैलाई पानी खान दिएका र दवावमा खाना वा वास दिएका जस्ता आधारहरू समेत अंगालेको पाइन्छ। यसवाट देशव्यापी रूपमा भइरहेको मानवअधिकार उल्लंघनको बारेमा अनुमान गर्न सकिन्छ।

७. संकटकालको नाममा निश्चित मापदण्ड नबनाई स्वेच्छाचारी तथा गैरकानूनी ढंगले सामान्य जनताको घर टहरा भत्काउने कार्य समेत व्यापक रूपमा भएका छन्। साथै अव्यवस्थित बसोबास हटाउने नाममा कानून तथा प्रचलित मान्यता विपरित कामकारवाही भएका छन्।

८. राज्यको तर्फवाट व्यक्तिलाई गिरफ्तार गरी हिरासतमा राख्दा कानूनको गम्भीर उल्लंघन भएको छ। यस्तो कार्य गर्दा कतिपय अवस्थामा देशको कानूनद्वारा अख्तियारी प्राप्त निकाय तथा व्यक्तिले गिरफ्तारी नगरेको, कानूनको प्रक्रिया पूरा नगरेको, थुनामा राख्दा पूर्जी नदिएको र कानूनद्वारा अख्तियारी प्राप्त नभएको निकाय वा व्यक्तिले तहकिकात गर्ने तथा हिरासतमा राख्ने गरेको पाइएको छ। यस्ता काम कारवाहीहरू देशव्यापी रूपमा अहिलेसम्म पनि भइरहेको देखिन्छ।

९. सुरक्षाकर्मीको हिरासतमा राखिएका व्यक्तिहरूलाई आफन्त, नातेदार तथा मित्रहरूसंग भेटघाट गर्न दिइएको छैन। कतिपय

अवस्थामा लुगाफाटो तथा खानासम्म निषेध गरिएको छ। संविधानको व्यवस्था विपरित कानून व्यवसायीलाई हिरासतमा रहेको व्यक्तिहरूसंग भेट गर्न दिइएको छैन।

१०. विशेषतः संकटकाल जारी भए पश्चातको अवधीमा लास जाँच प्रतिवेदन (Post Mortem Report) को प्रकृया धेरै वटा घटनाहरूको सन्दर्भमा अवलम्वन गरिएको छैन। यसबाट मानवअधिकार उल्लंघनका धेरै घटनाहरू माथि ढाकछोप हुन पुगेको छ।

(ख) माओवादी ज्यादती

१. माओवादीहरूले बिगतमा भैं यस वर्ष पनि विपक्षी राजनीतिक दलसंग सम्वद्ध कार्यकर्ताहरू र सामान्य नागरिकहरूको क्रूरतापूर्वक हत्या गरेका छन्। नेकपा (एमाले) का विभिन्न तहमा कार्यरत कार्यकर्ताहरू निमलाल रोक्का (रोल्पा), वलराम सापकोटा (काभ्रे), गुप्तबहादुर वि.क. (स्याङ्जा) र सामान्य नागरिक मानबहादुर परियार (मोरङ्ग), कुलबहादुर परियार (सोलुखुम्वु) तथा राधेश्याम यादव (दाङ) को हत्यालाई उदाहरणको रूपमा यहाँ उल्लेख गर्न सकिन्छ।

२. माओवादीहरूले जनकारवाहीको नाममा विपक्षी राजनीतिक दल वा कार्यकर्ता तथा सामान्य जनतालाई व्यापक रूपमा कुटपिट गरेका छन्। भाटे कारवाहीको नाममा सामान्य जनतालाई निर्मम यातना दिइएको छ र कुटपिटको क्रममा सम्वन्धित व्यक्तिको अंगभंग गरिएको छ। माओवादीसंग सम्बन्धित खुम्बुवान मुक्तिमोर्चाको सशस्त्र समूहले सोलुखुम्बुको तीन परिहारमा आक्रमण गरी दुई जनाको हत्या गर्दै ८ जनालाई मरणासन्न हुने गरी कुटपिट गरेका छन्। कुटपिट गर्ने क्रममा कतिपय अवस्थामा माओवादीहरूले लुटपिट समेत गरेका छन्। मकवानपुर, दाङ, सुनसरी, जाजरकोट, पर्वत, कालिकोट, अछाम, कञ्चनपुर, काभ्रेपलान्चोक, भक्तपुर, बर्दिया, नुवाकोट र बाँकेका विभिन्न स्थानहरूमा कुटपिट र लुटपिटका व्यापक घटनाहरू माओवादीहरूबाट भएका छन्। यी घटनाहरूमा नेकपा (एमाले) का जिम्मेवार नेता तथा सांसद रंगनाथ जोशीदेखि विभिन्न तहका निर्वाचित जनप्रतिनिधिहरू माओवादी उदण्डताको शिकार बन्न पुगेका छन्।

३. माओवादीहरूले विपक्षी राजनीतिक दलका कार्यकर्ता तथा सामान्य जनताको व्यापक रूपमा अपहरण गरेका छन्। कतिपय अवस्थामा अपहरितलाई यातना समेत दिइएको छ। उदाहरणको लागि नेकपा (एमाले) का विभिन्न तहका कार्यकर्ताहरू इन्द्रबहादुर ओली (बाँके), दयाराम न्यौपाने तथा सूर्यमान शाही (कालीकोट) समबहादुर वम तथा लोकेन्द्र शाही (कालिकोट), सूर्य पौडेल (स्याङ्जा), लक्ष्मण श्रेष्ठ (दोलखा), डिल्ली महत, तीर्थ वुढा तथा धिरेन्द्र राज गिरी (जुम्ला), गोविन्द सिंह अधिकारी (जुम्ला), नेत्र भण्डारी समेत ५ जना ((स्याङ्जा) र चक्रवहादुर फडेरा (हुम्ला) को अपहरणलाई यहां उल्लेख गर्न सकिन्छ।

४. माओवादीहरूद्वारा यस वर्ष केही बलात्कारका घटनाहरू पनि भएका छन्। उदाहरणको लागि नुवाकोटको १२ वर्षीय वालिका, सप्तरीको एक विवाहित गर्भिणी, पर्वतको १ विवाहित र रूपन्देहीको आफ्नै फुपूको १२ वर्षीय छोरीलाई क्रमशः कैले गिरी, भिमबहादुर अधिकारी, माओवादी समूह तथा राम अर्यालले गरेको बलात्कारलाई लिन सकिन्छ।

५. माओवादीहरूले यस वर्ष आफ्नो चन्दा आतंकलाई अझ व्यापक बनाएका छन्। माओवादीहरूले राजधानी लगायत देशका विभिन्न स्थानहरूमा तोकिएको रकम जबरजस्ती उठाउन पत्र पठाउने, चन्दा उठाउन मानिस पठाउने, धम्की दिने र भने जति रकम नदिनेलाई आगजनी लुटपिट तथा कुटपिट समेत गरी आएका छन्। उदाहरणको लागि सुर्खेत, लमजुङ, स्याङ्जा, नवलपरासी र सिन्धुपाल्चोक लगायत देशव्यापी रूपमा भएका घटनाहरूलाई लिन सकिन्छ।

६. माओवादीहरूले जनताको धार्मिक आस्थामा समेत गम्भीर रूपमा प्रहार गरेका छन्। यस वर्ष यस्ता थुप्रै घटनाहरू माओवादीहरूद्वारा भएका छन्। उदाहरणको लागि रामेछापको नागदह र दोलखाको दुधपोखरिमा माओवादीहरूले गाई काट्ने अभियाननै संचालन गरे। यसरी नै रामेछापका अन्य गा.वि.स.हरूमा समेत यस्तै खालको घटनाहरू भएका छन्। माओवादीहरूले जाजरकोटका विभिन्न स्थानहरूमा मुर्ती तोडफोड गर्ने देखि जिल्लाका महत्वपूर्ण धार्मिक स्थल तथा मठ-मन्दीरहरूमा पूजा-आजा, भजन-किर्तन गर्न प्रतिबन्ध लगाएका छन्। माओवादीहरूले अछाममा दशैंको अवसरमा मन्दीरमा वली दिन रोक लगाउने देखि बारा नीजगढ, मकवानपुर धियाल लगायतका स्थानहरूमा दशैंमा टीका थाप्न गएकाहरूलाई आक्रमण गरी खुट्टा भाँची दिएका छन्। यसरी नै अछाममा माओवादीहरूले संस्कृत विद्याश्रमका विद्यार्थी तथा गुरूहरूको जवरजस्ती जनै चुँडाली टुपी काटी दिएका छन् र दैलेखमा मुर्ती तोडफोड गरेका छन्।

३. अनुगमनको प्रभावकारी संयन्त्र

देशमा मानवअधिकारको प्रत्याभूतिको लागि सो सम्बन्धी स्थितिको निरन्तर र प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना अपरिहार्य हुन्छ। प्रतिकुल वातावरणको बीचमा रहेर राष्ट्रिय मानवअधिकार आयोग कार्यरत छ र गैर सरकारी संस्थाको हैसियतमा मानवअधिकारवादी संस्थाहरूले प्रस्तुत सन्दर्भमा महत्वपूर्ण भुमिका निर्वाह गरिरहेका छन्। तर अनुगमनको कार्य प्रभावकारी हुनको लागी देहायका पक्षहरू विचारणीय छन।

(क) सवल राष्ट्रिय मानवअधिकार आयोग,
(ख) गैर सरकारी संस्थाहरूको प्रभावकारीता र
(ग) इन्सेक र वर्ष पुस्तिका

(क) सबल राष्ट्रिय मानवअधिकार आयोग

(१) कानूनद्वारा स्थापित राष्ट्रिय मानवअधिकार आयोगलाई प्रभावकारी बन्न दिइएको छैन। आयोग क्रियाशील हुँदा धेरै फरक पर्न सक्ने तथ्य आयोगको नेपालगञ्ज तथा

संखुवासभाको स्थलगत भ्रमणको परिणामबाट देखिएको छ। तर आवश्यक भौतिक सुविधा तथा आर्थिक अभाव जस्ता अंकुशहरू यसको ठूलो कमजोरी रहेको देखिन्छ र आयोगलाई सहयोग गरी यसलाई सवल तथा क्रियाशील बनाउन सरकारले आफ्नो दायित्व पूरा गरेको देखिंदैन।

(२) राष्ट्रिय मानवअधिकार आयोगलाई आफ्नो दायित्व निर्वाह गर्ने क्रममा सरकारले पूर्णतः असहयोग गरेको छ। आयोगले चाहेको जानकारी नदिने, दिइहालेको अवस्थामा पनि एकदमै ढिलो दिने र आयोगले दिएको सल्लाह सुझावलाई अवलम्वन नगर्ने जस्ता सरकारको प्रबृत्ति तथा रवैयाले राष्ट्रिय मानवअधिकार आयोगलाई प्रभावकारी हुन दिएको छैन।

(ख) गैरसरकारी संस्थाहरुको प्रभावकारीता

(१) गैरसरकारी संस्थाको रूपमा कार्यरत मानवअधिकारवादी संस्था, रेडक्रस तथा प्रेश आदिलाई काम गर्नको लागि राज्यले उपयुक्त वातावरण दिएको छैन। मानवअधिकार उल्लंघनका सम्भावित स्थानहरूमा स्थलगत अध्ययन अवलोकन गर्न राज्यले समुचित व्यवस्था मिलाइ दिएको देखिदैन।

(२) राज्यले मानवअधिकारवादी संस्थाका क्रियाकलापहरूलाई निरूत्साहित गर्न खोजेको प्रष्ट देखिन्छ। राज्यको तर्फबाट अनुगमनको कार्यमा सहयोगको सट्टा मानवअधिकारवादी संस्थाहरूलाई प्रत्यक्ष र परोक्ष रूपमा निषेध समेत गरेको देखिएको छ। उदाहरणको लागि संखुवासभामा गएको इन्सेक प्रतिनिधिको पक्राउ तथा कुटपिट र यसको काठमाडौं स्थित कन्दीय कार्यालय तथा नेपालगञ्जको कार्यालय सुरक्षाकर्मीद्वारा घेराउ गर्ने कार्यलाई लिन सकिन्छ।

(ग) इन्सेक र वर्ष पुस्तिका

इन्सेक भन्ने मानवअधिकार संस्थाले विगत धेरै वर्ष देखि देशव्यापी रूपमा मानवअधिकार उलंघन सम्बन्धी तथ्यहरूको संकलन गरी वर्ष पुस्तिका प्रकासित गर्ने कार्य गरी आएको छ। मानवअधिकारको क्षेत्रमा यसलाई सकारात्मक र सह्रानीय मान्नु पर्दछ। तर यसलाई प्रभावकारी बनाउनको लागि थप गम्भीर र जिम्मेवारीपूर्ण बनाउनु आवश्यक छ। प्रस्तुत सन्दर्भमा देहायका केही तथ्यहरू तर्फ ध्यानाकर्षण हुनु आवश्यक छ।

१. वर्ष पुस्तिकाले मानवअधिकार सम्बन्धी तथ्यहरूको राम्रो संकलन गरेको छ। यसलाई निरन्तरता दिइनु पर्छ। तर संस्थाले विवादास्पद र राजनैतिक आग्रहयुक्त टिप्पणि लाग्ने नकारात्मक अभिव्यक्तिबाट आफूलाई जोगाउनु पर्छ। उदाहरणको लागि "मानव अधिकार वर्ष पुस्तक २००१" को पृष्ठ ६ र ७ मा उल्लेखित टिप्पणिहरू उपयुक्त छैनन् र गम्भीर रूपमा त्रुटिपूर्ण छन्। पृष्ट ६ मा "पंचायती शासन कालमा सत्ताका आडमा हुर्किएका गुण्डाहरू र राजनीतिक अपराधीहरू नेपाली कांग्रेस र कम्यूनिष्ट पार्टीहरू खासगरी नेकपा (एमाले) भित्र समाहित भइसकेका छन्" भन्ने उल्लेख छ। यसैगरी "सबै दल तथा सांसदहरू भ्रष्टाचारका कुनै न कुनै घटनामा मुछिएका देखिन्छन्" भनेर सबैलाई भ्रष्टाचारी बनाइएको छ। राजनीतिक पिडीत वापत सहयोग लिएको उल्लेख गरी हाम्रो पार्टी सम्बद्ध मनमोहन अधिकारी, के.पी.ओली, मोदनाथ प्रश्रित, प्रदिप नेपाल, राधाकृष्ण मैनाली, झलनाथ खनाल, अमृत बोहरा, माधवकुमार नेपाल, केशव बडाल, भरतमोहन अधिकारी र हिरण्यलाल श्रेष्ठको नाम छापिएको छ। पुस्तिकाले यसलाई "नैतिक भ्रष्टाचार" भनेको छ। यसप्रति हाम्रो गम्भीर असहमति छ।

२. "गुण्डा" र "राजनीतिक अपराधी" भन्ने शब्दावली के आधारमा प्रयोग गरिएको हो ? सबैले भ्रष्टाचार गरेको भनी कुन आधारमा निश्कर्षमा पुगिएको हो ? वर्ष पुस्तिकामा उल्लेख छैन। यस्तो तथ्यहीन र आधारहीन टिप्पणी जैर जिम्मेवार छ।

३. राजनीतिक पीडित वापतको रकम लिने कार्यलाई जिम्मेवार संस्थाको पुस्तिकामा "नैतिक भ्रष्टाचार" भन्नुको कुनै आधार देखिदैन। यो समिति सरकारको निर्णयको परिणाम हो। यसबाट दिइने रकम संसदबाट निर्णित र विनियोजित हो। यस्तो समिति र रकमको व्यवस्था ठीक हो वा होइन भनेर छलफल गरी निष्कर्षमा पुग्न सकिन्छ। रकम दुरूपयोग भएको बारे छलफल गर्न सकिन्छ। तर कानुन बमोजिम लिइएको रकमलाई अख्तियारी प्राप्त नभएको नियकाले सार्वजनिक रूपमा "भ्रष्टाचार" भन्नु गलत र गैर जिम्मेवार हो भन्ने प्रष्ट छ।

४. नेकपा (एमाले) स्वयं भ्रष्टाचार, विकृति, विसंगति विरूद्ध संघर्षरत छ। भ्रष्टाचार विरूद्ध संघर्षरत भएकै अवस्थामा आधारहीन र स्वेच्छाचारी तवरले उल्लेखित आक्षेप लाग्नु हाम्रो लागि आश्चर्यजनक छ। जिम्मेवार संस्था र व्यक्तिको बारेमा यसरी टिप्पणी गर्दा सम्बन्धित पक्षको समेत प्रतिक्रिया लिएर सो समेत उल्लेख गर्ने सामान्य प्रचलन हो। वर्ष पुस्तिकाको तर्फबाट यो धर्म निर्वाह नभएकोलाई हामीले गम्भीर मानेका छौं।

५. वर्ष पुस्तिकाको उल्लेखित टिप्पणी तथ्यगतरूपमा पनि गम्भीर रूपमा त्रुटिपूर्ण छ। उदाहरणको लागि भरतमोहन अधिकारीले कुनै पनि रकम राजनीतिक पीडित समितिबाट लिनु भएको छैन। माथि उल्लेख भएका कसैले पनि मन्त्रीको हैसियतले उक्त रकम लिनु भएको छैन। राजनीतिक पीडितको नाताले रितपूर्वक सरकारले दिएको रकम लिने कार्यलाई भ्रष्टाचार भन्नुको आधार के हो ? वर्ष पुस्तिकामा कुनै उल्लेख छैन।

निष्कर्ष

उल्लेख गरिए अनुसार देशको सन् २००१ को मानवअधिकारको स्थिति सकारात्मक रहेको छैन।

युवराज कार्की
सचिव

राष्ट्रिय प्रजातन्त्र पार्टी

त्यस कार्यालयबाट मिति २०५८/१०/२ गते प्रेषित मिति २०५८/११ को अन्त्यतिर प्राप्त भएको पत्रको सन्दर्भमा लेखिएको छ।

१. आस्थाको आधारमा राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरू निरन्तर मारिने क्रम रोकिएको छैन।

२. मारिनेहरूका आश्रित प्रति सरकारी दृष्टिकोण मानवीय र सरकारको दायित्व भन्दा पनि दलगत पहिचानका आधारमा आधारित छ।

३. मारिनेहरू तर्फबाट यकिन सूचना प्राप्त गर्न सहज छैन। कारण :

(क) सरकारको कारवाहीबाट मारिनेहरू सरकारकै त्रासले भरसक सूचना प्रवाह गर्न चाहँदैनन्।

(ख) माओवादीबाट मारिनेहरू पनि असुरक्षाको कारणले सूचना प्रवाह गर्न चाहँदैनन्।

(ग) संकटकालमा अझ यस्तो सूचना प्राप्त गर्न गाह्रो छ।

४.हाम्रो पार्टीमा हामीलाई प्राप्त सूचनाका आधारमा अधिराज्यभरिका विभिन्न जिल्लाका हाम्रा कार्यकर्ताहरूको विभत्स हत्या माओवादीहरूबाट भएको छ। त्यसैगरी राज्यको तर्फबाट यस पार्टीका कार्यकर्ताहरूमाथि गरिएको मानवअधिकार हननको घटना यसै पत्रसाथ संलग्न छ।

पार्टीलाई प्राप्त सूचनाका आधारमा मागी लेखिए बमोजिम हेर्दा संविधान र कानूनको उल्लंघन र पालनाको

जिल्ला र स्थान	घटनाको विवरण	जानकारी गराउने निकाय र ठेगाना
पर्वत जिल्लाको कुश्मा	भोगसिद्ध गाविसका विक्रम वि.क. ०५८ मंसिर २८ मा थुनामा।	राप्रपा
पर्वत, नाङलिवाङ गाविस-९	कास्की उप. म. पो. पोखरा किलोमिटरमा सुरक्षाकर्मीद्वारा हरिकृष्ण आचार्यलाई हिरासतमा लिएको।	राप्रपा
मकवानपुर, बुढीचौर गाविस	बुढीचौर गाविसमा ०५८ मंसिर १७ गते महिला विरामी उपचारका लागि अस्पताल लैजाँदा प्रहरीले राति गोली चलाउँदा श्रीमती ठूली माया तामाङको मृत्यु, रन्जु पाख्रिन, इन्द्रबहादुर सुब्बा र जगत बहादुर थिङ घाइते।	राप्रपा
काभ्रे, उग्रचण्डी गाविस	उग्रचण्डी गाविस-४ का तुलसीनारायण श्रेष्ठलाई ०५८ मंसिर १८ गते आफ्नै वर्कशपमा पक्राउ गरेको।	राप्रपा
ताप्लेजुङ्ग	श्री माङदेव जनता मा.वि. का शिक्षक टंकबहादुर लिम्वु र रामबहादुर लिम्वुलाई माओवादीको जत्थाले गोली हानी हत्या गरेको।	राप्रपा
रोल्पा	खुमेल गाविसमा मंसिर पूर्णिमाका दिन विहान दिवाली गर्न जम्मा भएका माथि गोली चलाउँदा ६ जना घटनास्थलमै मृत्यु भएको र १३ जना घाइते। अन्य पार्टीको भनाइमा वाङ गाविस खाराका कर्णबहादुरको हत्या।	राप्रपा
ओखलढुंगा	टारकेरापारी गाविस-६ का जि. का. स. सदस्य दीर्घराज शर्मा पौडेललाई माओवादीहरूबाट ०५३ साउन ९ र ०५७ चैत १० गते घरबाटै मरणासन्न गरी कुटी सरकारबाट काठमाडौंबाट उपचार गर्दैको अवस्थामा २०५८ मंसिरमा ७५ मुरी धान, ३०० भारी पराल लुटी जग्गा घर कब्जा गरी अंशवण्डा गरि दिएका।	राप्रपा
पर्वत, पाङ्ग गाविस	पुरूषोत्तम दास वैरागीलाई २०५८ मंसिर २६ मा पक्राउ गरी नजरबन्द।	राप्रपा
पर्वत, नाङलिवाङ	वडा नं. ३ निवासी शिक्षक नारायण पन्त रेग्मीलाई मंसिर २ गते सुरक्षा फौजद्वारा पक्राउ गरी नजरबन्द	राप्रपा
कैलाली, खलार गाविस	कुडिँ गाउँका खेमराज सिंहको घरमा २ वटा ट्रेक्टर, १ जिप र घर समेत वमले हानी उडाएको र करीव ३ सय क्विन्टल खाद्यान्न नगद गरी रू. १५ लाख लगेको, जम्मा गरी २ करोड ५० लाख क्षति भएको।	राप्रपा
	आमवादीका शेरवहादुर हमालको मिल, घर र सम्पूर्ण सामानहरू आगो लगाई ४ लाखको क्षति भएको।	राप्रपा
तेह्रथुम	चुहानडाँडा गाविस-९ मा २०५८ जेठ २५ माओवादीबाट सरवाकुपार कन्दङवा समेतलाई यातना दिई गोली हान्ने धम्की दिएको, सम्पूर्ण धनमाल छोडी झापामा ६ जना परिवार समेत भएकाले राहत माग गरेको।	राप्रपा
संखुवासभा	केन्द्रीय सदस्य केदारनाथ राईको निवेदन अनुसार मिति २०५८ साउन ५ का दिन ३५/४० जना माओवादीको जत्थाले सुन, चाँदी, तामाको पैसा गरी ६लाख ३२ हजार ८ सयको धनमाल लुटेर लगेको	राप्रपा

नाममा राज्य र राष्ट्र विप्लवका नाउँमा मान्छे मारिने कुरा निरन्तर चलिरहेको छ।

विगत वर्षहरू भन्दा यस वर्ष नर संहारको अवस्था झन् कहाली लाग्दो रहेको कुराको प्रमाण अछाम र दाङ जिल्लामा भएका घटनाहरूबाट प्रमाणित हुन्छ।

हाम्रो पार्टी खुला समाज, खुला विचार र खुला राजनीतिक गतिविधिको पृष्ठपोषक हुँदाहुदै पनि सरकारद्वारा घोषित संकटकाल अनुमोदन गरिए पनि संकटकाल अनुमोदन भएकै मौकामा अत्यन्त विभत्स घटना अछाममा र पाषाण युगको बर्बरतालाई पनि उछिनेर माओवादी राजनीति र नेपाल बन्दको नाममा ०५८ फागुन १० गते शुक्रबारका दिन चितवन भण्डारामा बस भित्र आगो लगाई मानिस पोली मारेको घटनाले अवश्य पनि मानवअधिकारको क्षेत्रमा संघर्षरत हरेक शक्ति, व्यक्ति र संस्थाको शीर नतमस्तक भएको हुनु पर्दछ भन्ने हाम्रो पार्टीको धारणा छ।

आतंकको राज्य चलेको वखत आतंकको सूचना पाउन, संकलन गर्न पनि त्यतिकै आतंकित हुनु पर्ने, आफ्ना प्रियजन चाहे स्थापित राज्यव्यवस्थाका पक्षधरबाट होस् चाहे विद्रोह वा अन्य पार्टीका नामबाट होस्, नृसंस हत्या हुँदा पनि प्रतिकार गर्न नसकेर निरीह वनेर सहनु पर्ने वाध्यता हरेक जीवित नेपालीको वर्तमान मानवअधिकारको स्थितिको शाश्वत र अभेद्य पक्ष हो।

ने.क.पा. (मसाल)

सन् २००१ मा नेपालमा मानवअधिकारको स्थिति निरन्तर बिग्रदो र भयावह हुँदै गएको पाइन्छ। विगत केही वर्ष यता देशमा घटिरहेका घटनाक्रमले शान्ति सुरक्षा सम्बन्धी प्रश्न गम्भीर बनिरहेको परिप्रेक्ष्यमा यस वर्ष त्यो स्थितिमा झन् ह्रास भएर असामान्य र संकटकालीन अवस्थाको घोषणासम्म विकसित भएको देखा पर्दछ। देशमा निश्चित रूपले माओवादी वा त्यससंग जोडिएर आएको समस्या गम्भीर छ तापनि देशमा त्यसबाहेक पनि अनेकौं विकृति, अन्याय-अत्याचार, भ्रष्टाचार, मूल्यवृद्धि, अभाव, सत्ताको दुरूपयोग मात्रै नभई विभिन्न प्रकारका शोषण, कुरीति र अन्धविश्वास समेतका कारणले एक वा अर्को घटना घटेका र त्यसले अन्ततोगत्वा मानवअधिकारको प्रश्नलाई नराम्रोसंग प्रभावित नै गरिरहेको अवस्था पनि वर्ष सन् २००१ मा टड्कारो रूपमा देखा पर्दछ।

वर्ष सन् २००१ मा अनेकौं घटनाहरू देशमा घटेका छन्। विभिन्न भागहरूमा राज्य र माओवादी दुवैका तर्फबाट अनेकौं वारदात घटाइएका छन्। त्यसैगरी नारायणहिटी राजदरवारमा घटेको हत्याकाण्ड पनि यो अवधिकै चर्चित प्रसंग हो। देशमा व्याप्त भ्रष्टाचारको नेतृत्व जिम्मेवार ओहदामा रहेका प्रधानमन्त्री जस्ता व्यक्तिबाट भएको र त्यस्तो उच्च ओहदामा रहेका व्यक्ति पनि निष्कलंक हुनु पर्नेमा सत्ता जोगाउन अनेकौं हथकण्डा प्रयोग भएवाट खासगरी लाउडा प्रकरणमा तत्कालीन भ्रष्टाचारी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजिनामा दिलाउनका निम्ति गरिएको संघर्ष एवं त्यसको दौरानमा भएका दमनहरू समेत यसै वर्षको घटनाक्रमहरूमा पर्दछन्।

६ वर्षदेखि मुलुकमा जारी माओवादीहरूको गतिविधिले मुलुक गम्भीर रूपले प्रभावित भइरहेको अवस्थालाई निकास दिने भनेर सरकार र माओवादी दुवै पक्षले चार महिनासम्म युद्ध विराम गरिरहेको अवस्थामा माओवादीले युद्धविरामको औचित्य नदेखेको घोषणा गर्दै आफ्ना पूर्व गतिविधिहरूमा पुनः गएको र अर्कोतिर सरकारले माओवादीहरूलाई दाङ, सोलु र स्याङ्जाको आक्रमणका घटनापछि आतंककारी करार दिएर संकटकाल घोषणा गरी सेना परिचालन गरेको स्थिति समेत यही अवधिमा विकास भएको छ।

निश्चित रूपले अहिले विकसित भएका घटनाक्रम आकस्मिक रूपमा विकास भएका होइनन्। देशमा यो स्थिति विकास गर्न विगतमा नेपाली कांग्रेसले सत्ता संचालनमा देखाएको अधिनायकवादी र फासिष्ट चरित्र अनि देशमा बढिरहेको भ्रष्टाचार, महंगी, अभाव र राज्य सत्ताको दुरूपयोग त्यसका निम्ति धेरै हदमा महत्वपूर्ण कारण बनेर आएका थिए। खासगरी राज्य संचालनका सन्दर्भमा कांग्रेसमा देखिएको सत्ता उन्माद, सत्ता आतंक र त्यसका कारणले विकसित पूर्वाग्रह, पक्षपात, कांग्रेसीकरण वा कांग्रेसी गुण्डागर्दी एवं विभिन्न संस्थाहरूको राजनीतिकरण र त्यसवाट बढेको असन्तोष सबै कुराहरूले काम गरेकै थिए। एकातिर कांग्रेसको त्यो स्थिति रहयो भने त्यसलाई उचाल्दै वहुदलीय व्यवस्था निकम्मा हो भन्दै आफ्नो निहित स्वार्थ पूर्ति गर्ने दिशामा लैजान पुनरूत्थानवादीहरू पनि सक्रिय रहेका थिए। यिनै पृष्ठभूमिमा विभिन्न आर्थिक, सामाजिक भेदभाव, असन्तुष्टि समेतलाई माओवादीहरूले आफ्ना उग्रवामपन्थी गतिविधि र कार्वाहीहरूद्वारा कतिपय तप्काको ध्यान खिच्न पुगेका हुन्। माओवादी समूहका माग राजनीतिक थिए। तर ती माग पूरा गराउने उनीहरूको तरिका गलत भयो। उनीहरूले जनताका समस्या सही र उचित ढंगले उठाउने भन्दा अवस्तुवादी र मनोगत ढंगले निर्णय गर्ने र उग्र "वामपन्थी" आतंकपूर्ण शैली अपनाउदै व्यक्ति हत्या वढाउन थाले। त्यति मात्र नभइ उनीहरू सस्तो लोकप्रियनाका लागि हौसिएर पुनरूत्थानवादीहरूबाट समेत उपयोग हुँदै गए। उनीहरूले दरवारीया तत्वहरूसंगको कार्यगत एकनामा जोड दिन पुगे। यी सबै स्थितिहरू वर्तमान संकटकालसम्म आइपुग्नका लागि जिम्मेवार छन्।

नेपाली जनताले २०४६ सालमा यो सीमित प्रजातान्त्रिक वहुदलीय व्यवस्था प्राप्तिका लागि संघर्ष गरेका हुन्। तत्पश्चात् वहुदलीय शासन व्यवस्थाका १२ वर्षमा अधिकांश समयसम्म सत्तामा रहेको कांग्रेसले सीमित प्रजातान्त्रिक वहुदलीय व्यवस्था एवं त्यसका न्यूनतम मूल्य-मान्यता समेतलाई कुल्च्यो। जिम्मेवारी र जवाफदेही पनि राज्य संचालनमा प्रकट भएन। देशका उद्योगधन्दा र कलकारखानाहरूको समेत निजीकरण, कमिशनतन्त्र राज्य संचालनका सन्दर्भमा जतातते हावी भयो।

कमिशनको लोभले आफ्नो तुच्छ स्वार्थ बाहेक देश र जनताको स्वार्थप्रति कसैको वास्ना रहेन। प्रधानमन्त्री, मन्त्रीहरूदेखि उच्च ओहोदाका कर्मचारीहरू समेत प्रकट रूपमा भ्रष्टाचार र अनियमितनामा संलग्न हुँदा समेत कुनै कार्वाही वा पदबाट अवकास पाउने कुरा हुन सकेनन्। यिनै पृष्ठभूमिमा लाउडा विमान भाडा प्रकरणमा देशका तत्कालीन प्रधानमन्त्री मुछिदा पनि उनले नैतिकताका आधारमा राजिनामा नदिई दमनको बाटो अख्तियार गरे। गत वर्ष चैत महिनाको अन्त्यदेखि आषाढसम्म हाम्रो पार्टी नेकपा (मसाल) सहितको वाम समूहले भ्रष्टाचारी सरकारलाई सत्ताच्यूत गर्न देशव्यापी आन्दोलन गऱ्यो। तर पनि भ्रष्टाचारको आरोप लागेका तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजिनामा दिएनन्। देशका विभिन्न भागमा राजिनामा गराउन भएको शान्तिपूर्ण आन्दोलनमा व्यापक दमन सत्ताद्वारा गरियो। अनेकौं गोलीकाण्ड र दमन धरपकडहरू भए। स्वयं विपक्षी राजनीतिक दलका नेता र सांसदहरू समेतमाथि डण्डा वर्साइयो र उनीहरूलाई गिरफ्तार गरियो। त्यस सिलसिलामा हाम्रो पार्टीका पि. बी. एम. का. चित्रबहादुर के. सी. लाई प्रहरीले वैशाख ४ गते टाउकोमा डण्डा वर्सायो। त्यसैगरी सं. ज. मो. नेपालका लिलामणि पोखरेलको हात प्रहरीको लाठीले फ्याक्चर गराइयो। मुगुका एमाले सांसद चन्द्रबहादुर शाहीलाई बुटले खाँदियो। ने. म. कि. पा. नेता बुद्धिकुमार गोसाइँलाई पनि घाइते बनाइयो। हाम्रो पार्टीका पि. बी. एम. चित्रबहादुर के.सी., एमालेका महासचिव माधवकुमार नेपाल लगायत थुप्रै नेता कार्यकर्ताहरूलाई देशव्यापी रूपमा पक्राउ गरियो र महिलाहरूमाथि अभद्र व्यवहार गरी लछार-पछार गर्दै गिरफ्तार गरियो। राजधानी बाहिरका कैयौं जिल्लाहरूमा यो आन्दोलनका दौरानमा केवल गिरफ्तारी मात्रै गरिएन गोली समेत प्रहार गरियो। लम्जुङमा खुदी गाविस अध्यक्ष शुकमान गुरूङ्गको गोलीकाण्डमा मृत्यु भयो। बुटवलमा मसाल जुलुसका दौरान अखिल नेपाल महिला संघकी अध्यक्ष तथा अखिल नेपाल राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य दुर्गा पौडेलमाथि भएको गम्भीर प्रकारको लाठी चार्जका कारण उहाँको कानको जाली समेत फुट्न गयो। दाङ तुलसीपुरमा भएको गोलीकाण्डमा राजमोका खड्कप्रसाद पोखरेल लगायतका व्यक्तिहरू गम्भीर रूपमा घाइते भए। धनकुटामा जुलुस प्रदर्शनका दौरान गोपाल नेपाली समेत सांसद एवं प्रतिनिधि सभा परराष्ट्र र मानवअधिकार समितिका सभापति सोमप्रसाद पाण्डेलाई मरणासन्न हुने गरी प्रहरीले पिट्यो। पाल्पामा सोही घटनामा गोली लागेर विश्वविजय खनाल घाइते भए भने लाठी चार्जमा प्रेमप्रसाद भट्टराई, उर्मिला शर्मा, अर्जुन रेग्मी समेत गम्भीर घाइते भए। त्यसरी शान्तिपूर्ण आन्दोलनमा समेत सरकार निर्ममतापूर्वक दमनमा ओर्ल्यो। वास्तवमा स्वेच्छाचारिताको नमूना यो भन्दा हुने सक्दैन। यसबाट मानवअधिकारको गम्भीर हनन हुन पुग्यो।

माओवादी समस्यालाई राजनीतिक ढंगले समाधान गर्नुपर्छ भन्ने माग उठिरहेका बेला सरकारले केवल बलपूर्वक यो समस्या समाधान गर्ने उद्देश्यले गत वर्ष सशस्त्र प्रहरी बल र स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश जारी गऱ्यो। स्वयं संसदको कार्यक्षेत्रलाई छलेर अध्यादेश ल्याउनु आफैमा गैर-संवैधानिक काम थियो। त्यस्तै प्रकारले प्रशासन यन्त्रलाई राजनीतिकरणबाट मुक्त गर्न एउटा निष्पक्ष सेवा आयोग वा नियुक्ति प्रक्रिया अपनाउनु पर्नेमा क्षेत्रीय प्रशासकहरूको पदास्थापनामा त्यो कुरालाई ध्यान दिइएन। यी सबै सन्दर्भमा पनि सरकारका क्रियाकलाप स्वेच्छाचारी र दमनकारी रहे।

जेठ १९ गतेको राजदरबार हत्याकाण्ड वर्ष २००१ का लागि मुलुकको एउटा ठूलो घटना थियो जसमा राजपरिवारका १० जना सदस्य र नातेदारहरू मारिएका थिए। तर सरकारले सम्पूर्ण हत्याकाण्डलाई रहस्यमय बनायो। जनतालाई त्यसको वास्तविकताबारे बुझ्न पनि दिइएन। त्यसबारेमा सही सूचना प्रशारित पनि गरिएन। तत्सम्बन्धमा बनेको उच्चस्तरीय छानवीन समितिले पनि कुनै निष्कर्ष दिन सकेन। त्यो हत्याकाण्डबारे कुनै मुचुल्का गरिएन र स्थलगत अध्ययन एवं पोष्टमार्टम पनि गरिएन। त्यसबारेका सबै घटनाक्रम र पद्धतिले वास्तवमा दरबारलाई अलौकिक बनाइ रहस्यमा राख्ने सामन्ती षडयन्त्र र पद्धतिलाई नै उजागार गऱ्यो। यसले सार्वभौमसत्ता नेपाली जनतामा रहेको छ र सार्वभौमसत्ता सम्पन्न संसद, सरकार देशमा बहाल छ भन्ने भनाइलाई झुठ्ठा साबित गऱ्यो। यो घटनाक्रमबाट हाम्रो पार्टी नेकपा (मसाल) ले सार्वभौमसत्ता वास्तवमा जनतामा आएको छैन भन्दै आएको भनाइलाई नै स्थापित गऱ्यो। दरबार हत्याकाण्डबारे सत्य तथ्यलाई खुला रूपले बुझ्न दिनुको सट्टा उल्टै सूचना माग गर्ने र तथ्यपूर्ण छानवीनका लागि आवाज उठाउने राष्ट्रिय जनमोर्चा, संयुक्त जनमोर्चा नेपाल जस्ता पार्टीका नेता अनि कान्तिपुर लगायनका पत्रिकाका पत्रकारहरूलाई क्रमशः गिरफ्तार गर्ने, दमन गर्ने र झुठ्ठा मुद्दा लगाउने निती अख्तियार गरियो। दमनकै लागि कथित सार्वजनिक सुरक्षा नियमावली जस्ता अप्रजातान्त्रिक र काला नियमहरू जारी गरियो। वास्तवमा यी सबै तौरतरिका र क्रियाकलाप प्रजातान्त्रिक पद्धति एवं मानवअधिकारका प्रतिकूल थिए। त्यस परिप्रेक्ष्यमा हाम्रो पार्टीले सबै देशी-विदेशी षडयन्त्रहरू विरूद्ध जनपक्षीय शक्तिहरू एकताबद्ध भएर २०४६ सालका उपलब्धीहरूको रक्षा गर्दै संघर्ष गर्नमा जोड दियो।

देशमा गिरिजा सरकारको भ्रष्ट र दमनकारी नीति एकातिर र अर्कोतिर माओवादीहरूको अवस्तुवादी, मनोगतवादी र उग्र "वामपन्थी" गतिविधिहरू पनि गत वर्षको नेपाली राजनीतिमा आमने-सामने बने। खासगरी भ्रष्टाचारी गिरिजा सरकार विरूद्धको ६ वाम समूहको आन्दोलनले अग्रगामी परिवर्तनका पक्षमा व्यापक जनसमर्थन वृद्धि भएर नयाँ स्थिति विकास हुन गयो। त्यो स्थितिमा माओवादी समूहले पनि आफ्ना उग्र "वामपन्थी" काम कार्वाहीहरू एकदम तीव्र रूपमा बढाएर लग्यो। ती कार्वाहीहरूले सस्तो लोकप्रियता कमाए पनि परिणाम गलत दिशातिरै बढे। नौमुले, विचौर, तारूका र बामीटक्सार जस्ता प्रहरी चौकीमाथि उनीहरूले गरेका भीषण हमला र

कारवाहीहरूले मूलतः प्रहरी विस्थापित हुने र राज्यसत्ताको महत्वपूर्ण अंग सेना स्थापित हुने परिस्थितितिर मुलुक घचेटियो। त्यसको चरम उत्कर्ष होलेरी काण्डसम्म पुग्दा प्रहरीहरू करीब-करीब निस्तेज बने भने सेनासँग माओवादीहरूको एक प्रकारको समझदारीपूर्ण सम्बन्ध विकसित हुन पुग्यो। अर्थात् त्यो काण्डसँगै एकातिर माओवादीहरूले दरवार बारेका विरोध र आलोचना रोक्ने र अर्कोतिर आफ्नो नियन्त्रणमा रहेका सेनालाई माओवादी विरूद्ध दरवारले नउतार्ने प्रकारको अघोषित सम्झौता देखा पर्‍यो। होलरी-नुवागाउँका घटनामा माओवादी विरूद्ध सेना प्रयोग गर्ने गिरिजा सरकारको तीव्र इच्छा रहे पनि एकातिर गिरिजा सरकारको भ्रष्ट प्रवृत्ति विरूद्ध आन्दोलन चालिरहनु अर्कोतिर दरबार र सरकारको सेना प्रयोगबारे बेग्लाबेग्लै सोच रहनु समेतबाट गिरिजा सरकार राजिनामा दिन बाध्य भयो। समष्टिगत रूपमा दरवार र सरकार बीचको अन्तरविरोधमा माओवादीहरूको सेनासँगको समझदारी र त्यसका कारणले मुख्यतः दरवारप्रतिको नरम नीति प्रकट हुन पुग्यो। त्यो कारणबाट उनीहरूको जनयुद्धको खोक्रोपन प्रष्ट भयो र जनयुद्धको केवल क्रान्तिकारी आवरण मात्र रहेको कुरा धेरै हदमा प्रष्टियो। वास्तवमा यही कुरा नै हाम्रो पार्टीले लामो समय देखि भन्दै आएको थियो। अपरिपक्व प्रकारको सशस्त्र कार्वाही र संघर्षले प्रतिगमन निम्त्याउने स्थिति हुन जान्थ्यो र अहिलेको समग्र स्थितिले पनि त्यही देखाइरहेको छ। वास्तवमा देशको राजनीतिमा यी र यस्ता घटनाबाट अहिले धेरै कुरा छर्लङ्ग हुँदै पनि गएका छन्। मुख्य रूपले सरकारद्वारा सेना र प्रहरीको बलले देशको विकृति एवं आर्थिक सामाजिक समस्या समाधान गर्ने नीति अपनाइनु सँगसँगै माओवादीहरूले क्रान्तिका नाउँमा अराजकतावादी, उग्र "वामपन्थी" र आतंकपूर्ण नीति अपनाउनाले आएको प्रतिगमनको खतराबाट नै अहिले मुलुकले हानी व्यहोर्नु परेको स्थिति प्रत्यक्ष अगाडि आएको छ। वास्तवमा वर्तमानमा यी दुवै शैलीले देश अगाडि बढ्न सक्दैन। बरू आम जनताको मौलिक मानवअधिकार समेत गुम्छ र गुमिरहेछ।

माओवादीहरूको अवस्तुवादी र मनोगत विश्लेषण केही सीमित व्यक्तिहरूको प्रयत्नले शीघ्र सत्ता हत्याउन खोज्ने अराजक, महत्वाकांक्षी कारवाही र योजनामा मात्र प्रकट भएको छैन। उनीहरूको उग्र गतिविधि सर्वसाधारण जनता र मित्र पंक्तिबीच पनि कैयौं अवसरमा प्रकट भएको छ। माओवादीहरूले वामपन्थी, देशभक्त र जनतान्त्रिक मित्र समूहका कार्यकर्तालाई पनि मार्ने, कुटपिट गर्ने, अपहरण गर्ने र जबरजस्ती चन्दा असुल्ने जस्ता कार्य लगातार गर्दै आएका छन्। कथित जनयुद्ध शुरू गरेका माओवादीहरूले प्युठानको लुङ्ग, बहानेको आमसभामा अनिथिको रूपमा गएका वखत ०५८ साउन ६ गते हाम्रो पार्टीका पि. वि. एम. चित्रबहादुर के.सी., अ. ने. रा. ज. मो. का अध्यक्ष रश्मीराज नेपाली लगायतका नेताहरू बसेको घरको नजिकमा बन्दुक पड्काएर तर्साउने काम गरे। उक्त साउन महिनाकै ११ गते राति प्युठानको धुवाङ्ग गाविस तिल्केनीका मसाल समर्थक शिक्षक दुर्गाबहादुर के.सी.लाई अपहरण गरेर लगी खुकुरीमा साँध लगाएर मार्ने र खनेको खाल्डोमा पुर्ने दुस्साहस गरे। साउन १८ गते बाग्लुङको सर्कुवा गाविसका १३ वर्षीय बालक तुमबहादुर थापालाई अपहरण गरी महिनौं दिनसम्म बेपत्ता पारे। त्यसैगरी नेकपा (मसाल) समर्थक कालिकोटका नेता जयकृष्ण सन्ज्याललाई समेत उनीहरूले अपहरण गरी साढे दुई महिना पश्चात् मात्र रिहा गरे। गत साउनमै हाम्रो पार्टीका नजिकका कार्यकर्ताहरू प्रशिक्षण कार्यक्रमका लागि सुर्खेतको लेखफर्सामा भेला भइरहेका बेला माओवादीहरू प्रशिक्षण स्थलमा गएर सो ठाउँबाट शेरबहादुर परियार, मोतिप्रसाद मिदनु, मोहन थापा, भीमबहादुर फौजा, लालबहादुर ठाडा र फालबहादुर ठाडालाई विना कारण अपहरण गरी यातना दिएर दुई दिनपछि छाडियो। हालै माओवादीहरूले प्युठान जिल्लाका मसालका सक्रिय कार्यकर्ता वीरबहादुर पुनलाई कारवाही गर्ने धम्की दिएका छन्। त्यसरी मित्र शक्तिका कार्यकर्ता समेतमाथि अराजक र असहिष्णु बनेर अपहरण गर्ने, यातना एवं धम्की दिने माओवादीहरूको प्रवृत्ति अत्यन्त निन्दनीय छ। यस प्रकारका घटनाले मानवअधिकारको उल्लंघन गर्ने काम केवल सरकारबाट मात्र नभएर माओवादीहरूबाट समेत भएको स्पष्ट हुन्छ।

देशमा मंसिर ११ गते देखि संकटकाल लागू भयो। एकातिर देशमासीमित वहुदलीय व्यवस्था निकम्मा छ भन्ने पुनरूत्थानवादीहरूको लगातार जोड र अर्कोतिर नेपाली कांग्रेसको अधिनायकवादी चरित्र र शैलीबाट पनि त्यही कुरालाई परोक्ष रूपमा प्रोत्साहन मिलेको समेतबाट वहुदल प्रति नै जनतामा पलाएको वितृष्णा पनि केही महिना अघि घोषित संकटकालको कारण हो भने माओवादीहरूको उग्र "वामपन्थी" अराजक प्रवृत्ति त्यसको निमित्त कारण हो। तर ती दुवै नै त्यसका मुख्य कारण नभएर पुनरूत्थानवादी षडयन्त्र नै त्यसको मुख्य कारण हो भन्ने कुरालाई पनि घटनाक्रमले प्रष्ट गरिसकेको छ। जे भए पनि अहिले मुलुकमा संकटकाल कायम छ। यो संकटकालीन अवस्थाको घोषणाले जनताको मौलिक मानवअधिकार कुण्ठित र अपहरण भएका छन्। मुलुकले ४१ वर्षपछि व्यहोरेको यो संकटकालले जनजीवन अस्तव्यस्त बनेको छ। प्रेस स्वतन्त्रता कुण्ठित भएको छ। राजनीतिक दलका कार्यकर्ताहरूमाथि व्यापक दमन गरिएको छ। कैयौं व्यक्तिहरूलाई वेपत्ता बनाइएको छ। कतिपय ठाउँमा हत्या समेत भएको छ। स्याङ्जामा अखिल नेपाल किसान संघका जिल्ला सदस्य एवं अ. ने. रा. ज. मो. का कोषाध्यक्ष, राष्ट्रिय जनमोर्चाका सदस्य का. राम शाहको हत्या गरिएको छ। देशभर नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चाका ३० जना भन्दा बढी समर्थक, कार्यकर्ताहरूलाई अहिले पनि थुनामा राखिएको छ। हाम्रो पार्टी निकटको राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य के. वि. फुदोङ्ग र तिलक जि. सी. माथि क्रमशः सुनसरी र प्युठानमा सेनाद्वारा पक्री यातना र दुर्व्यवहार समेत गरी छाडिएको छ। बाग्लुङ जिल्ला दर्लिङ गाविसका अध्यक्ष एवं त्यस क्षेत्रका नेता

रामप्रसाद भट्टराईलाई मसाल निकटको राजमोलाई भोट हालेर निर्वाचनमा जिताएका कारण मात्र सेनाले मार्ने धम्की दियो। उहाँलाई कैयौं पटक पक्रने, बयान लिने र जिल्ला अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप समेत गरेको छ। संकटकालका दौरानमा हाम्रा पार्टीका कार्यकर्ता मात्र मारिएका वा प्रताडित गरिएका छैनन्। कैयौं सर्वसाधारण जस्तै कि माछा मार्ने, कुल पूजा गर्ने, सुन्तला बेच्ने, विरामी परेर राति हिंड्ने, निहत्था र निर्दोष जनता समेत शाही सेना र प्रहरीको कारवाहीमा परी मारिएका छन् र कैयौं यातनाका साथ थुनिएका छन्। वास्तवमा माओवादी नै भए पनि एउटा निशस्त्र व्यक्तिलाई मार्न कुनै अन्तर्राष्ट्रिय, राष्ट्रिय नियम र परम्पराले मिल्दैन। तै पनि कैयौं व्यक्तिलाई आतंककारीको नाउँमा कब्जामा लिएपछि पनि मारिएको छ। त्यसैगरी देशका कैयौं भागमा मार्क्सवादी साहित्यको प्रकाशक र विक्रेता भएकै आरोपमा कैयौंलाई पक्रने र सताउने गरिएको छ र उनीहरू संलग्न पसलमा छापा मार्ने गरिएको छ। सरकारले संकटकालको घोषणासँगै आतंककारी र विध्वंसात्मक कार्य नियन्त्रण र सजाय अध्यादेश २०५८ जारी गरेको छ। त्यो अध्यादेश मौलिक हक एवं संघर्षबाट प्राप्त सबै अधिकारका विरूद्धमा छ। कथित आतंककारीसँग सम्पर्क भएकै आधारमा पनि कारवाही गर्न पाउने र ९० दिनसम्म नजरबन्द (हिरासत) मा राख्न पाउने अत्यन्त दमनकारी कुराहरू त्यसमा रहेका छन्। त्यस बाहेक विना सूचना जुनसुकै समयमा पनि जसको घरभित्र पनि पस्न सक्ने, तलासी लिन सक्ने, घर धनीलाई रोहवरमा नराखिकनै सम्पत्ति जफत गर्न सक्ने र सुरक्षा टोलीले चाहे अनुसारको बल प्रयोग गर्न सक्ने जस्ता असीमित एवं निरंकुश व्यवस्था समेत त्यसमा गरिएको छ। संकटकालको असर भर्खरै उल्लेख गरिएका त्यस किसिमका घटना एवं त्यस्तो दमनकारी अध्यादेशसम्म मात्र सीमित छैन। संकटकालीन घोषणाको समेत देशमा कांग्रेसीकरण गरिएको छ। सत्ताधारी बाहेकका राजनीतिक समूह विशेष गरी वामपन्थी समूहलाई समर्थन गर्ने कार्यकर्ता र जनतालाई आस्थाकै आधारमा प्रताडित गर्ने गरिएको छ। नेपाली कांग्रेस वा त्यससंग सम्बन्धित व्यक्ति वा समितिका उजुरीका आधारमा पनि सयौं व्यक्तिहरु गिरफ्तार भई यातना भोग्न परिरहेका उदाहरण पनि प्राप्त भएका छन्। नेपाली कांग्रेस वा त्यससंग सम्वद्ध कैयौं नेताहरूले संकटकालको उपयोग गरेर विपक्षी राजनीतिक समूहका कार्यकर्तामाथि दमन गराउने त्यस किसिमका कुत्सित नियत राखे पनि संकटकालीन अवस्थाको घोषणापछि मुलुकमा नागरिक, प्रशासन वा निर्वाचित सरकारको सट्टा सेना हावी हुने स्थिति क्रमशः विकसित भइरहेको छ। यस्तो प्रवृत्तिले स्वयं नेपाली कांग्रेसलाई पनि असर नगर्ला भन्न सकिन्न। यसरी समष्टिगत रूपमा २०४६ सालको आन्दोलनका उपलब्धीहरू क्रमशः गुम्दै उकुस-मुकुसको स्थिति देशमा खडा भएको छ र एक वा अर्को प्रकारको अधिनायकवादी व्यवस्थाको स्थापना तथा पुनरूत्थानवादी खतरा देशमा टड्कारो रूपमा उपस्थित भएको छ। यी सबै सन्दर्भमा नै ने.क.पा. (मसाल) ले संकटकालीन अवस्था तत्काल फिर्ता गर्ने माग गरेको छ। साथै हाम्रो पार्टीले संकटकाल फिर्ता गर्न वा त्यसको अन्त्य गर्न माग गर्ने विभिन्न समूहसँगको कार्यगत एकतामा जोड दिंदै आएको छ।

सन् २००१ मा मुलुकमा नागरिक अधिकार हननका ढाँचामा व्यक्तिका ज्यू-ज्यानबारेका मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरू मात्र भएका छैनन्। सरकारमा बस्नेहरूको जिम्मेवारी र जवाफदेहीपनको अभाव, लापर्वाही एवं शिथिलताले जनताका सामाजिक, आर्थिक, शैक्षिक अधिकार एवं सेवाको सुनिश्चिततामा पनि गम्भीर समस्याहरू देखिएका छन्। त्यस सन्दर्भमा शिक्षक छनौट प्रक्रिया अनियमित, मनोमानी र कानून विपरित भएका कारणले गएको वैशाख महिनाको अन्त्यतिर देशका कतिपय शिक्षा कार्यालयहरूमा परीक्षार्थीहरूमा आएको स्वाभाविक आक्रोशले कागजपत्र जफत् भए, कार्यालय तालाबन्द भए। परीक्षा महिनौंसम्म स्थगित गरिए। नागरिकहरूलाई स्वस्थ प्रतिस्पर्धा गरेर आफ्नो क्षमता प्रदर्शन गर्ने अवसरलाई राज्यले वंचित गरेबाट यस किसिमको स्थिति उत्पन्न हुन गएको थियो। यस्ता कार्यहरू सरकारका गैरजिम्मेदारीपन र स्वेच्छाचारिताका उपज थिए।

त्यसैगरी हेटौंडा कपडा कारखानाका हजारौं मजदुरहरूलाई कारखाना बन्द गरिदिएर रोजिरोटीबाट वञ्चित गर्ने काम समेत सरकारबाट भयो। सरकारले उक्त उद्योग घाटामा गएको कुरा गरे पनि न्यून आयस्रोत भएका विपन्न वर्गहरूका लागि क्षतिपूर्ति वा अन्य वैकल्पिक व्यवस्थाबारे नसोच्नु व्यक्तिको पेशा, रोजगारी छनौट र त्यसको सुनिश्चितता सम्बन्धी मौलिक मानवअधिकारको उल्लंघन थियो। त्यसबाहेक सरकारले जनजीवन सम्बन्धी कैयौं प्रश्नबारे पनि ध्यान नदिएका कारण एकातिर गत वर्ष पेट्रोलियम पदार्थको मूल्य वृद्धिसँगै अन्य दैनिक उपभोगका वस्तुको मूल्यवृद्धिबाट जनतामा व्यापक नकारात्मक असर पर्‍यो भने अर्कोतिर देशका लाखौं कृषकहरूले उत्पादन गरेका कृषि उपज मुख्यतः धान अत्यन्त सस्तो मूल्यमा विक्री गर्नुपर्ने बाध्यता समेत सृजना भयो। यी सबै सवालले सरकारमा जिम्मेवारी र जवाफदेहीको अभाव देखियो र नागरिकको आर्थिक, सामाजिक अधिकार संरक्षणमा सरकार एकदम उदासीन रहेको स्पष्ट भयो। गिरिजा सरकार हटेर बनेको शेरबहादुर देउवाको सरकारले ८ बुँदे सुधारका प्रतिवद्धता घोषणा गरे पनि भूमिमा हदबन्दीको निर्धारण, महिलाहरूलाई पुरूषसरह पैत्रिक सम्पत्तिमा समान हक दिलाउने र छुवाछूत निवारण गर्ने जस्ता महत्वपूर्ण प्रश्नमा सरकारका आश्वासन खोक्रा र विरोधाभाषपूर्ण सावित भए। भूमिमा हदवन्दी निर्धारण जस्तो गतिशील प्रश्नका विरुद्ध रा. प्र. पा. र सद्भावना जस्ता दक्षिणपन्थी तत्वहरू ठाडै विरोधमा उत्रिए। यी सबैको परिणामबाट लाखौंको संख्यामा रहेका उपेक्षित र उत्पीडित वर्गहरूको आशामा तुषारापात भयो। खासगरी घोषित सुधार कार्यक्रममा सरकार दृढताका साथ उत्रन सकेन। यस्ता पद्धति र तरिका राज्यद्वारा समान हक सुनिश्चत गर्ने र विशेष वर्गलाई विकास र संरक्षण दिने व्यवस्थाका प्रतिकूल थिए।

सन् २००१ को मानवअधिकार उल्लंघनको घटनाका सम्बन्धमा रूढिवादी, अन्धविश्वास र पछौटेपन समेत कारण बनेको र त्यस प्रति राज्यको प्रभावकारिता र उपस्थिति शून्य रहेको स्थिति पनि देखा परेको पाइन्छ। खासगरी अर्घाखाँचीको वाङ्लामा कार्तिक १२ गते मन्दिर प्रवेश गर्न गएका दलितहरूलाई कथित उच्च जातिकाहरूले कुटपिट गरेका, त्यसैगरी गएको साउनमा महोत्तरी जिल्लाको सिमरदहीमा निर्वाचित जनप्रतिनिधि समेतले अन्धविश्वास र कुरीतिलाई बढावा दिंदै मरिनीदेवी जस्ता वृद्ध महिलालाई कथित बोक्सीको आरोपमा मरणासन्न हुने गरी पिटी थप १५ सय महिलाको सार्वजनिक बेइज्जति गर्नुले नागरिकहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने समान हकको उल्लंघन भएको मात्र होइन, राज्यको उपस्थिति समेत मुलुकमा रहेको छ कि छैन भनेर सोच्नु पर्ने अवस्था समेत देखा पर्दछ। यस प्रति राज्य गम्भीर बन्न नसक्नु लज्जास्पद कुरा हो।

समष्टिगत रूपमा भन्ने हो भने सन् २००१ मा मानवअधिकारको उल्लंघनको स्थिति जटिल र भयावह देखिएको छ। अर्धसामन्ती र अर्धऔपनिवेशिक राजनीतिक-आर्थिक सम्बन्धमा जकडिएको मुलुकको अवस्थालाई फेर्न रा.प्र.पा., नेपाली कांग्रेस, सद्भावना लगायतका यथास्थितिवादी र रूढिवादी पार्टी वा समूहवाट सम्भव छैन। सच्चा प्रजातन्त्र र जनजीविकाका समस्यादेखि माओवादी समस्यासम्मको सही र वास्तविक रूपको समाधान एउटा दृढ, आमूल परिवर्तनकामी चिन्तन र विचारले मात्र गर्न सक्दछ। संसदीय प्रणाली पुनर्स्थापनाको १२ वर्षको अध्ययन र अनुभवले पनि के स्पष्ट गरेको छ भने यो देशको सामाजिक, सांस्कृतिक सुधारदेखि आर्थिक ढाँचाको रूपान्तरण र आमूल परिवर्तन पनि केवल प्रगतिशील र वामपन्थी शक्तिहरूबाटै सम्भव छ। त्यसैले पुनरूत्थानवादी, यथास्थितिवादी, फासिष्ट अधिनायकवादी र उग्र "वामपन्थी" सबै विकृतिबाट पार पाउन र आम नेपालीको मानवअधिकारको रक्षा गर्न प्रगतिशील शक्तिहरू नै एकताबद्ध भई अगाडि आउनु पर्दछ। अल्पकालीन र दीर्घकालीन राहत एवं मुक्तिका कार्यनीति र रणनीति तय गर्न व्यापक जनतालाई परिचालित गर्नु पर्दछ। त्यसबाट नै देशमा सही अर्थमा मानवअधिकारको प्रत्याभूति हुने स्थिति विकास हुनेछ।

संग्राम सिंह चौहान
नेे.क.पा. (मसाल)
केन्द्रीय कार्यालय

नेपाल मजदुर किसान पार्टी

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली जनतालाई आधारभूत मानवअधिकार सुरक्षित गर्ने घोषणा गरेको छ। तर प्रजातन्त्र पुनर्स्थापना पश्चात् सत्तामा गएका नेपाली कांग्रेस र अन्य राजनीतिक पार्टीहरूको व्यवहारले मानवअधिकारको स्थिति झन् झन् खस्किदै गइरहेको छ। धाँधली गरेर चुनाव जित्ने, जसरी पनि सरकारमा जाने, आफ्नो मान्छे अयोग्य भए पनि माथिल्लो पदमा राख्नै पर्ने, कमिशनको लागि जे पनि गर्ने जस्ता कुकर्महरूको कारण सत्तामा जाने पार्टीहरू बदनाम भएका छन्। विचार र सिद्धान्तभन्दा भौतिक स्वार्थलाई जोड दिने प्रवृत्तिले नेपालमा मानवअधिकारको स्थिति धमिलिदै गयो।

प्रजातन्त्र विचारहरूको प्रतिस्पर्धाबाट बलियो हुन्छ। तर प्रजातन्त्रको दुहाइ दिई अरू पार्टीको आस्था र अस्तित्व स्वीकार गर्न नचाहने प्रवृत्तिले प्रजातन्त्रलाई कमजोर बनाउँछ। सत्तामा बसेको नेपाली कांग्रेस आफ्नो विचारसंग भिन्न मत राख्ने प्रतिपक्षी पार्टीका नेता र कार्यकर्ताहरूलाई हत्या गर्ने प्रयास गर्न समेत पछि परेन।

२०५८ साल वैशाख ५ गते भक्तपुरमा परम्परागत बिस्केट जात्राको निहुँमा नेपाल मजदुर किसान पार्टीका नेता तथा कार्यकर्ताहरूलाई एकै थलोमा ल्याई हत्या गर्ने असफल प्रयास नेपाली कांग्रेसको सरकारले गर्‍यो। भक्तपुर जिल्ला विकास समितिका सभापति गोविन्द दुवाल, भक्तपुर नगरपालिकाका प्रमुख प्रेम सुवाल लगायत नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू सार्वजनिक सम्पत्ति सुरक्षार्थ नगरपालिका र जनज्योति पुस्तकालयतिर जानु भएको बेला अचानक ठाउँ-ठाउँबाट प्रेम सुवाल र गोविन्द दुवाललाई नै प्रहरी जवानहरूबाट ताकी-ताकी गोली प्रहार गरियो। प्रहरीको गोलीबाट प्रेम सुवाल र गोविन्द दुवालसंगै गएका तुल्सीनारायण लाखे, क्यारूल सुवाल, तुल्सिराम सुवाल गम्भीर घाइते भए भने राजकुमार लघु सामान्य घाइते भए। केही इन्चको फरकले मात्र नगर प्रमुख र जिल्ला विकास समितिका सभापति बच्नु भयो। ठीक त्यही समयमा प्रहरीको उत्तेजित गतिविधिबाट नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छे (रोहित) लाई पनि बाहिर निकाल्ने प्रयास भएको थियो। स्वास्थ्यको कारण उहाँ बाहिर निस्किनु भएन। निस्कनु भएको भए त्यहीं उहाँको हत्या गर्ने योजना थियो। प्रजातन्त्रको नारा दिने नेपाली कांग्रेसको सरकारको राजनीतिक पार्टीका नेताहरूको सामूहिक हत्या गर्ने षडयन्त्र सफल हुन सकेन।

भ्रष्टाचार नियन्त्रण, सुशासन र शान्ति सुरक्षा कायम गर्ने नाराका साथ सत्ता सम्हाल्नु पुग्नु भएका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ती कार्यहरू गर्न असफल मात्रै हुनु भएन उहाँ आफै भ्रष्टाचारमा संलग्न हुनु भयो। नैतिकताको प्रश्नलाई लिएर जनताले उहाँको राजिनामा माग गर्दा उहाँले जनमतलाई कदर गर्नुको सट्टा दमनको नीति अवलम्बन गर्नु भयो। परिणामस्वरूप प्रधानमन्त्रीको राजिनामा माग गर्दै प्रजातन्त्रपछि पहिलो पटक भएको तीन दिने आम हड्तालको क्रममा शान्तिपूर्ण जुलुसमा उत्रेका जनतालाई गोली प्रहार गर्दा लम्जुङ्ग जिल्ला खुडी गाविस अध्यक्ष सुकमान गुरूङको हत्या भयो। पाल्पामा प्रतिनिधि सभाको परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिका सभापति सोमप्रसाद पाण्डेय लगायत

अन्य धेरै आन्दोलनकारीहरू प्रहरीको लाठी र गोली प्रहारबाट गम्भीर घाइते हुनु भयो। देशभरमा यस्ता धेरै घटनाहरू भए। स्मरण रहोस्, त्यस सरकारको उपप्रधानमन्त्री र गृहमन्त्री रामचन्द्र पौडेल हुनुहुन्थ्यो। ती घटनाहरूको नक्सा र तस्वीरहरू समेत देखाएर उहाँलाई अवगत गराइएको थियो र क्षतिपूर्तिको माग गरिएको थियो। तर उहाँले आफ्नो वचन पूरा गर्नु भएन।

संसदको उन्नाइसौं अधिवेशनको मुखैमा श्री ५ को सरकारले माओवादी नियन्त्रणको नाउँमा सशस्त्र प्रहरी बल गठन अध्यादेश र स्थानीय प्रशासन ऐन संशोधन अध्यादेश जारी गरेर सार्वभौम संसदको अपमान गर्नुका साथै सार्वजनिक सुरक्षा नियमावली २०५८ पारित गरी अदालतको अधिकार समेत कुण्ठित पार्ने काम गर्‍यो। प्रतिगमनकारी र स्वेच्छाचारी अध्यादेश तथा सार्वजनिक सुरक्षा नियमावलीले २०४६ सालका उपलब्धीहरू समेत गुम्ने सम्भावनालाई दृष्टिगत गर्दै त्यसको विरोधमा सडक र सदनमा प्रतिपक्षी राजनीतिक पार्टीहरूले संघर्षलाई जारी राखे। कानूनी रूपमै जनताका आधारभूत मानवअधिकार सरकारले खोस्न खोजेको विरोधमा भएको संघर्षको कारण संसदको १९ औं अधिवेशन ५७ दिनसम्म अवरूद्ध भयो। अवरूद्ध अवस्थामै संसद अधिवेशन समाप्त गर्नु परेको नेपालको इतिहासमै पहिलो पटक हो।

विगत ६ वर्षदेखि आन्दोलनरत "माओवादी" संगको वार्तामा सरकार गम्भीर भएर प्रस्तुत हुन सकेन। वार्तामा आइसकेका माओवादीहरूप्रति हचुवा मूल्यांकन र सरकारको अदूरदर्शी नीतिको कारण वार्ता असफल भयो। आफ्नो गलत नीतिलाई ढाकछोप गर्न सरकारले गत मंसिर ११ गतेदेखि संकटकाल लागू गरेर जनताको वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचना सम्बन्धी हक, आवतजावत गर्ने स्वतन्त्रता, बिना हातहतियार भेला हुने स्वतन्त्रता लगायत मौलिक अधिकार खोसेको छ। माओवादीहरूलाई मात्रै नियन्त्रण गर्न संकटाल लागू गरिएको भनिए तापनि यथार्थमा प्रतिपक्षी पार्टीका राजनीतिक कार्यकर्ताहरू र धेरै निर्दोष जनताले दुःख पाइरहेका छन्। संकटकालको घोषणापछि धेरै निर्दोष जनताहरूको हत्या भएको छ। विभिन्न राजनीतिक पार्टीका नेता र कार्यकर्ताहरू पक्राउमा परेका छन्। धेरै राजनीतिक कार्यकर्ताहरू बिना कारण अमानवीय यातनाका साथ जेल र हिरासतमा बन्दी जीवन बिताइरहेका छन्। जनताका मौलिक र राजनीतिक अधिकार समाप्त हुने संकटकालको नेपाल मजदूर किसान पार्टीले प्रारम्भदेखि नै विरोध गर्दै आइरहेको छ। नेपाल मजदूर किसान पार्टी संकटकाललाई लम्ब्याउन हुँदैन भन्ने पक्षमा छ। तर प्रमुख प्रतिपक्ष एमालेले संकटकाल बारे न समर्थन न विरोधको भाषा बोलेर स्थितिलाई झन् जटिल बनाएको छ। प्रजातन्त्रमा अत्यन्तै अप्रिय स्थिति मानिने संकटकालको राप्रपा र सद्भावनाले खुल्ला समर्थन गरेर सत्तामा जान र्‍याल चुहाइरहेका छन्।

"माओवादी" गतिविधिलाई नेपाल मजदूर किसान पार्टीले अराजकतावादी गतिविधिको रूपमा लिएको छ र त्यसको विरूद्ध प्रारम्भदेखि सैद्धान्तिक संघर्ष गर्दै आइरहेको छ। जबरजस्ती चन्दा असुल्ने, कुटपिट गर्ने, जबरजस्ती आस्था परिवर्तन गराउने जस्ता तिनीहरूका गतिविधिबाट माओ त्सेतुङ विचारधाराकै बदनाम भइरहेको छ। तिनीहरूको नीति गलत भए पनि समस्या राजनीतिक हो र त्यसको समाधान राजनीतिक

संकटकाल लागू भएपछि प्रहरीले गिरफ्तार गरेका नेमकिपाका कार्यकर्ताहरू

जिल्ला	नाम	पक्राउ मिति	हाल
कालिकोट	दिपेन्द्र शाही (अध्यक्ष, नेक्रायुसंघ)	मंसिर १५	रिहा
बाँके	दलबहादुर परियार (नेक्रायुसंघ, जि.स. सदस्य)	मंसिर १९	सोही दिन रिहा
दैलेख	डिल्लीप्रसाद शर्मा (निर्वाचित गाविस सदस्या)	मंसिर २०	रिहा
कैलाली	गणेश बडुवाल (नेक्रायुसंघ, कैलाली जि. स. का संयोजक)	मंसिर २२	महेन्द्रनगर प्रहरी कार्यालय
सुर्खेत	बमबहादुर शाही (सुर्खेत जिल्ला समितिको अध्यक्ष)	मंसिर २६, बिहान ९ बजे	पौष २९ गते रिहा
सुर्खेत	मनमोहन पाण्डे (नेक्रायुसंघ, जि. स. स.)	पुस ७, बिहान ३ बजे	पुस ९ गते रिहा
भक्तपुर	कुशबहादुर कार्की (नेक्रायुसंघ, सुडाल गाउँ समिति सदस्य)	पुस १४	पुस १६ गते रिहा
जुम्ला	सर्जनबहादुर शाही (नेक्राविसंघ)	पुस २३	माघ ४ गते रिहा
सर्लाही	गोविन्द महत (अध्यक्ष, नेमकिपा जि.स.)	माघ १ गते, ५:३० बजे	माघ ३ गते बिहान १० बजे रिहा
भक्तपुर	पुरूषोत्तम तमखु (अध्यक्ष नेक्राविसंघ)	माघ २ गते	करिब ३ घण्टा सुरक्षाकर्मीको नियन्त्रणपछि रिहा
भक्तपुर	रामप्रसाद प्रजापति (अध्यक्ष, नेक्राविसंघ, भ. व. क्या.)	माघ २ गते	करिब ३ घण्टा सुरक्षाकर्मीको नियन्त्रणपछि रिहा

ढंगले नै खोजिनु आवश्यक छ। तर दुर्भाग्यवस नेपाली कांग्रेसको सरकासंग त्यो सुझबुझ र सद्‌बुद्धि पलाउन सकेन।

सरकारले मार्क्सवादी साहित्य र माओ त्सेतुङ्गका रचनाहरूलाई समेत आतंकवादी दस्तावेजको रूपमा प्रचार प्रसार गरेर जनतामा भ्रम सृजना गरिरहेको छ। सुरक्षाकर्मीहरूलाई राजनीतिक पार्टी र त्यसका भातृ संगठनहरूको नाम समेत थाहा नहुँदा अर्को जटिलता थपिएको छ। नेमकिपाको वर्गीय संगठनहरूको नाममा "क्रान्तिकारी" शब्द रहेकै कारण धेरै कार्यकर्ताहरूले सुरक्षाकर्मीहरूबाट अमानवीय यातना भोग्नु पर्‍यो।

मानवअधिकारको सुनिश्चितता आर्थिक समानता र उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्वसंग पनि गाँसिएको हुन्छ। पूँजिवादी व्यवस्थामा उत्पादनका साधनहरू मुठ्ठीभर व्यक्तिहरूको नियन्त्रणमा रहने हुँदा वहुमत जनताको मानवअधिकार हनन हुने गर्छ। उत्पादनका साधनहरू सामाजिकीकरण नहुन्जेलसम्म आर्थिक रूपले मानवअधिकारको हनन हुने क्रम जारी रहनेछ। प्रजातन्त्रमा मानवअधिकार संरक्षण गर्ने कुरामा सत्तापक्षका अतिरिक्त प्रमुख प्रतिपक्ष लगायत अन्य ठूला दलहरूको महत्वपूर्ण भूमिका रहन्छ। सत्तामा जाने होस् वा प्रतिपक्षमा बस्ने होस् सबै पार्टीहरूले मानवअधिकारको उल्लंघनका कार्यहरू नगर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई व्यवहारमा देखाउन सकेको खण्डमा मात्र साँचो मानेमा मानवअधिकारको केही हदसम्म भए पनि संरक्षण गर्न सकिन्छ।

हालै प्रधानमन्त्री शेरबहादुर देउवाले दिनु भएको जानकारी अनुसार संकटकाल लागू भएयताका दिनहरूमा माओवादी तर्फ ४ सय ६३ जना र प्रहरी तथा सेना गरी ७६ जना गरी जम्मा ५ सय ३९ जना नेपालीको मृत्यु भइसकेको छ। दिनहुँ मर्ने क्रम जारी छ। यस अर्थमा सन् २००१ नेपालको इतिहासमै मानवअधिकारको उल्लंघनको कालो वर्षको रूपमा प्रस्तुत हुनेछ। हत्या, हिंसा र लुटपाटको वर्ष सावित भएको छ। यो वर्षलाई गरिबी, महंगी, उपलब्धीहीन र निराशाको वर्षको रूपमा सम्झिने भएको छ।

सुनिल प्रजापति
केन्द्रीय सदस्य
नेपाल मजदुर किसान पार्टी

संयुक्त जनमोर्चा नेपाल

नेपालमा वि.सं. २०४६ सालमा बहुदलीय संसदीय व्यवस्थाको स्थापना भई १२ वर्षसम्म त्यसको अभ्यास भइरहँदा पनि आधारभूत रूपमा मानवअधिकारको प्रत्याभूति जनताले पाउन सकेनन्। राज्यले नागरिकको लागि गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा एवं सामाजिक हैसियतको न्यूनतम ग्यारेन्टी प्रदान नगरेसम्म र व्यक्तिले पनि त्यसको नयूनतम उपभोग गर्न सक्ने सामर्थ्य नभएसम्म कागजी रूपमा व्यवस्था गरिएको मानवअधिकार जतिसुकै उदार एवं उच्च भए पनि अर्थपूर्ण हुँदैन। यसैले गर्दा नेपाल अधिराज्यको संविधान, कानूनहरू र अन्तर्राष्ट्रिय घोषणाहरू, सन्धि-महासन्धिहरूद्वारा प्रतिबद्ध मानवअधिकारको विषय आम नेपाली नागरिकको हकमा उपलब्धीपूर्ण बन्न सकेको छैन।

नेपालको समस्या हो-अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूमा हस्ताक्षर गर्ने बेला कोही भन्दा पछि नपर्ने र तिनलाई व्यवहारमा लागू गर्ने बेलामा थोरै पनि नैतिक जिम्मेवारी नलिने। यस बारेमा पंचायती सत्ता मात्र होइन, बहुदलीय सत्ता पनि खास फरक देखिएन। बहुदल प्राप्ति पछिको अन्तरिम सरकारले नवलपरासीमा बसोबासको माग गर्ने सुकुम्बासीहरूको शान्तिपूर्ण जुलुसमाथि गोली चलाई ६ जनाको हत्या गर्‍यो। त्यसरी नै बाँके, बर्दिया, कैलाली, कंचनपुरका सुकुम्बासीका छाप्राहरूमा आगो लगाउने काम गर्‍यो। यस्ता घटनामा पनि केही बालक र विरामीहरूको ज्यान गएको थियो। प्रथम निर्वाचित गिरिजा सरकारकाले २०४८ र २०५० सालका शान्तिपूर्ण जुलुसहरूमा गोली चलाई दर्जनौंको ज्यान लियो। त्यसपछि पनि सरकारी पक्षबाट यसै प्रकृतिका अनेकौं घटनाहरू दोहराइए र सयौं निर्दोष एवं निःशस्त्र नागरिकको ज्यान लिने काम जारी छ। यो क्रम झन् पछि झन् बढ्दै गएको छ र यस्ता घटनामा पर्ने तथा अहित हुनेमा सबैभन्दा बढी दुःखी, गरीब, निर्धा, महिला, नाबालिका र दलित आदि निमुखा मान्छेहरू नै रहेका छन्। यति मात्र होइन, निर्दोष व्यक्तिलाई झूठो रिपोर्ट र चुक्लीको भरमा गिरफ्तार गर्ने, बेपत्ता पार्ने र हिरासतभित्रै ज्यान लिने घटनाहरू पनि प्रशस्त भएका छन्। तर यी र यस्तै प्रकृतिका घटनामा न्यायिक छानवीन गरी दोषीलाई दण्डित गर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिने काम सरकारी पक्षबाट भइरहेको छैन।

बहुदलीय व्यवस्थाको सबैभन्दा ठूलो धर्म वैचारिक मत भिन्नता सहित राज्यद्वारा प्रदत्त समान अवसर र समान सुविधाको भोग गर्न पाउने वातावरण हो। तर यो कुरा नेपालमा लागू भएन। विगत १२ वर्षमा देशका प्रशासनिक एवं जननिर्वाचित निकायहरू सत्ता राजनीतिका खेलौना जस्तै बने। विभिन्न आयोग, नियोग, शिक्षण संस्थाहरू तथा आर्थिक एवं वित्तीय निकायहरू समेत सत्ताधारी पार्टीको राजनीतिक स्वार्थले प्रदूषित भए। कतिसम्म भने न्यायिक निकायहरूमाथि पनि शंका गर्नुपर्ने वातावरण बनिरहयो। निर्वाचनहरूमा प्रशासन, पैसा र शक्तिको दुरूपयोग अत्याधिक भयो। राजनीतिक दवावका कारण हत्यारा, वलात्कारी, चोर र डाँकाहरूमाथि पुलिस केश नै दर्ता हुन नसकेका घटनाहरू सामान्य झैं हुन थाले। सिङ्गै राज्य संयन्त्रहरू राज्यका चालक राजनीतिक संस्थाहरू समेत भ्रष्टाचारबाट मुक्त हुन नसक्दा नागरिकका कैयन कानूनी अधिकार समेत पैसाको लेनदेनका विषय बने।

आज पनि दलित समुदायका झण्डै ४२ लाख जनतामाथि अछूतको व्यवहार गर्ने सामाजिक कलंक ज्यूँदै छ। हिन्दू धर्मलाई राज्यधर्म र नेपाली भाषालाई राष्ट्रभाषा घोषणा गरेको कारणले अन्य धार्मिक समुदाय र भाषाभाषी समुदायको

भाषा धर्म र संस्कृतिले समान अवसर पाएको छैन। महिला अधिकार बारे मुलुकी ऐनको पहिलो संशोधनले पनि समान अवसर प्रदान गर्न सकेन। छोरीको विवाहपछि पैतृक सम्पत्तिको हक दावी नलाग्ने व्यवस्था कायम रहेकोले मूल कुरामै उनीहरू माथिको भेदभाव अझै पनि यथावत छ। महिलाहरूले धेरै क्षेत्रमा समान कामको समान ज्याला पाउन सकेका छैनन्। उनीहरू घरेलु हिंसा, बेचबिखन, बाल विवाह, बहुविवाह आदिबाट अझै पीडित छन्। मजदुरहरूले पेशागत रूपमा सुरक्षित हुने स्थिति बनेको छैन। उनीहरूले व्यवहारमा ट्रेड युनियन अधिकार र सामूहिक सौदावाजी अधिकारलाई राम्ररी प्रयोग गर्न सक्ने स्थिति बनेको छैन। झण्डै ६० प्रतिशत बालबालिकाहरू कुपोषणबाट प्रभावित भएको र ३० प्रतिशत भन्दा बढी बालबालिकाहरूले विद्यालय प्रवेश पाउन नसकेको अवस्थामा थप बालअधिकारको आशा गर्नु मात्र हो। यही पृष्ठभूमि हो, जसले अनेक राजनीतिक सामाजिक विद्रोहलाई जन्म दिएको छ। तिनै मध्येको सबैभन्दा ठूलो विद्रोह "माओवादी जनयुद्ध" हो। त्यसैले सन् २००१ देशको मानवअधिकारको स्थितिको मूल्यांकनलाई "माओवादी जनयुद्ध" र त्यसको दमनको नामबाट राज्यले संचालन गरेको युद्धको बीचमा राखेर परख गर्नुपर्ने स्थिति देखिन्छ।

"माओवादी जनयुद्ध" मुलुकको उपर्युक्त सामाजिक, आर्थिक एवं प्रशासनिक पृष्ठभूमिमा नेकपा (माओवादी) द्वारा विगत ६ वर्षदेखि संचालित एक युद्ध वा विद्रोह हो। मार्क्सवादी दर्शनलाई नेपालमा लागू गर्ने र न्यायिक समाज निर्माण गर्ने उद्देश्य सहित अगाडि बढ्न थालेको माओवादीमा उग्रवामपन्थी चिन्तन हावी हुँदा आजको स्थितिमा पुगेको हो। यही उग्रवामपन्थी चिन्तन हो जसले उनीहरूलाई नेपालको समग्र वस्तुस्थिति र विश्व परिस्थितिको मूल्यांकनको गलत निष्कर्ष निकाल्ने ठाउँमा पुऱ्यायो अनि छिटो छिटो एकपछि अर्को सशस्त्र कारवाहीमा उत्रन अभिप्रेरित गऱ्यो। आजसम्म आइपुग्दा नेकपा (माओवादी) मा थप सैन्यवाद हावी हुन थालेको छ र हतियार एवं लडाकू शक्ति भएपछि अरू धेरै कुरा प्रतिकूल भए पनि राज्यसत्ता कब्जा गर्न सकिन्छ भन्ने निष्कर्षमा उनीहरू पुगेका छन्। यही निष्कर्षले नै वार्ताको टेबुलबाट उठेर फेरि पनि सशस्त्र कारवाहीमा गए। यिनै गलत चिन्तन र निष्कर्षले गर्दा उनीहरूका लडाकू समूहहरूले आफूसंग वैचारिक रूपमा सहमत नहुने र आफूलाई आर्थिक भौतिक सुविधा प्रदान नगर्नेहरूमाथि पनि बल प्रयोग गर्ने गरेका छन्। आफ्नो विरूद्ध सुराकी गरेको लागेमा त्यस्तो व्यक्तिलाई सशरीर "सफाया गर्ने" पनि गरेका छन्। उनीहरूको "सफाया" अभियानमा कैयन राजनीतिक कार्यकर्ता, शिक्षक र मानवअधिकारकर्मीहरू पनि परेका छन्। त्यस्तै उनीहरूको बारुदी धरापमा परी केही अनभिज्ञ व्यक्तिहरू र अनजान केटाकेटीको पनि ज्यान गएको छ। यस वर्ष र विशेष गरी मंसिरमा सरकारसंगको वार्ता भंग भएपछि यो प्रक्रिया अझ तीव्र भएको छ। यसरी पहिले आफैले युद्धको घोषणा गरेको र आफ्नो प्रतिद्वन्द्वी श्री ५ को सरकारसंग बारम्बार जेनेभा सन्धिको पालना गर्न माग गर्दै आएको नेकपा (माओवादी) स्वयंले पनि कैयन पटक जेनेभा सन्धिको उल्लंघन गरेको देखिन्छ।

फेरि पनि के भुल्न सकिन्न भने "माओवादी जनयुद्ध" मुलुकमा विद्यमान सामाजिक, आर्थिक, भाषिक, धार्मिक, सांस्कृतिक, वर्गीय, जातीय, लिङ्गिय, क्षेत्रीय आदि भेदभाव राज्यले आम नागरिकको मानवअधिकार बहाल गर्न नसक्नुको परिणाम नै हो। अथवा माओवादीद्वारा भएको मानवअधिकारको हनन राज्यद्वारा भएको अधारभूत मानवअधिकार हननको लामो श्रृङ्खलाको प्रतिक्रिया हो भन्न बाध्य हुनु पर्दछ। यसो भनेर उनीहरूका उल्लिखित गतिविधिहरू ठीक छन् भन्ने होइन।

बहुदल प्राप्ति पश्चात् पनि राज्यले नागरिकहरूद्वारा शान्तिपूर्ण ढंगले अगाडि सारिएका आधारभूत मानवअधिकार सम्बन्धी मागहरूलाई सधैं बलपूर्वक दमन गरेर साम्य पार्ने प्रयत्न गरिरह्यो। नेकपा (माओवादी) ले सशस्त्र कारवाहीमा उत्रनुअघि सरकारसमक्ष पेश गरेका ४० सूत्रीय मागमध्ये केही कठिन राजनीतिक माग बाहेक बाँकी मागहरू जनताका अधारभूत अधिकारसँग सम्बद्ध नै थिए। तर राज्यले त्यस सम्बन्धमा शान्तिपूर्ण ढंगले व्यवस्थापनको लागि अलिकति पनि पहल गरेन। त्यसैको परिणाम हो, आज विद्रोह र दमनको बीचबाट पैदा भएको युद्धको बीचमा परेर आम नेपाली नागरिकको मानवअधिकार झण्डै टुहुरो र अनाथ बनेर चिच्याई रहेको छ। संकटकालको घोषणापश्चात् यो झनै बढी खतरामा परेको छ।

मुलुकभर तीन महिनाको लागि सरकारले संकटकाल लागू गरेको छ। सरकारका मन्त्रीहरूले संकटकाल घोषणाको एक मात्र उद्देश्य "माओवादी आतंककारी नियन्त्रण गर्ने हो" भने पनि व्यवहारतः सम्पूर्ण नेपालीको मानवअधिकार यति बेला पूरै कुण्ठित भएको छ।

संकटकालको घोषणासंग "नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको मौलिक अधिकार सम्बन्धी धाराहरू (धारा १२, १३, १५, १६, १७, २२ र २३) निलम्बित गरिएका छन्। यसले गर्दा वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्ण विरोध गर्न पाउने स्वतन्त्रता, सूचनाको हक, सम्पत्तिको हक, वैयक्तिक गोपनीयताको हक, निवारक नजरबन्दको हक र संवैधानिक उपचारको हक निलम्बन गरिएको छ। यसको संगसंगै "आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) गर्ने व्यवस्था गर्न बनेको अध्यादेश जारी गरियो। यस अध्यादेश अनुसार कुनै पनि व्यक्ति आतंककारी भएको शंका मात्र लागेमा सुरक्षाकर्मीले उसको वैयक्तिक जीवनमा जहाँ र जुनसुकै बेलामा पनि हस्तक्षेप गर्न सक्ने र बल प्रयोग समेत गर्न सक्ने व्यवस्था गरेको छ। यसरी राज्यले संविधान प्रदत्त मौलिक अधिकारको निलम्बन र उपर्युक्त अध्यादेशको घोषणा एवं अनुमोदन गरेर पनि असीमित रूपमा सैन्य प्रयोग गरेर पनि संयुक्त राष्ट्र संघको मानवअधिकार घोषणादेखि लिएर यसै प्रकारका सबै अन्तर्राष्ट्रिय सन्धि, संविदाहरूको लिखित रूपमै

पनि उल्लंघन गरेको छ।

आज देशमा सामाजिक वैयक्तिक जीवनका हरेक क्षेत्रमा चाहेको बेला सैनिक हस्तक्षेप हुन सक्छ। मुलुकमा नागरिक प्रशासन छ वा सैनिक प्रशासन भन्ने प्रश्न उठ्न थालेको छ। निःशस्त्र नागरिकलाई समेत सेनाले कब्जामा लिने र संचारकर्मी, मानवअधिकारकर्मी, कानूनव्यवसायी एवं परिवारजनलाई समेत भेट गर्न नदिने स्थिति पनि रहेको छ।

युद्ध त के राजनीतिसंग पनि कुनै सरोकार नभएका सामान्य नागरिकदेखि नावालिगलाई समेत गिरफ्तार गरी भौतिक मानसिक यन्त्रणा दिने, भुटो बयान दिन बाध्य पार्ने तथा कृत्रिम आतंकवादी बनाई आत्मसमर्पण गरेको प्रचार गराउने कार्यहरू राज्यले धेरै गरेको छ। संकटकाल लागू भएयता "जनयुद्धको विपक्षमा रहेका पार्टीका कार्यकर्ताहरू, संचारकर्मीहरू, शिक्षक, विद्यार्थीहरू, मानवअधिकारवादीहरू, कानूनव्यवसायीहरू एवं विविध पेशासंग सम्वद्ध नागरिकहरू समेतलाई हजारौंका संख्यामा गिरफ्तार गरिएका छन् र सयौंलाई कानूनी पुर्पक्ष नगरिकनै थुनुवामा राखिएको छ।

सुरक्षाकर्मीद्वारा गरिएका कारवाहीहरूमा सशस्त्र माओवादीको मात्र होइन, कैयन अनभिज्ञ, निर्दोष र निःशस्त्र नागरिकहरूको समेत ज्यान गएको छ। २०५८ मंसिर १३ गते दाङमा गरिएको एक सैन्य कार्वाहीमा ११ जना किसान मारिए भने मंसिर १५ गते रोल्पाको खुमेलमा बाराहापूजामा भेला भएका ५ जना सर्वसाधारण मारिए। रक्षा मन्त्रालयद्वारा प्रशारित विज्ञप्तिहरूमा सुरक्षाकर्मीले हवाई कार्वाही गर्दा कैयन माओवादी मारिएको हुन सक्ने जस्ता व्यहोराको समाचार प्रशार गरिन्छ, तर स्वतन्त्र संचार माध्यमहरूको पहुँच नहुने हुँदा त्यसबारे यथार्थमा पुग्न कठिन छ। सुरक्षाकर्मीबाट मारिएका मध्ये कति सशस्त्र माओवादी हुन् भन्ने प्रश्नको यकिन गर्न कठिन छ।

यसरी नेपालमा यति बेला राज्य र माओवादी दुवै पक्षले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरू र सशस्त्र द्वन्द्वसम्बन्धी चारवटा जेनेभा महासन्धिहरूको गम्भीर उल्लंघन गरेका छन्। तर देशको संविधान कानूनदेखि अन्तर्राष्ट्रिय महासन्धि र घोषणाहरूको पालना गराउने जिम्मेवारी लिएको राज्यपक्षबाट भएको मानवअधिकारको उल्लंघनलाई विद्रोही नेकपा (माओवादी)संग तुलना गर्न मिल्दैन।

निष्कर्ष

१. नागरिकको लागि गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता न्यूनतम आवश्यकताको ग्यारेन्टी नभएसम्म उनीहरूले थप मानवअधिकारको उपभोग गर्न सक्तैनन्।

२. आज नेपाली समाजमा देखिएको द्वन्द्व, संघर्ष र युद्धको कारक तत्व समाजमा व्याप्त वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि रूपमा रहेको असमानता एवं गरीवी, शोषण र सत्ताधारीले मच्चाएको भ्रष्टाचार हो।

३. नेकपा (माओवादी) आफै भित्रको उग्रवामपन्थी चिन्तन र परिस्थितिको गलत मूल्यांकनका कारण वार्ताको टेवुलबाट उठेर पनि सशस्त्र कारवाहीमा गएको छ।

४. सरकार र माओवादी दुवैले मानवअधिकारको गम्भीर उल्लंघन गरेका छन्, तर मानवअधिकारको पालना एवं रक्षा गर्ने गराउने मूल जिम्मेवारी भने राज्यपक्षको नै हो।

५. मानवअधिकार हननको यो गम्भीर स्थितिबाट मुलुकलाई पार लगाउन अविलम्ब संकटकालको अन्त्य गर्नु पर्छ, युद्ध बन्द गर्नुपर्छ,संघर्षरत पक्षसंग शान्तिवार्ता गरिनु पर्दछ र आम जनतालाई मानवअधिकारको उपभोग गर्न सक्ने तहमा पुऱ्याउन महत्वपूर्ण सामाजिक, आर्थिक एवं राजनीतिक परिवर्तनका छलाङहरू हान्न राज्य तयार हुनु पर्दछ।

घनश्याम शर्मा पौड्याल
केन्द्रीय सचिव

नेपाल सद्भावना पार्टीको धारणा

देशमा वर्तमान संविधानको परिधीभित्र राजनीतिक द्वन्द्वको शान्तिपूर्ण समाधान हुन नसकेका कारण राजनीतिक हिंसा र आतंकको जुन क्रम विगत ६ वर्षदेखि जारी छ त्यसबाट नेपाली जनताको मानवअधिकारको अवस्था अत्यन्त नराम्ररी प्रभावित भएको छ। मानवअधिकारको अवधारणा राजनीतिक सिद्धान्त, द्वन्द्व तथा आस्थाको वन्दी बन्न पुगेको छ।

सन् १९४८ मा संयुक्त राष्ट्रसंघले मानवअधिकारको जुन घोषणापत्र जारी गरेको थियो त्यसको मुख्य आधार दोस्रो विश्व युद्धमा मानवताद्वारा भोगिएको पीडा तथा कष्ट नै थियो। उक्त घोषणापत्रमा मानवअधिकारको जुन अवधारणाको परिकल्पना गरिएको छ त्यसको आधार देशको सीमा, राजनीतिक सिद्धान्त, व्यवस्था भन्दा माथि मानव अस्तित्व सित जोडिएको मानवको नैसर्गिक अधिकार हो। यसैले मानवअधिकारलाई विश्वव्यापी, अविभाज्य एवम् सर्वकालिक मानिएको छ।

नेपालमा प्रजातन्त्रको पुर्नबहाली पश्चात निर्मित संविधान २०४७ तथा यस दौरान राज्यद्वारा हस्ताक्षरित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू पनि यस कुराको सूचक हो कि नेपाल राज्यले पनि संयुक्त राष्ट्र संघको मानवअधिकारको अवधारणालाई नै आफ्नो मूल स्रोत मानेको छ। तर विगतका वर्षहरूमा जसरी घटनाक्रमको विकास भएको छ, त्यसले लाग्दछ कि देशमा एक पल्ट पुनः मानवअधिकारको मूलभूत सिद्धान्त तथा त्यस सन्दर्भमा राज्यको भूमिकाको बारेमा गम्भीर बहसको प्रक्रिया प्रारम्भ हुनु पर्दछ। विगतका वर्षहरूको घटनाहरू यस तथ्यलाई सावित गर्नको लागि प्रयाप्त छ कि मुलुकमा मानवअधिकारको प्रत्यक्ष सम्बन्ध र अवस्था राजनीतिक सिद्धान्त, व्यवस्था र आस्थासंग गाँसिएको छ। हुनत अन्तर्राष्ट्रिय मञ्चहरूमा यस प्रकारको विवाद कुनै नयाँ विवाद होइन तर नेपालमा विकसित हुँदै गएको घटनाक्रमले यस विवादमा एउटा नयाँ आयाम थपेको छ।

सार्वभौम जनताको सरकारको रूपमा जब कुनै राज्यलाई मानवअधिकारको संरक्षण र सम्बर्द्धनको जिम्मेवारी दिइन्छ भने यो अपेक्षा गरिन्छ कि अत्यन्त प्रतिकूल परिस्थितिमा पनि राज्य आफूमा निहित अधिकारको प्रयोग गरी आफ्नो नागरिक मौलिक हकको रक्षा एक निश्चित कानूनी प्रक्रिया अनुसार गर्ने छ।

प्रजातान्त्रिक राज्यको शक्ति र सत्ता जनताको आस्थाको मूल आधार निश्चित कानूनप्रति प्रतिबद्धता नै हुन्छ। यदि यस दृष्टिकोणबाट गत वर्ष नेपाल राज्यको भूमिकाको आंकलन गर्ने हो भने अत्यन्त निराशाजनक उत्तर नै प्राप्त हुन्छ। संविधान र व्यवस्थाको रक्षाका नाममा राज्यद्वारा कानून उल्लंघनका आधिकाधिक उदाहरण भेटिने छ।

अर्कोतर्फ माओवादी जनयुद्धको घोषणा पश्चात माओवादी समूहले आफ्नो राजनीतिक तथा सैद्धान्तिक आदर्श प्राप्तिको नाममा हिंसा र बर्बरताको नयाँ आयाम स्थापित गरेको छ। जुन हिंसात्मक अभियान हरेक दृष्टिकोणले निन्दनीय छ। माओवादीहरूको हिंसात्मक अभियानले सामाजिक तथा मानवअधिकारको प्रजातान्त्रिक आन्दोलन माथि गम्भीर आघात पुऱ्याएको छ।

निश्चित रूपमा नै गत वर्ष मानवअधिकारको विग्रदो अवस्थाको मुख्य कारण एकातर्फ हिंसा र आतंकको राजनीति रहेको छ भने अर्कोतर्फ गरीबी, विकासको त्रुटीपूर्ण प्रक्रिया, सामाजिक रूढीबादीता र अन्धविश्वास तथा न्यायिक प्रक्रियामा देखिएको कमी-कमजोरीको पनि यस अवस्थाका लागि कम दोषी रहेका छैन। कमजोर आर्थिक अवस्था वा देशमा रोजगारी तथा आयको पर्याप्त अवसर हुन नसक्नुको कारण मुख्य रूपमा युवा तथा पुरूष सदस्यहरूको बर्हिगमनको कारण महिला बालबालिका तथा बुढापाकाका लागि पारिवारिक र सामाजिक जीवन अत्यन्त कष्टप्रद हुँदै गई राखेको छ। यस्तो बदलिँदो परिस्थितिमा महिलाहरूप्रति सामाजिक र आपराधिक हिंसामा वृद्धि भई रहेको छ। तराईका महिलाहरूप्रति दाइजो, बोक्सीको आरोप तथा चारित्रिक कारणले हिंसा बढ्नु अत्यन्त चिन्ताको विषय हो। यस सन्दर्भमा महिलाहरूको अवस्थामा सुधारका लागि राजनीतिक दल सहित विभिन्न संघ संस्थाहरूद्वारा सशक्त संवैधानिक महिला आयोगको माग गरिएकोमा सरकारले यस्तो आयोगको गठन गरेको छ त्यो निश्चित रूपले उत्साहवर्धक छैन। यसै गरी संसदको प्रतिनिधि सभाद्वारा पारित मुलुकी ऐन एघारौं संशोधनलाई विगतको तुलनामा केही प्रगतिशिल न मान्न सकिन्छ। तर, २०४७ को संविधानद्वारा स्थापित समानताको सिद्धान्तको दृष्टिकोणले हेर्दा यो संशोधन पनि प्रथमतः अवधारणात्मक त्रुटी ग्रस्त रहेको छ।

र, अन्त्यमा यस वर्ष पनि सरकारले देशको प्रमुख समस्याको रूपमा विद्यमान नागरिकता समस्या, जसबाट मुलतः तराई मूलका नागरिक प्रभावित छन्, को समाधान गर्न सकेको छैन। श्री ५ को सरकारको विभिन्न आयोगको रिपोर्ट अनुसार नै देशमा ४० लाख भन्दा बढी नागरिक नागरिकता प्रमाणपत्रको अभावमा असुरक्षाबाट ग्रस्त जीवन जीउन बाध्य छन्। वर्तमान अवस्थामा राज्य यी नागरिकहरूको श्रम, शक्ति, क्षमता र जीवनको शोषण गरिरहेको छ। तर, राज्यद्वारा प्राप्त हुने सुविधा र अधिकारबाट यी वर्गलाई बंचित गरेको छ। आधुनिक युगमा कुनै पनि राज्यको आफ्नो नागरिकहरूप्रति यस भन्दा गम्भीर र जघन्य अपराध अरू हुन सकदैन। यस समस्यालाई लम्ब्याई तराई मूलका जनताप्रति राज्यले एक किसिमको मनोवैज्ञानिक युद्ध जारी राखेको छ। जसले आउने दिनमा मुलुकको राजनीतिलाई अझ जटील बनाउन सक्छ।

समग्रमा मानवअधिकारको अवस्थामा अझ गिरावट आएको छ। हालका दिनमा सरकारले हिंसा र हतियार माथि मात्र हैन विचार र सूचना माथि पनि प्रतिबन्ध लगाउन भरपुर प्रयास गरेको छ। यस्तो विकट स्थितिमा पनि यदि इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने निर्णय गरेको छ भने नेपाल सद्भावना पार्टी यसको स्वागत गर्दछ। हाम्रो पार्टीको तर्फबाट शुभकामना छ कि यस वार्षिक पुस्तकको प्रकाशनले देशमा चलिरहेको मानवअधिकार तथा प्रजातान्त्रिक आन्दोलनलाई अझ बल पुगोस्।

सरीता गिरी
संयोजक
विदेश सम्पर्क समिति

अनुसूची ५

सन् २००१ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू

गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति

प्रहरी प्रधान कार्यालय

नेपाल बार एशोसियशन

गृह मन्त्रालय

श्री ५ को सरकार मुलुकमा शान्ति सुव्यवस्था कायम राख्न र सर्वसाधारण जनताको जीउ धन, तथा नागरिक स्वतन्त्रताको सुरक्षा गर्ने आफ्नो प्रमुख दायित्व निर्वाह गर्न क्रियाशील रहेको छ। आतंककारी क्रियाकलाप नियन्त्रण गरी सुरक्षाको व्यवस्था मिलाउनका लागि शाही नेपाली सेना लगायत सुरक्षासँग सम्बद्ध सबै निकायहरूका सुरक्षाकर्मीहरूलाई तीब्र रूपमा गतिशील तुल्याइएको छ। शान्ति सुव्यवस्थालाई सामान्य तुल्याई राख्न र सर्वसाधारण जनताको हित एवं सुरक्षाका लागि श्री ५ को सरकार जुनसुकै कदम पनि चाल्न तत्पर रहेको छ।

श्री ५ को सरकार प्रत्येक नेपालीले निर्वाध ढंगले मानवअधिकारको उपभोग गर्न पाउने अवस्था प्रत्याभूत गर्न सदैव क्रियाशील रहेको छ। त्यसैले सरकारले आफ्नो कार्य सम्पादनका क्रममा निर्धारित आचरण अनुशरण गर्न राज्यका विभिन्न संयन्त्रलाई सजग तथा सक्रिय तुल्याएको छ।

गत केही वर्षदेखि देशका विभिन्न भागहरूमा दिर्घ तथा निमुखा जनता समेतको निर्ममतापूर्वक हत्या एवं अंगभंग गर्ने, सुरक्षा निकायहरूमा सांघातिक आक्रमण, निजी तथा सार्वजनिक सम्पत्तिको लुटपाट तथा तोडफोड गर्ने कार्यमा संलग्न भए तापनि स्थायी शान्तिको आशा राख्दै सो पार्टी ने.क.पा. (माओवादी) प्रति सदाशयता देखाई उक्त पक्षद्वारा उत्पन्न गरिएको समस्या शान्तिपूर्ण तरिकाबाट समाधान गर्न श्री ५ को सरकारले वार्ताका लागि आह्वान गरेको थियो।

श्री ५ को सरकारले वार्ताको माध्यमबाट माओवादी समस्या समाधान गर्न इमान्दारीताका साथ प्रयत्न गरेको र वार्ताका लागि सहज एवं अनुकूल वातावरण सिर्जना हुँदै गएको अवस्थामा श्री ५ को सरकार र ने.क.पा. (माओवादी) वार्ता टोलीहरू बीच तेस्रो चरणको वार्ता समाप्त भएपछि ने.क.पा. (माओवादी) पक्ष एक्कासी वार्ता छाडी पुनः हिंसा, हत्या र आतंकको क्रियाकलापमा संलग्न हुन गए। यो निश्चय नै दुःख लाग्दो कुरा हो। उक्त पक्षबाट गत मंसिर महिनाको दोस्रो हप्तामा स्याङ्जा, दाङ र सोलुखुम्बुमा भएको हिंसा, हत्या र आतंकका क्रियाकलापहरू भए। यस्ता क्रियाकलापहरूलाई श्री ५ को सरकारले अत्यन्तै गम्भीरताका साथ लिन बाध्य हुनु परेको थियो।

आतंककारी क्रियाकलापलाई नियन्त्रण नगरिएमा मुलुकको सुरक्षामा गम्भीर संकट आई पर्ने स्थितिको सिर्जना हुने भएको हुँदा आतंकाकरी क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न र मुलुकमा शान्ति सुव्यवस्था कायम गरी सर्वसाधारण जनतामा सुरक्षाको अनुभूति दिलाउन नेपाल अधिराज्यभर लागू हुने गरी संकटकालीन अवस्थाको आदेश जारी गर्नुका साथै आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०५८ जारी गरिएको थियो।

संकटकालीन अवस्थाको आदेश र आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश आतंककारीहरूको क्रियाकलापलाई निर्मूल गर्न ल्याइएको हो। साथै, वर्तमान अवस्थामा सुरक्षा निकायबाट कुनै पनि सरकारी निकायबाट अधिकारको दुरूपयोग हुन नदिन श्री ५ को सरकार सचेष्ट रहेको छ।

संकटकालीन अवस्थाको आदेश जारी गरेपछि भएको सुरक्षात्मक कारवाहीबाट जन सामान्यमा सकारात्मक प्रभाव परेको छ। सुरक्षात्मक कारवाहीबाट आतंककारी समूह अन्तालिई व्यक्ति हत्यामा संलग्न र उक्त समूह पक्षका व्यक्तिहरू भने आतंककारी क्रियाकलाप परित्याग गरी जिल्ला प्रशासन समक्ष आत्मसमर्पण गर्न थालेका छन्। हालसम्म करीब १२ हजार भन्दा बढी व्यक्तिहरूले आतंककारी समूह परित्याग गरी जिल्ला प्रशासन समक्ष आत्मसमर्पण गरी सकेका छन्। केही जिल्लाहरूमा केही आतंककारीहरूले हातहतियार सहित आत्मसमर्पण पनि गरेका छन्। सुरक्षा कारवाही प्रारम्भ भएपछि स्थानीय जनताले पनि आतंककारीहरूको प्रतिरोध गर्नुका साथै आतंककारीहरूले लुकाई राखेका हातहतियारहरू सुरक्षाकर्मीहरूलाई बुझाउन थालेका छन्।

यसैबीच अछाम जिल्लामा भएको सांघातिक आक्रमणपछि पुनः आतंककारी समूहले आफू शान्तिपूर्ण अग्रगामी राजनीतिक निकासको पक्षमा रहेको तर सरकार चाहिं फौजी दमनकै केन्द्रित भै रहेको भनी जनमानसको दृष्टिमा सरकार वार्ता, सम्वादको पक्षधर नरहेको भ्रम फैलाउने कार्य अगाडि बढाउँदै लगी सरकारलाई दबाव दिन चैत २० गते देखि २४ गतेसम्म नेपाल बन्दको कार्यक्रम ल्याएका थिए। सबै क्षेत्रको दबाबका कारण आतंकाकरी समूहले कथित कार्यक्रमलाई आगामी वैशाख १० देखि १४ गते संचालन गर्ने गरी पर सारेका छन्।

गत केही दिन यतादेखि आतंककारीहरूद्वारा काठमाडौं उपत्यका बाहिर गा.वि.स. भवनहरू, सरकारी निकायहरू, दूर सञ्चारका टावरहरूमा तोडफोड एवं विस्फोटन गर्ने र आगो लगाउने कार्य गरी आएका छन्। आतंककारीहरूद्वारा खानेपानी पाइप लाइन काटी खानेपानीको खानेपानी प्राप्त गर्नबाट वञ्चित गर्ने जस्ता कार्यहरू समेत गरेका छन्। यसैगरी आतंककारीहरूबाट काठमाडौं उपत्यकामा पनि तोडफोड, आगजनी र विस्फोटनका घटनाहरू गरी सर्वसाधारणलाई आतंकित तुल्याउने र एस. एल. सी. परीक्षालाई विथोल्ने प्रयास समेत गरेका थिए।

शान्ति सुव्यवस्था कायम राख्न र सर्वसाधारण जनताको हितका लागि थप सुरक्षाको व्यवस्था गरी सबै निकायहरूको सुरक्षाकर्मीहरूलाई तीब्र रूपमा गतिशील तुल्याइएको छ। भय र त्रासबाट मुक्त भएर बाँच्न पाउनु जनताको नैसर्गिक हक हो। यो नैसर्गिक हक कतैबाट पनि कुण्ठित हुन नदिन वर्तमान सरकार दृढ छ।

श्री ५ को सरकार सर्वसाधारण जनताका संविधान

प्रदत्त मौलिक हक र मानवअधिकारका सार्वभौम मूल्यहरूलाई संस्थागत रूप प्रतिष्ठापित गर्दै लैजान विशेष ध्यान पुऱ्याइएको छ। संवैधानिक अधिकारको हनन हुन नदिने र मानवअधिकारको संरक्षण गर्ने जस्तो उच्चतम आदर्शको कहिले पनि उपेक्षा हुन नदिन यस मन्त्रालय प्रतिबद्ध रहेको छ।

गोपेन्द्रबहादुर पाण्डे
प्रवक्ता, गृह मन्त्रालय

परराष्ट्र मन्त्रालय

प्रजातन्त्र, विकास, शान्ति सुरक्षा र मानवअधिकार सभ्य समाजका आधार स्तम्भहरू हुन्। प्रजातन्त्र पुनर्स्थापना पश्चात् नेपालले यिनै आधार स्तम्भहरूको विकास, संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको कुरा निर्विवाद छ। नेपाल मानवअधिकार संरक्षण र सम्बर्द्धनको लागि दृढ एवं कटिबद्ध छ। मानवअधिकार आयोग र राष्ट्रिय महिला आयोग गठन गरी श्री ५ को सरकारले मानवअधिकार र महिला सशक्तिकरण तथा महिला हक हित संरक्षणको दिशामा महत्वपूर्ण कदम उठाएको छ। महिला, जनजाति, दलित, उत्पीडित वर्गको उत्थानको लागि श्री ५ को सरकारले आर्थिक एवं सामाजिक कार्यक्रमहरूको घोषणा गरी कार्यान्वयन गर्न शुरू गरेको छ। त्यस्तै श्री ५ को सरकारले २२-२३ मे २००१ मा काठमाडौंका वालवालिकासँग सम्बन्धित South Asia High Level Meeting on Investing in Children आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको छ।

मानवअधिकार सम्बन्धी विषयमा आयोजित क्षेत्रीय वा अन्तर्राष्ट्रिय मंचहरूमा नेपाल सहभागी भई राजनीतिक तथा नागरिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकारका साथै विकासको अधिकार (Right to Development) को संरक्षण र सम्बर्द्धनको लागि नेपालले अवलम्बन गरेका नीति एवं प्रयासहरू र यी विषयमा अन्य मुलुकहरूले हासिल गरेका सफलताहरू र अनुभवहरूको आदान प्रदान गर्दै आएको छ। यस क्रममा ३१ अगष्टदेखि ८ सेप्टेम्बर २००१ मा दक्षिण अफ्रिकाको दर्वानमा आयोजित World Conference against Racism, Racial Discrimination, Denophobia and Related Intolerance सम्बन्धी विश्व सम्मेलनमा नेपालले सक्रिय रूपमा भाग लिएको थियो। उक्त विश्व सम्मेलनको पूर्व तयारीको लागि फेब्रुअरी २००१ मा तेहरानमा सम्पन्न बैठकमा पनि नेपालले भाग लिएको थियो। श्री ५ को सरकारले मानवअधिकारको क्षेत्रमा हासिल गरेका प्रगतिलाई विश्व समुदायले सराहना गरेको छ।

हालसम्म नेपालले १९ वटा मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि एवं अभिसन्धिहरूमा हस्ताक्षर/अनुमोदन गरिसकेको छ। १८ डिसेम्बर २००१ मा नेपालले Optional Protocol to the Convention on the Elimination of all forms of Discrimination against Women मा हस्ताक्षर गरेको छ। यसबाट श्री ५ को सरकार सबै प्रकारका मानवअधिकार संरक्षण एवं सम्बर्द्धनमा कटिबद्ध छ भन्ने स्पष्ट छ। यसको अलावा Convention on the Rights of Child र Convention on the Elimination of all forms of Discrimination Against Women बाट सृजित दायित्व अनुरूप सन् २००१ मा श्री ५ को सरकारले सम्बन्धित कमिटीहरूमा पेश गर्नुपर्ने आवधिक प्रतिवेदनका मस्यौदा तयार गरिसकेको छ।

डा. रामभक्त पि. वि. ठाकुर
उपसचिव, परराष्ट्र मन्त्रालय

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पाँच जिल्लामा सामाजिक विकृतिका रूपमा रहेको कमैया प्रथा उन्मुलनद्वारा मुक्त भएका कमैयाहरूलाई सम्मानपूर्वक जीवन यापन गर्न आत्मनिर्भर बनाउँदै लैजानु पर्ने भएकाले न्यूनतम आधारभूत आवश्यकता पूर्तिका लागि राज्यद्वारा उपलब्ध अवसरहरूमा यो वर्गको पहुँच स्थापित गर्न यस मन्त्रालय र अन्तरगत निकायहरूबाट देहाय बमोजिम विभिन्न क्रियाकलापहरू सम्पादन गरिएका छन्। समग्रमा हेर्दा यी क्रियाकलापहरूबाट मुक्त कमैयाहरूको मानवअधिकारको संरक्षण र सम्मान हुन पुगेको देखिएको छ।

१. कमैया श्रम (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदबाट पारित भइसकेको छ। यो विधेयकले मुक्त कमैयाहरूलाई अन्य नागरिक सरह स्वतन्त्र र सम्मानपूर्वक जीवनयापन गर्ने अवसर प्रदान गरेको छ।
२. दाङ्ग, बाँके, बर्दिया, कैलाली र कंचनपुरका १०, २३१ भूमिहीन मुक्त कमैया परिवारलाई २१२९-१५-३ बिगाहा जग्गा वितरण गरी सकिएको छ र वितरित जग्गा पहिचान गराउने कार्य सम्पन्न हुने अवस्था रहेको छ।
३. मुक्त कमैयाहरूको आर्थिक तथा सामाजिक जीवन उत्थान गर्न, उनीहरूमा चेतना अभिवृद्धि गर्न तथा आत्मनिर्भर बनाउने उद्देश्यबाट उनीहरूको सीप/दक्षता अभिवृद्धि गर्न विभिन्न क्रियाकलापहरू संचालन हुने गरी अन्तर्राष्ट्रिय श्रम संगठन मार्फत् अनुदान प्राप्त हुने गरी यु. एस. डलर ३४, ५२, ६७५ बराबरको कार्यक्रम शुरू भएको छ।
४. आ. ब. ०५७/५८ मा १० किसिमका शिपमूलक तालिम संचालन गरी १, ३०८ जना मुक्त कमैयाहरूलाई प्रत्यक्ष लाभान्वित गरिएको छ।
५. खाद्यान्नको अभाव भएका मुक्त कमैयाहरूलाई तिनीहरूले पाएकै जग्गामा बाटो, कुलो खन्ने कार्य अन्तरगत कामको लागि खाद्यान्न कार्यक्रम संचालन गरिएको छ।

प्रतिनिधि सभा, परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष "वर्ष पुस्तक" को रूपमा मानवअधिकारका विविध पक्ष संकलन गरी जनसमक्ष प्रचार प्रसार गर्ने, मानवअधिकार वारे जनतालाई सुसूचित गर्ने तथा संरक्षण एवं सम्वर्द्धन गर्ने कार्य गर्दै आइरहेकोमा परराष्ट्र सम्वन्ध तथा मानवअधिकार समिति इन्सेकको यो कार्यको सराहना गर्न चाहन्छ र यस प्रकारका कार्यहरूको निरन्तरताको अपेक्षा राख्दछ।

मानवअधिकारका दृष्टिले यो वर्ष अत्यंतै नाजुक एवं दुःखदायी रह्यो। ऐतिहासिक जनआन्दोलनद्वारा प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ का विशेषताहरू मध्ये एउटा मुख्य विशेषता आधारभूत मानवअधिकारको प्रत्याभूति हो। उक्त संविधानको प्रस्तावनामा नै आधारभूत मानवअधिकार सम्वन्धी व्यवस्था गर्ने कार्य हुनुका साथै नेपालले मानवअधिकारसंग सम्वन्धित थुप्रै अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर पनि गरिसकेको छ। मानवअधिकारसंग सम्वन्धित अन्य धेरै ऐन कानून निर्माण गर्ने सवालमा पनि कमी रहेको छैन। तर राम्रा कानून बनाउनु वा राम्रा कुरा गर्नु मात्र पर्याप्त हुँदैन। बनाइएका ऐन कानून र संविधान राज्यले व्यवहारमा पनि लागू गर्नु पर्छ। त्यसको कार्यान्वयन पक्ष सवल हुन सक्नु पर्छ तब मात्र कानून निर्माण गरेको अर्थ रहन्छ। त्यसका निम्ति कार्यपालिकाको प्रमुख भूमिका रहन्छ भने त्यस्तै मानवअधिकार संरक्षकको रूपमा रहेको न्यायपालिकाद्वारा विभिन्न मुद्दाहरूमा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनलाई आकर्षित गरी न्याय निरूपण गर्ने कार्य गरिनु पर्दछ। तर यो कार्य अपेक्षित रूपमा हुन सकिराखेको छैन। संविधानमा व्यवस्थित मानवअधिकारको पालना र सम्मान गर्न राज्यका जिम्मेवार अंगहरू एवं व्यक्ति अझै सहज वन्न सकिरहेका छैनन्। अझै पनि मुलुकका दुर्गम, विकट र ग्रामीण क्षेत्रका जनता संविधानमा व्यवस्थित अधिकारको उपयोग र पहुँच भन्दा धेरै टाढा रहेका छन्। साँच्चिकै भन्ने हो भने मानवअधिकारको उपयोग पनि पहुँचवालाहरूले मात्र गर्न सक्ने स्थिति कायमै छ।

मानवअधिकारको अधिकाधिक उपयोग हुन नसक्नुका पछाडि नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिवेश पनि वाधक छ। सामाजिक परिवेशलाई हेर्ने हो भने समाजमा जातपात छुवाछूतको प्रथा कायमै छ, महिला प्रति गरिने भेदभावपूर्ण व्यवहार र भेदभावपूर्ण कानूनको अन्त्य, महिलालाई पैतृक सम्पत्तिमा समान अधिकार, वालवालिकाको उचित संरक्षण, निरक्षरता, भयावह गरिवी निर्मूल पार्ने तर्फ ध्यान गएको देखिदैन। मुक्त कमैयाहरूको बसोवाससम्म पनि व्यवस्थित वन्न सकेको छैन।

अर्कोतर्फ राजनीतिक पार्टीको नामबाट संचालन गरिएको नेकपा (माओवादी) को अराजनीतिक क्रियाकलाप तथा ध्वंसात्मक गतिविधिले नेपाली नागरिकहरू पीडित हुनु परेको छ। खान, बस्न नदिएको, चन्दा नदिएको, सहयोग नगरेको, राजनीतिक रूपमा असहमति जाहेर गरेको कारण अपहरित हुनु पर्ने, यातना खप्नु पर्ने, अङ्गभङ्ग हुने गरी कुटाई खानुपर्ने, कत्तिको त ज्यानै पनि जाने स्थिति रहेको छ भने अर्कोतर्फ यो ध्वंसात्मक गतिविधि नियन्त्रण गर्ने नाममा सरकारी सुरक्षाकर्मीको तर्फबाट समेत कुनै कुरा शंका लागेकै भरमा कारवाही गरेको कारण असंख्य नेपाली नागरिकहरूले अनाहकमा ज्यान गुमाउनु परेको छ। गैर न्यायिक थुनामा बस्नु परेको छ। यातनाको शिकार हुनु परेको छ। यसरी नेपालको मानवअधिकारको क्षेत्रमा देखापरेको यो स्थितिले हमेशा नेपालीहरूलाई संत्रस्त बनाइरहेको छ। भयरहित ढंगबाट शान्तिपूर्ण र स्वतन्त्र तरिकाबाट बाँच्न पाउने अधिकार अत्यन्त संकटग्रस्त भइरहेकै बेला माओवादी र सरकार बीच शुरू भएको शान्तिपूर्ण वार्ताबाट नेपाली जनतामा झिनो आशा पलाइरहेको थियो। तर, एकाएक वार्ता भंग गरेको विज्ञप्ति निकाली माओवादीको तर्फबाट सैनिक ब्यारेक लगायत प्रहरी चौकी र व्यक्ति हत्याका कारवाही समेत गरिएको कारण देखाइ श्री ५ को सरकारले मुलुकमा संकटकाल घोषणा गर्‍यो। यसरी संकटकाल लागू भएपछि संविधान प्रदत्त अधिकांश मौलिक हकहरू निलम्बित हुन पुगेका छन्। निलम्बित नभएका फौजदारी न्याय सम्वन्धी हक लगायत अन्य हकहरू (जस्तै, संवैधानिक उपचारको हक) निलम्बित नभैदिंदा मृत प्रायः अवस्थामा रहेका छन्। संकटकाल पछि त अझै मानवअधिकार खोसिएको स्थिति छ। त्यसको साथै देशको अर्थतन्त्र दिनानुदिन बिग्रदै गएको छ। यसले देशलाई राजनीतिक संकटबाट आर्थिक संकटतर्फ रूपान्तरण गर्दै लैजादैछ। यस्तो भयो भने मानवअधिकारको उपयोग असंभव हुनेछ र हामी धेरै पछाडि पर्ने छौं। यही कुरालाई मनन गरेर समितिले संकटकालमा मानवअधिकारको अवस्थाको मूल्यांकन गर्ने कार्य गरिरहेको छ।

मुलुकको यो नाजुक स्थितिको अन्त्यका निम्ति तत्काल निकास खोज्नु आवश्यक छ। परराष्ट्र सम्वन्ध तथा मानवअधिकार समितिको तर्फबाट पनि श्री ५ को सरकारलाई सामाजिक परिवर्तनका लागि, मुक्त कमैयाको व्यवस्थापनको लागि, महिला हक अधिकारको लागि (लैङ्गिक समताको लागि) उत्पीडित जनजातिको लागि, भूटानी शरणार्थी लगायत धेरै विषयमा श्री ५ को सरकारलाई सुझाव दिदै आएको र सरकार र माओवादी दुवै पक्षलाई, हिंसा र वल प्रयोगले कुनै दिशा दिन नसक्ने ठहर गर्दै वार्तामा आउन र नागरिकहरूलाई भयमुक्त र सुरक्षित जीवन यापन गर्ने वातावरण सिर्जना गर्न आह्वान समेत गरेको छ। वार्ता नै वर्तमान समस्याको उपयुक्त निकास हो भन्ने कुरामा समिति दृढ छ।

माथि उल्लेख भए अनुसार मुलुकको प्रमुख समस्याको रूपमा रहेको माओवादी समस्याका अतिरिक्त समितिले गत एक वर्ष भित्र नेपाल-भारत सीमा क्षेत्रका नदीहरूमा भारतले बाँध बाँधेको कारण नेपाली वस्तीका बासिन्दाहरूको गाँसबाँसको अधिकार हनन भएको विषयमा अध्ययन गरी समाधानका लागि

सुझावहरू प्रस्तुत गरेको, मुक्त कमैयाहरूको गाँसबासको निमित्त ठोस कार्यक्रम ल्याउन निर्देशन दिँदै अनुगमन गरेको, शान्तिपूर्ण जुलुसमाथि दमन चक्र चलाएकोमा सरकारबाट स्पष्टीकरण माग गरी निर्देशन दिएको, पाल्पा र लमजुङ्गमा भएका प्रशासनिक ज्यादती बारे अध्ययन टोली गठन गरिएको स्थिति छ। यसै वर्ष श्री ५ को सरकारले नेपाल अधिराज्यको संविधान २०४७ ले दिएको मौलिक अधिकारको उपभोगमा सार्वजनिक सुरक्षा नियमावली २०५८ ले अवरोध खडा गरेकोले उक्त नियमावली लागू नगर्न सरकारलाई सुझाव दिइयो। होटल व्यवसायी र होटल मजदुर बीच सेवा शुल्क सम्बन्धमा देखापरेको टक्करको स्थिति साम्य पार्न एक उपसमितिले काम गर्‍यो। नख्खु जेल लगायत अधिराज्यका विभिन्न जेलमा दिइने खानाको गुणस्तर निम्न रहेको गुनासोका सम्बन्धमा श्री ५ को सरकारका सम्बन्धित अधिकृतहरूसंग स्पष्टीकरण लिई उक्त समस्या समाधानको लागि कार्य योजना नै तयार गरी लागू गर्न निर्देशन दिइयो। यसै अवधिमा समितिले भुटानी शरणार्थी शिविरहरूमा भइरहेको प्रमाणीकरणको अध्ययन गर्दै त्यस प्रक्रियामा रहेका कमी-कमजोरी हटाउन र प्रभावकारी वार्ताको माध्यमबाट भुटानी शरणार्थी समस्या समाधान गर्न गराउन विस्तृत सुझाव दियो।

समितिले महोत्तरी जिल्लाको सिमरदही गाविस अध्यक्ष नवल किशोर सहनी समेतको संलग्नता र निर्देशनमा झाँक्रीद्वारा बोक्सी पत्ता लगाउने नाममा कैयौं महिलाहरूलाई सार्वजनिक वेइज्जति गर्नुका साथै साङ्घातिक आक्रमण गरिएको जस्तो अमानवीय कार्यको घोर निन्दा गर्दै दोषी माथि कडा कार्वाही गर्न गराउन सरकारलाई निर्देशन दियो। यसै अवधिमा समिति र राष्ट्रिय मानवअधिकार आयोग बीच दुई पटक मानवअधिकार क्षेत्रका चुनौति, समस्या र सम्भावना बारे छलफल भयो।

माथि उल्लेख भए बमोजिमका मुद्दाहरूमा समितिले निरन्तर चासो राखेको छ तर मुलुकमा संकटकालीन स्थितिको घोषणा पश्चात् समितिले स्थलगत भ्रमण गर्न चाहे तापनि त्यस्तो भ्रमण अनुकूल भइरहेको छैन। मुलुकमा मानवअधिकारको वहालीका निमित्त सबै प्रकारबाट प्रयत्नरत रहन समिति कटिबद्ध छ।

सोमप्रसाद पाण्डेय
सभापति, प्रतिनिधि सभा, परराष्ट्र सम्बन्ध तथा
मानवअधिकार समिति

प्रहरी प्रधान कार्यालय

इन्सेक नेपालले मानवअधिकार वर्ष पुस्तक २००२ को प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ।

हाम्रो देश माओवादी आतंकले गत ६ वर्षदेखि आक्रान्त हुँदै आएको र यस अवधिमा सन् २००१ मा देशमा भएका हत्या, हिंसा र आतंकले उग्र रूप लिई थुप्रै निर्दोष नेपालीहरूले ज्यान गुमाउने, शिक्षक, स्थानीय समाजसेवी र राजनीतिक कार्यकर्ताहरू मारिने, स्थायी रूपमा अङ्गभङ्ग हुने, आफ्नो परिवार र धन सम्पत्ति गुमाउने जस्ता थुप्रै निन्दनीय र मानवअधिकार उल्लंघनका घटनाहरू घटाइएका छन्। यी घटनाहरू मानवअधिकारको उल्लंघनमा संसारमा शताब्दीभरिमा भएका जघन्य अपराधहरू भन्दा कम रहेका छैनन्। माओवादी आतंककारीहरूबाट भएका त्यस्ता मानव सभ्यता माथि नै कलंक लाग्ने नृशंस घटनाहरूको जति नै निन्दा गरे पनि कम हुन्छ।

विगतमा प्रहरीका तर्फबाट यदाकदा हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई अन्त्य गरी नागरिक अधिकार बहाल राख्न नेपाल प्रहरी प्रतिबद्ध रहेको र सोही प्रयोजनको लागि नेपाल प्रहरीले आफ्ना चारवटा नीतिहरू कार्यान्वियनमा ल्याएको छ। जसमा मानवअधिकारको संरक्षण, प्रहरी आचरण-व्यवहारमा सुधार, भ्रष्टाचार नियन्त्रण र कार्यदक्षता अभिवृद्धि रहेका छन्।

सन् २००१ मा माओवादी आतंककारीहरूबाट भएका बर्बरतापूर्ण अमानुषिक यातना, हत्या र अत्याचारहरूका घटनाले मानवीय मूल्य र आदर्शमा ठूलो कुठाराघात भएको छ। यो १ वर्षको अवधिमा माओवादी आतंककारीहरूबाट १ सय ३४ जना नागरिकहरू, २ सय ५८ जना प्रहरी र सरदर १ हजार जना गम्भीर रूपमा घाइते भएका छन्। त्यस्तै सरकारी सम्पत्ति र जनसाधारणका व्यक्तिगत सम्पत्तिहरूमा समेत व्यापक रूपमा लुटपाट र क्षतिका घटनाहरू भएका छन्। विभिन्न घटनाहरूमा १ सय ९४ जना माओवादी आतंककारीहरू समेत सुरक्षाकर्मीसंगको भिडन्तमा मारिएका छन्। प्रहरी कार्यालयहरूमा आक्रमण गर्दा निशस्त्र जनताहरूलाई अगाडि राखी मानव ढाल खडा गरी प्रहरीलाई हतियार चलाउन नसक्ने अवस्थामा राखी कारवाही गर्ने र आत्मसमर्पण गरिसकेका सुरक्षाकर्मीहरूलाई कब्जामा लिएर हत्या गर्ने जस्ता निन्दनीय घटनाहरू भएका छन्। आउँदा दिनहरूमा यस प्रकारका घटनाहरू दोहरिन नदिन इन्सेक जस्ता मानवअधिकार संरक्षणका वाचडगको रूपमा कार्य गर्ने संस्थाहरूले ठोस पाइलाहरू चाली अन्तर्राष्ट्रिय रूपमा माओवादी आतंककारीहरूको निन्दा गर्ने र उनीहरूलाई एक्ल्याई मानवीय जीवनको मूल्य र आदर्शलाई प्रतिस्थापित गर्नेतर्फ अझ बढी कार्य गर्नु पर्ने देखिएको छ। इन्सेकले सन् २००२ वर्ष पुस्तक निकाल्न लागेकोमा हार्दिक शुभकामना दिँदै यो प्रकाशनको सफलताको कामना गर्दछु।

ओमविक्रम राणा
प्रहरी नायव महानिरीक्षक
प्रहरी महानिरीक्षकको कार्यालय
नक्साल, काठमाडौं

नेपाल वार एशोसियशन

गम्भीर संकट, असुरक्षा र काटमारको परिस्थितिमा मानवअधिकारको मूल्यांकन गर्न जमर्को गर्नु कठिन प्रयास हो। मानवअधिकारको उल्लंघनको घटनाहरू व्यापक र गम्भीर रूपमा घटित भए, कुन कुन परिस्थितिमा मानिसहरू मरे, मारिए त्यसको दारूण कथा-व्यथा आफ्नै ठाउँमा छ। सयौं मानिसहरू जीवनभर अपाङ्ग भएर बाँच्नु पर्ने गरी अपाङ्ग भए होलान्। त्यसको तथ्यांक प्राप्त भएको छैन। मात्र पत्रपत्रिकामा प्रकाशित संख्यालाई आधार मान्दा पनि हजारौंको संख्यामा मानिसहरू सेना र प्रहरीद्वारा पक्राउ गरेर राखिएका छन्। यस भन्दा बाहेक अघोषित रूपमा पनि सयौंको संख्यामा मानिसहरू नजरबन्द गरिएका छन्। उनीहरू कहाँ र कसरी राखिएका छन् निकट परिजनलाई समेत जानकारी गराइएको छैन। धेरै नागरिकहरू सुरक्षाकर्मीहरूको नियन्त्रणबाटै गायब पारिएका छन्।

देशमा संकटकाल लागेको छ। मौलिक हक अन्तरगतका अधिकांश धाराहरू निलम्बित छन्। बाँच्न पाउने हक र फौज्दारी न्याय (धारा १४) निलम्बन भएको छैन, हुन पनि सक्दैन, यस्तो संवैधानिक व्यवस्था छ, तापनि सयौं मानिसहरूलाई धारा १४ को प्रक्रिया पूरा नगरिकनै थुनामा राखिएको छ। संवैधानिक उपचारका अन्य रिटहरू निलम्बन भएका छन् तापनि बन्दी प्रत्यक्षीकरणको संवैधानिक व्यवस्था क्रियाशील छ। तर प्रभावी भएको अवस्था छैन।

संकटकालको ३ महिना संसदबाट अनुमोदित भै अर्को संकटकालको ३ महिना जारी रहने गरी पारित भएको छ। भन्नु पर्दा मानवअधिकारमा लागेको ग्रहण अझ लम्बिएको छ। यस्तो ग्रहण लागेको अवस्थामा मानवअधिकार प्रतिको सतर्कतामा सर्वथा कमी आउन हुँदैन। संकटको अवस्थामा पनि मानवअधिकारको सम्मान हुनु पर्छ र उल्लंघन हुनु हुँदैन। तर श्री ५ को सरकारबाट मानवअधिकारको उल्लंघन भएका घटनाहरू व्यापक हुँदै गएको छ र श्री ५ को सरकारले मानवअधिकारको उल्लंघन गर्ने अधिकृतहरू माथि कार्वाही गर्ने चासो देखाएको छैन। यस्तो परिस्थितिले निरासाजनक बनाएको छ।

नेपालले मानवअधिकारसंग सम्बन्धित १६ वटा अन्तर्राष्ट्रिय संविदाहरूमा हस्ताक्षर गरेर मानवअधिकारको प्रति आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। नेपालले युद्ध सम्बन्धी जेनेभा सन्धिमा पनि हस्ताक्षर गरेको छ। यसको प्रोटोकल १९७७ मा हस्ताक्षर गर्न भने बाँकी नै छ। अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरे पनि नेपालले मानवअधिकारको अवस्थालाई प्रतिबिम्बित गर्ने वार्षिक प्रतिवेदन प्रस्तुत नगरेर मानवअधिकारको उल्लंघनका घटनाहरूलाई ढाकछोप गर्ने काम गरेको छ।

मानवअधिकारको उल्लंघन कुनै पक्षबाट पनि नहोस् भन्ने हामी चाहन्छौं। माओवादीहरू पनि मानवअधिकार प्रति प्रतिबद्ध हुनै पर्छ। तर माओवादीहरूबाट मानवअधिकारको उल्लंघन भएको आरोप लगाएर सरकारले आफ्नो जिम्मेवारीबाट सर्वथा पन्छिन पाउँदैन। नेपालको सन्दर्भमा अझ भनौं भने विश्व परिस्थिति मानवअधिकारको निम्ति सन् २००१ निरासाजनक रह्यो।

इन्सेकले वर्षेनी मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरेर मानवअधिकारको तुलनात्मक अवस्थाको जानकारी गराउँदै आएको छ। मानवअधिकार वर्ष पुस्तक मानवअधिकारको बारेमा जानकारी लिन अत्यन्त उपयोगी सिद्ध भएको छ। यसको लागि इन्सेक प्रति आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद।

सिन्धुनाथ प्याकुरेल
अध्यक्ष
नेपाल वार एशोसियशन

अनुसूची ६

क्रिया/प्रतिक्रिया

इन्सेकले देशमा निरंकुश अवस्था रहँदादेखि मानव अधिकार आन्दोलनमा निकै महत्वपूर्ण कामहरू गर्दै आएको छ र यसको कदर गर्नुपर्छ। मानवअधिकारको स्थिति अत्यन्तै नाजुक अवस्थामा रहेको छ। देशमा वर्तमान मानवअधिकारको संरक्षणमा राज्यको जिम्मेवारी हुने भए तापनि राज्यले यस क्षेत्रमा केही गर्न नसकेको तर इन्सेकबाट धेरै कामहरू भइरहेको छ। वर्तमान अवस्थामा मानवअधिकारको उल्लंघन हुनुमा राजनीतिक नेताहरूमा देखिएको अनैतिकता र भ्रष्ट व्यवहार तथा राजनीतिक कार्यकर्ताले आफ्नो नैतिकताको मूल्यांकन नगरेकाले देशमा देखा परेको हिंसात्मक गतिविधिहरू पनि यसैका उपज हुन्। मानवअधिकार संरक्षणको दिशामा अगाडि बढ्ने हो भने राजनीतिक क्षेत्रमा सदाचार र नैतिकता हुनुपर्छ र कार्यकर्ताहरू पनि सेवाप्रद भएर अगाडि बढ्नु पर्दछ।

रामहरि शर्मा, वरिष्ठ राजनीतिज्ञ
(०५७ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक २००१ को विमोचनका अवसरमा प्रमुख अतिथिको मन्तव्य व्यक्त गर्दै)

प्रजातन्त्र पुनर्स्थापना पश्चात्का १२ वर्षहरूमा जनताले सामाजिक, आर्थिक, प्रशासनिक, न्यायिकरूपमा परिवर्तनको अनुभूति गर्न पाएका छैनन्। देशमा शान्ति सुरक्षाको स्थिति अत्यन्त गम्भीर बन्दै गएको, भ्रष्टाचार लज्जाजनक अवस्थामा पुगेको, सत्ता संचालकहरू वादविवादमा मात्र अल्झिएको, राजनीतिक पूर्वाग्रहको कारणले देशमा अस्थिरता छाएको, कानूनको उल्लंघन गर्ने व्यक्ति कानूनी दायराभित्र ल्याएर कानूनी कारवाही गर्नुको सट्टा राज्य आफैले कानूनको उल्लंघन गरिरहेको छ। सरकारले जुन आकांक्षाअनुरूप कार्य गर्नुपर्ने प्रजातन्त्र,

सामाजिक संस्कार र व्यवहार अनुरूप संचालित भएमा मात्र मानव अधिकारको स्थितिमा सुधार आउँछ। राजनीतिक पीडित सहायता कोषबाट सम्मानस्वरूप आफूले पाएको ७५ हजार रूपैयाँ जनताको हितको पक्षमा फिर्ता गर्नेछु।

के. पी. शर्मा ओली, नेकपा (एमाले)
संसदीय दलका उपनेता
(०५७ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक २००१ को विमोचनका अवसरमा अतिथिको मन्तव्य व्यक्त गर्दै)

प्रजातन्त्र प्राप्तिपश्चात् जनताको गाँस, बास र कपासको व्यवस्था हुन नसकेको र कानूनी राज्यको व्यवस्थाको प्रत्याभूत हुन नसकेको हुनाले नै आज हत्या, हिंसा र आक्रोसको खेती भएको हो। वर्तमान राजनीतिक नेतृत्व तथा कथित बुद्धिजीवीहरूको क्रियाकलापबाट वाक्क भएर जनताले विकल्प खोज्न थालेको र माओवादी जनयुद्ध त्यसको उपज भएको हो। केही समय अगाडि गठन भएको राष्ट्रिय मानवअधिकार आयोगले पनि राम्रोसँग काम गर्न नसकेको र गर्न सक्ने अवस्था पनि छैन। मानवअधिकारको स्थितिमा सुधार ल्याउनका लागि राजनीतिक कर्मीहरू नैतिकरूपमा प्रतिबद्ध हुनुपर्छ, जीवन्तता बोकेको प्रजातन्त्र हुनुपर्छ एवं प्रजातन्त्र सबै जनताको साझा हो भन्ने कुराको प्रत्याभूति गराउनु पर्छ।

कपिल श्रेष्ठ, सदस्य, राष्ट्रिय मानवअधिकार आयोग
(०५७ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक २००१ को विमोचनका अवसरमा अतिथिको मन्तव्य व्यक्त गर्दै)

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००१ मा प्रकाशित "द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू" (पृष्ठ ७) मा राजनीतिक पीडितहरूको नाममा रकम लिने मुख्य व्यक्तिहरू (तालिका १) मा मेरो नाम समावेश भएको रहेछ। मैले आजका मितिसम्म राजनीतिक पीडित सहायता लिएको छैन,

लिने मनसाय पनि छैन। र, पाउनका लागि आवेदन नहालेको कुरा अवगत गराउँछु।

भरतमोहन अधिकारी, स्थायी समिति सदस्य तथा सांसद, नेकपा (एमाले)

विगत वर्षहरूभन्दा यो पुस्तक अझ उपलब्धिमूलक, खोजमूलक र यथार्थपरक छ। आगामी अंक यो भन्दा उत्कृष्ट हुन सकोस्।

परशुराम भट्टराई, श्रेस्तेदार, जिल्ला अदालत, झापा

मानवअधिकार वर्ष पुस्तक प्रकाशनबाट नेपालमा भएका मानवअधिकार सम्बन्धी घटनाहरूको संग्रह मात्र होइन, यथार्थ सूचना लुकाउने गरेकाले धेरै कुरा नसमेटिएको पनि अनुभूति हुन्छ।

अधिवक्ता शिवराज चौहान, सुनसरी

वर्ष पुस्तक मानवअधिकारको महत्वपूर्ण दस्तावेज हो। यसमा कहिलेकाहीँ "वाद" को गन्ध आए पनि अझ स्वतन्त्ररूपमा काम भएमा नेपालको सन्दर्भमा राम्रो हुन्छ।

सीताराम मेहता, महासमिति सदस्य, नेकाँ, सुनसरी

मानवअधिकार वर्ष पुस्तक २००१ ले नेपालमा वर्षभरि सम्बद्ध विभिन्न क्षेत्रबाट उल्लंघन भएका मानवअधिकारका बारेमा यथासक्य छर्लङ्ग पार्न खोजेको देखियो, जो प्रशंसनीय

स्पष्टिकरण

गत वर्ष द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू शीर्षकको परिच्छेदमा द्वन्द्वका विभिन्न कारणहरूको चर्चा गर्ने क्रममा राजनीतिक पीडित भए बापत विभिन्न नेताहरूलाई राज्यबाट प्रदत्त आर्थिक सहायताको सूची साभार गरी प्रकाशित गरेका थियौं। त्यसक्रममा हामीले प्रवृत्ति र तरिकासँग मात्र असहमति जाहेर गरेका हौं।

सार्वजनिक भइसकेका वा अन्यत्र प्रकाशित भइसकेका त्यस सम्बन्धी जानकारीको विश्लेषण गरिएको उक्त विषयमा चर्चा गर्दा सिंगो समाजकालागि दायित्वबोध हुने किसिमको सम्मान भएन भन्न खोजिएको हो।

अनुसन्धानको सामान्य प्रचलन अन्तरगत साभार गर्दा त्रुटि भएको छैन होला भन्ने दावी हामी गर्दैनौं। तर हामीले यथा समयमा यस बारे प्रतिक्रिया पठाइदिनु हुन नाम प्रकाशित सबैलाई लिखित रूपमा आग्रह गरेका थियौं। तथापि राजनीतिक व्यक्तित्वहरूलाई दिइएको रकमको गलत विवरण पनि समावेश हुन गएको र राज्यले गरेको सम्मान उदृत गर्दा गलत पनि पर्न गएकोमा हामी दुःखित छौं।

महासचिव
इन्सेक

घटनालाई प्रस्तुत गर्नु यसको उद्देश्य हुनु पर्दछ। यथार्थमा आधारित घटनाहरूको प्रस्तुतिबाट स्थानीय प्रशासन र प्रहरीलाई अवश्य सघाउ पुग्न जानेछ।

केशवराज त्रिपाठी, निमित्त प्रजिअ, इलाम

इन्सेकले मानवअधिकारको सुरक्षाका लागि प्रत्येक वर्ष कारागारको कम्तिमा २ पटक भ्रमण गरी भइरहेको मानवअधिकार सम्बन्धी व्यवस्थाको सम्बन्धमा सुधार, सुझाव एवं सहयोग गर्न आवश्यक देख्दछु।

खिलराज पोखरेल, शाखा प्रमुख, कारागार शाखा, इलाम

मानवअधिकार वर्ष पुसतक मानवअधिकार हननका घटनाहरूको साङ्गोपाङ्गो रूपले अत्यन्तै महत्वपूर्ण छ। वर्षभरिमा राज्य र गैरराज्यपक्षबाट भए/गरेका सबै कुरा समेटिएको पुस्तक प्रकाशित गरी हामी सबैलाई सुसूचित गराएकोले इन्सेक धन्यवादको पात्र भएको छ।

धर्मराज निरौला, सचिव, नेकपा (एमाले), सुनसरी

वर्ष पुस्तक समयसापेक्ष भए पनि राज्यले अधिकांश छ। आगामी वर्ष पुस्तक महिला र बालबालिकाको सन्दर्भमा तयार पारिए वेश हुने थियो।

परशुराम दाहाल, क्याम्पस प्रमुख, मादी बहुमुखी क्याम्पस, संखुवासभा

प्रस्तुत सामाग्रीलाई सरसर्ति मनले चोख्याउँदा मानवअधिकार संरक्षणका लागि सबैभन्दा ठूलो साधन विवेक नै हो भन्ने निधोमा पुगेको छु।

हरिकृष्ण खतिवडा, प्रजिअ ओखलढुङ्गा

यस पुस्तकले सरकारी स्तरबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई मात्र लक्षित नगरी जुनसुकै व्यक्ति, संस्था, समुदाय वा राजनैतिक दलबाट भए गरेका हत्या, हिंसा, अमानवीय यातना र मानवअधिकार उल्लंघनका घटनाहरूलाई निष्पक्ष र तटस्थ रूपमा खोतल्न र छर्लङ्ग्याउन सके यस पुस्तकको गरीमा र महत्व अझ बढ्न जाने थियो।

ज्ञानप्रसाद शर्मा पंगेनी, प्रजिअ, ओखलढुङ्गा

द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू जस्तो ज्वलन्त

समसामयिक विषयवस्तु समेटिनुले नवौं श्रृङ्खलाको विशिष्टतालाई स्वतः स्पष्ट पारेको छ। देशका दुर्गम कुना कन्दराहरूमा विपन्नता र निर्धनताको कारण आफ्नो मानवअधिकारलाई आफैले उपेक्षा गर्न बाध्य भई हात-मुख जोड्ने अभियानमा लागेका निर्धन महिला, बालबालिका सहित आम जनसमुदायको यथार्थ चित्रण र उनीहरूप्रतिको इन्सेकको दृष्टिकोण समेतले आगामी प्रकाशनमा स्थान ग्रहण गरेको देख्न पाए सच्चा मानवअधिकारवादीको तृष्णाले तृप्तीका महसूस गर्ने थियो।

टेकराज ढुङ्गाना, श्रेस्तेदार, जिल्ला अदालत ओखलढुङ्गा

यस पुस्तकमा प्रत्ये कजिल्लाका मानवअधिकार हननसम्बन्धी घटनाहरूको छुट्टाछुट्टै तथ्यांक सहितको विवरण समावेश भएबाट देशका कुनाकाप्चामा भएका मानवअधिकार हननसम्बन्धी घटनाहरू प्रकाशमा आई मानवअधिकारको स्थितिका बारेमा केही हदसम्म जानकारी पुग्न गएको छ। तर,

मिति : [illegible]

प्रेस विज्ञप्ति

गुल्मी जिल्लाको [illegible] तम्घासमा हिजो गुल्मी नागरिक समाजको नेतृत्वमा "मानवअधिकार वर्ष पुस्तक २००१" जलाइएको घटना र त्यस सम्बन्धमा आज विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचारप्रति हाम्रो ध्यान गम्भीरतापूर्वक आकर्षण भएको छ। मानवअधिकार उल्लंघनको कुनै पनि घटना वर्ष पुस्तकमा छुट्नु हुँदैन भन्ने मान्यतालाई हामीले सधैं सम्मान गर्दै आएका छौं। वर्ष पुस्तकमा देखिएका कमी कमजोरी र आगामी दिनमा सुधार्नु वा समेट्नु पर्ने सवालहरूका बारेमा सुझावहरू संकलन गर्न त्यसैनिमित्त प्रत्येक जिल्लामा इन्सेक वर्ष मानवअधिकार वर्ष पुस्तक समीक्षा गोष्ठीको आयोजना समेत गर्न गरिएको छ। त्यस्ता गोष्ठीमा वा स्वतःस्फूर्त रूपमा आउने यस्ता सुझाव तथा आलोचनाहरूलाई इन्सेक वर्ष पुस्तकमा 'विगत प्रतिक्रिया' शिर्षक अन्तर्गत समेटन गरिएको छ। गुल्मी नागरिक समाजले दाबी गरेजस्तै वर्ष पुस्तकमा उल्लेखनीय घटना छुटेको भए पनि आलोचना ग्रहण गर्न र त्यस्तो प्रमाणित भएको अवस्थामा सुधार गर्न हामी खुलेर साथ तत्पर हुने थियौं। तर सरासरी रूपमा वर्ष पुस्तकमा गल्ती भयो भन्ने आरोप लगाउँदै पुस्तक नै जलाइने उग्र क्रियाकलाप गरिएको समाचारले हामीलाई आश्चर्यचकित तुल्याएको छ।

०५७ साल चैत्र ३० गते विमोचित मानवअधिकार वर्ष पुस्तकको नयाँ शृङ्खलाका रूपमा प्रकाशित मानवअधिकार वर्ष पुस्तक २००१ मा सन् २००० भरि अर्थात् ०५६ पुस १७ गतेदेखि ०५७ पुस १६ गतेसम्मका घटनाहरूलाई समेटिएको छ, यस कुरा वर्ष पुस्तकको आवरणपछिको पहिलो पृष्ठमै उल्लेख गरिएको छ।

गुल्मी जिल्ला क्षेत्र नम्बर १ का शिक्षक थानेश्वर शर्मालाई माओवादीले हतियार प्रहार गरेको घटना मानवअधिकार वर्ष पुस्तक २००१ मा समावेश नगरिएको आरोप लगाइएको छ। उक्त घटना गत वर्ष अर्थात् ०५७ फागुन १ गते भएको हो। त्यसैले यो घटना जलाइएको वर्ष पुस्तक अर्थात नयाँ शृङ्खलाले समेट्ने सीमाभित्र पर्दैन।

नयाँगाउँका धनबहादुर रानाको हत्यासम्बन्धी घटना पुस्तकमा उल्लेख गरिएन भनेर अर्को आरोप लगाइएको छ। यो घटना पनि गत वर्ष अर्थात् ०५७ फागुन २७ गते भएको हो। त्यसैले उक्त घटना पनि उल्लेखित वर्ष पुस्तकले समेट्ने समयावधिभित्र पर्दैन। धनबहादुरको हत्याका सम्बन्धमा इन्सेकको मानवअधिकार वर्ष पुस्तक तथा इन्सेक [illegible] बाट प्रकाशित गरिने मानवअधिकार हनन सम्बन्धी त्रैमासिक प्रतिवेदन 'मानवअधिकार स्थितिसूचक' वर्ष ९ अंक १, चैत ३०, ०५७ र प्रेसको तत्काल जानकारीका निम्ति निकालिने 'घटना सूचना' को संख्या ४६, फागुन २८, ०५७ मा प्रकाशित भैसकेको छ।

लोकबहादुर पौडेललाई प्रहरीले हिरासतमा यातना दिएको र जगतबहादुर के.सी. लाई माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिएको घटना वर्ष पुस्तकको नयाँ शृङ्खलामा समावेश गरिएको छ। तर, उनीहरू दोषी वा निर्दोष भएननभएको बारे टिप्पणी गरिएको छैन। उनीहरूमध्ये एक जनालाई यातना दिइएको र अर्कोलाई कुटपिट गरिएको कुराले मानवअधिकार उल्लंघन हुन गएका मात्र उल्लेख गरिएको छ।

उल्लेख गरिएको छैन भनिएका कतिपय घटनाहरू मानवअधिकार वर्ष पुस्तक २००० मा प्रकाशित भैसकेका छन् भने कतिपय आगामी पुस्तकमा समेटिने समयावधिमा पर्दछन्।

इन्सेकद्वारा मानवअधिकार स्थितिको लेखाजोखा गर्दै प्रकाशन गरिँदै आएको मानवअधिकार वर्ष पुस्तक अध्ययन-अनुसन्धान र स्थलगत सर्वेक्षणका आधारमा तयार पार्न गरिएको छ। वर्ष पुस्तकमा समेटिएका कुनै पनि तथ्यका बारेमा गरिने तथ्यसंगत आलोचनाको हामी सधैं स्वागत गर्दछौं। तर, सत्य-तथ्य बुझेर मात्र आलोचना गर्न र स्वच्छ आलोचनाको परम्परा बसाल्न समाजका सबै पक्षसँग हामी हार्दिक आग्रह गर्दछौं। यससन्दर्भमा इन्सेक गुल्मी नागरिक समाज र प्रेस जगतलाई यथार्थलाई जनसमक्ष पुर्‍याई सुसूचनाको स्थापनाको निम्ति सहयोग गरिदिनु हुन पनि अनुरोध गर्दछ।

सुबोधराज प्याकुरेल
महासचिव
इन्सेक

यस प्रकारका घटना एवं तथ्यांकहरूको विश्वसनियतातर्फ भने इन्सेक अझ जागरूक हुनुपर्ने देखिन्छ।

राजु खतिवडा, श्रेस्तेदार, जिल्ला अदालत, धनुषा

यस जिल्लामा भएका मानवअधिकार हनन सम्बन्धमा भएका विवरणहरूलाई यस पुस्तकले सकेसम्म समेट्ने प्रयास गरेको पाइयो। आगामी दिनमा मानवअधिकार सम्बन्धमा यस जिल्लामा भएका यावत घटनाहरूलाई सूत्रवद्ध गरी यथार्थ रिपोर्ट प्रदान गर्ने काममा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

केशव ढुंगाना, सचिव
नेकपा एमाले जिल्ला संगठत कमिटी, सर्लाही

यस पुस्तकमा यस जिल्लामा घटेका मानवअधिकार हननका घटनाहरूको विवरण उल्लेख भएको पाइयो। केही त्रुटी देखिए तापनि यस्तो ठूलो पुस्तक तयार गर्दा यस्तो हुनु स्वाभाविक भएकोले भविष्यमा प्रकाशित हुने पुस्तकहरूमा यसलाई अझ व्यापक र त्रुटी हीन बनाउदै लगिने छ भन्ने आशा राख्दछु।

श्यामसुन्दर यादव, सदस्य
नेपाली कांग्रेस जिल्ला कार्य समिति, सर्लाही

यस जिल्ला लगायत अन्य जिल्लामा घटेका मानवअधिकार उल्लंघनका घटना बारे यस पुस्तकमा पढ्न पाउँदा खुशी लाग्यो। वैचारिक धरातलबाट माथि उठेर स्थलगत निरीक्षण गरी सत्य तथ्य आधारमा भएका सबै घटना यस पुस्तकमा समावेश गर्न सके पुस्तकको महत्व अझै बढ्ने विश्वास लिएको छु।

वेनीबहादुर कार्की, सभापति
नेपाल पत्रकार महासंघ, सर्लाही

मानवअधिकार हनन सम्बन्धमा भएका विवरणहरूलाई प्रस्तुत पुस्तकले सकेसम्म यथार्थमा ढाली निकाल्न खोजेको कार्य प्रशंसनीय नै छ र आउने मानवअधिकार सम्बन्धी पुस्तक अझ यथार्थमा रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

प्रेमप्रसाद
जिल्ला अदालत न्यायाधीश, सर्लाही

मानवअधिकारको घटना सम्बन्धमा भएका विवरणहरू प्रस्तुत पुस्तकले सकेसम्म यथार्थमा ढाली प्रस्तुत गर्न खोजेको कार्य प्रशंसनीय भएको र आउने वर्षमा अझ यथार्थ विवरणहर प्रस्तुत होस् भन्ने शुभकामना।

मनजुर मियाँ मुकेरी
नेपाल बार एशोसिएशन, अभिवक्ता, सर्लाही

बालअधिकार लगायत विभिन्न क्षेत्रमा भएका कार्यको प्रशंसा गर्नै पर्ने हुन्छ। जनजीवनको बौद्धिक र भावनात्मक विकासमा सहायक सिद्ध हुने खालका गह्रकिला कार्यहरूप्रति प्रवृत्त हुने जुन जाँगर एवं तत्परता केन्द्रले प्रदर्शन गरेको छ, त्यसको सरहना गर्दै सफलताको कामना पनि गर्दछु।

केशवराज घिमिरे
प्रमुख जिल्ला अधिकारी, सर्लाही

वर्ष पुस्तकले के हो मानवअधिकार, कसरी भए मानवअधिकार उल्लंघन, यसलाई रोक्न के गर्ने भन्ने विविध विषयमा सचेतना मुलक आन्दोलनको नेतृत्व गरिरहेको हामीले पाएका छौं। आफ्नो जुन उद्देश्यले यस पुस्तकको जन्म भएको हो त्यसमा समर्पित छ। भोलिका दिनमा यस वर्ष पुस्तक मानवअधिकार र सामाजिक न्यायका निम्ति देश र जनताको बीचमा जलिरहन सकोस् आफ्नो अठोट र समर्पणलाई दीर्घजीवी बनाउन सफल होओस् सन् २००२ को मुरी मुरी शुभकामना।

कौशल कोइराला
नेकपा एमाले, कार्यालय सचिव, सिन्धुली

इन्सेकले वर्ष पुस्तक प्रकाशित गर्दा खेरी मर्ने मार्नेको तथ्यांक दिएर पुग्दैन। कथित हत्याको कारण शुरू हुने स्थान र बहुपक्षीय समाधानको उपाय पनि प्राक्षेपण गर्नु पर्थ्यो।

रुद्रबहादुर खड्का, अध्यक्ष
प्रगतिशील मानवअधिकार शिक्षा रेडियो स्रोता क्लव, सिन्धुली

वर्ष पुस्तकमा नेपालको वर्तमान परिप्रेक्ष्यमा सरकार तथा गैर सरकारी क्षेत्रबाट भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई मात्र उजागर गर्ने काम नभएर समाज भित्र रहेका विकृति र गलत संस्कारले उब्जाएका मानवतावाद विरोधी घटनाहरूलार्य जस्ताको तस्तै ताजा रूपमा यस वर्ष पुस्तकमा पस्किन इन्सेक सफल भएको मैले पाएँ।

विश्वम्भर लामिछाने, सभापति
नेपाल रेडक्रस सोसाइटी, सिन्धुली

अधिराज्यभरि राज्य पक्ष र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई अधिकतम रूपमा समेटेर सबै सामु उदाङ्गो पारेर प्रस्तुत गर्न यो पुस्तक सफल भएको छ। "द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू" शीर्षकमा गत वर्ष उल्लेखनीय घटनाका रूपमा रहेको माओवादी जनयुद्धको पृष्ठभूमि, उठानका कारण राज्यका अंगहरू आदिको भूमिका आदि बारे प्रस्तुत विचार चिरफार गर्न सफल भएको छ। यस लेखले माओवादी जनयुद्धको "जरो" कारण बारे बुझ्न र त्यसको समाधानका लागि घोत्लिन सबैलाई घच्घच्याएको छ। उल्लंघनका सबै घटनाहरू समेट्न नसक्नु पुस्तकको कमजोरी पक्ष हो।

लीलानाथ घिमिरे, सभापति
नेपाल पत्रकार महासंघ, सिन्धुली

नेपालीको लागि कस्तो रह्यो भन्ने आभासित छ भने

पुस्तकभित्र मानवअधिकार उल्लंघनका सम्पूर्ण घटनाहरू समेट्न खोजिएको छ। मृतक र पीडितहरूको फोटो समेत प्रस्तुत गरिएकोबाट नेपाल मानवअधिकार वर्ष पुस्तकका सूचना प्रेषकहरुको लगानशीलना र परीश्रमको पुष्टि गरेको छ। घटनाको पृष्टभूमि र तत् सम्बन्धमा अदालतबाट भएको निर्णय समेत प्रस्तुत गर्न सकिएमो बेश हुने थियो।

कुम्भलाल अधिकारी दनुवार, अधिवक्ता
जिल्ला अदालत बार एशोसिएशन, सिन्धुली

आकर्षक आवरण पृष्ठ, गुणस्तरयुक्त छपाई कागज समेत भएको पुस्तक प्रसतुत एक सन्दर्भ सामग्रीको रूपमा मात्र नरही सर्वसाधारणमा मानवअधिकार प्रति जनचेतना जगाउन सस्तो र सर्वसुलभ हुन सक्नु पर्छ। यसको लागि परिच्छेद १, २, ३ को सामग्रीलाई संक्षेपीकरण गरी जिल्ला जिल्लामा वितरण गर्न प्रतिभा सो जिल्लाको विषयमा मात्र पाठ्य सामग्री राखिएको सस्तो र सुलभ हुन सक्ला भन्ने राय व्यक्त गर्दै प्रकाशनको निरन्तरताको कामना गर्दछु।

जिल्ला अदालत, सिन्धुली

पुस्तकमा समेटिएका समग्र पक्षको अध्ययन गर्दा नेपालको वर्तमान मूल समस्याका रूपमा रहेको माओवादी समस्या र सो अवस्थाको मानवअधिकारको स्थिति त्यसमा फष्ट्याइएको छ। तथ्यांकमा देखाइएको मानवअधिकार उल्लंघनका घटनामा सरकारभन्दा माओवादी अगाडि भन्ने तथ्यले मानवअधिकारवादीहरू सरकारका विरुद्ध हुन्छन् भन्नेहरूलाई ठूलो झापट दिएको छ।

द्वारिका काफ्ले, कार्य समिति सदस्य
शहीद स्मृति पुस्तकालय, सिन्धुली

जिल्लाको साथसाथै मुलुककै मानवअधिकारको अवस्थाबारे स्थितिबोध हुन गएको र यस पुस्तकको नियमित प्रकाशनले मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ।

सीताराम खनाल, प्रजिअ, मकवानपुर

मूलतः मानवअधिकार आन्दोलनको प्रतिनिधिमूलक प्रकाशनको रूपमा अगाडि बढिरहेको मानवअधिकार वर्ष पुस्तकको २००१ को अंक निकै परिमार्जित भएको छ।

रघुनाथ खुलाल, सचिव, नेकपा (एमाले), मकवानपुर

मानवअधिकार वर्ष पुस्तकमा देशभर भएका मानवअधिकार हननका घटनाहरूलाई उजागर गरी सचेतकको भूमिका निर्वाह गरेको छ।

माइकल रामचन्द्र अर्याल, सभापति, नेकाँ, मकवानपुर

मानवअधिकार वर्ष पुस्तक २००१ ले मुलुकको मानवअधिकारको स्थिति बोध गराएको छ। यस पुस्तकलाई मैले मानवअधिकार सम्बन्धी दस्तावेजको रूपमा लिएको छु।

मधु अधिकारी, सचिव, राप्रपा, मकवानपुर

प्रहरी क्षेत्रका लागि इन्सेकद्वारा नियमित रूपमा प्रकाशित मानवअधिकार वर्ष पुस्तक ज्यादै उपयोगी छ। यस पुस्तकले सबैलाई मानवअधिकारको अवस्था र सचेत गराउने काम गरेको छ।

प्रेमबहादुर गुरुङ, प्रहरी उपरीक्षक, जिप्रका, मकवानपुर

नेपालको मानवअधिकार, बालश्रम, चेलिबेटी बेचबिखन, देहव्यापार आदिको तथ्यांकगत रूपमा प्रकाशन गर्नु भएको भए अझ राम्रो हुने थियो। नेपालका तीन अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका त्यस्तै गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, भ्रष्टाचार निवारण आयोग आदिको बारेमा पनि उल्लेख गरी लेखिएको भए सुनमा सुगन्ध हुने थियो।

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
ललितपुर

सम्पूर्ण जिल्लाको वस्तुस्थितिको संकलन एक कठीन कार्य हो। मुलतः माओवादी "जनयुद्ध" मा केन्द्रित यस पुस्तकले युद्धलाई "निर्विकल्प बाध्यता" साबित गर्ने कोशिश गरेको पाइयो। यस क्रममा नेपाल अधिराज्यको संविधान, २०४७ ले जनयुद्धकारीलाई कहाँ असजिलो पारेको हो भन्ने पुस्तकले विवेचना नगरी सरकारी रवैयाको एकतर्फि आलोचनामा पुस्तकको आकार खर्च भए जस्तो लाग्यो।

विदुर कोइराला, श्रेस्तेदार
ललितपुर जिल्ला अदालत, ललितपुर

मानवअधिकार वर्ष पुस्तक २००१ सरसर्ती हेर्दा तथ्यपरक नै पाइयो। आगामी वर्षमा अझै परिमार्जित, परिस्कृत र यथार्थमा आधारित रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

प्रेमनारायण शर्मा, प्रजिअ, भक्तपुर

प्रत्येक वर्ष देशमा भइरहेका मानवअधिकारका घटनाहरूलाई सार्वजनिक गर्ने अत्यन्त प्रशंसनीय कार्य गरेको छ। यसबाट कम्तिमा सार्वजनिक पद धारण गर्नेहरू सचेत र संवेदनशील भई व्यक्तिका मानवअधिकार र मानवीय मर्यादाको संरक्षण र सम्मानतर्फ केही प्रगति हासिल हुने छ भन्ने विश्वास लिएको छु। साथै देशमा मानवअधिकार उल्लंघनका प्रशस्त घटनाहरू हुँदाहुँदै पनि दोषीलाई न्यायोचित कारवाही गर्ने र मानवीय पीडाको सम्मान र संरक्षणका लागि जिम्मेवार निकायबाट थप भूमिकाको निर्वाह हुने छ भन्ने कुरामा विश्वस्त छु।

प्रदीपशंकर वाग्ले, जिल्ला न्यायाधिवक्ता, भक्तपुर

मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रस्तुत पुस्तकका माध्यमबाट नागरिकहरू समक्ष पुऱ्याउने र नागरिकहरूलाई मानवअधिकारका बारेमा सचेत गराउनुका साथै मानवअधिकार प्रतिको चेतना विकास गराउने कार्यमा समेत प्रस्तुत वर्ष पुस्तक सफ रहने छ भन्ने अपेक्षा गर्दछु।

एकनारायण लम्साल, सहायक जिल्ला न्यायाधिवक्ता, धादिङ

मानवअधिकार उल्लंघनका घटनाहरूको विवरण यथार्थ रूपमा उल्लेख भएको पाइयो। आगामी अंक अझ परिस्कृत रूपमा निस्कने छ भन्ने आशा लिएको छु।

शान्तिराज सुवेदी, जिल्ला न्यायाधीश, धादिङ

निस्पक्षतालाई अझै दरिलो ढंगले अंगाल्दै वर्ष पुस्तककै माध्यमबाट युद्धले आक्रान्त हाम्रो देश नेपालमा घट्ने हजारौं मानवअधिकार उल्लंघनका घटनाहरूलाई विश्वव्यापी गर्न सकेमा विश्वका ठुला मानवअधिकारवादी संघ संस्थाहरूको ध्यान आकृष्ट भई शान्ति कायम हुन सक्ने कुरामा आशावादी बन्न सकिन्थ्यो।

गुरुप्रसाद बुर्लाकोटी, **सचिव**, नेकपा एमाले, धादिङ

मानवअधिकार हननका प्रकृति अध्ययन गर्न भने यसको अध्ययनबाट अलमल भएकोले कुन घटना कुन खालको हनन हो भन्ने स्पष्ट भए हामी जस्ता चासो राख्ने धेरैलाई सहयोगी सामाग्री हुने थियो।

खेमप्रसाद लोहनी, सभापति, जिविस, धादिङ

वर्ष पुस्तकको प्रकाशन राष्ट्रिय परिस्थितिका बारेमा चासो राख्ने प्रत्येक नागरिकहरूलाई उत्तीकै महत्वपूर्ण सामाग्री भएको छ। घटनाको व्याख्यामा त्यसको कानूनी किनाराका सम्बन्धमा पनि उल्लेख भएमा अझ उपयोगी हुन थियो भन्ने लाग्दछ।

नेत्रराज पौडेल, अध्यक्ष, मानवअधिकार र विकास मञ्च, नेपाल, धादिङ

कमी-कमजोरी औंल्याउने ठाउँ त भेटिन्न नै, यद्यपि थप आशा भने अघिल्लो वर्षको र पछिल्लो वर्षको बीच तुलनात्मक अध्ययन एउटै प्रकाशनमा गर्न सके प्रत्येक प्रकाशन पढ्न नपाउँदा पनि धेरै ज्ञान मिल्थ्यो।

रमेश अधिकारी, सम्पादक, धादिङ आवाज साप्ताहिक, धादिङ

राजनीतिबाट टाढा रहेर मानवअधिका उल्लंघनका घटना रेकर्ड गर्ने पुस्तकले प्रयास गरेको देखिए पनि जिल्ला-जिल्लामा यसका प्रतिनिधि चयन गर्ने क्रममा भएको त्रुटीका कारण यदाकदा पुस्तकमा राजनीतिक गन्ध पनि देखिएको मैले महसूस गरेको छु।

राजेन्द्रप्रताप शाह, सचिव, नेपाल पत्रकार महासंघ, धादिङ

पुस्तकमा जेनेभा महासन्धि अनुसार कुन-कुन उल्लंघन भएका हुन् त्यसलाई पनि स्पष्ट हुनेगरी उल्लेख गरेमा राम्रो हुने थियो।

विष्णुबहादुर रोक्का, परियोजना अधिकृत, नेपाल रेडक्रस सोसाइटी, धादिङ

मानवअधिकार वर्ष पुस्तक २००१ सरसर्ति अध्ययन गरियो। यस पुस्तकमा दिइएका कतिपय घटनाहरू तथ्यगत रूपमा उल्लेख गरेको पाइएपनि कतिपय तथ्यांक भने यथार्थता र वास्तविकतामा आधारित रहेको देखिँदैन। यस्ता तथ्यांकहरूको आधिकारिक श्रोतसमेत उल्लेख गरी प्रकाशन गरिदिने गरेमा पाठकलाई यथार्थ जानकारी हुने थियो।

टेकराज नेपाल, जिल्ला न्यायाधीश, जिल्ला अदालत, सिन्धुपाल्चोक

मानवअधिकार उल्लंघनका घटना जोसुकै र जहाँसुकैबाट भए पनि त्यसलाई सर्वसाधारणसम्म पुऱ्याउने प्रयत्न प्रशंसनीय छ। अझै मुलुकका पिछडिएका क्षेत्रमा भएका घरेलु हिंसा, शोषण, दमन र उत्पीडनका घटनाहरूलाई उजागर गर्न सके राम्रो हुने थियो। पुस्तकले माओवादी जनयुद्धका सन्दर्भमा "द्वन्द्व, मूल्यांकन र समायोजनका उपाय" शीर्षकमा जुन विश्लेषण प्रस्तुत गरेको छ त्यो सामाजिक र महत्वपूर्ण छ। वास्तवमा जनयुद्धले मुलुक व्यापी आकार ग्रहण गर्नमा राजनीतिक, सामाजिक र आर्थिक विसंगतिहरूका कारण नै हो।

डम्बरबहादुर अर्याल, सचिव, नेकपा एमाले, सिन्धुपाल्चोक

मानवअधिकार वर्ष पुस्तक सन् २००१ ले सबै नेपाली जनतालाई एकपटक पटि फर्केर प्रजातन्त्रमा भएको अप्रजातान्त्रिक गतिविधिलाई यथार्थ तथ्यांक सहित हेर्ने आह्वान गरेको छ। यस्तो कहाली लाग्दो, विषम र जर्जरपूर्ण वातावरणमा मूद दर्शक बनेर बस्नेहरूलाई चुनौति दिदै मानवलाई दानवको व्यवहार गर्ने पक्षलाई धावा बोल्दै आफ्नो रफ्तारमा पाइला लम्काएको त्यस पुस्तक कोशेढुंगा सावित भएको छ।

धनपति सुवेदी, क्याम्पस प्रमुख, चौतारा क्याम्पस सिन्धुपाल्चोक

द्वन्द्व, मूल्यांकन र समायोजनका उपायहरू नामक सान्दर्भिक पाठ्य सामाग्री समावेश हुनु उपयुक्त लाग्यो। यस प्रकाशनले मानवअधिकारका क्षेत्रमा सबै जिल्लाको सूचना उपलब्ध गराएर प्रशंसनीय कार्य गरेको देखिन्छ। तापनि गैर सरकारी क्षेत्रबाट हुने मानवअधिकार उल्लंघनका घटनाहरूको विश्लेषण समेत समानस्तरमा उल्लेख गर्न सके पुस्तकको महत्व अझ बढ्ने छ। पुस्तकको आकार बढाउने भन्दा सान्दर्भिक सामाग्री मात्र राखी घटाउनु उपयुक्त देख्दछु।

खुमराज पुँजाली, प्रमुख जिल्ला अधिकारी, तनहुँ

मानवअधिकार उल्लंघनका घटनाहरूलाई खोजपूर्ण रूपमा अनुसन्धान गरी समावेश गरिएको वर्ष पुस्तक २००१ मानवअधिकारवादी तथा यससँग सरोकार राख्ने सबैलाई उपयोगी हुने विश्वास लिन सकिन्छ। यसमा उल्लेखित विविध घटनाहरूको मूल्यांकन र विश्लेषण गरी आत्मसंयमका साथ मानवअधिकारप्रति सम्मान गर्न सबैलाई उत्प्रेरणा प्रदान गर्न यो पुस्तक कोशेढुंगा साबित हुन सक्दछ।

कुमारप्रसाद पोखरेल
जिल्ला न्यायाधीश, जिल्ला अदालत तनहुँ

मानवअधिकारका सम्बन्धमा भएका सबैजस्तो सन्धि सम्झौताहरूलाई अनुमोदन गरेर पनि मानवअधिकारको संरक्षणमा हामी कति सफल छौं भन्ने कुरा छर्लङ्ग पार्न प्रस्तुत संग्रह सफल छ। मानवअधिकारको हनन राज्यपक्षवाट मात्र हुन्छ भन्ने परम्परागत मान्यतामा पहिरो जाँदै गरेको वर्तमान अवस्थामा विभिन्न पक्षवाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई छुट्टछुट्टै शीर्षक अन्तरगत राखी विश्लेषण गरिएवाट तथ्यांकहरू अझै बोधगम्य भएका छन्। यद्यपि मानवता विरूद्धका अपराधमा अपराधीहरूको नामलाई गोप्य राख्नु न्यायोचित देखिंदैन। मानवअधिकार जस्तो पवित्र कार्यमा राजनीतिक गन्ध नआओस्।

रेवतीराज त्रिपाठी
सहायक न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, तनहुँ

राजनीतिक मात्र नभएर सामाजिक र सांस्कृतिक रूपवाट समेत भएका मानवअधिकार उल्लंघनका घटनालाई चित्रित गरिएको पुस्तकको अध्ययनवाट त्यसको कारक तत्व पहिल्याई सुधारात्मक उपायहरूको अवलम्बनद्वारा यस्ता घटनाहरूको न्यूनीकरणमा समेत सहायक हुने विश्वास लिन सकिन्छ।

कृष्णमुरारी शिवाकोटी, **श्रेस्तेदार**, जिल्ला अदालत, तनहुँ

मानवअधिकार वर्ष पुस्तकको माध्यमवाट सुसूचित गराई मानवअधिकार सम्बन्धी जनचेतना जगाउने सहयोगी भूमिका निभाइरहेको छ। अब प्रकाशित हुने वर्ष पुस्तक २००१ ले विगतको भन्दा अझ बढी गहन अध्ययन गरी निस्पक्ष र निर्भिक ढंगवाट घटनाहरूको उद्घाटित र प्रचार हुने कुरामा अपेक्षा गर्दछु।

एकबहादुर राना, **सचिव**, नेकपा एमाले, तनहुँ

पुस्तकमा सर्सर्ती हेर्दा तनहुँ जिल्लाको सन्दर्भमा व्यक्तिगत रीसइवीबाट भए घटेका सामान्य कुटपिटका घटना र अदालतमा मुद्दा चलिरहेका जग्गा मुद्दाका विषयलाई उल्लेख गरिएको छ। यस्ता साधारण घटना भन्दा गम्भीर घटनाहरू नछुटाई प्रकाशन गरिदिनु भए राम्रो हुन्थ्यो।

नेपाली कांग्रेसका कार्यकर्ताहरू पीडित भएको विवरण व्याख्या गर्दा अभियोग देखाइएको छ तर अन्य पार्टीहरूको हकमा पीडितको कारण (दोष लाग्ने खालको) देखाइएको छैन।

मानवअधिकारवादीको नामबाट प्रकाशन हुने घटनालाई सबैले सम्मानजनक ढंगवाट बुझ्न र सहि तथ्य पाउनका लागि सम्वाददाताहरू कुनै पनि पार्टीका आधिकारिक व्यक्ति (प्रमाणपत्र प्राप्त गरेका) लाई बनाइनु हुँदैन।

यस जिल्लाको सन्दर्भमा हेर्दा घटेका घटनाहरूको विवरण दिंदा एमाले पार्टीको भनाइलाई बढी प्राथमिकता दिएको देखिन्छ। यस्तो हुनु भएन।

जिल्ला कार्य समिति सभापति, नेपाली कांग्रेस, तनहुँ

वर्ष पुस्तक विगतहरूको तुलनामा मानवअधिकार उल्लंघनका घटनाहरू जुन राज्य तथा गैर राज्यपक्षबाट घटाइएका नै किन नहोउन घटनाको गहिराईसम्म पुगेर निष्पक्ष रूपमा समावेश गरेको पाएँ। आगामी दिनहरूमा पनि जुनसुकै पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई अझ सशक्त ढंगले तथ्यगत जानकारी गराई प्रत्येक नागरिकलाई मौलिक मानवअधिकारको साथसाथै कर्तव्यप्रति पनि सचेत गराउँदै लगेका अवस्थामा अझ राम्रो हुने अपेक्षा गर्दछु।

शिवदत्त ढकाल, **उपाध्यक्ष**, नेपाल वार एशोसिएशन, तनहुँ

२००१ को मानवअधिका वर्ष पुस्तक अध्ययन गर्ने अवसर प्राप्त भयो। मानवअधिकार उल्लंघनको घटनाहरू प्रकाशित गरी सम्वद्ध तथा वर्तमान समाजका निकाय संस्था वा समुदायहरूलाई जागरूक वनाउने र ती घटनाहरूलाई दुरूत्साहित एवं नियन्त्रण गर्न पहल गर्ने वातावरण वनाउन पुस्तकले विगतदेखि नै ऐतिहासिक भूमिका पूरा गर्दै आएकोमा सधन्यवाद आभार व्यक्त गर्न चाहन्छु। तथ्यमुलक, खोजमुलक घटना प्रसंगहरूको वार्षिक प्रकाशन गर्ने आगामी प्रकाशनहरूको सफलताको कामना गर्दछु। पुस्तक संक्षिप्त एवं सारमुलक वनाउन सके सुनमा सुगन्ध थपिने थियो।

चित्रबहादुर थापा, **उपसभापति**, जिल्ला विकास समिति, तनहुँ

मानवअधिकार वर्ष पुस्तक २००१ मा उल्लेखित देशभित्रका विभिन्न कमी कमजोरीहरूलाई सम्वन्धित सबैले पुनरावृत्ति हुन नदिई पीडित प्रति बढी प्रतिबद्ध हुने प्रण गर्न सकेको खण्डमा वर्तमान समस्याहरू सहजै समाधान हुन नसक्ने देखिँदैन। यस संस्थाले बढी सत्यतथ्य र यथार्थ घटना एवं आँकडा समावेश गरी आगामी वर्ष पुस्तकलाई बहु-उपयोगी वनाउन सकोस्।

यज्ञप्रसाद वस्याल, जिल्ला न्यायाधीश, गोरखा

यस पुस्तकले नागरिक समाजलाई मानवअधिकार उल्लंघनका तथ्यगत घटनाक्रमको जानकारी गराएको छ। त्यसैले आगामी दिनमा पनि यही कार्यको अपेक्षा राख्दछु।

रामशरण बस्नेत, उपसचिव, नेकपा (एमाले), गोरखा

मानवअधिकार वर्ष पुस्तकले नेपालका मानवअधिकारको लिपिबद्ध ढङ्गको स्थितिसूचकको भूमिका निर्वाह गरेको छ। यद्यपि, यसका प्रस्तुतीलाई अझै निष्पक्ष, स्वतन्त्र र विश्लेषणात्मक बनाउन आवश्यक देखिन्छ।

मोहन पोखरेल, प्रवक्ता तथा सदस्य, नेकाँ, गोरखा

पुस्तक मानवअधिकार विरूद्धका घटनाहरूलाई समेट्न धेरै सफल भएको पाइयो। यस पुस्तकले मानवअधिकारको संरक्षणमा थप बल प्रदान गर्नुका साथै सबैलाई यसप्रति सचेत रहन प्रेरणा प्रदान गर्ने देखिन्छ।

स्थानेश्वर दुवाडी, सभापति, मानवअधिकार तथा शान्ति समाज, गोरखा

ऐन, कानून र संविधान विरूद्ध हतियार लिएर मान्छे मार्न तम्सिएका र ऐन, कानून र संविधानलाई कुन्तुरमा ताल्चा मारेर हतियारको भाषा बोल्ने र बुझ्ने राज्यसत्ताको सामू भए गरेका घटनाको सामान्य तथ्यांकसम्म भने पनि राख्न सफल मानवअधिकार वर्ष पुस्तक २००१ ले इतिहासमा भेटिन सकिने मानव सभ्यताको कलंकहरूलाई आगामी पुस्ताले शिक्षा लिन सक्नेछन्।

विशेश्वर कट्टेल, प्रमुख, पृथ्वीनारायण नपा, गोरखा

देशमा भएका साना-ठूला सबै घटनाहरू समेटेको वर्ष पुस्तकमार्फत् सर्वसाधारणले समेत जानकारी पाउने अवसर पाएको र मानवअधिकार उल्लंघनका घटनाहरू जनसमक्ष ल्याई मानवअधिकारप्रति सचेत एवं सजग रहन प्रस्तुत पुस्तक उपलब्धिमूलक भएको महसूस गर्दछु।

रेशमबहादुर गुरुङ, जेलर, कारागार शाखा, गोरखा

मानवअधिकार हनन र संरक्षणबीच तीव्र संघर्ष अद्यावधिक कायम छ। नेपाली समाजमा संचालित यस आन्दोलनमा मानवअधिकार सम्बन्धी पुस्तक प्रकाशनले संरक्षणको पक्षको आधारलाई बलियो बनाउँदै लगेको प्रमाण प्रस्तुत पुस्तक नै हो।

रामबहादुर थापा, सभापति, जिविस, स्याङ्जा

मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्दा उल्लेख्य घटनाक्रमलाई पूर्वाग्रहरहित तवरले प्रकाशित गरेमा अझै प्रशंसनीय हुने छ। यसका साथै कुनै संस्था वा निकायले मानवअधिकार संरक्षणका लागि कुनै उल्लेख्य र उदाहरणीय कार्य गरेको पाइएमा त्यसलाई वर्ष पुस्तकले आफूभित्र समावेश गर्ने गरेमा यस क्षेत्रमा थप योगदान दिन सफल हुनेछ भन्ने ठान्दछु।

धर्मराज पौडेल, जिल्ला न्यायाधिवक्ता, स्याङ्जा

यस पुस्तक सस्तो, धेरै सामाग्रीले भरिपूर्ण र सर्वसुलभ हुनुपर्दछ ताकि गाउँको दूर-दराजमा पनि उपलब्ध हुन सकोस्। श्रोत र साधनको कमी वा अन्य विविध समस्याले हो, जिल्लाबाट आउनुपर्ने मानवअधिकारको उलंघन भएका घटना उल्लेख नहुनु वा उल्लेख भएको घटनाको विवरण अपुरो वा सत्यतथ्य पक्षको प्रकाश हुन सकेको देखिँदैन।

महेन्द्र थापा, सचिव, नेकपा (माले), स्याङ्जा

वर्ष पुस्तक वास्तवमा तथ्यांकको संगालोजस्तो भान हुन्छ। सम्पूर्ण तथ्यांक र सबै पूर्ण यथार्थ मात्रै यसमा संग्रहित नभएका पनि हुन सक्छन्। जीवन, स्वतन्त्रता र सुखको अनुसरण सबै मानिसहरूको समान हक हो भन्ने प्राकृतिक चिन्तनमा मानवअधिकारको रक्षा खोज्नुमा सबैको हित हुनेछ। समाचानर, आलोचना र समालोचना जस्ता विषयहरूमा पक्षगत भावको गन्ध नआओस्- वर्ष पुस्तकमा।

महम्मद जुनैद, सरकारी वकिलको कार्यालय, नवलपरासी

वर्षभरि मुलुकमा विभिन्न पक्षबाट भएको मानवअधिकारको हनन के कसरी भएको छ? भन्ने यस पुस्तकमा स्पष्ट उल्लेख भएकाले सम्बन्धित पक्षबाट ध्यान दिनुपर्ने देखिन्छ।

विष्णु लामिछाने, कार्यालय सचिव, नेकाँ, नवलपरासी

यस पुस्तकले देशको कुना काप्चादेखिकै घटनाहरूलाई समेटिदिएकोले नेपाली नागरिकहरू मात्र होइन, विश्वकै जनतालाई घटना विवरणको जानकारी दिन सफल भएको ठान्दछु। मानवअधिकारका घटनाहरूलाई प्रकाशमा ल्याएर मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याएको मेरो विश्वास छ।

स्थानेश्वर देवकोटा, प्रजिअ, रूपन्देही

यस पुस्तकले समग्रमा देशभरिको मानवअधिकारको स्थितिको जानकारी गराउँदै जनतामा मानवअधिकार सम्बन्धी विविध विषयका चेतनामूलक विषयवस्तु समेत समावेश गर्दै आएको विषय महत्वपूर्ण पक्ष रहेको छ।

नेकपा (एमाले), रूपन्देही

इन्सेकले यस पुस्तकमा देशभित्र भएका मानवअधिकार उल्लंघनका घटनालाई आफ्नो श्रोत साधनको क्षमताअनुसार समेटी निष्पक्ष ढंगबाट चित्रण गर्दै विश्व जगतको आम चासो समेतलाई पुरा गर्न विश्लेषणात्मक अभिमत जाहेर गरी कानूनी शासनको अनुभूति दिलाउनेतर्फ उन्मुख हुन राज्य एवं नागरिक समाजलाई कर्तव्यबोध गराउन सफल हुनेछ।

अधिवक्ता बलभद्र खनाल, सचिव नेपाल बार, एशोसिएशन, पाल्पा

मानवअधिकार वर्ष पुस्तक २००१ सरसर्ती हेर्दा यसले

नेपालमा भएका मानवअधिकार सम्वन्धी विषयका अध्येतालाई एउटा राम्रो सामाग्रीको रूपमा स्थापित गराएको छ। तथापि यसमा घटना विशेषको प्रकाशनभन्दा विषयवस्तुको गहनतम अध्ययन अनुसन्धानका साथ प्रस्तुतीकरण भएमा अझ सराहनीय हुने मैले महसूस गरेको छु।

धनेन्द्रराज घिमिरे, सचिव, पाल्पा

मानवअधिकार वर्ष पुस्तक भविष्यमा अझ बढी यथार्थपरक रूपमा प्रकाशित भई कुनै पनि क्षेत्रबाट मानवअधिकार उल्लंघन हुनु नदिनका लागि मार्गदर्शक वन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

भानुभक्त पोखरेल, प्रजिअ, पाल्पा

विगतको तुलनामा यसपटक मानवअधिकारको क्षेत्रमा भए गरेका विवरणहरू जस्ताको तस्तै प्रस्तुत गरेर राम्रो काम भएको छ। आउँदा अंकहरूमा पनि राजनीतिबाट मुक्त भई मानवअधिकारको संरक्षण गर्ने सवालमा क्रियाशील रहिरहने विश्वास पार्टीको रहेको छ।

विष्णुप्रसाद खनाल "मुस्कान", सचिव, नेकाँ, अर्घाखाँची

पुस्तकमा मानवअधिकार सम्बन्धी घटना सत्य तथ्य जानकारी गराउन अथक प्रयास भएको छ। यस जिल्ला सम्वन्धी घटनाहरू लेख्दा तटस्थ र निष्पक्षताको सिद्धान्त अवलम्वन गरेको पाइयो। यसबाट जनमानसमा राम्रो सन्देश जाने कुरामा दुई मत हुन सक्तैन।

हिराप्रसाद ढकाल, जिशिअ, अर्घाखाँची

मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि उत्कृष्ट संगालो मान्नु पर्छ। यसमा उल्लेख गरिएका विषयवस्तु मननीय छन्। पुस्तकमा निहित विषयवस्तुलाई समग्र समाजमा सम्प्रेषण हुन आवश्यक छ। सो प्रयोजनका लागि मुल्य परिमार्जन गुर्न परे सो समेत गरी पुस्तकलाई सर्व सुलभ गराउन सके राम्रो हुने थियो।

गुणराज ढुंगेल, जिल्ला न्यायाधीश, जिल्ला अदालत, गुल्मी

भन्ने गरिन्छ- सुनमा सुगन्ध भइदिएको भए कस्तो हुन्थ्यो होला? सुगन्धका लागि अझै पनि परिमार्जन आवश्यक छ। दोहोरिने सन्दर्भहरूनिर ध्यान दिँदै विशेषतः निम्न पक्षमा ध्यान पुगोस् भन्ने सदिच्छा राख्दछु। (१) मानवअधिकारको सम्मानका साथ काम गर्ने प्रशासक प्रहरी सहितका सार्वजनिक जवाफदेही पदमा बसेका खास पदाधिकारीहरूको कार्यको लेखाजोखा गरी इमानको उदाहरणले वेइमानीलाई चिमोट्न। (२) मानवअधिकारको उल्लंघनवाट कारवाहीमा परेका वा नपरेका दोषीहरूको स्थितिका वारेमा उजागर गरी आत्मग्लानी र घृणावाट क्रूरपनलाई सच्चाउने शिक्षा दिन। (३) स्वतन्त्र सञ्चार, स्वतन्त्र नागरिक समाज र स्वतन्त्र बुद्धिजीवीहरूको विकास र सम्मान गर्न। वर्ष पुस्तक २००१ ले छनौट गरेको उल्लेख्य विषय "द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू" मन छुने खालको छ, खासगरी द्वन्द्व व्यवस्थापनका सन्दर्भमा औंल्याइएका उपायहरू। तर पनि राजनीतिक लडाईंलाई राजनीतिक समाधानको बाटो खोज्नेतिर भन्दा सामाजिक सन्दर्भहरूवाट बढी प्राथमिकता दिइएकोले खट्किन्छ यो एउटा कुरा।

डिल्लीराज आचार्य, रजिष्ट्रार, पुनरावेदन अदालत, तुल्सीपुर, दाङ

यस पुस्तकमा उल्लेख गरिएका देशका घटनाहरू समेटेको जस्तो लाग्दछ। मानवअधिकार भन्ने वस्तु हाम्रो आँखाको नानी जस्तो भएकोले यो आँखाको नानीलाई फूलो पर्न नदिने जस्तो कार्य सदैव इन्सेकले गरोस् भन्ने कामना गर्दछु।

वीरेन्द्रकुमार वाटाजु, जिल्ला न्यायाधीश, दाङ

देशका कुनाकाप्चामा घएका घटनाहरू साहससाथ संकलन गरी तयार पारिएको वर्ष पुस्तकले मानवअधिकारको यथार्थ स्थिति सम्बन्धमा नागरिक समाजलाई जानकारी गराएको छ। वर्ष पुस्तक २००१ मा समावेश गरिएको "द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू" विभिन्न क्षेत्रमा काम गर्ने नागरिकहरूका लागि मार्गदर्शक वन्न सक्दछ।

शिवकुमार थापा, कार्यालय सचिव, नेकपा (एमाले), दाङ

मानवअधिकार वर्ष पुस्तक २००१ समष्टगत रूपमा हेर्दा केही विषय वाहेक अन्य कुराहरूको हिसावले सराहनीय छ। आगामी समयमा प्रकाशित हुने पुस्तकहरू खास वर्गहरू माझ पुग्न सकोस्।

बाबुराम सुवेदी, श्रेस्तेदार, जिल्ला अदालत, वर्दिया

वास्तवमा यस्तो दस्तावेजको अध्ययनबाट मानवअधिकारको उल्लंघन गर्ने पक्ष तथा यसको संरक्षण गर्ने वर्गले आउँदा दिनहरूमा आफूलाई सच्याउने मौका पाउँछन्। साथै, आउँदा दिनहरूमा मानवअधिकार उल्लंघनका घटनाहरूलाई इन्सेकले यथार्थ रूपमा प्रस्तुत गर्नेछ भनी आशा एवं विश्वास राख्दै उज्ज्वल भविष्यको कामना गर्दछु।

श्यामसुन्दर अधिकारी, सहायक जिल्ला न्यायाधिवक्ता, वर्दिया

वर्ष पुस्तकमा मेहनतसाथ मानवअधिकारसँग सम्बन्धित घटना उल्लेख छन्। आम जनतामा मानवअधिकार सम्बन्धी सचेतना जगाउन इन्सेकको पथ प्रशंसनीय छ। पुस्तकको आकार घटाउने कुरा सोच्नु पर्दछ।

टेकबहादुर खाँण, सभापति, जिविस, दैलेख

इन्सेकको कार्य प्रशंसनीय छ। राज्य पक्षबाट हुने मानवअधिकार सम्बन्धी कार्यको सबै पक्ष स्पष्ट राख्नुपर्छ। वर्ष

पुस्तक २००१ प्रशंसा गर्न लायक छ।

बाबुराम लामिछाने, प्रजिअ, दैलेख

वर्ष पुस्तक २००१ पहिलेभन्दा अझ राम्रो छ तर आकार ठूलो भएकाले सानो र पढ्न सजिलो कसरी बनाउन सकिन्छ भन्नेतर्फ विचार गर्नुपर्छ। इन्सेक अभियानको म प्रशंसा गर्दछु।

अमरबहादुर थापा, सचिव, नेकपा (एमाले), दैलेख

इन्सेक यस्तो संस्था हो, जसले आफ्नो कार्यको पहिचान दिन सक्षम छ। मानवअधिकार वर्ष पुस्तक २००१ थप अर्को कदम र ईंटा हो।

अधिवक्ता सुरेन्द्र अधिकारी, दैलेख

मानवअधिकार संरक्षणका क्षेत्रमा इन्सेकको विशेष स्थान छ। वर्ष पुस्तक २००१ विगतको भन्दा अझ तथ्यपूर्ण छ।

अमर सुनार, पत्रकार, दैलेख

पुस्तक पठनीय छ। मानवअधिकारको उल्लंघन, प्रचारप्रसार लगायत् मानवअधिकारको संरक्षण, सम्बर्द्धन र विस्तार गर्नमा यसले महत्वपूर्ण भूमिका निर्वाह गरेकाले प्रकाशनको निरन्तरताका लागि कामना गर्दछु।

नारायणप्रसाद सापकोटा, निमित्त प्रजिअ, डोल्पा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकमा जनमानसमा भएका मानवअधिकारका उल्लंघनकारी घटनालाई छर्लङ्ग पारेर पीडक पक्षको अमानवीय तथा अनैतिक कार्यलाई निरूत्साहित पार्न केही मात्रामा सफल भएको छ।

कमलकुमार आचार्य, तहसिलदार, जिल्ला अदालत, डोल्पा

इन्सेकले वर्षेनी खोजपूर्ण मानवअधिकारसँग सम्बन्धित तथ्यहरूको संकलन गरी प्रकाशन गर्न मानवअधिकार वर्ष पुस्तक सराहनीय हुने गरेकाले सत्य तथ्य घटना उजागर गर्ने प्रयास प्रशंसनीय छ।

खड्गबहादुर श्रेष्ठ, श्रेस्तेदार, जिल्ला अदालत, डोल्पा

इन्सेकले मानवअधिकारका क्षेत्रमा सचेततापूर्ण कार्यहरू गर्दै आइरहेको कुरा प्रशंसनीय छ। मानवअधिकारका क्षेत्रमा आगामी दिनहरूमा तथ्यपरक रूपमा घटना तथा गतिविधिहरू प्रकाशन गर्नेतर्फ सफलता मिलोस् भन्ने अपेक्षा गर्दछु।

गंगामणि शर्मा, जेलर, कारागार शाखा, डोल्पा

इन्सेकका प्रतिनिधिहरूले ७५ वटै जिल्लाहरूमा मानवअधिकार उल्लंघनका समस्त घटनाहरू संकलन गरी महिला अधिकार, जातीय छुवाछूत एवं अमानवीय व्यवहार, भूमिहीन, सुकुम्बासी समस्या, निष्पक्ष निर्वाचन, स्वतन्त्र एवं निष्पक्ष न्याय सम्पादन र जनउत्तरदायी प्रशासन आदि विषयमा विगतमा भन्दा अझ वढी परिमार्जित रूपमा मानवअधिकार वर्ष पुस्तक २००१ मा प्रस्तुत भएको हुँदा यो पुस्तक उपयोगी, ज्ञानबर्द्धक र प्रशंसायोग्य रहेको महसूस गर्दछु।

उमाकान्त पौडेल, जिल्ला न्यायाधिवक्ता, डोल्पा

वर्ष पुस्तकको नवौं श्रृङ्खलाले मुलुकको समग्र मानवअधिकार स्थितिका बारेमा शिक्षित वर्ग्लाई सचेत गराउने काम गरेको छ। पुस्तकलाई ग्रामीण इलाकाका अशिक्षित र उत्पीडित जनसमुदायसम्म पुऱ्याउन सकेमा आगामी दिनमा मानवअधिकार हननका घटनाहरू क्रमशः घट्दै जाने देखिन्छ।

केशव अधिकारी "श्रमिक", कोषाध्यक्ष, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब राष्ट्रिय समिति

अनुसूची ७

वर्ष पुस्तक २००२ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

सुशील प्याकुरेल - संकटकाल : कारण, औचित्य र मानवअधिकारमा परेको असर

टीकाराम भट्टराई - न्यायपालिका

शार्दूल भट्टराई - कार्यपालिका

श्रीरामसिंह बस्नेत - व्यवस्थापिका

कुन्दन अर्याल - संकटकाल र प्रेसमा परेको असर

पद्मप्रसाद खतिवडा- सन् २००१ को मानवअधिकार स्थिति समग्र मूल्यांकन

जिल्लागत प्रतिवेदन तथा तथ्यांक रुजु

१. गणेश भण्डारी
२. जीवन्त वाग्ले

जिल्ला प्रतिनिधिहरु

१. **पूर्वाञ्चल**
१.१ झापा - किरण रेग्मी
१.२ इलाम - प्रकाश अधिकारी, कमल श्रेष्ठ
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दिपेन न्यौपाने
१.६ सुनसरी - राम कोइराला
१.७ धनकुटा - रमेशचन्द्र अधिकारी
१.८ तेह्रथुम - नरबहादुर लिम्बु
१.९ भोजपुर - चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - विष्णु पोखरेल
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिराहा - देवराज पोखरेल
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - मातृका भट्टराई, कुमार तिवारी
१.१५ ओखलढुंगा - गुरूबहादुर बस्नेत
१.१६ सोलुखुम्बु - तेजनारायण राजभण्डारी

२. **मध्यमाञ्चल**
२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी - नरेन्द्र कोइराला
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - बालकृष्ण शर्मा
२.७ रौतहट - लक्ष्मणप्रसाद रेग्मी
२.८ बारा - कृष्ण लामा
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - जीवन्त वाग्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - सिताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - रामचन्द्र भट्ट
२.१९ रसुवा - कैसाङ नुर्पु तामाङ

३. **पश्चिमाञ्चल**
३.१ तनहुँ - प्रेमप्रसाद पौडेल
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - लक्ष्मीराज पौडेल
३.६ मनाङ - कमानबहादुर गुरूङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रूपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कृष्णप्रसाद बस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - चन्द्रबहादुर गुरूङ

४. **मध्यपश्चिमाञ्चल**
४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - रोमप्रकाश थापा
४.५ रूकुम - जिवन खड्का
४.६ बाँके - विजय चन्द
४.७ बर्दिया - नारायण सुवेदी
४.८ सुर्खेत - भूपेन्द्र रावत

४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - सूर्यबहादुर शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - राजेन्द्र महत
४.१३ कालिकोट - कुशराज शाही
४.१४ मुगु - परेकलाल नेपाली
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - हेमन्त पौडेल
५.२ अछाम - रतनबहादुर रावल/पुष्प कठायत
५.३ डोटी - जगतबहादुर विष्ट
५.४ बाजुरा - रतनबहादुर रावल
५.५ बभाङ - अर्जुनबहादुर सिंह
५.६ कंचनपुर - कृष्णदेव पन्त
५.७ डडेलधुरा - सिद्धराज पनेरू
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - नारायणदत्त भट्ट

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. कृष्ण लुइँटेल २. सोमराज थापा

मध्यमाञ्चल

१. समिर नेपाल २. रमेश अधिकारी

पश्चिमाञ्चल

१. जंगबहादुर नेपाली २. जनक कँडेल

मध्य पश्चिमाञ्चल

१. भोला महत २. राजेन्द्र दाहाल

सुदूर पश्चिमाञ्चल

१. शैलेश शर्मा २. दिलबहादुर चौधरी

फोटो स्रोत

१. वर्ष पुस्तकको आफ्नै संकलन, नेपाल टेलिभिजन, हिमाल पाक्षिक, मिन बज्राचार्य, डोमेनिक जुत्रास, प्रकाश ज्वाला, सूचना विभाग र चन्द्र शेखर कार्की

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य चार जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले र एक जनालाई "सान्त्वना" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रू. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रू. ५०००।- तथा "सान्त्वना" पुरस्कार रू. ३०००।- र प्रशंसापत्र रहेको छ।

उत्कृष्ट
राम कोइराला, सुनसरी

सर्वोत्कृष्ट
अकुर न्यौपाने, भक्तपुर

उत्कृष्ट
नातीबाबु धिताल, सिन्धुपाल्चोक

उत्कृष्ट
भुपेन्द्र रावत, सुर्खेत

उत्कृष्ट
हेमन्त पौडेल, कैलाली

सान्त्वना
भिष्मराज पन्थी, रूपन्देही

सन् २००१ मा राज्य पक्षद्वारा पीडित भएकाहरूको संख्या

राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या - जम्मा ४२५६ जना

अनुसूची ८

मानवअधिकार वर्ष पुस्तकको दश वर्ष

हामी ३० वर्षको लामो र निर्मम संघर्षपछि प्रजातन्त्रमा प्रवेश गरेका छौं। त्यसैले मानवअधिकारको स्थितिको मापदण्डबारे कुरा गर्दा ३० वर्ष शासन काललाई कसरी मापदण्ड मान्न सकिन्छ भन्ने पनि एकाथरिको विचार रहेको छ। सेना परिचालन गरी लादिएको तानाशाही र निरंकुश व्यवस्था भएकोले त्यहाँ मानवअधिकारको अपेक्षा गर्न पनि सकिँदैन थियो। त्यसैले नेपाली जनताले मानवअधिकारको बहालीका लागि मात्र संघर्ष गरेका होइनन्। उनीहरू व्यवस्था नै उखेलेर फ्याक्ने उद्देश्यका साथ आन्दोलनमा लागेका थिए। तर अहिले स्थिति त्यस्तो होइन। अहिले मानवअधिकारको प्रत्याभूति भएको मूल कानुन छ, निर्वाचित संसद् अनि सरकार छ र पनि यदि मानवअधिकारको हनन हुन्छ भने यसलाई बडो गम्भिरतापूर्वक लिनु पर्छ भन्ने तर्क पनि सचेत समुदायको छ। त्यस्तै संसारका अरू तेस्रो विश्वका मुलुकहरूको दाँजोमा मात्र हैन दक्षिण एशियाका मुलुकहरूको दाँजोमा नेपालमा अपेक्षाकृत रूपमा हिंसा कम भएको र नागरिक हकको संरक्षण भएको भन्ने एउटा तर्क छ भने यसो भनेर सन्तोष मान्ने हैन बरू अरू मुलुक जस्तो हाम्रो मुलुकमा त्यस्तो रोग प्रवेश नगरोस् भनी अहिले नै हामी सतर्क र सचेत हुँदै मानवअधिकारको रक्षा र विकासमा लाग्नु आवश्यक छ भन्ने सोचाइ अरूको छ।

(वर्ष पुस्तक सन् १९९२)

मानवअधिकारलाई सीमित दायराभित्र राखेर हेरिनु हुँदैन। मानवीय जीवनको क्षेत्र विशाल छ। त्यसैले मानवअधिकार पनि अति विस्तृत छ। "तथ्यांकमा नेपाल" मा यसै धारणा अनुरूप राष्ट्रिय जीवनका तथ्य-तथ्यांक र जनताका आर्थिक हित बीचको दूरी वा निकटता पत्तो लगाउन खोजिएको छ। यस वर्ष समावेश गरिएको अर्को नयाँ परिच्छेद हो- २०१७ सम्मको नेपालको मानवअधिकार आन्दोलनको इतिहास। यस कुरोमा कुनै विवाद छैन- नेपालमा आधुनिक अवधारणा सहितको विशुद्ध मानवअधिकार आन्दोलनको शुरूवात धेरैपछि मात्र भएको हो। हालसम्म प्राप्त जानकारी अनुसार ०४१ साउन १३ गते स्व. प्रकाश काफ्ले समेतको सक्रियतामा स्थापित मानवअधिकार संरक्षण मञ्चले नै पहिलो पटक नेपालमा मानवअधिकारको विश्वव्यापी घोषणा पत्रलाई आफ्नो निर्देशक सिद्धान्तको रूपमा अघि सारेको थियो। हुन त सम्वत् १९९४ मै शुक्रराज शास्त्री आदिको अध्यक्षतामा नागरिक अधिकार समितिको स्थापना भएको थियो। तापनि त्यस बखत मानवअधिकारको व्यवस्थित अवधारणाको विकास नै भइसकेको थिएन। पञ्चायतको अवसान हुनु अघि मानवअधिकार आन्दोलन राजनीतिक आन्दोलनकै एउटा अंगका रूपमा रहेको थियो। त्यसैले वर्ष पुस्तकमा मानवअधिकार आन्दोलनको चर्चा गर्दा राजनीतिक अधिकारका निम्ति भएका आन्दोलनहरूको समेत सिलसिलाबद्ध रूपमा उल्लेख गरिएको छ। वास्तवमा ती सबै आन्दोलनहरू जनताको तत्कालीन चेतना अनुरूपका मानवअधिकार आन्दोलन पनि थिए।

(वर्ष पुस्तक सन् १९९३)

हाम्रो उद्देश्य मानवअधिकारहरूको हनन सम्बन्धी सूचनाहरूको संकलन गर्नु मात्र होइन। समाजमा मानवअधिकारको हनन कुन-कुन क्षेत्रबाट कसरी भइराखेको छ भन्ने अध्ययन गर्नु पनि हाम्रो उद्देश्य रहेको छ। मानव अधिकार उल्लंघनलाई कसरी कम गर्न वा रोक्न सकिन्छ भन्ने देखाउने कुरालाई पनि हामीले आफ्नो उद्देश्यभित्रै राखेका छौं। हाम्रो जस्तो बहुदलीय, बहुजातीय र वर्गीय समाजमा व्यक्तिगत र सामाजिक अन्तरविरोधहरू विभिन्न रूपमा प्रकट हुने गर्दछन्। मानवअधिकारको हननमा कुनै एक पक्षलाई मात्र दोषी ठहऱ्याउन सकिँदैन। एउटा प्रजातान्त्रिक मुलुकको जननिर्वाचित सरकारको हैसियतमा मानवअधिकारको रक्षा र विकासमा राज्यले प्रमुख उत्तरदायित्व निर्वाह गर्नै पर्छ। राज्ययन्त्रका अनेक साधनको दुरूपयोग हुन थाले भने मानवअधिकारको व्यापक उल्लंघन हुन पुग्दछ।

(वर्ष पुस्तक सन् १९९४)

जुन देशमा शक्तिशाली व्यक्तिहरूको संरक्षणका कारण प्रहरीउपर भएको दुर्व्यवहार समेत कारवाहीको विषय बन्न सक्दैन।

कुलो-पैनी, सन्धि-सर्पनदेखि परिवार- पारपाचुके सम्मका कुराको राजनीतिकरण गरिन्छ, त्यस देशमा मानवअधिकार संस्कृतिको सिर्जना गर्नु कत्तिको जोखिमपूर्ण काम हो र यसको गम्भीर दायित्वबोधको कति प्रासंगिक महत्व छ भन्ने कुराको चेतना दिने मामिलामा यो पुस्तले विगत तीन वर्ष यता थोरै भए पनि महत्वपूर्ण योगदान गरेको छ भन्ने हामीलाई लागेको छ।

के मानवअधिकारको उल्लंघन राज्य वा सरकारले मात्र गर्छ? विकसित मुलुकमा राजकीय क्षेत्रबाट भएको उल्लंघन प्रष्ट, सामुन्ने देखा पर्छ। तर, हाम्रो जस्तो देशमा भने प्रायः यस घटनाहरूमा राज्य पछाडि बस्छ र सदृश्य सामुन्ने पूर्ण अहंकारी र निर्दयी बनेर कुनै मानिस वा जत्था आइलाग्छ। अनि भुल्नै नहुने कुरा के हो भने राज्य संचालन गर्ने मानिस जुन संस्कृति बोकेर पदीय जिम्मेवारी संचालन गर्छन्, उनीहरूको व्यवहार त्यस्तै हुन्छ। नागरिकको मानवअधिकारको रक्षा गर्नु राज्यको मुख्य दायित्व हो तर राज्य भित्र सरकार मात्र पर्दैन हामी नागरिकहरू पनि पर्छौं। त्यसैले हामीले व्यक्तिले व्यक्तिको मानवअधिकार उल्लंघन गरेका घटनाहरूका पनि अभिलेख राखेका छौं।

(वर्ष पुस्तक सन् १९९५)

अधिकार भनेको उपभोग कर्ता र कतृव्य निर्वाहक बीचको सम्बन्धको नाम हो। मानवअधिकार भनेको जनता र राज्य बीचको सम्बन्ध हो। जनता र राज्य (उपभोगकर्ता र कर्तव्य निवार्हक) बीचको सम्बन्धको प्रकृतिले

नै मानवअधिकारको विषय वस्तुलाई निर्धारण गर्दछ। मानव अधिकारलाई (क) जनता (उपभोगकर्ता), (ख) कर्तव्य निर्वाहक (राज्य) र (ग) मानवअधिकारका विषय वस्तुको आधारमा परिभाषित गर्न सकिन्छ। मानवअधिकारको विषय वस्तु जत्तिकै कर्तव्य निर्वाहकका रूपमा राज्यको दायित्वप्रति पनि विचार गर्नु सान्दर्भिक हुन्छ। राज्यको दायित्वको क्षेत्र भित्र (क) सम्मान गर्ने दायित्व, (ख) संरक्षण गर्ने दायित्व र (ग) परिपूर्ति गर्ने दायित्व पर्दछन्। राज्यले यी दायित्व पूरा गर्दा अविभेद (कसैलाई भेदभाव नगर्ने) नीति अख्तियार गर्नु गरेको हुनु पर्छ।

मानवअधिकार हननको तथ्यांक संकलन गर्दा हामीले राज्यले आफ्ना दायित्वहरू पुरा गरेको नगरेको पनि हेर्नु जरूरी छ। राज्यले आफ्नो भूमिका निर्वाह नगरेको कारणले व्यक्ति वा समुदायको आधारभूत मानवीय स्थितिमा प्रतिकूल प्रभाव पर्दछ। भेदभावपूर्ण नीति र त्यसको कार्यान्वयनको कारणले मानवअधिकार उल्लंघन हुने गर्दछ।

(वर्ष पुस्तक सन् १९९६)

मन्त्री पदमै बसेर आफू बसेकै सरकारका विरूद्ध अविश्वासको प्रसतावमा मतदान गर्ने, सत्तामा पुग्नासाथ माओवादी समस्याको राजनीतिक समस्या खोज्छु भन्ने तर मानवअधिकारको नांगो अपहरण गर्ने, पुलिस राज बनाउनका लागि तथाकथित आतंकवाद नियन्त्रण विधेयक ल्याउने, जनताको पीडाप्रति भावुक भएको भन्ने तर सबभन्दा पहिले मन्त्री र सांसदका सुविधा थप्नेहरूबाट संचालित राज्यमा मानवअधिकारको रक्षा जति हुन सक्यो, त्यसका लागि शान्तिकामी आमनेपाली नागरिकलाई धन्यवाद दिनै पर्छ। प्रजातन्त्र र संसदीय विधिको सामान्य मान्यतालाई नटेर्ने, आफ्नो स्वार्थका लागि सारा नेपाली जनतालाई विखण्डित पार्न पनि नहिच्किचाउने नेताहरूको यो क्रियाकलाप प्रति जनता बढी चिन्तित देखिए।

(वर्ष पुस्तक सन् १९९७)



नेपालमा ०४६ सालको जन आन्दोलनपछि मानव अधिकारको समग्र स्थितिमा क्रमिक सुधार आउने संकेत देखा पर्दा-नपर्दै ०५२ फागुनदेखि शुरू गरिएको माओवादी जनयुद्धपछि नेपालको मानव अधिकारको स्थिति जटिलबाट जटिलतम् बन्दै गएको छ। एकातिर सरकारले मानवअधिकारप्रति देखाएका सैद्धान्तिक प्रतिबद्धताहरू छन् भने अर्कोतिर व्यवहारमा ठीक उल्टो भएको देखिएको छ। माओवादी जनयुद्धपछि तथाकथित भिडन्तमा मारिनेको संख्या सयौंमा गणना गर्नु पर्ने गरी नाघिसकेको छ भने बेपत्ता गरिने, बलात्कार गरिने, बिना मुद्दा थुनिने र बिना पूर्जी पक्राउ गरिने घटनामा

अत्यधिक वृद्धि भएको छ। सरकार र माओवादी भिडन्तको बीचमा गाउँले-गरीब जनता दिन/प्रतिदिन पीडित बन्दै गएका छन्। जनताको के नागरिक राजनीतिक अधिकार, के आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार सबै नै संकटमा पर्दै गएका छन्।

देशमा संचालित माओवादी जनयुद्ध र त्यस क्रममा सरकारद्वारा चालिएका कदमका कारण देशको मानवअधिकार उल्लंघनको स्थिति अझै उँधो लाग्ने क्रममा छ। सयौंको संख्यामा व्यक्ति हत्या भइरहेको छ र यो क्रम अब क्रमशः सामूहिक हत्यामा रूपान्तरण हुने प्रक्रियामा अघि बढ्दै छ। सरकार र माओवादी दुवैतिरबाट मानवअधिकारको विषयमा चासो देखाइन छाडिएको पाइएको छ। राज्य र माओवादी समूह दुवै पक्षले सामान्य मानवीयता समेत देखाउन सकेनन्, न त राज्यका महत्वपूर्ण अंगहरू नै यस्ता विषयप्रति खासै गम्भीर देखिए।

(वर्ष पुस्तक सन् १९९९)

माओवादी समस्या समाधानका निम्ति यस बीचमा परिवर्तन भएका हरेक सरकारहरूले ठोस कदम चाल्ने घोषणा गरे तापनि यो समस्या अद्यापि कायमै छ। अझ यस वर्षको उत्तरार्धतिर आएर माओवादी र प्रहरी प्रशासन दुवैतर्फबाट भएका हत्या, यातना र बेपत्ताका घटनाहरूमा तीव्रता आयो। सरकारले माओवादी समस्या समाधान गर्नका लागि उच्चस्तरीय समिति गठन गरेको कुरालाई भने मानवअधिकारको क्षेत्रमा कार्यरत् सबैले सकारात्मक रूपमा लिएका छन्। माओवादी "जनयुद्ध" को समाधान हत्या, हिंसाको माध्यमबाट नभई शान्तिपूर्ण रूपमा वार्ताको माध्यमबाट हुन्छ र हुनु पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ। यसै मान्यताका आधारमा सरकारले त्यसको निम्ति आवश्यक वातावरणको सिर्जना गर्नु पर्ने र माओवादीहरूले पनि समस्याको शान्तिपूर्ण समाधानका लागि अग्रसर हुनु पर्ने आग्रह हामीले पनि दोहोर्‍याउँदै आएका छौं।



(वर्ष पुस्तक सन् २०००)

हाम्रो जस्तो पिछडिएको अशिक्षित मुलुकमा चुनाव जित्नका लागि चाहिने विशेषता र राष्ट्र हाँक्नका लागि चाहिने विशेषज्ञता फरक-फरक कुरा हो कि? शायद त्यसैले होला चुनाव प्रणालीमा परिवर्तन गर्नु पर्ने कुरा पनि जोडतोडले उठेको थियो। महिला र दलितहरूले आ-आफ्नो तर्फबाट राजनीतिमा हस्तक्षेप गर्ने कुरा उठाएका छन्। शायद प्रभावशाली ढंगले उनीहरूले हस्तक्षेप गर्न सके राज्य लोक कल्याणकारी बन्ला। राष्ट्रको ८० प्रतिशत भन्दा बढी मानिसको जीवन निर्वाहको आधार बनेको कृषि क्षेत्रमा आमूल परिवर्नत गर्न भूमि सुधार गर्नु पर्ने माग पनि जोडतोड उठेको छ। माओवादीहरूले स्थानीय "जनसरकार" बनाएको ठाउँका जनताले उनीहरू समक्ष आफ्ना आवश्यकता र अपेक्षा प्रस्तुत गर्न थालेका छन्। भनिन्छ, प्रजातन्त्रको मर्म भनेको लोक-सार्वभौमसत्ता (Popular Sovereignty) का आधारमा चल्ने राज्य प्रणाली हो। जनताका यी मर्म र अपेक्षा यथेष्ट रूपमा सतहमा आएका छन्। हाम्रा नेताहरूले यसलाई बुझ्ने कोसिस गर्नु भएको रहेछ भने आगामी दिनमा हाम्रो देशले पनि असल बाटो समाउला।



(वर्ष पुस्तक सन् २००१)

(मानवअधिकार वर्ष पुस्तकको भूमिकाबाट उदृत अंशहरु)

इन्सेक पुस्तक १००/२०५८

एउटा प्रजातान्त्रिक मुलुकमा संकटकाल पनि सीमा बाहिर जान पाउँदैन । संकटकाललाई पनि संविधान र कानूनको दायरा भित्रै राख्नु पर्छ । संविधान र कानूनको दायरा भित्र नरहेका माओवादीहरू पनि मानवअधिकारको सर्वमान्य सिद्धान्तबाट बाहिर जान मिल्दैन । कतिपय अन्तर्राष्ट्रिय सन्धि, कानून तथा नियमावलीलाई दुबै पक्षले अनिवार्य रुपमा मान्नु पर्ने हुन्छ । अहिले बाहिरी राष्ट्रसित युद्ध भइरहेको अवस्था होइन । देश भित्रै एउटा सशस्त्र विद्रोही समूहसित लडाई भइरहेको हुनाले सरकार बढी जिम्मेवार हुनुपर्छ । जनताको मानवअधिकारको जगेर्ना गर्नु आफ्नो दायित्व हो भन्ने कुरा सरकारले बुझ्नु पर्छ ।

सामान्य जनता मात्र हैन सम्पूर्ण राष्ट्रको लागि संकटकाल असह्य पीडादायी बन्दै गएको छ । यसले शान्तिपूर्ण जीवन यापनमा अभ्यस्त नेपाली जनता हत्या र आतंकप्रति संवेदनहीन बन्दै जाने त्रास उत्पन्न भएको छ । प्रारम्भमा राजनीतिक विद्रोही समूहको रूपमा नेपाली जनता समक्ष प्रस्तुत माओवादीहरू अब राजनीतिक शक्तिका रूपमा नेपाली जनताले स्वीकार्न नसक्ने अवस्थामा पुग्दैछन् ।

आम सहमति बनाउँदै वार्ताको लागि जनमत तयार पार्नु र त्यसअनुसार सरकार–माओवादी र अन्य राजनीतिक दलहरूमाथि उद्देश्यमूलक दबाबको सृजना गर्नु आवश्यक छ । यसका साथै कुनै पनि शान्ति प्रयासको स्थायित्वको लागि जनतामा न्यायको प्रत्याभूति र मानवअधिकार संरक्षण प्रमुख कुरो हो । जबसम्म जनतालाई न्याय दिन सकिन्न उनीहरू विश्वस्त बन्न सक्दैनन् र जनताको विश्वास विना शान्ति स्थापना हुन सक्दैन ।

इन्सेक
INSEC
मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : २७८७७०
फ्याक्स : २७०५५१

ISBN 99933-26-06-2
9 789993 326069